CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रं° २६०६

दर्ता नं.
१०४32

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली वाङ्मयको सम्बर्द्धन र समृद्धिका लागि अठाह्र वर्षदेखि नियमित रूपमा सेवारत भई अपूर्व कीर्तिमान कायम गर्न सकेकोमा

रूप-रेखा

दुई सय

हार्दिक बधाइ !

त्रिभुवन विश्वविद्यालय

काठमाडौं, नेपाल ।

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वसुलभं

पुस्तकालय

मानवीय भावना बिच समझदारीको पुल बनाउने

रूप-रेखा

प्रकृतिको दुरुह हटाउन फलामे पुल बनाउने

स्ट्रक्टो नेपाल

फलामे सामाग्रीका अग्रणी निर्माताबाट

हार्दिक बधाइ

स्वीकार गर !

स्ट्रक्टो नेपाल

पाटन औद्योगिक क्षेत्र, लगनखेल, पाटन

फोन नं. २११९२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशिष्ट लेखकका विचारलाइ जन समक्ष प्रस्तुत गर्ने माध्यम

रूप-रेखा

हो भने

यस बृहत् विशेषांकमा ती विचारलाई आकार दिने माध्यम सबै

हाम्रै अक्षर हुन् !

हाम्रा अक्षर रूप-रेखा जस्तै दीर्घकालीन हुन्छन् !

सह-अस्तित्व र सह-जीवनमा विश्वास गर्ने

नेपाल टाइप फाउण्ड्री

श्री दर्वार टोल, ललितपुर

फोन नं. २१३८३

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

सर्दार भीमबहादुर पाँडेद्वारा लिखित

राष्ट्र भक्तिको झलक

पाँडेवंशको भूमिका वि. सं. १५६६—१६०४

ठुला ठुला पदमा काम गरी अनेक प्रकारको प्रशासनिक अनुभव तथा बेला बेलामा राजदूतको पद ग्रहण गरी राजनयिक कार्यमा विशिष्टता प्राप्त गर्ने नेपालका इतिहासमा प्रसिद्ध प्राचीन पाँडेवंशलाइ वर्तमान समयमा अलंकृत गर्ने सरदार भीमबहादुर पाँडेद्वारा लिखित 'राष्ट्रभक्तिको झलक' अनेक दृष्टिले महत्वपूर्ण छ ।

–सूर्य विक्रम ज्ञवाली

अनेकौं विभूतिहरूमध्ये पाँडे कुलका विभूतिहरूको चित्रण प्रस्तुत पुस्तकमा गर्नु भएको छ । राष्ट्रिय पात्रहरूको माध्यमद्वारा युगको परिचय दिनुभएको छ । यसमा वयान गरिएका विभिन्न वीरहरूका गुणहरू धेरै मात्रामा अनुकरणीय छन् ।

–यदुनाथ खनाल

आफ्ना पुखलि नेपालको एकीकरण र राजसत्वको सम्वर्द्धनको लागि गरेका थरी थरीका कुर्बानी यहाँ लेख्ने सौभाग्य पाउँदा धेरै अघिदेखि गाडिएको पैतृक धन एकाएक प्रकाशमा आउँदाखेरिको जस्तो आनन्दको अनुभव मैले गरेको छु ।

–भीमवहादुर पांडे

यस्तो महत्वपूर्ण पुस्तकको मूल्य रू. ३०।– मात्र,
बाक्लो जिल्दाको रू. ४५।–

रत्न पुस्तक भण्डार
भोटाहिटी : काठमाडौं

रूप-रेखा २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा अनेकौं प्रकाशन मध्येका केही उपन्यासहरू

आकाश विभाजित छ	: स. ध्रुव सापकोटा	३।–
ओह्रालो उकालो	: मुकुन्द ढुंगेल	२।–
गंकी	: धूस्वाँ सायमी	२।५०
गंकी (नेपाल भाषा)	: धूस्वाँ सायमी	३।–
जिन्दगी	: युधीर थापा	३।५०
झरनाको मिठो पानी	: युधीर थापा	४।–
दिवास्वप्न	: नगेन्द्रराज शर्मा	२।५०
नदुखेको कपाल	: शंकर कोइराला	२।४०
कल्पना	: भोगेन्द्र वस्नेत	४।५०
पासा (नेपाल भाषा)	: धूस्वाँ सायमी	३।५०
पूर्णिमा	: माधव भंडारी	५।–
बग्दो खोला थिर बगर	: मुरारी अधिकारी	३।–
घाम डुबेपछि	: अर्जुन निरौला	३।५०
भेनिटी व्याग	: दुर्गाप्रसाद राई	२।५०
माइतघर	: लैनसिंह बाँगदेल	३।८०
माखा (नेपाल भाषा)	: धूस्वाँ सायमी	५।–
महापुरुष	: नगेन्द्रराज शर्मा	२।५०
मुलुक बाहिर	: लैनसिंह बाँगदेल	६।५०
रेम्ब्राण्ट	: लैनसिंह बांगदेल	४।–
लिलाम	: जगदीश घिमिरे	२।५०
लंगडाको साथी	: लैनसिंह बांगदेल	२।५०
शैव्या हरिश्चन्द्र	: शिवप्रताप शमशेर थापा	४।–
हुरीको चरा	: खड्गबहादुर सिंह	४।–
कोसेली	: दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र'	३।१०
रातो दरवार	: युधीर थापा	४।७५
मेरो कथा	: ताना शर्मा	४।७५
के हुंदो रहेनछ यहाँ	: युधीर थापा	४.७५

रत्न पुस्तक भण्डार

भोटाहिटी : काठमाडौं

फोन नं. ११८१८

पुस २०१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

श्री ५ महाराजाधिराज सरकारको शुभ जुनाफमा ३३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा भक्तिपूर्वक मंगलमय कामना चढाउँदछौं !

मोरंग सुगर मिल्स लिमिटेड

विराटनगर

एक झलक

विवरण	३१/३२	३२/३३	३३/३४
उखुको मूल्य प्रति क्वीन्टल—	१७।००	२३।००	२३।००
प्रतिलब्धिको आधारमा एक क्वीन्टल चिनी उत्पादन गर्न लागेको उखुको मोल—	२१३।१८	२८५।२०	२९०।७२
प्रति क्वीन्टल चीनीको सरदर बिक्री मूल्य (अन्त:शुल्क र इक्वलाइजेशन फण्ड सहित—	४७२।५६	५६३।४३	५८१।५३
प्रति क्वीन्टल चीनीको सरदर अ.शु.	६०।००	६१।१२	८०।००
" " " " इक्वलाइ-लेशन फण्ड—	२४।८१	५०।००	१६।१३
चिनी बिक्री क्वीन्टलमा—	२३९९०	९४६९	२२८६४❧
" धितोमा व्याज—	२,०७,७९२।	३,६१,४५४।	७९,४०८।❧
मोरंग र सुनसरीका उखु उत्पादकहरूले गरेको उखु खेतीको क्षेत्रफल—	१८६७बिघा	१२१४बिघा	१५२८बिघा
मोरंग र सुनसरीका उखु उत्पादकहरूले मिलमा बिक्री गरेको उखु—	१७०१६३क्वी.	१४१६१७क्वी.	१३४७६४क्वी.
उखु उत्पादकहरूले मिलमा बिक्री गरेको प्रति बिघाको सरदर उखु—	९१ क्वी.	११६ क्वी.	८८ क्वी.

उखुको मूल्य वृद्धिको अनुपातमा चीनीको मूल्यमा वृद्धि नभएको कुरा हामीले गत वर्ष अवगत गराइसकेका छौं ।

❧ वैशाख मसान्त २०३४ सम्म

रूप-रेखा २००.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण	३१/३२	३२/३३
उखु पेलेको क्वीन्टलमा	२०३६०१.३८	१९२०१०.७८
चिनी उत्पादित क्वी. मा	१६२३८	१५४९३
" प्रतिलब्धि प्रतिशतमा	७.९७%	८.०६%
प्रति क्वीन्टल चिनीको उत्पादन खर्च (अन्तःशुल्क बाहेक)	४३२।०९	५१९।७१
फार्मबाट उखु प्राप्त क्वी. मा	३२७४२.५५	२६४६३.४४
मिल गेटमा उखु खरीद क्वी. मा (नेपाल)	१७०१६३.६१	१५८३६४.५१
" " " " " " (भारत)	६९५.२२	७१८२.८३
फार्ममा उखु खेती	२९३ बिघा	२०९ विघा ४ क.
फार्ममा प्रति बिघा सरदर उब्जनी क्वी.मा	१३३.५०	२०८.६४

यस अघि २० वर्षको अवधिमा मिललाइ एक पटक मात्र नोक्सानी भएको थियो । आ. व. २०३३/३४ मा पनि कम्ती उखु पेलिई कम्ती चीनी उत्पादन हुन गए तापनि समयमै चीनी बिक्री हुन जानुका साथै श्री ५ को सरकारलाइ इक्वलाइजेशन फण्डको रकम पनि बुझाउनु नपर्ने भएवाट मिललाइ केही आर्थिक सघाउ पुग्न गएको छ ।

आ. व. २०३४/३५ को लागि मोरंग सुनसरीका उखु उत्पादकहरूले करिब १८०० विघाका उखु खेती गरेका छन् र मौसम अनुकूल रहेमा उखुको राम्रो उब्जनी भै चिनीको वढी उत्पादन हुने कुराको आशा राखेका छौं ।

यस अवधिमा मैनेजमेन्ट र मजदूर कर्मचारीहरूका वीचको सम्वन्ध सौहार्दपूर्ण रहेको छ ।

मोरंग सुगर मिल्स लिमिटेड
नेपालको अग्रणी चिनी उद्योग !

वर्किग डाइरेक्टर
जुद्धबहादुर श्रेष्ठ

महाप्रबन्धक
ध्रुवकुमार थापा

○

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिठी–चपेटा	वासुदेव शर्मा लुइँटेल	२।००
कौवा	पूर्णप्रसाद ढुंगेल	१।००
ख्याल–ख्याल	रामकुमार पाँडे	२।५०
दमाहा	घटोत्कच शर्मा	१।००
छ्याकन	(कौवा प्रकाशन) खेस्रा संस्करण	६।००
	कामचलाउ संस्करण	३।९९
काउकुती	भैरव अर्याल	२।५०
सञ्चै छ ?!	रामकुमार पाँडे	३।००
तितौरा र मस्यौरा	भीमनिधि तिवारी	२।५०
गलब्रन्दी	भैरव अर्याल	३।००
मपाइँ	श्याम गोतामे	२।५०
इतिश्री	भैरव अर्याल	३।००
१२ मज्जा	रामकुमार पाँडे	३।९९
भालुपुराण	४३ जनाको	४।९९
सेलको माला	थुप्रै कविहरूको	३।९९
डाढो	डाढेहरू	३।९९
बाबुको बिहे	रामकुमार पाँडे	४।९९
दस औतार	भैरव अर्याल	३।९९

धाडवाड	भीमनिधि तिवारी	–।३०
उल्ली–बिल्ली	फाइँफुट्टीराज	३।००
जस्तातस्तै	धेरै लेखकहरू	१।–
भीमसेनपाती	वासुदेव शर्मा लुइँटेल	२।००

कितापको नाम भने पनि लेखकको नाम माने पनि कुरो एउटै हो।
(१) हवल्दार देवीप्रसाद (२) हरिहर शास्त्री (३) शंकर कोइराला
(४ शंकर लामिछाने (५) साम्बभक्त शर्मा सुवेदी (६) धरणीधर कोइराला

'कौवा प्रकाशन, रूपायन प्रकाशन, हाम्रो प्रकाशन र संग्रह प्रकाशन' का निम्ति ठाउँ दान गरेर 'रूप–रेखा दुई सय' ले ठूलो गुन लगाएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा लाई दीर्घायु बनाउन आर्शीर्वाद सहित सहयोग गर्ने महानुभावहरू:

संरक्षक— नगेन्द्रप्रसाद रिजाल, हृषिकेश शाह, डा. तुलसी गिरी, शरदेन्दु मल्ल, देवीप्रसाद उप्रेती, स्व. स. विष्णुमणि आचार्य ।

उप संरक्षक-- स्व. क. सन्तवीर लामा, स्व. धर्मप्रसाद ढकाल ।

आजीवन सदस्य– कृष्णमान श्रेष्ठ, स्वयम्भूलाल श्रेष्ठ, प्रेमराजेश्वरी शाही, क० सुशील सम्सेर ज. ब. रा., कमल शाह, खड्गबहादुर सिंह, सूर्यबहादुर थापा, खगेन्द्रजङ्ग गुरूङ्ग, स्व. एच. एच. केशर सम्सेर ज. ब. रा., डा. नागेश्वर-प्रसाद सिंह, विश्वनाथप्रसाद रौनियार, भूपि शेरचन, दिलबहादुर श्रेष्ठ, शैलेन्द्र-कुमार उपाध्याय, दामोदर सम्सेर ज. ब. रा., कीर्तिनिधि विष्ट, साम्राज्य सम्सेर ज. ब. रा., ज. नरसम्सेर ज. ब. रा., श्रीधर सम्सेर, ज. ब. रा., पशुपति सम्सेर, म. पु. पुस्तकालय मार्फत क. दी., यज्ञप्रसाद आचार्य. स्व. कृष्णबहादुर थापा, चिरञ्जीवीप्रसाद रिजाल, शिवप्रसाद रिजाल, भो. सु. मिल मार्फत डी. के. थापा, स्व. भैरवप्रसाद आचार्य, मोहनलाल अग्रवाल, सूर्यप्रसाद कंदङ्वा पदम-प्रसाद उप्रेती, लक्ष्मीप्रसाद सिटौला, लक्ष्मण बाबु श्रेष्ठ, स्व. बद्री सम्सेर ज. ब. रा., भुवनेश्वरी सत्याल, शारदा हाई स्कूल, पीयूषराज पाण्डे, तारानाथ शर्मा, सूर्यप्रसाद उपाध्याय, स्व. ज. मृगेन्द्र सम्सेर ज. ब रा., गोवर्धनविक्रम शाह, स. सोमप्रसाद उपाध्याय, कृष्णजंग शाह, सु. ललितमान, कृष्णगोपाल टण्डन, केदारनाथ टण्डन, ॐकार मल खेतान, तेजबहादुर प्रसाईं, चन्द्रमान थकाली, कृष्णराज जोशी, कृष्णचरण श्रेष्ठ, शत्रुघ्नप्रसाद सिंह यादव, सुकन्धामी यादव, सुमेरू मल, आशाराम शारदा, गोविन्दराम रुँगटा, डा. इन्द्रलाल वैद्य 'लाल', कृष्णबहादुर थापा (सप्तरी), छिरिङ्ग तेन्जिङ्ग शेर्पा (आङ्ग बाबु), बलबहादुर खाती, स्व. देवीप्रसाद गिरी, देवेन्द्रबहादुर शाह, गोकर्णराज शास्त्री, रमेश गोरखाली, राधाकृष्ण शर्मा, लोकदर्शन बज्राचार्य, गोपाल पराजुली, कुलनाथ लोहनी. अभि सुवेदी, प्रताप कुमार भट्टचन, सेती महाकाली धान चामल निर्यात कम्पनी, ठाकुर पराजुली, नर्सिंहबहादुर श्रेष्ठ र कुमार ज्ञवाली ... ... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अञ्चल प्रतिनिधिः

बागमती:–किशोरमान श्रेष्ठ, खानेपानी समिति, त्रिपुरेश्वर काठमाडौं
कोशी:–प्रमोद प्रधान, ७ जहदा रोड, साबुन कारखानाको उत्तर, विराटनगर
जनकपुर:–अर्जुनवीर पाण्डे, जनकपुरधाम
नारायणी:–रमेश पोखरेली, वीरगञ्ज
लुम्बिनी:–विनय कुमार कसजू, कुमार प्रेस, तानसेन, पाल्पा
गण्डकी:-विजय वजिमय 'अभावी', २/५३ मोहरिया टोल, पोखरा
राप्ती:–योगेन्द्र कञ्चन, सल्यान बजार, सल्यान
सेती:–शिवहरि सुडभरी, त्रिवेणी चोक (जेल पछाडि), धनगढी
भेरी:–सनल रेग्मी, विद्याकुटिर, त्रिभुवन चौक, नेपालगञ्ज

❀

सिक्किम:-अर्जुन निरौला, टी. एन. एकेडेमी, गान्तोक, सिक्किम

जिल्ला प्रतिनिधिः

चितवन:-अरुण मास्के, दिलमाया पुस्तक भण्डार, नारायणगढ, चितवन
कास्की:– बद्री विनोद 'प्रतीक', ११/७० रानी पौवा, पोखरा
सप्तरी:–प्रो. जयकृष्ण याज्ञव, c/o समीक्षा सेण्टर, राजविराज
मकवानपुर:–आनन्दराम पौडेल, २/१४५ हरिकुञ्ज रोड, हेटौंडा
झापा:- श्याम प्रधान, पाराखोपी झापा

कार्यालय:-रूपायन प्रेस, ढोकाटोल । पो. बा. नं. १६९ ज. पो. अ. काठमाडौं । फो. नं. १२१४९

वार्षिक : स्थानीय—रु. २०।—हुलाकबाट रु. २२।— आजीवन रु. ३५०।– यस प्रतिको रु. ३०।— भा रु. २४।—
भारतका लागि वार्षिक भा.रु. १६।- आजीवन भा.रु. २५०।
समुद्रपारका लागि स्वीकृत विदेशी मुद्रामा हुलाक शुल्क समेत गाभी लिइने छ ।

रूपायन प्रकाशनको निम्ति सम्पादकद्वयद्वारा प्रकाशित
तथा रूपायन प्रेस, ढोकाटोल, काठमाडौंद्वारा मुद्रित
आवरण मुद्रक : जोरगणेश प्रेस (प्रा०) लि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारको ३३ औं शुभ जन्मोत्सवको
उपलक्ष्यमा प्रकाशित

वर्ष १८ पूर्णाङ्क २००

रूप-रेखा

वृहत् विषेषाङ्क

अङ्क ८ पुस २०३४

सम्पादक:-बालमुकुन्ददेव पाण्डे : उत्तम कुँवर

व्यवस्थापक:-किशोर कुँवर

विशेष

राष्ट्रनायकबाट बक्सेको अन्तरवार्ता १४

रूप-रेखा

बालकृष्ण सम	: अटुट संघर्षसहित बाँच	१९
कीर्तिनिधि विष्ट	: सफलताको कामना	२१
जगदम्बाकुमारी देवी	: आशीर्वाद	२१
सूर्यविक्रम ज्ञवाली	: अत्यन्त गौरवको कुरा	२२
केदारमान व्यथित	: सर्वोपरी स्थान	२३
पशुपति शम्शेर ज.ब.रा.	: प्रशंसनीय सेवा	२३
स. भीमबहादुर पाण्डे	: बौद्धिक विकासको दियालो	२४
सुन्दर प्रसाद शाह	: बाधा हटाउने दायित्व	२५
रामकृष्ण शर्मा	: पौरखीको पौरख	२६
माधव घिमिरे	: मधु कोष	२६
भवानी भिक्षु	: निरन्तरको संलग्नता	२७
कृष्णमान श्रेष्ठ	: आस्थाको प्रतीक	२८
गोविन्द 'गोठाले'	: कृतज्ञता	२९
मदनमणि दीक्षित	: साहित्यलाइ मनं दिएन	३०
द्वारिका श्रेष्ठ	: आत्मीय सम्बन्ध	३०
मोहन कोइराला	: आधुनिक साहित्यको मुख्य स्रोत	३१
कमल दीक्षित	: होशियार	३३
परशु प्रधान	: एक पत्र : केही सुझाव	३४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामलाल अधिकारी : एक भारतीको दृष्टिमा रूप-रेखा ४५९
ईश्वरप्रसाद उपाध्याय : रूप-रेखा:केही तथ्यांक ४७५
जगदीश शम्शेर : रूप-रेखा–एक घनिष्ट दृष्टिकोण ५३१
उत्तम कुँवर : उत्तमको कथा रूप-रेखाको प्रसंगमा ५३७
बलमकनद : एकतिरबाट मात्र ५६७

भाषा

यदुनाथ खनाल : दुई गोष्ठी र नेपाली भाषा ३७
चुडामणि बन्धु : रूप-रेखाको चारैतिरबाट हेर्दा ४६५

साहित्यिक इतिहास

अभि सुवेदी : 'शारदा' र 'रूप-रेखा' दुई युगको प्रसंग ४५

बौद्धिकता

इन्द्रबहादुर राई : भ्रान्तिहरू र लीला लेखन मात्र ९५
डा. कमल प्रकाश मल्ल : नेपाली भाषामा प्राविधिक २९९
जगदीश घिमिरे : को बौद्धिक ? ४०१

राष्ट्रिय एकीकरण

डोरबहादुर विष्ट : राष्ट्रिय एकता १०२

परराष्ट्र

देवेन्द्रराज उपाध्याय : त्रिकोणाकार नेपाली परराष्ट्र सम्बन्ध ... ११५

आर्थिक

गोविन्दप्रसाद लोहनी : नेपालको आर्थिक चिन्तनमा भूमि १२३

निबन्ध

ठाकुर पराजुली : रूप-रेखा र नेपाली निबन्ध १४४

उद्योग

गणेशबहादुर थापा : नेपालको औद्योगिकरण एक दृष्टिकोण १५६

साझा अर्थ व्यवस्था

रणधीर सुब्बा : साझा यसको अपरिहार्यता र सीमाहरू १६७

जलस्रोत

पशुपतिप्रताप शाह : जल विद्युत स्रोत एउटा मानवीय २०१

पंचायत-गाउँ फर्क

कमलराज रेग्मी : पंचायत राजनीतिको मौलिक २११

शिक्षा

डा. केदारनाथ श्रेष्ठ : राष्ट्रिय शिक्षा र राष्ट्रिय विकास २२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय विकास सेवा
डा. तुलसीराम वैद्य : राष्ट्रिय विकास सेवा कार्यक्रमः... ... २४१
प्रशासन
डा. प्रचण्ड प्रधान : नेपालमा प्रशासनिक विकासको २४९
समाज र विज्ञान
डा. चन्द्रप्रसाद गोर्खाली : समाजको विकास र विज्ञान २७३
कथा
दयाराम श्रेष्ठ सम्भव : आधुनिक नेपाली कथा र 'रूप-रेखा' २८३
समाज र प्रविधि
डा. सुरेशराज शर्मा : प्रविधि जनसाधारणको लागि २९३
संगीत
रामशरण दर्नाल : रूप-रेखा र संगीत ३१३
पर्यटन
डिल्लीराज उप्रेती : नेपालमा पर्यटन उद्योगको भूमिका ३२३
धर्म र संस्कृति
धूस्वाँ सायमी : धर्म, नेपाल संस्कृति र फ्रीक स्ट्रीट ३२९
समालोचना
डा. वासुदेव त्रिपाठी : रूप-रेखा र कवि मोहन कोइराला ३५८
समाज-संस्कृति
डा. वल्लभमणि दाहाल : नेपालका सन्दर्भमा सामाजिक ३८३
कला
लैनसिंह बाङ्गदेल : नेपालको प्राचीन् कला-एक मूल्याङ्कन ४१३
पाठक प्रतिक्रिया
विन्दु सुवेदी : रूप-रेखा र पाठक प्रतिक्रया ४२९
इतिहास
चित्तरञ्जन नेपाली : नेपालका प्रमुख ऐतिहासिक मोडहरू ४४९
उपन्यास
कृष्णचन्द्र सिंह प्रधान : रूप-रेखाका चार उपन्यास ४८१
कविता
अभि सुवेदी : रूप-रेखा र आधुनिक नेपाली कविता ४९७
सम्पादकीय— ५६१ हाम्रा लेखकहरू— ५६४
प्रकाशकीय — ५६२ हाम्रा सहयोगीहरू — ५६६
आवरण कला : लैनसिंह बाङ्गदेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

विशेष

राष्ट्रनायकबाट बक्सेको अन्तरवार्ता

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट रूप-रेखाका सम्पादक उत्तम कुँवरले चढाउनुभएका साहित्य सम्बन्धी प्रश्नहरूलाइ बक्सेको उत्तर ।

प्रश्न नं. १: नेपालको चौमुखी विकासका लागि मौसूफ सरकार पूर्ण सक्रिय होइवक्सेको छ । सरकार, राष्ट्रको भौतिक विकासमा साहित्य र संस्कृतिको विकास कार्यको भूमिका रहन्छ भन्ने सेवकको विचार छ । यस बारेमा सरकारको धारणा जान्न पाउँ ।

उत्तर : राष्ट्रको भौतिक विकासमा साहित्य र संस्कृतिको आधारभूत भूमिका रहन्छ भन्ने कुरा मलाइ ठीक लाग्छ । विकास भनेको भौतिक विकास मात्र होइन, यो एक मानसिक, नैतिक, आध्यात्मिक लगायत सम्पूर्ण मानवीय विकास हो । साहित्यले मानव जातिको सम्पूर्ण वैचारिक पक्षलाइ समेट्ने भएकोले यसको विकास बिना भौतिक विकास दिगो रहन गाहारै पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न नं. २: यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगका प्रस्तावित योजनाहरूमा, भाषा, साहित्य र संस्कृतिको विकास गर्ने खालका योजनाहरू पनि समावेश हुन सम्भव होला ? अर्को शब्दमा, साहित्य र भाषाको विकास विनाको भौतिक विकासले मात्र देशको चौमुखी विकास गर्न सक्ला र ?

उत्तर : यस सम्वन्धमा राष्ट्रिय योजना आयोगले विचार नगरेको त होइन होला तर एक पटक यसवारे आयोगको ध्यान आकर्षित गर्नु राम्रै होला ।

प्रश्न नं. ३: हालै सम्पन्न भएको साहित्य भेलामा सरकारवाट वक्सेको सन्देश अत्यन्त प्रेरणाप्रद थियो । साहित्यिकहरू उत्साहित थिए । त्यस भेलाको उपलब्धिवारे सरकारको के धारणा छ ?

उत्तर : यस भेलावाट के कस्तो उपलब्धि भयो यसवारे म आफैं जान्न खोजिरहेछु । यसको मूल्यांकन साहित्यकारहरूवाटै हुनु राम्रो होला कि ?

प्रश्न नं. ४: नेपाली साहित्य जीवनमूलक हुन सकेको छैन । त्यसका लागि नाटक विधामा वढी जोड दिनुपर्ने कुरामा मौसूफ सरकारवाट हुकूम भएको हो । तर मन्चको व्यवस्था काठमाडौं वाहेक नेपालका अन्य भागमा नभएकोले त्यस कार्यमा व्यवधान आउने देखिन्छ । यस वाहेक जनरुचि स्तरमा जाँदा नाटकीय विधामा हाम्रो साहित्यले पाइसकेको उच्चतामा ह्लास आउने डर छ । यसवारे मौसूफ सरकारवाट केही धारणा व्यक्त गरिवक्सन्छ कि ?

उत्तर : साहित्य जीवनमूलक हुनुपर्छ भन्ने मेरो पनि धारणा छ । यसैले राजकीय प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्य भेलाको उद्घाटनमा मैले यसतर्फ जोड दिएको हुँ। नाटक देखाउन हाम्रो जस्तो मुलुकमा सुसज्जित मंच हुनैपर्छ भन्ने धारणा गलत हुन्न र? शायद, नाटक खुला मन्चमा देखाउन सकिन्छ। यसमा गाउँ र नगर पंचायतले पनि योगदान गर्ने ठाउँ छ।

जहाँसम्म नाटकको स्तरको प्रश्न छ, प्राचीन ग्रीसमा र बेलायतकी महारानी एलिजावेथ (प्रथम) को पालामा लेखिएका नाटकहरूमा सरलता र स्तरको संमिश्रण छ भन्ने म सुन्छु। भारतको गुप्तकालीन नाटकहरूमा पनि त्यस्तै संयोग छ भन्ने कुरा पनि सुनिन्छ। नेपाली साहित्यमा देवकोटाको मुना मदनमा सरलता र भावात्मक गहनता दुवै छन्। त्यसो हुनाले सरलता र गहनता परस्पर विरोधी होइनन्, संगै वस्न सक्छन्। अर्को कुरा, राजनीतिमा जस्तै साहित्यमा पनि जन सहभागिता खोज्ने हो भने साहित्यिक कृतिमा जनताको मन र जनताको भावना लिने प्रयास हुनै पर्छ।

प्रश्न नं. ५: नेपाली भाषा शुद्ध लेखिनुपर्दछ, र अड्डा अदालतको लेखाइमा पनि व्याकरण शुद्ध हुनुपर्दछ भन्ने वारे सरकारको के दृष्टिकोण छ। यस कार्यलाइ कसरी सफल कार्यान्वयन गर्न सकिन्छ?

उत्तर: यसवारे भाषाविद्, शिक्षाविद्, पत्रकार र साहित्यकार जस्तो चेतनशील वर्गले सोच्नु परेको छ। अड्डा अड्डामा काम गर्ने कर्मचारीहरूले जे जस्तो शिक्षा र तालीम पाए सोही अनुसार लेख्नु स्वाभाविकै हो। त्यसैले अब नेपाली भाषाको शिक्षा र तालीममा राम्रो ध्यान पुग्न गयो भने भविष्यमा यो समस्या आउँदैन कि?

प्रश्न नं. ६: गोरखापत्र र रेडियो नेपालको भाषा जनसाधारण, पहाड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र तराईका समेतले बुझ्ने हुनुपर्छ भन्नेबारे सरकारको केही निर्देशन छ कि ?

उत्तर : गोरखापत्र र रेडियो नेपालको भाषा मात्र होइन कि सबै ठाउँमा प्रयोग गरिने भाषा जति सक्यो सबैले बुझ्न सकिने किसिमको हुनुपर्छ । यसमा दुई विचार होला जस्तो लाग्दैन ।

प्रश्न नं. ७: नेपाली भाषा अब नेपालको राष्ट्रिय भाषा मात्र नरहेर पश्चिम बंगाल, सिक्किम र भुटानको पनि राजकीय भाषा पनि हुन पुगिसकेको छ । अतः नेपाली भाषाको बनोट र व्याकरण तथा साहित्यबारे सम्वर्द्धन र विकास गर्न एक अन्तरराष्ट्रिय स्तरको समिति हुनुपर्छ भन्नेबारे सरकारको के विचार छ ?

उत्तर : यो प्रश्नमा कति कुरा सत्य छ, मलाइ यकिन थाहा भएन । मलाइ लागेको के छ भने नेपाली नेपालको राष्ट्र भाषा हो । यो भाषा नेपाली जातिले जहाँ बसे पनि बोल्ने र लेख्ने गरिआएका छन् तर स्वदेशमा हामीले हाम्रो राष्ट्र भाषाको उत्थान र विकास बारे काम गर्दै गरे पनि विदेश बारे बोल्नु म उचित ठान्दिन ।

प्रश्न नं. ८: त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षाको माध्यम २०४० सम्ममा नेपाली भाषा हुनुपर्छ भनी गरेको निर्णय कार्यरूपमा परिणत हुन सक्दैन भन्ने बारे निकै चर्चा भएको सुनिन्छ । त्रिभुवन विश्वविद्यालयको कुलपति सरकारमा त यस बारेमा कुनै शंका छैन होला ?

उत्तर : उच्च शिक्षाको माध्यमको कुरा गर्दा हामीले व्यवहारवादी दृष्टिकोणको साथै के गरे हाम्रो देशको जनतालाइ फाइदा हुन्छ यसबारे सोच्नु पर्छ । नेपालको राष्ट्रियतालाइ नेपाली भाषाले बल दिन्छ भने नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

अन्तरराष्ट्रिय अस्तित्वलाइ अन्तरराष्ट्रिय भाषाले पनि मद्दत पुऱ्याएकै हुन्छ । त्यसैले राष्ट्रिय र अन्तरराष्ट्रिय दुवै भाषालाइ परस्पर विरोधीको रूपमा नलिई एक अर्काको परिपूरकको रूपमा हामीले प्रयोग गर्नु पर्छ जस्तो मलाइ लाग्छ ।

प्रश्न नं. ९: आजको नेपाली साहित्यकारहरूलाइ खास गरी युवा साहित्यकार वर्गलाइ सक्रिय लेखनवारे मौसूफ सरकार-वाट केही निर्देशन–सन्देश निगाह हुन्छ कि ?

उत्तर : म साहित्यकार होइन, मलाइ लागेका कुराहरू साहित्य भेलाको उद्‌घाटन समयमा भनिसकेकै छु ।

प्रश्न नं. १०: नेपाली साहित्यकारले परम्परावादी साहित्य सिर्जना गर्नु ठिक होला कि पश्चिमको आधुनिकता पछ्याउनु ठिक होला केही निर्देशन मौसूफ सरकारवाट निगाह हुन्छ कि?

उत्तर : कोरा नक्कलवाट मात्र कुनै देशले नाम कमाएको छैन भने परम्परा मात्र भनेर पनि नयाँ कुरा आउने होइन । नौलोपन विना अव रचना हुने साहित्यमा मौलिकता हुँदैन र मौलिकता नभएमा साहित्य विकास भएको ठहर्दैन ।

प्रश्न नं. ११: साहित्यलाइ राजनीतिवाट अलग राख्ने र संमिश्रण गर्ने भन्ने विवाद पुरानै हो यसवारे मौसूफवाट केही धारणा व्यक्त गरिवक्सन्छ कि ?

उत्तर : यदि साहित्य मानव अनुभूतिको अभिव्यक्ति हो भने त्यसमा राजनीति मात्र होइन मानव जीवनका सबै पक्ष-हरूसंग सम्वन्धित कुराहरू समावेश हुनु स्वाभाविकै हो । त्यसैले, समाज र देशप्रति साहित्यकारको पनि कसैको भन्दा कम जिम्मेवारी र कर्तव्य हुँदैन ।

काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—बालकृष्ण सम

अटुट संघर्षसहित बाँच !

"रूप-रेखा" मा केही लेख्नुपर्‍यो । उत्तम कुंवरज्यूको "एक लेख पाऊँ" भन्ने वचनलाइ मैले हार्न सकिनँ । म आफैभित्र थुनेर अरूलाइ नदेखाउने बालको एक रोगी हुँ । म अझै जीवनमा संघर्षण गरिरहेछु, म हार मान्दिनँ, म लड्दै थिएँ, अझै म लड्दैछु, मलाइ २०३० साल फागुन महिनामा पक्षपातको आघात पर्‍यो, म अडें, मेरो इष्टदेवले मलाइ सहायता दियो, म लड्दैछु, अझै म लड्दैछु, कसरी मैले हात थामेको छु, त्यो म नै जान्दछु, म हार्न जान्दिनँ । २०३१ साल बित्यो, म परिश्रमसित लड्दैछु, २०३२ साल बित्यो, मेरो संघर्षण चलिरहेछ, २०३३ साल बित्यो म अझै प्राणप्रणले लडिरहेछु । भेलौरमा एक डाक्टरसित मैले सोधें– "मलाइ कहिले निको होला ?" डाक्टरले भने "तपाईं-को जबरदस्ती इच्छाशक्ति रहेछ, लड्दै जानोस्, १।२ वर्ष पनि हुन सक्छ, ४–५ वर्ष पनि हुन सक्छ, तपाईंलाइ फाइदा हुनेछ ।" अहिले २०३४ साल कातिक महीना भैसक्यो, अझै म लड्दैछु, ४ वर्ष भैसक्यो, बिस्तारै बिस्तारै मेरो अक्षर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

बन्दैछ, अझै सार्विकको अक्षर हुन बाँकी नै छ अब यस्तो अवस्थामा पनिमैले उत्तम कुँवरजीको अनुरोध अनुसार लेख लेख्न लागें । साथसाथै वृद्धावस्थाले च्याप्दैछ, रोगको समय पुग्दछ कि वृद्धताको समय पुग्दछ, को भन्न सक्छ, म दाह्रा किटेर लड्दैछु–

ईशा वास्यमिदं संर्व यत्किञ्चि जगत्यां जगत् ।
तेन त्यक्तेन भुन्जीथा मा गृधः कस्यविस्वडूनम् ।।
कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समा ।

यस लोकमा कर्म गरेर सय वर्ष बाँच्ने इच्छा गरेर रहुँ । मलाइ स्वास्थ्य भएर सय वर्ष बाँच्ने इच्छा छ । "रूप-रेखा" बाँचिरहोस्, म पनि त्यसमा लेख्तै जाऊँ । यदुनाथ खनालज्यूको 'आगो र पानी' मैले पढें, इच्छा त थियो 'आगो र ब्रह्माण्ड' लेखूँ र यदुनाथज्यूलाइ अरू केही लेख्न बाध्य गराऊँ र उहाँको स्यावासी लिऊँ । फेरि कृष्णचन्द्र सिंह प्रधानज्यूको "चिसो चूल्हो"मा "तातो चूल्हो" थपेर उहाँलाइ पनि फेरि लेख्ने प्रवृत्ति गराई आफ्नो विषयमा चर्चा चलाई आफुलाइ आनन्द तुल्याऊँ । आफुलाइ जस दिनेलाइ म धन्यवाद दिन्छु, तिनले मलाइ जीवनदान दिए, कसै कसैले मलाइ व्यर्थै गाली पनि दिएका छन् , त्यसले म मर्माहित पनि भएको छु, आफ्नो निन्दा सुन्दा रातभर निद्रा नलाग्नु स्वाभाविकै हो, त्यस्तो चोट पर्दा कवि कीट्सको ज्यान गएको म संझन्छु । आफ्ना कविता आफुबाट जन्मेका बालबालिका जस्तै लाग्दछ, आफु मरे पनि आफ्ना कविता बाँचिरहोस् भन्ने कसलाइ लाग्दैन ? त्यही ममताले गर्दा कविता आफ्नो अर्को आत्मा जस्तो लाग्दछ, नराम्रो छोरो जस्तै आफ्नो नराम्रो कवितामा पनि मानिसको ममता रहन्छ, म यो मेरो कमजोरी लुकाउन्न ।

पहिले "शारदा" जन्मेको समयदेखि सोही परम्परामा "रूप-रेखा" परिवार यसरी अहिले आएको छ यसले जनतालाइ यसै गरी रिझाओस्, यसका लेख कविता समालोचना दर्शनहरूले संधै जस्तै जनतालाइ चेतना देऊन्, यो "रूप-रेखा" परिवार यस्तै गरी सदा हितकारी मनोहर तथा सत्य बनोस्, यो आनन्ददायी र शिव बनोस्, यो सदा सुन्दर रहोस् र बाँचिरहोस् !

ज्ञानेश्वर, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—कीर्तिनिधि विष्ट

सफलताको कामना

नेपालको चौमुखी विकासको सन्दर्भमा साहित्यको विकास पनि पूरा वाञ्छनीय भएको हुनाले विगत अठाह्र वर्षदेखि नेपाली वाङमयलाइ आफ्नो माध्यम बनाई 'रूप-रेखा'-ले गर्दै आएको देश, नरेश र जनताको सेवा प्रशंसनीय छ ।

'रूप-रेखा'-ले भविष्यमा पनि यस्तै उज्ज्वलमय नेपाली वाङमयको सेवा कार्य सफलतापूर्वक गर्न सकोस् यही मेरो शुभकामना छ ।

प्रधानमन्त्री निवास, बालुवाटार, काठमाडौं ।

रूप–रेखा

—जगदम्बाकुमारी देवी

आशीर्वाद

यस शताब्दीको दोस्रो दशकतिर मदन पुरस्कारले नेपाली वाङमयको क्षेत्रमा एउटा भरपर्दो प्रभाव सृजना गर्‍यो भनेर मलाइ जस दिएको सुनेको छु । त्यस बेलाको त्यो प्रभाव समग्र मेरो सृष्टि होइन । तरै पनि, त्यसै 'प्रभाव' को सन्तान भनिएको 'रूप-रेखा' चाहिं मलाई आफ्नै नातिनातिना जस्तो लाग्छ । गर्न केही नसके पनि माया लाग्छ । चिरायु होस् ! आशीर्वाद छ ।

श्रीदरबार, पाटन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—सूर्यविक्रम ज्ञवाली

अत्यन्त गौरवको कुरा

नेपाली साहित्यिक पत्र निरवच्छिन्न रूपले २० वर्ष बितेको अवधिमा २०० अङ्क प्रकाशित गर्न समर्थ हुनु यौटा अत्यन्त गौरवको कुरा छ। यो अवधिभित्र तथा अघि पनि प्रकाशित भएका सयकडौं नेपाली पत्रपत्रिकाले अल्प समयमा नै प्रकाशन स्थगित गर्न परेको कुरा हेर्दा रूप-रेखाको यो सफलताले झन महत्व प्राप्त गर्छ। रूप-रेखाको कलेवर ठूलो होला, त्यसमा चित्रको अभाव होला तथा अरू अलङ्करण पनि नहोलान् तर यी सबै कुरा भए तापनि यसले आर्थिक कठिनताको समस्या समाधान गर्दै जो आफ्नो अस्तित्व एक प्रकार चत्र्याँ रितिले जोगाइराख्न सक्यो त्यसको निमित्त यो सित सम्बन्ध सबै साहित्यकारहरूको तथा विशेषता यसका दृढनिश्चयी सम्पादक श्री उत्तमकुंवर र साथीको रूपरेखाका दुई सय अङ्क प्रकाशित हुन लागेका समयमा प्रशंसा तथा साधुवाद गर्नु हाम्रो कर्तव्य हो।

रूप-रेखाले आफ्नो जीवनकालमा नेपाली साहित्यका क्षेत्रमा कुनै नयाँ काम गर्ने, नयाँ प्रकारको रचना लेख्ने, आधुनिक विचार प्रतिपादन गर्ने तथा जुन प्रकारले हुन्छ नेपाली साहित्यलाई सम्पन्न, सुन्दर औ फलदायी तुल्याउन चेष्टा गर्ने साहित्यकारका कृतिहरू प्रकाश गरी ठूलो सेवा गरेको छ। रूपरेखाको यो प्रगतिशीलताले उसले गरेको साहित्यिक सेवा मूल्यवान् भएको छ भन्ने कुरामा सन्देह छैन। अनेक नयाँ लेखक तथा कविहरूलाई प्रकाशमा ल्याएर रूप-रेखाले गरेको सेवा नेपाली पत्रकारिताका इतिहासमा उल्लेखनीय मानिने छ भन्ने मेरो विश्वास छ।

रूपरेखाले सुदीर्घ जीवन प्राप्त गरोस् औ आफ्नु सेवाले नेपाली साहित्यका विकासमा धेरै धेरै कार्य गर्न सकोस् भन्ने मेरो कामना छ।

बानेश्वर, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—केदारमान व्यथित

सर्वोपरी स्थान

प्रमाणित सत्य भन्ने हुन्छ– पत्रिका प्रकाशन साहित्यिक पत्रपत्रिका-हरूको प्रकाशन नियमितताको इतिहासमा 'रूप-रेखा' को केन्द्रीय स्थान छ। पाठ्य जगतलाइ प्राप्त हुने गरेका सामग्रीहरूको दृष्टिले पनि 'रूप-रेखा'-को स्थान सर्वोपरी छ।

मेरो शुभ कामना छ, नेपाली साहित्यकै रूप-रेखाको रूपमा स्वयं-लाइ प्रस्तुत गर्न 'रूप-रेखा' लाइ अझ बढी सफलता प्राप्त होस्। अस्तु।

किंग्स्वे, काठमाडौं।

रूप-रेखा

—पशुपति शम्शेर ज. ब. रा.

प्रशंसनीय सेवा

आजको विश्वमा संचार माध्यमको महत्व दिन पर दिन वढ्दै गइरहेको छ, यिनका सक्रिय पृष्ठभूमिका अभावमा निर्दिष्ट लक्ष्य प्राप्त गर्न असम्भव प्रायः नै हुन्छ। अतः वाङमयका प्रत्येक पक्षका विकासका लागि एक त्यस्तो सक्रिय माध्यमको आवश्यकता पर्नु स्वाभाविक हो जसले प्रकाशनका लागि सहुलियत प्रदान गर्नुका साथै सिर्जनाका लागि प्रेरणा पनि प्रदान गरोस्।

'रूप-रेखा' त्यही इच्छित माध्यम सिद्ध हुन गएको छ। नेपाली वाङमय विशेष गरी साहित्य र भाषाको चौमुखी विकासका लागि अठार वर्ष-देखि 'रूप-रेखा' ले अटुट रूपमा गर्दै आएको सेबा निसन्देह प्रशंसनीय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—सूर्यविक्रम ज्ञवाली

अत्यन्त गौरवको कुरा

नेपाली साहित्यिक पत्र निरवीच्छन्न रूपले २० वर्ष जतिको अवधिमा २०० अङ्क प्रकाशित गर्न समर्थ हुनु यौटा अत्यन्त गौरवको कुरा छ। यो अवधिमा तथा अघि पनि प्रकाशित भएका सयकडौं नेपाली पत्रपत्रिकाले अल्प समयमा नै प्रकाशन स्थगित गर्न परेको कुरा संझदा रूप-रेखाको यो सफलताले झन महत्व प्राप्त गर्छ। रूप-रेखाको कलेवर दुब्लो होला, त्यसमा चित्रको अभाव होला तथा अरू अलङ्करण पनि नहोलान् तर यी सबै कुरा भए तापनि उसले आर्थिक कठिनताको समस्या समाधान गर्दै जो आफ्नो अस्तित्व एक प्रकार राम्रै रितिले जोगाइराख्न सक्यो त्यसका निम्ति यो सित सम्वन्ध सबै साहित्यकारहरूको तथा विशेषता यसका दृढनिश्चयी सम्पादक श्री उत्तमकुंवर र साथीको रूपरेखाका दुई सय अङ्क प्रकाशित हुन लागेका समयमा प्रशंसा तथा साधुवाद गर्नु हाम्रो कर्तव्य हो।

रूप-रेखाले आफ्नो जीवनकालमा नेपाली साहित्यका क्षेत्रमा कुनै नयाँ काम गर्ने, नयाँ प्रकारको रचना लेख्ने, आधुनिक बिचार प्रतिपादन गर्ने तथा जुन प्रकारले हुन्छ नेपाली साहित्यलाइ सम्पन्न, सुन्दर औ फलदायी तुल्याउन चेष्टा गर्ने साहित्यकारका कृतिहरू प्रकाश गरी ठूलो सेवा गरेको छ। रूपरे-खाको यो प्रगतिशीलताले उसले गरेको साहित्यिक सेवा मूल्यवान् भएको छ भन्ने कुरामा सन्देह छैन। अनेक नयाँ लेखक तथा कविहरूलाई प्रकाशमा ल्याएर रूप-रेखाले गरेको सेवा नेपाली पत्रकारिताका इतिहासमा उल्लेखनीय मानिने छ भन्ने मेरो विश्वास छ।

रूपरेखाले सुदीर्घ जीवन प्राप्त गरोस् औ आफ्नु सेवाले नेपाली साहित्यका विकासमा धेरै धेरै कार्य गर्न सकोस् भन्ने मेरो कामना छ।

बानेश्वर, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—केदारमान व्यथित

सर्वोपरी स्थान

प्रमाणित सत्य भन्ने हुन्छ– पत्रिका प्रकाशन साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन नियमितताको इतिहासमा 'रूप-रेखा' को केन्द्रीय स्थान छ। पाठ्य जगतलाइ प्राप्त हुने गरेका सामग्रीहरूको दृष्टिले पनि 'रूप-रेखा'-को स्थान सर्वोपरी छ।

मेरो शुभ कामना छ, नेपाली साहित्यकै रूप-रेखाको रूपमा स्वयंलाइ प्रस्तुत गर्न 'रूप-रेखा' लाइ अझ बढी सफलता प्राप्त होस्। अस्तु।

किर्त्वे, काठमाडौं।

रूप-रेखा

—पशुपति शम्शेर ज. ब. रा.

प्रशंसनीय सेवा

आजको विश्वमा संचार माध्यमको महत्व दिन पर दिन बढ्दै गइरहेको छ, यिनका सक्रिय पृष्ठभूमिका अभावमा निर्दिष्ट लक्ष्य प्राप्त गर्न असम्भव प्रायः नै हुन्छ। अतः वाङमयका प्रत्येक पक्षका विकासका लागि एक त्यस्तो सक्रिय माध्यमको आवश्यकता पर्नु स्वाभाविक हो जसले प्रकाशनका लागि सहुलियत प्रदान गर्नुका साथै सिर्जनाका लागि प्रेरणा पनि प्रदान गरोस्।

'रूप-रेखा' त्यही इच्छित माध्यम सिद्ध हुन गएको छ। नेपाली वाङमय विशेष गरी साहित्य र भाषाको चौमुखी विकासका लागि अठाह्र वर्षदेखि 'रूप-रेखा' ले अटुट रूपमा गर्दै आएको सेवा निसन्देह प्रशंसनीय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण बौद्धिक वर्गको सहयोग प्राप्त गर्न सफल भएको 'रूप-रेखा'-को यो प्रेरणास्पद सेवा कार्य सदा सक्रिय रहोस् यही मेरो मंगलमय कामना छ।

महाराजगञ्ज, काठमाडौं

रूप-रेखा

—सरदार भीष्मबहादुर पाण्डे

बौद्धिक विकासको दियालो

श्री रस्कीनले "महान् राष्ट्रहरूले आफ्नो आत्म कथा तीन पुस्तकमा लेख्ने गरेका हुन्छन्– आफ्नो कामको पुस्तकमा, आफ्नो वचनको पुस्तकमा र आफ्नो कलाको पुस्तकमा। अर्को दुई पुस्तक नपढेसम्म कुनै पनि पुस्तक राम्ररी बुझ्न सकिन्न" भनेका छन्।

उक्त भनाइको सन्दर्भमा विचार गर्ने हो भने राष्ट्रमा जख्खु जख्खु, बाँध पैन, पुल, राजमार्ग, विद्युत, शक्ति, उद्योग धन्धा विश्वविद्यालय, मन्दिर इत्यादिको निर्माणको जस्तै महत्वपूर्ण मानिन्छ नयाँ नयाँ विचारले भरिएका पुस्तक, उच्चकोटीका ग्रन्थकार, प्रकाशक र कलाकारहरूको। चौतर्फी विकास भने पनि यिनै कुराको विकास हो।

गत केही साल यता 'रूप-रेखा' ले विभिन्न उच्च विचारधारा भएका गहकिला लेख निर्धक्क प्रकाश गर्दै आएको छ— नेपालको बौद्धिक विकासको दियालो बन्दै। 'रूप-रेखा' को यो सह्राहनीय योगदान नेपालमा आजभन्दा भोलि झन् कदर हुँदै जानेछ भन्ने कुरामा म विश्वस्त छु।

त्यस्तो 'रूप-रेखा' हुर्काउने, पालन–पोषन गहन जिम्मेवारी ग्रहण गरेका तथा आधुनिक नेपालको नयाँ पिंढीका एक निकै प्रगतिशील नव–युवक उत्तम कुँवर र उनका साथी बालमुकुन्ददेव पाण्डे तथा 'रूप-रेखा' सबैको भलो चाहन्छु र यो विशेषाङ्क निकालेकोमा 'रूप-रेखा' परिवारलाइ धन्यवाद ज्ञापन गर्दछु।

नयाँ बजार, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—सुन्दरप्रसाद शाह

बाधा हटाउने दायित्व

नेपालमा खासगरी साहित्यिक पत्र–पत्रिकाको खाँचोलाइ अनुभव गरी प्रजातन्त्र स्थापना भएको शुरूआतमा नै मैले पनि द्वैमासिक साहित्यिक पत्रिका 'कोसेली' को संपादन र प्रकाशन गरेको र त्यसलाइ कतिपय कारणले केही कालपछि वन्द गर्न वाध्य हुनुपरेको नमिठो अनुभवलाइ स्मरण गर्दै आज 'रूप-रेखा' पत्रिकाले आफ्नो दुई सय अङ्क पूरा गर्न लागेको सुखद उपलक्ष्यमा आफ्नो उद्‌गार पोख्न लागिरहेको छु ।

'रूप-रेखा' का संपादकद्वय र प्रकाशकलाइ के कस्तो उकालो ओरालो, दुःख–सुख, गाह्रो–सांग्रो, कठिनाई–मोड–धौधौको आजसम्म सामना गर्नुपरेको होला तथा वर्तमानमा पनि कतिपय अरिष्ठ र दुष्टग्रहले सताइ रहेको होला– त्यो कुनै पनि संपादक वा प्रकाशक भई अनुभव प्राप्त व्यक्तिले महसूस गरेको र गरिहनुपरेको तथ्य छँदैछ ।

'रूप-रेखा' ले आफ्नो पाठकहरूलाइ पुऱ्याइरहेको सेवा एवं खुराकले त्यसका पाठकवृन्दलाइ मुग्ध पारेको छ र नेपालको साहित्यकाशमा ज्यादा नै महत्व राख्ने कुरा अवश्य ठहरिएको छ । आज साहित्य प्रेमी, साहित्यिक एवं चेतनशील जन सेवीहरूले 'रूप-रेखा' को भविष्यप्रति विचार पुऱ्याई यसलाइ-तन्दुरुस्ती र दीर्घजीवी वनाउनुपरेको छ । हिजो अस्ति 'रूप-रेखा' पत्रिकालाइ भोग्न परेको खास गरी आर्थिक संकट र कठिनाईहरू, भोलि पर्सी उक्त पत्रिकाले अव वेहोर्न नपरोस् । यो आजको पिढीको वुद्धिजीवी एवं चेतनशील जनसमूहले सोच्नु पर्ने एवं जिम्मा लिनुपर्ने हुन आएको छ ।

अतः 'रूप-रेखा' ले समाजलाइ अझ सजग एवं चेतनशील बनाउन र जनसमूहमा साहित्य, संस्कृति र कलाक्षेत्रमा अटुट रूपले सेवा पुऱ्याउन सकोस् भन्ने हार्दिक कामना गर्दै यस पत्रिकाको दीर्घायु एवं मंगलमय भविष्यको कामना गर्दछु ।

ज्ञानेश्वर, काठमाडौं ।

१०४८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

रूप-रेखा

—रामकृष्ण शर्मा

पौरखीको पौरख

'रूप-रेखा' को रूप-रेखा धेरै दिनदेखि बेला बेलामा देख्न पाइएको सौभाग्य मलाइ छ । म आफै पनि एकाध पल्ट 'रूप-रेखा' का पानामा झुल्किन पाए जस्तो लाग्दछ । तर 'रूप-रेखा' ले आफूलाइ दुई सय पटक पोशाक बदली गरी नेपाली साहित्य प्रेमीका सम्मुख आएका कुरा मैले भुसुक्क बिर्सिएछु । यत्रो ठूलो वार्ड्रोव राख्नु वैभवशाली 'रूप-रेखा' को भन्दा अरू कसैको औकात देखि-एन । 'शारदा' ले पनि यतिका बस्त्र पाइनन्, 'भारती' ले पनि पाइनन्, 'माधवी' को त झन् के कुरा ! त्यसर्थ यो शुभ अवसरमा 'रूप-रेखा' को सम्मानार्थ मैले दुई कुरा बोलें भने अनुचित स्तुति गाएको भन्न कदापि सकिन्न ।

उत्तम कुंवर र उनका साथीहरूले भगीरथ प्रयत्न गरी रगतलाइ पसिना बनाएर 'रूप-रेखा' लाइ सजाउन केही कसर राखेनन् । पौरखीको पौरख यस्तै भगीरथ प्रयत्नले देखाउँदछ । 'रूप-रेखा' अझ जिउँदै होस्, अझै अनन्य रूप लिएर निस्कियोस्, अझै देश, नरेश र जनताको सेवा गर्न सकोस्, साहित्यकको प्यास मेटाओस्, विश्वमा आफ्नो भाषा र साहित्यको झण्डा उँचा राखोस्, मेरो यही कामना छ ।

कलकत्ता, भारत ।

रूप-रेखा

—माधव घिमिरे

मधुकोश

'रूपरेखा' को २०० औं अंक निस्कन लाग्यो भन्ने सुनें । अनि मेरो मनमा लाग्यो– 'मैले रूप-रेखाका प्रत्येक अङ्कमा कविता दिन सकेको भए एउटा पुस्तकै बन्ने थियो ।' तर रूप-रेखाले आफ्ना दुई सय अङ्कमा जे जति रचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दियो, नेपाली साहित्यको निम्ति युग सामग्री नै दियो । हाम्रो साहित्यमा शारदा–युगपछि रूप-रेखा–युगको पालो आउँछ ।

'रूप-रेखा' अधुनातन साहित्यका विभिन्न प्रवृत्तिको मधुकोश हो । जहाँ मधुसञ्चय गर्ने मौरी हुन्छन्, त्यहाँ धेरै फूल फुल्छन् । किनभने, मौरीका पखेटामा टाँसिएका एक फूलका केशरले सयौं फूल फुलाउँछन् । जहाँ आर्थिक लाभ छैन, त्यहाँ पनि समर्पित भावनाले काम गर्नुमा अनौठाको रस हुन्छ । यस्तो रस रूप-रेखा भरि लगातार लागिरहोस् ।

लैनचौर, काठमाडौं ।

रूप-रेखा

—भवानी भिक्षु

निरन्तरको संलग्नता

'शारदा'-पछि सम्वत् २०१७ सालमा 'रूप-रेखा' भन्ने पत्रिका नेपाली साहित्यमा पाठक अगाडि प्रस्तुत भयो । 'शारदा' को स्थगन तथा 'रूप-रेखा' को प्रकाशन सामुको मध्यावधिमा पनि केही पत्रिका प्रकाशित अवश्य भए र ती मध्ये केही बहुतै प्रतिष्ठित र उच्चस्तरीय साहित्य प्रस्तोता पत्रिका पनि । तर ती पनि दीगो हुन सकेनन् । अल्पजीवी नै भए । तिनीहरूको प्रकाशन सम्बन्धी ऐतिहासिक महत्व अवश्यमेव छ । साथै ती मध्येका एक-दुई-वटालाइ उच्चकोटिको गुणात्मकताको पनि महत्व दिन सकिन्छ । तर अल्पजीवी भएर तिनीहरूबाट कुनै विशिष्ट निर्माणात्मकता हाम्रो साहित्यले पाउन सकेनन् ।

'रूप-रेखा'-ले नेपाली साहित्यको पत्रिका प्रकाशनमा 'दीर्घायुष्य'-को मान स्थापित गरेको हुनाले यसबाट नेपाली पत्रिका प्रकाशनको इतिहास सृजित हुन्छ । करीव दुई दशकसम्म अर्थात् झण्डै चौथाइ शताब्दीसम्म 'रूप-रेखा'-को अवच्छिन्न प्रकाशन– कममा कम हाम्रो नेपाली पत्रिका-प्रकाशन-क्षेत्रमा-सर्वाधिक् सेवाकाल हो । कुनै बहुतै खँदिला पत्रिका भए पनि उसको दश-एघार वा पन्ध्र बीस अंक मात्रैको उपलब्धिलाइ 'रूप-रेखा'-को दुई सय अंकको उपलब्धिसित दाँज्नै सकिन्न, दाँज्ने प्रश्नै उठ्तैन ।

'गोरखापत्र' समाचार पत्र हो र उसलाइ सरकारी संरक्षण प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । फलतः उसको दीर्घकालिकतालाइ कुनै परिश्रम– संघर्षको परिणाम भन्न सकिंदैन । गोरखापत्र 'जाँगर' होइन, मुद्रण मात्रै हो । किन्तु 'रूप-रेखा'-चाहिं निरन्तरको संलग्नता, तत्पर प्रयास, सन्नद्धता र संघर्षशीलता समेतको 'जीवन्तता' हो, 'जिजीविषा' हो । 'रूप-रेखा' बाँचेको मात्रै होइन त्यसले प्राणत्वको उपलब्धि पनि गरेको छ । नेपालीको साहित्यिक प्रयासमा रूप-रेखा 'गौरव' हुनु संगै गुरुता पनि हो । रूप-रेखामा विगत चौथाइ शताब्दीको साहित्यिक गद्यात्मकताको इतिहास पहिल्याउन सकिन्छ ।

आफ्नो उमेरको सातौं दशक पूरा गर्न थालेको यस लेखकले रूप-रेखाले आफ्नो प्रकाशनको प्रौढत्व पाए जस्तै यसले नेपाली साहित्यमा न केवल प्रौढता, वरन् गुरु, गंभीर, उत्कृष्ट स्तरीयताको अभिवृद्धि गर्दै लग्ने औ उच्च स्तरीय साहित्यको प्रकाशन अरू वा अन्य बच्चा-स्तरीय पत्र पत्रिकाहरूको लागि छोड्ने सँकल्प लेओस् भन्ने आकांक्षा प्रकट गर्दै "अबदेखि रूप-रेखाको प्रकाशन-साहित्य उत्कृष्टतर हुँदै जाओस् र रूप-रेखा शतञ्जीवि होओस्" भन्ने शुभकामना प्रकट गरेको छ ।

बत्तीस पुतली, काठमाडौं ।

रूप-रेखा

—कृष्णानन्द श्रेष्ठ

आस्थाको प्रतीक

२०१६ सालतिर मैले एउटा साप्ताहिक पत्रिका 'कोहेनुर' नामले चलाएको थिएँ । नेपालका अन्य पत्र–पत्रिका सरह मेरो पत्रिका पनि केही समय मात्र चल्यो । अनेक प्रयास गर्दा पनि विभिन्न कारणवश त्यस पत्रिकालाइ चलाउन सकिएन । पत्रिकाको सम्मानित कार्यबाट आफू हट्न परे पनि कुनै साथी भाइको पत्रिकामा सम्मिलित हुने आफ्नो ईच्छा थियो ।

एक दिन उत्तमजीले "रूप-रेखा" लाइ सहयोग गर्नु पर्‍यो भन्नुभयो । त्यसवेला रूप-रेखा पूर्णतया साहित्यिक पत्रिका थियो, आफू भने त्यसलाइ एउटा सम–सामयिक राजनैतिक पत्रिका बनाउन चाहन्थें । विचार मिलेन अन्यथा पुरानो धोको त्यही पत्रिकामा सम्मिलित भएर पूरा गर्ने दाउ थियो आफ्नो । उहाँ भने दलगत राजनीतिमा नलागी नेपाली साहित्यको शुद्ध सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न । मैले उहाँलाइ त्यसताका सधैं जसो बिहान फसिकेब स्थित रंजना अगाडिको रश्मी होटलको राउण्ड टेबुलमा विजय, चैतन्य चित्तरंजन आदिको साहित्यिक गफ मण्डलीमा घटौं बसिरहेको देख्थें । उहाँको ठूलो निधार उज्यालो एवं हँसिलो अनुहारमा एउटा आत्म विश्वास र एउटा सुनौला भविष्य चम्किरहेको देख्तथें । उहाँको मिठो बोली मिलनसार स्वभाव तथा अलि अलि भगभगे भए पनि दृढतापूर्ण वाणीबाट मागेको सहयोगलाई के गर्ने भनी म असमञ्जसमा परें । त्यस्ताका काठमाडौंमा पत्र–पत्रिकाको बाढी थियो । जसरी बाढी अकस्मात् आएर तुरुन्तै सेलाउने गर्दथ्यो त्यसरी नै नेपाली पत्रिका, पनि अनेक जन्मन्थे र मर्दथे । नियमित रूपले कुनै पत्रिका चलिरहेको थिएन । वार्षिक ग्राहकले समेत आफ्नो ग्राहक शुल्कको बदलामा वर्षभरिको पत्रिका पाउन नसक्ने नेपालमा आजीवन पत्रिका पाउने कुरा त के त्यसको कल्पनासम्म गर्न खोज्नु पनि एक मूर्खतापूर्ण विचार मानिन सक्दथ्यो । 'रूप-रेखा' पनि कति दिन चल्ने हो र ? तर कता कता मलाइ लाग्यो यो शुद्ध साहित्यिक पत्रिका त्यसमाथि उत्तमजीको शुद्ध संकल्प अनि उहाँको परिश्रमी स्वभाव र लगनशीलता ! उहांप्रति मेरो पूर्ण विश्वास थियो । अतः म 'रूप-रेखा' को पहिलो आजीवन सदस्य बनें । पहिलो आजीवन सदस्य बन्न पाएकोमा मलाइ गौरव छ । १८ वर्षदेखि नियमित रूपमा प्रकाशित भैरहेको 'रूप-रेखा' ले आज नेपाली साहित्यको जे जसरी सेवा गरिरहेको छ त्यो सबैको अगाडि प्रष्ट छ ।

आफ्नो १८ वर्षको अटुट प्रकाशनले गर्दा नेपाली पत्र–पत्रिकाप्रति रहेको नेपाली ग्राहकहरूको अनास्था र अविश्वासलाइ हटाउनको साथै नेपाली बुद्धिजीवीलाइ पूर्ण बौद्धिक खुराक उपलब्ध गराउन पनि 'रूप-रेखा' सफल भएको छ । भविष्य पर्यन्त सफल रहोस् भन्ने कामना पनि गर्दछु ।

पाटन ढोका, पाटन ।

रूप-रेखा

—गोविन्दबहादुर मल्ल 'गोठाले'

कृतज्ञता

शिथिल हुन लागेको नेपाली साहित्यलाइ जगाइराख्न खोज्ने श्रेय 'रूप-रेखा' र रूप-रेखाका परिवारलाइ छ । तसर्थ उक्त पत्रिका र ती परिवारप्रति साहित्यकार र बुद्धिजीवी पाठक कृतज्ञ छन् ।

गणबहाल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—मदनमणि दीक्षित

साहित्यलाइ मर्न दिएन

'रूप-रेखा' सित मेरो आत्मीय सम्बन्ध छ– त्यसका संयोजक, प्रकाशक र सम्पादकहरूसितको क्रण्डै सन् ५७ देखिको परिचय र मित्रताभन्दा पनि त्यो आत्मीयतामाथि म बढी मूल्य राख्छु । यो आत्मीयता मेरा प्रारम्भिक लघु कथाहरूलाइ प्रकाशित गरिदिएर त्यसबेलाको मेरो लघुताभासलाइ अन्त्य गर्न 'रूप-रेखा' ले मद्दत गरिदिएको हुनाले उत्पन्न भएको हो ।

'रूप-रेखा' ले आफुलाइ कुनै पनि राजनैतिक दर्शनबाट प्रेरित नभएको भनी दावी गरेको सित म सहमत छैन । लिखित र प्रकाशित रचनाहरू दर्शन निरपेक्ष रहँदैनन् । तर यस विषयमा 'रूप-रेखा' सित अहिले विवाद गर्न चाहन्न । तथापि नेपाली साहित्यको विकासमा बितेको डेढ दशकमा 'रूप-रेखा'ले महत्वपूर्ण भूमिका खेल्यो साहित्यलाइ ज्यूँदो राख्ने प्रयास गरे र 'मधुपर्क' ले जन्मनासाथ खोजेको आधिकारिक एकाधिपत्यलाइ इन्कार गरेर । अहिलेको युग साहित्य विकास निम्ति मृत्यु-योगको हो भन्ने कुरा "सामयिक संकलन" माथि प्रतिबन्ध र त्यो प्रतिवन्धलाइ प्रेस काउन्सिलद्वारा समर्थनले प्रकट गरिसकेको छ । परन्तु 'रूप-रेखा' ले साहित्य र लेखकहरूलाइ मर्न दिएन ।

मेरो उपमावाट बढ्ता अर्थ नझिकियोस् तर आफ्नो समयको "शारदा" ले गरे सरहको काम 'रूप-रेखा' ले गऱ्यो भनी खुला रूपमा भन्न मलाइ मन लागेको छ ।

कालिकास्थान, काठमाडौं ।

रूप-रेखा

— द्वारिका श्रेष्ठ

आत्मीय सम्बन्ध

'रूप-रेखा' सित शुरू कालदेखि नै सहवास भएकोले यसप्रति ममता र स्नेह छ । समान क्षेत्रमा हामीले आफ्ना उपलब्धि र असफलताहरू, आशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र निराशाहरू लामो अवधिसम्म समानरूपमा अनुभव गरेको र वेहोरेकोले पनि 'रूप-रेखा' धेरै नजिकको आत्मीयताको अनुभव गर्दछु । यद्यपि साहित्यिक उपलब्धिको लागि धेरै वर्ष बाँच्नु पर्छ भन्ने कुनै जरूरी छैन तापनि 'रूप-रेखा'ले एक साथ जुन दीर्घ जीवनी र यस जीवनीको विच जुन उपलब्धि हासिल गरेको छ त्यो देख्दा बडो सन्तोष लाग्दछ । यो नेपाली साहित्यिक पत्रिकाको क्षेत्रमा एउटा सर्वथा नयाँ उदाहरण हो । मेरो हार्दिक वधाइ र शुभकामना !

क्षेत्रपाटी, काठमाडौं ।

रूप-रेखा

—मोहन कोइराला

आधुनिक साहित्यको मुख्य स्रोत

त्यस्ता नेपाली भाषी थोरै होलान् जसले 'रूप-रेखा' चिन्दैनन् । 'रूप-रेखा' संग जो परिचित छैनन् या त ती नेपाली भाषासंग कैले परिचय गर्न नखोज्नेहरू हुन् अथवा नेपाली भाषासंग सम्बन्ध र प्रेम नभएका व्यक्तिहरू हुन् ।

नेपाली साहित्यको गतिलाइ अगाडि लैजान जुन वेला एउटा पत्रिकाको खाँचो थियो जो नियमित निस्कियोस्, जसमा नयाँ स्वर समावेश भएको होस् र स्तरीय पनि होस् । त्यो अभावलाइ 'रूप-रेखा' को जन्मले आसा गरे जस्तै पूरा गर्‍यो । हुन पनि कुनै वेलामा भएको जन्म कति महत्वपूर्णको हुन्छ । त्यसरी प्रत्येक अंक प्रत्येक पाना त्यसबेलादेखि आजसम्म भएको 'रूप-रेखा' को प्रकाशन सबै पाठक वर्गमा उत्सुकतापूर्ण नै रहेको छ ।

एउटै भाषामा एउटै पत्रिका दुई सय अंकसम्म बिना रोक टोक प्रकाशन भैरहनु खास गरेर नेपाली भाषामा गौरवको कुरा बन्न गएको छ । त्यो गौरवको महिमा 'रूप-रेखा' लाइ आज प्राप्त भएको छ । यस काममा अनेक कुराहरूको आवश्यकता पर्दछ । एकातिर सम्पादकको लेखकसंगको सम्पर्क राख्न सक्ने गुण अर्कोतिर संयमित विचारसंग पत्रिकालाइ चलाउँदै लाने धैर्यता, यो दुवै योग्यता बिना यो काम संभव थिएन । ती दुवै कुराको संयमित परिचालनमा यसको दीर्घ आयु गाँसिएको छ ।

साथै यसका परिचालनमा सम्पादक उत्तम कुँवरको दीर्घ सेवा र प्रयास गाँसिएको छ । एकातिर प्रकाशनको चाँजो-पाँजो मिलाउनु, अर्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वन्दोवस्त गर्नु छ त अर्कोतिर संपादन कलाको पूर्ण ज्ञान हुनु पनि ! लेखकला लेख्न दैलो घचघच्याउनु अनि त्यसलाइ लेखाउन प्रेरक समेत बन्नु र प्रकाशनका लागि अर्थ खोज्नु कुनै पनि संपादकका लागि बडो कठिन कार्य हो । उही अर्थ संचयमा लागोस्, पत्रिका प्रचार गर्न देशको कुना कुना पुगोस्, विदेशको भ्रमण गरोस्, लेखकसंग सम्बन्ध राखोस् र पत्रिकाको नियमित प्रकाशन पनि गरोस्। यो सबमा पाइने गुण हैन ।

'रूप-रेखा' नभएको भए मेरा धेरै जस्ता कृतिहरूका प्रकाशन भावनामै सीमित रहेका हुन्थे । त्यसो भएको भए अगाडि बढ्न चाहने साहित्यले प्रकाशन गर्ने चाँजो मिलाउन समेत पाउने थिएन । र आधुनिक साहित्यले विकास गर्न पनि सक्ने थिएन ।

मलाइ लाग्छ 'रूप-रेखा' को प्रकाशन नभएको भए नेपाली साहित्यले नयाँ धारासंग यति चाँडो हेलमेल र परिचय पाउन सक्ने थिएन । न त वैरागी काइँला, मदन रेग्मी, द्वारिका श्रेष्ठ, जगदीश शम्शेर जस्ता आधुनिक कवि लेखकसंगको परिचय नै कसैले प्राप्त गर्न सक्ने थियो । 'रूप-रेखा' को नियमित र उत्साहवर्द्धक प्रेरणाले नै त्यो सबै कुराको संभव गराइदियो । यस्तो पत्रिकाको प्रकाशन नभएको भए नेपाली नयाँ साहित्यको अस्तित्व युगौं पछाडि रहने थियो साथै अन्धकारमा भटकिरहने थियो । त्यसै बिच 'रूप-रेखा' अन्धकारमा एउटा दियालोको रूपमा देखा पऱ्यो । यदि 'प्रगति' र 'इन्द्रेनी' पत्रिकामा नयाँ साहित्यको सुरूवात भएको मानिन्छ भने 'रूप-रेखा' को लामो अध्यायले त्यसरी नूतन– अवनूतन कथा साहित्य र कवितालाइ विकसित हुने समय प्रदान गरेको मान्न पर्छ । 'रूप-रेखा'को इतिहास आधुनिक नेपाली साहित्यसंग अभिन्न रूपले गाँसिन पुगेको देखिन्छ । त्यस महत्वलाइ कुनै पनि नेपाली साहित्यकारले बिर्सन सक्तैन । त्यसैले नेपाली भाषालाइ 'रूप-रेखा' ले कहिले नबिर्सने एउटा ठुलो गुण लाएको छ ।

पाठकगण तपाईं मलाइ अनुमति दिनुहुन्छ भने यसका प्रकाशन गुणलाइ अरू पत्र पत्रिकाहरूले पनि अनुकरण गर्नुपर्ने सल्लाह दिन्छु । पत्रिका दीर्घायु नभै साहित्यको विकास संभव हुने छैन । यसलाइ अरू कुशल सहयोग गर्नेमा श्री बालमुकुन्दबेवलाइ धन्यवाद दिन्छु ।

पछि पनि 'रूप-रेखा' ले यस्तै कुशल सक्षम सेवा स्तर कायम राख्ने छ भन्ने आशा गर्दै 'रूप-रेखा' को सफलताको कामना गर्छु ।

डिल्लीबजार, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—कमल दीक्षित

होशियार !

'के, साइज फेरेको ? अब कसरी जिल्ला हाल्ने ?' रूप-रेखालाइ लिएर सबभन्दा पहिलो मेरो वार्तालाप यही हो जस्तो लाग्छ। त्यस अघि मदन पुरस्कार पुस्तकालयका लागि ग्राहक बन्न जाँदा यस बारे दुई चार कुरा प्रकाशक या व्यवस्थापकसंग मेरो भएकै हुनुपर्छ। तर सम्झना रहेन।

'साहित्यिक द्वैमासिक' रूप-रेखा असार साउनको मिति राखेर २०१७ सालमा निस्क्यो। त्यही असारको ३२ गते हाम्रो पैसा बुझेको छ रूप-रेखाका व्यवस्थापकले। रसीद नम्बर चाहिं ५४४ हो। व्यवस्थापकज्यू भने सही गर्दागर्दा थाकेको जस्तो लाग्छ, रसीद हेर्दा। एउटै अक्षरको सही छ त्यहाँ। त्यो पनि नबुझिने। 'वार्षिक चन्दा' दर त्यसबेला पाँच रुपियाँ थियो। तर पुस्तकालयलाइ सहुलियत दिएर होला, हाम्रो रसीदले देखाउँछ—

'रूप-रेखा अङ्क १ देखि ६ सम्मको चन्दा मो. रू. ३।— सधन्यवाद प्राप्त भयो।' आफन्तका नाताले दुई रुपियाँ किफायत भएको रहेछ। रूप-रेखाको प्रकाशक राष्ट्रिय पुस्तकालय थियो त्यस बेला। त्यस बेला मात्र होइन, अलि पछि पनि। रूप-रेखाले प्रकाशक फेर्‍यो पूर्णाङ्क ३२ मा; अनि फेरि पूर्णाङ्क ४८ मा। तर त्यो होस् अहिले।

मैले त्यो माथि भनेका कुरा उत्तमलाइ भनें। उत्तम 'रूप-रेखा' मा त्यसबेला केही थिएनन्। तैपनि मैले उनलाइ मात्र चिनेको, अरूसंग विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पर्क थिएन । नेपाल राष्ट्रिय पुस्तकालयका सबैभन्दा चटपट कार्यकर्ता उत्तम, मलाइ त्यो पुस्तकालयको सदस्य बनाउने पनि उनै ○ भएकाले 'रूप-रेखा' बारेका गुनासो पनि 'बासे' जी या जनकहरूसंग गर्न मन लागेनछ मलाइ । गुनासो के थियो भने—दुई अङ्क क्राउन अक्टाभो (५" × ७") मा छापेर तेस्रो अङ्क डिमाई अक्टाभो (५½" × ८½") साइजमा छापियो रूप-रेखा । हामी पुस्तकालयमा पत्रिकाहरू पनि जिल्ला बाँधेर राख्थ्यौं । एक वर्षको छवै अङ्क एउटै जिल्लामा हाल्न सकिनेमा अब 'रूप-रेखा'-लाइ दुई ओटा अलग अलग जिल्ला बाँध्नुपर्‍यो । पुस्तकालयलाइ सरासर दुई रुपियाँ बढी खर्च लाग्ने भयो । सहुलियत दिएको दुई रुपियाँ यसरी खोस्ने भो 'रूप-रेखा'-ले । त्यसैले मैले आफ्नो रोष उत्तमलाइ पोखें । उनले कागज नपाइएको इत्यादि के स्पष्टीकरण दिए क्यारे । त्यति हो । तर त्यसको एउटा राम्रो फल निस्क्यो । त्यसपछि 'रूप-रेखाले' आफ्नो आकार फेरेन । आजसम्म फेरेको छैन । पत्रिकाको स्थायीत्वमा साइजको पनि महत्व हुँदो रहेछ भन्ने 'रूप-रेखा'-ले बुझेछ क्यारे । मेरो माध्यमले नै होस् नहोस्—मलाइ सन्तोक छ ।

'नेपाली' त्रैमासिकको तेस्रो अंक निस्केको थियो 'रूप-रेखा'-ले जन्म लिंदा । 'नेपाली'-को पहिल्यै अङ्कमा 'पूर्णाङ्क १' लेखेको थिएँ मैले । केही साथीहरूले गिज्याए पनि मलाइ । तर नेपालीको गन्तव्य स्पष्ट थियो—कुनै अंकमा पनि वर्ष नलेख्ने, पूर्णाङ्कबाटै चिनिने । उत्तमलाइ यो चलन राम्रो लाग्यो । त्यसै भने उनले । तर उनको बोली चर्को थिएन त्यहाँ त्यस वेला । 'रूप-रेखा' वर्ष र अङ्क लिएरै निस्क्यो । पछि त्यो वर्ष र अङ्क पूर्णाङ्क हुन थाल्यो । तर पूर्णाङ्क बाहिरी गातमा छाप्ने 'नेपाली'-को परम्परा उत्तमले समाते—'रूप-रेखा'-मा अलिकति आफ्नो बोल बढेपछि । 'रूप-रेखा'-मा साँच्चैको बोल उनको कहिलेदेखि भयो त्यो भन्न नसके पनि (पूर्णाङ्क बाहिरपट्टि नै छाप्न थालेको—७ औं अङ्कदेखि भनिदिए कसो होला ?) उत्तम कुँवर र बालमुकुन्ददेव पाण्डेको नाम सर्वप्रथम रूप-रेखामा झुल्किएको चाहिं पहिलो वर्षको आखिरी अङ्क अर्थात् पूर्णाङ्क ६ मा हो । विचरा उत्तम ! त्यहींनिर उनको नाम विज्ञापन खोजमेल गर्नेमा पो स्मरण गरिएको छ ! अनि बालमुकुन्दको चाहिं छाप्ने कामको अभिभारा लिएकोमा नाम छापिएको छ । 'रूप-रेखा'-को त्यो विकेन्द्रीकरणको 'सिष्टम' राम्रो थियो । अहिले बरू त्यस्तो छैन ।

○ हेर्नू 'श्रष्टा र साहित्य'-पृ. सं. १४, दोस्रो संस्करण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि प्रमोशन हुन थाल्छ सम्पादकमा । पहिले बालमुकुन्दको पूर्णाङ्क ७ मा अनि उत्तमको पूर्णाङ्क १३ मा । जनकनाथ र योगेन्द्रनाथसंग जोडिएर बालमुकुन्द सम्पादकमा उक्लेका हुन्छन्, अनि फेरि बालमुकुन्द हटेर योगेन्द्रनाथ र उत्तम सम्पादक हुन्छन् । यहाँनिर आएपछि राष्ट्रिय पुस्तकालयले 'रूप-रेखा'-संग नाता तोड्दछ । पत्रिकामा 'स्थायीत्व र नियमितता ल्याउन' मुनाल प्रकाशनलाइ पुस्तकालयले गुहार्दछ । मुनालले रूप-रेखाको जिम्मा लिन्छ पूर्णाङ्क ३२ मा । अनि बालमुकुन्द र उत्तम यसका लालमोहरिया सम्पादक हुन्छन् । पूर्णाङ्क ४८ फेरि प्रकाशक फेरेर निस्कन्छ । रूपायन मुनालको ठाउँमा सर्छ । सम्पादक सर्दैनन् । अझ सरेका छैनन् । उत्तम र बालमुकुन्द कायमै छन्, आज २००–औं भङ्क पुग्दा पनि । राम्रो भएको छ, फलिफाप भएको छ ।

उनीहरू कायम छन् रूप-रेखामा । अनि अर्को अर्थमा म पनि कायमै छु यसमा, केही नगर्नेमा । उत्तमसंग त्यति नजिकैको सम्बन्ध छ, बालमुकुन्द पनि आफन्तै छन्, तैपनि मेरो चाहिं रूप-रेखासंग गोरु वेचेको सम्बन्ध मात्र छ । सहयोग कति छ ? छैनको बराबर जति !

"संस्मरण अङ्क निकाल्न लागें कमलबाबु, एउटा लेख चाहियो ।"

"लेखक अङ्क निकाल्न लागें एउटा लेख !"

"शंकर विशेषांक ऐजन ऐजन ।"

उत्तमको अनुरोध, दौडधुप, फोन सबैको जोड घटाउ गुणन गर्दा पनि यिनै ४–५ ओटा सम्झौता हुन् 'दिएको' भन्नु मैले रूप-रेखालाइ ! आजीवन सदस्य सबै भए यसका । उत्तमले नभनेको होइन मलाइ । करै गरेको । त्यहाँ मैले मद्दत गरिनें, बरू उल्टो ड्याक पारिदिएँ कि क्या—मदन पुरस्कार पुस्तकालयलाइ नै 'आजीवन सदस्य' बनाइदिएर ! पुस्तकालयको 'आजीवन' कति हुन्छ ? त्यसैले, हामीहरू 'भी. आई. पी.' भएको भए उत्तम-कमल-रूप-रेखा सम्बन्ध एउटा विश्लेषणको विषय, अन्वेषणको विषय बन्थ्यो होला । अनि निष्कर्षमा भनिन्थ्यो होला—सांच्चै, यिनीहरू कति नजिक, कति टाढा ! हिन्दी फिल्मको विरह गीत जस्तो !

किन होला ? 'नेपाली' त्रैमासिक नै छ, रूप-रेखा मासिक भैसक्यो. व्यावसायिक प्रतिस्पर्धा हामीमा छैन । विज्ञापनको खोसाखोस छैन—नेपालीमा विज्ञापन लिइँदैन । लेख कविताको लुछाचुँडी छैन—नेपालीमा कथा र कविता छापिन्नन्, लामालामा लेख रूप-रेखालाइ चाहिन्नन् । सबै कुरा मिलेकै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तैपनि किन यस्तो ? उदासीनताले ? त्यो पनि होइन । म रूप-रेखाको प्रत्येक प्रगतिपूर्ण पाइलो पच्छ्याइरहेकै हुन्छु । 'कमलबाबु, बाँग्देलजीले हाम्रो कभर डिजाइन गरिदिने हुनुभयो ।'

राम्रो !

'कमलबाबु, जगदीश शमशेरले रूप-रेखाको एक वर्षको कभर छापेर पठाइदिने हुनुभो'

उत्तम !

'कमलबाबु, मदनमणिजीले एउटा लाम्मो लेख रूप-रेखालाइ दिने हुनुभयो'

अति उत्तम !

उत्तम, अति उत्तम मैले यही देखेको छु रूप-रेखामा । अलिकति श्लेष पऱ्यो क्यारे यो लेख्ता । त्यो बालमुकुन्दमाथि अश्रद्धा गरेर भएको होइन । अश्रद्धा 'रूप-रेखा'-संग सम्बन्धित कसैमाथि पनि छैन, हुनै सक्तैन । योगेन्द्रनाथले यसको 'बालारिष्ट' उतारेको कसले बिर्सेला ? जनकनाथ, श्रीराम भट्टराईहरूको यसलाइ जन्माउने आँट, विश्वनाथले गरेको व्यवस्था यी सबै जति सुन्दै गयो, जति गुन्दै गयो उति मिठो लाग्छ ।

मिठो लाग्छ, गरिष्ट हुँदैन । यस्तो छ यो 'रूप-रेखा' । त्यसैले त दुई सय गाँससम्म पनि नेपाली अघाएका छैनन् यो खाएर । यो खुराक, अचेलको भाषामा यो पौष्टिक आहारको एउटै मात्र कमी छ । यसको सित्तन छैन । जिब्रोको स्वाद फेरूँ भने अर्कौ केही छैन । त्यो यसैको दोष हो भनुँ, अरूलाइ टिक्नै नदिने । गुणमा, स्तरमा, नियममा !

अँ, एउटा कुरा चाहिं भनूँ । गुणस्तर र नियमितता भएर पनि उत्तमको सबै कुरा भएर पनि उत्तमको यसमा केही छैन । स्रष्टा उत्तम 'रूप-रेखा'-मा छैनन् । सम्पादकीयसम्ममा पनि । बलमकनद पनि किन निदाए ? सुतेकाहरू-लाइ चिमोटेर पनि ब्यूँझाइदिने बलमकनद आफै निदाएका ? पत्यार लाग्दैन । तर खोई ?

'के, साइज फेरेको ?'-बाट सुरू भएको मेरो रूप-रेखा–वार्तालाप यो 'खोई'-मा पनि टुङ्गिदैन होला ।

उत्तम–बालमुकुन्द होशियार !

श्रीदर्बार, पाटन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषा

—यदुनाथ खनाल

दुई गोष्ठी र नेपाली भाषा

गत दुई वर्षभित्र नेपाली विषयमा क्रमैले राजकीय प्रज्ञा-प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालयको तत्वावधानमा आयोजित दुई महत्वपूर्ण गोष्ठीहरूमा भाग लिने मौका मलाइ मिल्यो। गोष्ठीहरूमा अधिराज्यका ख्यातिप्राप्त निकै नेपाली विद्वान्हरूको जमघट थियो। व्यापकताको दृष्टिबाट पछिल्लो गोष्ठी बढी उल्लेखनीय थियो, किनभने यस गोष्ठीमा देशभरिका विभिन्न कलेज क्याम्पसहरूका नेपाली पढाउने प्रायश: सबै प्रोफेसरहरू सम्मिलित भएका हुनाले राष्ट्रिय प्रतिनिधित्व बढी मात्रामा प्रतिविम्बित थियो। गोष्ठीहरूमा चर्चा गरिएका समस्या झन्डै समान थिए र प्रस्तावित सुझाव र समाधान पनि झन्डै समान किसिमका थिए। गोष्ठीका विवरण विभिन्न रूपमा प्रकाशित छन्।

यस्ता गोष्ठीहरूको सुरूआत बौद्धिक दृष्टिबाट नेपाली भाषाको विकासको संदर्भमा एक प्रेरणादायी घटना हो। राष्ट्रको विकासको वर्तमान परिस्थितिमा नेपाली भाषाको अगाडि बढ्दो जिम्मेवारी र बढ्दो समस्या उपस्थित भएका छन्। नेपालीले विकासोन्मुख राष्ट्रको माग पूरा गर्नुपरेको छ, जुन एक ठुलो हाँक हो। यी समस्याहरूको बारेमा समय समयमा राष्ट्रिय गोष्ठीहरूद्वारा आधिकारिक रूपमा गहिरिएर छलफल हुनु आवश्यक छ। फेरि यस्ता गोष्ठी-हरूले बाहिरका विभिन्न चाख लिने व्यक्तिहरूको विचारलाइ पनि कुरकुर्याउँ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । तर उपर्युक्त गोष्ठीहरूको आयोजनाबाट जति आशा र प्रोत्साहन मिल्यो, गोष्ठी प्रथाको प्रारम्भिक अवस्था भएर हो वा अन्य कुनै कारणले हो यिनमा भएको छलफल र निष्कर्षबाट त्यति संतोष भएन भन्ने मेरो गुनासो छ। हामीहरू अझ पनि राष्ट्रभाषाको अगाडि खडा रहेका समस्याहरूको प्राथमिकता क्रममा अलमलिएका जस्ता देखिन्छौं। हाम्रा सबै समस्या एकै महत्वका छैनन्। तर पनि दुवै गोष्ठीमा ती समस्याहरू महत्व र प्राथमिकताको क्रममा छलफलमा आएनन् । नेपालीको भविष्य चिन्ताजनक छैन, न त अंग्रेजीले नेपालमा कुनै हालतमा नेपालीको स्थान ओगट्न सक्ने संभावना छ। भाषा संचारको माध्यमको रूपमा मूल रूपले जनताको लागि हो। समस्यालाइ यो तथ्यदेखि अन्यथा रूपमा पेश गर्नु नेपालको वस्तुस्थितिको विपरीत हो। नेपालका बहुसंख्यक जनताको मातृ बोली र तमाम नेपालीहरूको राष्ट्रभाषाको रूपमा रहेको नेपाली भाषाउपर विशेषज्ञहरूको वर्गीय र भावनात्मक थिचोमिचोमा संतुलित, विवेकपूर्ण दृष्टिकोणले प्रश्रय पाएन। चाहिने नचाहिने धेरै ठाउँमा नेपालीको भविष्यप्रति पर्याप्त विश्वासको अभावको प्रतीक सरकारी हस्तक्षेपको माग भयो। व्यक्ति विकासको लागि स्वतन्त्रता आवश्यक भए जस्तै भाषा विकासको लागि पनि स्वतन्त्रताको आवश्यकता भन्ने तथ्यको ख्याल गरिएन। मननीय छ, यथार्थ समस्यालाइ भावनाको भड्किलो रंगले पोतरिदिएमा विद्वत्समाजमा पनि प्राथमिकताले उलट-पलट खान्छ। अ-समस्याहरूले समस्याको रूप लिन्छन्। समस्या सुल्झने सट्टामा कठिन हुँदै जान्छ, किनभने भावना एक वर्ग वा समुदायमा मात्र सीमित रहँदैन। हो, प्रत्येक विषयमा उसको प्रकृति हेरी संयमित रूपमा विभिन्न मात्रामा भावनाको स्थान हुन्छ। साहित्य यस्तै संयमित भावनाको विशेष उपज हो।

तर नेपाली भाषाको विकासको आधार भावना हुन सक्तैन। त्यो आधार हो राष्ट्रिय सालाखाला परिस्थिति। नेपाली राष्ट्रभाषा भएको छ, नेपालका बहुसंख्यक जनताको मातृ बोली भएकोले, बढ्दो संख्यामा अरू-अरू समुदायका नेपालीहरूले यसलाइ मातृ बोलीको रूपमा अंगालेका हुनाले र तमाम नेपालीहरूले यसलाइ राष्ट्रभाषाको रूपमा स्वीकार गरेका हुनाले। नेपाली मातृबोली भएका, यसलाइ मातृ बोली बनाएका र यसलाइ राष्ट्रभाषाको रूपमा स्वीकार गर्ने समेत मिलाई तिनै थरीका समुदायहरू नेपाली भाषाका आधारतत्व हुन्। यी समुदायको जनजिब्रोदेखि अनावश्यक दूरतामा नेपाली फस्टाउन

... Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तैन । यी समुदायको सामूहिक सक्रिय योगदानमा यिनकै आकांक्षा, क्षमता र सम्भावनाको अनुरूप नेपालीको विकास व्यावहारिक छ । तर यी गोष्ठीहरूले अघि सारेको 'शुद्ध' भाषा यी तीनै समुदायका बहुसंख्यक नर-नारीको पहुँच बाहिरको छ । नेपाली नै मातृभाषा भएका नेपालीहरूको जनजिभ्रोदेखि यो तथाकथित शुद्ध भाषा अलगिँदै गएको छ । एकातिर नेपालीको व्यापक प्रचार र अर्कोतिर विशेषज्ञले मात्र बोल्न र लेख्न सक्ने नेपालीमा आग्रह मेरो विचार-मा परस्पर विरोधी कुरा हुन् । तर यो विषय कुनै रूपमा छलफलमा आएन ।

'शुद्ध' नेपालीको चर्चा गर्दा कहिलेकाहीं भाषा विज्ञानको पनि गुहार लिइन्छ; भारत, चीन र जापानमा भएका प्रयोगहरूको पनि सहारा लिइन्छ । भाषा विज्ञानले भाषाका शाश्वत र सर्वजनीन प्रवृत्तिको बोधलाइ गहिन्याइदिन्छ, सही समाधानको बाटो देखाउँछ । तर के स्मरणीय छ भने भाषा विज्ञानको पछि दौडँदैन, विज्ञान भाषाको पछि लाग्छ । त्यस्तै भारत तथा जापानका भाषा सम्बन्धी प्रयोगहरू पनि विवेकपूर्ण दृष्टिले हेरेमा हाम्रो लागि शिक्षाप्रद हुन सक्तछन् । तर विभिन्न देशका प्रयोगहरूमा देशकालको निर्णायक व्यवधान रहन्छ । भाषिक दृष्टिले नेपालको एक अपूर्व र अलौकिक परिस्थिति छ । यसकारण कुनै शास्त्रले अथवा कुनै अन्य देशको प्रयोगले नेपालीको वास्तविक र साक्षात परिस्थिति बोधको स्थान लिन सक्तैन । स्थान दिलाएमा सालाखाला जिउँदो परिस्थितिबाट उत्रेको, कतिपय व्यक्तिमा मात्र सीमित किताबी समाधान वा अव्यावहारिक अन्धानुकरण मात्र आइपर्छ । नेपाल र नेपाली भाषाभित्रको संपूर्ण परिस्थिति नै सही र व्यवहारिक रूपमा समस्या समाधानको मूल आधार हो ।

गोष्ठीका जे सुकै धारणा भए पनि, माथि संकेत गरे जस्तै, अहिले नेपालभित्रको संपूर्ण परिस्थिति नेपाली भाषाको भविष्यको लागि वास्तवमा चिन्ताजनक छैन । गोष्ठीका विशेष बोलक्कड गुठियारहरूमा नेपालीको भविष्य-प्रति चिन्तित हुनुपर्नाको कारण मुख्यतया प्रशासनको उदासीनता र अंग्रेजीको बढ्दो आक्रमण देखिन आए । जहाँसम्म प्रशासनको उदासीनताको प्रश्न छ, नेपालको इतिहास वा वर्तमान परिस्थितिले यो दोषारोपणलाइ परिपुष्टि गर्दैन । नेपालीको प्रगतिको लागि प्रशासनिक क्षमता बढाई सेवा गर्ने अहिले पनि प्रशस्त ठाउँ छन् । तर यो कमजोरीको नाम प्रशासनिक उदासीनता होइन । नेपालीको संरक्षण र विकासको लागि नियुक्त भै विभिन्न सार्वजनिक संस्थामा काम गर्ने विद्वान्हरूले गरेको 'सार्वजनिक प्रशासनिक तहमा नेपालीको लागि केही गरिएन'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने भावयुक्त गुनासो भाषाप्रति अटल प्रेमको द्योतक भए पनि तर्कयुक्त भएँन। वास्तविक कुरा के भने नेपालको जति चिरन्तन भविष्य छ, नेपालीको भविष्य पनि त्यत्तिकै चिरन्तन छ। नेपालको जनसंख्या मध्ये ५० प्रतिशतभन्दा बढी नर-नारीको मातृबोली नै नेपाली छ। विभिन्न समुदायको बीच नेपालीको माध्यमद्वारा निजी वा सरकारी तहमा व्यवहार गर्ने, विचारको आदान-प्रदान गर्ने तथा भाव वा अनुभूतिको संचार गर्ने नेपालीहरूको संख्या राष्ट्रिय परिमाणको छ भन्दा अत्युक्ति हुँदैन। नेपाल बाहिर बसेका विभिन्न समुदाय र वर्गका सबै नेपालीहरूमा नेपाली मातृभाषाको रूपमा विद्यमान छ। छिमेकी भारतको अपेक्षा इतिहास र नीतिको फलस्वरूप नेपालमा धेरैकाल अघिदेखि यावत् प्रशासनिक र अदालती कार्यहरू नेपालीकै माध्यमद्वारा भइआएका छन्। राष्ट्र भाषा संबन्धी खिचलो नेपालमा छैन। संविधानमा नेपाली राष्ट्रभाषा घोषित भएको छ। विभिन्न सरकारी सेवामा प्रवेशको माध्यम नेपाली छ। शिक्षा योजना अन्तर्गत नेपालीकै माध्यमद्वारा शिक्षाको क्रमिक र नियमबद्ध रूपमा पर्याप्त संख्यामा पाठ्यपुस्तक सहित विकास गर्ने कार्यक्रम चालू छ। नेपाली साहित्यमा नेपाली-इतर मातृ-भाषा भएका नेपालीहरूबाट महत्वपूर्ण, बढ्दो मात्रामा योगदान भएको छ। यी मामुली उपलब्धि होइनन्; नेपालीहरूको राम्रो भविष्यप्रति विश्वास दिलाउन सक्ने काँटका मजबूत आधार स्तम्भ हुन्। विश्वासकासाथ सकारात्मक यथार्थ-वादी दृष्टिकोण लिएमा यी आधारस्तम्भको आडमा नेपालीको भव्य इमारत बन्न सक्तछ। नीति, नियम र व्यवहारको साथसाथै नेपालका इतिहास र भविष्य पनि नेपालीको पक्षमा छन्। यस्तो परिस्थितिमा नेपाल जस्तो बहु भाषा-भाषी मुलुकमा राष्ट्रभाषा नै मातृभाषा भएका नेपालीउपर विशेष जिम्मेवारी छ। चर्को स्वरभन्दा संयम, समझदारी र परमर्मज्ञताको आवश्यकता छ, आवेशको भन्दा दूरदर्शिताको खाँचो छ। यी सब कारणले गर्दा अहिले नेपालीको उन्नतिको अवरोध प्रशासनिक उदासीनता होइन; शुद्ध नेपालीको नाममा हामीले पैठारेको वा अंगालेको संकुचित भावना र प्रवृत्ति हो, जसले नेपाली जन-जिब्रोमा मिलेका, भिजिसकेका विभिन्न निजामती र जङ्गी शब्दहरू-लाइ अनेक बहानामा धपाउँदै छ र जसले नेपालीलाइ उत्तरोत्तर क्लिष्ट बनाउँदै जनतादेखि अलग गराउँदै छ। हुनत यो भाषा शुद्धताको नाममा गरिएको क्लिष्टता-आन्दोलन स्थायी हुन सक्तैन, आफ्नै अन्तर्विरोधले खतम हुन्छ, तर यसको अहिले परिणाम भाषाको प्रचार र विकासमा शिथिलता ल्याउनु भएको छ। चलिसकेका लवजहरूको बदलामा लादिएका शब्दहरूमध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषाको ग्रहणशक्ति भित्रका जति भाषामा आत्मसात् हुन र सो शक्तिवाहिरका उकेलिन अव जति समय लाग्दछ त्यति समय भाषाको गति अवरूद्ध भएको छ। क्लिष्टता-आन्दोलनको आयु छोटो छ। कुनै बिकासशील भाषाले अन्त्यमा जनताको मुख न ताकी सुख छैन, जनतातिर न फर्की धर छैन। यस कारण नेपालीको डाडु-पँनियो लिएका विद्वान वा अधिकारीहरूले जनतावाट विद्रोह हुनु अगाडि नै नेपालीको विकासको मोड जनतातिर फेरि फर्काउनु वुद्धिमानी र दूरदर्शिता हुन्छ। पसलमा टाँगेका साइनवोर्डको भाषालाइ 'शुद्ध' राख्न सरकारी हस्तक्षेपको माग गर्नु भन्दा सो भाषाले गाहकीहरूलाइ खिच्न सक्छ सक्तैन भन्ने चासो राख्नु भाषा-विकासको दृष्टिवाट हामीलाइ वढी महत्वको छ। गोरखापत्रको संपादन भित्र पनि चिट्ठीस्तम्भ भाषाको दृष्टिवाट तुलनामा सजीव रहेको छ, किनभने यो भाषा जनजिब्रोको निकटतर रहेको छ।

विचारणीय कुरा के छ भने नेपाली बढ्दो मात्रामा विशेषज्ञहरूको हातमा पुगेको हुनाले नै अंग्रेजीको विकासले केही विकृत रूप लिएको हो। यदि शुद्ध नेपाली लेख्न सक्ने मानिसको संख्या क्लिष्टताको कारण घट्तै गई अंग्रेजी जान्नेको सरह हुन आउँछ भने अन्तर्राष्ट्रिय प्रतिष्ठा र अन्तर्राष्ट्रिय सम्पर्कको आवश्यकताको आडमा नेपालीको अपेक्षा अंग्रेजीको स्थान वलियो भयो भने कुनै आश्चर्यको कुरो भएन। बजारमा महँगो माल किन्न जस्तै भाषामा क्लिष्ट शब्द ग्रहण गर्ने राष्ट्रियताको आह्वान प्रभावहिन हुन्छ। त्यसको साथै अंग्रेजीको पछाडि सम्पूर्ण आधुनिक ज्ञानको भण्डार छ। यो परिस्थितिको सुधार अंग्रेजी माथिको आक्रोश होइन, नेपालीलाइ सरल र व्यापक तुल्याएर अंग्रेजीले न भेट्टाउने दिशातिर मोड्नु हो। व्यापकतामा नेपालभित्र नेपाली अंग्रेजीभन्दा वलियो स्थितिमा छ। यो व्यापकताको अझ वढी परिशीलन गर्न नेपाली भाषामा सरलता एक आन्दोलनको रूपमा चाहिए-को छ। साथसाथै यस भाषाको विकासलाइ जनजीवनको लागि सार्थक र प्रासङ्गिक हुने दिशामा लैजानु छ। यस किसिमको प्रासङ्गिकताले भाषा शुद्धता-प्रति हाम्रो वर्तमान धारणामा परिवर्तन अपेक्षा गर्दछ। व्याकरण शुद्धि लक्ष्य हुँदैन, साधन हुन्छ; भाषान्तरका प्रचलित शब्द हेय हुँदैनन्, ग्राह्य हुन्छन्। अर्थात् शुद्धताको लागि उच्च कक्षाका न्युट्रन, इलेक्ट्रन जस्ता वैज्ञानिक शब्दहरू वा साधारण घरायसी प्रयोगमा आउने रेडियो, टेलिफोन, टेलिभिजन, फ्रीज जस्ता अन्तर्राष्ट्रिय शब्दहरूको रूपान्तर गरी यिनको सट्टा अप्रचलित कृत्रिम शब्दहरू चलाउन खोज्नु अनावश्यक र अवाञ्छनीय पनि जँच्त छ। किनभने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमान अन्तर्राष्ट्रिय आदान–प्रदान र यातायातको परिस्थितिमा अप्रचलित रूपान्तरहरू ठोसे पनि यिनले अन्तर्राष्ट्रिय प्रयोगमा आएका शब्दहरूलाइ चलन वाहिर लैजान सायद सक्ने छैनन् । जवर्जस्ती चलन बाहिर धपाए पनि मननीयक छ भने आधुनिकताको वर्तमान मागको संदर्भमा भाषाको प्रासङ्गिकता घट्ने हुनाले विकासको परिप्रेक्ष्यमा जनताको लागि आफ्नो भाषाप्रति मानसिक अतृप्ति रहिरहन्छ । यसै कारण अहिले नेपालमा अशिक्षित ग्रामीण जनताले पनि संस्कृत रूपान्तरहरूको वास्तै नगरी सिडिओ, पुलिस, कर्नेल आदि अंग्रेजी शब्दहरूको नै प्रयोग चालू राखेको देखिन्छ । कारण सरलता मात्र होइन, आडम्बर होइन, मानसिक अतृप्ति पनि हो । नेपालीहरूको अदम्य प्रवर्तक अभिलाषा अहिले अन्तर्राष्ट्रिय समुदायको सहभागी अङ्ग बन्ने छ, त्यसबाट अलग हुने छैन । यदि ग्रामिण जनतामा समेत यस किसिमको भावना पाइन्छ भने सचेत वर्गमा यो अभिलाषा अझ उत्कट रूपमा निहित छ । यस परिस्थितिमा भाषान्तरबाट आउने शब्दहरुमा अनावश्यक नाटिकुटी हानीकारक भए जस्तै व्याकरण प्रतिको अनावश्यक नाटिकुटी पनि सिथिल्याउनु पर्ने हुन आएको छ । यसो भएमा नेपाली भाषा जनताको सिर्जनात्मक निकटतामा मात्र रहँदैन कि उनीहरूको आकांक्षाको नजिक पनि रहन्छ । यस्तो भाषाले मात्र वढ्दो मात्रामा नेपालको राजनैतिक, सामाजिक र वौद्धिक आवश्यकताको पूर्ति गर्दछ । वढ्दो संख्यामा नेपालीहरुलाइ नेपालीमा सिपालु हुन सजिलो हुन्छ ।

यस अवस्थामा युगानुरूप र सरलीकृत नेपालीमा पोख्त भएका नेपालीहरूको संख्या विभिन्न क्षेत्रमा बढ्दै जान्छ । प्रत्येक कार्यालयमा नेपालीको विशेषज्ञ राख्ने वर्तमान चलन वा राख्नु पर्ने वर्तमान बाध्यता हटेर जान्छ । तर पनि नेपालमा शिक्षा, विज्ञान, न्याय, राजनीति र प्रशासनका क्षेत्रमा उच्च ओहदामा रहेका व्यक्तिहरूको निमित्त कुनै अन्तर्राष्ट्रिय भाषाको साक्षात् ज्ञान धेरै समयलाइ म अनिवार्य देख्तछु । यो परिस्थितिवोधलाइ हाम्रो मनोभावना-संग कसरी मेल खाने गराउने हो अहिले हाम्रो अगाडि समस्या छ । नेपाल पैंसठ्ठी करोड भारतीय र नब्बे करोड चिनियाहरूको बीचमा छ । यी जनशक्ति र साधनले सम्पन्न महान् देशहरूमा जस्तै स्वतन्त्र अनुसंधान र सक्षम अनुवादको कार्यक्रमद्वारा वौद्धिक क्षेत्रमा आत्मनिर्भरता स्थापित गर्न सक्ने पर्याप्त साधन हामीसंग छैन । हाम्रो स्वतन्त्र अनुसंधान तोकिएको क्षेत्रमा मात्र र हाम्रो अनुवाद कार्यक्रम सीमित परिमाणको मात्र हुन सक्तछ । हाम्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चस्थ नेताहरू र अधिकारीहरूलाइ अन्तर्राष्ट्रिय गतिविधिसंग हाराहारीमा रहन देशभित्रको यो कार्यक्रम मात्र पर्याप्त छैन। यस किसिमको कमी पूरा गर्न अंग्रेजी वा अरू अन्तर्राष्ट्रिय भाषाको ज्ञान आवश्यक हुन्छ। अन्यत्र पनि विभिन्न साना साना देशहरूमा यही प्रवृत्ति देखा परेको छ। यसमा थप नेपालको बढ्दो अन्तर्राष्ट्रिय सम्पर्कका आवश्यकताहरू छन्। यी आवश्यकतामध्ये एक प्रमुख आवश्यकता अंग्रेजी हो। राष्ट्रिय माग अंग्रेजीप्रति उपरोक्त गोष्ठीहरूमा वा अन्यत्र यस्तै सम्मेलनमा व्यक्त गरिएका आक्रोशद्वारा अन्त्य हुने देखिदैन। यस कारण नेपालीको साथसाथै अंग्रेजी वा अन्य अन्तर्राष्ट्रिय भाषाको ज्ञान हुने व्यक्तिहरू नै नेपालमा धेरै कालसम्म माथि उल्लेख गरिएका शिक्षा, विज्ञान, राजनीति, न्याय र प्रशासनका क्षेत्रमा उच्च ओहृदाहरूमा रहने ठुलो सम्भावना छ। यस अवस्थामा नेपालीको विकास चाहने दूरदर्शी राष्ट्रिय पक्षपातीले अंग्रेजीको यो सीमित स्थानलाइ नेपालीको निमित्त बाधक होइन कि पूरकको रूपमा देखन सक्नु परेको छ। अन्यथा वस्तु स्थितिदेखि अलग रहेको गतिशील नेपाली भावनाको प्रतिकूल अंग्रेजीप्रतिको अनावश्यक आक्रोश प्रभावहीन रहने कुरा स्वयंसिद्ध छ।

नेपालको विकासको सिलसिलामा अंग्रेजीको स्थानको चर्चा गर्दा संस्कृतको स्थानको प्रश्न उठ्नु स्वभाविक छ। संस्कृतेतर संस्कृतिको ख्याल गरे पनि यति अवश्य भन्न सकिन्छ कि नेपाली संस्कृतिको प्रमुख आधार संस्कृत हो। यस कारण नेपालको धर्म, समाज र ललितकलाहरूको ज्ञान हासिल गर्न धेरै मात्रामा संस्कृतको आवश्यकता छ। नेपालमा कैय्यन शिला लेखहरू संस्कृतमा लेखिएका छन्। यति भइकन पनि नेपाली भाषाको मूल आधार नै संस्कृत भएकोले यी विभिन्न राष्ट्रिय आवश्यकता पूरा गर्न सक्ने गरी हाम्रो राष्ट्रिय व्यवस्थामा संस्कृतको स्थान सुरक्षित रहनुपर्दछ। संस्कृतले हाम्रो अतीतलाइ बुझ्न मद्दत गर्दछ, भाषाको विकासलाइ सहायता गर्दछ। तर संस्कृतले हाम्रो सामाजिक, राजनैतिक र आर्थिक विकासको मागलाइ पूरा गर्न सक्तैन।

गोष्ठीहरूमा नेपालीलाइ जनताको भाषाको रूपमा हेर्ने सट्टा विशेषज्ञको भाषाको रूपमा हेरियो। सर्वाङ्गीण राष्ट्रिय विकासको चुनौती र अन्तर्राष्ट्रिय बुस्तुस्थितिको पृष्ठभूमिमा नेपालीको विकास हेर्ने सट्टा अवास्तविक रूपमा यसलाइ मात्र छुट्टयाएर हेरियो। नेपाली भाषाको विकासप्रतिको मनोवृत्ति ज्यादै पराङ्मुखी भयो कि भन्ने आशङ्का गर्ने ठाउँ मिल्यो। विभिन्न सुझाव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूमा प्रतिविम्वित भएका सरकारी हस्तक्षेपको मागको ओइरोमा भाषा विकासको लागि नितान्त आवश्यक, भाषाको आत्मास्वरूप स्वतन्त्रताको ख्याल झण्डै नगण्य रह्यो । नीति र स्थितिले सिर्जना गरेका गह्किला, आह्वानपूर्ण अवसरहरूको स्वयं सदुपयोगको खोजभन्दा अरूकै कमजोरीमा मात्र दृष्टि गए जस्तो देखियो । कताकता आलोचनाहरूमा एक देशीयताको भान आयो । नेपालीको विकासको लागि विश्वासजनक राष्ट्रिय वातावरणको आवश्यकताको सही रूपमा महशूस गरियो । तर राष्ट्रिय वातावरण अन्ततोगत्वा विभिन्न व्यक्तिगत र विभिन्न संस्थागत विश्वास र वातावरणको समष्टि रूप हो भन्ने कुरा ख्याल भएको परिचय पाइएन । नेपालीको लागि प्रभावशाली राष्ट्रिय वातावरण सिर्जना गर्न र सो सिर्जना गर्ने नेतृत्व दिन उपदेश र दृष्टान्तद्वारा नेपाली विद्वान्हरूको विशेष दायित्व छ । यी विद्वान्हरू विभिन्न मौन र प्रकाशित रूपमा आफ्नो दायित्व पूरा गर्न प्रयत्नशील रहेका पनि छन् । तर यस्तो महत्वपूर्ण दायित्वको गोष्ठीमा चर्चै न हुनु एक छुट नै मान्नु पर्दछ ।

गोष्ठी गर्ने नयाँ प्रथा आवश्यक र उपयोगी प्रथा हो । यसले पारस्परिक आदान प्रदान र छलफलको उन्मुक्त उदार वातावरणमा नयाँ चेतना दिलाएर नेपालीको विकासलाइ सही दिशातिर डोऱ्याउन सक्तछ । जति यो प्रथा नियमित रूपले चल्दै जान्छ, आशा गर्न सकिन्छ त्यति मात्रामा गोष्ठीहरू पनि परिष्कृत हुँदै जाने छन् । नेपाली सम्बन्धी समस्याहरू महत्व र प्राथमिकताको क्रममा छलफलमा आउने छन् । आलोचनाहरूमा वर्तमान उपलब्धिहरू पनि प्रतिविम्वित हुने छन् । सुझावहरूमा वढी दार्शनिक सामञ्जस्य र स्पष्ट व्यावहारिकता आउने छन् । अंग्रेजो र साइनवोर्डको भाषाको आलोचनामा झल्केको मिथ्या त्रासले भन्दा नेपालीको उज्ज्वल भविष्यप्रतिको अटल विश्वासले पछिका गोष्ठीहरूको वातावरणलाइ उजिल्याउने छ । अ-समस्याहरू गोष्ठीवाट लोप हुने छन् । यदि पछिका गोष्ठीहरूलाइ यस दिशामा लैजान उपरोक्त दुई गोष्ठीले प्रेरणा दिए भने यी गोष्ठीहरू त्यसै महत्वपूर्ण त छँदैछन्, ऐतिहासिक पनि हुने छन् ।

कालधारा, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

<u>साहित्यिक इतिहास</u>

– अभि सुवेदी

'शारदा' र 'रूप-रेखा'–दुई युगको प्रसङ्ग

परिचय

'शारदा' र 'रूप-रेखा' नेपाली साहित्यका दुई प्रमुख साहित्यिक पत्रहरू हुन् । यी दुई पत्र बाहेक अनेकौं समकालीन पत्र-पत्रिकाहरूले नेपाली साहित्यका आधार निर्माण गर्ने र अनेकौं युगको सन्दर्भ तयार गर्ने काम गरेका छन्, तर 'शारदा' र 'रूप–रेखा'-लाइ दुई विभिन्न युगका पर्यायवाची शब्दहरूको रूपमा लिएर यस लेखमा ती दुई युगभित्रका अनेकौं उपलब्धी र मोडहरूको चर्चा गर्ने प्रयास गरिएको छ । यसरी चर्चा गर्दा प्रमुख रूपमा उपर्युक्त दुई पत्रिकाहरूमा प्रकाशित रचनाहरूलाइ नै विश्लेषण गरिएको र प्रासङ्गिक रूपमा अन्य पत्रिकाहरू, जस्तो 'भारती', 'प्रगति', 'धरती', 'मुकुट', 'रचना' आदिको प्रासङ्गिक चर्चा पनि गरिएको छ ।

नेपाली साहित्यमा पूर्व–प्रकाशन काल

नेपाली साहित्यको पूर्व प्रकाशन काल निकै लामो थियो । यो युगलाइ अनेकौं रूपमा अनेकौं ढंगले विकास भएको देख्न सकिन्छ । यस युगका स्थिर चरित्रहरू केही छन् तापनि सुनियोजित लेखन र त्यसको प्रकाशनका आधार नभएको हुनाले यस युगलाइ हामीले 'भास्वती'को नेपाली अनुवाद[१] देखि

---

१. हेर्नुहोस् डा. जगदीशचन्द्र रेग्मीद्वारा लिखित नेपाली अध्ययन (२०३२) पा. ६६. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर मोतीराम युगसम्म नै मोटामोटी रूपमा लिन सक्छौं। यस लामो युगमा लेख रचनाहरू हातले सारेर साधारण रूपमा सानो-तिनो पाठक वर्गको लागि उपलब्ध गराइन्थे। यस्ता लेखनमा धार्मिक कथा, फार्सी, उर्दू र हिन्दीबाट लिइएका कथा र पृथ्वीनारायण शाहकालीन कवि-नाटककार, जस्तो सुवानन्द दास, रघुनाथ भाट, शक्तिवल्लभ अर्याल आदिका लेख-रचना पर्दछन्। यो हस्त लिखित प्रकाशनको परम्परा धार्मिक लेख–रचनाहरूको प्रचार र प्रकाशनसंग गाँसिएको छ। नेपाली साहित्यमा मात्र नभएर संस्कृत, नेवारी, भाषाका अनेकौं महत्वपूर्ण लेख-रचनाहरूको प्रकाशनको माध्यम पनि लेखन-प्रकाशन थियो।[२]

यस लेखन-प्रकाशनको युगलाइ शामन्तकालीन युग वा रजौटाहरूको युग पनि भन्न सकिन्छ। आजको नेपाली जाति र आधुनिक नेपाल राष्ट्र अनेकौं प्रादेशिक, आर्थिक, सामाजिक र साँस्कृतिक इकाइहरूमा बाँडिएको थियो। त्यसले गर्दा बौद्धिक र शिक्षित समुदाय पनि सानो थियो। पढ्नेहरूको संख्या प्रकाशनको असुविधा र शिक्षाको अवसरको कमीले गर्दा ज्यादै थोरै थियो। राजदरवार नै ज्ञान र शिक्षाको केन्द्र थियो। त्यसैले दरवारको परिप्रेक्ष्यमा नै अनेकौं कवि लेखकहरू जन्मेका देखिन्छन्। यस परिप्रेक्ष्यदेखि बाहिर फाट्ट-फुट्ट कविहरू देखा परेता पनि तिनीहरूको सम्बन्ध र तिनका रचनाहरूको प्रेरणा-श्रोत पनि त्यही दरवारीया परिप्रेक्ष्य र राजर्षि व्यक्तित्व नै थियो। यस परि-प्रेक्ष्यदेखि बाहिर लोक गीत, सवाइ आदिको परम्परा भएता पनि त्यो प्रकाशन सन्निहित अवस्था सम्म आउन सयौं वर्ष लाग्यो। अरू त के नेपाल राजदर-बारसंग सम्बन्धित र धनी विर्तावाल पडितका छोरा र संस्कृतका विद्वान् कविहरू, उदयानन्द अर्याल, इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोखन्याल, रघुनाथ पोखन्याल, पतंजली गजुन्याल, अरू कैयौं सन्त जोसमनी परम्पराका कविलाइ पनि प्रकाशन सुविधा प्राप्त थिएन। तिनका प्रायः रचना-हरूको प्रकाशन माध्यम पाण्डुलिपी नै थियो। भानुभक्त आचार्य भने काठमाडौंका यी दरवारीया पडित कविहरू र संस्कृत बुद्धिजीवी वर्ग (Sanskrit elites) देखि बाहिरका 'पाखे' पंडितका छोरा भएका हुनाले आफ्ना रचना

२. यस कुराको उदाहरणको लागि केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय, मदन पुस्तकालय र त्रि. वि. पुस्तकालयमा संकलित अनेकौं नेपाली सन्दर्भ-का वाङ्मयसंग सम्बन्धित पाण्डुलिपीहरूलाइ लिन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फाटफुट लेखेर साथीमाइलाइ बाँडिदिनु, जेलमा परेको वेला कवितामा दर्खास्त लेखेर छुटकारा पाउने उपाय गर्नु, सरकारी कर्मचारीको ढिला सुस्तीलाइ घोचेर रचना गर्नुमा नै उनको समय सापेक्षता थियो र त्यही नै तिनको कवि हुनुको यथार्थता थियो। उनकाक बिताको जन-जीवनसंग सादृश्यता भएको हुनाले तिनको प्रचार हुनु आवश्यक थियो तापनि तिनको माध्यम मुद्रण हुन सकेन। उनको रामायण पनि, जुन नेपाली साहित्यको सबैभन्दा महत्वपूर्ण रचना मानिएको छ, प्रेस–क्रियाकलापको युगमा आएर खोजी नगरिएको भए विस्मृतिको गर्भमै रहने थियो।

उपर्युक्त युगको चर्चाबाट के प्रष्ट हुन्छ भने नेपाली साहित्य–रचना धेरै कालसम्म, अथवा ईशाको उन्नाइसौं सताब्दीको पहिलो अर्द्ध सताब्दीसम्म, खास गरेर, लिखित रूपमा बाँचिरह्यो। हुन त यस कालमा नेपाली जनजीवनमा ठुला ठुला घटनाहरू घटे; आधुनिक नेपाल राज्यको जन्म भयो; नेपालले अंग्रेजी शक्तिलाइ समरमा सामना गर्नुपर्‍यो जसमा आफुले जितेका अनेकौं भूभागहरू गुमाउनुपर्‍यो। सांस्कृतिक र मानसिक उथलपुथल आए। पाश्चात्य सभ्यतासंग नेपालको सम्वन्ध बढिसकेको थियो। भीमसेन थापाले अंग्रेजी पाराले नेपाली सैनिक पुनर्गठन गरिसकेका थिए। शक्तिको लागि एक यस्तो 'एलिट' वर्गको उदय भएको थियो जसमा शाहवंशका राजाहरूकै प्रतिष्ठा-प्राप्त र देशभक्त सैनिकहरू नै थिए। यी एलिटले आफ्नो अस्तित्व अंग्रेजी वादशाह-संग सम्वन्ध सुधार गरेर मात्र हुन्छ भन्ने बुझिसकेका थिए। यस अवस्थामा नेपाली राष्ट्रिय जीवनले अर्को कोल्टो फेरिसकेको थियो। यही सन्दर्भमा नेपाली युवकहरू भारतमा अंग्रेजी शिक्षा प्राप्त गर्न जान थाले। यी युवकहरूले जातिय स्वरूप चिन्न र चिनाउनको लागि साहित्यको ठुलो महत्व छ भन्ने कुरालाइ बुझे। साहित्य प्रचार हुनुपर्छ, र त्यसको क्रय-विक्रय हुन सक्छ भन्ने आधुनिक दृष्टिकोणको आविर्भाव भएकोले अब नेपाली कवि-लेखकहरूका रचनाहरूको खोजी हुन थाल्यो; जनरुचि र समाजको सांस्कृतिक स्तर अनुसारका रचना-हरूको प्रकाशन हुन थाल्यो। यो आन्दोलन बनारसमा अध्ययन गर्न गएका युवक नेपाली लेखक-कविहरूद्वारा भएको थियो। यस युगका केन्द्रविन्दु मोतीराम भट्ट नै हुन्। यो युग ईशाको उन्नाइसौं सताब्दीको अन्त र वीसौं सताब्दीका आरम्भिक वर्षहरूसम्म रह्यो। यस युगमा साहित्यिक पत्रकारिताको उदय भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोतिरामभट्ट र उनका साथीहरूले बनारसबाट अनेकौं नेपाली ग्रन्थहरू प्रकाशित गरे। यी किताब प्रकाशनसंग साहित्यिक पत्रिकाको प्रकाशन पनि गाँसिएको छ। 'भारत जीवन' भन्ने पत्रिकामा 'गोरखा भारत जीवन' भन्ने विशेष प्रति भारतेन्दु हरिश्चन्द्रको सहयोगले मोतिरामले सन् १८८६ मा प्रकाशित गरेका हुन् भन्ने धारणालाइ अहिले आएर प्रश्न गर्न थालिएको छ। उत्तम कुँवरको विचारमा यो भनाइ प्रमाणको अभावमा केवल एक किंवदन्ती मात्र बन्न गएको छ।[३] प्रमाण प्राप्त पहिलो नेपाली पत्रिका पण्डित नरदेव, मोतिकृष्ण शर्मा, ठहिंटीद्वारा सम्पादित तथा प्रकाशित 'सुधासागर' हो। यस प्रकार पहिलो नेपाली पत्रिका सन् १८९८ मा प्रकाशित भएको देखिन्छ।

नेपालभित्र प्रेसको क्रियाकलाप यसै वखतदेखि सुरू भएको देखिन्छ। हुन त राणा प्रधानमन्त्री जङ्गबहादुरले 'गिद्ध-प्रेस' सन् १८५१ मै ल्याएका हुन् तापनि 'सुधासागर'को प्रकाशन पछि मात्र पत्रकारिताको उदय भएको, प्रेस-क्रियाकलाप हुन थालेको कुरा देखा पर्दछ। पशुपति प्रेसबाट नै सन् १९०१ देखि 'गोरखापत्र'-को प्रकाशन हुन थालेपछि नेपाली गद्य लेखनलाइ प्रकाशन गर्ने माध्यम उपलब्ध भएको मान्नुपर्दछ। इसाको वीसौं सताब्दी सुरू भएपछि नेपाली वाङमयको प्रकाशनको मध्यम कालमा, जनतामा शिक्षाको प्रचार हुन नपाएको वखतमा नेपालमा प्रेस क्रिया-कलाप सुरू भएको कुरा राजनैतिक इतिहासकार, हरूको लागि पनि एक चाखलाग्दो विषय हो भनी मान्न सकिन्छ। यस बेला प्रवासमा बस्ने नेपालीहरूले पनि नेपाली वाङमयको विकास गर्ने अठोट गरेको देखिन्छ। 'गोरखापत्र'को प्रकाशन सुरू हुनुभन्दा पहिला नै दार्जीलिङ्गबाट पादरी गंगाप्रसाद प्रधानद्वारा 'गोर्खे खबर कागज भन्ने पत्रिका'-को प्रकाशन सुरू भइसकेको थियो। त्यस्तै साहित्यको विकास गर्ने हेतुले पनि पत्रिकाहरूको प्रकाशन हुन थाल्यो। सन् १९०२ मा बनारसबाट 'उपन्यास तरङ्गिणी' भन्ने पत्रिका निस्कन थाल्यो। त्यस पत्रिकामा धारावाहिक उपन्यासहरू छापिन्थे। सन् १९०६ देखि केही युवकहरूले 'सुन्दरी' भन्ने पत्रिका पनि कांसीबाट नै प्रकाशित गर्न थाले। यो पत्रिका एक वर्षसम्म चल्यो। त्यसको तुरुन्तै पछि 'माधवी' भन्ने अर्को साहित्यिक पत्रिका बनारसबाट नै प्रकाशितहुन थाल्यो। राणा शासकहरूको यस प्रकारको बढ्दो प्रेस क्रिया कलाप प्रति अनुदार दृष्टिकोण थियो जसले गर्दा यस कार्यमा लाग्नेहरूले सतर्कता अपनाउनु पर्थ्यो।

३. उत्तम कुँवर 'नेपालमा पत्रिकाको विकास,' रूप-रेखा पूर्णाङ्क १९० पृष्ठ ९–१०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो कुरा 'माधवी'-का सम्पादक राममणि आ. दी. ले आफ्नो नाम मातृप्रसाद अधिकारी राखेकोबाट स्पष्ट हुन्छ । सूर्यविक्रम ज्ञवालीको सम्पादनमा बनारसबाट 'गोरखाली' (सन् १९१६) भन्ने साप्ताहिक पत्र पनि निस्क्यो । सन् १९१८ देखि पारसमणि प्रधानको सम्पादकत्वमा खर्साङबाट 'चन्द्रिका' भन्ने पत्रिका निस्क्यो । यस पत्रिकाले केही महत्वपूर्ण रचनाहरू प्रकाशित गऱ्यो । शम्भुप्रसाद ढुंगेलद्वारा लिखित निबन्ध यसै पत्रिकामा छापिएको छ जसलाइ पहिलो नेपाली निबन्ध भन्ने चलन पनि छ । २५ मई १९२४ का दिन स्थापना भएको नेपाली साहित्य सम्मेलनलाइ यस युगको एक महत्वपूर्ण घटना मान्नुपर्दछ । यस सम्मेलनले गरेका कार्यक्रम र साहित्यको विकासमा यसका कर्मनिष्ठ कार्यकर्ताहरूको तत्परतालाइ तलको एक सानो उदाहरणले पनि देखाउँछ—

'सन् १९२७ सम्म प्रवन्धकारिणी समितिले तल लेखेबमोजिम कार्य गऱ्यो । अखिल भारतवर्षीय कार्य कारिणी समितिका तारीख २७ जुलाई १९२४ का दिन भएका सभामा स्वीकार गरिएका प्रस्ताव बमोजिम 'ज्ञान पुस्तकमाला' भन्ने ग्रन्थमाला प्रकाशित गरी तेसमा 'नैवेद्य' 'वधुशिक्षा' 'मन लहरी' 'कवि भानुभक्तको जीवन चरित्र' समेत जम्मा चार पुस्तकहरू छापिये । यी पुस्तकहरू प्रत्येक एक एक हजार छापियेथे । तिनमा मनलहरी त अब हातमा एक प्रति पनि छैन तर अरू पुस्तकहरू भने केही छन् तिनको फाँटवार यो हो ।

नैवेद्य	३८१ प्रति
भानुभक्तको जीवन चरित्र—	२४१ प्रति
वधूशिक्षा—	३०९

जम्मा तीनवटा पाठ्य पुस्तक सम्मेलनले आफुले छपायो । तिनमा नेपाली साहित्य कथामालाको त एक प्रति पनी छैन । नेपाली हस्त लेख प्रथम र द्वितीय भागका केही पुस्तक हातमा छन् । तिनको फांटवार यो हो ।

नेपाली हस्त लेख प्रथम भाग—४२९ प्रति

" द्वितीय भाग—३५६

नेपाली हस्तलेख प्रथम र द्वितीय भाग दुई दुई हजार छापियेका बुझिन्छन् । नेपाली साहित्य कथामाला नामी पाठ्य पुस्तक सम्मेलनले छापी सक्ने बित्तिकै म्याक् मिलन कंपनीलाइ त्यसका लेखक श्री पारसमणि प्रधानले त्यो पुस्तक फेरि छाप्न दिदा सम्मेलनलाइ हानि भएको छ तर यो पुस्तक छाप्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागेको खर्च श्री पारसमणि प्रधानले म्याक्‌मिलन कम्पनीवाट सम्मेलनलाइ भर्ना गराई दिउँला भन्ने वचन दिनू भएको छ।"४

उपर्युक्त युगमा नेपाली साहित्यका पत्र-पत्रिकामा फुटकर रचना र पुस्तक पुस्तिका गरी अनेकौं रचना प्रकाशित भैसकेका थिए। माथि उद्धृत नेपाली साहित्य सम्मेलन दार्जीलिङ्को रिपोर्टवाट प्रष्ट के हुन्छ भने नेपाली साहित्यका कैयौं पुस्तकहरू छापिई तिनको राम्रो प्रचार समेत भैसकेको थियो। म्याक्‌मिलन कम्पनीले नेपाली साहित्यका किताब प्रकाशन गर्न थालेकोवाट नेपाली साहित्य प्रकाशनको बढ्दो आयाम देखा पर्न आउँछ। पारसमणि प्रधानद्वारा सम्पादित नेपाली साहित्यका पाठ्य–पुस्तकहरूलाइ नेपाली साहित्यको प्रकाशनको इतिहासमा महत्वपूर्ण घटना मान्नु पर्दछ।

शारदा युग

यस युगमा अल्पसंख्यक बुद्धिजीवी र शिक्षित व्यक्तिहरूले साहित्यको माध्यमद्वारा राणा शासनप्रतिका आफ्ना असन्तोषलाइ पनि प्रकाश गर्नु पर्ने र साथै आफूले त्यही शासन पद्धतिभित्र पनि मिलेर बस्नु पर्ने आवश्यकता थियो। लेखनाथ पौड्यालको एक आफ्नै प्रतिष्ठा कायम भैसकेको थियो। वालकृष्ण समका नाटकहरू र बुद्धि—तत्वको समावेश भएमा कविताहरूको पनि प्रकाशन हुन थालेको थियो; लक्ष्मीप्रसाद देवकोटाको काव्य साधनाले प्रतिष्ठा पाउन लागिसकेको थियो। नेपालमा शिक्षितहरूको संख्या दिन प्रतिदिन बढिरहेको थियो। सन् १९१८ मा स्थापित त्रि–चन्द्र कलेजले निकै नेपाली युवकहरूलाइ शिक्षित तुल्याइसकेको थियो। जुद्ध सम्सेर राणा शासनमा आइसकेका थिए। यो युग एउटा घुम्ती ('क्रसरोड')-मा आइसकेको थियो। यस बखत नेपालभित्र बुद्धिजीवी र सरकारको बीचमा खुला रूपमा झगडा थिएन तर बुद्धिजीवीहरू लेखन र प्रकाशन गर्न चाहन्थे तर सरकार त्यही कुरालाइ उत्साहित गर्न चाहँदैनथ्यो। प्रो. यदुनाथ खनालको विचारमा "यो पृष्ठ भूमिमा ई. १९३४ (ई. १९३५ हो—अभि) देखि प्रकाशित र घटनापूर्ण जीवनी भएको 'शारदा' मासिक पत्रिका शासकवर्ग र बढ्दो संख्याका अधीर बुद्धिजीवीको बीचमा प्रयोगको रूपमा अनुमति प्राप्त र स्वीकृत भएको एउटा अव्यक्त मौन सम्झौता

४. "रिपोर्टको सारांश," *नेपाली साहित्य सम्मेलन पत्रिका* [पुस१९८८ वर्ष १ संख्या १] पृष्ठ २–३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो थियो ।[५]" यो शारदा युगले लेखनाथको युगभन्दा पनि भिन्न एक युगको सूत्रपात गऱ्यो । त्यस युगका लेखकहरूलाइ शारदाले आश्रय दियो र तिनलाइ शारदा युगका लेखकहरू भन्न सकिन्छ । 'शारदा' पत्रिकाले लेखन वा चिन्तनको एउटा विशेष धारा अथवा "एउटा स्कुलअभ् थट्" तयार गरेन तर यसले नेपाली साहित्यमा एक यस्तो युगको सूत्रपात गऱ्यो जसभित्र शास्त्रीय, रोमान्टिक, धार्मिक, नैतिक र क्याउरे साहित्यको समानान्तर वृद्धि भयो । प्रो. खनालको विचारमा जति सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, गोबिन्दबहादुर गोठाले, विजयबहादुर मल्ल, रत्न ध्वज जोशी र भवानी भिक्षुलाइ 'शारदा'-समुहका लेखक भन्न सकिन्छ त्यति बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित र भीमनिधि तिवारीलाइ भन्न सकिन्न ।[६] रचनाको संख्याको दृष्टिलेभन्दा प्रो. खनालको उक्तिलाइ ती लेखकहरूको उदयको दृष्टिले बढी सत्य मान्न सकिन्छ, किनकि सम र देवकोटाले छुट्टै पनि एक आफ्नो व्यक्तित्व कायम गरिसकेका थिए । तर 'शारदा' एक नयाँ चेतनाको पर्यायवाची शब्द भएकोले यी सबै लेखकहरूलाइ शारदा-समुहका लेखक भन्नु उपयुक्त देखिन्छ । रचना प्रकाशनको दृष्टिले नेपाली साहित्यका अनेकौं प्रमुख लेखक कविहरूले 'शारदा'मा प्रकाशित गरेका रचनाहरूको संक्षिप्त तथ्यांक तल दिइएको छ ।

लेखकको नाम	विधा	संखया	अन्तिम लेख-प्रकाशनको वर्ष
श्यामराजा	(१० कविता (२ कथा (३ लेख	१५	१९९८ साल
प्रेम	(७ कविता (२ लेख (१ कथा	१०	१९९३ साल
सिद्धिचरण श्रेष्ठ	(५८ कविता (२ लेख	६०	२०१८ साल

५. हेर्नुहोस् 'रूप-रेखा' पूर्णाङ्क १३९ पृष्ठ १८, प्रयागराज शर्माद्वारा Nepal in Perspective मा अंग्रेजीमा प्रकाशित निबन्ध Literature (pp 119-138)–को अनुवाद

६. उपरिवत् पृ. १९ [Perspective p.127]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वालकृष्ण सम	(२४ कविता (७ लेख (६ कथा (१ एकांकी	३८	२००७ साल
लक्ष्मीप्रसाद देवकोटा	५५ कविता १३ लेख २ कथा १ एकांकी	७१	२०१३ साल
लेखनाथ पौड्याल	(४० कविता	४०	२०१४ साल
भीमनिधि तिवारी	(२२ कविता (३ लेख (१ कथा (१ एकांकी	२७	२०१४ साल
चक्रपाणि शर्मा	(६ कविता (३ कथा (१ लेख	१०	१९९६ साल
युद्धप्रसाद मिश्र	(१५ कविता (१ लेख	१६	१९९८ साल
फलेन्द्र	(१३ कविता (२ लेख	१५	२००० साल
रूपटवहादुर राणा	(७ कविता (७ कथा (५ लेख	१९	१९९७ साल
बद्रीप्रसाद आचार्य	(१४ कविता (१ कथा	१५	१९९६ साल
गोपालप्रसाद रिमाल	(२३ कविता (१ एकांकी	२४	२०१६ साल
विश्वेश्वर प्रसाद कोइराला	३ कथा	३	१९९७ साल
गुरु प्रसाद मैनाली	(३ कथा (१ लेख	४	१९९७ साल
पुष्कर शम्शेर राणा	(३ कथा (१ एकांकी	४	१९९७ साल
भिक्षु	(३५ कविता (१३ कथा (५ लेख	५३	२०११ साल

...krit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रत्नध्वज जोशी	(३४ लेख		
	(१० कविता	४४	२०१८ साल
गंगा विक्रम सिजापति	(७ कथा		
	(६ लेख	१५	२००७ साल
	(२ कविता		
गोविन्द गोठाले	(२२ कथा		
	(४ कविता	३०	२०१८ साल
	(४ एकांकी		
हृदय चन्द्र सिंह प्रधान	(१९ लेख		
	(६ कथा	३६	२००७ साल
	(१० कविता		
	(१ एकांकी		
विजय मल्ल	(१० एकांकी		
	(१८ कविता	३६	२०२० साल
	(८ कथा		
रामकृष्ण शर्मा	(९ समीक्षात्मक लेख	१०	२००२ साल
	(१ कविता		
सत्य मोहन जोशी	(११ कविता		
	(३ लेख	१७	२००६ साल
	(३ कथा		
प्रेम राजेश्वरी थापा	१० कविता	१०	२००७ साल
श्रीमती लोकप्रिया देवी	११ कविता	११	२००० साल
गोमा देवी	८ कविता	८	१९९८ साल
यदुनाथ खनाल	(३ लेख		
	(१ कथा	५	२०१७ साल
	(१ कविता		
शंकर कोइराला	(१८ कथा	२४	२०१८ साल
	(३ लेख		
	(३ कविता		

माथिको संक्षिप्त सूचीबाट शारदाले जन्म दिएका कविहरू र बाहिरै प्रतिष्ठा पाएर पनि शारदाको एक परिधिभित्र रहेर लेख्ने लेखकहरूको परिचय पाउन सकिन्छ। यस सूचीमा परेका केही लेखक कविहरूका रचना 'शारदा' बाहेक अन्य पत्रपत्रिकामा सायद प्रकाशित भएकै छैनन्। ती कविहरूले आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभाव साहित्य जगतमा प्रष्ट रूपले पार्न नसके तापनि शारदा प्रकाशित भएको वर्ष सम्वत् १९९१ देखि २००० सालसम्मको समयमा रचना गरेको कुरावाट के प्रष्ट हुन्छ भने तिनको उत्पत्ति शारदाको प्रकाशनले नै भएको हो। यस्ता केही लेखक कविहरूमा श्यामराजा, प्रेम, फलेन्द्र, रूपटबहादुर राणा, बद्रीप्रसाद आचार्य, श्रीमती लोक प्रियादेवी आदिलाइ लिन सकिन्छ।

शारदा र नेपाली वाङ्मय विश्लेषण

उपर्युक्त चर्चाबाट हामी के देख्न सक्छौं भने नेपाली साहित्यका प्रमुख महारथीहरूलाइ आफ्नो दीर्घ जीवन [१९९२ सालदेखि २०२० सालसम्म, १८३ अङ्क] कालका आरम्भिक वर्षहरूमा नै 'शारदा'-ले अगाडि सारिसकेको थियो। माथि नै के चर्चा भैसकेको छ भने 'शारदा'-को प्रकाशन एक यस्तो युगको परिप्रेक्ष्यमा भएको थियो जुन बेला न लेखकहरू नै लेख्न स्वतन्त्र थिए, न सम्पादक नै आपनो रूचि अनुसारका लेख रचना मात्र छपाउन सक्तथे। 'शारदा'-का सम्पादक स्वर्गीय ऋद्धिबहादुर मल्लसंग रूप–रेखाका सम्पादक उत्तम कुँवरले लिएको अन्तर्वार्तामा सुब्बा मल्लको भनाइलाइ उद्धृत गरेर यस कुरालाइ अझ प्रष्ट गर्न चाहन्छु—

"सुब्बा साहेब, 'शारदा'-को आरम्भिक कालका केही अनुभव सुनाउनुहुन्छ कि ?"

"उफ् ! त्यसको त कुरै नगर्नुहोस्, सर्पहरू वरिपरि थिए, उनीहरूसंग बँची बँची हिंड्नु पर्थ्यो। 'शारदालाइ आएका सबै रचनाहरू छाप्न नेपाली भाषा प्रकाशिनी समितिको स्वीकृति लिनुपर्थ्यो। अझ ने. भा. प्र. स. ले मात्र नपुगी 'शारदा'-को निम्ति भिन्दै चालिसजनाको एक समिति बनाइएको थियो। चालिस सदस्यको स्वीकृति लिएपछि मात्र मैले रचना छाप्न पाउने प्रबन्ध मिलाइएको थियो। यसरी रचनाहरू घुमाइ राख्नु पर्दा कति अमूल्य रचनाहरू त सदस्यहरूले नै गायब गरिदिन्थे, फेरि लेखकहरूको रिसको पनि सामना गर्नुपर्ने। रचना काँट–छाँट गर्‍यो भने लेखकहरू रिसाउने। एकापट्टि राणाको डर थियो भने अर्कोपट्टि लेखकको। मेरो जीवन तरवारको धारमा बितिरहेको थियो, बाबु, तरवारको धारमा ! यस्तो समयमा प्रेमराज शर्माले दिएको सहयोग कहिले पनि बिर्सन सक्तिनँ।"[७]

७. उत्तम कुँवर "सुब्बा ऋद्धिबहादुर मल्ल" 'स्रष्टा र साहित्य', रूपायन प्रकाशन (२०२३) पृष्ठ ६२.

... University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकारको सेन्सरको परिपाटीबाट आएका रचनाहरूमा, लेखक-केही कविहरूका रचनामा बाहेक, स्तरीयताको अभाव देखिन्छ ।

'शारदा' एउटा छहारी थियो, एक विद्रोह थियो र एक सम्झौता थियो । त्यसैले 'शारदा'मा प्रकाशित रचनाहरूलाइ हामीले कुनै एक धारालाइ मात्र प्रतिनिधित्व गर्ने रचना मान्नु भूल हुनेछ, तर शारदाका आरम्भिक कालका रचनाहरूलाइ आजको दृष्टिकोणले प्रेरित भएर उपेक्षा गर्नु पनि त्यति नै ठुलो भूल हुनेछ ।

'शारदाको' प्रथम वर्ष प्रथम अङ्कको सम्पादकीय लेखको अध्ययनबाट यस पत्रिकाको उद्देश्य र नीति अनि यसको सावधानी रहनुपर्ने आवश्यकता जस्ता कुराहरू देखा पर्न आउँछन् ।

"वर्तमान समयसंग सम्बन्ध भएको कुनै किसिमको राजनैतिक अथवा धार्मिक कलह युक्त लेख यस पत्रिकामा छापिदैन । कसैलाइ छेडपेच (आक्षेप) गर्ने किसिमको लेखले पनि यस पत्रिकामा स्थान पाउँदैन ।" त्यस्तै सम्पादकीय 'टोन' पनि कडा छ, "..... नत्र अस्वीकृत लेखहरूले रद्दीका टोकरीको शोभा बढाउने छन् ।"

रचनाहरूको प्रकाशन भएपछि तिनको उत्तरदायित्व सम्पादकमा निहित रहने हुनाले "सम्पादकले बुझ्न नसक्ने गम्भिर कविता अथवा लेख पठाउँदा टीका समेत पठाउनु पर्दछ । त्यो टीकाको सम्पादकले मात्र उपयोग गर्ने छन् छापिने छैन ।"

यस बखत नेपाली साहित्यकारहरूलाइ बंगला साहित्यको प्रशस्त प्रभाव परेको देखिन्छ । 'शारदा'-को दोस्रो अङ्कमा भनिएको छ, "बंकीम चन्द्र चाटर्जी जस्ता दूरदर्शी लेखकहरूले सर्वप्रथम आफ्नो उच्च भावनालाइ .....प्रकट गरे । हाम्रो नेपाली साहित्यमा पनि यस्तो कुनै उपाय हुनु उचित देखिन्छ ।"

त्यसबेलाको सानोतिनो पाठकवर्ग साधारणतया बोधगम्य साहित्यिक रचनाको पक्षपाती थियो । स्वास्नीमान्छेहरू पनि साहित्यिक पत्र 'शारदा'-को माध्यमद्वारा यस क्षेत्रमा अगाडि आउन चाहन्थे । 'शारदा'-को प्रथम वर्ष, तेस्रो अङ्कको सम्पादकीयमा पाठकहरूले यसप्रकारको रचनालाइ बढी रूचाउँदाछन् भन्ने सम्पादकीय सर्भेको नतिजा देखाइएको छ ।

'शारदा'-को उद्देश्य लेखनको एक निश्चित मार्ग तयार गर्नु र लेखनलाइ एक अनुशासित कला बनाउनु हो भन्ने कुरा प्रथम वर्ष र पछिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षहरूका अनेकौं सम्पादकीय लेखहरूमा लेखकका उत्तरदायित्व र रचनाको स्वरूप विषयमा लेखिएका लेखहरूबाट प्रष्ट हुन्छ। साधारण सम्प्रेषणीयता साहित्यको सबभन्दा महत्वपूर्ण गुण हो भन्ने कुरोलाइ सम्पादकीय लेखहरूमा जोड दिइएको छ, र शारदाले यही प्रकारका लेखहरूलाइ प्राथमिकता दिने कुरालाइ पनि जोड दिइएको छ। साथै साहित्य, खास गरी कविता, को दुरुहताको समस्या आज मात्र होइन १९९२ सालमा पनि परेको थियो। माथि नै चर्चा गरिए जस्तै त्यो युग पनि एउटा घुम्तीमा आइपुगेको थियो जहाँ शास्त्रीय मान्यता र परम्परागत साहित्यको एकलौटी प्रभावलाइ नयाँ स्वतन्त्र काव्यधाराले चुनौती दिइसकेका थिए जसले गर्दा दुरुहताको प्रश्न पनि खडा हुन पुग्यो र 'शारदा'-ले [संख्या छ, १९९२ साल] पनि यस कुरालाइ सम्पादकीयमा चर्चा गर्दै भनेको छ, "……एउटा मानिसको भनाइँ अर्काले बुझ्नेन भन्दैमा पनि त्यो कविताका दृष्टिबाट हीन ठहर्दैन, किन कि कुनै कुरो बुझ्न सक्नु र नसक्नु आफ्ना आफ्ना त्याकतमा निर्भर गर्दछ।……साथसाथै नबुझिने कविताको लेखक 'हरिलठ्ठक' पनि हुन सक्तछ। फेरि समाजका मानसिक परिस्थितिका प्रतिकूल चल्नु पनि कविको धर्म होइन।" [पृष्ठ ३९]

'शारदा'ले एक वर्ष पूरा गरिसकेपछि 'शारदा'-कै शब्दमा, 'छाप्ता पनि नसिद्धिएर थुप्रिरहेका लेखका मुठाका गुठालाइ" लिएर भन्न सकिन्छ कि 'शारदा'ले लेख्ने क्रियालाइ धेरै प्रेरणा दिएको छ। "……कहिल्यै कलम नसमात्नेहरूले पनि 'शारदा'-कै कारणले कलम समाते……।"

शारदाले १९९७ सालमा कथा साहित्यलाइ खूब जोड दिएको छ। यस वर्षका शारदाका अङ्कहरूमा कथाको परिभाषा, कथाको महत्व, आवश्यकता र कथाको शिल्पी पक्षमाथि प्रकाश पारी लेखिएका सम्पादकीय लेखहरूले निकै खैलाबैला मचाएको देखिन्छ। 'जीवनमा कथाको स्थान' [संख्या १, १९९७] 'कथा' [संख्या २, १९९७] 'उपन्यास र कहानी कला' [संख्या ६, १९९७] 'कथा साहित्य' [संख्या ८, १९९७] जस्ता उच्चस्तरीय सम्पादकीय लेखहरूलाइ नेपाली कथा विषयका महत्वपूर्ण लेख मान्नु पर्दछ।

१९९७ साललाइ 'शारदा'को कथा वर्ष भन्नु अनुपयुक्त हुने छैन। कथाको महत्व र आवश्यकताबारे यस वर्षका सम्पादकीय लेखहरूमा सम्झाउने चेस्टा गरिएको छ। "कुनै गाह्रो कुरा सम्झाउनलाइ कथाको सहारा लिइन्छ" भन्दै संख्या १, १९९७ को सम्पादकीय लेखमा यो निष्कर्ष निकालिएको छ,

…l Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"एक हिसावले हाम्रो जीवन नै कथा हो । जीवन कथाकारको राम्ररी सिकी गर्नु नै सफल कथा लेख्नु हो । ·· ·· त्यस कलाकार परमेश्वरको कथा हाम्रो जीवनलाइ शब्दबाट चित्रण गर्नु नै सफल कथा हो ।" यसबखतसम्ममा कथाको जीवन आसन्नता र जीवनका घटनाको नाटकीकरण गर्नु कथा हो भन्ने धारणा-लाइ कथा–साहित्य विषयमा पछि परेको युगमा एक महत्वपूर्ण घटना मान्नु पर्दछ । त्यस युगको कथाको स्थिति र उन्नति कस्तो थियो र कतिसम्म उन्नति भैसकेको थियो भन्ने कुरा तल उद्धृत सम्पादकीय विचारबाट पूरै प्रष्ट हुन आउँछ—

"··· ···चार पाँच वर्ष यता देखि हाम्रो साहित्यमा पनि विस्तार विस्तार कथाहरूको प्रचार बढ्दै छ । श्री मे. कप. वालकृष्ण शम्शेर ज. ब रा. र श्री विश्वेश्वर कोइराला लिखित कथाको एक संग्रह दार्जीलिङ्ग नेपाली साहित्य सम्मेलनका सुयोग्य मन्त्री श्री सूर्य बिक्रम ज्ञवालीले सम्पादन गर्नु-भएको छ–कथा साहित्यको चर्चा गर्दा हाम्रो भाषामा नाम लिने पुस्तक त्यही मात्र छ । त्यस पुस्तकको भूमिकामा सम्पादक महोदयले लेख्नु भएको छ– "आधुनिक कथाको थालनी नेपाली भाषामा भर्खर हुन लागेको छ । सन् १९३५ मा 'शारदा' मासिक पत्रको प्रचार हुन लागेको हो भन्नु असंगत नहोला किनभने यो समयमाभन्दा पहिले लेखिएका १०।५ ओटा कथाहरूद्वारा कुनै प्रगतिको वोध हुँदैन । ती लेखकहरूका फाटफुटे उद्योग थिए । तर शारदाले भने कथाहरूको एउटा चलनै चलाएको छ ।"[८]

यसै वर्ष कथाको साथ साथै उपन्यासको चर्चा भएका सम्पादकीय लेख पनि लेखिएका देखिन्छन् । उपन्यास निचोरिएर आजकल कहानीमा परिणत भै रहेकाछन् र कहानी उपन्यासको एक सानो अंश हो भन्ने चर्चा गरिएको सम्पादकीय लेखमा भनिएको छ "···उपन्यास कला 'गद्य' हो भने कहानी 'पद्य' हो ।"[९] त्यसै सम्पादकीय लेखमा साहित्यको विकासतर्फ ने. भा. प्र. स. ले गरेको योगदानको चर्चा पनि छ, "शुद्ध साहित्य निर्माण गर्नलाइ प्रातः स्मरणीय दयालु *श्री ३ महाराज* (जुद्ध शम्शेर-अभि) बाट ने. भा. प्र. समिति स्थापना गरी अनेकानेक पुस्तक प्रकाश गराई बक्सेकोले हाम्रो भाषामा पनि अनेक पुस्तक देख्न पाइरहेछौं । यस कुरामा वहाँलाइ जति धन्यवाद टक्र्याए पनि

---

८ *शारदा* वर्ष ६ संख्या २ ज्येष्ठ, १९९७ पृष्ठ ११५

९ *शारदा* संख्या ६, १९९७ पृष्ठ २१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म छ। वहींको कृपा तथा आर्थिक सहायताद्वारा आज हाम्रो भाषाको एक मात्र साहित्यिक पत्र 'शारदा'ले पनि ·· साहित्य सेवा गर्न पाइरहेछ। हामी सदा शुद्ध साहित्यकै भोका छौं। शुद्ध साहित्यनै हाम्रो ध्येय हो।"१०

हुनत यस वखत 'शारदा' मात्र नभएर प्रवासबाट 'उदय' र अरू 'शारदा' संग-सँगै प्रकाश भएर छिट्टै वन्द भएको नेवुला' [श्री पंचमी १९९१ कालिम्पोङबाट प्रकाशित] र 'उद्योग' [भाद्र १, १९९२ देखि भगवती प्रेस नेपालबाट सूर्य भक्त जोशीका सम्पादकत्वमा प्रकाशित भएको]-ले पनि नेपाली साहित्यको सेवा गर्दै आएका थिए तापनि शारदालाइ नै देशभित्रको साहित्यक चेतनाको एक केन्द्रविन्दुको रूपमा लिनु पर्दछ, किनकी समकालीन नेपाली साहित्यको प्रकाशन, प्रगति विवरण र दिग्दर्शन गराउनु शारदाको 'मिसन्' थियो, जुन कुरा शारदाका सम्पादकीय लेखहरूको अध्ययन र विश्लेषणबाट प्रष्ट हुन आउँछ।

नेपाली भाषाको सैद्धान्तिक र व्यवहारिक पक्ष बारे गरिएका सम्पादकीय चर्चाहरूबाट के थाहा हुन्छ भने भाषाको स्वरूप र त्यसको सजीवता र भाषाको जीवन्त स्वरूपको प्रतिष्ठा त्यस बखत कायम हुन थालिसकेको थियो। उदाहरणको निम्ति तल सम्पादकीय लेखका दुई उद्धरणहरू प्रस्तुत गरेकोछु-"हाम्रो इतिहासका सबै निशानहरू लोप भए तापनि एउटा साधारण नेपाली बालकको वोलिको आडमा नै व्याकरणकारले हाम्रो उत्पत्ति, उत्थान तथा हाम्रो जातिको क्रमिक विकासलाइ फेरि सहजै प्रकाशमा ल्याउन सक्छ। एउटा एउटा शब्दमा एउटा एउटा इतिहास अन्तर्निहित छ भन्ने विद्वानहरूको भनाई अक्षरस ठीक छ।"११

"नेपालमा तिव्वती वर्मन (भोट वर्माली) भाषाहरू पनि वोलिन्छन्। यिनीहरू सबको समेत सुन्दर मिश्रणले प्रस्तुत भाषा नै हाम्रो भाषा हो। यो कुनै जाति विशेषको मात्र भाषा होइन···। धेरै जसो हाम्रा विद्वानहरूले यस भाषालाइ संस्कृति भाषामय औ कुनै कुनैले हिन्दीमय तुल्याउन खोजेका आजकलको गतिविधिबाट प्रत्यक्ष देखिंदो छ। तर ती विद्वानहरूले यो नेपाली भाषा केवल आर्य भारतीयको मात्र नभई आफ्नो संख्याभन्दा कैयन् गुना बढ्ता जनता भोट वर्माली भाषाभाषीको पनि हो भन्ने कुरा पटक्कै विर्सेको देखेर

१० शारदा उपरिवत् पृष्ठ २१६
११ शारदा वर्ष ६, संख्या ४, १९९७

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीलाइ आश्चर्य लाग्छ, मानु उनीहरूले नेपाललाइ देखेकै छैनन्, नेपालको इतिहासलाइ पल्टाएकै छैनन् ।"[१२]

त्यस वखत नै भाषा सम्बन्धी यति उन्नत विचार प्रस्तुत गर्ने 'शारदा'-ले फाट्ट फुट्ट लेख बाहेक भाषा सम्बन्धी अन्य विद्वानबाट लेखिएका लेख प्रस्तुत गर्न भने सकेको देखिदैन । तर जेहोस् त्यस वखत, अथवा २००० साल भन्दा अगाडि नै पनि आजको नेपाली भाषा र साहित्यको चर्चामा आएका कुराहरूको प्रसङ्ग आइसक्नु र त्यसलाइ सम्पादकीय लेखनीमा चर्चा गर्नु महत्वपूर्ण कुरा हो । त्यसै लेखमानै "नेवारी, मगर, गुरूङ्ग, सुनुवार आदि भाषाका शब्दहरू पनि प्रचुर मात्रामा" रहेको एक नेपाली शब्दकोशको नितान्त जरूरी छ भन्ने कुरा जनाइएको छ जुन कुरा पूरा गर्न ३३ वर्ष जति पर्खनु परेको कुरा पनि चाख लाग्दो छ ।

कथा र भाषा मात्र होइन कविता लेखन र काव्य शिल्प विषयमा पनि अनेकौं टिप्पणी र सिद्धान्त प्रस्तुत भएका सम्पादकीय लेखहरू पनि छन् । "पहाड, वन, खोला, निर्झर तथा चरा चुरूङ्गी, पशु, नर, नारी, नाख, कान, मुख छालाको सौन्दर्य; प्रेम, मोह, रूदन, गायन"को धेरै प्रयोग भइसक्यो त्यसैले भावनाहरूका अन्तरतिर हेर्ने कविहरू चाहिएको छ[१३] भनी आव्हान गरिएको सम्पादकीय लेखले परिवर्तन उन्मुख नेपाली काव्यको मोडलाइ चिनाउने काम गरेको छ । यो परिवर्तनको पहिलो मोड थियो । दोश्रो मोड आउन करीव अर्को एक दशक लागेको कुरा 'शारदा'-का कविता र कविता सम्बन्धी परिचर्चाबाट थाहा हुन्छ ।

समकालीन नेपाली कविताको प्रभावकारी धारा रोमांटिक धारा नै हो । यो धारा एक प्रगतिशील धारा भएकोले काव्यमा हार्दिकता र तन्मयताको आविर्भाव भैसकेकोले शैलीगत अनेक प्रयोगहरू पनि भए । हुन त रोमांटिक काव्य धाराको साथै यथार्थवादी उत्साह र शक्ति भएका कविताहरूको विकास पनि भएको छ । 'शारदा'-को पहिलो वर्ष, १९९२ साल [संख्या ११-१२, पृष्ठ १०]-मा नै गोपाल प्रसाद रिमालको नेपाली कवितामा पहिलो गद्य कविता प्रकाशित भैसकेको थियो, तर यही रिमालले सुरू गरेको गद्य कविताको सैद्धान्तिक चर्चा र उथलपुथल २००६ साल तिर मात्र भएको

---

१२ शारदा वर्ष ६, संख्या ५, १९९७

१३ शारदा अङ्क ७, १९९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। गद्य कविताको सैद्धान्तिक चर्चा र देशको राजनैतिक चेतना र उथलपुथलको इतिहास समानान्तर गतिमा बढेको कुराबाट के प्रष्ट हुन्छ भने नेपाली कविताको इतिहासमा गद्य कविता नेपाली कविताको नयाँ चेतनाको पर्यायवाची शैलीगत विधा हो।

नेपाली कविताको विकासको सन्दर्भमा रामकृष्ण शर्माले लेखे– "टाक्सिएको नेपाली कविता अव फस्टाउन थाल्यो तर नेपाली कविता, नेपाली साहित्य, र नेपाली भाषामा नेपाली इतिहास, नेपाली सभ्यता र संस्कृतिको प्रभाव अर्फै पर्नु पर्छ। हिन्दी कविता अंग्रेजी कविताको देखासिकी र भावापहरणले मात्र त टाक्सिएको नेपाली कवितालाइ मौलाउन गाह्रै पर्छ।"[१४]

नेपाली कविता गद्योन्मुखी भएर फस्टायो। युवक नेपाली कवि-हरूले गद्य कवितालाइ आन्दोलनको रूपमा चलाए। यस प्रकार चलाएको यस आन्दोलनले परम्परा गत र छन्दोबद्ध कविता लेख्ने परम्परा भएका र त्यस्तै मात्र कविता रूचाउने पाठकहरूलाइ चोट पऱ्यो। त्यस अशन्तोषलाइ पनि 'शारदा'-ले प्रकाशित हुन दिएको छ, किनिकि 'शारदा'-कै माध्यमद्वारा यो आन्दो-लन सुरू भएको थियो। 'शारदा' एउटा फोरयुम् बन्न गयो।

भोजवहादुर सिंह न्यौपाने भन्ने लेखकले 'हाम्रो पद्य कता ?' भन्ने शीर्षकमा २००६ सालमा एउटा लेख प्रकाशित गरे।[१५] हाम्रो साहित्यमा कविता-को बाढी आएको छ, हाम्रो साहित्यमा एक दर्जन जति पत्रिका प्रकाशित हुन्छन्, प्रत्येकमा कविताकै बाहुल्य छ तर ती कविताको स्तरका आधारमा भन्ने हो भने तिनलाइ कविता भन्न सकिदैन र त्यसको कारण 'रबड छन्द' 'blank verse' को प्रयोग नै हो भन्ने यस लेखका लेखकको विचार छ। गद्य र पद्यको विधागत फरक्याइ हुन्छ तर हाम्रा कविहरू छन्द र लयबारे केही ज्ञान हासिल नगरी 'रबड छन्द'-को प्रयोग गर्न लागेका छन् भन्ने गुनासो पनि यस लेखमा व्यक्त गरिएको छ। यी परम्परावादी काव्य शैलीलाइ रुचाउने लेखकले पनि सम र देवकोटाका छन्दोभङ्ग तर ताल–युक्त कविताहरूलाइ उपेक्षा गर्न सकेका देखिदैनन्।

१४. शारदा वर्ष ११ संख्या १, २ वैशाख ज्येष्ठ २००२ साल, पृष्ठ ७

१५. शारदा अङ्क ७–८, २००६ साल पृष्ठ १७५—१८६

~६०~

...Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको ठीक अर्को अङ्कमा माधबलाल कर्माचार्यको *गद्य कवि जनार्दन शम्शेर* भन्ने लेख प्रकाशित भयो।[१६] यस लामो समीक्षात्मक लेखमा जनार्दनको 'प्रेमी प्रतिक्षा' भन्ने कविताको समालोचना गरिएको छ जसमा गद्य कविताको महत्व पनि साथसाथै दर्शाइएको छ। यस लेखमा प्रस्टसंग भनिएको छ कि पद्य भाषाको बोला-वाला अब हराउँदै गयो। उक्त गद्य-कविताको प्रशङ्गमा भनिएको छ, "लेखनाथको 'वालक वबुरो' तथा सिद्धि-चरणका कविताहरू पढ्नमा वानी लागेका पाठकहरूलाइ यस्ता कविता पढ्नु पर्दा तिल जत्रो टाउको पनि पहाड जत्रो हुन जान्छ।" [पृष्ठ २२४] यो कविता हृदय प्रधान नभएर मस्तिष्क-प्रधान हो भन्ने लेखकको निष्कर्ष छ। 'गद्य-भाषामा आधुनिक भानुभक्तको दर्शन पाउने इच्छा' राख्दै सो लेख अन्त गरिएको छ।

त्यही अङ्कमा चित्तरञ्जन नेपालीद्वारा लिखित अङ्क ७-८ मा प्रकाशित *हाम्रो पद्य कता ?* भन्ने लेखको जवाफमा *पद्य यता* [पृष्ठ २२९-२३३] भन्ने अर्को एक लेखद्वारा गद्य कविताको प्रतिष्ठालाइ कायम गर्न खोजिएको छ। यस लेखमा लेखकले गद्य-कविताको प्रतिष्ठालाइ आत्म विश्वासपूर्वक स्वीकारेको कुरा महत्वपूर्ण छ। यी समीक्षात्मक लेखहरूमा रामकृष्ण शर्माको नाम उल्लेखित भएबाट 'टाक्सिएको नेपाली कविता' [वर्ष १० अङ्क १२ र वर्ष ११ संख्या १, २ शारदामा प्रकाशित]-ले ल्याएको प्रष्ट शब्दमा नेपाली कविताको चर्चा गर्ने परम्पराको निर्वाह भएको देखिन्छ।

गद्य कविताको यस वादविवादमा शास्त्रीय समीक्षात्मक धारणालाइ अघि बढाउन खोज्ने समीक्षक रत्नध्वज जोशीद्वारा गद्य-कविहरूको विरोध भयो। यस विवादमा *शारदाले* आफ्नै सम्पादकीय विचार निकाल्यो, "तर के गद्यमा लेख्तैमा काव्य र साधारण कुरा कहानीमा भेद गर्ने, काव्यको विशिष्टता, भाव, प्रवाह, प्रसाद, ओज, उत्कर्ष, सौन्दर्य, रस, हृदयालोडक शक्ति, चमत्कार, प्रभावोत्पादकता आदिलाइ पनि छोडिदिएर काव्य-रचना गर्ने र कवि भनाउने लोभ छ र? यस्तो भए, लोभ मात्रै हात पर्छ, काव्य आउँदैन र कवि पनि देखापर्दैन।"[१७]

---

१६. उपरिबत् अंक ९ पृष्ठ—२२०—२२८

१७. शारदा संख्या ९, २००६ साल, पृष्ठ २३६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति धेरै गद्य कविता आन्दोलन बारे चर्चा भए तापनि 'शारदा-'ले एक दुई फाटफुट कविता बाहेक स्तरीय गद्य–कविता २००५–६ सालतिर प्रकाशित गर्न सकेको देखिदैन ।

२००५ सालमा नेपालका प्रधानमन्त्री मोहन शम्शेर राणा भए। जागरणको लहर चल्न थालिसकेको कुरा मोहन शम्शेर राणाको राज्यारोहणमा दिएको भाषणमा देखाइएको सावधानीबाट थाहा हुन्छ । त्यसै भाषणमा नेपालमा उद्योग धन्दाको विकास गर्ने योजना र विश्वविद्यालय स्थापनाको लागि एक अध्ययन टोलीको गठन हुने कुराको पनि उल्लेख छ ।[१८] 'शारदा'-ले उदयाङ्क प्रकाशित गर्‍यो—

"निःशुल्क विद्यालय छन् यही सबका निमित्त ।
इलम सिक्छन् बालकहरू भयो स्वचित्त ।।
पानीको कर लाग्दैन यहाँ निर्मल धारा छन्,
अमृत रस सबले पाउँछन् शीतल प्यारा छन् । ... ...
......माथमा ताज गद्दीमा राज मोहन प्रभुको
माथमा ताज गद्दीमा राज मोहन प्रभुको ।"[१९]

देशमा जन क्रान्तिको लहर फैलिन लागिसकेको थियो । २००७ सालको जनक्रान्ति र दिल्ली सम्झौताले नेपालमा राजनैतिक परिवर्तन आयो; १०४ वर्ष पुरानो राणा शासनको अन्त भयो । 'शारदा'-ले आफ्नो पनलाइ अकस्मात् परिवर्तन गरेको उदाहरण कहीं पनि पाइँदैन । एक दुई फाटफुट लेखहरू बाहेक त्यति समसामयिकी लेखहरू पनि देखा परेनन् । शारदाले आफ्नो शुद्ध-साहित्यिक स्वरूपलाइ कायम राख्न खोजेको कुरा यसबाट प्रस्ट हुन्छ । 'शारदा'-ले मात्र होइन दार्जीलिङ्गबाट प्रकाशित 'भारती' पत्रिकाले पनि यस राजनैतिक आन्दोलनको चहलपहललाइ त्यति 'प्रोपगण्डा' गर्ने काम गरेको देखिदैन । तर समकालीन नेपाली भाषा र साहित्यको स्थितिलाइ 'भारती'-को दोस्रो अङ्कको पारसमणि प्रधानको सम्पादकीय लेखबाट राम्ररी बुझ्न सकिन्छ—

१८. हेर्नोस् शारदा वर्ष १४ संख्या १–२ वैशाख–जेठ २००५ मा प्रकाशित मोहन शम्शेरको भाषण ।

१९. उपरिवत्, तेजकेशरी—"श्री मोहनमय नेपाल" पृष्ठ १२ ।

... Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"नेपाली भाषा–एक करोड नेपालीहरूको मातृभाषा-को अवस्था दिनहुँ सुध्रँदो छ । पच्चीस वर्ष अघि जुन नेपाली भाषाले प्राथमिक पाठशाला-मा स्थान पाउन नसक्ने छाँट थियो आज उहाँ नेपाली भाषाले भारतका मुख्य मुख्य विश्वविद्यालयमा स्थान पाएको छ । आगामी वर्षदेखि हाई स्कुलहरूमा पनि सातौं श्रेणीदेखि नेपाली भाषाको माध्यमद्वारा शिक्षा दिइने भयो । तर कलकत्ता विश्वविद्यालयले भने यो कुराको मञ्जुरी अझ दिएको छैन । गोरखा पल्टनमा नेपाली भाषा सिकाइने भयो । नेपालमा नेपाल विश्वविद्यालय संस्थापन भई नेपालीकै माध्यमद्वारा कालेजमा शिक्षा दिने प्रबन्ध भइरहेको छ । यसबाट नेपालीहरूको भविष्य उज्यालो देखिन्छ । आमाको मुख उज्यालो हुनाले सन्तानको मुख उज्यालो हुन्छ ।"[२०]

२००७ साल राजनैतिक दृष्टिकोणले मात्र होइन साहित्यिक वा साँस्कृतिक दृष्टिकोणले पनि नेपाली जन जीवनमा परिवर्तनको एउटा सीमा-रेखा थियो । १९९१ सालमा शारदाले सुरू गरेको साहित्यिक यात्रा पनि यस अवस्थामा आएर आफ्नो लक्ष्य–खुट्टीमा आइपुग्यो, तर नयाँ क्रम र चेतनाको रूप–रेखासम्म बसी नसकेकोले शारदाले सम्पादकीय लेखी यस संक्रमणकालीन चेतनालाइ इंगित गरेको छ । भविष्यको अनिश्चितता र वर्तमानको हाँकलाइ 'शारदा'-ले यसरी प्रस्तुत गर्‍यो—"चाँडै नै नेपालमा हुने राजनैतिक सुधारको हल्लाको सिलसिलामा "नेपाली साहित्यको भविष्य" माथि हाम्रो दृष्टिको विशेष झुकाव पर्न लागेको छ ।..."नेपाली साहित्यको भविष्य" कस्तो हुने हो त्यो अठोट गर्न सकिंदैन । यो भविष्य पेटमा भएको बच्चा जस्तै छ । बच्चाको आकार प्रकार र छोरा अथवा छोरीको अठोट गर्न नसकिए झैं यसको पनि अठोट गर्न सकिंदैन ।"[२१]

यो सम्पादकीय लेखिएको ३ महीनापछि नै देशमा राजनैतिक परि-वर्तन आयो । त्यस परिवर्तनले त्यस अनिश्चिततालाइ अझ तीव्र र प्रभावकारी बनायो । साहित्यिकहरू युगको यस मोडमा आएर अनेकौं संभावना र अनिश्चि-तताको बीचमा टक्क रोकिएर नयाँ मोड र नयाँ भविष्यको कल्पना गर्न थाले । त्यस उत्सुकता र समस्यालाइ राणा-कांग्रेस मन्त्रिमण्डल गठन भएपछि 'शारदा'ले यसरी व्यक्त गरेको छ—"अब हामी कता जाने ? यो प्रश्न, अहिलेको नेपालमा

२० पारसमणि प्रधान "सम्पादकको पृष्ठ" *भारती* वर्ष १, संख्या २, २००९ साल ।

२१. *शारदा*–',सम्पादकीय" २००७ साल, मार्ग, पृष्ठ २५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेक जनतामा चाहे सचेतन रूपले होस् या अचेतन रूपले होस्, सबभन्दा प्रमुख तथा जोडदार भैरहेछ, साथै यही प्रश्न अब 'हामी कता जाने' नेपाली साहित्यको पनि प्रश्न भैरहेछ— त्यतिकै प्रमुख त्यतिकै जोडदार। किनकि जीवनको प्रतिछायाँ नै साहित्य हो।

"नेपालमा अकस्मात फुटेको क्रान्तिको धक्का अझ संभल्न पाएको छैन र नयाँ बनेको अन्तरीम सरकारले आफ्नो कार्य राम्ररी संचालन गर्न पाएको छैन।"२२

नेपालको राजनैतिक परिवर्तनले देशका बुद्धिजीवी वर्गलाइ एक चुनौती खडा गरिदियो। साहित्यिकहरूले आफ्नो पुरानो पनलाइ छोडेर नयाँ विचारले प्रेरित भएर लेख्ने जमर्को गर्न थाले। २००८ साल चैत्रको शारदामा "क्रान्तिको मिर्मिरे उज्यालोमा" ['विजय"] "स्त्रीहरू सम्बन्धी केही कुरा" [चित्तरञ्जन] "राजनैतिक उथल पुथलमा नेपाली साहित्य" ["माधव"] "हाम्रो जीवन र राजनीति" [केशवलाल] "भौतिक अर्थशास्त्र" [भेषराज] जस्ता लेखहरू प्रकाशित भए। तर साहित्यिक स्तर भने त्यति उन्नत भएको देखाउने रचनाहरू क्रान्ति उत्तर वर्षको शारदामा प्रकाशित भएका देखिँदैनन्। राजनैतिक परिवर्तन अगाडिका लेखक कविहरू नै सातसालपछि नयाँ विषय लिएर लेख्न थाले। राणाकालीन नेपालमा अभिव्यक्तिको एक मात्र माध्यम साहित्य नै थियो। साहित्यभित्र अनेकौं कुरालाइ अनेकौं बिम्ब र प्रतीकको माध्यमद्वारा व्यक्त गर्न सकिने हुनाले 'शारदा'ले अनेकौं स्तरीय साहित्यिक रचनाहरू पनि प्रकाशित गऱ्यो। २००७ सालको अघिपछि प्रजातान्त्रिक वातावरणको सृजना भएपछि लेखक कविहरूले साहित्यमा राजनैतिक टोन र विषयलाइ अझ प्रष्ट गर्दै ल्याए। अब साहित्यिकहरूले नयाँ मोडले साहित्य-रचना गर्ने अठोट गरे, तर त्यो नयाँ मोड ल्याउने अठोट साहित्यिकभन्दा बढी राजनैतिक विचारले प्रेरित थियो। 'शारदा'-को सम्पादकीय आह्वानबाट पनि यो कुरा प्रष्ट हुन्छ—

"क्रान्तिलाइ अमर राख्न र सामाजिक क्रान्ति गर्न प्रगतिशील लेखक संघ खुलिरहेछ। यसले आफ्नो मुखपत्र 'प्रगति' नामक मासिक पत्र पनि निकाल्ने भएको छ।...प्रगतिशील लेखक संघले संसारमा भएका भुखमरीको विरोधमा कलमद्वारा संघर्ष गर्नेछ र संसारमा भएको साम्राज्यवादी शक्तिसित, पूँजीवादी तथा सामन्तवादी शक्तिसित संघर्ष गर्नेछ..।"२३

२२. उपरिवत् २००७ साल फालगुण, पृष्ठ ३५५।
२३ शारदा "सम्पादकीय विचार" २००८ साल चैत, पृष्ठ ३८०

...Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संक्रमणकालीन नेपाली साहित्यिक रचनाको क्रममा खास अर्थमा, शिथिलता आइसकेको थियो । त्यस कुरालाइ माथि नै पनि व्याख्या गरिसकियो । साहित्यिकहरू अर्कै दिशा र अर्कै संभावनातिर बढी प्रेरित भएकोले लेखन क्रिया त्यति आकर्षणकारी हुन सकेन । यही स्थितिलाइ "साहित्यमा शिथिलता" भन्ने सम्पादकीय लेखद्वारा "शारदा"–ले यसरी व्यक्त गरेको छ–

"राजनैतिक क्रान्ति भैसकेर पनि, विचार र लेख स्वातंत्र्य भैसकेर पनि नेपाली साहित्य अझै शिथिल देखिन्छ । यसो हुनु नपर्ने, तर भैरहेछ ।··· अहिले लेखक, कलाकार तथा साहित्यका प्रकाशकहरूमा जुन शिथिलता आइरहेछ, त्यो राजनैतिक क्रान्ति चाँडो हुनुको कारणले हो । एक किसिमबाट राजनैतिक क्रान्ति आकस्मिकतावश भए झैं भएर नै लेखक तथा कलाकारहरूमा अलमल पैदा भैरहेछ । ती लेखक तथा कलाकारहरूले आफ्नो मुख्य बाटोलाइ निर्धारित गर्न सकेका छैनन् । राजनीति उनीहरुको निमित्त गौण हो कि प्रधान हो, र साहित्यप्रधान हो कि गौण, त्यसको निधो ती व्यक्तिहरूले गर्न सकेका छैनन्, किनकि दुवै राजनीति तथा साहित्यमा बौद्धिकवर्गहरूकै आवश्यकता पर्छ ।"२४

यो सम्पादकीय टिप्पणीलाइ त्यस युगको साहित्यिक समस्यालाइ उचित व्याख्या गर्ने लेख भनी मान्न सकिन्छ । साहित्य र राजनीतिको बीचमा अन्तर निकालेर एकको अनुसरण गर्नु यस समयका सृजनात्मक प्रतिभा भएका नेपाली बुद्धिजीवीहरूलाइ अप्ठ्यारो भएकोले नै त्यो अन्योलको स्थिति सृजना भएको थियो । क्रान्ति अकस्मात् भएको कुरा पनि, जुन सम्पादकीयमा उल्लिखित छ, अर्को एक चाख लाग्दो समस्या हो । नेपाली जनक्रान्तिलाइ सम्पादकीयमा आकस्मिकतावश भएको भन्नुको तात्पर्य हो यस क्रान्तिको स्वभाव र यसलाइ ल्याउन लागेको छोटो समय जसले गर्दा राजनीतिमा लगनशील ('डेडिकेटेड्') कार्यकर्ता र त्यस दीर्घ क्रान्तिकालीन प्रभावले जन्माएका सफल ('डेडिकेटेड्') लेखकहरू पनि आउन सकेनन् । यो राजनैतिक र साहित्यिक भ्रमको विवाद पछिसम्म, अझ भनौं अहिलेसम्म, नेपाली साहित्यमा चलिरहेको छ । आजको नेपाली साहित्यिक मोड र आठ सालतिरको माथि चर्चित समयमा यही अर्थमा समानताको रेखा खिच्न सकिन्छ । हिजो आज नेपाली साहित्यमा उपर्युक्त भ्रमको चरम सीमाको अवस्था ('क्लाइमेक्स') देख्न सकिन्छ । यस कुराको

२४ उपरिवत्, पृष्ठ ३७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरणको लागि गत केही वर्षदेखिका 'रूप रेखा' र 'मधु-पर्क' पत्रिका का प्रतिहरू राम्ररी पढे थाहा हुन्छ। साहित्य सृजनाको उत्सर्ग ('युफोरिया') को ह्रास, स्तरीयताको अभाव, एउटा युगको अन्त्य र अर्को युगको सृजना गर्ने मूल्यको कम आकर्षण र 'बाँच्नु कि नबाँच्नु' ('टु बी अर् नट् टु बी') साहित्य को अनुशीलन गर्नु कि नगर्नु जस्ता अन्योल र चुनौतीहरू आजको नेपाली साहित्यका समस्या हुन्। उपर्युक्त सम्पादकीयमा उल्लिखित युग र आजको युग दुवैका उपर्युक्त समनान्तर प्रवृत्तिहरू हुन्। यस अर्थमा आजको युग पनि घुम्ती (क्रस रोड)-मा छ; परिवर्तनको मोड तयार भएको छैन। को लेखक बन्ने, को व्यापारी बन्ने, को शिक्षक-लेखक बन्ने, को राजनीति गर्ने, को विदेशी भाषालाइ आफ्नो आधार बनाएर आफू त्यसैको माध्यमद्वारा आफूलाइ शारीरिक रूपमा भए पनि वा मानसिक रूपमा भए पनि निर्वासित गर्ने; को जातीयता साम्प्रदायिकता अथवा थर, गोत्र आदिको आधारमा एक अर्कालाइ होच्याएर लेख-रचना गर्ने र सामाजिक र साँस्कृतिक क्षेत्रमा संकीर्ण रूपमा सोचेर अघि बढ्ने; को पढ्ने, कसले महाविद्यालयका ढोकासम्म पुगेर फर्कने; कसले खाएको कसले कतिसम्म हेर्ने आदि अन्योलको वातावरणमा आज नेपाली समाज र संस्कृति चलिरहेको छ। ठीक यही अन्योलको स्थिति ठीक सात सालपछि पनि आएको थियो।

"प्रगति" मासिक पत्रिका हुन सकेन। 'प्रगति'-को पहिलो अंकका सम्पादकीयमा यसको कारण यसरी दिइएको छ, "प्रारम्भमा हामीले प्रगतिशील-लेखक संघको निर्माण गरेर सङ्घका केही सदस्यहरूको संपादनमा एउटा मासिक-साहित्य-संकलन-"प्रगति" र अरू मौलिक तथा अनुदित साहित्यक रचनाहरू प्रकाशन गर्ने आयोजना गरेका थियौं। तर मूल योजनाअनुसार हामी अगाडि बढ्न असमर्थ जस्तै भएर "प्रगति"को प्रथम अङ्कलाइ पाठकहरूको समक्ष उपस्थित गरिरहेका छौं।"[२५] त्यसै सम्पादकीय लेखमा नेपाली साहित्य-लाइ बौद्धिकतर बनाउने अनुरोध पनि सबै लेखक बुद्धिजीवीहरूसङ्ग गरिएको छ। यस प्रकार के देखिन्छ भने नेपाली साहित्यमा 'प्रगति'-ले पहिले प्रचार गरेको प्रकारको राजनैतिक उद्देश्यभन्दा पनि पृथक् एक बौद्धिक परम्पराको सृजना गरेको कुरा 'प्रगति'-का सबै १६ अङ्क पढ्ने पाठकले सजिलै थाहा पाउन सक्छ। 'प्रगति' र 'इन्द्रेनी'-ले कविताको क्षेत्रमा पनि एउटा नयाँ मोड ल्याइ

२५ "सम्पादकीय" प्रगति वर्ष १, अङ्क १, पृष्ठ १४४ (२०१० साल)

...Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिए । दुवै पत्रिका अल्पकालीन भएर गए तर पनि तिनको योगदान महत्वपूर्ण छ । 'प्रगति' प्रकाशन भएको वर्षसम्ममा दार्जीलिङको 'भारती'-ले पारसमणि र रूपनारायण सिन्हाको सम्पादकत्वमा अनेकौं स्तरीय लेख-रचना प्रकाशित गरिसकेको थियो । " ……शारदाले प्रशस्त लेखकहरूको सिर्जना गरिसकेको र 'उद्योग' तथा 'साहित्य स्रोत'-ले तिनको परिमार्जन गरिसकेको हुनाले 'भारती'-ले सामग्री सम्बन्धी कठिनाई थाहासम्म पाउन परेन, त्यसमाथि रूपनारायण सिन्हा जस्ता सुशिक्षित, सुसंस्कृत र परिमार्जित साहित्यसेवीको प्रधान सम्पादकत्वको सेवा प्राप्त गरेको हुनाले 'भारती'का सवै जसो अङ्क स्तरीय हुन सकेका थिए ।"[२६]

प्रजातन्त्रोत्तर नेपाली साहित्यमा, माथि चर्चा भए अनुसार, साहित्यलाइ एक राजनैतिक विचारको प्रतिनिधित्व गर्ने माध्यम मानिएको कुरा 'प्रगति'-ले अगाडि सारेका लेखक समुदायको धारणाबाट थाहा हुन्छ । तर त्यही समयलाइ र त्यही प्रवृत्तिलाइ रिक्त मान्ने र नेपाली साहित्यमा शिथिलता आएको देख्ने विद्वान् लेखकहरू पनि थिए । ईश्वर बरालले लेखे, "अघिको साहित्य पुरानो, रूढिबद्ध र 'बुर्जुवा' हो भनी जनतान्त्रिक साहित्यको 'नवीन' रूपको निर्माण गर्नु पर्छ भन्ने अहं मानी साहित्यकारमाथि केही हाँसो उठ्नु स्वाभाविक नै हो ।"[२७] त्यही लेखमा उनले 'प्रचारवाद साहित्य होइन' साहित्य त सार्वभौमिक हुन्छ र सम्पूर्ण मानवको लागि लेखिन्छ भनी ठोकुवा गरे । समकालीन नेपाली साहित्यमा 'अराजकता' फैलिरहेको छ भन्दै प्रजातन्त्रोत्तर नेपाली लेखक सम्पादकहरूले राणातन्त्रको कठोर शासनमा रहेर गरेको सेवाको ठूलो महत्व छ भनी दर्शाए । त्यति भए तापनि स्वदेश वा प्रवासबाट त्यति सन्तोषजनक प्रगति हुन नसकेको कुरा पनि उनले त्यही लेखमा व्यक्त गरेका छन् । यसरी समकालीन नेपाली साहित्यमा प्रगतिशील विचारलाइ साहित्यलाइ ह्रासोन्मुख गराउने जमर्को भनी ठान्ने एकथरी लेखक र 'प्रगतिशील साहित्य'का पक्षपाती लेखकहरूको समानान्तर विकास भएर आएको कुरा, खास गरेर 'प्रगति'-बाट, देख्न सकिन्छ । प्रगतिशील जमातका सबभन्दा

---

२६ उत्तम कुँवर, "नेपालमा पत्रिकाको विकास" *रूप-रेखा* पूर्णाङ्क १९० (२०३३) पृष्ठ १२

२७ *प्रगति* वर्ष १, अङ्क १, पृष्ठ १४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगुवा समीक्षक कृष्णचन्द्र सिंह प्रधानले उपर्युक्त विचारलाइ अङ्गिकार गर्ने ईश्वर बराललाइ 'प्रगति'–मै प्रकाशित एक लामो लेखमा एक "पथ-भ्रान्त आलोचक" भन्ने संज्ञा दिई उनका साहित्यिक मान्यताको खण्डन गरे।

यो वैचारिक द्वन्द नेपाली साहित्यमा विकासको लक्षण थियो, किनभने कवि, लेखकहरू अब पढ्न र लेख्न स्वतन्त्र थिए । अन्तर्राष्ट्रिय साहित्यिक आन्दोलनहरूको प्रभाव उनीहरूलाइ पर्न थाल्यो । यस प्रकारको प्रभावको ऐतिहासिक रूप अन्तर्गत पहिलो र सर्व प्रमुख प्रभाव अंग्रेजी साहित्यको, प्रजातन्त्रोत्तर प्रगतिशील साहित्यमा रूसी साहित्यको र रूप–रेखाकालीन कविहरूमा फ्रेन्च, जर्मन र अमेरिकी साहित्यको प्रभाव परेको कुरालाइ समकालीन अगुवा साहित्यिक मान्यताहरूको विश्लेषणबाट थाहा पाउन सकिन्छ।

'प्रगति' पत्रिकाले पुराना नेपाली कविहरूको खोजी गर्ने कामलाइ पनि अघि बढायो । कवि पण्डित उदयानन्द अर्ज्यालको सर्व प्रथम खोजी गरी चित्तरञ्जन नेपालीले उनको समय र उनको काव्य 'प्रगति'-मा प्रकाशित गरे ।[२८]

आधुनिक नेपाली साहित्यको सन्धी-भङ्ग स्वरूप धेरै दिन रहेन । अब लेखनमा केही स्थायी धाराहरू देखा पर्न थाले । नेपाली साहित्यको उज्ज्वल भविष्यको परिकल्पना हुने केही आधारहरू थिए, त्यसमध्ये नेपाल एकेडेमीको स्थापनाको संभावना एउटा थियो। २०१३ फागुनदेखि प्रकाशित हुन थालेको 'धरती'-ले एउटा सम्पादकीय लेखमा समकालीन नेपाली साहित्यको गतिविधि र नेपाली साहित्यको संक्षिप्त इतिहास प्रस्तुत गर्नुको साथै नेपाली व्याकरण र भाषाको विषयमा भएका बाद-विवाद र उन्नतिको वर्णन गरेको छ। त्यसै लेखमा "हाम्रो विश्वविद्यालय बन्ला, साहित्य अकादमी स्थापित हुने लक्षण पनि स्पष्ट देखिंदै छ" भन्ने आशा पनि व्यक्त गरिएको छ।[२९] 'धरती'-ले 'नेपाली साहित्यको आधार निर्माण' गर्ने र नवीन लेखनलाइ अगाडि बढाउने जमर्को गरेको देखिन्छ। तर 'शारदा'-को र 'धरती'-को शैली र साहित्य स्वरूप उस्तै भएकोले समयजनित केही नयाँ लेखक कविहरू जन्माउनु बाहेक अरू यसको योगदानलाइ कुनै नौलो रूपमा लिन सकिंदैन । 'धरती'-ले प्रवासमा, खास गरेर दार्जीलिङका लेखक

२८. हेर्नुहोस् प्रगति वर्ष ३, अङ्क १ पूर्णाङ्क १३. पृष्ठ १—११.

२९. 'नेपाली व्याकरण औ भाषा' (सम्पादकीय) धरती वर्ष १, अङ्क ४ (ज्येष्ठ २०१४) पृष्ठ ५५

...Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविहरूका धेरै रचना प्रकाशित गऱ्यो र साथै यस पत्रिकाले तुलनात्मक ढङ्गले धेरै लेखिका र कवयत्रीहरूलाइ अगाडि सार्‍यो। कथा, निवन्ध र समालोचनात्मक लेखहरूको साथै साहित्यिक खोजपूर्ण निवन्धहरू पनि 'धरती'-ले आफ्ना ११ अवतार कालभरि नै यत्र–तत्र छरेको कुरा साहित्यको इतिहासमा महत्वपूर्ण छ।

रूप–रेखा काल

'धरती'-को प्रकाशनकाल र 'रूप-रेखा'-को प्रकाशन (२०१७ साल साउनदेखि नेपाल राष्ट्रिय पुस्तकालयद्वारा, द्वै मासिक रूपमा) नभएसम्मको समयमा पनि 'शारदा' फाट-फुट निस्किरहेको थियो। नेपालको राजनैतिक क्षेत्रमा विविधता र परिवर्तन आयो। २०१५ सालमा आम चुनाव भयो। २००८ सालमा जस्तै अनेकौं पार्टीहरूको देशव्यापी प्रचारले गर्दा नेपाली समाजमा अनेकौं परिवर्तनहरू आउने कुरा निश्चित थियो। २०१५ सालको राजनैतिक हलचल र संसदीय सरकारको गठन २००८ साल-देखि आरम्भ भएको बौद्धिक हलचलको चरम सीमा थियो। तर २०१७ सालको राजनैतिक परिवर्तनले दलगत राजनीतिको अन्त्य गरेको पनि एक ऐतिहासिक क्रम अन्तर्गत नेपालले आफुलाइ आफ्नै ढङ्गले चिन्ने ऐतिहासिक जमर्को थियो। दलगत राजनीतिमा प्रवृत्त अनेकौं बुद्धिजीवीहरूले साहित्य लेखनको माध्यम अपनाए; साहित्यमा अनेकौं प्रयोगहरू शुरू भए। पाश्चात्य साहित्यको अध्ययन गर्ने प्रवृति तेजका साथ हुन थाल्यो। नेपालको विश्व-विद्यालयमा शिक्षित बुद्धिजीवीहरू बनारस, पटना र अलाहावादमा पढेर आउने बुद्धिजिवीहरूभन्दा भिन्न मनस्थिति भएका हुने नै भए।

फ्रेन्च, साहित्य र जर्मनका फ्रेन्ज काफ्का, अंग्रेजीका टी. एस. एलिअट, अमेरिकाका कविहरू र भारतका आधुनिक कवि लेखकहरूको प्रभाव नेपाली युवक लेखकहरूमा प्रष्ट रूपले देखा पर्न थाल्यो साहित्यका अनेकौं विधाको लेखनशैली र विषय वस्तुमा नवीनता आउन थाल्यो। प्रवन्ध र निवन्ध लेखनमा बौद्धिकताको प्रभाव प्रष्टसंग देखा पर्न थाल्यो; त्यही प्रभावले कविता लेखनमा सङ्कुलता आयो। त्यो सङ्कुलता (कम्प्लेक्सिटी) वा 'दुरूहता'-लाइ विषय वस्तु र शैलीको नवीनता र अर्कै प्रकारको काव्यात्मक परम्परामा हुर्केका पाठकवर्गलाइ नयाँ काव्यको पठनले परेको प्रतिक्रिया हो भनी परिभाषा दिन सकिन्छ। अनेकौं प्रयोगहरू भए–साहित्यमा; तेस्रो आयामिक आन्दोलन चल्यो जुन समुहका लेखकहरूले आजसम्म लेखिआएको साहित्यलाइ एक वा दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयामिक साहित्य भनी, मान्छेको सम्पूर्ण कलेवरलाइ चित्रित गर्नु नै साहित्य-को काम हो र साहित्यकारको सही अर्थमा दायित्व हो भन्ने ठाने ।

यस प्रकार लेखनमा एक अर्कै पिंढीको सृजना भैसकेको थियो, तर पुराना लेखक—कविहरूका पनि आफ्नै विशिष्टता, आफ्नै समूह र आफ्नै मान्यता कायमै भएर आएका हुनाले एक पिंढीगत द्वन्द शुरू भयो । यी दुवै प्रकारका मान्यताहरू र साहित्यिक क्षेत्रमा परेका वैचारिक खिचातानी (टेन्सन्)-को आधार 'रूप-रेखा' नै भयो । 'रूप रेखा'-ले उपर्युक्त दुवै पुस्ताका लेखक कविहरूलाइ 'शारदा'-ले जस्तै अंगालेको छ, त्यसैले 'रूप-रेखा'-को अनुभव नै यस लामो युगको एक साहित्यिक अनुभव हो भनी मान्नु उचित पर्दछ—

"हाम्रा अधिकांश साहित्यकारहरू हीनताबोधले ग्रसित छन् । उनीहरू आफ्ना विषयमा अरूले लेखदेओस् भन्ने त चाहन्छन्, तर आफै कलम चलाउन हच्कन्छन् । धेरैले हामीलाइ भने पनि "यस्तो त बूढा पाका लेखकहरूको मात्र छापिनु पर्छ, हामी आज आफ्नै विषयमा केही भन्न कसरी सक्छौं ? भोलिको के भरोसा··· आदि ।" तर हाम्रो दृष्टिमा लेखक चाहे बूढो होस् अथवा तन्नेरी ऊ लेखक हो । र हाम्रो उद्देश्य तिनै लेखकका विषयमा पाठकहरूको मनमा रहने जिज्ञासा अथवा तृष्णा मेटाउनु थियो । धेरै पुराना लेखकहरूबाट हामीले सहयोग पाउन सकेनौं । किन सकेनौंको उत्तर हामीसंग छैन । धेरै आधुनिक लेखक कविहरूले पनि, हुन सक्छ उही हीनताबोधको कारणले, आफ्नो विषयमा केही लेख्न सकेनन् ।"३०

"हीनताबोध" भन्ने शब्दको यस प्रकाशकीय लेखमा कुनै व्याख्या छैन, केवल आधुनिक लेखकहरूमा हीनताबोध छ भन्ने मात्र जनाइएको छ र उक्त बोध किन हुन्छ भन्ने पनि यस लेखमा उल्लेख गरिएको छैन, तर यो शब्दको प्रयोगलाइ मैले अति अर्थपूर्ण मानेको छु । समकालीन नेपाली साहित्यमा पहिलेको युगको स्थापित मूल्य भएको साहित्यमाथि आधुनिक लेखक कविहरूको आस्था हटेर गयो । लेखनाथ र समले प्रतिनिधित्व गरेको शास्त्रीयता, लक्ष्मी-प्रसाद देवकोटा र सिद्धिचरणले प्रतिनिधित्व गरेको रोमाण्टिकवाद र मानवता-वाद, केदारमान व्यथितले प्रतिनिधित्व गरेको रोमाण्टिक-विद्रोह र कमनीयतावाद, पुष्कर समशेर, गुरुप्रसाद र विश्वेश्वरप्रसादको संगठनवाद, यौन र सामाजिक यथार्थवादले यस नयाँ पुस्ताका लेखक कविहरूलाइ मोडेल दिन सकेन र उनीहरू

३० "प्रकाशकको तर्फबाट", रूप-रेखा, ("फर्केर हेर्दा") पूर्णाङ्क १०० पृष्ठ २-३ ।

रूप-रेखा २००

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनका मूल्यहरूसंग पनि एक मत हुन सकेनन् जसले गर्दा उनीहरूको व्यक्तित्व विघटन भयो; उनीहरूमा गीतिभाव हरायो जसको ठाउँमा कथापनले स्थान जमायो; मान्छेको सम्पूर्ण कलेवरलाइ उनीहरूले एकैचोटी सर्वतिर देख्न थाले जसले गर्दा परम्पराले दिएका रूप–विधानलाइ पनि उनीहरूले स्वीकार गर्न सकेनन्; घर र परम्पराको अन्तर्मनमा मोह र त्यसप्रति घृणा, आक्रोस र टाढा जाने इच्छाका विपरीत द्वन्दको विरहमा अल्झिएमा यी लेखक–कविहरूमा हीनताभाव जन्मनु आधुनिक चेतनाको परिचायक हो ।

'रूप–रेखा' प्रकाशन हुन थाल्दा लक्ष्मीप्रसाद देवकोटाको निधन भैसकेको थियो र पुष्कर समशेर मृत्यु शैय्यामा थिए ।[३१] शारदाकालीन लेखक कविहरू धेरै निष्क्रिय भैसकेका थिए, तर फाटफुट लेखिरहेकै थिए । रूप-रेखाको प्रथम र दोस्रो अङ्कका सम्पादकीय टिप्पणीबाट पनि यो कुरा प्रष्ट हुन्छ—

'विकासै पथमा लम्केको आजको जागरूक नेपालमा साहित्योन्नतिको बाटो साँगुरिएको हामीले अनुभव गरेका छौं । कतिपय साहित्यिक पत्रिका गतिला भएर पनि स्थायी हुन सकेनन् र कतिपय अगतिला पनि निस्के ।… … नयाँ साहित्यिकहरूको दिन प्रतिदिनको बढ्दो संख्या र सर्व साधारणको साहित्यप्रतिको अभिरूचिलाइ दृष्टिगत गर्दा साहित्यिक पत्रिकाको अभावको महसूस गराइको फल नै 'रूप–रेखा'-को प्रकाशन हो ।"[३२]

"तपाईंहरूका परिचित कविहरूमध्ये पारिजात वाइबा, वासु शशी, ओखियामा ग्वाइन, मोहन हिमांशु, कृष्णभक्त र मोहन कोइरालाका कविता यसमा परेका छन् । सबै जसो नव युवक र नव युवती भएकाले कविताले आजभोलीको विचारधारा दर्शाएको छ ।"

"यस पटक अनुदित साहित्यमा टी. एस. इलियटको शङ्कर लामिछानेको अनुवाद राखेका छौं । कविताको यो समूह विशेष रोचक हुनेछ भन्ने हाम्रो अनुमान छ ।"

---

३१ हेर्नोस् आनन्ददेव भट्ट एम. ए. द्वारा लिखित "मृत्यु शैय्यामा श्री पुष्कर समशेर रूप–रेखा वर्ष १, अंक १ [पृष्ठ ५९–६८]

३२ उपरिवत् "प्रकाशकीय" पृष्ठ ७१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"नेपाली साहित्यका नवोदित कथाकार सोमध्वज विष्ट, लोकेन्द्रराज शर्मा र मुकुन्द ढुङ्गेलका तीनै कथामा आफ्ना आफ्ना नौला विशेषता छन् र तीनैवटा लेखकको व्यक्तित्वको छाप पाइन्छ।"३३

माथिका उद्धरणहरूले 'रूप-रेखा'-ले विनम्र ढंगले आरम्भ गरेको युगलाइ चिनाउँछन् पहिलो उद्धरणमा याद राख्नुपर्ने कुराहरू हुन्—

जागरूक नेपाल, साहित्योन्नतिको बाटो सांगुरिएको साहित्यिक पत्रिकाको अस्थायित्व, नयाँ साहित्यिकको दिनप्रति दिन बढ्दो संख्या, सर्वसाधारणको साहित्यप्रति अभिरूचि।

रूप–रेखाको जन्मकालीन नेपाल जागरूक थियो । त्यो युग संक्रमणकालीन भएकोले जागरणको लहर चल्नु नेपालीहरूमा राष्ट्रियतावादी भावना वृद्धि हुनु, आर्थिक रूपमा जटिल समस्या तयार हुनु, जस्ता कुराहरूले निश्चय नै देशका तल्लो मध्यम वर्गका बुद्धिजीवीहरूलाइ नयाँ चुनौती खडा गरेको थियो । यही वर्गका संवेदनशील र भावुक बुद्धिजीवीहरू नै नेपाली साहित्यको विकासको लागि उत्तरदायी भएको नेपाली परम्परा भएको हुनाले नयाँ साहित्यिकको संख्या दिन प्रतिदिन बढिरहेको थियो । त्यही आधारमा पाठकहरूको संख्या पनि बढिरहेको थियो । पत्र-पत्रिकाको अस्थायित्वले गर्दा साहित्य–उन्नतिको बाटो पनि साँगुरिँदै थियो । यस अवस्थामा 'रूप-रेखा'-को प्रकाशन २६ वर्ष अगाडि 'शारदा'-को प्रकाशन जस्तै आवश्यक थियो भन्ने कुरा प्रष्ट हुन आउँछ ।

माथिको चर्चाबाट के थाहा हुन्छ भने रूप-रेखाको आरम्भ, र उद्देश्य ("मिसन्") कुनै एक साहित्यिक धारालाइ प्रतिनिधित्व गर्नु थिएन तर सबै प्रकारका, खास गरी युवा, लेखनलाइ छहारी दिनु थियो। नेपाली साहित्यको पहिलो आधुनिक युग यसै प्रकार 'शारदा'-ले सुरू गरेको थियो भने दोस्रो आधुनिक काल रूप-रेखाले सुरू गरेको हो भन्नुपर्छ । 'रूप-रेखा'-को जीवनकाल छोटो र यसका समकालीन पत्रिकाहरूको जस्तै अनियमित भएको भए यसलाइ कसैले एउटा युगको भार बोकाउन सक्ने थिएनन्; यसलाइ कसैले आधुनिक नेपाली साहित्यको छहारी भन्न सक्ने थिएनन् । फाटफुट रचना प्रकाशन गरेर बन्द हुनु, कहिलेकाहीं मात्र निस्कनुले कुनै पनि साहित्यिक पत्रलाइ आफ्नो स्थायीपन दिन सक्तैनन् र तिनका युग निर्माण गर्ने शक्ति पनि त्यही आधारमा क्षीण भैरहेको हुन्छ ।

३३ उपरिवत् वर्ष १, अंक २, पृष्ठ ९१

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'रूप-रेखा'को आरम्भिक वर्षका अङ्कहरूमा प्रकाशित रचनाहरूले नै बदलिंदो युगको स्वरूपलाइ चिनाउँछन् । आरम्भिक वर्षका 'रूप-रेखा'-ले नेपाली साहित्यको युगलाइ राम्ररी ढंगले चिह्नाउने काम गरेका छन् । तिनमा स्तरीयता, समसामयिकता र प्रयोगात्मकता छ ।

'रूप-रेखा' वर्ष १ अङ्क १ मा रमेश विकलको कथा "मेरी कान्छी माइज्यू" (पृष्ठ ३१–४६) 'शारदा'को प्रथम वर्षमा प्रकाशित विश्वेश्वरप्रसाद प्रसाद कोइरालाको 'चन्द्र वदन'-को आधुनिक र प्रष्ट स्वरूप हो । एउटा १४।१५ वर्षको ठिटो माझोलीमा बसेको बेला बूढा मामाले विहे गरेकी उसकी तरूणी कान्छी माइज्यू, जो यौनेत्तजनाले छटपटिएकी थिइन्, उसमाथि अनेकौं अस्वाभाविक प्रेम देखाउँछे । उसलाइ पनि कान्छी माइज्यूको न्यानो अँगालो मन पर्छ । घरको नोकर केटो प्रति पनि उनको दृष्टि परेको थियो । एक दिन मान्छे चिच्याएको आवाजले सबैजना कान्छीमाइज्यू रजस्वला भएर सुतेको पालीमा गएर हेर्दा त्यही ओछ्यानमा हँसियाले लिंग काटिएको नोकर वेदनाले छटपटाइरहेको थियो । कान्छी माइज्यू केही वर्ष पछि काखमा आपनो बच्चा लिएर ढुक्क थिइन् अनि यो भानिज पात्र त्यसै बेला विदा मागेर हिंड्यो । यस कथामा उक्तिको फुकापन, कथावस्तुको स्वतन्त्र प्रयोग र पात्र-पात्रामा यौनोत्तेजनाको खैलाबैला, उत्सुकता, ईर्ष्या र यौनजनित परपीडन ('स्याडिज्म')-को आधुनिक रूपले प्रयोग भएको छ ।

मोहन कोइराला, रत्न शम्शेर थापा, पारिजात, ओकिउयामा ग्वाइन, वासु शशी, भूपिशेरचन, द्वारिका श्रेष्ठ, गोविन्द भट्ट, पोषएप्रसादका कविताहरू पहिलो वर्षको रूप-रेखाका अनेकौं अङ्कमा प्रकाशित छन् । तिनका कविताहरूमा शैली विविधता छ र बिम्बविधान र युग जनित व्यंग्यको उचित प्रयोग भएको छ ।

माथि नै भनिए अनुसार 'रूप-रेखा' एक छहारी हुनाले त्यसले अनेकौं लेखक-कविका रचनाहरू प्रकाशित गरेको छ । शारदाकालीन लेखक कविहरू बालकृष्ण सम, लक्ष्मी प्रसाद देवकोटा, रत्नध्वज जोशीका रचनाहरू पनि 'रूप-रेखा'-मा यत्र-तत्र प्रकाशित छन् ।

साहित्यमा बौद्धिकताको प्रयोग आरम्भ गर्ने परम्परा 'रूप-रेखा-'मा प्रकाशित रचनाहरूले सुरू गरेका छन् । त्यसको साथै 'रूप-रेखा' पूर्वकालीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविहरूका कवितामा वौद्धिकाताको प्रयोगको चर्चा भएका समालोचनात्मक लेखहरू पनि रूप-रेखामा प्रकाशित भए। प्रो. यदुनाथ खनालको विचारमा 'आगो र पानी'-मा—

"समजीले जुन युटोपियालाइ आफ्नो मानसपटमा चित्रण गरेर सहृदय नेपालीको अगाडि राख्नु भएको छ, त्यो युटोपियाको वौद्धिक आधार भने साम्यवादको द्वन्दात्मक भौतिकवाद होइन, नियमित आकस्मिकता हो। पाश्चात्य विचारधारामा स्केप्टिसिजम् अर्थात् शङ्कामूलकवादलाइ दर्शन नमाने जस्तै यही प्रकारान्तर जस्तो नियमित आकस्मिकतालाइ पनि भौतिक रूपले दर्शन मान्न गाह्रो देखिन्छ; किनभने, यो त एक दृष्टिकोण मात्र हो। 'आगो र पानी'-को समीक्षाको प्रसङ्गमा नियमित आकस्मिकता दर्शन हो कि होइन भनी लामो वहस गर्नु आवश्यक छैन। तर जुनसुकै कविताको समीक्षात्मक चर्चा हुँदा कविताकै विलकुल पृथक् गर्न पनि सकिँदैन। असल होस् वा खराब होस् नियमित आकस्मिकताले समजीको अनुभूतिलाइ प्रशस्त मात्रामा असर पारेको छ... ..."[३४]

कविको विचार र उसको काव्यमा कति सामन्जस्य हुन्छ भन्ने कुरालाइ समालोचकले निरूपण गर्नु पर्छ, कुनै कविले आफ्ना विचारलाइ कुनै लेख वा ग्रन्थद्वारा व्यक्त गरेको छ भने त्यसको आधारमा उसको कविताको मूल्याङ्कन गर्नु बढी प्रभावकारी हुन्छ भन्ने परम्परा पाश्चात्य साहित्य, खास गरी फ्रान्स र वेलाथतका साहित्यमा रहेको कुरा तिनका साहित्य समीक्षात्मक लेखहरूबाट थाहा हुन्छ। विचार र काव्यको सम्बन्ध भनेको युगचेतना र कविको काव्यको सम्बन्ध हो। यस प्रकारको युगचेतना जनित कविको विचारसंग उसको काव्यको सम्बन्ध नहेरी 'रूप-रेखा'-ले आरम्भ गरेको साहित्यको व्याख्या गर्दा असत्य हुन्छ भन्ने कुरा 'रूप-रेखा'-का सवै फायल पढ्ने विद्वान् पाठकले सजिलै थाहा पाउन सक्छन्। रूप-रेखाले अनेकौं आधुनिक नेपाली कविहरूसंग तिनीहरूका आफ्ना धारणा सोधेर प्रकाशित गरेको पनि यही कारणले प्रेरित भएर हुन सक्छ भनी विश्वास गर्ने आधार छन्।[३५]

३४. यदुनाथ खनाल "आगो र पानी" रूप-रेखा वर्ष १, अङ्क ३ (२०१७) पृष्ठ १७–२२ र २७

३५. हेर्नुहोस् कवि र कविता शीर्षक अन्तर्गत मोहन कोइरालाको "मेरा काव्यात्मक केही धारणा" रूप-रेखा पूर्णाङ्क ३० पृष्ठ ३–४ र विजय मल्लद्वारा लिखित 'मेरो काव्यगत मान्यताहरू" पूर्णाङ्क २९ पृष्ठ ५।

...Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'रूप-रेखा'-ले आरम्भ गरेका साहित्यिक विधाहरू मध्ये कविता-समालोचना र निबन्धले जति उन्नति गरेकाछन् त्यति अरू कुनै धाराले पनि गरेको देखिंदैन । 'कथा'-को क्षेत्रमा पनि निकै नयां कथाकार र कथाकामोड-हरूको चिनारी गराउनु 'रूप-रेखा'-को प्रयास रहेको देखिन्छ । कविता अङ्क (पूर्णाङ्क २४) र समालोचना अङ्क (३६) लाइ विश्लेषण गरेर हेर्नें हो भने रूप-रेखाले प्रतिनिधित्व गरेको साहित्यको (खास गरी काव्य र समीक्षाको) स्तर, अवस्था र मोड थाहा पाउन सकिन्छ ।

कविता विशेषांङ्कमा अधिराज्यभरी छरिएका कविहरूमा रचनाहरू-को छनौट गरी व्यापक अर्थमा नेपाली काव्यको स्वरूप चिन्हाउन खोजिएकोछ । कोशी, (१४), गण्डकी (७), जनकपुर (३), धवलागिरी (२), नारायणी (४), प्रवास (८), बाग्मती (३१), महाकाली (३), मेची (६), लुम्बिनी (५), सगरमाथा (५) र अनुवाद (४) गरी बयानब्बे कविका कविताहरूलाइ विश्लेषण गरेर हेर्ने हो भने अधिकांश कवितामा वैचारिकताको प्रयोग, विम्ब विधानमा नवीनता ल्याउने प्रयत्न, र युग सापेक्ष चेतनाको बाहुल्य देख्न सकिन्छ । शारदाले प्रतिनिधित्व गरेको काव्यधारासंग मिल्ने कविताहरू, शास्त्रीय छन्दमा लेखिएका कविताहरू, हास्य व्यङ्ग्यात्मक र क्रान्तिकारी कविताहरू पनि प्रसस्त नभएका होइनन्, तर काव्यको वदलिनलागेको मोड भने यी कविताहरूले चिन्हाउने काम गरेका छन् ।

यस विशेषाङ्कबाट अर्को कुरा के प्रष्ट हुन्छ भने नेपाली साहित्यको केन्द्र काठमाडौं मात्र नरहेर अब देसव्यापी हुन पुगेको छ । शिक्षा र संँस्कृतिको स्तर उठ्न लागेको नेपालमा यी अनेकौं अंचलका कविहरू, सम्वेदनशील भावुक युवकहरूका यी कवितालाइ वदलिन लागेको नेपाली परिस्थिति र विश्व साहित्यिक र सांस्कृतिक र चहल पहलसङ्ग भएको बढ्दो सम्पर्कको द्योतक भनी मान्न सकिन्छ । यो तथ्यलाइ उपेक्षा गर्नेले निकै ठुलो सत्यको आधारलाइ उपेक्षा गर्दछ भन्ने मेरो आफ्नो धारणा छ ।

युग युगदेखि चूलो र जुठो भांडोमा अल्झिएकी स्वास्नी मान्छेको छटपटी –

"लुकामारी खेल्न खोजिरहेछ…
यो निभ्दै गएको चूल्होको आगो
भोलि फेरि बाल्ने आग्रह गरिजान्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो थालमा संघर्षको वेस्वादे तृप्ति र
फेरि संघर्ष गर्ने विवशता जन्मिन्छन् !
कहिले काहीं, कालो भाँडा र
खरानी–माटोले पोतिएको हात, देख्दा
सबैसंग सोध्न मन लाग्छ–
"के जीवन चूलो, थाल र वेस्वादे तृप्ति मात्र होला त ?"

[कुन्दन शर्मा, "जीवन हारेको वाजी फैं टाढा जाने छैन" पृष्ठ २३]

नेपाली कविताहरूमा विम्व विधानमा नवीनता आएको कुरा यस संकलनका युवक कविहरूका कवितावाट थाहा हुन्छ । उद्यान, पर्वत, मन्दिरबाट कविहरू होटेल भित्र फर्के । होटेल भित्रको पनि टेवुलको एक कुनामा एउटा प्यालामाथि केन्द्रित भएर आफ्नो अस्तित्व र भावनाको नाटकीकरण गर्दै अर्का कवि भन्दछन्–

मेरो टेविल माथिको प्यालावाट
थोप्ला, थोप्ला चिप्लिरहेछ,
तातो वाफ माथि–माथि
हावामा उक्लिरहेछ···;
अलमलिएर
र पिरोलिएर
करूण क्रन्दन
थर्किरहेछ··· ··· ।
टेबिलमाथिको प्यालाबाट चिप्लेर
ऐना फुटेको जस्तो ।
थोप्ला, थोप्ला
भुइँमा वज्रेर फुटेको जस्तो
राप्तीदूनको जग्गा जस्तो
मेरो व्यथा लुकेको छ... ..."

[—उपेन्द्र श्रेष्ठ, "टेबिलमाथिको प्याला !" पृष्ठ १४]

रूप-रेखा २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकारको चेतना व्यक्त भएका अनेकौं कविताहरू छन् यस अङ्कमा । 'भत्केको पर्खाल' 'शब्दका-परिवेश' 'पैंचो जुठो शिक्षाको पाठ पढी' 'फुटेको ब्लाडर फैं अनुहार' 'एक व्यक्तित्वः एउटा भतेर' 'नयाँ सरुवा भई आएको हुलाके फैं / झोलामा सूर्जेको एउटा पुलिन्दा वोकेर / छाना माथि वैशाख हिंडिरहेछ... ...' 'मरेको दास मुक्ति माग्न आउँछ', 'कारोवार मुल्तवी राखेर जहाँ म बसेको छु । / बसेको बस्यै टुप्लुक्क म पनि अन्धकारमा डुब्दछु', 'असनका माछा फैं सल्वलाइ रहेछ', 'सडक घप्लक्क मुख छोप्छ', 'अन्धकार फिस्स हाँस्छ' जस्ता अभिव्यक्ति र विम्व प्रयोगहरू नेपाली कविताको इतिहासमा सर्वथा नवीन हुन् । यी प्रयोगहरूमा, यी विम्व र प्रतिकहरूमा नवीन चेतनाको छाप छैन र तिनमा केवल प्रयोग प्रयोगको निम्ति गरिएको छ भन्नु असत्य हो र पूर्वाग्रही विचारको द्योतक हो । यस अङ्कको सम्पादकीयले यही बदलिन लागेको नेपाली काव्यको मोडलाइ इङ्गित गरेको छ ।—

'विशेषाङ्कको निम्ति यस साल हामीले कवितालाइ लिनुको मुख्य कारण थियो—गद्यमा नेपाली साहित्य जतिसुकै कमजोर भए पनि पद्यमा निकै अगाडि बढिसकेको छ र प्रगतिपथमा लम्किरहेको कविता-साहित्यको उचित संरक्षण अहिले अति आवश्यक हुन आएको छ । यति सानो आकारको विशेषाङ्क निकालेर नेपाली कविताको सेवा गर्‍यौं भन्नु अवश्य पनि धृष्टता ठहरिने छ तैपनि यसले साहित्यदेखि नै विरक्तिन थालेका नेपाली कविहरूलाइ कार्य-क्षेत्रमा अघि बढ्न सहायक होला भन्ने साहस किन नगर्ने ?' [पृष्ठ १५८]

यस उद्धरणमा उल्लेख गरिएका तीन महत्वपूर्ण कुरालाइ ध्यानमा राख्नु आवश्यक छ । २०२० सालतिरको साहित्यिक कुरालाइ इङ्गित गर्ने यी तीन कुरा हुन्—

(१) गद्यमा नेपाली साहित्य कमजोर छ,
(२) पद्यमा नेपाली साहित्य अघि बढेको छ,
(३) पद्यको संरक्षण आवश्यक भएको छ, र
(४) नेपाली कविहरू साहित्यदेखि नै विरक्तिन थालेका छन् ।

उपर्युक्त सम्पादकीय विचारहरू सबैमा सत्यता छ । त्यो सत्यता अहिले पनि सत्य छ । गद्यमा नेपाली साहित्य अझै पनि कमजोर छ, कवितामा अघि वढेको छ, तर कविहरू साहित्यदेखि नै बिरक्तिन लागेका छन् भनी जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीयमा उल्लेख भएको छ त्यो कुरा आज आएर चरितार्थ हुन भाएको छ। 'रूप-रेखा'-का गत केही वर्षदेखि यताका अङ्कहरू पढ्ने विज्ञ पाठकले योकुरालाइ सजिलै अनुभव गर्न सक्छ कि नेपाली काव्यको स्तरमा पनि ह्रास भइरहेको छ र रूप–रेखा समूहका प्रायश सबैजसो कविहरूले (मोहन कोइराला, उपेन्द्र श्रेष्ठ, ईश्वर वल्लभ र द्वारिका श्रेष्ठ बाहेक) अब लेख्न छोडिसकेको भान हुन्छ।

यस कविता अङ्कलाइ लिएर जगदीश शम्शेरले लेखेको लेखबाट प्रस्तुत उद्धरणबाट आधुनिक नेपाली कविताको स्थिति निकै प्रस्ट हुनुको साथै रूप–रेखाले प्रतिनिधित्व गरेको काव्य समीक्षाको परम्परा पनि प्रस्ट हुनेछ भन्ने मेरो आशा छ—

"धेरै अघि 'प्रगति' पत्रिकाले यसै गरी कविता विशेषाङ्क निकाल्दा कति युवक कविहरू प्रकाशमा र प्रचारमा आए।[३६] त्यो राम्रै बुझेकोले यो विशेषाङ्क देख्दैमा नै मेरो हृदय भरिएर आयो। कविता, सिलोक, गीत, सबाई, नारा, विज्ञापन सारा कविताकै नाममा प्रसस्त पाइने मुलुकमा, सबको संग्रह गरी, त्यसमा विवेकपूर्ण छानविन गरी, उच्च कक्षाको सङ्कलन प्रकाशन गर्न सफल भएको सम्पादक मण्डललाइ मेरो कहिल्यै नफर्कने नमस्कार छ।…… वर्गको हैसियतले पाठकवर्गको कक्षा 'भानुभक्त–रामायण' भन्दा माथि पुग्न नसकेको हाम्रो देशमा, कुनै आधुनिक काव्यको पुस्तक रूचिले पढ्ने पाठक औंलामा गन्न सकिन्छ भन्ने प्रस्टै बुझेका आजका लेखकहरूलाइ, नेपाली कविता, भाषाको प्रतिबन्ध नाघेर कमसेकम एसियाली देश र प्रान्तहरूमा र अन्य एशियाली देशका कविता नेपालमा ओहोर–दोहोर नभएसम्म लेख्ने र प्रकाश गर्ने प्रेरणा नै कतिसम्म रहन्छ सोच्ने कुरा हो।"[३७]

यस उद्धरणमा 'प्रगति' पत्रिकाको कविता विशेषाङ्कको उल्लेख भएको छ। 'प्रगति' पत्रिकाले प्रजातन्त्रोत्तर नेपाली साहित्यको पहिलो मोडलाइ प्रतिनिधित्व गरेको थियो भने 'रूप–रेखा'-ले दोस्रो मोडलाइ प्रतिनिधित्व गरेको छ। यी दुई पत्रिकामा कविता विशेषाङ्कको समयमा एक दशकको पनि

३६. लेखकद्वारा उल्लेखित 'प्रगति' पूर्णाङ्क १६ हो। यस कविता अङ्कमा ४० कविका कविता प्रकाशित गरिएका छन्—अभि।

३७ जगदीश शम्शेर 'आधुनिक नेपाली कविता' रूप–रेखा [समालोचनाङ्क] पूर्णाङ्क ३६ (२०२१) पृष्ठ २५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर नभएकोले केही कविहरू जस्तो, कनकदीप व० आ०, कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ, पोषण पाण्डे, मोहन कोइराला, मोहन हिमांशु थापा, सावित्री सिंह र धर्मराज थापाका कविताहरू दुवै पत्रिकाका विशेषाङ्कमा पर्न गएका छन्। कनक द्वीप व० आ०, मोहन कोइराला र धर्मराज थापाको शैली दुवै सङ्कलनमा परेका कविताहरूमा उस्तै उस्तै छ भने बाँकी कविहरूको आधुनिक कविको रूपमा चिनारी गराउने काम रूप–रेखाका कविताले नै गरेका छन्।[३८]

रूप-रेखामा काव्यगत धारणा र काव्यात्मक समीक्षा पनि प्रशस्त प्रकाशित भएका छन्। आधुनिक नेपाली काव्य समीक्षा गर्नेहरूमा जगदीश शम्शेर, ताना शर्मा, शंकर लामिछाने, अभि (नारायण) सुवेदी, आनन्द देव भट्ट, धनुषचन्द्र गौतम आदि हुन्। यी सबै समीक्षकहरूले समीक्षा गरेका कविताहरू सबै नभए पनि सत्तरी प्रतिशत चाहिंरूप रेखामै प्रकाशित भएका छन्। रूप–रेखा समालोचनाङ्क (पूर्णाङ्क ३६)-ले पनि काव्य समीक्षालाइ नै जोड दिएको छ। हुन पनि 'रूप–रेखा'-ले प्रायश काव्य समीक्षालाइ नै अगाडि सारेको छ।

रूप–रेखा' मात्र आधुनिक नेपाली साहित्यलाइ प्रतिनिधित्व गर्ने पत्रिका थिएन। रूप–रेखा बाहेक 'रचना', 'मुकुट', 'सिंहनाद', 'फूलपाती', 'सिउँडी' 'दियालो', 'तेस्रो आयाम', 'मालिङ्गो', 'मधुपर्क' जस्ता पत्रिकाहरूले पनि आ आफ्नो क्षमतानुसार आधुनिक नेपाली लेखनलाइ अघि सारेको हुनाले ती बाहिरका साहित्यिक चर्चा, परिचर्चा र आन्दोलनको प्रभावका लहरहरू बिस्तार भएर 'रूप-रेखा'-को किनारा छोइरहेको देखन सकिन्छ[३९]। उदाहरणको निम्ति 'तेस्रो आयाम' आन्दोलन दार्जीलिङबाट शुरू भयो तर त्यसको चर्चा, परिचर्चा रूप–रेखा जस्तो प्रतिनिधि पत्रिकामा नपरी छोडेन। आयामिक आन्दोलनका ज्येष्ठ–प्रणेता इन्द्रबहादुर राईले लेखे—

'सम्पूर्ण मानिसको एक प्रक्षेप हो आधुनिक मानिस। आधुनिक मानिस एउटा व्यावहारिक परिचय, सम्पूर्ण मानिस दार्शनिक धारणा हुन्छ,

---

३८. विस्तृत तुलनाको लागि लेखकद्वारा लिखित 'रूप-रेखा र समसामयिक नेपाली कविता' शीर्षकको लेख यसै विशेषांकमा हेर्नुहोस्।

३९. यो एक छुट्टै विषय भएकोले र यो लेखमा मेरो चर्चाको परिधिभन्दा बाहिरको विषय पर्न गएको हुनाले यसै विशेषाङ्कमा प्रकाशित अन्य लेख-लाइ तुलनात्मक अध्ययन गरेर पाठकले सजिलै थाहा पाउन सक्नु हुने छ—लेखक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यति नै प्रशस्त होइन । जीवन बुझिदैन तर जीवनलाइ पराभूत गर्न सकिन्छ। प्रत्येक कृति जीवनलाइ पराभूत गर्ने अभिमान बन्छ । आधुनिक व्यक्ति चोक्टा लाम्टा वनेको छ, खण्डित व्यक्तित्व भएको छ । तर मानिस जुन सिङ्गो हो, सधैं यस्तो रहँदैन, थिएन । आधुनिक व्यक्तिलाइ लेख्न जानेका छौं, कारण लेखिएका छन् । सम्पूर्णतालाइ लेख्न व्यावहारिकता उक्लन पर्छ, तर व्यावहारिकता त्यागेर सम्पूर्णता रहँदैन ।"[४०]

आयामेली कवितावारे उनी लेख्छन्—"सबभन्दा विकट उद्योग हामीले अर्थलाइ पर्याँक्नमा गऱ्यौं । विना अर्थ पनि कविता हुन सक्छ । अर्थ नै कविता हो ? एकैछिन गमिहेरे स्पष्ट हुन्छ अर्थ कविता होईन, ती अर्थले जन्माउन सकेकाहरू कविता हुन् ।"[४१]

आधुनिक कविता र चित्रकलामा सामञ्जस्य भयो । आधुनिक चित्रकलामा बाङ्गा टिङ्गा रेखामा अर्थ टाँगिएझैं बाङ्गा टिङ्गा शब्द–जालमा पनि अर्थहीन अर्थ टाँगिन्छ भन्ने विचार व्यक्त हुन थाल्यो । अर्का आयामेली कवि ईश्वर वल्लभले लेखे—

"चित्रकार तथा शिल्पकारहरू जो ठोस अर्थात् दृश्य वस्तुको सामग्रीले अभिव्यक्ति दिन्छन् तिनका आयामिक रेखाहरूमा (जुनै प्रकारको) स्थानको भावनात्मकतामा लगायत, आकारको कठोरता र कोमलतामा, प्रकाश ग्रहण गर्ने छाँटमा, विशेष अभिप्राप्ति छ । उल्टो हामीलाइ शव्दसित सामञ्जस्य गर्नुपर्छ त्यसको अभिव्यक्ति क्षमतासित सम्पर्क–स्थापना गर्न सक्नु पर्छ ।हामी स्थान देखिन् रंगको अभिप्रेता देखिन्, वास्तविक प्रकास स्थिति देखिन् वञ्चित छौं । हाम्रो बाङ्गो टेडो छड्के पनि शव्दले उभिनु पर्छ अनि कला हुनुपर्छ ।"[४२]

यस प्रकारको चर्चाबाट देखिन्छकि नेपाली लेखकहरू रचनामा मिथ् निर्माण गर्न थालेका थिए र काव्यको शिल्प विधान र अर्थको नौलो सन्धी गर्न खोजिरहेका थिए । काव्यमा मिथ् रचना गर्नु पर्छ भन्ने विचार आयामेली

४० ईन्द्रबहादुर राई "आयामिक सम्पूर्णतामा अनुभूति" रूप-रेखा पूर्णाङ्क ५८ (२०२२ फागुन) पृष्ठ ३८

४१ उपरिवत्

४२ ईश्वर वल्लभ, "बाङ्गा टेडो छड्के रेखाको कला ।" रूपरेखा पूर्णाङ्क ६८ [पुस २०२३] पृष्ठ २८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगायत अरू केही लेखकहरूका वैचारिक र साहित्य-सिद्धान्त प्रतिपादन सम्बन्धी लेखहरूबाट थाहा हुन्छ । "वैयक्तिक विशेषताहरू र वैचारिक एकार्थताहरू आभासमा पुगेर अनुभूति नै बन्छन् । यो अनुभूति मिथ, इमेज, एम्बिग्विटिजले लेखिन्छ ।"४३

यो मिथ निर्माण गर्ने कुरालाइ भर्खरैको रूप-रेखामा प्रकाशित एक लेखमा जगदीश शम्शेरले विस्तृत चर्चा गरेका छन् । उनको विचारमा 'मिथक्'-को आधारशीला तयार गरेर मात्र सच्चा साहित्यको निर्माण गर्न सकिन्छ । पाश्चात्य साहित्यको कार्ल गुस्ताव यङ्गको मनोविज्ञानबाट प्रेरित आद्यरूपीय ('आर्के टाइपल') र पूरावृत्त ('मिथ') समालोचना प्रणाली र साहित्यिक मान्यता अनुसार हरेक व्यक्तिको मनभित्र सामाजिक अवचेतन प्रणाली हुन्छ, त्यसको गहिराइमा पुगेपछि एक तुर्यचेतना-को आविष्कार हुन्छ, त्यो मन सार्वभौमिक र सार्वजनिक हो। लेखक वा कविहरू यही सामुहिक चेतना ('कलेक्टिभ् अनकन्सिअस्') बाट प्रेरित हुन्छन् । टि. एस. एलिअटको विचारमा व्यक्ति लेखकको प्रतिभा उसको परम्पराले बनाएको हुन्छ । जगदीश शम्शेरको विचारमा भने हामीले मिथक् रचना गर्न छोडिसक्यौं तर पुरानो मिथक्को सट्टा नयाँ मिथकको हामीलाइ आवश्यकता छ। "... ...आजको विश्वको परिस्थिति विचार्दा एउटै भव्य तथा व्यापक मिथक रचनाद्वारा सबैलाइ पथ प्रदर्शन या सबै माव भावनाद्वारा उत्पादित द्वन्दलाइ साम्य गर्न खोज्नु असम्भव नै हुन्छ । विचारको तीर्यक् प्रवाहको ट्राफिक आज जस्तो नबढेको परिस्थितिले र व्यवस्थाले आज जस्तो निरन्तर पल्टनबाजी खाने तथा परिवार, रीतिरिवाज, धर्म र राज्यले ठह्याएको बाटो तथा छानेको परम्परा मात्रै युगमा जस्तै, आज एउटा साझा मिथकले साध्य हुँदैन । हामीले चाल पाए पनि नपाए पनि आजसम्म थानिराखेको पर-म्पराको खम्बा मक्किसक्यो । त्यसैले हरेक व्यक्तिले आफ्नो अनुभूति भावावेश तथा विचारको वाहच तथा आन्तरिक स्वप्रवाहमा सुसंगति तथा सुव्यवस्था ल्याउन आफैले विमर्शपूर्वक, सिद्धान्त तथा पूर्व धारणा रोजेर आफ्नो अनुभव र अनुभूतिमा अर्थ र अभिप्राय ठम्याउनु पर्छ ।"४४

'रूप-रेखा' उपर्युक्त कुनै पनि वैचारिक आन्दोलनलाइ प्रतिनिधित्व गर्दैन तर तिनलाइ छहारी दिने काम 'रूप–रेखा'–ले गरेको छ । 'रूप-रेखा'-ले कथा, उपन्यास र नाटक पनि ठुलो संख्यामा प्रकाशित गरेको छ । आधुनिक

४३. राई, उपरिवत् पृष्ठ ४१ ।

४४ जगदीश शम्शेर "मिथक र साहित्य" रूप-रेखा पूर्णाङ्क १८० (वैशाख २०३३) पृष्ठ ४७–४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटक (एकांकी)हरूमा ख्यातिप्राप्त नाटककार गोठाले तिवारी र विजय मल्ल र नयांमा पारिजात, चिन्तनराज पाण्डे, आत्माराम ओझा, भाउपन्थी, गोपाल पराजुली आदि युवा-लेखकका नाटकहरू पनि 'रूप-रेखा'ले प्रकाशित गरेको छ।

आधुनिक नेपाली संस्कृतिको सन्दर्भमा देखा परेका कैयौं तत्वहरू जस्तो संगीत, चित्रकला, नृत्य आदि विषयक कार्यक्रम र तत् सम्बन्धी लेख-रचना प्रकाशित गरेर 'रूप-रेखाले' आफूलाइ आधुनिक नेपाली संस्कृतिको दर्पण वनाउन खोजेको छ।

कथातर्फ पनि रूप-रेखाले निकै धेरै कार्य गरेको छ। तर तुलनात्मक दृष्टिले कथाको स्तर र त्यसको वैचारिकतालाइ यसले कविता जस्तो उठाउन सकेन। वर्ष २ अङ्क ६ (२०१९ वैशाख) "नव-वर्ष कथा अङ्क"मा परेका कथाकारहरूमा रमेश विकल, सोमध्वज विष्ट, हरिभक्त कटुवाल, विजय मल्ल, पोषण पाण्डेका कथामा स्तरीयता छ तर तिनले कथाको नौलो स्वरूप देखाउन सकेका देखिंदैनन्। तिनीहरू विश्वेश्वरप्रसाद, गुरुप्रसाद, पुस्कर सम्शेर र वालकृष्ण समको परम्पराभित्रै लेखिएका छन्। यौन छ त्यहाँ, तर यौनको प्रयोग वि. पी. कोइरालाका कथामा जतिको राम्रो गरी प्रयोग हुन सकेको छैन। त्यसपछिका अङ्कहरूमा अनेकौं कथाकारहरू देखा परे। ईश्वर वल्लभका कथामा काव्यात्मक गुण छ; कुमार ज्ञवालीका कथामा मैनालीको परम्परा निर्वाह भएको छ भने कुमार नेपालका कथामा यौन ग्रन्थी जनित मनोदशावाट प्रेरित क्रियाकलापको चित्रण छ। "मैयाँ साहेबको डायरी" जस्ता कथाहरूमा यौन भावको आत्म स्वीकृति छ। चिन्तनराज पाण्डे, तेज प्रसाद सिटौला, टेकबहादुर पन्थी, दौलत विक्रम विष्ट, पोषण पाण्डे, पुण्यप्रसाद सुवेदी, पुरुषोत्तम बस्नेत, रमेश विकल, मुरारि अधिकारी, परशु प्रधान, यज्ञ प्रसाद आचार्य, विश्वम्भर 'चञ्चल' शंकर, कोइराला, श्रीधर खनाल, सोमध्वज विष्ट मदनमणि दीक्षित, हरिभक्त कटुवाल, भाउपन्थी, प्रकाश ए राज, किशोर कुँवरका कथाहरूमा सामाजिक जीवनको परिप्रेक्ष्यमा व्यक्तिगत जीवनको घटनामूलक वर्णन छ। पात्र पात्राको मनोगत संसारको चित्रण गर्नु र तिनका व्यवहारमा त्यही मनस्थितिको नाटकीकरण गर्नु तिनका कथाका विशेषता हुन्। पुष्कर सम्शेर र गुरुप्रसादका कथाको जस्तै कथा-सचालन र घटना चक्र-निर्माणले गर्दा तिनका कथाहरू एक परम्पराभित्रै हुर्किरहेको देख्न सकिन्छ। ईन्द्रबहादुर राईका कथामा आयमिकता छ, भाषाको नवीन प्रयोग छ र छ अस्तित्ववादी चित्रण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पात्र-पात्राको । "हामी जस्तै मैनाकी आमा" (अङ्क ३७) मा चेतन प्रवाह ("स्ट्रिम् अभ् कन्सस्नेस् टेक्निक") शैली पनि अपनाएको छ । विजय मल्लको आफ्नै पारा छ र कथा अस्तित्वमूलक छन् ।

ध्रुवचन्द्र गौतम, पुष्कर लोहनी, प्रेमा शाह, पारिजात, शंकर लामिछाने, गोपाल पराजुलीका कथाहरूमा यौन चेतना, सामाजिक चेतना र व्यक्तिगत समस्याको अनौठो सन्धीमा हुर्केका पत्रहरूको चित्रण छ । शङ्कर लामिछानेका कथामा भने कविता र निवन्ध दुवैको गुण समाविष्ट छ । ध्रुव चन्द्रका कथामा निस्सारता छ; पुष्कर लोहनीका कथामा पात्रा–पात्राहरूको यौनजनित अस्तित्वको उद्घाटन छ । प्रेमा शाहको शैली परिमार्जित छ र यौनजनित–अस्तित्व नै तिनका कथाको पनि विषय हो । वसन्तकुमार सिटौलाले लोकोत्तर र मनोवैज्ञानिक चित्रणयुक्त कथा लेखेका छन् ।

उपन्यासतर्फ अनुदित र मौलिक गरी अनेकौं लघु उपन्यास 'रूप-रेखा'ले प्रकाशित गरेको छ । तिनमध्ये ध्रुवकुमार देउजा र केदार अमात्यको 'सपनाको आँखाभरि', शंकर कोइरालाको 'दुर्दमनीय' र 'कलाकार', ध्रुवचन्द्र गौतमको "अन्त्यपछि" पारिजातको "वैंसको मान्छे" र भाउपन्थीको "आदि पुरुष" उल्लेखनीय छन् । पारिजातको 'बैंसको मान्छे' माथि एउटा समीक्षात्मक लेख लेखी इन्द्रबहादुर राईले रूप-रेखामा नै छपाएका छन् । उनको विचारमा यो 'राल्फाली' उपन्यास हो ।[४५]

राल्फा जमात अस्तिवादी र मार्क्सवादी विचारको एउटा नौलो सम्मिश्रण हो । समकालीन नेपाली साहित्यमा मार्क्सवादी र अस्तिवादी विचारको प्रभावलाइ केलाएर नहेरी नेपाली साहित्यका कैयौं महत्वपूर्ण लेखनलाइ ठम्याउन कठिन पर्छ । मार्क्सवादी विचारले प्रभावित कैयौं लेखकहरूले पछि गएर अस्तिवादी विचार लिएको र अस्तिवादी लेखकहरूले मार्क्सवादी विचारधारा र सामाजिक क्रान्तिको वाटोलाइ अपनाएको कुरा समकालीन कतिपय नेपाली रचनाहरूको अध्ययनवाट थाहा हुन्छ । तल्लो मध्यमवर्ग र केही मध्यमवर्गका लेखकहरूले मार्क्सवादलाइ जुन रूपमा सामाजिक समस्याको समाधान माने त्यस्तै रूपमा

४५ इन्द्र राईले पारिजात, विश्वेश्वर कोइराला र असीत राईलाइ अस्तिवादी उपन्यासकार मानेको लेख "अस्तिवादी तीन नेपाली उपन्यासकार" रूप-रेखा पूर्णाङ्क १३४ मा पढ्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्तिको अस्तित्व र उसको आत्मबोधी चेतनालाइ चिनी तिनै कतिपय लेखकले अस्तिवादी विचारलाइ अंगाले । मार्क्सवादी लेखकहरू, जो यसै विचारधारालाइ शुद्ध रूपमा स्वीकार गरेर लेख्न थाले तिनले अस्तिवादी विचारक लेखक–कवि-हरूलाइ बुर्जुवा लेखक–कवि भनी दोषारोपण गरे ।

रूप-रेखामा यी दुवै विचारधाराले प्रेरित रचनाहरू प्रकाशित भएका छन् । फ्रान्सको आधुनिक साहित्यमा मार्क्सवादी र अस्तिवादी विचारका लेखकहरूको द्वन्द र तिनका समान धारणाहरूको प्रभाव देखिन्छ । त्यस अर्थमा रूप–रेखाले प्रतिनिधित्व गरेको आधुनिक नेपाली साहित्य फ्रान्सको साहित्यिक र वैचारिक आन्दोलनबाट प्रेरित भएको छ भन्न सकिन्छ । यो प्रभावले अंग्रेजी र हिन्दी भाषाबाट नेपाली साहित्यमा प्रवेश गरेको हो ।

"बैंसको मान्छे" (२०२९ कार्तिक)-लाइ यसै वैचारिकताको पर्याय-बाची लेखन (उपन्यास) भन्न सकिन्छ । इन्द्रबहादुर राईले लेखे—"राल्फा (एउटा बेपत्ताको नाउँ) अस्तिवाद र मार्क्सवादको मेल हुन खोजेको दुईको मिसौटो छ । प्रतिपक्षी चरम जस्ता दुई यी दर्शनधाराका प्रणालीहरू सहज समागम्य छैनन्—आत्मपरक अस्तिवाद र वस्तुपरक मार्क्सवाद अटल प्रतिद्वन्दी छन् । असाध्य यस दुष्कर कार्यलाइ जरामा राल्फालीहरूले धन्दाएनन् । सहजै दुवै धारावाहका भावना लिए, भावनाहरू मात्र दस दिशाकै मिल्छन् । प्रणाली-गत वैचारिक विसंगति देख्न चाहेनन् ।... ..."राल्फा मेनिफेस्टो"-को प्रारम्भमै पारिजातले लेख्नुभयो—'परम्परा मानिसभन्दा ठुलो होइन ।...हामीले त्यसलाइ संशोधन मात्र गर्ने होइन जरादेखि निमोठेर फाल्न पर्छ ।"४६

बौद्धिक तत्व बुद्धिजीवी र समसामयिकता

माथि नै चर्चा के भैसकेको छ भने रूप–रेखाले प्रतिनिधित्व गरेको आधुनिक साहित्यमा बौद्धिक तत्वको प्राधान्य छ । त्यस कुरालाइ रूप–रेखाको काव्य पक्ष, तत्सम्बन्धी वैचारिक आन्दोलन र अन्य विचारप्रधान लेखहरूबाट प्रष्ट हुन्छ ।

तेस्रो आयमिक लेखनका प्रणेताहरू बाहेक अन्य आधुनिक नेपाली कविहरूका कविताबाट पनि बुद्धितत्व, अध्ययनशीलता र ज्ञानको आधुनिक नेपाली कवितामा कति धेरै प्रवेश भएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

४६ इन्द्रबहादुर राई "राल्फाली बैंसको मान्छे—मा" रूप–रेखा अङ्क १४९ (कार्तिक २०३०) पृष्ठ ९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो कुरा तिनको विषय वस्तुको नौलोपना, विम्वविधान र प्रतीकको प्रयोगबाट थाहा हुन्छ । रूप-रेखा वर्ष १, अङ्क ३ मा प्रकाशित 'आगो र पानी-को समीक्षामा प्रो. यदुनाथ खनालले शास्त्रीय पद्धतिमा लेख्ने नेपाली साहित्यका महारथी वालकृष्ण समको काव्यमा बौद्धिकताको प्रयोग देखाउँदासम्म आधुनिक कतिपय नेपाली कविहरूले कवितामा बौद्धिकताको प्रयोग गरिसकेका थिए । त्यस समय पछाडि कैयौं नेपाली कविहरूले बौद्धिकताको प्रयोग गरेका छन् । 'सुक्तिसिन्धु' विषयको दुई मूर्धन्य समालोचक यदुनाथ खनाल र रामकृष्ण शर्माको बीचका विवाद छापेर 'रूप-रेखा'-ले आफ्ना आरम्भिक वर्षहरूमै समीक्षाको स्तरीयता र नौलो मोडलाइ अघि सान्यो । त्यो मोड एक बौद्धिक विवाद हो । अर्को एउटा उदाहरणको लागि तल एउटा बुद्धि तत्व प्रधान कविताबाट उद्धरण प्रस्तुत गरेको छु—

"गङ्गा नीलो बग्छ
यात्री—
उ
भि
न्छु
।
कुदेर
/
बुद्धिसम्म भित्र बाहिर
कत्ति पुगिनछु-ले नित्य शिलाखण्ड उभिन्छु
म
यौटा लहर हात उठेर सगर नछोई पात खस्दछ
सीमाहीन नीलिमा लहरले उफ्रेर
छालहरू उज्यालो हिर्काउँछन् संगमर्मर भएर पहरा छु"[४७]
(वैरागी काइँला)

यस उद्धरणमा बुद्धितत्वको प्रयोग, शैलीको नवीनता र शैली निर्माण वा शिल्पविधानद्वारा वैचारिकताको प्रभाव—सम्प्रेषणीयतालाइ सहजै देख्न सकिन्छ । कविता सम्बन्धी इन्द्रबहादुर राईका लेख, जगदीश सम्शेरको

---

४७. रूप-रेखा पूर्णाङ्क १४९, पृष्ठ १५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथक् निर्माण गर्ने आग्रह गरी लेखिएका लेख र त्यस सम्बन्धी अन्य लेखबाट यो कुरा थाहा पाउन सकिन्छ । मेरो भनाइ रूप-रेखाले बुद्धिप्रधान रचना मात्र छापेको छ भन्ने होइन, यसले अनेकौं स्तरहीन लेख कविता पनि छापेको छ र यसका समकालीन पत्रिकाहरूले कैयौं स्तरीय कविता, लेख र कथा प्रकाशित गरेका छन्, (खास गरेर रचना, मुकुट, मधुपर्कले) तर यसले आधुनिक साहित्यको जुन प्रतिनिधित्व गरेको छ तिनमा बौद्धिक तत्वको समावेश भएको छ। यो बौद्धिक तत्व विचारको क्लिष्टतामा मात्रै नभएर सामाजिक चेतना र क्रान्तिकारी र नैराश्यपूर्ण चेतनाको तहमा पनि देखा परेको छ। यसको उदाहरणको लागि रूप-रेखामै प्रकाशित अनेकौं लेख कविता छन् ।

एउटा लेखकले उसको परिवर्तनशील बुद्धि तत्वको परिचय यसरी दिन्छन्—

"—आज यदि तिमीले यही एक लेखको आधारमा, या मेरो जुनसुकै, वा सबै लेखको आधारमा मेरो विश्लेषण गर्न खोज्यौ भने कत्रो माम्लो हुन जानेछ। ···किनभने विहान र वेलुकाको मेरो विचारधारामा, खल्तीमा पैसा भएको र नभएको बेलाका सोचाइमा, पेट भरेको र भोको भएको बेलामा म भिन्न ढङ्गले सोच्छु । कार्ल मार्क्स र कालिदास फ्रायड र अनातोले फ्रान्स, कामू र गान्धी सबै मभित्र बाँचेका छन्—र म ती भित्र र वाहिर दुवै छु—मौका परिस्थिति हेरी ती मलाइ भन्छन्—'देखिस् !'—र म हेरिदिन्छु र आँखा चिम्लिदिन्छु र एक गिलास पानी खान्छु र एक दिन अरू बाँचिदिन्छु।"[४८]

वैचारिक विषयका अनेकौं स्तरीय लेख प्रबन्धहरू पनि रूप रेखामा प्रकाशित भएका छन् । तिनको अध्ययनबाट समकालीन नेपाली साहित्यमा बुद्धितत्वको कसरी प्रवेश भएको छ भन्ने आधारभूत कुराहरू देखा पर्न आउंछन् । 'अनुभव, संकेत, ज्ञान र तिनको व्यावहारिक उपयोगिता' (पूर्णाङ्क १८) 'सामन्ती परम्परा, वैज्ञानिक चिन्तन र भावुकता', (पूर्णाङ्क २२) 'विज्ञान र प्रविधि, मानवको इतिहास तथा मोलिको संसार' (पूर्णाङ्क २६) 'साहित्यमा उद्देश्य र कल्पना' (पूर्णाङ्क २८) 'संस्कृतिको रूप, आधार र विकास' (पूर्णाङ्क

४८. शङ्कर लामिछाने 'साहित्य—आलुबखडा कि आउं ?' रूप-रेखा पूर्णाङ्क ३६ (वैशाख २०२१) पृष्ठ २५५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०) 'नेपालको ऐतिहासिक र सांस्कृतिक विशेषता' (पूर्णाङ्क ६) 'के हाम्रो संस्कृति चोखो छ ?' (पूर्णाङ्क ९३) 'हामी पाइताला हौं फगत पाइताला' (पूर्णाङ्क ४१) 'सपनामा समावेश चुम्बन' (पूर्णाङ्क ४८), 'काव्यमा नव आयाम' (पूर्णाङ्क ४०) 'संस्मरण अङ्क' (पूर्णाङ्क ४८), 'गोरेटोको खोजीमा' (पूर्णाङ्क ५८) 'समालोचना अङ्क' (पूर्णाङ्क ३६) 'फर्केर हेर्दा' अङ्क (पूर्णाङ्क १००) कविता अङ्क (पूर्णाङ्क २४) 'ऐतिहासिक पृष्ठभूमिमा सेतो बाघ' (पूर्णाङ्क १६०) ' सेतो बाघको ऐतिहासिक परीक्षा' (पूर्णाङ्क १५७) 'आयामेली चिन्तन' (पूर्णाङ्क १०८) 'मिथक र साहित्य' 'आयामिक सम्पूर्णतामा अनुभूति' 'हामी गुलाफ लेख्ने छौं' (पूर्णाङ्क १०७) जस्ता लेखहरूले बौद्धिक वातावरण र बुद्धि तत्वको नेपाली वाङ्मयमा प्रभाव देखाउँछन् । रूप–रेखाले आफुले प्रतिनिधित्व गरेको वाङ्मयको स्तर उच्च राख्ने योजना गरे तापनि सुनियोजित ढङ्गवाट यो उच्च राखिएको छ भन्ने कुरामा सबै पाठक सहमत हुन सक्तैनन् । डा० ईश्वर बरालले रूप–रेखालाइ चिठी लेखे—

'रूप–रेखामा केही बौद्धिक लेख प्रकाशित गर्ने योजना स्तुत्य हो । साहित्य एकाङ्गी हुँदैन । साहित्यका सबर्द्धनका निम्ति अनेक थोकको आवश्यकता हुन्छ । जुनेलीमा रमाउने, डांडा डाँडा चहार्ने, पाखा पंधेरामा रमाउने गीतौरेहरू बतौरे नै हुन् भन्ने मलाइ लाग्छ । कवितामा राँडी रुवाई, पोइल अथवा जोइल जबाई,···कलेजो नै टुक्रियो भन्ने गीदाङ्गे नभएका होइनन् । यो सबैको बौद्धिक स्तर जुन प्रकारको छ त्यसको नाटीखुटी गर्नु या नालीवेली खोतल्नु व्यर्थै हो । रूप-रेखामा प्रकाशित हुने कथा पनि कथा न कुथुंग्री आदि लोकोक्तिलाइ चरितार्थ गर्ने खालका प्रशस्त भए । अब त्यस्ताको निमिटयान्न हुने बेला आयो । अर्को कुरो, साहित्यको उच्चाङ्ग पत्रिका हुनाका निम्ति भाषा शुद्धिको नितान्त आवश्यकता छ । बलमकनदज्यूले जनजिब्रो भनेर जतिसुकै तर्क गरेर आफ्नो पाखुरा सुके तापनि त्यो सीमित अज्ञानको हो । जनजिब्रो कसको सदरिया मान्ने ।'४९

डा० बरालको यस पत्रमा रूप–रेखाले बौद्धिक स्तरको पत्रिका भै नसकेको तथ्यलाइ इङ्गित गरिएको छ । माथि नै चर्चा भैसकेको छ कि रूप-रेखा'-ले कुनै एक धारालाइ मात्र प्रतिनिधित्व नगरेर अनेकौं धारालाइ प्रतिनिधित्व गर्ने हुनाले अनेकौं प्रकारका रचनाहरू प्रकाशित भएका हुन सक्छन् । 'रूप–

४९. 'डा० बरालको चिठी' रूप–रेखा (पाठक प्रतिक्रिया) पूर्णाङ्क १८१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेखा'-ले जथाभावी स्तरहीन लेख रचना पनि छापिदिएको तथ्यलाइ माथिको उदाहरणले प्रष्ट गरेको छ ।

बुद्धि–तत्व मात्र नभएर बुद्धजीवीमाथि पनि रूप–रेखाले अनेकौं विद्वान् लेखकका लेखहरू प्रकाशित गरेको छ । नेपाली बुद्धिजीवी र नेपाली शिक्षित व्यक्ति एउटै हो भन्ने अर्थमा प्रायशः लेखहरू लेखिएका छन् । नेपाली बुद्धिजीवीका तह प्रशासन गर्ने, राजनैतिक गतिविधिलाइ असर पारेर काम गर्ने, अनेकौं राजनैतिक विचारधारालाइ प्रतिनिधित्व गर्ने, साहित्य र शिक्षाको तहमा काम गर्ने बुद्धीजिवीहरूको वर्गीकरण गरेर लेखिएका अद्यावधि ग्रन्थको अभावमा रूप-रेखामा प्रकाशित यी लेखहरूको धेरै महत्व छ । त्यसमध्ये कमल प्रकाश मल्लद्वारा लिखित (अंग्रेजीमा 'वसुधा'-मा प्रकाशित लेखको शङ्कर लामिछानेद्वारा गरिएको नेपाली रूपान्तर, रूप–रेखा पूर्णाङ्क १०८ र १०९ मा प्रकाशित) 'नेपाली समाजमा बुद्धिजीवी' सबभन्दा विस्तृत र महत्वपूर्ण लेख हो । यस लेखमा नेपाली बुद्धिजीवीहरूको इतिहासः तिनको आरम्भ र विकास, तिनको संक्षिप्त वर्गीकरण र तिनका कमजोरीको व्याख्या गरिएको छ ।

नेपाली बुद्धिजीवी वर्गको साधारण संस्कृतिको चर्चा गर्दै यस लेखमा दुई प्रकारका संस्कृतिको व्याख्या गरिएको छ । '१. परम्परागत, संस्कृतमय, हिन्दूमतालम्वी, आध्यात्मवादमय, उपदेशात्मक, अन्तर्मुखी, तथा पण्डितहरूको प्रचण्ड सनातनी एवं राष्ट्रवादीतापूर्ण बुद्धिवादी संस्कृति र २. पश्चिमीकृत, आधुनिक अनर्गलप्रधान, ऐहिक, आलोचनात्मक बेला–बेला मिसावटी, तथा नव–ब्राह्मण, आधुनिकृत विशेषज्ञहरू, सल्लाहकारहरू, प्राविधिकहरू, अर्थशास्त्रीहरू, लेखकहरू, टीकाकारहरू, पत्रकारहरू तथा शिक्षकहरूको वाह्यमुखी बुद्धिवादी संस्कृति । एउटाको लागि सांस्कृतिक पोषक संस्कृत छ भने अर्कोका लागि अंग्रेजी भाषा—र अचम्म त के छ दुवै भाषा नेपालीको आफ्नो प्रथम भाषाका रूपमा बोलिदैन ।'५०

नेपाली बुद्धिजीवीको स्तर तिनको बौद्धिक खुराकका साधन पत्र-पत्रिकाहरूको मापदण्डबाट हेरेदेखि तलै छ भन्ने कुरा यस लेखबाट थाहा हुन्छ । 'हाम्रै आफ्नै इतिहास तथा संस्कृतिमै पनि इतिहास-शिरोमणि खरदार बाबुराम आचार्यका लेखनी, इतिहास संसोधन मण्डलका प्रकाशनहरू, सूर्यविक्रम ज्ञवाली, वालचन्द्र शर्मा तथा योगी नरहरिनाथका फाटफुटे रचना बाहेक अरू

५०. कमल प्रकाश मल्ल 'नेपाली समाजमा बुद्धिजीवी' (अनु. शंकर लामिछाने) रूप-रेखा अङ्क १०९ (जेठ २०२७) पृष्ठ ७२ ।

... Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ नै के ? यस प्रकारले, नेपालका प्रतिभावान् बुद्धिवादीहरूका उपलब्धिहरू 'गोरखापत्र', एवं 'द राइजिङ नेपाल'-कै कलममा सीमित छन् । हाम्रो विद्वत् परम्पराले अझै 'वसुधा', 'नेपाल रिभ्यू' वा 'रूपरेखा', 'हिमानी' मधुपर्क'-का स्तर नाघ्न सकेका छैनन्, र यी नै ती रंगहीन पुस्तिका एवं पत्रिका वा सामयिक हुन् जसले हाम्रो मस्तिष्कका लागि खुराक दिन्छन् ।'[५१] कमल प्रकाश मल्लको यो लेख प्रकाशित भएपछि बुद्धिजीवीको विषयमा लेख्ने परम्परा सुरू भयो ।

अखिलेश्वर झाद्वारा लिखित भारतीय बुद्धिजीवी विषयक लेख पनि "नेपाल र भारतको आर्थिक, सामाजिक आदि स्थिति प्रायः समान छन्" र "......भारतको सन्दर्भमा लेखिए तापनि नेपाली अवस्थासंग पनि मेल खाने" भन्ने सम्पादकीय टिप्पणी सहित 'रूप-रेखा'-ले छापेको कुरा चाख लाग्दो छ ।[५२] यस लेखमा 'हिन्दू' बुद्धिजीवीको खास गरी श्रीमती इन्दिराको संकटकालीन प्रशासनको अवस्थाको सापेक्षतामा मूल्याङ्कन गरिएको छ जसमा लेखकको निष्कर्ष छ, 'आधुनिकता ग्रहण गर्ने प्रयासमा आफ्नो संक्षिप्तिवाट पंगु बनेका यी न त परम्परावादी छन् न आधुनिक नै छन्, बरू सही अर्थमा परम्परावादी र आधुनिक दुवै बनेका छन् ।... ...शक्ति र ओहदामा पुग्ने प्रयास नै बुद्धिजीवीहरूको चासोको विषय रहेकोछ ।'[५३]

नेपाली बुद्धिजीकोवी पनि यही स्थितिलाइ इंगित गर्दै अर्का विद्वान् लेखकले भनेका छन्, "शोषण भइराखेको छ—बुद्धिजीवी चुपचाप तमासा हेरिराखेको छ; भ्रष्टाचार, अन्याय र अत्याचार भइराखेको छ, बुद्धिजीवी रमिता हेरिराखेको छ; ...विकृतिसित संघर्ष गर्ने क्षमता उसमा छैन । उसको सारा शक्ति, बुद्धि र समय स्वार्थ पूरा गर्नमा खर्चु भइराखेको छ ।"[५४]

युगेश्वरप्रसाद वर्माका विचारमा बुद्धिजीवी देश-काल सापेक्ष हुन्छ । त्यसैले कुनै एक ठाउँको बुद्धिजीवी कुनै अर्को ठाउँको बुद्धिजीवी जस्तो भएन भनी दुःख मनाउ गर्नु अर्थहीन हो । नेपाली बुद्धिजीवीको इतिहास छोटो छ ।

---

५१. उपरिवत्

५२. हेर्नुहोस् रूप-रेखा (पूर्णाङ्क १८१, २०३३) पृष्ठ ४७–५८ (अनुवादक डा. मोहन लोहनी)

५३. उपरिवत् पृष्ठ ५८

५४ लीलाप्रसाद शर्मा, "नेपाली बुद्धिजीवी र राष्ट्रिय चिन्तन" रूप-रेखा (पूर्णाङ्क १७१, २०३२ साल) पृष्ठ ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको हरेक तहमा काम गर्ने बुद्धिजीवी "हाम्रो संस्कारको रचना र प्रसारमा लागेका छन्" भन्ने 'पोजिटिभ्' दृष्टिकोणलाइ लेखकले अगि सारेको देखिन्छ ।[५५]

नेपाली बुद्धिजीवीहरूको तह र अस्तित्वसंग राज्यको स्वतन्त्रता र अस्तित्व गाँसिएको छ भन्ने कुरालाइ उपेक्षा गर्न सकिँदैन । रूप–रेखाले सम-सामयिकी लेखहरू प्रकाशित गरी नेपालको छिमेकी राष्ट्रसंग सम्बन्ध र नेपालको 'जियो-पोलिटिक्स' सम्बन्धमा केही महत्वपूर्ण लेख र तिनको विषयमा भएका वाद विवाद समेत प्रकाशित गरी आफ्नो समसामयिकतालाइ चिनाएको छ। "भू-राजनीति" आधार र अर्थ के ? '(मदनमणि दीक्षित पूर्णाङ्क १८०) "विशेष सम्बन्ध"--निरर्थक विवाद' (मदनमणि दीक्षित पूर्णाङ्क १८१) "विशेष सम्बन्ध" (पाठक प्रतिक्रिया सा. वि. ठाकुर, पूर्णाङ्क १८२) "नेपालको शान्ति क्षेत्रको प्रस्ताव" (मनरञ्जन जोशी, पूर्णाङ्क १८८) नै समसामयिकी लेख र वादविवाद हुन् ।

मदनमणि दीक्षितले नेपालको भू-राजनीतिको पृथ्वीनारायण शाहको पालादेखि आजसम्मको अवस्थाको विश्लेषण गरी नेपालको भविष्य सम्बन्धमा केही महत्वपूर्ण कुराको चर्चा पनि गरेका छन् । उनको अर्को नेपाल भारतको "विशेष सम्बन्ध" विषयक लेखमा नेपाल र भारतका नेताहरूले विशेष सम्बन्ध भन्ने शब्दलाइ कहिलेदेखि प्रयोग गरे भन्ने चर्चा छ । विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भएको बेलादेखि नेपालको स्वतन्त्रताको स्वरूप प्रष्ट भएको र टंकप्रसाद प्रधानमन्त्री भएर चीन भ्रमणमा जाँदासम्म पनि चीनले समेत नेपाल भारतको राजनैतिक प्रभाव क्षेत्र (हिगेमनी) रहनुपर्छ भनी आफ्नो मत प्रकट गरेको कुरालाइ व्याख्या गर्दै यस लेखमा "विशेष सम्बन्ध"-को यस निरर्थक विवादमा नलाग्न सल्लाह दिइएको छ । यस लेखले एक जना विद्वान् पाठकबाट यस्तो प्रतिक्रिया जन्मायो ।

"दुःखको कुरा त के छ भने नेपालको सन्दर्भमा भारतको अनुहारमा लागेको कटु–मधु एवं टाटे-पाङ्ग्रे दागलाइ दीक्षितज्यूले आफ्नो प्रतिभारूपी बुरुस र शीपरूपी कुचो एवं कमेरोहरूको उपयोगबाट सन्दर्भ प्रलेखहरूलाइ उजिल्याउनु त भयो... राजनैतिक दागहरू यसै पनि मेटिन ढिलो हुन्छ नै ।... ..."भारतले स्वेच्छा (सार्वभौमिक स्वतन्त्रताको) मान्यता दिएर नेपालले

५५ हेर्नुहोस् युगेश्वरप्रसाद वर्माद्वारा लिखित "नेपालको प्रसंग : भूमिका बुद्धिजीवीको" रूप-रेखा (पूर्णाङ्क १६६ फागुन २०३१) पृष्ठ ४६-५३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरव र गरिमालाइ पुनः स्थापित गरेको थियो र त्यो भारतीय मान्यतालाइ त्यो देशले नेपालको सन्दर्भमा प्रत्येक आवश्यक र महत्वपूर्ण मौकामा आजसम्म दोहोऱ्याउँदै आएको छ' भन्ने राजनैतिक इतिहासका अनुभवी समीक्षक दीक्षितज्यूको जिरहको जहाँसम्म सम्बन्ध छ उहाँ जस्ता बुद्धिमान् र विद्वान्-बाट यस्तो निष्कर्ष निकालिएकोमा नेपालको कुनै पनि राजनैतिक चेतनशील व्यक्तिले छक्क पर्नु कुनै आकस्मिक कुरा होइन।"[५६] पुराना पत्रिकाका फाइलबाट अनेकौं उदाहरण दिई लेखिएका उपर्युक्त विद्वतापूर्ण समसामयिकी लेख र पाठक प्रतिक्रियाले नेपाली समय र नेपालको वस्तुगत परिस्थितिलाइ चिनाउने काम गरेका छन्। रूप-रेखाले बौद्धिकता र समसामयिकतालाइ सन्धी गर्ने अनेकौं प्रयासमध्ये यो पनि एउटा हो तर केही लेख र बौद्धिक विवादपछि रूप-रेखाका खिनौटे अनुहारहरूले अरू स्तरीयता जोड्न र स्तरीयतालाइ मनगे निर्वाह गर्न नसकिराखेको कुरा उल्लेखनीय छ।

शारदा र रूप-रेखा : केही समानता र केही असमानता

माथिको विस्तृत चर्चाको आधारमा 'शारदा' र 'रूप-रेखा'-ले प्रतिनिधित्व गरेको नेपाली साहित्य र वाङ्मयको स्तर नेपाली साहित्यका दीर्घजीवी र अगुवा यी दुई पत्रले गरेको योगदानको प्रष्ट झलक पाठकले पाइसक्नुभयो भन्ने मेरो आसा छ। 'शारदा'-ले जुन संक्रमणकाललाइ प्रतिनिधित्व गरेको थियो त्यो दलविहीन राजनैतिक व्यवस्था थियो। 'रूप-रेखा'-को पनि सम्पूर्ण जीवन (२०१७ सालका केही महिना बाहेक) दलविहिन राजनैतिक व्यवस्थाभित्र हुर्केको छ। त्यसैले अनेकौं भावुक र संवेदनशील बुद्धिजीवीहरू, जो अन्यथा राजनैतिक दलमा आफ्नो सम्पूर्ण समय लगाउन सक्ने थिए, नेपाली साहित्यका लेखक भएर यी पत्रिकाको माध्यमद्वारा अगाडि आए। त्यसैले यी दुवै पत्र छहारी हुन् र हुन् नेपाली साहित्यका आधारशीला।

आरम्भिक वर्षका 'शारदा'-का फाइल राम्ररी पढे के थाहा हुन्छ भने शारदाले मोतीराम+लेखनाथको युगचेतनालाइ एकातिर प्रतिनिधित्व गर्दै आएको थियो भने अर्कोतिर त्यस युगभन्दा फरक एक परम्परा कायम गर्ने आधुनिक लेख-रचना पनि प्रकाशित गर्दै आएको थियो। यस संक्रमणकालमा

---

५६ सा. वि. ठाकुर "पाठक प्रतिक्रिया–विशेष सम्बन्ध" रूप-रेखा (अङ्क १८२ असार २०३३) पृष्ठ १–२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकृष्ण समको कलमबाट जन्मेका केही कथाहरूको शैली विश्लेषण गरेर हेरे थाहा हुन्छ भने आधुनिक नेपाली साहित्यमा बौद्धिकताको प्रयोग गर्ने र जीवनको सिंगो चित्रण गर्ने इन्द्रबहादुर राईको आयामिक गद्यसंग मिल्ने उनको शैली छ जसको आधारमा मैले "बालकृष्ण सम : आयामिक गद्यका प्रथम प्रयोक्ता" भन्ने छुट्टै लेख पनि लेखेको छु । [५७] इन्द्र राईको गद्यसंग (कथास्थामा प्रयुक्त, खास गरी) परिचित पाठकले तलका केही हरफलाइ फेरि तुलना गर्नुभए हुन्छ—

'प्रायः पराल र गोबर माटोमा बत्ती ठक्कर पहेलपुर भएको कोठाबाट हेर्दा रूख बादल आकास अनि आवाज नदिएर बग्ने चन्द्रमा सबमा सामुद्रिक निलाम्म छ ।...फर रूखको पीङ चेतन जस्तै आफै हल्ल्यो । कालो मुखमा एक जोडी आँखा ट्वाल्ल उदाय ।...बास बसेका चराहरूको पनि पखेटाले काखी च्यापेको टाउकोको समेत निन्द्रा खुल्यो ।..."[५८] इत्यादि ।

यो शैली-समताले आधुनिक नेपाली साहित्यमा आउन लागेका दुई संक्रमणकालका तत्वको बिचमा समानान्तर रेखा कोर्न सजिलो पर्छ ।

शारदाका उत्कृष्ट रचना रोमान्टिक थिए भने रूप-रेखाका उत्कृष्ट रचना रोमान्टिकधारा विरोधी (एंटी-रोमान्टिक) हुन् । हार्दिकता, कल्पनाशीलता र प्रगतिवादीता, रोमान्टिक विद्रोही कल्पना र सम्भावनाको अपूर्व कल्पना, युटोपियाको कल्पना शारदाकालीन साहित्यका विशेषता हुन् भने बौद्धिकता, निस्सारताबोध, सहरिया सभ्यताको आधुनिकता 'रूपरेखा'का उत्कृष्ट रचनाका विशेषता हुन्, त्यसैले 'शारदा' र 'रूप-रेखा' आधुनिक नेपाली साहित्यका दुई पाउ हुन् ।

निष्कर्ष

'शारदा' र 'रूप-रेखा' मात्र नेपाली साहित्यका पत्रिका होइनन् । माथि नै के चर्चा भैसकेको छ भने 'शारदा'–कालका अनेकौं पत्रिका, जस्तो 'उद्योग' 'साहित्य स्रोत', 'साहित्य' 'आँखा' आदिले नेपाली साहित्यको विकासमा महत्वपूर्ण काम गरेका छन् । त्यस्तै 'रूप-रेखा'-का समकालीन पत्रिकाहरू 'रचना' 'मुकुट'

५७- हेर्नोस् 'रूप-रेखा' पूर्णाङ्क १९७, पृष्ठ ५–१० ।

५८. बालकृष्ण सम्शेर 'त्यो' शारदा (वर्ष १, संख्या ४, जेठ १९९२ साल) पृष्ठ २–४ ।

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'फुल्पाती' 'हिमानी' 'भानु' 'सिंहनाद' 'नेपाली' 'सिउँडी' 'मधुपर्क' आदिले पनि आधुनिक नेपाली साहित्यका अनेकौं प्रतिनिधि- रचनाहरू प्रकाशित गरेका छन् । तर 'तेस्रो आयाम' भन्ने आयामेली आन्दोलनको अग्रगुवा पत्रिकाले बाहेक उपर्युक्त कुनै पनि पत्रिकाले एउटा विचारधारा वा कुनै बौद्धिक र वैचारिक जमातलाइ प्रतिनिधित्व गर्ने रचना प्रकाशित गरेका छैनन् । यस अर्थमा यी सबै पत्रिकाहरू छहारी हुन्, रंगमञ्च हुन् र हुन् चौतारी जहाँ सबै सुस्ताउन पाउँछन् । नेपाली साहित्यमा आरम्भिक कालमा होस्, मध्यमकालमा होस् वा आधुनिक कालमा होस् साहित्यिक पत्रिकाले छहारीकै काम गर्नुपरेको देखिएको छ। 'शारदा' एउटा उकालीको विशाल वट-वृक्ष हो; 'रूप रेखा' एउटा विशाल छहारी हो र एउटा वृहत रंगमंच ! अब प्रश्न उठ्छ के 'शारदा' र 'रूप-रेखा' दुई युगका फरक फरक अवस्थित वट-वृक्ष मात्र हुन् त ? यसको जवाफ नै माथिको सम्पूर्ण लेख हो । 'शारदा' काल भन्नाले हामी 'प्रगति' वा 'रूप-रेखा' पछिको काललाइ लिन सक्तैनौं । हुन त पछिको 'शारदा'-मा 'प्रगति' र 'रूप-रेखा'-मा प्रकाशित कतिपय समकालीन लेखकका रचना दोहोरिन पुगेका छन् । साहित्यिक युगको आरम्भ र अन्त्यको कुनै निश्चित तिथि छैन । त्यसैले आजको साहित्यमा सम्पूर्ण नेपाली साहित्यको इतिहासमा अनेकौं रूपले विकसित भएका साहित्यिक धाराहरू सबै समानान्तर गतिमा बढिरहेका छन् । अतः आधुनिकताको कसी हो त्यस युगको सम्पूर्ण साहित्यिक परिपाटीभित्र नौला र समसामयिकी चेतनाको माध्यमद्वारा सार्वभौमिक साहित्यको निर्माण भएको छ कि छैन इत्यादि ।

'शारदा' प्रकाशित भएपछि त्यसलाइ एक उत्सव, एक धार्मिक यज्ञ र एक सास फेर्ने ढोका खोलिनुको रूपमा लिइएको थियो । 'शारदा'-को पहिलो वर्षका अनेकौं अङ्कहरूमा स्वप्न-शैलीमा लेखिएका लेख-कथाहरूमा शारदाको अर्चना गरिएको कुराबाट त्यस बेलाको बुद्धिजीवीहरूको मानसमा परेको चेतना-को मिर्मिरे उज्यालो, भावनाको गोधुली हेतु साँच्चिकै समाजवेत्ता र साहित्यका पाठक दुवै थरीलाइ मानसिक उत्तेजनाको विषय हो । प्रो. यदुनाथ खनालको विचारमा त्यो शासक र लेखकका बीचको एक मौन अलिखित सम्झौता थियो । 'रूप-रेखा'—को आरम्भमा यस्तो कुनै मानसिक र भावनात्मक घटना भएन तर 'रूप-रेखा'को आवश्यकता र सामयिकतालाई यसको दीर्घ जीवनले नै जनाउँछ । अहिलेसम्म सबभन्दा धेरै अङ्क प्रकाशित गरिसकेको यस पत्रिकाले परम्परालाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वाह गरेर पनि आफ्नै परम्पराको निर्माण गरिरहेको छ । सुब्बा ऋद्धिबहादुर मल्लले साहित्यिक पत्रिका सम्पादन र प्रकाशन गरी आरम्भ गरेको महान् साहित्य सेवाको परम्परालाइ 'रूप-रेखा'-का सम्पादक र प्रकाशकहरूले पनि आजको युग साम्य सन्दर्भमा चलाइआएका छन् र परम्पराको यस क्रमलाइ अविरल चलाउने छन् भनी हामी सबैको आशा हुन्छ; परम्परा साहित्यको मेरुदण्ड हो ।

कालधारा, काठमाडौं । O

……नव वर्षाङ्क (पूर्णाङ्क १८०) देखि कथा, कविता र निबन्धको अतिरिक्त सामाजिक, आर्थिक तथा अन्य बौद्धिक खोज विषयक गहनतम रचनाहरू पनि 'रूप-रेखा'-ले छाप्ने नीति अपनाएको छ । यसै अङ्कमा प्रकाशित मदन मणि दीक्षितको 'भू-राजनीति' आधार र अर्थ के ?, रचना यस पाइलो सम्बन्धी पहिलो पुष्टि हो । 'रूप-रेखा'-ले नयाँ नीति अपनाउनुको सम्पूर्ण तात्पर्य प्रारम्भिक उद्देश्य पूर्तिमा संलग्न हुँदै नेपाली वाङ्मयका विभिन्न पक्षमा पनि पूर्ण सक्रिय भई ती विधाको विकास गर्नु हो—'रूप-रेखा'-ले यस स्थितिलाइ पनि आजको 'प्रमुख आवश्यकता' महसुस गरेको छ । माथिका लक्ष्य प्राप्तिका लागि 'रूप-रेखा'-ले जगदीश शम्सेर, मदनमणि दीक्षित, मणिराज शर्मा, गोपालदास श्रेष्ठ जस्ता वरिष्ठ लेखक बन्धुबाट स्थायी रूपमा सहयोग पाउने आश्वासन पनि प्राप्त गरेको छ । यसै सन्दर्भमा 'रूप-रेखा'-ले बि-बिचमा परिगोष्ठीको आयोजना गरी त्यसका उपलब्धिलाइ पनि प्रकाशित गर्ने छ ।

'संघे शक्तिः कलौ युगे……' भन्ने शाश्वत नीति वचन अनुरूप नीति र उद्देश्य 'रूप-रेखा'-ले अपनाएको भए पनि यसको कार्यान्वयन लेखक, पाठक र क्रेताको सहयोग बिना असम्भव हुने भएकोले नेपाली वाङ्मयका सबै पक्षको सम्वर्द्धन र विकासका लागि लेख्ने, पढ्ने, त्यो पनि किनेर पढ्ने खालका सबै पक्षको संगठित शक्तिले लक्ष्य प्राप्त गराउन पूर्ण सहयोग गरी 'रूप-रेखा'-लाइ अर्को कीर्तिमान कायम गरानका निमित्त मद्दत गर्न हार्दिक आह्वान गर्दछौं ।

—नयाँ मोड : सम्पादकीय । रूप-रेखा १८०, वैशाख २०३३ ।

…Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धिकता

—इन्द्रबहादुर राई

भ्रान्तिहरू र लीला लेखन मात्र

कृष्ण सभामा पस्ता, भागवद् १०।४३।१७ मा वताइन्छ, मल्लहरूले वज्रपुरुष देखे, स्त्रीहरूले मूर्तिमान् कामदेव देखे, सामान्य मानिसहरूले नररत्न, गोपहरूले स्वजन, शास्ताहरूले दण्डकर्ता, वसुदेव र देवकीले शिशु देखे, कंसले कराल मृत्यु, अविदुषहरूले विराट्, योगीहरूले परमतत्व, वृणीहरूले इष्टदेव देखे।

विरुद्धधर्माश्रय, सर्वरूपात्मक भगवान् व्याख्या वताइएको हेरी-सिध्याएको थिएँ।

सर्वे सर्वार्यवाचकाः (सबै सबै अर्थका वाचक) – व'ट लेखन सिद्धान्त झिक्न सोच्न थालेको थिएँ।

वस्तु एउटैलाइ द्रष्टा विभिन्नले थोक विभिन्न देख्ता रहेछन् भने यथार्थ त्यस वस्तुलाइ कसैले देखेको हुँदैन। कृष्ण कसैले देखेन, आफ्ना–आफ्ना कृष्णहरू देखे। यथार्थ सदा अगोचर छ, गोचरणीय रूपहरू मात्र। अनि रूपहरू परस्परमा एक अर्काका द्योतक। लेखन सिद्धान्त हामीले झिक्न सक्नु पर्छ यसबाट।

प्रयत्न र प्रसंग यता हिंडाइरहेकोमा २०३४ साउन ६ को मितिको अठचाङ उत्तम कुँवरज्यूबाट पाउँछु: 'रूप–रेखा'-को पूर्णाङ्क २०० पुगेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपलक्ष्यमा वृहत् विशेषाङ्क निकाल्ने योजना बनाएका छौं। रूप-रेखा र वैचारिक आन्दोलन लेख पठाउनुहुन अनुरोध...'

लेखे बौद्धिकताकै विरोधमा लेख्छु।

फर्किएँ एक सानो लेख जति:

बित्थामा लेख्नुपर्ने यो। आफ्ना प्रसङ्गमा नजोरिएको काम। बिहा महत्वको र आवश्यकताको मात्र गरिन्छ, बित्याहुँदो फाल्टो बिहा गरी हिँडिदैन। लेख्नु त्यसरी पर्छ। खेत चाहिएको जोतिन्छ, अनपाम किर्खी देखाउन जोतेर बेला र बलको खेरो। 'लेख्दिनँ' निर्णय बोलेछु।

पारी सिमकुना देखें, झ्यालबाट हेरिपठाएको रहेछु, हेर्दै रहेछु। फसङ्गिएँ आफैं। निर्लक्ष्य, निष्प्रयोजन पनि क्रियाहरू कति गर्दो रहेछु। बादल-को चक्ला बढ्दै ओर्लंदैछ सिमकुनामाथि। निष्प्रयोजन देखेको तर व्यर्थ लागेन। निष्प्रयोजनतापूर्वक (यसरी) लेख्न सकिने छैन? प्रयोजनको शारी-रिकता मात्र लेख र लेखन हाम्रा किन छन्? अनावश्यकता, निष्प्रयोजनता, निर्लक्ष्यता जीवन बाँच्दाको यत्रो चाक्लो भाग रहेछ भने हाम्रा कृतिहरू किन अनिवार्यता मात्रको शृङ्खलाले निर्णित? लक्ष्य विहीन वाक्यहरू, प्रयोजनहीन सांकेतिकताहिरू, आवश्यकता रहित आदि, मध्य, अन्तहरू रचना कृतिको जीवि-कतामा अनभिप्राय हेरिएका आकास. धुपी, गइरहेको त्यो मान्छे भई नबां-च्लान्?

लेखन बित्थै लाग्ने लेख लेख्नैपर्ने रहेछ। लाग्यो। साहित्य र जीवन सर्वसम समरूप मानेर।

प्रसङ्ग साहित्यिक घनिष्टता रूप-रेखा-संगको थाहले पनि लेख्नैपर्ने लाग्यो।

(बौद्धिक ठहरहरू किन यसरी बदल्ने हुन्छन्? रूप-रेखाज्यू, बौद्धि-कता भरपर्दो आलम्ब देखिदैन।)

रूप-रेखा-मा अन्तर्वेशन वैचारिकताको शीर्षक सोचें। आई. ए. रिचर्डज्को अन्तर्वेशनात्मक कविता (पोइट्री अफ् इन्क्लूजन)—को सन्दर्भमा उल्लेख गर्ने भइसकेको रहेछु।

प्रारम्भिक व्यंग्य सोचें:

'रूप-रेखा-ले वैचारिक लेख बोक्न थालेकै पूर्णाङ्कदेखि प्राचीन प्रहास प्लेटोको हामीमाथि गर्जेको सुन्यौं। रूप-रेखा कविहरू र साहित्यिक लेखकहरू मात्रको नेपाल हो—अभ्यस्त विश्वस्तिका हामी थियौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादक द्वयद्वारा छलित हुर्काइएका रहेछौं । ब्यूँफेका छौं । रूप-रेखा–मा बुद्धिवादीहरूलाइ विजयी बन्न बोलाइएछ । हामी त कविता टीका थापिरहेका थियौं, कथाहरू यात्रा हिँडिरहेका थियौं, रूप-रेखामा बुद्धिवादी आक्रमण छिराइए छ । विजय उमेर प्लेटो कराउँछ: आदर्श राज्यको मेरो रूप-रेखावाट कविताहरूको निष्काशन निर्वासन ।'

रूप–रेखा–मा किन बौद्धिकता हुल्न खोजियो ? नेपाली वाङमयमा बौद्धिक तत्वको तंगी देखियो कि ? बौद्धिकता खाँदिएको काव्यांश सम्झें:

गौरी पूर्वजन्ममा प्रीतिरूप सती थिइन्—इलेक्ट्रन,
उनका पति तपस्वी परमात्मा शान्त शिव थिए—पोजिट्रन,
ती विवाहित थिए—एक थिए—शान्ति;
दक्षप्रजापतिको यज्ञ थियो—नेवुला,
त्यहाँ शान्तिको अपमान भयो,
प्रेमीको निरादर देखेर सती जलिन्,
घोराघोररूपी उग्र रुद्रले
यज्ञ भङ्ग गरे—नेवुला फुट्यो,
सतीको शव वोकीकन सर्वले
संतप्त सूर्य भैं चक्कर मारे,
अङ्ग प्रत्यङ्ग ग्रह भैं भरे,
पृथ्वीको गर्भमा वसी गौरी भरिन्,
गिरिबाट जीवन प्रारम्भ भयो,...

बालकृष्ण सम, चिसो चुल्हो, सर्ग २५ ।

बौद्धिकताले साहित्यिक श्रेष्ठता छ ?

निहारिका विस्फोटबाट विश्वको सृष्टि सिद्धान्त चिसो चुल्हो लेखिदातक (सं. २०१५) व्यापक मान्यताको रहेको, आज तर अरू परिकल्पना प्रस्तावित भएका छन् । बौद्धिकता–आलम्बित बन्दा आधार नै धस्केर गएको दृश्य अघि उडेवेखिको छ । धसारा समाल्ने प्रयत्नहरू पनि नभएका होइनन् । कविको सिद्धान्त वा विश्वास समयमा निराधार प्रमाणित हुन सक्छ, उसको सैद्धान्तिक विश्वासले सन्तोषप्रदतापूर्वक रचना कृतिमा दिन सकेको अनुभूतिहरूको व्यवस्थिति, मनोवैज्ञानिक संरचना नै मनग्य श्रेष्ठताको हुन्छ काव्यालोचनामा गोरेटो निकालिएको छ । 'के भन्छ होइन, के, भएको छ, कवितामा सधैं हेर्नु पर्ने हुन्छ ।' रिचर्डज्ले भने । 'विश्वास वा अविश्वासको प्रश्नै उठ्तैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता राम्ररी पढें। प्रश्न दुर्भाग्यवश उठे, कविको दोषले वा हाम्रो, त्यस समयभरि हामी ज्योतिर्विद्, धर्मतत्वज्ञ वा नीतिशास्त्री भएका हुन्छौं, भिन्दै खालका कार्यमा संलग्न व्यक्तिहरू।'

बौद्धिक भएर पनि कवि हुनुपर्‍यो कविले। बौद्धिक भएर पनि पाठक हुनुपर्‍यो पाठकले बौद्धिकताको प्रदर्शन नभई त्यसको प्रयोग र उपयोग हुने गर्छ बलियो कवितामा। बौद्धिकताको प्राप्ति नमानी, बौद्धिकताले चकित नबनी, त्यसमा टेकेर उभेर पाठकले कविता देख्छ, पाउँछ।

तात्पर्य ? तात्पर्य ?—दुई अधिरता कराइसक्नुभयो यहाँहरूले।

कविको आस्था नहेर, आस्वादनमा बाधा हुन्छ भन्नु सम्पूर्ण कविता नपढ्नू भनेको हो कारण कविको आस्था नहेरे कवितामा ठूलो एक थोक नहेरिएको हुने छलङ्ग छ। विश्वास विभेदको यस्तो जगतमा कृतिको मतभेद पन्सेको पठन गर्ने उद्योग हो रिचर्ड्ज्, इलिअट, ब्रुक्स्, वारेण, न्यान्सम प्रमुखको समालोचन पद्धति। रचनालाइ मानसिकतानुरूप पद्धतिले हेर्ने, आफ्नै रचना पढ्ने, प्रवन्ध रहेछ। आ–आफ्नै कृष्णहरू देखेकोसित यो मिल्छ। मिल्दैन ?

कृष्ण (यथार्थ) कसैले देख्न सकेन, पनि विश्वरूपमा लगाई। कृति (यथार्थ) कसैले पढ्न सक्तैन। कविले आफ्नो कृतिलाइ जानेको हामी आफुले आफुलाइ चिनेको बोध जतिकै (मात्र) भइरहन्छ।

वैचारिक लेखहरू राखेर रूप–रेखा–मा यो पो गरिएको सम्पादकहरुले जुन किट्ने छन् विभिन्न अर्थ्याइका अरूका किटाइ जस्तै त्यो धारणा मात्र हुन्छ। एउटा धारणा मात्र।

रूप–रेखा–बाट कविहरू, 'दैनिक विक्षिप्ति'-का लगारिएका हुन् अर्थ्याइको सम्पादक दुबैले प्रतिवाद (रूप-रेखा उदार परम्पराको छ इ.) लेख्ने छन् तर प्लेटो जस्तो बुझ्नेको यो युक्ति छ। अर्को यो फेरि धारणा मात्र।

हामीले जानेको भनेको धारणा जानेका हुँदारहेछौं।

धारणा भ्रम हो।

यथार्थ अज्ञेय र अठिम्याइने हुँदो रहेछ र हामी भ्रम लेख्दा रहेछौं। यथार्थ जानिँदै नजानिई वित्थामा हामी कुनि के बात गर्दा रहेछौं। जीवनको यो यथार्थ साहित्यमा लगाई त्यस कारण हामी वित्थामा वित्थाहरू लेखौं।

-१८-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बित्थावादी यस लेखमा यथातथ्य सके म त्यै गरिरहेछु (विशेषांक लेखक भएपछि)।

साँझमा निस्केको हुन्छु। जाडोमा निक्लेको बाँच्न छोटचाएको। त्यसरी घुमेको बाँच्न लम्थाएको। घनेरा धारणाले अरूले मलाइ देख्न सक्ने देखें। यथार्थमा के गर्दै थिएँ त, जान्न सकिदैनथ्यो। मैले अज्ञेय केही गर्दै मात्रै थिएँ।

रूपलीला, नामलीला भनिएको छ जगतलाइ धारणा लीला भन्न सकिनेछ। धारणाहरूको यहाँ लीला छ।

धारणाहरू पात्तिएर बढ्छन् बौद्धिकताबाट बौद्धिक। सबै भ्रम हुन्छन्, कारण दृष्टिपरक हुन्छन्।

कागजको टुक्रालाइ सलाइले सल्काउँदा र सल्कँदा 'द्वन्द्व' हुन्छ त्यहाँ ? कागज अनिच्छाले सपीडा सल्कन्छ कि स्वप्रकृतिपूर्व आनन्दसह जल्दछ ? रुँदै रुँदै सल्कन्छ सम्झनु र संघर्ष देख्नु, हाँस्दै हाँस्दै जल्दछ मान्नु र सहयोग देख्नु दुवै नै धारणा मात्र हुन्, बुद्धि विकल्पित, मानवतारोपज मात्र।

बुद्धिसंगत कुरा लक्ष्यनिष्ठ हुन्छ प्लेटोले पनि भनिराखेको। राज्य र नागरिक जीवन, शिक्षा र कला ('संगीत' भन्थे) सम्बन्धी संघटित एकत्वको विस्तृत बौद्धिक धारणानिकाय निर्मित थियो उसको।

एथेनीय सैनिक–नागरिकहरूलाइ प्लेटोले झैं दुई उमेरमा हामीलाइ 'रूप-रेखा'-ले हुर्काउन चाहेको होला : समीचीन भावनाका रचना पढाइने किशोर अवस्था (पूर्णाङ्क १८० सम्म) र अब उपरान्त बौद्धिक शिक्षणको स्थिति। कविहरू नै नीतिकार र विधायक हुन्छन् पनि मानेरै प्रशिक्षण साहित्यिकहरूमा ताकिएको हुनुपर्छ। राजसत्ताको प्रयोगले सिद्धान्तहरू निर्दिष्ट गर्ने, यस निम्ति शिक्षाप्रणाली निर्णित गरिदिने, यसबाट कलारूपहरू तलक निश्चित गरिदिनुपर्ने देखेका थिए। नाटक गणतांत्रिक ठहरिई त्यसैले महाकाव्य, राज्यले काव्यकार नियन्त्रणीय हुने हुँदा, श्रेष्ठ मानियो। 'पूर्वज्ञान'-ले पढून् उद्देश्यले विशेष लेख-हरू प्रचारित गरिए हुनन्। सबैलाइ बुद्धिवादी बनाउन, बुद्धिसंग विकासका बनाउन, बुद्धि मात्रका बनाउन, अमानुषिक लाग्ने राज्यको रूप-रेखा तयार भएको थियो। राज्य वैचारिकताको साकाररूप हुनुपर्ने, स्वार्थपरता बौद्धिकता-लाइ अवरोध हुने देखेर, परिवारहरूको त्यजन र 'पत्नीहरूको साम्यवाद' प्रस्तावित बन्यो, बुद्धिकै अभिप्राप्तिलाइ। जीवनको प्रतिबिम्ब हुन्छ कला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नितान्त बुद्धिसंगततापूर्वक विकसित भइरहेको छ जीवन, कलालाइ यै यथार्थ मात्र प्रस्तुत गर्न लाउनुपर्छ, गर्न दिनुपर्छ सुनाए प्लेटोले ।

पूर्वज्ञान-को कथा भिन्दै थियो । पूर्वजन्मवाटको 'संस्मरण'-ले यस जन्ममा वस्तुहरू चिनिन्छन्, जानिन्छन्, वातावरण मात्र बनाइदिनु प्रशिक्षकको काम । पूर्वज्ञान-ले पढ्नू उद्देश्यले 'विशेष लेख'-हरू प्रचारित गरिए होलान्, माथि त्यसैले लेखेको । प्राचीन यस शिक्षा विधिको यै 'संस्मरण ज्ञानले बालक दले लामाले आफ्ना पोस्तकहरू चिन्थ्यो सुनेका छौं ।

वैचारिक लेखहरूवाटका भावना संवेग आफ्ना रचनामा समाविष्ट गर्न सकून्, हाम्रा कवि लेखकहरूलाइ हाँक हो हाम्रो, फत्को भुल्को उम्लन्छन् सम्पादक दुई ।

आत्मपरक, भ्रान्तिमय उद्घोषण । अरूले अरू भ्रान्ति नै भन्नेछन्, थप्नेछन् । यहाँ भ्रान्तिहरूको अभिनय छ, क्रिडा छ, लीला छ ।

जीवनसंग अर्थात् जीवनमा यहाँ भ्रमहरू मात्र छ यथार्थ जानेको एकछिन पनि नबिर्सिएको लेखन, लीला लेखन, 'बित्थाहरू'-को लेखन चढाइमा एक अखटो कर्‍यौं ।

जगत् मिथ्या जानेका पनि जीवनमा रमण गर्दछौं । जीवनमा रमण गर्दैका पनि हामी जगतको मिथ्यात्व बिर्सदैनौं । सांसारिक हर्ष क्लेश नै सम्पूर्ण हुन्, संसार नित्य छ, आभासका रचना नकोरौं लाग्छ । धारणाहरूका पाक्षिक दृष्टिहरूले उज्याल्न नसक्ने सदाको त्यस विद्यमानतालाइ पनि सधैं लेखौं लाग्छ। कृतिमा (प्रवचनले) होइन, कृति (–को संरचना)–ले त्यो लेखौं लाग्छ ।

फ्र्याङ्क करमडको द सेन्स अव् एन् एन्डिङ-मा क्रिस्तानी प्रतीक्षाको महाप्रलय र आख्यान लेखनको अधिति यहाँ सम्झँदै छु ।

मानेका सांसारिक मूल्यहरूलाइ शंकात्मक अंकनले ठुङ्गिरहेकै अनुरूप लेखनलाइ अविश्वास पनि गरौं कि; शंका (आधुनिक लेखनमा 'व्यंग्य' भनिएको) हाम्रो पत्यारो छ ।

प्लेटोका उन्नाइसौं सयसालका बुद्धिवादी एक शिष्य जन रस्किन अन्ततः शंकाले पिरिएको सम्झें ।

उत्पादन र विनिमयको वास्तविक जगत्मा साहित्यको मूल्य र स्थानको लहर वसाइदिनु उसको उद्देश्य र उद्यम थियो—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द पोलिटिकल इकनमी अव् आर्ट र अरू ठेली छन् । सुन र कलाकार उब्जाउन सकिँदैन, पाएकोलाइ परिष्कार र प्रयोग गरिन्छ, साहित्य भौतिक सम्पत्ति हो । साहित्य ज्ञान दिने मात्र मूल्यवान् हुन्छ । सुन नै तर विनिमयको माध्यम मात्र हो, मुद्रा झैं तथ्यहरूका ज्ञानका परिरक्षण र संचारणलाइ । साहित्यिक कृतिका आभासिक मिथ्याभित्र गर्भित सत्य स्थित हुन्छ । (रस्किन यहाँ प्लेटोसित फाटे जो कलात्मक असत्यहरू, 'आलसी कल्पनाहरू',–भित्र अन्तर्निहित सत्य हुने मान्दैनथे ।) साहित्यलाइ भौतिक धन मान्य गराउने बौद्धिक प्रचेष्टामा साहित्य उपयोगिताको वस्तु हो तिनले जिद्दी गरिरहे, द्रव्य झैं साहित्य प्रयोजनीय हुँदैन प्रत्यक्ष हुँदै पनि । ज्ञान र साहित्यलाइ विनिमय र पण्य मूल्यको दऱ्याउने, आर्थनीतिक नैतिकता र कलात्मक सौन्दर्यबोध अभिन्न तुल्याउने उनका संज्ञात असफल प्रयत्न थिए ।

बौद्धिकतालाइ पछयाई कति विघ्न विरोधतामा आफु पुगेको दृष्टान्त देखेर रस्किन आशंकित बने, लेखेकोलाइ आफैंले अविश्वास गर्नुपर्ने बाटो देखे: 'कला जति सुन्दर उति नै सारतः आफु भुलमा भएका थाह पाएका व्यक्तिहरूको कृति हुन्छ त्यो । उनीहरूको लक्ष्यबाट हुने अपरिहार्य त्रुटिको संज्ञानले त्यस अपरिहार्य श्रेष्ठता चिह्नित हुन्छ, 'अनि असफलताको अनवरत ज्ञान जाग्दछ उनीहरूका आँखा पवित्रतम सत्यहरूप्रति निरन्तर उघ्रेकोबाट ।'

श्रेष्ठतर सत्य यसरी नै देख्दै पछयाउँदै आयाम वाङ्मय आज ऐले यहाँ यता आइपुगेको छ ।

बौद्धिक संगतिमा धेरै वर्षपछि अन्तमा देखें : लीला मात्र रहेछ यहाँ धारणा र विचारणाहरूको । यस गृहितिलाइ शंका र व्यंग्य गर्ने आवश्यकता अब परेको छैन । यसमा प्वाल आए दुल्कोदेखि अर्को सत्यको ढाड र टोपी देखौंला ।

१५/१ तुङ्गसुंग पथ, दार्जिलिंग ○

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—डोरबहादुर विष्ट

राष्ट्रिय एकता

'मेरा साना दु:खले आर्ज्याको मुलुक होइन,
सबै जातको फूलवारी हो, सबैलाइ चेतना – भया'[१]

—श्री ५ बडा महाराजाधिराज
पृथ्वीनारायण शाह ।

नेपालको राष्ट्रिय एकताको आधार त्यसै बेला भएको थियो जुन बेला श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहले यस देशलाइ 'सबै जातको फूलवारी'[२] बनाउने सपनालाइ साकार पार्ने अर्ती दिएर गएका थिए।

त्यस बेलादेखि नै देशको राजनैतिक एकता अक्षुण्ण रहिआएकै छ। खालि फूलवारी बनाउने काममा मात्रै हामी ढिलो पर्न गएछौं। धेरै काम गर्न बाँकी छ। यस दिशातर्फ एकातिर थोरै मानिसको लागि फूलबारी मात्र नभएर यो देशले समय समयमा इन्द्रको विलास पुरी पनि भैदिएको छ तर एक करोड भन्दा बढी नेपाली जनताको लागि चाहिं यहाँ एकता र एकाम्यता रही नै आएको छ एउटै कुरामा। त्यो हो—गरिबी, अशिक्षा र पछौटेपनको एउटै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अँगालोभित्र गुडुल्किएर बस्नमा यही अवस्थाबाट पिरोलिएका राजा श्री ५ त्रिभुवनले फेरि एक पल्ट राष्ट्रिय एकताको अर्ती दिएर गएका थिए। जहानिया शासनको बिरोधमा आफ्नो ज्यान र राज सत्ता समेतलाइ ठूलो खतरामा हालिदिएका थिए। यसरी खतरा मोल्ने आँट गर्ने राजाको विश्वास चाहिं शोषित र पीडित नेपाली जनतामाथ नै थियो जुन जनताको लागि यो नेपाल फूलबारी बनाउन बाँकी नै थियो। राष्ट्रिय एकताको बलियो आधार तयार गर्ने कामको थालनी मनुं बाँकी नै थियो।

त्यसपछि नेपालको राष्ट्रिय एकतामा आँच आएको देख्ने अर्का राजा थिए श्री ५ महेन्द्र। राष्ट्रिय चेतनाको साथै अधिकार र साधनहरूको वितरण क्रिया समाजको सबै तहमा पुग्ने गरी पञ्चायती व्यवस्थाको प्रतिपादन र सम्बर्द्धन गर्ने कार्यमा श्री ५ महेन्द्रको धेरै ठूलो गुन यो देशले बोकेको छ। त्यसपछि आजको अवस्थामा राष्ट्रिय एकताको उकालो अभियानमा कृत संकल्प भएर अघि बढेका राजा श्री ५ वीरेन्द्र देखिएका छन् जसको ममतापूर्ण अभिव्यक्ति हाम्रा देशमा कोही भोका नाङ्गा नरहून्, ओखती मूलोको अभावमा कसैले दुःख भोग्नु नपरोस्, 'भोका नाङ्गा र रोगले पीडित जनताप्रति मेरो प्रत्यक्ष जिम्मेवारी छ' आदिले देशको एकताको अवस्थाको संकेत प्रष्टसंग गरिरहेछ। एउटा गरीब देशका जनतालाइ एउटै राष्ट्रियतामा आवद्ध गर्ने माथिको उद्गार तिनले संकेत गरेको भावनाभन्दा ठूलो कुरा अरू के हुन सक्छन्? राष्ट्रिय एकता भावनात्मक कुरा मात्र होइन काम र मामको लागि सधैं भोगिरहनुपर्ने प्रत्यक्ष अनुभव पनि यसको सम्बर्द्धन वा विघटनको ठूलो कारण सधैंभरि भैरहेको हुन्छ। आफ्नो देशमा बसेर पेटभरि खान, भाङभरी लाउन र साहूको ऋण तिर्न नसकेर लाखौंको संख्यामा विदेशिनुपर्ने गरीब तर उत्पादनशील काम गर्ने उमेरका नेपालीलाइ सधैंभरि राष्ट्रिय एकताको भावना संगाले र राख्ने बलियो आधार धेरै हुन सक्दैनन्।

अशिक्षित तथा रोगी जनतालाइ सधैंभरि राष्ट्रिय एकताको पाठ पढाएर बस्तैमा राष्ट्रिय र एकता जोगाएर राख्न सकिन्छ भन्ने ठान्नु व्यावहारिक वा यथार्थवादी कुरा हुन सक्तैन किनभने राष्ट्रिय साधनहरूको असमान वितरणलाइ नै राष्ट्रिय एकताको सबैभन्दा ठूलो बाधा ठान्नुपर्छ। एकताको सम्बर्द्धनको लागि आपसी सहयोग, सद्भावना र मेलमिलापको वातावरण अनिवार्य हुन्छ। तर आर्थिक र सामाजिक असमानताले व्याप्त आपसी ईर्ष्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र असन्तुष्टिले समाजको दृष्टिकोणलाइ दुषित पारेको समयमा राष्ट्रिय एकताको चर्चा गर्नु हास्यास्पद हुन्छ ।

कहिले काहिं चर्चा उठ्छ भाषागत एकताको धेरै थरी भाषा बोल्ने विभिन्न जातको अस्तित्वले गर्दा राष्ट्रिय एकतामा बाधा पर्न जान सक्ने हुनाले एउटै राष्ट्र भाषाको प्रचार देशभरि भैदिएमा अनेकताको डर हराउने सम्भावना देख्ने थुप्रै मानिस हुन्छन् । किनभने भाषा अवश्य पनि मानिसलाइ एउटा सामाजिक प्रक्रियामा र व्यवहारमा समिप ल्याउने सहयोग पुन्याउने एउटा मुख्य आधार अवस्था पनि हो । यसमा कुनै शंका रहने ठाउँ नै छैन । तर देशभरिका सबै नेपाली जनताले एउटै राष्ट्रिय भाषा बोल्ने अवस्थामा राष्ट्रिय एकता बलियो हुन्छ भन्ने ठाउँ चाहिं समस्याको मर्मलाइ राम्रो नबुझेको मान्नुपर्छ । स्वीट्जरलैण्ड जस्तो तीन वटा राष्ट्रिय भाषा बोल्ने देश पनि राष्ट्रिय एकता अक्षुण्ण राख्न सफल र समर्थ छ । साँच्चै कुरा भन्ने हो भने संसारमा ज्यादै थोरै देश होलान् कतैकतै जहाँ एउटै भाषा मात्र बोलिंदै होस् । हामीले थाहा पाएका जाने सुनेका सबैजसो नै देशमा एक होइन अनेक भाषा नै बोलिने गर्छन् । नजिकै छिमेकको हिन्दुस्थान र चीन मात्रै होइन जहांको पनि अवस्था यही हो । तैपनि सबै ठाउँमा भाषागत झगडा भएको देखिंदैन । त्यसले हाम्रो देशमा पनि अनेक थरीका भाषा बोल्ने मानिसको अस्तित्व हुनलाइ राष्ट्रिय एकताको बाधक ठान्नुपर्ने कुनै आवश्यकता छैन । सबै जनाले एउटै नेपाली भाषा बोल्ने गरेमा झगडाको सम्भावना थोरै रहने छ भनिठान्नु पनि बिलकुलै जरूरी छैन । किनभने संसारका विभिन्न भागमा एउटै भाषा बोलेर पनि अलग अलग राष्ट्रको रूपमा विभाजित रहेर बसेका धेरै उदाहरणहरूको कमी छैन ।

अष्ट्रेलिया र न्यूजिलैण्ड दुबै देशमा एउटै अंग्रेजी भाषा बोलिन्छ । अनि दुबै देशका प्रवासी अंग्रेजहरू संयुक्त अधिराज्यबाटै गएका हुन् । दुई देश आपसमा त्यति विघ्न टाढा पनि छैन तैपनि ती दुइ अलग राष्ट्रको रूपमा बसेका छन् । संयुक्त राज्य अमेरिका र क्यानाडा ३००० किलोमिटरभन्दा बढी लामो सिमाना जोडिएको र भाषा, संस्कृति, जातीयता सबै एउटै भएर पनि दुइवटा अलग्गै देश भएर बसेका छन् । जुन देशमा एकभन्दा बढी विकसित साहित्य बनिसकेको भाषा बोलिने गर्छ भने त्यहाँ एउटै भाषा सबैले बोलिदिनाले मात्र समस्या समाधान हुन्छ भनिठान्नु जरूरी छैन । बोल्न त सबैले बुझ्ने, व्यावहारिक भाषा बोल्ने, अध्ययन गर्ने र बुझ्ने जांगर सबैले नै लिइहाल्छन् । बरु नेपाली भाषाको विकास गर्दा संस्कृत भाषाको आवश्यकताभन्दा बढी आ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर भाषा विकास गर्नाले भाषा बन्दैन । त्यसैले राष्ट्र भाषाबारे कुनै वाद–विवादको प्रश्न रहँदैन । त्यसले गर्नु पर्ने काम गरिरहेकै हुन्छ । कुरा कति हो भने हाम्रो देशमा दर्जनौ भिन्नाभिन्नै भाषा बोलिएको देखदा कसै कसैले कहिले काहीं चिन्ता लिने गरेको देखेर यो प्रसङ्ग यहाँ उल्लेख गरी यसलाइ चिन्ताको विषय ठान्न आवश्यक छैन भन्न खोजिएको मात्रै हो ।

कहिले काहीं धर्म र जातको आधारमा पनि राष्ट्रिय एकताको प्रसङ्ग छेड्रिने गर्छ । देशभरि एउटै मात्रै धर्म मान्ने परम्परा वा एउटै जातीय उत्पत्तिको सबै मानिस भएमा राष्ट्रिय एकतामा कुनै आँच आउने थिएन कि भनी ठान्ने मानिसहरू पनि वेला-वेलामा भेटिन्छन् । तर यसलाइ पनि त्यति ठुलो समस्या ठान्न जरुरी छैन । यस्तो विभिन्न सामाजिक र धार्मिक परम्परा मानेर पनि एउटै राष्ट्रिय सूत्रमा बाँधिएर बसेका हाम्रो राष्ट्र नेपालमा मात्र छैनन् । नजिकै छिमेकको भारत, पाकिस्तान र चीनमा पनि अनेक जातिका मानिस मिलेर बसेका छन् । त्यहाँका विभिन्न जात, धर्म र सांस्कृतिक परम्परा पछ्याएर बसेका मानिसले यस्ता विभेदलाइ लिएर झगडा गरेका छैनन् ।

अनि एउटै जातका मानिस मिलेर बस्न नसकी लडाईं झगडामा अल्झिएको उदाहरण चाहिं आजको उत्तरी आयरलैन्डको स्थितिलाइ लिन सकिन्छ । बेला–वेलामा अनेक देशमा भएका घरेलु युद्धहरूलाइ हेर्दा यिनै उदाहरण पाइन्छन् । त्यसैले यसबारे चिन्ता लिनु पनि आवश्यक देखिंदैन । हाम्रो देश नेपाल 'विश्वको एक मात्र हिन्दू अधिराज्य' भनेर प्रसिद्ध छ । यसैले देश-भित्र र बाहिरका पनि धेरै मानिसले नेपाली सबैलाइ हिन्दू भनिठान्दछन् । अनि हिन्दू भएकोले हिन्दूहरूको विशेषता जातभातको विभाजन हुन्छ भनिठान्नु पनि स्वाभाविकै हो । चार वर्ण तथा अनेक जातका विभाजन हिन्दू परम्परागत सामाजिक प्रचलनको सिद्धान्तले नेपाली समाजलाइ वर्णित गर्न थालेपछि कुनै न कुनै प्रकारको विभाजनभित्र त सबै समूहलाइ पार्न सकिने नै भयो । तर यी विभिन्न समूहको आफ्नै सामाजिक परम्परालाइ गहिरिएर हेर्न थाल्ने हो भने वर्ण तथा जातको विभाजनले सामाजिक व्यावहारिकता र यथार्थसंग अनेक तहमा नमिल्दो स्थितिको सामना गर्नु परेको वास्तविकता नेपालको अनुभव हो । त्यसैले गर्दा यहाँ हिन्दू धर्मका अनेक सिद्धान्त, नीति र नियमहरूले नेपाली शैलीमा ढालिनु परेको अनुभव पनि हामीसंग यथेष्ट छन् ।

यसलाइ निन्दा गर्नु पर्ने बिल्कुलै आवश्यकता होइन । यहाँ जातीय र सांस्कृतिक शुद्धतामा जिद्दी गर्नु हुँदैन भन्ने मात्र यस लेखको आशय हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहुने जातले विधिपूर्वक कन्याकेटी बिहे नगरी विधवा बाहुनी वा कन्याकेटी स्वास्नी राखेपछि जन्मिएका छोराछोरीलाइ साधारणतया बाहुन भनी मान्न नहुने भए पनि नेपालमा चाहिं जैशी बाहुन[३] भन्ने संज्ञा दिएर उनीहरूलाई उपाध्याय बाहुनभन्दा केही मात्र तलको स्तरमा स्वीकार गरिएको छ ।

त्यस्तै बाहुनले अथवा जैशी बाहुनले पनि शुद्रलगायत तल्ला जातकी स्वास्नी राखेर जन्म भएका सन्तानलाइ खत्री भन्ने संज्ञा दिई क्षत्रीयको रूपमा मान्ने चलन नेपालको अर्को विशेषता हो । जात उकाल्न खोज्ने हो भने शुद्र जातको बाहुनसंग बिहे गर्दै सात पुस्तामा उपाध्याय बाहुन बनाउन हुने कुरा मनुस्मृतिमा उल्लेख छ[४] ।

कुनै साना राज्य वा तालुकका प्रमुखको शक्ति बढ्दै गएपछि तिनी-हरूको जात पनि बढ्दै गयो अनि तिनले उच्च दर्जाको क्षत्रीयको अधिकारहरू पनि लिए । वर्णको आधारलाइ मान्ने हो भने यसरी मङ्गोल आकृति र धामीको माध्यमद्वारा मात्र देवता मान्ने कति ठकुरीहरूलाइ क्षत्रीयको उपाधि दिन मिल्ने थिएन । यस्तै गरी मनुस्मृतिको नियमलाइ राम्रै गरी मान्ने हो भने खस र किरांतहरूमा स्तरको फरक छैन[५] । तैपनि यहां करिब सबै जसो खसहरू-लाइ नै क्षत्रीको उपाधि र अधिकार दिइयो । कर्णाली अंचलका क्षेत्री र ठकुरी-समाज र तिनका चालचलनलाइ हेर्दा यसवारे धेरै कुरा प्रस्ट हुन्छन् । तर यही नै नेपालीपन हो, यही नै नेपाली विशेषता हो । यस्तै अनुभवहरूले गर्दा यहांको समाजलाइ आफ्नै प्रकारको वनोटमा ढालिदिएको छ । यसलाइ निन्दा गर्नु पर्ने बिल्कुलै आवश्यकता होइन । यहां जातीय र सांस्कृतिक शुद्धतामा जिद्दी गर्नु हुँदैन भन्ने मात्र यस लेखको आशय हो । यहां हिन्दू, बौद्ध, इस्लाम धर्मका पनि अनेक सानासाना सम्प्रदायलाइ औपचारिक रूपमा मान्नेहरू मात्र होइन, धेरै ठूलो संख्यामा धामीलाइ धार्मिक रूपमा स्वीकार गर्ने र वोन धर्म मान्नेहरू पनि छन् । तर यहांको विशेषता चाहिं आफ्नै प्रकारको रहिआएको छ । यी सबै मानिस भावनाले नेपाली छन् र आपसमा धर्म वा सम्प्रदायको नाममा झगडा वा विवाद गर्नु पर्ने आवश्यकता देख्तैनन् ।

जातीय उत्पतिको हिसावले हेर्ने हो भने पनि यहां सबै दिशाबाट आएका अनेक थरि अनुहारको बनोट र छालाको रंग भएका मानिसहरूको सम्मिश्रण राम्रै संग भैसकेको छ । यहां सबै अवस्थामा अनुहार हेरेर जात छुट्याउन सकिंदैन । न धर्म नै छुट्याउन सकिन्छ । राम्रै संग छुट्याउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिने चाहिं आर्थिक विषमताको स्तर मात्र हो। अनि त्यसैले राष्ट्रिय एकतामा कुनै खतरा र समस्या छ भने त्यही आर्थिक विषमतावाट मात्रै छ।

नेपालीहरूलाइ केही मात्रामा विभाजित गर्ने अर्को एउटा आधार थियो भौगोलिक वा क्षेत्रीय पृथकता। उत्तरको हिमाल क्षेत्रलाइ भोट भन्ने चलन भएको हुनाले त्यताको धेरै जाडो हुने अग्ला उपत्यकाहरूमा बस्ने मानिसलाइ भोटे, दक्षिणको समथर मधेसमा बस्नेलाइ मधिसे, बीचको पहाडमा बस्नेलाइ पहाडी भन्नुको साथै काठमाडौं उपत्यका लगायत अधिराज्यभरिका अरू विभिन्न क्षेत्रमा परम्परादेखि वसिआएका नेपालीलाइ स्थान विशेषको नामले चिनाउने वा जाति विशेषको नामले स्थान विशेषको नाम राख्ने पुरानो चलन थियो। त्यसै आकारमा थारुवानको थारू, खसानका खस, मगरातका मगर, लिम्बुवानका लिम्बू, किरांतका किरांती आदि आदि भन्ने चलन थियो। आज अधिराज्यभरि विकसित हुँदै गएको, संचार तथा यातायातको साधन, विभिन्न वर्ग र तहका मानिसहरूको सामाजिक समन्वय फैलिदै गएको, शिक्षाको सुविधा र प्रशासनिक एकाइहरूको विकेन्द्रीकरण आदि आदि विकास कार्यहरूले गर्दा राष्ट्रिय भावना-को व्यापक विस्तार तथा राष्ट्रिय एकताको चेतना वृद्धि भएको कुरा स्पष्ट हुँदैछ। त्यसैले राष्ट्रिय एकताको आधार के के हुन् भन्ने कुरा सबै नेपालीलाइ प्रस्ट भैसकेको छ।

यातायातका जति साधनहरू सजिलोसंग उपलब्ध हुन थाल्छन् उति नै अधिराज्यभरि मानिसहरूको आवत जावत र आपसमा सामाजिक तथा आर्थिक कारोवारको सम्बन्धहरू बढ्दै जान्छन्। त्यस्तो समयमा नेपालीहरूले जात, भाषा वा धर्मको आधारमा आपसी सम्बन्धहरूलाइ सीमित र संकुचित घेराभित्र राखेको देखिदैन। एक समुदायको भाषाका सजिलो पर्ने शव्दावलीहरू अर्को समुदायको भाषाभाषीहरूले सजिलोसंग प्रयोग गर्ने गरेको अनेकौं उदा-हरणहरू पाइन्छन्। वास्तवमा कुनै पनि भाषाले समयानुकूल प्रगति र विकास गर्दा अन्य भाषाका शव्दहरू प्रयोग गर्न धेरै सजिलो पर्न जान्छ। त्यसैले भाषा समुदायहरूको पृथकता यथार्थमा समस्यामूलक हुन सक्तैन। समस्या त त्यसै वेला सिर्जना हुन्छ जुन बेला एउटा भाषा समुदायले राष्ट्रिय स्रोतहरूको बढी एकलौटी उपयोग गर्ने र अन्य भाषा समुदायका व्यक्तिहरूको शोषण गर्ने काम भैरहेको हुन्छ। त्यस वेला शोषितहरू जतिले विरोध गर्नुपर्दा कुनै पनि एउटा उपाय वा निहुं खोज्न सजिलो पर्ने कारणहरूका खोजी गर्ने गर्छन् र यदि त्यसमा भाषाको निहुँ समात्न सकिन्छ भने भाषाकै निहुँ झिक्ने गर्लान्। त्यस्तो अवस्था-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा सिर्जिएको साम्प्रदायिक समस्यालाइ भाषागत समस्या भनी ठान्नु आवश्यक छैन । उदाहरणको लागि काठमाडौं उपत्यका वरिपरिका पहाडमा वस्ने तामांगहरू काठमाडौंको विकसित अर्थव्यवस्थाद्वारा शोषित छन् । त्यसैले उनीहरूले कुनै दिन विरोधमा आवाज उठाए भने तामांग जातले वा तामाङ भाषा बोल्नेहरूले उठाएको समस्या हुनाले त्यसलाइ साम्प्रदायिक समस्या भनी ठानेर त्यसको विवेचना गर्न खोजियो भने समाधानको उपाय भेट्टाउन गाह्रै पर्ला ।

धार्मिक सम्प्रदायको पृथक्ताले समस्या उत्पन्न गरेको उदाहरण पनि धेरै पाइँदैन । आर्थिक विषमताको कारणले उत्पन्न समस्यालाइ धार्मिक पृथकताको निहुँ देखाइएको मात्र हुन्छ । तामाङको उदाहरण लिँदा साधारणतया बौद्ध धर्मावलम्बी अरु यथार्थमा लामा धर्मावलम्बी उनीहरू काठमाडौंको रांगा बोका वलि दिनुपर्ने थुप्रै चाड पर्वमा साथ लागेर काम गर्दै आएका छन् । उनीहरूको धर्मले त्यसलाइ बाधा दिएको छैन । त्यस्तै हिन्दू धर्म मान्ने बाहुन, ठकुरी र क्षेत्रीहरू धामी, झांक्री भै हिंडेका अनगिन्ती उदाहरण पश्चिम पहाडमा पाइन्छन् । अर्को उदाहरण चाहिं पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल पहाडमा वस्ने धेरै पहाडी मुसलमानहरूको स्थानीय हिन्दू धर्म मान्ने माथिल्ला जातका परिवारसंगको सामाजिक हेलमेलमा पाइन्छ ।

परम्परादेखि पानी नचल्ने भनी मानिआएका कामी, सार्कीहरूले धामी झांक्री वनेर माथिल्ला जातका मानिसको धार्मिक र रोगव्याध निको पार्ने काम मात्र होइन देवताको प्रतिनिधि वनेर पूजा खाने गरेको अर्को थरी उदाहरण पनि अधिराज्यभरि विभिन्न ठाउँमा पाइन्छ ।

मनुस्मृति जस्तो धर्मशास्त्रको नियमको आधारमा हेर्ने हो भने नेपाली हिन्दूहरूले एक होइन अनेक प्रकारले नियम भत्काएका छन्—बंग्याएका छन्–बेवास्ता गरेका छन् । किनभने यस्तो गर्नु नै यथार्थ जीवन हो, व्यावहारिकता हो । नियम जिउनको लागि हुन्छ । जीवन नियमको लागि हुन सक्तैन ।

आदिकालदेखि पूर्वतर्फबाट पहाडैपहाड सर्दै आएका किरांत र पश्चिमतर्फबाट पहाडैपहाड पस्दै आएका खस यी दुई वर्गको सम्मिश्रणबाट फस्टाएको नेपाली जाति र यी दुईमाथि दक्षिणतर्फबाट थपिएका लिच्छवी समेत गरी खास गरी यी तीन वर्गको सम्मिश्रणले वनेको नेवार समाज र यी तीनै थरी मिसिएर बनेको समाजको प्रयासद्वारा निर्मित र विकसित उपत्यका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रको नगर सभ्यतालाइ नेवारी सभ्यता भन्ने चलन कालान्तरमा बस्दै गयो। तर यसलाइ नेवार भनिने एउटा अलग जातले मात्र निर्माण गरेको सभ्यता र यस्तो सभ्यता र संस्कृतिका निर्माण गर्ने यी आफ्नै उत्पत्तिको नेवार भन्ने अर्थ लगाई उत्पत्ति नेपाल बाहिर खोज्न प्रयास गर्न आवश्यक नभएको मात्र होइन वान्छनीय पनि छैन। सबै कुरा बाहिर कतैबाट आएको हुन जरुरी छैन।

संसारका सबै ऐतिहासिक प्रभावशाली सभ्यता र आजको औद्योगिक सभ्यता क्षेत्रमा केही दुर्गम भाग हुन्छन्। केही अविकसित र अपरिष्कृत समाज हुन्छन्। कालान्तरमा ती मानिसको समाजले सभ्यताको केन्द्रलाइ विदेश जस्तो र केन्द्रमा बस्ने मानिसले पनि ती दुर्गम भागमा बस्ने मानिसलाइ आफुभित्रको नभै अलग उत्पत्तिको मानिस ठान्ने परम्परा र प्रवृत्ति बढ्दै जानु नौलो कुरा होइन। यस्तै कारणले गर्दा आजको संयुक्त अधिराज्य भनिने बेलायतमा स्कटिस एकातिर, वेल्स अर्कोतिर तथा उत्तरी आइरिस समुदाय अरु अर्कोतिर फर्केर पृथकतावादी खिचलो निकाल्दै छन्।

भारतको अरुणाचलतिर समय समयमा निस्कने नागा समस्या, संयुक्त भारत फुटेर भारत र पाकिस्तान बनेको उदाहरण, पाकिस्तान फुटेर बंगाल देश बनेको उदाहरण आदिको पछाडि केलाएर हेरेमा असन्तुलित आर्थिक विकास तथा साधनहरूको असमान वितरण नै मुख्य गरी फेला पर्छन्। अनि आजको जनवादी गणतन्त्र चीनमा पचपन्न थरी विभिन्न जातिहरूको अस्तित्व भएर पनि झगडा जाति वा भाषाको आधारमा देखिंदैन। राजनैतिक सिद्धान्तको झगडा चाहिं चीनव्यापी रूपमा भएको अवस्था हेर्दा मेल र एकता वा फुटको कारण अरू थोकभन्दा आर्थिक असमानता नै हुने गर्छ भन्न सजिलो पर्छ। त्यसैले त्यहां भाषा, धर्म र चालचलनलाइ व्यक्तिगत रूपमा स्वतन्त्र छनोट गर्न पाइन्छ। अरुमाथि दवाव वा शोषण गर्नुपर्ने खालको मात्र हुनु हुंदैन।

जव नेपालीकै पृष्ठभूमिमा हेर्दा नगर सभ्यता र व्यापारिक आर्थिक शोषणका विधि विधानहरू विकसित भैसकेपछि काठमाडौं उपत्यकाभित्रको नगरनिवासीहरूले बाहिरका अरू नेपालीभन्दा आफुलाइ बढी शिष्ट, सम्पन्न तथा परिष्कृत ठान्न थाल्नु र आफ्नो उत्पत्तिलाइ वरिपरिका दाजुभाइभन्दा अलग रहन सकेसम्म टाढा ठान्ने चलन बसाउँदै लैजानु कुनै अनौठो कुरा थिएन। सभ्यताको इतिहासमा संसारभरिका सबै सभ्यता क्षेत्रमा सहरभित्र बस्नेहरूले अरूलाइ तिरष्कार गरेको, त्यसले धेरै लडाईं झगडा निम्त्याउने गरेको कुरा ऐतिहासिक तथ्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले तेह्रौं शताब्दीदेखि अठाह्रौं शताब्दीसम्मको समयमा आइपुगेका काठमाडौं उपत्यका निवासीहरूले आफुलाइ हरप्रकारले माथिको ठान्ने, आफ्ना थर जात बदल्ने, नाम बदल्ने रीतिरिवाज र चलन परम्परालाइ भारतीय उच्च जातको अनुकरण गरी समान रूपमा ल्याउने उपायहरू पछ्याई आसपासका आफ्ना दाजुभाइभन्दा आफुलाइ फरक तुल्याउने प्रयत्न गरेका थिए। जयस्थिति मल्लको समयमा नेवारहरूलाइ तल माथिको जातमा वर्गीकरण गर्दा भारतबाट मिश्र बाहुनहरू झिकाएर सल्लाह लिएका थिए। माथिको जातले राँगो रक्सी खान नहुने चलन पनि बनाएका थिए। त्यस वेलासम्म जोसुकै र जहां सुकैबाट आएर यो नेपाः भनिने ठाउँमा बस्ने जतिलाइ नेवाः भन्ने चलन बसेको हो। किरांत भाषाका[६] यिनै नेपाः र नेवाः शब्दहरूलाइ खस भाषाले आफुभित्रको प्रयोगमा ल्याउँदा 'नेपाल' र 'नेवार' भन्न थाल्यो।

वरिपरिको पहाडमा नेपाल र नेवारहरूको प्रतिष्ठा र इज्जत बढ्न थालेपछि त्यस वेलाका नेवारहरूले क्रमशः घमण्डी र धाकधक्कु लगाउने बानी सिक्दै लगे। पूजाआजा, जात्रा, चाड र भोज भतियारको झिलीमिली र रमाइलोले केही अल्छी र अयसी बानी बसाल्दै लगे। त्यसपछि यस समाजले विस्तारै आपसमा फुट र वेवास्ता गर्ने पना बसाउँदै लगेर आफुभित्रको सहीष्णुता र उदारतालाइ पनि बिसंदै गए। त्यस्तो अवस्थामा राजनैतिक र राष्ट्रिय एकता कायम रहन नसक्नु अति स्वाभाविक हुने नै भयो।

अनि अन्तमा आफैंभित्र गुम्सिएर आफैंलाइ मात्र ठुलो मानिस तथा उन्नत मानिस ठान्ने बानी लागेका नेवारहरूलाइ आजभन्दा एक सय बाइस वर्ष अघि बनेको नेपाल अधिराज्यको मुलुकी ऐनले ज्यादै ठुलो अपहेलना र बेवास्ता गरिदियो। उदाहरणको लागि सत्रौं शताब्दीको सुरूमा राजा रामशाहले बांधेको थितिमा खस मगर तथा नेवारलाइ एकै तहमा राखेर एकै प्रकारको अपराधको लागि एउटै सजायँ[७] तोकिदिएको छ। तर त्यसको झण्डै एकसय पचास वर्षपछि बाँधिएको थितिमा खस, मगर, गुरुङको लागि उस्तै प्रकारको अपराधमा एउटा सजायँ तर नेवारहरूको लागि भिन्नै सजायँ तोकिएको देखिन्छ।[८]

अरू पछि वि. सं. १९१० मा बनेको मुलुकी ऐनले प्रस्ट रूपमा माथिका जातका नेवारलाइ तागाधारी सरह नमानी नमासिने मतवाली जातमा उल्लेख गरिएको छ[९]।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खस समुदायबाट हालै मात्र राजनैतिक सफलता हासिल गरी देशको सम्पूर्ण शासन गर्ने अधिकार लिइसकेका जंगबहादुर र उनका आफ्नै भाइ भतिजालाइ पनि जात भात बदलेर आफ्नो पुर्खौली भारतीय उच्च घरानाका राजपुतहरू संग गाँस्नु थियो । अनि नेपालको राजघरानासंग बिहाबारीको सम्बन्ध बढाउनु थियो । त्यसैले आफ्नो अवस्था उठाउन पाउँदा अरूको अवस्था तल झर्ने वा देशभित्र फुटको वातावरण आउने सक्ने सम्भावनासंग उनीहरू त्यति विघ्न सजग रहन सकेनन् ।

त्यसैले त्यस बेला एक चोटि राष्ट्रिय एकतामा अर्को आघात पर्न गयो । नेपाल अधिराज्यमा अनेक वर्गले साम्प्रदायिक भावनालाइ बढावा दिने प्रोत्साहन पाए । राष्ट्रिय एकताको सम्वर्द्धन गर्न बाटो नै पाएनन् । राजनैतिक अधिकार पाएको परिवार तथा उनका नजिकका आफन्तहरू, शुभेच्छुकहरूले मिलेर बनाएको मुलुकी ऐनले राष्ट्रिय एकताको बारेमा चिन्ता नलिनु स्वाभाविकै थियो । उदाहरणको लागि वि. सं. १९१० मा बनेको मुलुकी ऐनमा सही गर्ने जम्मा २१९ जना भारदार कर्मचारीहरूमा राणाजी मात्र ३२ जना, शाहहरू ४ जना र अरू क्षेत्री, बाहुन सबै गरी जम्मा ६८ प्रतिशत र बाँकी ३२ प्रतिशतमा नेवार, गुरुंग, मगर, घर्ती र जात नछुट्टिएका केही मानिसको नाम देखिन्छ । तर यो ३२ प्रतिशतमा सुब्बाभन्दा माथिको दर्जाको कोही छैनन् । अरु धेरै त डिठ्ठा, खर्दार, मुखिया, द्वाऱ्या, सुवेदार आदि नै छन् ।

त्यसैले आजका हामी नेपालीले इतिहासबाट सिकेको पाठ हेरेर मोलिका हाम्रा सन्ततीको लागि राष्ट्रिय एकताको सम्वर्द्धन गर्ने परम्परा बसाइदिन खोज्ने हो भने हाम्रो अगाडि यथेष्ट सबुदहरू छन् । बुझ्न खोज्ने हो भने संकेतहरू छन् ।

यहाँ राई लिम्बू, थारू, तामाङ, खस, बाहुन, नेवार भन्ने विभिन्न नाम थर भएका र विभिन्न भाषा बोल्ने जात भएको हुनाले राष्ट्रिय एकताको सम्वर्द्धनलाइ बाधा पर्छ भनी ठान्नेहरूलाइ राम्रै गरी होसियार बनेका भनेर मान्नु पर्दैन । त्यसैले सबैको एउटै नाम र सबैको एउटै मात्र भाषा हुने गरी बल गर्दै लैजानाले राष्ट्रिय एकतालाइ सहयोग मिल्छ भनी ठान्नु विवेकरहित अहमी कुरा मात्र हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम जात थरको भिन्नताले कसैलाइ हानि गर्दैन । त्यो मानिस चिनाउने परिचय गर्ने माध्यम मात्र हो । त्यस्तै भाषा पनि सामाजिक संस्कृतिको अभिन्न अंग हो । विविधतामा सौन्दर्य तथा रोचकता पनि हुन्छ । मानिसं पिच्छे भिन्नै प्रकारको पोसाक तथा पहिरन भएका मानिसले आपसमा मिलेर बस्न सक्दैनन् भनेर सबैले लवेदा सुरुवाल र कोट, टोपी लगाएर हिंडेपछि मात्रै राष्ट्रवादी बनिन्छ, त्यसैले सबैलाइ लवेदा सुरुवाल लगाउन लाउनुपर्छ भनी ठान्नु हाँसो उठ्दो कुरा नभए के हुन्छ त ?

त्यसैले आर्थिक विकासको प्रतिक्रियालाइ जति सकेको व्यापक बनाउने प्रयत्न हुन पर्थ्यो । राष्ट्रियता र आर्थिक गतिविधिलाइ बलियो टेवा दिने खालको सफल शिक्षाविधिको कार्यान्वयन हुन पर्‍यो । यदि ऐतिहासिक कालका गल्तीहरूबाट राष्ट्रिय एकताको बारेमा हामीले शिक्षा लिने हो भने धेरै नै छन् ।

किरात, खस र लिच्छवीहरू मध्येबाट सुरू भएका नेवारहरूले काठमाडौं उपत्यकाको उर्वरा भूमि तथा तिब्बत र भारतको व्यापार मार्ग दुवं साधनको राम्रो उपयोगद्वारा सम्पन्नता हासिल गरेपछि दूरदर्शिताको अभावमा एकता हराउँदै गएका हुन् । तर दुर्भाग्यको कुरो आज पनि कति जना वर्गीय भावनालाइ एकताको आधार भनी ठान्छन् ।

आजको झापा र मोरङमा बस्ने राजवंशीहरूको पनि यस्तै ऐतिहासिक पृष्ठभूमि छ, सुरुमा कोच वा कोचे भनिने, अनि महाभारत पुराणमा उल्लिखित किचकसंग प्रत्यक्ष सम्बन्ध भएका हजारौं वर्षदेखि त्यसै क्षेत्रमा बसी आएका कोचहरूले आफ्नो राजनैतिक शक्ति र आर्थिक उन्नति भएका वेला त्यस समाजलाइ प्रतिष्ठा र इज्जत प्रदान गर्ने लोभमा शक्तिवान्ले मात्र ठुलो जात बनेर राष्ट्रिय एकतालाइ गुमाएका थिए[१०] । आजका हिन्दू राजवंशी, मुसलमान राजवंशी र कोचेहरू सबैको एउटै उत्पत्ति भए तापनि ज्यादै अमिल्दो गरी बाँडिइसकेका छन् ।

कर्णाली प्रदेशका खसहरूले यसै गरी आफुलाइ ठकुरी, थरी, क्षेत्री, मतवाली आदि तहमा बाँडेर आपसमा वेमेलको स्थिति ल्याउन पुगे ।

थाक खोलाका थकालीहरूले तिब्बतको नुन र ऊनको व्यापारबाट सम्पन्न बनेपछि राजनैतिक महत्वाकांक्षा लिए । अनि त थर जात मात्र होइन धर्म सांस्कृतिक आधार समेत बदल्न थाले । त्यसपछि थकाली समाजमा त्यति विघ्न आपसमा मेल र एकता देखिदैन जति आजभन्दा २५।३० वर्ष अघिसम्म थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जंगबहादुरको समयदेखि राणा भनिन थालेका खस कुंवरहरूले आफुलाइ खसबाट अलग्याएर राजपुत बनाउने प्रयासमा फेरि एक पल्ट त्यस्तै इतिहास दोहऱ्याए। त्यसपछिको अर्को अपठेरो अवस्थामा धकेलिएका चन्द्रशम्शेर राणाले राणाजीको ए बी. र सी वर्गमा विभाजित गरी आफैभित्र पनि फुट ल्याएका थिए। आजको अवस्थामा राष्ट्रिय एकताको लागि चिन्ता लिनुमा भन्दा यत्नपूर्वक राष्ट्रिय स्रोत र साधनहरूको सकेसम्म व्यापक वितरण गराउने प्रयत्न गर्नु बढी सामयिक होला। शिक्षा, स्वास्थ्यसेवा र जीविकाको माध्यमहरू अधिराज्यव्यापी तुल्याउने प्रयत्नमा सबै बुद्धिजीवी नेपालीले सहयोग गर्न सके मात्र राष्ट्रिय एकताको सम्बर्द्धन गर्न सजिलो पर्ला। ओहदा, अधिकार तथा सुविधाहरूको उपभोग गर्ने अवसर पाएको वेला आफुभन्दा कमजोर र थोरै सुविधा पाउनेहरूप्रति सहानुभूति र देशका अविकसित भागलाइ विकसित पार्ने चिन्ता लिएर त्यसको लागि प्रत्यक्ष र प्रभावशाली काम गर्न सके धेरै राम्रो हुने कुरा प्रस्ट छ। त्यस काममा पछि पर्नाले अवश्य पनि राष्ट्रिय एकताको लागि बलिया आधारहरू बन्न सक्तैनन्। अनि त्यो अवस्थाको प्रत्यक्ष ज्ञान तथा अनुभवको लागि अधिराज्यभरिका विभिन्न भाषाभाषी जातहरूको सम्पूर्ण पृष्ठभूमि, आर्थिक सामाजिक अवस्थाको अध्ययन गरिनु नितान्त आवश्यक छ।

यस्तै प्रत्यक्ष अध्ययन अनुसन्धानबाट प्राप्त ज्ञान र अनुभवका आधारमा मात्र राष्ट्रिय एकताको जग मजबुत पार्न सकिने छ। धेरै सहुलियत र सुविधाको उपभोग गर्ने सौभाग्य पाएका वर्गले आफ्नोसंग नमिल्दो चलन र विशेषता जतिलाइ मेटिदिएपछि मात्र एकता कायम हुन्छ भन्ने विश्वास गर्नाले माथि उल्लेख गरिसकिएका ऐतिहासिक गल्तीहरू दोहरिने सम्भावना भएको कुरा सबैले बुझिदिएमा सजिलो पर्ने छ। अस्तु।

कोलम्बिया विश्वविद्यालय, अमेरिका

○

टिप्पणी

१. श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहदेवको दिव्य उपदेश, पृ. २८। प्रकाशक, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्व बिभाग, सिंहदरबार, नेपाल

२. " " "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. वि. सं. १९१० मा बनाइएको मुलुकी ऐनमा जैशी जातको उत्पत्तिलाइ यस्तो मानिएको छ, उपाध्याले "उपाध्याका कन्यालाइ ल्यायाका र उपाध्याका विधवा ल्यायाका स्वास्नीबाट जन्म्याका संतान असल जैसि हुंछन् । यस्तै गरी जैसिका छोरी उपाध्याले विहा गरी ल्याथाका स्वास्नीबाट जन्म्याका सन्तान पनि असल जैसि हुन्छन् ।"

सोही महलको थर्को दफा सजायको सम्बन्धमा छ । त्यसमा यस्तो लेखिएको छ, "जैसि बाहुनले आफ्नो हाड नातामा करणि गर्‍यो भन्या उपाध्या ब्राह्मणका ऐन बमोजिम सजाय गर्नु ।"

४. शूद्रायां ब्राह्मणाज्जातः श्रेयसाचेत्प्रजायते ।।
अश्रेयाञ्छ्रेयसीं जातीं गच्छत्यासप्तमाद्युगात् ।।६४
(अध्याय १०।।)

५. शनैकस्तु क्रियालोपादिमाः क्षत्रीय जातयः ।।
वृषलावं गतालोके ब्राह्मणा दर्शनेन च ।।४३।।
पौण्ड्रकाश्चौड्रद्रविडाः काम्बोजा यवनाःशकाः ।।
पारदा पल्हवाश्चीनाः किराताः दरदाः खशा ।।४४।।
(अध्याय १०।।)

६. किरात भन्नाले यहाँ आजका राई र लिम्बू मात्र होइन तिब्बत बर्मेली भाषा बोल्ने यहाँको पहाड क्षेत्रमा बस्ने सबैलाइ नै मानिएको हो।

७. सोह्रौं थिति ।। ।। "खस मगर नेवार प्रभृति जात मध्यमा जिये संबंधि विराउ गर्‍या भन्या जसले बिरायाको छ उसैको मात्र जिये मानुं जसको पाप उसको गर्थ्रन भन्या थिति बांधि बक्सनु भयो ।"

KAILASH Vol. V, No 1. 1977.
P. 54. The Royal Edicts of King Rama Shah of Gorkha, Theodore Riccardi Jr.

८. श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, श्री ५ को सरकार कानून मन्त्रालय, २०२२ परिशिष्ठ (ख) पृ. ७०१–७०२

९. " " मिसापत्को महलका धेरै दफाहरूमा उल्लेख छ। पृ. ६४४–६४५

१०. "हामी राजवंशी"– सबै जातको फुलबारी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

Missing pages

आर्थिक

—गोविन्दप्रसाद लोहनी

नेपालको आर्थिक चिन्तनमा भूमि र जनको स्थितिले प्रस्तुत गरेका केही विसंगतिहरू

(लेखमा प्रस्तुत गरिएका विचार निजी हुन्, आफु काम गर्ने संस्थाको प्रतिनिधित्व गर्न खोजिएको छैन––लेखक)

आर्थिक, सामाजिक र निकै हदसम्म राजनीतिक व्यवस्थाहरू समेत केही समुदायले जे जस्तो इच्छा गऱ्यो त्यही अनुरूप बनाउन र त्यही बाटोमा विकसित गर्दै लग्न सकिन्छ भन्ने दार्शनिक आदर्शबाट व्यवहारमा सफल हुन सक्दो रहेनछ। राष्ट्रका सम्पूर्ण भौतिक र मानवीय यथार्थहरूले इंगित गरेको बाटो बाहेक अरू विकल्पतिर लाग्दा समय, शक्ति र साधन त्यसै खेर गई अन्ततः यथार्थवादतिर नै फर्कनु पर्दो रहेछ। यो कुरा मानव जातिको अतीतले मात्र होइन समसामयिक व्यापक घटनाक्रमहरूले पनि सिद्ध गर्दै आएको देखिन्छ। मानव स्वतन्त्र इच्छा (फ्रि विल) भएको प्राणी हो भन्ने हामी दंभपूर्ण र आत्मप्रशंसक (Self Congratulatory) विश्वास राख्दछौं तर गहिराईमा गएर हेर्दा यो "स्वतन्त्र इच्छा" भन्ने कुरा ठिक बाटो र सफल हुन नसक्ने बाटोका बीच स्वतन्त्रतापूर्वक रोज्ने कुरा मात्र हो। ज्ञात र अज्ञात तथा चेतन र अचेतन विभिन्न कारणहरूले निर्धारण गरेको "हाम्रो" इच्छा र रोजाई वास्तवमा कतिसम्म सांच्चिनै स्वतन्त्र हुन्छ भन्ने कुरा शंकास्पद नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। मनोविज्ञान, समाजशास्त्र र वर्ग विश्लेषणका आधुनिक अनेक विज्ञानहरूको प्रकासमा स्वतन्त्रता वास्तवमा स्व ले होइन, अरु कुराले नै निर्धारण गर्दा रहेनछ भन्ने बुझिन्छ।

वस्तुस्थिति र तीनका प्रवृत्तिहरू र आर्थिक सामाजिक मूल गति-हरूलाइ प्रत्यक्ष अनुभव नगरी वा गहिरो र व्यापक अध्ययन नगरी कोरा कल्पना र मन परेको रूपमा भावी स्थितिको चित्र मनमा नचाएर समाधान खोज्ने मनोगत प्रक्रयाबाट वस्तुस्थिति बदलनभन्दा मनोगत अर्थात कलात्मक सन्तुिष्टि मात्र प्राप्त हुन सक्छ। कुनै पनि मानिसले आफ्ना सबै इच्छा वास्तविकतामा परिणत गर्न सम्भव पनि नहुने हुँदा र मानिस इच्छाहिन (निष्काम) स्थितिमा पुग्न धेरै नै उच्च आध्यात्मिक स्थिति आवश्यक पर्ने हुँदा सबै क्षेत्रमा मनोगत समाधान त्याग्नु न त आवश्यक नै छ न त वान्छनीय नै। कला जगत, स्वप्न जगत, आस्था र विश्वासको जगत अयथार्थ, माया र काल्पनिक नै हुन्, तापनि तिनलाइ नलिए मानिस रूखा पशुवत् वस्तुवादी हुन्थ्यो, अनि यति भौतिक र आध्यात्मिक प्रगति गर्न सक्दैनथ्यो।

आर्थिक, सामाजिक र राजनीतिक यथार्थलाइ बढी उन्नत अवस्थामा लग्ने सम्भव बाटो भने निर्णायक कुराहरूमा वस्तुगत चिन्तन लिए मात्र पाउन सकिन्छ। तर को मात्रै आफ्नो चिन्तनलाइ वस्तुगत ठान्दैन होला। यसैमा त स्व को भ्रान्ति छ। आफ्नो चिन्तन वस्तुगत नहुन पनि सक्दछ भन्ने नम्रताको विकास जसले गर्न सक्दछ आफुले नबुझेका, नसोचेका, नपढेका कुरा धेरै धेरै छन् भन्ने जस्ले बुझ्छ त्यसले मनलाइ वस्तुगत बनाउन वैज्ञानिक ज्ञानविधिको अभ्यास प्रारम्भ गर्छ र वस्तुगत तथ्यहरू निरन्तर पाँचै इन्द्रियबाट सोर्न थाल्दछ। प्रत्यक्ष ज्ञानका लागि ऊ योजनावद्ध तयारीका साथ भ्रमण गर्दछ, मानव स्थितिका विविध रूपहरूको प्रत्यक्ष अनुभव गर्दछ, अनेक प्रकारका र धेरैसंग सम्पर्क राखेर तथा विविध दृष्टिबाट लेखिएका गहन सामग्री पढेर विभिन्न दृष्टिबाट देखिने र वर्णन गरिने संसारको दर्शन पाउँदछ। ऊ किसिम किसिमका अहंकारी अभिव्यक्तिहरू र स्वार्थी लामा चिप्ला कुराहरू, शब्दजाल-हरू, अनेक पांडित्य प्रदर्शनहरू चुपचाप सुन्दछ, हावभाव निरीक्षण गर्दछ। जसको व्यापक वस्तुगत अनुभवजनक ज्ञान जति कम उसको व्यक्तित्वमा आडम्बर र घमण्ड तथा अरूको आलोचना मात्र गर्ने र समस्याको नाटकीय समाधान प्रस्तुत गर्ने स्वभाव र मूढाग्रह उति बढी भन्ने सूत्र पहिल्याउँछ। मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुस्थितिबाट उसले आर्थिक सामाजिक राजनीतिक गतिविधि र प्राविधिक तथा मुलुक बाहिरका यथार्थहरूको समेत स्वाभाविक र अनिवार्य प्रवृत्ति बुझेर ठीक बाटो अर्थात सफल हुन सक्ने बाटो रोज्दछ । यही मात्र स्वतन्त्र र उच्च-स्तरीय चिन्तन पद्धति हो ।

बाटो रोज्ने कुरा पनि वास्तवमा सम्झौताकै कुरा हो । ठीक नै बाटो भए पनि धेरैलाइ स्वीकार्य छैन भने पहिले सुरूमा त के कतिसम्म स्वीकार्य हुन्छ, कतिसम्म क्रमशः स्वीकार्य हुँदै जाला र स्वीकार्य बनाउँदै लग्न के कस्तो संचार विधि तथा अन्य उपायहरू लिनुपर्ला भन्ने सोचेर क्रमिक पाइला चाल्नु, सत्यलाइ कटु रूपमाभन्दा मिठो रूपमा प्रस्तुत गर्नु र हतारोको सट्टा धैर्य र उदाहरणको बाटो लाग्नु समस्याको व्यावहारिक समाधान हो । जो वेटाइममा कटु सत्य वर्ता बोल्छन् तिनले थाहा नपाई त्यस सत्यको स्वीकृति र कार्यान्वयन-मा ठुलो बाधा पुऱ्याउँछन् । प्रायः दण्ड पनि पाउँदछन् । अर्कोतिर, जो सत्य-को सट्टा निजी स्वार्थ अनुसारका कुरा वर्ता बोल्छन् तिनले तात्कालिक सफलता पाए पनि आफु र युग दुवैलाइ अन्ततः ठुलो हानि पुऱ्याउँछन् । जो यथास्थिति नै सर्वोत्तम, परिवर्तन खतरनाक ठान्दछन् र अर्कोतिर जो तुरुन्तै व्यापक परि-वर्तन होस् भनेर कराउँछन् ती दुवै प्रकारका अतिवादिहरू चिन्तनको मनोगत विकृतिले ग्रस्त प्रतिक्रियावादी वा उग्रवादी हुन्छन् । वर्तमानलाइ अतितको घेराभित्र बाँदन सकिन्छ भन्ने धारणाले प्रतिक्रयावाद उत्पन्न गर्छ भने वर्तमानमै भविष्य अटाउन सक्छ, अतः तुरुन्तै व्यापक परिवर्तन गर्न सम्भव छ. मानवीय र भौतिक स्थितिमा नाटकीय परिवर्तन गर्न सकिन्छ भने अनुभवहीनताजन्य कोरा किताबी र युवकको जोसिलो सोचाइले उग्रवादी प्रवृत्ति उत्पन्न हुन्छ । अपरिपक्वता र मनोगतता (Subjectivism) उग्रवादको आधार हुने हुँदा उग्रवादीहरू जिम्मेदारी बोकेपछि क्रमशः यथार्थवादी हुँदै आउँछन् अतः केही जिम्मेदारी सुम्पनु नै यस रोगको इलाज हो ।

आजको अन्तर्राष्ट्रिय सुगम संचारको युगमा उग्रवादी कुरा प्रगतिशी-लताको प्रदर्शन गर्ने पाखण्डी (demagogic) माध्यमको रूपमा पनि प्रशस्त देखापर्दछ । यस्ता सुविधा प्राप्त वर्गको उग्रवादले खास हानि गर्दैन, प्रतिक्रयावादी प्रवृत्तिलाइ निरूत्साहित पार्न र मानवतावादी चेतना व्यापक पार्न अरू केही सहायक नै हुन्छ । धनी र माथि उठेका व्यक्तिले प्रगतिशील कार्यक्रमको हुंकार दिदा प्रायः उग्रवादी भन्ने आलोचना पनि गरिदैन । भावुक क्षणका उद्गार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झिइने हुनाले होला। कवि र दार्शनिकहरूले हर युगमा वडावडा उग्रवादी आदर्शका कुरा वोल्दै नै आएका छन्। तर वास्तविक उग्रवाद भने हानिकर कुरा हो। यथास्थितिवादीले वा निहित स्वार्थीले प्रगतिशील परिवर्तनका व्यावहारिक कुरालाइ पनि उग्रवादको संज्ञा दिएको हो कि भन्ने पनि सोच्नु पर्ने हुन्छ। महान् व्यक्तित्वहरूले समसामयिक स्थितिमा के कति व्यावहारिक हुन् र के कति उग्रवादिता वा स्वार्थी गतिरोधका वा अवसरवादी कुरा हुन् भन्ने छुट्याएर कदम र व्यवहारमा सन्तुलन राख्दछन्। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, प्रगतिशीलता र लोक सम्मतिमा आधारित व्यवस्थाको, धर्म र संस्कृतिको, राष्ट्रिय व्यक्तित्व र अन्तर्राष्ट्रिय सम्मानको स्थिति विकास गर्दै लग्नमा यस्तै संतुलित चिन्तन र व्यवहारको निर्णायक भूमिका हुन्छ। नेपालको विगत २०० वर्षको आर्थिक स्वरूपको ईतिहासको र वर्तमान गतिविधिको राम्रो विश्लेषणले यस्तो चिन्तन र व्यवहार उत्पन्न हुन सहायक हुनेछ।

अठारौं शताव्दीको अन्तिमकालसम्म नेपालको अर्थ व्यवस्थामा तराईको खास आर्थिक उपयोगिता थिएन। सायद नेपाली राजाहरूले नेपालको दक्षिणतिर विस्तार गर्न खास प्रयास नगरेको कारण पनि ती क्षेत्रहरू अधिकांशत: घना जंगलले ढाकेको, औलिया, दुर्गम र आर्थिक लाभ उस्तो केही नहुने भूमि भएकोले नै होला। तत्कालीन भारतका विभिन्न राष्ट्रहरू (राज्यहरू)संग लेनदेन, हिन्दू र वौद्ध तिर्थहरूको यात्रा र सानो परिमाणमा छिमेकी राष्ट्रहरूसंग केही व्यापार त्यसवेला पनि हुन्थ्यो र नेपाली दरवारियाहरू सरकारीया वा निजी काम विशेषले दिल्ली, लखनउ, वनारस, प्रयाग, पटना र कलकत्तासम्म यदाकदा त्यसवेला पनि जान्थे। महिना दुई महिनाको घोडा, हात्ती वा पालकी वा डुङ्गाको सफर हुन्थ्यो होला। त्यसवेला नेपालको निकासी व्यापारको परिमाण अत्यन्त कम थियो। त्यसैले पैठारीको परिमाण पनि अत्यन्तै कम थियो। नेपाली जनसंख्या भन्नु नै पहाडी जनसंख्या थियो। त्यसवेलाका २०।२५ लाख पहाडीहरूको लागि पहाडमै प्रशस्त खेती योग्य जग्गा उपलब्ध थियो, गाइवस्तु प्रशस्त थिए, चरन र वन प्रशस्त थियो र पहाडका विभिन्न जिल्लामा विभिन्न धातु र अन्य खनिज पदार्थका खानीहरू पनि चालु थिए। तामा, फलाम, सुन आदि उत्पादन गरिन्थ्यो, आवश्यक भांडा–कुँडा, सिक्री, छड, खुकुरी, तरवार, खुँडा भरुवा वन्दूक र साना तोप, किला-काँटा आदि वनाउने गाउँले उद्योग धन्दा प्रशस्त थियो। अत: पहाडी नेपाल आत्म निर्भर थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नून मात्र पैठारी गरे पुग्थ्यो), उन्नत थियो (किनभने खाने लाउने कुरा सबै मुलुकमै उत्पादन हुन्थ्यो र आवश्यक सबै औद्योगिक वस्तु मुलुकमै बन्थ्यो) र स्वाभिमानी थियो । तर सामन्ती युग भएकोले भूमि र अन्य सम्पत्तिको वितरणको ज्यादै विषमताले गर्दा केही समुदाय शोषित, दलित र गरीब पनि थिए । कमारा कमारी भएर बाँच्नुपर्ने समुदाय पनि थिए । जग्गा जमीन भएका खाता पिता बाहुन र क्षत्री तथा नेवार व्यापारी र प्रशासकबाटै मात्र त्यसबेलाका कुलीन र एलिट उत्पन्न हुन्थे । त्यस जमानाका बुद्धिजीवी, कवि, दार्शनिक, भक्त र शास्त्रीहरूको सोचाई र भनाई तथा लेखाई र गराईको वर्गीय आधार सामन्ती र सामन्त-युगीन बनियाँ–पूजीवादी आर्थिक सामाजिक गठनबाट बनेको पाउँछौं । तत्कालीन नेपाली राष्ट्रवादको स्वरूप पनि यिनै बुद्धिजीवी दरबारियाहरूको हितको प्रतिनिधित्व गर्ने प्रकारको थियो । उत्तर भारतका राष्ट्रहरूका राजाहरूको सम्पन्नता कला र संस्कृति तथा ज्ञान शौकतको चर्चा नेपाली दरबारहरूमा बराबर हुंदो हो । यसबाट केही कुरामा हीनता ग्रन्थी पनि बन्दो हो । चाहना र मजबुरीको मन्थनबाट विवेकिकरण (र्‍याशनलाइजेशन) गर्दै ईर्ष्या, डर, आत्म लघुताको अनुभूतिले पनि उग्र राष्ट्रवादको बिकास गर्दो हो । राज्य विस्तारको प्रयास तराई जित्नु वा फैलाउनुका लागि होइन, खेती भरहेका सम्पन्न राज्यहरूलाइ जित्नुका लागि हुने गर्दथ्यो । तराई त्यसबेला मोरादाबाद, सहारनपुर, बरेली, सीतापुर, गोण्डा, बेतिया, सीतामढी, दरभंगा गोरखपुर, मुजफरपुर, पूर्णिया, भागलपुर, राधिकापुरसम्मलाइ नै भनिन्थ्यो । त्यसपछिका सम्पन्न क्षेत्रमा पुग्न तराईको घना जंगल सय पचास कोस छिचोल्नु पर्दथ्यो ।

इष्ट इण्डिया कम्पनीसंग सुगौलीको सन्धी भएपछि नेपाली बिस्तारवादलाइ ब्रिटिस विस्तारवादले सीमित हुन बाध्य पार्‍यो । नेपाली पहाडी जोश कुण्ठित भयो अब आवादी जग्गा राज्य बिस्तारबाट प्राप्त हुन सक्तैनथ्यो । नेपाली सम्पन्न र एलिटहरूको आकांक्षा र अहम कुण्ठित भयो । दरबार सामुदायिक र जातीय इर्ष्या, द्वेष र षडयन्त्रहरूको अखडा भयो । पाँडे र थापा खलकहरू प्रशासनिक सत्ताका लागि गुट बनाएर जुध्न थाले । कोही कोही विदेशी राज्यहरू र अंग्रेजसंग समेत गोप्य सम्पर्क राख्न थाले । यस स्थितिले गर्दा एक जङ्गबहादुर राणा पैदा भयो । १०४ वर्षसम्म अंग्रेजको समर्थनबाट राज्य गर्ने एक सैनिक-तन्त्र चल्यो । यो तन्त्रको आर्थिक जग (म्याटेरियल बेस) तराइको आवादीको प्रारम्भले नै बनाएको हो । क्रमशः दस पन्ध्र कोस चौडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र झापादेखि तौलिहवासम्मको तराइ नै नेपालको अर्थ व्यवस्थाको मेरूदण्ड बन्दै गयो । पछि गएर कञ्चनपुरसम्म पनि आवादी हुन थाल्यो । तराईलाइ आर्थिक महत्व दिलाउनमा मुख्य भूमिका रेलवेको नै थियो ।

सन् १८६० ताका भारतमा रेलवे लाईन बिछ्याउन थालियो र सन् १८७०–८० ताका नेपाली तराई नजिकका भारतीय तराईमा रेलवे लाइन आइपुग्न थाल्यो । जनसंख्या वृद्धि र शहरहरूको विकासले गर्दा भारतका बजारमा खाद्यान्न, काठ, दाउरा तोरी, घिउ र विभिन्न औद्योगिक कच्चा पदार्थको माग तीव्र वेगले बढ्न थाल्यो । तराईका जङ्गलमा फडानी गरी गाडामा हालेर काठपात ३।४ दिनको ढुवानीवाट रेल हेडसम्म पुग्न अव सम्भव भएको, तराईमा भारतबाट रैती ल्याई, आवादी गराई, भारतमा निकासी गर्ने पदार्थहरू उत्पादन गर्न र यो अनुमति दिए बापत नेपाल दरबार (राणा दरबार)-लाइ रायल्टी, मालपोत, आदि तिर्न तयार चौधरीहरू काठमाडौं दरबारहरू आउन थालेका, ठेक्का पाउन मद्दत गर्ने नेपाली दर्वारियाहरूलाइ सहभागी समेत बनाउन थालेका आदि नयाँ स्थितिले तराईको आर्थिक उपयोगिता एकाएक एकदम वढ्दै गयो । अनि नेपाली सामन्तहरू, विभिन्न नेपाली दर्वारहरूमा प्रभावशाली-हरू, चाकडीवाजहरू, प्रशासकहरू, गुर्जु र पुरोहितहरू, जर्नेलहरू, ठूला राणाजीहरूका पहाडिया नातेदारहरू सबै तराईमा विर्ता र रैकरका रूपमा जग्गा पाउन शक्तिशालीहरू कहाँ चाकडीमा तँछाड मछाड गर्न थाले । क्रमशः जङ्गल-वितरण, भूमि वितरण हुन थाल्यो । तराईका जङ्गल साफ हुन थाल्यो. कटानी र गोलिया काठवाट जग्गाधनी, ठेकेदार र वन-प्रशासकहरू मालामाल हुन थाले । जङ्गल मासेर खेतमा परिणत गर्न थाले । कृषि उपजहरू किन्न भारतीय महाजनहरू आफ्नै गाडाहरू लिएर खेत खलिहान भैआइपुग्थे र भिक्टोरिया, एडवर्ड, पाँचौं जर्ज आदिको चित्र भएका खंदिला चाँदीका रुपियाँहरू (वैदेशिक मुद्रा) गनेर बुझाउँथे ।

तराई मौद्रिक आमदानीको, त्यो पनि विदेशी मुद्रामा प्राप्त हुने धनको ठूलो स्रोत बन्यो । यस आमदानीले प्रतिवर्ष अव ठूलो परिमाणमा वेलाइती, भारतीय, जापानी र अन्य मुलुकका औद्योगिक सामग्री नेपालमा पैठारी हुन थाल्यो । काठमाडौं उपत्यकामा राम्रा राम्रा दरवारहरू बन्न थाले । आधुनिक सिंगारपटार आयो । राणा दर्वारको रहन सहनको नयाँ ढांचा गुर्जु, पुरोहित, काजी, सर्दार र सुब्बाहरू, नेवार साहु र पहाडिया सामन्ती घरहरूमा फैलियो । यसैको धाक हुन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तराईका उपजहरूको निकासी र भारतबाट अनेक उपभोग्य वस्तुहरूको पैठारी गर्न भारतीय क्षेत्रहरूबाट गर्मी खप्न सक्ने नयाँ भारतीय मधिसे व्यापारीहरू तराईमा आएर कारोवार गर्न थाले। गोदाम, कोठी, हवेली, राइस आयल र जुट मिल खुल्न थाले। कच्ची सडकहरू बन्न थाले, गाडाहरू गुड्न थाले। लहरीहरू रेलहेडतिर आवत जावत गर्न थाले, बढ्दो सक्रियताले गर्दा अमलेखगञ्जसम्म नेपाली रेल बनाइयो, भिमफेदीसम्म सडक बन्यो, काठमाडौंसम्म रोपवे बन्यो। तराईको उपजको ठूलो भाग काठमाडौं उपत्यकाका कुलीन र एलीटहरूको आय हुने हुँदा यो उपत्यका आधुनिक विदेशी वस्तुहरूको उपभोगको प्रमुख केन्द्रका रूपमा विकसित भयो र यस उपभोक्ता नगरलाइ व्यापारिक मुनाफाको केन्द्र बनाउन परंपरागत नेवार साहु व्यापारीभन्दा पनि मारवाडी र अग्रवालहरू बढ्ता सक्रिय भए। यस विदेशी व्यापारीहरूको अतिक्रमणलाइ मुकाविला गर्न नेवार, उच्च प्रशासक र नेवार साहुजी व्यापारीहरूका गुटहरू बन्न थाले। नेपाली राष्ट्रियता र राष्ट्रवादको आयाम व्यापारका यी प्रवृत्तिले तीव्र वेगले बदलिन थाल्यो। गर्मी र बर्षातमा पहाड र काठमाडौं उपत्यकामा बस्ने र दशैंपछि तराईमा आफ्नो जग्गाको आयसता सोर्न पुग्ने, अस्थायी जस्तो निवास त्यहाँ पनि बनाउने, धोती, कुर्ता, कमिज प्रयोग गर्ने, औलोबाट वच्ने औषधिका रूपमा (वा नरमाइलो तत्कालीन तराई जीवन भुलाउने) गाँजा तान्ने र हरदम धान, पटुवा, काठ, तोरी आदिको भाउको चर्चा गर्ने, थारूका छोरी बेटीको उलंदो यौवनमा आंखा गडाएर दारूपान गर्ने, पान र खैंनीका शौकिन भारतका शहरतिर घुमफिर, किनमेल, मन बहलाउ, पाप प्रक्षलन र पुण्य आर्जन, रोगको उपचार आदि गरेर आउने, परिवार सहित तराईमा हिउँदभरि बस्ने, गर्मी पच्दै गएका र खेतीपाती आफैले हेरचाह गर्नु पर्नेहरूले तराईमै स्थायी निवास बनाएर बस्ने, कहिलेकाहीं मात्र पहाडतिर जाने, हिन्दी, भोजपुरी, मैथिली, उर्दु मिसिएको खिचडी नेपाली बोल्ने र सांस्कृतिक आदि कुरामा भारततर्फ नै बढी अभिरूचि राख्ने भारतोन्मुख नेपाली जग्गाधनी–एलिट वर्ग पनि उत्पन्न हुन थाल्यो। भारतका राजनीतिक दलहरूमा केही यस्ता अंग्रेजी पढेका असन्तुष्ट नेपालीहरू संलग्न पनि हुन थाले। सन् १९३० पछि केही नेहरूवादी र गान्धीवादी, कोही समाजवादी, कोही कम्युनिष्ट, कोही कट्टर हिन्दुवादी बन्न थाले। उक्त बडा हाकिम, सुब्बा, खरदार, थानेदार, इन्सपेक्टर, डिठ्ठा, विचारी, लेखनदास, आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्यूरोक्रेसीको आफ्नै संस्कृति र भाषा र रहनसहन बन्न थालियो । धेरैले सेवाकाल-मा तराईमा जग्गा पनि जोडे । तराईमा शिकार गर्ने सुकुटीका बोराहरू काठमाडौं, तानसेन, डोटी, भोजपुर, धनकुटा र इलाम चलान गर्ने, गर्मीमा पिसाव खलास गर्ने भारतीय बजारबाट बियर र वरफ मगाएर खाने, रेफ्रिजरेटर पंखा र पछि पछि एयर कण्डिशनर राख्ने, फरेन ड्रिक्सका बोतल खोल्ने, एलिटहरूका क्लब खोल्ने, फ्रायडवादको प्रचार गर्ने, न्यूडिज्मको प्रसार गर्ने आदि अनेक अनेक प्रकारका तराईवासी सम्पन्न समुदायहरू देखिन थाले । साहित्यमा नेपालीको तराईकल्प-रबाट नयाँ विधा, शैली र सुर निस्कन थाले । हिमाल, चिसो हावा, कलकल बग्ने जलस्रोत तथा माइली र कान्छी मात्रमा सीमित साहित्यिक कल्पनाभित्र लाहुरे कल्पना, तराईको फाँट, बडाबडा नदी, घनाजंगल, बाघ, गैंडा र हात्ती रेलको आवाज, मिल कारखाना र मजदूरका जीवन, मधिसे पात्रहरू, नयाँ चरित्र-हरू, राजनीतिक अर्थहरू आदि पनि देखा पर्न थाले । सम्पत्तिले केही सुसंस्कृत राणा, गुर्जु, पदाधिकारी र अन्य बौद्धिक तत्व पनि उत्पन्न गऱ्यो । नेपालका शेक्सपियर, चाणक्य, शेली, टल्सटाय आदि देखा पर्न थाले । अंग्रीजीमै बर्ता बोलेर उच्चताको प्रदर्शन गर्ने, आधुनिताको प्रभाव देखाउने तर वास्तविक सुधारका घोर विरोधी समुदायहरू पनि देखापर्न थाले । शासकवर्ग र शासित व्यापक जनताका बीच मनोवैज्ञानिक र साँस्कृतिक दूरी झनझन बढ्न थाल्यो । देश, समाज र जनताबाट टाढा हुँदै गएका बुद्धिजीवीहरू पैदा भए, आफ्नो अलग्ग संसार वनाउन थाले, आफ्नै गुनासोहरूलाइ मात्र नेपालको समस्या ठान्न थाले । स्वदेशमा विदेशी जस्ता यो औपनिवेशिक खालका बौद्धिक प्राणीहरू आम जनतालाइ पाखे, गाउँले, नेटिव भनी हेंला गर्थे । बेलायत, यूरोप र अमे-रिका तथा भारतका कुरामा मात्र चाख राख्थे । संस्कृतका पंडितहरूलाइ पुरानो युगका अवशेष ठानेर कुरा गर्थे तथा नेपाली भाषामा लेखनेहरूलाइ गँवार बुद्धिजीवीमा गन्थे । कन्भेन्ट स्कुलमा हुर्कने यस आधुनिकताको आर्थिक-राज-नीतिक आधार भने जग्गा जमीन चाकडी तथा सैनिक तानाशाही र ब्रिटिसको खुसामद थियो, यही त ठुलो विसंगति थियो !

नेपाली पहाडी उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकेर लुप्त हुँदै गए। अनौद्योगिकरण (deindustrialisation) को यो क्रियाले वेरोजगारी वढायो, कृषि जग्गाको माग झन् तीव्र वेगले वढ्न थाल्यो । जनसंख्या वृद्धि उद्योगको ह्रास र वढ्दो गरिबीले गर्दा पहाडीहरू— खास गरी ज्यादा शोषित र दलित जातका पहाडीहरू— रोजगार र कृषि जग्गाको खोजमा भारत, बर्मा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलेशियासम्म विदेशिन थाले । विदेशी फौजमा भर्ना हुन्थे, दरवानी र वहादुरी (होटेलमा भाँडा माझ्ने) गर्थे, आसाम र वर्मा गएर गोठ थाप्थे वा खेती गर्थे । यिनका आफ्नै प्रवासी सभ्यता र संस्कृति बन्न थाले । लाहुरेले नेपालका पहाडी गाउँहरूमा नयाँ विचार, सभ्यता, भाषा र भेषभूषा ल्याउन थाले । मुगलानका कुरा अब ब्रिटिस भारतका कुरा भए । ब्रिटिस भारतमा अखबार स्वतन्त्रताका कुरा, न्याय कानूनका आधुनिक कुरा, आधुनिक यन्त्र र प्रविधि, पश्चिमी शिक्षा र रहन सहन फैलिदो थियो । उता नेपाली जग्गाधनीहरू खास गरी तराईमा बिर्तावाल, जिम्मेदार अन्य जग्गा जोड्नेहरूको रहनसहन उपभोग-को चरित्र, बानी व्यहोरा, हावभाव, शिक्षा दीक्षा, सोचाइ र व्यवहार पनि क्रमशः आधुनिक अर्थात् ब्रिटिश र भारतीय औपनिवेशिक पूँजीवादी बन्न गयो । राणा शाहीको पावरमा हिस्सा पाउन नसकेका, पाएर गुमाएका, लघारिएका, आधुनिक उच्च शिक्षा पाए पनि कदर नपाएका सम्पन्न जग्गाधनी र व्यापारी तत्व अब राणाशाही विरोधी भए, लुकिछिपी वा भारतवासी प्रजातन्त्रका कुरा गर्न थाले । प्रथम महायुद्धपछि भारतमा समाजवादी दलहरू पनि बन्न थाले । केही नेपाली कुलीन र एलिट समाजवादका कुरा पनि गर्न थाले । सन् १९४७ मा अंग्रेजको शासन भारतमा खतम भो । नेपालमा पनि राणाशाही त्यसका पछि ढल्यो । रेल सडक, जग्गा र अर्थ व्यवस्थाको र त्यसबाट बर्दलिदै गएको समाज र नयाँ स्थितिहरूको, विदेशी सहायता र विकासका कामहरूको तथा त्यसबाट उत्पन्न वर्गहरू तथा अनेक प्रवृत्तिहरूबाट आगामी १०।१५ वर्षभित्रैमा नेपालमा अवश्यम्भावी देखिएका अनेक कुराहरूको सम्बन्ध सूत्रबारे गहिरो विश्लेषण गर्ने बेला अब भैसकेको छ । मलेरिया उन्मूलन र पश्चिम तथा उत्तर दक्षिण राजमार्गहरूले, पहाडमा पैरो र भूक्षयले र अन्य अनेक कुराहरूले गर्दा भूमि र जनको स्थिति ठुलो वेगले बर्दलिदो छ ।

चारैतिर भैरहेका यी वस्तुगत परिवर्तनहरूप्रति नेपाली सम्पन्न समुदायको प्रतिक्रिया भने अझै पनि पुरानो, सामन्ती र विश्व युद्ध अघिको पुरानिया पूँजीवादी दृष्टिकोणमा नै अडेको छ । सामन्ती तत्वका अतिरिक्त तराईमा जग्गा नभएका गैर कृषि धनीहरू शहर बजारमा व्यापार वा काठ फर्निचर जस्ता साना उद्योग गरेर सम्पन्न स्थितिमा बसेका वा सरकारी ओह-दामा बसी सरकारी सुविधाहरूबाट सम्पन्न वर्गको लाइफ स्टाइल भोगिरहेका स्टेट क्यापिटलिष्ट वा ब्यूरोक्रेटिक क्यापिटलिस्टहरूको नेपालको जन र जग्गा सम्बन्धी भनाइ पनि देखदा मात्र प्रगतिशील जस्तो, तर व्यापक र दीर्घकालीन परिप्रेक्ष्यमा हेर्दा अव्यावहारिक र नेपालका राष्ट्रिय समस्याहरूको समाधानमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेटक्क सहायक नहुने खालको नै हुन्छ । के, किन, कसरी भनी ती गहिरो र विस्तृत बहस गर्न चाहँदैनन् । उन्नत पूँजीवादी मुलुकको व्यवहार ज्यादै पछाडिएको नेपालमा जस्ताको तस्तै लागू हुन सक्छ भन्ने अन्धविश्वासमै अडान लिइरहन्छन् । तराई र भित्री मदेशमा ३।४ बिगाहाभन्दा बढी जग्गा हुने भूस्वामी वर्ग मुख्यत: बिक्रीका लागि खेती गर्छ । आधुनिक उन्नत मल, बिउ, पम्पसेट सरकारी संस्थाबाट पाइने कर्जा, सरकारी नहरबाट सिंचाई, बजार व्यवस्था बैंकहरू, गोदाम व्यवस्था, बाटोघाटो, कोल्डस्टोरेज, ट्रैक्टर ट्रक र जीप, ट्यूबवेल र ग्रामीण बिजुली यस्तै अन्य सुविधाहरूले गर्दा बिक्रीका लागि प्रशस्त बेच्ने जग्गा धनीहरू (सर्प्लस फार्मर) मात्र पूँजीवादी किसानमा परिणत हुँदै गैरहेछन् । बिर्ता र जिमिन्दारी प्रथा खतम भएपछि र हदबन्दी तथा मोहियानी लागेपछि सामन्ती प्रथा पूँजीवादी कुलक (kulak) खेतीमा परिणत भएको छ । कुलकका विचारधारा सतह रूपमा फुट्ट हेर्दा प्रगतिशील नै हुन्छन् । ती उत्पादन वृद्धि र मूल्य, लागत बजार, बैंकिंग आदिका कुरा बढी गर्छन्, बढ्दो ग्रामीण गरीबी र बेरोजगारी उत्पादन बढेपछि त्यसै हटेर जान्छ, भू-सम्बन्धमा सुधार चाहिन्न भनी सेमिनार र गोष्ठीमा, निकाय र समितिहरूमा छलफल गर्छन् । यी आफुलाइ प्रगतिशील र भद्रकिसान भन्छन् । आजको नेपालको प्रत्येक क्षेत्रमा यस नयाँ ग्रामीण पूँजीवादी वर्गको ठुलो प्रभुत्व छ ।

नेपालको भूमि र जनको स्वरूप र व्यवस्था तथा त्यसमा देखा परेका स्थितिहरूले आज हामीलाइ अब कता लागे लक्ष्यतिर पुगिन्छ भन्ने सोचेर समुचित कदम चाल्ने बेला आएको छ । भूमि नै नेपालको सर्वस्व सम्पत्ति हो । कृषि जग्गा, वन र चरण जग्गा, जलाधार र आर्थिक रूपले उपभोग्य अन्य जग्गा नै सम्पूर्ण निर्वाह र विकासको साधन हो र तिनमाथि आश्रित जनसंखया नै नेपालका प्रमुख उपभोक्ता र विकासको कारक हुन अधिकांश नेपालीहरूको जीवन चक्रको मेरूदण्ड र राष्ट्रिय अर्थतन्त्रको गतिविधि यिनै सीमित भू-साधनमा अडेको कुरा एकातिर टडकारो वास्तविकता हो भने नेपालका सम्पन्न, उच्च शिक्षित, पश्चिमा चालचलन र सोचाई अवलम्बन गर्दै गएका र प्रत्येक क्षेत्रमा प्रभाव भएका समुदायहरूको प्रमुख भाग ठूला र मध्यम पूँजीवादी जग्गा धनी नै हुन् भन्ने कुरा पनि प्रष्टै छ । आजका नेपाली एलिट र नेपाली बौद्धिक समुदायको सोचाई र दृष्टिकोणको आधार पुरानो सामन्ती छैन कि नयाँ पूँजीवादी खालको सामन्ती छ । यो कुलक सोचाई हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय जीवनको लगभग प्रत्येक पक्षसंग नेपालको भूमि–समस्याको घनिष्ट सम्बन्ध छ र भू–व्यवस्थाका कुरा उठाउनासाथ उग्रवादी भन्ने पनि आरोप प्रत्यक्ष वा अप्रत्यक्ष रूपले चारैतिरबाट आउन थाल्दछ। हुनत २०२१ सालदेखि भूमिसुधार मन्त्रालय नै स्थापना भएको र श्री ५ को सरकारले भूमि सम्बन्धी ऐन अनुसार एक कार्यक्रम कार्यान्वयन गरिरहेकोले नेपालको भूमि व्यवस्थामा परिवर्तनका कुरा अधिराज्यमा सबैभन्दा बढी चर्चाको प्रमुख विषय भइरहन्छ। औद्योगिक र गैर कृषि व्यापारिक क्षेत्रमा मात्र यो चर्चाको प्रमुख विषय होइन। तर भूमि सम्बन्धी परम्परागत वा पश्चिमा मान्यताहरूकै दायराभित्र रहेर हाम्रो भूमि सुधार कार्यक्रम चलिरहेकोले यसले नेपालका अगाडि उपस्थित ठूला राष्ट्रिय समस्याहरूको समाधान के कति होला वा उल्टै झन् जटिल समस्याहरू त उपस्थित गर्न लागिरहेको छैन भन्नेबारे कतै पनि पटक्कै चर्चा उठेको देखिन्न।

भूमिसुधार सामाजिक न्याय र समानताका लागि मात्रै गर्न खोजेको होइन। नेपाल जस्तो, सानो, ज्यादै कम विकसित मुलुकमा विकास र अर्थतन्त्रको संचालनमा भूमिसुधारका खास आर्थिक भूमिकाहरू पनि छन्। ती आर्थिक पक्षको राम्रोसंग विश्लेषण गरिएमा भूमिसुधारतर्फ आज हामी हिंडिरहेको बाटो र कार्य पद्धतिले नेपालको विकास हुने ग्रामीण, गरिबी हट्दै जाने र अर्थतन्त्रको सामाजिक र केन्द्रीय नियन्त्रण तथा सुव्यवस्थापनतर्फ लग्न लागेको छ कि हामीलाइ झन कठिनाईतर्फ लग्दैछ भन्ने कुरा निर्धारण हुन्छ।

नेपालको अति उच्च र चीसो, अत्यन्त पहाडी तथा भाभर र खहरेहरूको बाहुल्य भएको भौगोलिक बनावटले गर्दा मुलुकको कूल क्षेत्रफलको ज्यादै सानो भाग मात्र कृषि उपभोगमा आउन सक्ने प्रकारको छ। बढ्दो जनसंख्याको चापले गर्दा हिमाली र पहाडी भागमा अधिकांश आई पनि सकेको छ। खेतीमा ल्याई सकिएको छ। आज लगभग २२ लाख हेक्टर जग्गामा खेती भइरहेछ जसको लगभग दुई तिहाई भित्री मदेश र तराईमा र एक तिहाई मात्र पहाडमा पर्दछ। पहाडमा कृषि जग्गामा जनघनत्व बंगलादेशमाभन्दा पनि बढी पुगिसकेको छ। अधिराज्यभर नै वनको विनाश गरिएमा ७।८ लाख हेक्टर मरू थप जग्गा खेतीको लागि प्राप्त हुनेछ। तर यसले अन्ततः खेती हुने जग्गाको परिमाण भूक्षयद्वारा झन घटाउने छ। यसबाट भूमिको परिमाण बढाएर कृषि उत्पादन वृद्धि गर्ने कुरालाइ अत्यन्त कम गुन्जायस रहेको प्रष्ट हुन्छ। हाल भएकै जग्गाको राम्रो पानी लाग्न सकेको वा सक्ने भागमा सघन उपयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न मात्रै अझै पनि धेरै गुन्जायस छ। यसरी हेर्दा नेपालमा आधुनिक उन्नत खेती १० लाख हेक्टरभन्दा बढीमा हुन सक्ने सम्भावना कम छ। जनसंख्या आगामी वर्षहरूमा वर्षको करीब ३½ लाखले र पछि-पछि ४–४½–५–५½ लाखका दरले बढ्ने छ। अहिले नै कृषि जग्गामा पहाडमा सरदर एक हेक्टरमा १२ जना र तराइमा ३ जनाले निर्वाह गर्दछन्। अहिले नै ८३ प्रतिशत कृषक परिवारहरूको जोत १½ हेक्टरभन्दा सानो छ। तिनको मुख्य भाग पहाडमा भएकोले त्यस क्षेत्रमा अहिले नै कृषि जग्गाको अधिकांश जोत (होल्डिंग) ५ जनाको परिवारलाइ न्यूनतम आर्थिक रूपले समेत निर्वाह हुन नसक्ने स्तरमा छ। त्यसैले तराईमा बसाइँ सराइ झन् व्यापक रूपमा हुँदैछ; हुँदै नै जाने छ। विदेशीहरू पनि बसोवास गर्न आइरहेछन्। यसबाट नेपालको जनसंख्याको धेरै भाग तराईमा हुनेछ, त्यहीं नै मुख्य बडाबडा नगर विकसित हुनेछन् र नेपाली सभ्यता र संस्कृति भन्नु नै तराईको मिश्रित सभ्यता र संस्कृति हुनेछ। नेपालको राजनीतिमा तराईवासीको झन् झन् बढी प्रतिनिधित्व हुनेछ। अनेक दृष्टिबाट यो ठुलो परिवर्तन हो।

कृषि योग्य र वन तथा चरण जग्गा अब बिल्कुलै सीमित छ। यो बढ्न नसक्ने आयाम भन्ने स्वीकार गरिनुपर्दछ। अर्कोतिर यस स्थिर उत्पादनले धान्नुपर्ने जनसंख्या तीव्र वेगले बढ्दै जाने कुरा निश्चित छ। माग र आपूर्तिको यस स्थितिमा चरण, वन र कृषि योग्य तथा सहरीकरणको लागि उपलब्ध जग्गा दुर्लभ राष्ट्रिय स्रोत हो। अतः राष्ट्रहितका लागि यस्तो जग्गाको उपयोग राष्ट्रिय स्तरमा योजनबद्ध रूपमा गरिनु नितान्त आवश्यक हुन आएको छ। यसको लागि अधिराज्यको अधिकांश जग्गालाइ राष्ट्रिय सम्पत्ति मानिनु र यसको स्वामित्व, वितरण र उपयोगमा राष्ट्रिय नियन्त्रण पद्धतिको विकास गर्नु परमावश्यक कुरा देखिन आएका छन्। वृद्धि हुन नसक्ने तर सम्पूर्ण जनसंख्यालाइ अति आवश्यक, राष्ट्रलाइ अति आवश्यक र ज्यादै तीव्र वेगले मूल्य बढ्दै जाने वस्तु भएकोले जग्गा अरू सम्पतिभन्दा बेग्लै चरित्रको राष्ट्रिय साधन हो। अल्प जनसंख्या, मन्द दरले जनसंख्या वृद्धि र खेतीमा ल्याउन सकिने प्रशस्त जग्गा बाँकी रहेको विगत शताब्दी र दशाब्दीहरूमा बनेका भू–सम्पत्ति सम्बन्धी उदार धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक मान्यता र आदर्शहरू आजको राष्ट्रिय परिप्रेक्ष्यमा निरर्थक र अर्थतन्त्र परिचालन तथा राष्ट्रिय विकासको बाटोमा तगारो सिद्ध हुन थालेको छ। ती जमानाका जनसंख्या बढ्दा बढी जग्गा आवाद भई कृषि उत्पादन झन् धेरै बढेर परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वारको र राष्ट्रको आय बढ्थ्यो। मानिस बढ्ता चाहिएकोले रैती, जोताहा, मोहीको आजभन्दा थोरै शोषण हुन्थ्यो। सामन्ती युग भएकोले कृषकमाथि सायद अन्य अत्याचार बढी होला, तर शोषण भने कम थियो। आज सबै कुरा उल्टो भैसक्यो। तर भूमि जस्तो स्थिर, अति दुर्लभ र अत्यावश्यक राष्ट्रिय साधनको स्वामित्व, हस्तान्तरण र उपयोगबारेका हाम्रो राष्ट्रिय सोचाइ भने खास बदलिएको छैन।

विकासको लक्ष्य र प्रक्रिया तथा भू-व्यवस्थाको स्वरूप परिवर्तन गर्ने सिद्धान्त, विधि र बाटो परस्पर मिल्दो हुन आवश्यक छ। अरू देशको यान्त्रिक अनुकरण गर्ने खालको भूमिसुधारको व्यवस्था अत्यन्त सरल सोचाइको द्योतक हो। भूमिसुधार गर्नु हुन्न वा गरे पनि कैयौं दशक लगाएर गर्नुपर्छ, पर्याप्त क्षतिपूर्ति दिनुपर्छ, उद्योगभन्दा प्रशस्त खुलेपछि मात्र अनुपस्थित जग्गा धनीलाइ उद्योग धन्दाको शेयर दिएर भूमि वितरण गर्नुपर्छ भन्ने पुरानिया वा उच्च शिक्षित आधुनिक जग्गावालाहरूको सोचाइ र जग्गा वितरण जसको जोत उसको पोतका आधारमा गरिदिए कृषिक्षेत्रका सबै समस्या स्वतः समाधान हुन्छन् भन्ने केटाकेटी खालको वामपन्थी गर्जन दुवै अति सरल सोचाइ हुन्।

भूमिसुधार किन र कसरी भन्नेबारे विगत १५ वर्षमा प्रशस्त लेखियो, बोलियो। नेपालमा भूमिसुधार के कस्तो प्रकारको हुनुपर्छ भन्नेबारे आज प्राविधिक पक्षहरूको साथै राजनैतिक तथा आर्थिक विकासको सन्दर्भमा विश्लेषण गरिनु बढी आवश्यक देखिएको छ।

सानो जोतमा श्रम बढी लाग्छ र प्रति एकड उत्पादकत्व बढ्न सक्छ, तर बचत र बजारमा आउने माग घट्छ। भू-उत्पादकता तथा कृषकको श्रमको उत्पादकता बढ्नुका साथै बजारमा आउने परिमाण बढ्दै जाने नभई कृषिले अर्थतन्त्रको विकास, मौद्रिकीकरण र गैर कृषि क्षेत्रलाइ आवश्यक कृषि उपजको प्रदाय बढाउनुतर्फ मद्दत गर्दैन। कृषि उपजको बचत बढ्दो परिमाणमा सृष्टि नभए औद्योगिकरण र सहरीकरण तथा विकास हुन सक्तैन। भू-उपयोगलाइ राष्ट्रको आवश्यकता अनुसार मिलाउन सकिने, अर्थतन्त्रको गतिविधि प्राकृतिक कुराको हेरफेरमा निर्भर हुने स्थिति घट्ने गराउने र व्यापक ग्रामीण जनतामा आर्थिक—सामाजिक—राजनीतिक सक्रियता र संलग्नता बढ्ने गराउने कुरा आज सर्वाधिक महत्वपूर्ण छ। नेपालमा गतिशील, प्रजातान्त्रिक, न्याययुक्त र शोषणविहीन समाज एक समष्टि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वादी किसिमको भूमिसुधारबाट मात्र प्राप्त हुन्छ । पुरानो मान्यता अनुसारको स्वामित्व व्यापक रूपले किसानहरूमा वितरण गरेर सो लक्ष्यहरूतर्फ सफलता प्राप्त हुँदैन । आजको भूमिसुधार कार्यक्रममा परेका केही मुख्य कुराहरूले उक्त लक्ष्य पूरा हुनु सट्टा उल्टो केही लक्ष्यको विपरीत दिशामा समेत पुगिने छ। आजसम्म गरिएको हदवन्दी र पुनरवास अन्तरगतका वितरणबाट यो कुरा प्रष्ट भैसकेको छ ।

भू र जन यी दुइको विवेकपूर्ण संयोजन नभई वाञ्छित विकास हुँदैन, चाहेको परिवर्तन हुँदैन । आजको भूमि सुधार ठुलो किसानको संख्या नीजि स्वामित्व खतम भएर होइन कि मुख्यत: परिवारको विभाजनबाट घट्ने र साना किसानको संख्या ठुलो वेगले वढ्ने प्रक्रिया हो । हाल नै लगभग २० लाख दर्तावाल मोही छन् । त्यस्तै भू-स्वामी जोताहा किसान पनि लगभग ८।१ लाख छन् । अधिकांश किसान परिवार मोही वा भू-स्वामी दुवै र ज्यादै सानो जोतवाला छन् । जनसंख्या वृद्धि र प्रचलित उत्तराधिकार कानुनले गर्दा अधिकांश किसान झन झन साना साना र छरिएका टुक्रा जग्गा जोत्नेहरूमा परिणत हुँदै गैरहेछन् । यस्ता किसानको अवस्था आफ्नै हातमुख जोर्न पनि नपुग्ने हुँदा यिनीहरूबाट उपज बजारमा अत्यन्त कम आउँछ । १०।१५ वर्षमै यस्ताको संख्या डेढी बढ्ने छ । १५।२० वर्षमै नेपालको कृषि व्यवस्था कस्तो स्थितिमा पुग्ने हो भन्ने कुरा गम्भीर रूपमा सोच्ने बेला छ । स्वामित्वको इकाई घटेर वा बढेर मात्र त्यति हानी हुँदैनथ्यो, तर जोतको इकाई झन बढी वेगले टुक्रिने र छरिने प्रवृत्ति छ। प्रतिवर्ष लाखन अंशबण्डा, वेचबिखन, दान दातव्य र अन्य हस्तान्तरण हुने गर्दछ । रजिस्ट्रेशन, भूमि प्रशासन, माल अड्डा र जिल्ला न्यायालयहरूमा घुइँचो बढ्दो छ । नापी र भूमि प्रशासन झन झन गाह्रारो हुँदैछ । चकला टुक्रिंदै छन्, कित्ता झन वेगले टुक्रिंदै छन् । यसले गर्दा जग्गाको व्यक्तिगत र राष्ट्रिय व्यवस्थापन र समुचित उपयोग गर्ने कुरा झनझन कठिन देखिन थालेको छ । आली लगाउनमै धेरै जग्गा जान थालेको छ । झैझगडा बढ्दै छ ।

नेपालको जनसंख्याको ९५ प्रतिशत भाग ग्रामीण क्षेत्रमा छ। अत: यी क्षेत्रमा आगामी १५।२० वर्षमा घटीमा थप ७०।८० लाख जनसंख्या वढ्ने छ । ती थप ग्रामीणको ज्यादै सानो भागले मात्र सहरी वा गाउँमै गैर कृषि पेशाबाट निर्वाह गर्न पाउलान् । आजका २०।३० लाख भिन्दाभिन्दै जोत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका साना किसान परिवारमा कृषि विकास सेवा र सामग्री संस्थागत व्यवस्थाबाटै पनि पुऱ्याउन सक्नु असम्भव जस्तो छ। निकट भविष्यमा साना किसान परिवारको संख्या ३०।४० लाख पुग्ला। अधिकांशले खेतीमै निर्वाह गर्नु पर्ने छ।

सरदर रूपमा आजको मूल्य स्तरमा एक जनालाइ गैर कृषि, औद्योगिक वा अन्य काम दिलाउन घटीमा १० हजार पूँजीगत लगानीकै दरले पनि प्रतिवर्ष थप एक लाख श्रमिकलाइ गैर कृषि रोजगारी दिलाउन प्रतिवर्ष १०० करोडको थप प्रत्यक्ष औद्योगिक लगानी चाहिन्छ। त्यस्तो लगानीमा जग्गाको मोल, कच्चा पदार्थ उत्पन्न गर्ने लगानी, तालिम, नजिकको यातायात, विद्युत र निवासको निर्माण आदि लगानीहरू समेत जोडेमा आजको मूल्य स्तरमा वर्षको झण्डै २ अरब रूपैयाँको औद्योगिक र अन्य गैर कृषि उत्पादक लगानी गर्दै लग्न सके मात्र कृषिमा लागेको जनसंख्या लगभग आजको स्तरमा राख्न सकिन्छ। प्रति वर्ष यत्रो थप पूँजी कसले लगाउने ? विदेशी पूँजी, राष्ट्रिय निजी पूँजी, सरकारी र साझा पूँजी सबै अत्यन्त राम्रोसंग संकलन र विनियोजन गर्न सके यो कुरा असम्भव त छैन, तर आजको वार्षिक औद्योगिक लगानी १०–१५ करोड पनि नहुने अवस्थाबाट १० दोब्बर बढाउने कुरो छ। गैर कृषि लगानीमा पूँजीको मात्र प्रश्न होइन, भू-उपयोगमा पनि ठूलो परिवर्तनको समेत प्रश्न हो। लाखौं हेक्टर जग्गा कपास, उखु, तेलहन, सुर्ती, जुट, चिया, आलु, बदाम, दाल-हरू, फलफुल, बाँस आदि औद्योगिक कच्चा पदार्थ लगाउन खाद्यान्न बालीबाट पर सार्नु पर्नेछ। फेरि यो अदलबदल लाखौं किसानहरूको निर्णय प्रक्रियाबाट गराउनु पर्ने हुँदा झन जटिलता छ। लाखौं मजदुर, मिस्त्री, प्राविधिक कर्म-चारी र व्यवस्थापकहरूको तालिम प्रतिवर्ष गर्नु पर्नेछ। सामन्ती जीवन पद्ध-तिले ग्रस्त दसौं हजार ठूला जग्गा धनीहरूलाई आधुनिक अति व्यस्त उद्योग-पतिमा परिणत गर्दै जानु स्वयं एक ठूलो सामाजिक र सांस्कृतिक हाँक हो। चाहाडबाहाड र फुर्सद फुर्सदमा व्यस्त सामन्ती सौखिन समाजलाइ आधुनिक औद्योगिक समाजमा परिवर्तन गर्न साहित्य, कला र संस्कृति तथा धर्मकर्म र नैतिक तथा सामाजिक मूल्यहरू कस्तो चाहिएला भन्ने कुरो बेग्लै खोजको विषय हो।

भूमि सुधार र भू-गठनमा परिवर्तन भनेको भू-उपयोगको विधिलाइ प्राविधिक र आर्थिक विकास तथा अर्थतन्त्रको परिचालनका अनिवार्यतासंग मिल्दो बनाउँदै लग्ने भनेको हो। यस अर्थमा प्रत्येक मुलुकमा प्राविधिक परिवर्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अन्य गतिविधि र स्थितिमा परिवर्तन अनुरूप निरन्तर भूमि सुधार गर्दै जानु-पर्ने हुन्छ। भूमि सुधार पूरा भयो भन्ने कुरा कहिले पनि हुँदैन।

कृषि भूमिको ज्यादा सानो, छरिएको इकाई साधन, श्रम र समयको अपव्ययकारक हुन्छ। समानता, न्याय र वितरणको पक्षबाट भूमि सुधारको यो प्रक्रिया नै पाश्चात्य प्रगतिशील सोचाइ अनुसार तारिफको कुरा हुन्छ तापनि यसले भूमि सुधारको मूल विकासात्मक र आय वृद्धिजन्य उद्देश्य नै पराजित पार्छ। झन्झन् बढ्दो ठुलो संख्यामा, झन्झन् साना किसानहरूको क्रियाकलाप-बाट प्रति वर्ष बढ्दो परिमाणमा उखु, सुर्ती, सनपाट, तोरी, खाद्यान्न तथा निर्यातयोग्य गुण भएका कृषि उपजहरू प्राप्त गर्दै जाने आशा दुराशा त होइन? हालको प्रक्रियाबाट भूमिको समुचित र योजनाबद्ध उपयोग तथा क्षेत्र विशेषमा निश्चित बालीको उत्पादन वृद्धि गर्ने योजना झन्झन् गाह्रो त हुँदै जान्न? जोतको न्यूनतम जग्गा, न्यूनतम चकला र न्यूनतम आकारको कित्ता तोक्ने बेला आर्जै हो। सबैलाइ भू-स्वामी वा मोही बनाउने आकांक्षा सीमित राष्ट्रिय भू-सम्पादको अवस्थामा सम्भव छैन। अतः सामूहिक रूपमा स्वामी बनाउने व्यवस्था मात्र सम्भव, व्यावहारिक र आवश्यक देखिन्छ। यो कुरा एक टड्कारो र सायद कटु सत्य हो। यसलाइ वामपन्थी भनाइ भनेर तिरस्कार गर्ने हो भने उठाइएका मौतिक प्रश्नहरूको वैकल्पिक उत्तर तर्कयुक्त किसिमबाट प्रस्तुत होस्। नेपाली बुद्धिजीवीवर्गलाइ यो समयको हाँक हो। राष्ट्रलाइ अब समाधान चाहिएको छ इच्छित विश्वास (विसफूल थिङ्किङ) होइन। विश्वासलाइ कटु यथार्थमा आधारित गर्नु मात्रै स्वतन्त्र चिन्तन (फ्री विल) हो।

छिटै उपलब्ध हुन सक्ने कृषि सेवा, उपकरण र सामग्री तथा कृषि कर्जाको सहायताले ४–५ जनाको एक परिवारलाइ भरपेट खान र अति आव-श्यक निर्वाह वस्तु किन्न पुग्ने वास्तविक आयभन्दा केही बढी आय उत्पन्न हुन सक्ने अर्थात् लगानीको लागि केही बचत हुन सक्ने किसिमको आय दिने जोत-को इकाई भएका किसानले मात्र आफ्नो र राष्ट्रको आर्थिक विकास र आय वृद्धि गर्न सक्दछ अर्थात् राष्ट्रिय विकासको एक अङ्ग बन्दछ। त्योभन्दा साना-मा गरिने विकास लगानी आर्थिक नभई मानवीय कारणहरूले गरिने सिद्ध हुन्छ। ज्यादा साना किसानको राष्ट्रिय बजारसंग सम्पर्क नै हुँदैन, खाली बाँच्नका लागि खेती गर्दछन्, कोल्हुको गोरु झैं घुमिरहने उसको स्थिर पशुवत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसार हुन्छ । स्थिर मान्यता, गतिहीन मूल्यहरू, (शाश्वत मूल्य) स्वर्ग र नरकको कल्पनाबाट व्यवहार, भाग्यवाद, जडता र कान्छी, माइली तथा मखमली चोलो र जीवनको घमण्ड गर्ने पहाडी नानी आदि सीमित विषयवस्तुको साहित्य र संस्कृति यस्तै जीवनले कायम रहेको हुन्छ ।

न्यूनतमभन्दा केही कम जग्गा हुनेलाइ न्यूनतम जग्गा पुऱ्याइदिने, धेरै नै कम पर्नेलाइ भएको जग्गा पनि सरकारले बिक्री गर्न लगाई गैर कृषि क्षेत्रमा काम दिलाइदिने व्यवस्था पनि भूमिसुधार नै हो ।

पुनर्वासले पनि भूमिसुधारको उद्देश्य पूरा गर्छ । तर पुनर्वास क्षेत्रमा पनि जग्गामा निजी स्वामित्व व्यवस्था, सानो सानो चकलामा व्यक्तिगत र स्वैच्छिक खेती, जग्गाको धितो, बन्धक र बेचबिखन तथा अन्य रूपमा हस्तान्तरण आदि सबै पुराना चलन कायमै राख्दा यो भूमिसुधार नभई केवल नयाँ आवादी मात्र हुन गएको छ । यही कारणले अनुपस्थित जग्गा धनी र विभिन्न शोषण व्यवस्थाहरू पुनर्वास क्षेत्रमा पनि देखा पर्न थालेका छन् । उन्नत प्रविधि र योजनाबद्ध खेतीको व्यापकता पुनर्वास क्षेत्रमा देखा नपरेको कारण पनि सायद पुरानो भू–व्यवस्थाबाटै आवादी गरिएकोले नै हो । सामुदायिक खेती त्यो साझाको रूपमा होस् वा पञ्चायती खेतीको रूपमा होस् वा संयुक्त खेतीको रूपमा होस्–आज विकसित गराउँदै लग्नुपर्ने मुख्य भू–व्यवस्था हो । पुरानो सामन्ती र महाजनी निहित स्वार्थहरूसंग उस्तो टक्कर नपर्ने ठाउं पुनर्वास क्षेत्र नै हुन् । अतः सामूदायिक वा साझा खेती हुने प्रगतिशील भू-व्यवस्था पुनर्वास क्षेत्रबाटै प्रारम्भ गरिनु पर्दछ ।

व्यापक पुनर्वास, व्यापक चकबन्दी र ठूलो परिमाणमा गैर कृषि रोजगारीको सृष्टि गर्ने कुरामा पनि आर्थिक, वित्तीय, भू–भौतिक तथा राजनैतिक, कानूनी, प्रशासकीय र संगठनात्मक कठिनाइ त छँदैछन् । लाखौं विस्थापित किसानलाइ छिटै गैर कृषि पेशा उपलब्ध गराउने कुरा पनि अत्यन्त गाहारो छ । चाहिए जति व्यापक र छिटो छिटो औद्योगिकरण गर्न नेपाली निजी क्षेत्र सक्षम छैन । घरेलु र साना खालका उद्योग खोल्नपट्टि समेत उस्तो सक्रियता देखिन्न । औद्योगिक क्षेत्रका तयार सेडहरूका लागि तँछाड मछाड देखिन्न । नेपाली धनीहरूको व्यापारको क्षेत्रमा मात्र विगत १०।१५ वर्षदेखि बढी सक्रियता छ । त्यही पनि निकासी व्यापारमा भन्दा सजिलो पैठारी व्यापारमा बढी चाख लिएको देखिन्छ । निकासी व्यापारमा जे जति सक्रियता बढेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ त्यसमा ज्यादा विदेशीहरूकै क्रियाकलाप देखिन्छ । जग्गा जमिनबाट लगानीमा २०।२५ प्रतिशत वार्षिक नाफा हुने र यस्तो नाफामा आयकर पनि सजिलैसंग छल्न मिल्ने हुँदा गैर कृषि लगानीतर्फ जग्गावालाहरूलाइ चाख नहुनु स्वाभाविकै हो ।

सहरी घर जग्गाको रूपमा निकै वढी दरले आय हुने अर्को स्रोत पनि उपलब्ध छ । हाम्रो परम्परागत रूपको उदार भूमि नीतिले गर्दा कृषि जग्गा र सहरी जग्गा पछि बिक्री गरेर प्रशस्त मुनाफा गर्नका लागि समेत खरीद गरेर राख्ने चलन छ । सहरी क्षेत्र र सहर नजिकका साना कृषकहरूका जग्गा सम्पन्न वर्गले किन्दै गैरहेछन् । जिल्ला सदर मुकाममा पनि यस्तै प्रवृत्ति छ। भूमिलाइ एक विशिष्ट प्रकृतिको राष्ट्रिय सम्पत्ति भन्ने स्वीकार गरिएमा सहरी, सहर नजिकका राजमार्गको छेउका र सरकारी लगानी केन्द्रित हुने सदर मुकाम र अन्य यस्तै क्षेत्रका जग्गा सरकारलाइ वा सरकारले स्वीकृति दिएको उपयोगका लागि वाहेक अरूलाइ हस्तान्तरण गर्न नपाइने र श्री ५ को सरकारले व्यापक राष्ट्रिय हितका लागि योजनापूर्वक यस्ता जग्गाको उपभोग गराउने व्यवस्था भएमा अन्य लाभका साथै उद्योग धन्दातर्फ पूँजीको प्रवाह बढी हुन थाल्ने थियो । सहरहरूको विकासमा विकृति आउन नदिन पनि यस्तो नियन्त्रण आवश्यक छ ।

श्री ५ को सरकारले विदेशबाट कर्जा लिई र स्वदेशमा बडो मुस्किलले राजस्व परिचालन गरी जुटाउने रकम नेपाल औद्योगिक विकास निगम मार्फत निजी क्षेत्रलाइ अनेक रियायतहरू सहित उपलब्ध गराउँदा, निजी क्षेत्रले आफ्नो उद्योगमा आफ्नो बचत पूँजी साह्रै कम लगाए पुग्ने गरिदिंदा, आयकर छुट र अन्त:शुल्क, भन्सार आदि करमा ठूलो रियायत दिंदा उपभोक्तालाइ महंगीमा किन्ने त्याग गर्न लगाई बजार संरक्षण दिंदा पनि निजी क्षेत्रले होटेल, रेस्टुराँ, सिनेमा, बार आदिलाइ छाडेर गैर कृषि लगानीतर्फ खास चाख लिएको देखिन्न । बचत गर्ने, खतरा बोक्ने, लगनपूर्वक तल्लिन हुने, किफायत गर्ने, कुशलतापूर्वक चलाउने सुझबुझको साथ बजार व्यवस्था गर्ने (अर्थात् पेटमा कँयौं अल्सर हुने गरी व्यस्त हुने) आदि गुण निजी क्षेत्रमा हुन्छ भनेर औद्योगिकरणको भूमिकामा निजी क्षेत्रलाइ बढी स्थान दिन खोजिएको हो । नेपाली साहित्य र कलामा यस्ता चरित्र पटक्कै देखा पर्दैनन् किनभने वास्तवमा यस्ता नेपाली देखा नै परेका छैनन । गुनासोका पोकाहरू नै बढ्ता भेटिन्छन् । छिटो व्यापक औद्योगिकरणको वर्तमान आवश्यकता हेर्दा सरकारी र विदेशी पूँजी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिबाट मात्र यस क्षेत्रमा उल्लेखनीय परिमाणमा लगानी हुन सक्ने देखिन्छ। यी दुवै क्षेत्रमा स्वदेशी निजी क्षेत्रलाइ पनि सम्मिलित गर्दै लग्न अर्थात् निजी, विदेशी सरकारीको संयुक्त कम्पनीहरू स्थापना गर्न सकिन्छ। घरेलु उद्योगलाइ कारखानाको रूप दिन जिल्ला पंचायत, साझा, स्थानीय साना निजी क्षेत्रको संयुक्त कम्पनीहरू खडा गर्न सकिन्छ। मुख्य कुरा हो औद्योगिकरणको प्रक्रियालाइ तीव्र र व्यापक बनाउँदै नलगी ग्रामीण श्रम शक्तिको बढ्दो भागलाइ रोजगारी र आम्दानीको स्रोत उपलब्ध हुन्न। कृषि, ग्रामीण गरिबी तथा भूमि र जनका समस्या यिनै क्षेत्रभित्र मात्र सीमित भएर राष्ट्रिय समस्याहरूको समाधान हुन सक्दैन।

माथिल्लो हदबन्दीले जग्गाको केन्द्रीयकरण रोकियो र स्वामित्व विकेन्द्रीकरणको प्रक्रिया सुरू भयो। अब तल्लो हदबन्दी तोकेर विस्तृतिकरणलाइ विकेन्द्रीकरणलाइ आर्थिक प्राविधिक रूपले स्वीकार्य वान्छनीय तल्लो सिमाभन्दा तल जान नदिनु अत्यावश्यक छ। कसैको कूल जग्गाभन्दा कृषि प्रक्रिया गरिने विभिन्न जोतहरू (operational holding) राष्ट्रिय रूपले बढी आर्थिक महत्व राख्दछ। प्रत्येक परिवारको जोत न्यूनतमभन्दा माथि पुर्‍याउन सम्भव छैन। कृषकको प्रति वर्ष बढ्दो संख्या हेरी त्यति जग्गा नै छैन। नसकिनेलाइ तुरून्तै गैर कृषि पेशाहरू दिलाउन पनि सो क्षेत्र असाधारण वेगले विकास हुनुपर्‍यो। विदेशी पूँजी लगानी हुन ठुलो परिमाणमा आएन भने सो नेपाली निजी क्षेत्रका क्षमताभन्दा धेरै परको कुरा छ। अतः मुख्य विकल्प छ साना किसानहरूको सयुक्त र साझा खेतीको व्यवस्था। पुनर्बास क्षेत्रमा त यो क्रमशः अनिवार्य नै हुनुपर्दछ। पहाडी क्षेत्रमा यसरी खेती गर्न अनेक सुविधाहरूका रूपमा प्रोत्साहन दिइनुपर्छ। मालपोतमा रियायत, कृषि कर्जाको ब्याज दरमा रियायत, सरकारी कृषि र बजार सेवाहरू बढी सघन रूपले प्रदान गर्ने आदि रूपमा सुरूमा एकै स्तरका ५।७ किसान परिवारलाइ जग्गा, गोरु, हलो र अन्य उपकरण मिलाई संयुक्त खेती गर्न प्रोत्साहन दिने र पछि गएर जोतको आकार बढाउँदै लग्ने गर्नुपर्दछ। उत्तरी भेगमा बागवानी, पशुपालन, घरेलु उद्योगलाइ संयुक्त र साझा रूपमा गर्न प्रोत्साहन गर्नु आवश्यक छ। यस्तो संयुक्त र साझा वा सामूदायिक खेतीले श्रमको उत्तम परिचालन गर्न मिल्दछ र सामूदायिक विकासले पनि जोड पक्रने छ।

नेपालमा गुठी जग्गा लगभग ६६ हजार बिघा छ। यी धार्मिक जग्गामा कृषक शोषित, उत्पादन कार्य अति कम र आसपासको रैकर जग्गामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचलित मानव अधिकारभन्दा असमानता छ। यी जग्गा गुठी संस्थानलाइ फ झोंक झमेला नै भैरहेछ। आजको बजार मूल्यमा यी जग्गा जोताहा मोहीला बिक्री गरे पाँच हजार रूपैयाँ प्रति बिगाहको दरले समेत ३३ करोड मूल्य जग्गा छ। साझा खेती गर्ने शर्तमा जग्गाको मूल्य १०।१५ वर्षको अवधिमा नगदी किस्तामा चुकाउन पाउने व्यवस्था गरी साझा भू-व्यवस्था कायम गर्नु पर्दछ। किस्तावन्दीबाट प्राप्त रकम बैंकको मुद्दती खातामा राख्दै जाँदा किसा र बैंकबाट प्राप्त हुने ब्याज गुठी संस्थानको हालको ३०।४० लाखको आयभन्दा बढी हुनेछ। सरदर १० प्रतिशत नै ब्याजमा पनि वार्षिक ३ करोडभन्दा बढी आय हुनेछ। यत्रो आयले गुठी संस्थानले धर्म, संस्कृति समाज कल्याणतर्फ धे काम गर्न सक्नेछ।

तराईमा ठुला र मझौला जग्गा धनीलाइ वर्तमान भूमि सुधार कार्यक्रमले कायमै राख्ने हुँदा यस स्थितिबाट पनि राष्ट्रिय विकासमा योगदा हुने गर्न कम्पनीको रूपमा संगठित भएर सरकारी कार्यक्रमको अभिन्न अंगक रूपमा बालीको कोटाअनुसार खेती गर्न र निश्चित परिमाणमा खाद्यान्न र नगदे बालीहरू उत्पादन र विनिमय गर्न दिनुपर्दछ। व्यक्तिगत खेतीमा बढी दरले मालपोत र पंचायत विकास कर लगाउने र मल बिउ र ट्रेक्टर तथा सिंचाई साधनलाइ कर्जा नदिने र अर्कातिर संस्थागत फार्मलाइ भने बढी प्रोत्सा हन दिने गर्नु पर्दछ। यसबाट खेतीले क्रमशः उद्योगको रूप लिने छ। उत्पादक र कुशलता बढ्ने छ।

भूमि सम्बन्धी ऐनमा श्री ५ को सरकारलाइ बाली तोक्ने अधिकार छ। सो नगदे बालीहरू र बासमती चामल लाग्न सक्ने जग्गामा तथा अन्य औद्योगिक र निर्यातका दृष्टिबाट महत्वपूर्ण स्थानको जग्गामा लागू गर्नु पर्दछ। अनिमात्र नेपालमा उद्योगलाइ निश्चित रूपमा कच्चा पदार्थ प्राप्त हुनेछ र कृषिबाट वैदेशिक मुद्रा आर्जन व्यवस्थित हुन्छ। साना किसानको जोखिम लिने क्षमता, विद्या, बुद्धि र साधन तथा उपजको बचत ज्यादै कम हुने हुँदा घटीमा ४।५ बिगाहा जग्गा हुने किसानबाट यो नगदे खेती कार्यक्रम सुरु गर्नु पर्नेछ।

पूँजीवादी संस्थागत कृषि फार्ममा साविकका मोहीलाइ मजदुरका रूपमा राख्नुपर्ने, कृषि मजदुरलाइ श्रम विभागले संगठित पार्ने र न्यूनतम ज्याला दिने व्यवस्था गराउनु पर्नेछ। यस्ता भूतपूर्व मोहीलाइ दर्तावाल मजदुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिने छ । यस्तो कुशल पूँजीवादी ढाँचाको आधुनिक खेतीबाट पर्याप्त खाद्यान्न र उच्च गुणको औद्योगिक कच्चा पदार्थ सस्तो र निश्चित रूपमा प्राप्त भैरहने व्यवस्था हुन सक्तछ ।

साना किसानको र अल्प जग्गा भएका किसानको उद्धार साझाकरणमा मात्रै छ । ठुला र मझौला किसानको राष्ट्रिय उपयोगिता प्राइभेट वा पब्लिक लिमिटेड कम्पनीका रूपमा संस्थाकरण भएमा मात्रै छ । अमेरिका, क्यानाडा, पश्चिमी युरोप, अस्ट्रेलिया आदि मुलुकमा साना किसान भनिनेहरू पनि २।३ सय हेक्टरका स्वामी हुने, अनेक सुविधाहरूको विकास र जग्गाको आयस्ता सहरी रोजगारीभन्दा कम भएमा सहरमा काम पाउने स्थिति हुँदा संस्थाकरण नगरे पनि त्यसको विभिन्न आर्थिक लाभ राष्ट्रलाइ प्राप्त हुन्छ । तर नेपाललाइ भने संस्थाकरण बाहेक अब कुनै विकल्प छैन । यी सबै परिवर्तन भूमिसुधार नै हुन् ।

जनसंख्या वृद्धिले वैज्ञानिक र राष्ट्रिय रूपको भूमिसुधारलाइ फन् उत्कट रूपमा आवश्यक बनाउँदै लगेको छ । खेतीको क्रमिक संस्थाकरणले सामूदायिक प्रयासहरूलाइ व्यापक परिचालनद्वारा प्रभावकारी बनाउने हुँदा जन्मदर नियन्त्रण गर्ने काम पनि यस्तो भूमिसुधारबाट मात्र सुगम हुनेछ । संस्थागत खेती भएको सबै ठाउँमा ग्रामीण क्षेत्रको जन्मदरमा ह्रास हुँदै गएको देखिन्छ । पूँजीवादको मुख्य राष्ट्रिय उपयोगिता कुशलता, निजी बचत र निरन्तर उत्पादन वृद्धिमा छ । औद्योगिक र व्यापारिक क्षेत्रमा संस्थागत संगठित पूँजीवादको भूमिका छ भने कृषि क्षेत्रमा पनि पूँजीवादी संस्थाकरणको लाभ राष्ट्रले लिनै पर्छ । जसको जोत उसको पोतकै आधारमा भूमि सुधार गरे पनि खेतीको साझा संस्थाकरण नगरे राष्ट्रिय विकासमा खास लाभ केही पनि हुन्न । शुद्ध मानवीय आधारमा गरिने भूमिसुधार धार्मिक भावनाले प्रेरित कुरा जस्तो हुन्छ, आर्थिक–राजनैतिक विकासको आधारशिला हुन सक्तैन ।

○

मैतीदेवी, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निबन्ध

—ठाकुर पराजुली

रूप-रेखा र नेपाली निबन्ध

०००

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका प्रतीक पुरुष थिए। उनको जीवन कालमा नवलेखनका कतिपय प्रयोगहरू फाट्टफुट्ट देखिन्थे तर देवकोटाको विराट् व्यक्तित्वका अगाडि त्यस्ता प्रयोगहरूको स्वतन्त्र धारा सामान्य तहमा सीमित रह्‌यो। २०१७ सालपछि अर्थात् देवकोटाको मरण (२०१६) उपरान्त शैली र प्रवृत्तिमा देखा परेका नयाँ प्रयोगहरूलाइ अब अरू कसैको आरोप र अवरोधको सामना गर्नु परेन। यस दृष्टिले देवकोटापछिको समय नयाँ पुस्ताका नयाँ प्रयोगका लागि प्रशस्त बन्यो। संयोगवश 'रूप-रेखा'–को जन्म (२०१७ असार–साउन) नयाँ प्रयोगको वाहकको रूपमा देखिन आयो। 'रूप-रेखा'–ले नयां प्रयोगको घोषणा त गरेको छैन। पुराना प्रयोग र रचनालाई वहिष्कार पनि गरेको छैन तैपनि प्राथमिकता उसले नवलेखनलाइ नै दिएको छ। विशेष गरेर मोहन कोइराला र उनको मण्डलीको प्रयोगभूमि 'रूप-रेखा' नै रह्‌यो। 'मण्डली' भन्नुको मेरो तात्पर्य कुनै 'जमात विशेष'–संग नरहेर प्रवृत्ति विशेषसंग छ।

'रूप-रेखा'–समकालीन नेपाली साहित्यमा कथा र उपन्यासकै महिमा ज्यादा रह्यो तर विवादास्पद चर्चाका रूपमा भने 'कविता'–ले बढी स्थान ओगट्‌यो। यो चर्चा अझै पनि टुंगिएको छैन। 'रूपरेखा'–ले नयाँ प्रयोगका सबै क्षेत्रमा धेर थोर आफ्नो हात पुऱ्याएको छ; तथापि प्राथमिकताका क्रममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कविता' रूप-रेखाको पहिलो प्राथमिकतामा पर्छ। यो प्राथमिकता संख्याका दृष्टिले होइन रूपात्मक र प्रवृत्तिगत विकासका दृष्टिले हो। 'कविता'मा रूप-रेखा ज्यादै सचेत देखिन्छ। त्यसैले अपेक्षाकृत 'कविता'मा सम्पादक वर्गहरूको छानवीन बढिरहेको देखिन्छ भने गद्यतर्फ प्रयोगका साथै सामान्य जनरूचितर्फ पनि दृष्टि दिएको भेटिन्छ। विशेष अवसरका अङ्क बाहेक प्रायः सबै अङ्कमा कथाको संख्या ज्यादा नै छ; तर निश्चित मोडमा लैजाने कथा कमै देखिन्छन्। पत्र-पत्रिकाप्रति सामान्य जनआकर्षण बढाउनमा निश्चय नै मनोरञ्जनात्मक कथाको ठुलो हात रहन्छ। यस दृष्टिले कथाको संख्या अधिक हुनु स्वाभाविक हो। प्रयोगशील दृष्टिलाइ ध्यानमा राखेर छानवीन गर्नु कथाका लागि संभव थिएन। त्यसैले कविताको फैं कथाको पनि एउटा निश्चित मोड दिने काम त्यति सहज हुन सकेन। तैपनि प्रयोगशील कथाहरू 'रूप-रेखा'-मा पर्याप्त पाइन्छन्।

०००

लेख-निवन्धतर्फ विविधता ल्याउने प्रयास अवश्य देखिन्छ तर विशेषीकरण गर्ने रूचि त्यति प्रबल पाइन्न। त्यसैले होला लेखनिवन्धतर्फको वर्गीकरणमा रूप-रेखा उदासीन छ। दोस्रो अंकदेखिका केही अंकहरूमा र बिचबिचका एकाध अंकहरूमा लेखनिबन्धहरूलाइ इतिहास, दर्शन, आलोचना छलफल आदि शीर्षकमा, बाँडेको देखिन्छ तर यसमा नियमितता ल्याएको देखिन्न। पछि पछि 'लेखनिबन्ध' स्तंभमा समालोचना, शास्त्रीय चिन्तन, यात्रा, व्यक्तिवृत्त, संस्मरण, आत्मकथा, इतिहास, सामयिक प्रवाह आदि विषयक सबै सामग्री समावेश भएका छन्। कतिपय असाहित्यिक बिषयहरू राष्ट्रिय–जीवनधाराको प्रभावी हुनुको कारणले मात्र पनि निबन्ध अन्तर्गत परेका छन्। मैले हार्न नसकेर स्वीकार गरेको विषय हो–निबन्ध। यसकै सेरोफेरोभित्र मैले विवरण गर्नु छ। त्यसैले म अरू विषयबाट आफुलाइ हटाएर केवल निबन्धमा मात्र सीमित हुँदैछु।

समीक्षा यद्यपि निबन्ध होइन; तथापि सिर्जनात्मक प्रतिभादेखि त्यति टाढा पनि छैन। त्यसैले व्यक्तिप्रधान निवन्धतिर होम्मिनु अगाडि रूप-रेखाका समीक्षाप्रति पनि सानो टिप्पणी गर्न चाहन्छु। 'रूप-रेखा'-मा रामकृष्ण शर्मा, यदुनाथ खनालदेखि लिएर अम्बिकाप्रसाद अधिकारी, तारानाथ शर्मा, वासुदेव त्रिपाठी, जगदीश शम्शेर, कृष्णचन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, अभि सुवेदी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मका पुराना र नयाँ दुवै पुस्ताका समालोचकहरूले योगदान गरेका छन्। यिनका अतिरिक्त कमल दीक्षित, गणेशबहादुर प्रसाई, गोविन्द भट्ट, वि. पी. अधिकारी, दयाराम संभव, बालचन्द्र शर्मा, रत्नध्वज जोशी आदि सिद्धहस्त समीक्षकलाइ पनि रूप-रेखाले आफुभित्र समेटेको छ । यी मध्ये रामकृष्ण, यदुनाथ, बालचन्द्र र रत्नध्वज 'शारदा' कालीन समालोचक हुन् भने अरू समीक्षकहरू धेरै रूप-रेखाकालीन नै छन् । एकाध समीक्षकहरू 'प्रगति' र 'धरती' समकालीन पनि हुनुहुन्छ । 'शारदा' कालीन समालोचकका निमित्त 'रूप-रेखा' आनुषंगिक मात्र हो । त्यसैले वहाँहरूको प्रयोगशीलतालाइ परीक्षण गर्ने स्थल रूप-रेखा' होइन । प्रयोगमा नवीनता त होइन मान्यतामा परिवर्तन तारानाथ शर्मामा देखिन्छ । 'रूप-रेखा'-का सुरुतिर मार्क्सवादका वकालत गर्ने तारानाथ लगत्तै नै काँचुली फेर्नु हुन्छ र आफुलाइ मार्क्सवाददेखि मुक्त गराउनुहुन्छ । अनि गोविन्द भट्ट जस्ता समीक्षकलाइ अचानो बनाएर आफ्नो प्रायश्चित गर्नु हुन्छ । मान्यता परिवर्तनपछिका तारानाथमा समीक्षाको स्तर भने उठेको छ तर यो स्तरवृद्धि मान्यता नबदलेमा पनि हुन सक्ने क्रमिक विकास थियो । 'रूप-रेखा' कालमा एक्कासि समालोचकीय व्यक्तित्वलाइ प्रस्तुत गर्ने व्यक्तिमा प्रा० अंबिकाप्रसाद अधिकारी हुनुभयो । थोरै नै समीक्षाबाट उहाँले आफुलाइ प्रसिद्धिको शिखरमा पाउनुभयो र उहाँले त्यत्तिकैमा आफुलाइ संतुष्ट राख्नुभयो यद्यपि वहाँका समीक्षा प्राध्यापकीय वा छात्रोपयोगी दृष्टिले लेखिएका थिए । 'रूप-रेखा' कालमा आफ्नो समालोचना यात्रा आरम्भ गरेर सोही कालमै ईर्ष्या र प्रशंसा दुवै प्राप्त गर्ने समालोचकमा डा० वासुदेव त्रिपाठीको नाम विशेष उल्लेखनीय छ । अभि सुवेदीका दृष्टि [धूपी, -१,२०२७} मा वासुदेव त्रिपाठी सांस्कारिकताका दृष्टिले 'नियोपेडान्टिक' र बौद्धिक दृष्टिमा 'वैचारिक गिजोला र अन्योल' हुन् । प्रायः सूक्ष्म हुँदै जाने प्रयत्नमा त्रिपाठीको भाषा दुरुह र पाण्डित्यपूर्ण अवश्य छ तर समकालीन बौद्धिकता, मानसिक दवाब र धारणालाइ समेट्ने र परिभाषित गर्ने भाषाको खोजी गर्दा सायद कसैको दृष्टिमा वैचारिक अन्योल हुन गएको हो कि ? कृष्णचन्द्रसिंह प्रधान र रत्नध्वज जस्ता समालोचकहरू 'रूप-रेखा'-मा पाइलो हाल्दा वहाँले आफ्ना आफ्ना कलमलाइ सघाई सक्नुभएको थियो तथापि यहाँ आएर वहाँहरूले आफ्नो आस्थामा अडान लगाउन भने अवश्य पाउनुभयो । कमल दीक्षित पनि 'धरती' समकालीन समीक्षक हुनुहुन्छ र वहाँका समीक्षा परम्परागत सामाजिक तहका नभै अनुसन्धानात्मक छन् । 'रूप-रेखा'-मा पनि कण्डै चौयाइ दर्जन अनुसन्धानात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समीक्षा लेखेर समालोचनाको बेग्लै प्रस्थान स्थापना गर्नुभएको छ। यस क्षेत्रमा वहाँ मात्रै एक्लो वृहस्पति देखिनुभएको छ।

'रूप-रेखा'-मा आएपछि साहित्यका अध्ययनशील समीक्षक जगदीश शमशेरले समीक्षा प्रणालीमै परिवर्तन ल्याउनुपर्ने प्रतिक्रिया देखाउनुभयो। विशेष गरेर लेखनाथको 'वसन्त कोकिल' जन साहित्य र मिथक सम्बन्धी लेख (पूर्णाङ्क १८०) मा वहाँका ती जमर्को देखिन्छन्। मिथ अथवा आदिमपरक बिम्बप्रतिको आग्रह जगदीश शमशेरका लेखमा पाइन्छ। तर यसमा जति छलफल र प्रतिक्रिया हुनुपर्ने हो संभवतः त्यति हुन सकेन। सिंगै नेपाली समालोचनाको इतिहास अवलोकन गर्दा सालाखाला नेपाली समालोचना एउटा प्रभावमा आएर लेखिएको छ। कृति पढिसकेपछि सालाखाला इंप्रेसन वा प्रभाव हामीमा कस्तो पर्‍यो त्यसको आधारमा मनोविज्ञान र समाजशास्त्रीय मानदण्ड लिएर हामी कृतिको समीक्षा गर्न बंहन्छौं; यही नै हाम्रो समीक्षा प्रणाली रहिआएको छ। कृतिका प्रत्येक पंक्ति र बिम्बले के भन्छन्—सायद त्यतातिर हामी पछि नै छौं। हाम्रो मूर्धन्य मानिनुभएका रामकृष्ण शर्मा र यदुनाथ खनाल जस्ता समालोचक त समाजशास्त्रीय परिधिभन्दा माथि जाने सक्नुभएको छैन। हो; त्यसपछिका समालोचकहरू मनोविज्ञानको मापदण्डलाइ आधार बनाइन थालेका छन्। यस अवस्थामा जगदीश शम्शेरले उठाउनुभएको विषय अत्यन्त गंभीर छ। इन्द्रबहादुर राईमा पनि समालोचना प्रणालीमा परिवर्तन ल्याउने प्रतिभा चेष्टा देखिन्छ ['नेपाली उपन्यासका आधारहरू'मा] तर वहाँका समीक्षाले सुपाच्य रूप अझै पाइसकेका छैनन्! डा० वासुदेव त्रिपाठीका पनि समीक्षा, प्रणालीमा केही परिवर्तनका झिल्का देखिन थालेका छन्। विशेष गरेर तथ्य र तथ्याङ्कका आधारमा कृतिको मूल्याङ्कन गर्ने र ज्ञानको र सिर्जनाको क्षेत्रमा त्यसले के आयाम थप्यो—त्यसको निष्कर्ष निकाल्ने पद्धति आजभोलिका वहाँका समीक्षामा देखिन्छ। कुमुदिनी जस्ताका समालोचनाले चोरी र दोष पत्ता लगाउन मद्दत मिल्छ। अझै भाषा चर्को छ भने केही समय पत्रिका र टेबुल गफको बजार गरम गराउन पनि सक्छ तर समालोचनात्मक आयामको विकासमा खास योगदान भने मिल्न सक्तैन। सालाखाला रूपमा 'रूप-रेखा'-का समालोचना समाजशास्त्रीय र मनोविश्लेषणात्मक स्तर विकास गर्दै आइरहेका छन् तर एक दशक यता आफ्नो समीक्षात्मक स्तर विकास गर्दै आइरहेका युवा समीक्षकहरू त्यतिले मात्र संतुष्ट देखिन्नन्। पर्याप्त बौद्धिक चाप दिएर कृतिको मूल्याङ्कन गर्न चाहन्छन् त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशिष्ट आकार भने पाइसकेको छैन । प्रगतिशील धारा रचनात्मक र समीक्षात्मक दुवै तहमा सुकेर गयो । पाठालोचन (टेक्स्टुयल), शलीपरक (लिंगोस्टाइलिस्टिक) आदि समालोचनात्मक रूपको प्रारम्भ हुनै पाएको छैन ।

'रूप-रेखा'-ले समालोचनालाइ पनि लेख निबन्धभित्र पारेको र यो क्षेत्र ज्यादा इतिहास, संस्कृतिभन्दा बढी साहित्यिक रूपसंग, विशेष गरेर, उसको सिर्जनात्मक पक्षसंग सम्बन्ध रहेकाले यस सम्बन्धमा छोटो टिप्पणी मात्र गरेको हुँ । अब म निबन्धतिर फर्किन चाहन्छु ।

००० निबन्धको सीमा अत्यन्त फराकिलो छ र बहु आयामी पनि । इतिहास, भूगोल र संस्कृति पनि निबन्ध हुन सक्छन्—यदि त्यसमा मोंतेन्ले अर्थ्याए झैं व्यक्तित्वको विशिष्टपन घुलमिल भएको छ भने । 'रूप-रेखा'-मा प्रकाशित वस्तुवर्णनात्मक निबन्धमा व्यक्तत्व–मुखरित त्यस किसिमका निबन्ध त पाइँदैनन् तर यात्रा, संस्मरण, व्यक्तिवृत्त वा स्केच, अन्तर्वार्ता–साक्षात्कार, आत्मकथा समसामयिक घटनाप्रति व्यक्ति गरिएका केही प्रतिक्रिया आदिहरूमा निबन्धका ती स्वरूपहरूलाइ भेटाउन सकिन्छ । त्यसैले शुद्ध निबन्धका अतिरिक्त माथि उल्लिखित रूप–विधाहरूलाइ पनि निबन्धका प्रसंगमा चर्चा उठाउन आवश्यक ठान्छु ।

'रूप–रेखा'-ले अन्य विधामा विशेषाङ्क निकाले जस्तै 'निबन्ध' र 'नाटक'-मा विशेषाङ्क प्रकाशित गरेन । तैपनि संस्मरण अङ्क (पूर्णाङ्क ४८) र लेखक अङ्क (पूर्णाङ्क –१००) मा प्रकाशित कतिपय संस्मरण र आत्मकथामा निबन्धको स्वरूप देख्न सकिन्छ; तर यिनीहरूले पनि निबन्धको सम्पूर्ण स्वरूपलाइ अझै प्राप्त गरिसकेका छैनन् । झिल्का-झिल्की मात्रै छन् ।

'रूप-रेखा'मा प्रकाशित निबन्धहरूमा लक्ष्मीप्रसाद देवकोटा (पूर्णाङ्क ५,९,१३,४८, सबै मरणोपरान्त), राजेश्वर देवकोटा (१,६,८८), रामकृष्ण शर्मा (६), वदरीनाथ भट्टराई (८.११,९७), केशवराज पिंडाली (२) आदि अघिल्ला पुस्ताका निबन्धकारहरूका रचना पनि प्रकाशित छन् । तर ती सबै निबन्धकारहरूले आ–आफ्नो युगमा नेपाली निबन्धमा जे जस्तो जग हालेर त्यसमा जुन भव्य भवन निर्माण गरे—त्यो 'रूप-रेखा'-कालीन उपलब्धि होइन। 'रूप-रेखा'-को उपलब्धि त देवकोटा उत्तरवर्ती विकसित आयाम हो; जसका केन्द्रीय धुरी शंकर लामिछाने हुन् । निश्चय नै लामिछाने नेपाली निबन्धमा एक आयाम हुन् र त्यस आयामको विशिष्ट क्षण, 'रूप-रेखा'-बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको हो । यसो भन्दा 'प्रगति' र 'इन्द्रेणी' कालका पाठकहरू आश्चर्य मान्ने छन् । हो, लामिछानेले 'प्रगति' कालमै आफ्नो शैली तिखारिसकेका थिए तर त्यसबेलाको क्षेत्र कथा अन्तर्वार्ता र व्यक्तिवृत्त आदि स्तर निबन्धमा थिए भने उनको खास निबन्धकाल 'रूप-रेखा'-कालमै आएर सुरू हुन्छ । 'रूप-रेखा'-का १५,१६,३१,३३,३४,३६,४१,४२,४८,५३,७५,९३,१०६,१०७,११२,११४,१२४ १६० र १७० पूर्णाङ्कहरूमा लामिछानेका निबन्ध छापिएका छन् । यसमा केही शास्त्रीय लेख र व्यक्तिवृत्त सम्बन्धी लेख पनि सामेल छन् । दोस्रा खाले व्यक्तिवृत्त र संस्मरण जस्ता लेखहरू पनि उनका निबन्धभन्दा टाढा छैनन् । 'रूप-रेखा'-का अधिकांश लेखमा उनको व्यक्तित्वको विशिष्ट ढङ्ग व्यक्तिएको छ । यसपछि आर्थिक स्रोतका दृष्टिले उनका निबन्ध हिमानी, गोरखापत्र र मधुपर्क-हरूतिर छरिन्छन् । 'रूप-रेखा'-कालमा शंकर लामिछानेले व्यक्तिवृत्तका केही फ्ल्यास ब्याक र एउटा अधूरो उपन्यास (श्री ५ त्रिभुवनका सम्बन्धमा लेख्न थालिएको सो उपन्यास उनको मृत्युपछि उनकै सम्झनामा प्रकाशित रूप-रेखाको शंकर-संस्मरण विशेषाङ्क १८९ मा छापिएको छ ।) बाहेक अरू कथाहरू लेखेको त्यति देखिँदैन । अभिव्यक्तिको माध्यम उनले एउटै निबन्ध रूपलाइ बनाएका छन् । केही संस्मरण र केही अन्तरंग व्यक्तिवृत्तका पूर्वदीप्ति (फ्ल्यास ब्याक)–लाइ परै राखिदिने हो भने पनि शंकरका आधा दर्जनभन्दा बढी निबन्ध–रूप-रेखामै प्रकाशित छन् । यहाँ प्रकाशित उनका उत्कृष्ट निबन्धहरू हुन्:— साहित्य आलुबखडा कि आउँ (३६), हामी पाइताला हौं फगत पाइताला (४१), गोरेटोको खोजीमा (५८) औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा (४२) पेन्डुलम असिलेसन–पेन्डुलम (५३) । यिनै निबन्धहरूमा अरू केही निबन्ध थप गरी प्रकाशित गरेको 'एब्स्ट्र्याक्ट चिन्तन' प्याज भन्ने कृतिले मदन पुरस्कार पनि प्राप्त गऱ्यो । निबन्ध आत्म प्रकाशनका सहज माध्यम मानिन्छ तर लामिछानेले आफुमा समाहित युगजीवनका अन्तर्मर्मलाइ नै बौद्धिक पाराले प्रकाशन गरेका छन् । आफ्ना निबन्धमा उनी अत्यन्त अनौपचारिक रूपमा उपस्थित हुन्छन् र बातैबातमा एउटा आकर्षक पाराले यथार्थलाइ राखिदिन्छन् । देवकोटा जत्तिकै प्रतिभावा घनी नभए पनि उनले नदेखेको सीपलाइ शंकरले प्रस्तुत गरिदिए । त्यसैले पनि देवकोटाको उत्तराधिकारको हक शंकर लामिछानेलाइ छ र उनल 'रूप-रेखा'-को प्लेट फर्मबाट देवकोटाको युगलाइ जोड्ने निबन्धको सुरूआत गरे । 'रूप–रेखा'-प्रति शंकरको आत्मीय सम्बन्धले पनि रूप–रेखा शंकरको सीपलाइ बढी दोहन गर्न समर्थ भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली निबन्धमा ताना शर्मा (तारानाथ शर्मा) को पनि विशिष्ट भूमिका छ तर 'रूप-रेखा'-मा वहाँका समालोचनाका जति चरण देखिन्छन् त्यसका तुलनामा निबन्धको संख्या छैन बराबर नै छ। तारानाथको 'नमस्ते' भन्ने निबन्ध पहिले नै प्रकाशित भैसकेको हो तर पछि यात्रा निबन्धको विकासमा वहाँ अग्रयायी हुनुभयो र 'बेलायततिर बरालिंदा' भन्ने कृतिमा मदन पुरस्कार पनि प्राप्त गर्नुभयो। 'रूप-रेखा'-मा वहाँका एउटा आत्म कथन (१००) एउटा व्यक्तिवृत्त 'डाँडाको जून' (२९) र अर्को यात्रा निबन्ध 'कर्णालीको छालैछाल' (१०३) भन्ने तीनवटा मात्र निबन्ध देखिन्छन्। कोमल र परिमार्जित भाषा, सुल्झिएको दृष्टि र भावात्मक दीप्तिले गर्दा तारानाथका निबन्ध यात्रा र संस्मरण आकर्षक बनेका छन्। विद्वान् बालकृष्ण पोखरेलका दृष्टिमा तारानाथका समालोचना झारपात र कसिङ्गर हुन् भने नियात्रा विशिष्ट उपलब्धि। 'रूप-रेखा' तारानाथको निबन्धकारिताको सशक्त विचरण क्षेत्र नरहे पनि समकालीनताका हैसियतले विशेष व्यक्तित्व निर्माणका निमित्त 'रूप–रेखा'-को महत्वपूर्ण भूमिका मान्न सकिन्छ।

अन्य निबन्धकारहरूमा नगेन्द्रका वैचारिक निबन्ध (३९,७८,११४) र लोकराज बरालका संस्मरण, साहित्य विवरण र अनुभूतिमिश्रित केही (९,१७.१९,२१,२६,३५,३८,४८ र ७८) निबन्धहरू उल्लेखनीय छन्। नगेन्द्रमा निबन्धप्रति विशेष निष्ठा पनि देखिन्छ। बरालका निबन्धमा आकृतिसम्म कोरिएको छ तर रूप निर्माण भइसकेको छैन। ईश्वर बल्लभका ६ वटा (४८,१०६,१०८,११२.११४ र १५६) लेख प्रकाशित छन्। यी मध्ये तीनवटा लेखमा साहित्यमा आयामिक धारणाबारेको छलफल छ भने बाँकी तीनवटामा संस्मरण र निबन्ध छन्। निबन्धमा वैचारिक उद्वेलनको पुट छ तर निबन्धको विषय ईश्वर बल्लभका लागि गौण हो।

'रूप-रेखा'-मा रूप प्राप्त गरेको अर्को महत्वपूर्ण आकृति हुन्—भैरव अर्याल। केशवराज पिंडालीको अनुपस्थितिमा हास्य व्यंग्यमा उनले बनाएको साँघुलाइ भैरवले जोड्ने मात्र काम गरेको होइनन्; बरु केही क्षेत्रमा विशेषतः भाषा र विसंगतिमा अझै उनले तीक्ष्णता थपेका छन्। हास्यव्यंग्यकार भैरव त 'हालखबर'-बाट जन्मेका हुन्। त्यसताका 'हालखबर' (दैनिक)-मा दाताराम र भैरव अर्यालकाका हास्यव्यंग्यहरू फाटफुट प्रकाशित हुन्थे तर समसामयिक घटकाना सामयिक व्यंग्यको साहित्यिक मूल्य अपेक्षाकृत कम नै हुने भएकाले भैरव अर्यालको साहित्यिक प्रतिष्ठा पनि 'रूप-रेखा' पूर्व त्यत्तिकै अलमलिएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'रूप-रेखा'-मा उनका रचना प्रकाशित हुन थालेपछि हास्यव्यंग्यकार भैरवको राष्ट्रिय व्यक्तित्व विस्तृत हुँदै जान्छ जान्छ । रचना प्रकाशनका दृष्टिले 'रूप-रेखा'-मा भैरवका हास्यव्यंग्य ज्यादै कम छन् । पूर्णाङ्क ८, ११, १५ र ४८ जम्मा चारवटा निवन्ध छन् र हास्यव्यंग्यका दृष्टिले अझै तीनवटा मात्र । तैपनि उनको श्रीगणेशमा 'रूप-रेखा'-को भूमिका कम महत्वको छैन । भैरव अर्याल 'रूप–रेखा'-को संगसंगै जस्तो 'रचना' र 'गोरखा-पत्र'-मा संवद्ध हुन पुगेकाले उनका रचना अरूतिर पनि बाँडिन थाले । हास्य कम तर समसामयिक विषयमा तीखो व्यंग्य कस्नमा अत्यन्त प्रभावी श्रीधर खनाल पनि 'रूप–रेखा'-कै उपज छन् । यसभन्दा अघि समाचार पत्रका सामयिक लेख टिप्पणीका रूपमा परिचित खनाल 'रूप-रेखा'-मा साहित्यिक मूल्यका रचना दिन पनि समर्थ भएको देखिन्छ । 'रूप–रेखा'-का १, ३, ५, ६, ७, ८, १४, १६, २७, ३०, ३४, ३०, १००, १०२ अङ्कहरूमा प्रकाशित श्रीधर खनालका संस्मरण, आत्मकथा र व्यंग्यप्रधान निबन्धहरूले कलात्मक प्राप्तिका ठोस डोब नछोडे पनि त्यस किसिमको वातावरण निर्माण गर्नमा ती निवन्धहरूको भूमिका उल्लेखनीय छ । यस्तै वातावरण निर्माण गर्ने अन्य हास्यव्यंग्य निवन्धकारमा घटोत्कच शर्मा (९४, १०४) श्याम गोतामे (९८, १६२) र रामकुमार पाण्डे (९५, १०७, १२८) प्रमुख छन् ।

'रूप–रेखा'-ले यात्रा, संस्मरण, आत्मकथा र सिर्जनात्मक भन्तकथा-मा पनि विशेष उपलब्धि प्राप्त गरेको छ । 'संस्मरण'-लाइ लिएर त एउटा विशेषाङ्क (४८) नै प्रकाशित गरेको छ । यद्यपि ती संस्मरणहरूमध्ये अधिकांशको प्रामाणिकतामा सन्देह छ । अप्रामाणिक नै नभए पनि अतिरञ्जना वढी होला तथापि संस्मरणात्मक निबन्ध लेखनलाइ यस अंकले विशेष गोरेटो निर्माण गऱ्यो । तर 'रूप-रेखा'-ले पछि यसगा विधिमा ल्याउनेतिर त्यति चासो देखाएन वरु 'मधुपर्क'-मा विभिन्न स्तम्भ राखेर त्यस्ता संस्मरणलाइ अघि बढाउने प्रयत्न देखियो ।

००० मेरा मनमा यात्रा, साहित्य, संस्मरण, आत्मकथा र साक्षात्कार व्यक्तिवृत्त जस्ता लेखनलाइ निबन्धभन्दा अतिरिक्त छुट्टै रूपात्मक बिधामा पनि उभ्याउन सकिन्छ भन्ने धारणा बढ्दै गएको छ । यसका लागि विधात्मक आधारहरू पनि खोज्न सकिन्छ किनभने यिनमा वास्तविक यथार्थ छ, वास्तविक पात्रहरू छन्, कथानकका वास्तविक मोडहरू छन् र सच्चाइका पदचापहरू छन् । तर अहिले तिनमा विधा निर्धारण गर्ने अवसर नभएकाले व्यक्तित्व र आत्मप्रकाशनका दृष्टिले निबन्धकै नजिक राखेर सिंहावलोकन गर्नुमा उचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठान्छु । यस्ता रूपहरूमा शंकर लामिछानेका अन्तरंग व्यक्ति चित्र, तारानाथ शर्माका यात्रा निबन्ध, पारिजातका सिर्जनात्मक अन्तर्कथा र मंजुलका यात्रा संस्मरणहरू विशेष उल्लेखनीय छन् । पारिजातका क्रमशः छापिएका (१४१, १४२, १४३, १४४ र १४६) आत्मकथांशलाइ निवन्धवाट अलग्याई नै दिने हो भने पनि पूर्णाङ्क ४८, ७५, ९६, १०१, १३७ र १८९ मा प्रकाशित संस्मरणात्मक र अन्य स्फुट गद्य लेखनका अंशहरूले नेपाली गद्यको विशिष्ट रूपलाइ प्रस्तुत गर्दछन् । व्यक्ति पारिजात र रचनाधर्मी पारिजातका विशिष्ट अनुभूतिहरू उपर्युक्त निबन्ध लेखनमा मूर्तिएका छन् । पारिजात र मंजुलका गद्यमा अनौठो ताजापन र माधुर्य पाइन्छ । रूप-रेखा'-का १०६, ११०, ११३, ११९, १३३, १५५ अङ्कमा प्रकाशित मंजुलका यात्रा निवन्धमा देश दर्शनको वास्तविकतावाट उब्जेका संवेदनमय तिखर अभिव्यक्ति छन् । मंजुलका 'रूप-रेखा'-मा प्रकाशित यात्रा निवन्धहरू निजी व्यक्तित्वको स्पर्शले पर्याप्त प्रभावित र भावात्मक बौद्धिकतालाइ उद्वेलित पार्नमा विशिष्ट रहेका छन् । देवेन्द्रराज उपाध्याय पनि पूर्णाङ्क १५६, १५७, १५८, १६०, १६१, १६२, १६६ मा अमेरिका प्रवासका र पूर्णाङ्क १९१, १९४, १९५ मा यूरोप यात्राका साथै व्यक्तिवृत्तका पूर्वदीप्तितिर यात्रा निवन्धकारका रूपमा उपस्थित हुनुभएको छ । उपाध्यायका निवन्ध रोचक र कुतूहलवर्धक छन् तर यात्राकारको व्यक्तित्वको स्पर्शले ती निबन्धहरू त्यति अभिषिक्त छैनन् । तापनि शैली आकर्षक छ यसै गरी फाटफुट रूपमा हर्क गुरुङ्ग (१९, ३३, ४७,) जगदीश घिमिरे (१०७, ११०) देवीचन्द्र आदि एउटै डेढ दर्जन जति अरू यात्राकार र स्मृतिकारका निवन्धहरू यहां भेटिन्छन् । तर फाट्टफुट्ट देखिने एकाध यात्रा निबन्ध, संस्मरण, जीवनी र व्यक्तिवृत्तवाट खास मोड र रूप छुट्टिन सक्तैन । अधिकांशका यात्रा निवन्धहरू विवरणात्मक वृत्तान्तमै सीमित छ । व्यक्ति वैशिष्ट्यको विशेष छाप धुमिल नै रहे पनि पूर्णाङ्क ४८, १२६, १३२, १४४, १४५, १७१, १८३ मा प्रकाशित केदारमणि आदीका संस्मरण र यात्रा वृत्तान्त विशेष मनोरञ्जक छन् । पूर्णाङ्क १७८ मा उतारिएको एउटा रुग्ण कलाकारको व्यक्तिचित्रमा पनि निर्मला भट्टराईको प्रयाप्त विशिष्टता प्रदर्शित हुन्छ । लेखिकामा फक्रंदो प्रतिभा छ । ०००

अव आफ्नो लेखलाई उपसंहार गर्नु अगाडि 'रूप-रेखा'—का केही स्तम्भहरूको उल्लेख गर्न चाहन्छु । 'रूप-रेखा'-ले समसामयिक र साहित्यिक सामाजिक, सांस्कृतिक आदि आधुनिक जीवनलाई प्रभाव पार्ने घटनावलीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्काल वैचारिक मन्थन गरेर आफ्ना प्रतिक्रिया व्यक्त गर्ने केही स्तंभ चालु गरेको देखिन्छ । तिनमा 'केही क्षण अनुभव र अनुभूतिका' र 'गोरेटोको खोजीमा' भन्ने स्तंभ विशेष उल्लेखनीय छन् । उत्तम कुँवरले १०६ पूर्णाङ्कदेखि 'केही क्षण अनुभव र अनुभूतिका' भन्ने स्तंभ सुरू गरेर १०६, १०८, १०९, ११०, ११३, ११४, ११५, ११९, १२३, १४२ अंकसम्म सामयिक घटना, व्यक्ति-चित्र, संस्मरण र वार्तावृत्ता जस्ता विषयमा तत्काल आफ्ना प्रतिक्रिया व्यक्त गर्नुभएको छ यद्यपि यी प्रतिक्रियाहरू समसामयिक वस्तुमा आधारित छन् तथापि अनुभूतिका पर्याप्तपर्याप्त छिटाहरू यिनमा परेका छन् । विशेष गरेर अन्तरवार्ता, संस्मरण र व्यक्तिवृत्तको चित्र उतार्नमा उत्तम कुँवरलाइ विशेष श्रेय दिनुपर्दछ । संस्मरण होस् वा व्यक्तिचित्र दुवैमा उत्तमको शैली अत्यन्त अनौपचारिक हुन्छ र क्यामराको लेन्सले पकड्न सक्ने क्यानभासभन्दा बढी अन्तरकुन्तरलाइ पनि समेट्न उहाँ सक्नुहुन्छ । शंकर संस्मरण विशेषांक (१८९)-मा प्रकाशित संस्मरणमा पनि यो दृश्य उभिन्छ । यद्यपि 'रूप-रेखा'-मा 'स्रष्टा र साहित्य' अन्तर्गतका एउटा अन्तरवार्ता (पूर्णाङ्क ७२) बाहेक अरू कुनै पनि अन्तरवार्ता प्रकाशित भएनन् (—त्यो पनि सोझै प्रकाशित नभएर उक्त नामको पुस्तकबाट पुनर्मुद्रित गरिएकोछ ।) तथापि 'रूप-रेखा'-का आरम्भिक कालमा लिइएका अन्तरवार्ता र व्यक्तिवृत्तबाट उत्तम कुवँरले नेपाली गद्यको नयाँ रूप प्रस्तुत गर्नुभएको छ यसका लागि उहाँलाइ उक्त 'स्रष्टा र साहित्य' भन्ने पुस्तकमा मदन पुरस्कार पनि प्राप्त भयो । यथार्थमा 'रूप-रेखा' संचालनका निमित्त उहाँले जति डटेर तनमन दिनुभएको छ त्यतिकै डटेर लेख्नुभएको छैन । त्यो स्तंभ (अनुभव र....) 'स्रष्टा र साहित्य'-का अगाडि एउटा हलुका विचरण मात्र हो तैपनि यसबाट नेपाली गद्यलाइ नयाँनयाँ बान्की दिने खुबी उत्तमजीसंग पर्याप्त छ भन्ने कुरा प्रमाणित हुन्छ । ध्रुवकुमार देउजाले पनि 'अनुभवका केही क्षण' र 'गोरेटोको खोजीमा' स्तंभका लागि केही प्रतिक्रिया (१०४, १७४, १७६) व्यक्त गर्नुभएको छ । प्रतिक्रियामा वजन छ तर त्यतिले उहाँको लेखनलाइ मूल्यांकन गर्नु संभव छैन ।

'गोरेटोको खोजीमा' भन्ने स्तंभमा शंकर लामिछाने र पारिजातका रचना पनि प्रकाशित छन् । तर ज्यादा नियमित लेखकका रूपमा हरिहरराज जोशी नै हुनुहुन्छ । पूर्णाङ्क ३६,३७,४०,४३,४४,४६,४८,५०,५१,५३,५५,५७, १०६,१०८,१०९,११०,११४,११८ र ११९ मा हरिहरराज जोशीका रचनाहरू प्रकाशित छन् । लेखमा विविधता पाइन्छ । कुनै संस्मरण, कुनै यात्रा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै सांस्कृतिक टिप्पणी र कुनै समसामयिक घटनावलीमा प्रतिक्रिया व्यक्त भएका छन्, तर 'गोरेटोको खोजीमा' भन्ने स्तम्भका केही प्रतिक्रियाहरूमा बौद्धिक उत्तेजना छ । यसरी 'रूप-रेखा'-ले आरम्भ गरेका केही स्तम्भहरू नियमित नभए पनि अभिव्यक्तिका नयाँ माध्यमका रूपमा सशक्त नै देखिन्छन् । यद्यपि यिनको साहित्यिक स्थायित्व (सामयिक हुनाले) सायद नहोला तर सावधिक पत्रिकाको आकर्षणका लागि निश्चय नै उपयोगी भएको म ठान्दछु । समसामयिक घटनासंग वस्तुवादी दृष्टिकोण स्थापित गर्ने र बौद्धिक तहमा सोच्ने कोण उत्तम कुँवर र हरिहरराज जोशी आदिका स्तम्भले प्रदान गरे पनि निवन्धको स्थायी स्वरूपको निर्माण त्यतिले मात्रै हुन नसक्ने स्पष्ट छ ।

००० यस प्रकार 'रूप-रेखा'-का लेख निबन्धहरूको सामान्य सिंहावलोकन गर्दा समीक्षातर्फ विशेषीकरणको स्वरूप स्पष्ट नदेखिए पनि प्रचलित समालोचना पद्धति त्यति कमजोर देखिन्न । वरु समाजशास्त्रीय तहमा मात्र सीमित परम्परागत समीक्षा पद्धतिमा मनोविश्लेषणात्मक आधार पनि विकसित हुँदै गएको र कृतिको विश्लेषण मात्र नभै कृतित्वको मूलमा सन्निहित रचनाकारको मनोभूमिको परिवेषलाइ पनि अध्ययन गर्ने थालिएको परम्परा 'रूप-रेखा'-का उत्तरोत्तर अंकका समीक्षा पढ्दा अनुभव हुन थाल्छ । यस दिशामा वासुदेव त्रिपाठी, ताना सर्मा, अभि सुवेदी र जगदीश सम्शेरबाट बढी आशा गर्न सकिन्छ। आजसम्म इन्द्रबहादुर राईका समालोचना 'रूप-रेखा'-ले धेरै पाउन सकेको छैन; यदि उहाँलाइ पनि यतातिर बराबर आकृष्ट गर्न सकियो भने निश्चय नै समालोचना पद्धतिमा अर्को नयाँ मोड आउन सक्ने विश्वास गर्न सकिन्छ। समालोचनालाइ अझै प्रमाणिक र वस्तुवादी गराउनका निमित्त अनुसन्धानमुखी समीक्षाको खाँचो छ। यसतर्फ कमल दीक्षितका रचना बाहेक अरूका प्रामाणिक अनुसन्धानमुखी रचना रूप-रेखाले दिन सकेको छैन। भविष्यमा यतातिर उन्मुख गराउनुपर्ने आवश्यकता छ ।

निबन्धतर्फ शंकर लामिछाने जस्ता नवयुगीन शिल्पी 'रूप-रेखा'-का महत्तम प्राप्ति हुन् तर उनलाइ 'रूप-रेखा'-ले मात्र होइन; नेपाली साहित्य जगत्‌ले नै गुमायो । त्यसको क्षतिपूर्ति 'रूप-रेखा'-ले कहिलेसम्ममा पूरा गर्छ— यो सबैको चासोको विषय हो । भैरव अर्याल पनि त्यस्तै अपूरणीय क्षति हुन् । समसामयिक नेपाली निबन्धको विकासमा कृष्णचन्द्रसिंह प्रधानको पनि उल्लेख्य भूमिका छ । विशेष गरेर समकालीन युगबोधका झिल्काहरू कृष्णचन्द्रका निबन्धमा पाइन्छन् तर रूप-रेखा'-ले उहाँका धेरै निबन्ध पाउन सकेन तापनि 'रूपरेखा' कालका निबन्धकारहरूमा कृष्णचन्द्रको नाम विशिष्ट छ । यात्रा निबन्ध, संस्मरण र आत्माभिव्यञ्जक निबन्ध गद्यतर्फ तारानाथ, पारिजात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र मंजुलका निबन्धहरू 'रूप–रेखा'–का विशिष्ट प्राप्ति हुन् । आज भोलि उहाँहरूबाट 'रूप–रेखा'–ले त्यति दोहन गर्न सकेको छैन तापनि अर्को पुस्ता तयार नभइञ्जेलसम्म अझै पनि उहांप्रति आशावादी भइरहनु स्वाभाविकै छ । विशेष गरेर निबन्धको स्तरीयकरण र विविधिकरणका निमित्त निबन्ध सम्बन्धी विशेषांकको अपेक्षा गर्नु अनुचित नठहरिएला । उत्तम कुँवरलाइ बर्दलिदो युग जीवनका सन्दर्भमा पुन: अन्तरवार्ता स्तम्भ आरम्भ गर्न म निम्त्याउँछु ! सालाखाला वैचारिक दृष्टिले 'रूप- रेखा'–का निबन्ध सबल नै छन् तथापि युगीन विसंगति बोधले थाकेको र पराजित भएको मानवीय स्वर त्यति घर्को–संग मुखरित भएको देखिन्न । अहिलेलाइ यत्ति ।

०००

[आखिरमा उत्तमजीलाइ एउटा अनुरोध:—गएको भदौमा उत्तमजीले पूर्णाङ्क २०० को विशेषाङ्कका निमित्त 'रूप-रेखा'-ले नेपाली निबन्ध साहित्यमा के कस्तो योगदान गऱ्यो त्यसको लेखाजोखा गरिदिने जिम्मा मलाइ दिनुभयो । मैले पनि सो प्रस्ताव सहर्ष स्वीकार गरें । किनभने यता केही समयदेखि देवकोटा-पछिको निबन्ध साहित्य अध्ययन गरी समकालीन निबन्धको एउटा रूप खोजी गर्ने बिचार मेरो मनमा खेलिरहेको थियो । त्यस्तो बेलामा उत्तमजीको प्रस्ताव मेरो लागि अनुकूल नै थियो र सो अनुसार समकालीन निबन्धका पुस्तकहरू, रूप-रेखा, मधुपर्क, रचना, भानु, आदि उपलब्ध भएसम्मका पत्र-पत्रिकाहरू जम्मा गरेर पढ्ने र नोटहरू तयार गर्ने असफल प्रयास पनि गरें । किनभने 'रूप-रेखा'-लाइ आधार बनाएर समकालीन अरू पत्रिकाका निबन्ध पनि अध्ययन गर्ने मेरो उद्देश्य थियो । तर अघिल्लो महिनामा गरेको मेरो मृगौलाको अपरेसनको कारणले गर्दा शारीरिक शक्ति र मानसिक उर्जाको कमी सधैं नै मलाइ खट्कियो । त्यसैले अध्ययन गरेका सामग्रीका आधारमा जति पटक यो लेख लेख्न बस्छु त्यत्ति नै मलाइ नौ नाडी गलेको अनुभव भयो । उत्तमजीलाइ धेरै भाका राखें । असोजतिर लेख्छु, दसैंको बिदामा लेखिसिध्याउँछु, तिहार अघि त जसरी भए पनि दिन्छु, कार्तिकसम्ममा या मंसिरको पहिलो हप्ता त केही गरे पनि नघाउन्न भन्दाभन्दै मानुभक्तको भोलिवादलाइ पनि मैले माथ गरिदिएँ । आखिर केही सिप लागेन र तयार गरेको सामग्रीलाइ त्यसै थन्काई अहिले लाचार भएर 'रूप-रेखा'-का मात्र केही निबन्धहरूको मोटामोटी सिंहावलोकनको प्रथम लेखन (मसौदा) बल्ल लेखिभ्याएँ, काम लाग्ने भए 'रूप-रेखा'-मा उपयोग गर्नु होला, नभए तपाईंसंगै सुरक्षित रहोस् । मेरो विवश कथन यति हो ।–ठाकुर ।]

ताहाचल, काठमाडौं । ○

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्योग

—गणेशबहादुर थापा

नेपालको औद्योगिकरण—एक दृष्टिकोण

नेपालको औद्योगिक इतिहास ४० वर्ष मात्र पुरानो छ । सर्वप्रथम, १९९३ सालमा नेपाल कम्पनी कानूनको व्यवस्था हुनुको साथै विराटनगर जूट मिलको स्थापना भएको थियो । अधिराज्यको पहिलो बैंकको रूपमा १९९४ सालमा नेपाल बैंक लि.को स्थापना भयो र त्यसपछि २००३ सालसम्म सलाई, कपडा, प्लाइउड, फर्निचर, चिनी, विद्युत तथा चामल मिलहरू खडा भए। द्वितीय विश्वयुद्धको विशेष स्थितिलाइ दृष्टिगत गरी खोलिएका उद्योगहरू युद्धको समाप्तिपछि सस्तो मूल्यमा पाइने विदेशी वस्तुहरूसंग प्रतिस्पर्धा गर्न नसक्दा धमाधम बन्द हुन थाले । केही चामल तथा तेल मिलहरू र जुद्ध म्याच फ्याक्ट्री भने प्रतिस्पर्धाबाट आफुलाई बचाउन सफल भए र यी उद्योगहरू आज पनि संचालन भैरहेका छन् ।

२००७ को राजनैतिक परिवर्तनपछि २०१६ सालमा पहिलो पल्ट योजनाबद्ध विकासको थालनी भयो । प्रथम योजनाकालमा औद्योगिक विकास कर्पोरेसनको स्थापना, काठमाडौंमा दुग्धशाला, हेटौंडा टिम्बर कर्पोरेसन, मजदुर संबन्धी ऐन, प्राइभेट फर्म तथा एजेन्सी रजिस्ट्रेसन ऐन र नयाँ स्थापना हुने उद्योगहरूलाई १० बर्षसम्म आयकर मिन्हा दिने तथा भंसार र अन्तःशुल्कमा विशेष सहुलियत दिने गरी २०१८ सालमा पारित औद्योगिक व्यवसाय ऐन विशेष महत्व राख्दछन् । त्रि-वर्षीय योजना काल (२०१९।२० – २०२१।२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा वीरगंज चिनी कारखाना, जनकपुर चुरोट कारखाना र बाँसवारी छाला जुत्ता कारखानाहरूले उत्पादन सुरू गर्न थाले र वीरगंज कृषि औजार कारखाना र हरसिद्धि इंटा टायल कारखानाको निमाण प्रारंम्भ गरियो । बालाजु तथा पाटन औद्योगिक क्षेत्रहरूको निर्माण पूरा भएकोले उद्योगहरूको स्थापनामा औद्योगिक क्षेत्रले पनि सघाउ पुऱ्याउन थाले । सरकारी क्षेत्रमा भएको प्रयासको अतिरिक्त निजी क्षेत्रले पनि होटेल, चिनी कारखाना, चामल र तेल मिलहरू, जूट प्रेस, बेकरी, खयर जस्ता उद्योगहरू स्थापनामा सक्रियता देखाएको पाइन्छ, यद्यपि स्टेनलेस स्टिल र सिन्थेटिक कपडा बनाउने प्रतिष्ठानहरू खडा गरी रातारात धनी हुने केहीले यसै अवधिमा प्रयास गरेको पनि देखिन्छ ।

तेस्रो योजनाकाल (२०२२।२३–२०२६।२७)-मा निजी क्षेत्रमा खुलेका केही होटेल, कपडा चामल तथा तेल मिल, मैदा मिल बाहेक अन्य उल्लेख्य उद्योगहरू देखिँदैनन् । यस अवधिमा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग-हरूलाइ प्रोत्साहन दिन र विदेशी कच्चा पदार्थमा निर्भर रहने र राष्ट्रिय दृष्टि-कोणबाट लाभदायक नहुने खालका उद्योगहरू खोल्ने प्रवृत्ति घटाउन २०२५ सालमा औद्योगिक व्यवसाय ऐनलाइ संशोधन गरिएको देखिन्छ । चौथो योजनाकाल (२०२७।२८–२०३१।३२) मा २ वर्षे औद्योगिक विकास कार्यक्रम तर्जुमा गरी लगभग रू. ६३ करोडको लागतमा ८९ विभिन्न उद्योगहरू स्थापना गर्ने र १९ हजार थप व्यक्तिहरूलाइ प्रत्यक्ष रोजगार दिने लक्ष्य राखिएको थियो । लक्ष्य अनुसार प्रगति हुन नसके तापनि केही आधुनिक चामल मिलहरू, मैदा मिल, एक ब्रुअरी फ्याक्ट्री, सिमेण्ट कारखाना, घिउ प्रशोधन कारखानालाइ यस अवधिको उपलब्धिमा लिन सकिन्छ । २०३० सालमा जनसमक्ष प्रस्तुत गरिएको नयाँ औद्योगिक नीति यस अवधिको महत्वपूर्ण काम हो ।

योजना अवधिहरूमा क्रमिक रूपले उद्योग धन्धाको विकास हुँदै गए तापनि देशको अर्थव्यवस्थामा औद्योगिक क्षेत्रको योगदान अझै धेरै कम छ । २०३१।३२ को तथ्याङ्क अनुसार कूल राष्ट्रिय प्रचलित मूल्यमा रू. १५ अरब ७ करोड भएकोमा उद्योगको योगदान केवल रू. ६६ करोड अर्थात् ४.४ प्रतिशत मात्र रहेको देखिन्छ । घरेलु तथा ग्रामीण उद्योग समेतको हिसाब गर्दा पनि कूल राष्ट्रिय उत्पादनमा औद्योगिक क्षेत्रको योगदान लगभग ११ प्रतिशत मात्र छ । रोजगारीको दृष्टिकोणबाट कूल सक्रिय जनशक्तिको केवल १.१ प्रतिशत अर्थात् ५२,००० हजार व्यक्तिहरू वस्तु उत्पादनमा संलग्न पाइएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्। श्रीलंकामा सक्रिय जनशक्तिको ७.८ (१९७१), अफगानिस्तानमा ६.९ (१९७३) र थाइल्याण्डमा ७ (१९७३) प्रतिशत वस्तु उत्पादनमा लागेको सन्दर्भमा नेपाली उद्योगहरूले रोजगारी उपलब्ध गराउने दिशातर्फ अझै धेरै गर्नु बाँकी छ। बढ्दो जनसंख्याको कृषिमाथि पर्ने भार, अतिरिक्त रोजगारीका क्षेत्रहरू सृजना गर्नु पर्ने अत्यावश्यकता, राष्ट्रिय उत्पादनलाइ द्रुततर गतिले वृद्धि गर्ने तथा दैनिक उपभोग र विकासका अत्यावश्यक वस्तुहरूमा आत्मनिर्भरता हासिल गर्ने संदर्भमा औद्योगिक विकासप्रति विशेष ध्यान दिनु अपरिहार्य हुन जान्छ। चालु पञ्च वर्षीय योजना (२०३२।३३–२०३६।३७) मा श्री ५ को सरकारले औद्योगिक विकास सम्बन्धी उद्देश्य, नीति, प्राथमिकता र कार्यक्रम स्पष्ट गरी राष्ट्रिय श्रम, साधन र सिप औद्योगिक क्षेत्रतर्फ प्रवाहित गर्ने र औद्योगिक लगानीलाइ तुलनात्मक रूपले आकर्षक बनाउने प्रयास गरेको पाइन्छ।

आर्थिक विकासको दृष्टिकोणवाट प्रारम्भिक अवस्थामा रहेको नेपाल एक गरिब देश हो। कृषि नै अर्थतन्त्रको मेरुदण्ड हो र कृषि विकास बिना औद्योगिक क्षेत्रको विकास पनि संभव छैन। कृषि क्षेत्रले औद्योगिक कच्चा पदार्थको उपलब्धि, औद्योगिक लगानीको लागि पूँजीको निर्माण तथा औद्योगिक उत्पादनको लागि बजार विस्तार गर्न सघाउ पुर्‍याउँदछ। तर कृषि क्षेत्रका आफ्नै सीमितताहरूले गर्दा देशको आवश्यकता र आकांक्षा अनुरूप उद्योगहरूको विकास र विस्तार गर्दै लैजानु अनिवार्य हुन जान्छ। गत दुई दशकको योजनाबद्ध आर्थिक विकासको फलस्वरूप देशमा उद्योगहरूको निमित्त आवश्यक वित्तीय संस्थाहरूको स्थापना भएको छ, बाटोघाटोको निर्माणद्वारा आन्तरिक बजार धेरै हदसम्म एकीकृत हुन गएको छ र श्री ५ को सरकारले उदार वित्तीय सुविधाहरूको तर्जुमा गरिदिएको छ। सुविधायुक्त औद्योगिक क्षेत्रहरूको व्यवस्था भएको छ र केही हदसम्म प्राविधिक ज्ञान पनि नेपालीहरूले हासिल गरिसकेका छन्। औद्योगिकरणको लागि यी विकासात्मक गतिविधिहरू आधारभूत र उत्साहवर्धक कुराहरू हुन् र यिनले उद्योगमा हुने लगानीलाइ गति प्रदान गर्न सक्दछन्।

औद्योगिकरण अनिवार्य आवश्यकता हो, तर यो सजिलो पनि छैन। सबै विकासोन्मुख देशहरूले औद्योगिक समुन्नतिको दिशामा एक न एक समस्यासंग जुध्न परिरहेकै छ। नेपालका पनि केही खास समस्याहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्योग स्थापना गर्नलाइ लगानीकर्ताले उचित र निश्चित वातावरण पाउनुपर्दछ भन्ने कुरा निर्विवाद छ। उद्योगमा लगानी बढाउन चाहने प्रत्येक देशले निजी क्षेत्रको मनोविज्ञानको अध्ययन मात्र हैन लगानीकर्ताको मनोभावमा अन्यथा असर पर्ने खालको कुनै काम हुन नपाओस् भन्नेतर्फ सदा सतर्क रहनुपर्ने हुन्छ। सरकारले यस प्रकारको स्थायित्व र अनुकूल स्थिति आफ्ना नीति, कार्यक्रम र कार्यान्वयनबाट उत्पन्न गर्दछ। नेपालको संदर्भमा, उद्योगहरूमा निजी क्षेत्रको अभिरुचि बढाउन श्री ५ को सरकारले समय समयमा घोषित गरेको वित्तीय, मौद्रिक र अन्य वस्तुगत सहुलियतलाइ लिन सकिन्छ। श्री ५ को सरकारले २०३० सालमा प्रकाशित गरेको औद्योगिक नीतिले देशमा उद्योगहरूको प्राथमिकताको क्रम निर्धारण गरी वित्तीय कदमहरू-द्वारा खास गरी आयकर, भंसार, अन्तःशुल्क, मुनाफा कर, बिक्री कर, बिजुली करद्वारा प्राथमिकता प्राप्त उद्योगहरूलाइ ठूलो सहुलियतको घोषणा गरेको थियो। कुन प्रकारका उद्योगहरूलाइ कुन आधारमा के कति सहुलियत दिनु उपयुक्त हुन्छ भन्ने कुरा विवादास्पद हो तापनि देशमा उद्योगहरू फस्टाउन र लगानीकर्ताले उचित मुनाफा प्राप्त गरून् भनी घोषित गरिएका वित्तीय सुविधाहरूको सराहना नगरी रहन सकिंदैन। २० वर्षसम्म आयकर छुट दिने भन्ने बिरलै पाइने सुविधा हो। हाम्रा लगानीकर्ताहरू र उद्योगपतिहरूले यी सुविधाहरूबाट अधिकतम फाइदा उठाई उद्योगहरूको स्थापनातर्फ जुन गतिले अगाडि बढ्नुपर्ने थियो सो हुन नसकेको देखिन्छ। यसका कतिपय आधारभूत कारणहरू हुन सक्दछन्। सुविधा-ले मात्र उद्योग खडा हुन सक्दैन। यसको निमित्त बजारको व्यवस्था, कच्चा पदार्थ, प्राविधिक ज्ञान, जोखिम उठाउने तत्परता, पानी-बिजुलीको उपलब्धि आवश्यक पर्दछ। तर सबैभन्दा ठूलो समस्या सुविधाहरू कागजमा मात्र सीमित रह्यो, व्यवहारमा प्राप्त हुन सकेन भन्ने गुनासो पूर्ववत् कायमै छ। सुविधा दिने घोषणा गर्ने तर माग्दा नदिने वा दिए पनि सीमित रूपमा वा धेरै दौडधुप र समय बर्बाद गरेपछि मात्र प्राप्त हुने हो भने यसले औद्योगिकरणको लक्ष्य प्राप्तिमा अवश्यमेव बाधा पार्ने छ। श्री ५ को सरकारको विभिन्न विभाग र निकायहरू बिच देखा पर्ने समन्वयको अभाव, विरोधाभासपूर्ण काम कार्वाई र निर्णय लिने प्रक्रियामा ढिला सुस्तीले गर्दा कतिपय उत्सुक लगानीकर्ताहरू हतोत्साहित भएका देखिन्छन्। प्रशासनिक ढिला-सुस्ती हटाई प्रभावकारी निर्णय लिने व्यवस्था कायम गर्ने कुरा अविरल चलिरहने सुधारवादी कदम हो तापनि श्री ५ को सरकारले दिने भनी घोषित गरेका सुविधाहरू पनि सहजै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन नसक्नु भने बुझ्न नसकिने कुरो हो। लगानीको निम्ति उचित वातावरण सृजना गर्ने कुरासंग यी काम कार्वाईहरूको निकटतम सम्बन्ध छ। मेरो विचारमा उत्पादन लागत र लगानीबाट प्राप्त हुने प्रतिफलको विस्तृत हिसाब गरी राजस्व नघट्ने किसिमबाट वित्तीय सुविधामा छुट दिने सीमित विचारलाइ त्यागी घोषित सुविधाहरू सरल तरिकाबाट दिनु आजको माग हो। औद्योगिक प्रतिष्ठानहरू देशभित्र स्थूल रूपमा खडा हुने स्वदेशी संस्थाहरू हुन्। प्राप्त सुविधाहरूबाट वल प्राप्त गरी पूर्ण क्षमतामा संचालन हुने उद्योगहरूबाट प्रत्यक्ष रूपमा उपभोक्ताले पाउने वस्तुको आपूर्ति र रोजगारीको अवसरको अतिरिक्त अन्य कतिपय अप्रत्यक्ष फाइदाहरू छन्। समष्टी र राष्ट्रिय दृष्टिकोणबाट हेरेको खण्डमा आज प्रदान गरेको सहुलियतलाइ वास्तवमा लगानीको रूपमा लिन सकिन्छ, जुन लगानीबाट भविष्यमा देशले बहुपक्षीय प्रतिफल प्राप्त गर्दछ। यस सन्दर्भमा अर्थमन्त्रीज्यूले आर्थिक वर्ष २०३४।३५ को बजेट वक्तव्यमा घोषित गर्नु भएको रू. २ लाखसम्म लागतका घरेलु तथा साना उद्योगहरूलाइ अन्तःशुल्क र बिक्री कर रिहाइ दिने विषय अत्यन्तै समयोचित देखिन्छ। घरेलु र साना उद्योगहरू सर्वसाधारण नेपालीको गच्छेले भ्याउने, घरेलु उद्योगलाइ सरल र प्रारम्भिक प्रविधि पर्याप्त हुने, पूंजी कम लाग्ने, बढी श्रमिकहरूले काम पाउने र छोटो अवधिभित्र उत्पादन संभव हुने हुँदा यस प्रकारको दूरदर्शी कदमबाट राष्ट्रिय अर्थव्यवस्थामा अनुकूल असर पर्ने अवश्यंभावी छ। यसै क्रममा घरेलु उद्योगलाइ प्रदत्त सुविधाको दायरा फराकिलो पारी सर्वसाधारणले उपभोग गर्ने वस्तुहरू उत्पादन गर्ने (Industries producing mass consumption goods) उद्योगहरूलाइ समानुपातिक सहुलियत व्यवहारमा दिने बेला आएको छ।

मौद्रिक सहुलियतको क्षेत्रमा पूंजीमा तिर्नु पर्ने ब्याज, कार्यंकारी पूंजी र मुद्रा बजारको सृजनाका प्रश्नहरू छन्। स्थिर पूंजी अर्थात् प्लाण्ट र मेसिनरी खरिद गर्न र कारखाना भवन निर्माण गर्न चाहिने पूंजीको हकलाइ नेपाल औद्योगिक विकास कर्पोरेसनले सहजै पूर्ति गरेको देखिन्छ। श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकले उपलब्ध गराई आएको सेयर र ऋणको अतिरिक्त अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, जस्तै विश्व बैंक र एसियाली विकास बैंक तथा कतिपय मित्रराष्ट्रहरू द्वि-पक्षीय आधारमा पूंजी उपलब्ध गराउन तत्पर देखिन्छन्। पूंजी बजारको माध्यमद्वारा सर्वसाधारणबाट औद्योगिक सेयर र सेक्युरिटीहरूमा लगानी आकर्षित गररी देशको बचत औद्योगिक विकासमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाउनेतर्फ अझै यथेष्ट प्रयास हुन सकेको छैन। सेक्युरिटी खरीद बिक्री केन्द्रको स्थापना भैसकेको छ र यो दिशामा नेपाल औद्योगिक विकास कर्पोरेसनले छिट्टै नै केही कदम उठाउने विश्वास लिन सकिन्छ। तर माथि उल्लेख गरिए अनुसार स्थिर पूँजीको आपूर्ति हाल समस्याको रुपमा देखिदैन यद्यपि औद्योगिक विकासले एउटा निश्चित क्रम लिन थालेपछि नेपाल जस्तो अल्पबचत भएको मुलुकले विदेशी ऋण वा सहायता वा विदेशी लगानी आकर्षित गर्नेतर्फ विशेष प्रयास गर्नु पर्ने छ।

औद्योगिक प्रतिष्ठानहरूको लागि पूँजी सम्बन्धी आजको जटिल समस्या कार्यकारी पूँजी (Working Capital) नै देखिन्छ। नेपाल औद्योगिक विकास कर्पोरेसनले परम्पराअनुसार कार्यकारी पूँजी दिने गरेको छैन। अत: यसको लागि वाणिज्य बैंकहरू र कृषिजन्य उद्योगहरूको लागि केही हदसम्म कृषि विकास बैंक नै संस्थागत स्रोतको रूपमा रहेका छन्। कार्यकारी पूँजीको आवश्यकता उद्योगको किसिम अनुसार धेरै वा थोरै हुन सक्छ। उत्पादन–मूलक (Production–oriented)-भन्दा पनि मुख्यतथा धितो–मूलक (Security–oriented) लगानीमा बढी विश्वास गर्ने नेपालका वाणिज्य बैंकहरूको परम्परा रहेको छ। परम्परागत सोचाइमा परिवर्तन ल्याउने कुरा त्यति सरल हुँदो रहेनछ। यस दिशामा वैचारिक परिवर्तन ल्याउन नेपाल राष्ट्र बैंक सतत प्रयत्नशील देखिन्छ र वाणिज्य बैंक ऐन, २०३१ मा आवश्यक संशोधन गरी दोहोरो धितो कबूल गरी बाणिज्य बैंकहरूले विकास आयोजनाहरूमा लगानी गर्न सक्ने कानूनी व्यवस्था पनि भैसकेको छ। स्थिर पूँजी जस्तै यथेष्ट रूपमा कार्यकारी पूँजी प्राप्त नभएसम्म निर्धारित क्षमतामा उद्योग संचालन हुन सक्दैनन्। वास्तवमा स्थिर र कार्यकारी पूँजीलाइ औद्योगिक लगानी रूपी रथका दुई पांग्रा भने पनि हुन्छ। धितो-उन्मुख लगानीको परम्पराले गर्दा कतिपय उद्योगहरूले मनग्गे धितो पेस गर्न नसक्दा कार्यकारी पूँजी पाउन सकेका छैनन् भने, अन्य कतिपय उद्योगहरूले पाए पनि उद्योगको आवश्यकता अनुरुप यथेष्ट मात्रामा पाउन सकेका छैनन्। यो स्थितिमा परिवर्तन ल्याई कार्यकारी पूँजीको निम्ति निर्बाध स्रोतको व्यवस्था गरिदिने कुरो श्री ५ को सरकार, नेपाल राष्ट्र बैंक र नेपाल औद्योगिक विकास कर्पोरेसनको सामुन्ने चुनौतिको रूपमा रहेको छ।

पूँजीको उपलब्धिपछि पूँजीको लागत, अर्थात्, ब्याजदरको प्रश्न आउँदछ। २०३० मा प्रकाशित औद्योगिक नीतिले प्राथमिकताको क्रमानुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न वर्गमा परेका उद्योगहरूले ऋणमा तिनुं पर्ने बेग्लाबेग्लै ब्याज दरको एउटा तालिका समेत निर्धारित गरेको थियो। ब्याज दर भन्ने कुरा सदा निश्चित राख्न नमिल्ने, यो मुद्राको माग र आपूर्तिसंग निकटतम रूपबाट आबद्ध रहने र हाम्रो जस्तो अल्प–बचत भएको मुलुकमा अस्वाभाविक रूपले न्यून स्तरमा तोकिएको ब्याज दरले विकासको गतिलाइ बढाउनुको बदला विपरीत दिशातर्फ लान सक्ने संभावनालाइ हृदयंगम गरी नेपाल राष्ट्र बैंकले २०३२ साल वैशाख महिनामा ब्याज दरमा परिवर्तन गरी उद्योगहरूले ऋणमा तिनुं पर्ने ब्याज दरको नयाँ तालिका प्रकाशमा ल्यायो। करिब सवा वर्षपछि वाणिज्य बैंकहरूसंग एकत्रित हुन सकेको बढी साधन, मूल्य-स्थितिमा देखा परेको स्थिरता र देशको शोधनान्तर स्थितिमा भएको सुधारलाइ दृष्टिगत गरी २०३३ साले साउन र फागुन महिनामा ब्याज दरमा नेपाल राष्ट्र बैंकले पुनः परिवर्तन गरेको तथ्य सबैलाइ थाहै छ।

ऋणमा तिनुं पर्ने ब्याज कुनै पनि उत्पादनमा लागेको एउटा अंग हो र यसले उद्योगबाट हुने मुनाफा र उत्पादनको प्रतिस्पर्धात्मक शक्तिमा असर पार्दछ। २०३२ साल वैशाख महिनामा ब्याज दर वृद्धि गर्दा नेपाल राष्ट्र बैंकले लागतको सर्भेक्षण गरेको थियो। उक्त सर्भेक्षणबाट उद्योगको उत्पादन लागतमा ब्याजको भार नगण्य देखिएको थियो। सर्भेक्षणमा परेका उद्योगहरूको भनाइ बमोजिम ऋणमा तिनुं पर्ने ब्याजभन्दा पनि ऋण निवेदनहरू उपर समयमा कारवाई हुनु, उद्योगको आवश्यकता अनुरूप स्थिर र कार्यकारी पूंजी उपलब्ध हुनु र अन्य सुविधाहरू बढी महत्वपूर्ण छन् भन्ने थियो। २०३२ साल-पछि हालसम्म स्थितिमा खास कुनै परिवर्तन नभएकोले ब्याज दरको सम्बन्धमा लगानीकर्ताहरूको वास्तविक मन्तव्य त्यही नै होला भन्ने सहजै अनुमान गर्न सकिन्छ। अतः प्रचलित ब्याज दरलाइ उत्पादन लागतको एक अङ्गको रूपमा स्वीकार गरी यस परिप्रेक्ष्यमा के कस्ता उद्योगहरू बढी संभाव्य देखिन्छन् भन्ने लगानीकर्ताहरूले खोजी गर्नुं पर्छ भने, कुनै परियोजनाको आर्थिक विश्लेषणबाट प्रचलित ब्याज दर सो परियोजनाको लागि अमिल्दो भए ठोस प्रमाण सहित नेपाल राष्ट्र बैंकको ध्यान आकृष्ट गर्ने परम्परा बसाल्नु लाभदायक हुनेछ। आर्थिक विश्लेषणबाट अमिल्दो ब्याज दर प्रभावकारी वा फलदायी हुन सक्दैन र औद्योगिक विकासको गति तीव्र रूपले बढोस् भन्ने आकांक्षा राख्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्था यसबाट विमुख हुन सक्ने छैन । तर विश्लेषणरहित टिप्पणीबाट मात्र जस्तै, ब्याज दर चर्को भयो भनि शिकायत गर्नाले, उद्देश्य हासिल हुँदैन ।

मैले सुरूमा भनेको थिएँ औद्योगिक विकासको लागि सुविधा र पूँजी वा कुनै एक पक्ष मात्र बलियो भएर मात्र पर्याप्त छैन । आधारभूत कुराहरू, जस्तै सडक, यातायात, बिजुली, पानीको उपलब्धि पनि त्यत्तिकै महत्व राख्दछ । गत दुई दशकको विकास–प्रयासको फलस्वरूप देशका विभिन्न भागहरूमा राज-मार्गहरूको निर्माण भएको छ र यसले उद्योगको लागि बजार विस्तृतीकरणका साथै कच्चा पदार्थ र उत्पादित वस्तुहरूको ओसार-पसारमा मद्दत पुऱ्याएको छ । तर विद्युत-शक्तिको भने हालै ठुलो न्यूनता महसुस हुँदै आएको छ । विद्युत शक्तिलाइ औद्योगिकरणको लागि मुटु भने पनि हुन्छ । चर्को इन्धन मूल्य, पेट्रोलियम पदार्थको आपूर्तिमा देखा पर्न थालेका विभिन्न कठिनाइहरू र परिवर्त्य विदेशी मुद्रा खर्च गरेर मात्र इन्धन शक्ति प्राप्त हुन सक्ने तथ्यलाइ बिचार गर्दा विद्युत उत्पादन र प्रसारण नेपालको लागि विशेष स्थान राख्दछ । विद्युत–शक्तिको उत्पादन जति पछि पर्छ त्यत्ति नै मात्रामा औद्योगिकरणको विस्तार अवरुद्ध हुने स्पष्टै देखिन्छ । अतः औद्योगिकरणको लागि कमसे कम समयभित्र विद्युत उत्पादनलाइ नेपालले सर्वोपरि प्राथमिकता दिनु जरूरी छ ।

उद्योगहरूको कतिपय समस्या मध्ये कच्चा पदार्थको उपलब्धि पनि एउटा प्रमुख समस्याको रूपमा छ । हालै नेपाल राष्ट्र बैंकले गरेको १६४ उद्योगहरूको सर्वेक्षणको प्रारम्भिक तथ्यांक अनुसार कच्चा पदार्थको आपूर्तिमा ५५ प्रतिशत न्यून भएको देखिन्छ, अर्थात् खपत क्षमताको ४५ प्रतिशत मात्र कच्चा पदार्थ उपलब्ध भइरहेको देखिन्छ । १६४ उद्योगहरू मध्ये १११ वटाले (६७ प्रतिशत) कच्चा पदार्थ उपलब्धिमा ज्यादै कठिनाइ महसुस गरेका छन् । स्वदेशी कच्चा पदार्थको हकमा उत्पादन वृद्धि हुन नसक्नु, अन्तर-जिल्ला स्थानान्तरणको प्रतिबन्ध, स्टोरेज सुविधाको अभाव र कार्यकारी पूँजीको कमी छ भने विदेशबाट आयात हुने कच्चा पदार्थको हकमा अनुमति पाउनमा ढिलाइ र स्थानीय वितरण प्रथा नभएकोले न्यून भएको देखिएको छ । १६४ उद्योग-हरूको सर्भेक्षणबाट देखिएको तथ्यको आधारमा मात्र सबै उद्योगहरूको स्थिति यही छ भन्ने कुरा यकिन गर्न सम्भव छैन तापनि यसले कच्चा पदार्थको कठिनाइ भने अवश्य पनि प्रकाशमा ल्याउँदछ अतः स्थापना भैसकेका उद्योगहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्ण क्षमतामा संचालन गराउनलाइ चाहिदो अनुमति र विदेशी मुद्रा समयमा निकासा हुने व्यवस्था कायम गर्न जरूरी छ ।

घरेलु र साना उद्योगरू खास गरी धातु, काठ र ढुङ्गाका कलात्मक वस्तुहरू उत्पादन गर्ने उद्योगहरूको कच्चा पदार्थ सम्बन्धी समस्या विशेष किसिमको छ। घरेलु स्तरमा सञ्चालित सबै इकाईहरू स्वयं पैठारी गर्न सक्षम हुँदैनन् । कच्चा पदार्थको भण्डारको व्यवस्था एउटा कम्पनीद्वारा गरी उक्त कम्पनीले घरेलु र साना औद्योगिक एकाईलाइ बिक्री वितरण गर्ने व्यवस्थाको ठुलो खाँचो छ। नेपाल हस्तकला संघले यस प्रकारको संस्था स्थापनाको लागि श्री ५ को सरकारकाइ अनुरोध गरेको कुरा पनि बुझिएको छ ।

समस्याहरू अनेकौं हुन सक्दछन् । तर केही महत्वपूर्ण र आधारभूत कुराहरूको निरूपण नगरी औद्योगिकरणको लक्ष्य योजनासम्म मात्र सीमित रहने खतरा छ। जति चांडो सक्रिय कदम उठाउन सकिन्छ । उति नै शीघ्र नेपालमा औद्योगिकरणको लहर फैलिने सम्भावना देखिन्छ ।

वत्तिसपुतली काठमाडौं ।

○

यही मेरो दृष्टिकोणले गर्दा जीवनलाइ म आफ्नो ठान्दछु र प्रत्येक जीवित मानवहरूप्रति मेरो कर्तव्य छ भन्ने धारणालाइ म आफुबाट पृथक गर्न सक्तिनँ । मैंलाइ पारख गर्ने मेरो द्रष्टा चेतन मलाइ यसरी नै निर्देश दिइरहन्छ म त्यसरी नै चलिरहन्छु । मेरो प्रत्येक भोगमा, मेरो सचेतनता जागरुक छ, मेरो प्रत्येक पाइलामा, त्यसको संकेत छ । मेरो निद्रामा वा मेरो अवचेतन अवस्थामा पनि मेरो त्यो चेतन द्रष्टालाइ म संकेतको निमित्त आव्हान गरिरहन्छु । अवचेतनावस्थाका अनियन्त्रित कार्यहरूलाइ म सम्मोहन र विक्षिप्तताको संज्ञा दिन्छु, चेतन द्रष्टाको अनियन्त्रण नै विकार हो, रोग हो र एक कमजोरी हो, चाहे त्यो आफ्नै उपज होस् वा बाहिरबाट लादिएको किन नहोस् ।

मेरा काव्यगत मान्यताहरू : विजय मल्ल (रूप-रेखा २९, २०२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल औद्योगिक विकास करपोरेसन

देशमा औद्योगिक उत्थानको लागि विभिन्न प्रकारका साना मझौला तथा ठुला उद्योगहरू जस्तै:

क) कृषिमा आधारित उद्योगहरू

ख) वनमा आधारित उद्योगहरू

ग) खानीमा आधारित उद्योगहरू तथा

घ) अन्य प्रकारका विविध उद्योगहरूको साथै

ङ) पर्यटन बिकासमा सहायक हुने दुर्गम क्षेत्रका विभिन्न पदयात्रा मार्गहरूमा पर्ने स्थानहरूमा टुरिस्ट हट तथा लजहरू

स्थापना गर्न, आधुनिकिकरण गर्न र विस्तार गर्नका लागि आवश्यक पर्ने:

आर्थिक सहयोग (स्थानीय तथा विदेशी मुद्राको ऋण)

प्राविधिक सरसल्लाह

औद्योगिक लगानी सम्बन्धी विस्तृत जानकारी आदिको लागि निम्नलिखित नजिकको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

१. श्री नेपाल औद्योगिक विकास करपोरेसन सुदुर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्ज

२. श्री नेपाल औद्योगिक विकास करपोरेसन ने. औ. वि. क., भवन, दरबार मार्ग, काठमाडौं

३. श्री नेपाल औद्योगिक विकास करपोरेसन पश्चिमाञ्चल क्षेत्रीय कार्यालय रत्नपुरी, पोखरा।

४. श्री नेपाल औद्योगिक विकास क. पूर्वाञ्चल क्षेत्रीय कार्यालय कलेजरोड, विराटनगर।

ईंट टायल कारखाना लिमिटेडको संक्षिप्त परिचय

नेपालको राष्ट्रिय वास्तुकलामा विशेष महत्व राख्ने उच्च कोटिको ईंट टायल उत्पादन गरी देशको औद्योगिकरणको क्रममा निर्माणको लागि आवश्यक आधारभूत खाँचोको आपूर्ति गर्न अधिकृत पूंजी रू. दुई करोडको लागतमा २९ पौष २०२६ मा स्थापित नेपाल र जनवादी गणतन्त्र चिनको आपसी सहयोग र मैत्रीको प्रतीक यस ईंट टायल कारखाना लिमिटेडको उत्पादन क्षमता वार्षिक २ करोड ईंट र ५ लाख छाना छाउने टायल भएकोमा प्रत्येक वर्ष क्षमताभन्दा बढी ईंट टायलको उत्पादन गर्नुको साथै भुईं छाप्ने टायल समेतको उत्पादन गरी जनजीवनमा वासको प्रबन्ध गर्नमा महत्वपूर्ण स्थान राख्ने र देश विकासको क्रममा आवश्यक पर्ने निर्माण सामग्रीको खाँचो टार्न सक्दो योगदान दिई आएको छ। यस कारखानाले ५०० जनालाइ रोजगारीको व्यवस्था गर्नुको साथै देशको औद्योगिकरणमा आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्ने कार्य समेत गर्दै आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औद्योगिकरणको प्रक्रियाद्वारा देशलाई
आत्मनिर्भर बनाउँदै लैजाने क्रममा
हामीले अहिलेसम्म

— कपडा, कागज, चिनी जस्ता आयात प्रतिस्थापक
र अन्य बिभिन्न गरी ६० वटा उद्योगहरूको
सम्भाव्यता अध्ययन

— विभिन्न औद्योगिक प्रतिष्ठानहरूलाई परामर्श
तथा तालिम

— औद्योगिक क्षेत्रहरूमा उद्योगलाई
चाहिने आधारभूत सुविधाहरूको सुलभता

जस्ता औद्योगिक सेवाहरू विभिन्न उद्योगपति तथा
उद्यमीहरूलाई प्रदान गर्दै आइरहेका छौं ।

तपाईं पनि उद्योगमा लगानी गर्ने इच्छुक हुनुहुन्छ भने
संभाव्यता अध्ययन, इन्जिनियरिङ्ग परियोजना,
व्यवस्थापन परामर्श तथा तालिम, र औद्योगिक क्षेत्रका सुविधाहरू
जस्ता औद्योगिक सेवाका लागि हामीकहाँ सम्पर्क
राख्नुहोस

औद्योगिक सेवा केन्द्र

फोन, ११५२२, १३५२२, १५८३०

बालाजु, पोष्ट बक्स १३१८
काठमाडौं ।

केन्द्रव्दारा संचालित बालाजु, पाटन, हेटौंडा, धरान, पोखरा, बुटवल र नेपालगन्जस्थित औद्योगिक क्षेत्रका कार्यालयहरूबाट पनि उपर्युक्त सेवाहरूबारे जानकारी प्राप्त हुन सक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—रणधीर सुब्बा

साझा—यसको अपरिहार्यता र सीमाहरू

परिचय:

नेपालमा साझा शब्दलाइ भिन्न-भिन्न समयमा भिन्न-भिन्न किसिमले अर्थ लगाइएको पाइन्छ। कसैले यसलाइ मात्र सहकारीको रूपमा लिएका छन् भने कसैले यसलाइ धेरै व्यापक अर्थ दिएका छन्। उनीहरू नेपालको सम्पूर्ण आर्थिक गतिविधिहरू साझामा आधारित हुनुपर्दछ सम्म पनि भन्दछन्। अर्थात् उनीहरूका विचारमा साझा एउटा आर्थिक पद्धति हो जसलाइ राष्ट्रको सम्पूर्ण आर्थिक गतिविधिलाइ निर्देशित गर्ने काममा व्यवहारमा प्रयोग गर्न सकिन्छ। सम्पूर्ण राष्ट्रिय आर्थिक गतिविधि भन्नाले कृषिका सबै पक्ष, व्यापार तथा वाणिज्यतर्फ—थोक बिक्री, राष्ट्रिय अन्तर्राष्ट्रिय व्यापार, उद्योगतर्फ ठुला, मझ्यौला, साना र घरेलु उद्योग समावेश छन्। विश्वको कुनै पनि देशले आपनो सम्पूर्ण आर्थिक गतिविधिलाइ सहकारितामा आधारित गरेको पाइन्न। न त यसो गर्नु संभव नै छ। हो, समाजवादी देशहरूमा आर्थिक व्यवस्था समाजवादमा आधारित छ। तर सहकारीता समाजवाद होइन।

अज्ञानता र निरक्षरता जस्ता मध्ये युगका स्वाभाविक परिणाममा जकडिएर शताब्दियौंदेखि पृथक रहेको नेपाल भर्खर जेट-युगमा प्रवेश गर्दैछ। यो वास्तविकता हो र यसलाइ कसैले उपेक्षा गर्न सक्तैन। हाम्रो भूराजनीतिक स्थितिले उत्पन्न गरेका सीमाहरू र हाम्रो सोचाइलाइ लामो समयसम्म निरुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको मध्येकालीन मान्यताजन्य अवरोधहरूप्रति हामी आँखा चिम्लन सक्तैनौं। त्यसैले हामी ईमान्दार र यथार्थवादी भएर आत्मविश्लेषण गरी हेरौं एउटा राष्ट्रको रूपमा वर्तमान विश्वसंग हाम्रो दृष्टिकोण र सोचाइको तालमेल मिलाउन हामी मानसिक रूपमा तयार छौं ? आधुनिक शिक्षा हासिल गरेका हामीमध्ये कसैले जे सुकै भने पनि, एक राष्ट्रको हैसियतमा नेपालीहरूको संयोजन क्षमताबारे जतिसुकै गुड्डी हाँके पनि हामी एकाएक मध्य युगबाट उफ्रेर जेट-युगमा पुग्न सक्तैनौं। नत सबै आर्थिक, सामाजिक एवं राजनीतिक दुरावस्थाको रामवाणको दावी गर्ने ओजस्वी, मृदु ध्वनित र मनमोहक सिद्धान्तमा नै हामीले बन्नु हुन्छ। रामवाण भन्ने जस्तो कुनै कुरो हुँदैन।

त्यसैले, अहिले श्री ५ को सरकारले साझा कार्यक्रम लागू गरेकोले साझाले के गर्न सक्दछ र के गर्न सक्तैन भन्ने हाम्रो सोचाइमा अस्तव्यस्तता आउनु हुँदैन। साझा कार्यक्रमसंग सम्बद्ध मन्त्रीदेखि लिएर सामान्य कारिन्दासम्म र साझा संस्थाका प्रत्येक सदस्यले साझाको सिद्धान्त, यसको परिधि र सीमाबारे प्रष्ट हुनुपर्दछ।

आर्थिक पद्धति

साझाका सिद्धान्तहरूबारे विवेचना गर्नु अघि आजको विश्वमा प्रचलित विभिन्न आर्थिक पद्धतिहरू, तिनको उत्पत्तिको इतिहास र विकासलाई सरसर्ती हेरौं।

आदिम समाजको आर्थिक पध्दतिहरूको इतिहास पहिल्याउने यस लेखको उद्देश्य होइन। न त सामन्ती समाजको आर्थिक पद्धतिको इतिहास नै पहिल्याउने यसको उद्देश्य हो। सामन्ती युगसम्म पनि जनजीवन सारै साधारण थियो र आजको जस्तो आर्थिक गतिविधिहरू असाध्य जटिल थिएनन्। १८ औं शताब्दीको मध्यसम्म पनि सबै आर्थिक गतिविधिहरू कृषिमा केन्द्रित थिए। त्यस बेला राष्ट्रिय र अन्तरराष्ट्रिय व्यापार र वाणिज्य नभएको होइन तर आजको अनुपातमा नगण्य थियो। त्यस बेला केही उद्योगहरू थिए तर वर्तमान स्तरको तुलनामा सारै न्यून स्तरको र आजकाल घरेलु उद्योग भनिने आकारमा थिए।

त्यसैले आजको विश्वमा प्रचलित आर्थिक पद्धतिहरूको इतिहास पहिल्याउनको लागि हामीले १८ औं शताब्दीको औद्योगिक क्रान्तिबाट सुरू गर्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औद्योगिक क्रान्ति

औद्योगिक क्रान्ति १८औं सताब्दीको मध्यकालमा बेलायतमा सुरू भयो। आधुनिक विज्ञानको विकासक्रम त्यसै बेला सुरू गरियो। बाफशक्तिको आविष्कार भयो र प्रयोगमा ल्याइयो। बाफशक्तिबाट संचालन हुने यन्त्रहरूको आविष्कार भयो। हावाको प्रवाहमा चल्नुपर्ने जहाजहरू बाफबाट संचालन हुन थाले। कृषि र उद्योगमा यसको व्यापक प्रभाव पर्‍यो। केही दसकभित्र यसले उद्योग र वाणिज्यको क्षेत्रमा मात्र होइन युरोपका जनताको जीवन शैली र आचार विचारमा समेत क्रान्तिकारी परिवर्तन ल्यायो। कृषि र उद्योगमा परेको विज्ञानको प्रभाव र त्यसैले जीवन शैली र आचार–विचारमा ल्याएको परिवर्तनहरूलाइ इतिहासमा औद्योगिक क्रान्ति भनिन्छ। बेलायतबाट यो क्रान्ति युरोपमा फैलिएको र नवीन समाजको लागि यसले ढांचा निर्धारित गर्‍यो। औद्योगिक पूँजीवादको विकास भयो र पहिले नसोचिएको परिमाणमा व्यापार र वाणिज्यको विस्तार भयो।

स्वतन्त्र उद्यम

लक, रूस्सो र त्यस समयका अन्य राजनीतिशास्त्री र आर्थिक विवेचकहरूले आर्थिक गतिविधिहरूमा राज्य तटस्थ रहने सिद्धान्तको प्रतिपादन गरे। उक्त सिद्धान्तको अर्थ के थियो भने सरकारी हस्तक्षेप बिना आर्थिक कारोवार संचालन गर्न हरेक व्यक्ति स्वतन्त्र रहने छ। राजनीतिक दृष्टिले त्यस सिद्धान्तको मत के थियो भने सरकारको मुख्य काम समाजमा कानून र स्थिति कायम राख्नु तथा आन्तरिक र बाह्य आक्रमणबाट जनताको संरक्षण गर्नु हो। स्वास्थ्य, शिक्षा, रोजगारी तथा जनताको सामान्य भलाइ जस्ता कार्यलाइ सरकारको मुख्य दायित्व संझिन्नथ्यो। त्यस बेलाको यो आम सोचाइ थियो र सरकारहरूले पनि त्यही अनुरूप नीति निर्धारण गरे। राज्यले जनताको आर्थिक गतिविधिमा हस्तक्षेप गरेन। इन्धनशक्तिबाट संचालित तान र मेशिनहरूले औद्योगिक विकासलाइ तीव्र गतिमा वृद्धि हुन सम्भव गरायो। जताततै कारखानाहरू खुले। यस नीतिले विकासशील औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरूलाइ अझ बढी धनी र मजबूत हुन मद्दत पुर्‍यायो। किनभने उनीहरूले कामदारहरूको हितको ख्याल नगरी कारखाना र व्यापारलाइ विस्तार गर्न तथा प्रशस्त पूँजी एकत्रित गर्न मौका पाए। आर्थिक क्षेत्रमा सरकारले हस्तक्षेप नगर्ने सिद्धान्त त्यस प्रकारको आर्थिक प्रणालीलाइ स्वतन्त्र उद्यम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनियो जसलाइ केही अर्थशास्त्रीहरूले पूँजीवादको संज्ञा दिए। बढ्दो पूँजीको कारण उद्योग र वाणिज्यको विस्तार भयो र देशको सामान्य अर्थतन्त्रलाइ मद्दत पुऱ्यायो। तर यसको आफ्नै अँध्यारो पक्ष पनि थियो।

ठुला कारखानाहरूले देशभरिबाट मजदूरलाइ आकर्षित गरे। तर उनीहरूको बसोबासको निम्ति उचित प्रबन्ध भने थिएन। कारखानाका मालिकहरूले केटाकेटीलाइ समेत काममा लगाए। पुरुष तथा महिला कामदारहरूले कारखानाभित्र अस्वस्थकर वातावरणमा दिनको १४ घण्टा अरु १६ घण्टासम्म काम गर्नु पर्थ्यो। कारखाना मालिकहरूद्वारा गरिएको कामदारहरूको शोषण चरम सीमामा पुग्यो।

१९ सौं सताब्दीको पूर्वार्द्ध तिर कामदारहरूको दयनीय अवस्थाप्रति समाज सुधारक र विचारकहरूको ध्यान आकर्षित भयो। सरकारले गरिब श्रमिकहरूको दु:ख, कष्ट र यातनाप्रति आँखा चिम्लन सकेन। त्यसैले ज्याला, काम गर्ने समय आदि निर्धारण गर्ने वेलायतमा कारखाना ऐन बन्यो। यसरी कारखानाका मालिकहरूको आर्थिक गतिविधिहरूमा सरकारी हस्तक्षेप सुरू भयो र आर्थिक गतिविधिहरूमा सरकारी हस्तक्षेप नरहने सिद्धान्त तोडियो। समयको प्रवाहको साथसाथै जनताको भलाइको लागि हेर-विचार गर्नु राज्यको दायित्व हो भन्ने कुरा बढी महसूस गरिन थालियो। विस्तारै विस्तारै कल्याणकारी राज्यको विचारधाराले मूर्त रूप लिन थाल्यो।

समाजवाद

कामदारहरूको अवस्था सुधार्ने तथा शोषणउपर नियन्त्रण र रोकथाम गर्ने सरकारबाट भएको प्रयासको बावजूद पनि श्रमिकहरूको दुरावस्थामा खास प्रगति हुन सकेन। कारखाना मालिक र श्रमिकहरू बिच आएको अन्तर बढ्दै गयो। कारखानाहरूको संख्या बढ्यो तर शोषण भने पहिले जस्तै यथावत् रह्यो। श्रमिकहरूतर्फबाट श्रमिक संगठन खडा भयो र उनीहरू संघर्ष गर्न थाले तर यसबाट खास फाइदा भने हुन सकेन। धनी विरूद्ध उनीहरूले सुरू गरेको संघर्षमा गरिबहरूको असहायपनले समाजवादी सोचाइलाइ जन्म दियो जुन सोचाइलाइ अन्त्यमा कार्लमार्क्सले एउटा ठोस सैद्धान्तिक रूप दिए। यसरी समाजवादको प्रादुर्भाव भयो। सोभियत संघले यसलाइ कार्यरूपमा नउतारेसम्म यो एउटा सिद्धान्तको रूपमा मात्र थियो।

यसरी विश्वमा दुई वटा आर्थिक सिद्धान्तहरू देखा परे—

१. स्वतन्त्र उद्यम जसलाइ पूँजीवाद भनियो र २. समाजवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्रित अर्थव्यवस्था

केही अर्थशास्त्रीहरूले राष्ट्रको आर्थिक गतिविधिहरूको मार्ग निर्देशन गर्ने सिद्धान्तको रूपमा दुई वटा आर्थिक पद्धतिलाइ मात्र मान्यता दिए। पहिलो हो, स्वतन्त्र उद्यम अर्थात् उत्पादनका साधनहरूमा निजी स्वामित्व जसलाइ कसैले पूँजीवादको संज्ञा दिए र दोस्रो हो, समाजवाद अर्थात् उत्पादनका साधनहरूमा राज्यको स्वामित्व। रूस, चीन जस्ता केही देशहरूले सवाजवादलाइ आफ्नो अर्थ-व्यवस्थाको रूपमा अपनाए। तर विश्वमा कुनै पनि यस्तो राष्ट्र छैन जसको अर्थव्यवस्था पूर्णतः स्वतन्त्र उद्यम अथवा पूँजीवादमा आधारित होस्। जनताको गतिविधिमा अलिकति पनि सरकारी हस्तक्षेप रहन्छ भने यस्तो अर्थव्यवस्थालाइ सरकारी हस्तक्षेप नगर्ने सिद्धान्तमा आधारित स्वतन्त्र उद्यम भन्न मिल्दैन। वर्तमान विश्वमा आर्थिक प्रणालीहरूको लेखाजोखा गर्‍यौं भने हामी के पाउँछौं भने समाजवादी अर्थ-व्यवस्था अपनाएका रूस, चीन र अन्य केही देशहरू बाहेक बाँकी विश्वमा यस्तो अर्थव्यवस्था छ जसको सैद्धान्तिक आधार माथि उल्लेख गरिएका दुई सिद्धान्तहरूको मिश्रणका रूपमा छ। संयुक्त राज्य अमेरिकामा समेत एकाधिकार विरुद्ध र प्रतियोगितालाइ कायम राख्ने ऐन (ANTI TRUST LAW) द्वारा निजी उद्यममा सरकारले नियन्त्रण राखेको छ।

त्यसैले केही अर्थशास्त्रीहरूले यस कुरालाइ स्वीकार गरून् या नगरून् आज विश्वका बहुसंख्यक देशहरूमा यस्तो अर्थव्यवस्था अपनाएको छ जसलाइ मिश्रित अर्थव्यवस्था भन्न सकिन्छ। यस अर्थव्यवस्था अन्तरगत उत्पादनका साधनहरूमा निजी स्वामित्वको साथसाथै सरकारी स्वामित्व रहेका उद्यमहरू पनि छन्। भारतले सरकारी उद्यमलाइ सार्वजनिक क्षेत्र भन्ने संज्ञा दिएको छ र निजी क्षेत्र अर्थात् निजी उद्यमलाइ आर्थिक कारोवार संचालन गर्ने छुट दिएको छ।

—•—

साझा अथवा सहकारिता

यदि विश्वमा तीन वटा मात्र आधारभूत प्रणाली छन् भने साझा अथवा सहकारिताको, राष्ट्रिय आर्थिक गतिविधिमा कुन स्थान छ त ? यसको उत्तर के हो भने विशेष गरी विकासोन्मुख राष्ट्रको आर्थिक विकासमा साझा वा सहकारिताको महत्वपूर्ण स्थान छ। संयुक्त राज्य अमेरिका, क्यानाडा, जापान तथा पश्चिमी यूरोपीय देशहरू जस्ता विकसित मुलुकहरूको अर्थतन्त्रमा समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही आर्थिक गतिविधिहरूमा जस्तो सम्पूर्ण कृषि क्षेत्र जहाँका उत्पादकहरू कम साधन सम्पन्न हुन्छन्, साझाले मध्यस्थहरूलाइ यथासम्भव हटाई आफ्ना सदस्यहरूलाइ लाभ पुऱ्याउने कार्यमा प्रभावकारी भूमिका खेलेको पाइन्छ । त्यसैले साम्यवादी मुलुकहरू लगायत विश्वमा नै साझालाइ अपनाइएको देखिन्छ । हुन त सहकारिता भन्नाले सामान्यतः जस्तो अर्थ बुझिन्छ साम्यवादी मुलुकहरूको सहकारिता त्यस अनुरूप छ त भन्ने प्रश्न उठ्न सक्दछ । सहकारी सिद्धान्त समाजवादी सिद्धान्तभन्दा मौलिक रूपमा भिन्न छ । उत्पादनहरू साधनहरूउपर स्वामित्व रहनु समाजवादको आधारभूत सिद्धान्त हो र निजी सम्पत्तिको उन्मूलन वेगर यसलाइ हासिल गर्न सकिन्न । अर्कोतिर, सहकारी आन्दोलनले निजी स्वामित्वलाइ स्वीकार गरेको हुन्छ । साझा आन्दोलनले व्यक्तित्व र अग्रसरतालाइ आघात नपारी आफ्नो क्षेत्रभित्र मध्यस्थहरूबाट गरिने शोषणको अन्त्य गर्न खोजेको हुन्छ । व्यक्ति विशेष सदस्यहरूले आफ्नो सीमित स्रोतहरू स्वेच्छाले एकत्रित गरी आपसी हितका लागि, तर एकले अर्काको शोषण नगरी—आर्थिक गतिविधिमा संलग्न रहनुलाइ नै सहकारिता भनिन्छ । वास्तविक जीवनमा ती सिद्धान्तहरू कति लागू हुन्छन् भन्ने कुरा बुझ्न यसको उत्पत्ति कसरी भयो, यसका सिद्धान्तहरूको कसरी व्याख्या र प्रतिपादन गरियो र यो कसरी विश्वभर फैलियो आदि जस्ता सहकारी आन्दोलनको इतिहासको अध्ययन गर्नु पर्दछ ।

सहकारिताको उत्पत्ति

अठारौं सताब्दीको मध्यतिर बेलायतमा सुरू भएको औद्योगिक क्रान्तिले सामन्ती र कृषिप्रधान अर्थतन्त्रमा व्यापक प्रभाव पाऱ्यो । कारखानाको संख्या बढ्यो र नगदीमा ज्याला पाइने भएकोले कारखानामा काम खोज्न ग्रामीण क्षेत्रबाट मानिसहरूको भिड लाग्यो तर कामको खोजीमा आउने जति सबैले काम पाउन सम्भव भएन । कपडा, घरायसी भाँडाकुँडा, कृषि औजार जस्ता कारखानामा निर्मित दैनिक उपभोगका सस्ता उत्पादनहरूले पुरानो तरिकाबाट गाउँघरको ज्यासल र झोपडीमा बनेका वस्तुहरूको ठाउँ लिन थाल्यो ।

यसको परिणाम के भयो भने कालिगड तथा कार्यशाला धेरै साना कारखाना र घरेलु उद्योगमा काम गर्ने श्रमिकहरू, किसानहरू र गरिब जनता पीडित हुन थाले । त्यसैले आफ्नो सीमित स्रोतहरू एकत्रित गर्न, आफ्नो हित रक्षाको लागि एकजुट हुन र आफ्नो भलाइको लागि आपसमा मिलेर काम गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूले सहकारी संस्थाहरूको आवश्यकता महसूस गरे । जनता आफैंले आफ्नो आवश्यकता पूरा गर्न सहकारी संस्थाहरू खडा गरे र समान आवश्यकता भएका व्यक्तिहरू एकजुट भए । भिन्न भिन्न गतिविधिहरू अंगालेका तर एउटै उद्देश्य भएका धेरै सहकारी संस्थाहरू आफ्नो सदस्यहरूको दुःख कष्टलाइ हटाउँदै तथा तिनीहरूको आर्थिक स्थितिलाइ सुधार्दै प्रभावकारी ढंगले संचालन हुन थाले ।

सरकारी दृष्टिकोण तटस्थ थियो । त्यसैले सहकारी संस्थाहरू दसकौंदेखि संचालन हुँदै आए तापनि सन् १८५२ मा मात्र बेलायतमा पहिलो सहकारी कानून बन्यो । यसले सहकारितालाइ कानूनी मान्यता प्रदान गऱ्यो ।

बेलायतबाट यो यूरोपसम्म फैलियो । त्यहाँ बेलायतमा जस्तै अवस्था रहेकाले सहकारी संस्थाहरू आपनो सीमित क्षेत्रभित्र रहेर प्रभावकारी रूपले संचालन भए ।

उपनिवेशहरूमा साझा

जापान र चीनलाइ छाडेर एशिया र अफ्रिकामा औपनिवेशिक शासकहरूले साझा सुरू गरे । ब्रिटिस सरकारले साझाको प्रवर्द्धन गरेको एशियाको पहिलो मुलुक भारत थियो । सन् १९०४ मा भारतीय सरकारले साझा ऋण संस्था ऐन पास गऱ्यो । जस्तो कि यसको शीर्षकले देखाउँछ यो शुद्ध त ऋण संस्यासंग सम्बन्धित थियो । यातायात, खरीद बिक्री आदि जस्ता अरू किसिमका साझा संस्थाहरू यसमा समावेश गरिएन । श्रीलंका मलेसिया, फिलिपिन्स, केन्या, एशिया तथा अफ्रिकाका तत्कालीन औपनिवेशिक देशहरूको साझाको इतिहासलाइ दृष्टिगत गर्दा के देखिन्छ भने ती देशहरूमा पनि सुरूमा साझा संस्थाको स्थापना विदेशी शासकहरूबाट नै भयो । र ती मुख्यतः ग्रामीण साझा ऋण संस्था थिए । त्यस बेला के सोचिएको थियो भने साहुकारहरूबाट चरम सीमासम्म शोषण गरिएका कृषकहरूलाइ सरल शर्तमा ऋण उपलब्ध गराइएमा किसानहरू आफैं आफ्नो समस्या सुल्झाउन र आफ्नु आर्थिक स्थिति सुधार्न सक्ने स्थितिमा पुग्ने छन् । किसानहरूलाइ साझाको सिद्धान्तबारे प्रशिक्षित गर्ने अथवा अरू क्षेत्रहरूमा साझा गतिविधि संचालन गरी साझाको प्रभावकारीताको प्रदर्शन गर्नेतर्फ ज्यादै कम प्रयास भएको थियो । एशिया तथा अफ्रिकामा सुरू-सुरूमा खोलिएका साझा ऋण संस्थाहरू असफल रहे । कतिपय कारण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूले गर्दा कृषकहरू झन् ऋणको लागि साहुकारकहाँ नै पूर्ववत् गइरहे। साझा संस्थामा भने गएनन्। सरकारबाट भएको सर्वेक्षणले के कुरा प्रकट गऱ्यो भने सन् १९०४ देखि १९५१ सम्ममा संस्थाबाट किसानहरूले केवल ३ प्रतिशत मात्र ऋण लिए बाँकी ९७ प्रतिशत ऋण साहुकारबाट नै यथावत् गइरह्यो। अर्कोतर्फ केन्द्रीय सहकारी बैंकलाइ प्रदान गरिएको ऋणको ठूलो रकम सरकारले गुमायो, किनभने यसको राम्रो प्रबन्ध हुन सकेन र सहकारी बैंकबाट ऋण लिने किसानहरू आफ्नो उत्तरदायित्वप्रति सचेत थिएनन्।

युरोपमा सफल र एशिया तथा अफ्रिकामा साझा विफल हुनाका कारणहरू

युरोपमा साझा संस्थाहरू सफलतापूर्वक संचालन हुन सके किनभने त्यहाँ आफ्नो आवश्यकता पूरा गर्न जनता आफैं संगठित भएर आफ्ना सीमित साधन र स्रोतहरू एकत्रित गरी साझा संस्था संचालन गरे। उनीहरूले आफ्नै रुपियाँ पैसाको बाजी लगाएका थिए। त्यसैले साझा संस्थाप्रति उनीहरूले अभिरूची लिए, साझा संस्थाको संचालनमा सहभागी भए, आफ्नो दायित्वप्रति पूर्ण सचेत रहेर त्यही अनुकूल काम गरे। युरोपमा साझा संस्थाहरू सफल भएको र आज पनि सफल रहनाको अरू कारण के हो भने कुनै पनि बाह्य अथवा सरकारी हस्तक्षेप विना नै सदस्यहरू आफैंले साझा संस्थाहरू संचालन गरे। त्यहाँ सुरूकै अवस्थामा पनि सामाजिक र आर्थिक स्थिति प्रतिकूल थिएन। यद्यपि आज सहकारी संस्थाहरूबाट कूल राष्ट्रिय उत्पादनमा भएको योगदान निजी क्षेत्रको तुलनामा सानो छ तापनि आफ्ना सदस्यहरूको अबस्था सुधार्न तथा उच्च आर्थिकस्तरलाइ कायम राख्न सहकारी संस्थाहरूले आफ्नो सीमित परिधिभित्र रहेर पनि प्रशंसनीय कार्य गरिरहेका छन्।

एशिया र अफ्रिकामा सुरूमा साझा संस्थाहरू असफल हुनाका विभिन्न कारणहरू छन्। जनतामा उग्र गरिबी, निरक्षरता र अज्ञानता यसका कारण थिए। सामाजिक, आर्थिक र राजनैतिक परिस्थिति पनि अनुकूल थिएन। तर असफलताको अर्को अति महत्वपूर्ण कारण के थियो भने सहकारी संस्थाहरूको स्थापना गर्ने कार्यमा जनताले होइन विदेशी शासकले अग्रसरता लिएका थिए। सरकारद्वारा प्रवर्द्धन गरिएको एशिया तथा अफ्रिकाका साझा संस्थाहरूले जन-सहभागिता पैदा गर्न विफल भए। सुरूका सहकारी संस्थाहरूको संचालन सरकारले नोकरशाही तौर–तरिकाबाट गरेको थियो। कर्मचारीतन्त्रप्रति विश्वभर सद्भावना रहे तापनि सरकारी कर्मचारीहरूले किसानहरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सित आत्मसात् गर्न सक्तैनन् न त जनताले नै आफु यसमा सरीक रहेको वास्तविक अनुभव नै गर्न सक्छन्। साझा भन्ने कुरा कस्तो थियो भने त्यसको संचालनमा उनीहरूको आवाजको कदर हुँदैनथ्यो अथवा थोरै मात्र कदर हुन्थ्यो। आफु यसबाट बाहिर रहेको उनीहरूले अनुभव गरे।

१९४५ मा भारतमा अंग्रेज शासन छँदै सहकारी योजना विषयक समितिले सहकारी आन्दोलनमा सीमित प्रगति भएको कुरा जनायो। 'सीमित प्रगति' भन्नु मृदु भाषामा व्यक्त गरिएको असफलता सिवाय केही थिएन। स्वाधीनताको पाँच वर्षपछि सन् १९५२ मा भारत सरकारले गठन गरेको अधिकार सम्पन्न समितिले के निष्कर्षमा पुग्यो भने त्यस बेलासम्मको भारतको साझा आन्दोलनको इतिहास एउटा असफलताको इतिहास थियो।

साझाका सिद्धान्त

करिब दुई सताब्दीदेखि युरोपमा साझा सफलतापूर्वक संचालन हुँदै आएको छ। साझा संस्थाहरू संचालन हुन थालेपछि चिन्तनशील व्यक्ति साझाका सहभागी र अन्य व्यक्तिहरूको ध्यान त्यसतर्फ आकर्षित भयो। साझा गम्भिर अध्ययनको विषयवस्तु बन्यो। सन् १८९५ मा अन्तर्राष्ट्रिय साझा संघ खडा भयो। यसले साझा, यसका चारित्रिक गुणहरू र तिनलाइ निर्देशित गर्ने सिद्धान्तहरूको अध्ययन गर्नेतर्फ प्रशस्त कार्य गरेको छ।

अन्तर्राष्ट्रिय साझा सङ्घले साझाका निम्नलिखित छ वटा सिद्धान्तहरू प्रतिपादन गरेको छ:—

१. साझा संस्थाको सदस्यता ऐच्छिक रहने छ र यसका सेवाहरूको उपभोग गर्न सक्ने र सदस्यताको उत्तरदायित्वलाइ स्वीकार गर्न इच्छुक सबै व्यक्तिहरूलाइ कृत्रिम बन्देज अथवा कुनै किसिमको सामाजिक, राजनीतिक, जातीय अथवा धार्मिक भेदभाव बिना सदस्यता प्राप्त हुनेछ।

२. साझा संस्थाहरू प्रजातान्त्रिक संगठन हुन्। साझा संस्थाहरूको कार्य संचालन, सदस्यहरूले स्वीकार गरेको विधिअनुसार निर्वाचित अथवा नियुक्त व्यक्तिहरूबाट हुनेछ जो सदस्यहरूप्रति उत्तरदायी हुनेछन्। प्रारम्भिक संस्थाका सदस्यहरूलाइ समान मताधिकार (एक व्यक्ति एक मत) र संस्थाहरूको निर्णयमा समान सहभागको अधिकार प्राप्त हुने छ।

३. शेयर पूँजीमा ब्याज दिइन्न र दिए पनि सीमित ब्याज मात्र दिइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. साझा संस्थाको संचालनबाट प्राप्त हुने आर्थिक लाभ त्यसै संस्थाका सदस्यहरूको हुने छ र एउटा सदस्यको मूल्यमा अर्को सदस्यले लाभ उठाउन नपाउने गरी वितरण गरिनेछ ।

५. सबै साझा संस्थाहरूले आफ्ना सदस्यहरू, अधिकृतहरू, कामदार-हरू तथा जनसाधारणलाइ साझाका सिद्धान्त तथा कार्यविधिहरू आर्थिक र प्रजातान्त्रिकबारे प्रशिक्षित गर्न आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

६. आफ्ना सदस्यहरू र साझा समितिहरूको बढी हित साधन गर्न सबै साझा संगठनहरूले हरेक प्रकारले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका अरू साझा संगठनहरूसंग सक्रिय रूपमा सहयोग गर्नें छन् ।

ती सिद्धान्तहरूको संक्षिप्त विश्लेषणबाट निम्न कुराहरू प्रकट हुन्छन्:—

(क) समान आर्थिक आवश्यकता भएका व्यक्तिहरू आफ्ना ती आवश्यकताहरू पूर्ति गर्नें प्रयासमा स्वेच्छाले आपसमा मिलेर काम गर्छन् किनभने एक्ला-एक्लै भन्दा साझा प्रयासमा काम गरेमा ती आवश्यकताहरू राम्ररी पूरा गर्न सकिन्छन् । आपसमा मिलेर काम गर्नु स्वेच्छिक कार्य हो ।

(ख) सदस्यले सहकारी संस्थामा सम्मिलित हुनु अघि आफ्नो उत्तरदायित्वप्रति सचेत हुनु पर्दछ । साझा संस्थामा सम्मिलित हुने या नहुने भन्ने कुराको निर्णय गर्नु सदस्यको स्वेच्छाको विषय भएकोले सदस्यताको लागि उसको आवेदन स्वीकार गर्ने वा अस्वीकार गर्ने पनि साझा संस्थाको अधिकार हुनेछ । कल्पना गरौं, कुनै खराब चरित्र भएको व्यक्ति, अभ्यस्त जुवाडे र रक्सीबाजले साझा संस्थाको सदस्यताको लागि आवेदन गर्‍यो भने उसको आवेदनलाइ अस्वीकार गर्ने स्वतन्त्रता साझा संस्थालाइ हुनुपर्दछ। संस्थाको विनियमको अधीनमा रही सदस्यले संस्थाको सदस्यता त्याग गर्न सक्दछ र संस्थाले पनि कुनै सदस्यलाइ सदस्यबाट हटाउन सक्दछ ।

(ग) साझा संस्था एउटा व्यापारिक संगठन हो र यसको संचालन पनि व्यापारिक तरिकाले गरिनु पर्दछ । अन्य कुराहरूले संस्थाको व्यवस्थापन र कामकाजमा प्रभाव पार्नु हुँदैन ।

(घ) साझा संस्था एउटा व्यापारिक संगठन भए तापनि नाफालाइ सर्वोच्च ठानिने अरू व्यापारभन्दा यो भिन्न छ । साझा संस्थाको उद्देश्य नाफा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमाउनु होइन बरु मध्यस्थहरूबाट गरिने शोषणलाई हटाउनु हो । त्यसैले आफ्ना सदस्यहरूप्रति मात्र होइन समुदायप्रति पनि साझा संस्थाको उत्तर-दायित्व रहन्छ ।

(ङ) प्रजातान्त्रिक नियन्त्रण साझाको अर्को मौलिक सिद्धान्त हो । यस्तै समानता पनि हो । के उल्लेख गर्नु रोचक हुनेछ भने क्रण्डै दुई सय वर्षअघि रोकडेल पायनियर्स (Rocedale Pioneers)-ले बेलायतमा पहिलो साझा संस्था सुरू गर्दा "एक व्यक्ति एक मत"-को सिद्धान्त अपनाए । अरू सरह समान आवश्यकता भएको कुनै धनी व्यक्तिले साझा संस्थामा सेयरको रूपमा ठुलो धनराशि लगानी गर्न सक्दछ तर उसले पनि अन्य व्यक्ति सरह एक मत मात्र दिन पाउँदछ । साझा संस्थाको सम्पूर्ण व्यवस्थापन त्यसका सदस्यहरूबाट निर्वाचित पदाधिकारीद्वारा संचालन गरिन्छ ।

(च) आफ्नो अधिकार र कर्तव्यबारे सचेत सदस्यहरूबाट मात्र साझा संस्थाहरूको सफलतापूर्वक संचालन हुन सक्ने भएकोले सदस्यहरूको लागि साझाको सिद्धान्त सम्बन्धी शिक्षा अनिवार्य हुन्छ । अन्तरराष्ट्रिय सहकारी संघको के भनाइ छ भने साझा संस्थामा संलग्न सबै व्यक्तिहरूले शिक्षा र पुनर्शिक्षा कार्यक्रममा भाग लिनुपर्दछ ।

(छ) जहाँ सबै प्रकारका साझा संस्थाहरूको संचालनमा साझाका यी सिद्धान्तहरू कार्य रूपमा लागू गरिएका छन् त्यहाँ साझा निकै सफल भएको छ र जहाँ यी सिद्धान्तहरूको उपेक्षा गरिएको छ त्यहाँ साझा संस्था विफल भएका छन् ।

दोस्रो विश्वयुद्ध पश्चात् एसिया र अफ्रिकामा साझाको स्थिति

जस्तो पहिले नै उल्लेख गरिसकिएको छ कल्याणकारी राज्यको विचारधाराले १८ औं शताब्दीको उत्तरार्द्धमा मूर्त रूप लिन थाल्यो । दुई विश्व-युद्धको बिचका दशकहरूमा आकाशवाणी, रेडियो, नागरिक उड्डयन, प्रतिजीवी औषधि, पेन्सिलिन आदि जस्ता विज्ञान तथा प्रविधिको क्षेत्रमा चमत्कारपूर्ण विकास भयो । यसले राज्यको कर्तव्य सम्बन्धी विचारधारा लगायत जनताको सोचाइमा विकास र परिवर्तन ल्यायो । दोस्रो विश्व युद्धको अन्त्यतिर कल्याण-कारी राज्यको विचारधाराले विश्वव्यापी रूपमा जरो गाड्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै वातावरणमा त्यस बेलाका उपनिवेशहरूले एक एक गरी स्वाधीनता प्राप्त गर्न थाले । नव-जन्मजात स्वाधीन राज्यहरूले धेरै आर्थिक समस्याहरूको सामना गर्नु पर्‍यो । पुस्तौंदेखि शोषित एसिया तथा अफ्रिकाका मुलुकहरूका जनता ज्यादै गरिब, निरक्षर र अज्ञान थिए । अत्यधिक प्रतिशत (९० प्रतिशत) जनता ग्रमीण क्षेत्रमा कठोर गरिबी जीवन बिताउँदै थिए । ती ९० प्रतिशत जनता र बजारमा बस्ने आधुनिक शिक्षा पाएका थोरै व्यक्तिहरूको मानसिक दृष्टिकोण बिच ठूलो अन्तराल थियो ।

ती देशहरूले स्वाधीनता हासिल गरेको समयमा त्यहाँ यस्तो अर्थव्यवस्था विद्यमान थियो जसलाइ 'द्वैध अर्थतन्त्र' भन्न सकिन्छ । एकातिर सहरहरूमा देश विशेषको आर्थिक विकासको स्तर अनुसार वाणिज्य बैंक, केही यन्त्रकृत उद्योगहरू, वाणिज्य तथा अन्तरराष्ट्रिय व्यापार, केन्द्रीय बैंक आदि समावेश भएको आधुनिक उद्यम थियो भने अर्कोतिर आफ्नो आर्थिक उन्नतिको निमित्त संगठित हुन असमर्थ लाखौं कालिगढ, भूमिहीन श्रमिक र अति गरिब कृषकहरूले बसोवास गरेको, अति पिछडिएको अर्थतन्त्र रहेको पृष्ठभूमि थियो । ती यस्ता जनता थिए जसलाइ साहुकार, व्यापारी र सरकारी कर्मचारीहरू समेतले सकेसम्म शोषण गरेका थिए ।

स्वाधीनता पश्चात् ती देशका नेताहरूले आ-आफ्नो देशमा अपनाइने राजनैतिक र आर्थिक व्यवस्थाबारे एउटा निर्णयमा पुग्नुपरेको थियो । निकट पूर्वकालको इतिहास र त्यसताका विद्यमान अवस्थाबाट प्रभावित भएर प्रजातन्त्र, संसदीय प्रजातन्त्रलाइ आफ्नो राजनैतिक व्यवस्थाको रूपमा अपनाए। आर्थिक क्षेत्रमा उनीहरूले सरकारी उद्यम र निजी उद्यम साथसाथै विद्यमान रहने गरी मिश्रित अर्थतन्त्रको चयन गरे । उनीहरूलाइ के कुरो थाहा थियो भने विकासको प्रक्रिया सुप्त रहने छ र आर्थिक विकासको परिणामहरू समस्त देशभर फैलन कैयन् दशक लाग्ने छ । आर्थिक विकासको अर्थ हो औद्योगिकरण र कृषि विकास-जस्तै कारखानाहरूको स्थापना, सडक र पुलहरूको निर्माण र अन्य हजारौं निर्माण कार्यहरू । यी सबैको लागि समय लाग्ने थियो त्यसैले उनीहरू अत्यधिक संख्यामा रहेका अति गरिब ग्रामीण जनतालाइ हालको अवस्थामा रहिरहन दिन सक्तैनथे । तिनीहरूको अवस्था सुधार्न केही ठोस काम गर्नु आवश्यक थियो । त्यसैले ग्रामीण क्षेत्रमा बसोवास गर्न जनतासम्म पुग्न र उनीहरूको दुःख पीडा हटाउनको लागि एक मात्र व्यावहारिक माध्यमको रूपमा उनीहरूले सहकारिता अंगाल्ने निर्णय गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारत सरकारद्वारा सन् १९५२ मा गठित उच्चस्तरीय समिति के निष्कर्षमा पुग्यो भने भारतमा त्यस समयसम्मको सहकारिताको इतिहास एउटा असफलताको इतिहास थियो । तथापि सहकारीलाइ ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनतासम्म पुग्ने एक मात्र माध्यमको रूपमा ठह्याइयो । सन् १९५४ मा सहकारी संस्थाहरूको कार्यकलापको अध्ययन गर्न र तिनलाइ प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायबारे प्रतिवेदन दिन अखिल भारतीय कर्जा सर्भेक्षण समिति गठन गरियो । समितिले के प्रतिवेदन दियो भने कृषि कर्जा कृषि विकास अरू भनौं सम्पूर्ण आर्थिक विकासको महत्वपूर्ण अंग हो । यो के परिकल्पनामा आधारित थियो भने कृषि सामग्रीको आपूर्ति, कृषि खरीद बिक्री, प्रशोधन, गोदाम र यातायात संघ, कृषि क्षेत्र घनिष्ठ रूपमा आबद्ध छ । सहकारी निकायहरूले यी सम्पूर्ण आर्थिक गतिविधिहरूमा महत्वपूर्ण भूमिका पूरा गर्नुपर्ने छ । उक्त प्रतिवेदनमा सहकारी संस्थाहरूलाइ सरकारी मार्ग निर्देशन र मद्दत मात्र होइन कर्जा, प्रशोधन र बेचबिखन आदिमा सरकारी सहभाग पनि हुनुपर्दछ भनी सिफारिश गरिएको थियो । यसरी भारत सरकारले सहकारी संस्थाप्रति राज्यको उत्तरदायित्वबारे प्रस्ट प्रकाश पाऱ्यो, त्यसलाइ स्वीकार गऱ्यो र कार्यान्वयन गऱ्यो । त्यसै अनुरूप कानुनहरू पारित भए । एसिया तथा अफ्रिकाका हरेक नवस्वाधीन देशहरूको यो आम नीति थियो । अन्य मुलुकहरूभन्दा भारत के कुरामा भिन्न छ भने ऊ मात्र एउटा यस्तो देश हो जहाँ राज्य स्वयं पनि सहकारी संस्थामा साझेदार छ । सक्षेपमा ती सबै देशहरूमा सरकारहरूले सहकारी संस्थाहरूको गठन गर्ने कार्यमा अग्रसरता लिएका छन्, मार्गदर्शन गरेका छन् र तिनको गतिविधिहरूको सुपरीवेक्षण गरेका छन् ।

आफ्नो आवश्यकता पूरा गर्न जनता स्वयंले सहकारी संस्थाको गठन गर्न अग्रसरता लिनुपर्छ, सहकारी संस्थाको सदस्यता स्वेच्छिक हुनुपर्छ तथा सरकारी हस्तक्षेप बिना सहकारी संस्थाको संचालन प्रजातान्त्रिक तरिकाबाट हुनुपर्दछ भन्ने जस्ता सहकारिताका मौलिक सिद्धान्तहरूप्रति नीति निर्माताहरू सचेत थिए । तर ग्रामीण क्षेत्रका जनताहरू आफै अग्रसर भएर सहकारी संस्थाहरूको स्थापना गर्न सक्ने हुन्जेलसम्म प्रतीक्षा गर्न सक्ने स्थिति थिएन । न त सहकारी संस्थाहरूको विकासको लागि उपयुक्त परिस्थिति सृजना हुने समय नै दिन सक्ने स्थिति भयो । त्यसकारण औपनिवेशिक सरकारको समयमा जस्तै ती देशका सरकारहरूले सहकारी संस्थाको स्थापना गर्न अग्रसरता लिने निर्णय गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो निर्णय यति महत्वपूर्ण थियो यहाँ त्यो दोहोऱ्याउनु उपयुक्त हुने छ । चरम गरिबी, निरक्षरता, अज्ञानता, उपयुक्त वातावरण, सहकारी संस्थाहरूको विकासको लागि अनुकूल परिस्थितिको अभाव जस्ता सबै अवरोधको बाबजुद पनि एसिया तथा अफ्रिकाका ती नवस्वाधीन देशहरूले ग्रामीण विकासको समस्याहरूको एक मात्र समाधान सहकारिता नै हो भन्ने ठहर गरेर सहकारिताको केही मौलिक सिद्धान्तहरूलाइ त्यागेर भए पनि ती देशका सरकारहरूले विशेष गरी ग्रामीण क्षेत्रहरूमा सहकारी संस्थाहरूको प्रवर्द्धन, मार्गदर्शन र नियन्त्रण समेत गर्ने निर्णय गरे ।

परिणाम के निस्क्यो त ?

गत दुई दशकमा गरिएको सरकारी प्रयासबाट प्राप्त परिणामहरूले त्यसतर्फ प्रयास जारी राख्न सरकारहरूलाइ पर्याप्त आधारहरू प्रदान गऱ्यो । प्रतिकूल परिस्थिति, अव्यवस्था, भ्रष्टाचार, सदस्यहरूको बिच सहकारी भावनाको अभावको बाबजुद पनि सहकारिताले क्रमिक प्रगति गर्दै छ र सहकारिता तथा सहकारी सिद्धान्तबारे ग्रामीण जनतामा बोध हुन थालेको छ । भारतका केही भागहरूमा दुग्ध उत्पादन सहकारी संस्था तथा चर्खा सहकारी संस्था जस्ता सहकारिताका केही खास क्षेत्रमा भएको प्रगतिबाट उनीहरू सन्तुष्ट हुनुपर्ने कारणहरू छन् । फिलिपिन्स र मलेसियामा सहरी क्षेत्रका उपभोक्ता सहकारी संस्थाहरूले राम्रो प्रगति गरेका छन् तर सहकारिताको हरेक क्षेत्र र देशको हरेक भागहरूमा पनि यस्तै छ भन्न भने सकिन्न ।

प्रत्येक जस्तो सम्मेलनमा सहकारीहरूले के राय व्यक्त गरेका छन् भने अधिक सरकारी नियन्त्रणले सहकारिताको विकासलाइ अवरुद्ध पारेको छ र केही ठाउँहरूमा सहकारी संस्थाहरूको प्रगति निराशाजनक हुनाको एक मात्र सबभन्दा ठूलो कारण के हो भने पदाधिकारीहरूको चुनाव तथा सहकारी संस्थाहरूको अन्य क्रियाकलापहरूमा राजनीतिले भूमिका खेलेकोले हो । के देखिएको छ भने जहाँ सच्चा सहकारीहरूको स्थानीय नेतृत्वको उदय भएको छ त्यहाँ सहकारी संस्थाहरू सफल भएका छन् । सहकारीहरूको स्थानीय नेतृत्व उदय नभएको ठाउँमा सहकारी संस्था सफल भएका छैनन् । सुरूमा ती देशका सरकारहरूले सावधानीपूर्वक के घोषणा गरे भने सहकारी संस्थाहरू सफलतापूर्वक संचालन हुन थालेपछि उनीहरूले क्रमशः हात फिक्दै जानेछन् । विभिन्न देशहरूमा केही हदसम्म यसो गरिँदै छ, तर अझै कर्मचारीतन्त्रले आफ्नो शक्ति र प्रभाव स्थितिबाट स्वेच्छाले आफुलाइ अलग राख्न कठिन देखेका छन् ।

-१८०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै पक्ष विपक्षबारे विचार गर्दा के भन्न सकिन्छ भने सहकारी व्यवस्थाहरूलाइ चित्त बुझ्दो नलागे तापनि आउँदो केही समयमम्म सरकारहरूले सहकारिताको प्रवर्द्धन, वित्तीय सहयोग र केही हदसम्म सहकारी संस्थाहरूको क्रियाकलापहरूको सुपरीवेक्षण गर्ने पर्छ । धेरै कुरा सहकारी संस्थाहरूको रेखदेख गर्ने सरकारी कर्मचारी विशेषमा भर पर्ने छ र केहीमा उदासिनता अथवा हेलचक्रयाइँ रहने नै छ तथापि समष्टीमा नोक्सानीभन्दा फाइदा नै वढी हुनेछ ।

नेपालमा साझा आन्दोलन

पृष्ठभूमि

अब नेपालमा साझा आन्दोलनको पृष्ठभूमि हेरौं । नेपालको संविधानले हाम्रो आर्थिक पद्धतिको सम्बन्धमा के भनेको छ ? नेपालको संविधानको भाग ३ धारा ११ उपधारा २ को (ङ) ले हरेक नागरिकलाइ सम्पत्ति आर्जन गर्ने, उपभोग गर्ने, बेचबिखन गरी वा अरू किसिमले उठाउन पाउने स्वतन्त्रता प्रदान गरेको छ ।

पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरूले "देशको आर्थिक उन्नतिमा जनसाधारणलाइ भरसक बढी मात्रामा सम्मिलित गराई साझा र निजी उद्यमलाइ समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा आर्थिक दबाब हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ" भनी प्रस्ट किटान गरेको छ । यस सिद्धान्तको अधीनमा रही श्री ५ को सरकारले आफ्नो औद्योगिक नीति निर्धारण गरेको छ । यसअनुसार परीक्षण योजना (जसमा लगानी गर्न निजी पूँजी उत्सुक हुँदैन) र ठुला उद्योग (जसको लागि निजी पूँजी फेला पर्दैन) बाहेकका उद्योगहरू अझ विशेष गरी साना र मझ्यौला उद्योगहरूमा लगानी गर्न निजी पूँजीलाइ प्रोत्साहित गरिएको छ । घरेलु र साना उद्योगहरू नेपाली पूँजीको लागि सुरक्षित राखिएको छ र मझ्यौला र ठुला उद्योगहरूको हकमा विदेशी निजी पूँजीलाइ समेत निम्त्याइएको छ । यसरी नेपालको आर्थिक व्यवस्थाको सम्बन्धमा संविधान र श्री ५ को सरकारको औद्योगिक नीति प्रस्ट छ । सरकारी उद्यम, साझा र निजी उद्यम सबैले यसमा स्थान पाएका छन् । अर्थात् नेपालले मिश्रित अर्थतन्त्रलाइ आफ्नो आर्थिक व्यवस्थाको रूपमा अपनाएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशको संविधान र श्री ५ को सरकारको औद्योगिक नीति यथार्थमा आधारित छ र त्यस यथार्थताले हामीलाइ आफ्नो आर्थिक व्यवस्थाको रूपमा मिश्रित अर्थतन्त्रलाइ अपनाउन बाध्य गराउँछ । जनतालाइ आवश्यक पर्ने आधारभूत उपभोग्य वस्तुहरू जुटाउन समेत ठूलो समस्याको सामना गर्नु परिरहेको तथ्यलाइ यथार्थवादी भएर दृष्टिगत गर्‍यौं भने हामीलाइ तुरुन्तै के स्पष्ट हुन्छ भने अन्न र अरू खाद्य पदार्थलाइ छाडेर हाम्रा सबै उपभोग्य वस्तुहरू देशभित्रै जुटाउन सरकारी पूँजी, विदेशी पूँजी र निजी नेपाली पूँजी संयुक्त रूपमा लागे पनि दसौं वर्ष लाग्नेछ । सूती र ऊनी कपडा, छाला तथा जुत्ता र दैनिक आवश्यकताका अन्य हजारौं वस्तुहरू जस्ता आधारभूत उपभोग्य सामग्रीहरू उत्पादन गर्न सक्ने हुन हरेक वर्ष ठूलो धनराशि लगानी गर्नु पर्ने र हाम्रा आवश्यकताहरू पूरा हुन दसौं वर्ष लाग्न सक्ने छ । तसर्थ के कुरा राम्रै संग प्रस्ट हुन्छ भने साझाको सिद्धान्त अनुसार नेपालका गरिब किसान र अन्य जनताबाट सीमित स्रोतहरू एकत्रित गरी संकलन गरिएको सीमित पूँजीबाट धेरै लामो समयसम्म आन्तरिक आवश्यकताका उपभोग्य वस्तुहरू उत्पादन गर्ने हल्का उद्योगहरू समेत स्थापना गर्न सम्भव हुने छैन । त्यसैले साझाले निजी उद्यमको विकासलाइ निरुद्ध पार्ने छ अथवा साझा र निजी उद्यम बिच अनावश्यक प्रतिस्पर्धा हुने छ भन्ने आशंका आधारहीन छ । मिश्रित अर्थतन्त्र भएको विश्वको कुनै पनि देशमा साझा र निजी उद्यम बिच कुनै किसिमको अवान्छनीय प्रतिस्पर्धा रहेको देखिन्न । साझाले आफ्ना सिद्धान्तहरू अनुरूप काम गर्न सक्ने र समुदायको भलाइको लागि प्रशस्त योगदान पुर्‍याउन सक्ने उसका आफ्नै क्षेत्रहरू छन् । निजी उद्यमले सम्पूर्ण देशको फाइदाको लागि कुशलतापूर्वक काम गर्न सक्ने अन्य क्षेत्रहरूमा साझाले प्रवेश गर्न चाहे पनि सो गर्न सक्तैन ।

नेपालको सम्पूर्ण अर्थतन्त्रलाइ साझामा आधारित गर्न सकिन्छ भन्नु हाम्रो संविधानको यथार्थवादी घोषणाप्रति आंखा चिम्लनु र हासिल हुन नसक्ने कुराको चाहना गर्नु जस्तो मात्र हो । यदि कसैले साझालाइ समाजवाद भन्ने ठानेका हुन् भने यस लेखमा अन्यत्र उल्लेख गरिए जस्तै के भन्न सकिन्छ भने साझा समाजवाद होइन ।

सामाजिक र आर्थिक पृष्ठभूमि

हाम्रो संविधान र देशमा विद्यमान स्थितिको विषयाश्रित वास्तविकता अनुरूप हामीले मिश्रित अर्थतन्त्रलाइ अंगालेको तथ्य उल्लेख गरिसकेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब हामी सामाजिक र आर्थिक दृष्टिबाट २५ वर्षअघिको नेपाल र एसिया एवं अफ्रिकाका अन्य देशहरूको तुलना गरौं। भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, मलेसिया, केन्या, जाम्बिया र अन्य देशहरू सबै उपनिवेश थिए। ती मध्ये केही आकारमा ठुला थिए। भारत धेरै जनसंख्या भएको सबभन्दा ठुलो देश थियो। तर केही देशहरू नेपालभन्दा साना र कम जनसंख्या भएका थिए। तर ती उपनिवेशहरू स्वतन्त्र हुने ताक आर्थिक रूपले २५ वर्षअघिको नेपालभन्दा निकै अगाडि थिए। आर्थिक दृष्टिकोणबाट विचार गर्दा औपनिवेशिक शासकहरूले आफ्नू स्वार्थको लागि भए पनि केही आर्थिक पूर्वाधारको निर्माण गरेका थिए। आ-आफ्नो विकासको चरण अनुसार ती देशहरूमा केही यन्त्रकृत उद्योगहरू थिए, केही बाणिज्य बैंकहरू थिए यद्यपि धेरैजसो बैंकहरू विदेशी बैंकहरूको शाखाको रूपमा नै थिए, रेलमार्ग, सडक र पुलहरू थिए, अन्तर्राष्ट्रिय व्यापार थियो र एउटा केन्द्रीय बैंक पनि थियो ; तर नेपालमा एउटा सार्वभौमसत्ता सम्पन्न राष्ट्र भएर पनि आर्थिक विकासलाइ आवश्यक पर्ने कुनै किसिमको आर्थिक पूर्वाधार थिएन। नेपालमा केन्द्रीय बैंक थिएन, एउटा मात्र बाणिज्य बैंक थियो। बिराटनगर जुट मिल बाहेक कुनै यन्त्रकृत उद्योग थिएन। उल्लेख गर्न लायक रेलमार्गहरू थिएनन्। राजधानी काठमाडौंलाइ नेपालको एक मात्र प्रवेशद्वारको रूपमा रहेको वीरगंजसंग जोड्न समेत बाह्रौं महिना प्रयोग गर्न सकिने अलकत्रे सडक थिएन। अन्तर्राष्ट्रिय व्यापार अलिकति थियो। काठमाडौं बाहेक अरू सहर थिएन। सहकारिताको विकासको लागि अनुकूल सामाजिक एवं राजनीतिक वातावरणको पनि अभाव थियो। हाम्रो समाज सामन्ती थियो र यसका स्वाभाविक अवरोधहरू पनि समाजमा विद्यमान नै थिए। तराईमा केही थोरै व्यक्तिहरूको हातमा ठुलो ठुलो कमोत थियो। पहाडी क्षेत्रमा ठुलो कमोत साह्रै थोरै थियो तापनि जग्गा यति ज्यादा खण्डित थियो अति धेरै प्रतिशत किसानहरूसंग जीवन निर्वाहको लागि चाहिनेभन्दा कम जग्गा थियो। साक्षरता करिब ५ प्रतिशत मात्र थियो। बहुसंख्यक जनता अति गरिब, निरक्षर र अज्ञान थिए र उनीहरूमा गोत्रीय भावना थियो। विदेशी विश्वविद्यालयसंग सम्बद्ध एउटा कलेज मात्र थियो तर विश्वविद्यालय भने थिएन। सम्पूर्ण देशमा ज्यादै थोरै हाई स्कुल थिए। प्राथमिक स्कुल पनि थोरै थिए। गैह्र सैनिक व्यक्तिहरूको लागि एउटा अपस्ताल बाहेक सम्पूर्ण अधिराज्यभर स्वास्थ्य सुविधा थिएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमान परिस्थिति

यस्तो अवनत परिस्थितिमा नेपालले आर्थिक विकासको लागि आधारशिला खडा गर्न भगीरथ प्रयास गर्नु परेको थियो । प्रजातन्त्रको उदय भएपछि, आर्थिक पूर्वाधार खडा गर्नु श्री ५ को सरकारको सामु पहिलो कार्य थियो । निष्पक्ष रूपले भन्ने हो भने विगत २५ वर्षमा खासगरी विगत १७ वर्षको अवधिमा धेरै कुरा हासिल गर्न सकिएको छ । हामीकहां राष्ट्र बैंक छ। दुईवटा वाणिज्य बैंक छन् जसका देशभर शाखा–प्रशाखाहरू छन् । सुदूर पूर्व र पश्चिममा भैरहवालाइ काठमाडौंसंग जोडने बाह्रै महिना प्रयोग गर्न सकिने अलकत्रे सडक बनिसकेका छन् । अरु अलकत्रे सडकहरू निर्माणाधीन छन्। केही संख्यामा यन्त्रकृत उद्योगहरू स्थापना भइसकेका छन् । दैनिक आवश्यकता-का उपभोग्य वस्तुहरूको लागि हामीले बाह्यजगत्मा निर्भर रहनुपरेको छ तापनि शून्यबाट सुरूवात गर्नुपरेको हाम्रो विकासक्रमलाइ विचार गर्दा धेरै कुरा हासिल गर्न सकिएको छ भनेर स्वीकार गर्नैपर्छ । कमसेकम विकासका पूर्वाधारहरू खड़ा हुँदै छन् र आर्थिक निकायहरूले मूर्त्त रूप लिंदै छन् । अनुभवले के वताएको छ भने जहाँ उचित सामाजिक, आर्थिक र राजनीतिक वातावरण बिद्यमान छ त्यहां साझाले विकास गर्न सक्तछ । हाम्रो आर्थिक पूर्वाधारहरूको निर्माण भइरहेको छ र सामाजिक वनावटमा परिवर्तन ल्याउन उपयुक्त आधारशिलाहरू खडा गरिंदै छन् । यसबाट साझाको विकासको लागि उपयुक्त वातावरणको सृजना गर्न मद्दत पुग्न जानेछ । स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र सरकारबाट लागू गरिबक्सेको भूमि सुधार, बिर्ता र राज्य–रजौटा उन्मूलन, भू-स्वामित्वमा हदबन्दीको निर्धारण जस्ता कार्यहरू जनताको भलाइको लागि राजमुकुटको सदाशयको केही अनुपम उदाहरण हुन् । के कुरा स्पष्ट रूपमा उल्लेख गर्नु आवश्यक छ भने ठुलो संख्यामा साना र अति साना कृषकहरूलाइ लाभ पुऱ्याउने गरी ग्रामीण क्षेत्रमा संचालन हुनको लागि साझाको निमित्त भूमि सुधार अनिवार्य शर्त हो । भेदभावपूर्ण पुरानो कानुनको खारेजी स्वर्गीय श्री ५ महाराजाधिराज सरकारबाट जनतालाइ बक्सेको अर्को उपहार हो। यसबाट सबै वर्गका जनतासम्म पुग्न साझाको लागि उपयुक्त वातावरण सृजना गर्न मद्दत पुगेको छ । साझा आन्दोलनलाइ प्रेरणा दिने दिशामा भूमि सुधार-पछिको अर्को महत्वपूर्ण कदम के थियो भने स्वर्गीय श्री ५ महाराजाधिराज सरकारबाट सम्वत् २०२४ सालमा गाउँ फर्क अभियानलाइ बक्सेको सन्देशमा साझा पञ्चायती प्रजातन्त्रको अभिन्न अंग हो भनी हुकुम हुनु । यहां के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरामा जोड दिनु आवश्यक छ भने साझालाइ नेपालको प्रथं व्यवस्थाको रूपमा घोषणा गरिएको छैन वरु एक अंग मात्र हो भनिएको छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारबाट साझालाइ देशको सम्विधानमा समेत स्थान बक्स्यो । यसको कारण प्रस्ट छ । नेपाल गाउँ नै गाउँले भरिएको देश भएको र ९६ प्रतिशत जनसंख्या प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपले कृषिमा निर्भर रहेकोले ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताहरूबाट आफ्नो फाइदाको लागि गरिने आर्थिक प्रयासको लागि साझा एक मात्र माध्यमको रूपमा छ । त्यसैले साझा निश्चय नै पञ्चायती प्रजातन्त्रको एक अंग हो ।

विगत १७ वर्षभित्र स्वास्थ्य र शिक्षाको क्षेत्रमा पनि उल्लेखनीय प्रगति भएको छ । आज नेपालमा पाँच सयभन्दा वढी अस्पताल र स्वास्थ्य केन्द्रहरू छन् जुन देशभर फैलिएका छन् । आज हाम्रो आफ्नै विश्वविद्यालय छ र पहाड तथा तराईको मुख्य स्थानहरूमा कृषि र वन लगायत विभिन्न विषयका क्याम्पस-हरू खुलेका छन् । प्रायः प्रत्येक जिल्लामा माध्यमिक पाठशाला र प्रत्येक गाउँ पञ्चायतमा प्राथमिक पाठशालाहरू छन् । यो सानो प्रगति होइन । साक्षरता १९ प्रतिशत पुगेको छ र अरू बढ्दै छ । श्री ५ को सरकार र नेपाल खाद्य संस्थान, कृषि विकास वैंक, कृषि औजार कारखाना, घरेलु उद्योग विभाग जस्ता यसका निकायहरूले ग्रामीण क्षेत्रमा आफ्नो सेवा उपलब्ध गराइरहेका छन् ।

यी कुराहरूले आशाप्रद भविष्यको चित्र प्रस्तुत गर्दछन् ।

संक्षेपमा, साझाको विकासको दृष्टिले वर्तमान पृष्ठभूमि यस प्रकार छः—

(क) नेपालको सम्विधानले प्रस्ट रूपमा मिश्रित अर्थतन्त्रलाइ स्वीकार गरेको छ र साझालाइ अभिन्न अंग ठहऱ्याएको छ । गाउँ फर्क राष्ट्रिय अभियानलाइ दिइएको निर्देशनहरूले ग्रामीण क्षेत्रमा साझाको भूमिकामा प्रस्ट जोड दिएका छन् ।

(ख) भूमि सुधारले ग्रामीण क्षेत्रमा साझाको विकासको लागि आवश्यक पर्ने एक अत्यन्त महत्वपूर्ण सर्त परिपूर्ति गरेको छ ।

(ग) श्री ५ को सरकार र यसका निकायहरूले मल, कृषि औजार, ऋण आदि जस्ता सेवाहरू ग्रामीण तहमा पुऱ्याउन सक्दो प्रयास गरिरहेका छन् ।

(घ) आर्थिक विकासका पूर्वाधार र आर्थिक निकायहरूले मूर्त रूप लिंदै छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) प्राथमिक, माध्यमिक र उच्च शिक्षाको प्रसार भइरहेको छ।

(च) स्वास्थ्य सुविधाहरू देशभर उपलब्ध गराइँदैछन् ।

(छ) विगतका असफलताहरूको बावजुद पनि साझा के हो भन्ने कुरा बिस्तारै बुझन थालिएको छ ।

नेपालका साझा संस्थाहरू

नेपालमा साझा संस्थाहरू स्थापना गर्नेतर्फ के कस्तो प्रयास गरियो? ९६ प्रतिशत जनताले वसोवास गरेको र पूर्णतः कृषिमा निर्भर रहेको नेपालको ग्रामीण क्षेत्रको अर्थतन्त्रमा सुधार ल्याउन साझालाइ एक मात्र माध्यमको रूपमा अपनाउन पर्ने वान्छनीयतालाइ मात्र होइन यसको अपरिहार्यतालाइ समेत स्वीकार गरियो । श्री ५ को सरकारले सम्वत् २०१० सालमा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभाग खडा गर्‍यो । तर सहकारी संस्थाहरूलाइ व्यवस्थित गर्ने कानुन भने २०१६ सालमा मात्र पारित भयो । सहकारी कानुन पारित हुनुअघि पनि २०१३ सालमा राप्तीदूनमा पहिलो कृषि ऋण सहकारी संस्था गठन गरिएको थियो । यो कार्य श्री ५ को सरकारको कार्यकारी आदेश अन्तर्गत भएको थियो । २०२० सालमा पहिलो सहकारी बैंकको स्थापना भयो। सयौं संख्यामा सहकारी संस्थाहरू खोलिए तर श्री ५ को सरकाबाट प्रवर्द्धन गरिएका ती सहकारी संस्थाहरूले प्रगति गर्न सकेनन् र २०२६ सालमा निष्क्रिय सहकारी संस्थाहरूलाइ लिक्विडेसन गर्ने र बाँकी अरूलाइ सुदृढ गर्ने निर्णय गरियो ।

नेपालको सहकारिताको इतिहासमा २०१८ सालमा साझा लि० को स्थापना अर्को महत्वपूर्ण घटना थियो । स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र सरकारबाट कृपापूर्वक साझा लि. को प्रमुख संरक्षकत्व स्वीकार गरिबक्स्यो र श्री ५ महाराजाधिराज सरकारबाट कृपापूर्वक त्यसलाइ जारी राखिबक्सेको छ। सायद कर्मचारीतन्त्रले मात्र सहकारी संस्थाहरू संचालन गर्न सक्ने छैन र जनताको सहभागिता पैदा गर्न गैर सरकारी निकायको आवश्यकता पर्ने छ भन्ने पहिले पहिलेका वर्षहरूको अनुभवले नै साझा लि. को स्थापनालाइ प्रेरित गरेको हुनुपर्छ । साझा लि. एक प्रकारको होल्डिङ कम्पनी (Holding Company) हो र यो सच्चा सहकारी संस्था होइन भनी आलोचना गरेको पनि पाइन्छ र केही हदसम्म यो तर्कसंगत पनि छ । आज पनि कैयन् विकासोन्मुख देशका सहकारी संस्थाहरूको रूप होल्डिङ कम्पनी जस्तै देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकासोन्मुख मुलुकहरूमा सरकारले सहकारी संस्थाहरूको लागि वित्तीय प्रबन्ध गरेको छ र तिनीहरूउपर नियन्त्रण राखेको छ। केही देशहरूमा सरकारी लगानी र नियन्त्रण निकै बढी छ र केही देशहरूमा कम छ। फरक त्यत्ति मात्र छ।

साझा लि. एउटा प्रारम्भिक संस्थाको रूपमा दर्ता भए तापनि यसले सहकारी संस्थाहरूको संघको रूपमा कार्य गरोस् भन्ने उद्देश्य राखिएको थियो र वास्तवमा यसले त्यही गर्‍यो। साझा लि. आफै कुनै किसिमको व्यापारिक गतिविधिमा प्रत्यक्ष रूपले संलग्न भएन तर यसले साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य सेवा र साझा भण्डार जस्ता चारवटा व्यावसायिक संगठनहरूको प्रवर्द्धन गर्‍यो र सेयर उठाउन मद्दत पुर्‍यायो। यी चार संस्थाहरूमध्ये साझा यातायातको व्यवस्थापन अभिभारा विभिन्न कारणहरूले गर्दा २०२६ सालमा श्री ५ को सरकारलाइ सुम्पियो। बाँकी तीन संस्थाहरूको कार्य संचालन यथावत् रूपमा नै भइरहेको छ र यी हरेक संस्थाको संचालक समितिमा सेयर होल्डरहरूको प्रतिनिधिहरू समावेश गरिएका छन्। यी संस्थाहरूमध्ये साझा प्रकाशनको संचालन सबैभन्दा राम्रो छ र यो लेखक सहकारी संस्था बन्ने मार्गमा अग्रसर छ किनभने यसका कूल शेयर होल्डरहरूमध्ये ३८ प्रतिशतभन्दा बढी लेखकहरू छन्। प्रकाशकको रूपमा यस संस्थाले बहुमूल्य सेवा प्रदान गर्दै आएको छ। यस संस्थाले आउँदो केही समयसम्म श्री ५ को सरकारबाट प्रोत्साहन पाएको खण्डमा यो पहिलो पूर्ण सहकारी संस्था बन्न सक्ने छ। साझा प्रकाशन, साझा स्वास्थ्य सेवा तथा साझा भण्डारले केही वर्षदेखि नजानिंदो किसिमले देश र समाजको लागि बहुमूल्य सेवा प्रदान गर्दै आएका छन्। साझा प्रकाशनले रोचक पुस्तकहरूको प्रकाशन गर्नुको साथै हरेक जिल्लाको सदर–मुकाममा पुस्तकहरूको बिक्रीको व्यवस्था गरेर तथा देशका हरेक स्कुलहरूमा पाठ्य पुस्तकहरू उपलब्ध गराएर देशमा शिक्षाको प्रचार प्रसार गर्ने श्री ५ को सरकारको प्रयासमा सघाउ पुर्‍याएको छ। स्वास्थ्य सेवाले अधिराज्यको पहाड र बेसीका प्रत्येक स्वास्थ्य केन्द्रहरूमा मानिसलाइ बोकाएर भए पनि औषधी उपलब्ध गराउनुको साथै आफ्नो खुद्रा बिक्री पसलहरू भएको काठमाडौं र अन्य सहरहरूमा औषधीको मूल्य नियन्त्रणमा पनि मद्दत पुर्‍याएको छ। साझा भण्डार, जुन एउटा उपभोक्ता सहकारी संस्था हो,ले आफु कार्यरत रहेको सहरहरूमा आफुले व्यापार गरेको उपभोग्य सामग्रीहरूको मूल्य नियन्त्रणमा सघाउ पुर्‍याएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रामीण क्षेत्रको आवश्यकतालाइ दृष्टिगत गरी श्री ५ को सरकारले देशको यथासम्भव बढी जिल्ला र पंचायतहरूमा व्यापक रूपमा साझा अभियान सुरू गरेको छ ।

केही मन्तव्य

नेपालमा साझाको विकासको निम्ति आवश्यक पर्ने पृष्ठभूमि १७ वर्ष अघिकोभन्दा आज बढी आशाप्रद छ, तर पनि धेरै आशावादी बन्न सक्ने अवस्था छ भनेर भन्न भने सकिन्न । आर्थिक पूर्वाधारहरूको निर्माणक्रममा हामीले अझै लामो बाटो पार गर्नु छ । साक्षर जनसंख्याको प्रतिशत ५ बाट ११ पुगेको छ तर यो उपलब्धि सहर तथा जिल्लाको सदर मुकाममा मात्र सीमित छ । देशको ठुलो क्षेत्रमा विशेष गरी पहाडी इलाकामा साक्षरता वृद्धि दर एकदमै मन्द छ । औपचारिक शिक्षा र सहकारी शिक्षा दुई अलग अलग विषय हुन् । यहां हाम्रो लागि बढी सरोकारको विषय साझा शिक्षा हो र यस सन्दर्भमा हामी वास्तवमा धेरै पछि छौं । विकासोन्मुख देशहरूले जस्तै श्री ५ को सरकारले हाल सामना गर्नु परेको द्विविधालाइ अरिस्टोटलको तर्क प्रणालीको आधारमा यसरी उल्लेख गर्न सकिन्छ:—

यदि साधन र स्रोत एकत्रित गरी सहकारी संस्था खोल्ने अभिभारा स्वयं जनतामा नै छाडिने हो भने यसरी एकत्रित गर्न सकिने साधन र स्रोतको कूल परिमाण कति थोरै हुने छ भने त्यसबाट कुनै व्यवसाय सुरू गर्न सकिने छैन । यदि सरकारले सहकारी संस्थाहरूको लागि वित्तीय प्रबन्ध गर्ने हो भने तीउपर सरकारी नियन्त्रण रहन जान्छ जुन कुरा साझाको मौलिक सिद्धान्त विपरीत हुनेछ । तसर्थ सहकारी संस्थाहरूको स्थापना र संचालन गर्ने अभिभारा या त जनतामा नै छाड्नुपर्ने हुन्छ जसको अर्थ हो सहकारी संस्थाको स्थापना र संचलान नै हुन सक्ने छैन या सरकारले नै सहकारी संस्थाहरूको प्रवर्द्धन गर्ने, नियत्रण गर्ने तथा तिनको लागि वित्तीय प्रवन्ध मिलाउने कार्य गर्नु पर्ने हुन्छ, जसको अर्थ हो सही मानेमा सहकारिता भन्ने कुरो नै रहने छैन ।

यदि विगत अनुभवहरूको आधारमा भन्ने हो भने सरकारी नियन्त्रणमा रहेका सहकारी संस्थाहरूले या त असफलता भोग्नुपर्ने छ र ठुलो नोक्सानी सहनुपर्ने छ, या ती सरकारी निकाय मात्र बन्न पुग्ने छन् । तर विकासोन्मुख देशको सरकार ग्रामीण क्षेत्रका जनताको अवस्थाप्रति उदासीन रहन सक्ने छैन र ठुलो धनराशिको अपव्ययलाइ बेहोर्नु परे पनि साझालाइ वित्तीय सहयोग र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रोत्साहन प्रदान गर्ने पर्ने छ । विकासोन्मुख देशहरू तथा नेपाल यही निष्कर्षमा पुगेका थिए ।

१:– शिक्षाको लागि गरिएको आवश्यक लगानी सम्झी सहकारी संस्थाहरूको प्रवर्द्धन र वित्तीय प्रवन्धमा सरकार ठुलो धनराशि अपव्यय गर्न र मिनाहा गर्न तयार भए पनि विगत अनुभवबाट केही शिक्षा भने लिनै पर्छ । नेपालले अन्य विकासोन्मुख देशहरूको मात्र होइन स्वयं आफ्नै विगत वर्षहरूको अनुभवबाट केही सिक्न सक्दछ ।

२:– सबै विकासोन्मुख देशहरूको अनुभवले के बताएको छ भने जहाँ स्थानीय नेतृत्व सिर्जना भएको हुन्छ त्यहाँ सहकारी संस्थाहरू सफल हुन्छन् । तसर्थ वर्तमान परिस्थितिमा श्री ५ को सरकारले साझा संस्थाहरूको प्रवर्द्धन, वित्तीय प्रबन्ध र मार्ग दर्शन समेत गर्नु पर्छ तापनि स्थानीय नेतृत्वको खोज र पोषण गर्नेतर्फ पनि अहिलेदेखि नै विचार पुऱ्याउनै पर्छ । श्री ५ को सरकारको उद्देश्य स्थानीय व्यक्तिहरूलाइ साझा संस्था संचालन गर्न सक्ने बनाउन मद्दत पुऱ्याउने हुनुपर्छ, तिनलाइ नियन्त्रण गर्ने होइन । लेखापरीक्षण श्री ५ को सरकार सहकारी विभागबाट गरिनुपर्छ र संस्थाको हिसाब किताब वा नगद अथवा अन्य सम्पत्ति हिनामिना भएको पाइएमा कडाइका साथ दोषीलाइ सजायँ गरिनुपर्छ । तर पदाधिकारीहरूको चुनाव र व्यवस्थापन कार्यमा सदस्यहरूको सहभागिता भने वढाउँदै लैजानुपर्छ । साझा संस्थाहरूको संचालनको जिम्मा सदस्यहरूलाइ सुम्पिदै जानु नै साझाबारे जनतालाइ प्रशिक्षित गर्ने सबभन्दा प्रभावकारी उपाय हो ।

३:– ग्रामीण विकासको निमित्त साझा नै एक मात्र माध्यम हो भन्ने कुराको सबै तहका सम्बन्धित सरकारी कर्मचारी विशेष गरी जिल्ला तथा पंचायत तहका कर्मचारीहरूमा रहने विश्वास, तिनको आचरण, व्यवहार र नेतृत्वमा धेरै कुरा भर पर्छ ।

श्री ५ को सरकारले समाधान गर्नु पर्ने समस्या पनि वास्तवमा यही हो किनभने आज कर्मचारीहरूमा व्यापक रूपले विद्यमान रहेको नोकरशाही मनोवृत्ति अझ भनुँ पदमत्ताले गर्दा गरिब, निरक्षर र अज्ञान देसवासीहरूसंग आत्मसात् गर्न उनीहरूलाइ कठिन हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४:– जस्तो अघि नै उल्लेख गरिसकिएको छ सबै विकासोन्मुख देशहरूमा साझाको निमित्त राजनीति श्राप जस्तै सावित भएको छ। सहकारी संस्था एउटा व्यावसायिक संगठन हो र यसलाइ व्यवसायिक तौर तरिकाबाट संचालन गरिनुपर्छ। अन्य कुनै पनि कुराको यसको व्यवस्थापन तथा संचालकहरूको चुनावमा प्रभाव पार्नु हुँदैन। प्रधानपंच वा पञ्च असल व्यक्ति हुन सक्छ, तर उसमा व्यवसाय संचालन गर्ने क्षमता नहुन पनि सक्तछ। अर्कोतिर, एउटा साधारण मानिस व्यवसाय वा हिसाव किताबमा राम्रो हुन सक्दछ र चरित्र पनि असल हुन सक्दछ। यस्तो अवस्थामा सहकारी संस्थाको पदाधिकारी हुन पञ्च अयोग्य हुन सक्ने कुरा प्रस्ट छ। तर एउटा साधारण व्यक्ति सहकारी संस्थाको पदाधिकारी हुन योग्य हुन सक्दछ।

५:– साझाको विकासको लागि ठुलो हानि अविज्ञ उत्साहीहरू र भलो चिताउने तर अधैर्य प्रवर्द्धकहरूबाट पुगेको हुन्छ भनिन्छ। त्यस्ता उत्साहीहरू असल व्यक्ति हुन्छन् जो साझाको विकासका सैद्धान्तिक संभावना र संभाव्यताबाट प्रभावित भएर आफुले कल्पना गर्न सक्नेसम्म व्यापक क्षेत्रमा र यथासंभव शीघ्र साझालाइ विस्तार गर्नु आतुर रहन्छन्। साझाका आफ्नै सीमाहरू छन् तथा उपयुक्त स्थानीय नेतृत्व जसको अभावमा साझा राम्रोसग चल्न सक्तैन, तुरुन्त निर्माण हुन सक्तैन भन्ने कुरा उनीहरू बिर्सिन्छन्। श्रीलंकामा सन् १९४२ मा दोस्रो विश्वयुद्ध ताक खाद्यान्न र अन्य अत्यावश्यक खाद्य वस्तुहरूको अभाव भयो र ती वस्तुहरूको बिक्री वितरणमा नियन्त्रण गर्नु आवश्यक हुन गयो। श्रीलंकाको सरकारले खाद्यान्नको बिक्री वितरणको लागि उचित निकायको आवश्यकता महसूस गर्‍यो। त्यस बेलासम्म केही उपभोक्ता सहकारी संस्थाहरू सफलतापूर्वक संचालन भइरहेका थिए। तसर्थ सरकारले त्यस किसिमका उपभोक्ता सहकारी संस्थाहरू स्थापना गर्ने र अत्यावश्यक वस्तुहरूको वितरणको अभिभारा तिनलाइ सुम्पिने निर्णय गर्‍यो। यस किसिमका चार हजार सहकारी संस्थाहरू देशभर स्थापना गरिए तर सुपरीवेक्षणको निमित्त उपयुक्त निकायको स्थापना भने गरिएन। धेरै सहकारी संस्थाहरूमा उपयुक्त स्थानीय नेतृत्व उपलब्ध भएन र ठुलो धनराशि गुमायो। हिनामिना, भ्रष्टाचार र जनताको मनोबलमा ह्रास हुनु यसका परिणाम थिए।

६:– उत्तम अवस्थामा पनि केही हिनामिना, केही भ्रष्टाचार हुन्छन् नै तर साझा अभियान लागू गर्नु अघि उपयुक्त योजना र उचित बचावटको

कप-लेखा २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्था गरिएको खण्डमा धेरै दुर्गुणहरू हटाउन सकिन्छ। सूक्ष्म कुराहरूको समेत लेखाजोखा गरिएको विस्तृत योजना आवश्यक छ। उदाहरणको लागि यदि गोदाम सुविधा र वेचबिखनको सुविधालाइ विचार नगरी किसानहरूबाट अनिवार्य बचतको रूपमा अन्नपात संकलन गरियो भने यसको जिम्मा लिने व्यक्तिको लागि ऊ प्रधानपंच नै किन नहोस् लालचको कारण बन्न सक्दछ। यदि अन्नपात अनुपयुक्त छाप्रोमा राखियो र समयमै बिक्री वितरण गर्न सकिएन भने नोक्सान हुने छ।

दुरी, संचार, सडक र पुलको कठिनाइ तथा बजारको पहुंच आदि सबै कुराहरूलाइ दृष्टिगत गर्नुपर्छ र उपयुक्त व्यक्तिहरूले साझा संस्थाहरूको नेतृत्व गरून् भन्ने कुरामा हमेसा विचार पुऱ्याउनुपर्छ। सबै प्रकारको योजनाको लागि उचित सर्वेक्षण हुनुपर्छ। पूर्ण तयारी बिना सहकारी संस्थाहरू खोल्नुभन्दा सर्वेक्षण, योजना र नेतृत्व लिन सक्ने उपयुक्त व्यक्तिहरूको खोजीमा वढी समय लगाउनु राम्रो हुनेछ। एउटा सम्मेलनमा एक सहकारीले ठिकै भने—यदि हामी ज्यादै आतुर भयौं भने हडबडमा सहकारी संस्थाहरू खोल्न थाल्नेछौं र सुविस्ताका साथ ती संस्थाहरूलाइ विघटन गर्दै जाने छौं।

७: सफलताले सफलतालाइ निम्त्याउँदछ। केही सफलतापूर्वक संचालित सहकारी संस्थाहरूले साझाको प्रभावकारितालाइ प्रदर्शित गर्न सक्दछ र यसवाट साझाप्रति जनता आकर्षित हुने विश्वास गर्न सकिन्छ। छोटो समयमा देशको हरेक पञ्चायतमा सहकारी संस्थाहरूलाइ सफलतापूर्वक संचालन गर्न सकिन्छ भन्ने सोच्नु फोस्रो सपना मात्र हुनेछ। जिल्लाको हरेक पञ्चायतमा पनि यो सम्भव हुँदैन। त्यसैले बरु भौतिक र अन्य अवस्था अनुकूल भएको क्षेत्रहरूको छनोट गर्नु वेस हुन्छ। त्यस्ता क्षेत्रहरू एउटा जिल्लाभरि नै पाउन सकिन्छ अथवा अरू जिल्लाहरूमा त्यस्ता क्षेत्र हुँदै नहुन सक्दछ। कुनै अन्य व्यापार व्यवसायको लागि जस्तै साझाको लागि सम्भाव्यताको राम्रो अध्ययन-को आवश्यकता पर्नेछ। साझा सफल हुन्छ भन्ने कुराको विश्वास लिने आधार भएपछि साझा लागू गर्नुपर्दछ र यसको लागि वित्तीय प्रवन्ध श्री ५ को सरकारबाट गरिनुपर्छ। यस्ता सहकारी संस्थाहरू केही जिल्लाका केही क्षेत्रमा वा सबै जिल्लाका केही क्षेत्रमा सफलतापूर्वक संचालन गर्न सकिएको खण्डमा ती साझा संस्थाहरूको सफलताले छिमेकी क्षेत्रका जनतामा अभिरुचि उत्पन्न गर्ने छ र अनि उनीहरूलाइ आफ्नै सहकारी संस्थाहरू स्थापना गर्न सरकारले मद्दत पुऱ्याउनुपर्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८:– अन्तमा ग्रामीण विकासको निमित्त श्री ५ को सरकार र यसका निकायहरूले संचालन गरेको हालको कार्यलाइ तीव्र बनाइनुपर्दछ। सहकारी संस्थाहरू सफलतापूर्वक संचालन हुने सम्भाव्यता नरहेको ठाउँहरूमा साझा मार्फत सेवाहरू पुन्याउने प्रयास गर्नु भूल हुनेछ। सहकारी संस्थाहरू सक्षम भएका क्षेत्रहरूमा मात्र श्री ५ को सरकारका निकायहरूले प्रदान गरेका सुविधाहरू पुन्याउने काम साझाले गर्नुपर्छ। कालान्तरमा, वढीभन्दा वढी साझा संस्थाहरू खडा हुने छन् र त्यस वेला श्री ५ को सरकारका निकायहरूले आफ्नो सेवाहरू व्यक्तिगत तौरमा नगरी साझा संस्था मार्फत जनतामा पुन्याउनु उचित हुन्छ। यस किसिमले आफ्नो साझा संस्था आफै संचालन गर्न र आफ्नो आर्थिक हितको लागि आपसमा मिलेर काम गर्न जनताले शिक्षा पाउने छ।

बत्तिसपुतली, काठमाडौं।

नेपाली साहित्यको कालविभाजन गर्दा हामीले सामाजिक विधान औ विकास, जातीय आचरण औ सांस्कृतिक परम्परा, धार्मिक साधना औ तत्वचिन्तन, राजनैतिक व्यवस्था औ परिस्थिति, आर्थिक पृष्ठभूमि औ उन्नयन, भौगोलिक स्थिति औ समन्तता किंवा समानन्तरता इत्यादि कतिपय तत्वको परिशीलन उसैले गर्नुपर्छ। साहित्यको प्रादुर्भाव र विकास उपर्युक्त तत्व समुदायको परम्परासम्वद्ध प्रभाव हो। नेपाली साहित्यका प्राथमिक तथा माध्यमिक कालका कालविभाजन गर्दा हामीले केही ज्ञातव्य सामग्री अझै पाउन सकेका छैनौं। भाषाको प्रादुर्भाव भएदेखि अठाह्रौं शताब्दीसम्मका रचनाको खोजिनीति अझै राम्ररी गरिएको छैन। नाउँ सुनिएका केही लेखकका रचना अझै अनाविष्कृत नै छन् प्राप्तव्य सामग्रीको हाम्रो प्रेप्सा पूरा नभए तापनि हामी नेपाली मानसिकताको धारा उपर्युक्त तत्वका आधारमा सहजै पैलाउन सक्छौं। नभन्दै युगचेतनका अनुसार केही रचना भएका छन् र ई प्रकाशित पनि भएका छन्। उसैले तत्काललाइ हामीले अहिलेसम्म देखा परेका सामग्रीका कालविभाजनको परिकल्पना गरेका छौं।

ईश्वर वराल : नेपाली साहित्यको काल विभाजन : रूप-रेखा ५३, असोज २०२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साझा कार्यक्रम–एक परिचय

भूमिका

साझाबारे विवेचना गर्नु अघि स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र सरकारबाट २०२४ सालमा बक्सेको 'गाउँफर्क राष्ट्रिय अभियान'–को कार्यक्रम पुस्तिकामा साझाको सम्बन्धमा उल्लेख भएको कुरा यहाँ उद्धृत गरिन्छ ।

उक्त पुस्तिकामा भनिएको छ–वर्गसमन्वय र निर्दलीयता अंगालेको पंचायती प्रजातन्त्रको लागि उपयुक्त, आवश्यक र कल्याणप्रद अर्थव्यवस्था नै साझा हो । सबैको कल्याण, सबैको सुख, सबैको समृद्धि र सबैको समन्वयात्मक विकासको आधारभूत आदर्श भएको साझा अर्थव्यवस्था शोषण–रहित र संघर्ष-रहित समाजको सृजना गर्ने लक्ष्य भएको पंचायत व्यवस्थाको एक अभिन्न अंग हो ।

नेपालको संविधानको भाग ४ मा देशको आर्थिक उन्नतिमा जनसाधारणलाइ सकभर बढी मात्रामा सम्मिलित गराई साझा र निजी उद्यमलाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दवाव हुन नदिने व्यवस्था गर्नु पंचायत प्रणालीको आर्थिक लक्ष्य हुने छ भनी स्पष्ट किदान गरिएको छ ।

साझाको सिद्धान्त

आर्थिक दृष्टिले कमजोर समान आर्थिक स्वार्थ भएका व्यक्तिहरू, जस्तै साना किसान, साना उद्यमीहरू तथा कालिगढहरूले आआफ्नो हितको संरक्षण र प्रवर्द्धनको निमित्त एउटै आर्थिक संगठनभित्र रहेर आआफ्नो सीमित स्रोतहरू एकत्रित गरी संचालन गर्ने आर्थिक क्रियाकलापलाइ साझा भनिन्छ । साझा निजी उद्यम जस्तो पूँजी प्रधान आर्थिक संगठन नभई व्यक्ति प्रधान भएकोले यसमा पूँजी र नाफाभन्दा सहभागी सदस्यहरू र तिनको सामूहिक हितको वढी महत्व हुन्छ । त्यसैले निजी उद्यममा जस्तो वढी पूँजी लगानी गर्नेको वढी अधिकार र कम पूँजी लगाउनेको कम अधिकार साझामा रहन्न । साझाका सहभागी सदस्यहरूको यसमा समान अधिकार र कर्तव्य पनि समान रहन्छ । यिनै उदात्त गुणहरूले गर्दा नै कल्याणकारी समाजको निर्माण गर्ने क्रममा आज विश्वभरि नै साझा एक भरपर्दो आर्थिक प्रणालीको रूपमा मान्य भएको छ ।

विश्वमा साझाको उत्पतिको पृष्ठभूमि

साझा (सहकारी) अन्दोलनको जन्म सर्वप्रथम बेलायतमा भयो र त्यहाँबाट युरोपका अन्य भाग र क्रमशः विश्वभर फैलियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८ औं शताब्दीको पहिला वर्षहरूतिर भएको औद्योगिक तथा कृषि क्रान्तिको परिणाम स्वरूप औद्योगिक पूँजीवादको उत्पत्ति भयो । व्यापार तथा वाणिज्यको क्षेत्रमा कल्पना नगरिएको परिमाणमा विकास हुन थाल्यो । त्यस बेलाका राजनीतिक तथा आर्थिक विवेचकहरूले आर्थिक क्षेत्रमा राज्यले हस्तक्षेप नगर्ने सिद्धान्तको प्रतिपादन गरे । सोही–अनुरूप सरकारी नीति बन्यो । यस नीतिले वाणिज्य र औद्योगिक प्रतिष्ठानहरूलाइ अरू धनी र मजबुत हुन मद्दत पुर्‍यायो ।

कृषिमा अत्यधिक आश्रित त्यस बेलाको सामन्ती अर्थतन्त्रमा यसको व्यापक प्रभाव पर्‍यो । एकातिर इन्धन शक्तिबाट संचालित ठुला ठुला कलकारखानाहरूको स्थापनाबाट साना-तिना कारखाना र कार्यशालाहरू संचालन गर्दै आएका कालिगढ र उद्यमीहरू आफ्नो परंपरागत स्वतन्त्र व्यवसायबाट विस्थाप्ति भए भने अर्कोतिर कृषि क्षेत्रमा सुरु भएको यन्त्रिकरण तथा पूँजीवाल व्यक्तिहरूको जमिन विस्तार गर्ने अभियानको कारण कृषकहरूको उठिबास भयो । स्वतन्त्र रूपमा आ-आफ्नो व्यवसाय र खेतीपाति चलाउँदै आएका उद्यमी तथा कृषकहरू ज्यालादारी मजदुर तथा किसान बन्न पुगे । आफ्नो परंपरागत पेसाबाट विस्थापित भएका व्यक्तिहरू ठुलो संख्यामा काम र मामको खोजमा सहरतिर ताँती लागे । रोजगारी विकट हुँदै गयो । गरिब मजदुर तथा किसानहरू थोरै ज्यालामा रात दिन काम गर्न बाध्य भए । तर उता उनीहरूको दैनिक आवश्यकताका वस्तुको मोल भने अति महगो भयो र मिसाव्रटी ज्यादै बढ्यो ।

यही अवस्थामा बेलायतमा साझाको उदय भयो । शोषित किसान तथा मजदुरहरूले पूँजीपतिको शोषणको मारबाट त्राण पाउन आफुसंग भएको स-सानो पूँजी एकत्रित गरी आफ्नो हितको रक्षा र प्रवर्द्धनको लागि आपसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिलेर काम गर्ने माध्यमको रूपमा साझालाई अपनाए । यसरी युरोपमा पूँजीपतिको शोषणको विरुद्ध शोषितको संगठित प्रक्रियाको रूपमा साझा प्रणालीको प्रादुर्भाव भयो ।

नेपालमा साझा

नेपालको कूल जनसंख्याको करीब ९४ प्रतिशत जनता कृषिमा आश्रित छन् र ९६ प्रतिशत ग्रामीण क्षेत्रमा वास गर्दछन् । हाम्रो कृषक तथा ग्रामीण समाज गरिबी, रोग, भोक र अशिक्षाले ग्रस्त छ । साहुकारको शोषण, व्यापारीहरूको शोषणले आज पनि बहुसंख्यक कृषक तथा ग्रामीण जनता थिचिएकै छन् । पश्चिमी मुलुकहरूमा श्रमिक तथा किसानहरू जागरुक भएकाले शोषणको विरुद्ध आफ्नो हितको रक्षा र प्रवर्द्धनको लागि आफै अग्रसर भए र साझाको माध्यम अपनाए । तर नेपालको सन्दर्भमा त्यो सम्भव थिएन । त्यसैले विश्वका अन्य विकासोन्मुख मुलुकहरूमा जस्तै कृषक तथा ग्रामीण जनताको हित रक्षा र प्रवर्द्धनको लागि सरकारले नै अग्रसरता लियो र सहकारी संस्थाहरूको गठन प्रारम्भ गर्‍यो । श्री ५ को सरकारले देशमा सहकारिताको विकासको लागि २०१० सालमा एउटा छुट्टै कार्यालय सहकारी विभागको स्थापना गर्‍यो । देशका विभिन्न भागहरूमा स्थापना गरिएका सहकारी संस्थाका मार्फत ग्रामीण स्तरमा कृषि सामग्रीहरू, दैनिक उपभोगका अत्यावश्यक वस्तुहरू र ऋण उपलब्ध गराउन थालियो ।

यसै बिच २०१८ सालमा गैर कृषि क्षेत्र र सहरी क्षेत्रका जनतालाई समेत साझाको माध्यमबाट आर्थिक गतिविधिमा संलग्न गराउन र सुविधा पुऱ्याउन साझा लि० खडा भयो । त्यसताका उपत्यकाका सहरी क्षेत्रमा समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्थित र नियमित बस सेवाको ज्यादै अभाव थियो । त्यसैले सर्वप्रथम साझाले यातायातको क्षेत्रमा प्रवेश गर्‍यो र नगरवासीहरूलाइ नियमित बस सेवा उपलब्ध गराउन थाल्यो । त्यसपछि औषधि, पाठ्य सामग्री तथा दैनिक उपभोग्य वस्तुहरूको बिक्री वितरणमा साझाले प्रवेश गर्‍यो । देशभर पाठ्य पुस्तकहरू, बिक्री वितरण गर्ने, साहित्यकार तथा लेखकहरूलाइ उचित प्रोत्साहन दिई पुस्तक प्रकाशनद्वारा देशमा साहित्य, संस्कृति र कलाको विकासलाइ गतिशील बनाउने, देशभरका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा आवश्यक औषधीहरूको आपूर्ति गर्ने र औषधीको बजार भाउलाइ नियन्त्रण गरी सुपथ मूल्यमा सर्वसाधारणलाइ समेत औषधी उपलब्ध गराउने जस्ता महत्वपूर्ण र गहन कार्यहरू यी साझाहरू मार्फत हुँदै आएको छ ।

शोषणरहित समाजको सिर्जना गर्ने पंचायत व्यवस्थाको परिकल्पना अनुरूप २०२१ सालमा क्रान्तिकारी आर्थिक कदमको रूपमा भूमि सुधार कार्यक्रम लागू गरियो । भू-स्वामित्वमा अधिकतम हदबन्दी निर्धारण, मोहियानी हकको सुरक्षा, ऋण फछ्र्यौट, कूत निर्धारण आदिको व्यवस्थाद्वारा शोषणका माध्यमहरूलाइ हटाउनेतर्फ भूमि सुधार कार्यक्रमबाट ठूलो सघाउ पुग्यो । भूमि सुधार कार्यक्रमको एक महत्वपूर्ण पूरक अंगको रूपमा अनिवार्य बचत योजना पनि सुरु भयो । भूमि सुधार कार्यक्रम लागू गर्दा जग्गाधनी र जोताहा श्रमिक किसान बिच स्थापना हुने नयाँ सम्बन्धले स्वभावतः उत्पन्न गर्ने परिस्थितिको सामना गर्न श्रमिक किसानहरूलाइ सक्षम बनाउनु तथा साहुकारबाट चर्को ब्याजमा ऋण लिनुपर्ने बाध्यताबाट उनीहरूलाइ मुक्त गर्नु अनिवार्य बचत योजनाको प्रमुख उद्देश्य थियो । त्यसै उद्देश्य अनुरूप अनिवार्य बचत कोषबाट किसानहरूलाइ उचित ब्याजमा सुविस्तासाथ ऋण उपलब्ध गराउने व्यवस्था गरियो ।

माथि उल्लेख भएका कुराहरूबाट के स्पष्ट हुन्छ भने साझा वा सहकारी र अनिवार्य बचत योजनाको उद्देश्यहरूमा सामञ्जस्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिवार्य बचत योजना केही वर्षसम्म चालू रहेर पछि स्थगित भयो। उता सहकारी संस्थाहरूले केही ग्रामीण क्षेत्रहरूमा बिउ, मल आदि जस्ता कृषि सामग्री तथा नुन, मट्टितेल जस्ता दैनिक आवश्यकताका वस्तुहरू उपलब्ध गराई जनतालाइ सुविधा पुऱ्याउँदै आए तापनि व्यापक जनसमूहलाइ संस्थाभित्र सहभागी बनाउन नसकेको, पर्याप्त पूँजीको अभावमा कारोबार परिमाण बढ्न सकेको तथा केही सीमित स्थानहरूमा मात्र साझा संस्थाहरू खुल्न सकेकोले यसबाट देशको ग्रामीण समाजको आर्थिक उन्नतिमा जति ठोस सहयोग पुग्नु थियो त्यति पुग्न सकेन।

जस्तो माथि नै भनियो नेपालको कूल जनसंख्याको ९६ प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् र ९४ प्रतिशत कृषि क्षेत्रमा आश्रित छन्। त्यसैले देशको आर्थिक उन्नतिमा जनसाधारणलाइ सकभर बढी मात्रामा सम्मिलित गराउने तथा कुनै पनि व्यक्ति वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दवाव (शोषण) हुन नदिने पंचायत व्यवस्थाको महान् आर्थिक लक्ष्य हासिल गर्न आर्थिक उन्नति र शोषणका माध्यमहरू हटाउने कार्यसंग सम्वन्धित आर्थिक निकायहरूलाइ ग्रामीण क्षेत्रमा व्यापक रूपमा पुऱ्याई प्रभावकारी ढंगले संचालन गर्नु अति आवश्यक थियो।

श्री ५ महाराजाधिराज सरकारबाट २०३३ वैशाख १ गते नव वर्षको उपलक्ष्यमा राष्ट्रका नाममा बक्सेको सन्देशमा हुकुम भयो "... ...हाम्रो मुलुकको अधिकांश जनसंख्याको रूपमा रहेका साना तथा पिछडिएका किसानहरूलाइ मद्दत पुऱ्याउने उद्देश्यले एउटा कार्यक्रम बनाउन मैले मेरो सरकारलाइ अह्राएको छु। सोही बमोजिम मेरो सरकारले पनि कृषि उत्पादनको निमित्त सिंचाइ व्यवस्थाको साथै उन्नत कृषि सामग्री, कृषि ऋण र अन्य उपभोग्य वस्तुहरू ग्रामीण क्षेत्रमा उपलब्ध गराई कृषि उत्पादनका वस्तुहरूको बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्था गरी त्यस्ता किसानहरूलाइ समुचित लाभ दिलाउन चाँडै नै एउटा कार्यक्रम तर्जुमा गर्ने छ !"

श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको निर्देशनमा निहित उद्देश्यहरू हासिल गर्न २०२३ साल वैशाखको तेस्रो सातातिर श्री ५ को सरकारले ग्रामीण विकासको निमित्त संस्थागत व्यवस्था सम्बन्धी साझा कार्यक्रम २७ जिल्लाहरूमा लागू गरियो । केही समयपछि अरू ३ जिल्ला थप गरी कूल ३० जिल्ला पुऱ्याइयो । यसरी अन्य बाँकी जिल्लाहरूमा पनि यो कार्यक्रम क्रमशः लागू हुँदै जाने स्पष्ट छ ।

साझा कार्यक्रमका मुख्य उद्देश्यहरू निम्नलिखित छन्:—

१. कृषकहरूलाइ उत्पादनको साथै उपभोग्य ऋण प्रदान गर्नु ।
२. कृषि सामग्री तथा कृषि उपजको बेचबिखनको व्यवस्था गर्नु ।
३. दैनिक उपभोगका सामग्रीहरूको बेचबिखनको व्यवस्था गर्नु ।
४. ग्रामीण क्षेत्रका किसानहरूबाट निक्षेप प्राप्त गरी पूँजीको परिचालन गर्नु ।

कृषक तथा ग्रामीण जनतालाइ उपर्युक्त सुविधाहरू सुलभ गराउन स्थानीय आवश्यकता र परिस्थिति अनुसार एक वा एकभन्दा बढी गाउँ पञ्चायत क्षेत्रभित्र एउटा साझा संस्थाको स्थापना गरिएको छ । किसान तथा ग्रामीण जनताले यिनै साझा संस्था मार्फत् उत्पादन वृद्धिको लागि उन्नत बिउ, मल, कीटाणुनाशक, कृषि औजार, ऋण तथा प्राविधिक सेवा, घर व्यवहारको लागि चाहिने नुन, तेल, मट्टितेल, लत्ताकपडा, खाद्यान्न आदि सुपथ मूल्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाउँ-ठाउँमै उपलब्ध गर्न सक्ने छन् र आफ्ना उपज उत्पादनहरू पनि उनीहरूले उचित मूल्यमा साझा संस्था मार्फत् नै बिक्री गर्न पाउने छन् ।

अर्कोतिर सहरी क्षेत्र तथा गैर कृषि क्षेत्रमा साझाको विकास गर्न खडा भएको साझा लिमिटेड (साझा केन्द्रीय कार्यालय)-ले ग्रामीण जनताको आर्थिक उन्नतिमा थप टेवा पुऱ्याउन स्थानीय श्रम र सिपमा आधारित कुटीर उद्योग तथा पशु पालनको विकास गर्न केही साझा संस्थाहरू स्थापना गरिएको छ र भविष्यमा अरू थप हुँदै जानेछन् । यसबाट बेरोजगार अथवा अर्धबेरोजगार ग्रामीण जनताले लाभप्रद काम पाउने छन् र खेतीपातीबाट फुर्संद भएको समयमा कृषकहरूले पनि काम पाई अतिरिक्त आय वृद्धि गर्न मद्दत पाउने छन् । यसरी कुटीर उद्योगहरूको विकास हुँदै गएमा ग्रामीण जनताले काम पाई कृषि क्षेत्रमा बढ्दो जनभार कम हुन जाने छ ।

ग्रामीण विकासको निमित्त संस्थागत व्यवस्था सम्बन्धी साझा अन्तर्गत अनिवार्य बचतलाइ साझा संस्थाको पूँजीमा परिणत गरिएको छ । अनिवार्य बचत रकम साझा संस्थाको पूँजीमा परिणत गरिएकोले बचतकर्ताहरू सबै साझा संस्थाको हिस्सेदार बनेका छन् । यस प्रबन्धबाट साझा संस्थामा व्यापक जनसमूह सहभागी नभएको, पूँजीको अभावमा संस्थाको कारोबार र सेवा सीमित रहेको तथा केही सीमित स्थानमा मात्र साझा संस्थाहरू संचालन हुन सकेको पहिलेको स्थिति अब समाप्त भएको छ र खुसी, सम्पन्न र शोषणरहित समाजको सृजना गर्ने पञ्चायत व्यवस्थाको लक्ष्य अनुरूप एक भरपर्दो अर्थतन्त्रको रूपमा साझालाइ विकास गर्ने क्रम सुरू भएको विश्वास गर्ने ठोस आधार खडा भएको छ ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलस्रोत

—पशुपति प्रताप शाह

जल विद्युत स्रोत–एउटा मानवीय आवश्यकता

नेपाललाइ मात्र हैन, यस विश्वमा समस्त जीवित प्राणीलाइ जलको नितान्त आवश्यकता छ । अनेकौं महत्वपूर्ण उद्योगहरूमध्ये मानवीय आवश्यकताको पूर्तिको लागि उर्जाको उत्पादनले विशेष स्थान राख्दछ । हाल विश्वको उर्जाको कूल आवश्यकताको दुई प्रतिसत मात्र जल स्रोतबाट पूर्ति भइरहेको छ तर विश्वको कूल विद्युत उत्पादनको भने २३ प्रतिशत यसबाट प्राप्त भइरहेको छ । निम्नलिखित कारणहरूले जल विद्युतको महत्व दिन प्रतिदिन वढ्दै जाने आनुमान छ ।

१. यो स्रोत सौर्य शक्तिवाट रचित जलको चक्रद्वारा पुनर्जीवित भइरहन्छ ।

२. यसवाट वायुमण्डल दूषित हुँदैन र तापमानमा पनि असर पर्दैन । अरू स्रोतवाट वायुमण्डल दूषित हुनुका साथै तापमानमा पनि असर पर्दछ ।

३. जल विद्युत, जल स्रोतका बहु उद्देश्यीय उपयोगहरूमध्ये एउटा महत्वपूर्ण अंग हो ।

४. जल विद्युत दुर्गम स्थानहरूमा पनि कम परिमाणमा भए पनि उपलब्ध गराउन सकिन्छ र यसले विकासशील देशहरूमा अन्य विकास कार्यहरूको समेत सूत्रपात गरी त्यहाँका वासिन्दाहरूको जीवनस्तर उठाउनमा यो सहायक हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. जल विद्युत संचालनमा सरल तथा भरपर्दो एवं थोरै समयमा चला- उन र बन्द गर्न सकिने भएकोले ठुलो विद्युत प्रणालीमा यसको उपयोगिताले विशेष स्थान राख्दछ ।

६. जल विद्युतको दीर्घ जीवन तथा संचालनमा कम खर्चिलो भएकोले हालका उर्जाका अन्य स्रोतहरूको मूल्य वृद्धिको संदर्भमा आर्थिक दृष्टिकोणले पनि यसले धेरै महत्वपूर्ण स्थान राख्दछ ।

७. जल विद्युत उत्पादनको प्राविधिक ज्ञान र दक्षतामा धेरै विकास भइसकेको छ । यसको टरवाइनको दक्षता ९५ प्रतिशतसम्म भएको पाइन्छ ।

८. हाल संचालित जल विद्युत केन्द्रहरूको १० प्रतिशतसम्म उत्पादन वढाउन सक्ने प्राविधिक अनुसंधान भइसकेको छ ।

९. जल विद्युत उत्पादन भरपर्दो तथा सरल संचालन योग्य भएकोले विद्युत प्रणालीमा बढी बिजुली भएको समयमा सो विजुलीबाट पम्प- हरू चलाई पुन: जलाशयमा पानी एकत्रित गरी सो पानी बढी विजुली चाहिने वेलामा पुन: विद्युत उत्पादनमा प्रयोग गर्न सकिन्छ। यो एउटा सजिलो तथा कम खर्चिलो उपाय हो तथा आजकाल विश्वमा व्यापक रूपमा यसको प्रयोग भइरहेछ ।

जल विद्युत सम्बन्धी माथि उल्लिखित फाइदाहरूको विचार गरी भविष्यमा सबै उपलब्ध जलस्रोतको पूर्ण उपयोग गर्ने बारे विश्वले विशेष ध्यान दिने विश्वास बढ्दै गएको छ । विशेष गरी विकासशील देशहरूमा यसको संभावना र महत्व धेरै छ ।

मानव जाति आरम्भमा शक्तिको प्राप्ति आफ्नो पांसुला र जानवर- हरूका साथै बगेको पानीबाट पनि प्राप्त गर्दथ्यो । उन्नाइसौं शताब्दीमा पानीका घट्टहरुद्वारा धेरै साना उद्योगहरूको संचालन हुन्थ्यो । विजुलीको आविष्कार तथा यसलाइ टाढा-टाढासम्म किफायतसाथ पुऱ्याउन सकिने सुविधाले गर्दा विसौं सताब्दीको प्रारम्भदेखि जल विद्युत उत्पादनतर्फ विश्वको विशेष ध्यान गयो । हालसम्म भएको अध्ययन अनुमार विश्वको जल विद्युत उत्पादन क्षमता २२ लाख मेघावाट तथा प्रति वर्ष ९७ सय खरव युनिट जति भएको अनुमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। विश्वको वर्तमान जल विद्युत उत्पादन ३.७२. लाख मेघावाट तथा प्रति वर्ष १६ सय खरव युनिट जति छ। यो कूल क्षमताको करीव १६ प्रतिशत मात्र छ। हालसम्मको अध्ययन अनुसार सन् २०२० सम्म विश्वको कूल जल विद्युत क्षमताको ८० प्रतिशत जति उत्पादन हुन थाल्ने अनुमान छ। विश्वका विभिन्न महाद्वीपहरूको जल विद्युत क्षमता (प्रतिशतमा) निम्न बमोजिम भएको अनुमान गरिन्छः—

एशिया	२८ प्रतिशत
दक्षिणी अमेरिका	२० प्रतिशत
अफ्रिका	१६ प्रतिशत
उत्तरी अमेरिका	१५ प्रतिशत
रूस	११ प्रतिशत
युरोप	७ प्रतिशत
अन्य	३ प्रतिशत

यसमा पनि विकासशील देशहरूको क्षमता कूल क्षमताको ४८ प्रतिशत जति छ। जल विद्युत विकासमा निम्नलिखित कुराहरू विचारणीय छन्।

१. आर्थिक पक्षः—

विद्युत उत्पादनका विभिन्न स्रोतहरूको विकास तथा संचालनमा पर्ने खर्चको तुलनात्मक अध्ययन गर्नु आवश्यक हुन्छ। यसमा सदा परिवर्तन भइरहन्छ। साथै अन्य स्रोतहरूको—जस्तो कोइला, तेल आदिको मूल्य वृद्धि तथा तिनीहरूको घट्दै गएको परिमाणलाइ पनि तुलनात्मक अध्ययन गर्दा विशेष ध्यान दिन आवश्यक हुन्छ। तसर्थ आर्थिक पक्षबाट पनि महङ्गो हुँदै गइरहेका तथा परिमाणमा पनि घट्दै गइरहेका अन्य इन्धनको तुलनामा जल विद्युतको विशेष आर्थिक लाभ प्रस्ट देखिन्छ।

२. जलको वहुउद्देश्यीय उपयोगः—

जलस्रोत विकासबारे अध्ययन गर्दा त्यसबाट त्यस क्षेत्रको जल सम्वन्धी विभिन्न आवश्यकता तथा सोको पूर्तिबारे पूरा विचार गर्नुपर्दछ। जलको मनुष्यका विभिन्न क्रियाकलापमा एउटा प्रमुख स्थान राख्दछ। तसर्थ जल विद्युतको विकास अरू आवश्यकता र उपयोगहरू समेतको विचार नगरी गर्न उपयुक्त हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. अन्तर्राष्ट्रिय समस्या:—

ठुला जल विद्युत विकास कार्यक्रमहरू एउटा संस्थानसंग मात्र सम्बन्धित नभई क्षेत्रीय, राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय सीमासंग सम्बन्धित हुन्छन् । तसर्थ यसको विकासमा आपसी सम्बन्ध, सहयोग तथा न्यायपूर्ण समाधान आदिले प्रमुख स्थान राख्दछन् ।

उपर्युक्त आधारमा विचार गर्दा कुनै जलस्रोतको पूर्ण विकास गर्दा उसको सम्पूर्ण जलाधार क्षेत्रको विचार गरी त्यसको गुरु योजना बनाउनुपर्छ। जल विद्युत विकास गर्दा यसले त्यस क्षेत्रको सर्वाङ्गीण विकासमा कतिको सघाउ पुऱ्याउँदछ, भविष्यको आवश्यकतालाइ कतिको पूर्ति गर्दै जान्छ आदिलाइ यस प्रकारको गुरु योजनाको आधारमा राख्न सकिन्छ ।

४. प्राविधिक ज्ञान:—

विकसित तथा विकासशील देशहरूमा प्राविधिक ज्ञानको विकासले जल विद्युत स्रोतको विकासमा ठुलो सघाउ पुऱ्याउँदै जान्छ । टाढाबाट यस्ता योजनाहरूको संचालन गर्न सकिने पद्धतिको विकास भइसकेकोले विद्युत शक्ति सुगमतासाथ संचालन गर्न सकिन्छ । यस पद्धतिद्वारा साना जल विद्युत, योजनाहरू टाढाबाटै ठुलो योजनासंग समन्वय राखी संचालन गर्न सकिन्छ। साथै बढी भोल्टको प्रसारण लाइनद्वारा बिजुली एक ठाउँबाट अर्को ठाउँमा सरलतासाथ पुऱ्याउन सकिन्छ ।

५. वातावरण:—

पानीलाइ जलाशयमा संकलन गरी त्यसलाइ आवश्यकतानुसार नियंत्रित रूपमा बगाउन सकिने भएकोले उक्त नदी खोला बगिरहेको क्षेत्रको सुधार तथा विकासमा ठुलो मद्दत मिल्दछ । साथै यसद्वारा मत्स्यपालन, कृषि विकास आदि गरी खाद्य समस्याको समाधानमा पनि ठुलो मद्दत मिल्दछ । जलस्रोतको विकास गरेमा उक्त क्षेत्रको घर तथा बाटोमा बिजुली, खानेपानी तथा सिंचाइ, सानो तथा ठुलो उद्योग, पर्यटन आदिको विकासले त्यहांको जनजीवनमा ठुलो परिवर्तन आउँछ ।

६. राजनैतिक तथा कानूनी पक्ष:—

पानीको वितरणको कानूनी व्यवस्था विभिन्न देशमा विभिन्न प्रकारको छ । जलस्रोतबाट देशभित्र वा सम्बन्धित देशहरूले बढीसे बढी फाइदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठाउन सक्ने गरी कानूनी व्यवस्था गर्नु पर्दछ । यसबारे राजनैतिक तथा कानूनी मान्यताहरूको पूरा विचार गरी सबैको हितको लागि हुने व्यवस्था गर्नु-पर्दछ ।

जल विद्युत विकासको लागि एउटा राम्रो संगठनको आवश्यकता पर्दछ । साना साना योजनाहरूमा आपसी हितका विभिन्न समस्याहरू उत्पन्न भइरहन्छन् । यस प्रकारका सबै सम्बन्धित विभागहरू सामान्यतः सरकारको अधीनमा रही काम गर्दछन् । तसर्थ भौगोलिक आधारमा उत्पादन तथा त्यसको बजारको व्यवस्था गर्न तथा राष्ट्रिय दृष्टिकोणबाट त्यस्तो प्राथमिकता तोक्न सक्ने सक्षम संगठनको आवश्यकता देखिन्छ । साथै अन्तर्राष्ट्रिय नदीहरूको विकासका लागि पनि उक्त विकासमा लाग्ने खर्च तथा त्यसबाट हुने लाभको त्यस्ता देशहरू बीच न्यायोचित ढंगले वितरण गर्न सक्ने संगठनको आवश्यकता पर्दछ । यसका लागि आर्थिक सहयोग दिने संस्थाहरूले पनि प्राप्त रकमको समुचित प्रयोग गरी योजनाको सफलतासाथ डिजाइन निर्माण तथा संचालन गर्न सक्ने सक्षम संगठनको खोजी गर्दछन् ।

अतएव उपर्युक्त कुराहरूमाथि विचार गर्दा जल विद्युत स्रोतको पूर्ण विकास गरी त्यसबाट विद्युत उत्पादनको पूरा उपयोग गरी अन्य सीमित स्रोतहरूको भारलाइ घटाउँदै जाने प्रयास हुनु अत्यावश्यक छ । यो एउटा नेपाल-को मात्र हैन, समस्त विश्वभरिको मानवीय समस्या हो तथा यसको समुचित उपयोगगर्नेतर्फ प्रयत्नशील रहनु एक परम आवश्यकता हो ।

बालाजु, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल विद्युत कर्पोरेसन

एक परिचय

विक्रम संवत् १९६८ सालमा नेपालको पहिलो विद्युत केन्द्र फर्पिङ्ग जल विद्युत केन्द्रको निर्माणपछि काठमाडौं उपत्यकामा विद्युत उत्पादन वितरण तथा प्रशासकीय कार्यको लागि खडा गरिएको बिजुली अड्डाको ठाउँमा नेपाल विद्युत कर्पोरेसन ऐन २०१९ अन्तर्गत २०१९ साल भाद्र १ गते नेपाल विद्युत कर्पोरेसनको स्थापना भएको हो ।

कार्यहरू:-

नेपाल विद्युत कर्पोरेसनका कार्यहरू निम्न प्रकारका छन्:—

१. नेपाल अधिराज्यका श्री ५ को सरकारबाट अनुमति दिइएको क्षेत्रमा सुरक्षित, कुशल, सुव्यवस्थित, किफायत र उचित रूपबाट विद्युत शक्तिको उत्पादन र वितरणको व्यवस्था गर्ने ।

२. विद्युत वितरण सेवालाइ अत्यधिक फाइदा हुने गरी विकास गर्दै लैजाने र सुपथ महसूलमा विद्युत वितरण गर्ने ।

३. औद्योगिक विकास, जनताको सुविधा र आर्थिक हितको उद्देश्यले विद्युत उत्पादन तथा वितरण सम्वन्धी कार्य गर्ने ।

वितरण क्षेत्र:–

नेपाल विद्युत कर्पोरेसनलाइ श्री ५ को सरकारद्वारा तोकिएको क्षेत्र-भित्र विद्युत उत्पादन र वितरण गर्न पाउने गरी अनुमति पत्र दिइएको छ । तोकिएको क्षेत्रभित्र हाल बागमती अञ्चलका काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक र नुवाकोट जिल्लाहरू र नारायणी अञ्चल अन्तर्गत चितवन, बारा, पर्सा र मकवानपुर जिल्लाहरू पर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युत उत्पादन क्षमता

यस कर्पोरेसन अन्तर्गत हाल निम्नलिखित जल विद्युत केन्द्रहरू छन्:-

१.	त्रिशुली जल विद्युत केन्द्र	(जडित क्षमता	७ × ३०००	किलोवाट)	
२.	पनौती "	("	३ × ८००	"	)
३.	सुन्दरीजल "	("	२ × ४००	"	)
४.	फर्पिङ्ग "	("	२ × २५०	"	)
५.	सुनकोशी "	("	३ × ३३५०	"	)

यसको अतिरिक्त निम्नलिखित चार डिजेल केन्द्रहरू छन् र जसको जडित विद्युत उत्पादन क्षमता निम्नानुसार छ:—

१.	महेन्द्र डिजेल विद्युत केन्द्र	१७२८	किलोवाट
१.	पाटन डिजेल " "	१४९०	"
३.	हेटौंडा " " "	४४७०	"
४.	भरतपुर " " "	६००	"

कार्य प्रगति

नेपाल विद्युत कर्पोरेसनले आफ्नो स्थापनापछि विभिन्न क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गरेको छ । विगत केही वर्षदेखि कर्पोरेसनले ग्रामीण विद्युतीकरण, लाइनहरूको पुनर्नविकरण, लाइनहरूको बिस्तार तथा प्रणालीको सुदृढीकरण जस्ता कार्यहरूमा विशेष जोड दिंदै आएको छ । यी कार्यहरू सेवाको गुण र परिमाणमा वृद्धि ल्याउन एवं वितरण प्रणालीमा सुधार गर्न अत्यन्त महत्वपूर्ण छन् । यी कार्यहरूमा हालसम्म सन्तोषपूरा प्रगति हासिल भएको छ र तिनीहरूले राम्रो परिणाम देखाएका छन् । ग्रामीण विद्युतीकरणको सिलसिलामा नेपाल विद्युत कर्पोरेसनको वितरण क्षेत्रमा लगभग १२५ गाउँ पंचायत क्षेत्रहरूमा पूर्ण वा आंशिक रूपमा विद्युत शक्ति उपलब्ध गराइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

तल दिइएको तालिकाबाट नेपाल विद्युत कर्पोरेसनको प्रगतिको एक झलक पाइन्छ ।

नेपाल विद्युत कर्पोरेसनको प्रगतिको एक झलक

विवरण	आर्थिक वर्ष ०२७।२८	०२८।२९	०२९।३०
१. अधिकृत पूँजी रू. मा	३०,००,००,०००।	३०,००,००,०००।	३०,००,००,०००।
२. शेयर पूँजी रू. मा	९,५२,४२,००६।	९,५२,४२,००६।	१३,१९,८७,७७८।
३. अचल सम्पत्ति रू. मा	९,८७,५२,२७४।	१०,२१,८५,०००।	१४,३५,६३,०००।
४. जडित उत्पादन क्षमता (कि. वा. मा)			
(क) जल विद्युत	२१,५४०	२१,५४०	३१,५९०
(ख) डिजेल	४,९६८	३,९६८	८,२८८
५. उत्पादित युनिट (लाखमा)	५३६.५०	६५९.५०	८१२.६९
६. बिक्री " "	३५३.३०	४५१.२०	५५५.१३
७. उच्चतम लोड (कि. वा. मा.)	१३,८६०	१७,५००	२१,२८०
८. ग्राहक संख्या	३९,२१९	४५,३०७	५३,५१७
९. वार्षिक आय (रू. मा)	८६,१३,०१८	९५,९१,०००	१,२१,३०,०००
१०. वार्षिक खर्च (मूल्य ह्रास कट्टीसहित रू. मा)	८१,३८,१०७	८९,६०,०००	१,०६,२०,०००
११. कर्मचारी संख्या	९८२	९८२	१,२४९

११. कर्मचारी संख्या ९८२ ९८२ १,२४९

विवरण*	०३०।३१	०३१।३२	०३२।३३	०३३।३४ ×	०३२।३३ को तुलनामा वृद्धि प्रतिशत
१.	३०,००,००,०००।	३०,००,००,०००।	५०,००,००,०००।	५०,००,००,०००।	
२.	१३,१२,६७,८४७।	२५,९४,६२,८३२।	२५,९४,६२,८३२।	३५,९४,६२,८३२।	३८.५४
३.	१४,९६,४३,४८८।	२८,४७,५१,७४६।	२५,८५,५३,६६७।	३९,८५,५३,६५७।	३८.१२
४.					
क.	३१,५९०	३१,५९०	३१,५९०	३१,५९०	
ख.	८,२८८	८,२८८	८,२८८	८,२८८	
५.	९६२.५०	१०९५.५०	१२४८.५९	१३५०.००	८.०४
६.	६३२.१८	७३९.६६	८६०.१३	९२५.००	९.५६
७.	२५,५००	३०,२४०	३१,८८०	३८,०००	१९.१९
८.	५७,५८७	५९,२३०	६१,६६०	६५,०००	५.४१
९.	१,५८ १२,३५५	१,८६,१०,०३९	२,११,१४,१८५	३,९१,५३,०००	६९.३९
१०.	१,४८,९९,६९५	२,५८,८७,१११	२,२२,३२,५६५	२,८१,६१,०००	१४.४५
११.	१,४२९	१,४४५	१,५३०	१,७००	११.११

*पृष्ठ २०८ को विवरण अनुरूप ।

× हिसाब लेखापरीक्षण हुन बाँकी ।

क्रि०

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमाल सिमेन्ट कं. (प्रा.) लि. को गतिविधि

—नेपालको एक मात्र चालु यस सिमेण्ट उद्योगले फागुन ६,२०३३ देखि परीक्षण उत्पादन सुरू गऱ्यो ।

—यसको वार्षिक क्षमता ३६५ दिन कारखाना चल्ने आधारमा ६०,००० टन छ ।

—उत्पादन तथा बिक्री लक्ष्य र प्रगति

	६०% क्षमतामा आ. व २०३२–३३	८०% क्षमतामा आ. व. २०३३–३४	९०% क्षमतामा आ. व. २०३४–३५
उत्पादन लक्ष्य	२८,८०० टन	३८,४०० टन	४३,२०० टन
उत्पादन प्रगति	२८,५४३ टन	३१,२४८ टन	—
बिक्री लक्ष्य	३३,७५० टन	३८,७५० टन	९,५०,०० बोरा
बिक्री प्रगति	३२,७७९ टन	३९,२१० टन	—

—जेठ १५,२०३२ देखि सिमेण्ट बिक्री गर्न सुरू भयो ।

—आर्थिक वर्ष २०३३–२०३४ सम्ममा यस कम्पनीले श्री ५ को सरकारको राजस्वमा बिक्री कर र अन्तशुल्क वापत जम्मा रू. ७३,२०,०००।– बुझाइ सकेको छ र आ. व. २०३४–३५ मा जम्मा रू. ७०,००,०००।– बुझाउने लक्ष्य राखेको ।

—सिमेण्ट उत्पादनको सिलसिलामा उड्ने दुषित धुलो नियन्त्रणको मेसीन यस कम्पनीका प्राविधिज्ञहरूले तयार गरी धमाधम जडान भइरहेकको छ ।

—यो कम्पनीले सन्तोषजनक मुनाफा गरिरहेको छ ।

नेपालको एक मात्र प्रमुख अंग्रेजी मासिक

वसुधा

सम्पादक तथा प्रकाशक : टंकलाल श्रेष्ठ

८२१०-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

— कमलराज रेग्मी

पञ्चायत राजनीतिको मौलिक उपज गाउँ फर्क राष्ट्रिय अभियान
(एक टिपोट)

१. ऐतिहासिक पृष्ठभूमि:

१.१: दक्षिणमा ब्रिटिस साम्राज्यवादले सा–साना राज्यहरुलाइ जितेर विस्तार गर्दै आइरहेको बेला नेपालले एकीकृत शक्ति सञ्चय गरी राष्ट्रिय अस्तित्वको जगेर्ना गर्ने अभियान श्री ५ बडामहाराजाधिराजको नेतृत्वमा वि. सं. १८२५ मा सफल गरी आधुनिक नेपालको स्थापना गरियो। फलस्वरूप छिमेकीहरू परतन्त्र रहेको बेला पनि नेपाल स्वतन्त्र भएर बाँच्न सक्यो।

१.२: श्री ५ बडामहाराजाधिराजको स्वर्गारोहणपछि सत्ताको वरिपरि चौतरिया र भारदारहरूका अनेक गुटहरू शक्तिका लागि षडयन्त्रमा व्यस्त रहन थाले। आधुनिक नेपालको निर्माताको राजनैतिक र सैनिकका साथै आर्थिक, सांस्कृतिक सबै दृष्टिले नेपाललाइ सबल र उन्नत बनाउँदै लग्ने दिव्य उपदेशलाइ भुल्न थाले। थापा, पाण्डे र चौतरियाहरूको हान-थाप बिच १९०३ सालमा नेपालको इतिहासमा रक्तपातपूर्ण षडयन्त्र-कारी कोतपर्व गरी जङ्गबहादुरले राणा शासनको स्थापनाको साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०४ वर्षसम्मको जहानियाँ शासनको सूत्रपात्र गरे । वाह्य क्षेत्रमा ब्रिटिस साम्राज्यवादको ताबेदारी र देसभित्र दमन, शोषण र उत्पीडन कायम गरी जनजागृति र विकासलाइ अवरुद्ध गर्नु यो शासन व्यवस्थाको मुख्य चरित्र थियो ।

१.३: द्वितीय विश्वयुद्धपछि एसिया र अफ्रिकामा आएको नवजागरणको प्रभाव र महत्व नेपालीहरूले पनि बुझ्न थाले । १९९७ तिर नै देशभक्तहरूले प्रजातन्त्रका लागि प्राणाहुति गरे, प्रजापरिषद् र अरू संघ-संस्थाहरू राणा विरुद्ध आवाज उठाउन थाले । स्वतन्त्रता आन्दोलनको सफलतापछि भारतमा पहिले नेपाल राष्ट्रिय कांग्रेस र पछि नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टीको समेत संगठन खडा भयो र राणाशाहीको विरुद्ध संघर्ष बढ्दै गयो । आखिरमा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट राजमुकुट र ज्यानको समेत बाजी लगाएर राजदरबारबाट निस्केर क्रान्तिको नेतृत्व गरिबक्सेकोले २००७ सालमा जहानियाँ राणाशासनको अन्त्य भयो ।

२. *दलीय व्यवस्थाको प्रतिकूलता:*

२.१: २००७ सालमा जहानियाँ शासनको अन्त्य भएपछि नेपालमा देश र देशवासीका लागि सुनौला भविष्य ल्याइने छ भन्ने जनताको ठूलो आकांक्षा र अभिलाषा थियो । तर राजनैतिक दलका नेताहरूले राष्ट्रिय वस्तुस्थितिको मर्म बोध गरी प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्नेतिर लाग्नुको सट्टा भनुकृत कोरा सिद्धान्तलाइ आधार बनाई आफ्नो र दलको स्वार्थ सिद्धितिर लागेर शक्तिमा पुग्न तंछाड-मछाड गर्न थाले। फलस्वरूप देशमा राजनैतिक अस्थिरता रह्यो, विकासको गति अवरुद्ध नै रह्यो ।

२.२: २००७ सालको क्रान्तिमा राणाशाही ढाल्ने सबै दलहरूको एकमात्र लक्ष्य थियो त्यसपछि कुन बाटो समात्ने, कस्तो प्रजातान्त्रिक परिपाटी अपनाउने भन्ने कुरामा स्पष्ट समझदारी थिएन । चुनाव केका लागि भन्ने कुरामा समेत दलहरूका नेताहरू विश्वासकासाथ एकमतमा पुग्न सकेनन् ।

२.३: देशमा विद्यमान तत्कालीन अनिश्चित वातावरणलाइ अन्त्य गरी जनप्रिय र स्थिर सरकार गठन हुन सक्ला कि भन्ने उद्देश्यले २०१५ सालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल अधिराज्यको संविधान जारी गरी श्री ५ महेन्द्रबाट संसदका लागि आम चुनाव सम्पन्न गराउने र बहुमत प्राप्त दललाइ सरकार बनाउने मौका प्रदान गरिएको थियो । तर बहुमतको अहंकारले ग्रस्त कांग्रेसी सरकारले जनआकांक्षा पूरा गर्न सकेन, देशमा अनेक अप्रिय काण्डहरू भए, अशान्ति र अस्थिरताकै स्थितिले झन् झन् हिंसा, विस्फोट र आतंकको आशंका बढ्दै गयो ।

३. *ऐतिहासिक निर्णय:*

३.१: निर्वाचित सरकारले प्रजातन्त्रको नाममा देश र देशवासीलाइ एकातिर पन्छाई दलगत स्वार्थमा लागी अधिकार दुरुपयोग गरी देशको एकता, राष्ट्रियता र सार्वभौमिकतामा समेत आघात पार्न थालेको हुँदा स्व. श्री ५ महेन्द्रबाट २०१७ साल पुस १ गते तत्कालीन मन्त्रिमण्डल र संसदलाइ विघटन गरिबक्स्यो ।

३.२: राष्ट्रिय मौलिकताले विहीन दलगत राजनीतिले ल्याएको अनेक खराबीहरूलाइ हटाउन पौष २२ गतेदेखि राजनैतिक दलहरू र सोबाट प्रेरित संघ संस्थाहरू खारेज गरी श्री ५ को सक्रिय र गतिशील नेतृत्वमा निर्दलीय पञ्चायत प्रजातन्त्रको शुभारम्भ गरियो ।

३.३: यस ऐतिहासिक निर्णयबाट विदेशको अन्धानुकरण गरिएको राजनैतिक व्यवस्थाको परित्याग र राष्ट्रिय संस्कारको परिष्कार गरिन थालियो । राजा र प्रजाका बिच रहेको कृत्रिम अवरोध दलीय पद्धतिलाइ हटाएर नेपाल र नेपालीहरूको अस्तित्वलाइ अक्षुण्ण राख्ने राष्ट्रिय चिन्तनधाराको विकास हुन थाल्यो ।

४. *राष्ट्रिय निर्देशन:*

४.१: नयाँ व्यवस्थाको जग हाल्ने बेला राष्ट्रिय निर्देशनको नितान्त आवश्यकता हुन्छ । २०१७ साल फागुन ७ गते "राष्ट्रिय जीवन तथा कार्यवाहीका विभिन्न क्षेत्रहरूमा निर्धारित लक्ष्य राखी लक्ष्य प्राप्तिको निम्ति हरेक क्षेत्रमा सामूहिक वा सांघिक शक्तिको विकास तथा सुसंगठन गर्ने हेतुले"[१] राष्ट्रिय निर्देशन मन्त्रालय खडा गरियो ।

(१) श्री ५ महेन्द्र "श्री ५ महाराजाधिराजबाट बक्सेको घोषणा, भाषण र सन्देशहरू" खण्ड ७, श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालय, प्रचार तथा प्रसार विभाग २०१९ काठमाडौं, पेज २३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.२: "विभिन्न वर्ग, पेसा वा क्षेत्रका जनताका विच सुसम्बन्ध, सर्वसाधारण जनताको सदाचार, सुविधा, आर्थिक हित, शिष्टाचार र नैतिकता कायम राख्नको निम्ति वर्गीय तथा व्यावसायिक संगठनहरूको शक्तिलाइ आफ्नो वर्गीय तथा व्यावसायिक हित तथा विकासका लागि साथसाथै राष्ट्रको निर्माण र विकासकार्यमा लगाउन राष्ट्रव्यापी निर्देशन गर्ने अधिकारको व्यवस्था गर्न"[२] राष्ट्रिय निर्देशन ऐन, २०१७ जारी गरियो।

४.३: यसै ऐन अन्तर्गत श्री ५ को अध्यक्षतामा भू. पू. प्रधानमन्त्री टंकप्रसाद आचार्य उपाध्यक्ष तथा वर्गीय संगठनका केन्द्रीय सभापतिहरू र अञ्चल पञ्चायतका सभापतिहरू समेत रहेको एक उच्चस्तरीय राष्ट्रिय निर्देशन परिषद् गठन गरिएको थियो। यसले पञ्चायत व्यवस्थामा प्रहार गर्नेहरू विरुद्ध जनशक्ति परिचालन र वर्गीय संगठनहरूको सञ्चालन पनि गरेको थियो। अनुभव र आवश्यकता अनुसार २०२० सालमा परिषद् विघटन गरियो, त्यस्तै निर्देशन मन्त्रालय पनि विघटन गरी यसको काम पञ्चायत मन्त्रालयलाइ सुम्पियो।

५. घात, प्रतिघात र विजय:

५.१: २०१७ सालको ऐतिहासिक कदमको विरुद्ध पटना सम्मेलन गरेपछि प्रतिबन्धित नेपाली कांग्रेसले सशस्त्र संघर्षको आह्वान गर्दै "हान र फर्क" अभियान चलाए। विदेशी भूमिबाट सञ्चालित उक्त कारवाहीको नेपाली जनताले प्रतिरोध गरे। २०१८ साल माघ १ गते राष्ट्रप्राण श्री ५ महेन्द्रका गाथमाथि जनकपुरमा गरिएको बम प्रहारको राष्ट्रभर भर्त्सना भयो।

५.२: पञ्चायत विरोधीहरूलाइ मैदानमा मुकाबिला गर्नुको साथै भूमिसुधार, मुलुकी ऐन, पूर्व-पश्चिम राजमार्गको निर्माण-कार्य प्रारम्भ र काठमाडौं-कोदारी राजमार्ग निर्माण जस्ता अनेकौं राष्ट्रिय र बहुजनको हित हुने कार्यहरू गरेर रचनात्मक, प्रगतिशील र राष्ट्रिय कार्यहरूद्वारा पञ्चायत व्यवस्थाले व्यापक जनसमर्थन प्राप्त गरी विरोधीहरूलाइ

(२) राष्ट्रिय निर्देशन ऐन, २०१८ को प्रस्तावना, नेपाल ऐन संग्रह भाग १, श्री ५ को सरकार, न्याय कानुन मन्त्रालय, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराजित गर्दै लग्यो । अन्तर्राष्ट्रिय क्षेत्रमा पनि असंलग्न परराष्ट्र नीतिको दृढ आचरण गर्दै उपनिवेशवाद, साम्राज्यवाद, जाति तथा वर्ण भेदभाव विरुद्ध सशक्त अडान लिंदै तेस्रो विश्वको प्रभाव वृद्धि र विश्वशान्तिका लागि ठुलो योगदान गरी अन्तर्राष्ट्रिय प्रतिष्ठा प्राप्त गरियो ।

५.३: आखिर २०१९ सालमा भारत–चिन सीमा युद्ध भएपछि नेपाली कांग्रेसले सशस्त्र संघर्ष रोक्यो, अराष्ट्रिय तत्वको आक्रमणात्मक कारवाही नेपाल राष्ट्र वाहिरको कारण समेतले रोकिन गयो । नेपालीहरूको दृढता सामु आतंककारी विध्वंसात्मक तत्वको केही लागेन ।

६. *पञ्चायतको सुव्यवस्था:*

६.१: पञ्चायत व्यवस्थालाइ संवैधानिक रूप प्रदान गर्न नेपालको संविधान, २०१९ जारी भयो । "नेपाल अधिराज्य र नेपाली जनताको सर्वोच्च हित र समुन्नतिको निमित्त लोकसम्मति अनुकूल शासन व्यवस्था चलाउनु वान्छनीय भएको र त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो, तलैदेखि उठी संपूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्त अंगाल्ने पञ्चायत प्रणालीद्वारा मात्र संभव छ'[३] भन्ने दृढ विश्वास व्यक्त भयो ।

६.२: २०१८ साल फागुन ७ गतेदेखि गाउँ र नगर पञ्चायतहरूको निर्वाचन प्रारम्भ भयो र २०२० साल वैशाख ५ गते राष्ट्रिय पञ्चायतको उद्घाटन पनि भयो । वर्गीय र व्यावसायिक संगठनहरूले पनि कार्यवाही सुरू गर्न थाले ।

६.३: नेपालको संविधानमा पहिलो पटक सँशोधन २०२३ सालमा गरियो । पञ्चायत व्यवस्थामा नयाँ गतिशीलता आउन थाल्यो । निर्दलीयतालाइ संवैधानिक मान्यता दिएर अझ सुदृढ गरियो । व्यवस्थाको लक्ष्य अझ स्पष्ट पार्न एक प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाज सृजना गर्ने कुरा संविधानमा निर्देशक सिद्धान्तको रूपमा राखियो[४] ।

---

(३) नेपालको संविधान, २०१९ को प्रस्तावना, न्याय कानुन मन्त्रालय, श्री ५ को सरकार, पेज १–२, काठमाडौं ।

(४) नेपालको संविधान, पहिलो संशोधन, २०२३, न्याय कानुन मन्त्रालय, श्री ५ को सरकार, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ पञ्चायत सिद्धान्तप्रतिको समझदारी:

७.१: पञ्चायत व्यवस्थाका प्रवर्तक, संस्थापक र संवर्द्धक श्री ५ महेन्द्रबाट राजनैतिक स्वतन्त्रता, आर्थिक समान अवसर र सामाजिक न्यायको सन्तुलित सम्मिश्रण भएको विचारधारालाइ पञ्चायत सिद्धान्तको रूपमा प्रतिपादन गरिबक्स्यो। सुरूका दिनहरूमा यस व्यवस्थाका चर्चित कार्यकर्ता डा. तुल्सी गिरी, विश्ववन्धु थापा, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, राजेश्वर देवकोटा, वेदानन्द झा, शैलेन्द्रकुमार उपाध्याय, खड्ग-बहादुर सिंह, दिलबहादुर श्रेष्ठ आदिले पञ्चायत सिद्धान्तप्रतिको समझदारीलाइ लेख, भाषण, संगठन व्यवहार आदि माध्यमद्वारा स्पष्ट र फराकिलो पार्दै लग्न प्रयास गरे। आज जे जस्तो विचार र व्यवहार देखिए तापनि प्रारम्भमा पञ्चायतको सिद्धान्त र संवैधानिक पक्षको विकासमा हृषीकेश शाहको पनि महत्वपूर्ण भूमिका थियो।

७.२; यसै विच पञ्चायत दर्शन समितिको गठन र त्यस समितिका सदस्य-हरूको सम्पादनमा प्रकाशित पुष्पाञ्जली, पञ्चायत परिचय पत्रिकाहरू र अन्यान्य लेखकहरूका पुस्तक पुस्तिका लेखहरूवाट पञ्चायतको सैद्धान्तिक पक्षवारे अरू विस्तृत चर्चा हुन थाल्यो।

७.३: पञ्चायत अध्ययन गोष्ठी, पञ्चायत विश्लेषण केन्द्र र अन्य बुद्धिजीवीहरूले व्यक्तिगत रूपवाट पनि पञ्चायतवारे जनस्तरमा गोष्ठी, अध्ययन, अनु-सन्धान र प्रज्ञात्मक रचनाहरू प्रकाशित गर्दै लगे। पञ्चायत प्रशिक्षण केन्द्रहरूले पनि यस दिशामा निकै ठुलो योगदान गरेका छन्।

८. गाउँ फर्क राष्ट्रिय अभियानको प्रथम चरण:

८.१: मुलुकको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतले श्री ५ बाट कुन व्यवस्था उपयोगी होला भनी सोधनी गरी २०२४।६।६।६ मा पठाइ-बक्सेको सन्देशको प्रत्युत्तरमा पञ्चायत व्यवस्था नै निर्विकल्प छ भनी २०२४।६।११।४ मा सर्वसम्मतिवाट राय चढाएपछि २०२४ साल पौष १ गतेदेखि सञ्चालन गर्न मौसूफबाट गाउँ फर्क राष्ट्रिय अभियानको १० सूत्रीय कार्यक्रम २०२४।६।१३।६ मा बक्स्यो।

८.२: देशका असंख्य ग्रामीण जनतालाई घच्घच्याएर ब्यूँझाउनु, उनीहरूलाइ सक्रिय गराई राष्ट्रव्यापी राष्ट्रिय नवजागरण ल्याउनु[५] गाउँ फर्क राष्ट्रिय अभियानको मूल उद्देश्य हो भनेर किटियो।

(५) गाउँ फर्क राष्ट्रिय अभियान, २०२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८.३: उक्त अभियान पुस्तिकामा सिद्धान्त र व्यवहारको पक्षलाई राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा निर्दिष्ट गर्ने दस सूत्रको संक्षिप्त व्याख्या तथा पञ्चकार्यकर्ताहरूको कर्तव्य र क्रियान्वयन विधिहरू थिए। सूत्रको रूपमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ व्यापक बनाउने, दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने, असंलग्नतालाइ बढावा दिने, भ्रष्टाचार, अन्याय, अत्याचार, ढिलासुस्ती समाप्त गर्ने र ग्रामीण जनतामा जागृति ल्याउने, भूमिसुधार, समाजसुधार र निर्माण कार्यक्रममा बल पुऱ्याउने र साझा भावना र कार्यक्रमको विकास, वृक्षारोपण, कृषि उत्पादन वृद्धि गर्ने, घरेलु उद्योगलाइ प्रोत्साहन दिने कुराहरू उल्लेखनीय थियो।

९. *राष्ट्रिय अभियान दोस्रो चरण:*

९.१: २०२७ सालमा गाउँ फर्क राष्ट्रिय अभियानमा प्रथम संशोधन गरियो। समितिबद्ध अभियान सञ्चालन गर्न नयाँ व्यवस्था भयो।

९.२: गाउँ फर्क राष्ट्रिय अभियानका आधारभूत १० सूत्रीय कार्यक्रमलाइ सुचारू रूपले सञ्चालन गर्ने सम्बन्धमा गाउँ, क्षेत्र, जिल्ला, अञ्चल र केन्द्रस्तरीय आयोजनामा समन्वय कायम गर्ने व्यवस्था भयो। केन्द्रीय सम्मेलन गर्ने व्यवस्था पनि यसदेखि नै प्रारम्भ भयो।

९.३: श्री ५ बाट केन्द्रीय समितिको गठन गरिबक्स्यो। श्री ५ बाट मनोनीत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूका साथ प्रधानमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, गृह पञ्चायत मन्त्री तथा वर्गीय र व्यावसायिक संगठनहरूका केन्द्रीय सभापतिहरूलाइ समेत उक्त केन्द्रीय समितिमा रहने व्यवस्था गरिबक्स्यो।

१०. *पुनः बाह्य प्रहार, आन्तरिक भटकाव:*

१०.१: प्रतिबन्धित नेपाली कांग्रेसका अध्यक्ष सुवर्ण सम्सेरले श्री ५ का जुनाफमा सहयोग टक्र्याउने वचन दिएपछि विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहहरू जेलबाट सन् १९६८ मा छुटे। तर जेलबाट छुटेको थोरै दिनपछि नै उनीहरू स्वयं निर्वासित भए र पञ्चायत व्यवस्थाको विरुद्ध हिंसा र आतंक फैलाउने उद्देश्यका वक्तव्य दिन थाले। १९७२ अगस्टमा हरिपुरमा सशस्त्र हमला गरियो। १९७३ जूनमा हवाइ डकैती गरेर राष्ट्रको सम्पत्ति लुटियो। विराटनगरमा राष्ट्रनायक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ वीरेन्द्रको सवारी भ्रमणको अवसर पारी बम विस्फोट गराई आतंक मचाइयो। १९७४ दिसेम्बरमा ओखलढुंगा काण्ड गराइयो। अनि देशभित्र जतातत वम ल्याउने र विस्फोट गराउने आतंकलाइ व्यापक वनाउने कोसिस गरियो। आखिर यी दुष्प्रयासहरूलाइ नेपाली जनताले असफल पारे।

१०.२: देशभित्र पनि वेलावखत सैद्धान्तिक भटकावहरू नदेखिएका होइनन्। एक ताका उदारवाद र अनुदारवादको विवाद चर्केको थियो। विभिन्न गुटहरू पञ्चायतभित्र सृजना भएका थिए। १३ सूत्रीय कार्यक्रम, 'द्वैध शासन'को हौवा आदि खडा नभएका होइनन्। मुलुकको सर्वोच्च विधायिकामा समेत अप्रिय घटना भएको थियो।

१०.३: पञ्चायत व्यवस्थाका पूरकको रूपमा गठन गरिएका वर्गीय संगठनहरूले समेत यदाकदा व्यवस्थाको आलोचना गर्ने, आफ्नो अनुशासनको दायरा नाघ्ने गरी प्रचारवाजी गर्ने क्रियाकलापहरू देखाएका उदाहरण पनि छन्।

११. *विकासको निम्ति राजनीति:*

११.१: उपर्युक्त सवै पृष्ठभूमिमा राजनीतिलाई नयाँ दिशा प्रदान गर्न श्री ५ वीरेन्द्रवाट २०३० सालमा गाउँ फर्क राष्ट्रिय अभियानमा दोस्रो संशोधन गरिवक्सी "विकासको निम्ति राजनीति" (६) सञ्चालन गर्ने आव्हान गरिवक्स्यो।

११.२: "व्यवस्थाका कार्यकर्ताहरूले जनसेवाकै आधारमा जनआस्था प्राप्त गरी माथि उक्लनु पर्ने आजको नैतिक अनिवार्यतालाइ हामी सवै र खास गरी पञ्चकार्यकर्ताहरूले बुझ्न परेको छ" (७) भनेर स्पष्ट मार्गदर्शन प्राप्त भएको थियो।

११.३: गाउँ फर्क राष्ट्रिय अभियानको माध्यमवाट क्रियाशील र सिर्जनात्मक प्रतिभा भएका देश, नरेश, व्यवस्था र जनताप्रति आस्थावान् कार्यकर्ताहरूलाइ प्रोत्साहन दिंदै वरिष्ठ, कर्मठ र साधारण तीन स्तरमा पञ्चकार्यकर्ताहरूको वर्गीकरण गर्ने र मूल्यांकनको संस्थागत आधार पनि तयार गरिएको थियो।

१२. *नेपालको संविधानमा दोस्रो संशोधनपछिको गाउँ फर्क:*

१२.१: नेपालको संविधानमा दोस्रो संशोधन २०३२ आएपछि गाउँ फर्क

(६) गाउँ फर्क राष्ट्रिय अभियान, २०२४ (२०३० को संशोधन सहित)।
(७) गाउँ फर्क राष्ट्रिय अभियान, २०२४ (२०३० को संशोधन सहित)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय अभियान संवैधानिक अंग भएको छ। पञ्चायत व्यवस्थाको संस्थागत राजनीति सञ्चालन गर्ने मूल जिम्मेवारी गाउँ फर्क राष्ट्रिय अभियानको काँधमाथि आइपरेको छ।

१२.२: "पञ्चहरूको व्यक्तित्व विकसित होस्, कर्मठ र इमान्दार पञ्च अगाड़ि बढून्, वास्तविक जनसेवा र ठोस योगदानकै आधारमा कार्यकर्ताको मूल्यांकन होस् र हाम्रो समस्त राष्ट्रिय शक्तिलाइ निर्माण तथा विकास-तर्फ लगाउन सकियोस्" (८) भन्ने अभिप्रायबाट नै गाउँ फर्क राष्ट्रिय अभियानलाइ संवैधानिक अंग बनाइएको हो।

१२.३: नेपालको संविधान र श्री ५ बाट नेपाल र नेपालीको हितको निमित्त समय समयमा बक्सेको मार्ग प्रदर्शनका अधीनमा रहेर गाउँ फर्क राष्ट्रिय अभियानले दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको राज-नीतिक सिद्धान्तको प्रतिपादन, व्याख्या र प्रचार गर्ने, पञ्चकार्यकर्ता-हरूको प्रशिक्षण, सुसंगठन, योग्यता निर्धारण, मूल्यांकन, राजनीतिक कार्यक्रमको तर्जुमा, राजनीतिक सञ्चालन, पञ्चभेलाको आयोजना र पञ्चायतका विभिन्न निकायहरूका बीच राजनैतिक सञ्चार गर्ने (९) गहन अभिभारा बोक्न पर्ने व्यवस्था भएको छ।

१३. *संस्थागत राजनीति, तर दलीय होइन:*

१३.१: पञ्चायत व्यवस्था निर्दलीय भए तापनि, संगठनविहीन होइन। नेपालको संविधानमा दोस्रो संशोधनपछि स्पष्ट संस्थागत राजनीति गाउँ फर्क राष्ट्रिय अभियानको तत्परतामा निरन्तर चलनेछ।

१३.२: पञ्चकार्यकर्ताहरूको मूल्यांकन, राजनैतिक अनुशासनको पालना गराउने, कार्यकर्ताहरूको प्रशिक्षण र सुसंगठन गर्ने, सिद्धान्तको प्रतिपादन र व्याख्या गर्ने, निर्वाचनमा उम्मेदवार हुन अनुमोदन दिने, राजनैतिक कार्यक्रमको तर्जुमा गर्ने कार्यहरू हेर्दा गाउँ फर्क राष्ट्रिय अभियानको एकदलीय प्रणालीसंग केही हदसम्म समानता छ भन्ने चर्चा गर्न खोजि-एको पाइन्छ। तर गाउँ फर्क राष्ट्रिय अभियानको आफ्नै सदस्यता नरहने शक्ति र सत्तामा जाने लक्ष्य नभएको, सर्वोच्च नेताको निर्वाचन

(८) श्री ५ वीरेन्द्र, नेपालको संविधानमा दोस्रो संशोधन जारी गर्दा बक्सेको शाही घोषणाबाट, २०३२

(९) नेपालको संविधान, दोस्रो संशोधन २०३२, भाग १० ख, पेज २०, कानुन तथा न्याय मन्त्रालय, श्री ५ को सरकार, काठमाडौं।

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिरहनुपर्ने प्रकृति नभएको, सरकारको सञ्चालन गर्ने कार्यबाट पृथक रहेको आदि अनेक कारणबाट यो दलीय चरित्रभन्दा मूलभूत रूपमा भिन्न छ ।

१३.३: जसरी प्रारम्भमा राष्ट्रिय निर्देशन दिने कार्य भयो, पञ्चायत दर्शन र सिद्धान्तको चर्चा गर्ने प्रयास भयो, त्यसलाइ व्यवस्थित रूपमा विकास गर्न र विकासको निमित्त राजनीतिलाइ संस्थागत रूपमा सञ्चालन गर्न गाउँ फर्क राष्ट्रिय अभियानलाइ आजको रूपमा अधिकार तथा दायित्वको स्पष्टताका साथ संगठित पारिएको छ । अरू राष्ट्रहरूमा देखिने राजनैतिक निकायहरूभन्दा भिन्न गाउँ फर्क राष्ट्रिय अभियान पञ्चायत राजनीतिको मौलिक उपज हो । पञ्चायती राजनीतिको विकासक्रममा यो स्थितिलाइ अर्को एउटा क्षमता र गुणहरूले युक्त प्राप्तिको रूपमा ग्रहण गरिएको छ ।

१४. *राजनैतिक दायित्वको निर्वाह:*

१४.१: गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले पञ्चकार्यकर्ता, समाजसेवी र बुद्धिजीवीहरूको राय, सल्लाह तथा सक्रिय सहभागिताको माध्यमबाट आफुमाथि सुम्पेको दायित्व अनुरूप प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सिद्धान्त, पञ्च कार्यकर्ताहरूको प्रशिक्षण र सुसंगठन, पञ्चकार्यकर्ताहरूको मूल्यांकन, योग्यता निर्धारण, मनोनयन, उम्मेदवारी अनुमोदन, प्रत्याह्वान, सहवरण एवं राजनैतिक कार्यक्रम सम्बन्धमा प्रतिपादन गरेको कार्यपत्रहरूलाइ २०३३ सालको भदौ–असोजमा भएको प्रथम राष्ट्रिय पञ्चभेलाले सर्वसम्मतिबाट अनुमोदन गरेको थियो ।

१४.२: दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका सिद्धान्त सूत्रहरूको अन्तरसम्बन्ध समेत स्पष्ट पारी सर्वोपरि साध्य राष्ट्रियता, अपरिहार्य आधार श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व, मूल उद्देश्य प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना र यसका लागि माध्यम र प्रक्रियाहरू – निर्दलीयता, वर्ग समन्वय, विकेन्द्रीकरण, साझा र विकासका निमित्त राजनीतिलाई सूत्रबद्ध रूपमा प्रस्तुत गरिएको छ (१०) ।

१४.३: २०३४ साल असोजमा भएको दोस्रो राष्ट्रिय पञ्चभेलाले राजनैतिक कार्यक्रममा सामयिक संशोधन, राजनैतिक विश्लेषण गर्नुको साथै सर्वसम्मति र जनसहभागिता सम्बन्धी जनभावनामा अनुकूलको सुधा-

(१०) "दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सिद्धान्त," गाउँ फर्क राष्ट्रिय अभियान, २०३३, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रात्मक विचार र व्यवहारलाइ अगाडि बढाएको छ । राष्ट्रिय पञ्चायतको सदस्यका लागि हुने निर्वाचनमा सम्वन्धित जिल्लाका जिल्ला सभासद्हरू मात्र मतदाता भए पुग्ने, प्रधानपञ्च र उप–प्रधानपञ्च, जिल्ला सभापति र उप–सभापति सम्वन्धित तहको गाउँ र नगर तथा जिल्ला सभासद्हरूबाट पचास प्रतिशतभन्दा बढी मत पाएमा निर्वाचित हुन सक्ने तथा सर्वसम्मति पञ्चहरू बिचको सरसल्लाहले स्वतः विकसित गर्ने अन्यथा निर्वाचन हुन सक्ने सुझाव र सिफारिशहरू प्रस्तुत गरिएका छन् । जनसहभागिताका लागि विकेन्द्रीकरणलाइ राजनैतिक दृढताका साथ लागू गराउने आदि महत्वपूर्ण विचारलाइ पनि अगाडि बढाएको छ । यसरी पञ्चहरूकै सरसल्लाहबाट व्यवस्थाको महत्वपूर्ण राजनैतिक विचार र व्यवहारलाइ अगाडि बढाउने प्रजातान्त्रिक परिपाटी गाउँ फर्क राष्ट्रिय अभियानको तत्परतामा विकास गर्दै लग्न सक्नु राजनैतिक गतिशीलताको परिचायक हो । हाम्रो व्यवस्थामा अन्तरनिहित व्यवहारवादको यो स्पष्ट चरित्र हो ।

१५. *तेस्रो विश्वको राजनीतिमा नयाँ आयाम:*

१५.१: तेस्रो विश्वका अधिकांश मुलुकहरूमा पश्चिमबाट आयात गरिएका राजनैतिक व्यवस्थाहरू अफाप भएका अनेकौं उदाहरणहरू छन् । भिन्न स्थिति, परम्परा र मान्यता आदि कारणहरूबाट अरूको अन्धानुकरण असफल हुनु अस्वाभाविक होइन ।

१५.२: तेस्रो विश्वका कतिपय मुलुकहरूमा अनेक मौलिक प्रयोगहरू गरिएका छन् । निर्देशित प्रजातन्त्र, आधारभूत प्रजातन्त्र र राष्ट्रिय मोर्चा सरकार आदि प्रयोगहरू विभिन्न मुलुकहरूमा भएका छन् । यस प्रकारका प्रयोग असफल भएका ठाउँहरूमा सैनिक शासनहरू कायम भएको पनि देखिएका छन् ।

१५.३: नेपालमा निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्था नव–नेपालको निर्माणको निमित्त आधारशिला मात्र होइन, यसलाइ जीवित राख्ने र नेपालको अस्तित्वलाइ सार्थक तुल्याउने मौलिक व्यवस्था पनि हो । स्व-शासनभन्दा सुशासन अर्को हुन सक्दैन । यस नेपालीहरूको स्व-शासन पद्धतिमा राष्ट्रिय निर्देशन र तलबाट उठ्ने पहलकदमको मधुर समन्वय छ । यसलाइ सुहाउने राजनैतिक निकाय गाउँ फर्क राष्ट्रिय अभियानको व्यवस्था आज राष्ट्रियता, प्रजातन्त्र र विकासको सन्देशलाइ सार्थक बनाउने दिशामा मूल आधार बन्न पुगेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. उपसंहारः

१६.१: पञ्चायत व्यवस्था अन्धसिद्धान्तवादी छैन । तसर्थ जुनसुकै अन्य व्यवस्थाका गुण ग्राह्य छ । राष्ट्रियतालाइ यस व्यवस्थाले सर्वोपरि साध्यको रूपमा निरन्तर मध्य नजर लगाउँदै, नेपाल र नेपालीको हितका लागि श्री ५ को सक्रिय र गतिशील नेतृत्वमा एक प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाज सिर्जना गर्न अगाडि बढ्दैछ । तसर्थ राष्ट्रियता र राजमुकुटको नेतृत्वलाइ स्वीकार गरेर आउने हिजोसम्मका कट्टर व्यवस्था विरोधीहरूलाइ समेत यहाँ पूर्वाग्रह नराखेर प्रवेशका लागि छुट, बिरामी पर्दा उपचारका लागि वा अन्य साह्रो गाह्रो परेको बेला स्नेहशील पितृवत् राज–निगाह प्राप्त हुन सक्छ ।

१६.२: राजमुकुटको छत्रछायाँमा हुर्केको पञ्चायत व्यवस्थामा प्रतिशोधको संकीर्ण राजनीति चल्दैन । छरछिमेक र अन्यत्रको दलगत राजनीतिभन्दा तात्विक भिन्नता हाम्रो यही छ । पञ्चायत व्यवस्थाको आत्मा नै राष्ट्रियता र राजमुकुटको नेतृत्व भएकोले यही कुरा स्वीकार गरेर कुनै पनि नेपाली मात्रले सहभागी हुन ठाउँ खोज्छ भने व्यवस्थाले राजनीतिक विजय प्राप्त गरेको हुन्छ, पूर्वाग्रही प्रतिशोधात्मक राजनीति गर्ने क्षुद्रता गर्दैन ।

१६.३ पञ्चायत राजनीतिलाइ अगाडि बढाउन कसैलाइ अनावश्यक बढी महत्व दिएर हौवा खडा गर्नु छैन; बरु व्यवस्थाले प्रौढता हासिल गर्दै गएको क्रममा विरोधीलाइ पनि समर्थक बनाउन सक्ने क्षमतामा अभिवृद्धि गर्नु स्वाभाविक नै छ । नेपालको कुनै बाह्य शत्रु छैन, हाम्रो लडाइँ अरूसंग होइन, हामीभित्रकै रोग, भोक र अज्ञानतासंग मात्र छ, यस लडाइँ लड्न हामीले विकासको निम्ति राजनीति सञ्चालन गर्नु परेको छ । यस लडाइँमा पञ्च सेनालाइ सुसंगठित पार्ने राजनैतिक निकाय गाउं फर्क राष्ट्रिय अभियान हो । दलगत राजनीतिमा संगठनात्म क्रियाकलापले बल प्राप्त गर्छ भने निर्दलीय पञ्चायत व्यवस्था पनि संगठनविहीन छैन । बरु राजनेतृत्व र राज्य–व्यवस्था तथा जनराजनीतिमा कुनै अन्तर विरोध नहुँदा एक अर्कोको पूरकको रूपमा सुदृढ र सुसंगठित भएको हुँदा अन्य सबै अवांछित विचारलाइ पराजित गरी पञ्चायत राजनीतिले राष्ट्रियतालाइ चम्काउन सक्छ, प्रजातन्त्रलाइ सुदृढ पार्न सक्छ र विकासलाइ सुनिश्चित पार्न सक्छ ।

जाउलाखेल, पाटन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वाचन सम्बन्धी केही जानकारी

१. निर्दलीय प्रजातान्त्रिक पंचायत व्यवस्थामा निर्वाचनको ठूलो महत्व छ ।

\+ + +

२. पंचायत निर्वाचनका आफ्नै विशेषताहरू छन् । सर्वप्रथम गाउँ तथा नगर-वासी नेपाली जनताले वालिग मतदाताको हैसियतले प्रत्येक वडामा पांच पांच सदस्यहरू गाउँ सभा वा नगर सभाका लागि निर्वाचन गर्दछन् । ती पांच जना गाउँ सभा वा नगर सभा सदस्यहरुले आफुमध्ये एक जनालाइ गाउँ वा नगर पंचायतको सदस्य निर्वाचित गर्दछन् । नौ जना निर्वाचित पञ्च सदस्य र गाउँ फर्क राष्ट्रिय अभियान समितिद्वारा मनोनित दुई जना पञ्च समेत गाउँ पंचायतमा जम्मा एघार सदस्य हुन्छन् । यिनै सदस्यहरूद्वारा प्रधान र उप-प्रधान पञ्चको निर्वाचन हुन्छ । नगर पंचायत-का हकमा सहरको आकार हेरी जम्मा ३३ वडासम्म हुन सक्ने व्यवस्था छ । प्रत्येक तहको पंचायतमा घटीमा एक जना महिला सदस्य हुनैपर्छ । केही गरी कुनै पंचायतको सदस्यमा एक जना पनि महिला निर्वाचित भएनन् भने मनोनयनद्वारा पनि त्यहां महिला सदस्य राख्ने संविधानको दोस्रो संशोधन पछि व्यवस्था भएको छ ।

\+ + +

३. गाउँ र नगर पंचायतका सदस्यहरूमध्येबाट जिल्ला सभासद् र जिल्ला सभासद्ले जिल्ला पंचायतका सदस्यहरूको निर्वाचन गर्दछन् । जिल्ला पंचायतका सदस्यहरू मध्येबाट राष्ट्रिय पंचायतका सदस्यको लागि निर्वाचन हुन्छ ।

\+ + +

४. निर्वाचन निष्पक्ष, स्वतन्त्र, स्वच्छ र दवावरहित बनाउनका लागि निर्वाचन आयोग सदैव प्रयत्नशील रहन्छ । साथै निर्वाचन सम्बन्धमा चित्त नबुझ्ने उम्मेदवारहरुले आफुलाइ चित्त नबुझेमा अदालतमा उजुर गर्न पाउने व्यवस्था छ । निर्वाचन आयोग जनताको मतदान सम्बन्धी अधिकारको हनन हुन नपाओस्, टाठा-बाठाले सोझा सिधालाइ मतदान जस्तो गहन-विषयमा अन्याय गर्ने मौका नपाऊन् भन्ने कुरामा उत्तिकै सचेत रहन्छ । मतदाता नामावली प्रकाशन र त्यसमा हुन सक्ने दावी विरोध उपर यसरी सधैं सतर्कता अपनाएको हुन्छ ।

\+ + +

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. विश्वका विभिन्न मुलुकमा मतदाताले प्रयोग गर्ने मतदान सम्बन्धी प्रक्रियामा बिभिन्नता पाइन्छ । आर्थिक दृष्टिले सम्पन्न र शिक्षित समुदाय भएका देशको मतदान प्रणाली र अशिक्षित र गरिब जनताको बाहुल्य भएको देशको मतदान प्रणाली समान हुन सम्भव छैन । साधारण चिन्ह लगाएर मतदान सम्पन्न गर्दा पनि कैयौं मत अवैध हुन सक्ने हाम्रो जस्तो देशमा मतदान कार्यलाइ सरल तुल्याउन निर्वाचन आयोग निरन्तर प्रयत्नशील रहन्छ ।

६. यातायातको कठिनाइ, शिक्षित जन समुदायको कमी एवं बहुसंख्यक जनता गरिब भएका हाम्रो जस्तो देशमा समयमै निर्वाचन सुसम्पन्न गराउनु र नतिजाको घोषणा गर्नु सजिलो काम होइन । नेपाल अधिराज्यका चौध अंचललाइ चार समूहमा विभाजन गरी प्रत्येक वर्ष एक समूहमा पर्ने अंचलहरूको गाउँ सभा सदस्यदेखि लिएर राष्ट्रिय पंचायतको सदस्यसम्मको निर्वाचन संचालन गरिन्छ । यस अनुसार दुई समूहको अर्थात् सगरमाथा, लुम्बिनी, सेती, मेची, बागमती, गण्डकी, र भेरी गरी जम्मा सात अंचलको निर्वाचन सम्पन्न भइसकेको छ । अब यो वर्ष जनकपुर कर्णाली र महाकाली गरी जम्मा ३ अञ्चलमा गाउँ सभा सदस्यदेखि राष्ट्रिय पंचायत सदस्यसम्मको निर्वाचन गरिन्छ ।

\+ + +

७. प्रत्येक वर्ष तीन वा चार अंचलमा मात्र निर्वाचन हुने भएकोले हाम्रो निर्वाचन प्रणाली निकै छिटो छरितो र कम खर्चालु पनि हुन गएको छ । प्रत्येक तहका पञ्च चार वर्षका लागि निर्वाचित हुन्छन् । निर्वाचन आयोगले निर्वाचन प्रणालीलाइ निष्पक्ष, छिटो-छरितो र वैज्ञानिक तुल्याउन समस्त देशवासीको सहयोग पाई नै रहेको छ ।

दोस्रो समूहको निर्वाचनमा निर्वाचित भएका बागमती अंचलका प्रधान पञ्च र उप-प्रधान पञ्चहरूको उमेर तथा लिंगको कूल प्रतिशत

उमेर	२१-२९		३०-३९		४०-४९		५०-५९		६० माथि		जम्मा	
मर्दाना वा जनाना	म	ज	म	ज	म	ज	म	ज	म	ज	म	ज.
	१४.०		३३.३		३१.४	०.१	१६.०	०.२	५.०		९९.७	०.२

वि०

—निर्वाचन आयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षा

डा. केदारनाथ श्रेष्ठ

राष्ट्रिय शिक्षा र राष्ट्रिय विकास

नेपालमा गत दुई दशकहरूमा भएका विकास कार्यहरूमध्ये शिक्षा विकासका कार्यक्रमहरुमा जति सफलता प्राप्त भएको छ उत्तिकै यस कार्यक्रमलाइ अझ व्यावहारिक र उपयोगी बनाउन अझ बढी प्रयासको जरूरत परेको छ। आजसम्मको प्रयासले देशभर शिक्षा दिने संस्था स्थापना गर्ने काममा सफलता मिलेको कुरा मान्नुपर्दछ। आज अधिराज्यमा करिब १००० प्राथमिक विद्यालयहरू संचालित छन् जसमा करिब २०००० शिक्षकहरूले करिब ६,५०,००० विद्यार्थीहरूलाइ दिनको कमसे कम ५ घण्टा प्राथमिक शिक्षा दिन्छन्। आज नेपालमा ४ वर्षे निम्न माध्यमिक विद्यालयहरू करिब २३०० छन् जसमा करिब २,००,००० विद्यार्थीहरूले पढ्न पाएका छन्। देशभर छरिएर संचालित भएका करिब ५२५ माध्यमिक विद्यालयहरूमा करिब ७५,००० विद्यार्थीहरूले अध्ययन गर्दछन्। शिक्षाको यस विस्तार क्रम विद्यालय स्तरमा मात्र सीमित भएको छैन। उच्च शिक्षाको स्तरमा यसको विकास र विस्तार अझ व्यापक भएको छ। मानविकी र समाज शास्त्रको मात्र पढाइ सन्चालन गरी सम्बद्ध महाविद्यालय संचालन गरिरहेको विश्वविद्यालय आज देशको उच्च शिक्षाको सबै क्षेत्र सम्हाली प्राविधिक शिक्षाको क्षेत्रमा बढी नेतृत्व प्रदान गरी देशको आर्थिक विकासमा प्रत्यक्ष प्राविधिक टेवा दिने संस्थाको रूपमा विकास भएको छ। आज देशभर छरिएका करिब ८० क्याम्पसहरूमा करिब २५००० विद्यार्थीहरू अध्ययन गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षाको संख्यात्मक विकासको आफ्नै महत्व अवश्य छ। आज देशका सबै विद्यार्थी प्राथमिक विद्यालयमा ३ वर्ष अध्ययन गरेमा २० वर्षपछि निरक्षरताको समस्या हुने छैन। १५ वर्षपछि विकासका धारणा जन साधारण· लाइ बुझाउन उति कठिन हुने छैन। प्राथमिक विद्यालयको पाठ्यक्रम अनुसार आज शिक्षा दिन सकेमा १५ वर्षपछि हाम्रो गाउँ घरमा आजको जस्तो सर· सफाइ, कलह झगडा शोषण दमनको प्राचुर्यता हुने छैन। त्यस्तै हरेक तहको आजको शिक्षाको प्रसारले भविष्यमा देशको जन जीवनमा सकारात्मक असर पार्ने कुरामा पनि शंका लिनुपर्ने खण्ड छैन। प्रश्न यति मात्र छ—आजको हाम्रो शिक्षाको प्रसार तथा प्रचार कार्य कति प्रभावकारी छ? आज देशले गरेको शिक्षाको लगानीले कति अनुपातिक रूपमा देशलाइ फायदा दिन सफल हुन सक्छ?

राष्ट्रिय शिक्षा पद्धतिको योजना श्री ५ को सरकारले २०२८ सालमा लागू गर्ने निर्णय लिएपछि आजसम्ममा देशभर यस नयाँ शिक्षा पद्धति स्थापना भैसकेको छ। शिक्षाको क्षेत्रमा परिवर्तन ल्याउनमा सफलता हुनु नै संतोषको कुरा अवश्य छ। तर, शिक्षामा परिवर्तन सिर्फ परिवर्तनको लागि ल्याइएको होइन। राष्ट्रिय शिक्षा पद्धतिको योजनाले राष्ट्रिय शिक्षालाइ राष्ट्रिय विकासको गहन कार्यमा सक्रिय टेवा दिलाउन सकिने गराउने उद्देश्य लिएको छ र राष्ट्रको सामाजिक, आर्थिक राजनैतिक जीवनमा प्रत्यक्ष नेतृत्व दिलाउन सकिने प्रयास भएको छ। यी भावात्मक र धारणात्मक उद्देश्य पूरा गर्न यस शिक्षा योजनाले प्रष्ट नीति पनि व्याख्या गरेको छ। जस्तो, यस शिक्षा योजनाले निम्नलिखित सिद्धान्तको आधारमा कार्यक्रम बनाउने कुरा उल्लेख गरेको छ।

सिद्धान्त

१. शिक्षाको प्रजातान्त्रिकरण।

२. शिक्षालाइ देशको राजनैतिक, सामाजिक, आर्थिक आवश्यकतालाइ पूरा गराउन साधन तुल्याउने।

३. शिक्षालाइ राष्ट्र विकासको कार्यमा सघाउ पुऱ्याउन सक्षम बनाउने

४. शिक्षालाइ राष्ट्रिय एकतालाइ अझ बलियो पार्न सक्ने प्रक्रिया बनाउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. उच्च शिक्षाका संस्थाहरूले देशको विकास कार्यको लागि जनशक्ति उत्पादन गर्ने ।

उपर्युक्त सिद्धान्त प्रतिपादन गर्न शिक्षा योजनाको कार्यान्वयन पक्ष कति सफल भएको छ, यही नै यस लेखमा प्रस्तुत हुनेछ ।

शिक्षाको प्रजातान्त्रिकरण

वर्तमान शिक्षा पद्धतिले शिक्षाको प्रजातान्त्रिकरण सिद्धान्तलाइ व्यापक सन्दर्भमा लिएको छ । यिनमा मुख्य मुख्य हुन्: (१) सबैको लागि समान शिक्षा, पाठ्यक्रममा समानता, (२) सबै ठाउँमा वस्ने नेपालीलाइ शिक्षा पाउने समान औसर, (३) निःशुल्क प्राथमिक शिक्षा (४) शिक्षाको विभिन्न तहमा काम गर्ने शिक्षकलाइ विकासको समान औसर, (५) पाठ्यक्रममा प्रजातान्त्रिक मुल्यहरूको प्राचुर्यता ।

शिक्षा पद्धतिमा प्रजातान्त्रिकरण गर्न एउटै शिक्षा योजनाले नेपालमा जुन सफल प्रयास भएको छ, त्यस्तो प्रयास विश्वका कमै देशमा मात्र पाइन्छ । उपनिवेशवादी तथा परंपरावादी शिक्षा पद्धतिले देशको गरिब तथा धनी व्यक्तिलाइ अलग अलग प्रकारका शिक्षा दिन खोज्छन् । नेपालमा उपनिवेशवादी शिक्षाले जरो गाड्न नसकेको भए पनि २०२७ सालसम्मको शिक्षा विकास पूर्णतया प्रजातान्त्रिक शिक्षा स्थापना गर्नेतर्फ अघि सरेको थिएन । वर्तमान शिक्षा पद्धतिले यस सिद्धान्तलाइ व्यवहारमा प्रयोग गर्न सफल भएको छ । आज देशका–धनी तथा गरिब, सबैका बच्चाले उही पाठ्यक्रम पढ्ने तथा उस्तै योग्य शिक्षकद्वारा शिक्षा पाउन सक्ने स्थिति छ । कुनै बच्चाले पैसा वा विद्यालयको अभावले प्राथमिक शिक्षा पाउन नसक्ने अवस्था छैन । निम्न माध्यमिक तथा माध्यमिक शिक्षाको तहमा पनि जेहेन्दार विद्यार्थीहरूलाइ निःशुल्क पढ्न सक्ने व्यवस्था छ र उच्च शिक्षामा पनि देशलाइ आवश्यक जनशक्ति उत्पादन गर्ने प्राविधिक अध्ययन संस्थानहरूमा गरिब तथा जेहेन्दार व्यक्तिहरूलाइ छात्रवृत्ति तथा ऋण छात्रवृत्तिको व्यवस्था छ । देशको आर्थिक क्षमताले अहिले भ्याउनेसम्म प्रयास भएको देखिन्छ ।

शिक्षाको प्रजातान्त्रिकरण देशको आर्थिक स्थिति, भौगोलिक अवस्था राजनैतिक सिद्धान्तले अवश्य प्रभावित परेको हुन्छ । नेपालको अहिलेको स्थितिमा प्रत्येक गाउँमा निम्न माध्यमिक, माध्यमिक वा क्याम्पस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोलेर सबैले घरको दैलोमा सबै तहको शिक्षाको सहुलियत उपलब्ध गराई शैक्षिक प्रजातान्त्रिकरण गर्ने लक्ष्य अवश्य होइन। यस्तो लक्ष्य विकसित मुलुकले पनि लिन सकेको छैन। तर, नेपालले यही औपचारिक शिक्षा नै प्रदान गरेर शैक्षिक प्रजातान्त्रिकरण ल्याउन खोज्नुको सट्टा कुनै नयाँ विकल्पतिर पनि ध्यान दिनु जरुरी देखिन्छ। यस विकल्प तलका वास्तविकताको आधारमा बनेको हुनुपर्दछ।

१. देशका सबै शिक्षार्थीहरूलाइ सिर्फ औपचारिक शिक्षाको माध्यमबाट मात्र शिक्षा दिने नीतिलाइ छोडी अनौपचारिक शिक्षाको व्यापक स्थापना गर्नुपर्ने।

२. विद्यार्थी शिक्षकले पढाएरै मात्र शिक्षित हुन सक्छ भन्ने सिद्धान्तमा मात्र भर नपरी आफैंले पनि पढेर (Self-Learning)को पनि अध्ययन गर्न सक्छ भन्ने धारणामा शिक्षाको व्यवस्था गर्ने।

नेपालको भौगोलिक स्थितिमा सुगम यातायात स्थापना हुन कठिन छ। यसो हुँदा प्रत्येक विद्यार्थीको हिंडाइको दूरीमा माध्यमिक, निम्न माध्यमिक विद्यालय राख्न खोज्दा प्रत्येक गाउँमै जस्तो विद्यालय आवश्यक हुन आउँछ जुन आर्थिक दृष्टिले व्यावहारिक छैन। वर्तमान शिक्षा पद्धति लागु भएपछि प्राथमिक शिक्षा ३ कक्षासम्म मात्र भएको छ। प्रत्येक गाउँमा एँ प्राथमिक विद्यालय भएको हुँदा ३ कक्षासम्म त सबैले पढ्न सक्छ। त्यसपछि के गर्ने? समस्या छ। निम्न माध्यमिक शिक्षा दिन निम्न माध्यमिक विद्यालय सन्चालन गर्न विद्यार्थी संख्या थोरै भएको हुँदा ज्यादै महँगो पर्छ। यस अवस्थामा औपचारिक विद्यालय सन्चालन गरी निम्न माध्यमिक शिक्षा दिनुभन्दा प्राथमिक विद्यालयका शिक्षकबाट अनौपचारिक पढाइ गराई निम्न माध्यमिक शिक्षा दिने व्यवस्था गर्नु नै व्यावहारिक हुन्छ।

देशको कुना कुनामा विद्यालय क्याम्पस स्थापना गर्न देशको आर्थिक क्षमता नभ्याउने कुरो त छँदैछ। तर, यस्ता विद्यालय स्थापना भए पनि आर्थिक कमजोरीले गर्दा हाम्रा विद्यार्थीहरूले पढाइ छोड्नै पर्ने स्थिति छ। आज देशका विभिन्न जिल्लामा स्थापना भएका विद्यालय तथा क्याम्पसहरूको विद्यार्थी अभाव नै यसको प्रमाण हो। यस स्थितिमा औपचारिक शिक्षा प्रचार भन्दा अनौपचारिक तथा आत्म शिक्षण (Self-Learning)को व्यवस्था गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै शिक्षाको समान अवसर प्रदान गर्ने सक्षम साधन हुनेछ । आगामी वर्षहरूमा नेपालमा यस्तै प्रकारको शिक्षाको प्रचारमा बढी ध्यान पुऱ्याउनु पर्ने अवस्था देखिन्छ ।

देशको आवश्यकता अनुरूप शिक्षा

आजको नेपालको आवश्यकतालाइ कस्तो शैक्षिक भूमिका आवश्यक छ ? यो प्रश्नलाइ सरल रूपमा तल लेखिए अनुसार दिन सकिन्छ ।

१. राष्ट्रिय एकता र अखण्डतालाइ अझ (सुदृढ) गर्ने ।

२. राष्ट्रिय वर्तमान राजनैतिक व्यवस्थाको सिद्धान्त पक्षको विकास गरी यस व्यवस्थाका विकास गर्नुको साथै यस व्यवस्थाप्रति जन आस्था बढाउने ।

३. देशको विकासको बाटोमा तगारोको रूपमा रहेका रूढीवादी अन्य-विश्वास तथा यसै सामाजिक व्यवस्थाको उन्मूलन गर्ने ।

४. देश तथा देशवासीमा रहेको गरिबी हटाउने ।

उपर्युक्त चारवटा उद्देश्य पूर्ति गर्ने खालको शिक्षा पद्धतिले दुई वटा काम गर्नु पर्छ । सर्वप्रथम विद्यालय, महा-विद्यालयमा प्रयोग गरिने पाठ्यक्रमको पुर्ननिर्माण हुनुपर्दछ र दोस्रो पाठ्यक्रमको अनुरूप उद्देश्य पूरा गर्न सक्षम शिक्षकहरूको व्यवस्था ।

पाठ्यक्रम

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले उपर्युक्त तथ्यलाइ दृष्टिगत गरी सम्पूर्ण पाठ्यक्रमलाइ परिवर्तन गर्ने सुझाव दिएको थियो । तदनुरूप राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गर्नु अघि पाठ्यक्रममा व्यापक परिवर्तन ल्याइयो । तर यस परिवर्तन निम्नलिखित उद्देश्य पूर्तिका लागि गरियो ।

(क) नेपालको शैक्षिक प्रक्रियाबाट शिक्षित हुने नागरिकमा देश, व्यवस्था तथा राष्ट्रिय विकासप्रति सकारात्मक भावना रहने ।

(ख) नेपालको शैक्षिक प्रक्रियामा विद्यार्थीहरूलाइ देश विकासको लागि आवश्यक सिप विकास गर्ने अवसर पनि प्रदान गर्ने ।

वर्तमान शिक्षा पद्धतिको पाठ्यक्रम कुन रूपमा राष्ट्र विकास मूलक छ भन्ने कुराहरू तलका कुराहरूले स्पष्ट गर्दछः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. भाषा राष्ट्रिय एकता सुदृढ गराउने एक बलियो माध्यम हो। तर, शिक्षाविद्हरू तथा सामाजिक नेताहरूले यस विषयमा मतभेद देखाई शिक्षा व्यवस्थामा कुन भाषा कति वटा भाषा कुन कुन कक्षामा पढाउने भन्ने कुरालाइ सैद्धान्तिक विवादको रूपमा खडा गर्छन् र टुङ्गो लगाउन ज्यादै कठिन पार्छन्। वर्तमान शिक्षा योजनाले भाषाको समस्यालाइ शैक्षिक समस्याको तहवाट माथि ल्याएर राष्ट्रिय एकताको प्रश्नसंग गाँस्यो र यस समस्यालाइ सधैंको लागि अन्त गऱ्यो। नेपाली भाषा राष्ट्र भाषाको रूपमा कक्षा १ देखि प्रयोग गर्ने, अरू भाषा निम्न–माध्यमिक तथा माध्यमिकमा प्रारम्भ गर्नु शैक्षिक दृष्टिकोणले पनि वैज्ञानिक पाइलो मान्नु पर्दछ।

२. शिक्षालाइ राष्ट्रियतासंग गाँस्नु, राष्ट्रियताको विकासको साधन वनाउनु र विद्यालय शिक्षावाट प्रमाण–पत्र पाएकामा राष्ट्रिय इतिहास, सांस्कृतिक, भूगोल विषयमा राम्रो ज्ञान हुनु—यी सबै कुराले पाठ्यक्रम निर्माणको प्रक्रियामा आवश्यक स्थान पाएको कुरा प्रचलित पाठ्यक्रमले प्रमाणित गर्दछ। प्राथमिक कक्षादेखि उच्च शिक्षाको प्रमाण–पत्र तहसम्मको नेपाली विषयमा अध्यापन गराउने पाठ्यक्रमले अवश्य राष्ट्रियता र राष्ट्रिय विकासमा सघाउ पुऱ्याउन सक्छ।

३. आजको नेपाललाइ ज्ञानी नागरिकको साथै त्यस्तो नागरिक आवश्यक छ जसमा उत्पादनशील (Productive) र सीप (Skill) पनि हुन्छ। यसैले, विद्यालय तहको शिक्षामा व्यावसायिक शिक्षा दिनुपर्छ भन्ने कुरामा अब शिक्षाविद्हरू विवाद गर्दैनन्। तर, कुन तहदेखि, कति वजन (Weightage) को व्यावसायिक शिक्षा दिनुपर्छ भन्ने कुरामा शिक्षाविद्हरू एकमतका छैनन्। वर्तमान शिक्षा पद्धतिको योजनाले यस विवादलाइ टुंग्याई एउटा साहसपूर्ण निर्णय लिएको छ। नेपालका निम्न माध्यमिक विद्यालयमा व्यवसायको पूर्ण ज्ञान दिन पूर्व-व्यावसायिक शिक्षा दिने, तथा माध्यमिक शिक्षा तहको व्यावसायिक विद्यालयमा निम्न स्तरको जनशक्ति तयार गर्ने खालको व्यावसायिक शिक्षा दिने र साधारण विद्यालयमा व्यवसायको साधारण ज्ञान दिने व्यवस्था छ। यो व्यवस्थाले व्याव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथी शिक्षाबारे हुन सक्ने विवादलाइ अन्त गरेको छ। वास्तवमा, यस व्यवस्थामा व्यावसायिक शिक्षाका विशेषज्ञहरूको धेरै भनाइलाइ समन्वय गरिएको छ।

४. देशको शिक्षालाइ राष्ट्रिय आर्थिक विकासमा टेवा पुऱ्याउने खालको हुनुपर्दछ। शिक्षित मानिसमा समाजमा काम लाग्ने सिप (Sellable Skill) पनि हुनुपर्दछ भन्ने जस्ता कुराहरू सबैले मान्ने भए पनि यस प्रकारको शिक्षाको संगठन र प्रचार गर्नमा तीव्रता आएको हुँदैन। नेपालको शिक्षा विकास पनि यस्तै सैद्धान्तिक कुराहरूमा अलमलिएको थियो। उत्पादनशील (Productive) शिक्षामा भन्दा साधारण शिक्षाकै प्राचुर्य थियो। वर्तमान शिक्षा पद्धतिले यस प्रवाहलाइ बदलेको छ र उच्च शिक्षाको क्षेत्रमा प्राविधिक शिक्षालाइ प्राथमिकता दिने स्पष्ट नीति अपनाई शिक्षालाइ राष्ट्रिय आर्थिक विकासको पूरक बनाउने प्रयास भएको छ।

पाठ्यक्रमको कार्यान्वयन पक्ष

राष्ट्रिय शिक्षा पद्धति योजनाले लक्षित गरेका उद्देश्यहरू पूरा गर्न नेपालको शिक्षाको सबै तहको शिक्षाको वैज्ञानिक पाठ्यक्रम बनाइएको कुरा सह्राहनीय अवश्य छ। तर, यस नयाँ उद्देश्य पूरा गर्न बनेको यी पाठ्यक्रमलाइ कक्षा कोठाको पढाइमा साकार बनाउन कति सफल भएको—यस कुरामा गहिरो अध्ययन तथा चिन्तनको आवश्यकता देखापरेको छ।

पाठ्यक्रमको कार्यान्वयनको लागि सिकाउन जान्ने, सिकाउन मनपराउने र सिकाउने पेशा मनपर्ने शिक्षकको आवश्यक पर्छ। यस्तै, सिकाउनलाइ नभै नहुने शिक्षा सामग्री पनि उपलब्ध हुनुपर्दछ। साथै, शिक्षक आफैलाइ आफुले पढाएको कुरामा विश्वास तथा पूर्ण संलग्नता हुनुपर्दछ।

'शिक्षकमा सिर्जनात्मक प्रवृत्ति हुनु पर्दछ र स्थानीय आवश्यकता र स्थितिलाइ विचार गरी आफ्नो पठनपाठन कार्यलाइ सञ्चालन गर्ने उत्साह हुनुपर्दछ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षण व्यवस्थामा शिक्षकको भूमिकालाइ बुझेर शिक्षक पेशा आकर्षक तुल्याउन आवश्यक सुझाव पेश गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । यही अनुरूप शिक्षकको तलब स्केल बढाइयो, शिक्षकले मासिक तलब पाउन सक्ने गराइयो र शिक्षकले पूरा तलब पाएर तालीम पाउने व्यवस्था गरेको छ । शिक्षकहरूलाइ पठनपाठन कार्यमा सघाउ पुऱ्याउन निरीक्षकहरूको नियुक्ति गरियो । उच्च शिक्षाको स्तरमा चन्दा र शुल्कको भरमा संचालित महाविद्यालयहरू विश्वविद्यालयको आफ्नै व्यवस्थाभित्र ल्याइयो । योजना लागु भएपछि क्याम्पसको नामाकरण गरी संचालित गरिएका महाविद्यालयहरूमा भौतिक सुविधा व्यापक रूपमा बढाइयो । उच्च शिक्षाको पाठ्यक्रमको ढांचा र पाठन एकाइहरूमा पूर्ण रूपले परिवर्तन ल्याइयो । यी भए पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि गरिएका प्रयासहरू ।

शिक्षाको आवश्यकता राष्ट्रिय पूरा गर्न माथि उल्लेख गरिएका कार्यहरू शिक्षामा लगाइएका लगानीहरू हुन् । यी लगानीका उत्पादन (Return) जे जति भए पनि देखा परेका छन् । हुन त शिक्षाको विकासलाइ पूर्ण रूपले मूल्याङ्कन गर्न कठिन छ । अझ शिक्षाको अमूर्त (Abstract) उद्देश्य तथा भावनात्मक परिवर्तन (Behavioral Change) गर्ने उद्देश्य पूरा भए नभएको कुरा पत्ता लगाउन अझ कठिन छ । यी कठिन पक्षहरूलाइ छोडेर तलका मूर्त (Concrete) पक्षमा मात्र दृष्टि दिएमा पनि सफलता वा असफलताका भरपर्दो संकेत मिल्छ या पाउन सकिन्छ । यस्ता केही प्रश्न निम्नलिखित छन्:—

१. *प्राथमिक शिक्षा* प्राथमिक शिक्षाको उद्देश्यलाइ साक्षरता र सामाजीकरण (Socialization)–मा सीमित गरी दक्ष तथा नियमित तलब पाउन शिक्षकको व्यवस्था गरियो तर, पठनपाठनको स्तरमा लगानीको अनुपातमा खास सुधार देखिन्न । गाउँ घरका प्राथमिक विद्यालय निश्चित समयसम्म नियमित पढाउने विद्यालयको रूपमा विकास भएको छैन भने अर्कोतिर प्राथमिक विद्यालयका शिक्षकहरूमा शैक्षिक तथा सामाजिक विकासमा आफ्नो महत्वपूर्ण भूमिकाको ज्ञान भैसकेको देखिन्न । प्राथमिक शिक्षा बिचैमा छोड्नेको संख्या उस्तै छ भने प्राथमिक शिक्षकले प्राथमिक शिक्षाको मानिसको व्यावहारिक (Behavioral) परिवर्तनका उद्देश्यहरू पूरा गर्नेतर्फ खास लगनशील भएको बुझिन्न ।

२ *निम्न माध्यमिक शिक्षा:* वर्तमान शिक्षा पद्धतिको योजनाले निम्न माध्यमिक शिक्षा दुई खास उद्देश्य पूरा गराउने प्रक्रियाको रूपमा

रूप-रेखा २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास गरेको छ-१. चरित्र निर्माण, २. पूव व्यावसायिक शिक्षा। यी दुई महत्वपूर्ण उद्देश्यहरू पूरा गर्न जति सक्षम यस तहको विद्यालयलाइ गराउनुपर्ने हो, त्यो गराउनेतर्फ कुनै गहकिलो प्रयास भएको देखिन्न। निम्न माध्यमिक विद्यालयको ४ र ५ कक्षा अरुसम्म पनि प्राथमिक कक्षा हो भन्ने धारणा एकतिर छ भने अर्कोतिर निम्न माध्यमिक शिक्षकहरू यस तहको शिक्षक भएर वस्नै चाहँदैनन्। कारण निम्न माध्यमिक र माध्यमिक शिक्षकको तलब स्केलमा ठुलो अन्तर रहेको छ। ३ कक्षासम्म मात्र प्राथमिक विद्यालयमा पढाइने, पछि सबै गाउँ घरमा शिक्षक भए नभए पनि ४।५ कक्षा पढाउने मनोबृत्ति भएको छ। यसो हुँदा निम्न माध्यमिक स्तरको पढाइ हुने स्थिति नै रहेन।

विद्यार्थीहरूमा श्रमप्रति सकारात्मक मनोभाव जागृत गराउने उद्देश्यले पूर्व व्यावसायिक विषय पाठ्यक्रममा समावेश भएको देखिन्छ। तर, यस शिक्षाको पाठ्यक्रम माध्यमिक शिक्षा तहको व्यावसायिक विषयहरू सबैको छोटकरी रूप बनाइदिएको छ। यस पाठ्यक्रममा सिलाइ, बुनाइ, काठको, बाँसको कामदेखि लिएर कागजको फूल बनाउने, खेत खन्ने र कार्यालय संचालन-सम्म छ। यो असम्भव पाठ्यक्रमलाइ सम्भव तुल्याउने प्रयास गर्ने शिक्षाशास्त्र अध्ययन संस्थानले पूर्व व्यावसायिक शिक्षक तयार गर्छ। यी शिक्षकमा सिप र ज्ञान दुबै अपर्याप्त हुने र आफु व्यावसायिक शिक्षक बन्न तयारी गरेको ठान्ने हुँदा पूर्व व्याबसायिक विषयको पाठ्यक्रमको उद्देश्य पूरा गर्ने तथा हुने सम्भावना नै ज्यादै कम छ भन्ने देखिन्छ। पूर्व व्यावसायिक विषयको उद्देश्य श्रमप्रति आदर तथा सिर्जनात्मक काम (Creative Manual Work) गराउने हो भने पाठ्यक्रम तथा शिक्षक दुवै अहिलेको सन्दर्भमा असम्बन्धित (Irrelevant) छ। यस पक्षमा उचित पाइला नचालेमा यस क्षेत्रमा गरेको परिश्रम तथा प्रयास फलदायी हुन सक्दैन।

३. *माध्यमिक शिक्षा*: पाठ्यक्रमको सैद्धान्तिक पक्षबाट हेर्ने हो भने राष्ट्रिय शिक्षा पद्धतिको योजनाको निर्देशन अनुसार तयार गरी लागू गरिएको माध्यमिक शिक्षाको पाठ्यक्रम शैक्षिक क्षेत्रमा एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवर्तन (Innovation) हो । तीन प्रकारको माध्यमिक शिक्षा एकै व्यवस्था गरी माध्यमिक शिक्षाको क्षेत्रमा विविधतामा एकता ल्याउनुको साथै राष्ट्रिय उद्देश्यहरूसंग सम्बद्ध शिक्षा स्थापना भएको छ । तर, योजना कार्यान्वयनको केही वर्षपछि सैद्धान्तिक आदर्श र व्यावहारिक वास्तविकतामा ठुलो फरक देखिन आएको छ । माध्यमिक शिक्षाका यस्ता केही क्षेत्रको मात्र यहाँ उल्लेख गरिन्छ ।

माध्यमिक शिक्षाको स्तरमा व्यावसायिक विषय अनिवार्य गर्नु, व्यावसायिक माध्यमिक विद्यालयबाट निम्न मध्यम स्तरको जनशक्ति तयार गर्नु वर्तमान माध्यमिक शिक्षा व्यवस्थाको विशेषता हो । यसै व्यवस्था अनुरूप देशभरका माध्यमिक विद्यालयहरूमा २०३३ सालसम्ममा निम्नलिखित अनुसार व्यावसायिक विषय प्रदान गरियो (शि. मं., जनशक्ति शाखा)

व्यावसायिक विषय	व्यावसायिक माध्यमिक	साधारण मा. वि.	जम्मा
अन्न खेती	१४	४२	५६
बागवानी	२८	४४	७२
कुखुरा पालन	२७	२९	५६
पशुपालन	६	२३	२९
शिक्षा	२९	११९	१४८
लेखा	१४	४९	६३
कार्यालय सञ्चालन	७	१०	१७
सर्ट हैण्ड टाइपिङ्ग	१७	७	२४
वस्त्र सिलाई	१८	२४	४२
खाद्य विज्ञान	१	४	५
ईंट पोल्ने	१	–	१
फर्निचर बनाउने	७	१७	२४
बिजुली जडान	६	६	१२
धातु कार्य	२	४	६
वेत बाँसको काम	–	१	१
	१७७	३७९	५५६
	३२%	६८%	१००%

रूप-रेखा २०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति माथि उल्लिखित व्यावसायिक विषयहरूको विविधता र संख्याले प्रभावित गर्छ उति नै यी व्यावसायिक विषय पढाउने विद्यालयहरूको निरीक्षण गर्दा निरुत्साहित पार्दछ। व्यावसायिक विद्यालयहरूमा सामग्रीको व्यापक अभावको स्थितिलाइ औंल्याएर कार्यशाला भवनलाइ नै कक्षा कोठा वा कार्यालयमा परिणत गर्ने प्रधान अध्यापक छन् भने कहीं शिक्षकको अभावमा महिनौं व्यावसायिक विषयको पढाइ नहुँदा पनि निस्सहाय प्रधानाध्यापक शिक्षकको बाटो हेरेर समय बिताउने गरेका छन्। अब अर्को पक्ष छ—व्यावसायिक विद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थीले के गर्छ? हुन त यस विषयमा गहिरो अध्ययन भएको छैन। शिक्षा व्यावसायिक विषय लिई अध्ययन गरेका विद्यार्थीहरूको विषय एउटा अध्ययन शिक्षाशास्त्र अध्ययन संस्थानले सर्वेक्षण गर्दा करिब ३२% प्रतिशतले शिक्षक पेशामा लागेको देखिएको छ। तर, अब, विषय अध्ययन गर्नेले काम पाउन त्यति सजिलो पनि नहुने हुनाले धेरै प्रतिशतले तालिम क्षेत्रमा काम नगरेको कुरा बताउँछन्। अर्को कुरा, एस० एल० सी० परीक्षा उत्तीर्ण भएपछि बढी प्रतिशत उच्च शिक्षाकै ढोकामा कुर्ने भएको हुनाले यसको व्यावसायिक शिक्षाप्रतिको प्रतिक्रिया पनि गहन नै मान्नुपर्दछ।

माध्यमिक शिक्षाको तहको व्यावसायिक शिक्षाको वर्तमान स्थितिलाइ विचार गर्दा यस क्षेत्रमा २।४ मौलिक प्रश्नहरू उठाउन सकिन्छ। यी प्रश्नहरू साधन, शिक्षक, निरीक्षण, प्रशासन तथा जनशक्तिको आवश्यकतासंग सम्बन्धित छन्। व्यावसायिक साधारण शिक्षाभन्दा अवश्य पनि बढी खर्चिलो छ। खर्च कम गर्ने प्रयास भएपछि स्तरको ह्रास पनि अवश्यम्भावी छ। शिक्षा मन्त्रालयले प्रारम्भमा सकिने सामान साधनको वितरण गरे पनि विद्यालयहरूले आवश्यक सामग्रीको खर्च बेहोर्न नचाहेर वा नसकेर होस्—राम्रो व्यवस्था भैरहेको छैन। यस सम्बन्धमा यी केही प्रश्नलाइ तुरुन्तै उत्तर दिएर व्यावसायिक माध्यमिक शिक्षालाइ नयाँ मोड दिन आवश्यक भएको छ :

१. यदि साधारण माध्यमिक शिक्षालयमा दिइने व्यावसायिक विषयबाट निम्न स्तरको जनशक्ति तयार नहुने हो भने यस्ता विद्यालयका पाठ्यक्रमको २० प्रतिशत सट्टा १० प्रतिशत मात्र व्यावसायिक शिक्षा दिनमा के नकारात्मक प्रतिक्रिया होला? यसो गर्दा बचेको १० प्रतिशतको साधन स्रोत व्यावसायिक विद्यालयमा लगाउन सकिन्छ?

२. व्यावसायिक माध्यमिक विद्यालयमा व्यावसायिक शिक्षकहरूलाइ बढी समय काम गर्नुपर्ने गरी थप सुविधा दिने व्यवस्था गरेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूबाट विद्यार्थीहरूलाइ दिनुपर्ने पेसेवार सिप दिन कति मद्दत पुऱ्याउला ?

३. सम्बन्धित व्यावसायिक विषयको अध्यापनको स्तर विकास गर्न त्रिभुवन विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थानबाट व्यावसायिक माध्यमिक विद्यालयमा प्राविधिक निरीक्षण गराउन व्यवस्था गराउने व्यवस्था गरे व्यावसायिक विषयको अध्यापनमा के कति स्तर वृद्धि होला ? शिक्षा तथा कृषि शिक्षा अध्ययन संस्थानबाट शिक्षा र कृषि विषय दिइएका विद्यालयको प्राविधिक निरीक्षण गराउन कठिन पर्ने देखिन्न ।

उच्च शिक्षा

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गर्ने सिलसिलामा त्रिभुवन विश्वविद्यालयले अध्ययन संस्थानको गठन गरी उच्च शिक्षाको सबै तहको पाठ्यक्रमको पुनर्निर्माण गऱ्यो । उच्च शिक्षा तहको पाठ्यक्रम विकासको लागि पाठ्यक्रम विकास केन्द्र पनि सृजना गरियो । यी सबै कार्यबाट उच्च शिक्षाको पाठ्यक्रम विकास कार्यमा अवश्य सुधार भएको छ । तर, यस तहको पठन–पाठन कार्यमा सुधार तथा विकास गर्ने क्षेत्र पनि उत्तिकै व्यापक रहेको छ । यस्ता प्रमुख क्षेत्र केही यहाँ उल्लेख गरिन्छ ।

१. उच्च शिक्षाको तहमा अनुसन्धानको ठूलो भूमिका हुनुपर्दछ । हाम्रो उच्च शिक्षाको खर्च पूर्ण रूपले सञ्चालनमै मात्र सीमित छ । अनुसन्धानमा कार्यक्रम नगन्य छ । आज नेपालको राजनैतिक व्यवस्थाप्रति अझ दरिलो पार्न यस व्यवस्थाको गाउँ तहसम्मको कार्यकर्ता र कार्यक्रमबारे अध्ययन गरी पञ्चायती व्यवस्थाको दार्शनिक पक्ष सबल पार्ने काम उच्च शिक्षाको हो । त्यस्तै आर्थिक तथा सामाजिक शास्त्र सम्बन्धी अनुसन्धान गरी पाठ्यक्रमलाइ अझ राष्ट्रिय तथा राष्ट्रिय समस्यामूलक गराउनु आवश्यक छ ।

२. उच्च शिक्षाको व्यापक विस्तारले गर्दा उच्च शिक्षाका शिक्षकहरूलाइ पठनपाठन, पाठ्यक्रम तथा उच्च शिक्षाको व्यापक उद्देश्यहरूसंग परिचित गराउने काम बाँकी नै रहन गएको छ । यस गहन जिम्मेदारी कोरा शिक्षकबाट बहन गराउनुपर्दा हुन आउने कमी त्यसै अनुमान गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. परम्परावादी तथा उपनिवेशवादी भाषण, शिक्षण पद्धति र शिक्षकको काम कक्षामा सीमित गराउने व्यवस्था नै उच्च शिक्षाको सबभन्दा ठुलो कमजोरी हुन गएको छ । पढाउनासाथ जान पाउने सहूलियत शिक्षकलाइ हुनु र शिक्षकलाइ बस्ने कोठा टेबुल कुर्सी नदिए पनि हुने धारणाले उच्च शिक्षा प्रशासन प्रभावित हुनु उच्च शिक्षाको क्यान्सर रोग हो । कक्षामा पढाएपछि पठन-पाठनबारे बसेर सोच्ने, यस विषयमा आपसी छलफल गर्ने विद्यार्थीसंग सम्पर्क राख्ने,- यी सबै कुरा शिक्षकलाइ ५।६ घण्टा शिक्षण संस्थामा बसालेर तथा बस्ने राम्रो कक्ष दिएर मात्र सम्भव हुन्छ । यस क्षेत्रमा उच्च शिक्षा प्रशासनले गहिरिएर सोच्न अनिवार्य भएको छ ।

४. नेपाली भाषामा लेखिएका पाठ्यपुस्तकको अभाव हुनु तथा विदेशी पुस्तक पनि पर्याप्त मात्रामा उपलब्ध नहुनु—यी कारणहरूले पठन-पाठनमा ठुलो अवरोध ल्याएको छ । यी अभावले गर्दा अध्यापन स्तर विकासमा ठुलो बाधा पुऱ्याएको छ ।

शिक्षामा लगानी तथा उपलब्धि

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षा प्रणालीलाइ देश विकासको साधनको रूपमा स्थापना गर्ने र शिक्षालाइ उत्पादनशील (Productive) तुल्याउन शिक्षामा बढी लगानी गर्ने निर्णय लिएको छ । तदनुरूप शिक्षा विकासलाइ निर्दिष्ट लक्ष्यतिर डोऱ्याउनुको साथै उपयोगी बनाउनेतर्फ कार्यक्रम बन्यो । शिक्षकको पेशालाइ आकर्षक तुल्याउने देशभरका विद्यालयमा न्यूनतम शैक्षिक वातावरण सृजना गर्नुको साथै शिक्षाको गुणात्मक विकास गर्ने कार्यक्रम बन्यो र कार्यान्वयन भयो । यी कार्यहरू गर्दा स्वाभाविक रूपले शिक्षामा राष्ट्रिय खर्च बढ्दै गएको छ । २०२७ सालतिर ७,१५,००,०००।- खर्च भएको शिक्षामा आज करीब तिस करोडको नजिक पुगेको छ । यस्तै, राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गर्ने वर्षमा शिक्षाको बजेट राष्ट्रिय बजेटको ७ प्रतिशत जति भएकोमा यस वर्ष करिव १२ प्रतिशतमा पुग्न आएको छ । यस खर्चमा विद्यालयतर्फ शुल्क तथा चन्दाबाट भएको आम्दानीको खर्च अरु देखिएको छैन । यसो हुँदा शिक्षामा राष्ट्रको लगानी बढ्दै जाने कुरो निश्चित छ। तलको चार्टले यो कुरा प्रष्ट गर्दछ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शिक्षामा बढ्दै गएको खर्च

यस प्रकारको बढ्दै गएको खर्चलाइ सदुपयोगको लागि दुई वटा खास खास नीति स्पष्ट गर्नु जरुरी छ :

(क) राष्ट्रिय शिक्षा पद्धतिको योजना अपेक्षा गर्नु को जन-सहयोग-लाइ कुन रूपमा उपलब्ध गर्ने ?

(ख) राष्ट्रिय शिक्षाको खर्च कसरी बेहोर्ने भन्ने विषयमा एउटा लामो अवधिको योजना बनाउने ।

राष्ट्रिय शिक्षामा राष्ट्रियपन

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले सकभर राष्ट्रिय शिक्षालाइ राष्ट्रको आर्थिक, राजनैतिक, भौगोलिक वास्तविकतालाइ सुहाउँदो गर्ने प्रयास गरेको छ । तर, कार्यान्वियनको सिलसिलामा धेरै नयाँ समस्याहरू देखा परेका छन् । यी समस्याहरूलाइ परम्परागत (Traditional) तवरबाट सुल्झाउनु भन्दा कुनै प्रवर्तनको (Innovation) रूपमा सुल्झाउन सकेमा मात्र राष्ट्रिय शिक्षामा राष्ट्रिय वास्तविकता झल्कने देखिन्छ । उदाहरण केही तल दिइन्छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. प्राथमिक विद्यालयको ३ वटा पाठ्यपुस्तक पनि महङ्गो भनी गाउँघरका आमा, बाबुले छोरा छोरीलाइ किनेर दिएनन् । दुर्गम जिल्लामा यूनिसेफ (UNICEF) को सहायताले निःशुल्क पुस्तक वितरण हुन्छ । यस्तै निःशुल्क वितरण गरेर यो समस्या सुल्झाउनु परम्परागत तरिका हुनेछ । नयाँ खोजको आधारमा थोरै पाठ्यपुस्तकबाट स्तरयुक्त प्राथमिक शिक्षा दिन खोज्नु प्रवर्तन (Innovation) हुनुको साथै शिक्षालाइ बढी राष्ट्रिय तुल्याउनु हुनेछ ।

२. प्राथमिक शिक्षा ३ कक्षासम्म गराएपछि ४।५ कक्षा पढाउन पाइएन भनेर गाउँघरका आमा बाबुको गुनासो ठूलो छ । यस समस्यालाइ सुल्झाउन सबै प्राथमिक विद्यालयमा ४।५ कक्षा थप्ने नीति लिनु सुगम होला । तर, ४।५ कक्षा अनौपचारिक रूपमा अध्ययन गराउने व्यवस्था गर्नु प्रवर्तन (Innovation) हुनेछ ।

३. श्रमप्रति आदर जागृत गराउन तथा बालकको व्यवसायप्रति अभिरुचि पत्ता लगाउन पूर्व व्यावसायिक विषय निम्न–माध्यमिक विद्यालयमा समावेश गरियो । तर, यस विषय औपचारिक तालिम पाएकै शिक्षकले पढाउने व्यवस्था गर्दा विषयको उद्देश्य पूरा नभएको अनुभव भएको छ । स्थानीय सिपवाला कामदारलाइ प्रयोग गरी पूर्व व्यावसायिक विषय सिकाउने व्यवस्था अवश्य पनि एउटा प्रवर्तन (Innovation) हुन सक्छ ।

४. उच्च शिक्षाको औपचारिक तालिम दिएर जनशक्ति उत्पादन गर्नु साधारण परम्परागत तरिका हो । तर, छोटो उपयोगी प्राविधिक तालिम संचालन गरी ठाउँ हेरी स्तर अनुसार निम्न स्तरको प्राविधिक तयार गर्नु प्रवर्तन हुन सक्छ ।

○

सानु ठिमी, भक्तपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय बीमा संस्थान

नेपालमा गरिने बीमा व्यवसाय बापत प्रिमियमको रूपमा संकलित स्वदेशी पूंजी विदेशिने भइरहेकोले एक संगठित नेपाली बीमा कम्पनी खडा भएमा त्यसरी प्रिमियम बापत संकलित हुने रकम विदेशिनबाट धेरै हदसम्म रोकिन जाने तथा देशको आर्थिक विकासको लागि आन्तरिक साधन र पूंजीको परिचालन गर्न र विदेशी मुद्राको व्ययभार रोक्ने उद्देश्य लिई २०२४ साल पुस १ गते राष्ट्रिय बीमा संस्थान (प्रा.) लिमिटेडको स्थापना भयो जुन राष्ट्रिय बीमा संस्थान ऐन २०२५ अन्तर्गत २०२५ साल पुस १ गतेदेखि संस्थानमा परिणत भयो । यो संस्थान स्थापना भएपछि निर्जीवन बीमातर्फ अग्नि, मोटर, हवाई आदिबाट व्यवसाय सुरू गरी क्रमशः व्यवसायको किसिममा वृद्धि गर्दै लगी २०३० सालदेखि निर्जीवनको अलावा जीवन बीमा समेतको व्यवसाय संचालन गरी आएको छ। निर्जीवन बीमा व्यवसायबाट संस्थानले स्थापना भएको वर्ष २०२४।२५ मा रू. आठ लाख प्रिमियम आर्जन गरेकोमा २०३३।३४ मा रू. २ करोड ३२ लाख पुगेको छ । जुनसुकै बीमा कम्पनीहरूले जोखिम वहन गर्दा आफ्नो औकात हेरी धारण गर्ने र धारण पश्चात् बाँकी रहन आएको रकमको पुनर्बीमा व्यवस्था मिलाउने गर्दछ । हवाई बीमामा हवाइ-जहाजको खास मूल्य र तत्सम्बन्धी दायित्व रकम समेत जोड्दा ज्यादै बढी हुन जाने हुंदा खास गरी हवाई बीमा व्यवसायमा ठूलो भागको पुनर्बीमा व्यवस्था मिलाउनुपर्दछ । हालसम्म यस संस्थानले गरी आएको बीमामा शाही नेपाल वायुसेवा निगमको बोइङ्ग विमान अन्तर्गत मात्र जम्मा दायित्व रकम लगभग रू. ९६ करोड पर्न आउँदछ । अतः यति ठूलो दायित्व रकमको बीमा गर्दा राष्ट्रिय बीमा संस्थानले आफ्नै धारण बापत केही रकम राखी बांकी ठूलो हिस्सा अन्तरराष्ट्रिय बीमा बजारमा ५०।६० पुनर्बीमकहरूसंग पुनर्बीमा गराउँदछ जुन बीमाको सिद्धान्त अनुरूप हो र अन्तरराष्ट्रिय प्रचलन र परिपाटी पनि यही नै रही आएको छ।

हवाई बीमा एवं पुनर्बीमाको अन्तरराष्ट्रिय केन्द्र बिन्दु लन्डन हवाई बीमा बजार नै भएको र ठूलो दायित्व रकम धेरै बीमा कम्पनीहरूले लिनुपर्ने हुंदा पुनर्बीमाको व्यवस्था लन्डन बीमा बजारमा नै मिलाइन्छ । लन्डन बीमा बजारमा धेरै पुनर्बीमकहरूसंग सम्पर्क राख्नुपर्ने एवं लन्डन बीमा बजारको प्रमुख केन्द्र ल्वायड्स बीमा बजारमा रजिस्टर्ड ब्रोकर मार्फत जानु अनिवार्य भएको हुंदा ब्रोकर मार्फत नै पुनर्बीमा गर्ने परिपाटी कायम रही आएको हो। ठूलो दायित्व रकम पुनर्बीमा गर्नुपर्ने एवं त्यस बापत सर्भिसिंग र दाबी सम्बन्धी सबै कारोबार गर्नुपर्ने र पुनर्बीमकहरूको आर्थिक स्थितिको बराबर लेखाजोखा गर्ने खालको बीमा बजारमा प्रभाव भएको ख्यातिप्राप्त ब्रोकर हुनु नितान्त जरूरी छ । अन्यथा यस काममा हेलचक्र्याइ भएमा पुनर्बीमकहरूको दायित्व रकम उठ्न नसकी बीमकको अस्तित्वमा नै धक्का पुग्न सक्दछ ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—डा. तुलसीराम वैद्य

राष्ट्रिय विकास सेवा कार्यक्रम : एक विवेचना

राष्ट्रिय विकास सेवा कार्यक्रम र यसको महत्व

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले देखाएका लक्ष्यहरू हासिल गर्ने प्रक्रिया र कार्यक्रमहरूमध्ये उच्च शिक्षामा समावेश गरिएका दुई प्रमुख तत्वहरू अत्यन्त महत्वपूर्ण छन् । पहिलो उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूलाइ अनुसन्धानउन्मुख पार्दै लैजाने शैक्षिक गतिविधि र दोस्रो शिक्षार्थीहरूलाइ व्यावहारिक ज्ञान र अनुभव दिलाउने उद्देश्यको अनुरूप संचालित गरिंदै आएको यो राष्ट्रिय विकास सेवा कार्यक्रम हो । गाउँहरू नै अधिकांश भएको नेपालमा विकासको चेतना ल्याउन शिक्षित युवा समुदाय नै बढी उपयोगी र सक्षम हुन सक्छ भन्ने विश्वास पनि यसबाट बढ्दै गएको छ । देशका विभिन्न पिछडिएका कुना काप्चामा जनसाधारण अत्यन्त नै दयनीय स्थितिमा छन् । सरकारी क्षेत्रबाट गरिने योजनाबद्ध विकासको क्रममा आवश्यक पर्ने प्राथमिक जानकारी र तैयारीका आधारभूत कुराहरू जस्तै साक्षरता, स्वास्थ्यकर वातावरण, ग्रामीण विद्यालयहरूमा तह बमोजिम हुनुपर्ने शैक्षिक स्तर, भौतिक प्रगति आदिमा पनि यस कार्यक्रम अन्तर्गत सेवामा संलग्न भएका विद्यार्थीहरूले सकारात्मक मार्गमा रोचक र उपयोगी किसिमको उपलब्धि देखाउँदै गएका छन् भन्नु अत्युक्ति हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन, र यसलाइ अझै परिमार्जित र प्रभावकारी बनाउँदै लैजानुपर्ने अनुभव भएको छ।

अगुवाइ परियोजना

त्रिभुवन विश्वविद्यालयको उत्तरदायित्वमा आएको कार्यक्रम हुनाले त्रि० वि० ले यसबारे देशी–विदेशी विशेषज्ञहरूको राय सल्लाह सहित रा.वि.से. कार्यक्रम योजना तयार पाऱ्यो र सो योजनामा उल्लेख गरिएका कुराहरूमध्ये रा. वि. से. अगुवाइ परियोजना पनि हो। कारण यस किसिमको कार्यक्रम नेपालमा नौलो भएकोले यसको क्रियान्वयनमा परिआउने समस्याहरूको जानकारी गर्नुका साथै सम्बन्धित शिक्षक कर्मचारीहरूलाइ केही हदसम्म तालिम पनि दिनुपर्ने थियो। यसमा स्वेच्छाले भाग लिन चाहने कम से कम उच्च शिक्षामा ३ वर्षसम्म अध्ययन गरेका युवकहरूलाइ आह्वान गरियो।

मूल्याङ्कन

जुन उद्देश्यको निम्ति अगुवाइ परियोजनाहरू चालू गरिएको थियो सो पूर्ण रूपमा नभए तापनि अधिकांश मात्रामा प्राप्त भयो। एक त यसमा सुक्ष्मा विद्यार्थीले स्वेच्छाले भाग लिएका थिए, दोस्रो अगुवाइ गर्न पाउने सौभाग्य महसुस गरेको हुनाले पनि निर्देशित गरे अनुसार उनीहरूले गाउँ क्षेत्रहरूमा सन्तोषप्रद काम गरे। काम सबै गा. पं. क्षेत्रमा सबैले एकै किसिमको नगरे तापनि कतै बढी मात्रामा विद्यालयमा सुधार आएको देखियो भने कतै भवन निर्माण, हाता निर्माण, एवं स्वास्थ्य सेवामा बढी जोडतोडले सेवा कार्यहरू भए। स्वभावतः गाउँघरका एक समस्या समाधान गर्दा त्यस्तै अर्को समस्या त्यसमा गाँसिएको हुँदा यस्तो कार्यक्रम अन्तर्गत बहुमुखी कार्यकर्ताको रूपमा विद्यार्थीहरूलाइ काम गर्न लगाएमा मात्र मूलभूत लक्ष्यमा दर्शाएका कुराहरू उपलब्ध हुन सक्छन् भन्ने कुरो बढी विश्वसनीय रूपमा पाइयो। शिक्षणमा मात्र सीमित गर्नाले कार्यकर्ता एक शिक्षकको रूपमा मात्र परिचित हुन जाने र अन्य विषयहरू अध्ययन गर्न जनसमुदायकै बिचमा रहनु अत्यावश्यक भएको र त्यसरी उनीहरूको लागि तत्कालै फाइदा हुने केही विकास कार्यहरू गर्नाले मात्र उनीहरूको बढी नजिक पुग्न सक्ने जस्ता अनुभव पनि गरियो।

प्रथम नियमित कार्यक्रम २०३१।३२ मा प्रारम्भ भयो। अगुवाइ परियोजनाले यस्ता कार्यक्रममा जाने विद्यार्थीहरूलाइ बहुमुखी कार्यकर्ताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा काम गराउन सकिने सुझाव पेश गरे तापनि भरखरै मात्र नयाँ शिक्षा योजना लागू भएको र शिक्षकहरूको अभाव भएको हुँदा उनीहरूलाइ अध्यापन गर्ने गरी खटाउने निर्देशन प्राप्त भएकोले पहिलो पल्ट त्यसै गरियो । पहिलो वर्षको कार्यक्रममा जम्मा २१२ विद्यार्थी खटिएका थिए ।

पहिलो कार्यक्रममा विद्यार्थीहरूले स्वेच्छाले सामुदायिक विकासका कार्यहरूमा स्थानीय पञ्च तथा अन्य कार्यकर्ता एवं जनसाधारणसित हेलमेल गरी निर्के नै रचनात्मक कार्यहरू गरे । विद्यालयहरूमा शिक्षकको कमीको पूर्ति गर्नुको अतिरिक्त आफ्नो वचत समयमा परेका कार्यहरूमा पुस्तकालय निर्माण, विद्यालय भवन निर्माण, गोष्ठीहरूको आयोजना, गा. पं. क्षेत्रहरूमा गरिएका विकास योजनाहरूमा भाग लिई कुलो, सार्वजनिक भवन निर्माण, वृक्षारोपण, कृषि सम्वन्धमा नयाँ जानकारी दिने आदि कार्यहरू गरे ।

दोस्रो वर्षको कार्यक्रममा केही परिवर्तन ल्याइयो । मुख्यत: शिक्षण कार्य गराउने कुरामा विद्यार्थीलाइ विशेषज्ञको रूपमा र शिक्षणको अतिरिक्त अन्य आधारभूत विकास कार्यहरुमा साधारण कार्यकर्ताको रूपमा काम गर्न लगाउनु वाञ्छनीय हुन्छ भन्ने कुरा अनुभव गरियो । साथै उनीहलेरू जे जति काम गर्दछन् र सफलता प्राप्त गर्दछन् त्यसलाइ उनीहरूको शैक्षिक उपलब्धिको परिधिभित्रै राख्ने गरी रा. वि. से. अन्तर्गत गरेका क्रियाकलापहरूलाइ १० क्रेडिट–१०० अङ्क प्रदान गरिने भयो । दुई क्रेडिट पूर्ववत गाउँको विस्तृत अध्ययन (भिलेज प्रोफाइल)-मा र शिक्षण लगायत अन्य क्रियाकलापमा ८ क्रेडिट ।

पहिलो वर्षमा विद्यार्थीलाइ आफु खटिने जिल्ला एवं गाउँ पञ्चायत क्षेत्र समेत छान्न लगाउनु परेको थियो । तर दोस्रो वर्षदेखि जिल्लाहरूको निर्धारण शि. मं. बाट प्राप्त निर्देशन प्राप्त भए अनुसार कोटा तैयार गर्ने र कोटा अनुकूल गोला प्रथाद्वारा विद्यार्थी खटिने जिल्ला तोक्ने क्रम बसालियो ।

भाषण, उपदेश र काममा असंलग्न हुने पाराको प्रदर्शनभन्दा नमूनाको रूपमा स्वयं पनि शारीरिक एवं बौद्धिक कार्यहरूमा सम्मिलित हुने परम्पराले विद्यार्थीहरूलाइ गाउँ क्षेत्रहरूमा बढी रुचाउने कुरा सिद्ध भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियमित तेस्रो कार्यक्रम (०३३-३४)-मा-रा.वि.से. कार्यक्रम स्वरूपतः दोस्रो वर्षको जस्तै संचालित गरियो तर कतिपय कुराहरूमा बढ्दो अनुभव र गाउँ घरमा पर्न जाने आवश्यकता र विद्यार्थीहरूमा हुनुपर्ने तैयारीको दृष्टिकोण-लाइ लिएर सुधार एवं परिवर्तन ल्याइएका थिए ।

नियमित चौथो कार्यक्रम (०३४।०३५) मा सम्मिलित भएका विद्यार्थी संख्या हालको उपस्थिति अनुसार ५४३ छ । प्रत्येक वर्ष सुदूर रूपमा सुधार ल्याइँदै जानु स्वाभाविक पनि भएको छ । खास गरी उनीहरूलाइ कार्य-क्रमको सुरूमा स्काउट र शारीरिक शिक्षा सम्बन्धी तालिम विभिन्न स्थानका ६ क्याम्पसहरूमा दिइयो । जसबाट उनीहरूमा तैयारीमा हुनुपर्ने छिटो र छरितो अनुशासित ढंगले बढ्ने आशा राखिए अनुसार कार्य-संचालन गरियो । अन्य परिचयात्मक तालिममा प्रयोगात्मक कक्षाहरू केही मात्रामा बढी गराउने कार्यक्रम निर्धारित भए बमोजिम विभिन्न स्थानहरूमा उनीहरूलाइ काम समेत गराइयो ।

जिल्लाहरूको छनोट : विद्यार्थी संख्या माग र कार्यक्रम विस्तारको आधारमा गत वर्षको जिल्ला संख्या ३३ भएकोमा यो वर्ष ५५ जिल्ला समावेश गरिएको छ । सुदूर पश्चिमांचलका जिल्लाहरू यथावत् लिइएका छन् र अन्य विकास क्षेत्रहरूमा पनि विद्यार्थीहरू पठाउने नीतिको अनुरूप शि. मं. बाट प्राप्त भएको निर्देशन बमोजिम जिल्लाहरू समावेश गरिएका छन् ।

रा. वि. से. विद्यार्थीहरूले पाउने सहुलियतहरू

अगुवाई परियोजना कालका विद्यार्थीहरूलाइ निर्वाह भत्ता प्रतिमास २००।- मात्र र अन्य सामानहरू करीब २००।- सम्मको दिने गरिएको थियो। ०३१।०३२ को कार्यक्रमदेखि आवश्यक सामानको निम्ति एकमुष्ट रकम रु. ५००।- र प्रतिमास रु. ३००।- दिने गरेको छ । कार्यक्रम ०३२।०३३ देखि निर्धारित दुर्गम जिल्लामा जाने विद्यार्थीहरूलाइ ५० प्रतिशत थप भत्ता पनि दिने गरियो र उनीहरूलाइ यस बाहेक तालिम अवधिमा जलपान, खटिएको जिल्लामा जान आउन बाटो र भ्रमण खर्च, औषधोपचारका सुविधाहरू पनि दिइएको छ ।

रा. वि. से. कार्यक्रमका उपलब्धि

नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले समावेश गरेका लक्ष्य-हरू मध्ये यो कार्यक्रम एक महत्वपूर्ण भएको र यसमा सम्मिलित गराइने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनशक्ति पनि समाजको अत्यन्त नै महत्वपूर्ण एकाई भएकोले यसको परिचालन पनि स्वभावतः उत्तिकै महत्वपूर्ण मान्नु आवश्यक छ । अनिवार्य रूपमा गर्नु पर्ने काम भए तापनि विद्यार्थीहरूले गाउँ क्षेत्रहरूमा गएर बसोबास गर्न थालेपछि आफुलाइ कुनै न कुनै रूपमा सक्रिय नै राखेका छन् र खास गरी निम्नाङ्कित कुराहरूमा ध्यानाकृष्ट हुनु जरूरी देखिन्छः—

१) शिक्षाले मूल्यवान सावित गराएको तथ्य के हो भने विद्यार्थीहरूले शारीरिक रूपले गर्नु पर्ने कार्यहरूमा पनि हात हाल्ने हुँदा शिक्षा क्रियात्मक हुनुपर्दछ भन्ने कुरामा केटाकेटीहरू परिमार्जित हुँदै जान सक्छन् ।

२) ग्रामीण जनसमुदायमा निःस्वार्थ रूपले गरेका कामको प्रभाव परेको हुँदा उनीहरूको प्रवृत्तिमा परिवर्तन हुँदै गइरहेको र उनीहरूले शिक्षित जनशक्तिको परिचय प्राप्त गर्दै गएको ।

३) रचनात्मक कार्यहरू जसद्वारा गाउँलेहरूले आफ्नो आवश्यकता महसुस गर्न सक्ने र विकासको प्राथमिक तहहरूको बोध गर्न सक्ने परम्परा देखिन थालेको ।

समस्याहरू

रा० वि० से० कार्यक्रम कतिपय समस्याहरूको बिचमा संचालित हुँदै आइरहेको छ । यसको थालनीमा आएका राजनीतिक एवं सांस्कृतिक बाधाहरूको निराकरण गर्न विश्वविद्यालय सफल भएको छ । तैपनि निम्न प्रकारका समस्याहरू समाधान गर्ने प्रयत्नतर्फ निर्देशनालय निकै प्रयत्नशील रहनुपरेको छ ।

क) कार्यक्रम संचालनको लागि चाहिने शिक्षकहरू पर्याप्त मात्रामा नपाइनु, जो पाइन्छन् तिनमा यस किसिम अनुभवको र जिज्ञासाको कमी हुनाको कारणले सुपरीवेक्षण, पथ प्रदर्शन गर्ने जस्ता कुराहरूमा विद्यार्थीहरूबाट गुनासो सुन्नुपर्ने हुनु, स्थायी सुपरीवेक्षकहरूको व्यवस्थाको अभाव हुनु ।

ख) केही विद्यार्थीहरूमा अझै स्वयंसेवकको भावनाको कमी र केवल सुविधाहरूको मात्रातर्फ ध्यान गएको पाइनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग) क्षेत्रमा कतिपय माध्यमिक विद्यालयहरूबाट निम्नतम मात्रामा हुनुपर्ने सहयोगको कमी, जस्तै रा. वि. से. विद्यार्थीहरूले कतिपय ग्रामीण क्षेत्रहरूमा पनि बसोबासको निमित्त भाडा तिर्नु पर्दछ ।

घ) कतिपय गा. पं. क्षेत्रहरूमा पञ्चहरूले आफ्ना प्रतियोगीको रूपमा रा० वि० से० विद्यार्थीहरूलाइ हेर्नु र आफ्नो स्वार्थमा बाधा पुग्ने हुँदा कसै कसैले अनास्था गर्नु ।

ङ) कतिपय जिल्ला शिक्षा शाखाबाट रा. वि. से. निर्देशनालयले अनुरोध गरे अनुसार सुपरीवेक्षण नगर्नु र सुनेर बुझेको भरमा मूल्याङ्कन गरी पठाउनु ।

च) दुर्गम स्थानहरूमा चामल, गहुँ जस्ता खाद्यान्नको कमी र अभावको कारणले टाठाबाठाको घरमा डेरा नगरे विद्यार्थीहरूले टिक्न मुस्किल पर्नु ।

छ) कतिपय प्राधानाध्यापकहरूबाट अन्य विकास कार्यहरूमा वास्ता नहुनु र रा. वि. से. विद्यार्थीमाथि मूल्यांकन सम्बन्धमा दवाव पार्नु, अनियमित काम गरेबापत रा. वि. से. विद्यार्थीले सम्झाउँदा वैमनष्य पैदा हुनु ।

ज) कतिपय स्थानहरूमा प्रशासनलाइ सहयोग दिएर एस एल. सी. परीक्षामा निरीक्षक भई काम गर्दा रा. वि. से. विद्यार्थीहरूमा अनावश्यक दबाव पर्न जानु ।

सत्र परिवर्तन

रा. वि. से. कार्यक्रम साउने सत्रमा र स्नातकोत्तर विद्यार्थीहरूको दोस्रो र तेस्रो सत्रको बिचमा संचालन गरिदै आएको थियो । देशको भू-भौतिक स्थिति र कार्यक्रमको स्वरूप हेरी मध्य वर्षाको समयमा गाउँ क्षेत्रहरूमा पठाउनु र फिर्ता बोलाउनु आदि कार्यमा भिर-पैरो खोलानाला आदिको समस्या परिरहने हुँदा यस सम्बन्धमा भएको अनुभवको आधारमा रा. वि. से. सचालन माघे सत्रमा स्नातकोत्तर पहिलो सत्र र दोस्रो सत्रको बिचमा संचालन गरिने भएको छ । आर्थिक वर्ष ०३४।०३५ का स्नातकोत्तर पहिलो सत्र पूरा गर्ने विद्यार्थीहरूलाइ ०३४ माघदेखि नै रा. वि. से. मा सम्मिलित गराइने गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यक्रम संचालन हुँदैछ । यसरी यो वर्ष ६।६ महिनाको फरक पर्ने गरी दुई समूहले जिल्लाहरूमा काम गर्ने छन् ।

उपसंहार

—देश विकासको निमित्त गरिने प्रयासहरूमा आधारभूत कुराहरूको निम्ति राष्ट्रिय विकास सेवा कार्यक्रम संचालन गर्दै जाँदा एक अत्यन्त आवश्यक कार्यक्रम महसुस हुन्छ, किनभने स्वयंसेवाको भावनामा गैर सरकारी संस्थाको प्रयासले सकारात्मक प्रयत्नहरूमा देश विकासमा टेवा पुऱ्याउन सक्ने कुरा अन्य देशहरूको उदाहरण नलिए तापनि आफ्नै अनुभवले साबित गरिरहेको छ। अतः यसलाइ कार्यमूलक एवं बढी सामुदायिक विकासतर्फ ढाल्नु अत्यन्त उपयोगी हुनेछ ।

—उक्त ध्येयहरू पूरा गर्न श्री ५ को सरकारका यस कार्यक्रममा सम्बन्ध राख्न सक्ने विभिन्न बिभागहरूको तर्फबाट प्रत्येक वर्ष कुनै न कुनै रूपमा सहयोग प्राप्त हुनु जरूरी छ । उदाहरणको लागि गत वर्ष कृषि विभाग र 'यूनिसेफ'-बाट प्राप्त तरकारीका बिउहरू अत्यन्त उपयोगी भएका छन् । कतिपय स्थानहरूमा दुर्गम स्थान तथा स्थानीय विकास विभागबाट भएको सहयोगको फलस्वरूप खानेपानी योजना सफल गर्न छात्र-छात्राहरू सफल भएका छन् । अतः रा. वि. से. र स्वास्थ्य सेवा, कृषि, बन, दुर्गम स्थान एवं स्थानीय विकास विभागहरूको बिचमा पनि राम्रो समन्वय रहनु अत्यावश्यक देखिन्छ । जसबाट विद्यार्थीहरू गाउँ क्षेत्रहरूमा गएर काम गर्दा बढी प्रोत्साहित र बढी सक्रिय हुन सकून् ।

त्रिपुरेश्वर, काठमाडौं । ○

अंशुवर्माको काल नेपालको इतिहासमा एक महत्वपूर्ण युग हो तथा यसलाइ लिच्छवीकालीन स्वर्णयुगको एक अभिन्न र प्रमुख अङ्ग हो भनी भन्न सकिन्छ ।

चित्तरञ्जन नेपाली : अंशुवर्मा (रूप-रेखा ५१ : साउन २०२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई गणेशबाट एक जोर गणेश हुन्छ
एक जोर गणेशबाट दुई कुराको श्रीगणेश हुन्छ

एउटा स्तरको, अर्को रंगको,
एउटा ब्लकबाट, अर्को अफसेटबाट

यसैले १३–३४६ मा फोन गर्नुहोला
जोरगणेश प्रेससंग सम्पर्क हुन्छ

सबै कुरो छर्लङ्ग हुनुको साथै
चित्त बुझ्दो काम हुन्छ ।

जोरगणेश प्रेस प्रा. लि.

बालाजु, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

नेपालमा नवीनतम फर्निचर

निर्माण गर्ने प्रमुख उद्योग

नेपालको प्रमुख मासिक रूप-रेखा को

दीर्घ जीवनको लागि वधाइ ज्ञापन गर्दछौं ।

काठमाडौं काष्ठ उद्योग

बालाजु : काठमाड़ौं

फोन नं. १३३५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाडौं उपत्यका नगर विकास योजना

संक्षिप्त परिचय

१. उद्देश्य र कार्यक्षेत्र

नेपाल अधिराज्यको सर्वतोमुखी विकास गर्ने सन्दर्भमा प्राचीन समयदेखि राजधानी रहिआएको र मध्यमाञ्चल विकास क्षेत्रको केन्द्र समेत भएको यस काठमाडौं उपत्यकाको विशेष महत्व छ । यस उपत्यकाभित्रका सहरहरूमा हाल सर्वसाधारणलाइ उपलब्ध गराइएको पिउने पानी, ढलनाल, सार्वजनिक शौचालय, सडक, बिजुली, टेलिफोन आदि सुविधाहरू यहांको बढ्दो जनसंख्याको तुलनामा अपर्याप्त हुंदै गएको छ । साथै यहां घरहरू पनि जताततै जथाभावी बनिरहेका छन् । यसरी नै जथाभावी घरहरू बन्दै जाने हो र यहांको जनसंख्या पनि बढ्दै जाने हो भने निकट भविष्यमै यो सुन्दर उपत्यकाको सौन्दर्य नष्ट मात्र हुने होइन यहांको जनजीवन पनि अस्तव्यस्त हुन जानेछ । यही तथ्यलाइ हृदयंगम गरी यस उपत्यकाको योजनाबद्ध विकास गर्ने सन्दर्भमा योजनाबद्ध रूपले बसोबास गराउन, पिउने पानी, ढल नाल, सार्वजनिक शौचालय, सडक, बिजुली, टेलिफोन आदिको समुचित विकास गर्न र यहांको धार्मिक, पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक वस्तुहरू र स्थलहरूको संरक्षण गर्न २०३३ साल भदो १ गतेदेखि श्री ५ को सरकारले यस समस्त उपत्यकामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर विकास योजना लागु गऱ्यो । यस योजनाभित्र काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर तीनै सहरहरू र काठमाडौंका ७७, ललितपुरका १९ र भक्तपुरका २४ गाउँ पञ्चायतहरू पर्दछन् ।

२. भू–उपयोग

काठमाडौं उपत्यकामा नगर विकास योजना लागू भएपछि यस उपत्यकालाइ विभिन्न कार्यको लागि निम्न बमोजिमका विभिन्न भू-उपयोग क्षेत्रमा बाँडिएको छ ।

(क) आवासीय क्षेत्र, (ख) संस्थागत क्षेत्र, (ग) संरक्षण क्षेत्र, (घ) औद्योगिक क्षेत्रहरू, (ङ) सवारी बिसौनी क्षेत्र, (च) सवारी विश्राम तथा कार्यशाला क्षेत्र, (छ) विमान स्थल क्षेत्र र (ज) खेलकूद क्षेत्र ।

३ *नगर योजनाका विशेषताहरू*

देवालय, मन्दिर, पाटी, पौवा, ऐतिहासिक ढुंगे धारा, बौद्ध स्तूप आदि धार्मिक, पुरातात्विक, ऐतिहासिक स्थल र प्राचीन वस्तुहरूको संरक्षण, संवर्धन र पुननिर्माण गर्नु ।

आवश्यकतानुसार ढल नाल, शौचालयको व्यवस्था तथा प्रशोधित खाने पानीको व्यवस्था गर्नु ।

जन संख्याको साथसाथै सहरी र ग्रामीण क्षेत्रमा सुघर सफाइ, वृक्षारोपण, आदि कार्यक्रम लागू गरी वातावरण स्वच्छ राख्नेतर्फ विशेष ध्यान दिनु ।

सहरी क्षेत्रको फोहर मैला सहर बाहिर निश्चित स्थानमा फ्यांक्नु ।

समयानुसार सडक, बाटो-घाटो आदिको निर्माण गर्नु ।

पर्यटकहरूलाइ आकर्षण गराउन र पर्यटन उद्योगलाइ विकास गराउन प्राचीन र कलात्मक वस्तुहरूको संरक्षण गर्नु । त्यसै गरी उपत्यकालाइ सफा सुग्घर र स्वच्छ राख्ने तथा आधुनिक भौतिक सुविधा र सेवाहरू पनि समयानुसार पुऱ्याउनु ।

४. उपलब्धिहरू

उपर्युक्त उद्देश्य अनुरूप काठमाडौं उपत्यका नगर विकास योजनाले एक वर्षको छोटो अवधिभित्रै कैयौं कार्यहरू सम्पन्न गरेको र कैयौं कामहरू सुरू गरेको छ । त्यसको छोटो विवरण यहाँ प्रस्तुत छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेन स्तम्भको सुधार, टुंडिखेल बस बिसौनीको निर्माण, सूर्य विनायक योजना, काठमाडौं र ललितपुरमा १० वटा शौचालय निर्माण, ललितपुरमा र काठमाडौंको रणमुक्तेश्वरमा तरकारी बजारको निर्माण, रानी-पोखरी र नागपोखरीको सुधार, म्हैपी सुधार, डम्पिङ एरिया र एक्सेस रोडको निर्माण, काठमाडौं, भक्तपुर र ललितपुरका सार्वजनिक पाटी, पौवा, ढुंगेधारा, पोखरी, पर्ती जमिन आदिको इन्भेन्ट्री तयार गर्ने जस्ता कार्य उक्त योजनाद्वारा संचालित छन् र अधिकांश कार्य लक्ष्य बमोजिम र कुनै कुनैमा त लक्ष्यभन्दा बढी काम भएका छन् ।

साथै यस वर्षको योजनामा नपरे तापनि कुलेश्वर कालिमाटी र स्वयंभू डल्लूमा आगामी आर्थिक वर्षमा सञ्चालन गरिने आवास योजनाको विस्तृत योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । डल्लू आवास योजनाका लागि अधीकरण गर्नुपर्ने जग्गाको कित्ता नापी गर्ने काम समाप्त भई जग्गा अधीकरण हुँदै छ ।

यस बाहेक वागमती र विष्णुमती घाट सुधार, टेकु तटबन्ध निर्माण, नानक मठको तटबन्ध निर्माण, गोशालामा बार लगाउने, म्हैपीमा बाउन्ड्री वाल बनाउने कार्यमा काठमाडौं नगर योजनाले रकम उपलब्ध गराई वागमती जलाधार योजनाबाट निर्माण सम्पन्न भएको र हुँदैछ ।

नगर योजनाबाट पहिले निर्धारित आयोजनाहरूबाट बचत हुन आएको रकमबाट थानकोट स्थित श्री ५ त्रिभुवन स्मारकमा पर्खाल, कान्तिपथमा पसल निर्माण गरेको छ र काठमाडौंमा दुईवटा र ललितपुरमा एउटा शौचालय निर्माण गर्न एन. सी. सी. एन. लाइ ठेक्का दिएको छ । यस बाहेक भीमसेन स्त-म्भको पूर्वपट्टि गाह्रो लगाउने, बिजुलीका लागि जमिनमुनि ट्रेन्च खन्ने र टेलि-फोनका लागि ह्युम पाइप राख्ने काम समेत गरेको छ । डम्पिङ एरिया एक्सेस रोडका लागि रिटेनिंग पर्खाल बनाएको छ ।

काठमाडौं उपत्यका नगर विकास समिति

राष्ट्रिय सभागृह, काठमाडौं

फोन नं. १३१२०

वि०

२९४-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारको जुनाफमा

मंगलमय कामना चढाउँछौं !

○

नेपालको प्रमुख मासिक

रूपरेखा दुई सयलाइ

दीर्घ जीवनको लागि वधाइ !

○

नेपालको कच्चा पदार्थ तथा अन्य वस्तु निर्यात

गर्ने प्रमुख निर्यातकः

यू इण्टरन्यासनल

पोस्ट बक्स नं. १४३२, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाही नेपाल चलचित्र संस्थान

संचारका विभिन्न माध्यमहरूमध्ये चलचित्र सर्वभन्दा सशक्त एवं प्रभावकारी माध्यम हो। अझ नेपाल जस्तो विकासोन्मुख देशको लागि यसको महत्व अझ वढी हुन्छ भन्नु अत्युक्ति हुने छैन। यही तथ्यलाइ दृष्टिगत गरी श्री ५ को सरकारले संचार सेवा योजना अन्तरगत श्री ५ महाराजाधिराज सरकारको नेतृत्वमा भएका र हुन लागेका राष्ट्रिय एवं सामुदायिक विकासका लागि आवश्यक संचार सेवा प्रदान गर्नु, र जनसाधारणका लागि सुन्दर स्वस्थ एवं जीवनोपयोगी चलचित्र बनाउन सामग्री जुटाउने र त्यस्तो चलचित्र निर्माण गरी मनोरञ्जनको लागि आवश्यक स्वदेशी चलचित्र उद्योगको स्थापना एवं विकासद्वारा विदेशी सिनेमाको हालको आधिपत्यलाइ कम गर्ने उद्देश्य लिई २०२८ सालमा शाही नेपाल चलचित्र संस्थानको स्थापना गरेको छ। श्री ५ को सरकारबाट यस संस्थानको अधिकृत पूंजी ४,००,००,०००।- (चार करोड) निर्धारण गरिएको छ।

उपर्युक्त उद्देश्यहरूको परिपूर्तिको लागि संस्थानले आफ्नो ६ वर्षको कलिलो उमेरमै "मनको बांध" (स्वेत-श्याम) र "कुमारी" (रंगिन) गरी दुई वटा कथानक चलचित्र १५ वटा वृत्तचित्र र ८५ वटा समाचार चित्रहरूको निर्माण गरी उपर्युक्त चलचित्रहरू अधिराज्यलगायत देश विदेशमा समेत प्रदर्शन गरेको छ। यसका साथै अस्ट्रेलियन ब्रोडकास्टिङ्ग कमिसनसंगको सह-निर्माणमा ३ वटा विभिन्न विषयका वृत्तचित्रहरू अंग्रेजी भाषामा तयार गरेको छ। "मनको बांध" गाउँले जीवनमा आधारित सामाजिक चलचित्र थियो भने "कुमारी" पौराणिक अन्धविश्वासलाइ तोड्ने सहरिया जीवनमा आधारित चलचित्र हो। त्यस्तै यस संस्थानबाट निर्माण भएका वृत्तचित्रहरूले संस्थानलाइ आर्थिक टेवा दिएका छन् भने समाचार चित्रहरूले नेपालीको राष्ट्रिय स्तरका चाहाड पर्वहरू, लोकसंस्कृति र राष्ट्रिय स्तरका महत्वपूर्ण गतिविधिलाइ जनसमक्ष ल्याउन सफल भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्थानले विभिन्न कार्यालयहरूका लागि तिनीहरूको वृत्तचित्रहरू निर्माण गरिदिने गरेकोमा संस्थानलाइ केही आर्थिक लाभ भइरहेको छ। हालसम्म संस्थानले उद्योग विभाग, परिवार नियोजन, वन मन्त्रालय, सी. सी. एफ. कार्यालय, शाही सेना, टक्सार विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, भू तथा जल संरक्षण विभाग र सूचना विभागको लागि वृत्तचित्र निर्माण गरिदिइसकेको छ। संस्थानको स्थापनाकालदेखि हालसम्ममा संस्थानले काठमाडौं उपत्यका तथा अधिराज्यका अन्य भागमा रहेका विभिन्न चलचित्र घरहरूमा संस्थानद्वारा निर्मित कथानक चित्र, वृत्तचित्र एवं समाचार चित्रहरूको यथासम्भव नियमित रूपमा प्रदर्शन गरेको छ।

चलचित्र निर्माणको लागि आवश्यक कुराहरू हुन् चलचित्र सम्बन्धी प्रशिक्षित प्राविधिज्ञहरू, उपकरणहरू, प्रशोधनको लागि प्रशोधनशाला र स्टुडियो। यस सन्दर्भमा संस्थानले आवश्यक प्राविधिज्ञहरूलाइ प्रशिक्षण दिएको छ, फिल्म प्रशोधनशालाको निर्माण गरी यसमा जडान गरिने प्रशोधन सम्वन्धी उपकरणहरू उपलब्ध गरेको छ र स्टुडियोको निर्माण निकट भविष्यमै सम्पन्न गर्ने भएको छ।

देशमा चलचित्र उद्योगको विकास गर्ने सिलसिलमा बाह्य क्षेत्रलाइ प्रोत्साहन गर्नको लागि कोरा फिल्म तथा उपकरणको सहुलियत र प्राविधिक सहयोग दिने व्यवस्थाको लागि संस्थानले पाइलो चालिरहेको छ। साथै विदेशमा बनेका स्तरीय चलचित्रहरू झिकाई तिनको व्यवस्थित वितरण एवं प्रदर्शन गर्नेतर्फ पनि संस्थान प्रयत्नशील छ।

शाही नेपाल चलचित्र संस्थानले गत ६ वर्षको अवधिमा जे जति गर्न सक्यो त्योभन्दा बढी पनि गर्न सक्थ्यो होला, तर संस्थानले यति मात्र गर्न सक्नुको कारण हो यसको सीमित साधन। तर दिनप्रति दिन यसको गतिविधिमा भएको प्रगतिको पृष्ठभूमिमा हेर्दा यसले निःसन्देह एउटा कुराको संकेत गर्दछ–त्यो हो भविष्यमा संस्थानले नेपाल र नेपाल नेपालीको लागि चलचित्रको माध्यमबाट गर्न सक्ने प्रभावकारी सेवा।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय र अन्तर्राष्ट्रिय

ताजा खबर थाहा पाउन

तथा

सामयिक विश्लेषणात्मक लेखहरू पढ्नको

लागि

दी राइजिङ्ग नेपाल

(अंग्रेजी दैनिक)

पढ्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

[illegible] २००

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधि-
सित परिचित हुन

नेपालको सबभन्दा पुरानो र जेठो समाचारपत्र

'गोरखापत्र' पढ्नोस् !

साहित्यिक रसास्वादनका लागि

मधुपर्क

साह्रै सस्तो भइकन उच्चस्तरीय पनि छ ।

गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं ।

फोन– ११७४८, १५६२८, १५५३५
१५८११, १३९०२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारको

शुभ जन्मोत्सवको उपलक्ष्यमा

भक्तिपूर्वक शुभ कामना चढाउँछौं !

विशुद्ध कत्था र कच्छका निर्माता

नेपाल उड् एण्ड एलाइड इन्डस्ट्रिज् प्रा० लिमिटेड

श्रीपुर : वीरगञ्ज

कारखाना : परवानीपुर, वीरगञ्ज फोन नं. २०४० र २२९१

रूप-रेखा २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनीत शुभ जन्मोत्सवको उपलक्ष्यमा

श्री ५ महाराजाधिराज सरकार

को

जुनाफमा

सभक्तिपूर्वक मंगलमय कामना

चढाउँदछौं !

नेपालको नव निर्माणमा पूर्ण सक्रिय

शर्मा एण्ड कम्पनी

खिच्चापोखरी, काठमाडौं।

(फोन नं० १२०२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढ्नुपर्ने पुस्तक

Books To Be Read

Sharda Prakashan Griha is proud to announce a series of books in English and Nepali about Nepal:

The books out already and those in preparation are as follows.

Out already-

H1 - Nepal After the Revolution (Vol 1)	Kaiser Bdr. K. C.
H2 - Nepal After the Revolution (Vol 11)	Kaiser Bdr. K. C.
F3 - The Red Temple	Mani Dixit
C4 - Two Towards Kantipur	Mani Dixit
F5 - Nothing Greener	Greta Rana
F6 - Distant Hills	Greta Rana
S8 - Those Were the Days	Lt. Col. Ina Shumsher Rana
	Mani Dixit
+ एफ एन – भावना	तोयनाथ पौडेल

In preparation–

F7 - The Occult Seeker	J. Raj
F9 - Right As It Is	Greta Rana
एफ एन - कुमारी	विजय मल्ल

शारदा प्रकाशन गृह
SHARDA PRAKASHAN GRIHA
Post Box No. 1261
Kathmandu, Nepal
Tel; 13-346 11-268, 13-746.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—डा. चन्द्रप्रसाद गोर्खाली

समाजको विकास र विज्ञान

मानव जातिको बढ्दो आकांक्षा, सूक्ष्म अनुभूति तथा स्वतन्त्र चिन्तन प्रवाहसंगै द्रुततर गतिले परिवर्तन भइरहेको स्थितिमा मानव--समाज र हामी पनि कतातिर र किन लम्किदै छौं भन्ने प्रश्नमाथि बिसौं शताब्दीको यस अन्त-कालमा जे जति व्यापक रूपमा चर्चा गरिंदै छ, सो सायद अघि कहिल्यै भएको थिएन । विद्यमान सामाजिक स्थितिमा भैरहेको परिवर्तनको गतिलाइ संकेत गर्दै डेभिड सार्नोफले यसरी बताएका छन्—'सन् २००० सम्ममा मानव जातिले यस संसारवाट भोकलाइ निर्मूल पार्ने, आफ्नो आयु १०० वर्षसम्म लम्ब्याउने र पैतृक गुणलाइ वदल्ने गरी प्राविधिक क्षमता हासिल गर्नेछ । मानिसको उर्जा स्रोत तथा कच्चा पदार्थ असीमित रहने छ र यस्तै गरी सन् १९८० भित्र बिजुली र उर्जा हावा जस्तै बिना मूल्य प्राप्त हुने छ ।'

उपर्युक्त कथनलाइ साकार पार्ने प्रयासमा मानिसले विज्ञान र प्रविधिको बढ्दो विकास र उपयोग गर्दै पनि छ । बिगत ३०० वर्षको अवधिभित्र मानिसले हासिल गरेको प्राविधिक प्रगतिद्वारा मानव समाज क्रमशः श्रम तथा रोगवाट मुक्त भै सुरक्षित जीवन व्यतीत गर्दैछ । अर्थात् कृषि क्षेत्रमा विभिन्न मेसिनरी औजारको प्रयोग, चिकित्सा क्षेत्रमा अधिकांश महामारी फैलाउने रोग-व्याधीको उपचार तथा यातायात सञ्चारको साधन बनाउनेतर्फ भएको महान् प्रगतिले गर्दा मानिसले बढो सुविधापूर्ण जीवन बिताई आधुनिक सभ्यता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को सिर्जना गर्न सक्षम भएको छ। आजको यो स्थितिमा पुग्न मानव जातिले विज्ञान र प्रविधिबाट निकै सहयोग प्राप्त गरेको छ। उक्त कुरा विज्ञान र प्रविधिको विकासको इतिहासबाट स्पष्ट हुन्छ।

प्राचीन युगमा मानिस आफ्नो पोषण र सुरक्षाको लागि पूर्णतः प्रकृतिमाथि निर्भर रहन्थ्यो। ऊ जङ्गलमा उम्रने वनस्पति, फलफूल तथा वन्य जन्तु मारेर जीविका चलाउँथ्यो, जङ्गलकै पात बोक्रा अनि मरेका पशुपक्षीको छाला, रौं, प्वाँख आदिबाट निर्मित लुगाले आफ्नो जिउ ढाकेर गर्मी, सर्दी र चोटपटकबाट बचेर रहन्थ्यो। अनि प्राकृतिक ढुङ्गे ओडारभित्र बास गरेर वर्षा, घाम, आँधी-बेरी जस्ता प्रकोप तथा हिंस्रक जीव-जन्तुबाट सुरक्षित रहन्थ्यो। तर ऊ आफ्नो लागि जुनसुकै पनि काम गर्दथ्यो ती सबै काममा आफ्नै बाहुबल अर्थात् हातखुट्टाको प्रयोग गर्नु पर्दथ्यो। सूर्यको ताप र प्रकाश नै मानिसको लागि एक मात्र सुलभ उर्जा प्राप्त थियो। तर, मानिसले आफुलाइ पूर्णतः प्रकृतिको नियन्त्रणमा राख्न चाहेन। तर एक चिन्तनशील प्रतिभाशाली प्राणी भएको हुनाले ऊ प्रकृतिप्रति रहेको अधिक निर्भरतावाट आफुलाइ मुक्त पार्ने प्रयासमा निरन्तर लागेको थियो यस क्रममा ढुङ्गाको काट्ने र चिर्ने काममा प्रयोग गरिने भाला, चक्कु आदि हतियार तयार गरियो र ढुङ्गा घोटेर आगो निकालियो, जसवाट घाँस, पात, दाउरा आदि बालेर आफुलाइ न्यानो पार्ने तथा हिंस्रक जन्तुवाट जोगाउने काम हुन थाल्यो। आगोको निर्माण तथा ताप शक्तिलाइ नियन्त्रण गर्ने क्षमताको विकास भएपछि आगोको प्रयोग सुरु भयो। सो साथै, मानव सभ्यता पनि प्रारम्भ भएको मानिन्छ।

प्रकृतिमाथि विजय हासिल गर्ने क्रममा मानिसले धर्मलाइ अपनाएर आत्म-संयम, आत्मविश्वास र आत्म-समर्पणको अमूल्य गुण ग्रहण गरेको थियो। प्रकृति नै मानिसको सुख, सुविधा र सम्पन्नताको स्रोत हो भन्ने कुरा प्राचीनकालदेखि स्पष्ट रहेको छ। तसर्थ मानव सभ्यताको इतिहास नै प्रकृतिमाथि विजय प्राप्त गरी तिनको शक्ति र स्रोतको अधिकतम परिचालन गर्ने प्रयास र प्रक्रियाद्वारा परिपूर्ण रहेको छ भन्नु पनि अत्युक्ति देखिदैन। एकातिर आत्म-विश्वास हासिल गर्नका लागि मानिसले देवी देवता, असूर, भूत-प्रेत जस्ता काल्पनिक शक्ति स्रोतमाथि विश्वास गर्दै विभिन्न धर्मको स्थापना र परिपालन गर्दै थिए भने अर्कोतिर आफ्नो सीप वृद्धि गरेर सुख-सुविधाको लागि अनेकौं उपकरण आविष्कार गर्दै पनि थिए—अर्थात् खाद्य वस्तुलाइ पकाउने, पशुपालन गर्ने, परिवारमा रहेर शिक्षा-दीक्षा दिने आदि महत्वपूर्ण प्राविधिक, सामाजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र राजनैतिक क्रियाकलापको पनि थालनी भएको थियो। जङ्गलको कमी हुँदै जाँदा मानिसले नदीको किनारमा आई कृषिको पेसा सुरू गरेको थियो। कृषि कार्यको लागि बाली लगाएर नकाटुन्जेल एकै ठाउँमा बस्न अनिवार्य भयो र यसको साथै जग्गा जोत्ने, रोप्ने, काट्ने, चुट्ने र अन्नबाली थन्क्याउने अनि एक ठाउँबाट अर्को ठाउँमा सार्ने, आफु बस्नको लागि घर बनाउने इत्यादि सैकडौं आवश्यकता देखा पर्न थाले। वास्तवमा कृषि पेसा अपनाएर नै मानव जातिले प्रविधिको माग सिर्जना गरेको थियो। हुन पनि आविष्कारको मूल स्रोत आदेश हैन, आवश्यकता नै हुन्छ। र कुनै पनि आवश्यकताको निर्माण वा सिर्जना सामाजिक आकांक्षा र अनुभवले गरेको हुन्छ। कृषि पेसा अपनाएर खेतमा सपरिवार भै एकै ठाउँमा रही जीवन व्यतीत गर्न थालेपछि, वास्तवमा ग्रामीण समाजको निर्माण थालिएको थियो। खेती गर्ने कामको लागि पशुपालन, भवन निर्माण, बाँध–नहर र पोखरीको निर्माण, पाङग्राको प्रयोग आदि सुरू भएको थियो।

प्राचीन कृषिमूलक मिश्री र मेसोपोटोमियाली सभ्यताको विकास यसै क्रममा भएको थियो ४००० बी. सी. को प्रथम ढुङ्गाको तराजु भेट्टाइएको छ भने प्रथम ढुङ्गाको पाङग्रा ३२०० बी. सी. मा निर्मित भएको मानिएको छ। यस्तै सबभन्दा पुरानो हलो २००० बी. सी. मा बनेको थियो। युनानी सभ्यता-कालमा मानिसको चिन्तन शैलीमा ठुलो परिवर्तन देखा पऱ्यो। स्वतन्त्र चिन्तनको प्रक्रियामा धार्मिक विश्वास मात्र पर्याप्त नठानी ब्रह्माण्ड र प्रकृति-बारे दार्शनिक विवेचनाहरूको प्रस्तुतिकरण सुरू गरियो। टलेमीको ज्योतिष विज्ञान, युक्लिड्को ज्यामिती, र पाइथागोरासको गणित देखा पऱ्यो। यस कालमा 'पश्चिमी जगत्मा' विशेषतः ब्रह्माण्ड र भौतिको विषयमा निकै गहिरो चिन्तन थालिएको बुझिन्छ। तर, आर्कमिडियस बाहेक कुनै पनि वैज्ञा-निकले आफुलाइ दार्शनिक नै मानेको थियो। यसरी कालीगढीको कामलाइ निम्नस्तरीय पेसा मानिन्थ्यो। तर, वास्तवमा जनसाधारणको लागि गृह-निर्माण चिकित्सा, सेवा, आदि काममा कालीगढ नै सक्रिय रहन्थे। यसरी जनसाधारण-लाइ शारीरिक श्रमबाट मुक्त गरी पाङग्रा सहितका पारवहन यन्त्र वा बोक्ने सामान, पानीको धार र हावाको वेगले चल्ने घट्ट आदिको निर्माण तत्कालीन कालीगढद्वारा भएको थियो।

मिश्र राज्यमा वर्षेनी नाइल नदीले जमीन खियाउँदै लैजाने हुँदा त्यहाँका किसानहरूलाइ आफ्नो खेत वर्षैपिच्छे नापी गर्नुपर्ने कारणले ज्यामिती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पृथ्वीको नाप कार्य) थालियो भन्ने कसाईको पशु काट्ने काम र विभिन्न देवी देवतालाइ बलि चढाउने प्रक्रियामा विभिन्न अङ्ग छुट्याउनुपर्ने भई शरीर रचनाको अध्ययन सुरू गरियो । यसरी प्राचीनकालमा प्रविधिको प्रक्रिया मानिसको धार्मिक एवं सांस्कृतिक पृष्ठभूमिमा मात्र सम्भव थियो ।

सन् ४०० तिर रोम साम्राज्यको पतन भएपछि युरोपमा विज्ञानको अन्धकारयुग सुरू भयो । त्यसपछि करिब ८ सय वर्षसम्म प्रविधिको विकास मुख्यत: अरबेली तथा एसियाली मुलुकहरूमा सीमित रहेको थियो । उक्त मध्य युगकालमा चिकित्साशास्त्र, गणित र रसायन शास्त्रको क्षेत्रमा अरबेली वैज्ञानिकहरूले केही अति महत्वपूर्ण प्रविधि विकास गरेका थिए । तीमध्ये युनानी चिकित्सा प्रणाली र बीज–गणित प्रमुख हुन् । सन् ८५० मा चीनमा बारुदको आविष्कार र भारतमा शून्य अङ्कको प्रयोग गरिएको थियो । पूर्वीय गणित, रसायनशास्त्र र चिकित्सा प्रकृति सम्बन्धी ग्रन्थहरू (पश्चिमका बेपारीहरूद्वारा भित्र्याइएका)सन् १२०० तिर ल्याटिन भाषामा अनुदित भै पश्चिमी जगत्मा देखा परेका थिए । सो समयदेखि प्रविधि र विज्ञानका पुनर्जागरण सुरू भयो। बाह्रौं शताब्दीमा व्यापारको वृद्धि निकै भएको थियो र यसको लागि कम्पास र घडीको प्रयोग त्यही वेला गरियो । वैज्ञानिक पुनर्जागरणको थालनी सन् १५४३ मा प्रस्तुत कोपर्निकसको सूर्य केन्द्रित ब्रह्माण्डबारे क्रान्तिकारी सिद्धान्तद्वारा गरियो । यस धारणाको आधारमा पृथ्वी तथा अन्य ग्रह सम्बन्धी नियम पत्ता लगाउने लामो अभियान सुरू भएको थियो । सो अभियानको क्रममा ग्यालिलियो, केपलर र न्युटन देखा परेका थिए । प्राविधिज्ञहरू सबै जसो श्रमजीवी नै रहेको हुनाले ती शासक वर्गद्वारा शोषित नै रहे । तर युरोपमा जब पादरी र पुरोहितले मुलुकलाइ शत्रुबाट बचाउन सकेन वा शत्रुमाथि विजय प्राप्त गरेर नयाँ मुलुकमा व्यापार बढाउने राजनैतिक आर्थिक क्रियाकलापमा कालिगढको ठूलो भूमिका देखा पर्‍यो । श्रमको प्रतिष्ठाको पुन: स्थापनाले गर्दा नै आखिर सत्रौं शताब्दीमा यस विश्वमा वैज्ञानिक क्रान्ति चल्यो । सत्रौं र अठारौं शताब्दीमा कृषि, स्वास्थ्य, निर्माण, यातायात, सञ्चार, उद्योग जस्ता आर्थिक पक्षमा नयाँ नयाँ सम्भाव्यता सुधार देखा पर्न थाले । विशेषत: बढ्दो उद्योग र व्यापारको आधारमा उपनिवेशवाद र साम्राज्यवादको लहर पनि अठारौं शताब्दीदेखि सुरू भएको थियो । सन् १७६४ मा हार्ग्रिब्सको धागो बुन्ने बेत्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र सन् १७८८ मा जेम्स वाटको वाफ–इञ्जिन आविष्कार गरियो । नभन्दै अठारौं शताब्दीमा औद्योगिक क्रान्ति सुरू भयो । वैज्ञानिक क्रान्तिको पूरक स्वरूप देखा परेको औद्योगिक क्रान्तिले मानव समाजको स्वरूप र भविष्यमा ठूलो उथल–पुथल ल्याइदियो ।

ठुलठुला कारखाना देखा पर्न थाले जहाँ गाउँबाट श्रमिकहरू ओइरिन थाले । यसरी सहरको निर्माण हुन थालेपछि परम्परागत कृषिमूलक आत्मनिर्भर परिवारहरू सहरभित्रका कारखाना, पसल, कार्यालय आदिभित्र हराउन थाले ।

अर्को कुरा, औद्योगिक क्रान्तिपछि उपनिवेशवादको उत्थान भएको थियो । समुद्रपार गई व्यापारमा वृद्धि गर्नका लागि युरोपेली व्यापारी राष्ट्रहरूले एसिया र अफ्रिकामा आफ्नो उपनिवेश बनाउन थाले । उपनिवेश क्षेत्रमा नयाँ नयाँ प्रविधिको प्रयोग गरी उपभोग्य वस्तुहरू निर्माणका लागि विभिन्न कच्चा पदार्थहरू निकाल्न थालियो । यसरी औद्योगिक क्रान्तिपछि सुरू भएको उपनिवेशवादलाइ पश्चिमी प्रविधिवाट १९ औं शताब्दीमा अझ बढ्दो सहयोग पुग्न गएको थियो । १९ औं शताब्दीमा विद्युतशक्ति र भूमिगत इन्धनको प्रयोग सुरू भयो । मानिसलाइ श्रमबाट मुक्त गराउने केही क्रान्तिकारी आविष्कारमध्ये सन् १८०१ को स्वचालित लुगा बुन्ने तान, सन् १८५० को सिमेण्ट, सन् १८६३ को विजुलीद्वारा चल्ने जेनेरेटर, सन् १८६७ को डाइनामाइट र सन् १८९५ को डिजेल इन्जिन आदि थिए ।

सन् १८४० को रेल यातायातको आगमनपछि सहरीकरणको दोस्रो चरण देखा परेको थियो । यति मात्र हैन, पश्चिमका पूँजीगत राष्ट्रहरूमा वैज्ञानिक अनुसन्धान र शिक्षामा प्रचूर मात्रामा अभिवृद्धि हुन सकेको थियो । जसको फलस्वरूप खेतीबाट मुक्ति दिलाउने कृत्रिम रेसम वा रेयन (सन् १८८४)-मा र कृत्रिम रबर (सन् १८४१) मा तयार हुन सकेका छन् । यसरी अठारौं शताब्दीको महान् औद्योगिक क्रान्तिपछि मानव समाजको आवश्यकता मात्र पूर्ति गर्ने नभै विज्ञानले समस्त सामाजिक स्वरूप र चिन्तन शैलीमाथि ठुलो प्रभाव पारेको छ । सुरूमा खास आवश्यकताको पूर्ति गर्नको लागि अवहेलित कालीगढको हातबाट सिर्जित प्रविधिले मानव समाजलाइ आफ्नै माग अघि सार्दै एक महत्वपूर्ण मोडमा ल्याएर उभ्याएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिसौं सताब्दीको प्रारम्भदेखि "दोस्रो औद्योगिक क्रान्ति" भएको हामी देख्दैछौं। कैयौं पश्चिमी राष्ट्रहरूमा सहरीकरण एक भयंकर विस्फोटको रूपमा देखा परेका छन्। दुई विश्वयुद्धको तितो अनुभवपछि हामीले विज्ञानलाइ धिक्कार्न पनि थालेका छौं। यस शताब्दीमा इन्जिनद्वारा संचालित वायुयान (१९०३ मा), प्लाष्टिक (१९०६), नाइलन (१९३१), डी. डी. टी (१९४०) पेनिसिलिन (१९४२) र टेलिभिजन आदि कैयन औषधी, यातायात र सञ्चारका साधन आविष्कार गरिए। यस्तै ट्रैक्टर र अक्सिजनद्वारा सञ्चालित रकेट (१९२६), टेलिभिजन (१९२६) मा देखा परे।

अणु-शक्तिको प्रयोग तथा भू-उपग्रहहरूको प्रक्षेपण कार्य पनि थालियो। दोस्रो महायुद्धपछि सुपरसोनिक वायुयान (१९४७), ट्रान्जिस्टर (१९४८), विद्युत कम्प्युटर (१९५०) र प्रथम भू-उपग्रहको प्रक्षेपण (१९५७) मा भएको छ। बिसौं शताब्दीमा विद्युतीकरणीय मेसिनरीको प्रयोगले गर्दा मानिसले केही हदसम्म आफ्नो निर्णय प्रक्रियालाइ पनि स्वचालित मेसिनको भरमा छोड्न थालेका छन्। यी मेसिनरी औजारका निर्माणबारे चिकित्सा एवं कृषितर्फ अनेकौं गहनतम अनुसन्धान कार्यहरूको फलस्वरूप मानिसले रोग र भोकबाट मुक्त हुन सक्ने भएका छन्।

यसरी आज प्राविधिक औजारको प्रयोग गरी मानिसले प्राकृतिक र मानवीय शक्ति स्रोतको अधिकतम प्रयोग गर्दछ।

आजको स्थितिलाइ मानिस आफैंले पनि विभिन्न दृष्टिले हेर्दछ। अर्थात् आकांक्षा, आवश्यकता र उपलब्धिको उर्मिलदो चक्रव्यूहमा भौंतारिएको मानवले भौतिक सुख सुविधाको आधार प्राप्त गरेर पनि मानसिक पीडा, भयंकर युद्ध, र कलह भोगेकै छ। अनि भोलिको लागि उसले जे जति पनि आशा र त्रास बोकेको छ, ती सबै अनुभूतिको पछाडि २५०० वर्षभन्दा लामो अवधिसम्म आफैंले सिर्जना गरेर पोषण र परिमार्जन गर्दै ल्याएको विज्ञान र प्रबिधि नै यसको मुख्य कारण बन्न आएको छ।

आज एकातिर अठारौं शताब्दीको औद्योगिक क्रान्तिको लगत्तै पछि देखा परेको उपनिवेशवाद र साम्राज्यवादले पूँजीवादी समाजको विकासमा

रूपरे-खा २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहयोग पुऱ्याउँदैछ भने अर्कोतिर अविकसित तेस्रो विश्वका जनता प्रविधि र बजारको कमीले गर्दा क्रान्ति र समाजको बाटो अँगाल्दैछन् ।

धर्म र दर्शनको एक अभिन्न व्यावहारिक पक्षस्वरूप मानव जातिको स्वतन्त्रता एवं सुविधाको लागि ग्रहण गरिएको विज्ञानले आज बिसौं शताब्दीको अन्त्यतिर ती दुवैभन्दा बढी महत्वपूर्ण, व्यापक एवं वरिष्ठ रूप लिइसकेको छ । सायद यही कुराले पनि मानव समाज अलिकति पीडित भएको छ । यसो हुनुको कारण, एकातिर भू-गर्भभित्र पाइने प्राकृतिक स्रोतको द्रुततर उपभोग गर्दै भू-वातावरणलाइ दूषित बनाइँदैछ भने अर्कोतिर पूंजी र श्रमको बिच, प्रविधिको अत्यधिक विकासले गर्दा. सम्बन्ध नै टुटेको छ । फलस्वरूप विकसित र अविकसित मानव समाजका बिच ज्यादै गहिरो रिक्तता, असमझदारी र अविश्वास बढ्दैछ । अर्को कुरा, मानिसले जति जति बढी स्वचालित यन्त्र तथा कृत्रिम वस्तुको उत्पादन बढाउँदै आफ्नो स्वाभाविक आवश्यकताबाट मुक्त हुँदै आएको छ, उत्तिकै मात्रामा मानिसको कृत्रिम प्रविधिजन्य आवश्यकताहरू पनि बढ्दै छन् ।

आज मानव समाजले एक नयाँ लक्ष्य पत्ता लगाउनुपरेको कुरालाइ जनाउँदै जे. एलुलले गत एक शतकभित्रमा मानिसले आफ्नो सम्पूर्ण क्रियाकलाप के को लागि र कतातिर जानको लागि भैरहेको छ, भन्ने कुरालाइ समेत बिर्सेको जस्तो देखिन्छ भनी बताएका छन् । र साथै आजको स्थितिमा प्रत्येक घटना कुन प्रकारले घट्दै गरेको देखिन्छ भने हामीसंग भएको बढ्दो साधनले गर्दा हाम्रो लक्ष्य नै गायब भएको छ । आजको समाजमा देखा परेको विषय स्थितिको कारण विगत वर्षमा हामीले सोच्दै नसोचेको ढङ्गले विज्ञानले हाम्रो प्रत्येक क्रियाकलापमाथि दबाब र नियन्त्रण राखेकोले नै हो । तसर्थ विश्वको सामाजिक विचलन र विज्ञान हातेमालो गर्दै अघि बढ्दै जानु कुनै अचम्मको कुरा हैन । मानव समाजमाथि विज्ञानको दोहोरो प्रभावबारे अर्नेस्ट गेलनरले एकातिर वैज्ञानिक सिद्धान्त र पद्धतिले केवल मानव समाजको आवश्यकता पूर्ति गर्न र मानवको भविष्यमाथि नियन्त्रण गरेको मात्रै हैन एक प्रकारले बेइज्जति र व्याकुलता पनि ल्याएको छ भनी बताएका छन् । यस्तै, वातावरणवाद, प्रविधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरोध तथा प्रकृतिवाद आदि नयाँ विचारधारा पनि पश्चिमी जगत्‌मा निस्केका छन् । धनी मुलुकहरूमा विगत एक सय वर्षभित्र भएको उत्पादन उपभोगको चरम वृद्धिले गर्दा वातावरण दूषित भै पृथ्वीको अधिकांश भाग यस शताब्दीको अन्तसम्ममा बस्न योग्य नहुने कुराको संकेत पाइन्छ । अनि गरिब राष्ट्रहरूमा पूँजी, प्रविधि र बजारको कमीले गर्दा आत्मनिर्भरता, शान्ति र सुरक्षाको भावना घट्दै आएको छ । उपयुक्त विकृत परिस्थितिले धनी–गरिब दुवै चिन्तित भएका छन् । र आज देखा परेका विभिन्न समस्याहरूको समाधान विकसित र विकासोन्मुख राष्ट्रहरू बिच विश्व भ्रातृत्वको आधारमा आर्थिक, सामाजिक असमझदारीलाइ हटाएर गरिब राष्ट्रहरूको प्राविधिक क्षमता बढाउन सकेमा मात्र सम्भव देखिन आएको छ । यस्तै मानव जातिले प्रविधि र विज्ञान द्वारा प्राचीनकालमा भविष्यमा पनि सुख-सुविधापूर्वक प्रतिष्ठित जीवन यापन गर्न सक्ने कुरामा पनि कुनै सन्देह रहँदैन ।

जाउलाखेल, पाटन ।

०

ज्ञान लिपिबद्ध भई शास्त्र बन्न थाले । तारा र ग्रहहरूको निरीक्षण गरियो । शरीरका गतिविधिहरू केही बुझियो । प्रकृतिलाइ जीवित जन्तुहरूको रूपमा देख्ने बानी क्रमशः छुट्दै गयो । झारफुक र आदिमा नाल प्रार्थनाको सट्टा रोगहरूको कारण र वनस्पति तथा आज पदार्थहरूको औषधीय गुण पत्ता लगाउन थालियो । पशु चरित्र भएका आदिम देव देवता, भूत पिशाच आदिका सट्टा मानवीय गुण भएका देवी देवताहरूको कल्पना गरियो । टाउको र तात्तातो रगत चढाउन सट्टा फूल, नैवेद्य, धूप, पञ्चगव्य आदिको चलन आयो । आयुरारोग्य, धन सम्पत्ति, शत्रुनाश, जुवामा जीत, ग्रह शान्ति, सुखको स्थायित्व र मरेपछि पनि कन् सुख पाइने ठाउँ स्वर्गका लागि प्रार्थना गर्न थालियो ।

गोविन्दप्रसाद लोहनी : विज्ञान र प्रविधि, मानवको इतिहास तथा भोलिको संसार–(रूप-रेखा २६ : असार २०२०)

२८१–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेशनल ट्रेडिंग लिमिटेड-एक परिचय

श्री ५ को सरकारले मित्र राष्ट्रहरू गणतन्त्र चीन र सोभियत संघबाट नेपाल अधिराज्यको विकास कार्यलाइ वस्तुगत तथा ऋण सहायता अन्तरगत प्राप्त हुने मालसामानहरूको विधिवत् सञ्चालन गर्न एउटा छुट्टै संस्था खोल्नुपर्ने आवश्यकता महसूस गरी २०१८ सालमा कम्पनी कानून अन्तरगत ने. ट्रे. लि. को स्थापना गराएको हो। ने. ट्रे. लि को प्रबन्ध पत्र अनुसार यसको मुख्य ध्येयहरू यस प्रकार छन्:— (१) व्यापारमा अभिवृद्धि गरी देशको आर्थिक व्यवस्थालाइ सुदृढ पार्नु (२) देशभित्र वस्तुगत मूल्यमा स्थिरता ल्याई बजार सन्तुलन गर्नु (३) अन्तर्राष्ट्रिय व्यापारमा विविधता ल्याउनु (४) श्री ५ को सरकार र विदेशी सरकारहरू विच सम्पन्न भएको व्यापार तथा आर्थिक सम्झौता अनुसार व्यापार सन्चालन गर्नु (५) नेपाल अधिराज्यभित्र तथा विदेशमा पनि शाखा कार्यालयहरू खोल्नु तथा एजेण्ट र विक्रेताहरू नियुक्त गरी मालसामान बिक्री वितरण गर्नु (६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेलामा भाग लिनु र व्यापारमा वृद्धि गर्नु।

वस्तुगत सहायता अन्तर्गत मालसामान प्राप्त गरी बिक्री वितरण गर्नुको साथै ने. ट्रे. लि. ले समुद्र पारका अन्य देशहरू तथा भारतबाट निर्माण सामग्रीहरू जस्तो फलाम, सिमेण्ट, कर्कट पाता, इत्यादि पैठारी गरी देशभित्रको विकास कार्यमा सहयोग पुऱ्याएको छ। विदेशबाट लत्ता कपडा, औद्योगिक तथा कृषि सम्बन्धी मेशिनरी र स्पेयर पार्टहरू, मोटरकार, साइकलहरू, औद्योगिक कच्चा पदार्थ, तथा अन्य उपभोग्य सामानहरू पैठारी गरी सुपथ मूल्यमा बिक्री वितरण गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो उद्देश्य पूर्तिको अनुरूप यसले सुरूमा केही सुगम स्थानहरूमा कार्यालयहरू खोली बिक्री वितरण गर्दथ्यो भने शनैः शनैः अनुभव र क्षमताको आधारमा कार्यालयहरूको संख्यामा वृद्धि गर्दै लगी स्थलगत भन्दा हवाइ मार्ग-बाट कम ढुवानी पर्ने दुर्गम पहाडी क्षेत्रहरूमा गरी अहिलेसम्म साना ठुला २२ कार्यालयहरू खोलिसकेको छ । ने. ट्रे. लि. ले आफ्नो केन्द्रीय कार्यालय काठमाडौंमा राखेको छ र त्यहींबाट सबै कार्यालयहरू सञ्चालन गर्ने गरेको छ।

ने. ट्रे. लि. ले आफुले पैठारी गरेका मालसामान सोझै बजारमा नपुन्याई बिक्रेताहरूद्वारा वितरण गराउँदछ ।

यस सम्बन्धमा ने. ट्रे. लि. ले छुट्टै बिक्रेता नियमावली बनाएको हुन्छ । बिक्रेताले पाउने कमिशन तथा अधिकारहरू इत्यादि नियमावलीमा उल्लिखित हुन्छन् । बिक्रेताको अतिरिक्त एजेण्टहरू नियुक्त भएका छन् । साझा भण्डार, साझा पसल सेवा तथा नेपाल महिला संगठन एजेण्ट हुन् ।

मूल्य निर्धारण गर्न एउटा छुट्टै मूल्य निर्धारण शाखा छ । अध्यक्ष तथा महाप्रबन्धकको अध्यक्षतामा मूल्य निर्धारण समितिले प्रत्येक वस्तुको बिक्री मोल निर्धारित गर्दछ ।

उपत्यकाभित्र तथा अधिराज्यका अन्य भागहरूमा यान्त्रिक सेवा पुऱ्याउन यन्त्र बिक्री तथा मर्मत केन्द्र, रामशाहपथमा खोलेको छ । यस केन्द्रले कृषि औजार, ट्र्याक्टर, धान कुट्ने मील, पिठो पिध्ने मील तथा तेल पेल्ने मील, यातायातको साधन जस्तैः—जीप, कार, मोटर साइकल, साइकल, स्कुटर र स्पेयर पार्टहरू र अन्य औद्योगिक मेशिनरीहरू अधिराज्यभरि बिक्री वितरण गर्दछ ।

ने. ट्रे. लि. को अधिकृत पूँजी ५ (पाँच) करोड, निष्काशित पूँजी ३ (तीन) करोड र चुक्ता पूँजी २४ (चौबिस) लाख छ ।

यसले २०३०।०३१ को ब्यालेन्स शीट प्रकाशित गरेको छ। २०३१।०३२ को ब्यालेन्स शीट पनि छिटै प्रकाशित हुने भएको छ । आफ्ना कामदार कर्मचारीहरूलाइ प्रोत्साहन स्वरूप बोनस वितरण गर्ने प्रथा पनि यसले अपनाएको छ ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा

—द्यारास श्रेष्ठ सम्भव

आधुनिक नेपाली कथा र 'रूप-रेखा'

'रूप-रेखा'-मा प्रकाशित कथाहरूले नेपाली कथा-परम्पराको प्रवाहमा खेलेको भूमिकाका बारेमा मूल्य निरूपण गर्ने प्रयास यस संक्षिप्त लेखमा गरिएको छ। यसो गर्नाका लागि मूलभूत निष्कर्षहरूको निरूपण गरी तिनलाई 'आइडेण्टिफाई' गर्ने विधि अपनाइएको छ। आधुनिक नेपाली कथाको इतिहासलाई आँखा सामुन्ने राखेर त्यसैको पृष्ठभूमिमा 'रूप-रेखा' का कथा र कथाकारका मूल-प्रवृत्ति निक्यौंल गर्ने, आफ्नो जीवनको लामो यात्रा-क्रममा यस पत्रिकाले उपलब्धि स्वरूप प्राप्त गरेका परम्परा-वृत्त रूपायित भर्ने जस्ता कुरामा ध्यान दिइएको छ। कथा-प्रकाशनकै सन्दर्भमा विचार गर्ने हो भने निश्चित समयमा पुगेर 'रूप-रेखा' को 'डिक्लाइनिङ फेज' पनि स्पष्ट दृष्टिगोचर हुन्छ। अतः सीमा औंल्याउने जमर्को पनि यस लेखमा छ।

सौभाग्य वा दुर्भाग्य जे भनौं आधुनिक नेपाली कथा (खास गरिकन प्रजातन्त्रोत्तर) ले कुनै आन्दोलनको फेरोमा पर्नु परेन। हामी के देख्छौं भने नेपाली कथाको जीवन-चक्र 'ग्यालोपिङ मोशन' मा गतिशील छ, एउटा यस्तो 'मोशन' जो विश्व-कथाको 'ट्रेण्ड' लाई भेट्न छिटो-छिटो पाइला चाल्दै छ। विश्वमा कथा विधाको बदलँदो परिदृश्य देखेर नेपाली कथा पनि त्यसैमा टाँसिने लोभ साँच्दैछ। 'बीसौं शताब्दी' लाई वाग्धारा बनाएर पाश्चात्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशको सन्दर्भमा नेपाली जीवनलाई हेर्ने दृष्टिको आयात गर्ने आधुनिक भना-इँदा कथाकारहरू देखापरे । कथानकलाई 'स्टोरी प्वाइजन' मान्दैमा मात्र वा कथामा शिल्पगत कला-प्रदर्शन गर्नाका लागि 'प्रयोग' का पछाडि अन्धाधुन्ध दगुर्दैमा मात्र पाश्चात्य बीसौं शताब्दी नेपाली कथा-संसारमा मौलाउन सक्छ भन्ने आधुनिक बिचार आयातित भयो । मैनाली-परम्पराका कथा 'आउट-डेटेड' मान्न बदलँदो कथा-धारण र युग-परिस्थितिले वाध्य गरायो । 'अप-टु-डेट' कथा मेशिनीकरणको प्रक्रियामा चल्न थाल्यो,. साँचो चाहिं डी. एच. लरेन्स. फ्रायड, सार्त्र, बेकेट सरोयान आदिबाट पैंचोका रूपमा मगाइयो । परिणाम-स्वरूप नेपाली कथाले 'ग्यालोपिङ मोशन' त लियो, तर पाठकको बोध-संकटले उग्र रूप लियो । पाठक धेरै पछाडि परे, परन्तु कथा-धारण र सिर्जन-प्रक्रिया रफ्तारमा अगाडि बढ्यो । पाठक र सर्जकका बीचको दूरत्व र रिक्तता आधुनिक नेपाली कथाका लागि ठूलो समस्याका रूपमा खडा छ ।

आधुनिक नेपाली कथालाई केवल जुठ्याउने धृष्टता मात्र यहाँ गरिएको होइन, केवल समस्यालाई वस्तुगत रूपले 'आइडेण्टिफाई' गर्ने प्रयास गरिएको हो । आधुनिक नेपाली कथाका स्तरीय विशिष्टताहरू पनि छन् । बीसौं शताब्दीका मानिस भएर बाँच्नुपर्ने नेपाली कथाकारहरूको 'एस्पिरेशन' हरू आधुनिक नेपाली कथामा छ । स्थिति र संस्कृतिलाई कथ्य बनाएर नेपाली कथाकारहरूले आधुनिक प्रवाहमा निजी गोरेटो पनि खनेका छन् ।

माथि चर्चा गरिएको आधुनिक नेपाली कथाका विभिन्न पक्षबाट 'रूप-रेखा' का कथालाई पृथक गर्न सकिँदैन । हाम्रो देश प्रजातन्त्र भएको दोस्रो दशकदेखि 'रूप-रेखा' ले कथा 'कन्ट्रिब्यूट' गर्न थालेको हो । यस दोस्रो दशक-देखि यताको नेपाली कथाको इतिहास निर्माण गर्न एक्लो 'रूप-रेखा' को मात्र योगदान छ भन्नु सम्भवतः असत्य लेखेको ठहरिएला, किनभने 'हिमाली', 'रचना', 'रत्नश्री', 'मुकुट', 'बिहान', बिम्ब', 'प्रतीक', 'सिउँडी' आदि जस्ता पत्रिकाहरूको योगदानलाई उपेक्षणीय मान्न एकदम सकिँदैन । 'शारदा'(१९९१)को स्थान 'रूप-रेखा' ले लिन सकेको देखिँदैन । तर निश्चयका साथ कति चाहिं भन्न सकिन्छ भने—

(१) आधुनिक नेपाली कथाका प्रमुख पुरस्कर्ताहरू 'रूप-रेखा' ले प्राप्त गर्न सकेको छ,

(२) केही कथा-प्रतिभा जन्माउन र स्थापित गर्न 'रूप-रेखा' सक्षम भएको छ,

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) 'क्लासिक–टाइप' का केही कथा छापेर 'रूप–रेखा'ले नेपाली कथा-इतिहासलाइ नै दिशा-दृष्टि दिएको छ,

(४) नूतन प्रतिभालाई निकै हदसम्म प्रोत्साहन दिनतर्फ यो पत्रिका सक्रिय छ,

(५) कथा विशेषाङ्क प्रकाशन परम्परालाई केही मात्र भए पनि अघि बढाउन यस पत्रिकाले प्रयास गरेको छ ।

(६) विदेशी कथासंग परिचित गराउन यस पत्रिकाले अनूदित कथा प्रकाशनमा पनि निकै सक्रियता देखाएको छ ।

अब यिनै निष्कर्षहरूको विवेचना गरौं ।

प्रजातन्त्रोत्तर नेपाली कथाको इतिहास निर्माणमा 'रूप-रेखा'को सहभागितालाइ नगण्य मान्न नसकिने विभिन्न कारणमध्ये एउटा हो–प्रमुख कथा-पुरस्कर्ताहरूका कृति यस पत्रिकाले पाठकलाई दिएको छ । 'शारदा'-कालीन केही कथाकारहरू [जस्तो बालकृष्ण सम, भवानी भिक्षु, तारिणीप्रसाद कोइराला, गोविन्द गोठाले आदि] संग समेत 'लिंक' जोडेर यस पत्रिकाले उत्तर-परम्पराको निर्माणमा धेरै-धेरै कथा-प्रतिभाहरू सुम्पेको छ; ती हुन्–पोषण पाण्डे, प्रेमा शाह, ध्रुवचन्द्र गौतम, सोमध्वज विष्ट, ईश्वरवल्लभ, मुरारी अधिकारी, टेकवहादुर पन्थी, कुमार ज्ञवाली, इन्द्रवहादुर राई, केकेम नुक्चो पोखरेल, वीरेन्द्र खँजेली, पारिजात, यज्ञप्रसाद आचार्य, शङ्कर कोइराला, जगदीश घिमिरे, विश्वम्भर चञ्चल, मदनमणि दीक्षित, कुमार नेपाल, भाउ पन्थी, परशु प्रधान, पुरुषोत्तम बस्नेत, दौलतविक्रम विष्ट, किशोर नेपाल, माधव भँडारी, विजय मल्ल, शङ्कर लामिछाने, पुष्कर लोहनी, रमेश विकल, धुस्वाँ सायमी, तेजप्रसाद सिटौला, खगेन्द्र संग्रौला, देवकुमारी, वसन्त सिटौला ध्रुव सापकोटा, देवेन्द्रप्रताप शाह, मनु ब्राजाकी, व० आ० कनकद्वीप आदि ।[१] यी कथा-प्रतिभाहरूमध्ये कतिले आजको परिप्रेक्ष्यमा जीवनका यथार्थ भोगाइको सन्धान आफ्ना कथामा गर्ने सिलसिलामा जीवनका विसङ्गति तथा विडम्बनाको प्रस्तुति गरेका छन् भने कतिले मानिसका 'क्रूसियल' स्थितिको सत्य, मानसिक तनाव र विषम परिस्तिथिको मर्म खोतलेका छन्, ती कथाकार हुन्-इन्द्रवहादुर राई, ईश्वर बल्लभ, पारिजात, किशोर नेपाल, मुरारि अधिकारी आदि । जीवनको विषाद र तीव्र सम्वेदनालाइ यथार्थ दृष्टिमा हेरी मानिसका

१. यी नामको यहाँ यादृच्छिक रूपमा दिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरम त्रासदी, अभावग्रस्त र निरीह जीवन बाँच्ने पात्रको मनका प्रतिक्रिया प्रस्तुत गर्ने कथाकारहरूमा रमेश विकल, हरिभक्त कटुवाल, ध्रुवचन्द्र गौतम, जगदीश घिमिरे, मदनमणि दीक्षित, भाउ पन्थी, शङ्कर लामिछाने, धुस्वां सायमी, ध्रुव सापकोटा, व० श्रा० कनकद्वीप, हरि अधिकारी आदिलाइ लिन सकिन्छ। मानिसका यौन वृत्तिका ग्रन्थी र यसका कार्यमूलक प्रेरणालाइ 'थीम' बनाएर कथा लेख्ने परम्परालाइ अगाडि बढाउने कथाकारहरूमा पोषण पाण्डे, प्रेमा शाह, कुमार ज्ञवाली, विश्वम्भर चञ्चल, परशु प्रधान, पुष्कर लोहनी, दौलत विक्रम विष्ट आदि अग्रगण्य छन्। श्रीधर खनाल, तेजप्रसाद सिटौला, यज्ञप्रसाद आचार्य, केकेम नुवच्यो पोखरेल, देवेन्द्रप्रताप शाह, भुवन कोइराला आदिका कथामा मानिसका अन्तः प्रवृत्तिको प्रस्तुती छ र कथा–चेतनाको 'कम्पोजिङ पावर' यिनमा समाहित छ। यसरी प्रवृत्तिमूलक विभिन्न कोणबाट 'रूप-रेखा'-मा देखा परेका यी कथा पुरस्कर्ताहरूको मूल्याङ्कन गर्दा आधुनिक नेपाली कथा–इतिहासमा महत्वपूर्ण पृष्ठ ओगटेको स्पष्ट देखिन्छ। यहाँ यो प्रसङ्ग निकाल्नाको कारण यी सबै कथाकारहरू केवल 'रूप-रेखा'-कै मात्र पेवा हो भन्ने धृष्टतापूर्ण आवाज निकाल्न खोजिएको होइन, किनभने यसो गर्दा निश्चय नै अन्य पत्रिका (मधुपर्क, रचना, रत्नश्री आदि) ले कथाका क्षेत्रमा दिएको योगदानका सम्बन्धमा गरेको ठहर्दछ। तर यहाँ भन्न खोज्नुको तात्पर्य कति मात्र हो भने यी कथाकारहरूको लोकप्रियताको वृद्धिका लागि 'रूप-रेखा'-ले गरेको प्रयास धेरै प्रशंसनीय छ।

परशु प्रधानको सबभन्दा पहिलो कथा "मेरो कोठाको आंखाबाट (सं० २०१९) 'रूप-रेखा'-मै छापिएको थियो र यसै पत्रिकामा छापिएका उनका "मृत्युको गन्धभित्र चियाको पानी" (सं० २०२२), 'फेरि आक्रमण' (सं. २०२४), "यौटा अर्को दन्त्यकथा' (सं. २०२७) राम्रा कथामध्येका हुन्। ध्रुवचन्द्र गौतमको सबभन्दा पहिलो कथा 'एक यात्रानुभूति' (सं. २०२०) यसै पत्रिकामा छापिएको थियो र यसै पत्रिकामा प्रकाशित उनका 'अँध्यारोको द्वीपमा' (सं. २०२२), 'अनि उसलाइ पनि... ..." (सं. २०२७), 'अनुमति दिनुहुन्छ ?' (सं. २०३३) राम्रा कथामध्येका हुन्। त्यसरी नै विश्वम्भर चञ्चलको 'कालो सुरुवाल' (सं. २०२०) सबभन्दा पहिलो कथा हो जो यसै पत्रिकामा छापिएको थियो' उनका राम्रा कथामध्येका 'कुमारी मरियाना र कामुक मांशपिण्डहरू' (सं. २०१५), 'मूर्दा घर' (सं. २०२७) यसै पत्रिकामा प्रकाशित छन्। 'रूपरेखा'-का ठेली पल्टाउँदा यस्ता उदाहरणहरू यथेष्ट दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । यहाँ नमूनाका लागि केही कथाकारहरूलाइ मात्र उदाहरण स्वरूप प्रस्तुत गरिएको हो जसबाट के प्रमाणित हुन्छ भने केही कथा–प्रतिभाहरू जन्माउन र तिनलाइ स्थापित मूल्य उपलब्ध गराउन यस पत्रिकाको परिश्रम मामुली छैन । कतिपय कथाकारहरू यही पत्रिकाका माध्यमबाट उत्कृष्ट कथा नेपाली साहित्यलाइ दिएका छन्; जस्तो पोषण पाण्डेको 'कृष्णदासको भित्ता घडी' (सं. २०१९), प्रेमा शाहको 'पहेंलो गुलाफ' (२०२१), ईश्वर वल्लभको 'आरुको फूल' (२०२२), मुरारि अधिकारीको 'पानी' (२०२७), टेकबहादुर पन्थीको 'हरियो फक' (२०२०), कुमार ज्ञवालीको 'सुबिदार्नीको सपना' (२०२१), ईन्द्रबहादुर राईको "हामी जस्तै मैनाकी आमा" (२०२१ । पारिजातको 'सोफिजम मेरो लोग्नेसंग कुराकानी' (२०२२), मदनमणि दीक्षितको 'रेनाताको ज्यूँदो चुल्ठो' (२०१९)' शङ्कर लामिछानेको 'अर्धमुदित नयन र डुब्न लागेको घाम' (२०२०) आदि । 'मास्टरपीस'-का रूपमा मानिसकिएका यी कथा-कृतिहरू नेपाली कथा–साहित्यको 'गतिशील विकास'-का परिचायक हुन् ।

'रूप–रेखा' ले आफ्नो जन्म (सं.२०१७) को प्रारम्भदेखि नै नयाँ पुराना, स्थापित–नूतन सबै प्रकारका कथा लेखकहरूबाट सहयोग र सह्रानुभूति प्राप्त गर्दै आएको छ । रमेश विकल, दौलतविक्रम विष्ट, सोमध्वज विष्ट, चिन्तनराज पाण्डे, यज्ञप्रसाद आचार्य जस्ता कथाकारका पाठक–समुदायले अन्य पत्रिका सरह यस पत्रिकामा पनि उत्कृष्ट कथाहरूको आस्वादन गर्दै आएका छन् । आफ्नो लामो जीवन-यात्रामा यस पत्रिकाले कथा-शिल्पको कुँदाइमा संलग्न कर्मीहरूका साथै कथा-क्षितिजमा नयाँ सम्भावना बोकेर आउने नूतन प्रतिभालाइ पनि प्रोत्साहन दिंदै आएको छ । योगेन्द्र तिमिल्सिना, केदार अमात्य, विजय कुँवर, केनाङ्ग, माया ठकुरी, अनिता तुलाधर, गोपाल पराजुली, विनोद अश्रुमाली, कृष्ण पाख्रीन, रामहरि पौड्याल, मनबहादुर मुखिया, ऋषिकेशवराज रेग्मी, शैलेन्द्र साकार, विजय सागर, अविरल स्थापित आदि कथाकारमा उज्ज्वल भविष्यको स्पष्ट छटा झल्किरहेको छ । आफ्नो कथा साधनालाइ नित सक्रिय तुल्याइराख्न सकेमा विनयकुमार कसजू, सुबोल गिरी, किशोर कुँवर, केदार पोखरेल, अच्युत दत्त, नारायणप्रसाद खतिवडा, कणाद महर्षि, शङ्कर सुब्बा फागो, भीष्मभूषण संग्रौला, विनोद दीक्षित, नरेन्द्रराज पौडेल आदि कथाका क्षेत्रमा नयाँ क्षितिज उघार्न सक्ने सम्भावना देखिन्छ ।

२०१९ साल वैशाख महीनामा 'रूप-रेखा'-ले 'कथा-विशेषाङ्क प्रकाशन-परम्परामा 'रूप-रेखा'लाइ जेठो चाहिं मान्न सकिंदैन, किनभने यसभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघि ने. सं. १९९७ को वैशाख महिनामा 'शारदा'-ले कथा-चिन्तनधारा प्रस्तुत गरिसकेको थियो. सं० २००८ (?) मा प्रकाशित 'उद्योग'-को 'लेखक परिचयाङ्क' यथार्थमा कथा-विशेषाङ्कके रूपमा सजि-सजाउ छ । यस पत्रिकाको मुखपृष्ठमै 'कहानी संग्रह' भनिएको छ र केशवलाल कर्माचार्य, शङ्कर कोइराला, तेजेन्द्रप्रताप, कृष्णप्रसाद चापागाइँ, सुरेन्द्रवहादुर शाह, शङ्कर लामिछानेका कथाका साथै तिनीहरूका संक्षिप्त आत्मकथा पनि छापिएको छ। यसपछि २०१४ सालको पौष-माघमा 'भारती'-ले 'आदर्श कथा-साहित्य अङ्क' प्रकाशित गऱ्यो। यसमा केही भारतीय कथाकारहरूका अनूदित कथाका साथै कथा सिद्धान्त विषयक निबन्धहरू छापिएका छन् । यसपछि मात्र यस परम्परामा पालो आउँछ 'रूप-रेखा'-को । यस पत्रिकाले प्रतिनिधिमूलक कथा-विशेषाङ्क बनाउने प्रयास निकै हदसम्म गरेको देखिन्छ । बालकृष्ण सम र भीमनिधि तिवारीका साथै रमेश विकल, हरिभक्त कटुवाल, सोमध्वज विष्ट, शङ्कर कोइराला, श्रीधर खनाल, पोषण पाण्डे, विजय मल्ल, परशु प्रधान, लोकेन्द्रराज शर्मा जस्ता प्रसिद्ध कथाकारका कथा यस अङ्कमा छापिएका छन् । नेपाली कथाको तात्कालिक परम्परा तथा रूपबन्धनको अध्ययन गर्न यो अङ्क निकै काम लाग्दो छ।

कथा अनुवाद गर्नाका विभिन्न प्रयोजनमध्ये एउटा हो मूल भाषाका कथाको स्वरूप, प्रवृत्ति र 'ट्रेण्ड' सङ्ग पाठकलाइ परिचित गराउनु । पाठकको मानसिक-बौद्धिक स्तर तथा क्षमताअनुसार यस्ता अनुदित कथाको प्रभाव पर्न गर्दछ । उच्च आकांक्षा राख्ने पत्रिका भएर होला सम्भवतः रूप–रेखा'-ले आफ्ना पाठकलाइ छिमेकका साथै विदेशका कथाहरू चखाएको छ । मोपासां, अलवर्टो मोराविया, टाल्सटाय, लू शुन, मार्क ट्वेन, चेखोव, गोर्की, प्योत्र पाम्लेङ्को, वोकाचियो, सरोयान, शेरउड एण्डरसन, अस्कर वाइल्ड, स्कल्ज, क्याथरिन म्यान्सफिल्ड, विट्ले, ग्रुत, हेमिंग्वे, बोरो, समरसेट माम, सुपरभिल, ब्रेको, गाल्सवर्दी, पेटाकी, नायोया, आदिका साथै खलिल जिब्रान, सुबोध घोष, इकबाल, अहमद, रवीन्द्र बर्मा, गजानन मुक्तिबोध, सैयद अब्दुल मालिक, प्रबोध कुमार सान्याल, ख्वाजा अहमद अब्बास, कैलाश, भारद्वाज आदिका कथा समय–समयमा यस पत्रिकाले छापेको छ ।

'ग्राफिक' तालिकामा 'रूप-रेखा'-का कथालाइ राखेर घोरिंदा सामान्यतया सं० २०१८ देखि २०२१ सम्म सुनौला-काल रहेको स्पष्ट देखिन्छ । गुण मात्र होइन कि परिमाणका आधारमा हेर्ने हो भने पनि यस चार वर्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवधिमा करीब ३ दर्जन राम्रा कथाकारहरू देखा परी राम्रा कथाद्वारा कथा साहित्यलाइ समृद्ध तुल्याएको स्पष्ट देखिन्छ । त्यसो ता सं. २०२१ भन्दा यता पनि प्रत्येक वर्ष यस पत्रिकाले एकाध राम्रा कथा-शिल्पीहरू प्राप्त गर्दै नै आएको छ र ती कथाकारहरूका देनलाइ कदर गर्नै पर्दछ । तर तुलनात्मक रूपमा 'टोटल क्वालिटी र क्वान्टिटी' माथि विचार गर्दा कथा प्रकाशनका क्षेत्रमा 'रूप-रेखा' सं० २०२१ पछि क्रमश: 'डिक्लाइनिङ फेज'-तिर दरेको देखिन्छ । यस फेजमा केही राम्रा कथा देखापर्नुका साथै अरू पत्रिकाका माध्यमद्वारा प्रसिद्धि पाइसकेका केही कथाकारहरू देखा परे, तर समग्र रूपमा दिशाबोध गराउने र हलचल मचाउने कथा भने यस पत्रिकाले दिन सकेन ।

पत्र-पत्रिकासंग सम्बद्ध भएर नै नेपाली कथाले विकासका गति प्राप्त गर्दै आएको छ भन्ने कुरो गोरखापत्र, सुन्दरी, माधवी, गोर्खासंसार, शारदा, खोजी, प्रगति, धरती, आदि पत्रिकाका पृष्ठ पल्टाउँदा प्रमाणित हुन्छ । नेपाली कथाको इतिहास निर्माणमा यी पत्रिकाहरूको सक्रियता प्रशंसनीय छ । यसै क्रममा परम्परासङ्ग सम्बद्ध भएर इतिहासका पृष्ठमा अविस्मरणीय पदचिह्न छाड्दै 'रूप-रेखा' देखा परेको हो भन्नु अत्युक्ति नहोला ।

कीर्तिपुर, काठमाडौं । ○

प्रस्तुत अङ्कमा—चौध मौलिक र दुई अनुदित गरी जम्मा १६ कथा परेका छन् । एक दुईलाइ छाडी सबैजसो कथा नेपाली साहित्यका पाठकहरूसंग राम्ररी परिचित छन्—सबै आआफ्ना क्षेत्रमा सफल छन् । कथा साहित्यका पाठकहरूको निम्ति बिलकुल अपरिचित एक दुई कथाकार पनि यहाँ देखिएलान्—उनीहरू कति सफल छन् त्यो पहिल्याउने अभिभारा पाठकहरूको नै हो । नाम चलेका साहित्यकारहरू मात्र भूल वा त्रुटिबाट मुक्त होलान् भन्न कदापि सकिन्न किनभने 'ठुलाले जो गर्‍यो काम, हुन्छ त्यो सर्वसम्मत'-लाइ विश्वास गरेर अघि बढ्ने जमाना धेरै पछि परिसकेको छ ।

यस अङ्कको बारेमा रूप-रेखा १२ : नव वर्ष कथा विशेषांक : वैशाख २०१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको विकासमा एन. सी. सी. एन.

कुनै पनि मुलुकको बहुपक्षीय विकासमा निर्माण कार्यको अति ठूलो महत्व हुन्छ। निर्माण विना कुनै पनि मुलुकको बहुपक्षीय विकास सम्भव छैन। २००७ साल अघि हाम्रो मुलुकको निर्माण विकास शून्य प्रायः थियो। २००७ सालको महान् प्रजातान्त्रिक क्रान्तिपछि हाम्रो मुलुकमा निर्माणको युगको थालनी हुन्छ। २००७ सालदेखि २०३३ सालसम्ममा हाम्रो मुलुकमा धेरै नै निर्माण कार्य भएको छ। फलतः भारतीय उपमहाद्वीपभित्र मात्र परिचित हाम्रो मुलुक आफ्नो मार्गमा गतिशील रही विश्वमा चिरपरिचित रहेको छ। पर्यटन उद्योगमा भएको विकासले नेपाललाइ 'हिमालयको देश' रूपमा प्रख्यात र प्रसिद्ध गराएको छ। हाम्रो मुलुक विकासोन्मुख हो। तसर्थ, हामीले प्रत्येक क्षेत्रमा ठुलो परिमाणमा निर्माण कार्य गर्नै आवश्यकता छ।

आरम्भ भएको निर्माण युगअनुरूप सानातिना ठेकेदार वाहेक कुनै पनि निर्माण संस्थानहरू थिएनन्। ठेकेदारहरू पनि मुख्यतया विदेशीहरू नै थिए, उक्त ठेकेदारहरूद्वारा गुणात्मक निर्माण कार्य भएको थिएन। यसै सन्दर्भमा मुलुकको विविध पक्षीय निर्माण कार्यमा प्रत्यक्षतः सरीक गराउने उद्देश्य लिएर २०१८ सालमा देशको एक मात्र निर्माण संस्थानको रूपमा 'नेशनल कन्ट्रक्सन कम्पनी नेपाल लिमिटेड' (एन. सी. सी. एन.) को स्थापना भयो। आरम्भतः श्री ५ को सरकार इजरायलको 'सोलेल बोनेह' नामक इजरायली फर्मको संयुक्त सहभागीतामा यो कम्पनी स्थापना भएको थियो। यस कम्पनीमा श्री ५ को सरकारको ५१ प्रतिशत र सोलेल बोनेह फर्मको ४९ प्रतिशत सेयर थियो। यो संयुक्त सहभागिता सम्वत् २०२५ साल मार्ग महिनासम्म चल्यो, तत्पश्चात् श्री ५ को सरकारको पूर्ण स्वामित्व तथा नियन्त्रणमा यो कम्पनी संचालित भइरहेको छ। इजरायलीहरूले यस कम्पनी मार्फत गरेका निर्माण कार्यहरू अतीव प्रशंसनीय र बहुचर्चित रहे। गुणात्मक कार्य गर्ने, छिटो छरितो तरिका निर्माण कार्य सम्पादन गर्ने, विश्वका नवीनतम शैलीको साथसाथै प्राचीन नेपाली संस्कृति र शैली अनुरूप निर्माण कार्य गर्ने लक्ष्य यस कम्पनीले आफ्नो स्थापनाकालदेखि नै लिंदै आएको छ। आफ्नो जन्मकालदेखि नै यस कम्पनीले निर्माणका विविध क्षेत्रमा उल्लेखनीय योगदान गरेको छ। आफ्नो स्थापनाकालदेखि अहिलेसम्म दुई सय पचास भन्दा बढी निर्माण कार्य यस कम्पनीले गरेको छ वा गरिरहेको छ। गुणात्मक कार्य, छिटो छरितो किसिमको कार्य सम्पादनलाइ लिएर कम्पनीको निर्माण कार्य चारैतिरबाट प्रशंसा गरिएको कसैबाट छिपेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन । यस कम्पनीले भवन, सडक, पूल, विमानस्थल, प्लाण्ट र अन्य मिसिल इञ्जिनीयरिंग स्ट्रक्चर आदि काम सहज किसिमले कुनै प्राविधिक कठिनाई बिना पूरा गर्न सक्ने विशेष क्षमता राखेको छ भन्नुमा अतिशयोक्ति नहोला। अतएव यदि विकासका प्रत्येक पक्षमा एन. सी. सी. एन. ले गरेका योगदानहरू-को सम्बन्धमा विचार गर्दछौं भने हामी के निश्चित कल्पना गर्न सक्दछौं भने यस कम्पनीले प्रत्येक क्षेत्रमा प्रभावकारी कार्यको सम्पादन गरेको छ।

सुरू सुरूमा यस कम्पनीका निर्माण कार्यहरू काठमाडौं उपत्यकामा मात्र सीमित थियो र पछि शनैः शनैः यसले निर्माण कार्यहरू उपत्यका बाहिर पनि विस्तार गर्दै लग्यो । हाल यस कम्पनीको शाखा कार्यालयहरू काठमाडौं, पोखरा, भैरहवा र अधिराज्यका विभिन्न स्थानहरूमा योजना कार्यालयहरू छन् । राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट आह्वान गरिबक्से बमोजिम विकासको मूल फुटाउन नेपाल अधिराज्यलाइ चार विकास क्षेत्रको स्थापना गरिएको छ । विकास देशको अर्थतन्त्र र मानव प्रगतिको मेरूदण्ड सम्झिबक्सने राष्ट्रनायकको सदीच्छाको परिपूर्ति गर्न श्री ५ को सरकारले गरेको होस्टेमा यस कम्पनीले हँसे गरिरहेछ । यस सन्दर्भमा चारै विकास क्षेत्रमा यस कम्पनीले निर्माण क्षेत्रको विकास गर्ने लक्ष्य राखेको छ।

उपर्युक्त निर्माण कार्यहरूका अतिरिक्त निर्माण सहायक युनिट्सको स्थापना गरिएको छ । कम्पनीले हल्चोकमा आफ्नो स्रोतले निर्माण कार्यमा सहायता पुऱ्याउन 'स्टोन क्वारी, स्टोन क्रसर' को सञ्चालन गरिरहेको छ। यस कम्पनीको आफ्नै प्रि-काष्ट सेक्सन छ जसले रूफ प्रि-काष्ट प्यानल्स, कंक्रिट पाईप पुटपाथ स्ल्याब्स, सडक ड्रेन्स र अन्य भवन निर्माणका वस्तुहरू उत्पादन गर्दछ । यी उपर्युक्त उत्पादित सामान कम्पनीले आफै निर्माण गरेका जब साइटमा प्रयोग गर्दछ वा सर्वसाधारण जनताको माग बमोजिम बिक्री वितरण गर्ने काम गर्दछ ।

अन्ततोगत्वा अत्याधुनिक यन्त्र प्रविधिले युक्त भएको कम्पनीले देश-भित्र मात्र होइन अन्तर्राष्ट्रिय प्रसिद्धि पनि पाउन थालेको छ । कम्पनीले निर्माण कार्यको साथसाथै हजारौं श्रमिकहरूलाइ रोजगार प्रदान गरेको छ। यसबाट उनीहरूको जीवनस्तर र आयमा उल्लेखनीय वृद्धि गर्दै लानेछ । यस प्रकार हामी यस 'एन. सी. सी. एन.'लाइ नेपालको विकासमा 'निर्माणको प्रतीक' भन्न सक्दछौं ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रनायक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवका

जुनाफमा सरकारको शुभ जन्मोत्सवको उपलक्ष्यमा

भक्तिपूर्वक अभिवादन चढाउँदछौं।

नेपालको एक प्रमुख कत्था र कच्छको उत्पादक

वेस्टर्न नेपाल कत्था मिल

नेपालगञ्ज

भेरी अंचल

काठमाडौं कार्यालयः बत्तीसपुतली, काठमाडौं

फोन नं. १२६७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—डा. सुरेशराज शर्मा

प्रविधि जनसाधारणको लागि

विज्ञान र प्रविधिको विकासले मानवको जीवनलाइ सुगम तुल्याएको छ। वर्षौं लाग्ने श्रमणलाइ घन्टौंमा पूरा गर्न सक्षम बनाई पृथ्वीलाइ सांच्चै भनौं भने खुम्च्याएको छ। संसारको एक कुनाबाट अर्को कुनासम्म कोठामा बसी बसी कुरा गर्न सकिन्छ, एक ठाउँमा घटेका घटना तुरून्त सबै ठाउँमा थाहा हुन सक्छ। त्यस्तै वर्षौंसम्म हजारौं मानिसको श्रम लाग्न सक्ने निर्माण कार्यहरू जस्तै पूल, नहर सडक र ठुलठुला घरहरू छोटै समयमा थोरै श्रमबाट पूरा हुन सक्छन्। आकासे पानी र मनुष्यको प्रत्यक्ष श्रमबाट गरिएका खेतीबाट नहरहरू र ट्रैक्टर पंपिङ सेट र ट्रेक्टर आदिको सेवाबाट र उन्नतजातको बीऊ रासायनिक मल र किटनाशक औषधीहरूको प्रयोगले कृषि पैदावारमा अभूतपूर्व विकास भएको छ। त्यस्तै चिकित्सा शास्त्रको क्षेत्रमा भएको उन्नतिले मलेरिया, चेचक, प्लेग आदि जस्ता संक्रामक रोगहरूदेखि लिएर टाइफाइड, ट्युबरकुलेसिस् जस्ता रोगहरूमाथि नियन्त्रण पाउंदै गएको छ।

यस प्रकारका विभिन्न उपलब्धिहरूको प्राप्ति मनुष्य जातिको मस्तिष्कको उपज र विज्ञान र प्रविधिको उपयोगबाट मात्र संभव हुन सकेको हो। आज विकसित देश र विकासोन्मुख वा अविकसित देशमा भएको फरक नै विज्ञान र प्रविधिको प्रयोगमा भएको फरकलाइ लिन सकिन्छ। जुन मुलुकले जति ढबी यसको प्रयोग गरे उनीहरूले उत्ति नै बढी उत्पादन गर्न सके र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको राम्रो प्रयोग गर्न नसकेको मुलुकमा समेत त्यसको लाभ पुऱ्याई आफ्नो अर्थतन्त्रलाइ झन बलियो पार्दै लगे र क्रमशः झन् झन् धनी पनि हुँदै गए। बढी भन्दा बढी वैज्ञानिकरणको माध्यमबाट संपन्न हुँदै गएका विकसित मुलुकका मानिसको निमित्त जनश्रम झन् महत्वपूर्ण हुँदै गयो र श्रमको मोल पनि त्यस्ता मुलुकहरूमा बढी हुँदै गयो; यस प्रकार श्रमिक वर्ग समेत वैज्ञानिक उन्नतिबाट लाभान्वित हुँदै गएका देखिन्छन् ।

हाम्रो देशका पनि आफ्नो देश आर्थिक उन्नतिमा पछि परेको र चाँडै नै उन्नतशील देशको दाँजोमा पुग्न प्रयास गरिरहेको स्थितिमा ढिलो गतिलाइ चाँडो पार्न यौटै मात्र उपयोगी माध्यम विज्ञान र प्रविधिको व्यापक प्रयोग देखिन आउँछ । तर यसको प्रयोग जति सजिलो देखिन्छ त्यति सजिलो नहुन पनि सक्छ ।

विभिन्न आयोजनाहरू सम्पन्न गर्न, विभिन्न औद्योगिक उत्पादनहरू प्राप्त गर्न आवश्यक पर्ने औजार र यन्त्रहरू आफ्नै मुलुकमा तयार गर्न सक्ने क्षमता र संचालन गर्ने प्राविधिक ज्ञान आफैसंग भएका मुलुकले गर्ने प्रविधिको उपयोग र यस्ता वस्तुहरू आफुसङ्ग नभएका मुलुकले गर्नुपर्ने प्रयोग बारे राम्ररी विचार हुनुपर्ने देखिन्छ ।

हुनत हाम्रो मुलुकमा पनि क्रमशः वैज्ञानिक उपायहरूको प्रयोगमा विस्तार हुँदै छ । सडक र पूलहरू आधुनिक यन्त्रकै मद्दतबाट निर्माण भैरहेका छन्, उद्योगहरूमा स्वचालित यन्त्रहरू पनि जडिदै छन्, चिकित्सा पनि अत्याधुनिक किसिमबाट अस्पतालमा गरिदै छ; संचारमा पनि आधुनिक उपकरणहरूको प्रयोग हाम्रो देशभित्र सुरु भैसकेको छ । त्यस कारण अहिले हामी तकनिकी संसारमा प्रवेश गर्न सुरू गरिसकेका छौं भन्ने अवस्थामा आइपुगेका छौं ।

अर्कोतिर हाम्रो सामाजिक स्थितिको अर्को पक्षतिर पनि ध्यान दिई हेरौं विज्ञान र प्रविधिको प्रारम्भ अघिको हाम्रो अर्थतन्त्रको आधार बारे विवेचना गरौं । नेपालमा सडकहरू बन्नु अगाडि हालका उद्योगहरूको जन्म हुनु अघि र वैज्ञानिक उपकरणहरूको प्रयोगको समयभन्दा अघि देशभरिका जनताको आर्थिक आड खेतीपाती नै थियो र स्थानीय श्रमको झण्डै ९५% प्रयोग कृषि पैदावार गर्नमा नै लागेको थियो । त्यसर्थ देशमा आर्थिक विषमता थियो तापनि देशभित्रको संपूर्ण जनशक्तिको सस्तो भए तापनि मूल्य अथवा महान् झन्डै यौटै थियो । र साथै देशभित्र विकसित अवस्थामा पुगेका नभए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापनि फाट्ट फुट्ट शीप र कालीगढी यत्रतत्र पाइन्थ्यो । हाम्रो देशमा कयौं दशक वा शताब्दीदेखि चलिआएका केही शीपहरू जस्तै भोजपुरतिरका अम्खोरा, करुवा, खुकुरी बनाउने र तिनीहरूमा कुँदिएका शीप, दाङ देउखुरीतिरका बाँस र बेतमा बुट्टाहरूले भरिएका वस्तुहरू बनाउने शीप, ओखलढुङ्गा भोजपुर-तर्फका राडी पाखी र गलैंचाहरू विभिन्न नमूनाका तयार पार्ने कलाहरूले स्थानीय शीपलाइ संरक्षण गर्दै स्थानीय श्रम र कालीगढीको मूल्य प्राप्त गर्दै आएको पाइन्छ । त्यस्तै काठमाडौं उपत्यकाभित्रको मूर्तिकला, काष्ठकला र भवन निर्माण कलामा आफ्नै वैशिटष्ता रहनुका अतिरिक्त स्थानीय श्रमको समुचित प्रयोग रहेको पाइन्छ । साना उद्योगको क्षेत्रमा पनि सानो तिनो विका-सको सुरूवात धेरै पहिलेदेखि नै भएको हो । पहाडी क्षेत्रमा राडी, पाखी, खाडी कागज आदि वस्तुहरू स्थानीय सामग्री र शीपको प्रयोगबाट उत्पादित हुँदै आएका हुन् भने काठमाडौंमा पनि नेपाली चप्पल बनाउने, टोपीहरू तयार पार्ने, राम्रा राम्रा बुट्टाहरू छिपी छिट्का कपडा तयार पार्ने, साबुन निर्माण गर्ने कामहरू हुँदै आएको पाइन्छ । तर उपर्युक्त शीप र व्यवसायहरू फस्टाउन सट्टा ओइलाउँदै गए । अन्तर्राष्ट्रिय बजारमा निर्मित वस्तुहरू, ठूला स्केलमा उत्पादन गरिने स्वचालित यन्त्रहरूको प्रयोग पश्चात् निर्मित वस्तुहरूको मूल्य र व्यापक उपलब्धिसित नेपालका उत्पादन प्रतिद्वन्दित गर्न सक्षम हुन नसक्ने हुँदै गए । फलस्वरूप नेपालमा पनि विदेशी उत्पादनमा भर परिरहनु सट्टा यही नै किसिम-बाट उत्पादन गरिनु आवश्यक भएको हुँदा क्रमशः आधुनिक उपकरणहरूको प्रयोग प्रारंभ हुँदै गए । यस प्रकार आधुनिकरणले स्थानीय शीप र स्थानीय मानिसले पाएको कामलाइ लोप गराउँदै लग्यो ।

उपर्युक्त स्थितिको लेखाजोखा गर्दा के निष्कर्षमा लग्न बाध्य हुन्छ भने नेपालमा आधुनिकरणको आवश्यकता छ र नेपालकै शीप, श्रम र साधनको उपयोगबाट नै आधुनिकरण गरिनुपर्छ । कुनै पनि विकास आयोजना संचालन हुनका लागि आवश्यक पर्ने ।

(१) यान्त्रिक उपकरणहरू
(२) यन्त्रहरू संचालित हुँदा लाग्ने उर्जा शक्ति
(३) प्राविधिक ज्ञान
(४) कच्चा पदार्थ
(५) श्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्ये हालको स्थितिमा यान्त्रिक उपकरणहरू बाहिरबाट खरीद भएका छन्; उर्जा बाहिरबाट आयात गरिएको छ, प्राविधिज्ञहरू क्रमशः स्वदेशभित्रमा तयार भैरहेका छन्; औद्योगिक उत्पादनका कच्चा पदार्थहरू आधा जसो मात्र स्वदेशी छन्, श्रम, प्रायः जसो विकास आयोजनाहरू तराई क्षेत्रतिर संचालन भएका हुँदा स्थानीय श्रमले भन्दा छिमेकी मुलुकहरूका श्रमले बढी काम पाएको, र आधुनिक यन्त्रहरू जडिएका उद्योगहरूले असाध्य कम खपत गर्ने हुँदा नेपाली श्रमले आधुनिकरणको प्रक्रिया असाध्य कम स्थान पाएको देखिन्छ। त्यसर्थ योजनाहरूको किटान गरिंदा ती योजना संचालन गरिन आफ्नो क्षमता कति छ र यसले कति स्वदेशी श्रम र वस्तुको खपत गर्छ त्यसको राम्रो जाँच गरिनुपर्दछ। अझ उत्तम हुनेछ योजनालाइ २ किसिममा बांडिएमा—

राष्ट्रिय स्तरका आयोजनाहरू

राष्ट्रिय स्तरका आयोजनाहरू जस्तै राजमार्गहरू, ठूलो उद्योगहरू, नहरहरू, जलविद्युत आयोजनाहरू, रासायनिक मल उत्पादनहरू जस्ता संपादन गरिनका लागि आधुनिक उपकरणहरूको प्रयोग गरियोस् तर आवश्यक उर्जाको व्यवस्था, प्राविधिज्ञहरू, कच्चा पदार्थको व्यवस्था सकेसम्म देशभित्र गरियोस् र श्रम कम खपत गर्ने स्वचालित उपकरणहरूभन्दा अर्ध यान्त्रिक उपकरणहरू जसको प्रयोगमा स्थानीय श्रमको पनि खपत होस्, को प्रयोगतर्फ ध्यान दिइनुपर्दछ। त्यै पनि यस्ता आयोजनाहरूले यातायातको सुविधा भएको प्रायः तराईतर्फका जनताको मात्र समस्या केही हदसम्म सुल्झाउन सक्दछ।

स्थानीय स्तरका आयोजनाहरू

स्थानीय स्तरका आयोजनाहरू जसले स्थानीय स्रोतबाट उपलब्ध हुन सक्ने सम्पूर्ण वस्तुको प्रयोगबाट स्थानीय आवश्यकताका वस्तुहरू उत्पादन गरी अन्य क्षेत्रमा पुऱ्याउने उत्पादनका समेत गर्न सकोस्, यस्ता आयोजनाहरूले गर्दा राष्ट्रिय उन्नतिको फल गाउँसम्म पुऱ्याउन सक्षम होस् र स्थानीय श्रमको उचित मूल्य स्थापना गरोस्। स्थानीय आयोजनाहरूको किटान गरिंदा स्थानीय शीप र कालीगढीको संरक्षण र सम्वर्द्धनतर्फ पनि ध्यान दिइयोस्। यसका लागि कार्यक्रम तयार गरिंदा

(१) स्थानीय शीपलाइ नै विकसित गर्ने यन्त्रहरू स्वदेशभित्र उत्पादन हुनुपर्ने।

...Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) मध्यम स्तरीय प्राविधिक जनशक्ति देशभित्र उपलब्ध गर्दा सा-साना आयोजनाहरू आफैं संचालन गर्न सक्ने क्षमता सृजना गर्ने खालको तालिम दिइनुपर्ने ।

(३) स्थानीय नदी नालाहरूबाट साना साना जल विद्युत आयोजना चलाइ उर्जा प्राप्त गर्नु पर्ने ।

(४) त्यहाँ संचालन हुने आयोजनामा श्रम पूर्णतः स्थानीय हुनुपर्ने ।

यस प्रकारका आयोजनाहरूको संचालनको व्यवस्था गरिन विज्ञान र प्रविधिको महत्वपूर्ण भूमिका छ । विज्ञान प्रविधिले पहाडी क्षेत्रमा र गाउँहरूमा बस्ने जनताको सेवामा कसरी योगदान दिन सक्छ भन्ने कुराका केही उदाहरणहरू तल दिइन्छन् ।

(१) चक्र चलाएर माटोको भाँडा पोल्ने कुमालेलाइ; चक्रलाइ यान्त्रिक रूपले संचालित गर्ने र भाँडालाइ बढी तापक्रममा पोल्ने जस्ता व्यवस्था गरिदिनाले उसको व्यवसाय र सिपले आधुनिक समाजका आवश्यकताहरू बस्तो कप, प्लेटहरू, बाथरूमका सामान्य स्तरका सामानहरू, ढलहरू आदि बनाउन सक्षम हुनेछ ।

(२) धागो कात्ने र कपडा बिन्ने सिपलाइ अलिकति आधुनिक किसिमका ताना बानाले सुसज्जित गर्दा उत्पादन क्षमतामा वृद्धि हुन्छ र स्थानीय मागलाइ स्थानीय उत्पादनले बढी भियाउन सक्छ ।

(३) काँचो छालाबाट जुत्ता वा छालाका अन्य उत्पादन गर्ने सार्की-लाइ प्रोसेस भएको छाला उपलब्ध गराउने र उसको सिपलाइ केही तालिम दिई, केही आधुनिक साधनहरू उपलब्ध गराई बढी उत्पादन गराउन सकिन्छ ।

(४) अंखोरा, करुवा, खुकुरी, चुलेसी, खुर्पा आदिहरू तयार पार्न फलाम गाल्ने चुलोलाइ अर्ध यान्त्रिक रूप दिने, तिनीहरूको नमुना विकास, बुट्टाहरू कुंद्ने काममा पनि साना हातले चलाउने तर यान्त्रिक किसिमका उपकरणको प्रयोग गराउनाले क्षमतामा वृद्धि र नमूनामा विविधता आई अन्य क्षेत्रको मागलाइ आकर्षण गर्न सकिन्छ ।

(५) उच्च पहाडी क्षेत्रमा पशुपालनको व्यवस्था गर्ने योजनालाइ सफल पार्न, पशुपालनबाट उत्पादन हुने वस्तुको प्रशोधन गर्ने व्यवस्था त्यहीं नै हुनुपर्दछ जस्तै–भेंडा च्याङ्ग्राको रौं काट्ने, रौं सफा पार्ने, ऊनी धागो तयार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्ने साना साना इकाईहरूको व्यवस्था त्यही क्षेत्रहरूमा गरिनुपर्दछ । त्यस्तै दुग्ध उत्पादनलाइ बाहिर पुऱ्याउन सकिने पैदावारमा परिणत गर्ने जस्तै चिज, घ्यू, बटर बनाउने अर्ध यान्त्रिक उपकरणहरू ती क्षेत्रमा पुऱ्याउनुपर्दछ ।

(६) भेंडा, च्याङ्ग्रा, खसी, राँगा आदिबाट प्राप्त हुने मासुलाइ सड्न नदिन कोल्ड स्टोरेजको व्यवस्था स्थानीय रूपमा गरिन स्थानीय जल विद्युत इकाईहरूको प्रयोग गरिनुपर्दछ ।

(७) मध्य पहाडी क्षेत्र तथा तराईका ग्रामीण क्षेत्रमा उत्पादित फलफूल तथा तरकारी खेतीका उत्पादनलाइ ताजा उपलब्ध गराउने, ताजा रूपमा बिक्री हुन नसक्नेकालाइ सामान्य प्रोसिसिङ पश्चात् टिनको डब्बामा वा फलफूलका रसहरू सिसीहरूमा वा फलफूलबाट भिटामिन् प्राप्त गर्ने कार्य स्थानीय रूपमा संपादन गर्न खाद्य प्रविधिले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

यस प्रकार सकेसम्म स्वदेशभित्र निर्मित यन्त्रहरूको प्रयोग; स्वदेशमा नै तालिम प्राप्त प्राविधिज्ञहरूको ज्ञान, स्वदेशकै सीप र व्यवसायको विकासको लागि महत्वपूर्ण भूमिका प्रदान गर्न सक्षम हुने किसिमको कामका लागि विज्ञान र प्रविधि अगाडि सरोस् र विज्ञान र प्रविधि राष्ट्रिय स्तरका आयोजनाहरूको सञ्चालनमा मात्र सहायक नभै देशका कुना काप्चाका जनताका लागि र उनीहरूको श्रमको समुचित प्रयोग र मूल्य प्रदान गर्नाका लागि सक्षम होस् ।

त्यसपछि देशमा उत्पादित वस्तुको गुणमा वृद्धि गर्न, विदेशमा खपत हुनु सक्ने अन्य उत्पादनतर्फ खोजी गर्न, वनोषधीहरूको व्यापक प्रयोग गराउने जस्ता क्षेत्रमा अनुसन्धान गर्ने काम गर्ने जिम्मेदारी पनि विज्ञान र प्रविधिकै क्षेत्रमा रहेको छ ।

यस प्रकार विज्ञान र प्रविधिको आवश्यता झन् झन् बढिरहेको देखिन्छ जुन विकासको निम्ति सकारात्मक लक्षण हो ।

भाटभटेनी, काठमाडौं ।

○

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धिक

— डा. कमलप्रकाश मल्ल

नेपाली भाषामा प्राविधिक तथा चिन्तन साहित्य

एक लघु अध्ययन

"नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा हो" भन्ने राष्ट्रभाषाको संवैधानिक मान्यता अधिराज्यको २०१६ साल तथा २०१९ सालको संविधानले दिएको भएतापनि अन्तरजातीय सम्पर्क तथा प्रशासनको एक मात्र भाषाको रूपमा नेपाली भाषाको उदय भएको धेरै वर्ष भइसकेको देखिन्छ। २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएदेखि प्राथमिक शिक्षादेखि माध्यमिक तहसम्म शिक्षाको एक मात्र माध्यमको रूपमा नेपाली भाषालाइ स्थान दिइएको छ। २०४० साल सम्ममा सम्पूर्ण उच्च शिक्षाको माध्यमको मान्यता दिने निर्णय त्रिभुवन विश्वविद्यालयले लिएको छ। यसरी प्रशासन, सञ्चार, न्याय र शिक्षाको क्षेत्रमा प्रयोग हुँदै आइरहेको राष्ट्रभाषाको प्रयोग-क्षेत्र भविष्यमा व्यापक हुँदैजानु स्वभाविक हो। कुनै पनि समाजको आधुनिकीकरणमा सञ्चारको माध्यमको रूपमा भाषाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस दृष्टिकोणले नेपाली भाषाको परिपक्वता अध्ययन योग्य देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस लघु अध्ययनमा त्यस व्यापक विषयवस्तुलाइ न्याय हुने सम्भव नभएकोले केही सीमित उद्देश्यलाइ ध्यानमा राखेर प्राप्य प्रकाशन तथ्याङ्कलाइ केलाउने खोजिएको मात्र छ। नेपाली भाषाको प्रयोग-क्षेत्र (Domains of use) लाइ अध्ययन गर्न यस लेखमा प्रकाशनलाइ एक तथ्य-सूचकको (Indicator) रूपमा लिइएको छ । प्रकाशन–क्षेत्रबाट मुख्यतया पुस्तकको विषय–विश्लेषण (Content Analysis) आधार बनाइएको छ। त्यसको साथै नेपाली भाषाका लेखक–बुद्धिजीवी तथा प्रबुद्ध समुदायको भाषा प्रयोगको सूचकको अर्को आधारको रूपमा विगत १७ देखि अहिलेसम्म अटुट रूपमा प्रकाशित **रूपरेखा** पत्रिकाको तथ्यांक प्रयोग गरिएको छ ।

गत असार महिनामा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको वृहत् साहित्य भेलामा प्रस्तुत गरिएको बागमती अञ्चलको प्रतिवेदनमा भएको छ—

> मदन पुरस्कार पुस्तकालयमा नेपाली भाषाका सबै ग्रन्थ आइपुग्दैनन्। तर पनि यहाँ आइपुगेको ग्रन्थ–संख्या महत्त्वपूर्ण हुन्छ । सांकेतिक हुन्छ ।[१]

उक्त पुस्तकालयको नयाँ र अद्यावधिक सूची नपाइए तापनि ग्रन्थ–संख्या सांकेतिक हुनाले प्रकाशन–क्षेत्रमा नेपाली भाषाको प्रयोग–क्षेत्रको अध्ययन गर्न २०३१ सालमा प्रकाशित २०२६ सालसम्मको पुस्तक दर्ता भएको **मदन–सौरभ**लाइ आधार बनाइएको छ । यसको पूरकको रूपमा २०१७ साल देखि अटुट रूपमा प्रकाशित भइरहेको नेपाली भाषाको लोकप्रिय पत्रिका **रूपरेखा**मा १७ वर्ष भित्र प्रकाशित अंक १ देखि अंक २९५ सम्मका गद्य खण्डको लेख-निबन्ध-विशेष लेखको विषय–क्षेत्रलाइ मात्र लिन खोजिएको छ। कविता, कथा, कहानी, व्यक्तिपरक वा अभिव्यक्ति–प्रधान साहित्यिक चर्चा र इतिहास वाहेक अन्य क्षेत्रको विषयमा लेखिएको लेख, विशेष लेख, निबन्ध, प्रबन्धलाइ मात्रै यस अध्ययनमा तथ्यांकको रूपमा मानिएको छ ।

कुनै पनि भाषालाइ आधुनिक समाजको सञ्चारको माध्यम बन्न कविता, कहानी, गल्प, उपन्यास, अथवा धर्म, पुराण र नीतिको भाषा हुँदैमा

---

१ कमल दीक्षित र उत्तम कुंवर, "नेपाली साहित्य र बागमती अञ्चल," **रूपरेखा** १९५ (साउन २०३४), पृ. १०,

-१००५

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्याप्त हुँदैन । यसलाइ ज्ञान र विज्ञान, दर्शन र प्रविधि, चिन्तन र विश्लेषणको साधनको मुख्य भूमिका खेल्न सक्नु छ । यस दृष्टिकोणले **मदन-सौरभमा** प्राप्य तथ्यांक अध्ययन योग्य छ । नेपाली भाषामा करीब ७० वर्षभित्र प्रकाशित ५,००० पुस्तकहरूको यो एक विवरणात्मक सूची हो । यस पुस्तक-संख्यामा विगत वर्षहरूमा कति बढे र कुन कुन विषयमा प्रति वर्ष कति कति पुस्तकको दरले बढे-सौ विषयको अध्ययन हुन बाँकि नै छ । तर माथि उल्लेख गरिएको प्रतिवेदन अनुसार

> २०३०-३१ सालतिर पुस्तकालयको दर्ता कितावमा वर्षं दिनमा चार पाँच सयसम्म किताव दर्ता भएको देखिन्छ २०३२ र ०३३ सालमा तीन साढे तीन सय जति मात्र दर्ता भएका छ ।[२]

सांकेतिक नै भए पनि यो चार पाँच सय अथवा तीन साढे तीन सयको संख्या स्मरणीय छ । किनभने, संख्याकै कुरा गर्ने हो भने अंग्रेजी भाषामा प्रति वर्ष बेलायतवाट मात्र ७७,००० नयाँ शीर्षकहरू र अमेरिकावाट ७०,००० नयाँ शीर्षकहरू प्रकाशित हुन्छन् । प्रति दिन १ करोड ५० लाख मुद्रित पृष्ठहरू विश्वभर उत्पादन हुन्छ जस मध्ये ५०% अंग्रेजी भाषामा हुन्छ । छिमेकी भारतमा सन् १९७६ मा मात्रै हिन्दी भामामा १,६९६, मराठीमा १,१८० तथा बंगाली र तामिलमा प्रतिवर्ष १,००० नयाँ शीर्षकहरू प्रकाशित भएको देखिन्छ ।[३] एक विकासोन्मुख राष्ट्रको रूपमा हामी कहाँ छौं भन्ने कुराको यो एक सन्दर्भ मात्रै हो ।

मदन पुरस्कार पुस्तकालयको सूची तथा विषय-वर्गीकरण व्यवस्था आफ्नै प्रकारको रहेछ । ड्युवे डिशिमल वर्गीकरण वा लाइब्रेरी अफ कंग्रेसको वा कुनै पनि प्रचलित स्तरीकृत वर्गीकरणसंग नमिल्ने भएकोले शीर्षहकरूको विषयवस्तु विश्लेषण गर्न अप्ठ्यारो देखिन्छ । उदाहरणको लागि सूचीमा वर्गीकृत "विषय" र पुस्तक संख्या (२० भन्दा कम भएको मात्र) तल दिन्छः-

---

२ कमल दीक्षित र उत्तम कुंवर, रूपरेखा, पृ. १० ।

३ अब्दुल हसन, "Indian Book Industry: Some Salient Features," *Indian Book Industry* (August September, 1976), p. 41.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पु. सं.	विषय	पु. सं.
वार्षिक प्रतिवेदन	१३	तथ्यांक	५
जीवनी र स्मृति निबन्ध	१	पर्चाहरू	६
प्रधानमन्त्री कोइराला	१	शोक	१
मगर भाषाको गीत	१	भाषा	१२
पूजाविधि	६	सम्पादकीयहरू	१
भौतिक शास्त्र	१	स्तुति	१७
अंग्रेजी शिक्षक	१	पशु विषक	१
डाइरेक्टरी	१	साझा विषय	१
अन्वेषण	१	अडिट	१
अमरवाणी	१	श्रद्धाञ्जली	१
क्षयरोग चिकित्सा	१	गीता भाषा टीका	१
मूल्यांकन	१	श्लोक	४
सम्बोधन	२	ग्रामीण प्रसार	२
परिचय	१८	कीर्तन	१
स्तोत्र	१७	आयुर्वेद	१४
शिक्षण कला	१	राष्ट्र प्रेम	१
सामाजिक	९	सन्देश र मानपत्र	१
संविधान	९	की	८
सम्मतिहरू	१	चिकित्सा	१२
संकलित पर्चाहरू	३	उद्धरणहरू	१
पुराण र कविता	२	उपदेश	१
खनिज शास्त्र	१	प्रश्नोत्तर	१
विधि व्यवहार	१	भाषा शास्त्र	६
उपचार	२	थारू ग्रन्थ	१
यौन शास्त्र	१	भू. सम्बन्धी	२
अभिनन्दन	७	विवेचना	४
संस्कृत	२	मन्तव्य	३
कोकशास्त्र	२	साहित्य सिंहावलोकन	३
महात्म्य	४	क्याटलग	१

...krit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पु. सं.	विषय	पु. सं.
मुद्रा सम्बन्धी	२	छन्दशास्त्र	२
सामान्य विज्ञान	१०	स्मृतिपत्र	१
विधान	९	ब्यांक	१
पुरातत्व	४	वंशावली	६
टुक्रा	१	अमेरिकाबारे प्रश्नोत्तर	१
वाद्य नृत्य	१	डाक्टरी	३
सूचनाहरू	२	सामान्य	१
प्रगति प्रतिवेदन	२	मानचित्रहरू	२
घोषणा	४	पकाउने	१
सूक्तिहरू	४	श्री ५ सम्बन्धी लेखहरू	१
पात्रोहरू	१	अभिलेखहरू	१
कोडको संकेत	१	विज्ञापन	२
अंग्रेजी इडियम र फ्रेजहरू	१	स्काउटिङ्ग	२
विज्ञप्ति	१	सूची	१८
वनस्पति शास्त्र	१	अन्तरिक्ष	१
मानपत्र	१	खेलकूद	१
वास्तुकला	१	कृषि मेकानिक	१
नेपाली वीरहरू	१	नागरिक शास्त्र	६
छाला प्राविधिक	१	सचित्र क्यालेण्डर	३
हास्यव्यंङ्ग	१	सांस्कृतिक	२
प्रबन्धपत्र र प्रथमवार्षिक विवरण	१	पद्यमा कर्मकाण्ड	१
कुखुरा पाल्ने	१	लोक संस्कृति	१
मृतिका शास्त्र	१	भ्रमण साहित्य	१
कृषि विभाग	१	नमूना लेख कविताहरू	१
प्रस्तावहरू	१	मूर्तिकला	१
धार्मिक सूत्रहरू	१	रुसी भाषामा नेपाली शिक्षा	१
पाठ्य-पुस्तक	३	योग	४
वैराग्य	१	ठट्टा संग्रह	१
खगोल	१	ज्यामिति	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पु॰ सं.	विषय	पु. सं.
प्रहसन	१	साधारण ज्ञान	१
प्रतिलिपिहरू	१	गद्यानुवाद	१
मालश्री	१	टुनामुना	१
साहित्य सिद्धान्त	१	साहित्य र निवन्ध आदि	१
आख्यानहरू	१	व्याख्या	२
स्थानीय सुधार	१	वाल साहित्य	१
प्रशस्ति	१	प्रशासन	२
रेखाचित्रहरू	१	निघण्टु	१
कृषि व्यापार आयोजना	१	गाइड	१
महात्म्य-यात्रा	१	कटाइ बुनाइ	१
किस्सा	१	शैक्षिक चिट्ठीहरू	३
आर्थिक–सामाजिक	१	लेनिनको सम्झना	१
धार्मिक व्याख्यान	१	चित्रांकन	१
वैद्यक	१	सर्वसार संग्रह	१
उपाख्यान	१	खेल विधि	१
प्रश्नोत्तर	१	वेदान्त	३
स्वप्न विचार	१	विविध	१
वर्णमाला	११	लक्षण ग्रन्थ	१२
सर्व रकम	३	व्यालेन्सशीट	१
अदालती	१	ने. लोक गीतहरूकोलिस्ट	१
मोटर सम्वन्धी	१	औषधी	३
विनियम	२	रोजगारी	२
हुलाक	१	पद्य वेदान्त	३
व्यापार	११	क्रिश्चियन धर्म	२
चर्चा	१	राजनीति	१
वजेट	६	तीर्थयात्रा	१
दर्शन	८	कर्मकाण्ड	६
डायरी	६	पौराणिक	१
नेपाली विषयका विभिन्न कथा	३	संकलन	१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पु. सं.	विषय	पु. सं.
औंठाछाप	१	दिग्दर्शन	३
पद्य	६	म्यानुयल	१
हात्तीवारे	२	पशु चिकित्सा	२
ग्राम विकास	१०	वालुन	१
सुभाषितहरू	६	संगीत	१२
अन्तरराष्ट्रिय	१	चिट्ठी लेख्ने काइदा	१
तस्विरहरू	१	अनुवाद	५
सन्धिपत्र	२	नीति	७
चम्पू	२	नक्साहरू	४
भाषा शिक्षा	३	तन्त्रमन्त्र	१२
उद्योग सम्बन्धी	१४	भ्रमण	१
अन्तरवार्ताहरू	१	अनुसन्धान	३
आह्वानहरू	८	वाइवलका कुरा	६
कुथुंग्री	१८	किपटवारे	१
उखानहरू	५	ललितकला	४
पत्रकारिता	१	वन सम्बन्धी	३
मानव अधिकार	१	कला	१
संकेत लीपि शिक्षा	१	लिपि शिक्षा	४

यसरी २० वटाभन्दा कम पुस्तक भएको जम्मा २११ फुटकर (?) विषय अन्तरगत ६३० पुस्तक देखिन आउँछ । यसको तुलनामा २० भन्दा बढी पुस्तक भएका जम्मा २९ विषय अन्तरगतका विषयहरू तथा पुस्तक-संख्या निम्न प्रकारका छन् :

विषय	पुस्तक संख्या
कविता	१,१६२
कथा	२९०
राजनैतिक निवन्धहरू	२५२
नियमावली	२०९
उपन्यास	१८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पुस्तक संख्या
धर्म	१८५
लेखहरू	१६७
आधार शिक्षा पाठ्य-पुस्तक	१५५
नाटक	१४९
इतिहास	१०६
खेती इलम	९५
व्याकरण	९१
विवरण	८७
जीवनी	८६
प्रचार	७३
भूगोल	७१
रिपोर्ट	५८
सैनिक	५६
वयान	४७
ज्योतिष	४७
कोश	४५
वर्णन	४३
विज्ञान	४२
स्वास्थ्य	४२
संग्रह	३२
शिक्षा	३१
भू-अर्थ नीति	२५
टीका	२२

सूचीपत्रको विषय–वर्गीकरण स्तरीकृत नभएकोले विश्लेषणात्मक तथ्यांक निकाल्न सीमित ठाउँ मात्रै छ । एकातिर 'विवरण', 'वयान' र 'वर्णन' मा के फरक छ स्पष्ट छैन भने आर्कोतिर 'लेखहरू' मा साहित्यिक, धार्मिक, लौकिक वा प्राविधिक लेखहरू के के होलान् भन्ने पाठकलाइ कौतूहल हुनु स्वाभाविकै हो । एउटै पुस्तकको विभिन्न संस्करण पनि सूचीपत्रमा समावेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका छन् । तैपनि कूल पुस्तक-संख्या ५,००० मा कविता, कथा, उपन्यास र नाटक याने साहित्यिक ग्रन्थ मात्रै १,७८६ वटा देखिन्छन् । यसरी नेपाली भाषामा क्रण्डै ३५.७२ प्रतिशत ग्रन्थहरू साहित्यिक नै रहेछन् भन्ने स्पष्ट हुन्छ ।

त्यस पछि समाजशास्त्र र मानविकी अन्तरगत राख्न सकिने विषयहरूमा राजनीति, धर्म, इतिहास, व्याकरण, कोश, जीवनी, भूगोल, ज्योतिष, अर्थनीति आदि गरेर जम्मा ९०८ वटा ग्रन्थ प्रकाशित छन् । नेपाली भाषामा १८. १६ प्रतिशत ग्रन्थ मानविकी तथा समाजशास्त्रमा देखिन्छ ।

यसको तुलनामा खेती–इलम, विज्ञान, स्वास्थ्य, सैनिक तथा शिक्षा आदि विषयलाइ समेत विज्ञान र प्रविधि अन्तरगत राखेमा पनि जम्मा २६६ वटा पुस्तक (५.३२ प्रतिशत) मात्रै यस क्षेत्रमा परेका छन् । यो हिसाब ज्यादै अनुदार लागेमा हामीले माथि नै उल्लेख गरिसकेका २११ "फुटकर" विषयमा विभाजित जम्मा ६३० पुस्तकबाट पनि "प्राविधिक" विषयहरू छानेर त्यसभित्र परेका ५७ वटा जति पुस्तक समेत जोडी २६६+५७ गरी ३२३ वटा पुस्तकलाइ प्राविधिक भन्न सक्तछौं । जम्मा ५,००० पुस्तकको ६.४६ प्रतिशत नेपाली भाषाका ग्रन्थलाइ "प्राविधिक" मान्न सक्तछौं ।

नेपालमा विकासको उद्देश्य हो पिछडिएको हाम्रो समाजलाइ आधुनिकीकरण गर्नु । माध्यमिक तहसम्मको शिक्षालाइ व्यवसायमूलक बनाई त्यसपछिको उच्च शिक्षालाइ प्राविधिकीकरण गरी देश विकासको लागि चाहिने दक्ष जनशक्ति तयार गर्नु नै राष्ट्रिय शिक्षा पद्धतिको योजनाको मुलभूत उद्देश्य हो । यदि विश्वविद्यालयले नेपाली भाषाको माध्यमबाट प्राविधिक शिक्षाको प्रचार र प्रसार गर्ने हो भने सर्वप्रथम संचारको माध्यमको रूपमा नेपाली भाषाको नै पहिले प्राविधिकीकरण गर्न आवश्यक छ जस्तो देखिन्छ । यसो गर्नको निमित्त उत्कृष्ट कथा, कहानी, गल्प, काव्य र उपन्यासको बाहुल्यले मात्रै पर्याप्त छैन अपितु यस भाषामा प्राविधिक ज्ञान, विज्ञान, चिन्तन, विश्लेषण तथा अवेषण्णको लागि प्रयोग हुने स्तरीकृत शब्दावली अनि प्राविधिक विषयमा आवश्यक पाठ्य सामग्रीको रूपमा पुस्तक–पत्रपत्रिका र विशेष गरेर लेखक, शिक्षक तथा अनुवादक आदि जनशक्तिको आवश्यकता हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सबैको बावजूद हाम्रो जस्तो गरीब मुलुकमा (जहाँ तराईमा प्रति वर्ष प्रति कृषकको वार्षिक आम्दानी रू २३० र पहाडमा रु १९० छ, जहाँ शिक्षामा वार्षिक बजेटको ६ प्रतिशत खर्च हुन्छ र जहाँ विश्वविद्यालयमा २३,००० विद्यार्थीको शिक्षाको लागि प्रति वर्ष जम्मा रू. ८,५४,०००,०००।– छुट्याएको छ।) अर्थको व्यवधान कम निराशाजनक छैन। केही वर्ष अगाडि विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्र तर्फबाट **नेपाल परिचय** नामक पुस्तकको १५,००० प्रति छाप्दा रू. २७,४,२३५।– खर्च लागेको थियो। यस सन्दर्भमा उच्च शिक्षाको लागि नभई नहुने प्राविधिक पाठ्यपुस्तकको कूल सम्भाव्य खर्च र खपतको हिसाब एकातिर र आर्कोतिर विश्वविद्यालयलाइ वार्षिक अनुदान स्वरूप प्राप्य बजेट समेतलाइ ध्यानमा राख्दा हामीलाइ योजनाबद्ध रूपमा नगइ सन्तोष छैन। करदाताको खल्ती नछामी सुखै छैन।

यस हिसाबले शोचनीय कुरा अरू पनि देखिन्छ। नेपाली भाषामा बहुसंख्या पुस्तक मात्रै गैर–प्राविधिक विषयमा होइन पत्र–पत्रिकाहरू र र तिनीहरूमा प्रकाशित हुने अधिकांश सामग्री पनि सामान्यतः साहित्यिक अथवा गैर–प्राविधिक नै देखिन्छन्। यो अनुकल्पना (Hypothesis) लाइ परीक्षण गर्न नेपाली भाषाको इतिहासमा सबभन्दा लामो समयसम्म अटूट रूपमा चलिरहेको पत्रिका **रूपरेखामा** १७ वर्षभित्र प्रकाशित लेख–निबन्धहरूका विषय-क्षेत्र केलाइन्छ। हुनत **रूपरेखा** मुख्यतः साहित्यिक पत्रिका हो त्यसकारण यसमा प्राविधिक सामग्री खोज्नु न्यायोचित नहोला। तर कविता, नाटक र अन्य विशुद्ध साहित्यिक विधालाइ छोडेर साहित्यिक, गैर–साहित्यिक दुवै विषयमा प्रयोग हुने निबन्ध–प्रबन्ध–लेखलाइ मात्रै यहाँ हेरिने हुनाले यस विश्लेषणबाट परिक्षण-उपयोगी तथ्यांक जम्मा होला भन्ने अनुमान छ।

रूपरेखाको पहिलो १०० अंकसम्ममा जम्मा ४२२ वटा "लेख–निबन्ध" छापिएका छन्। ती मध्ये १३९ साहित्यिक चर्चा र समालोचनाभित्रै पर्दछन् (३२.९३ प्रतिशत)। अन्य विषयमा इतिहास र संस्कृतितिर लेखकहरू आकृष्ट देखिन्छन्। त्यसमा पनि स्वर्गीय बबुराम आचार्य, चित्तरन्जन नेपाली तथा स्वयम्भूलालका लेख बाहेक अन्य लेखहरू चिन्तन, खोज र विश्लेषण-प्रधान भन्दा फुटकर निबन्ध नै ज्यादा देखिन्छन्। संस्कृति विषयमा शान्ति सुरभका निबन्धहरू घतलाग्दा छन्। मौलिक चिन्तन र गहकिलो लेखको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रेणीमा गोविन्दप्रसाद लोहनीका निबन्धहरू अग्रगण्य छन् । शैली–अभिव्यक्ति–प्रधान र आत्मपरक निबन्धकारहरूमा शंकर लामिछाने, श्रीधर खनाल तथा लोकराज बरालका निबन्धहरू रोचक छन् । रूपरेखाको प्रथम १०० अंकमा प्रकाशित बचेका अधिकांश लेख–निबन्धहरूमा खोज, चिन्तन र विश्लेषणको छापभन्दा लेखकको आत्म–प्रकाशनको अधैर्यता पाइएलान् । लोकप्रिय पत्र-पत्रिकाको नेपाली लेखाइमा चिन्तन भन्दा आत्म-प्रकाशन, विश्लेषण र खोज भन्दा फुक्करवादको प्राधान्य देखिन्छ । नेपाली भाषामा प्रकाशित पत्र-पत्रिकामा अधिकांश यही प्रवृत्ति भेटिन्छ । साहित्य, कला, इतिहास, संस्कृति, यात्रा, चिनारी, स्मरण, आत्मपरक वा अभिव्यक्ति-प्रधान लेख इत्यादि सामग्री नै मुख्यतया हाम्रो बौद्धिक आहार भइरहेको तीसौं वर्ष भइसक्यो । तर यस सीमित परिधि भित्र बरालिरहेका हाम्रा नेपाली–भाषा बुद्धिजीवी–लेखकहरूले हाम्रो सामाजिक र आर्थिक विकासका आकांक्षाहरूलाइ प्रतिविम्वित गर्ने प्रयत्न गरेनन् भन्ने होइन । तर यो प्रश्न रूपरेखाको अंक १०१ देखि १९५ सम्म प्रकाशित लेख–निबन्ध र विशेष निबन्ध तथा लेखहरूले उठाउन कन बाध्य गर्दछन् । गत ९५ अंकमा प्रकाशित कूल १८३ लेखहरूमा भाषा–साहित्य–आलोचना गरेर जम्मा १६३ प्रकाशित भएका छन् (५७.५९ प्रतिशत) । अन्य विषय–क्षेत्रमा प्रकाशित भएका लेखहरूमा विशेष गरेर "प्राविधिक" भन्न सुहाउने वरूण कुमार तिवारीका मनोविज्ञान सम्वन्धी लेखहरू "मानवविज्ञान सम्बन्धी अध्ययन" (अंक १४१) "धर्मको मनोविज्ञान," (अंक १४७), "समस्यापूर्ण बच्चा: कारण निवारण" (अंक १५१), "नग्नता प्रति आकर्षण "(अंक १५४), "सुखमय जीवनको लागि यौन शिक्षा "(अंक १५६)," आत्म हत्या: मनोवैज्ञानिक विश्लेषण "(अंक १७१)," यौन अपराध एकै दृष्टि" (अंक १६४) आदि उल्लेखनीय छन् ।[४] अंक १०१ देखि १९५ सम्ममा छापिएका ११ वटा विदेश यात्रा र १६ वटा नेपाल र भारतभित्र यात्रा वर्णन र स्मरण परेका छन् । संगीत, कला, नृत्य, हास्य गरेर ६ वटा लेख, इतिहास र संस्कृतिमा ५ वटा र बुद्धिजीवीहरूको भूमिका सम्वन्धी ५ वटा समाजशास्त्रीय (मौलीक तथा अनुदित) लेखहरू प्रकाशित छन् । अंक १८० मा "भू–राजनीति" सम्वन्धि

४ हेर्नुस अंक १७१ मा "स्वपीडन कामविकृति" र अंक १७४ मा 'सपना जीवनको प्रतिरूप" आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा अंक १८१ मा "विशेष सम्बन्ध" सम्बन्धी मदनमणि दीक्षितका दुइ लेख छापिएका छन् ।

रूपरेखा पत्रिका २०१७ साल देखि छापिन थालिएको हो । २०१७ देखि आजसम्मको अवधि भित्र नेपाली जन-जीवनमा आएका परिवर्तनहरू र समस्याहरूको विषयमा यस पत्रिकामा कुनै राजनैतिक, सामाजिक, आर्थिक, विश्लेषण, चिन्तन र खोज-प्रधान लेख देखिदैनन् । न कुनै गहकिलो मूल्यांकन । विगत १७ वर्षमा आइपरेका समस्या र परिवर्तनहरू प्रति नेपाली भाषा-भाषी लेखक-बुद्धिजीवीहरू आफ्नो लेखाइमा विमुख थिए र भन्ने प्रश्न छँदैछ । अर्कोतिर नेपाली भाषाको प्रयोग साहित्य, इतिहास, संस्कृति र आत्म-प्रकाशन मै मात्रै सीमित राखेर प्राविधिक क्षेत्र मात्रै होइन मानविकी तथा समाजशास्त्रका अन्य क्षेत्रहरूमा पनि खोज, चिन्तन र विश्लेषणको काममा यो भाषालाइ त्यति प्रश्रय दिएको पनि देखिदैन । कमसेकम नेपाली भाषाका प्रतिनिधि लोकप्रिय पत्रपत्रिकाहरूबाट जम्मा गर्न सकिने तथ्यांकबाट प्राविधिक चिन्तन-मनन-लेखन-प्रकाशनमा नेपाली भाषाको सीमित भूमिका देखिन्छ । १७ वर्षभित्र प्रकाशित रूपरेखाका लेख निवन्धहरूमा प्रतिपादित विषय-वस्तु केलाएर हेर्दा नेपाली चिन्तन-क्षेत्र सीमित मात्रै होइन समय निरपेक्ष पनि देखिन्छ ।

साहित्य, कला, संस्कृति वा इतिहास अवश्य पनि सभ्यता र जीवनको साध्य हुन् तर त्यसको मतलव यो होइन होला कि यिनै मात्र खोज, चिन्तन, मनन, विश्लेषण र मूल्यांकन योग्य विषयहरू छन् । नेपालको सामाजिक संगठन, अर्थतन्त्र, भूमि-व्यवस्था, बन्द व्यापार, पर्यटन उद्योग, औद्योगीकीकरणको समस्या, पूँजीको समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध, विकासका समस्याहरू, सांस्कृतिक सामाजिक तथा मनोवैज्ञानिक एकीकरणका समस्याहरू, नौकरशाही तन्त्र इत्यादि इत्यादि विषयतिर समाजशास्त्री, अर्थशास्त्री, राजनीतिज्ञ र नृतत्वशास्त्रीहरूले पनि त रूपरेखा वा यस्तै अन्य नेपाली भाषाका प्रतिनिधि पत्रिकाहरूमा खँदिलो लेखहरूको देन दिन सक्तथे होलान् । नेपाली पत्र-पत्रिकाहरूले आफ्नो व्यक्तित्व एकै साँचोमा मात्र ढाल्न खोजेका हुन् वा नेपाली भाषा-भाषी बुद्धिजीवी-लेखकहरूले नेपाली भाषाको प्रयोग क्षेत्र एकै सीमित परिधि भित्र कायम राख्न श्रेय ठानेका हुन् पाठक-समुदायलाइ भन्न गाहारो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। तर यस प्रवृत्तिले न नेपाली भाषाको चौतर्फी विकास हुने देखिन्छ न नेपालको उन्नति होला जस्तो छ। वीसौं सदीमा नेपालको विकास प्राविधिकीकरणले मात्र संभव छ। नेपालको राष्ट्रभाषा र शिक्षाको माध्यमको रूपमा नेपाली भाषाको प्रयोग–क्षेत्रको प्राविधिकीकरण नभैकन नेपालको विकास र प्राविधिकीकरण कठिन छ। गल्प र पुराण, नीति र कथा, कविता र गजल, गीत र उखान फल्न–फुल्न भाषालाइ प्राविधिकीकरण गर्नु नपर्ला, तर ज्ञान र विज्ञानको माध्यम, प्रविधि र शिल्पको आधारको रूपमा, खोज, चिन्तन, मनन, विश्लेषण र मूल्यांकनको भाषाको रूपमा नेपाली भाषाले प्राविधिकीकरण नगरी धर छैन। भाषा प्राविधिककीरणको पहिलो पाइला नै प्राविधिक क्षेत्रमा यसको प्रयोग हो। यसो हुनाले नेपाली भाषा–भाषी लेखक, बुद्धिजीवी, समाजशास्त्री, अर्थशास्त्रीले मात्रै होइन भौतिकशास्त्री र प्राविधिज्ञ तथा वैज्ञानिकहरूले पनि यस भाषालाइ लेखन, चिन्तन र प्रकाशनको भाषाको रूपमा अपनाइ अरू विभाषी नेपालीहरूलाइ पनि वाटो देखाउने काम गर्ने छन् भन्ने आशामा यो लघु अध्ययन यहीं टुंग्याउँछु।

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

○

नेपालीको अवस्था भने भिन्नै छ, एक त राष्ट्रभाषा भएवाट र दोस्रो कारण चाहिं नेपालका सम्पूर्ण जनसंख्याको आधीभन्दा बढीले वोल्ने भएकोले। राजनैतिक रूपमा नेपाली भाषाको भविष्य उज्ज्वलै उज्ज्वल छ। यसका पत्रकारितात्मक एवं रचनात्मक सम्भावना प्रशस्त छन्। रचनात्मक लेखकहरू, पत्रकारहरू, शिक्षकहरू, पाठ्य–पुस्तक लेखकहरू तथा इतिहासकारहरू आफ्ना रचनामा नेपालीकै झन् बढी उपयोग गर्न थालेका छन्। तथापि, नेपालका अ–नेपालीभाषी जनसंख्याको ४९% लाइ समेत एकातिर आफ्ना अस्तित्व जोगाउन यसलाइ दैनिक जीवनको प्रयोग निमित्त अपनाउनुपर्ने आवश्यकता लाग्दै जाने छ भने, यसको बढ्दो संस्कृतिकरणद्वारा यसमा उम्री आउने भावनात्मक सिमानाले गर्दा तिनीहरूलाइ सामाजिक रूपबाट हानिकारक स्थितिमा पुऱ्याउने समेत सम्भावना छ।

कमलप्रकाश मल्लः नेपाली समाजमा बुद्धिजीवी (२)–रूप-रेखा १०९ः जेठ २०२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम
शाहदेव सरकारको

३३औं शुभ जन्मोत्सवको

सुखद उपलक्ष्यमा मौसूफ सरकारको
सुस्वास्थ्य तथा दीर्घायुको लागि
हार्दिक कामना गर्दछौं

नेपाल उद्योग वाणिज्य संघ

मीराहोम, खिचापोखरी, काठमाडौं

पोष्ट वक्स : २६९ फोन नं. १२०९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—रामशरण दर्नाल

रूप-रेखा र संगीत

पत्रिका र प्रकाशनको दृष्टिकोणले हेर्दा रूप-रेखाले साहित्यिक क्षेत्र-मा विशिष्ट स्थान श्रोगटेको देखिन्छ । तर, अर्कोतिर सांस्कृतिक उत्थानमा पनि रूपरेखाको त्यति नै महत्वपूर्ण स्थान छ, जतिको साहित्योत्थानमा । आपनो अनेकौं वाधा र कठिनाई हुँदा हुँदै पनि निजी क्षेत्रमा रूप-रेखाले नेपाली संस्कृतिको लागि जे जति योगदान दिई आएको छ, त्यो नेपाली सांस्कृतिक जगत्मा उदाहरणको रूपमा लिन सकिन्छ । आजका कतिपय उदीयमान कलाकारलाइ सर्वप्रथम रूप-रेखाले नै जनसमक्ष प्रस्तुत गराएको थियो भन्नुमा अत्युक्ति हुने छैन ।

आपनो स्थापनाकालदेखि नै रूप-रेखाले जन्म-जयन्ती र विशेष पर्वहरूमा बाहेक अन्य विभिन्न समयमा पनि संगीतप्रति अभिरूचि बढाउन विविध संगीतपूर्ण 'रूप-रेखा संगीत' कार्यक्रमहरू आयोजना गर्दै आएको छ । यस संदर्भमा के भन्न सकिन्छ भने, रूप-रेखाले यस प्रकारको संगीतको आयोजना वा कार्यक्रमबाट धन आर्जन गर्नु वा यश कमाउनु नभै नवोदित कलाकारहरूलाइ प्रोत्साहित गरी नेपाली संस्कृतितर्फ जनरूचि पैदा गराउनु नै यसको मुख्य उद्देश्य रहेको छ । यसै क्रममा नेपालका प्रसिद्ध लोकप्रिय गायक—गायिका र संगीत-कारहरूलाइ जनसमक्ष ल्याई उनीहरूको प्रतिष्ठा र प्रसिद्धि बढाउनमा पनि रूप-रेखाले महत्वपूर्ण भूमिका खेली योगदान दिएको छ । सबै स्वदेशी गायक-गायिका मात्र हैन, प्रवासका पनि सबै जसो कलाकार तथा संगीतकारहरूलाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रोत्साहित गर्नमा समेत रूप-रेखा पछि परेको छैन। यसको ज्वलन्त उदाहरण-स्वरूप आजका ख्याति प्राप्त संगीतकार अम्वर गुरुङलाइ लिन सकिन्छ। श्री गुरुङलाइ काठमाडौंमा ल्याउन र टिकाउनमा रूप-रेखाको सराहनीय प्रयासलाइ त्यसै विर्सन सकिंदैन।

प्रवासमा रहेका नेपाली प्रतिभालाइ चिनाउने क्रममा २०३३ साउन २० गते आसामको तेजपुरवाट आएकी गायिका अञ्जुदेवी दर्नालिलाइ राष्ट्रिय सभा-गृहमा रूप-रेखाद्वारा आयोजित सांगितिक साँझ 'अञ्जुदेवी नाइट्'-मा नेपाली श्रोताहरू समक्ष प्रस्तुत गरिएको थियो। यही नै पछिल्लो 'रूपरेखा' सङ्गीत थियो।

यी त भए रूप-रेखाले सम्पन्न गरेका सांस्कृतिक गतिविधिवारे केही टिपोट। अव हामी नेपालको निजी क्षेत्रहरूमा चलेका पत्रिकाहरूमध्येको नियमित र निर्भिक मासिक पत्रिका रूप-रेखा र यसमा प्रकाशित पूर्णाङ्क–१०१ देखि २०० सम्म) संगीत सम्वन्धी लेखहरूवारे सरसर्ती विचार गरौं।

रूप-रेखाले पूर्णाङ्क १ देखि १०० सम्म करिव १८ वटा संगीत सम्वन्धी महत्वपूर्ण लेखहरू प्रकाशित गरेको कुरा पूर्णाङ्क १०० मा प्रकाशित लेखको सूचीबाट थाहा पाइन्छ। संयोगवश पूर्णाङ्क १०१ देखि २०० सम्म पनि संगीतका विविध विषय लिएर त्यतिकै संख्याका १८ वटा लेखहरू यी पूर्णाङ्कहरूमा पनि देखा परेका छन्।

रूप-रेखा पूर्णाङ्क–१०१ देखि २०० सम्मका संगीत सम्बन्धी लेखहरू सरसर्ती हेर्दा निम्नलिखित पूर्णाङ्कमा संगीतका लेखहरू पढ्न सकिन्छ। (प्रस्तुत लेखमा लेखकका कृतिहरू समीक्षाको रूपमा नभै सरसर्ती मात्र हेरिएको छ। यति सानो लेखमा समीक्षा गर्नु पनि सम्भव देखिएन। यसर्थ, यसलाइ सरसर्ती टिपिएको एउटा टिपोट मात्र मानिदिनु पर्ला।)

'गीतकार अम्वर गुरुङ' शीर्षक लेखका लेखक अम्वर गुरुङले पूर्णाङ्क १०६ मा आफ्नैवारेमा लेखेका छन्। उनले यस लेखमा आफु कसरी र कुन संयोगले गीतकार वन्न पुगेको र संगीतकार स्वयं नै गीतकार भएमा धेरै कुरामा सजिलो पर्ने कुरा व्यक्त गरेका छन्। शीर्षक अन्तर्गतको विश्लेषण साथै उत्कृष्ट गीतकारका गीतहरू पनि नमूना स्वरूप दिइएको छ। यसको लगत्तै अर्को पूर्णाङ्क–१०७ मा 'हार्मोनियम प्रसिद्ध अभागी वाजा' शीर्षकमा अम्बर गुरुङको अर्को अनुभवपूर्ण लेख प्रकाशित भएको छ। यस लेखमा हार्मोनियमको आवश्यकता, गुण र दुर्गुणवारे लेखकले राम्ररी विवेचना गरेका छन्। आजको वैज्ञानिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युगमा हार्मोनियमको त्यति महत्व छैन । कारण यसको श्रुतिहरुको संख्यामा घटी-बढीले गर्दा रेडियो र आर्केस्ट्राहरुमा हार्मोनियम बहिष्कृत छ । तर, नौटंकी, कव्वाली र ठुमरीमा यसको लोकप्रियता अझै जस्ताको त्यस्तै छ । यसै अंकमा 'महान् संगीतज्ञ-बर्न्सटेन' शीर्षकमा लिली लैनोले परिचयात्मक लेख प्रस्तुत गरेकी छन् । अमेरिकी सगीतज्ञ तथा वाद्यवादक संचालकको रूपमा अत्यधिक लोकप्रिय लियो नार्दो बर्न्सटेन लण्डन र भियनामा मात्र हैन अपितु विश्वकै ख्यातिप्राप्त सगीतकार हुन् । बर्न्सटेन र उनको फिल्हार्मोनिक अर्केष्ट्रा नेपालमा आएको छैन । यसर्थ, उनको बारेमा चिनारी स्वरूप लेखिएको यो सानो लेखले बर्न्सटेनबारे धेरै प्रकाश पारेको छ । पूर्णाङ्क—११८ मा जनार्दन समले 'वसन्तले बनमा गायो' शीर्षक लेखमा सुप्रसिद्ध गायक तथा संगीतकारमा रत्नदास प्रकाशको परिचय दिने प्रयास गर्नुभएको छ । शीर्षकमा लेखिएको वाक्यांश रत्नदासको अत्यधिक लोकप्रिय गीतहरूमध्येको एक हो । रत्नदासका सम्बन्धमा धेरै लेख लेखिएका छन् । पुस्तकाकारमा जीवनी नै प्रकाशित भएको छ । तर, जनार्दन समले रत्नदासमाथि यथार्थका साथै उनको भावनात्मक पक्षहरूलाइ समेत प्रस्ट पारिदिनुभएको छ । श्री सम आफै पनि गायक हुनाले रत्नदासलाइ त्यत्ति नजिकबाट चिन्न सक्नुभएको हो ।

रूप-रेखाको पूर्णाङ्क—११८ देखि एकैचोटि पूर्णाङ्क—१३० मा मात्र संगीत सम्बन्धी लेख देख्न सकिन्छ । तर, यतिका अङ्कको फट्को काटे तापनि पूर्णाङ्क—१३० देखि यो पूर्णाङ्क संगीतमय रहेको छ । युवक गायक, गीतकार तथा संगीतकार मञ्जुल राल्फाले 'नयाँ नयाँ क्षितिजको अंगालोमा हाम फाल्दै' शीर्षक दिई सांगितिक भ्रमणको आफ्नो अनुभवयुक्त यात्रा-संस्मरण लेखेका छन् । यस लेखबाट पूर्वाञ्चल क्षेत्रका लोकसंगीत र स्थानीय जनताको मनोभावना अनि संगीतमय यात्राको रमाईलो संस्मरण बोध हुन्छ । मञ्जुलले लोकगीतका नमूनास्वरूप कतिपय गीतहरू दिएका छन् । सांगितिक दृष्टिकोणले यो पूर्णाङ्क पत्रिका नभै पुस्तककै रूपमा छ । यसैले संग्रहणीय छ । यसतर्फ रूप-रेखाले निक्कै ठुलो छाती राखेको अनुभव गर्न सकिन्छ ।

पूर्णाङ्क—१३९ मा 'गोरेटोको खोजीमा' शीर्षक स्तम्भमा जगदीश शम्शेरले महाकाली नाचमा एक समीक्षात्मक लेख प्रस्तुत गर्नुभएको छ । प्राचीनकालदेखि नेपाली संस्कृतिको महत्वपूर्ण अंगको रूपमा रहेको हाम्रो महाकाली नाचको अहिलेको जीर्ण अवस्था र पहिले आफुले हेरेको महाकाली नाचको चोखो रूप र शास्त्रीय वैशिष्टच देख्ता लेखक चिन्तित हुनुहुन्छ । हाम्रा परम्परागत नाचहरूले अहिलेसम्म शास्त्रीयता अंगाली सक्नुपर्नेमा उल्टो नष्ट—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रष्ट हुँदै गएकोमा यस क्षेत्रका सवैलाइ दुःख लाग्नु स्वभाविकै हो। दुर्भाग्यवश यसका ज्ञातहरू एक एक गर्दै परलोक हुँदैछन्। यसतर्फ घच्घच्याएर लेखकले सम्बन्धित क्षेत्रको आँखा उघार्न खोज्नुभएको छ। उहाँले यसतर्फ बडो प्रस्टसंग विचार व्यक्त गर्नुभएको छ। यस पूर्णाङ्कको दुई अङ्कपछि नै अर्थात् पूर्णाङ्क — १४२ मा यस लेखका लेखकको पहिलो लेख रूप–रेखामा छापिन्छ। 'थाँट पद्धति—एक अध्ययन' विषयमा लेखिएको यस लेखको मुख्य उद्देश्य पाठक र खास गरी नेपाली संगीत जगत्लाइ संसारमा चलिआएका विभिन्न थरीका थाँटवारे अवगत गराउनु रहेको छ। यसवाट विभिन्न संगीत पद्धतिमा चलेका विभिन्न थाँटको स्वर समेत वोध गराइएको छ। पूर्णाङ्क—१४५ मा 'उकाली र ओरालीहरूमा पाइतालाका डोवहरू छोड्दै' शीर्षक सांगीतिक भ्रमणको लेख लिएर पुनः मञ्जुल देखा पर्छन्। यस अङ्कमा पनि उनले पूर्वाञ्चल नेपालको पैदल भ्रमणमा पाएका सांगीतिक अनुभवहरू, लोकगीतका रमाइला क्षणहरू र स्थानीय जनतासंग भएको आत्मीयतावारे मन फुकाएर लेखेका छन्। लोक संगीत अध्ययन गर्नेहरूका लागि यो पूर्णाङ्क पनि संग्रहनीय हुन सक्छ। पूर्णाङ्क—१६३ मा 'कर्णाली लोक संस्कृतिको आठौं अध्याय' शीर्षकमा रत्नाकर देवकोटाले कर्णाली अञ्चलको कर्मकाण्डदेखि लोक गीतका चुड्काहरूका सम्वन्धमा राम्ररी प्रकाश पार्नुभएको छ। उदाहरणका लागि ६।७ वटा चुड्का गीतहरू पनि दिनुभएको छ। यहाँको चुड्किलो खेल्ने चलनले रात कटेको थाहै नपाइने कुरा लेखकले जनाउनुभएको छ। लेखक सोही अञ्चल निवासी हुनुभएकोले, यसतर्फ अरु बढी जानकारी पाउने आशा पाठकलाइ हुनु स्वाभाविक हो। पूर्णाङ्क–१६५ मा 'महान् संगीतज्ञ जुरे र वीरे' शीर्षकमा पुनः यस लेखकका लेखकको दोस्रो लेख प्रकाशमा आएको छ। यस लेखमा अतीतका दुई प्रसिद्ध गायक दाजुभाइ जुरे र वीरेका सम्वन्धमा केही जानकारी दिने प्रयास भएको छ। गायन कलाकै आधारमा यिनीहरूले वक्सिस स्वरूप फर्पिङको डाँडो विर्ता पाएको कुरा थाहा पाइन्छ। नेपालमा त्यति वेला अनेकौं शास्त्रीय संगीतकार गायक थिए। तीमध्ये यी दुई दाजुभाइको उल्लेख कुनै प्रसंगमा पनि नजोडिएकोले यस्ता अपरिचित प्रतिभा पाठक सामु चिनारीको रूपमा प्रस्तुत गरिएको हो। पूर्णाङ्क १७६ मा 'जुम्लाको रकालदरा बजेडी चोरको मालिका पूजाई: एक परिशीलन' शीर्षकमा रत्नाकर देवकोटाको अर्को लेख प्रकाशित भएको छ। जुम्लावासीहरू त्यस मेलामा भेला हुने, त्यस अवसरमा फोड़ा, चुड्किला र मांगल आदि गीतहरू गाउने गर्ने रकालदरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राँचुलीका युवतीहरू स्थानीय ध्यौडा खेल खेल्दै गीतहरू गाउँछन् । उहाँले नमूना स्वरूप यस लेखमा २० वटा जति छोट्चा, छोट्टीका जुहारी गीतहरू पनि दिनुभएको छ । यस लेखबाट रकालदराको पूरा झलक पाइएको आभास हुन्छ । पूर्णाङ्क—१७८ मा 'एउटा कलाकार रोग शैय्यामा' शीर्षक दिई निर्मला भट्टराईले प्रसिद्ध तबलावादक र नृत्यकार नारायणप्रसाद शर्माको त्यस अवस्था बारे राम्ररी लेख्नुभएको छ, जुन अवस्थामा कलाकार साँच्चिकै मरणासन्न नै थिए । तर, सबैको माया ममताले उनलाइ मृत्युको मुखबाट फिर्ता ल्याइयो । अब उनी सकुशल छन् र कला साधनामा रत छन् । यसै पूर्णाङ्कमा बेटीदेवी बज्राचार्यले 'आधुनिक कालमा नृत्य'-बारे लेखेकी छन् । नृत्य कलाकार तथा नृत्यशिक्षिका भैसकेकी श्रीमती बज्राचार्यबाट नृत्य सम्बन्धमा यसभन्दा स्तरीय लेखको आशा गर्न सकिन्थ्यो ।

पूर्णाङ्क १८० मा नगेन्द्र शर्माले 'नेवारी भाषा, साहित्य, संगीत' शीर्षकमा नेवारी भाषा र साहित्यका साथै संगीतको पनि उल्लेख गर्नु भएको छ । संक्षेपमा भए पनि लेखमा नेवारी भाषा, साहित्यमा राम्रो प्रयास भएको छ । तर, संगीत पक्षमा विचार गर्दा तिहुनमा नून बिलुनो भए जस्तो लाग्छ । नेवारी लोकगीत र परम्परागत संगीतको आफ्नै विशेषता छ । पूर्णाङ्क–१८४ मा पश्चिमाञ्चल नेपालको सांगीतिक पक्ष लिएर स्थानीय कलाकार मदन घ्यौरालीले 'तानसेन सहरी क्षेत्रको लोकगीत' शीर्षकमा लोक संगीतमा परिचयात्मक लेख लेख्नुभएको छ । यसमा पाल्पा जिल्लाका लोकगीतबारे विस्तृत चर्चा गरिएको छ । नमूनास्वरूप धेरै लोकगीतहरू दिइएका छन् । प्रस्तुत लेखमा तानसेनका लोक गायकहरूको पनि चर्चा गरिएको छ । आधुनिक गीतका संस्थापक सरह मानिएका स्व. मा. मित्रसेनको (मित्रसेनको पहिलो जीवनी पनि विपिनदेव ढुंगेलको कलमद्वारा 'रूप--रेखा'–मा नै छापिएको थियो) नामदेखि लिएर चन्द्रप्रसाद अधिकारी र हरिबहादुर कुँवरका साथै अन्तमा घ्यौराली सांस्कृतिक परिवारको नाम उल्लेख छ । लेखक यसै परिवारका एक सदस्य हुन् । पश्चिमाञ्चल तानसेनको लोकगीतबारे जिज्ञासु राख्नेहरूका लागि यो लेख निकै उपयोगी सिद्ध हुनेछ । यसै अङ्कमा 'गण्डकीभित्र गुन्जेका मायाका गाँठाहरू' शीर्षक दिएर जीवनराज वाग्लेले पश्चिमाञ्चल गण्डकी क्षेत्रको लोक गीतबारे जानकारी दिने प्रयास गरेका छन् । यस अंचलका विभिन्न जिल्लामा युवक युवतीहरूद्वारा गाइने जुहारी र ठोक्काहरूको लेखमा चर्चा गरिएको छ । कतिपय गीत पनि दिइएका छन् । लेख कथानकस्वरूप लोकगीतहरूमा प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ। अन्तमा लेखकले आफ्नै मौलिक संस्कृतिमा रम्ने, विदेशीको नक्कल नगर्ने र आफुतिरै फर्कने कुरामा जोड दिई पाठकलाइ सचेत गराएका छन्। उपर्युक्त दुवै लेखले गर्दा यो पूर्णाङ्क लोक संगीतको लागि संग्रहणीय बनेको छ। रूप–रेखाको पूर्णाङ्क–१८५ देखि १९६ सम्म संगीत सम्वन्धी कुनै लेख देखा पर्दैन। यसो हुनुमा रूप–रेखाको मात्र कुनै दोष छैन। कारण नेपालमा संगीत सम्वन्धी लेखहरू अनुरोध गर्दा पनि पाउन गाहारो पर्छ। सीमित लेखहरूले फुर्सत निकालेर लेखिएका केही लेखबाटै यसको तृष्णा बुझाउने प्रयास भएको छ। यसरी नै निर्वाह हुँदै आएको छ। जे जति संगीत सम्बन्धी लेख पाइएका छन् तिनलाइ प्राथमिकता दिई रूप–रेखाले छाप्दै आएको छ। वरु संगीत क्षेत्रले नै रूप–रेखालाइ सहयोग पुऱ्याउन नसकेको चाहिं टड्कारै गर्न सकिन्छ।

पूर्णाङ्क—१९७ मा 'उस्ताद झुम्मकलाल मिश्र' सम्बन्धमा यस लेखका लेखकको तेस्रो लेख प्रकाशमा आयो। वयोवृद्ध गायक, वादक तथा नृत्यकार उस्ताद मिश्रले धेरै युग आफ्ना आँखाले देखेका छन्। त्यसैले उनलाइ नचिन्ने मान्ने कमै छन्। तैपनि पाठकहरूमा यस्ता संगीतकारबारे पनि केही जानकारी दिने उद्देश्यले उनको संक्षिप्त जीवनी दिइएको हो। संक्षेपमा भए पनि हाम्रा अग्रणी कला प्रतिभाहरू के कस्ता अवस्थामा थिए र के कस्तो अवस्थामा दिन बिताइरहेका छन् भन्ने कुरा यस लेखबाट प्रस्ट हुन्छ। नेपालको घरानियाँ कलाकारहरूमध्ये उस्ताद झुम्मकलाल मिश्रको पनि सम्मानपूण स्थान छ। आफ्नो समयका उनी धुरन्धर कलाकार थिए।

यसरी रूप–रेखाले, साँस्कृतिक क्षेत्र र सांगीतिक विधामा पनि योगदान दिंदै आएको कुरा माथिका तत्वहरूबाट प्रस्ट हुन्छ। रूप–रेखाका आगामी पूर्णाङ्कहरूमा पनि सांगितिक विधालाइ अझ बढी प्रोत्साहित गरिनेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ।

क्षेत्रपाटी, काठमाडौं। ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल दूर संचार संस्थान

२००७ सालदेखि यता नेपालमा दूर सञ्चार स्थानीय टेलिफोन सेवातर्फ निम्न बमोजिम विकास कार्य सम्पन्न भएको छ ।

स्थानीय टेलिफोन सेवा

२००८ सालमा काठमाडौंमा १०० लाइन मेग्नेटो टेलिफोन एक्सचेञ्ज स्थापना भई नेपाल अधिराज्यमा सर्वप्रथम सर्व साधारणलाइ स्थानीय टेलिफोन सेवा उपलब्ध गराइएको थियो । त्यसपछि २०१२ सालमा काठमाडौंमा ३०० लाइन क्षमताको सि. बि. टेलिफोन एक्सचेञ्ज स्थापना भई २०१८ सालसम्म दुई एक्सचेञ्जहरूबाट टेलिफोन सेवा चालु रह्यो ।

२०१७ सालमा केन्द्रीय सचिवालयमा १२० लाइनको स्वचालित शाखा एक्सचेञ्ज र २०१९ सालमा काठमाडौंमा १००० लाइन क्षमताको स्वचालित स्थानीय टेलिफोन एक्सचेञ्ज (केन्द्रीय टेलिफोन एक्सचेञ्जको रूपमा) स्थापना भई काठमाडौं टेलिफोन सेवामा तथा नेपालको दूर सञ्चार सेवा नै महत्वपूर्ण रूपमा विकास सुरू हुन गएको पाइन्छ ।

२०२२ सालमा विराटनगरमा ३०० लाइन क्षमताको सि. बि. टेलिफोन एक्सचेञ्ज स्थापना भई अधिराज्यको राजधानी बाहिरका सहरमा पनि स्थानीय टेलिफोन सेवा सुरूआत हुन गएको देखिन्छ भने यता राजधानी काठमाडौंमा पनि सेवा चालु रहेको १००० लाइन अपर्याप्त हुन गई सो विस्तार गर्ने कार्यक्रमको तर्जुमा २०२२ सालमा नै भयो जसको फलस्वरूप २०२७ सालसम्ममा राजधानीमा भएको काठमाडौं केन्द्रीय एक्सचेञ्जमा ३००० लाइन थप हुन गयो र पाटनमा एक छुट्टै टेलिफोन एक्सचेञ्ज स्थापना भई सो मा ६०० लाइन स्वचालित टेलिफोन उपकरणहरू जडान गरी सेवा चालु भयो । यसको लगत्तै २०२८ सालमा काठमाडौं टेलिफोन एक्सचेञ्जमा अर्को एक हजार लाइन थप हुन गई उक्त एक एक्सचेञ्जबाट जम्मा ५००० लाइन टेलिफोन पुग्न गयो ।

२०२९ सालदेखि अधिराज्यको अन्य मुख्य मुख्य सहरहरूमा पनि स्थानीय टेलिफोन सेवा सुरू हुँदै गयो । सोही सालमा वीरगञ्जमा ३०० लाइनको स्वचालित टेलिफोन सेवा सुरू हुन गयो । त्यस्तै सोही साल पोखरामा १०० लाइन, हेटौंडामा २०० लाइन र भैरहवामा १०० लाइन क्षमताको सि. बि. एक्सजेञ्ज स्थापना भई ती सहरहरूमा स्थानीय टेलिफोन सेवा उपलब्ध भयो । मलंगवामा पनि ५० लाइनको मेग्नेटो टेलिफोन एक्सचेञ्ज सोही सालमा स्थापना भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३० सालमा वीरगञ्जको ३०० लाइन स्वचालित टेलिफोनमा ७०० लाइन थप हुन गई उक्त एक्सचेञ्जको क्षमता १००० लाइन पुग्न गयो भने नेपालगञ्जमा २०० लाइन क्षमताको सि. त्रि. एक्सचेञ्ज सोही सालमा स्थापना भयो ।

२०३१ सालमा धरानमा ४०० लाइन क्षमताको सि. वि टेलिफोन एक्सचेञ्ज स्थापना भयो । त्यस्तै सोही सालमा राजविराजमा १०० लाइन, भद्रपुरमा १०० लाइन र जनकपुरमा २०० लाइनको सि. बि. एक्सचेञ्ज स्थापना भई उक्त सहरहरूमा स्थानीय टेलिफोन सुविधा उपलब्ध भयो ।

२०३३ सालमा विराटनगरमा १३०० लाइनको स्वचालित एक्सचेञ्ज स्थापना भयो र २०३४ सालमा सोही एक्सचेञ्जमा अरू ७०० लाइन थप भई उक्त एक्सचेञ्जको क्षमता हाल २००० लाइन पुग्न आएको छ । त्यस्तै सोही सालमा पोखरामा अर्को १५० लाइन र भैरहवामा अर्को १०० लाइन थप हुन गएको छ ।

माथिका विवरणहरूवाट दूर सञ्चारको स्थानीय टेलिफोन सेवातर्फ अधिराज्यको १५ सहरहरूमा गरी हालसम्म जम्मा १७७० टेलिफोन सेवा उपलब्ध गराइएका छन् जस मध्ये स्वचालित टेलिफोन ९००० र मैनुएल टेलिफोन १७७० छन् ।

पांचौं पञ्चवर्षीय योजनाको अवधिमा काठमाडौंमा सुरूमा ३००० लाइनको स्वचालित टेलिफोन उपकरण जडान गर्ने गरी एक नयाँ टेलिफोन एक्सचेञ्ज स्थापना हुनेछ । त्यस्तै भक्तपुरमा ४०० लाइन क्षमताको स्वचालित टेलिफोन एक्सचेञ्ज स्थापना हुनेछ । बनेपा, बुटवल, पाल्पा (तानसेन), भरतपुर, सुर्खेत, महेन्द्रनगर र धनकुटामा २००।२०० लाइन क्षमताको सि. बि. टेलिफोन एक्सचेञ्ज र सिराहामा १०० लाइनको एक्सचेञ्ज समेत स्थापना भई उक्त नगरहरूमा स्थानीय टेलिफोन सेवा उपलब्ध गराइने कार्यक्रम छ ।

भैरहेको टेलिफोनमा क्रमशः विस्तार गर्ने कार्यक्रम अनुसार पाचौं पञ्चवर्षीय योजना अवधिमा काठमाडौं केन्द्रीय एक्सचेञ्जमा अरू १००० लाइन थप गर्ने र पाटन टेलिफोन एक्सचेञ्जमा अर्को १००० लाइन थप गर्ने कार्यक्रम छ।

त्यस्तै अधिराज्यका विभिन्न नगरहरूमा भएका मैनुएल टेलिफोन एक्सचेञ्जहरूमध्ये हेटौंडामा २००, जनकपुरमा २००, राजविराजमा १००, धरानमा १००, भद्रपुरमा १००, पोखरामा १००, भैरहवामा २००, नेपालगञ्जमा ३०० तथा मलङ्गवामा ५० थप गरी विस्तार गर्ने कार्यक्रम छ ।

यसरी पांचौं पञ्चवर्षीय योजनाको अन्त्यमा अधिराज्यको २५ नगरहरूमा गरी जम्मा १९०२० टेलिफोन सेवा उपलब्ध गराइने लक्ष्य राखिएको छ जसमध्ये स्वचालित १४४०० र मैनुएल ४६२० हुनेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ट्रंक टेलिफोन

ट्रंक टेलिफोन सेवातर्फ माइक्रोवेभ संचार योजना पूरा भएपछि अधिराज्यका निम्न ठाउँहरूबाट ट्रंक टेलिफोन सेवा चौबिसै घन्टा उपलब्ध हुन गएको छ । काठमाडौं, भक्तपुर, बनेपा, धुलिखेल, त्रिशूली, भैंसे, अमलेखगञ्ज, सिमरा, हेटौंडा, वीरगञ्ज, कलैया, गौर, मलङ्गवा, जनकपुर, सिराहा, राजविराज, धरान, विराटनगर, भद्रपुर, पोखरा ।

भैरहवा र नेपालगञ्जबाट दैनिक ३–४ घन्टा ट्रंक टेलिफोन सेवा उपलब्ध हुने व्यवस्था छ ।

पाँचौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा माइक्रोवेभ नेटवर्क पूर्वमा धनकुटासम्म र सुदूर पश्चिममा सुर्खेतसम्म पुग्न गई अधिराज्यका महत्वपूर्ण जिल्लाहरूका सदर मुकाम बिच ट्रंक टेलिफोन सेवा चालु हुनेछ ।

आकासवाणी सेवा

हालसम्म अधिराज्यमा १३ अञ्चल स्तरीय आ. वा. कार्यालयहरू र ६५ जिल्ला स्तरीय कार्यालयहरू छन् ।

अन्तरराष्ट्रिय दूरसंचार सेवा

अन्तरराष्ट्रिय दूर संचार सेवातर्फ काठमाडौं-दिल्ली, काठमाडौं-कलकत्ता, काठमाडौं-बम्बै बिच सिधा टेलिफोन, टेलिग्राफ सर्किट उपलब्ध भै नेपाल भारत बिचको दूर संचार सेवा संचालन भैरहेको छ । भारतको बम्बै मार्फत समुद्र पारका अन्य मुलुकहरूसंग टेलिफोन टेलिग्राफ सम्पर्क कायम भैरहेको छ ।

भारत बाहेक नेपालको जापान तथा हङकङ्गसंग सिधा रेडियो टेलिफोन र टेलिग्राफ लिङ्कको स्थापना भएकोले सो लिङ्कहरूबाट पनि समुद्र पारका मुलुकहरूसंगको दूर संचार सम्पर्क कायम भैरहेको छ ।

टेलेक्स सेवा

टेलेक्स सेवातर्फ हाल ३४ ग्राहकहरूलाइ टेलेक्स लाइन उपलब्ध गराइएको छ । हङकङ्ग र बम्बै मार्फत विश्वका कतिपय मुलुकहरूसंग टेलेक्स सेवा संचालन भैरहेको छ ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रनायक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवका

जुनाफमा सरकारको शुभ जन्मोत्सवको उपलक्ष्यमा

भक्तिपूर्वक अभिवादन चढाउँदछौं।

रत्न रेकर्डिङ्ग संस्थान

रामशाहपथ : काठमाडौं

फोन नं. १४५४८ र १५४९९

नेपाल आयल निगम लि.

स्थापना : २०२७ साल पुस २६ गते

हाल अधिकृत पूँजी : २ करोड

उद्देश्य:—विभिन्न मुलुकवाट पेट्रोलियम पदार्थको एकाधिकार प्राप्त गरी पैठारी गर्ने विभिन्न मुलुकवाट सोल एजेन्सी तथा डिस्ट्रिब्युटरसिप लिने, नेपाल अधिराज्य भित्र स्टोरेजको व्यवस्था गर्ने र नेपाल अधिराज्य-भित्र आफैले टैंक राखी आफैले निजी व्यवसाय मार्फत विक्री वितरण गर्ने गराउने

स्टोरेज टैंक:—अमलेखगञ्जमा १२५०० र काठमाडौंमा २२८० किलो लिटर क्षमता भएको टैंक निर्माण भैसकेको छ।

हवाई इन्धन डिपोहरू:—काठमाडौं, भैरहवा र नेपालगञ्जमा छन्

पेट्रोलियम पदार्थतर्फको जनसाधारणको हर प्रकारको सेवाका लागि सदैव तत्पर रहेको नेपाल आयल निगमलाइ सम्झनुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्यटन

डिल्लीराज उप्रेती

नेपालमा पर्यटन उद्योगको भूमिका

पर्यटकहरूका लागि नेपाल आकर्षणको केन्द्र छ । नेपाल अधिराज्यमा धेरै दर्शनीय स्थानहरू छन् । यहाँ संसारको सबभन्दा अग्लो शिखर सगरमाथा (Mt. Everest) अन्य अनगिन्ती हिम चुचुराहरू, पगोडा शैलीका वास्तुकला, प्राचीन कलाकौशलका वास्तुहरू र प्राकृतिक सौन्दर्यका भण्डार भएको हुनाले पर्यटकहरू यस देशमा भ्रमण गर्न सदा लालयित रहन्छन् । नेपालको स्वच्छ हावापानी, राजनैतिक स्थिरता, हँसिलो जनता तथा रमणीय पर्यटन स्थलहरूले गर्दा विगत दस वर्षमा यहाँ आउने अन्तरराष्ट्रिय पर्यटकहरूको संख्यामा तीव्र गतिले वृद्धि भएको छ । दस वर्षअघि अन्दाजी १५।२० हजार पर्यटकहरू आउँथे भने सन् १९७६ मा एकलाख पाँच हजार पुगेको छ । यस वर्ष एकलाख पच्चिस हजारभन्दा बढी हुने अनुमान छ । भारतबाट मोटर बसबाट आउने पर्यटकहरूको पनि हिसाब गरेमा अरू पन्ध्र हजार जति बढी हुन्छ । यस्तै पहिले दुई-तीन देशबाट मात्र पर्यटकहरू आउँथे भने अहिले अमेरिका, बेलायत, जापानको साथै फ्रान्स, स्पेन, इटाली, स्वेडन, अस्ट्रिया र अस्ट्रेलियाबाट पनि पर्यटकहरू आउन थालेका छन् । दक्षिण अमेरिकाका देशबाट पनि केही आउन सुरू गरिसकेका छन् । साथै नेपालमा पहिलेको भन्दा बढी दिन बस्ने पर्यटकहरूको संख्यामा पनि बिस्तारै वृद्धि भैरहेको छ । आउनेहरूमा दोहोऱ्याई तेहोऱ्याई आफ्नो छुट्टी नेपालमा बिताउने मानिसहरू पनि निकै छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रलाई विकासका कार्यहरू सञ्चालन गर्न विदेशी मुद्राको ज्यादै आवश्यकता पर्दछ । विदेशी मुद्रा यस प्राविधिक संसारमा विकासको काम पूरा गर्न अति जरूरी छ । यस सन्दर्भमा नेपालले पर्यटन उद्योगको समुचित विकास गरेको खण्डमा विदेशी मुद्रा आर्जन गर्ने सबभन्दा ठुलो स्रोत यही भएको र हुने देखिन्छ । साथै यस उद्योगबाट श्री ५ को सरकारलाइ प्रत्यक्ष रूपमा मात्र फायदा नभई जनसाधारणको जीवनस्तर उच्च गर्नमा समेत मद्दत मिली रोजगारीको सम्वर्द्धन हुने प्रत्यक्ष छ । पर्यटकहरूको वृद्धि हुनाले धेरै मानिसले काम पाउनाको साथै देशको विभिन्न पर्यटन दृष्टिकोणले महत्व भएका स्थानहरूको विकास हुने प्रस्ट छ । विदेशी मुद्रा आर्जनको साथसाथै पर्यटन उद्योगले नेपाल अधिराज्यमा श्रमप्रधान उद्योग-हरूको विकास गरी शिक्षित र अर्धशिक्षित बेकारीको समस्या समाधान गर्न ठुलो योगदान दिई आएको छ । नेपालमा अहिले जुन प्रकारले होटल उद्योग, ट्राभल एजेन्सी, गाइड, हवाइ र स्थल यातायातको माग बढ्दै गइरहेको छ, त्यसमा पर्यटन विकासको महत्वपूर्ण योगदान छ । त्यसै गरी नेपाली हस्तकलाको उत्पादन र बिक्रीमा जुन दरले प्रगति भैरहेको छ त्यसमा पनि पर्यटन विकासको सर्वाधिक महत्व छ भन्नु अत्युक्ति नहोला । यही तथ्यलाइ दृष्टिगत गरी पर्यटन उद्योग विकासका निमित्त श्री ५ को सरकारले अनेकौं आयोजनाहरू पूर्ण गर्दै यस उद्योगलाइ विकास गर्दै आएको छ ।

नेपाल अधिराज्यको भ्रमणमा आउने पर्यटकहरूको संख्यामा वृद्धि गर्नु र उनीहरूको बसाइ अवधि वृद्धि गर्नु मूल उद्देश्य भएको हुनाले पर्यटन मन्त्रालय तथा विभागले त्यसको प्राप्तिका लागि निम्नलिखित अनुसार साल-बसाली कार्यक्रम गरी लक्ष्य पूर्ति गरिआएको छः–

१. पोस्टर, पुस्तिका, विज्ञापन, चलचित्र आदि अन्तरराष्ट्रिय प्रचारका सामग्री संसारका विभिन्न देशका पर्यटन उद्योगका प्रतिनिधिहरूलाइ बराबर पठाउनु ।

२. पर्यटन क्षेत्रका उद्योगहरू (होटल, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी आदि)-लाइ प्रोत्साहन र सहुलियत दिनु दिलाउनु । आवश्यकता बमोजिम नयाँ होटल तथा लजहरू खोल्न खोलाउने व्यवस्था गर्नु ।

३. पर्यटन उद्योगको दृष्टिकोणले विभिन्न मन्त्रालय, विभाग र स्थानीय पंचायतलाइ सल्लाह दिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. पर्यटन आकर्षणको वर्तमान र भावी क्षेत्रहरूको सर्वेक्षण गरी रमणीय केन्द्रहरूको प्रचार गर्नु ।

५. पर्यटन उद्योगको विकासका लागि श्री ५ को सरकार र निजी क्षेत्रका विभिन्न इकाईहरू बिच सामञ्जस्य र समन्वय स्थापना गर्नु ।

६. पर्यटकहरूका हितको रक्षा गर्न पर्यटन उद्योगका विभिन्न अवयवहरूमाथि दृष्टि पुऱ्याउनु र नियन्त्रण गर्नु ।

यस बाहेक श्री ५ को सरकारले विभिन्न मन्त्रालय तथा प्रशासनिक इकाइहरूको माध्यमबाट जनजीवनका निम्नलिखित चेतना जागृत गराउने प्रयास पनि गरिरहेको छ ।

(क) नेपाली ऐतिहासिक र साँस्कृतिक अवशेष र भवनहरूको संरक्षण ।
(ख) प्राकृतिक, नगर र क्षेत्रीय सुन्दर स्थलहरूको संरक्षण ।
(ग) प्राचीन रीतिथितिको सम्भरण ।
(घ) आफ्नो सभ्यता र जीवनक्रममा मौलिक लक्षणहरूको बढी मान्यता ।
(ङ) विश्व संस्कृतिमा विशेष राष्ट्रिय देनबारे चेतना ।
(च) स्थापत्यकला, संगीत, नाटक, नृत्य, चित्रकला र अन्य कलाहरूको उत्थान ।

विभिन्न राष्ट्रहरूबाट आएका पर्यटकहरूलाइ अन्तरराष्ट्रिय स्तरको बसोबास र खानपिनको प्रबन्धको लागि विभिन्न होटललाइ अन्तरराष्ट्रिय स्तर अनुसार वर्गीकरण गरिएको र आवश्यक आधुनिक सरसामानहरूले सुसज्जित गर्न विदेशी मुद्राको सटही सुविधा प्रदान गरिएको छ । पर्यटन उद्योगलाइ राष्ट्रिय व्यवसायको रूपमा चलाउनलाइ समुचित प्रोत्साहन दिई व्यवसायिक ट्राभल एजेन्सीहरू, ट्रेकिङ्ग एजेन्सीहरूलाइ अनुमतिपत्र दिई विदेशी मुद्राको सटही सुविधा पनि प्रदान गराइएको छ । अहिले नेपालमा अन्तरराष्ट्रिय पर्यटक-स्तरका ५ तारेदेखि एक तारे र अन्य किसिमका गरी ५० होटल स्थापना भैसकेका छन् । १७ ट्राभल एजेन्सी र १७ ट्रेकिंग एजेन्सीहरू छन् । होटल र पर्यटन व्यवसायको लागि चाहिने निपुण जनशक्ति तयार गर्न होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र खडा गरी गत ३ वर्षदेखि वर्षेनी करिब दुई सय नेपाली युवाहरूलाइ तालिम दिइएको छ ।

नेपालको अमूल्य आकर्षण हिमशिखर नै भएकोले पर्वतीय पर्यटन (Mountain Tourism) पक्षको विकासमा विशेष जोड दिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्वतीय पर्यटन विकासले नै प्रादेशिक विकासमा सन्तुलन, स्थानीय जनतालाइ रोजगारी, स्थानीय जनतालाइ यस उद्योगप्रति चाख, प्राकृतिक र सांस्कृतिक निधिहरूप्रति मान्यता र तिनीहरूको संरक्षण र सम्भरणमा अभिरूचि आदि हुने निश्चित छ। यिनै वस्तुस्थितिलाइ ध्यानमा राखी र पर्वतीय पर्यटनको विकासबाट नै पर्यटकहरूको बसाइँमा वृद्धि हुन जाने भएकोले पर्यटकहरूलाइ काठमाडौं उपत्यका बाहिर पोखरा, पाल्पा, तानसेन, जोमसोम, मनाङ, नामचे बजार, फापलु, जिरी, लुक्ला, चितौन, सौराही आदि स्थानहरूमा व्यावसायिक स्थानीय जनतालाइ प्रोत्साहन गरी बसोवास र खानपिनको सुव्यवस्था गरिएकै छ। यस पर्यटन पक्षको समुचित उन्नतिका लागि जिल्ला पंचायतहरू, पुलिस चौकीहरू र श्री ५ को सरकारका सबै विभिन्न जिल्लास्थित कार्यालयहरूलाइ विदेशी पदयात्रीहरूलाइ सक्दो सहयोग र आतिथ्य सत्कारका लागि अनुरोध गरिएको छ। पर्वतीय पर्यटन विकास सन्दर्भमा खुम्बू इलाकाको विश्व बैंकको सहयोग-विस्तृत अध्ययन भैरहेको र सोको आखिरी प्रतिवेदन समेत निकट भविष्यमा नै प्राप्त हुने भएको छ। अन्तरराष्ट्रिय पर्यटन प्रचार तथा प्रसार कार्यक्रमना पनि पर्वतीय पर्यटनलाइ विशेष जोड दिइएको छ। एक प्रसिद्ध स्विस फिल्म निर्माण कम्पनीलाइ पर्वतीय पर्यटनका विशेष विशेषज्ञलाइ अंगाली चलचित्र निर्माण गर्न दिइएको छ।

पर्यटन विकासको क्षेत्रमा योजनाबद्ध विकासको आफ्नै विशेषता छ। कृषि वा अन्य उद्योग झैं पर्यटन उद्योगको आफ्नै ढंगको एकतर्फी विकास हुन सक्दैन। यसको संतुलित विकास श्री ५ को सरकारको विभिन्न अंगहरूको समन्वयात्मक सहयोग, पर्यटन सम्बन्धी निजी क्षेत्रको कार्यतत्परता, पर्यटन व्यवसायीहरूको निपूणता तथा नेपाली जनताको पर्यटकहरूप्रति सद्भावना तथा सहृदयता इत्यादिमा निर्भर गर्दछ। पर्यटन उद्योग अन्य विकास कार्यकलापहरूका पूरक हुन्। कुनै क्षेत्रमा यातायात, होटल इत्यादिको विकास भएमा पर्यटनको विकासलाइ प्रोत्साहन मिल्छ भने कुनै क्षेत्रमा पर्यटनको विकास भएमा त्यस क्षेत्रको कृषि, घरेलु उद्योग, बाटो-घाटो इत्यादि विकास कार्यक्रमलाइ सघाउ पुऱ्याउँदछ।

पर्यटन उद्योगको लहरसंगै यसको विकाससंग सम्बन्धित क्षेत्रहरूमा यातायात, सचार, होटलहरूको निर्माण, दृश्यावलोकन सेवाको विस्तार, प्राकृतिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण र सम्वर्धन, राष्ट्रिय उद्यानको निर्माण र सुरक्षाको व्यवस्था आदिको प्रमुख स्थान छ। यसको साथै पर्यटकहरू बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्रामा विचरण गर्ने स्थानका वातावरणलाइ दूषित हुनबाट वचाउनु आवश्यक छ। नेपालको विकासको सन्दर्भमा नेपालमा आउने पर्यटकहरू 'सुनको फूल पार्ने कुखुरा' जस्ता हुन् भन्नुमा अत्युक्ति नहोला । नेपालीहरूको आतिथ्य सत्कार, नेपालीहरूको हंसमुख चरित्र र ईमान्दारीबाट यिनीहरूलाइ खुशी राखी पर्यटन उद्योगलाइ स्थायी रूपमा जोगाइराख्नु हामी नेपालीहरूको कर्तव्य हुन आएको छ । नेपालका पत्रकार, लेखक तथा बुद्धिजीवीबाट यस क्षेत्रको बौद्धिक विकासमा ठुलो योगदान पुग्न सक्दछ ।

डिल्लीबजार, काठमाडौं ।

O

...ताली वज्छ । स्याक्सोफोनको आरोह र अवरोहको साथ-साथै हिमाली हिस्सीले दर्शकलाइ मोहनी लाउँछ । ताली बज्छ । पर्दा खस्छ । फेरि ताली वज्छ । नेपाली साहित्यको सेवामा तल्लीन रूप–रेखाले नयाँ आयाम दिन कोसिस गर्छ—'रूप–रेखा संगीत' प्रस्तुत गरेर राष्ट्रिय नाचघरमा ।

नेपाली सङ्गीतमा आएको आधुनिकताको क्रमबद्धता नेपाली आधुनिकता, नेपाली, कला, प्रतिभा, लय, ताल, सुर, मिठास सबैको संगम भएर नेपाली उपजको यो रूप–रेखा थियो । अनि छल-कपट, धुर्त्याइँ, डुम्रे मुखे, त्रिशंखु व्यक्तित्वको कुनियत रहे तापनि यो एउटा नेपालको निमित्त पहिलो प्रयोगात्मक भए तापनि सफल रूप–रेखा थियो ।... ...

ताली वजिरहन्छ । कसैको गाँठो फुकिन्छ, कसैको फन् कसिन्छ । माइकको अगाडि कलाकार उभिरहन्छ ।... ...

हरिहरराज जोशी : संगीतमा रमाउँदै,
रूप–रेखा, पूर्णाङ्क ४४, पुस २०२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारको जुनाफमा

शुभ जन्मोत्सवको उपलक्ष्यमा

सभक्तिपूर्वक मंगलमय कामना चढाउँछौं !

नेपाल पुनर्वास कम्पनी (प्रा.) लि.

पुलचोक : पाटन

नेपाललाइ विश्वको क्षितिजमा चम्काउने

दृढ तपस्वी राष्ट्रनायक श्री ५ वीरेन्द्रको

३३औं शुभजन्मोत्सवको शुभ अवसरमा

मौसूफ सरकारमा हार्दिक शुभकामना

चढाउने

इन्धन संस्थान परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—धू स्वाँ सायमी

धर्म, नेपाल संस्कृति र फ्रीक स्ट्रीट

धर्म र संस्कृति । संस्कृति र धर्म ।

धर्म नै संस्कृति हो। संस्कृतिको विभिन्न पक्षहरूमध्ये धर्मको विशिष्ट स्थान छ । यस्ता कुन विचार बढ्ता प्रयोजनीय छ त्यो भन्न असंभव नभए तापनि गाह्रो छ । दुवै भनाइमा केही सत्यता छ, केही विशिष्टता छ । नेपालको परिप्रेक्ष्यमा नेपाली संस्कृति र धर्मको प्रसंगमा यी दुई शब्दहरू एउटै अर्थ तथा भावबोधक पर्यायवाची शब्दहरू हुन् ।

आज नेपालमा धर्म र संस्कृतिको निकै चर्चा हुन्छ । यस विषयमा कार्यक्रम हुन्छ, प्रवचन गरिन्छ, देशहरूबाट देशहरूमा शिष्ट मण्डलहरू आउँछ, जान्छ । आज हाम्रो देशको सहर–गाउँमा, सडक–गल्लीमा, घर-चोरमा, दलान-छिडीमा नेपालको धर्म र संस्कृति पुनर्जीवित भएको छ । यसको कारण हो आज धर्म र संस्कृति यसका प्रतीक मानिएका कला कृतिहरू धेरै नेपालीहरूको 'अन्नदाता' बन्न पुगेको छ । । कृषिप्रधान देश नेपालको यो एउटा ठूलो उद्योग बन्न पुगेको छ । पत्यार नलागे फ्रीक स्ट्रीटको पाँच मिनेट मात्र घुमेर अनुभव गर्नुस् । तपाईंलाइ फ्रीक स्ट्रीटको नाम थाह छैन र यो कहाँ छ भन्ने पनि थाह छैन भने तपाईं नेपाली हो भनेको दाबामा शंका गर्नु पर्ला अथवा तपाईं धेरै वर्षसम्म विदेशको बसोवासपछि काठमाडौं फर्कनुभएको छ भन्ने ठान्नुपर्ला। फ्रीक स्ट्रीट काठमाडौंको त्यो स्थलको नाम हो जुन स्थल बसन्तपुरबाट कोछेँतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाने सडकमा अक्मकिएर अलमलिएर नौतले दरबारको दृष्टिको सामु लम्पसार भएर बसेको छ। यसरी त हामी पहिलेदेखि नै यस्तै एउटा अनौठो उद्योगमा नलागेको होइन। हामीले हाम्रा सन्तानहरूलाइ वीर गोर्खाको 'स्टाम्प' लगाएर विश्वका धेरै बजारमा पठाएकै छौं। साथै छोरी बुहारीको कालो धन्धा पनि नगरिएको होइन। आज पनि यस्तै सेतो र कालो व्यापारमा हामी विकास गर्न अघि सरिरहेका छौं। अब मानिसको मात्र होइन देवताको पनि (धर्म र संस्कृतिको) उद्योग गर्दै छौं। स्वर्गलोकैमा पुऱ्याउन सक्ने भगवान शंकरको प्रिय पेय वस्तुको कालो धन्धा पनि निकै चलेको छ। यो कुनै अनौठो कुरा होइन। यो पनि आधुनिक कालको धर्म र संस्कृति हो। धर्म भनेको धारणा हो, संस्कृति भनेको संस्कार। धारणा र संस्कारलाइ समयानुकूल परिवर्तन नगरेमा हामी पछाडि पर्ने छौं। किनभने धर्म-धारणा, संस्कृति-संस्कार आदि भौतिक परिस्थितिका उपज हुन्। तसर्थ परिस्थितिको प्रभावले यिनीहरूमा परिवर्तन आवश्यक छ नत्र भने यिनीहरू महत्वहीन भएर जान्छ। आज धर्म र संस्कृतिलाइ आफ्नो आयको स्रोत बनाउन नै युगीन धर्म र संस्कृति बन्न पुगेको छ। यसले एकातिर हाम्रा देवी देवताहरू राम्रो परिस्थितिमा बस्न जान्छ भने अर्कोतिर हाम्रो धर्म र संस्कृतिको विज्ञापन हुन्छ—पैसा दिएर होइन लिएर, खर्च गरेर होइन आम्दानी गरेर। धर्म र संस्कृतिका उद्योग कस्तो चर्केको छ वर्तमान कालमा। हामीलाइ चासो छैन राष्ट्रिय विभूतिको पदले सम्मान गरिएको भगवान बुद्धको पितृभूमि कपिलवस्तुलाइ अरू देशले उनीहरूको भूभागमा छ भनेमा पनि। पुरातात्विक स्रोतहरूले नेपाली भूभागका तिरौलाकोट कपिलवस्तु हुने बढी संभावना देखिए तापनि केही महत्वहीन स्रोतका आधारमा विदेशी भूभागमा कपिलवस्तु छ भनिएकोमा हामी विरोध गर्न आनाकानी गर्छौं, दरिद्रतालाइ विशालताको विशेषण दिएर। सायद यसै विशालताको पृष्ठभूमिमा विश्व बौद्धहरूको जमघटमा नेपालले आफ्नो एउटा जिल्लाको नाम कपिलवस्तु हुँदा हुँदै कपिलवस्तुको अभिनिर्धारणमा तानातान वादविवाद चलिरहेको बेलामा भारतको बस्तीलाइ कपिलवस्तु नामकरण गर्नमा सहीछाप गरे। सायद हामी आफ्नो विशालता देखाउने दरिद्रतामा कुनै दिन पशुपतिको मन्दिरलाइ पनि अरू कुनै स्थान विरानो मुलुकबाट पैठारी गरेको हो भनेमा पनि सहिछाप गर्ने होला? हाम्रो धर्म र संस्कृतिले के यही भन्छ? त्यो हेरौं। यस्तो अमूल्य वा अति मूल्य धर्म र संस्कृतिको जन्म र विकासको चर्चा अवश्य नै घतलाग्दो हुने छ। यसै धर्म र संस्कृतिको विषयमा भट्भटचाएर आफ्नो जीवनयापन गरिरहेको म साथी उत्तम कुँवरको अनुरोध र चुनौतीको प्रति-

-३३०-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रिया स्वरूप यताउताबाट टिपटाप गरेर गुनेर त्यसै धर्म र संस्कृतिको युगधर्म अनुसार दलाली गर्न लागेको छु जसको कृपाले आज मलाइ म बनाइराखेको छ ।

धर्म र संस्कृति विषयमा विभिन्न परिभाषाहरू देखा पर्छन् । तर मेरो विचारमा मानिसको विश्वास र आस्थाले धर्मको सिर्जना गर्छ र यसै विश्वास र आस्थाको पृष्ठभूमिमा मानिस कलाकार भएर दार्शनिक भएर जुन कृतिहरूको निर्माण गर्छ र जीवनको जुन ढङ्गको उपदेश दिन्छ अथवा अपनाउँछ त्यही नै संस्कृति हो । जन-जीवन र जन-मानससित सम्बन्धित हुन्छ यो धर्म र संस्कृति । अर्को शब्दमा, आफु जन्मेको माटो र हावापानीप्रति मानिसले आफ्नै स्वार्थका निमित्त जुन तीखो र चोखो कर्तव्यको सोफो गर्छ त्यही संस्कृति र धर्म हो ।

शून्य आकासलाइ नेपाली आकासको नामकरण गर्ने नेपाली धर्तीको इतिहास भनुँ आत्मकथा कति पुरानो छ त्यो किटेर भन्न आजको हाम्रो परिस्थितिमा चाहिए जति ऐतिहासिक साधनहरूको अभाव छ । तर परम्परानुसार किरांतीहरूले नेपालमा सर्वप्रथम मानव सभ्यताको बिगुल फुकेको मान्नुपर्छ । अर्को शब्दमा किराँतीहरूले अपनाएको धर्म र किरांती संस्कृति नै नेपाली संस्कृति र धर्मको प्रवेशद्वार हो । किरांतीहरूले आजको काठमाडौंको उपत्यकामा प्राचीन र मध्यकालीन नेपालमा नेपाली संस्कृति र नेपालको धार्मिक इतिहासको न्यास राखे । यो किरांतीहरू को थिए र आज किराँती समूहमा भएको जातहरूको नीहरूसित के सम्बन्ध थियो त्यसमा कुनै प्रस्ट विचार देखिदैन । मानव भ्यताको प्रसवकालमा यिनीहरूले हिमाली भेकमा बसोवास गरेको झल्को पाइन्छ । पछि आवश्यकतानुसार हावापानी र उर्वर माटोको खोजमा उपत्यकाहरू र समतल मैदानतिर ओर्लेको धेरै संभावना देखिन्छ । यिनैमध्ये एक हांगा सिन्धु नदीको घाटीमा गएर मानव संसारलाइ एउटा ठुलो सभ्यताको केन्द्र उत्पादन गरे र पछि बाह्य आक्रमणले गर्दा नेपाल उपत्यकामा आएर बसोबास गरे । सायद यसै कारण होला सिन्धुघाटीको सभ्यतामा मुख्यरूपमा पूजित शक्ति र पशुपतिको उपासना आज नेपाली धर्म विशिष्ट अंग भएको छ ।

किरांतीहरू पछि नेपालको इतिहासमा प्रस्ट रूपमा लिच्छवीहरू देखा पर्छन् । लिच्छवी कालमा नेपाली संस्कृति र धर्म पल्लावित भएको देखिन्छ । नेपालको संस्कृति र धार्मिक भावनाहरूको पुष्पित हुनमा लिच्छवीहरूको ठुलो योगदान छ । यो लिच्छवीहरूलाइ भारतबाट राजनैतिक कारणले नेपालमा शरण लिन आएका कात्य क्षेत्रीय भन्ने चलन छ । तर के यो सम्भावना छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो लिच्छवीहरू हिमाली भेकमा बसोबास गरेको एउटा हाँगा मात्र हो जसले गएर भारतको समतल भूमिमा बसोबास गरे र पछि दुःख कष्ट भएको मानिस आफ्नै घर र परिवारको शरणमा आए जस्तै आफ्नै भूभाग र जन्मभूमिमा फर्केर आयो। यो कुरालाइ किराँती र लिच्छवीहरूको समान दाह संस्कार गर्नेले (लाश नपोलेर वा नगाडेर खुला स्थान राखिदिने चलन) पनि बल दिन्छ। सम्भवतः ईशाको प्रथम शताब्दीदेखि लिच्छवीहरूले नेपालको इतिहासमा पुनः सक्रिय हुन लागे तर मात्र मानदेव प्रथमको (ईशाको पाचौं शताब्दी) समयदेखि सम्म यिनीहरूको प्रस्ट इतिहास ज्ञात हुन्छ। यसपछि जुन जाति अथवा वंशको नेपालको संस्कृति र धार्मिक भावनालाइ विकास हुनमा सहायक बने त्यो मल्ल जाति हो। यस कालमा आएर (1200 A. D. 1769 A. D.) नेपाली संस्कृति र धार्मिक भावनाले जुन आफ्नो रूप बनायो त्यही संस्कृति आज नेपाल-को प्रचलित संस्कृति भन्न अत्युक्ति हुँदैन होला। यसै संस्कृतिले पृथ्वीनारायण शाहको नेपालको एकीकरणको अभियानले नेपाली संस्कृतिको नाम प्रदान गऱ्यो। अन्यथा यो संस्कृतिलाइ नेवार संस्कृति भन्ने चलन थियो। काठमाडौं उपत्यका-को संस्कृति र धार्मिक भावनाले धेरै बाहिरी तत्वहरूलाइ समागम गरेर पहाड र मधेसमा एकीकरणको अभियानसित फिंजिदै गयो र नेपाली संस्कृति बनेर व्यापक बन्न पुग्यो। शाहकालभन्दा पहिलेको संस्कृतिलाइ किन नेवारी संस्कृति भनियो? यस समस्याको समाधानको विभिन्न नेवार शब्दतिर, आजको नेवार जातितिर ध्यान दिनु आवश्यक छ। मल्ल राजालाइ नेवार भन्ने पनि चलन छ साथै नेवार भन्ने जाति किराँतीहरूमध्ये सुसंस्कृत शाखा नेवारबाट बनेको भन्ने केही विद्वान्हरूको भनाइ छ। नेवार शब्द विषय केही विद्वान्हरूको भनाइ छ यो—नेपार शब्दबाट बनेको हो। नेपार किराँती जातिको एउटा शाखा थियो। नेपार शब्दबाट नेपाल देशको नाम र यसमा बसोबास गर्नेको नेवार नाम भयो। तर नेवार जातिले आफुलाइ नेवार होइन नेवा भन्छ। नेवारको भाषामा अन्तिम अक्षर लोप गर्ने परम्परामा नेवारको नेवा हुन गएको तर्क गर्न सकिन्छ। उदाहरण— नेपाललाइ नेपा भन्ने चलन छ। तर नेपाललाइ नेपा बोलचालमा भने तापनि लिखितमा नेपाल शब्द नै प्रयोग गरेको देखिन्छ र नेवालाइ नेवार लेखिने चलन नेवारहरूमध्ये थिएन र छैन। यो नेवार भन्ने चलन मलाइ जहाँसम्म लाग्छ सर्वप्रथम पृथ्वीनारायण शाहको पालादेखि सुरू भयो। मेरो व्यक्तिगत विचारमा नेवा भन्ने दुई शब्दहरू 'नेपाल' र 'वासी' -को प्रथम अक्षरको सन्धिले भएको हो जसरी कीर्तिपुरलाइ 'कीर्ति'-को 'की' र 'पुर' पु लिएर आज पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेवारहरूमा 'कोपु' भन्ने चलन छ। तसर्थ नेवाको मतलव तिनताकाको नेपाल काठमाडौं उपत्यकाको वासीलाइ भन्ने चलन छ। पछि विस्तृत नेपालको निर्माणपछि पनि काठमाडौं उपत्यकाको वासिन्दालाइ मात्र नेवा अथवा नेवार भनियो। समस्या छ 'र' कसरी थप्न आयो। मेरा एकजना साथीले मौखिक रूपमा पुस्तापछि पुस्तालाइ भन्ने परम्परामा जीवित एउटा इतिहासलाइ सुरक्षा राख्ने व्यक्तिको हवाला दिएर हाल यसको समाधान गर्नु भयो। 'र' शब्द रैतीको संक्षिप्तिकरण हो। नेवारको मतलव नेवा रैती हो जुन शाह राजाहरूबाट अरूसित भिन्न देखाउन उपयोग गरियो। तसर्थ नेवार शब्दको मौलिक रूप हुन आउँछ नेपालवासी रैती—आजको काठमाडौं उपत्यका त्यस बेलाको नेपालका रैतीहरू। आज यो एउटा जाति हुन पुग्यो। यसरी नेपालमा जातिलाइ थर (थल अथवा स्थान) भौगोलिक सीमानाको आधारमा भन्ने चलन पनि छ। नेवार कुनै वेला भौगोलिक पृष्ठभूमिमा थियो भने आज भाषाको एकताले गर्दा एउटा जाति (?) बनेर बाँचेको छ। यसरी नेवारीहरूको धर्म र संस्कृति हेर्दा धेरै विभिन्नता देखिन्छ। यिनीहरूमध्ये साझा कुरा एउटै हो—त्यो हो भाषा। तसर्थ नेवार भन्ने जाति समूहभन्दा भाषाको समूह जस्तो लाग्छ। एकातिर भाषा विज्ञानको दृष्टिकोणले हेर्दा नेवार- नेपाल, नेवारी-नेपाली भन्ने एउटा भावबोधक शब्द देखा पर्छ। शाहहरूको शासनभन्दा अघि अर्को शब्दमा विराट् नेपालको सिर्जनाभन्दा अघि काठमाडौं उपत्यका प्राचीन र मध्यकालीन नेपालको भौगोलिक सीमाभित्र जो जात आए तिनीहरू नेवार भए, अर्को शब्दमा नेपाली भए। एकातिर नेवारको यस्तो विस्तृत माने लाग्छ भने अर्कोतिर नेवार भन्नाले श्रेष्ठ तथा आजका ठूलो नेवार जातिलाइ भन्ने चलन छ। यी पंक्तिहरूमा लेखकले स्वयं बनेपा र चांगुमा अनुभव गरे अनुसार यी दुवै ठाउँमा आजसम्म पनि मात्र श्रेष्ठलाइ नेवार भन्ने भावना छ। तर शाहकालपछि जुन नेपाल नेपालीको भाव हुन आएको छ त्योभन्दा अघि नेवार र नेवारीको त्यही भावना थियो। नेवार संस्कृति मेरो विचारमा शाहकालभन्दा पहिलोको नेपाल संस्कृतिलाइ भन्ने गरेको हुनुपर्छ र भौगोलिक एकता र राजनैतिक एकताले शाहकालमा यही नेवारी संस्कृति नेपाली संस्कृति बन्न पुगे र यसको सम्बर्द्धन र संरक्षण हुन लाग्यो। यसरी नेपाली संस्कृतिको विभिन्न कालमा भौगोलिक र राजनीतिक कारणले विभिन्न नाउँ रहेको कुरा अनुमान गर्न सकिन्छ। मल्लकालसम्म यसको जातिगत नाम भएकोमा राष्ट्रगत नाम नेवारी संस्कृति भन्ने भयो र पछि विशाल नेपाल-को सिर्जनाको साथै र अरू तत्वको यसमा संगम हुनासाथै यसको नाम नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृति हुन पुग्यो । शाहकाल नेपालको इतिहासमा भन्ने गरे तापनि शाह संस्कृति नभनेर संस्कृतिलाइ नेपाली संस्कृति नामाकरण हुन गएको घटना नेपालीको एकीकरण जस्तै नेपाली इतिहासलाइ शाहकालको ठुलो देन हो ।

नेपाली संस्कृति भन्ने के हो ? के नेपाली संस्कृति भन्ने कुनै वस्तु छ जसको आफ्नै अलग अस्तित्व छ ? यस्ता प्रश्नहरू गरिन्छन् । हामी छिमेकी राष्ट्रहरूलाइ मित्रता सबल जताउन निमित्त हाम्रो संस्कृति र तपाईंको संस्कृतिमा धेरै समानता छ पनि भन्छौं । कहिले राम्रो संस्कृति यो संस्कृतिबाट अथवा कहिले ऊ संस्कृतिबाट प्रभावित भएको छ भन्ने पनि भन्छौं । यसको जवाफ के दिने ? बडो सरल जवाफ हुन्छ—हाम्रो माटो हावा पानीमा जुन संस्कृति पल्लावित र पुष्पित भयो त्यो नेपाली संस्कृति हो । यसरी त संस्कृति भन्ने के भन्न नै गाह्रो छ । साँस्कृतिक कार्यक्रम, साँस्कृतिक संघ, साँस्कृतिक प्रतिनिधि मण्डल आदिले गर्दा नाचगान मात्र संस्कृति हो जस्तो पनि लागेको छ । संसारको एक मात्र हिन्दू राज्यको संस्कृति हिन्दू संस्कृति नभएर कसरी नेपाली संस्कृति हुन पुग्यो ? हो, नेपाल हिन्दू राष्ट्र हो नेपाली संस्कृतिमा हिन्दू संस्कृतिको प्रभाव छैन मैले भन्न लागेको होइन । नेपालीहरू हिन्दू भावनाहरू जीवनप्रति हिन्दू धर्म र दर्शनलाइ अपनाए तापनि नेपालको संस्कृतिलाइ हिन्दू संस्कृतिको अर्को रूप भन्दिनु गाह्रो पर्ला । नेपालको संस्कृतिलाइ एसियाका दुई छिमेकी महान् देशहरूका संस्कृतिहरूले प्रभावित गरेको छ । जसरी एउटा भूभागको एकातिर एउटा नदी अर्कोतिर अर्को नदी छ भने त्यो भूभागलाइ यो नदीको छेउमा अथवा यो नदीको भूभाग भन्न गाह्रो पर्ला र त्यस्तो भूभागमा दुवै नदीको प्रभाव परे तापनि त्यो भूभागको आफ्नै विशेषता र नाम भए जस्तै नेपालको संस्कृति पनि त्यस्तै हो । यो प्रभाव भएर पनि भौगोलिक अवस्था र स्थितिको कारणले जुन आफ्नै अलग अस्तित्व कायम गरेको छ त्यस तत्वको विभिन्न नेपाली धर्मको इतिहास र विशेषतातिर ध्यान दिनुपर्ने आवश्यकता नेपालको धार्मिक आस्था र विश्वासले नेपाली संस्कृतिको मुटु स्पन्दनको काम गरेको छ । तसर्थ नेपालमा धर्मको विषयमा केही जान्नु धेरै आवश्यक छ । नेपाली संस्कृतिको विशेषता नै नेपालको धर्म हो । हुनलाइ नेपालको धर्मको आफ्नै कुनै नाम छैन तापनि यसले नेपाली जीवनमा आफ्नै रूपमा नेपालीपन प्रदान गरेको छ । नेपाली धर्महरूको नेपालीपन नै नेपाली संस्कृतिको मेरुदण्ड हो, प्राण वायु हो । नेपाली धर्म विषय विद्वान्हरूले ग्रन्थको पनि रचना गरिसकेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(यो लेखमा यिनै ग्रन्थहरूवाट र आफुले देखेको केही कुरा छोटकरीमा दिने प्रयास गरिन्छ । आज हाम्रो युगमा सबै चीज छोटकरीमा चाहिन्छ र छोटकरीमा मात्र होइन सरल प्रकारले भन्नु आवश्यक छ तसर्थ नेपालको धार्मिक भावना विषय जुन कुरा यहाँ प्रस्तुत गरिने छ त्यो अनुसन्धानको दृष्टिले भन्दा नेपालको धार्मिक आस्था र भावना एउटा साधारण नेपालीको निमित्त कस्तो छ त्यसमा विशेष जोड दिने प्रयत्न गरिएको छ ।)

नेपालका मुख्य धार्मिक मार्गहरू हुन्—शैव, वैष्णव र बौद्ध । किरांतो कालदेखि आजसम्म यी तिनै मार्गहरूको प्रभुत्ता छ । नेपाली सभ्यताको प्रातः कालमा कुन मतको प्रादुर्भाव भयो र कुन मत वढी प्रचार थियो त्यो भन्नु एउटा समस्या हो । वंशावलीहरूमा काठमाडौं उपत्यका प्राचीन नेपाली राज्यको उत्पत्ति विषयमा वैष्णव देवता कृष्ण र बौद्धका बोधिसत्व मञ्जुश्रीको वर्णन गरेको छ । अर्कोतिर नेपाललाइ शैव क्षेत्र र पशुपतितिरको मृगस्थलीलाइ शिवको क्रीडास्थल भनेर मानिएको छ । मूर्तिहरूमा आजसम्म प्राप्त सबभन्दा पुरानो मूर्ति वैष्णव सम्प्रदायका हुन् भने अर्कोतिर पाटनका तथाकथित अशोक स्तूपको प्राचीनता विषय शंका गर्न गाह्रो पर्ने छ । त्यस्तै पशुपतिको ज्योतिर्लिङ्गलाइ नै धेरै प्राचीनकालमा उत्पत्ति भएको मानिन्छ र नेपाली महात्म्य र हिमवत्खण्ड जस्ता पौराणिक ग्रन्थलाइ विश्वास गरेमा नेपालमा शैव मत निकै पुरानो देखिन्छ । किरांतेश्वर महादेवको उल्लेख पनि भएकोले किरांतीहरूमा शैवमत नै प्रचलनमा थियो भन्नेतिर विचार गर्न करै लाग्छ । त्यस्तै वंशावली अनुसार अशोककी छोरी चारूमतिले विहार वनाएकी संदर्भमा पशुपतिको उल्लेख गरेकोले पाशुपत शैव मतको प्राचीनतातिर संकेत गर्छ । लिच्छवीकालमा मानदेव प्रथम वैष्णव थिए तर उसका रानीहरू र छोरी शैवमतावलम्वी भएको कुरा त पुरातत्विक साधनले सही थापेको छ । अंशुबर्मा शैव मतका थिए तापनि त्यसवेला बौद्ध धर्मको उल्लेख पनि नभएको होइन । एकातिर लिच्छवी राजाहरूले पशुपति भट्टारक परममहेश्वरको उपाधिहरू ग्रहण गरेका थिए भने अर्कोतिर राजा वृषदेवलाइ बौद्ध सप्रम्दाय मान्ने अथवा बौद्ध धर्मका पक्षपाती भनिएको छ र राजा नरेन्द्रदेवले पनि बौद्ध धर्ममा राम्रो भावना राखेको कुरा उहांको शिलालेखले मात्र होइन अपितु वहाँको शासनकालमा आएको चिनी प्रतिनिधिले नरेन्द्रदेवको कम्मरमा बुद्ध मूर्ति भएको सुवर्ण पेटीले विभूषित थियो । मुद्राहरूमा गरुड, लक्ष्मी आदिको मूर्ति अंकित भएको तथा शिलापत्रहरूमा वेदव्यासको स्तुति; भगवान वामन स्वामि; गुरु वासुदेव मंगलाचरणमा विष्णु र लक्ष्मीको स्तुति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादिले विष्णु विक्रान्तका मूर्तिहरूले वैष्णव धर्मको पनि निकै प्रचार थियो भन्न सकिन्छ । लिच्छवीकाल र मल्लकालको दोभानमा नेपालमा एउटा नयाँ सम्प्रदायको उत्पत्ति भयो जसलाइ तन्त्रयान भनिन्छ । तन्त्रयान विशेषत: शैव र बौद्ध दुवै मतमा देखिन्छ । शैव तन्त्रले बौद्ध तन्त्रलाइ प्रभावित गरेको अथवा बौद्ध तन्त्रले शैव तन्त्रलाइ प्रभावित भन्ने कुरा वादविवादको विषय भएको छ तर जे होस् यसले शैव र बौद्ध धर्मलाइ निकट ल्याउन र दुई धर्ममा सामञ्जस्यता ल्याउनमा धेरै ठुलो देन दिएको छ । तन्त्रले गर्दा कति देवताहरू दुवै मतमा साझा देखिन थाले । मल्लकालमा क्रमश: सबै धर्मको विकास हुँदै गयो तापनि त्यस बेला नेपालीहरूलाइ शैवमार्गी तथा बौद्धमार्गी भन्ने बढ्ता चलन भएकोले यो अनुमान गर्न सकिन्छ यो बेला वैष्णव मत अलि सेलाएको अन्दाज गर्न सकिन्छ । आजको संदर्भमा हेर्नु पऱ्यो भने सबै मत त्यत्तिकै महत्वपूर्ण देखा पर्छ । पशुपति, स्वयम्भू, नारायणको चार थान त सबै नेपालीहरूको निमित्त श्रद्धाको वस्तु छ भने अर्कोतिर भक्तपुरमा रामनवमीको दिन मनाइने रामपूजा, पाटनमा कृष्णाअष्टमीको दिन मनाइने कृष्णपूजा बौद्धहरूले मनाउने बा पूजा (बहाल पूजा) तथा शिवरात्रिको समयमा शिवको जुन आराधना गरिन्छ आफैमा यो प्रमाणित गर्छ आजको नेपालमा सबै धर्मको एकै रूपमा महत्व छ ।

तर नेपाली धर्मको जुन विशेषताले नेपालको संस्कृतिलाइ नेपाली संस्कृति भनेर आफ्नो अलग व्यक्तित्व दियो त्यो हो नेपालका सबै धर्ममा सामञ्जस्यको भावना र आपसमा सहीष्णुताको धारणा जुन नेपालको प्राचीन समयदेखि आजसम्म कायमै रहेको छ । के हाम्रो धार्मिक ग्रन्थ, के हाम्रा यात्रा चाडहरू, के हाम्रो कलाकृतिहरू सबैमा यसको स्पष्ट चित्र हामी भेट्टाउँछौं। अतीतको इतिहासमा मात्र होइन वर्तमानमा पनि हाम्रो सामाजिक जीवनमा समेत यो धार्मिक सहीष्णुता सर्वधर्म सामञ्जस्यता हामी आज पनि पाउँछौं ।

नेपाल महात्म्यमा एक संदर्भमा भनिएको छ—'जो विष्णुलाइ शिव रूपमा र शिवलाइ विष्णु रूपमा मान्दछ उही वास्तविक शैव र वैष्णव हो ।' त्यस्तै उही ग्रन्थ अर्को स्थानमा वर्णन गर्छ—बुद्धको पूजा गर्नु शिवको पूजा गर्नु हो । त्यस्तै स्वयम्भू पुराणमा बौद्धमार्गीलाइ शिवको पूजा गर्न भनिएको छ । यसै ग्रन्थमा एउटा चतलाग्दो वर्णन छ—बुद्धले नेपालमा तपस्या गरे बापत पार्वती प्रसन्न भएर आज्ञा गर्नुहुन्छ—हे बुद्ध ! शिवले बनाएको यस क्षेत्रमा तपाईंले पनि तपस्या गर्नुभयो, अत: यस उत्तम क्षेत्रमा शैवहरू अवश्य नै बौद्ध आचार विचारका हुने छन् । त्यस्तै बौद्ध ग्रन्थमा बोधिसत्व अव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकितेश्वरले कलियुगमा उमेश्वर पशुपतिको धेरै सम्मान हुनेछ भनेर भविष्य-वाणी गरेको कुराको उल्लेख पाइन्छ । त्यस्तै भास्कर बर्मा भन्ने एउटा राजाले देवपत्तनलाइ ठुलो पारी सुवर्णपुरी नामकरण गरी पशुपतिलाइ समर्पण गरेर उनले बौद्धमार्गी गृहस्थ आचार्यहरूलाइ पशुपतिको पूजाको भार सुम्पी उनको पूजा सम्वन्धी नियम यौटा ताम्रपत्रमा अंकित गरी त्यसलाइ चारुमति विहारका भिक्षुहरूको जिम्मा राखेको कुरा अवश्य नै नेपाली धार्मिक सामञ्जस्यताको महत्वपूर्ण र घत लाग्दो कुरा हो ।

लिच्छवीकालमा मानदेव वैष्णव थिए, उनकी रानीहरू शैव मतका थिए । सायद मानदेवको समयमा नै मानेश्वर शिव मन्दिरको साथै मान विहारको पनि निर्माण गरियो । अंशुवर्मा शैव थिए तर उनका शिलापत्रानुसार वौद्ध र वैष्णव संस्थालाइ आर्थिक सहायता दिएको कुरा ज्ञात हुन्छ । बिशेष गरी वैष्णव र शैव मतको सामञ्जस्यात्मक प्रवृत्तिको नेपालमा एउटा गौरवपूर्ण इतिहासको रूपमा हामी हरिहर सम्प्रदायलाइ लिन सक्छौं । लिच्छवी राजा गुणकामदेवको (इसाको छैटौं शताब्दी) पशुपति त्यागलटोलको अभिलेखमा सर्वप्रथम हिन्दू धर्मको इतिहासमा हरिहर सम्प्रदायको उल्लेख गरिएको छ । यसरी हामी भन्न सक्छौं, नेपालको माटोमा यो सम्प्रदायको उत्पत्ति भयो । अंशुवर्माको एउटा अभिलेखमा हात मिलाएको शङ्कर र विष्णुको मूर्तिको उल्लेख छ । मल्लकालमा विभिन्न अभिलेखमा शिवहरीश्वर लिङ्गको स्थापनाको वर्णन छ । नेपालको तुलनामा अति विशाल भएको देश भारतमा दसवटाभन्दा कम हरिहरको मूर्ति पाइन्छ भने काठमाडौं उपत्यकाको सीमित क्षेत्रमा—पशुपति मन्दिरको छेउछाउ र पाटन कुम्भेश्वरको आसपासमा सयौं हरिहरको मूर्तिको प्राप्तिले पनि नेपालको धर्मको विशेपता र सामञ्जस्यताको भावनालाइ निकै ठोकुवा दिएर प्रमाणित गर्छ । बुढानीलकण्ठलाइ हामी विष्णुको जलाशयन मूर्ति मान्छौं तर यसको नामले हामीलाइ केही विचार गर्न लगाउँछ । नीलकण्ठ शिवको नाम हो । वुढा बुद्ध त होइन ? किनभने यस मूर्तिको निधारमा अक्षोभ्य बुद्धको मूर्ति कुँदिएको छ जुन कला विज्ञानको नियमले बुद्ध परिवारका मूर्तिमा मात्र कुँदिने चलन छ । त्यस्तै यस मूर्तिका केही प्रतीक चिह्नमध्ये शिवको पनि भएको बुझिन्छ । यो कलाकारको ज्ञानको कमी भन्ने विद्वान्हरू पनि नभएका होइनन् तर मेरो विचारमा एउटै मूर्तिमा नेपालका तीन मुख्य धर्मको सामञ्जस्यता यसवाट प्रस्ट हुन्छ । त्यस्तै चोभारमा एउटा देवीको मूर्ति छ जसलाइ मात्र मूर्तिकलाको दृष्टिले हेर्दा पार्वती र तारा दुवैको हुन सक्छ तर त्यहाँ आज पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसलाइ सरस्वती भनेर पूजा गर्ने चलन छ । पाटनको भीमनाथ मन्दिरको एउटा टुंडालमा काष्ठकारी गरेकोमा बुद्धको चैत्यको साथै शिवको लिंग पनि छ। ठिमीमा बुद्धले विष्णु जस्तै गरुडवाहन गरेको मूर्ति छ । यो सबभन्दा आश्चर्यको एउटा चैत्य अथवा लिंग काठमाडौं लगननिर ह्नायकं बहालमा छ । ह्नायकं नेवारी शब्द हो यसको माने ऐना हुन्छ र यो ह्नायकं बहालले हाम्रो सामञ्जस्यता रुन् सहिष्णुतालाइ छर्लङ्ग पारेको छ । यो लिंग अथवा चैत्यको चारैतिर ब्रह्मा, विष्णु (वा इन्द्र), शिव र बुद्धका मूर्ति कुँदिएको छ । हुन त लिंगाकारको चारैतिर बुद्धका मूर्तिहरू कुँदिएको बौद्ध प्रस्तर स्तम्भ स्वयम्भूमा पनि छ तर ह्नायकं बहालको यो प्रस्तर कलाकृतिले एउटा विशिष्ट स्थान नेपालको धर्म, मूर्तिकला र संस्कृतिमा लिएको छ ।

यो जति उदाहरण मैले दिएँ यी सबै या त पुस्तकमा कुँदिएका विचारहरू हुन् या त पत्थरमा लेखिएका कविताहरू हुन् । तर नेपालको धर्मको यो वैशिष्टच, नेपाली संस्कृतिको यो आफ्नैपन आज पनि नेपाली जनजीवनमा छ । एकातिर बुद्धलाइ विष्णुको एक अवतार मानिन्छ भने अर्कोतिर ब्रह्मा विष्णु शिव त्रिदेवलाइ आदि बुद्धको प्रव्यंजना मान्ने परम्परा छ । शैव परिवारका देवता महांकालका पूजारी बौद्धमार्गी छन् । पाटनमा गाईजात्राका दिन बौद्धहरूको साथै हिन्दूहरू पनि बौद्ध स्तूपको परिक्रमा गर्छन् । त्यस्तै भक्तपुरको रामपूजामा बौद्धमार्गीहरूले पनि भाग लिन्छन् । शिवको तान्त्रिक रूप भैरवलाइ बौद्धमार्गीले बुद्धलाइ शक्ति प्रदान दिने देवताको रूपमा पुज्छन् । शाक्य परिवारकी कुमारी केटीलाइ देवी कुमारीको रूपमा नारायणको अवतार भनिएका नेपाली राजाले पनि पूजा गर्छन् । कार्तिकमासमा जलाइने आकासदीपलाइ नारायण, दामोदर र लोकेश्वरको प्रतीक मान्ने परम्परा आज पनि छँदै छ । शैव गुह्येश्वरी बौद्ध प्रज्ञापारमिता बनेर आराध्यदेवी बन्छिन् । पशुपतिलाइ अद्यापि एक दिन लोकेश्वर भनेर पूजा गर्ने चलन छ । धान्य पूर्णिमाको दिन बनाइने रोटी योमरीलाइ कोही लिंगको प्रतीक मान्छ भने कोही चैत्यको प्रतीक मान्छ । मच्छेन्द्रनाथको आराधना पूजा शैवमार्गी र बौद्धमार्गी दुवैले त्यति नै गर्छन् । अरू त अरू नेपालको बौद्धमार्गीहरूको एउटा पर्व छ । पासाचन्हे (पिशाच चतुर्दशी ?) जहाँ शिवलाइ मात्र बौद्धमार्गीले पूजा गर्छन् । नेवारहरूमा एउटा सामाजिक प्रथा छ इही (बेल विवाह) जसमा हिन्दू नेवारले मात्र होइन बौद्ध नेवारले आफ्नी छोरीको कन्यादान विष्णुको मार्फत शिवलाइ दिन्छ । पाटनमा नरसिंह यात्रा गर्दा शाक्यवंशका केटाकेटीहरूलाइ नरसिंहलाइ माथा टेक्ने यो पंक्तिका लेखकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेको छ । बिहान पशुपति गएर बेलुका स्वयम्भू जाने अथवा बिहान स्वयम्भूं गएर बेलुका पशुपति जाने धेरै धर्मभीरू नेपालीहरू छन् । मलाइ कताकता यस्तो लाग्छ नेपालीहरूमा धर्म मतको वादविवादमा लाग्ने स्वभावै छैन, दृष्टिकोणै छैन । सबै देवता एउटै हुन् । देवता भए श्रद्धा गरिहाल्छन् । सायद यसै परम्परामा काठमाडौंको सेतो मच्छेन्द्रनाथको मन्दिरको प्रांगणमा ग्रिक मूर्तिले स्थान पाएको जस्तो टाउकोमा राखेको पात्रमा दिनौं नेपालीहरू धूप र बत्ती जलाई मच्छेन्द्रनाथमा यथायोग्य श्रद्धा चढाउँछन् । यी त केही उदाहरण हुन् । यस्ता अरू धेरै उदाहरणहरू नेपाली जीवनमा पाइन्छ । तसर्थ नेपालका धार्मिक भावना र संस्कृति अध्ययन र अनुसन्धान गर्नेले यो कुरा मनमा लिनु-पर्छ—नेपालको धार्मिक भावना र संस्कृतिको अध्ययन र अनुसन्धान विदेशमा गरेको ज्ञान र अनुभवमा मात्र गर्न खोजेमा नेपाली धार्मिक भावना र नेपाली संस्कृतिको यो वैशिष्टयतिर ध्यान नदिएमा बाढी आएको बेला खोलामा बगिरहेका बानरले मान्छेलाइ बचाउन पानीबाट झिकेर सुखा स्थानमा राखि-दिएको जस्तो हुन्छ । अस्तु ।

न्हूसाल, काठमाडौं । ○

केही व्यक्तिहरूले 'पटुको दो'-मा नेपालभन्दा बढ्ता भारतको, नेपाली राजा पटुकभन्दा बढी भारतीय सम्राट अशोकको इतिहास छामछुम गर्न खोजि-रहेका छन् । तथाकथित पाटनका चारवटा अशोक स्तूपहरू (?) बाट यो पटुको दोंको दूरी समान भएकोले यसलाइ पाँचौं अशोक स्तूप मान्ने प्रयास गर्न खोजिदै छ । पाटनका चारैतिर भएका चार प्रहरी स्तूपहरू अशोकले नै बनाएका कुरा विवादास्पद छ । मेरो विचारमा यो पनि हुन सक्छ यी स्तूपहरू नेपाली वास्तुकलाका अहिलेसम्म प्राप्त प्राचीनतम प्रतीक हुन् । आजसम्म प्राचीनतम मानिएको स्तूप पनि नेपाल राज्यमा नै छ यो सर्व विदित छ (पिपरहवाको भग्न स्तूप)। हुन सक्छ बुद्धको जन्म देश नेपालको यो वास्तुकलाबाट प्रभावित भएर भारतमा पनि यसको नक्कल गरियो ।

धू स्वाँ सायमी : हामी, हाम्रो अतीत 'पटुको दो'-को भग्नावशेषमा, रूप-रेखा १०९, जेठ २०२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुर्ती विकास कम्पनी

जनकपुरधाम

देशमा सुर्तीको बढ्दो मागलाइ स्वदेशमा नै उत्पादन गरेर पूर्ति गर्ने उद्देश्यले स्थापित सुर्ती विकास कम्पनी अहिले जनकपुर अचलका कृषकहरूको हितैषी संस्था वन्न पुगेको छ। सुर्तीको खेती नगदेबालीको रूपमा गरिरहेका यहांका किसानहरूको बढ्दो जीवनस्तरमा आउँदै गरेको परिवर्तनको माध्यम वन्न पाएकोमा यो कंपनीले आफुलाइ भाग्यमानी नसोच्ने कुनै कारण छैन। सुर्ती खेतीवाट अहिले जनकपुर अंचलका सर्लाही, महोत्तरी, धनुषा र सगरमाथा अञ्चलको सिराहा जिल्लाका क्रण्डै ४ लाख व्यक्तिहरूले काम पाइरहेका छन्।

सुर्ती विकास कम्पनीले गरेको यो विकासले हामी आफैं सन्तुष्ट छौं भन्न सक्दैनौं। आधारभूत रूपमा हामीले प्राप्त गर्न सकेको प्रगति सन्तोषजनक देखिए पनि यत्तिकैमा हामीले संतोष गर्न हुँदैन। यो प्रगतिलाइ हामीले आफ्ना कृषकहरूको सहयोग, परिश्रम र लगनशीलताको परिणाम मानेका छौं।

अहिले सुर्ती विकास कम्पनीले कृषकहरूलाइ निम्नलिखित प्रकारले मद्दत पुऱ्याएको छ:

- ☐ कृषि विकास वैंकमार्फत आफ्नो जमानतमा बार्नहाउस (सुर्ती सुकाउने घर) बनाउन ऋण।
- ☐ खेती गर्न मल र अन्य सबै आवश्यक वस्तुहरू।
- ☐ सिचाइका लागि ठाउँ ठाउँमा वोरिङ गरेर पानी।
- ☐ इनार, कुवा र साना–तिना पुलपुलेसा, वाटो-घाटोको मर्मत।
- ☐ सुर्ती खेतीबाट किसानले पाएको लाभ रकमबाट केही प्रतिशत खेतीमा लगाउन सुझाव र सहयोग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- ☐ किसानहरूले सुपथ मूल्यमा सुर्ती सुकाउन दाउरा पाऊन् भनेर दाउराको व्यवस्था र सुर्ती सुकाउन अन्य वैकल्पिक इन्धनको खोजी ।

किसानहरूले हामीले लक्ष्य निर्धारित गरेको भन्दा बढ्ता उत्पादन गरेर आफ्नो अपूर्व सहयोग हामीलाइ दिएका छन् । हामीले नेपाली सुर्तीका लागि अन्तर्राष्ट्रिय बजारको खोजी गर्दै छौं । मित्रराष्ट्र चिनले हाम्रो सुर्तीलाइ रुचाएर गत वर्षदेखि नै सुर्ती आयात गरेको छ ।

राष्ट्रिय आर्थिक विकासका लागि बहुमूल्य ठहरिने विदेशी मुद्रा आर्जन गर्ने क्रममा सुर्ती एक प्रमुख निर्यात वस्तु बन्दैछ । मित्रराष्ट्र चिन बाहेक मित्रराष्ट्रहरू बेलायत, संघीय गणतन्त्र जर्मनी र अन्य युरोपीय देशहरूको प्रयोगशालामा उत्तम र स्तरीय ठहरिएको नेपाली सुर्ती अब ती मित्रदेशहरूले पनि किन्ने भएका छन् । बेलायतले हामीलाइ स्टक सुरक्षित राखिदिने सूचना दिइसकेको छ ।

यस बाहेक अब कम्पनीले आफ्नै रि–ड्राइङ्ग प्लान्ट खडा गर्दैछ ।

यसरी किसानहरूसंग हातेमालो गरेर उनीहरूको प्रगतिका लागि साथ दिन पाएकोमा हामी गौरवान्वित छौं ।

सुर्ती : विकासको एक झलक

आ. व. २०२८।२९ देखि २०३२।३३ सम्म १३०५९१ टन
२०३३।३४ मा मात्र—४२००० टन
रू. ४२,९९,००,२१।—को सुर्ती उत्पादन

क्षेत्रफल—६००० बिघामा । तर २०३४।३५ का लागि ५२०० बिघामा मात्र ।

कारण—सुर्ती उत्पादन दोब्बिदै जानु ।
बार्न संख्या—८६३

विशेषता—"निकोटिन" र "टार" कम । गत वर्ष र यस वर्ष गरी २ करोड रू. बराबरको सुर्ती चिनमा निर्यात ।

वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—परशु प्रधान

एक पत्र : केही सुझाव

सम्पादकज्यू रूप-रेखा,

नेपाली भाषा र साहित्यको क्षेत्रमा रूप-रेखाले २०० अंक पूरा गर्न लागेको यस क्षणमा तपाईंहरूका उपलब्धि र खुसीसंग आफु सम्बद्ध हुन पाएकोमा म धेरै खुसी अनुभव गर्छु ।

रूप-रेखाको जन्म र विकाससित म साह्रै नजिकबाट गाँसिएको छु यसको पहिलो अंकमा नै मेरो कविता (चार हरफ) छापिएर मलाइ घच्घचाएको कुरा अहिले जस्तो लाग्छ । फेरि मेरा कथाको जन्म रूप-रेखाबाट नै भएको हो । "रूप-रेखा"-ले कथा विशेषांक निकाल्न लाग्दैछ भन्ने कुराले उत्प्रेरित भएर नै मैले कथा "मेरो कोठाको झ्यांखाबाट........" लेखेको थिएं र त्यो मेरो पहिलो प्रकाशित कथा हो । वास्तवमा आधुनिक नेपाली साहित्यमा यौटा नयां युग निर्माण गर्नमा, नयां प्रतिभाहरूलाई सधैं फष्टाउने मौका दिनमा रूप-रेखाको योगदानको प्रशंसा जति गरे पनि थोरै हुन्छ ।

मेरो कथाको प्रारम्भमा मैले यौन सम्बन्धी कथाहरू बढी लेखें, विभिन्न चरित्रहरूको भित्री पक्षहरूलाइ उद्घाटन गर्ने प्रयास गरें, प्रयोग गरें (भनौं मनपरी लेखें ।), तर ती सबलाइ एकै शब्द वा हरफ यताउति नगरी रूप-रेखाले स्वीकार गर्‍यो, छाप्यो र मलाइ प्रोत्साहित गर्‍यो । म कृतज्ञ छु र त्यो कृतज्ञता प्रकट गर्ने मौका आज पाएको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखाका हालका अंकहरू हेर्दा, त्यसमा देखा परेका नयाँ अनुहारहरू हेर्दा, मलाई यस निमित्त खुसी लाग्छ रूप-रेखा नेपाली साहित्यको प्रवाहपूर्ण विकास मात्र चाहन्छ। कुनै विवाद, वाद वा गुटसंग यसलाइ के मतलब ?....

नेपाली साहित्यले बाँच्ने हो वा मर्ने (दोसाँधको स्थिति)-मा रूप-रेखाले १८।१८ वर्ष बाँच्नु ठूलो साधना र तपस्याको कुरा हो। यसलाइ बचाउने सम्पादकद्वय बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवरको प्रशंसा गर्छु। रूप-रेखाको यस गतिशील पाइलोमा मेरा केही सुझावहरू पनि छन्, जसलाइ यहाँहरूले ध्यान दिनहुनेछ भन्ने आशा राख्दछु :

१. प्रत्येक महिनाको १ (एक) गते रूप-रेखा प्रकाशित होस् केही वर्ष अगाडि रूप-रेखा जुन नियमित रूपमा निस्कन्थ्यो, त्यो परम्परा कायम रहोस्।

२. नेपाल अधिराज्यका साथै प्रवासमा समेत यसको वितरण व्यवस्था राम्रो होस्।

३. साहित्यको कुनै पनि बिधामा प्रयोगहरूलाइ यसले उचित रूपमा स्थान देओस्।

४. विदेशी साहित्यमा आएका नयाँ बिषय वा साहित्य चिन्तनहरूलाइ रूप-रेखाले नेपाली पाठकहरू समक्ष पुऱ्याओस्।

यहाँको
परशु प्रधान

बानेश्वर, भीमसेनगोला,
काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनकपुर चुरोट कारखाना लिमिटेड र नेपालको उद्योग विकास

जनकपुर चुरोट कारखना लिमिटेडको उद्घाटन ०२१ साल पुस २१ गतेका दिन स्व० श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेववाट सुसम्पन्न भएको हो । समुद्घाटन भएकै दिनदेखि कारखानाले चुरोट उत्पादन गर्न शुरू गरेको थियो । त्यस दिनदेखि आजसम्म निरन्तर उत्पादन चालु नै रहिरहेको छ ।

यस कारखानावाट उत्पादन हुने चुरोटले देशको सम्पूर्ण भागको अधिकांश मात्रा पूर्ति गर्न सक्षम भएको छ । उपभोक्ताहरूको बढ्दो माग आपूर्ति गर्न वार्षिक ३ अरब खिल्लीको क्षमतामा पुग्ने सफल कार्यान्वियनको साथै चुरोटको वृद्धि गर्नेतर्फ पनि यो कारखाना सजग र सक्रिय रहेकोले हाल प्रति वर्ष ३ अरब खिल्ली उत्पादन गर्ने क्षमतामा भए तापनि बजारको माग अनुसार उत्पादन सञ्चालन गरी वढी माग आपूर्ति गर्ने अवस्थामा कारखाना पुगेको छ । कारखानाको थालनीमा २ अरब खल्ली चुरोट मात्र उत्पादन गर्न सक्ने क्षमतामा स्थापना भएकोमा त्यस अनुसारको उत्पादनले देशभरिको माग पूरा हुन नसकेकोले आर्थिक वर्ष ०२८।२९ देखि ०३०।३१ सालसम्म मेशीन विस्तार आयोजना र भवन विस्तार आयोजना पूरा गरी हाल प्रतिवर्ष ३ अरब खिल्ली उत्पादन गर्न सक्ने क्षमतामा यो कारखाना पुगिसकेको छ । विस्तार कार्यक्रमको परिणामस्वरूप ०२९ साल पुस १४ गते श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–जन्मोत्सवको अवसरमा देशमा सर्वप्रथम 'याक फिल्टर' चुरोट र ०३१ साल फागुन १२ गते श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवको शुभ–राज्याभिषेकको समारोहको अवसरमा देशमा सर्वप्रथम किंग साइज फिल्टर चुरोट 'लाली गुराँस'को उत्पादन प्रारम्भ भयो ।

याक र लाली गुराँस दुवै खालका चुरोटहरू उच्चस्तरका चुरोट उपभोक्ताहरूका बिच निकै लोकप्रिय देखा परेका छन् । सर्वसाधारण उप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोक्ताहरूका लागि भने ७५% सम्म स्वदेशी सुर्ती प्रयोग गरी यस कारखानाले 'आसा' चुरोटको उत्पादन गरिरहेको छ। आसा चुरोटको उत्पादन र खपत अन्य सबै ब्राण्डका चुरोटको दाँजोमा वढी छ र वार्षिक कूल उत्पादनमा ८४.३३% आसा चुरोट मात्र छ। मध्यम स्तर ब्राण्डको चुरोट उपभोक्ताको लागि भने गैंडा र कोसेली चुरोटको उत्पादन गरिएको छ। दुवै प्रकारको चुरोट उत्पादन जम्मा जम्मी कूल उत्पादनका १४% मात्र छ। यस प्रकारले ०३३।३४ मा जम्मा ३ अरब खिल्ली चुरोट उत्पादन भयो जसमा आसा २ अरब ५३ करोड खिल्ली, गैंडा ४० करोड, कोसेली २ करोड र याक ४ करोड २८ लाख र लाली गुराँस ७२ लाख खिल्ली परिमाणमा उत्पादित भए।

जनकपुर चुरोट कारखानाको मुख्य कच्चा पदार्थ सुर्ती स्थानीय कृषि क्षेत्रबाट नै उपलब्ध हुने भएकोले कृषि उत्पादनको सही उपयोग र कृषिमा आधारित जनसंख्याको भार कम गर्ने विचारले बढी महत्वपूर्ण छ। जनकपुर अञ्चलको महोत्तरी, धनुषा, सर्लाही र सगरमाथा अञ्चलको सिराहा जिल्लाका करिब दस हजार जनशक्ति सुर्ती उत्पादनको काममा संलग्न छन्। प्रतिवर्ष २६२४ टन सुर्तीको उत्पादन गरी रू. २ करोड एकासी लाखको सुर्ती यस कारखानालाइ उपलब्ध गराउँछन्। यसबाट कृषकहरूलाइ आर्थिक लाभ हुनुको साथै उनीहरूको जीवनस्तरमा निकै सुधार भएको देखिन्छ।

यस कारखानामा काम गर्ने १३६२ जवान कामदार कर्मचारीहरू कृषि क्षेत्रबाट आएका हुन्। कृषि क्षेत्रमा १३६२ जनसंख्याको भार कम हुनुको साथै तलब ज्याला बापत कामदारले पाउने वर्षको रू. ५३ लाख पैंतालीस हजार अतिरिक्त आम्दानी गर्दछन्। आ. व. ०२१।२२ देखि ०३३।३४ सम्ममा कारखानाले अन्तःशुल्क र बिक्रीकर बापत रू. ३६ करोड श्री ५ को सरकारको सर्वसंचित कोषमा जम्मा गरिसकेको छ। यसरी नेपाल अधिराज्यमा स्थापित भएको हालका उद्योगहरूमध्ये सबैभन्दा बढी राजस्वमा देन दिई देशमा हाल चालु भएका उद्योगहरूमा यस कारणले पनि महत्वपूर्ण योगदान दिंदै आएको छ भन्नुमा कुनै अत्युक्ति नहोला।

आ. व. ०२१।२२ देखि ०३३।३४ सम्म यस कारखानाले तेह्र वर्षको अवधिमा बिस अरब ५० करोडभन्दा बढी खिल्ली चुरोट उत्पादन गरी बिक्री वितरण गरिसकेको छ। यस बिक्रीबाट ९० करोडभन्दा बढी रूपैयाँ आम्दानी भएको छ। यस उपलब्धिको मुख्य कारण श्री ५ को सरकारको उदार संरक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीति, समस्त नेपालीको स्वदेशी उद्योगप्रतिको स्नेह र यस कारखानामा काम गर्ने समस्त नेपाली कामदार कर्मचारीको अथक परिश्रम नै मुख्य हुन्।

चुरोटको वढिरहेको मागमाथि विचार गरी आ. व. ०३०।३१ मा २२० करोड खिल्ली लक्ष्य अनुसार चुरोट उत्पादन हुन सक्यो। तर चुरोटको अझ माग वढिरहेकोले बजारमा प्रशस्त चुरोट उपलब्ध गराउन सकिएन। माग पूर्ति गर्न उत्पादन बढाइनु पर्छ भन्ने दृष्टिकोणवाट विस्तार योजना अन्तर्गत वढी उत्पादनको लागि आवश्यक मेशीनहरू जडान गरी आ. व. ०३१।३२ मा २ अरव ८७ करोडभन्दा वढी खिल्ली चुरोट उत्पादन भयो। आ. व. ०३२।३३ मा निर्धारित लक्ष्य ३ अरव खिल्ली राखिएकोमा २ अरव २७ करोड खिल्लीभन्दा वढी उत्पादन हुन सकेन।

कारखानाको उत्पादन काम सुरू भएदेखि विक्रीको काम पनि सुरु गरियो। साथै उत्पादनको गुणात्मक सुधार हुँदै गएको हुनाले विक्रीको परिमाणमा पनि निकै गतिशीलता आउँदै गयो। बराबर बजार निरीक्षण आदिको व्यवस्था गरी बजारमा सुनियोजित ढङ्गले चुरोटको बिक्री वितरण गर्ने कृत्रिम अभाव आदि हुन नदिनेतर्फ कारखाना भरमग्दुर कोसिस समय समयमा गर्दै आइरहेको छ। कारखानाले आफ्नो उत्पादन सुदूर दुर्गम क्षेत्रमा पनि पुऱ्याउने उद्देश्यले दुर्गम क्षेत्रहरू जस्तै धनकुटा, सुर्खेत, झुलाघाट र सिलगढी डोटीमा समेत बिक्री केन्द्रहरू स्थापना गरेको छ।

औद्योगिक उत्पादन वृद्धिका साथै उत्पादित वस्तुको सही ढङ्गको वितरण व्यवस्था हुन, उपभोक्तालाइ समयमा नै उत्पादित वस्तु उपलब्ध गराउनु उपभोक्ताको क्रयशक्ति र अभिरूचि अनुसारको चुरोट बनाउने कुरालाइ यस कारखानाले विशेष अध्ययन गरी चुरोट विक्री वितरणको लागि अधिराज्यभरि आफ्नो २५ भन्दा बढी विक्री केन्द्रहरू खोल्नुका साथै ३०१ जना अधिकृत विक्रेताहरू समेतको नियुक्त गरिसकेको छ। उपभोक्तालाइ ताजा चुरोट उपलब्ध गराउने उद्देश्यले ज. चु. का. ले आफ्नै ढुवानीको व्यवस्था पनि मिलाएको छ।

हाम्रो जस्तो पिछडिएको मुलुकको राजस्व प्राप्ति प्रायः विदेशी उपभोगको वस्तुहरूको पैठारी गरी भन्सार महसूलबाट हुने गर्दछ। तर यसबाट करोडौंको धन विदेशी मुलुकमा गई देशमा गरिवी रहिरहने कुरा स्पष्ट छ। अघि चुरोट पैठारी महसूलबाट प्राप्त हुने राजस्वले देशलाइ प्रभावकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्थिक फाइदा थिएन । कारखानाको स्थापनाले सैकडौं व्यक्तिलाइ काम र मामको व्यवस्था गरेको छ र हजारौं किसानहरू पनि लाभान्वित भएका छन् । कारखानाको अन्तशुल्क बिक्रीकर र कामदार कर्मचारीहरूवाट प्राप्त हुने आयकरले राजस्व करोडौंको अंकमा पुगेको देखिन्छ ।

कच्चा पदार्थ सूर्ती

कारखानाको उद्देश्य नाफा कमाउने मात्र नभई देशलाइ आर्थिक आत्म निर्भरतातिर अग्रसर गराउने उद्देश्य भएकोले सकभर आफ्नै देशको कच्चा पदार्थ उपभोग गर्नेतर्फ विशेष ध्यान दिएको छ । कुनै पनि उद्योग स्थापित हुनुभन्दा पूर्व कच्चा पदार्थ सुगम तरीकाले प्राप्त नहुनु त्यस उद्योगको लागि ठूलो वन्देज हुन्छ । यसैलाई विचार गरी जनकपुरको छेउछाउमा स्थानीय सूर्तीको पैदावार राम्रो हुने भएको र वाटो घाटोको व्यवस्था पनि देशको अन्य भागभन्दा सजिलो भएकोले चुरोट उद्योगका लागि जनकपुरको छनौट भएको हो । स्थानीय सूर्ती राम्रो हुने क्षेत्र भएकोले चुरोटको लागि उपयुक्त हुने सूर्तीको खेती पनि गराउन सकिएला भन्ने धारणा लिई सोही अनुसार कच्चा पदार्थको उपलब्धिका लागि सुरू सुरूमा कारखानावाट नै कृषकहरूलाइ सूर्ती खेतीकै लागि ऋण र प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था गरियो । कृषकहरूलाइ सूर्ती सुकाउने व्यवस्थाको लागि वार्न घर वनाउन लाखौं रूपैयाँको ऋण उपलब्ध गराइयो । यसै क्रममा खेती र उद्योग सञ्चालन गर्ने एकै व्यवस्थावाट सजिलो हुन नसक्ने कुराको महसूस गरी श्री ५ को सरकारवाट सूर्ती विकास कम्पनीको ०२८ सालमा स्थापना गरियो । सकभर स्वदेशी कच्चा पदार्थका उपभोग वढी गर्ने उद्देश्यले नेपाली सूर्ती खपत अंशमा बरावर वृद्धि गरिंदै छ । नेपाली सूर्तीको खपत निरन्तर वढिरहेको छ । नेपाली सूर्ती अठार लाख किलो ग्रामभन्दा वढी खपत हुँदै गइरहेको छ सूर्ती खपतको ५० प्रतिशतभन्दा बढी भाग नेपाली सूर्तीकै रहेको छ । नेपाली सूर्ती अझ वढी परिमाणमा खपत गर्नेतर्फ पनि वरोबर प्रयास भइरहेको छ ।

यस कारखानामा काम गर्ने समस्त कामदार कर्मचारीहरू नै यसका श्रमशक्ति हुन् । यस श्रमशक्तिको संख्यात्मक र गुणात्मक वृद्धि गरी कारखानाको उत्पादन शक्तिमा वृद्धि ल्याउनु यस कारखानाको मुख्य उद्देश्यले तपसील बमोजिम श्रम कल्याणकारी व्यवस्था गरेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) दस वर्ष अविच्छिन्न अवधिसम्म काम गरेका कामदार कर्मचारीहरूलाइ २ वर्षको तलब भत्ता, ६ वर्षको अवधिमा कट्टा हुने गरी दीर्घकालीन ऋण र स्थायी भएको एक वर्षपछि अल्पकालीन ऋणको रूपमा ६ महिनाको तलब भत्ता २ वर्षमा कट्टा गर्ने गरी पेश्की दिने पनि व्यवस्था गरेको छ ।

२) यस कारखानाको आफ्नो कामदार कर्मचारीहरूको आवास-गृहको लागि दीर्घकालीन योजना अपनाएको छ । हाल तयार भएको आवास गृहमा कारखानाका ६० जवान कामदार कर्मचारीहरू राख्ने व्यवस्थाको साथै आवास गृह उपलब्ध नभएका स्थायी कामदार कर्मचारीहरूलाइ सुरू तलबको १५% रकम घर भाडा वापत दिइएको छ ।

३) कामदार कर्मचारीहरूलाइ आकस्मिक दुर्घटनावाट हुने क्षति-पूर्तिका लागि दुर्घटना बीमाको पनि व्यवस्था भएको छ ।

४) कर्मचारीहरूको कार्य क्षमतामा गुणात्मक वृद्धिका लागि विदेशमा पठाई प्रशिक्षण दिने व्यवस्था हुँदै आएको छ । यस्ता विदेशबाट विशेषज्ञहरू मगाई सम्वन्धित विषयमा कारखानाभित्रै कर्मचारीहरूलाइ प्रशिक्षण दिने पनि व्यवस्था गरिएको छ ।

५) कर्मचारीहरूले शुद्ध, स्वास्थ्यप्रद र ताजा भोजन तथा खाजा पाऊन् भन्ने उद्देश्यले यस कारखानाले आफ्नो तर्फबाट चमेनागृह सञ्चालन गरेको छ ।

६) प्रत्येक वर्ष अधिकृतस्तरका कर्मचारीलाइ ३ महिनाको र सहायक स्तरका कर्मचारीलाइ ४ महीनाको तलब बोनस रकम वापत दिने गरिएकोमा हाल बोनस ऐन बमोजिम दिने व्यवस्था गरिएको छ ।

७) मनोरञ्जनको लागि डकुमेण्ट्री फिल्म कारखानाभित्रै देखाउने गरिएको छ । साथै टेबुल टेनिस, क्रिकेट, भलिबल, बैडमिन्टन खेल खेलाउने पनि व्यवस्था छ ।

८) कामदार कर्मचारीको निःशुल्क स्वास्थ्य उपचारको लागि आधुनिक साधनयुक्त चिकित्सालय कारखानाभित्रै स्थापना गरी अनुभवी चिकित्सकद्वारा उपचार गराउने व्यवस्था छ । कडा रोग लागी यस चिकित्सालयमा उपचार हुन नसक्ने ठहरिएमा चिकित्सकको सल्लाह अनुसार स्वदेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू ठाउँमा वा विदेशमा पठाई औषधी उपचार गराउँदा लागेको औषधी उपचारको सम्पूर्ण खर्चको ९०% कारखानाले नै वेहोर्ने गरेको छ।

९) काममा हाजिर भएको दिनमा खाजा भत्ता वापत प्रति दिन रू. एकको दरले सबै कामदार-कर्मचारीहरूलाइ दिने गरेको छ।

श्रमशक्तिको रूपमा उपलब्ध यस कारखानाका कामदार कर्मचारीहरूको कार्य क्षमता गुणात्मक वृद्धि गरी कारखानाको शक्ति बढाउनेतर्फ अझ गहकिलो पाइला चाल्ने योजना अपनाइँदै छ।

मेशिनरी

जनकपुर चुरोट कारखाना लि. ले अहिले आधुनिकतम मेशिनरीहरूबाट आफ्नो उत्पादन प्रारम्भ गरिरहेको छ। यहाँ स्थित फोल्डिङ्ग बक्स ग्लुइङ्ग मेशीनबाट प्रति मिनेटमा याक, कोसेली र गैंडाको २००० बट्टामा प्रिन्टिङ्ग र ग्लुइङ्ग गर्ने काम हुन्छ। त्यस्तै मोलिन्स मार्क र एस. एम, मेकिङ्ग मेशीनवाट प्रति मिनेटमा २५०० खिल्ली चुरोटको उत्पादन हुन्छ। मोलिन्स एम २ सेल एण्ड स्लाईड पैकिङ्ग मेशीनबाट प्रति मिनेटमा १४५ चुरोटका बट्टा तैयार हुन्छ। मोलिन्स जी. पी. डब्लु रेपिङ्ग मेशीनबाट प्रति मिनेटमा १४५ सेल एण्ड स्लाईड दस खिल्ली चुरोटको बट्टामा सिलोफैन लगाउने काम हुन्छ। युनिभर्सल मिलिङ्ग मेशिनबाट हेलिकल विभेलगियर रेभ मिलिङ्ग हनेनिङ्ग, बोटिङ्ग र स्लटीङ्गको कामहरू हुन्छन् भने हाइड्रो कोपिइङ्ग एटैचमेण्ट सहित भएको एच २६ लेथबाट भारी र जटिल कार्य गर्न सकिन्छ। यसमा टर्निङ्ग, स्क्रु कटिङ्ग, वोरिङ्ग, टेपरिङ्ग गरी किट, फलाम, पित्तल र गनमेटलको पार्टस् तैयार गरिन्छ। अहिले अटो भेरिएवल ए. भी. ३ नामक बब्सट अटोमेटिक अफसेट लेटरप्रेस डाई कटिङ्ग क्रिजिङ्ग एण्ड थ्रिलर प्रिन्टिङ्ग मेशीन पनि जडान गरिएको छ जसको क्षमता प्रति घण्टा ६ हजार सीट छ।

आर्थिक वर्ष ०२१।०२२

२ अरब खिल्ली चुरोट उत्पादन गर्ने क्षमताको लागि कारखानामा जडान भएका मेशीनहरू:

मेकिंग मेशिन सि ७, ७ थान, पेकिंग मेशीन ओ. बी. ४ पाँच थान, सफट पेकिंग मेशिन बी. १३ दुइ थान, रैपिंग मेशिन बी. १४ दुइ थान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोमायर २ तीन थान, सि. डि. ए. ३ एक थान, पेपरकटिंग मेशीन दुइ थान, वर्कसप मेशीनहरू चौध थान, एयर कंडिसन मेशीनहरू एक सेट, पावर जनरेटिंग डिजलसेट ६० किलोवाट एक थान, पावर जनरेटिंग डिजल सेट, २५० किलोवाट दुई थान, एम. जी. एल. आर, सेट, ट्रान्सपोर्ट कन्भेयरहरू चार थान, फाइनल म्वाइसनिंग ड्रम एक थान, स्कोडा कटर आर ६ ए तीन थान, कटर ग्राइण्डर एम. एल. ए. एक थान, टोबाको डायर एल. पी. १ एक थान, न्युमेट्रिक कट टुवाको, कन्भेयर एक सेट, टोवाको ड्रपर एन. एस. ६ सात थान, लेवोरेटरी ईक्वीमेण्टस् एक सेट, ट्रान्सपोर्ट ट्रक (चालु हालतमा डम्फर १ र ट्रक ७) आठ थान ।

२ अरव खिल्लीबाट ३ अरव खिल्लीमा पुऱ्याउने उद्देश्यले थप जडान गरिएका नयाँ मेशीनहरू:–

मेकिंग मेशीन सि. ८ पाँच थान, मेकिंग एटेच्ड विथ फिल्टर एक थान, फिल्टर पिपिंग मेशिन सिएफ-३ एक थान, मेकिंग मेशीन मार्क ८ एस. एम. एक थान, सफट पेकिंग मेशीन वी. १८ दुई थान, पेकिङ्गसेल एण्ड स्लावेड मेशीनवी-१० चार थान, रेपिङ्ग मेशीन वी. सी. १७ दुई थान, सेल एण्ड स्लाइड पेकिंग मेशीन एम. २ एक थान, रेपिङ्ग मेशिन जी. पी. एम. डब्ल्यू. एक थान, रोमायर प्रिन्टिङ्ग मेशीन .५१३ एक थाम, फर्मा ३६ फोल्डीङ्ग एण्ड लुइग मेशीन एक थान, प्रिन्टिङ्ग एण्ड पंचिङ्ग ए. भी. ३ एक थान, लेथ मेशीनहरू तीन थान, स्लेटिङ्ग एक थान, भर्टिकल मिलिग मेशीन एक थान, प्राइमरी प्रोसेसिङ्गका सम्पूर्ण मेशीनहरू एक सेट, सिगारेट ड्रायर मेशीन एक थान, पावर जनरेटिङ्ग डिजलसेट, ४९८ किलोवाट थान एक, लेवोरेट्री इक्वीपमेण्ट अठार थान, ट्रक (ट्रान्सपोर्ट पाँच थान), रिड्राइंग प्लाण्टको मेशीनहरू एक सेट, हालसालै पूरा प्याकिङ्ग सेक्सन एयर कन्डिसनिङ्ग बनाइएको र साथै वियटीन–प्याकिङ्ग मेशीन डबल टचाक, सी–८ मेकर, बक्सु प्रिण्टिङ्ग मेशीन र अन्य आधुनिकतम प्रिन्टिङ्ग मेशीन उपलब्ध गराई जनकपुर चुरोट कारखाना लिमिटेडलाइ पूर्ण आधुनिकरण चरणमा पुऱ्याइएको छ ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिकापुर योजनाको जन्म र त्यसको रूप-रेखा

स्वर्गीय राष्ट्रनायक श्री ५ महेन्द्र मुटुको व्यथाले पीडित होइबक्सिदा डाक्टरहरूको सल्लाह अनुसार स्वास्थ्य लाभका लागि कञ्चनपुर महाकालीको किनारबाट कर्णाली किनारमा मौसुफको सवारी चलाइने भयो। सरकारी गैर सरकारी सम्पूर्ण व्यक्तिहरूको रात दिनको अथक प्रयासले डकोटा हवाइजहाज ओर्लन सक्ने विमानस्थल र सरकार राज गराउने खर र काठको कटेरो तयार भयो। सरकारको सवारी भयो, उपस्थित हजारौं व्याकुल नरनारीले आफ्ना भाग्य-विधाताको चिरायुको कामना गरे। ईश्वरको अनुकम्पा, नेपाली मात्रको ठुलो भाग्य श्री ५ महेन्द्रको स्वास्थ्यमा दिन प्रतिदिन सुधार हुँदै गयो। कर्णालीको किनार स्थित टिकापुरले केही दिनको लागि नै भए पनि राजधानीको रूप लिने सौभाग्य पायो। राष्ट्रिय एकताको अगुवा नेपाल र नेपालीका भाग्यविधाता राष्ट्रनायक श्री ५ महेन्द्र ऋषि मुनिको पर्ण कुटी, तपस्वीको आश्रम जस्तो काठ र खरको छाप्रोमा राज भई राष्ट्रिय अन्तर्राष्ट्रिय समस्याहरूको संचालन यहींबाट गरिबक्सन थालिबक्सियो।

सरकारको गाथमा पूर्ण रूपले स्वास्थ्यलाभ भयो। चिन्तित शोकाकूल नेपाली मात्रमा एक अनौठो वर्णन गर्न नसकिने माधुर्यले परिपूर्ण हर्ष र उल्लासको लहर स्वत: प्रस्फुटित हुन गयो। अनेकौं दु:ख र कष्टको पनि परवाह नगरी सदैव देश र देशवासीको निमित्त चिन्तित र क्रियाशील रहने आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्यारा राजाको सवारी काठमाडौंतर्फ हुँदा यहां भेला भएका हजारौं नरनारीले जयजयकार गरे ।

यही पुण्य स्थल टिकापुरको विकासका लागि एउटा योजनाको तर्जुमा गरियो जसको मुख्य उद्देश्य यस क्षेत्रलाइ महेन्द्र–रत्नस्थली नाम दिई भूमिसुधारको लक्ष्य अनुसार कृषि क्षेत्रमा हुने सम्पूर्ण शोषणवाट कृषक वर्गलाइ मुक्त गरी वैज्ञानिक तरिकाले कृषि क्षेत्रको विकास गर्दै लैजाने तथा भूमिसुधारको लक्ष्य अनुसार कृषि जन्य उद्योग खडा गरी योजना क्षेत्रको सर्वाङ्गीण विकास गर्नु थियो । यसको लागि योजना अनुसार तीन हजार बिघा जमीनको माग गरिएको थियो जसबाट एक हजार बिघामा समितिले आधुनिक कृषि फारमको रूपमा खेती गराउने, एक हजार बिघामा ४ विघाका दरले दुई सय परिवारलाइ र एक हजार बिघामा २५ बिघाका दरले ४० परिवारलाइ मात्र बसाउने योजना थियो ।

योजनामा दुई किसिमको बसोबास गराउने तात्पर्य थियो, भूमिसुधार कार्यक्रममा घटीमा चार विघा र बढीमा पच्चिस विघाको हदबन्दी राखिएको छ । हिजोसम्म धेरै जमिन ओगटेर बसेका मध्यम वर्ग आज पच्चिस बिघामा आउँदा यति थोरै जमिनले जीवनयापन गर्न गाह्रो भो भन्न भने आर्थिक दृष्टिकोणले चार विघाको एकाई थोरै भयो कि भन्ने प्रश्न पनि छ । यसको समाधानको निमित्त यहां दुई किसिमको बसोवास गराउने भन्ने योजना राखिएको थियो । तर पछि पच्चिस बिघाको बसोवास नगराई एक हजार बिघामा वन पाल्ने, २०० दुइसय बिघामा नगर बसाल्ने, १००० बिघामा आधुनिक कृषि फाराम सञ्चालन गराउने र ८०० विघामा ४ बिघाका दरले २०० परिवारलाइ बसाउने मिति २०२७।३।३० मा श्री ५ को सरकारले निर्णय गर्‍यो ।

यसको साथै सुदूर पश्चिमाञ्चल कैलाली र यसका वरिपरिका जनजीवनको बढ्दो माग र विकासको लागि योजनाबद्ध तरिकाले नगर बसाउनुको मुख्य उद्देश्य यस भेगका जनतालाइ उद्योग व्यापारको सुलभ साधन उपलब्ध गराई स्वावलम्वन गराउनुको साथै आधुनिक वैज्ञानिक उपलब्धिहरूको सामाजिक सेवा पुऱ्याउनु पनि हो साथै क्षेत्रीय विकासको क्रममा यसले आज एउटा कडी थपेको छ भन्नुमा अत्युक्ति हुने छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजनाको कार्यान्वयन

योजनाको कार्यान्वयनको लागि जम्मा ८ जनाको एउटा समिति गठन गरिएको थियो जसमा अध्यक्ष पदमा खड्गबहादुर सिंह, उपाध्यक्षमा पदेन सेती अञ्चलाधीश, सदस्य सचिवमा योजनाका मुख्य प्रशासक नन्दगोपाल गुरुवाचार्य र बसोवास क्षेत्रबाट २ जना मनोनीत सदस्य राख्ने र अर्थ, खाद्य कृषि र वन सचिवहरू पनि समावेश गरिएका थिए। हालसम्म पनि सो समिति सक्रिय रहिआएको छ।

कृषि क्षेत्रको विकासको निमित्त

कृषि क्षेत्रको विकासको निमित्त सघन कृषि कार्यक्रम लागू भएपछि केही क्षेत्रमा आधुनिक बिउ, मल, ट्र्याक्टर आदिको उपयोगद्वारा उत्पादनमा वृद्धि भए तापनि कृषि क्षेत्रको विकासको लागि अपनाउनुपर्ने वैज्ञानिक उपायहरू, त्यसका लागि चेतना, साधन, उपयुक्त वातावरणको सिर्जना नगण्यप्रायः नै छ। कुन क्षेत्रमा कुन खेती गर्दा ज्यादा उत्पन्न हुन सक्दछ, कुन किसिमको खेतीले किसानवर्गलाइ ज्यादा फाइदा उत्पादन हुन सक्दछ वा कृषिमा आधारित देशको अर्थ व्यवस्थालाइ कुन क्षेत्रमा कस्तो किसिमको उत्पादनलाइ प्राथमिकता दिए टेवा मिल्न सक्दछ, त्यो योजनाबद्ध र स्पष्ट हुनुपर्दछ। यसको अभावमा आज पनि हामी उनै पुराना खेतीका साधन र तौर तरिकामा निर्भर छौं।

१. यसको लागि योजनाभित्रको कृषि क्षेत्रको माटोको सर्वेक्षण गरी राष्ट्रिय आवश्यकतालाइ ध्यानमा राखी खेतीको विविधिकरण गरिने छ।
२. कृषकले समितिले तोकेबमोजिमको तरिकाबाट खेती गर्नु पर्ने छ।
३. तोकेबमोजिमको खेती गर्दा कृषकलाइ चाहिने मल, बल, बिउ, बिरुवा, खेती गर्ने औजार, कीटाणुनाशक औषधी र क्रय विक्रयको लागि बजारको व्यवस्था सहकारी संस्थाद्वारा गराइने छ।

नगर क्षेत्रको विकासको लागि मुख्यतया तीन क्षेत्रमा विभाजित गरिएको छ

१. व्यापारिक क्षेत्र,
२. औद्योगिक क्षेत्र र
३. नगर बसोवास क्षेत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर वसोबास क्षेत्र

सडक, बिजुली, खाने पानी, स्कुल र अस्पताल जस्ता सुविधा पाउँदा यहाँ घर बनाई बस्न चाहने मध्यम वर्ग परिवार, जो आज विभिन्न गाउँमा छरिएर बसेका छन् वा अन्य पेशामा लागेकालाइ पनि यहाँ घर बनाई बस्न चाहने परिवारलाइ बसोवास गराइने छ। हालसम्म २०० घरहरू निर्माण पूरा हुन लागेको छ।

औद्योगिक क्षेत्र

औद्योगिक क्षेत्रमा कृषिजन्य उद्योगहरू खडा गरिने छन्। जस्तै खाडसारी, राइस, आयल मिल, घरेलु कपडा बुन्ने उद्योग, आँप, लिची, कटहर डब्बामा प्याक गर्ने, लेमन स्क्वायस बनाउने, जुट प्रेस गर्ने, अन्य हस्तकला कुटीर उद्योग आदिलाइ चाहिने कच्चा पदार्थहरू सुरूमा ४ बिघा र समितिले खेती गर्ने फार्मबाट प्राप्त गराइने छ। जसमध्ये अहिले ५०० मे. टनको खाद्यान्न गोदाम रा० चा० कारखाना, चिनी कारखाना र अन्य सानो कुटीर उद्योगको स्थापना भैरहेको छ। यसरी मिललाइ आफ्नो विकास गर्न चाहिने कच्चा पदार्थ पनि पर्याप्त मात्रामा उपलब्ध हुनेछ। कृषकलाइ पनि बजारको व्यवस्था हुन जानेछ। फाइदा हुने देखिएपछि योजना बाहिरका किसानहरूलाइ पनि यस्तै किसिमको खेती गर्न प्रोत्साहन मिल्न जान्छ। यसरी स्व. श्री ५ महाराजाधिराज महेन्द्रको यस दशकलाइ आर्थिक दशकको रूपमा मनाउने लक्ष्यको केही अंश यसले पूरा गर्ने छ।

व्यापारिक क्षेत्र–

खास गरी दैनिक उपभोगको वस्तुहरूको क्रय विक्रयको लागि पसलेहरूको बसोवास गराइने छ। पहाडी क्षेत्रहरूबाट भेरी अञ्चलको दैलेख, सुर्खेत-पश्चिम भेग, कर्णाली अञ्चल, सेती अञ्चलको डोटी जिल्लाको पश्चिमी भाग र अछाम जिल्लाको सम्पूर्ण जनतालाइ आफुले उत्पादन गरेको वस्तु बेच्न र आवश्यक दैनिक उपभोगका सामानहरू खरीद गर्न यो नजिक र भरू बजारमा जानलाइ पनि यही बाटो पर्ने हुँदा छिटै नै यो व्यापारको ठूलो केन्द्र बन्न जाने छ। प्राकृतिक सौन्दर्यका उपासक, पर्यटक तथा जल क्रीडा र मत्स्य सिकार गर्न आउनेहरूलाइ यहाँ प्रशस्त मात्रामा मोहक वातावरणहरू रहेको छ। स्व. श्री ५ महेन्द्रको संकल्पनामा यहाँ पवित्र मन्दिर स्थापना गरी बन उद्यान तथा जीवजन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षण गरी अझ बढी आकर्षण पैदा गरिने छ । कर्णाली जल विद्युत योजनाले पनि यस नगरको विकासमा गहन भूमिका खेल्ने छ । यो योजना २०२७ साल कार्तिक महिनामै सुरू भैसक्नुपर्ने हो । योजना अनुसार २०२७ साल कार्तिकमा वन जंगल हस्तान्तरण भै यसलाइ चाहिने आर्थिक सहयोग र ऋण प्राप्त गराई काम चालु हुनुपर्नेमा २०२८ साल कार्तिक महिनामा मात्र आधाभन्दा कम जंगल हस्तान्तरण भएको, वन जंगल श्री ५ को सरकारको वन जंगल बिक्री व्यवस्था कानुन र नियम बमोजिम गर्न दुई महिना समय लागेको र सो जंगल लिलाम बढावढ लिन उपस्थित भएका कुनै पनि ठेक्दारहरूले सकार नगरी मुचुल्का समेत गरिदिएकोले बिक्री व्यवस्था नियमावलीको अर्को आधारमा रायल्टीमा सरपट कटानी ठेक्का गरी २०२८ साल माघ महिनादेखि मात्र कटान सुरू भएकोले योजनालाई चाहिने जमिनबाट रूखहरू हटाउने प्रारम्भिक कार्य सुरू भयो । जगल हटी योजना क्षेत्रको जमिन सफा नभएसम्म अरू कार्यहरू नहुने भएकोले २०२८ साल माघदेखि २०३० साल चैत्रसम्म जम्मा तीन सिजनभित्र सरपट कटानी पूरा गर्ने लक्ष्यअनुसार समितिको अरू योजनाहरूभन्दा नगर योजनाको विकासमा बढी समय लाग्ने भएकोले पहिले सिजनको कटानी नगर क्षेत्रको जमिनदेखि नै सुरू गरियो । सिजनको सुरूआतमा आम कटानी र निकासी सिजनभन्दा दुई तीन महिनापछि परेकोले कटानी र ढुवानी गर्न कामदारहरू अरू जंगलमा फसिसकेकोले पहिलो सिजनमा लेबर तथा अन्य कुराहरूको कमीले गर्दा लक्ष्य अनुसारको प्रगति ठेकेदारहरूले भेट्टाउन सकेनन् र तीन चार लाखको भन्दा बढीको लकडी निकासी गर्न सकेनन् तर नगर क्षेत्रको रूखहरू कटानी भने पूरा गरिदिए ।

दोस्रो सिजनको कार्य ठेकेदारहरूले उत्साहपूर्वक गरेका थिए । वन विभागको लिलाम कार्य सुरू भएको र टिकापुरभन्दा राम्रो लकडी सहुलियत र लाभ समेत हुने देखेर नै होला श्री ५ को सरकारले लिलाम गरेको वन जंगल लिई भएको ठेकेदारहरूमध्ये सबभन्दा ठुलोले काममा उस्तो ध्यान दिएनन् । सिजनको मुख्य काम गर्न समयमा एक डेढ महिना त्यसै बितेकोले दोस्रो सिजनको निकासी पनि सन्तोषजनक हुन सकेन । तर केही रूखहरू समितिको कामको लागि राखिछोडेको र केही जमरा किनारामा खडा रहेको बाहेक जंगल कटान समाप्त भएको छ । वनबाट हालसम्म जम्मा रू. ३१,३८,६७०।– उठेको छ र बाँकी दाउरा तथा खडा रूखहरूको मूल्यांकन बाँकी समेत आर्थिक वर्ष ०३४।३५ मा देखाइने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर योजना निर्माणको क्रम अटुट रहने र लामो समय लाग्ने भएकोले अरू योजनाभन्दा यसैलाइ पहिलो प्राथमिकता दिई यसक्षेत्रबाट कटान सुरु गरी ठुटा उखेल्ने र जमिन सम्याउने कार्य सुरु गरियो । पुनर्वास कम्पनी र आवास तथा भौतिक परियोजना विभागबाट मास्टर प्लान, भूमि उपयोग नक्सासम्म बनाई ब्लक डेभलपमेन्ट र विस्तृत डिजाइन नक्सा तथा लगत इस्टिमेट आदि गर्न आलटाल गरी अन्तमा २०३० जेठमा प्राविधिकहरूको अभाव भएको भनी असमर्थता व्यक्त गरेकोले डेढ वर्षको कार्य एकातिर पर्न गई जम्मा गरेका निर्माण सामग्रीहरू जस्तै सिमेन्ट, ईंटा आदि प्रयोग हुन नसकी वर्षायाममा केही मात्रामा खराब समेत हुन गयो । समितिले गर्न सक्ने भूमि रेखाङ्कन, योजना अनुसारको सहरी वाटोको रेखाङ्कन र अन्दाजी डेढ माइल १० मिटर चौडा बाटोमा माटोको कार्य र कम्भ्याक्सन कार्य समेत गरी सानो क्याम्पसको रूपमा ग श्रेणीका कार्यालय, स्टोर, समीक्षालय र स्टाफ क्वार्टरहरूको निर्माण पूरा गरियो ।

श्री ५ को सरकारको विभागहरूबाट नगर योजनाको प्राविधिक कार्य गर्न असमर्थता व्यक्त गरेपछि सोही कुरा श्री ५ महाराजाधिराज सरकारमा जाहेर हुँदा मन्त्रिपरिषद्बाट समितिका अध्यक्षले नै प्राइभेट आर्किटेक्चरहरूसंग सम्पर्क राखी जे जो गर्नु पर्छ गरी कार्य सन्चालन गर्न २०३० जेठमा निर्णय भएपछि प्राइभेट आर्किटेक्चर फर्महरूको कोटेसनमाथि बिश्लेषण गरी शंकर एन रिमाल इन्जिनीयर एण्ड आर्किटेक्टस प्रा. लि. लाइ टिकापुर योजनाको आर्किटेक्चर इन्जिनियर नियुक्त गरी सो कार्यहरू गराइँदै छ । करिब १ महिनामा यस फर्मले मास्टर प्लान, ब्लक डेभलपमेन्ट प्लान र अस्पताल तथा स्कुलको डिटेल प्लान तयार पार्‍यो । तर योजना आयोगको कार्यालय तथा भूतपूर्व प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बारंबार टिकापुर योजनाबारे छलफल भई अनेकौं निर्णय हुँदा पनि श्री ५ को सरकारको तर्फबाट उपलब्ध हुनुपर्ने सहयोग जस्तै सडक, हवाइ यातायात, संचार तथा जल विद्युतको साथै कृषि जस्ता गहन वस्तुको निर्माण र विकासतर्फ कुनै पनि विभागले राम्ररी चाख लिएको महसुस भएन । टिकापुरबाट भारतीय रेल्वे स्टेसन जाँदा पर्ने बाटोको बोर्डरसम्म १० माइल वाटो निर्माणको लागि एकमुष्ट ३० तिस लाख रूपैयाँ बजेटमा समावेश गरी आर्थिक वर्ष ०३०।३१ मा १० दस लाखको निर्माण कार्य सुरू गर्ने निधो भए अनुसार व्यावहारिक रूपबाट सो रकम वा निर्माण गर्न विभागमध्ये कुनै पनि प्रकट हुन आएन । यसै रूपले आदेश र ताकेतापछि पनि हालसम्म कृषि विशेषज्ञ उपलब्ध नभएकोले कृषि कार्यको संचालन प्रारम्भ गर्न कठिनाइ परी प्रगति हुन सकेको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समितिको कृषि फार्म

क्रमिक रूपमा सरपट कटानी भइरहेको स्थानमा एकैपल्ट हजार विघाको कृषि फार्म संचालन हुन सक्तैन । हालसम्मको कटानी र निकासीको अनुभवले यसै आर्थिक वर्षमा चार सय विघामा कृषि फार्म संचालन भइसक्ने छ तर यसमा श्री ५ को सरकारको कृषि विभागको पूरा पूरा सहयोग र समय समयमा उपलब्ध हुनुपर्ने प्राविधिज्ञ र सरसल्लाहको साथै फार्मको रूप-रेखा तयार गर्न फार्म मैनेजरको रूपमा काम गर्ने कृषि विशेषज्ञको निकासा अत्यावश्यक देखिएकोले गत ०३२।३३ आ. व. देखि कृषि बिभागले फर्मको रूप–रेखा तैयार गर्न एक प्राविधिक खटाई फर्मको रूप–रेखा तैयार पारिसकेको छ । सोही अनुसार समितिले ०३५।३६ आ. व. को अन्तसम्ममा १००० हजार विघाको फार्म तयार गरी अन्दाजी सालमा दस लाख आम्दानी गर्ने लक्ष्य राखेको छ ।

कृषि बसोबास

जंगल हस्तान्तरण गर्दा अव्यवस्थित रूपले बसोबास गरिरहेका १८० सुकुम्वासी परिवारहरूलाइ चार बिघा जग्गाको प्लट वितरण गरी व्यवस्थित रूपमा बसोबास गराइसकिएको छ । साथै ११ किलोमिटरको बाटोमा एलाइन्मेन्ट गरी निर्माण सम्पन्न भइसकेको छ । जमरा नालामा पुल बनाउन खम्बा गाडी बिमहरू समेत राखिसकेको, तीन काठे पुल तयार पारेको तथा जमरा नालाबाट सिंचाइको निमित्त कुलोको निर्माण कार्य पनि सम्पन्न प्रायः भैसकेको छ ।

यस योजनाको सुचारू संचालनको लागि बाह्य सडक, खाने पानी, सिंचाई जस्ता आधारभूत आवश्यकता पूर्तिका लागि श्री ५ को सरकारले कदम चालिसकेको छ । विद्युतीकरणतर्फ पनि कदम चाल्ने आशा गरिएको छ ।

टिकापुर योजना कार्यान्वयन गर्न थालिएको ६ वर्षभित्र करिब रु. ६० लाख लगानी गरिसकिएको छ । तर यस योजनासंग सम्बन्धित विशेषज्ञहरूको कथन अनुसार टिकापुर गुरु योजनाको सम्पूर्ण विकासको लागि रु. ६ करोडको अनुमान गरिएको छ ।

तर जे भए पनि टिकापुर विकास समितिले शिक्षा स्वास्थ्य, नगर भवनहरू, आन्तरिक सडक, बसोबास, कृषि, उद्योग, सवारी–बंगला जस्ता विभिन्न योजनाको सफल कार्यान्वयन गरी टिकापुरलाइ सम्पूर्ण राष्ट्रकै एक आदर्श विकास–तीर्थ स्थलको रूपमा परिणत गर्न लागिएको छ ।

वि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचना

—डा. वासुदेव त्रिपाठी

'रूप-रेखा' र कवि मोहन कोइराला

१. *'रूप-रेखा' पत्रिका : 'शारदा'-का सापेक्षतामा*

'रूप-रेखा' पत्रिका अठारौं वर्षमा हिँड्दै छ र यसले आफ्ना अङ्कहरूको दोस्रो शतक पूरा गर्दै छ। प्रायः अल्पायुमै अल्पने नेपाली साहित्यिक पत्रिकाका इतिहासमा 'रूप-रेखा'-ले २००औं अङ्कमा पाइला टेक्न सक्नु ठुलो कुरो हो। 'रूप-रेखा'-को आयुमन्दा बढी आयु प्राप्त गर्ने नेपाली साहित्यिक पत्रिका 'शारदा' नै रहेको हो भने त्यो 'शारदा' आज छैन; 'रूप-रेखा'-मा अझै जीवन-चिह्न प्रशस्तै छन् र प्रबल देखिन्छन्; 'रूप-रेखा' चिरञ्जीवी रहोस्!

'सुन्दरी' (१९६३) देखि आजसम्मका नेपाली साहित्यक पत्रिकाहरूमा नियमितता (यदा-कदा अङ्कहरू प्रकाशित हुन ढिलाए पनि) वा अटूटपन 'रूप-रेखा'का अङ्कहरूले पाएका छन् र हाम्रा सन्दर्भमा यसलाइ पनि कीर्तिमान नै भन्नुपर्ला।

फेरि 'शारदा' र 'रूप-रेखा'-कै तुलनातिर फर्किऊँ। 'शारदा' (१९९१ साल फागुन) को आयुर्दा मूलतः २८ वर्ष भए पनि यो पत्रिका आफ्ना अठारौं, उन्नाइसौं, तेइसौं र सत्ताइसौं वर्षमा मूर्च्छितै रहे जस्तो बुझिन्छ; त्यसको अर्थ यी चार वर्षको मूर्च्छाकाल कटाए 'शारदा' जम्मा २४ वर्ष निस्कियो; 'रूप-रेखा'-ले यो उमेर भेट्न २०४० सालसम्म पर्खनुपर्ला। परन्तु 'शारदा' २००१ साल अर्थात् दशौं वर्षसम्म मात्रै (त्यो पनि कतिपय संयुक्ताङ्कका साथ) नियमित रह्यो र त्यसपछि यसका अङ्क टुट्न खोजेको र अझ वर्ष १७ (२००८ साल) देखि त यसलाइ शुक्ल-कृष्णपक्षले छुन थालेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सन्दर्भमा 'रूप-रेखा'-को अठार वर्षे नियमितता (अङ्कको अलप र संयुक्ताङ्क बिना !) नेपाली साहित्यिक पत्रिकाका इतिहासमा 'मानक' सिद्ध भएको छ ।

१९९१ साल फागुनदेखि २०२० सालसम्मका २८ वर्षभित्र (र त्यस-पछिका चेष्टा समेत)-का अमूर्च्छित तर अङ्कको अलप (वा टुटफुट) र जोड-जाड (वा संयुक्ताङ्क) सहित र त्यस तात्पर्यमा उङ लागेका २४ वर्षभित्र 'शारदा'-का कति अङ्क प्रकाशित भएका हुन् ? 'शारदा'-को जम्माजम्मी प्राप्त र प्राप्य अङ्क–संख्या (संयुक्ताङ्क र अतिरिक्ताङ्क समेत) २११ सम्म पुग्ने देखिन्छ ।[१] परन्तु शुद्ध थान–गन्तीका हिसाब–किताबमा चाहिं संयुक्ताङ्कलाइ एकै अङ्क अनि अतिरिक्ताङ्कलाइ थप अङ्क ठान्नुपर्ने हुन्छ र यस सन्दर्भमा चाहिं 'शारदा'-का प्राप्त र प्राप्य हुनुपर्ने जम्मा १८५ अङ्क जति देखा पर्छन् ।[२] जे होस् १८ वर्षमै 'रूप-रेखा' अङ्क–संख्याका हिसाबले पनि ('शारदा'-का संयुक्ताङ्कलाइ त्यो अङ्क जति महिनाको जति अङ्क हो त्यति नै संख्याले गुणा गरेमा !) 'शारदा' पत्रिकालाइ भेट्टाउन लागिरहेछ, २०३६ साल लाग्दा नलाग्दै भेट्टाउन पनि पुग्ला; परन्तु खसोखास अङ्क–थानकै गन्ती गर्ने हो भने चाहिं २०३३ साल कार्तिक (वर्ष १७ अङ्क ६: पूर्णाङ्क १८६) मै 'रूप-रेखा'-ले अङ्क–यात्रामा 'शारदा'-लाइ उछिनिसकेको छ ! स्मरणीय छ—'शारदा' (१९९१ फागुन) सुरुदेखि नै मासिक रह्यो भने 'रूप-रेखा' (२०१७ असार–साउन) थालनीमा द्वैमासिक रह्यो र 'कथा विशेषाङ्क' (पूर्णाङ्क १२: वर्ष २ अङ्क ६) अतिरिक्त रूपमा निकाली पूर्णाङ्क १३ (२०१९ जेठ: वर्ष ३ अङ्क १) देखि मात्रै 'रूप-रेखा'-ले मासिक रूप लिएको हो ।

---

१. रघुनाथ घिमिरे, नेपाली साहित्यमा शारदाको योगदान, (नेपाली स्नातकोत्तर शोधपत्र) त्रि. वि. (कीर्तिपुर, २०३२), पृ १५४ ।

२. (क) प्राप्त अङ्क–थान १८२; प्राप्य हुनुपर्ने (दायाँ-बायाँ संख्याका अङ्क प्राप्त भएकोले) अङ्क–थान ३ (वर्ष ३ अङ्क १० तथा ११; वर्ष २६ अङ्क ४) ।

—पूर्ववत् ।

(ख) उत्तम कुँवर, 'नेपालमा पत्रिकाको विकास', रूप-रेखा पूर्णाङ्क १९० (काठमाडौं २०३३ फागुन), पृ. १६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. 'रूप-रेखा' र नेपाली कविताका प्रयोगवादी कवि मोहन कोइराला

'शारदा' पत्रिकाले पुराना नयाँ विविध साहित्य–धाराका निम्ति मञ्चका रूपमा उभिदा उभिदै पनि कविताका क्षेत्रमा चाहिं मूलतः महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका सहधर्मीहरूको स्वच्छन्दतावादी वा रोमान्टिक धारालाइ नै हुर्काएको अनुभव हुन्छ। के त्यसरी नै 'रूप-रेखा'-का बारेमा कुनै ठोस उल्लेख गर्न सकिन्छ ? 'रूप-रेखा'-का अङ्क–अङ्क पढ्दै जांदा यसले पनि नेपाली साहित्यका विविध पुराना–नयाँ धारालाइ स्थान दिंदादिंदै पनि कविताका फाँटमा चाहिं कवि मोहन कोइराला र उनका पाराका कविहरूको प्रयोगवादी धारालाइ नै विशेषतः हुर्काएको पाइन्छ।[२] यसलाइ 'शारदा' र 'रूप-रेखा'-का बिचको सादृश्य-विन्दु पनि भनिदिन सकिन्छ।

बस्तुतः कवि मोहन कोइरालाको प्रयोगवादी स्वरूप 'रूप-रेखा'-बाटै प्रकट भएको[३] र मूलतः हुर्किएको देखिन्छ; उनका कविता संख्याबाट[४] आनुपातिक रूपमा यस्तै सङ्केत मिल्छ भने 'रूप-रेखा'-मा छापिएका चार[५] लामा कविता (कविताका मझौला रूपः खण्डकाव्य समकक्ष)-बाट झन् यसैको परिपुष्टि प्राप्त हुन्छ।

---

२. 'रूप-रेखा'-का पूर्णाङ्क १०० (लेखकाङ्कः वर्ष १० अङ्क ४: २०२९ भदौ)-मा प्रकाशित भएको बिगत ९९ अङ्कका रचना सूचीबाट यस्तै निष्कर्ष प्रकट हुन्छ।

३. 'घाइते युग' कविता; वर्ष १ अङ्क २ (२०१७ भदौ–असोज), पृ० ७–९।

४. ईश्वर बरालद्वारा सम्पादित 'मोहन कोइरालाका कविता' (२०३०)-का परिशिष्टमा प्रस्तुत 'कालक्रमानुसार (को) कविता सूची'-का जम्मा ६० २ कविता २, लामा कवितामध्ये २१ कविता र २ लामा कविता 'रूप-रेखा'-कै छन् र यो संख्या अन्य विविध पत्रिकाका तुलनामा अत्यधिक देखा पर्छ।

५. (क) 'सूर्यदान', पूर्णाङ्क ५८ (२०२२ फागुन), पृ. ९–३७।

(ख) 'कोशीको बगर' (पुस्तकाकारमा 'लेक' नामबाट २०२५ सालमा प्रकाशित), पूर्णाङ्क ६७ (२०२३ मङसिर), पृ. ९–५९। यसै अङ्कमा पनि विषय–सूची र चिनारीमा 'लेक' नाम दिइएको छ तर शीर्षक चाहिं 'कोशीको बगर' छ!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

× × ×

३. 'रूप-रेखा' र मोहन कोइरालाका कविता

३. १. कविता प्रकाशनमा रूप-रेखाको योगदान

'इन्द्रेनी' (सं. २०१३)-का माध्यमबाट मोहन कोइराला जतातिर तन्कँदै थिए त्यसले २०१४–१६ सालका बीच गुप्तवास भोग्नुपर्‍यो; प्रकाशन–स्रोतको अभाव त्यस गुप्तवासको कारण बन्न गयो । देवकोटाको महायुग वा रोमान्टिक प्रगतिवादी धारा (१९९१–२०१६) अन्तमा नेपाली कवितामा छाउन लाग्दो रिक्ततालाइ नयाँ प्रयोगद्वारा भर्ने चेष्टा गर्दै २०१७ सालका बर्सातितिर प्रकाशित हुन लाग्दो नयाँ 'रूप-रेखा' पत्रिकाका माध्यमबाट 'घाइते युग'-का प्रवक्ताका रूपमा कवि कोइराला झुल्कन लाग्दछन् ।

'रूप-रेखा'-मा मोहन कोइरालाका के कति कविता छापिएका छन् ? यस पत्रिकाका पूर्णाङ्क १०० (लेखकाङ्क : २०२६ भदौ) मा 'फर्केर हेर्दा'-का रूपमा दिइएको सूची (पृ. १५–१६) अनुसार यस अवधिसम्ममा मोहन कोइरालाका १४ कविता र दुई लामा कविता ('सूर्यदान' र 'लेखक') यसमा छापिएको जानकारी प्राप्त हुन्छ । उपर्युक्त चौध कविता अन्तर्गत 'दुई कविता'[२९] 'तीन कविता'[३०] र 'केही कविता'[३१] जस्ता शीर्षक पनि छन् र जम्माजम्मीमा २१ कविता पर्दछन् । यी सबै कविता (पूर्णाङ्क ५६ को 'सिम्फोनी रगतको नसा' भन्ने एक कविता बाहेक) ईश्वर बरालद्वारा सम्पादित 'मोहन कोइरालाका कविता' (२०३०) अन्तर्गत परेकै छन् । पूर्णाङ्क १०० देखि यता चाहिं मोहन कोइरालाका के कति कविता 'रूप-रेखा'-मा छापिएका छन् ? यस अवधिका 'रूप-रेखा' का मैले हेर्न सकेका अङ्कहरूमा मोहन कोइरालाका ७ कविता र दुई लामा कविता ('पलङ्ग नं. २१' र 'सारङ्गी बोकेको समुद्र' (नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, काठमाडौं; २०३४) का क्रमशः पृ. ६५–६६ र ६९–७० अन्तर्गत बिना अङ्क उल्लेख 'रूप-रेखा'-मा छापिएका दुई कविता दिइएका छन् जसमध्ये एउटा कविता उपर्युक्त ७ संख्या अन्तर्गत पर्दैन । (वस्तुतः 'रूप-रेखा'-का पूर्णाङ्क २०० अन्तर्गत वा त्यसपछि अहिलेसम्मको पूर्ण सूची प्रस्तुत हुने बुझेकाले बिचका र हालसालका छुटपुट एकाध अङ्कको सोधखोजको प्रयास गरिएन) । जे होस्, 'रूप-रेखा'-मा १०० पूर्णाङ्क यता मोहन कोइरालाका ७-८ कविता र छापिएका दुई लामा कविता छन् जसमध्ये एक कविता

२९. पूर्णाङ्क २४, पृ. ९१–९४ तथा पूर्णाङ्क ४० पृ. १७-२२ ।
३०. पूर्णाङ्क ४५, पृ. १७–१९ ।
३१. पूर्णाङ्क ३०, पृ. ५–८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'आखको छायाँ' (पूर्णाङ्क १०८, पृ. ९–१०) ईश्वर बरालद्वारा सम्पादित मोहन कोइरालाका कविता'-का पृ. १०९–१० मा सङ्कलित छ अनि अन्य ४ कविता चाहिं 'सारङ्गी बोकेको समुद्र'-का पृ. ८–१०, ४१–४५, ६५–६६ र ६९–७० मा परेका छन् अनि दुवै लामा कविता पनि यसैका पृ. १०५–६४ तथा ७१–१०४ मा समावेश गरिएका छन् तर 'पुलमनि पानी बग्दैन' (पूर्णाङ्क १३५, पृ. ५–७ 'सम्झनेहरू' (पूर्णाङ्क १७२, पृ. ५) र 'च्याङबा हो च्याङवा' (पूर्णाङ्क १८८, पृ १७ १८) चाहिं छरिएकै स्थितिमा छन्। मोटामोटी निचोडमा 'रूप-रेखा'-का १८ वर्षं (२०१७–३४) मा यस पत्रिकामा मोहन कोइरालाका लगभग २१+७=२८ वा २१+८=२९ कविता र चार लामा कविता छापिएको बुझिन्छ।

× × ×

निचोडमा मोहन कोइरालाका चारवटै लामा कविता 'रूप-रेखा'-मै छापिएको र उनका २०१७–३४ सालका मोटामोटी ४१+२८=६९ वा ४१+२९=७० कवितामध्ये २८–२९ कविता पनि यसै पत्रिकामा छापिएको भेटिन्छ। यसबाट कवि मोहन कोइरालाका कविता—प्रकाशनमा 'रूप-रेखा'-को केन्द्रीय भूमिका रहेको कुरा स्पष्टिन्छ।

१. २. *मोहन कोइरालाको प्रयोगवादी धाराको प्रारम्भिक प्रहर 'रूप-रेखा'-का सापेक्षतामा*

'रूप-रेखा'-का वर्ष १ अङ्क २ (२०१७ भदौ–असोज) मै मोहन कोइरालाका कविताले लगभग गुप्तवास (सं. २०१४–१६) तोडी प्रकाशनको अवसर प्राप्त गरेको र त्यस 'घाइते युग' कविताद्वारा नेपाली कवितामा रोमान्टिक-प्रगतिवादी धारा तोड्दै प्रयोगवादी धाराको सुरुआत गरेको कुरा चर्चित छ। अवश्यै कवि मोहन कोइराला 'शारदा' (२००७–९) का माध्यमबाट उम्रिएका र 'प्रगति' (२०१०–१२) का माध्यमबाट दुई पाते (समकालीन र प्रयोगशीलताका बिच) देखा परेको[३२] अनि 'इन्द्रेनी'-का माध्यमबाट प्रयोगशीलताका सङ्कल्पको दह्लिन लागेका हुन् तर उनको प्रयोगवादी कविताको स्पष्ट र ठोस सूत्रपात 'रूप-रेखा'-कै 'घाइते युग' बाट भयो; उनी नेपाली कविताका एक नयाँ प्रयोगकर्ताका रूपमा यहींदेखि चिनिन थालेका हुन्। 'फर्सीको जरा'

---

३२. श्री तीर्थराज तुलाधरका विचारमा 'प्रगति'-ले 'दुई–चार लेखकलाइ चिनाउने काम गऱ्यो जसमध्ये मोहन कोइराला एक हुन्।'
—आनन्ददेव भट्ट, 'मोहन कोइरालाज्यूको सारङ्गी', रूप-रेखा पूर्णाङ्क ३४ (वर्ष ४ अङ्क १०: २०२० फागुन), पृ. ६८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०२१ वैशाख) देखि नै उनी आफ्नो धाराको प्रारम्भिक प्रहर समाप्ति गर्दै बँसमा प्रवेश गर्दछन् भने यो प्रारम्भिक प्रहर के कस्तो देखिन्छ ?

युरोपेली रोमान्टिक धारापछि यथार्थवादका कौतुहलका माझ-माझ फ्रान्समा प्रतीकवादी धारा देखा परेको र त्यसलाइ रोमान्टिक धारानै नयाँ प्रयोगात्मक संस्करण पनि ठानिएको हो । 'प्रगति' कालसम्म मोहन कोइराला नव-रोमान्टिक भन्न सकिने किसिमले रोमान्टिक प्रगतिवादबाट प्रतीकवादी स्वतः स्फूर्त, गद्य–संगीतपूर्ण, स्वप्नप्रदृश, अन्वितिशिथिल र बढी साङ्केतिक भावावेगका बिम्ब–बिम्बका प्रयोगशीलतातर्फ तन्किएका हुन्; 'इन्द्रेणी' कालमा चाहि उनी अवचेतन नयाँ अंग्रेजी कवि टी. एस. इलियटबाट प्रेरित पनि देखिन लागेका हुन् । परन्तु यस अवधिसम्म उनी रोमान्टिक प्रगतिवादी महाकवि लक्ष्मीप्रसाद देवकोटाका शक्तिशाली प्रभाव क्षेत्रबाट उम्किसकेका देखिन्नन् । त्यसैले देवकोटा युगका अन्तपछि 'घाइते युग' (२०१७) बाटै उनको प्रयोगवादी व्यक्तित्व प्रकट हुन लाग्यो भन्नु पर्छ ।

'घाइते युग'-मा रोमान्टिक—प्रगतिवादी प्रवृत्ति निखिए तुल्य प्रवृत्त हुन्छ बरु त्यतिखेरका विख्यात अंग्रेजी आधुनिक कवि टी० एस् इलियटका प्रवृत्तिको छापा उनका कवितामा देखा पर्छ ।[३३] चिन्तन र संवेगका समन्वित संवेदनामा दूर संबद्ध बिम्बका माध्यमबाट डुल्ने जोन डन र एन्ड्र्यू मार्भेल जस्ता सत्रौं सताब्दीका वा बिम्बवादका प्रवर्तक एज्रा पाउण्ड जस्ता बीसौं सताब्दीका अंग्रेजी कविहरूका साथै पूर्वचर्चित प्रतीकवादी प्रवृत्तिका उन्नाइसौं सताब्दीका उत्तरार्धका बादलेयर र मलार्मे प्रभृत्ति फ्रान्सेली कविहरूको संयुक्त प्रभाव ग्रहण गर्दै रोमान्टिक प्रवृत्तिका विरूद्ध उभिने इलियटका छायाँ–क्षेत्रमा टेकिरहेका मोहन कोइरालाले रोमान्टिक–प्रगतिवादी प्रवृत्तिहरूको परित्याग गर्नु स्वाभाविकै हो । ब्लेक, वर्डस्वर्थ, कलरेज, शेली र किट्सका कविता पढी रोमान्टिक धारा अँगाल्न महाकवि देवकोटा पुगेका हुन् भने टी० एस्० इलियटका कविता पढ्न-सुन्न पुगेका उत्तरवर्ती पुस्ताका मोहन कोइराला नयाँ प्रयोगतिर लम्कनु पनि सहज प्रतीत हुन्छ । जुन अङ्कमा 'घाइते युग' प्रकाशित भएको छ, 'रूपरेखा'-का त्यसै अङ्क (वर्ष १ अङ्क २) मा शङ्कर लामिछानेद्वारा अनूदित टी० स्० इलियटको 'खोक्रा मान्छे' कविता छापिएको छ (पृ. २१–२५) र यसको

३३. (क) तानासर्मा, 'आधुनिक नपाली कविता' रूपरेखा पूर्णाङ्क २७ (वर्ष ४, अङ्क ३, २०२० साउन), पृ. २५–२८ ।

(ख) ईश्वर बराल, पूर्ववत्, पृ. थ–द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साङ्केतिक महत्व छँदैछ । टी० एस्० इलियटका कवितामा पाइने 'नाटकीय एकालप'-को अन्तर्विश्लेषणात्मक पद्धति 'घाइते युग'-मा पनि देखा पर्छ, विश्वयुद्ध-ध्वस्त युरोपका आहत–रुग्ण र जर्जर मानसिकताका नजिक-नजिकका 'आयातित तुल्य प्रतीत भए पनि साङ्केतिक भाव–बिम्ब यसमा पनि झल्कन्छन् अनि अर्ध चेतन वा अवचेतनका जस्तो तन्द्रिल भाव भूमिमै यो कविता पनि रमाएको छ।

निश्चय नै रोमाण्टिक प्रतीकवादी भन्न सकिने अब विह्वलताभन्दा बिम्बवादी शुष्कता नै यस कवितामा बढी छ अनि 'प्रगति–इन्द्रेनी' कालका तुलनामा भाषा र बिम्बको सफाइ पनि यहाँ बढी छ तैपनि चिन्तनमय भावना खण्डहरूकै संकेतकै समष्टिमा मात्र संवेद्य हुने प्रयोगशीलता चाहिं अब बढोत्तरीमा देखा पर्छ । जे होस्; भाषा–प्रयोग, गद्य–कवित्व, बिम्ब र भावको त्यो नव्यता यस कवितामा प्रस्ट छ जसलाइ रोमान्टिक प्रगतिवादी प्रवृत्तिभन्दा नौलो थालनी भन्नै पर्छ । यस कविताका केही पंक्ति उद्धृत छन्:—

ए मानिस जसको पन्जाले युगलाइ कोपर्छ ।
चिमोट्छ— भुल्याउँछ ।
समय घाइते बाघलाइ पाठोलाइ झैं जिस्क्याउँछ ।
त्यो युगको नङ्ग्राबाट त्यो त्यहाँ पल्टेको होला ।

—'घाइते युग', रूप-रेखा, पूर्णाङ्क २, पृ. ७।

मेरा प्यारा लासहरू, मेरा प्यारा संक्रनाहरू ।

–पूर्ववत्, पृ. ८।

अविरल बहेका अभाव र
तर्कनाको गन्धले त्यो बैलेको म ।
यो एक्कासि आएको उन्माद फागुनको
चर्को नरमले सन्केको म ।
जसका विचार बन्दछन् हस्पिटलमा कैयौंदेखि ।
जसका विचार नष्ट छन् झ्यालखानामा कैयौंदेखि ।
म त बिरामी पो छु ।

–पूर्ववत् ।

'रूप-रेखा'-का यसै अङ्कमा मोहन हिमांश, कृष्णभक्त श्रेष्ठ, कालीप्रसाद रिजाल, रत्न शम्शेर थापा, वासुशशी र पारिजात बाइवा आदिका कविता पनि प्रकाशित छन् । यी कविता मूलत: रोमान्टिक परिधिमै छन् । यदि यी कवितासंग 'घाइते युग'-लाइ दांज्यो भने यसका नवीनता र प्रयोगशीलता स्पष्टै प्रकट हुन्छन् । × × ×

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्णाङ्क २८ (२०२० भदौ) मा मोहन कोइरालाको 'मामा' शोक-कविता प्रकाशित छ र यसले 'मृत्युबोध'-का नयाँ अभिव्यञ्जनातिर कविलाइ लगेको छ। यो कविता उनका कवित्वमा विसङ्गतिवादी जीवन-दृष्टि उम्रि-रहेको सङ्केत पनि हो। प्रस्तुत कवितामा भावको सूक्ष्म अन्विति हुनाले प्रशस्त अर्थिन्छ पनि। वस्तुत: 'रूप-रेखा'-का यी ३–४ वर्षमा कवि मोहन कोइराला 'अर्थिने र नअर्थिने'-का दोसाँधमै हिँडिरहेको अनुभव हुन्छ।

उपर्युक्त अङ्कमै देव त्रिपाठीको पाठक प्रतिक्रिया छ (पृ. २–५) जसमा पूर्णाङ्क २७ मा तानाशर्माले नयाँ नेपाली कवितामा औँल्याएका दुर्बलता र दोषप्रति रूचि देखाएको छ।

पूर्णाङ्क २९ (२०२० असोज) देखि 'कवि र कविता' स्तम्भ व्यापक खोलिएको छ; 'नयाँ कविता' बुझिएन भन्ने व्यापक खलबलीका वातावरणमा यो प्रयास थालिए तुल्य अनुभव हुन्छ (सम्पादकीय, पृ. ७९)। यसै अङ्कमा ईश्वरबल्लभको 'त्यो बगेको पानी दजल र फरातको' कविता (पृ. ४०–४२) छापिएको छ जसमा पढे–सुनेका शास्त्रीय सन्दर्भको प्रयोग गर्ने नयाँ प्रवृत्ति पर्याप्त प्रकट हुन्छ। यस कवितामा गद्य–गीतको सुकोमलताका साथै भाव र चिन्तनको त्यस्तो स्वत: स्फूर्त अभिव्यक्तिको प्रयोग छ जसमा प्रतीकवाद र अति यथार्थवाद समेत झुल्कन्छन् र विसङ्गतिवाद र अस्तित्ववाद समेत झल्कन्छन् तर त्यो समष्टिमा प्रारम्भिक 'आयामिक लेखन' हो।

पूर्णाङ्क ३० (२०२० कार्तिक) मा 'कवि र कविता' स्तम्भ अन्तर्गत मोहन कोइरालाको 'मेरा काव्यात्मक केही धारणा' (पृ. ३–४) छापिएको छ। यसले उनका काव्यात्मक धारणाका बारेमा कुनै ठोस सङ्केत दिन सकेको अनुभव हुँदैन; कुनै आग्रहबिना आफ्ना अन्तस्करणका द्रवणलाइ अभिव्यक्ति दिँदै नौलोपनतर्फ लागिरहने कुरा नै मूलत: यसले जनाएको छ। यसै अङ्कमा अवचेतन लेखनका नामुद अंग्रेजी कवि डाइलन टमसको कविताको अनुवाद (पृ. ८२–८३) पनि प्रस्तुत छ। यसै अङ्कमा पृ. ५–७ मा 'मोहन कोइरालाका केही कविता' (चार कविता छापिएका छन्) जसका अन्तर्विश्लेषणमा आत्म–मीमांसा र विश्वबोधका प्रबलताका बिच नेपालपनतिर पनि सङ्केत छ; कविता-हरू अवचेतन लेखनकै सूक्ष्म भावान्वितिका कित्ताका छन्।

पूर्णाङ्क ३२ (२०२० मङ्सीर) का पृ. ४९–५५ मा कवि वैरागी काइँलाको 'हाट भर्ने मानिस' प्रकाशित छ। २०१९ सालका अन्तसम्म 'तेस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयाम' पत्रिका माध्यमबाट आयामिक आन्दोलन थालिएको हो[५१] भने यसका एक कवि ईश्वर वल्लभ पूर्णाङ्क २९ मै 'रूप-रेखा'-मा देखा परेका हुन् र पूर्णाङ्क ३२ मा वैरागी काइँला पनि आइपुगेका छन् । ईश्वर वल्लभ बढी कमला र गीतात्मक देखा परेका हुन् भने वैरागी काइँला बढी ओजस्वी र गद्यात्मक देखिन्छन्; वल्लभ भावमय चिन्तनमा डुल्छन् भने वैरागी चिन्तनमय भावमा हिँडिरहन्छन्; वल्लभ अवचेतन लेखन र विसङ्गतितिर बढी ढुक्छन् भने वैरागी अवचेतन रेखाङ्कनमाथि न्युनतम चेतन नियन्त्रणका साथ अस्तित्ववादतिर ज्यादा ताक्छन् । जे होस्; आयामिक वैरागी काइँलाका उद्भवमा मोहन कोइरालाको प्रयोगवादको योगदान छ भने उनको 'हाट मर्ने मानिस' कविताले चाहिँ प्रयोगशीलता र जीवन-दृष्टिकै सन्दर्भमा पनि मोहन कोइरालाको कविता धारालाइ चुनौती दिन लागेको अनुभव हुन्छ । वस्तुतः हिजोसम्म युवा पुस्तामा रोमान्टिक प्रगतिवादी कवि भूपि मात्रै प्रयोगवादी मोहन कोइरालाका टक्करका तर उनीभन्दा बढी बोधगम्य कवि थिए भने २०२० सालमा प्रयोगवादी लेखनमै त्यो ओजस्वी प्रतिभा देखा परेको अनुभव हुन्छ जसलाइ वैरागी काइँला भनिन्छ। कवि वैरागी काइँला र उनको आयामिक धारा कवि मोहन कोइरालाकै प्रयोगवादी धाराको प्रतिक्रिया स्वरूप उब्जेको त्यो नयाँ कविता धारा प्रतीत हुन्छ जसले मोहन कोइरालाको काठमाडौं धारालाइ दार्जिलिङ्गबाट चुनौती दिन लाग्यो; बोधगम्य नवीनता त्यसको मूल उर्जा ठहरिएला अथवा अवचेतन लेखनमा अन्तर्निहित आन्तरिक आन्वितिको व्याप्ति नै त्यसको अर्थिनेपनको स्रोत ठहरिएला ।

पूर्णाङ्क ३४ (२०२० फागुन)क- पृष्ठ १–३ मा कवि कोइरालाको 'तस्विर' कविता प्रकाशित भएको छ । यसमा सामाजिक–सांस्कृतिक व्यंग्यका झिल्काका साथै कविका अन्तर्मनका अनुभूतिको घुइँचो र त्यसमा आइरहने परिवर्तन र क्रम हीनताको साङ्केतिक अभिव्यक्ति छ । कवि कोइरालाका भाषा र लयमा अनि बिम्ब र अनुभूति तथा चिन्तनमा उत्तरोत्तर सफाइ आउँदा आउँदै पनि उनका अवचेतनको प्रबलता र न्यूनतम नियामक चेतनाकै पनि न्यूनता नै उनको प्रयोगवादी धाराको दुर्बलताका साथै वैशिष्ट्य समेत भइरहेको अनुभव हुन्छ ।

पूर्णाङ्क ३७ (२०२१ वैशाख)-का पृष्ठ १७-१९ मा मोहन कोइरालाको त्यो 'फर्सीको जरा' कविता छापिएको छ जसलाइ उनको प्रयोगवादी

---

५१. वासुदेव त्रिपाठी, पूर्ववत्, 'नेपाली कविताको नवीनतम धारा : परम्पराका सापेक्षतामा', पृ. ३१६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा अवचेतन लेखनको अर्को मोडको सूचक रचना भन्न सकिन्छ । वस्तुत: २०२० सालसम्ममा उनको प्रयोगशीलताको प्रारम्भिक प्रहर समाप्त भई 'फर्सीको जरा' (२०२१ वैशाख) देखि त्यसले वैंसका वाटामा पाइला टेक्न लागेको अनुभव हुन्छ । अब उनका कवितामा भाषा, लय र भाव विम्बको अवचेतन मूलक स्वत: स्फूर्त शीप पाक्तै आएको अनुभव हुन्छ र तिनका माध्यमवाट अतियतयार्थवादी स्वचालित अवचेतन लेखन, प्रभाववादी मनोयथार्थको तत्क्षणता र विसङ्गतिमूलक दृष्टि र अभिव्यक्तिका साथै अस्तित्ववादी भाव चिन्तनका रेखा सलबलाइरहेको पाइन्छ । जे होस्, अब प्रयोगवादी नेपाली कवितामा काठमाडौं-वाट मोहन कोइराला अगुवा भएको अवचेतनमूलक नव-लेखन र दार्जिलिङ्गवाट वैरागी काइँला मूल प्रतिभा भएको आयामिक लेखन मार्फत स्वस्थ प्रतियोगिता पालिएको भेटिन्छ ।

यसै अङ्कको सम्पादकीय 'प्रतीक–प्रयोग' (पृ. ९४–९५) ले प्रयोगवादी वा प्रतीकवादी रचना बुझिएन भन्ने गुनासो गर्नेहरूलाइ रुपार्ने काम गरेको छ र यस्ता लेखक कविका पक्षमा वकालत गरेको छ ।

वस्तुत: यो नवुझिने भन्ने कुरा के हो ? क्लासिकल साहित्यमा भाव भाषा, शैली, विम्बका वीच अनि भाव र चिन्तनका वीच अनि वस्तु र अन्तरात्माका वीच पूर्ण संयम वा सन्तुलन हुन्छ; त्यहाँ अवचेतनका स्फुरणलाइ चेतनले डोऱ्याएको हुन्छ । त्यसैले क्लासिकल साहित्य अर्थिन्छ । निश्चय नै स्वच्छन्दतावादी वा रोमान्टिक साहित्यमा क्लासिकल संयम–सन्तुलन प्राय: टुट्छ । त्यसमा वस्तुभन्दा अन्तरात्मा प्रवल वन्दछ; भाव, भाषा र विम्वको परिमार्जन भन्दा भावावेगको प्रवलता रहन्छ; चिन्तन र भावनाका विच सन्तुलनभन्दा भावावेगको आकुलता महत्त्वपूर्ण हुन जान्छ । यस स्थितिमा चेतनको नियामक भूमिका कम र अवचेतनको स्वत: स्फूर्त उर्जा ज्यादा पोखिन्छ । यस स्थितिमा रचना अर्कै अर्थिन्छ; आन्तरिक अन्विति कायमै हुन्छ । यथार्थवाद प्रगतिवादमा चाहिं वस्तु - यथार्थकै वा सामाजिक यथार्थकै ज्यादा महत्त्व हुन्छ र अवचेतनको अदम्य वेग-सञ्च र कम हुन्छ । यसमा अर्थिने र बुझिने स्थिति रोमान्टिक रचनामा भन्दा बढी नै हुन्छ । जब हामी कला र संगीतका क्षेत्रका प्रभाववादी र अभिव्यञ्जनावादी अवचेतन वा मनोयथार्थका अमूर्तताद्वारा प्रेरित प्रयोगवादी रचनामा आइपुग्छौं, परिप्रेक्ष्य बदलिन्छ । प्रतीकवादका स्वाप्निल मन:स्थितिमा र अझ अति यथार्थवादका अवचेतनका स्वतन्त्र सहचारी विश्रृङ्खल तुल्य तत्क्षणताका स्वचालित लेखनमा त्यो भाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्पुरुष

९८४ - २४०६ लोकानां निवारण

८५

८३ ,,

८६

४५६ - २४०८ वेदानां वेदाभाष्य

५३० - ५३९८ डॉ. देवीलाल शास्त्री

८८४ - १०२१२ सुभाषितानि

३२३ - १०४५२ सर्पसेवक गुप्तेश्वर दशोपनिषद्

८६५३१८८ संस्कृत साहित्य का इतिहास — ब्रजेश्वर

३६ १००४२ संस्कृत साहित्य का इतिहास

१५३ - ५५२३ - सन्दर्भसार निबन्धावली

८६ - १००४४ संस्कृत साहित्य का इतिहास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपर्याप्त सिद्ध हुन्छ जसमा शब्दार्थ-संबन्ध, पद–योजना, वाक्य–योजना र अनुच्छेद गठन र संरचनाका सङ्गति र शासनको नियन्त्रण हुन्छ। यस स्थितिमा प्रतीकवादी, अतियथार्थवादी र विसङ्गतिवादी लेखनमा भाषाको अतिक्रमण अपरिहार्य हुन्छ; अब शब्दावली अमूर्त कलाको रङ्ग–रेखा वा ध्वनि खण्डका रूपमा परिणत हुन्छ। यस स्थितिमा कविताको माने वा अर्थ गरिनु व्यर्थ हुन्छ र नबुझिने आक्षेप सत्य सिद्ध हुन्छ।

यस सन्दर्भमा नयाँ प्रतीकवादी, अतियथार्थवादी र विसङ्गिवादी कविताका बारेमा बीसौं शताब्दीका पश्चिमी समालोचनामै उठेको विवाद पनि स्मरणीय छ, प्रतीकवादले मूलतः असङ्गतिको आविष्कार गर्‍यो जसलाइ उत्तरवर्ती वादहरूले हुर्काएका हुन् भने टी० एस्० इलियटले कविताको 'स्वयम्-जीवन' का सिद्धान्तद्वारा यस सङ्गतिविहीन, संरचनाविहीन, आकृतिविहीन र शृङ्खला विहीन अवचेतनमूलक कवित्वको आस्वादन-प्रक्रियाको व्याख्या गरेका हुन् तर 'तथाकथित सन्दर्भ' र 'साङ्केतिक प्रगति'-मा डुल्ने यस नयाँ कवितामा त्यसको शब्दान्तरणीयता, विवेकग्राह्य संरचना र अर्थिन सक्ने अन्वितिका अभावले भाषा र भावको असङ्गति समालोचक विण्टसंले देखाएका छन् र सहेतुक र आन्तरिक पूर्वाचर सन्दर्भपूर्ण कथनको माग गरेका छन् र कविताका उपादान र बनोटको अन्तर्विभाजन गर्दै उत्पादनमा असङ्गति तर बनोटमा सङ्गति चाहने रान्सोमको पनि खण्डन गरेका छन्।[५२]

जे होस्, हामीकहाँ पनि अशब्दान्तरणीय वा माने नलाग्ने र नअर्थिने नयाँ कवितालाइ त्यसका खण्ड-खण्डमा स्वाद लिंदै र तिनका सङ्केतलाइ सँगाल्दै समष्टिमा आस्वादन गर्न भनिनु पर्थ्यो; तर सो भएको देखिन्न। नयाँ कविता माने लगाई बुझ्ने र बुझाइने वस्तु होइन, चेतन स्तरमा सो कमै अर्थिन्छ;

---

५२. (क) विलियम के विम्सेट (जु०) र क्लेन्थ ब्रुक्स लिटरेरी क्रिटिसिज्म ए सर्ट हिस्ट्री (भारतीय द्वितीय आवृत्ति) र सत्ताइसौं र उनन्तीसौं परिच्छेद (मूलतः ब्रूकद्वारा लिखित), अक्सफोर्ड एण्ड आइ–बी-एच् पब्लिकेसन कम्प० (कलकत्ता १९६४ ई.), पृ. ६२७।३० तथा ६९९–७६।

(ख) वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परंपरा, साझा प्रकाशन (काठमाडौं २०३०), पृ. २६४–६९ तथा ३३१–३४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमूर्त चित्र वा सङ्गीत झैं तथा संकेत र साङ्केतिक प्रगतिमा डुल्ने यो कविता संवेद्य मात्रै हुन्छ र यो मूलत: आस्वाद्य वस्तु हो। .वस्तुत: नयाँ कविताले खण्ड-खण्ड र समष्टिमा कविका अवचेतन स्वतन्त्र-सहचारी भाव तुमुलतालाइ तत्क्षणतामा साङ्केतिक रूपमा यथावत् अङ्कित गर्न चाहेको हुन्छ र त्यसलाइ पढ्दा त्यसले हाम्रा अवचेतनमा जे जस्ता साङ्केतिक अनुक्रिया वा अनुभवलाइ उद्दीप्त गर्दछ त्यसैका आस्वादमै यसको सम्पूर्णता छ। परन्तु पाठकहरूलाइ यस आस्वादन-प्रक्रियाको प्रशिक्षण दिने प्रयत्न गरिएको देखिन्न र यस्ता आस्वादनसित सन्तुष्ट नहुनेहरूलाइ चाहिं 'नयाँ कविता नबुझिने किसिमको कविता हो' भन्ने रूचि वा वास्तविकता व्यक्त गर्ने अधिकार छ र त्यसको संमान नगरिएको पाइन्छ।

यस सन्दर्भमा पूर्णाङ्क ३६ (२०२१ वैशाख) को समालोचनाङ्कतर्फ फर्किनु जरूरी छ जसमा जगदीश शंशेरको 'आधुनिक नेपाली कविता' (पृ. २५ - ७०) छापिएको छ। 'रूप-रेखा'-कै कविता-विशेषाङ्क (२०२०) का कवितालाइ आधार तुल्याई गरिएका यस समालोचनामा नयाँ कविताउपरका तारा शर्माका अभियोग वा आक्षेपहरूको उत्तर दिंदै नयाँ कविताको व्याख्या गर्ने प्रयत्न छ। यसले नयाँ कविताको पृष्ठभूमि बताउँदै तिनको व्याख्या-विश्लेषणका साथ नयाँ कविताको आस्वादनको प्रशिक्षण दिने प्रयास गरेको छ भन्न सकिन्छ। पूर्णाङ्क ३८ (२०२१ असारको विजयमल्लको पाठक-प्रतिक्रिया (पृ उ–च) ले जगदीश शम्शेरद्वारा उठाइएको पुरानो–नयाँ विभाजन र नयाँपनको स्वागतलाइ विवादपूर्ण ठान्दा ठान्दै पनि नयाँ कविताको समालोचनापद्धतिको दिग्दर्शन उनका समालोचनाबाट भएको स्वीकारेको छ। पूर्णाङ्क ३९ (२०२१ साउन)को जनकनाथ प्याकुरेलको पाठक-प्रतिक्रिया (पृ. ३–११)ले 'फर्सीको जरा' बिलकुलै नबुझेको जनाएको छ र अन्य केही कविका कवितालाइ पनि दुर्बोध्यताका दृष्टिले औंल्याएको छ। वस्तुगत समीकरण वा चेतना प्रवाहभन्दा पनि असङ्गति हुनाले नयाँ नेपाली कविता नबुझिएको अनुभव उनले गरेका छन् र पूर्णाङ्क ३७ को सम्पादकीयलाइ चुनौती दिंदै नबुझिनेबारे छलफल अपेक्षित देखिएका छन्। यसै अङ्कका पृष्ठ ५४–६९ मा छापिएको अभिनारायण सुवेदीको 'आधुनिक कविता र दार्जिलिङ्गका केही तन्नेरी कविहरू' समालोचनाले चाहिं आयामिक धाराका कवि वैरागी काइँलाका पनि विशेष चर्चा गरेको छ र प्रयोगशील हुँदा हुँदै पनि बुझिने पनि रहन युवा कविहरूलाइ आह्वान गरेको छ। पूर्णाङ्क ४० (२०२१ भदौ)को ईश्वर वल्लभको पाठक प्रतिक्रिया (पृ. ३)ले जगदीश शम्शेरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचनालाइ इन्कारेको छ भने वैरागी काइँलाको पाठक प्रतिक्रिया (पृ. ५)ले चाहिँ 'फर्सीको जरा' का निम्ति मोहन कोइरालालाइ बधाइ दिएको छ। 'रूप-रेखा' का पाठकहरूका प्रतिक्रियाका दृष्टिले यो उल्लेख्य पहिलो बधाइ हो!

पूर्णाङ्क ४१ (२०२१ असोज)-का पृष्ठ १४-१६ र ६४-७० मा 'आधुनिक नेपाली कविताको उत्पत्ति र वर्तमान अवस्था' नामक परिचर्चा छापिएको छ। यसमा विजय मल्ल, चैतन्यकृष्ण उपाध्याय, मोहन कोइराला, मदन रेग्मी, उत्तम कुँवर, हरिहरराज जोशी, गोविन्द गोठाले, कालिभक्त माथेमा र रमेश घितालले भाग लिएको पाइन्छ। यसमा 'रूप-रेखा'-लाइ प्राप्त पत्र र रायले नयाँ कविताका नबुझिनेपन, अस्पष्टता र असफलताका छलफलमै यस परिचर्चा पुग्न गएको र नबुझिनाको कारण कवि वा पाठकताको क्षमता-हीनता हो भन्ने प्रश्न उठेको छ। यस सन्दर्भमा नेपाली कविताका एक पाठकको रूपमा गोविन्द गोठाले नयाँ कविताको भविष्य अन्धकारपूर्ण ठान्दछन् र कवि-हरूले त स्वयम् आफ्नै कविता नबुझेको होला भनी शंका गर्दछन् अनि नयाँ कविता सपना झैं सिलसिलाविहीन हुनाले नबुझिएको भन्ठान्दछन्। यस विवादमा 'रूप-रेखा'-ले नबुझनाको दोषी पाठकलाइ ठहऱ्याई गोविन्द गोठालेलाइ एकोहो-रो मानेको देखिन्छ।

मोहन कोइरालाको प्रयोगवादी कवित्वका वैंस 'फर्सीको जरा' (रूप-रेखा; पूर्णाङ्क ३७ : २०२१ वैशाखदेखि) थालिएको चर्चा गरिसकेको छ र २०२० सालमै उनको प्रयोगवादी प्रथम प्रहर समाप्त भइसकेको छ। साथै आयामिक कविता धारा पनि २०२० साल लाग्दा नलाग्दै मोहन कोइरालाकै सहवर्ती प्रतिधाराका रूपमा पर्याप्त कलकलाइरहेको थियो, वस्तुतः २०२१ साल मंसिरदेखि 'नयाँ कविता' पत्रिका नै पुष्कर लोहनीका सम्पादनमा छापिन थालेको हो र यसका माध्यमबाट नयाँ प्रयोगवादी भन्न सकिने कविताहरूको आफ्नै एक जमात नै प्रकट हुन लागेको पाइन्छ जसमा अगुवा कविका रूपमा मोहन कोइराला रहन्छन्। जे होस्, २०२१ सालदेखि उनका कविता विभिन्न पत्रिकामा बढी छरिन थाल्छन् र 'रूप-रेखा'-ले उसलाइ नयाँ धाराका प्रारम्भिक चरणमा हुर्काइसकेपछि उनी रूप-रेखा र अन्य पत्रिकामा उत्तरोत्तर बाँड्दै जानु स्वाभाविकै पनि हो।

४.३ कवि मोहन कोइरालाको उत्तरवर्ती विकास र 'रूप-रेखा' पत्रिका

२०२१ साल वैशाखको 'फर्सीको जरा' देखि कवि मोहन कोइराला र उनका सहधर्मीहरूको प्रयोगवादी कविता-धाराको वैंस वा उतरार्ध थालिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने विगत १३–१४ वर्षसम्म कवि मोहन कोइरालाको के योगदान रह्यो र त्यसमा 'रूप-रेखा'-को सघाउ के कस्तो रह्यो ? म यस लम्बे लेखलाइ अरू लम्ब्याउन चाहन्न र छोट्याउने प्रयासमा छु; त्यसैले अति संक्षेपमा भन्न खोज्दा प्रथमतः मोहन कोइरालाको लामा कविता र तिनका प्रकाशनकै चर्चा गर्नु पर्ला ।

कविताको वृहत् रूप महाकाव्य हो भने लघु रूप फुटकर कविता; त्यसैले खण्डकाव्य र लामा कविताका मझौला रूप हुन् ।[५३] मोहन कोइरालाका लामा कविताहरूले क्लासिकता लेखनाथ-सम र रोमान्टिक प्रगतिवादी देवकोटा, सिद्धिचरण, घिमिरे र अगम सिंह गिरीका खण्डकाव्य परम्परालाइ २०२२ सालदेखि प्रयोगवादी धारा अन्तर्गत लामा कवितातिर मोडेका हुन् । यस सन्दर्भमा उनको प्रथमतः लामो कविता हो 'सूर्यदान' (रूप-रेखा, पूर्णाङ्क ५८ : २०२२ फागुन) । वस्तुतः उनको 'फर्सीको जरा' (२०२१ वैशाख)-बाट थालिदो प्रयोगवादी कवित्वको वैंस वा उत्तरार्धले ठोस रूप 'सूर्यदान' बाटै प्राप्त गर्दछ । निश्चय नै फुटकर (छोटा) कवितामै भावान्विति र शृङ्खलित संरचना नअँगाल्ने कवि कोइरालाले लामा कवितामा सो प्राप्त गर्नु कमै सम्भव छ, परन्तु काम-मूलक जैविक चिन्तनका धरातलमा टेक्तै विसङ्गतिवाद र अस्तित्ववादका परिधिमा उनका अन्तर्दृष्टि र अवचेत भावको जुन सह-उर्जा 'सूर्यदान'मा विस्फोटित छ, त्यो पर्याप्त रापिलो छ र यस्ता चिन्तनगर्भ भावका जुन विम्ब, शैली, लय र भाषा यस लामा कवितामा छन् । 'सूर्यदान'मा ठाउँ-ठाउँमा अति ओजस्वी झिल्का छन् अनि समग्रतामा यो लामो कविता आस्वाद्यता वा संवेद्यतामा समृद्ध देखिन्छ ।

'रूप-रेखा' का पूर्णाङ्क ६७ (२०२३ मंसिर)मा मोहन कोइरालाको दोस्रो लामो कविता वा काव्य छापिन्छ– 'लेक' । लामा छोटा आठवटा परि-च्छेद वा प्रेमपत्रद्वारा 'लेक' को संरचना विहीन संरचना प्रकट हुन्छ । प्रकृति र कामवृत्ति (वासना व्यापार) को समीकरण यस लामो कवितामा छ र काम-सन्दर्भ नै यस लामो कविताको मूल सन्दर्भ हो । अवचेतनका स्मृति प्रवाहका तत्क्षणतालाइ यथावत् रेखाङ्कित गर्ने स्वचालित लेखनका प्रविधि विहीन प्रविधिमा रचिएका यस काव्यमा अन्तस्करणका प्रकीर्ण भाव-तुमुलताको विकृत्ति वा तपसील ज्यास्ती छ; यस दृष्टिले काम–वृत्तिलाइ मूल कथ्य तुल्याउँदै काम व्यापारदेखिका आशक्ति-अनाशक्ति अनि लिप्तता तथा विमुखता-

५३. वासुदेव त्रिपाठी, कुमारबहादुर जोशीको महाकवि देवकोटा र उनका महाकाव्यको भूमिका, सहयोगी प्रकाशन (२०३१ काठमाडौं), पृ. ४–६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को पूरै सेरोफेरो यस लामा कवितामा अवचेतन अन्तर्यात्राका क्रममा चहारिएको छ। यस लामो कविता वा काव्यमा काम-वृत्तिलाइ मूल स्रोत ठह्र्याउँदै त्यतैबाट विसङ्गतिवादी–अस्तित्ववादी अन्तर्दृष्टिको उपासना छ; काम-वृत्तिकै संसर्गमा संपूर्ण जीवनको अन्तर्विश्लेषणको आकांक्षा छ अनि स्वतन्त्र काम व्यापारकै विजय स्वरमा काव्य टुङ्गिएको छ। ओज 'सूर्य दान' को वैशिष्ट्य हो। 'लेक'-को वैशिष्टय सौकुमार्य वा सुकुमारीता हो; यसका भाव–बिम्ब, लय र भाषा-शैलीमा त्यसको व्याप्ति छ। ठाउँ ठाउँमा पङ्क्ति-पङ्क्तिमा प्रतिभाका तीव्र झिल्का छन् तर त्यसको निरन्तरता चाहिं अन्तर्विकृत्तिका तपमीलमा संभाव्य नहोला; परन्तु सपूर्णतामा चाहिं 'लेक' काव्य मनोयोगपूर्वक प्राप्त हुने आस्वाद मीठो र विचारोत्तेजकप्रतीत हुन्छ। कविले सपूर्ण सृष्टि र सभ्यताका मूलमा काम-वृत्तिको व्याप्तिको जुन परिदर्शन गरेका छन् त्यससग वैचारिक रूपमा सहमत वा असहमत भए पनि अवचेतन लेखनको आस्वाद्यता चाहिं माधुर्यमय छ।

कवि कोइरालको तेस्रो लामो कविता 'पलङ्ग नं २१' 'रूप-रेखा'-का पूर्णाङ्क १२२ (२०२८)-मा छापिएको छ। यो लामो कविता वा काव्य मूलतः अस्पतालको पलङ्ग नं. २१ मा उपचाररत 'म' का अन्तर्विचरणमा रिङेको छ र अस्पतालका बरण्डाबाट झल्किने बहिरङ्ग दृश्य (काठमाडौंको नगर जीवन र प्राकृतिक परिप्रेक्ष्य)-ले पनि उद्दीप्त छ अनि नेपाली हिमाल-पहाड र ग्रामीण संस्कृति र जिन्दगानीका सन्दर्भका स्मृति–प्रवाहबाट समेत सो अन्तर्विचरण उद्वेलित छ। 'पलङ्ग नं. २१'-को यो भावप्रसङ्ग अन्तर्विभाजित छ–अस्पतालको रुग्णता र प्राकृतिक प्रफुल्लताका सन्धिरेखामा; पहिलोमा वर्तमानता ज्यादा छ, दोस्रोमा स्मृति र काव्यता वढी छन्। यस काव्यमा नेपाली प्रकृतिको जुन अन्तरङ्गता र वस्तुताको दोसाँधको सजीव अवगाहक छ त्यो 'लेक'भन्दा वढी सजीव छ अनि लेखनाथ र देवकोटा अनि घिमिरे र भूपिका क्लासिकल तथा रोमान्टिक प्रगतिवादी दृष्टिकोणभन्दा नवीन निरीक्षण प्रतीत हुन्छ। यस प्राकृतिक परिप्रेक्ष्यमा मूलतः शारदाय प्रफुल्लताको उल्लासित रेखाङ्कन गर्दै यस 'लामो कविता'-का कविले पहाडी नेपाली जिन्दगानीको स्मृति-चित्र उतारेका छन् र यो वर्णपट नेपाली प्रतिबिम्ब प्रशस्त परेको र जीवनमय प्रतीत हुन्छ। अवश्यै अस्पतालका बरण्डाबाट देख्तै र आफ्ना अन्तर्भूमिलाइ त्यसबाट उद्दीप्त अनुभव गर्दै उनले काठमाडौंका नगर-अस्तव्यस्तता र निरसता तथा अन्तर्विकारलाइ पनि टिप्न खोजेका छन् तर उनका मनःस्थितिले पहाड र गाउँकै अन्तरदर्शनतर्फ बढी धकेलेकै छ। यो त भयो एक पाटो मात्र; उनको अन्तरदृष्टिको परिधि त्यो विसङ्गति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वादी अस्तित्ववाद हो त्यसलाइ जीवशास्त्रीय कामवृत्तिको व्यक्तिले घेरेको छ। उनी सृष्टि, मान्छे, जिन्दगी र संस्कृति वा प्रकृतिलाइ अन्तस्मरण वा अन्तर्दृष्टिले स्पर्श गर्दा पनि प्राय: काममय वा वासनामय रहन्छन्। चिन्तन र श्रव रासायनिक पौष्टिक फैं बिम्बमा परिणत भएका उनका अभिव्यक्तिमा जीवनको जैविक दृष्टि अन्तर्निहित छ। वासना र मृत्युबोधका चापमा जीवनका अर्थ र निरर्थकताका माऊ उनी अस्पताने रुग्ण मुद्राका भावमय बिम्बमा सोच्छन्। यस काव्यमा सम्पन्न रूपमा गद्य सङ्गीतको समृद्धि 'लेक' भन्दा अरू बढी विकासशील छ; भाषाको अमूर्त कपाइ-तछाइ मनोरम छ अनि भाव-बिम्बको दीप्ति विलक्षण छ र ठाउँ ठाउँमा त यी अवचेतनमय फिल्का अत्यन्त कान्ति-प्रतीत हुन्छन्। समष्टिमा 'पलङ्ग नं· २१'-को प्रारम्भिक अंश जति सशक्त छ त्यत्तिकै वान्किलो अन्तिम अंश हुन सकेको छैन; कविको प्रतिभा-उर्जा निखिदै ठाउँ-ठाउँमा भावना पुनरावृत्ति समेत झल्कन्छ। जे होस्; अवचेतन–अमूर्तन लेखनका संवेद्यता वा आस्वाद्यताका समग्रतामा यो लामो कविता प्रयोगवादी किसिमको नेपाली कविताको अर्को दह्रो फड्को अनुभव हुन्छ।

अर्को (चौथो) लामो कविता लिएर मोहन कोइराला 'रूप-रेखा'-का पूर्णाङ्क १६७ (२०२१ चैत) मा देखा पर्छन्। निकै फुटकर कवितामा र विशेषत: 'लेक'-मा तथा अंशत: 'पलङ्ग नं. २१'-मा हिमाली प्रकृति र संस्कृति तथा जन–जिन्दगानीका अभिव्यञ्जनातिर उन्मुख रहेका कवि कोइरालाले 'नून शिखरहरूमा' हाम्रो हिमाली प्रदेश र त्यसका स्वच्छ–मोहक प्राकृतिकता तथा पर्याप्त आदिम तथा विशेष विहीन (खुला) संस्कृतिको अन्तरवर्णन आफ्ना 'म'-का आत्मालाज वा अन्तर्विचरणका माध्यमबाट गरेको प्रतीत हुन्छ। उनी वस्तुता र भावका दोसाँधमा छन् अनि कथ्य कुरा र भाषाका अन्तरालमा डुबेका छन् र यो काव्य उनले पढे सुनेका अनि देखेका–भोगेका समेत हिमाली अनुभवको अमूर्त शब्द–चित्रावली हो। हिमाली शिखर वा चुचुराहरूमाथि विजय गर्ने मानवीय 'अहम्', पौरुष र इच्छाशक्तिका साथै हिमाली उन्मुक्त तुल्य (?) कामसंस्कारका रङ्ग–रेखाद्वारा रचिएको यो लामो कविता नून, लवण वा वासनाका मझौला रूप (खण्ड काव्य) मा हिँड्दा आख्यान अपेक्षित हुन्छ र चोखा कविता तथा आख्यानका समीकरणका प्राय: चालिन्छ भने प्रयोगवादी अवचेतन लेखनका क्रममा पनि झिनै भए पनि आख्यान–आभास 'लेक' र 'पलङ्ग नं. २१'-मा कवि कोइरालाले पनि स्वीकारेका हुन् तर 'नून शिखरहरू'-मा चाहिं प्राय: अन्तर्वर्णनकै प्रविधि छ र यसले गर्दा 'यो लामो कविता' बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवचेतनमूलक बन्न आएको छ। जे होस्, मान्छेका 'अहम्' वा विजयाकांक्षा तथा काम-वासना (नून=लवण) का बीच समीकरण गर्दै त्यस अन्तरदृष्टि-लाइ अवचेतन अनुभूतिसंग धुलमिल विम्बद्वारा रङ्ग–रेखा प्रदान गर्ने गद्य-सङ्गीत-समृद्ध र भाव–प्रदीप्त यो काव्य खण्ड–खण्डका तीव्र दीप्तिका साथै समग्र आस्वादनका दृष्टिले बडो कमलो, कमनीय र मोहक पनि अनुभव हुन्छ। जहाँसम्म अर्थिने प्रश्न छ, अन्तरवर्णनकै प्रक्रिया अंगालिएकाले र सूक्ष्म आख्यान आभाससम्म पनि प्रायः नहुनका अनि अति झीनो संरचना–सूत्र पनि प्रायः विस्थापित भएकाले यसका ठाउँ–ठाउँका पंक्तिवाहेक समग्रतामा चाहिं यो लामो कविता अनि कम अर्थिन्छ वरू साङ्केतिक भाव–विम्वका माध्यमले चाहिं निकै मीठो रूपमा आस्वाद्य छ।

मोहन कोइरालाका चार लामा कविता यिनै हुन्। यिनलाइ उनका २०२१–२२ सालताका पुगनपुग डेढ दशकका मोहन कोइरालाका अवचेतन लेखनका शीर्षस्थ प्राप्ति भन्न सकिन्छ। यी लामा कविताका माध्यमबाट नेपाली कविताको प्रयोगवादी धारा समृद्ध हुन आएको अनुभव हुन्छ। अवश्यै मोहन कोइरालाका फुटकर कविता २०२१ सालदेखि १७ वटा पत्रिकामा प्रकाशित छन् र तिनीहरूमध्ये 'रूप-रेखा'-मा पनि निकै होलान्, तर उनको कुनै पनि लामो कविता अन्य पत्रिकामा प्रकाशित छैन वा 'रूप-रेखा'-मै ती प्रकाशित छन् भने कवि कोइरालाका उत्तरवर्ती विकासमा पनि 'रूप रेखा'-को भूमिका स्पष्टै छ।

४.४ उपसंहार

महाकवि लक्ष्मीप्रसाद देवकोटाका आगमनले नेपाली कवितालाइ पश्चिमी विश्व–कविताका धारा-प्रतिधाराका दृष्टिले ईशाको उन्नाइसौं सताब्दी-का माझमा पुर्‍यायो भने मोहन कोइरालाका माध्यमबाट नेपाली कविताले पाश्चात्य विश्व कविताका उन्नाइसौं सताब्दीका अन्तिम चरणदेखि लगभग आजसम्मको धारावाहिकताको प्रयोगशील प्रतिभा प्राप्त गरेको छ। प्रतीकवाद अतियथार्थवाद हुँदै विसङ्गतिवाद र अस्तित्ववादसम्मका सन्दभमा अवचेतन अमूर्त लेखनमा उनो हाम्रा सबभन्दा समर्थ नमूना हुन गएका छन्; उनको सम्वत् २००७ ३४ को एक चौथाइ सताब्दीभन्दा बढी अवधिको यो प्रयोक्ता व्यक्तित्व नेपाली कविताको सबभन्दा नयाँ अध्याय हो। यो अवश्य अर्थिने कविता होइन र यो अमूर्तप्राय, कवित्व केवल संवेद्य–आस्वाद्य मात्रै हो अनि विशिष्ट पारखीहरूकै सोखको काव्य-द्वीप हो। त्यसैले आज कविता र पाठकका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विच लगभग संबन्ध–विच्छेदका सङ्कटमय प्रहरमा हामी छौं अनि नेपाली पाठकहरू विवशतापूर्वक कविताबाट लोकगीततर्फ घचेटिंदै छन् भन्ने कुरा पनि साँच्चै हो। त्यस्तै कविता र पाठकका बीच संप्रेषण-प्रणाली विच्छिन्न भएको अनुभव गर्दै युवा कविहरू हालसाल अति छोटा कविता (मुक्तक) का प्रयोगद्वारा ५४ पाठकसँग संबन्ध स्थापित गर्ने नव-लेखनको तरखर (अनुकूल प्राथमिक प्रतिक्रियाका साथ) गर्दै छन् भन्ने पनि हामी बुझ्दैछौं। अब नेपाली कविताको अर्को अध्याय थालिनु आवश्यक छ र थालिएला पनि। परन्तु मोहन कोइराला र उनका कविता-काव्यका साथै उनका सहधर्मीहरूका माध्यमबाट अमूर्त अवचेतन लेखनका क्षेत्रमा नेपाली कविताlलाइ जे जति प्राप्त भयो; त्यसले हामीलाइ बीसौं सताब्दीका पश्चिमी कविताका प्रवृत्तिका नजीक पुऱ्याएको र अवचेतन अमूर्त लेखनको विशिष्ट नयाँ कविता-किता प्राप्त तुल्याएको कुरा चाहिं स्वीकार्य छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटापछिका समयावधिमा देखापर्ने सर्वोपरि कवि-प्रतिभा हुन् मोहन कोइराला। यदि उनले न्यूनतम चेतन समयका साथ भाव र भाषाका अन्तरालमा नहिंडी तिनका बीच सन्तुलन राख्न अनि अवचेतनका विवृति-विश्लेषणमा नरमाई भाव-बिम्बका आन्तरिक अन्वितिमा अड्न स्वीकारेका भए वा सकेमा भए नेपाली 'कविताको विगत डेढ दशक अरू बढी दीप्तिपूर्ण र प्राप्तिपूर्ण हुँदो हो र उनी 'नेपाली कविताका एक नयाँ विशिष्ट कित्ता' मात्र नरही कवि भूपि र वैरागीभन्दा पनि बढ्ता प्रिय कवि हुँदा हुन्। परन्तु उनले जुन अवचेतन अमूर्त लेखनमै आफुलाइ अर्पिए र त्यसको नेतृत्व गरे, त्यसबाट पनि अलि कविता लाभान्वित नै रहेको छ भन्नुपर्छ र उनी अनि उनका र सहधर्मीहरूका प्रयोगशीलतालाइ नयाँ नेपाली कविताको विकट मनोरमद्वीप स्वीकार्नुपर्छ।

यी कवि मोहन कोइराला 'इन्द्रेणी'-कालसम्म निर्माणवस्थामै थिए भने 'घाइते युग' (२०१७) देखि 'फर्सीको जरा' (२०२१) सम्म सम्पादकका निरन्तर आह्वान, प्राय: पाठक उदासीनता र अरू प्रतिकूल पाठक-प्रतिक्रियाका बिच पनि एकोहोरो वकालतका साथै 'रूप-रेखा'-ले उनलाइ र उनका समधर्मीहरूलाइ जो हुर्कायो त्यो ठूलो कुरो हो। त्यस्तै परिस्थितिका बीच 'सूर्यदान' (२०२२) देखि 'नूनशिखरहरू' (२०३१) सम्म (रूप-रेखा'-ले जसरी सिञ्चे

५४. कृष्ण प्रधान, 'नेपाली साहित्यमा नवलेखनवाद : यसको प्रयोग : आलोचनाको डोरेटोमा', 'रूप-रेखा' पूर्णाङ्क १९८, पृ ३७४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिङ्गै जस्ता अङ्कहरू यी प्रयोक्ता कविका लामा कविहरूका निम्ति अर्पित गऱ्यो, त्यो उत्तिकै ठुलो 'साहस'-का साथै योगदान हो ।

अन्त्यमा 'रूप-रेखा'-का पूर्णाङ्क १९० (२०३३ फागुन) को पाठक प्रतिक्रिया अन्तर्गतको देवीप्रसाद वनवासीको 'मोहन कोइराला' संबन्धी 'शब्द चित्र' (पृ. १) का ती पंक्तिहरू उद्धृत गर्न म चाहन्छु जसले उनका कविताप्रति नेपाली पाठकहरूको प्रतिक्रियाको सारको प्रतिनिधित्व अझै पनि गर्दछ:—

मोहन कोइराला

'अति सन्त, बानी बेहोर—वेशभूषा सिदा-सादा,
कवितामा कालरहित दर्शनभन्दा उल्झन ज्यादा ।
भाव अर्थ खोज्नुपर्ने गज्याङगुजुङ टुक्रा जोडी
हाडे ओखर जस्तै कडा बोक्रा, थोरै गुदी ।"

—'कविहरू : शब्द चित्र'-बाट

कीर्तिपुर, काठमाडौं । ○

[सं. टिप्पणी : विद्वान् लेखक डा. वासुदेव त्रिपाठीको प्रस्तुत लेख स्थानाभावले यस अंकमा पूर्ण रूपले समावेश गर्न सकिएन र बिचको धेरै भाग झिक्न हामी विवश भयौं । यसका निम्ति हामी लेखकसंग विनम्र क्षमायाचना गर्दछौं । साथै अहिले प्रस्तुत गर्न नसकिएको अंशलाइ भविष्यमा पुन मुद्रण गर्ने प्रयास गर्नेछौं] ○

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

missing

राष्ट्रिय वाणिज्य बैंक
केन्द्रीय कार्यालय

राष्ट्रिय वाणिज्य बैंकको तुलनात्मक प्रगतिको विवरण
(२०३३ आषाढ र २०३४ आषाढ मसान्त)

(रू. हजारमा)

शीर्षक	२०३३ साल आषाढ मसान्त	२०३४ साल आषाढ मसान्त	परिवर्तित (वृद्धि) रकम संख्या	परिवर्तित (वृद्धि) प्रतिशत
१. अधिकृत पूँजी	१००००	१००००	—	—
२. भुक्तानी पूँजी	५०००	७५००	२५००	५०.०
३. साधारण जोड	४२६७	४२६७	—	—
४. अन्य जगेडा कोषहरु	२८४१	२८४१	—	—
५. कूल निक्षेप दायित्व	५३२२००	६९८४३४	१६६२३४	३१.२
५.१ चल्ती	१५२५९९	२०६३६३	५३७६४	३५.२
५.२ वचत	६३८३३	८७६६१	२३८२८	३७.३
५.३ मुद्दती	२७०२६३	३६५७८२	९५५१९	३५.३
५.४ अन्य निक्षेप	४५५०५	३८६२८	—६८७७	—१५.१
१. कूल कर्जा	४२०९९९	५११०२१	९००२२	२१.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

६.१ सुन चाँदी	७०८२६	८४०११	१३१८५	१८.६
६.२ सेक्युरिटी तथा कागजात	१०५५४०	९१०९३	−१४४४७	--१३.७
६.३ मालसामानहरू	१२५८८१	१४२४५८	१६५७५	१३.२
६.४ बिलहरू	७९७८४	१२०७०३	४९९१९	६२.६
६.५ ओभरड्राफ्ट	१२३	८३८४	८२६१	६७१६.३
६.६ घर जग्गा	३४७५	५९१८	२४४३	७०.३
६.७ विविध	२४८९	२७८६	२९७	११.९
६.८ प्रा. प्राप्त क्षेत्रमा गएको	३२८७९	५४६६८	२१७८९	६६.३
७. कूल लगानी	३७८८४	११०८८४	७३०००	१९२.७
८. कूल कर्जा लगानी	४५८८८३	६२९९०५	१७१०२२	३७.३
९. कूल निक्षेपमा कूल कर्जा तथा लगानी-को अनुपात	८६.२	९०.२	—	--
१०. शाखा संख्या	६८	८९	२१	३०.९
११. बैंकले सेवा पुऱ्याएको जिल्ला संख्या	४९	५५	६	१२.२
१२. नयाँ भुक्तानी प्रणाली लागु भएको शाखा संख्या	--	३४	३४	
१३. मुनाफा	५०५३	६३६२ (अनुमानित)	१३०९	२५.९

वि.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाज-संस्कृति

—डा. वल्लभमणि दाहाल

नेपालका सन्दर्भमा सामाजिक-सांस्कृतिक आधुनिकीकरण

नेपाल केवल विकासोन्मुख मुलुकहरूमध्ये अल्पविकसित मात्र होइन, विश्वका महान् सभ्यता र संस्कृति भएका दुई शक्तिशाली विशाल राष्ट्र भारत र चिनको सँधियार भू-परिवेष्ठित देश पनि हो । त्यस्तै भू-भागमा सानो भइकन पनि प्राकृतिक विकटता र विभिन्नताका साथ जातीय विविधताले पनि यो देश विलक्षण हुन गएको छ । यही भू-राजनैतिक वास्तविकताका परिप्रेक्ष्यमा नेपालका निम्ति राष्ट्रियता नै आफ्नो परम ध्येय हुन आएको छ भने यसैको सुदृढीकरण गर्दै राष्ट्रको चौतर्फी विकास गर्नु आजको सबैभन्दा ठुलो हाँक साबित भएको छ ।

राष्ट्रियताको प्रश्न एकातिर राष्ट्रको निजी व्यक्तित्व संरक्षण र सम्वर्धनका निम्ति सामाजिक-सांस्कृतिक समुन्नतिद्वारा राष्ट्रिय मूल्यको सिर्जना, राष्ट्रिय मर्यादा र प्रतिष्ठा कायम गर्ने कुरासित सम्वद्ध छ भने अर्कातिर मध्य-युगीन अवस्थाबाट यसलाइ आर्थिक विकासद्वारा समेत आधुनिक प्रजातान्त्रिक, न्यायपूर्ण र गतिशील शोषण विहीन बनाउने कुरासित पनि गाँसिएको छ । यस कारण विकासलाइ कोरा आर्थिक उपलब्धिका तराजुमा नतौलिएर व्यापक जनसमुदायको जीवनलाइ कत्तिको गुणात्मक, उद्देश्यपूर्ण, सम्मानित, आदर्शमय र स्वस्थ बनाउन सकिएको छ भन्ने कसीबाट जाँचिनुपर्छ भन्ने कुरापट्टि विद्वान्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको राय ढल्किन लागेको छ । राष्ट्रको परम् ध्येय र उद्देश्य प्राप्तिका निम्ति आर्थिक र सांस्कृतिक समुन्नति र समृद्धि सन्तुलित पाराले प्राप्त गर्न नसकेमा विकास चौतर्फी हुन नसक्ने मात्र होइन, औद्योगिक र यान्त्रिक विस्तारका साथै मानव जीवन लक्ष्य-विहीन र उजाड मरूभूमितुल्य हुँदै जाने छ जुन नेपालको मूलभूत उद्देश्य विपरीत हुने छ, "किनभने सजीव मानव समुदाय उजाड जङ्गलको भूभाग होइन, अपितु आफ्नो सामूहिक व्यक्तित्वद्वारा समान लक्ष्य र पूर्णताको खोजी गर्ने एक उन्नतिशील सजीव निकाय हो ।" (हेर्नू: श्री ५ वीरेन्द्र, श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, भाषण तथा सन्देश २०२८–३२ पातो ९७ ।)

राष्ट्रको आत्मा वा सारतत्व भन्नु नै यसको स्वतन्त्र संस्कृति हो। सांस्कृतिक उत्थानविना राष्ट्रिय व्यक्तित्वको अभिवृद्धि गर्न असम्भव हुन्छ। त्यति मात्र होइन, यसको विकासलाइ उपेक्षा गरेर आर्थिक विकासको गतिमा तीव्रता ल्याउन पनि सम्भव हुँदैन । यस सन्दर्भमा निम्नलिखित कुराहरू उपर विचार गर्नु आवश्यक देखिन्छ:—

१. नेपालको सामाजिक सांस्कृतिक पृष्ठभूमिमा नेपालको राष्ट्रिय संस्कृति र उपसंस्कृतिका विचको सम्बन्ध भन्ने र समस्याको दिग्दर्शन गर्नु अति जरूरी छ किनभने विभिन्न उपसंस्कृतिका माफ्र सामञ्जस्य कायम गरी सबैलाइ राष्ट्रिय प्रवाहमा ल्याउन नसकेमा राष्ट्रिय संस्कृति फष्टाउन सक्तैन ।

२. दुर्बल र सानो भइकन पिछडिएको नेपाल पुराना मान्यता, धारणा र विश्वासमा आधारित मूल्यका बदलामा आधुनिकीकरण गरी नयाँ मान्यता, धारणा र विश्वासमा आधारित नयाँ मूल्यको स्थापना गर्न चाहन्छ। यस आधुनिकीकरणको प्रक्रियामा एकातिर यन्त्रिकरणद्वारा नेपाली समाजमा उत्पन्न हुने रिक्तता, मूल्यहीनता र अलगाउबाट अमानवीकरण पैदा भई सांस्कृतिक सङ्कट पैदा हुने खतरा छ भने अर्कातिर विश्व सम्बन्ध र सम्पर्क वढाउँदै जानुपर्ने र बाह्य शक्तिशाली संस्कृतिका प्रभावबाट आफ्ना राष्ट्रिय मूल्यलाइ जोगाउनुपर्ने स्थिति छ । साथै आफ्ना सामाजिक-सांस्कृतिक परम्पराबाट विच्छिन्न नभई यसैको आधुनिकीकरण गर्न सक्नु परेको छ ।

३. यस्ता विरोधाभासयुक्त स्थितिका विचमा नेपालको निर्णायक वर्ग के सोच्तछ र सामाजिक सांस्कृतिक समुन्नतिका निम्ति के कस्ता कार्यान्वयनकारी संयन्त्र नीति योजना र कार्यक्रमको तर्जुमा निर्णायक तहबाट भइरहेछन् भन्ने कुराको सिंहावलोकनका साथ समाधान खोज्नु पनि त्यत्तिकै जरुरी छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख. नेपालको सामाजिक-सांस्कृतिक पृष्ठभूमि

वर्तमान नेपाल राजनीतिक एकीकरणका दृष्टिमा नयाँ ठहरिए तापनि सांस्कृतिक दृष्टिमा चाहिँ गौरवमय परम्परा भएको प्राचीन मुलुक हो। हिमवत्‌खण्डको अतिविकट र विविध प्राकृतिक बनोट भएको यस भूभागमा अति प्राचीन कालदेखि मंगोल मूलका र प्राचीनकालदेखि आर्यफलका नाना जाति, उपजाति र समुदायका मानिसहरूको सहवास हुन थाल्यो। अति अल्पसंख्यामा द्रविड र अग्नेली जातिहरूका साथै मूल रूपमा यी दुई प्रमुख जाति उपजातिका उपसंस्कृतिहरूको सम्मिश्रण र संगमको आदर्श थलो यही मुलुक हुन गयो र यही सम्मिश्रण र संगमबाट नेपाली राष्ट्रिय संस्कृतिको जग बस्न गयो। यस भूभागको अति कठोर विकटताले एकातिर बाह्य संस्कृतिको निरन्तर आक्रमणबाट यो जाति उपजाति जोगिएकाले आफ्नै प्रकारको समाज र संस्कृतिको निर्माण हुन सघाउ पुग्न गयो भने अर्कातिर खासखास भौगोलिक क्षेत्रका जातिउपजातिका बिच जति मात्रामा पारस्परिक अन्तर्क्रिया हुन सक्यो त्यति मात्रामा एक अर्का क्षेत्रका जातिउपजातिका बीच हुन सकेन। यसको उदाहरणका रूपमा हिमाली र पहाडी भेगका अथवा पहाडी र तराइली भेगका जातिउपजातिका बिचको अन्तर्क्रियामा रहेको भिन्नतालाइ लिन सकिन्छ।

यी जातिउपजातिहरू विभिन्न समयमा विभिन्न दिशाबाट यस भू-भागमा विभिन्न सामाजिक सांस्कृतिक ढाँचासंगै आए पनि यहाँ आएपछि यिनले एकातिर आ-आफ्नै पाराको सामाजिक-सांस्कृतिक ढाँचा स्थापना गरे भने अर्कातिर विभिन्न मात्रामा भएको अन्तर्क्रियाद्वारा यसै सुमधुर दोभानमा मिसिन पुगे। यद्यपि सामाजिक-ऐतिहासिक क्रममा यी सबै जातिपउजातिहरू एकनासको विकास प्रक्रियाबाट गुज्रिएका छैनन् र स्तरीकृत सामन्ती सामाजिक-आर्थिक ढाँचा अन्तर्गत सांस्कृतिक, राजनीतिक र आर्थिक तहमा पनि यिनीहरू आफैमा र परस्परमा पनि विभिन्न तहमा अघि र पछि पर्न गएका छन् तापनि समष्टिमा यस लामो सहवास र सह-सम्पर्कको फलस्वरूप धेरथोर पारस्परिक सांस्कृतिक आदान-प्रदानको क्रम चलिरह्यो र क्रमश: यस आदान प्रदानबाट विराट् नेपाली संस्कृति हुर्किन सक्यो। फलस्वरूप सामाजिक-ऐतिहासिक क्रममा यी विभिन्न भाषा, धर्म र रीतिरिवाज भएका जातिउपजातिहरूको सह-चिन्तन र सह-कार्यको फलस्वरूप यस भेगमा महत्वपूर्ण सांस्कृतिक केन्द्रहरू (काठमाडौं, जनकपुर, लुम्बिनी र सुदूर पश्चिमाञ्चल) बनिए अनि आफ्नै पाराका चमत्कारपूर्ण हस्तकला, वास्तुकला, चित्रकला र मूर्तिकलाको समुन्नतिका साथै दार्शनिक र बौद्धिक चिन्तनको ज्योति प्रकाशित हुन सक्यो।

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडा महाराजाको विभिन्न राजनैतिक एकतालाइ एकीकरण गर्ने अभिनयपछि एउटै राजनैतिक सूत्रमा उनिएर राजमुकुटको साझा नेतृत्वमुनि, साझा इतिहास भोग्दै साझा सम्पर्क भाषाका माध्यमको विकास गरेर यी जातिउपजातिहरू झन् झन् एकता बद्ध हुँदै आएका छन् यिनमा आत्मीय सांस्कृतिक तत्वहरू बढ्दा छन् । यस विविधता बिचको साझापनको प्रमाण विभिन्न धर्म, भाषा, रीतिथिति र रहनसहन आदिमा परेको एक अर्काको प्रभावबाट टड्कारो हुन्छ ।

ग. *राष्ट्रिय संस्कृति र उपसंस्कृतिको सम्बन्ध र समस्या*

राष्ट्रिय संस्कृति यस जाति वा उपजातिको नेवा नभई सबै जातिका सांस्कृतिक अन्तर्क्रियाद्वारा लामो ऐतिहासिक विकासक्रममा निर्मित साझा तत्व मिलेर बनेको समष्टिगत रूप नै हो जसलाइ हामी नेपालीयता वा नेपालीपन भन्दछौं । तर हाम्रा सबै जाति उपजातिहरू सामाजिक आर्थिक हिसाबले एकै तहका छैनन् । सामाजिक ऐतिहासिक क्रममा कुनै जाति अझ घुमक्कड वा अर्धकृषक अवस्थामा छन् भने कुनै जातिहरू अन्य बिकसित देशका जातिका हाराहारीमा उभिने तरखरमा छन् । सामाजिक र आर्थिक स्थितिको प्रभाव संस्कृतमा पनि नपरिछाड्दैन । त्यसरी नै भौगोलिक विकटताका साथै सामाजिक ऐतिहासिक क्रममा उत्पन्न जात, आर्थिक र सुविधा सम्पन्न र विपन्न वर्गको स्तरीकरणले गर्दा कुनै उपसंस्कृति बलिया र कुनै कमजोर हुन पुगेका छन् र कमजोर उपसंस्कृति बलिया संस्कृतिमा विलयन हुने सम्भावना बढिरहेको छ । त्यस्तै बलियो उपसंस्कृति श्रेष्ठ र अनुकरणीय अनि कमजोर उपसंस्कृति निम्न र हेय ठानिने प्रवृत्ति पनि नभएको होइन । ऐतिहासिक क्रममा 'अछुत' ठहरिएका समुदाय र अन्य पछाडिएका ससाना उपजातिको समस्या पनि अझै तिरष्कृत सरह नै लाग्दछ । यसरी ऐतिहासिक विकास क्रममा सामाजिक आर्थिक तहमा पछाडिएका जाति र समुदायहरू सांस्कृतिक तहमा पनि पछाडिएका देखिन्छन् । यस्ता परम्परागत स्तरीकरणका कारणले एक अर्काजाति र उपजातिका बिच आवश्यक गतिशीलता र अन्तर्क्रिया पनि आवश्यक रूपमा हुन सकेको छैन । संक्षेपमा भन्ने हो भने नेपाली सामाजिक-सांस्कृतिक जीवन अझ धेरै प्रकारका परम्परागत मान्यता, धारणा र विश्वासले जकडिएको छ र स्तरीकृत मध्ययुगीन सामाजिक ढांचाले न्याय र गतिशील ढाँचाका रूपमा कांचुली फेर्न सकेको छैन ।

यी जाति-उपजातिका उपसंस्कृतिका माझ सह-अस्तित्व र सामञ्जस्य पैदा गर्ने र प्रत्येक उपसंस्कृतिलाइ राष्ट्रिय स्तरमा उचाल्ने वा "श्रेष्ठ" उच्च संस्कृतिमा "निम्न" उपसंस्कृतिको विलय हुन दिने, वा बेवास्ता गरी आफु खुसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहन दिने भन्नेबारे गहिरिएर सोचिएको सम्म छैन । यस्तै योजनावद्ध रूपमा सामाजिक–सांस्कृतिक पक्षको आधुनिकीकरण गर्ने अथवा जतिसुकै बाह्य प्रभाव परेर नयाँ पुस्तामा हिप्पीवाद, अकर्मण्यता वा विध्वंशवाद उत्पन्न भए पनि सामाजिक–सांस्कृतिक उत्थानको सट्टा केवल कानूनी उपायको सहारा लिने भन्ने कुराको पनि टुङ्गो गरिएको छैन ।

घ. वाह्य संस्कृतिको प्रभाव र सामाजिक सांस्कृतिक आधुनिकीकरण

(१) बाह्य संस्कृति र राष्ट्रिय संस्कृतिको सम्बन्ध र प्रभाव

नेपालीको परम् ध्येय राष्ट्रियताको सुदृढीकरण गर्न समाज र संस्कृतिको आधुनिकरणबिना सम्भव छैन । सानो भइकन पनि विकासोन्मुख मुलुकमा अल्पविकसित विशाल र शक्तिशाली दुई छिमेकी मुलुकका विच अवस्थित नेपालको निमित्त निरन्तर रूपमा राष्ट्रिय संस्कृतिप्रति जागरूक रही यसको पालनपोषण गरिरहनुपर्ने अपरिहार्यताका साथै यसलाइ सधैं गतिशील र जिउँदो जाग्दो राख्न निरन्तर पुनर्निर्माण गर्दै समय सापेक्ष पारी आधुनिकीकरण गरिरहने आवश्यकता पर्दछ । एकातिर यस आधुनिकीकरणको प्रक्रियामा शक्तिशाली राष्ट्रहरूका संस्कृतिको प्रभाव कमजोर राष्ट्रको संस्कृतिमाथि पर्ने सधैं सम्भावना रहेको हुन्छ भने अर्कातिर पछाडिएको देशका हैसियतले विकासका निम्ति अन्य संस्कृतिवाट सिक्नुपर्ने खण्ड परिआउँछ । साथै हामी विशाल विश्वका राष्ट्र समुदायका सदस्य हो भन्ने कुरा पनि विर्सन सकिदैन । हामीले विश्वका अन्य राष्ट्रसंग केही सिक्नु छ र केही उनीहरूका निम्ति पनि योगदान गर्नु छ । द्रुततर गतिले राष्ट्रमा वैज्ञानिक र प्राविधिक संस्कृतिको विकासका निम्ति हामीलाइ नयाँ छिटा छरिता सीपहरू, प्रविधिहरू, पद्धतिहरू र साधनहरूको आवश्यकता छ । राष्ट्रिय संस्कृतिको संरक्षणका नाउँमा नयाँ सजिला र फाइदाजनक सामग्री र प्रविधि नसिकी परम्परागत कुटे कोदालो वा जडीबुटी वा धामी झाँक्री वा ढाकरमा नै टाँस्सिएर हामी अब बस्न सक्तैनौं । यति मात्र होइन, हाम्रो राष्ट्रिय लक्ष्यमा र हाम्रा व्यापक जनसमुदायमा बाधक नबन्ने गरी कति नयाँ कुराहरू हाम्रो राष्ट्रिय संस्कृतिमा थप्नु पर्ने वा पुरानाका ठाउँमा नयाँ ल्याउनु पर्ने स्थितिका निम्ति पनि तयार हुनु पर्छ । विश्व संस्कृतिबाट नयाँ सीप, प्रविधि, पद्धति र साधनहरू सिक्ने क्रममा निर्णायक वर्गको वुद्धिमत्ता आफ्नो राष्ट्रिय मूल्यमा खलल नपारी सिक्नु पर्ने कुराको छनौट गर्नामा र तिनलाई राष्ट्रिय संस्कृतिमा ल्याई पचाउन सक्नामा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिकीकरणको प्रक्रिया अन्तर्गत सहरीकरण, विश्वसितको सम्पर्क, उद्योग धन्दा र यातायात तथा संचार व्यवस्थाको विस्तारले बाह्य संस्कृति केवल विज्ञान र प्रविधिका रूपमा मात्र भित्रिएको हैन तर हाम्रा जीवनका अनेक पक्षमा घुसिरहेछ । सुविधा सम्पन्न समुदाय र सहरिया जन-समुदायका रहनसहन, आचार-विचार र चिन्तन प्रक्रिया समेत यसको असर-बाट ग्रस्त हुन लागेका छन् । सबभन्दा चिन्ताजनक कुरो त निर्णायक तहमा पुगिसकेको वा पुग्ने सम्भावना भएको बौद्धिक वर्गको त्यो हिस्सा हुन पुगेको छ जसको चिन्तन प्रक्रिया नै अचेत रूपले विदेशीकरण हुन लागेको छ । फलस्व-रूप व्यापक जनसमुदाय र देशको वस्तुस्थितिसित यस्ता व्यक्तिहरूको सम्बन्ध विच्छेद भई प्रत्येक समस्याको समाधान विदेशी पद्धति(मोडल)र ढाँचामा नै देख्ने प्रवृत्ति बढ्न लागेको छ । मनोवैज्ञानिक रूपमा राष्ट्रिय संस्कृतिप्रति हीनभाव र बाह्य संस्कृतिमाथि श्रेष्ठताको भावले जरा गाडिरहेको छ । यस्तो प्रवृत्ति सहरका माध्यमबाट क्रमशः गाउँतिर समेत सर्न थालेको अनुभव हुन्छ ।

राष्ट्रका विविध उपसंस्कृतिका ग्राह्य र त्याज्य तत्वहरूको चयन गरी संरक्षण र सम्वर्द्धन नगर्ने हो र बाह्य संस्कृतिको छनौट नगरी यथावत् खुला ढोकाको नीति राख्ने हो भने यसबाट राष्ट्रिय संस्कृतिको आधुनिकीकरणमा सघाउ पुग्नाको सट्टा हाम्रो राष्ट्रिय मूल्यमा नै आघात पुग्न जाने कुरा निश्चित छ । राष्ट्रिय संस्कृतिका सम्बन्धमा नेपालको कुनै प्रयास हुँदै नभएको होइन तापनि राष्ट्रिय स्तरमा ठोस नीति कार्यक्रम र कटिवद्धताको अभाव चाहिं खट्किने कुरा छ । सचेतता र लेखाजोखा विनाको बाह्य संस्कृतिको अन्धानुकरण राष्ट्रका निम्ति कति घातक र सामाजिक तथा मनोवैज्ञानिक विकृति पैदा गराउने हुन्छ भन्ने कुरा बाहिरी रङ्गमा चुर्लुम्म डुबेर छट्पटाएका कतिपय एशियाली मुलुकहरूका उदाहरणबाट स्पष्ट हुन्छ ।

नेपाली समाजको विशेषता न संकीर्ण हुनामा नै न त आफ्ना मूल्य-को बलिदान गर्नामा नै छ । विश्व संस्कृतिका र नेपाली संस्कृतिका बिचको सम्पर्क अरू व्यापक र सुदृढ पार्दै जानु अन्तर्राष्ट्रिय भ्रातृत्व, पारस्परिक मैत्री र सहयोगका निम्ति परम आवश्यक छ । राष्ट्र–राष्ट्रका बिचको सही अन्त-क्रियाबाट विश्व संस्कृतिको निर्माणमा सहयोग पुऱ्याउन सकिन्छ । नेपालका निम्ति यो कुनै नौलो कुरो होइन । नेपालले आफ्नो कला कौशल वा धर्म आदिमा अरूबाट केही सिकेको छ र अरूलाइ पनि केही दिएको छ । यसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाँठी कुरो त वाह्य संस्कृतिको ग्रहण गर्दा ग्राह्य र त्याज्यको छनोट र ग्राह्य तत्वलाइ आत्मसात् गर्ने खुबी नै हो।

आजको विश्वमा कुन संस्कृतिभन्दा श्रेष्ठ छ भन्ने तथ्यभन्दा कुन राष्ट्र शक्तिशाली छ र कसका जन-संचार (Mass Media) का साधन शक्तिशाली छन् भन्ने कुरा महत्वपूर्ण हुन आएको देखिन्छ। अतः कमजोर र गरीब राष्ट्रहरूले विश्व संस्कृतिसंग सम्पर्क गर्दा सावधान हुनु अति जरूरी छ। प्रभावशाली देशका संस्कृतिको प्रभाववाट कमजोर र नवोदित राष्ट्रका बौद्धिक समुदायमा मानसिक औपनिवेशिकताको स्थापना हुन गएमा राजनैतिक उपनिवेशभन्दा अझ सूक्ष्म र जटिल गुलामी भोग्नुपर्ने स्थिति पनि हुन सक्छ। यस कारण अरूवाट सिक्ने कुराहरूमा मानसिक र भौतिक दुवै प्रकारका प्रभाव-उपर विचार पुऱ्याउने खण्ड पर्दछ।

(२) सामाजिक-सांस्कृतिक सन्दर्भमा परम्परा र आधुनिकता:—

संस्कृति कुनै पनि जातिको सृजनात्मक खुबीको परिचायक र समाजका निम्ति अनियन्त्रणीय आवश्यकता पनि हो। आफ्नो संस्कृतिमा नै मानिसले सन्तुष्टि, सुनिश्चितता र स्थायित्वका साथै जीवन यापनमा सहजता पाउँछ। यसको निर्माण एक दिनमा नभएर सामाजिक-ऐतिहासिक विकास क्रममा खास समाजको सामूहिक व्यवहारका अनुभवका आधारमा हुन्छ र यसरी निरन्तर अविच्छिन्न सांस्कृतिक परम्परा स्थापित हुँदै जान्छ। मानव समाजले आफ्नो जीवन यापनलाइ सुखमय र समृद्धिपूर्ण बनाउने क्रममा आफ्नो उद्देश्य पूर्तिका निम्ति भौतिक वा आत्मिक संस्कृतिको विकास गर्छ। यस क्रममा नै उसले आवश्यक नयाँ कुरा थप्दै जान्छ र परम्परा कायम गर्दै जान्छ।

सामाजिक सांस्कृतिक जीवनमा आधुनिकता पनि त्यतिकै अपरिहार्य हुन आउँछ। आधुनिकताको सम्बन्ध समय सापेक्षतासित छ। सामाजिक-सांस्कृतिक जीवनमा आधुनिकरणको तात्पर्य यसमा गतिशीलता ल्याई राष्ट्रिय आवश्यकता अनुरूप ढालेर समाजलाइ भौतिक र आत्मीय उन्नयनतिर अग्रसर गराउनु नै हो। जब सामाजिक-सांस्कृतिक परम्परा गतिहीन र विकास विरोधी भई राष्ट्रिय एकता, मर्यादा र प्रतिष्ठाको संवर्धनका निम्ति साधक नभएर बाधक वन्दछ र रूढीवादिता, भेदभाव र असमानताको समावेश हुन्छ, यसको आधुनिकीकरण अपरिहार्य आवश्यकता भएर आउँछ।

परम्परागत समाजकै गर्भवाट आधुनिकताको जन्म हुन्छ जहाँ परम्परा नै छैन त्यहाँ आधुनिकताको आवश्यक नै पर्दैन। सामाजिक सांस्कृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिक जीवनमा आधुनिकीकरणको तात्पर्य परम्पराको हत्या होइन यो त केवल चीरफार र औषधोपचार मात्र हो यसको अर्थ सामाजिक–सांस्कृतिक जीवनको इतिहासले पैदा गरेका ती पक्षहरूको काँटछाँट र संशोधन हो जुन पक्षहरु समयको आवश्यकताका दृष्टिले बेकम्मा, प्रगति विरोधी, अप्रजातान्त्रिक, मानवत्वविरोधी र रूढी गृस्त भइसकेका छन् । सचेत रूपमा गरिएको सामाजिक–सांस्कृतिक आधुनिकीकरणका परम्पराको सुदृढीकरण गर्नाका साथै समाजलाइ निरन्तर रूपमा अगाडि बढाउने सामर्थ्य हुन्छ, किनभने सामाजिक–सांस्कृतिक आधुनिकीकरणको वर्तमान सन्दर्भ गतिशीलता, वैज्ञानिकता, न्याय, विवेकशीलता र प्रजातन्त्रका सिद्धान्तसित सम्वन्धित छ । कोरा पाश्चात्यीकरणसित होइन ।[१]

वि. सं. २०१७ साल यता सामाजिक–आर्थिक क्षेत्रमा निकै गहकिला कदमहरू चालिएका छन् । मुलुकी ऐन र भूमिसुधारद्वारा सामाजिक-आर्थिक परिवर्तनको जग बस्न गएको छ भने शिक्षा र यातायातका विस्तारवाट औद्योगीकरणको पूर्वाधार तयार हुन लागिरहेछ र सहरिया क्षेत्रमा पुराना मान्यता, धारणा र विश्वासमा परिवर्तनका लक्षणहरू देखा पर्न थालेका छन् तर यस परिवर्तनमा सकारात्मक भन्दा नकारात्मक तत्वकै मात्रा ज्यादा देखिन्छ । खास गरी यो नकारात्मक प्रवृत्ति विदेशी अन्धानुकरणका साथै अमानवीकरणका रूपमा प्रकट हुन लागेको छ, समाजका निम्ति वाञ्छित नैतिकता र आत्मिक समुन्नतिको विपरीत दिशातिर गइरहेछ ।

(३). सामाजिक–सांस्कृतिक आधुनिकीकरणको दिशाः-

सामाजिक-सांस्कृतिक आधुनिकीकरणको दिशा राष्ट्रियताको सुदृढीकरण गर्दै प्रजातान्त्रिक, न्यायपूर्णं र गतिशील र शोषणविहीन समाजको उद्देश्यतिर निर्दिष्ट हुनु बाहेक अर्को हुनै सक्तैन । विभिन्न जाति उपजातिका उपसंस्कृतिहरूका बिच गतिशीलता ल्याई अन्तर्क्रियाद्वारा यी उपसंस्कृतिहरूलाइ समृद्धशाली वनाउँदै राष्ट्रिय संस्कृतिमा बढीभन्दा बढी योगदान पुऱ्याएर नै यस उद्देश्यतिर निर्दिष्ट हुन सकिन्छ भन्ने कुरा पनि त्यतिकै स्पष्ट छ । सामाजिक–आर्थिक क्षेत्रमा पछि परेका जातिहरूका उपसस्कृतिलाइ राष्ट्रिय प्रवाहमा ल्याउने योजनाद्वारा राष्ट्रका सबै उपसंस्कृतिका बिच सह-अस्तित्व र सामञ्जस्य

१. परम्परा र आधुनिकताका सम्वन्धमा विस्तारका निम्ति हेर्नुहोस् : श्री ५ वीरेन्द्र, श्री ५ महाराजाधिराजवाट बक्सेका घोषणा, भाषण तथा सन्देशहरू २०२८—२०३२ (काठमाडौं: श्री ५ को सरकार, २०३४।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कायम हुन सक्छ अनि एउटा उपसंस्कृतिले अर्को उपसंस्कृतिलाइ बनाउने वा कुनै उपसंस्कृति यथावत् रहने स्थिति पनि समाप्त हुन्छ। साथै उपसंस्कृतिको बिच सह–अस्तित्व र समन्वयको सिद्धान्तको सुदृढीकरणबाट संकीर्णता वा अहंभावद्वारा उत्पन्न हुने अलगाउको प्रवृत्ति घट्तै र राष्ट्रियता सुदृढ हुँदै जान्छ।

परम्परागत समाज र संस्कृतिको आधुनिकीकरणको कुरा गर्दा सबभन्दा पहिले प्रत्येक उपसंस्कृतिका विभिन्न पक्षहरूको मर्म बोधको जरूरत पर्दछ। यिनमा कुनै अप्रजातान्त्रिक, कुनै मानवताका दृष्टिले अग्राह्य र कुनै वैज्ञानिक तथ्यका आधारमा हानिकारक हुन सक्दछन् भने अन्य समुदायका निम्ति पनि अनुकरणीय हुने हुन्छन्। आधुनिकीकरणको प्रक्रियामा त्याज्य, ग्राह्य र संशोधनीय पक्षहरूको छनोटको सर्वोपरी महत्त्व देखिन्छ। उदाहरणार्थ विभिन्न संस्कृतिका सामाजिक गतिशीलता, मानवता र विवेकमा हनन पार्ने "छूवाछुत" र "जात प्रथा" जस्ता कुराहरू सर्वथा त्याज्य देखिन्छन् भने कतिपय रीतिथितिको तरिकामा संशोधन मात्र पर्याप्त हुन सक्तछ।

आधुनिकीकरणका निम्ति वैज्ञानिक संस्कृति अत्यन्त मद्दतगार साबित हुन्छ। गान–बजानका बाजाहरूको नवीनीकरण, नाच गानमा स्तरीयता, रंगमञ्चको सजाव, कला कौशलमा सूक्ष्मतादेखि लिएर बगैंचा र बनवाटिकालाइ रहन सहन र लवाइ खवाइसम्ममा वैज्ञानिक साधन र तरिकाको प्रयोग गर्न सकिन्छ। कोरा औद्योगीकरणबाट सामाजिक–सांस्कृतिक जीवनमा पैदा हुने रिक्तता, अर्थहीनता र विकृतिबाट बच्न, जीवनको गुण वृद्धि गरी व्यक्ति र राष्ट्रको व्यक्तित्वको श्रीवृद्धि गर्न तथा जीवनलाइ अर्थयुक्त, उद्देश्यपूर्ण र सौन्दर्य चेतनापूर्ण बनाउन निरन्तर रूपमा संस्कृतिको विस्तार, परिष्कार र निर्माण गर्न वैज्ञानिक प्रविधि र पद्धति अत्यन्त उपयोगी हुन सक्छन्।

सुसंस्कृत स्वस्थ सामाजिक सांस्कृतिक जीवनका निम्ति आर्थिक विकासको आवश्यकता पर्दछ भने आर्थिक विकासमा तीव्रता ल्याउन सामाजिक सांस्कृतिक जागरण र सक्रियता ल्याउनु नितान्त जरूरी हुन्छ। सांस्कृतिक सचेतता र सक्रियताले नै व्यापक जनतामा रहेको सुषुप्त र सृजनात्मक प्रतिभालाइ ब्यूँताइदिन्छ। यसकारण सामाजिक सांस्कृतिक क्षेत्रमा सचेत रूपमा खास उद्देश्य र नीतिका आधारमा योजनाबद्ध कार्यक्रमका साथै आधुनिकीकरण गर्न सकेमा राष्ट्रको विकास एकलकांटे नभई सर्वाङ्गीण हुन सक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङ. सामाजिक सांस्कृतिक नीति र कार्यकारी निकाय

नेपालमा सामाजिक–सांस्कृतिक नीति सम्बन्धी औपचारिक रूपमा निर्मित छुट्टै नीति र कार्यक्रम पाइँदैन । समय समयका ऐनकानूनद्वारा विभिन्न सरकारी र गैह्रसरकारी संस्थाहरूद्वारा भइरहेका प्रयासबाट सामाजिक-सांस्कृतिक नीति र यसको विकासका निम्ति गरिएका कार्यहरूबारे केही थाहा पाउन सकिन्छ । उदाहरणका निम्ति नयाँ मुलुकी ऐनद्वारा कानूनका अगाडि छुवाछुत र जात प्रथाको अन्त्य, बाल विवाह, बहुविवाह र अनमेल विवाहमा रोक, नारीहरूलाइ केही थप अधिकार आदिलाइ लिन सकिन्छ । त्यस्तै संविधानद्वारा राजनैतिक निकायमा स्त्री र पछाडिएका अल्प संख्यकहरूको प्रतिनिधित्व र सबै नागरिकलाइ आ-आफ्ना धार्मिक रितिथिति चालचलन मान्ने स्वतन्त्रताका साथै मौलिक अधिकारको सुनिश्चितता प्रदान गरिएबाट सबै जाति र उपजातिगत संस्कृतिलाइ कानून संरक्षण दिएको प्रतीत हुन्छ ।

गाउँफर्क राष्ट्रिय अभियानको दससूत्रीय कार्यक्रम र राजनैतिक कार्यक्रममा राष्ट्रियताको संरक्षण संवर्धन र विकास गर्ने राजमुकुट, राष्ट्र भाषा, राष्ट्रिय चाडपर्व, राष्ट्रिय विभूति, राष्ट्रिय वेसभुषा, राष्ट्रिय चिन्ह, राष्ट्रिय कला र संस्कृति उपर श्रद्धा–भक्तिको भावना जगाउन यिनको व्यापक प्रचार र प्रसार गर्ने तथा सार्वजनिक स्थलको निर्माण, धार्मिक स्थलको मर्मत र सुरक्षा गर्ने आदि कुराका साथै सामाजिक विकासका निम्ति अन्धविश्वास, रूढीवाद, छुवाछुत र जात प्रथाको उन्मूलन गर्ने अभियान पनि समावेश गरेको देखिन्छ।

सामाजिक सांस्कृतिक अध्ययन–अनुसन्धान र विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न संघ-संस्थाहरूमा खेलकूदतर्फ राष्ट्रिय खेलकूद परिषद्, लोक संस्कृति र साहित्यतर्फ राजकीय प्रज्ञाप्रतिष्ठान, मदन पुरस्कार गुठी र त्रिभुवन विश्व विद्यालय तथा सांस्कृतिक संस्थान, पुस्तकालयमा राष्ट्रिय पुस्तकालय, त्रिभुवन विश्व विद्यालय केन्द्रीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, रंगमञ्च र रंगशालामा दशरथ रंगशाला, राष्ट्रिय सभागृह (काठमाडौं) वीरेन्द्र सभागृह (विराटनगर) मुख्य छन् । अन्य व्यक्तिगत सक्रियतामा गठित यस्ता संघ संस्थाहरू देशका प्राय: सहरिया क्षेत्रमा रहेका छन् । राष्ट्रिय अभिलेखालय र राष्ट्रिय संग्रहालय, राष्ट्रिय संस्कृतिका नमूनाका रूपमा काठमाडौंमा नै सीमित छन् । देशमा सार्वजनिक अध्ययन केन्द्रहरू नगण्य छन् । मन्दिर र धार्मिक स्थलको सरक्षण र मर्मतका निम्ति गुठी संस्थानको भूमिका महत्वपूर्ण देखिन्छ । जनसञ्चारका माध्यममा रेडियो नेपाल र पत्रपत्रिका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन नै हुन् तर विदेशी जनसञ्चारको लोकप्रियता नेपालीको अपेक्षा बौद्धिक र जनसाधारण वर्गमा ज्यादा बढेको देखिन्छ । सामाजिक सेवातर्फ सामाजिक सेवा समन्वय समिति, बाल मन्दिर, बालग्राम र अनाथालयका साथै रेडक्रसको भूमिका प्रभावकारी रूपमा अघि बढेको पाइन्छ ।

सामाजिक र सांस्कृतिक विकासको उद्देश्य लिई गठित देशका विभिन्न संघसंस्थाका बिच समन्वय र सामञ्जस्य कायम गरी नीति निर्धारणका निश्चित दिशातर्फ डोऱ्याउने कार्यमा सरकारी संयन्त्र पछि परिरहेको छ ।

च. सुझाउहरू

१. सामाजिक–सांस्कृतिक नीति र योजना

श्री ५ को सरकारको निश्चित सामाजिक-सांस्कृतिक विकासको नीति र कार्यक्रमको अभाव राष्ट्रका निम्ति ज्यादै खड्किने कुरो भएको छ । आर्थिक विकासलाइ एकोहोरो जोड दिई सांस्कृतिक पक्षलाइ विलासिता ठानी बेवास्ता गर्ने प्रवृत्ति भविष्यका निम्ति अति कष्टप्रद साबित हुन सक्छ । यस सुझबुझको प्रभावले गर्दा नै वर्तमान नयाँ पुस्तामा विदेशी सांस्कृतिक मूल्यलाइ श्रेष्ठ र राष्ट्रिय सांस्कृतिक मूल्यलाइ हेय ठहराउने धारणा बढ्नाका साथै एकातिर पुराना मान्यता, धारणा र विश्वास भत्किदै गएको अनि अर्कातिर नयाँ राष्ट्रिय मान्यता धारणा र विश्वासको साटो विदेशी शक्तिशाली जनसञ्चारका माध्यमको सिकार हुँदै गएको देखिन्छ ।

राष्ट्रिय राजनैतिक प्रणाली राष्ट्रिय सामाजिक-सांस्कृतिक पक्षको विकास नगरी निर्दिष्ट लक्ष्यतिर बढ्न नसक्ने कुरा निश्चित छ । राष्ट्रिय र व्यक्तिगत स्तरमा गुणात्मकता, इज्जत र प्रतिष्ठाको स्थापना गर्न सामाजिक जीवनलाइ आदर्शमय, उद्देश्यपूर्ण, सुन्दरताप्रति सम्वेदनशील र सृजनात्मक बनाउन सांस्कृतिक पुनरुत्थान बिना असम्भव छ नेपाल जस्तो कमजोर तर महत्वपूर्ण भूराजनैतिक स्थिति भएको राष्ट्रको शासन सञ्चालन गर्ने श्री ५ को सरकार यस महत्वपूर्ण दायित्वबाट पन्छिन सक्तैन । यस कारण, श्री ५ को सरकारको नीति र कार्यक्रमका साथै प्रभावकारी संयन्त्र तयार पार्नु अति जरूरी छ ।

२. संस्कृति मन्त्रालयको स्थापना

श्री ५ को सरकारको संस्कृति विभाग खारेज हुनु दुर्भाग्यको कुरो हो । यसको पुनर्गठन गरी शिक्षा र संस्कृतिको निम्ति संयुक्त रूपमा शिक्षा–संस्कृति मन्त्रालय बनाउनु उपयुक्त हुने छ । यस मन्त्रालय अन्तर्गत खेलकूद, परम्परागत कला र हस्तकला उदाहरणार्थ चित्र, मूर्ति र वास्तुकला, नाचगान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रङ्गमञ्च र नाटक, जातीय वेसभुषाका साथै अभिलेखालय र सांस्कृतिक संग्रहालयका अतिरिक्त राष्ट्रिय स्मारक ऐतिहासिक स्थल र अभिलेखको खोज र संरक्षण तथा राष्ट्रभाषा स्थानीय भाषाको अध्ययन अनुसन्धान सम्बन्धी शाखाहरू समाविष्ट हुनुपर्दछ । यसको मुख्य कार्य प्रचार र प्रसार मन्त्रालयका साथै व्यक्तिगत सांस्कृतिक संघ–संस्थान र शिक्षा मन्त्रालय अन्तर्गत साक्षरता अभियान र शिक्षक प्रशिक्षणसित समन्वय गर्नु, प्रत्येक विषयको नीतिनिर्धारण, कार्यक्रमको निर्माण, सुपरीक्षण र जनशक्तिको प्रशिक्षण गरी गैह्र सरकारी संघ-संस्थानहरूलाइ सहयोग गर्ने हुनु उपयुक्त हुनेछ ।

यसका कार्यालयहरू क्षेत्रीय र जिल्ला स्तरसम्म फैलाई यिनले उपयुक्त सांस्कृतिक विकासका कार्यक्रमहरूको सञ्चालन र समन्वय गर्न उपयुक्त हुनेछ ।

३. सामाजिक-सांस्कृतिक पुनर्जागरणका उपायहरू

शाही नेपाल चलचित्र संस्थानको सुदृढीकरण गरी सांस्कृतिक वृत्तचित्रहरूको निर्माण, चार विकास क्षेत्रमा रेडियो स्टेशनको स्थापना, श्री ५ को सरकारको छापाखानाबाट सस्ता सम्बन्धित पुस्तक र पत्रपत्रिकाको प्रकाशन, खुला रङ्गमञ्चहरू तथा सार्वजनिक पुस्तकालय र अध्ययन केन्द्रहरूको देशका विभिन्न भागमा विस्तार राष्ट्रिय र अञ्चल स्तरमा सांस्कृतिक संग्रहालयका साथै अन्तर्राष्ट्रिय, राष्ट्रिय, आञ्चलिक र जिल्ला स्तरीय सांस्कृतिक उत्सव र प्रतियोगात्मक प्रदर्शनी तथा विभिन्न विषयमा व्याख्यान, स्मारक र ऐतिहासिक स्थलको भ्रमणद्वारा व्यापक जनसमुदायमा राष्ट्रिय संस्कृतिप्रति चेतना फुक्न मद्दत पुग्दछ ।

व्यापक जनसमुदायलाइ ब्यूँफाउन समर्थ देशका गाउँभरमा व्याप्त र लोकप्रिय संस्था पाठशालाहरू नै हुन् । सुसभ्य र सुसंस्कृत नागरिक तयार गर्न पाठशालामा पढ्ने शिक्षार्थीहरू उपर सर्वोपरी ध्यान दिनु अपरिहार्य हुन्छ । शिक्षार्थीको ताजा मस्तिष्क नै ज्यादा संवेदनशील र सृजनात्मक हुन्छ । फेरि, सानो उमेरमा बसेको वानी टिकाउ पनि हुन्छ । शिक्षकहरूलाइ सामाजिक सांस्कृतिक विषयको राम्रो प्रशिक्षण र पाठ्यपुस्तकमा यस किसिमका तत्वहरूको उचित समावेश भएका नयाँ पुस्ताको सांस्कृतिक चेतना अचेत रूपमा जगाइदिन सकिन्छ ।

देशका सहर, वजार र गाउँ–घरमा सुघर सफाई, बनवाटिका र उद्यानका साथै नेपालीपनका भवन निर्माण र सजावट पनि यस जागरणका लागि उत्तिकै आवश्यक कुरा ठहरिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. *साक्षरताको प्रसार*

व्यापक जनसमूहलाइ राष्ट्रिय प्रवाहमा ल्याई देश विकासका सन्देशहरु कुनाकाप्चामा पुऱ्याउन र सामाजिक सांस्कृतिक जीवनमा गतिशीलता र सृजनात्मकता पैदा गरी राष्ट्रनिर्माणमा सहभागी तुल्याउन निरक्षरताको अभिशाप नमेटाई हुन्न। साक्षरताको अभियान सबै कुराका निम्ति पूर्व शर्त ठान्नु पर्ने देखिन्छ। यस क्षेत्रमा श्री ५ को सरकारको प्रयास अपर्याप्त मात्र नभएर असफल पनि भएको अनुभव हुन्छ। यसको त्रुटि निवारण गरिहाल्नु जरूरी छ। यससंग सम्बन्धित अर्को ज्यादै चासो लिनुपर्ने विषय हो, राष्ट्रभाषाको प्रसार। अझ पनि तराई र उत्तरी भेग सुदूर पश्चिमका गाउँहरूमा नेपाली भाषाको बोधगम्यताको कमी छ। भाषिक अवरोधबाट जनता राष्ट्रिय गतिविधिमा निष्क्रिय र मूक जस्ता हुन्छन्। राष्ट्रभाषालाइ सबैको साझा सम्पर्क र विकासको भाषा बनाउन यसको व्यापक प्रसारको आवश्यकता छ। साथै रेडियो नेपालका श्रवण केन्द्र र माथि उल्लिखित पुस्तकालय, अध्ययन केन्द्र र नाटक प्रदर्शन जस्ता उपायका साथै स्थानीय जनतामा राष्ट्रभाषाका साथै आ-आफ्नो भाषाको प्रयोगको विशेष व्यवस्था पनि उत्तिकै वाञ्छनीय छ।

५. *क्षेत्रीय वा जातीय अहंभाव वा/र हीन भावको उन्मूलन*

प्रत्येक उपसंस्कृतिको आदर, संरक्षण र संवर्धनका साथै क्षेत्रीय वा जातिगत अहंभाव वा/र हीन भावको संकीर्णताका विरुद्ध अभियानलाइ राष्ट्रिय लक्ष्यतिर सबैलाइ प्रवृत्त तुल्याउनु आवश्यक छ। विशेष गरी गाउँ फर्क राष्ट्रिय अभियानको यसमा ठूलो दायित्व देखिन्छ। राजनैतिक प्रतिनिधित्व र आर्थिक न्यायका साथै सामाजिक सांस्कृतिक विकासबाट यस्ता सङ्कीर्णताको उन्मूलनमा भारी सघाउ पुग्दछ। प्रत्येक उपसंस्कृतिका विशेष तत्वहरू राष्ट्रिय स्तरमा उचाल्नाले सबैमा सहभागिताको भाव बढ्दछ। उदाहरणार्थ एउटा जातिका नाचगान, पहिरन, खानपिन, कला र हस्तकलालाइ अन्य जातिमा लोकप्रिय बनाएर तिनलाइ राष्ट्रिय स्तरमा ल्याउन सकिन्छ।

६. *तथ्याङ्क संग्रह र वैज्ञानिकताको प्रयोग*

देशभर के कति सांस्कृतिक संघ संस्थाहरू छन्, कति संख्यामा कस्ता नेपालीहरू कुन प्रकारको सांस्कृतिक गतिविधिमा भाग लिइरहेका छन्, उनीहरूको चाख के के मा छ र कसरी अझ बढी चाख लिने पार्न सकिन्छ र के कस्ता कुरालाइ प्राथमिकता दिई व्यापक प्रचार गर्नं भन्ने कुराको तथ्य संकलन गर्न, बुझ्न र विश्लेषणका साथै परम्परागत संस्कृतिका विभिन्न पक्षलाइ संशोधन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिष्कार गरी नवीकरण गर्न वैज्ञानिक पद्धति र प्रविधिको अत्यन्त महत्वपूर्ण हात हुन्छ । नेपालले आज भोगिरहेको यथार्थ र भोलि भोग्नुपर्ने स्थितिको वास्तविकतालाइ तिरष्कार गरी अतीतमा मात्र मुग्ध हुनु वा यथास्थिति कायम गर्न खोज्नु आत्महत्या हो भने अतीतलाइ र वैज्ञानिक प्राविधिक ज्ञानलाइ आज र भोलिको सेवामा लगाउनु जिउँदो जाग्दो वन्नु हो । यस कारण विज्ञान-प्रविधिका सार्वलौकिक तथ्यहरू नेपाली संस्कृतिमा सही ढङ्गले प्रयोग गर्न सकेमा मात्र द्रुततर गतिले अघि वढ्न सकिन्छ ।

घ) टुंग्याउनी

राष्ट्रको प्राण र सार नै संस्कृति हो । नेपाल प्राचीन र गौरवमय सामाजिक-सांस्कृतिक परम्परा भएको मुलुक हो । विभिन्न जाति र उपजातिका उपसंस्कृतिहरू मिलेर नेपाली संस्कृतिको जग बस्न गएको छ । समस्त नेपालीको परम् ध्येय राष्ट्रियता भएकोले सामाजिक-सांस्कृतिक आधुनिकीकरणको उद्देश्य नीति र कार्यक्रम पनि यही ध्येयलाइ टेवा पुऱ्याउने हुनुपर्छ । श्री ५ को सरकारका स्पष्ट सांस्कृतिक नीति र कार्यान्वियनकारी संयन्त्र छैन । यसका अभावमा विदेशी संस्कृतिका नकारात्मक प्रभावले नयाँ पुस्ता ग्रस्त भइरहेको छ र मानसिक उपनिवेशवादको स्थिति पैदा हुने खतरा बढेको छ । राष्ट्रिय एकता र विश्व भ्रातृत्व वढाउँदै व्यापक नेपालीको जीवन सुन्दर, गुणात्मक र व्यक्तित्वपूर्ण वनाई राष्ट्रिय ध्येयमा अग्रसर हुन सामाजिक–सांस्कृतिक क्षेत्रमा आधुनिकीकरण गर्नु आवश्यक छ र यस क्षेत्रमा गरिएको लगानी पनि अन्य क्षेत्रमा लगाएको आर्थिक लगानी जतिकै फलदायक हुन्छ । आर्थिक र सामाजिक सांस्कृतिक विकास साथसाथै नलगी राष्ट्रको सर्वाङ्गीण विकास हुन सक्तैन । यसकारण स्पष्ट सामाजिक–सांस्कृतिक नीति, र योजनावद्ध कार्यक्रम वनाई "देशभरमा आधुनिक प्रक्रियाद्वारा सामाजिक सांस्कृतिक पुनर्जागरणको आवश्यकता छ जसबाट सम्पूर्ण जातिउपजातिहरू कुममा कुम जोडेर राष्ट्रिय प्रवाहमा सम्मिलित हुन सकून ।

कीर्तिपुर, काठमाडौं । O

नेपालका युनेस्को क्लवहरूको राष्ट्रिय संघ र नारायणी युनेस्को क्लवको संयुक्त तत्वावधानमा आयोजित, "नेपालका सन्दर्भमा आधुनिकीकरण" विषयमा भएको गोष्ठीमा प्रस्तुत गोष्ठी पत्रको काटछाँटका साथ यो लेख तयार गरिएको हो । –लेखक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकार

को

जुनाफमा

सभक्तिपूर्वक मंगलमय शुभ-कामना

चढाउँदछौं !

हेटौंडा कपडा उद्योग लिमिटेड

हेटौंडा औद्योगिक क्षेत्र

हेटौंडा : नारायणी अञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृषि सामग्री संस्थान
एक परिचय

आधुनिक कृषि उपकरणहरूको प्रयोग गरी कृषि उत्पादनमा वृद्धि ल्याउन २०२२ सालमा सरकारी क्षेत्रमा कृषि सप्लाई संस्थानको स्थापना भएको हो । कृषि सामग्री र कृषि उत्पादन एउटै निकायबाट संचालन हुन सकेमा बढी क्रियाशीलता आउँछ भन्ने धारणाले २०२१ सालमा स्थापित खाद्य व्यवस्था संस्थानलाइ एउटै अंगमा मिलाई २०२९ सालमा कृषि खरीद बिक्री संस्थानको स्थापना भयो । २०३१ साल माघमा श्री ५ को सरकारले धान चामल निर्यात गर्न भिन्दै एकाई गठन गर्ने नीति लिएकोले नेपाल खाद्य संस्थानको भिन्दै अस्तित्व कायम गरी कृषि खरीद बिक्री संस्थानलाई कृषि सामग्री संस्थानमा परिणत गरियो । यसरी २०२२ सालमा गठित कृषि सप्लाई संस्थानको अर्को रूप कृषि सामग्री संस्थान हो ।

कृषि सामग्री संस्थान पूर्ण सरकारी क्षेत्रमा स्थापना भएकोले यस संस्थानको निर्धारित सेयर पूंजी केही पनि छैन । सस्थानको कार्य सन्चालनार्थ आवश्यकता अनुरूप समय समयमा श्री ५ को सरकारले पूंजी लगानी गर्दछ र हालसम्म श्री ५ को सरकारबाट रू.७.०८४ करोड यस संस्थानमा पूंजीको रूपमा लगानी गरिसकेको छ । यसको अतिरिक्त श्री ५ को सरकारले ढुवानी अनुदान, गोदाम निर्माणको लागि समेत पूंजी दिने गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृषि सामग्री संस्थानको मुख्य उद्देश्य कृषकहरूलाई सुपथ मूल्यमा सरल तरीकाबाट कृषि सामग्रीहरू जस्तो रासायनिक मल, उन्नत बीउ कृषि औजार तथा कीटनाशक औषधी वितरण गर्नु हो। यसको लागि आफ्नो देशमा उत्पादन नहुने रासायनिक मल, विश्व बजारबाट आयात गरी कृषकहरूको माग अनुसार उपलब्ध गराउँछ। साथै समयमा उपलब्ध गराउन कतिपय कारणहरूले बाधा दिने र विश्व बजारमा नै उपलब्ध हुन नसक्ने तथ्यलाई विचार गरी ६ महीनाको स्टक राख्ने संस्थानले नीति अपनाएको छ। यसको अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट श्री ५ को सरकारलाई प्राप्त मलको बिक्री वितरण गर्ने कार्य पनि यस संस्थानले गर्दछ।

उन्नत बीउ बिजनमा संस्थान पूर्णतया आत्मनिर्भर छ। उन्नत बीउको विभिन्न क्षेत्रबाट भएको माग संकलन गरी सोही अनुरूप बीउ विभिन्न कृषकहरूलाइ बिज वृद्धि कार्यक्रममा संलग्न गराइएकातर्फ कृषकहरूलाई आर्थिक मद्दत दिदै आएको छ भने अर्कोतिर आवश्यक मात्रामा बीउ संकलन पनि गरेको छ। त्यस्तै सरकारी फार्ममा उत्पादित बीउ पनि यसले परिचालन गर्दछ। यसरी संकलित बीउ संस्थानको मातहतमा रहेको हेटौंडा बीज उत्पादन तथा प्रशोधन केन्द्रमा दक्ष प्राविधिकको निरीक्षणमा बीज प्रशोधित तथा औषधो-पचार गराई वितरण गराइन्छ।

कृषि औजार सम्बन्धमा देशमा निर्माण नहुने ठूला औजारहरू विदेशबाट आयात गरी पूर्ति गरिन्छ भने देशमा निर्माण हुने औजारहरू परिचालन गर्न यस संस्थानले कृषि औजार कारखानालाई (मद्दत) सघाउ पुर्याउँछ।

किटनाशक औषधीमा कृषि विभागको कीट विज्ञान शाखाले सिफारिश गरेको देशमा उपलब्ध नहुने कीट तथा रोग नाशक औषधीहरू तेस्रो देशहरू खास गरेर भारतबाट पैठारी गर्दछ। भारतमा प्राप्त नहुने कीट तथा रोग नाशक औषधीहरू मात्र साधारणतया बाहिरबाट झिकाइन्छ।

यी सम्पूर्ण क्रियाकलापहरू सम्पन्न गर्न कृषि सामग्री संस्थानको टेकू कुलेश्वरमा एक प्रधान कार्यालय लगायत अधिराज्यमा तीन क्षेत्रीय कार्यालय, ४ मुख्यशाखा कार्यालय, १२ शाखा, १८ उपशाखा र २० बिक्री केन्द्रहरू कार्यरत छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्थानका कार्यालयहरू साधारणतया खुद्रा बिक्रीमा सरीक हुँदैनन्। खुद्रा बिक्री डिलरहरू मार्फत गरिन्छ । संस्थानका कार्यालयहरू प्रचार प्रसार गर्ने कार्य, जिल्लाको माग संकलन गर्ने कार्य सामग्रीहरू जिल्लाहरूमा सुचारू-रूपले उपलब्ध गराउन तथा निकट पहाडी क्षेत्रहरूमा अनुदान कार्यक्रम अन्तर्गत मल बीउ उपलब्ध गराइन्छ ।

संस्थानले बाहिरबाट आयात गरिएका सामग्रीहरू माग अनुसार बिभिन्न जिल्लामा पठाइन्छ र डिलरहरूले आफ्नो क्षमता अनुसार सामग्रीहरू संस्थानको जिल्लास्थित कार्यालयबाट लिन्छन् । सामग्रीहरू दिंदा व्यक्तिगत डिलरहरूलाइ भन्दा संस्थागत डिलरहरूलाइ प्राथमिकता दिइन्छ । केवल संस्थागत डिलरहरू नभएको क्षेत्रमा मात्र व्यक्तिगत डिलरहरू कायम गरी सामग्रीहरू बिक्री वितरण हुन्छ ।

संस्थानको सुरू वर्ष २०२२ सालमा २०९६ मे. टन रासायनिक मल र १६२ मे. टन बीउ बिक्री भएको थियो भने गत आ. व. ०३३।३४ मा ३७,८३५ मे. टन मल र २२७४ मे. टन बीउ बिक्री गर्न सफल भएको छ । यस प्रकार २०२२ सालदेखि आ.व ०३३।३४ को अवधिमा जम्मा रासायनिक २,६३,९१९ मे. टन मल १३, १०७ मे. टन बीउ तथा कृषि औजार र किटना-शक औषधी क्रमशः रू. ३,७८,७१,७८७ र रू. ४४,७६,७४९ को बिक्री वितरण गरेको छ ।

रासायनिक मलको प्रयोग अधिकांश धान र गहुंमा भएको पाइन्छ। सुरूमा यसको प्रयोग केवल धान बालीमा सीमित थिए तर हाल केही वर्ष यता गहुंमा रासायनिक मलको प्रयोग अप्रत्याशित रूपले बढेको पाइन्छ। अन्य बालीको हकमा उखु, सुर्ति, तथा जुट जस्ता नगदे बालीमा पनि प्रयोग हुन्छ ।

चि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—जगदीश घिमिरे

को बौद्धिक ?

समसामयिक नेपाली साक्षर जगत्मा यौटा शब्दको सबभन्दा बढ्ता दुरुपयोग भएको छ । त्यो अभागी शब्द हो—बुद्धिजीवी ।

शब्दकोश[१] अनुसार यस शब्दको अर्थ हो--बौद्धिक कामबाट जीविका गर्ने; बुद्धिले जीविका गर्ने ।

यो परिभाषा मान्ने हो भने लगत्तै प्रश्न उठ्छ–को बुद्धिजीवी होइन ? नेपालका ५१,०३३[२] राजपत्र अनंकित सरकारी कर्मचारीहरू बुद्धिले जीविका गर्दछन् कि बलले ? सबभन्दा तल्लो तहकालाइ श्रमप्रधान कामले जीविका गर्ने भने पनि अरू बाँकी, जस्तो बहिदार, मुखिया, खरदार र नायब सुब्बा सरहका-हरूलाइ बुद्धिप्रधान कामले जीविका गर्ने होइनन् भन्न मिल्दैन । सोभन्दा माथ्ला विभिन्न तहका ५,६२८ कर्मचारीहरू त झन् दर्जैले बुद्धिजीवी भैहाले ।

गैर सरकारी क्षेत्रका यस्तै तर यिनीहरूभन्दा संख्यामा केही कम कारिन्दा र हाकिमहरूलाइ पनि बुद्धिजीवी नै मान्नुपर्दछ ।

व्यापारी वर्गलाइ पनि बुद्धिले जीविका गर्ने होइनन् भन्न मिल्दैन ।

राजनैतिक कार्यकर्ताहरू पनि बुद्धिकै भरमा काम गर्दछन् ।

किसानहरू पनि केवल मूढे बलको भरमा सफल हुन सक्तैनन् । सफल किसान हुनका लागि बिउ बिजनको पहिचान, मलको बजार व्यवस्थाको किटाणु नाशक औषधीहरू र सरकारी नीति लगायत सबै आवश्यक कुराहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्याप्त ज्ञान हुनु अनिवार्य छ । त्यति ज्ञान हुने किसानलाइ बुद्धिजीवी होइन भन्न मिल्दैन ।

साहित्यकार, पत्रकार, डाक्टर, वकिल, मास्टर, प्राध्यापक, पंच, महापञ्च, मंत्री, न्यायाधीश, सामाजिक कार्यकर्ता, ग्रामीण जाली फटाहा वा अग्रुवा, विगतका वर्षहरूमा भएका बुद्धिजीवी सम्मेलनका सहभागीहरू, प्रज्ञा प्रतिष्ठानका सदस्यहरू, अंचलाधीशहरू, राजसभाका सदस्यहरू तथा देशका विशिष्ट नागरिकहरूको अस्तित्वको आधार नै बौद्धिक क्रियाकलाप हो, ती स्वतः बुद्धिजीवी हुन् ।

यसरी सवा करोड जति नागरिक र करिब पचास लाख जति वयस्क नागरिकहरू भएको यस देशमा पचासै लाख उमेर पुगेकाहरू बुद्धिजीवी हुने भए । 'मेल शोभिनिस्ट पिग' भएर भन्ने हो र नेपालको वालिग जनसंख्यावाट सबै नारीलाइ बुध्दिजीवी होइनन् भनेर हटाइदिने हो भने पनि बुद्धिजीवी पुरुषहरूको संख्या पच्चिस लाख हुने भयो । अथवा बुद्धिजीवीमा नारी र पुरुष दुवै लिने हो र शत प्रतिशत वालिग जनसंख्या बुद्धिजीवी हुन सक्तैनन् अतः त्यसको आधारलाइ बुद्धिजीवी मान्ने भन्ने हो भने पनि नेपालमा कमभन्दा कम पच्चिस लाख बुद्धिजीवी त हुने नै भए । नेपालको जम्माजम्मी जनसंख्याको २० प्रतिशत बुद्धिजीवी ! कस्तो चमत्कार !

जम्मा जनसंख्याको २० प्रतिशत बुद्धिजीवीहरू यस देशमा भैदिए यो देशको हालत यस्तै हुने थियो ?

हामीकहाँ त्यति बुद्धिजीवी छैनन् । कुनै पनि समाजमा त्यस अनुपातमा बुद्धिजीवी हुन सक्तैनन् । अतः बुद्धिजीवी शब्द र यसको अर्थलाइ फेरि केलाउनु आवश्यक छ ।

अंग्रेजी शब्द Intellectual को सोझो अनुवाद गरिन्छ बुद्धिजीवी र Intellegent sia को बुद्धिजीवी वर्ग । संस्कृतमा बुद्धिजीवी कसलाइ भनिन्छ, सायद त्यसमा ध्यान दिइँदैन । मनुस्मृति अनुसार पशु पनि बुद्धिजीवी हुन् ।[१]

भूतानां प्राणिनः श्रेष्ठा प्राणिनां बुद्धिजीवितः
बुद्धिमत्सु नरा श्रेष्ठा नरेषु ब्राह्मणाः स्मृता ।।९६।।

के उसो भए पशु पनि बुद्धिजीवी हुन् ? अवश्य हुन् । ती पनि बुद्धिकै प्रधानताले बाँच्नछन् अनि के हाम्रो समाजमा बुद्धिजीवी भनिने मान्छेहरू पनि पशु हुन् ? अवश्य हुन् । ती पशुताभन्दा कति माथि पो उक्लेका छन् र ? नभए यस समाजको, यस देशको यही गति हुने थियो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा 'बुद्धिजीवी' शब्द नै भ्रामक छ जस्तो लाग्छ मलाइ। त्यस कारण अंग्रेजीको 'Intellectual' जनाउन 'बौध्दिक' शब्द र 'Intelligent sia' जनाउन 'बौध्दिक समुदाय', 'बौध्दिक वर्ग' वा 'बौध्दिक अगुवा' को प्रयोग हुनुपर्दछ भन्ने ठान्दछु। यस लेखमा त्यसै गरेको छु अब उप्रान्त।

बौध्दिक त्यो हो जसलाइ अरू बौध्दिकहरूले बौद्धिक मान्दछन्, जस्तो महसूर गँजडी त्यो हो जसलाइ अरू महसूर गँजडीहरूले महसूर गँजडी मान्दछन् अथवा सक्कली जँडयाहा त्यो हो जसलाइ अरू सक्कली जँडयाहाहरूले सक्कली जँडयाहा मान्दछन्। आफुले आफैंलाइ मान्ने त धेरै होलान्—त्यसको केही अर्थ हुँदैन।

उसो भए नेपाली बौध्दिकले कसलाइ बौध्दिक मान्दछन्?

यस संदर्भमा कमल पी. मल्लको केही वर्ष अघिको एउटा लेख प्रासंगिक हुन आउँछ। [४] हुन त उहाँ बौध्दिक हुन उच्च शैक्षिक प्रमाणपत्र हुनु जरूरी छैन, तथा प्रत्येक उच्च शैक्षिक प्रमाणपत्रधारी अनिवार्यतः बौध्दिक हुँदैन भन्नुहुन्छ, तापनि उहाँले १९७३ मा नेपाली बौध्दिकहरूको सूचीमा राख्नुभएका व्यक्तिहरू यी हुन्—नगेन्द्रमणि आचार्य दीक्षित, रामप्रसाद मानन्धर, नारायणबहादुर मानन्धर, वाई. पी. पन्त, ध्रुवमान अमात्य, बलराम जोशी र श्रीमती त्रैलोक्यमान श्रेष्ठ, उपेन्द्रमान मल्ल, यदुनाथ खनाल, त्रैलोक्यनाथ उप्रेती, पन्नालाल प्रधान, कृष्णप्रसाद शर्मा, शंकरप्रसाद प्रधान, दिव्यदेव भट्ट, पशुपति समसेर, भेषबहादुर थापा, बी. पी. श्रेष्ठ, हर्कबहादुर गुरुङ्ग, एम. मोहसिन, जगदीशप्रसाद शर्मा, कुलशेखर शर्मा, बालचन्द्र शर्मा, के. बी मल्ल, रामचन्द्र मलहोत्रा, शम्भुप्रसाद ज्ञवाली, केशरबहादुर के. सी., महेशचन्द्र रेग्मी, डी. आर. रेग्मी, सूर्यप्रसाद उपाध्याय, ऋषिकेश शाह आदि।

उपर्युक्त नाउँहरूका अगाडि बौध्दिक शब्दका विभिन्न पर्यायवाची र समानार्थक विशेषणहरू परेका छन्।

यी सबैमा एउटा समानता छ, त्यो के भने यिनीहरूसंग पीएच. डी. को उपाधि वा छ लगभग सो सरहको प्रमाणपत्र छ। सोर्फ नभने पनि कमल पी. मल्लको विचारमा बौद्धिक हुन पीएच. डी. को उपाधि वा लगभग सो सरहको प्रमाणपत्र नै बौध्दिक हुनुको प्रमाण पत्र हो। कति हास्यास्पद विचार!

एउटा सानो प्रश्न—हू इज हू नेपालमा उल्लेख भएका कति जनालाइ समसामयिक नेपाली होइनन् भन्न सकिन्छ?

८४०३-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमल पी. मल्लका अनुसार लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम नेपाली साहित्यकारहरू हुन् अर्थात् बौद्धिक होइनन् । म दावा गर्छु– यिनीहरू यस समाजमा बौद्धिक कहलाउन योग्य मानिंदैनन् भने नेपालमा कोही पनि बौद्धिक छैन । मलाइ लाग्छ यिनीहरू नेपाली समाजका मात्र होइन विश्व बौद्धिक समुदायका सदस्य हुन् ।

बौद्धिक हुन पीएच. डी. गर्नु पर्दैन ।

सबभन्दा ठुलो नेपाली बौद्धिक को भनेर सोधे म अलिकति पनि नहिच्किचाईकन भन्छु– गौतम बुद्ध, जससंग कुनै पनि प्रमाणपत्र थिएन ।

कमल पी. मल्लले त्यस लेखमा नेपाली समाजमा रसेल, सार्त्र हवंट मारक्युस, नोभ चुम्स्की, ग्याल ब्रेथ, मार्शल म्याक्लु हान्स खोज्नु व्यर्थ हो, त्यस्ता कोही पनि छैनन् भन्नुभएको छ । यो सांचो हो । यो त्यस्तै सांचो हो जस्तो नेपालमा अफ्रिकी दुईसिंगे गैंडा खोज्नु व्यर्थ हो भन्नु अथवा नेपालमा आइन्सटाइन खोज्नु व्यर्थ हो भन्नु ।

अमेरिकी स्वाधीनता र पश्चिमी पुनर्जागरण र औद्योगिक क्रान्तिको कति शताब्दीपछि जन्मिए ती माथिका मान्छेहरू ? मानव समाजको विकास क्रममा कहां छ नेपाली समाज ?

प्रत्येक क्षेत्रमा हामीले आफुलाइ पश्चिमको औद्योगिक क्षेत्रमा अत्यन्त अगाडि पुगेको समाजको तुलोमा जोड्न खोज्नु हामीहरूको मानसिक दासता भन्दा बाहेक के हो ?

बौद्धिक विकासका लागि आधुनिक स्कूल, कलेज र विश्वविद्यालयको बिकास अनिवार्य हुने भए, त्यस्ता आधुनिक शिक्षण संस्थाहरूको प्रादुर्भाव भन्दा अघि संसारको सारा बौद्धिक, दार्शनिक र साहित्यिक उपलब्धि शून्य हुनुपर्ने थियो, जुन भएको छैन । के बाह्रौं शताब्दीमा अक्सफोर्ड र केम्ब्रिज विश्वविद्यालयहरूको स्थापना हुनु अघि बेलायतमा बौद्धिक हुंदैनथे ?

कुनै पनि समाजको कुनै पनि पक्षको अध्ययन गर्दा सो समाज मानव इतिहासको विकास क्रममा कहांनिर छ र त्यस समाजको बनावट, त्यसका विभिन्न अवयवहरू र तिनका पारस्परिक सम्बन्धहरू, त्यस समाज व्यवस्था र अन्य समाज व्यवस्थाको मूलभूत भिन्नता आदि के कस्ता छन् भन्ने कुरामा सर्वाधिक ध्यान दिनु अनिवार्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येक कुरा परिवर्तनशील छ - समाज पनि जड हुँदैन। यो बदलिन्छ। यसलाइ बदलन सघाउने अथवा छेक्ने दुवै तत्वहरूको भूमिका बेग्लै समाजहरूमा बेग्ला बेग्लै हुन्छ। हामी कुनै खास पक्षको–जुन पक्षको अध्ययन गर्दछौं– त्यस संदर्भमा ती बदलन सघाउने वा अवरोध पुऱ्याउने तत्वहरूको भूमिकाको प्रत्यक्ष वा परोक्ष के कस्तो प्रभाव परेको हुन्छ–त्यतापट्टि पनि गहिरिएर विचार गर्नु पर्दछ।

उपरोक्त कुराहरूमा यथेष्ट दृष्टि नपुऱ्याउने हो भने कुनै पनि समाज वैज्ञानिक अध्ययन अल्लारे केटाको ठाउँ न कुठाउँको कुरकुरें बैंसको अभिव्यक्ति हुन जान्छ; समाजशास्त्री सी. राइट मिलस यसै भन्छन्।[५]

हाम्रो समाज कहाँनिर छ? हामीले मध्ययुगबाट मुक्तिको लागि संघर्ष थालेको भर्खरै सत्ताइस वर्ष भयो। हाम्रो औद्योगिक विकास गर्भावस्थामा छ। हाम्रा इन्फ्राइस्ट्रक्चर अत्यन्त अविकसित अवस्थामा छन्। हामीले साक्षरतामा द्रुत गतिले प्रगति गऱ्यौं र विगत दुई तीन दशकमा बल्ल तल्ल २० प्रतिशत साक्षर भयौं। गएको चौथाइ सताब्दीमा यहाँ भएको सबभन्दा ठुलो सामाजिक परिवर्तन–जात पातका पर्खालहरू जर्ग समेत ढल्दैछन्। यसै कालमा हाम्रो समाजले बौद्धिक समुदायको अस्तित्वको आभास पायो––चाहे जस्ता हुन्। यस कालका बौद्धिक समुदाय अन्तर्राष्ट्रिय बौद्धिक पृष्ठभूमिमा यस माटोका उपज हुन्। विभिन्न वाद आए, विवाद आए। विश्व बौद्धिक समुदायलाइ सर्वाधिक प्रभाव पार्ने मार्क्सवाद, फ्रायडवाद र अराज्यवाद (ANARCHISM) र तिनका विभिन्न रूपान्तरण र परिष्करणहरूबाट नेपाली बौद्धिकहरू अप्रभावित रहेनन्। राजनैतिक पौरूषता, शिखण्डीपना, अवसरवादिता र चाटुकारिता पनि आए। विभिन्न राजनैतिक प्रयोग भए यस संक्रमण स्थितिमा हाम्रा समस्त सामाजिक सम्बन्धहरू परिवर्तनमुखी भए।

यस स्थितिमा अहिले नै हामीले नेपाली समाजमा सार्त्र र रसेल खोज्नु गाईको गर्भबाट ऊँट जन्माउन खोज्नु हो। अथवा कुनै पनि नेपालीले बौद्धिक क्षेत्रमा नोवेल पुरस्कार पाएका छैनन्, त्यस कारण नेपालमा बौद्धिक छैनन् भन्नु हो। अथवा नेपाली समाजले अहसम्म किन भ्यालेन्टिना तेरेस्कोवा र नील आर्मस्ट्रङ्ग जस्ता अन्तरिक्ष यात्री जन्माएन वा किन अणुबम परीक्षण गरेन वा किन काठमाडौंदेखि मुस्ताङ्गसम्म बिजुलीले चल्ने रेलगाडी चलाएन भन्नु हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो समाजमा बौद्धिक कसलाइ भन्ने ?

कुनै पनि समाज स्तरीकृत हुन्छ--स्तरमा नबाँडिएको समाज अहिलेसम्मको मानव इतिहासमा भएको छैन । समाजमा विभिन्न थरीका अगुवाहरू हुन्छन्--कोही धनका अगुवा, कोही बलका अगुवा, कोही बुद्धिका अगुवा, कोही राजनीतिका अगुवा । यस्ता प्रत्येक वर्गका अगुवाको आ-आफ्नो पहिचान हुन्छ, विशेषता हुन्छ, गुण हुन्छ । यिनीहरू कामले चिनिन्छन् ।

जुन कुरो औद्योगिक समाजमा एउटा बौद्धिकले गर्छ त्यही कुरा एउटा तथाकथित आदिम समाजमा एउटा धामीले गर्छ, अथवा धर्मोपदेशकले गर्छ, अथवा एउटा बुढोपाकोले गर्छ अथवा राजनैतिक विजेताले गर्छ । संचार माध्यम बेग्लै हुन्छन् तर कार्य मोटामोटी रूपमा उही हुन्छ । एउटाले आफ्नो विचार पत्रिकामा छपाउँछ । अर्कोले धुनि ताप्दाखेरि गफ गर्छ । एउटाले इटोभिक रेडिएटर बनाउने ठाउँका बारेमा मन्तव्य जनाउला अर्कोले गाउँमा हाटलाग्ने ठाउँको निधो गर्ला । काम दुइटा हुन्छन् तर समाजमा त्यस बौद्धिक अगुवाले पार्ने प्रभाव उही हो ।

नेपालकै उदाहरण लिउँ—दिव्य उपदेश दिने पृथ्वीनारायण शाह के बौद्धिक होइनन् ? एशियामा उपनिवेशवादी शासन खतम गर्नु पर्छ भनेर एशियाली एकता संगठित गर्न खोज्ने भीमसेन थापा के अबौद्धिक हुन् ? के जङ्गबहादुर मूर्ख हुन् ? नेपालको यति लामो इतिहासमा जजसले यो देश बनाउने, चलाउने जोगाउने संदर्भमा जे जति बौद्धिक योगदान दिए, अनेकानेक थिति-रीति बनाए—के ती सबै मूर्ख थिए ? के तिनीहरूलाइ बौद्धिक होइनन् भन्न सुहाउँछ ?—किनभने तिनीहरूसंग पीएच. डी. को प्रमाण-पत्र थिएन; अथवा तिनीहरूले घटिया दर्जाको भए पनि अंग्रेजीमा लेख लेख्न र एक शब्द नेपालीमा बोले तीन शब्द अंग्रेजी मिसाएर टाइँ फाइँ गर्न जानेका थिएनन् ?

बौद्धिकको सिङ पुच्छर हुँदैन । (पीएच. डी. को पुछर हुनु पनि आवश्यक छैन, न छ कुनै पनि तहको प्रमाणपत्र हुनु ।) बौद्धिक हुनका लागि प्राध्यापक, सेक्सन अफिसर वा पत्रकार हुनु पर्दैन । न त महाज्ञानी, महापंडित, महासन्त, महन्त नै हुनु आवश्यक छ ।

बौद्धिक जगत्को प्रत्येक सहभागी बौद्धिक हुन्छ ।

कुनै भाग्यमानी यदि बाबुको सम्पत्तिका बलले एम. ए. पास गर्दछ, ससुराका सोर्सले प्राध्यापक हुन्छ, मामाको सूत्रले फुलब्राइट स्कलरशिप पड्काएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कमिलाको उर्ध्वंभागी चाल' भन्ने जस्तो खालको विषयमा (अधिकांश पीएच. डी यस्तै खालका विषयमा भएको सुनिन्छ) अमेरिकाको सबभन्दा घटिया दर्जाको विश्वविद्यालयबाट पीएच. डी. को प्रमाणत्र लिएर आउँछ भने के त्यो महान् बुद्धिजीवी हुन्छ ? यस्तै जागीर खाएकाहरूलाइ जागीरकै कामको संदर्भमा विदेश गएर पीएच. डी. गर्ने अवसर आउँछ। तिनीहरू काजमा खटिएर जान्छन्। तलब भत्ता पकाउँदै डिग्री पनि पाइहाल्छन्। यस्ता डिग्री कमाउनेहरूले जागीर खाएको मान्ने कि बौद्धिक प्रतिभा देखाएको ? आजसम्म कति जना नेपालीले सांच्चै नै बौद्धिक तिर्खाको लागि रिसर्च गरेर पीएच. डी. लिएका छन् ?

न योगी नरहरी नाथले पी एच. डी. को प्रमाणपत्र पाएका छन् न महेशचन्द्र रेग्मीले।

के यिनीहरू यस समाजका मूर्खहरू हुन् ?

बौद्धिकका पश्चिमी विशेषज्ञहरूले दिएका बौद्धिकका केही परिभाषा हेरौं—

१. कोशकार बेब्सटरका अनुसार बौद्धिक त्यो हो जो— Engaged in activity requiring the creative use of the intelect हुन्छ।

१. समाजशास्त्री टी. बी. बोटोमोरका अनुसार--The intelectuals, on the other hand are generally regarded as comprising the much smallar group of those who contribute to the creation, transmission and criticism of ideas; they include writers, artists, scientists, philosophers, religious thinkers, social theorists, political commentators.

३. अर्का समाजशास्त्री एडवर्ड शील्सका अनुसार--In every society, however, there are some persons with an unusual sensitivity to the sacred, an uncommon reflectivenes as about the nature of their universe and the rules which govern their society. There is in every society a minority of persons who more than the ordinary run of their fellow man, are inquiring and desirous of being in frequent communication with symbols which are more general than the imme-

पुस ३९८ Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

diate concrete situations of everyday life and remote in their reference to both time and space. In this minority, there is a need to externalize the quest in real and written discourse, in poetic or plastic expression, in historical reminiscence or writing, in ritual performance and acts of worship.

यी अधिकारीक विद्वानहरूका उक्ति हुन् । कुनैले पनि बौद्धिक हुनका लागि कुनै प्रमाणपत्र चाहिन्छ भन्दैनन् ।

प्रमाणपत्रधारी जन्तुहरू को हुन् ?

प्रमाणपत्रले व्यक्तिलाइ बढीभन्दा बढी विशेषज्ञ बनाउँछ । र जति जति माथ्लो तहका प्रमाणपत्र बटुल्दै गयो व्यक्ति उति उति संकीर्ण विशेषज्ञ हुँदै जान्छ । उसको ज्ञानको घेरा उति सीमित हुँदै जान्छ ।

अतः एउटा विशेषज्ञ र बौद्धिकमा फरक हुन्छ । जतिसुकै ठुलो विशेषज्ञ होस्, ऊ केवल विशेषज्ञ हो भने उसलाइ बौद्धिक भन्न मिल्दैन । त्यसै गरी जतिसुकै ठुलो बौद्धिक होस् ऊ विशेषज्ञ हुन सक्तैन । तर अधिकांश के देखा पर्दछ भने, विशेषज्ञहरूमा बौध्दिकमा हुने गुणहरू पनि हुन्छन् र बौध्दिकहरूमा विशेषज्ञ पनि पाइन्छन् । यसो हुन्छ भन्दैमा विशेषज्ञ र बौध्दिकलाइ उही भन्न मिल्दैन ।

आंखाको विशेषज्ञ डाक्टर के हो ? अथवा दिसा पिशाब जांच्ने बिशेषज्ञ डाक्टर के हो ? अथवा फौजदारी मुद्दाको विशेषज्ञ वकील के हो ? अथवा एउटा पीएच. डी. जागीरे के हो ? अथवा दस्तोव्स्कीका उपन्यासहरूको मर्मज्ञ के हो ?

यी सबै विशेषज्ञ हुन् । तर यिनीहरूमा विशेषज्ञका अतिरिक्त बौद्धिकमा हुनुपर्ने गुणहरू पनि छन् भने बौद्धिक हुन सक्छन् ।

त्यसै गरी एउटा वेदको प्रकाण्ड पण्डित के हो ? अथवा आधुनिक साहित्यको ठुलो जानकार के हो ? अथवा महान् दार्शनिक के हो ? अथवा एउटा ठुलो कोशकार के हो ? अथवा, नेपाली समाजमा जुन बरावर सुनिन्छ--फलानो त धुरन्धर अध्येता; उहांलाइ यस ब्रह्माण्डको सारा ज्ञेयको ज्ञान छ--उहां महान् 'बुद्धिजीवी' हुनुहुन्छ ।

त्यसो होइन । यिनीहरू आ-आपना क्षेत्रका जानकार हुन सक्छन् । तर बौद्धिक हुन समाजलाइ केही दिएको पनि हुनुपर्छ --केवल समाजसंग लिएर आफुसंग थुपारेको ज्ञान जुन मर्दाखेरि संगै जान्छ--त्यस्ता पण्डितलाइ बौद्धिक भन्न मिल्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा बौद्धिकमा हुनुपर्ने सर्वप्रमुख पूर्वापेक्षा हो––दृष्टिकोणको सार्वजनिक सचार ।

यसका लागि कुनै प्रमाणपत्रको अनिवार्यता हुँदैन । र कस्तै कुनै प्रमाणपत्रधारी भए पनि दृष्टिकोणको सार्वजनिक संचार नगर्ने व्यक्ति हो भने बौद्धिक कहलाउन योग्य हुँदैन ।

कुनै पनि समाजका बौद्धिक ती अल्पसंख्यकहरू हुन्छन्, जो जीवन र जगत् सम्बन्धी मान्यता, मूल्य र समस्याहरू प्रति औसत व्यक्तिभन्दा बढी संवेदनशील र सचेत हुनका साथै आफ्नो दृष्टिकोण व्यापक रूपमा (समाजमा उपलब्ध माध्यमहरूद्वारा) जनसाधारणसम्म संचारित गर्दछन् ।

जागीर खाने प्रमुख कार्यका सिलसिलामा फोसामा पीएच.डी.वा कुनै उच्च शैक्षिक प्रमाणपत्र पाउने अथवा संसारैभरिको बौद्धिकता हुने कुनै पनि व्यक्तिलाइ बौद्धिक भन्न मिल्दैन जो आफ्ना विचारहरू सार्वजनिकरूपमा अरुहरू समक्ष पुऱ्याउँदैनन् ।

विचारको सार्वजनिक संचार नै आजको बौद्धिकताको कसी हो कुनै पनि शैक्षिक प्रमाणपत्र होइन । ○

डिल्लीबजार, काठमाडौं ।

सन्दर्भहरू

१. बालचन्द्र शर्माद्वारा सम्पादित नेपाली शब्दकोश, २०१९ ।

२. दि युनाइटेड नेशन्स सेमिनार अन पार्टिसिपेसन अफ ओमेन इन पलिटिकल, इकोनोमिक एण्ड सोशल डेभलपमेन्ट, नेपाल कन्ट्री पेपर फेब्रुअरी १५-२२,- १९७७ ।

३. मनुस्मृति: अध्याय १ श्लोक ९६ ।

४. कमल पी. मल्ल(२०२७)'नेपाली समाजमा बुद्धिजीवी १ र २ : रूप-रेखा पूर्णाङ्क १०८ र १०९

५. सी. राइट मिल्स (१९५९) दि सोसियोलोजिकल इम्याजिनेशन अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

६. वेब्स्टर्स सेवेन्थ न्यू कलेजिएट डिक्शनरी १९६३ ।

७. टी बी. बोटोमोर (१९६७) एलिटस एण्ड सोसाइटी पेलिकन

८ चार्ल्स कादुसिन (१९७२) दि अमेरिकन इन्टेलेक्चुअल एलिट, लिण्टेल ब्राउन एण्ड कम्पनी, बोस्टन, टोरन्टोबाट उद्धृत ।

○

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल खाद्य संस्थान
एक झलक

स्थापित:—२०३१ साल मार्ग १७

मुख्य उद्देश्यहरू :

१. खाद्यान्न अधिक हुने क्षेत्रबाट संकलन गरी अभाव हुने क्षेत्रहरूमा आपूर्ति गर्ने।

२. खाद्यान्नको मूल्यमा स्थिरता कायम गर्ने र खाद्यान्नाभाव हुने क्षेत्रहरूमा हुने अनियन्त्रित वजार भाउ वृद्धिमा नियन्त्रण गर्ने।

३. खाद्यान्न संचय र संरक्षणको लागि आधुनिक गोदामघरहरूको व्यवस्था-गर्ने।

४. पहाडी क्षेत्रमा हुने मौसमी आधिक्यको लागि आवश्यक वजार उपलब्ध गराउने।

५. अप्रत्याशित स्थितिबाट सिर्जना हुन सक्ने खाद्यान्नाभावको लागि आवश्यक हुने रिजर्भ स्टक राख्ने।

संगठनात्मक स्वरूप :

१. प्रधान कार्यालय काठमाडौंमा रहेको छ।

२. चार बिकास क्षेत्रहरूमा ४ क्षेत्रीय-कार्यालय र अन्य जिल्लाहरूमा कार्य-बोझ हेरी ५ मुख्य शाखा कार्यालय-हरू, १० शाखा कार्यालयहरू र ४२ उप-शाखा कार्यालय रहेका छन्। यसको अतिरिक्त दुई जिल्ला कार्या-लयहरूमा जिल्ला कार्यालयकै रेखदेख संस्थानको कर्मचारी राखी खाद्यान्न बिक्री वितरण गर्ने कार्य गरी आए-को छ। यसरी हाल सम्ममा संस्था-नको ६४ कार्यालयहरू खडा भइसके-का छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपूर्ति व्यवस्था

धान चामल निर्यात कम्पनीहरूले निकासी गरेको चामलको २० प्रतिशत लेभी श्री ५ को सरकारबाट निर्धारित मूल्यमा संस्थानले खरीद गरी बिक्री वितरणको लागि उपलब्ध गराउँदछ। अन्य खाद्यान्नहरूको हकमा खुल्ला बजारबाट खरीद गरी उपलब्ध गराइएको छ। बिक्री वितरणको लागि उपलब्ध गराइने खाद्यान्न संभव भएसम्म साझा वा पंचायत वा नीजि क्षेत्रका व्यापारीहरूको माध्यमद्वारा उपलब्ध गराई आएको छ र सो नभएका स्थानहरूमा सस्थानकै कार्यालयबाट उपलब्ध गराई आएको छ।

कारोबार गरिआएका मुख्य मुख्य वस्तुहरु:– १. चामल २. तोरी/तिल ३. चिनी

प्रगतिको एक झलक

खरीद तर्फ

	०३१।३२	०३२।३३	०३३।३४
खाद्यान्न	१६,९०६ मे. टन	३९,८६५ मे. टन	२५,७४३ मे.टन
तोरी	–	२,११४ मे. टन	५,६०६ मे. टन
तेल	–	९,१७,७०६ लिटर	९,७६,२६६ मे लिटर

बिक्रीतर्फः-

	०३१।३२	०३२।३३	०३३।३४
खाद्यान्न	२३,९५४ मे. टन	२६,२८७ मे टन	३२,५६१ मे. टन
तेल	—	५९,६४० लिटर	१८,५०,६९६ लिटर
चिनी	—	—	३,८७७ मे. टन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्थिक वर्ष २०३३।३४ मा विकास क्षेत्रको आधारमा बिक्रीको विवरण :

	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	सुदूर पश्चिमाञ्चल
खाद्यान्न	९,१३८	१६,८४९ मे. टन	२,५१७ मे. टन	३,९९७ मे. टन
तेल	—	१८,१२,७८७ लिटर	३८ ९९० लिटर	४,२८० लिटर
चिनी	७०५ मे. टन	२,१८० मे. टन	८२९ मे. टन	१६३ मे. टन

हाल भइरहेको विशेष उल्लेखनीय कार्यहरू :

१. मौजूद गोदाम क्षमता ३६,८०० मे. टनलाइ बढाई ६१,१०० मे. टन वनाउन कारवाई भइरहेको । यु. एन. डी. पी. र ब्रिटिस सहयोगबाट १०,००० मे. टन र १२,७५० मे. टन तथा आन्तरिक स्रोतबाट १,५५० मे. टन क्षमता वृद्धि गरिने ।

२. संचित खाद्यान्नको गुणात्मक सुधार गर्ने सिलसिलामा आवश्यक प्राविधिक जनशक्ति बढाइने तथा संस्थानको आफ्नै प्रयोगशाला आदि खडा गर्ने कारवाई भइरहेको ।

३. संचय गर्दा र मार्गस्थलमा हुने नोक्सानीहरू घटाउने सम्बन्धमा अध्ययन भइरहेको ।

वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—लैनसिंह वाङ्देल

नेपालको प्राचीन कला—एक मूल्याङ्कन

हाम्रो देशको प्राचीन इतिहासलाई हेर्दा लिच्छवी राजा मानदेव (प्रथम) का समय अर्थात् इ० सन् ४६४ देखि मात्र नेपालको प्राचीन इतिहास छर्लङ्ग हुँदै गएको हामी पाउँदछौं। यसका साथै नेपाली प्रस्तर कलाको इतिहास पनि उही कालदेखि स्पष्ट हुँदै गएको देखिन्छ। यी कुराहरू चाँगुनारायणको मानदेवको अभिलेख तथा तिलगंगा र लाजिम्पाटका (हाल संग्रहालयमा सुरक्षित) विष्णु विक्रान्तका मूर्तिका अभिलेखद्वारा थाहा पाइन्छ। यस समय-भन्दा अघिको नेपालको इतिहास त्यति स्पष्ट छैन!

नेपाल उपत्यका प्राचीन कालदेखि आर्य संस्कृतिको एक विशेष केन्द्र हुन आएको कुरा अनेक पुरातात्विक वस्तुहरूले प्रमाणित गर्दछन्। तर नेपालको पुरानो इतिहासको चर्चा गर्दा हामी तथाकथित धेरै शताब्दीसम्म राज्य गरेका किरात राजाहरूको उल्लेख गरी प्राचीन इतिहाससित जोर्न खोज्दछौं। तर आजसम्म ती अनार्य कहलिएका किरात जातिको पुरातात्विक कुनै प्रमाण फेला पर्न सकेको छैन। पूर्व नेपालमा बसोबास गर्ने जाति आफुलाई किरात भन्दछन्; यिनलाइ हामी विशेष राई र लिम्बु भनेर चिन्दछौं। महाभारत तथा अरू प्राचीन भारतीय ग्रन्थहरूमा उल्लेख भएको तथा लिच्छवीकालका अभिलेख-हरूमा पनि उल्लेख भएको किरात जाति वास्तवमा को थियो त्यसको विशेष वैज्ञानिक ढंगले अध्ययन र अनुसन्धान हुन बाँकी नै छ। तर नेपाल उपत्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् काठमाडौंमा नेवारहरूमा पनि विशेष ज्यापूहरूको पुर्खा नै अनार्य किरात जाति हुनामा आश्चर्य छैन । आर्यहरूको भारत वर्षमा प्रवेश हुनुभन्दा पहिले नै सायद यो किरात जाति हिमालयका फेदीमा ब्रह्मपुत्रका मैदानबाट पसी फिजिदै गएको अनुमान हुन्छ । तराईका थारू जाति पनि प्राचीन जाति हो । तिनको रहन-सहन, सामाजिक व्यवहार, पूजाआजा सबै ब्राह्मण धर्मका जस्ता छैनन् वरू अनार्य आचरणलाइ बढी अंगालेको देखिन्छ । राई लिम्वू, थारू तथा ज्यापूहरूको पितृपूजाको पद्धतिमा धेरै मेल खान्छ । तर कैयन् शताब्दीसम्म आर्यहरूको संसर्गमा रहनुपरेका काठमाडौंका ज्यापूहरूमा भने बौद्ध तथा ब्राह्मण धर्मको प्रशस्त छाप परेको देखिन्छ ।

कसै कसैले फेरि इ० पू० तेस्रो शताब्दीमा सम्राट अशोक नेपाल आई पाटनमा चार स्तूप खडा गरेको कुरा उल्लेख गरिन्छ । पाचौं वा छैटौं शताब्दीका लिच्छवी अभिलेख हेर्दा उनताका ससाना ग्राम तथा केही ग्रामहरू मिली द्रङ्गसम्म भएको थाहा पाइन्छ अर्थात् ऊ बेला नगरसम्मको स्थापना भएको देखिदैन भने अशोकका पालामा झन् ती गाउँहरूको अवस्था कस्तो थियो होला कल्पना गर्न सकिन्छ । त्यस्ता महान् सम्राटलाइ यस उपत्यकामा आउन कुन कुराले आकर्षित गऱ्यो होला विचारणीय कुरा छ । यसै सन्दर्भमा उनको छोरी चारूमती नेपाल आई एक क्षत्रीय राजकुमारसंग बिहे गरी पछि भिक्षुणी भई चारूमती विहार निर्माण गरी आफ्नो अन्तिम दिन त्यहीं बिताएकी घटनासंग पनि नेपालको इतिहास जोर्ने प्रयास गर्दछौं । तर हामीसंग त्यसको कुनै प्रकारको पुरातात्विक प्रमाण छैन, न त भारतका इतिहासमा ती कुराको चर्चा नै भएको छ ।

आर्यहरूको नेपाल उपत्यकामा प्रवेश हुनुभन्दा अघि नै किरात जाति यहाँ आइसकेको अनुमान हुन्छ तर यी पनि आर्य संस्कृतिले नछोएसम्म असभ्य नै रहेको बुझिन्छ । आर्यहरूको संसर्गमा आएपछि मात्र वैदिक देवी देवतासित उनीहरू परिचित हुन थालेको भन्ने कुरा निश्चय छ । त्यसभन्दा अघि यी अनार्य जातिको धर्म र कला के थियो त भन्ने कुरामाथि विचार गर्दा जस्तो अरू अरू प्राचीन जातिको लोक धर्म थियो उस्तै चीनको पनि धर्म थियो । पितृ पूजा, नाग पूजा, गिरिपूजा, वृक्ष पूजा, नदी पूजा र मातृ पूजा नै चिनको लोक धर्म रहेको बुझिन्छ । चिनको पूजामा पशु बलि चढाई भोज खाने चलन आज पनि छुनै न छुनै रूपमा थारू, ज्यापू, राई र लिम्बूहरूमा छँदैछ । तर अब तिनै प्राचीन लोक देवी देवता पछि गएर ब्राह्मण तथा बौद्ध धर्मका देवी देवता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संग मिसिएर तिनको अर्को नाउँ भएको बुझिन्छ । कालिदासले हिमालयको वर्णन गर्दा वनमा बस्ने किरात जातिको जुन उल्लेख गरेका छन् तिनै किरात आजका ज्यापू, थारू तथा राई–लिम्बूका पुर्खा हुँदा हुन् ।

यसरी जब हामी लिच्छवीकालभन्दा अघिको नेपालको इतिहास, कला र संस्कृतिको चर्चा गर्छौं हामीलाइ पुरातात्विक प्रमाणको आवश्यकता हुन्छ । त्यो बिना आजको बौद्धिक समाजले ती कुरालाइ हत्तपत्त स्वीकार गर्दैन । यसो हुँदा हाम्रो देशको प्राचीन इतिहास र कलाको चर्चा गर्दा पुरातात्विक वस्तुहरूद्वारा प्रमाणित गर्न खोजेनौं भने नेपालको प्राचीन इतिहास कल्पनै कल्पनाको वादल र कुहिरोभित्र विक्षिप्त भएर अहिले स्पष्ट हुँदैन ।

इतिहास शिरोमणि स्व० बाबुराम आचार्य आजभन्दा नौ वर्ष अघि 'नेपालको सवभन्दा पुरानो सभ्य बस्तीको स्थापना, विकास र भिन्न भिन्न समय-का नामावली' नामक लेखमा काठमाडौं उपत्यकाको प्राचीन इतिहासलाइ फ्ल्काउने राम्रो प्रयास गर्नु भएको छ । उहाँले पनि गंगाको मैदानमा फिंजिएर रहेको आर्य तथा अनार्य जातिलाइ लिएर तिनका संस्कृति, धर्म, भाषा तथा राजनैतिक प्रभावको विश्लेषण गर्नु भएको छ । भगवान बुद्धका समयमा रहेका अनेक जाति, जस्तै, शाक्य, लिच्छवी कोली, र मल्लको नाउँहरू नेपालको प्राचीन अभिलेखहरूमा परेका छन् । यी जातिको नेपालसंग वास्तविक सम्बन्ध कस्तो थियो नेपालमा चिनको प्रवेश कसरी र कहिले भयो त्यसको विस्तृत खोजी हुनु बांकी नै छ । पछि मगध राज्यको विस्तार र अशोकको जन्मले गर्दा भारतको मात्रै होइन दक्षिणपूर्व महादेशको धार्मिक तथा सांस्कृतिक क्षेत्रमा जुन उथल पुथल आयो त्यो संसारको इतिहासमा एउटा अपूर्व घटना छ ।

यिनै ताका अर्थात् इशा पूर्व तेस्रो शताब्दी वा अलि अघिदेखि भारत-मा सर्वप्रथम पत्थर कुँदी मूर्ति वनाउने प्रथा चल्यो । मौर्य कालीन अनेक प्रस्तर मूर्तिहरू भारतमा यत्रतत्र छरिएका पाइन्छन् । तिनमा विशेष सम्राट अशोकले निर्माण गर्न लगाएका अशोक स्तम्भ, सिंह शीर्षक, वृष शीर्षक—आदि हुन् । तिनको आकार, शैली र बनोट अत्यन्त उच्चकोटीमा पुगेको कला बराबर छ । चुन र ढुङ्गामा एकदम चिल्लो पालिस परेको, ऐना जस्तो चिप्लो टल्कने तथा परिष्कृत छ । यस्तो प्रकारको मूर्तिकलामा शैलीको परिचय गराउने इरानका कलाकारहरू हुन् किनभने प्रारम्भिक कालको कुनै पनि कला एकै चोटी त्यति माथि परिपक्व अवस्थामा पुग्न सक्तैन । मौर्ययुगपछि आउने शुङ्ग कलामा पनि त्यस्तो गुण विरलै पाइन्छ । कुषाणकालमा आएर मौर्य कलाको शैली एकदम हराएर जान्छ र कुषाणकालमा एउटा आफ्नै विशेष शैलीको निर्माण हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौर्यकालमा प्राचीनकालदेखि रहिआएको लोक धर्मको आधारमा यक्षको मूर्तिहरू बनेको देखिन्छ । हुन त कसैले यक्षका मूर्तिहरू इशा पूर्व तेस्रो शताब्दीमै बनेको भन्दछन्, कसैले इ० पू० दोस्रो शताब्दीको । तर मलाइ लाग्छ बौद्ध धर्म र ब्राह्मण धर्मको व्यापक प्रचार हुनुभन्दा अघि नै मध्य भारतको आदिवासीहरूमा लोक धर्म र लोक संस्कृतिको बाहुल्य थियो र यक्षका बडे बडे मूर्ति बनाई गाउँगाउँमा त्यसको पूजा हुन्थ्यो । यस्ता यक्षका विशाल मूर्तिहरू भारतका अनेक ठाउँमा पाइन्छन् । तिनको शैली र बनोट त्यति माझिएको छैन; अलि खस्रो, भद्दा र स्थूल देखिन्छ मानौं स्थानीय कलाकारले आफ्नै ध्यान; शैली र विचारमा मूर्ति निर्माण गरेका हुन् । सिंह शीर्षक जस्ता माझिएको मौर्य कलाको तुलनामा यक्ष मूर्तिहरू ज्यादै भद्दा देखिन्छन् तर वास्तवमा यक्षका मूर्ति नै खास लोक कलाको मूल रूप हो ।

कुषाणकालमा (इसा पूर्व पहिलो सताब्दीदेखि इस्वी सन् तेस्रो सताब्दीसम्म) अनेकौं हिन्दू र बौद्ध मूर्तिहरू बने । यसको ठुलो केन्द्र मथुरा थियो। मथुरा र वृन्दावन प्राचीन कालदेखि भक्ति सम्प्रदायको एक मुख्य स्थल थियो, कृष्ण तथा गोपिनीहरूको विचरण गर्ने स्थान थियो । पौराणिक कालको सम्बन्धले गर्दा मथुरा कुषाणकालमा मूर्तिकलाको ठुलो उन्नति भएको हुँदा हिजो आज पनि त्यहाँको मूर्तिको शैलीलाइ 'मथुरा स्कूल' भन्ने गर्दछन् ।

कुषाणकालमा अनेकौं यक्ष, बोधिसत्व, यक्ष बोधिसत्व, कुवेर, अग्नि, बलराम, कुवेर, विष्णु, शिव, कार्तिकेय इत्यादिका मूर्तिहरू बने तर ती मूर्तिको बनोट यक्षकैबाट लिएको बुझिन्छ । कुषाणकालका मूर्तिहरूमा मथुराका कलाकारहरूको विशेष शैली र लक्षण पाइन्छन् जो हेर्दाखेरि नै यो मथुरा शैलीको रहेछ भनेर छुट्टयाउन सकिन्छ ।

मथुरा कुषाणकालका मूर्तिको यत्रो चर्चा किन गरियो भने नेपालका प्रारम्भिक कालका प्रस्तर मूर्तिहरूको शैली अचम्म लाग्ने किसिमसित मथुरा शैलीसित ठ्याक्क मिल्छ । यसका अनेकौं उदाहरण दिन सकिन्छ । यसबारे पछि चर्चा गरिने छ । तर एउटा विचारणीय कुरा के छ भने नेपालका प्राचीन अभिलेखहरूमा शक सम्वत् नै हामी प्रयोग गरेको पाउँदछौं । तिलौराकोटमा प्रायः दुई हजार दुई सय शक-कुषाण मुद्राहरू पाइए । काठमाडौं उपत्यकामा पनि कतै कतै कुषाण मुद्रा पाइएको हो । यिनै कुरालाई विचार गर्दा मथुरा कुषाण शैलीका मूर्तिहरू यहाँ पाइनुमा पनि कुनै आश्चर्य छैन ।

यसरी प्रायः दुई हजार वर्षदेखि बागमती नदीका सिरानका उपत्यका काठमाडौंमा कला र संस्कृतिले जरा हाली आज त्यसले विशाल रूप लिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । सुरु सुरुमा भारतमा जस्तै यहाँका प्राचीन जातिहरू जो अनार्य थिए तिनमा मातृपूजा, यक्षपूजा, नागपूजा, गिरिपूजा इत्यादि हुन्थ्यो ; ब्राह्मण धर्मको अनेक देवी देवतासित परिचित हुनुभन्दा अघि मूर्तिविहिन लक्षणलाइ मात्र आधार मानी लोक देवताका रूपमा पूजा गरिन्थ्यो । तिनमा मातृपूजाको बाहुल्य देखिन्छ तर यो मातृदेवीको पूजा गर्ने परम्परा त संसार भरि नै प्राचीन जातिमा रहेको बुझिन्छ । इ. पू. तीन हजार वर्ष अघि महेन्जोदारो र हरप्पामा मातृदेवी-का असंख्य मूर्ति पाइएका छन् । गंगाको मैदानमा पनि शुंग कालीन त्यस्ता कैयन् माटाका मूर्ति फला परेका छन् । इ० पू० छैटौं सताब्दीदेखि इ० पू० चौथो सताब्दीसम्मका श्रीचक्रमा अर्थात् मण्डल जस्तो गोलो वनाएको प्रस्तर मूर्तिमा मातृदेवीको अनेक मूर्ति अंकित भएको देखिन्छ । यस्ता श्रीचक्र तक्षशिलादेखि लिएर पातलीपुत्रसम्म पाइन्छ । यसबाट विशाल गंगाको मैदानमा मातृपूजाको बाहुल्य रहेको बुझिन्छ । शैशुनाग नन्दयुगमा बिम्बिसारद्वारा निर्मित राजगृह र अजातशत्रुद्वारा निर्मित पाटलिपुत्रमा प्राप्त चिल्लो प्रस्तरमा यस्तै मातृदेवीका चित्रहरू अंकित श्रीचक्र पाइन्छन् ।

नेपालको मातृपूजाको इतिहास पनि त्यस्तै प्राचीन र अन्वेषण योग्यको छ । देवीहरूमा मातृकाको विशेष स्थान छ । शितला–हारतिको पूजा, अजिमाको पूजा लोक धर्मकै अंग जस्तो भएर आज व्यापक भएको छ । आदि-कालदेखि चलिआएको मातृपूजा र शक्तिपूजा आजसम्म पनि उत्तिकै लोकप्रिय छ र विशेष चाड पर्वको रूपमा तिनको विशेष पूजा गरिन्छ । अनेक नामले हामी मातृपूजा गर्दछौं, ती देवीलाइ हामी अनेक नाउँले पुकार्छौं; तिनलाइ हामी दुर्गा, भवानी, काली, उमा, अम्बिका, कुमारी मातृका आदि नामले पूजा गर्छौं । वर्षेनी मनाइने हाम्रो ठुलो चाडमा दुर्गा भवानीको पूजा हुन्छ—हजारौं पशु वली चढाइन्छन् । यसरी मातृपूजा ऐतिहासिक कालदेखि चलिआएको प्राचीन परम्परा हो । नेपालमा पाइने प्राचीन मूर्तिहरूमा अनेक मातृकाको मूर्ति पाइन्छ । यसको खोजी हुन अत्यन्त जरूरी छ ।

भारतमा जस्तै यहाँ पनि लोक धर्मको रूपमा यक्षको पूजा प्रचलित भएको बुझिन्छ । केही वर्ष अघि हाँडिगाउँमा यस्तै प्रकारको शिर र गोडा नभएको प्राचीन यक्षमूर्ति प्राप्त भयो । यो मूर्तिलाइ हाल राष्ट्रिय संग्रहालयमा लागी सुरक्षित राखिएको छ । भारतमा पाइने अनेकौं यक्ष मूर्तिहरूको अध्ययन गरी तिनको शैलीसित हाँडिगाउँको यक्ष मूर्ति तुलना गर्दा यस मूर्तिलाइ पहिलो सताब्दीको मान्न सकिन्छ । यसो हो भने आजसम्म पाइएका नेपालका मूर्तिहरू-मा सबभन्दा जेठा मूर्ति यसलाइ मान्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही कोही विद्वान्हरूले यसलाइ यक्षबोधिसत्वको मूर्ति भनेका छन्। तर यस मूर्तिलाइ बौद्ध मूर्तिको गणनामा राख्न मिल्दैन कि जस्तो लाग्दछ। यो मूर्ति बोधिसत्वको नभई यक्ष मूर्ति हुनुमा धेरै संभव छ। एक त यक्ष पूजा भारतमा जस्तै प्राचीनकालमा यहाँ पनि प्रचलित भएको बुझिन्छ। साथै नेपालका प्राचीन मूर्तिहरूको सर्वेक्षण र अध्ययन गर्दा पाँचौं सताब्दीभन्दा अघिको कुनै बौद्ध मूर्ति फेला पर्न सकेको छैन। वरु ब्राह्मण धर्मका अरु अरु मूर्तिहरू पाइएका छन्। तिनमा हारिति–शितला, मातृका, सूर्य, विष्णु र शिवका मूर्तिहरू छन्। यसको अर्थ उपत्यकामा बौद्ध धर्म फैलिनुभन्दा पहिले ब्राह्मण धर्म नै पहिले विकसित भएको हो कि भन्ने देखिन्छ। पाचौं सताब्दीभन्दा अघिका कुनै पनि बौद्ध मूर्ति यहाँ नपाइनु आश्चर्यको विषय छ। यसको पनि ठिक ठिक अध्ययन अन्वेषण हुनु आवश्यक छ।

नेपालको लिच्छविकालीन प्रस्तर मूर्तिहरूको चर्चा गर्दा मिति अंकित भएका सबभन्दा प्राचीन मूर्तिहरूमध्ये त्रिविक्रमका दुईवटा मूर्तिहरू छन्। एउटा पशुपतिनाथको मन्दिर परतिर तिलगंगानिरको खेतमा रहेको र अर्को लाजिम्पाटको, जो अहिले राष्ट्रिय संग्रहालयमा राखिएको छ। मानदेवले आफ्नो आमा राज्यवतीको पुण्य बढोस् भनी स्थापना गरेका दुवै मूर्तिको पादपीठमा एकै किसिमको अभिलेख र मिति पनि (शक सम्वत् ३८९) परेको छ। मिति अंकित भएका मूर्तिहरूद्वारा शैलीको विश्लेषण गर्न तथा मूर्ति निर्माणको काल छुट्याउन निकै सुगम हुन्छ। तर लिच्छविकालमा अनेक ब्राह्मण तथा बौद्ध मूर्तिहरू बने पनि मिति अंकित भएका मूर्ति धेरै छैनन्। त्यस समयमा शैव र वैष्णव समुदायका प्रशस्त मूर्तिहरू बनेका देखिन्छन्। यसका साथै अनेक बौद्ध मूर्तिहरू पनि पाइन्छन्। लिच्छविकालका मूर्तिहरूमा गुप्त शैलीको अवश्य प्रभाव परेको छ तर स्थानीय नेपाली मूर्तिकारहरूले कहीं कहीं यस्तो उत्कृष्ट शैलीका मूर्तिहरू बनाएका देखिन्छन् जसको बान्की, लक्षण र शैली भारतीयको भन्दा बेग्लै र कुनै हदसम्म त्यहाँ नपाइने किसिमको पनि देखिन्छ। यस्ता लिच्छविकालीन मूर्तिहरूमा चांगुनारायणको विश्वरूप, बुढानीलकण्ठको जलशायन विष्णु, नाङ्गेमुडाको बुद्ध, हनुमानढोकाको कालीय दमन, नागबहालको चतुर्मूर्ति, विशाल नगरको शिव पार्वती, मृगस्थलीको उमा महेश्वर, पशुपतिको एकमुखे लिङ्ग र तिलगंगाको त्रिविक्रम मूर्तिलाइ त्यस समयका कलाको उत्कृष्ट नमूना भने हुन्छ।

उत्तर लिच्छविकालीन मूर्तिहरू पनि एक से एक राम्रा छन्। तिनमा दायाँ बायाँ लक्ष्मी र गरूड साथमा भएको विष्णुको मूर्ति र उमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेश्वरका मूर्तिहरू हुन् । यी प्रस्तर मूर्तिहरूमा प्राचीन परम्परा शैली केही हदसम्म कायमै रहेको देखिन्छ अर्थात् ती मूर्तिहरूमा देवी देवताहरूका लक्षण, मूर्तिको बनोट उही प्राचीन परम्परा अनुसार बनिएको देखिन्छ । मल्लयुगको प्रारम्भिक कालसम्म पनि धेरैजसो मूर्तिहरूमा ती गुण कायमै भएको पाइन्छ तर मध्य र उत्तर मल्लकालीन प्रस्तर मूर्तिहरू ह्रासोन्मुख दिशातिर बिस्तारै बढिरहेको पाउँदछौं ।' आजसम्म पनि नेपालका प्रस्तर मूर्तिकलाको क्षेत्रमा लिच्छवि तथा ठकुरी कालमा भएको उन्नतिलाइ दोहोऱ्याउने प्रयास भएको छैन ।

धातु मूर्तिकलाको क्षेत्रमा पनि उही उही कुरा देखिन आउँछ । हुन त लिच्छविकालमा उत्कृष्ट प्रस्तर मूर्तिहरू बनेका देखिन्छन् तर आजसम्म पाँचौं वा छैटौं सताब्दीका नेपाली धातुमूर्तिहरू फेला पर्न सकेका छैनन् । नभएको पनि भन्न अवश्य गाह्रो छ किनभने प्रस्तर मूर्तिको क्षेत्रमा त्यत्रो उच्चकोटिको कला सिर्जना गर्न सक्ने कलाकारहरूले धातुको मूर्ति पनि अवश्यै बनाएका हुँदा हुन् । तर धातुमूर्तिमा काल छुट्याउन अझ गाह्रो छ । एक त त्यस विषयमा गहन अध्ययन गरी अध्ययन अन्वेषण गर्ने विद्वान्हरूको कमी छ त्यसमा पनि बाहिरियाले जति लेखेका छन् तिनमा समेत मितिहरू ठिक ठिकसग हाल्न सकिएको देखिंदैन । नेपालका प्रस्तर र धातु मूर्तिलाइ हेरेर तिनको शैलीलाइ अझै पनि धेरै बाहिरियाले गुप्त शैलीको एक हाँगो जस्तो ठान्दछन् । अर्को थरीका लेखकले नेपाली कलालाइ पाल शैलीको अनुकरण हो पनि भन्दछन् । नेपाली प्रस्तर मूर्ति र धातु मूर्तिको विषयमा धेरै थाहा नपाउनेहरूको यो गलत धारणा हुन सक्तछ तर नेपाली प्रस्तर मूर्तिहरू इस्वी सन्को प्रारम्भिक कालदेखि नै बराबर बन्दै आएको देखिन्छ अर्थात् गुप्तहरूको भारतमा उदय हुनुभन्दा धेरै अघि नेपालमा प्रस्तर कलाको परम्परा बसिसकेको देखिन्छ । त्यसैले प्राचीन नेपाली कलालाइ गुप्त शैलीको अनुकरण हो भन्न मिल्दैन । हुन त लिच्छविकालका शैव र वैष्णव मूर्तिहरूमा गुप्त शैलीको अवश्य केही प्रभाव छ तर त्यो हुने नै भयो किनभने उनताका नेपाल उपत्यकामा राज्य गर्ने लिच्छविहरू गुप्तहरूका मावली थिए । भारतको उत्तर बिहारमा रहेका एक लिच्छवि राजाका कन्या कुमारदेवीसंग चन्द्रगुप्तले बिहे गरेपछि जन्मेको पुत्र समुद्र गुप्त हुन् । (इस्वी सन् ३३०-७५) जसले आफ्ना मावलीका मद्दतद्वारा उत्तर तथा दक्षिण भारतका केही भाग जिती आफ्नो आधिपत्य जमाएका थिए । यिनै समुद्रगुप्तले इलाहाबादको आफ्नो शिलालेखमा उत्तरपट्टि पर्ने नेपाललाइ आफ्नो राज्यको सीमाना भनेका छन् । यसरी नेपालका लिच्छविहरू भारतका गुप्तहरू जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौराणिक धर्मका समर्थक थिए । यति मात्र होइन लिच्छविकालका अभिलेखहरू पनि गुप्त शैलीमै लेख्ने गरेको देखिन्छ । यसो हुँदा यहाँको धर्म, संस्कृति र कलामा गुप्तहरूको केही प्रभाव पर्नु बिलकुल स्वाभाविकै हो ।

नेपालको धातुकलाको अध्ययन गर्दा दसौँदेखि चौधौँ सताब्दीसम्मका मूर्तिहरू उत्कृष्ट छन् । नालन्दा कुर्किहारमा पनि अनेक धातुका बौद्ध मूर्तिहरू बनेका पाइन्छन् तर नेपाली धातु मूर्तिहरूमा बौद्ध मूर्तिका साथै ब्राह्मण मूर्तिहरू पनि उत्तिकै संख्यामा पाइन्छन् । प्रस्तर मूर्तिहरूमा जस्तै धातु मूर्तिमा पनि सत्रौँ सताब्दीदेखि प्राचीन शैलीमा पाइने सौन्दर्य र गुणबाट वञ्चित हुँदै गएको पाइन्छ । हिजो आज जति धातु मूर्तिहरू बन्दछन् तर तिनमा त्यो प्राचीन परम्पराको सर्वोत्कृष्ट गुण कहीं पाइँदैन किनभने अचेल बनेका धातु मूर्ति वास्तवमा विदेशमा निर्यात गर्नलाइ अथवा नेपाल आउने पर्यटकका निमित्त हो।

यही कुरा नेपाली चित्रकलाको क्षेत्रमा पनि देखिन्छ । हाम्रा प्राचीन हस्तलिखित ग्रन्थ चित्रहरू प्राचीन नेपाली चित्रकलाका उत्कृष्ट नमूना हुन् । लिच्छविकालमा पनि नेपाली चित्रकलाको परम्परा बसेको हुँदो हो तर आज-सम्म लिच्छविकालीन कुनै चित्र फेला पर्न सकेको छैन । नवौं तथा दसौं सताब्दीमा पनि अनेक हस्तलिखित ग्रन्थ चित्र बनेको अनुमान हुन्छ तर मिति नभएकोले यसै भन्न सकिदैन । आजसम्म थाहा पाइएको र मिति सबभन्दा प्राचीन हस्तलिखित ग्रन्थ चित्र अष्ट साहसिका प्रज्ञा पारमिताको हो जसको मिति नेपाल सम्वत् १३५ अर्थात् ई. स. १०१५ पर्दछ । हुन त यो चित्र अहिले नेपालमा छैन, वेलायतको केम्ब्रिज युनिभर्सिटी लाइब्रेरीमा सुरक्षित राखिएको छ । जुन बखत युरोपमा चित्रकलाको क्षेत्रमा भर्खर भर्खर जग बस्तै थियो, जुन बेला मास्सासियोले इटलीका गिर्जाघरमा फ्रेस्को लेख्ने प्रारंभिक प्रयास गरिरहे-को थियो, उसवेला काठमाडौंमा लेखिएको त्यस्तो अत्यन्त सुन्दर हस्तलिखित ग्रन्थ चित्र आज केम्ब्रिज युनिभर्सिटी लाइब्रेरीमा राखिएको छ । यसबाट नेपालको चित्रकलाको परम्परा कति प्राचीन रहेछ र एघारौं सताब्दीका प्रारम्भमै कस्ता उत्कृष्ट चित्र लेख्न सक्ने चित्रकार नेपालमा रहेछन् भन्ने कुरा थाहा पाइन्छ ।

नेपाली चित्रकलाका बढी फलिफाप भएको युग एघारौं बाह्रौं, तेह्रौं र चौधौं सताब्दीको उत्तरार्ध कालसम्म हो । यिनै ताका नेपालबाट अनेक कलाकारहरू तिब्बत गई त्यहाँका अनेकौं गुम्बाहरूमा भित्ती चित्र लेख्ने गर्थे । यस्ता गुम्बाहरूलाइ चाहिने धातुका अनेक मूर्तिहरू नेपाली कलाकारले नै बना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उँथे। जाडा मुलुक भएकोले कलाको काममा अत्यन्त धेरै समय लाग्ने हुँदा ढलौटे मूर्तिहरू बनाएर प्राय: यतैवाट तिब्वत लान्थे। खालि भित्ती चित्र लेख्ने काममा मात्र नेपाली कलाकारहरू केही महिना उहीं वसी धैर्यपूर्वक धेरै समय लाएर चित्र लेख्ने गर्थे। यिनै ताका नेपाली कलाकारहरूले पौभा चित्र लेख्ने चलन चलाएको हो। यसभन्दा अघि पौभा चित्र लेख्ने न त नेपालमा परम्परा चलेको थियो न त तिब्वतमा। यस प्रकारको परम्परा चलेपछि नेपालवाट तिब्वत जाने व्यापारी तथा कलाकारहरूले अनगिन्ती पौभा चित्रहरू आफुसित लैजान्थे। ल्हासा कलाको ठुलो केन्द्र थियो। तर ल्हासा वाहेक साम्ये, गान्देन, ग्यान्से, देर्गे, टासिलुन्यो, तथा पश्चिम प्रान्तमा पनि शाक्य, टोलिङ्ग तथा टाबो आदि वडा वडा गुम्बा बौद्ध धर्मको केन्द्र थियो, त्यहाँका गुम्बाहरूको भित्तामा धार्मिक भित्ती चित्र लेखेर सजाउन र चाहिएका बौद्ध मूर्तिहरूको ढलान गर्न वरावर नेपालवाटै कलाकारहरू तिब्वत जान्थे। सातौं सताब्दीमा जन्मने नेपालकी राजकुमारी भृकुटीले तिब्वतका राजा स्रोङचङगम्पोसंग विहे गरी उनको देशमा पहिलो पटक बौद्ध धर्मको परिचय गराइन्। त्यसपछि जन्मने नेपाली कलाकारहरूले तिब्वतका अनेक गुम्बाहरूमा आफ्नो कलाको उत्कृष्ट नमूनाको परिचय दिने अवसर पाएका हुन्। त्यसैले तिब्वती कलामा नेपालको प्रशस्त प्रभाव परेको छ। नेपालले यसरी तिब्वतमा आफ्नो कला र संस्कृतिको छाप लाउन पुगे।

नेपालको काष्ठ कलाको इतिहास पनि उत्तिकै प्राचीन र महत्वपूर्ण छ। मन्दिर तथा देवालयका क्यूचाल, ढोका र टुनालमा मात्र होइन साधारण नागरिक बस्ने प्राचीन नेपालीहरूका क्यूचालका बुट्टाहरू दर्शनीय छन्। भौगोलिक दृष्टिकोणवाट यो देश सानो भए पनि प्राचीन प्रस्तरकला, धातुकला, चित्रकला र वास्तुकलाको निम्ति नेपाल विश्व प्रसिद्ध छ।

माथि उल्लेख भएका कुराहरूवाट नेपालको प्राचीन कलाको विषयमा एक झलकसम्म पाइन्छ। तर हामी नेपालीहरूमा कतिले हाम्रो गौरवमय कलाको महत्व बुझेको छ तथा त्यसको कदर गर्न जानेको छ यसै भन्न सकिदैन। तर यसो गरेर हेर्दा अझै पनि हामीमा कला र कलाकारहरूको महत्व बुझ्ने र कदर गर्ने प्रवृत्ति आएको छैन जस्तो लाग्दछ। किनभने कलालाइ हामी अर्कै दृष्टिकोणले हेर्दछौं। हामी पूर्वीयहरूको हेराइ र पाश्चात्य देशका कला प्रेमीहरूको हेराइमा धेरै फरक छ। यसको कारण छ। हाम्रो कलाको जन्म नै धार्मिक प्रवृत्तिले भएको हो। हाम्रो कलामा, चाहे प्रस्तर मूर्ति होस्, धातु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ति होस्, काष्ठ मूर्तिहोस् अथवा चित्र होस् तिनमा हामी देवी देवताका मूर्ति वा चित्र अंकित गर्दछौं अथवा देवी देवताका अनेक लक्षण, ध्यान र शास्त्रीय परम्परालाइ विशेष ध्यान दिन्छौं । तर पाश्चात्य देशका कलाप्रेमीले ती कुराहरूभन्दा मूर्ति वा चित्रमा दर्शाइएको सीप र सौन्दर्यको पक्षलाइ बढी ध्यान दिन्छ । कुनै पनि देवी देवताको मूर्ति देख्ना साथै धार्मिक भावनाले हाम्रो हृदय श्रोतप्रोत हुन्छ, हाम्रो टाउको अनायास भक्तिभावनाले निहुरिन्छ । तर कुनै पाश्चात्य देशको दर्शकलाइ त्यो भावना हुँदैन, उसले त पहिले मूर्ति कति पुरानो रहेछ, के को रहेछ त्यो हेर्दछ । त्यसपछि त्यसमा पाइने सौन्दर्यको उसले पारख गर्न खोज्छ । त्यसैले हामी नेपालीहरूले जुनसुकै धार्मिक मूर्ति हेरौं, चाहे विष्णुको होस् अथवा शिवको अथवा पार्वती, गणेश, लक्ष्मी, ब्रह्मा, कार्तिकेय, सूर्य, तारा, सरस्वती, बुद्ध, वोधिसत्व इ इ. साधारणतः ती देवी देवताका मूर्तिमा पाइने सौन्दर्यपट्टि हाम्रा ध्यान जाँदै जाँदैन । गयो भने केवल कला पारखी, इतिहासकार, अन्वेषक तथा पुरातत्वका विशेषज्ञलाइ मात्र ध्यान जाला । तर झण्डै दुई करोड नेपाली जनतामा त्यस्ता मानिस पो कति होलान् र !

केही युग अघिसम्म पनि कलाले यत्रो धनी भएको उपत्यकाको प्राचीन कला र संस्कृतिको विषयमा बाहिरी जगतमा वहुतै थोरै ज्ञान थियो । एक त वाहिरियालाइ उनताका प्रवेशको लागि सुगम व्यवस्था थिएन, प्रायः निषेध जस्तै थियो । गंगाको मैदानदेखि अन्दाजी दुई सय माइल टाढा, हिमालको काखमा, कमसेकम दुई हजार वर्षदेखि यो उपत्यका शान्त र एकान्त वातावरणमा ब्राह्मण धर्म र संस्कृतिको साथै बौद्ध धर्म र संस्कृतिको पनि पालना गर्दै आइरहेको थियो । त्यसो हुँदा यहाँको कला र संस्कृतिमा बाहिरको उस्तो प्रभाव पर्न सकेन तथा सताब्दी सताब्दीसम्म एकै प्रकारको परम्परा र शैली कायम रहिरहनु स्वाभाविकै थियो । यस्तो वातावरणमा अट्ठाह्रौं शताब्दीका उत्तरार्धदेखि मात्र एकजना विदेशी विद्वान्ले नेपालको इतिहास लेख्न थालेका हुन् । उन्नाइसौं सताब्दीमा नेपालका इतिहासका बारेमा लेख्ने बाहिरका विद्वान्को संख्या निकै बढ्यो । तिनकै इतिहासबाट नेपालको धर्म, कला र संस्कृतिको बारेमा धेरथोर बाहिरियालाइ ज्ञान भयो । वीसौं सताब्दीमा केही विद्वान्हरू नेपालको कला देखेर मुग्ध भए । यहाँका प्राचीन प्रस्तर मूर्ति, धातुमूर्ति, हस्त लिखित ग्रन्थचित्र तथा पौभा चित्रहरू देखेर आश्चर्यित भएको बुझिन्छ । तर नेपाली कलाको विषयमा गहन अध्ययन अन्वेषण कसैले गर्न सकेको थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन् १९६३ मा अमेरिकाबाट नेपाली कला अध्ययन गर्न आएकी एक विदुषी महिला डा० स्टेल्ला क्रेमरीशले एक वर्षसम्म फुलब्राइट अन्तर्गत अन्वेषण गरी अमेरिका फर्केपछि सन् १९६४ मा न्यू योर्कको एशिया हाउसमा नेपाली कलाको ठूलो प्रदर्शनीको आयोजना गर्नमा उनी सफल भइन् । नेपालबाट पठाइएका कलाका वस्तु बाहेक सर्वत्र संसारभर छरिएका तथा विभिन्न म्युजियमको संग्रहबाट आएका नेपाली मूर्ति र चित्रहरू प्रदर्शनमा राखिएका थिए । यसका साथै प्रदर्शित नेपाली कलाको परिचयात्मक पुस्तकको पनि प्रकाशित भएको थियो । पहिलो पटक साधारण अमेरिकी जनताले नेपालका उत्कृष्ट कला देखेर विमुग्ध भई मुक्त कण्ठले प्रशंसा गरेको थियो । त्यतिञ्जेल नेपाली मूर्ति तथा चित्रलाइ एक प्रादेशिक कलाको रूपमा मात्र ठानेका थिए । तर नेपाली कलाको आफ्नै परम्परा, आफ्नै शैली र आफ्नैपन रहेछ भन्ने पहिलो पटक सबै कला-प्रेमीलाइ थाहा भयो । यसरी नेपाली कलाको चर्चा विदेशमा हुन थाल्यो । नेपाली मूर्तिको पाश्चात्य देशमा धेरै मोल बढ्न थाल्यो । त्यसका साथै माग पनि बढ्यो ।

नेपाली कला सम्बन्धी अध्ययन अन्वेषण गर्ने विद्वान्हरूको संख्या अब दिनदिनै बढ्दैछ । तिनमा डा० प्रतापदित्य पालको नाउँ उल्लेखनीय छ । डा० क्रेमरीशद्वारा उनी प्रभावित भई यस क्षेत्रमा अनेक परिश्रम गरी खोज अन्वेषण गरेका छन् । नेपालको वैष्णव धर्म सम्बन्धी तथा नेपाली मूर्ति तथा चित्रहरू सम्बन्धी अनेक लेख र पुस्तक लेखेका छन् । यिनै पुस्तकहरूद्वारा नेपालको गौरवमय कलाको इतिहासबारे आज संसारलाइ थोर बहुत थाहा हुँदैछ ।

हिजो आज नेपाली मूर्तिहरू तथा पौभा चित्रहरू चोरिएर विदेशमा बेचिन लागेको समाचार सुनेर हामीहरू दुःखित हुन्छौं । आफ्नो राष्ट्रको अमूल्य सम्पत्ति बाहिर विदेशतिर गएको सुन्दा हाम्रो चित्त दुख्छ । यो स्वाभाविकै हो तर नेपालबाट यूरोप, अमेरिका या विदेशतिर आज जति पनि मूर्ति र चित्रहरू पुगेका छन् ती आजभन्दा बीस–तीस अथवा पचास वर्ष अघि नै पुगिसकेको अनुमान हुन्छ । नेपालका सबभन्दा पुरानो र उत्कृष्ट धातुको मूर्ति धेरै अघि विदेश पुगेको थियो । आज नेपालमा दसौं शताब्दीभन्दा अघिका धातु मूर्तिहरू पाउनु अत्यन्त दुर्लभ छ । वास्तवमा नेपालका सुन्दर सुन्दर धातु मूर्तिहरू आज यूरोप, अमेरिकाका संग्रहालय र निजी संगृहमा प्रशस्त छन् । ती सब बीसौं शताब्दीको प्रारम्भिक कालदेखि बाहिर जान थालेका हुन् । किनभने त्यतिञ्जेल-सम्म नेपाललाइ प्राचीन मूर्ति र चित्रको कुनै मूल्य थाहा थिएन । माथि उल्लेख

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए जस्तो ती मूर्तिलाइ हामी केवल धार्मिक दृष्टिले मात्र हेर्न जान्यौं—कला पारखीले जस्तो सौन्दर्यलाइ मात्र लिएर पारख गर्ने अथवा संगृहकर्ताले जस्तो त्यसको मोल अथवा 'एन्टीक भेल्यू' माथि मात्र विचार गर्ने हामीमा कहिल्यै प्रवृत्ति आएन। अब पो हामीलाइ विस्तारै आफ्नो राष्ट्रको अमूल्य सम्पत्ति जस्तो ठानी हामी आफ्नो प्राचीन कलालाइ सुरक्षा गर्नु आफ्नो कर्तव्य हो भनी ठान्दछौं।

वास्तवमा भन्ने हो भने उपत्यकाका तीनै सहर काठमाडौं, पाटन र भक्तपुर तथा आसपासका क्षेत्रमा कैयन् प्राचीन मूर्ति, मन्दिर, देवालय र त्यहाँ भएका अनेक कलात्मक वस्तुले परिपूर्ण छ। गल्ली गल्लीमा प्राचीन प्रस्तर मूर्तिहरू पडिरहेका पाइन्छन्। यिनमा कति भाँचिएको, टुटेको र कति चाहिं त्यसै फालिएको देखिन्छ। ती फालिएका कैयन् मूर्तिहरूमध्ये केही हजार वर्षका पनि छन्। तर तिनको उचित पहिचान हुन नसकेर त्यसै फालिएका छन्। कति प्राचीन प्रस्तर मूर्ति फोहोर र दुर्गन्धले भरिएको ठाउँमा पडिरहेको छ। ती मूर्तिहरू हेर्न जांदा फोहोर कुल्चिएला भन्ने डरले जोगिएर जानुपर्छ, नाक छोपेर जानुपर्छ। तिनै मूर्तिहरू यूरोप र अमेरिकामा पुगे भने बडो शानदार ठाउँमा बिजुलीको उपयुक्त उज्यालोले झलमलल पारी सजाइएको हुन्छ। तर हामीमा अझै पनि तिनको सुरक्षा गर्ने, तिनको कदर गर्ने प्रवृत्ति आएको छैन। कसैले त्यस्ता फालिएका मूर्ति उठाएर विदेशतिर लान खोज्यो भने हाम्रो मन अनायास आक्रोश र घृणाले भरिन्छ। तर नजिकको तीर्थ हेला भने जस्तो तिनको सुरक्षाको व्यवस्था भने हामीबाट हुन सकेको छैन। नेपालका अमूल्य प्राचीन कृतिहरू फोहोर र मैलाको बीचमा त्यसै कतिदिन फालिएर बस्ने हुन् विचारणीय कुरा छ।

हाम्रा धेरै जसो प्राचीन मन्दिरहरूको अवस्था पनि प्रायः त्यस्तै छ। मन्दिरको वरिपरि पिसाब र फोहोरको दुर्गन्धले भरिएको हुन्छ। हामी बुद्धिजीवीहरू नेपालको 'प्यागोडा शैली' भनेर नाक चेप्प्याउँछौं।

नेपालले आधुनिक युगमा प्रवेश गरिसकेको छ। हामी आधुनिक युगमा आइपुगेर पनि हाम्रा विचारमा धेरै परिवर्तन आउन सकेको छैन। यस उपत्यकाको इतिहास सायद रोमको इतिहास भन्दा पनि पुरानो हुन सक्तछ—प्रायः दुई हजार वर्षदेखिको कला र संस्कृतिको इतिहास यहाँ पाइन्छ। तैपनि हामी जनसाधारणमा आफ्नो प्राचीन कलाको संरक्षण गर्ने, देवालय र मन्दिरहरू सफा राख्ने प्रवृत्ति नआउनु आश्चर्यको विषय छ।

कोपुण्डोल, पाटन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाही औषधी लिमिटेड

प्रगति तथा योजना

१) स्थापना :– २०२९।६।१

विकास क्षेत्र :– मध्यमाञ्चल
जिल्ला :– काठमाडौं ।

२) उद्देश्य :- शुद्ध औषधी उत्पादन गरी सुपथ मोलमा उपलब्ध गराई औषधी क्षेत्रमा अधिराज्यलाइ क्रमश: आत्मनिर्भर गर्दै लैजाने ।

३) बिक्री लक्ष्य र उपलब्धि :–

आ. व.	बिक्री लक्ष्य रू.	बिक्री उपलब्धि रू.	उपलब्धिप्रतिशतमा	खूद नाफा रू.	डिभिडेण्ट वितरण, रू.
२९।३०	१५,००,०००।	१४,२६,०००।	६५	२,२२,०००।	१,२७,०००।
३०।३१	२५,४०,०००।	२५,३२,०००।	९९.७	४,२३,०००।	३,१७,०००।
३१।३२	३३,५०,०००।	३३,९६,०००।	१०१	५,३६,०००	३,५२,०००।
३२।३३	५४,८०,०००।	५६,८०,०००।	१०४	११,९९,०००।	निर्णय हुन
३३।३४	६०,००,०००।	६७,४०,६८०।	११२	लेखा परीक्षण भैरहेको	बाँकी लेखा परीक्षण भैरहेको

४) हालसम्मको उपलब्धि :–

स्थापना भएको वर्षदेखि नै यस संस्थाले उत्पादन र बिक्री लक्ष्यको शतप्रतिशत नै प्रगति हासिल गरी आएको छ । उत्पादित शुद्ध औषधीहरू सुपथ मोलमा उपलब्ध गराई नेपाली जन स्वास्थ्यको सेवाको साथसाथै औद्योगिक (व्यापारिक) दृष्टिकोणलाइ पनि निरन्तर ध्यानमा राखी यस संस्था स्थापना भएको वर्षदेखि नै मुनासिबको मुनाफामा चलाई डिभिडेण्ट समेत दिई आएको छ ।

विगत पाँच वर्षको अवधिमा यस कम्पनीबाट उत्पादित औषधीहरूले मेडिकल प्रोफेसन, केमिष्ट एण्ड ड्रगिष्टका साथै आम जननताको जुन विश्वास क्रमश: प्राप्त गरी आएको छ सो यस कम्पनीको एक ठूलो उपलब्धि हो भन्न अत्युक्ति होवैन ।

उक्त उल्लिखित उपलब्धिहरूका साथै यस संस्थाका केही नेपाली प्राविधिक तथा प्रशासकीय कर्मचारीहरूले विगत पाँच वर्षको यस संस्थाको कार्यको अनुभवबाट उत्पादन कार्य र व्यापार तथा आर्थिक प्रशासन कायमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन आत्मविश्वास हासिल गरेको छ सो पनि एक महत्वपूर्ण उपलब्धि मान्नुपर्छ। यही उपलब्धिले नै एक बिस्तृतीकरण योजना तयार गरी सोही योजनानुसार विस्तृतीकरण कार्य सुरू गरी यस संस्था अगाडि बढ्न समर्थ भएको छ।

५) विस्तृतीकरण कार्यक्रम :—

यस संस्थाको आफ्नै फ्याक्ट्री भवन, गोदाम घर आदि नभएको र भाडा लिई आएको साबिकको स्थान अपर्याप्त भएको र भएका मेशीनहरूको क्यापासिटी कम भएबाट अधिराज्यको औषधी खपत र यस संस्थाबाट उत्पादित औषधीको मागको दाँजोमा यस संस्थाले यथोचित मात्रामा उत्पादन क्षमता बढाउन समस्या परिरहेको छ। सो समस्या समाधान गरी उत्पादन क्षमता बढाउन बबर महल धोबीखोला इलाकामा अधिग्रहण गरिएको ४५ रोपनी जग्गामा एन. सी. सी. एन. मार्फत ७००० स. फी. को वेयर हाउस, २७०० स फी. को लेलिंग हाउस पूरा गर्नुका साथै ९०००० स. फी. को मुख्य फ्याक्ट्री भवनको जमीन तल्लाको निर्माण कार्य २।३ समाप्त भएको छ।

गूड फर्मास्युटिकल म्यानुफ्याक्चरिंग प्राक्टीस (Good Pharmaceutical Manufacturing Practice) निमित्त आवश्यक हाइजेनिक कण्डीशन भविष्यसम्म पनि कायम राख्न सकिने गरी निर्माण गरिने उक्त मुख्य फ्याक्ट्री भवनमा इयर कण्डीशन, ह्युमीडिटी नियन्त्रण, किटाणु रहितको कोठा इत्यादिको व्यवस्था हुने छ। आ. व. २०३५।३६ मा निर्माण कार्यको साथै अन्य यन्त्रहरूको जडान कार्य समेत पूर्णतया समाप्त गर्ने लक्ष्य लिई निर्माण भैरहेको यस किसिमको आधुनिक भवन नेपालमा सर्वप्रथम हुने छ।

श्री ५ महाराजाधिराज सरकारको निर्देशन अनुरूप अपनाइएको यस संस्थाको नीति अनुसार आम जनतामा खपत हुने साधारण रोग निमित्त अत्यावश्यक औषधीहरूको उत्पादनलाइ बिशेष ग्राह्यता दिई आम जनतामा हुने रोग निमित्त नभै नहुने यी अत्यावश्यक तथा जीवन रक्षक औषधीहरू अधिराज्यको खपतको शतप्रतिशत नै माग पूर्ति गर्ने कार्यक्रम अनुरूप कारवाई हुँदै छ। यी औषधीका साथसाथै डाएवेटिक, ब्लड प्रेसर, आदि जस्ता रोगलाइ आवश्यक औषधीहरू पनि उत्पादन गरिने छ। र नर्मल सलाइन, डेक्स्ट्रोज इन्जेक्सन जस्ता इन्ट्राभिनय फ्लुइड्स अधिराज्यको माग हेरी धरान, हेटौंडा र नेपालगञ्जमा पनि उत्पादन शाखाहरू स्थापना गरी निर्यातको सम्भाव्यता पनि अध्ययन गरिने छ।

वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशाल बजार कम्पनी लिमिटेड

स्थापना

स्वर्गीय श्री ५ महेन्द्रबाट उसवेलाको उपत्यका निर्माण समितिलाइ राजधानीमा एउटा विशाल वजार खोल्ने हुकुम बक्सेबमोजिम यस विशाल बजार कम्पनीको स्थापना गरिएको हो ।

उद्देश्य

भवन निर्माण गरी डिपार्टमेन्टल स्टोर खोल्नु र खोल्न लगाउनु, कम्पनीको लागि व्यापारिक स्टोर खोल्न भवन अथवा कोठाहरू वहालमा लिनु र त्यस्तै कामको लागि अरूलाइ पनि कोठाहरू बहालमा दिनु, विदेशी मुलुक तथा बजारबाट विभिन्न किसिमका वस्तुहरू आयात गरी थोक तथा खुद्रा व्यापारको माध्यमद्वारा सुपथ मोलमा बिक्री गर्नु, कम्पनीको भवन प्रतियोगितमक भाडामा वहालमा दिनु, होटेल तथा रेस्टुराँहरू खोल्नु र खोल्न दिनु, हैन्डिक्राफ्टस् तथा वूडकार्भिंग्स्का वस्तुहरू उत्पादन गर्नमा प्रोत्साहित र प्रेरित गर्नु, मेशीनरी सामानहरू आयात गरी त्यसको व्यापार गर्नु र गराउनु, नेपाल कृषिप्रधान मुलुक भएको हुँदा कृषि औजार तथा सामानहरू आयात गर्नु वा अरूलाइ सो काम गर्न दिनु, लगानी गर्नु, ऋण लिनु, बिस्कुट, पाउरोटी, चकलेट आदि उत्पादन गर्नु र गर्न लगाउनु र यस्ता वस्तुका उद्योगहरूको सम्बर्द्धन गर्नु, साना तथा घरेलु उद्योगको विस्तारको निमित्त आवश्यक मेशीनरी सामानहरू निर्यात गर्नु, सो को व्यापार गर्नु वा त्यस्ता सामानहरू खरीद गर्नु, फलफूल उत्पादनमा वृद्धि गरी फ्रूट प्रोसेसिंग तथा प्याकिंग उद्योगको वृद्धि गर्नुको साथै स्वदेश तथा विदेशमा यस्ता उत्पादनको बजारको वृद्धि गर्नु, खनिज पदार्थ तथा क्यूरियोका सामानहरूको खरीद बिक्री तथा आयात निर्यात गर्नु तथा ऊन र क्यालिको कपडाहरू उत्पादन गर्नु वा गराउनु वा आयात गर्नु नै यस कम्पनीको मुख्य उद्देश्य हो ।

पूँजी तथा सेयर

यस कम्पनीको अधिकृत पूँजी १ करोड, चुक्ता पूँजी ७५ लाख र कार्यकारी पूँजी ४३,९०,९००।— रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माण

यस कम्पनीको प्रोजेक्टको लागि श्री ५ को सरकारले ९ रोपनी जग्गा प्राप्त गरी यस कम्पनीलाइ हस्तान्तरण गरिएको छ । अर्को ४ रोपनी जग्गा पनि प्राप्त भइसकेकोले जम्मा १३ रोपनी जग्गा भएको छ र यसको मूल्य २ करोड जति भएको छ । निर्माणाधीनमा रहेको भवनले करीब ४ रोपनी जग्गा ओगट्ने छ र यसको लम्बाई २५४ फीट, १३९ फीट चौड़ाइ र १०९ फीट अग्लाइ हुनेछ ।

यस भवनको वेसमेन्ट तल्लामा करीब ८५ वटा मोटर कारहरू अटाउने पार्क र १५००० स्क्वायर फीटको स्टोरका कोठाहरू रहने छन् र यी जम्मै स्टोर कोठाको लागि प्रयोग गर्ने हो भने एक लाख मेट्रिक टनका सामानहरू राख्न सकिने छन् । भुईंतल्लामा ४७ स्टल रहनेछन् र भवनको शुक्रपथतिरको भागमा स्टलहरू खोलिसकेका छन् । यसै सालदेखि रू. ८,७०,२४०।— को बहाली भाडा कम्पनीले प्राप्त गर्ने छन् र वेसमेन्टबाट मात्र रू. ३,६०,०००।— बहालस्वरूप प्राप्त हुने छ । अतः अर्को वर्षदेखि वेसमेन्ट र भुइँतल्लाबाट गरी करीब रू. १८,००,०००।— को आम्दानी यस कम्पनीलाइ हुनेछ ।

भुइँतल्ला र पहिलो तल्लाको निर्माण कार्य प्रायः समाप्त भएको छ । केवल रोलिंग शटर, प्लास्टर र वायरिंग गर्न मात्र बाँकी छ र यी कार्यहरू पनि जोडतोडका साथ गरिंदै छन् । पहिलो तल्ला अहिले राष्ट्रिय वाणिज्य बैंकलाइ लीजमा दिइसकेको छ । दोस्रो तल्लाको निर्माण पनि छिटै पूरा हुने छ र यस तल्लामा १३४८३ स्क्वायर फीटको स्टल रहनेछन् । यस तल्लाको लागि माग गर्ने ग्राहकहरूको संख्या धेरै छ र यस तल्लावाट कम्पनीलाइ रू ६,६५,७८४ – बहालबाट प्राप्त हुनेछ र कम्पनीको सेयर खरीद गरेका व्यक्तिहरूलाइ यस कम्पनीको तल्लाहरू बहाल दिनमा प्राथमिकता दिने यस कम्पनीको नीति रहेको छ । त्यसैले यस कम्पनीको सेयर खरीद गर्न चाहनेहरू-को संख्या धेरै हुन सक्ने छ । यस कम्पनीको सेयर पहिल्यै खरीद गरिसकेका-हरूलाइ कम्पनीका भवनको ग्राउन्ड फ्लोर नै यथेष्ट हुनेछ ।

दोस्रो र तेस्रो तल्लामा आफ्नै स्टलहरू राख्ने यस कम्पनीको योजना रहेको छ । भवनको कौशीको भागमा ७ वटा तल्लाहरू रहनेछन् जसमध्ये ६ तल्लाहरूमा होटल रहने छ र सातौं तल्लामा रेस्टुरांको लागि छोडिदिने छ । यसरी यी सबै होटल तथा रेस्टुरांहरूबाट तिर्नु पर्ने आयकर बाहेक कम्पनीलाइ रू. ४३,३०,०००। - को आम्दानी हुनेछ ।

वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठक प्रतिक्रिया

—विन्दु सुवेदी

'रूप-रेखा' र पाठक प्रतिक्रिया

'रूप-रेखा'-को पाठक प्रतिक्रियाको विवेचना गर्न लाग्दा मलाइ वितेका कुराहरू खोतलेर खाटा वसेको घाउलाइ उप्काउन खोजे फैं लागिरहेको छ, किनभने रूप-रेखाका पाठक प्रतिक्रियाले विभिन्न विद्वान् लेखकहरू विचमा खण्डन, आरोप, पुराना पिंढी र नयाँ पिंढी, पुरानो विचार र नयाँ विचारहरूको फगडा इत्यादिलाइ अँगालेको छ। अहिले ती लेखकहरू, अफ्र भनुँ पाठकहरू मध्ये कतिलाइ आफुले त्यस वेला लेखेको पत्रमा पछुताउ लागेको होला; कतिले त्यसवखत जुन अहंलाइ लिएर पत्र लेखेका थिए त्यो बाटो नै छोडिसके होलान्। उनीहरूको लागि यो लेख पढ्दा छोपिसकेको पीडालाइ उधिनेर अगाडि राखिदिए फैं हुनेछ। तर यो वास्तविकता हो, इतिहास हो। जुन चिजको पनि रूप र गुण तौलँदा त्यसको इतिहास र वास्तविकता अवश्य अगाडि आउँछ। त्यस्तै रूप-रेखाका पाठक प्रतिक्रिया रूप-रेखाको वास्तविकता हो, इतिहास हो। रूप-रेखाले विभिन्न समय अनुसारका साहित्य, त्यस सम्वन्धी चर्चा, वादविवाद लेखक-पाठकहरूलाइ कसरी अंगीकार गऱ्यो वा गरिरहेछ भन्ने यसबाट थाहा हुन्छ। हामी 'रूप-रेखा'-को पाठक प्रतिक्रिया अन्तर्गत साधारणदेखि लिएर साहित्यिक, बौद्धिक, पुराना र आधुनिक पिंढी पुस्ता बिचको धारणा मान्यता, नेपालका बुर्जुग समाज, आधुनिक युवावर्गको माग, साहित्यप्रतिको वाद विवाद, मौलिकता सम्वन्धी विवाद इत्यादि पाउँछौं। यसरी रूप-रेखाले विभिन्न लेखक वर्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैचारिक छालहरूको प्रतिनिधित्व गरेको छ। यस लेख ग्रन्तर्गत मैले विशेषतः साहित्यिक समाजका पाठक वर्गलाइ लिएकी छु। समय समयमा रूप-रेखाले पाठक प्रतिक्रियाको माध्यमद्वारा यहांको साहित्यिक र वौद्धिक वर्ग विच ल्याएको हलचल र त्यसबाट निस्केको सारतत्वको ज्ञान गराउनु साथै रूप-रेखालाइ नेपाली साहित्यिक जगत्को एउटा पूर्ण 'मंच'-को रूपमा प्रस्तुत गर्नु नै मेरो यो लेखको उद्देश्य हो।

यसै क्रममा 'रूप-रेखा'-को प्रथम अंकबारे पाठक प्रतिक्रियामा सर्व-प्रथम नाम आउँछ भीमनिधि तिवारीको। उहांले आफ्नो चिठीमा लेख्नुभएको छ–

"नेपाली भाषामा नयाँ पत्रिका प्रकाशित भयो भन्ने सुन्दा घरमा आफ्नै सन्तान उत्पन्न भएको जस्तो हर्ष र आनन्दको लहर मेरो अन्तस्तलमा उर्लिएर आउँछ। अनि कालो पर्दाको ग्राङमा बसेर भयले लामा लामा नङ्ग्रा र दाह्रा देखाएर मलाइ तर्साउँछ––खाइदिन्छु, शैशवावस्थामै खाइदिन्छु।"

"पत्र-पत्रिका संख्या धेरै भए किन्तु दीर्घायु भएका थोरै भए। कलमले मात्र होइन, साँच्चि नै हृदयदेखि म कामना गर्छु यो जन-भावनाको प्रतिक, प्रेरणादायक भएर धेरै कालसम्म जीवित रहोस्।"

[पूर्णाङ्क २, २०१७ भदौ-असोज]

यस भनाइमा भावुकता छ र साहित्यिक पत्र-पत्रिकाको प्रकाशनलाइ एउटा राम्रो घटनाको रूपमा लिइएको छ।

रूप-रेखाको यही अङ्कमा अर्को एउटा रोचक पत्र छ किरणनाथको। उहांले तारानाथ शर्माको लेखको लागि यसरी पाठक प्रतिक्रिया दिनुहुन्छ–– "तारानाथजीको उरन्ठेउलो, उत्ताउलो र एकोहोरो विचारले लेखिएको घोत्ल्याइं हेरें। गाली–गलोज साहित्यमा निजको भविष्य निकै उज्ज्वल छ।"

किरणनाथको पत्रलाइ नै हामी रूप–रेखामा लेखक र पाठकको वादविवादको सुरुवात मान्न सक्छौं। यसपछिका अनेकौं पाठक प्रतिक्रियाहरूमा सुझाव छन् र 'रूप-रेखा'-ले साहित्यिक महत्वपूर्ण रचनाहरू, 'पत्रिका राम्रो छ', 'कथा थोरै भए पनि सबै राम्रा', 'रूप-रेखा' युगको प्रतिनिधि जस्ता प्रतिक्रिया-हरू छन्। त्यसपछि उक्त प्रतिक्रियालाइ ताना शर्माले यसरी उत्तर दिए—

"...... किन किरणनाथज्यू भन्ने महोपाध्यायको चिठी......छापेर आफ्नै लेखकहरूको वदनामी गराउनुभएको हो? के तपाईंहरूको पत्रिकामा तपाईंहरूको सफल सम्पादनमा छापिने तपाईंका लेखकहरूका लेखहरूप्रति त्यस्तो विनातर्कको गाली आउँदा तपाईंहरू ढुङ्गा जस्तो चुपचाप बसिरहनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्योचित कार्य हो ? .. यो चिठी रिसमा लेखेको होइन 'रूप-रेखा'-प्रति उत्तिकै श्रद्धा छ । किरणनाथलाइ हांक हो ।"

[२०१७ कार्तिक–मंसीर पृष्ठ ४]

मैले अघि नै उल्लेख गरिसकेकी छु, 'रूप-रेखा' एउटा यस्तो मञ्च हो जहाँ लेखकहरूका कृतिको खण्डन, आरोप, वादविवाद इत्यादि देखा पर्दछन् । यसरी साहित्यिक संस्था वा व्यक्तिसंगको झगडा र हलचललाइ रूप-रेखाले आफ्नो शैशव अवस्थादेखि नै लिएर आएको छ । त्यस समयदेखि नै लिएको त्यो भार रूप–रेखाले आजसम्म नै बेहोर्दै आएको छ । यसरी माथि लेखक र पाठकको विचमा चलेको यो झगडा यतिमै अन्त भएन । किरणनाथले लेखकलाइ फेरि जवाफ लेखे—

"तपाईंको तेस्रो पल्टको रूप-रेखामा हांक पढ्न पाउँदा गजक्क परें। मैले अघिल्लो पालाको चिठीमा शर्माजीलाइ जति पनि मटैंग्रो हानेको थिएँ ती सबैले वहांलाइ थङ्थिल्याउन र टुटिल्को उठाउन काम गरेछन्... ..."

"व्यक्तिगत गाली गलौजमा यस्ता वुर्जुग्र्याइँ छांट्न सक्ने मान्छेले भोलि श्यामप्रसादको पुड्क्याइँमा, शशीकलाको छोटो कपालमा, भिक्षुको पान पिचक्याइमा, लेखनाथको दाह्रीमा, श्यामदासको लवाइमा भक्र नबाने कस कसको के के मा घोत्लिन जमर्को गर्दैनन् भन्न सकिन्न ।"

अङ्क ४, २०१७ पुस–माघ

यसरी यहां यसो भन्दा भन्दै ताना शर्माले गरून् कि नगरून् यी पाठकले आफैं त्यो जमर्को गरी माथि भनेका लेखकहरूका व्यक्तिगत स्वभावको चर्चा थाहै नपाई गरिसकेका छन् ।

यस्तै प्रकारको अर्को एउटा चिठी नरेन्द्र देव (काठमाडौं र रूप-रेखा २१, २०१९ माघ) को छ जसमा उनले "प्रगतिशील दृष्टिमा केही रचनाहरू" पूर्णाङ्क २०) प्रति प्रतिक्रिया दर्शाउँदै सरिता ढकालको तर्कलाइ खण्डन गर्न खोजेका छन् ।

यसपछिका अनेकौं पाठक प्रतिक्रियाहरूमा सुझाव र सह्राहना मात्र छन् । त्यसपछि एउटा चिठी आउँछ बालकृष्ण समको । यो चिठीबाट हामी साहित्यिकहरू आफ्नो पिंढी र पुस्तालाइ कसरी पक्षमा लिन्छन् भन्ने देखिन्छ । यो प्राकृतिक कुरा हो --हरेक लेखक कवि आफ्ना समकालीनहरूको पक्षमा हुन्छन् चाहे त्यो पिंढी पुरानो होस् वा नयां । यो चिठी त्यस कुराको ज्वलन्त उदाहरण हो । यहां सम जस्ता महारथीले पूर्णाङ्क २३ मा प्रकाशित भिक्षुको 'नामकरण' भन्ने निवन्धबारे पाठक प्रतिक्रिया लेखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'नामकरण'-मा भिक्षुले आज नेपाली साहित्यको क्षेत्रमा पाश्चात्य साहित्यमा धेरै पढेका, नयाँ नयाँ अंग्रेजी भाषाका पुस्तक पढ्ने तर हार्दिकता र ग्राह्यता कम भएका शिक्षित पाठकको चर्चा गरेका छन् जसमा उनले "भिक्षु" को आफ्नै व्यक्तित्वको संरक्षण र विश्वासलाइ दोहोऱ्याएका छन्। समले भिक्षुको स्थान नेपाली साहित्यमा अलग र सुरक्षित छ भन्दै स्वस्थ समालोचनाको आवश्यकतामाथि जोड दिएका छन्। उनी भन्छन्, "उहाँ कुनै समालोचकभन्दा तल्लो स्तरको समालोचक हुनुहुन्न ...। त्यसैले 'नामकरण'-मा उहांले देखाउनुभएको छ कसरी अपमानलाइ विद्वत्तापूर्वक लिएर विद्वत्तापूर्वक पचाएर विद्वत्तापूर्वक नै उत्तर प्रस्तुत गर्न सकिन्छ। यो देख्दा कविलाइ जिस्क्याउनु पनि निरर्थक रहेनछ भन्ने मलाइ लाग्यो। साहित्यिक मन्थनबाट नौनी निस्किरहोस्। वातावरण व्यक्तिगत बनेर विषाक्त नहोस्।"

त्यही अंकको समज्यूको चिठ्ठीसंगै अर्को एक पाठक विश्वराज शर्माले लेखेका छन् "भिक्षुज्यूको 'नामकरण' पढ्दा अब उहाँ मात्र दयाको पात्र हुनुभए जस्तो लाग्यो। यो उहांको आत्म-हीनताको भावना, अरण्य रोदन अथवा कुवाको भ्यागुतोको टर्टर बाहेक अरू केही लागेन सायद उहांको कवि मरिसक्यो तापनि यस तथ्यलाइ उहां अझै पनि अस्वीकार गर्दै हुनुहुन्छ।"

यी चिठ्ठीहरू पछि झण्डै एक दर्जन भन्दा बढी रूप-रेखाको पाठक प्रतिक्रिया छोडेर उल्लेखनीय पत्र आउँछ जसमा लेखक र पाठकको बिच विवाद छ। श्यामप्रसाद [रूप-रेखा पूर्णाङ्क ३७] भन्ने पाठकले अर्को एक पत्रिका 'विहान' [वर्ष १ अङ्क १]-मा प्रकाशित आफ्नो 'साहित्यिक पात्र-पात्रीहरू' शीर्षक लेखलाइ लिएर सरिता ढकालले रूप-रेखा (३३) मा व्यक्त गरेको विचारमाथि पाठक प्रतिक्रियाको रूपमा लामो उत्तर दिएका छन् जसमा प्रगतिशील साहित्यका पात्र रचनाहरू विषयका ढकालका विचारको खण्डन गरी पात्र-पात्राको सार्वभौमिकता बारे जोड दिएका छन्। दुवैको विचारलाइ दांजेर हेर्ने हो भने श्यामप्रसादको धारणा बढी परिपक्व र फराकिलो देखिन्छ।

यस्तै विवाद अन्तर्गत कुमार नेपाल [रूप-रेखा ३८] ले रूप-रेखा ३७ मा ताना शर्माले गरेको "तुवांलोकी कल्ला"-को 'सानो समीक्षा'-को प्रत्युत्तर छ। ताना शर्माले 'तुवाँलोको कल्ला' शीर्षक नै अशुद्ध ठहराएकोमा स्पष्टिकरण र व्याकरण विषयको स्पष्टिकरण, दिनुको साथै यौनको विषयमा फ्रायडमात्र यसका अधिष्ठाता होइनन् भनी कुमार नेपालले ताना शर्माको भनाइलाइ खण्डन गरेका छन्। वात्स्यायन फ्रायड भन्दा पुराना त्यस विषयका पण्डित हुन् भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारणा व्यक्त गर्दै उनका कथा क्लिष्ट देखिए तापनि वास्तवमा सरल छन् भनी उनले आफ्नो लेखाइ अन्त गरेका छन्। उनको यस प्रतिवादको खण्डन गरी नगेन्द्र शर्माले अर्को एउटा चिट्ठी (रूप-रेखा ३९) प्रकाशित गरेका छन्।

रूप-रेखाले आफ्नो पाठक प्रतिक्रियाको पानाहरूमा प्रतिष्ठित लेखक-हरूद्वारा लेखिएको आलोचना पनि प्रस्तुत गरेको छ। रूप-रेखाले निकालेको समालोचनाङ्कबारे दुई मल्ल दाजुभाइहरूले आफ्ना प्रतिक्रिया व्यक्त गरेका छन्। गोविन्द बहादुर मल्ल (गोठाले) [रूप-रेखा ३८] ले नेपाली साहित्यका सबै-जसो आलोचकहरूलाइ मौलिक लेखकका भावनालाइ अनुभूत गर्न नसक्ने र पूर्वधारणाले ग्रसित भनेका छन्। विजय मल्ल [रूप-रेखा ३८] ले समालो-चनाङ्क निकालेकोमा सम्पादकहरूलाइ धन्यवाद दिएका छन् र त्यसमा प्रकाशित समालोचनात्मक लेखहरूलाइ सफल मानेका छन्।

यही ३८ अङ्कमा समालोचनाङ्कप्रतिको विजय मल्लको धारणासंग आफु असहमत भएको कुरा व्यक्त गरी ईश्वर बल्लभ [रूप-रेखा ४०]-ले यो लेख सायद कर लगाएर लेखाइएको हो भन्ने अनुमान गर्दै प्रतिक्रियाको प्रतिक्रियामा के भनेका छन् भने विजय मल्लले ताना शर्मा र मोहन हिमांशु थापाका लेख-लाइ प्रेरणादायी भनेका छन् तर यो कुरा 'नितान्त गलत' हो र ताना शर्मा केही लेख्न सक्दैनन् भन्ने उनको विचार छ। यो लेख पनि उही लीलाध्वज थापाको 'मन' माथि लेखिएको जस्तो बित्थाको एप्रेजल हो भन्ने बल्लभले किटान गरेका छन्।

यसपछिका पाठक प्रतिक्रियाहरू फेरि केही सुझाव सराहनाका मात्र हुन्छन्। वैरागी काइँला [रूप-रेखा ४०] ले पूर्णाङ्क ३८ मा प्रकाशित 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव' भन्ने आफ्नो कविताको छपाइमा अनेकौं त्रुटि भएको गुनासो गरेका छन्। त्यसै अङ्क (४०) मा पुष्कर लोहनीले पूर्णाङ्क ३९ मा प्रकाशित कविताहरूलाइ मुक्त कण्ठले प्रशंसा गरेका छन्।

अङ्क ४० देखि ८७ सम्ममा केवल २ वटा जति साधारण प्रतिक्रिया आएका देखिन्छन्। ती कुनै उल्लेखनीय छैनन्। रूप-रेखाको पाठक प्रतिक्रियाको लामो इतिहास यहांनेर आएर शिथिल भएको छ। यस बीच कुनै वाद-विवादा-त्मक चिट्ठीहरू, साहित्य सम्बन्धी चर्चाहरू छैनन्। त्यसकारण यस बीचका वर्षहरूमा रूप-रेखाको पाठक प्रतिक्रियाको मञ्चमा कुनै साहित्यिक र बौद्धिक जगतको दृश्य प्रस्तुत नभएकोबाट हामी त्यस बीचमा साहित्यिक लेखक कविहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीच पनि केही शिथिलता आएको कुरा बुझ्न सक्छौं। त्यसपछिका केही अङ्क छोडेर आएका प्रतिक्रियाहरू चाहिं सांच्चै नै रसिला, चाखलाग्दा र महत्वपूर्ण छन्।

अङ्क ८७ मा एक पाठक गंगा उप्रेतीले रूप-रेखा अङ्क ८३ को रचनाहरूको राम्ररी समीक्षा गरिएको प्रतिक्रिया छ। उप्रेतीले लेखेका छन्, 'रूप-रेखाले नेपाली साहित्यको सर्वपक्षमा नयाँ रूप र नयाँ रेखा तयार पार्नमा गरेको परिश्रम मान्य छ। यही प्रवृत्ति चलिरहोस्'।

यस्तै स्तरबारे भीष्म भूषण संग्रौला र विमल राल्फा [रूप-रेखा ९८] का छुट्टाछुट्टै प्रतिक्रिया छन्। विमल राल्फाले रूप-रेखाको स्तरलाइ लिएर सम्पादकहरूसंग भनेका छन् 'रूप-रेखा ९६ अङ्क आफ्नो डुब्दै गएको स्तरीयतालाइ केही उठाएर देखा पर्‍यो। (मैले मात्र होइन यस पालीको दार्जी-लिङ्ग यात्रामा धेरैले भने 'रूप-रेखा' पनि इतिहास भइसक्यो। के सम्पादकज्यू तपाईंहरू सामग्री पाउनुहुन्न?)' पाठक पत्रिकाको स्तर वृद्धि हुने कुरामा आशावादी छन्।

अब पाठक प्रतिक्रियाको यस्तो मोड आउँछ जहां ईश्वर बराल एक विवाद हुन पुगेका छन्। डा० ईश्वर बराल बेलायतमा आफ्नो अध्ययन समाप्त गरेर काठमाडौं फर्केपछि यहाँको साहित्यिक समाजमा एउटा हलचल आयो। रूप-रेखामा यस सम्बन्धी अनेक महत्वपूर्ण पाठक प्रतिक्रियाहरू देखा परे। ईश्वर बरालले रूप-रेखालाइ दिनुभएको अन्तर्वार्तालाइ महत्वपूर्ण भन्दै काशीनाथ तमोट [रूप-रेखा ११४] ले लेखे' रूप-रेखा (११३) को विशेष लेख 'डा० बरालसंग अन्तर्वार्ता धेरै दृष्टिकोणले महत्वपूर्ण छ। नेपाली साहित्यका ज्ञान भण्डार उहांसंगको उक्त अन्तर्वार्ता विवादास्पद हुने भने देखिन्छ।... ... हिन्दीका विभिन्न भनाइसंग अहिलेका नयाँ लेखकहरूका वैचारिक आन्दोलनलाइ दांजेर डा० ईश्वर बरालले जुन कुरा भन्न चाहनुभएको छ, त्यसका सम्बन्धमा मलाइ समालोचनामा परिपक्व उहाँलाइ भन्नु छ—सबैजसो प्रौढता पाउन लागेका अरू नेपाली आलोचकहरूमा झैं उहांमा पनि नयाँप्रति हेर्दैमा हेय दृष्टि राख्ने विचार नआओस्।" पाठकले ईश्वर बरालको भाषाको प्रयोग, खास गरेर शब्दको प्रयोगमा अनौठोपनको चर्चा गर्दै भनेका छन्, "बरालज्यू, अंग्रेजीलाइ पनि संस्कृतिकरण गर्नु हुन्छ र हिज्जेलाइ वर्तनि (Climax), चरम सीमालाइ चुडान्त (Splling) भन्दा तर्सिन्छौं।" यसै प्रतिक्रियामा नेपाली साहित्यका प्राथमिक कालका नेपाली कविहरू सम्बन्धी खोजपूर्ण रचनाहरूको एक छुट्टै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकलन निकाल्नुपर्ने आवश्यकतामाथि जोड दिंदै त्यो काम ईश्वर बरालबाट हुने हो कि भनी आशा पनि व्यक्त गरेका छन् ।

यसै गरी रूप-रेखा ११५ मा ताना शर्माले डा० ईश्वर बरालको नेपाली राष्ट्रियताको सम्बन्धमा उठेको विवादबारे पाठक प्रतिक्रिया दर्शाउँदै 'हिमानी' भन्ने नेपाली साहित्य संस्थानको मुख पत्रिकाको २०२७ विजया अङ्कमा डा. ईश्वर बरालको नेपाली राष्ट्रियताप्रति अपमान गर्दै लेखिएको संपादकीयको कडा भर्त्सना गरेका छन् । उनले डा. बराल बाहिर अध्ययन गर्न गएका हुन् र प्रवासमा गएर जीविका गर्ने लाखौं नेपाली जस्तै एक हुन् र डा. बराल जस्ता नेपाली साहित्यका महान् सेवी राष्ट्रवादी विद्वान्माथि यस्ता अनावश्यक लाञ्छना लाउने प्रयत्न गर्न खोज्नु त्यस्ता साहित्य संस्थानले आफ्नै खुट्टामा बञ्चरो हान्नु हो भनी निष्कर्ष निकालेका छन् । यस्तै प्रकारले आलोक नामका एक पाठकले [रूप-रेखा १२०] रूप-रेखाका सम्पादकहरूको आफ्ना समूहका लेखकको विरुद्ध केही भन्न नहुने र अन्य तथाकथित पूर्वाग्रहहरूको कटु आलोचना गरेका छन् ।

यसपछिका एक दर्जन्भन्दा अरू बढी रूप–रेखालाइ छोडेर आउँछ मौलिकताको प्रश्न र चोरी सम्बन्धी लेखहरूको चर्चा । यहाँ लेखकहरूले अरू लेखक कविहरूका कृतिलाइ चोरेर आफ्नै मौलिक उपज भनी दर्शाउनुभएका लेखहरूमाथि विज्ञ पाठकहरूको अप्रत्याशित हमला छ । तुलसी दिवसको लेख सफा चोरी हो भन्ने सम्बन्धी लेखबारे प्रतिक्रिया जनाउँदै एक पाठक जगदीश समसेरले [रूप-रेखा १३५] लेखेका छन्, "पूर्णाङ्क १३१ अर्थात् वर्ष १२ अङ्क ११ को चैतको 'रूप-रेखा'-मा लेखनमा तस्कर व्यापार' लेख पढें । मुलुक बाहिर अगम्य सामना गरेर भाषा सेवा गर्न खोज्दा एकै भएको फाइदा गुटबन्दी-देखिको तटस्थता हो । तुलसी दिवसलाइ म केवल 'रूप-रेखा'-को कविता अङ्कको 'घाट'-को लेखकको रूपमा मात्र चिन्छु । त्यसबारे मेरो टिप्पणी, 'आधुनिक नेपाली कविता'-मा लेखिसकेको छु ।"

"यो नयाँ 'रूप-रेखा'-मा उहाँको लोकवार्ता सम्बन्धी लेखबारे भारतेन्दु शर्माले लेखेको पढ्दा आश्चर्य लाग्यो । यो लेखमा तपाईंले के साहित्यिक गुण फेला पार्नु भयो ? हुर्मत र हुज्जत बाहेक यो लेखमा अरू के छ ? 'रूप-रेखा' जस्तो, आजका अग्रगण्य लेखकहरूका लेख छापिने पत्रिकामा, समालोचनाको स्तर उठाउन मैले त्यतिका परिश्रम गरी लेख पठाउने गरेको पत्रिकामा यस्तो असाहित्यिक लेख किन छापियो, बुझ्न सकिनँ --टाढा बसकोले होला । के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईं सम्पादकहरूले अब 'रूप-रेखा'-को स्तर यति तल लैजाने निर्णय गरेको त होइन? [पृष्ठ १ सिमला] यस प्रतिक्रियाको जवाफ त्यही पत्रसंगै 'रूप-रेखा' ले लेख्यो—'लेखन चोरी सम्बन्धी लेखको सट्टा अन्य कुनै साहित्यिक लेख प्रकाशित गर्नु 'रूप-रेखा'-का लागि पनि हर्षको कुरा हुने हो। 'हुर्मत र हुज्जत'-को लेख छाप्ने मनसाय त रूप-रेखाको पनि होइन, तर नेपाली वाङ्मयको नै हुर्मत र हुज्जत लिने कार्य कतिसम्म सहिरहने ?" [पृष्ठ १]

यो त भयो चोरीको लेखलाइ पाठकद्वारा हमला। यस्ता चोरी लेखन पहिले पहिले पनि भएको पाइन्छ। यसको उदाहरणको लागि प्रस्तुत छ रूप-रेखाको सुरूका वर्षहरूको बीचमा नै घट्न गएको चोरी लेखनमाथि सचेत पाठकको प्रतिक्रिया दयाराम 'संभव' [रूप-रेखा ४५]-ले श्याम अधिकारीद्वारा पूर्णाङ्क ३१ मा लिखित "आधुनिक कथा साहित्यको विकास र केही नेपाली कथाकारहरू" भन्ने लेखको परिचयात्मक कुराहरू साहित्य-सदन, चिरगाँव (झांसी) बाट प्रकाशित सच्चिदानन्द, हिरानन्द वात्स्यायन र कृष्णचन्द्र शर्मा 'चन्द्र'-द्वारा संकलित र सम्पादित 'हिन्दी की प्रतिनिधि कहानियाँ' भन्ने पुस्तकको भूमिकाको 'आधुनिक कहानी; पाश्चात्य परम्परा'-को ठिक शब्दानुवाद गरिएको रहेछ;" भनी श्यामप्रसादका प्यारााग्राफ मूल लेखकका प्याराग्राफको ठिक अनुवाद भनी प्रमाणित गरेका छन्। यस पत्रको अन्तमा सम्पादकीय टिप्पणी यस्तो छ—"साहित्यिक चोरीको उल्लेख हामीले रूप–रेखा (पूर्णाङ्क ४३) मा गरिसकेका छौं। अरू पनि चोरिएका यस्ता कविता, कथा, आलोचना होलान्। यसमा चेतनशील लेखक र पाठकबाट सचेत हुनु आवश्यक छ।" यस टिप्पणीमा लेखकहरूलाइ विज्ञ पाठकको डर देखाई सचेष्ट हुन सल्लाह दिएको कुरा चाखलाग्दो छ।

माथिको जस्तै लेखन चोरी सम्बन्धी कुरालाइ लिएर भएको अर्को सवाल जवाफ छ कुमुदिनी र शंकर लामिछानेको। कुमुदिनी [रूप-रेखा १३६] ले शंकर लामिछानेप्रति मेरो ठुलो सम्मान छ, आदर र पूजाको भाव छ भन्दै "आ भाँ गार्देको सौन्दर्य शास्त्र" [रूप–रेखा ११२ र ११४] भन्ने लेख ['माइकल कर्वीको लेखमा आधारित छ भनी टिप्पणी समेत निस्केको पहिलो खण्डमा]-लाइ माइकल कर्वीको लेखको अनुवाद हो भनी स्वीकार गर्न नसकेकोमा आश्चर्य प्रकट गरिएको छ। माइकल कर्वीको लेखमा आधारित छ भनी लेखिएको लेखमा अनुवाद' भन्ने शब्द प्रयोग गरिन पर्ने आवश्यकतालाइ पाठकले जोड दिएकी छन्। यस्तै 'ट्रिक' र 'टैक्टिस' अपनाएर म अर्को शङ्कर लामिछाने' बन्न सक्दिनँ र ?" भन्ने पनि आशङ्का उनले व्यक्त गरेकी छिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उही अङ्कमा शङ्कर लामिछानेले जवाफ लेखेका छन् 'शङ्कर लामिछाने स्वयंलाइ लेखक ठान्दैन । यस पाँच वर्षभित्र उसले चार, पाँचवटा विश्वको 'महान् इतिहास' र लेखन शैली समेत चोरेको छ। यो उसले गर्नुपर्ने कारण हो—उसको जागिर थिएन र उसलाई बाँच्नु थियो। तपाईंले एउटा मात्र पाउनुभयो, बाँच्नको निमित्त मैले त त्यस्ता पाँच छ वटा बदमासी गरेको छु। तपाईंले पिकासोको जीवन हेर्नुभयो भने पनि त्यस्तो अवस्था आउँदो रहेछ भनेर थाहा पाउनुहुनेछ। बाँच्नु जस्तो ठुलो कुरो जीवनमा अरू केही रहेनछ। मैले कसैलाइ मारिनँ त्यो मेरो भाग्य हो। मेरा साथीले दिएको दुर्भाग्य मेरो निमित्त साँच्ची नै दुर्भाग्य हो। म सायद साहित्यिक क्षेत्रबाट सन्यास लिँदैछु र अब म लेख्ने पनि छैन होला।

कुमुदिनी, मैले पछि लेखिहाले भने पनि त्यस वेला तपाईंलाइ सिकायत गर्ने कुनै मौका पनि दिने छैन होला, त्यस सुअवसरको प्रतिक्षा 'रूपरेखा'-को पानामा नै गर्नु होला। कुमुदिनी बहिनी, नेपाली साहित्यलाइ तपाईं-जस्तो पाठकको जागरुकताको आवश्यकता छ, यो भएन भने म जस्तो मानिसले बी बीचमा बदमासी गर्ने सम्भावना हुन्छ। तपाईं जस्तो बाहुनी-तिलक लगाएर मात्रै हामी संग्राममा उभिन सक्छौं।

यसपछि साहित्यका एक तारा अस्ताए। शङ्कर लामिछानेको समवेदनामा रूप रेखाले शङ्कर लामिछाने अङ्क प्रस्तुत गऱ्यो। उनका सबै परिचितहरूले सम्झना, समवेदना लेखे। तर उनको बहिनी (?) कुमुदिनीले उनको स्मृति अङ्क विषयमा लेखिन् हो, त्यस 'महान् स्वीकारोक्ति' (!) पछि... शङ्कर लामिछानेले झण्डै झण्डै पूर्ण सन्यास लिए, यस सम्बन्धमा कुमुदिनीलाइ पनि प्रशस्त अपसोच छ। अपसोच कुमुदिनीलाइ शङ्करको चित्त दुखाउनमा भन्दा शङ्करले त्यसरी घुँडा टेक्ने निर्णय लिनुमा नै छ। ... ...शङ्कर धेरै कमजोर मुटुको नामर्द लेखक कसरी हुन पुग्यो त्यसमा मलाइ पनि उत्तिकै आश्चर्य छ र शङ्करको त्यही निर्णय धेरै धेरै कुमुदिनीलाइ पनि असह्य छ।' [पूर्णाङ्क १९२, वैशाख २०३४ पृष्ठ ६१]।

२०२९ सालतिर साहित्यिक जगत्मा अनेकौं वादविवाद भए। ती साहित्यिक भन्दा असाहित्यिक थिए। यसकालमा साहित्यकारहरूको बीचमा प्रशासनिक, अहंकारी, व्यक्तिगत र संस्थागत मनोमालिन्य भएको देखिन्छ। यस बखतको झगडा प्रज्ञाप्रतिष्ठानकै पुराना र नयाँ सदस्यहरूको बीचको थियो। यी साहित्यकारहरू एउटा यस्तो मनोदशामा पिरोलिएका देखिन्छन् जुन मनोदशा उनीहरूको आफ्नै पिंढीका कमजोरीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार गरेको थियो; तिनीहरू दुखान्त नाटकका पात्रहरू जस्तै एउटा अदृश्य 'पाप'-का उल्झनमा परेका देखिन्छन् जस अन्तर्गत तिनीहरू देवकोटाको मृत्यु-देखि तर्सेका छन्, आफ्नै संकीर्ण भावना साम्प्रदायिक र नातावादी विचारसंग तर्सेका छन् र सारांशमा आफ्नै पिढीको छायांसंग तर्सेका छन्। यस झगडामा नयाँ पिढीका साहित्यिकहरू नपरेकोबाट यो कुरा अझ प्रष्ट हुन्छ। त्यसै अन्त-र्गत गोरखापत्र (६ असोज २०२९) मा प्रकाशित एकेडेमीको विज्ञप्ति, जसमा पुरानो एकेडेमीका कमजोरीको भर्त्सना र तत्कालीन एकेडेमीप्रतिका आरोपको खण्डन गरिएको छ—लाइ लिन सकिन्छ। यो विज्ञप्तिको जवाफ छ जना वरिष्ठ साहित्यकार बालकृष्ण सम, पण्डितराज सोमनाथ सिग्देल, सूर्यविक्रम ज्ञवाली, माधवप्रसाद घिमिरे, भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठले 'रूप-रेखा' [पूर्णाङ्क १३७ असोज २०२९] मा प्रकाशित गरेका छन् जसमा पुरानो प्रज्ञा-प्रतिष्ठानमाथि लगाइएका आरोपको खण्डन गरी नयाँ एकेडेमीका खास गरी तत्कालीन कुलपतिको कमजोरीको व्याख्या गरेका छन्, जसमा भनिएको छ—'झन्डै झन्डै तीन वर्ष जन-आवाजको प्रतिनिधित्व गर्ने पत्र-पत्रिकाहरूद्वारा वर्त-मान प्रज्ञाप्रतिष्ठान र त्यसका कुलपतिको कार्यकलापको प्रखर टीका टिप्पणी लगातार भएको र गत केही महिनादेखि प्रज्ञाप्रतिष्ठानको सरकारी स्तरमा जांच बुझ समेत भइरहेकोले सायद आफ्नो अस्तित्व नै खतरामा परेको ठानी व्यग्र भई ती पत्रपत्रिकाहरूले अब त्यसो नगरून् भन्ने अभिप्राय लिई तथा पुराना अवकाश प्राप्त सदस्यहरूलाइ धम्की समेत दिई असत्य र भ्रामक कुराको वक्तव्य प्रकाशित गराएकोले विवश भई यो उत्तर प्रकाशित गर्नु पर्‍यो, र यस्तो गर्नु-परेकोमा हामी दुःखित पनि भएका छौं" [पृष्ठ ४] [पूर्णाङ्क १३७ असोज २०२९]।

अर्को उल्लेखनीय पत्र छ पारिजातमाथि पाठकको हमला। सुशील देवकोटा [रूप रेखा १३८ कार्तिक २०२९] ले रूप-रेखा १३५ माथि प्रति-क्रिया व्यक्त गर्दै पारिजातको शिरिषको फूलको अंग्रेजी अनुवाद भएको आदि कुरा गर्दै पारिजातले लिन थालेको प्रगतिशीलता एउटा असत्य भेष मात्र हो भन्ने देखाएका छन्। पारिजात र ताना शर्मा दुवै विवादास्पद व्यक्ति हुन् तर ताना शर्मा प्रतिवाद साहसिलो रूपमा गर्छन् तर पारिजातमा कमजोरीप्रति आत्म समर्पण गरिदिने बानी छ इत्यादि, जसको जवाफ सम्पादकद्वारा ध्यान आकर्षित गरिदा पारिजातले त्यही अङ्कमा दिएकी छन्। त्यो जवाफमा आफुले रोगको उपचार गर्नु पर्दा कठिनाइ परेको रिन लागेको देखि लिएर ९० प्रतिशत जति बिना पारिश्रमिक देखेर छानेको समेत चर्चा छ। 'शिरिषको फूल, कसरी अंग्रेजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद हुन पुग्यो भन्ने स्पष्टीकरण पनि पारिजातले दिएकी छन् । पत्र लेखक देवकोटाबारे उनी भन्दछिन्, "उक्त प्रतिक्रिया लेखक सुशील देवकोटालाइ अवश्य थाहा भएको हुनुपर्छ । कारण उनको प्रतिक्रिया लेखाइबाट मलाइ धेरै नजिकको गन्ध आइ रहेछ । चिठी जहांबाट आएको होस् मेरो प्रत्येक गतिविधि भित्री कुराहरू र व्यक्तिगत कुराहरूसंग उनी पूर्ण परिचित छन् ।" आफ्नो "नाङ्गो यथार्थ" प्रस्तुत गर्दै पारिजातले लेखेका यी हरफहरू वास्तवमा मार्मिक छन् र यिनले अहिले पनि सबै साहित्यप्रेमीको ध्यान आकर्षित गर्छन्—

"१९६७ मा वेलोर हस्पिटलबाट असफल, दुःखी, निराश र टाउकोमा ऋणको गह्रुंगो बोझा बोकेर फर्कंदा भिजेका आंखाहरूलाइ यसो हेरिसम्म दिने कोही मान्छे थिएन । सुविधा प्राप्त वर्गमा नभएको हुनाले वेलोरमा न मेरो निम्ति सोस फोर्स नै पुगे न आर्थिक सहायता । त्यसपछिका कष्टपूर्ण दिनहरू कसरी विते ती सब मर्मज्ञले बुझून् (अथवा घरका एक मात्र कमाउ सदस्यले बुझून्) जसको घर छैन, जेथा छैन, आय स्रोत छैन, शारीरिक क्षमता छैन, जसलाइ सरकार, साथीभाइ नातेदार कसैले एक कौडी सहायता गर्दैन, जसले नब्बे प्रतिशत बिना पारिश्रमिक लेख्छ त्यसले यो देशमा के गर्नु ?" [पृ. ११]

"... फगत मैले गरेको यति हो । विगत चार वर्षदेखि म आफ्ना पुराना मान्यता र परम्पराहरूबाट वगाल लागेर, भोग्नु र वर्गीय समस्यादेखि पीडित भई नयाँ मान्यताहरूबारे सोच्दैछु, अध्ययन गर्दैछु र आफ्ना वैचारिक परिवर्तनहरूलाइ जनता समक्ष क्रमशः दिंदै जांदैछु । [पृ. १७]

पाठक विशाल विक्रम शाह (रूप-रेखा १३९ मंसीर २०२९)-ले रूप-रेखा १३८ को बारे पाठक प्रतिक्रिया व्यक्त गर्दै पारिजातको विषयमा यसरी लेखेका छन्, "त्यस्ती परिश्रमी, स्वाभिमानी नारीलाइ विवाद ग्रस्त क्षेत्रमा नउतारौं भन्ने मेरो निवेदन छ । उनलाइ आफ्नै क्षेत्रमा रहिरहन प्रोत्साहन मिल्नु जरूरी छ । बरु हेरौं कला र राजनीतिको संगमलाइ उनको जमर्कोले कति चर्को पार्दो रहेछ ।"

सुशील देवकोटा, विराटनगरबाट फेरि एक पटक पारिजात मञ्चमा उत्रिन्छिन् र उनको 'वैंसको मान्छे' बिवादको सन्दर्भमा पुग्छ । उसले (रूप-रेखा १४२ फागुन २०२९) पूर्णाङ्क १३८ मा प्रकाशित पारिजातको प्रत्युत्तर र 'वैंसको मान्छे'-को चर्चा यस लामो पाठक प्रतिक्रियामा गरिएको छ । मेरो पारिजातको दुःखमाथि रिस ईर्षा छैन तर सहानुभूति छ । तर म उहांका रचना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाइ घृणा गर्छु" भन्दै 'बैंसको मान्छे'-मा उनी प्रगतिशील देखिन खोजेर पनि देखिएकी छैनन् भन्ने कुरालाइ पात्र-पात्राको विश्लेषण र कथानकको आयोजना-को विश्लेषणद्वारा उनले पुष्टी गर्न खोजेका छन् तर चिठीमा पाठकले पहिले आफैंले स्वीकारे जस्तै उनको पारिजात र उनका रचनाप्रति केही पूर्वाग्रही धारणा रहेको उनको लेखाइको पारा र पारिजातलाइ ध्वंस गर्ने प्रवृत्तिबाट थाहा हुन्छ मानौं, पूँजीवादी साहित्यकी रचयिता र अंग्रेजीमा किताब उल्था गराउने पारिजात मात्र हुन् जसलाइ ध्वंस गर्नाले पूँजीवादी लेखन ध्वसँ हुन्छ र 'क्रान्ति' पूरै भएर छोड्छ । तर 'बैंसको मान्छे'-मा पारिजातका पहिलेका उपन्यासको प्रभाव छ भन्ने देवकोटाको तर्क सही देखिन्छ ।

अभि सुवेदीद्वारा लिखित 'बालकृष्ण सम : आयामिक गद्यका प्रथम प्रयोक्ता' ('रूप-रेखा १९७) भन्ने लेखको प्रतिक्रिया स्वरूप पूर्णाङ्क १९९ मा प्रकाशित 'इन्द्रबहादुर राईको चिठ्ठी'-ले साहित्यिकहरूको बिचमा परम्पराको चर्चा गर्ने प्रकृति जागरूक हुन थालेको देखाउँछ । यस चिठ्ठीमा राईले समको प्रयोग बिम्बवादसंग मिल्दछ र आयामिक लेखन बिम्बले लेखिए पनि बिम्बवाद होइन भनी जनाउनुभएको छ ।

यो बाहेक रूप-रेखाको पाठक प्रतिक्रियामा रूप-रेखाको बौद्धिक स्तर र समसामयिकताबारे, साधारण र व्यक्ति-चित्र (व्यंग्यात्मक), भाषाको प्रयोगबारे पनि विभिन्न विचारहरू अभिव्यक्त गरिएका छन् ।

विमल शर्माले रूप-रेखाले लेखकका दुई प्रकार पारिश्रमिक प्राप्त गर्ने र नगर्ने भनी दुई भेद गरेको कुरालाइ लिएर दुःख मनाउ गर्दै प्रश्न गरेका छन्, "के नेपालका लेखकहरू पेट भएका र नभएका छन् ?" त्यस्तै शंकर सुब्बा 'फागो' दार्जिलिङ्ग (रूप-रेखा १४० पुस २०२९) ले रूप-रेखाद्वारा देखिएको नेपालको साहित्यिक स्वतन्त्रता र लेखक र लेखन सम्बन्धी वाद-विवादलाइ पनि बौद्धिक रूपमा पचाउने शक्ति नेपालमा भएको तर त्यहीं वातावरण दार्जिलिङ्ग-तिर नभएको चर्चा गरेका छन् । जस योञ्जन प्यासी, दार्जिलिङले पनि यस्तै पत्र त्यही अंकमा लेखेका छन् । तर इभिज भन्ने एक पाठकले रूप-रेखा [१४१ माघ २०२९]-मा यी दुई दार्जिलिङ्गे तन्नेरीहरूलाइ सम्बोधन गरी नेपालमा पनि उनीहरूले सोचे जस्तो साहित्यिक वातावरण छैन भनी अनेक उदाहरण द्वारा आफ्नो कथनको पुष्टि गर्न खोजेका छन् तर फेरि माथिका दुई पाठकहरू प्यासी र फागो [रूप-रेखा १४४ वैशाख २०३०] ले इभिजले १४१-मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूलाइ 'डिज्‌गाइज्‌' भएर लेखेको पत्रको खुला स्पष्टिकरण दिंदै नेपालमा दार्जिलिङमा भन्दा राम्रो साहित्यिक वातावरण रहेको र यहांको लेखकहरू भाग्यमानी भएको कुरालाइ दोहोऱ्याएका छन्‌ ।

पूर्णाङ्क १७० देखि कैयौं साधारण प्रतिक्रियाहरू देखा परेका छन्‌ जसमा रूप-रेखाका विभिन्न अङ्कमा प्रकाशित रचनाहरूको साधारण प्रतिक्रिया देखिन्छ । यसपछि ईश्वर बराल (रूप-रेखा १८१ जेठ २०३३) ले समसामयिकतालाइ लिएर रूप-रेखा स्तरीय निकाल्ने र बौद्धिक बनाउंदै लैजाने विचार स्तुत्य हो तर बलमकनदको कर्रो भाषा प्रयोग गर्ने भनाइ कठीन छ किनभने कसको जनजिब्रो सहरिया मान्ने ? भन्ने प्रश्न जटिल छ भनेर आफ्नो विचार प्रस्तुत गरेका छन्‌ ।

यस्तै क्रमले बौद्धिक स्तरको चिठ्ठीमा सा० वि० ठाकुरको चिठ्ठीलाइ लिन सकिन्छ । सा० वि० ठाकुर [रूप-रेखा १८२ असार २०३३] ले रूप-रेखा १८१ जेठ २०३३ मा मदनमणि दीक्षितको लेख 'विशेष सम्वन्ध—निरर्थक विवाद' भन्ने लेखलाइ पूर्वाग्रह पीडित र भारतको अनुहारमा कमेरो रङ्ग दली राम्रो प्रस्तुत गर्न खोजिएको भनी 'गोरखापत्र'-का अनेकौं अङ्कहरूमा प्रकाशित समाचारहरूको उद्धरणद्वारा आफ्नो तर्कको पुष्टि दिंदै भनेका छन्‌, 'नेपालले आफ्नो सार्वभौमिक स्वाधीनताको रक्षाको निम्ति सतत्‌ चनाखो रहिरहनु पर्दछ भन्ने कुरा सामान्य ज्ञान हो । जहाँसम्म शब्दको अर्थको परिवर्तनको सम्बन्ध छ, भाषिक दृष्टिकोणले शब्दहरूको अर्थमा परिवर्तन आइरहे तापनि राष्ट्रिय स्वार्थको सम्वन्धमा समेत सोही नियम लागू हुन्छ भन्नु भूल हुनेछ । यस सम्बन्धमा दीक्षितज्यूको वैचारिक सरलीकरण भारतीय आचरणसंग ठ्याम्मै मेल खांदैन भनी भन्नु उचित्तो गरिएको ठहर्ला त ?'

भाषाको प्रयोग र जनजिब्रोको प्रकारान्तरबारे बालकृष्ण पोखरेलले [अङ्क २०, १ पुस २०१९] बलमकनदलाइ चिठ्ठी [पा. ३–५] लेखेका छन्‌ जसमा जनजिब्रोका आञ्चलिक र स्थानीय उदाहरणहरू छन्‌ जसमा इलाम किरात खण्ड काठमाडौं एवं काँठको जनजिब्रोका साथै जुम्ला, डोटी र बैतडीका जनजिब्रोका प्रकारान्तर प्रस्तुत गरिएका छन्‌ । पखरल नामबाट पूर्णाङ्क २२ फागुन २०१९ मा त्यही विषयबारे उनको अर्को चिठ्ठी बलमकनदलाइ लेखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महानन्द सापकोटाले जनजिब्रो सम्बन्धी चर्चाको साथै अङ्क ४१ मा 'सम्पादक्यौली' भन्ने शब्दको प्रयोगबारे आफ्नो राय दिंदै आफु पोखरेलसंग असहमत भएको कुरा जनाएका छन् ।

अर्का एक पाठक श्री भद्र [रूप-रेखा १४२ फागुन २०२९] ले वालकृष्ण पोखरेल [रूप-रेखा १३६] को 'पौंथीको नालीवेली' चित्त वुझ्दो भएन भनी गुनासो गरेका छन् ।

यहाँसम्मका पाठक प्रतिक्रियाका उपर्युक्त अङ्कहरू नेपाली साहित्य जगत्मा साँच्ची नै हलचल मचाउने खालका छन् । माथि उल्लेख गरिएका विभिन्न पिढीका साहित्यिक वर्गको स्पष्टीकरण र पाठकको हमला, विभिन्न विषयमाथि चर्चा, परिचर्चा, आलोचना, प्रत्यालोचना, लेखन चोरी र मौलिकताको प्रश्न, प्रज्ञाप्रतिष्ठान र पुरानो पिंढीका साहित्यिकहरूको वादविवादले नेपाली साहित्यको क्षेत्रमा अविस्मरणीय भूमिका खेलेको छ । कुनै पनि साहित्य स्वस्थ र लोक-प्रिय हुन यी कुराहरूको आवश्यकता पर्दछ । त्यस्तै प्रकारले निष्पक्ष रूपले साहित्य सेवाको लागि आफुलाइ आलोचना गरिएको पत्रहरूलाइ पनि खुसीसाथ प्रस्तुत गर्ने 'रूप-रेखा' पनि अवश्य एक स्वस्थ पत्रिका हो ।

काठमाडौं ।

o

जिउँदा जातिको भाषा जिउँदो हुन्छ । जीउँदो भाषा विकासशील हुन्छ । भाषा विषयमा कसैको खटन नमान्ने जन जिब्रो आवश्यकता अनुसार ध्वनि, अर्थ, श्लीलता आदिमा सचेत रही शब्द बढाउँदै र बनाउँदै जान्छ । ती नयाँ शब्द पुराना काँजामा अटाउँदैनन्, मिल्दैनन् । अनि जीवित भाषाको व्याकरणमा वेला वेलामा परिवर्तन र परिवर्धनको आवश्यकता पर्छ तसर्थ मैले नेपाली भाषाका अभिमानशून्य पारखी सेवक गोपाल श्री पाँडेको—'पदका बीचको इ, उ, ह्रस्व गर'-लाइ अधिक समयानुकूल ठानेर 'दुद' लेखेको हो । नेपालीमा पैशाची ध्वनि पाइने हुँदा 'दुत' माने पनि 'दूध' अनेपाली नै ठहराएको हो ।

महानन्द सापकोटा : पाठक-प्रतिक्रिया; रूप-रेखा १९ : मंसिर २०१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाही नेपाल वायुसेवा निगमको

क्रमिक विकास र यसको बढ्दो राष्ट्रिय महत्व

नेपालको राष्ट्रिय यातायात क्षेत्रमा एक महत्वपूर्ण भूमिका खेल्दै शाही नेपाल वायुसेवा निगम गत श्रावण १ गतेका दिनदेखि १९ औं वर्ष पूरा गरी बिसौं वर्षमा पदार्पण गरेको कुराले विकासको पूर्वाधारको रूपमा अत्यावश्यक सुलभ यातायात व्यवस्था अझै अविकसित स्थितिमा रहेको हाम्रो जस्तो पहाडी देशमा निश्चय नै हवाई यातायातले देशको उद्योग, वाणिज्य, सामाजिक तथा प्रशासनिक क्षेत्रमा गर्दै आएको महत्वपूर्ण योगदान र दीर्घकालीन सेवालाइ प्रस्ट्याउँदछ ।

झण्डै दुई दशकको यो अवधिभित्र नेपालमा एक चेतनशील प्रजातान्त्रिक समाजको सिर्जना गर्ने क्रममा द्रुततर आर्थिक विकासको लागि आवश्यक अनेकन पूर्वाधारहरूको विकास गरी विकासको मूल फुटाउन अन्य कुनै क्षेत्रहरू सरह हवाई विकासको क्षेत्रमा पनि सन्तोषजनक अध्यावधिक प्रगति हुँदै आएको छ भन्नुमा दुई मत नहोला । किनभने हवाई यातायातको विकास देशको अति विकट दुर्गम क्षेत्रलाइ पनि राजधानीसंग नजिक्याएर प्रशासनिक, सामाजिक तथा सामुदायिक सुगमताको विकास गर्नु अलावा देशभित्र क्षेत्रीय विकासको परिपाटीलाइ सामग्रीहरू र प्राविधिक तथा अन्य श्रम शक्तिको परिचालनमा पनि यथासम्भव योगदान गरी राष्ट्रिय तथा क्षेत्रीय औद्योगिकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र राष्ट्रिय विकासको लहरलाइ खास किसिमले एक वास्तविक रूप दिँदै आएको कुरा शानेवानिले हालसम्ममा २८.७५ लाख यात्रुहरू र ४०,६७२ टन विकास सामग्रीहरू तथा अन्य सामानहरू क्षेत्रीय रूपमा ढुवानी सेवा प्रदान गरेको आँकडाले औंल्याउँदछ । वास्तवमा नेपालको आर्थिक तथा सामाजिक विकासमा दरिलो टेवा दिने प्रमुख उद्योग व्यवसायमध्ये हवाई सेवाको विकास एक प्रमुख अङ्गको रूपमा आउँदछ भन्ने तथ्य शानेवानिको क्रमिक विकासको इतिहास र वर्तमान उपलब्धिहरूले छर्लंग्याउँदछ ।

राष्ट्रिय आर्थिक विकास गरी जीवनस्तरको वृद्धि नगरी प्रजातान्त्रिक उपलब्धि एक भावनात्मक रूपमा मात्र सीमित रहन जाने तथ्यलाइ बुझी श्री ५ को सरकारले देशमा अध्यावधिक योजनात्मक आर्थिक विकास गर्ने निर्णय गर्न हाम्रो जस्तो सडक विहीन, यातायात सुविधाले कुण्ठित भूपरिवेष्ठित देशमा यातायातको विकास नगरी अन्य क्षेत्रको विकासको लागि आवश्यक पूर्वाधार-हरूको सुदृढीकरण हुन अति गाह्रो पर्ने तथ्यलाइ मनन गरी सन् १९५६ देखि सुरू भएको पहिलो पंच वर्षीय योजनामा यातायात विकासलाइ नै सर्वोच्च प्राथमिकता दिइयो । यस राष्ट्रिय प्राथमिकता अन्तर्गत अन्तर्निहीत नीतिहरू मध्ये हाम्रो जस्तो विकट धरातल र भौगोलिक विषमता विद्यमान भएको देशमा यातायात भन्नासाथ नै हवाई यातायातको विकास नै छिटो र थोरै लगानीबाट सम्भव हुने हुँदा देशको विकास नीतिहरूलाइ साकार रूप दिएर आर्थिक लक्ष्यहरूको उपलब्धिको लागि एक राष्ट्रिय हवाई निगमको व्यवस्था गर्ने सरकारको नीति अनुरूप प्रथम योजना सुरू भएको लगत्तै १ जुलाइ सन् १९५८ मा शाही नेपाल वायुसेवा निगमको (शानेवानि) स्थापना भएबाट प्रस्ट हुन आउँदछ ।

सुरूको पहिलो आर्थिक वर्षभित्र नै निगमका एक डाकोटा डिसी-३ जहाज र ९७ कर्मचारीहरूले ३२ हजार यात्रु र ३६३९ टन सामानको आन्त-रिक ढुवानी सेवा उपलब्ध गराएथ्यो ।

निगमको विगत १९ वर्षको अवधिमा भएको क्रमिक विकासको ऐति-हासिक विश्लेषण गरी हेर्दा मुख्यत: सन् १९६० देखि वार्षिक उत्पादन, सेवा स्तर, विकास प्राथमिकता पर्यटन उद्योगमा देन, व्यावसायिक जीवन प्रक्रिया आदिको दृष्टिकोणबाट लगभग पांच पांच वर्षको चार चरणहरूमा विभाजित गर्न सकि-न्छ । सन् १९५९ को अन्ततिर (१२ अक्टोबरमा पूर्ण स्वामित्व ग्रहण भएपछि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुरु भएको प्रथम चरणको विकासमा त्यो समयको विकास प्राथमिकताहरू अनुसार थप डाकोटा जहाजहरू उपलब्ध गरी निगमले करिब ५ वर्षको अवधिभित्र आन्तरिक सेवामा पूर्व भद्रपुरदेखि सुदूर पश्चिम धनगढीसम्म १३ स्थानहरूमा र विदेशतर्फ देहली, कलकत्ता, पटना र ढाकासम्म नियमित सेवा स्थापित गऱ्यो । त्यसपछि दोस्रो चरणको विकासमा सेवा आधुनिकरण तथा पर्यटन प्रवर्धन गर्ने सिलसिलामा सन् १९६६ को सुरूदेखि नै बाह्य सेवामा आधुनिक फोक्कर फ्रण्डशीप (एफ-२७) को सेवा आरम्भ गरी आगन्तुक विदेशी पर्यटकहरूको संख्यामा भारी वृद्धि गरेको तथ्य औशत वार्षिक ३२ प्रतिशत वृद्धिबाट तथा आगन्तुक संख्या ४ बाट ५ अंकमा पुगेबाट प्रस्ट हुन आउँछ । यसै सन्दर्भमा अक्टोबर सन् १९६८ देखि सुरू गरिएको पर्वत श्रृंखलाको मनोरम दृश्यावलोकन उडानको पनि पर्यटन प्रवर्धनमा अति महत्वपूर्ण स्थान रहन गएको छ । आन्तरिक सेवा आधुनिकीकरणतर्फ दुई नयाँ एभ्रो जहाजहरू खरीद गरी सेवामा उपलब्ध गराइयो ।

शानेवानिको बदलिंदो विकास प्राथमिकताको क्रममा सन् १९७० देखि सुरू भएको एक नयाँ चरण त्यस अघिका अरू कुनै अवधिभन्दा बिलकुलै भिन्न मात्र नभै निगमको इतिहासमा अत्यधिक महत्वपूर्ण हुन गएको छ । किनभने यस चरणमा भएको संख्यात्मक तथा गुणात्मक विकासले निगमलाइ एक नयाँ रूपमा देशको आर्थिक तथा सामाजिक विकासको एक महत्वपूर्ण सहभागी तथा सक्षम अंग बनाएको छ ।

देशको पहाडी तथा दुर्गम क्षेत्रमा स्टोल हवाई सेबा संचालन गर्न सुरूमा क्यानाडियन सरकारको आर्थिक सहयोग अन्तर्गत दुई आधुनिक टुइन अट्टर जहाजहरू र निगमको आन्तरिक स्रोतबाट दुई पिलाटस पोर्टर तथा थप दुई टुईन अट्टर जहाजहरू खरीद गरी सेप्टेम्बर १९७१ देखि स्टोल हवाई सेवाको सुरूआत गरियो । त्यसपछि प्रति वर्ष तिनचार नयाँ स्थानहरूमा स्टोल सेवा संचालन गरी आ. व. २०३२।३३ (सन् १९७५।७६) को अन्तसम्ममा देशभित्र २८ स्थानहरूमा नियमित सेवा तथा अन्य चार स्थानहरूमा चार्टर सेवा उपलब्ध गराइयो । यसरी तराईको २३५ फिट समतल मैदानदेखि उच्च पहाडी क्षेत्रको ९६०० फिट उच्चाईसम्म रहेका दुर्गम स्थानहरूमा नियमित हवाई सेवा उपलब्ध गराई यातायातको क्षेत्रमा पिछडिएको हाम्रो जस्तो पहाडी देशको कतिपय पहाडी स्थानको जनजीवन पहिलो मेसीनको रूपमा आधुनिक स्टोल जहाज पुऱ्याइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तरराष्ट्रिय सेवातर्फ सन् १९७२ सेप्टेम्बरदेखि एक नयाँ जेट बोईङ ७२७ विमान खरीद गरी भारतको देहली, कलकत्ता र अक्टोबरदेखि थाईलैण्डको बैंककोतर्फको नयाँ सेवा सुरू गरियो, जसले गर्दा देशभित्र आउने विदेशी पर्यटकहरूको संख्या ४७,५२६ बाट सुरू भै विदेशी तथा भारतीय पर्यटकहरूको संख्या आ. व. २०३२।३३ को अन्तमा १००,४५७ पुग्यो।

तेस्रो चरणको अवधिभित्र निगमको सेवा क्षेत्रमा वृद्धि भै कूल रूट किलोमिटर १०२९१ पुगी टन किलोमिटर उत्पादनमा ४.४६ दोब्बरले वृद्धि भै २२८.९ करोड पुगेको छ। निगमको वार्षिक आयमा पनि लगभग रू. ३ करोड-बाट सुरू भै रू. ११.५८ करोड पुगी वार्षिक खुद मूनाफाको अंशमा पनि सोही अनुसार वृद्धि भै आ. व. २०३२।३३ मा रू. ९५.६३ लाख पुगेको छ। आधुनिक बोईङ जहाजको सेवा सुरू गरी निगमको उत्पादन, बिक्री, वार्षिक आय तथा खुद मूनाफामा अत्यधिक वृद्धि गरेको यस अवधिलाइ आधुनिक जेट चरण भन्नु उपयुक्त देखिन्छ।

आर्थिक वर्ष २०३३।३४ भित्र भएका अनेकन उपलब्धिहरू मध्ये मुख्यतः आन्तरिक तथा बाह्य सेवामा ३४ प्रतिशतले वृद्धि भै १३८५९ किलो-मिटर पुगेको, नेपाल आउने जाने हवाई यात्रु ढुवानीमा वार्षिक सरदर १५.८ प्रतिशतले मात्र कूल वृद्धि भएकोमा शानेवानिको अंशमा मात्र २१.६ प्रतिशतले भएको अधिकतम वृद्धि तथा वार्षिक उत्पादनमा करिब ७.६ प्रतिशतले वृद्धि हुन गएकोले वार्षिक आयमा १९.९ प्रतिशतले वृद्धि भै रू. १४.३ करोड पुगेबाट शानेवानिको क्रमिक विकासमा एक नयाँ अध्यायको सुरूआत मात्र नभै विकासको एक नयाँ चरणको थालनी भएको संकेत झल्कन्छ।

बितेका केही वर्षदेखि निगमको बढ्दो वार्षिक खुद मुनाफाले भएको आर्थिक समृद्धिले बढी प्रोत्साहित भै भविष्यमा हुने लाभको निमित्त मार्च १६, १९७७ मा एक नयाँ अन्तरराष्ट्रिय रूट काठमाडौं-कोलम्बोको शुभारम्भ गरियो। त्यसै क्रममा आन्तरिकतर्फ पनि उक्त आर्थिक वर्षभरिमा ५ नयाँ स्थानहरू क्रमशः बझाङ, जिरी, फाप्लु, ताप्लेजुङ्ग, तथा सिमीकोटसम्म नियमित स्टोल सेवा संचालन गरिनु अन्य कुनै आर्थिक वर्षको तुलनामा रूट विकासमा सबैभन्दा ठुलो उपलब्धि हुन गएको छ।

पांच वर्ष अघिको मुख्यतः एक आन्तरिक हवाई यातायात संस्थान शानेवानि हाल उत्पादन, वार्षिक आय तथा खुद मुनाफाको दृष्टिबाट एक

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तरराष्ट्रिय हवाई संस्था हुन पुगेको छ । अन्तरराष्ट्रिय सेवाबाट आर्जन तथा मुनाफामा गरेको ठुलो देनले नै आन्तरिक सेवातर्फ आर्थिक लाभ नभए तापनि प्रति वर्ष सेवा क्षेत्र उत्पादन तथा ढुवानीमा क्रमिक वृद्धि गर्दै लैजान सम्भव तुल्याएको छ । त्यसैले आन्तरिक क्षेत्रमा अरु बढी उत्पादन गरी सेवामा वृद्धि गर्दै लैजाने निगमको आयोजना तथा आकांक्षालाई साकार रूप दिन अन्तरराष्ट्रिय क्षेत्र तर्फ उस्तै किसिमले सेवा वृद्धि गरी बढी मुनाफा आर्जन गर्नु पर्ने छ । हुनत अन्तरराष्ट्रिय सेवा विस्तार आन्तरिक सेवा विस्तार विना पनि सम्भव हुने छैन, किनभने विदेशी आगन्तुकहरूलाइ देशको अन्य भागमा वितरण गर्ने साधनको कमी भएमा काठमाडौं उपत्यकामा मात्र एकत्रित हुन गएमा काठमाडौं उपत्यकाको पर्यटन सेवाहरूको क्षमताले नै पर्यटन उद्योगको विकासलाइ सीमित गर्ने छ । सन्तुलित संस्थागत विकासको लागि निगमले तयार पारेको चालु आर्थिक वर्षको वार्षिक योजनामा बाह्य सेवा विस्तारको लागि थप मझौला जेट जहाज एक साथै आन्तरिक सेवामा अनुपातिक विकासको लागि थप तीन स्टोल टुईन अट्टर तथा दुई पिलाटस जहाजहरू खरीद गर्ने लक्ष्य राखेको छ ।

शानेवानिको आगामि विकास चरणहरूको बिचार गर्दा बितेको दशकमा जुन किसिमले विकाश परिचालन भएथ्यो त्यसको धेरै गुणा बढी मात्रामा विभिन्न बाह्य संस्थाहरू तथा सरकारी अंगहरूको घनिष्ट सहयोग, सद्‌भावना र बिचारात्मक परिवर्तनको जरूरत हुन जानेछ । आवश्यक मात्रामा बाह्य सद्‌भावना र सहयोग, उपलब्ध भै निगमले परिकल्पना गरेको आफ्नो विकास लक्ष्यहरूको सफल संचालन गर्न सकेमा आगामी एक दशक भित्रैमा नेपालको राष्ट्रिय आयमा सर्वभन्दा ठूलो देन तथा विदेशी मुद्राको संचय गर्नेमा सर्वभन्दा बढी योगदान दिन सक्ने एक मात्र अंग शानेवानि हुन सक्ने छ । यस तथ्यको ज्वलन्त उदाहरण पर्यटन उद्योगको अन्तरराष्ट्रिय आर्थिक महत्व र यस उद्योगका प्रवर्धनमा शानेवानिको देन प्रस्तुत गर्न सकिन्छ । अन्य कुनै उद्योग व्यवसायभन्दा बढी विदेशी मुद्रा आर्जन गर्दै आएको पर्यटन उद्योगको राष्ट्रिय फाइदा नै राष्ट्रिय हवाई निगमको सक्षमतामा आधारित छ । कारण, औसत लगभग ३ रातका लागि नेपाल आउने विदेशी पर्यटकहरूको औसत प्रति व्यक्ति खर्च आ. व. २०३२।३३ मा रू. २३०९। (डलर १८५) मात्र भएको देखिन्छ । यस खर्चको प्रमुख भाग (करिब ५० प्रतिशत भन्दा बढी) अथवा अन्य मुख्य स्रोत होटल, सोमेनियर खरीद आदिको जम्मा भन्दा बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रकम नेपाल आउन जान लाग्ने हवाई भाडामा नै खर्च भैरहेको छ। यस स्थितिमा राष्ट्रिय हवाई कम्पनी कमजोर हुन गई अन्तरराष्ट्रिय पर्यटन ढुवानीमा विदेशी हवाई कम्पनीहरूले नै अत्यधिक अंश फाइदा गरेमा नेपालमा विकसित पर्यटन उद्योगबाट हुने फाइदाको प्रमुख हिस्सेदार पनि बाह्य हवाई कम्पनीहरू नै हुनेछन्।

गत आर्थिक वर्षमा अन्तरराष्ट्रिय उत्पादनमा शानेवानिको अंश ३८.९ प्रतिशत मात्र थियो र कूल यात्रु ढुवानी अंश ४४.९ प्रतिशत र पर्यटक ढुवानी अंश लगभग ४३.५ प्रतिशत भएथ्यो। यसरी कूल यात्रु ढुवानीमा शानेवानिले ६ प्रतिशतको लाभांश उपलब्ध गरेको छ। शानेवानिको पर्यटन ढुवानी गर्ने अंश गति बढ्दै जान्छ आगन्तुक पर्यटकहरूले देशभित्र परिचालन गर्ने प्रतिव्यक्ति खर्चमा पनि वृद्धि हुँदै जाने तथ्य गत केही वर्षको प्रतिव्यक्ति खर्च भएको रकमबाट प्रस्ट हुन्छ।

गत केही वर्षदेखि, खास गरेर आ. व. २०३०।३१ देखि, जब निगमको वार्षिक नतीजा खूद मुनाफामा आयो र त्यसपछि प्रति वर्ष क्रमिक रूपले वृद्धि हुँदै गयो, शानेवानिले देशको राष्ट्रिय राजस्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले निकै महत्वपूर्ण योगदान गर्दै आएको छ। गत आर्थिक वर्ष २०३३।३४ भरमा यस किसिमले शानेवानिको राजस्वमा गरेको कूल देन रू. १.८९ करोड भन्दा बढी भएको अनुमान गरिएको छ र सो रकम निगमको कूल वार्षिक आयको १३.३ प्रतिशत हुन आउँदछ। आगामी वर्षहरूमा जुन प्रकारले निगमको आय प्रति वर्ष वृद्धि हुँदै जानेछ सोही अनुपातमा वा सो भन्दा बढी दरमा राष्ट्रिय आयमा निगमको देन पनि वृद्धि हुँदै जानेछ।

शाही नेपाल वायु सेवा निगम

शानेवानि भवन, कान्तिपथ काठमाडौं : नेपाल

फोन नं. १४५११

वि.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास

—चित्तरञ्जन नेपाली

नेपालका प्रमुख ऐतिहासिक मोडहरू

आज 'नेपाल' भन्नाले पूर्वमा मेची, पश्चिममा महाकाली, उत्तरमा हिमालयका श्रृंखलाहरू (कतै त्यसभन्दा पनि उत्तरको भूभाग) र दक्षिणमा तराईको पट मैदान—यति क्षेत्रभित्रको भूभाग सम्मिलित सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र अधिराज्यलाइ भनिन्छ। नेपालको यो भौगोलिक आकृति प्राचीन कालदेखि यस्तै रूपमा एक नासको रहेको थिएन। विभिन्न युग र समयमा सम्पन्न ऐतिहासिक घटनाहरूको फलस्वरूप बेला बखतमा केही भूभाग थप घट हुँदै वर्तमान रूप कायम हुन आएको हो। प्राचीन कालमा पनि नेपालको क्षेत्र विस्तृत थियो भन्ने भनाइ रहे तापनि बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको ऐतिहासिक अभियानको पश्चात् यसको वर्तमान प्रारूपको निम्ति शुभारम्भ हुनुभन्दा अगाडि नेपाल भन्नाले विशेषत: काठमाडौं उपत्यकामै सीमित थियो। अनि काठमाडौं उपत्यकाका एक थरी वासिन्दालाइ भनिने 'नेवार' शब्द स्थान विशेषको आधारमा नेपालवासीको रूपमा प्रयोग भएको भन्ने धारणा अनुसार के पनि सिद्ध हुन आउँछ भने प्राचीन कालमा यसको सीमा जतिसुकै व्यापक भए तापनि 'नेपाल' भित्र काठमाडौं उपत्यका शुरूदेखि नै प्रमुख अंगको रूपमा सम्मिलित थियो।

यो देशको नाम नेपाल रहन गएकोमा पनि विभिन्न भनाइ रही आएको छ। कोही यसलाइ 'ने' मुनि भन्ने व्यक्तिसित सम्बन्धित ठान्दछ भने, कोही तिब्बती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दको अर्थतिर आफुलाइ अलमलाउन खोज्छ । निसन्देह बागमती नदीको अविरल प्रवाहद्वारा काटिएको चोभारको गल्छीलाइ देखेर भगवान विष्णुको चक्र वा मंजुश्रीको खड्गको प्रहारको कल्पना गर्ने प्राचीन ग्रन्थकार वा वंशावलीका लेखकहरूले देशको नामको सम्बन्धमा पनि उपर्युक्त काल्पनिक धारणा बनाउनु स्वाभाविकै थियो । तर पनि यस देशका प्राचीन निवासी 'नेपार' जातिबाट यो देशको नाम 'नेपाल' बन्न गएको भन्ने बढी तथ्यपूर्ण एवं वैज्ञानिक विश्लेषणयुक्त धारणाको प्रतिपादन हुन थालेबाट अब काल्पनिक जंजालमा अलमलिरहनुपर्ने स्थिति छैन ।

प्राचीन कालदेखि नेपालको आकृति एकै नामको नभए जस्तै यसको ऐतिहासिक विकास पनि एकै ढंगबाट एकै राजवंशको छत्रछायाँमा भएको थिएन । शताब्दी शताब्दीदेखिन्को ऐतिहासिक क्रममा यसले अनेकौं घटनाहरू देख्यो, विभिन्न राजनैतिक परिवर्तनहरू भोग्यो, बाह्य एवं आन्तरिक संकष्टहरूको अनुभव गर्‍यो र ईशाको अठारौं शताब्दीको उत्तरार्द्धमा आएर मात्र एक आधुनिक राज्यका रूपमा विकसित भै एकै राजवंशको छत्रछायाँमा यसको वर्तमान अस्तित्व कायम हुन गयो। यसै वेलादेखि नेपाल सांस्कृतिक, राजनैतिक, सामाजिक, प्रशासनिक–विभिन्न दृष्टिकोणबाट एक देशको रूपमा संगठित हुन गएको थियो । यसभन्दा अगाडि यो विभिन्न युगमा विभिन्न ठुला साना टुक्रामा विभाजित थियो । तर पनि यसको सर्वाङ्गीण विकासमा प्राचीन युगदेखिको ऐतिहासिक घटना क्रमको देन कम महत्वपूर्ण नहुनु स्वाभाविक छ ।

किरात वंशीय राजाहरूबाट शुरू भएको नेपालको इतिहासमा शाह वंशको अभ्युत्थान हुनुसम्ममा अनेकौं राजवंशको उदय तथा अस्त भएको थियो । यस बिचमा देखा परेका राजवंशहरूमा ऐतिहासिक दृष्टिकोणबाट महत्वपूर्ण वंशहरू थिए–किरात, लिच्छवी र मल्ल । हुनत यी बाहेक गोपाल वंश, ठकुरी वंश, कर्नाट वंश, राम वंश आदि विभिन्न वंशका राजाहरूले नेपालको विभिन्न समय र स्थानमा बसी शासन चलाएका थिए, तथा यिनीहरूको पनि आ-आफ्नो देन इतिहासमा रही आएको छ तापनि नेपालको सर्वाङ्गीण विकासमा परेको प्रभावलाइ समष्टिगत रूपमा हेर्दा शाह वंशको अतिरिक्त उपर्युक्त तीन वंशको देन विशेष उल्लेखनीय रहेको छ ।

किरात युगले नेपालको विकासमा प्रारंभिक भूमिका खेलेको थियो भने लिच्छवी कालमा आएर यसको विकास अत्यन्त उत्कृष्ट रूपमा हुन गयो । त्यस बखत नेपाल आर्थिक (व्यापारिक एवं कृषि दुवैमा), सांस्कृतिक, कलात्मक,

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
एवं प्रशासनिक दृष्टिकोणबाट निकै समृद्धिशाली थियो । मानदेवद्वारा निर्मित चाँगुको मन्दिर, मान गृह, अंशुवर्माकालीन कैलाश कूट भवन आदि कलाकृतिले त्यस युगको कलात्मक विकासलाइ औंल्याउँछ भने, विभिन्न उद्योग र व्यापारको विकासबाट आर्थिक सम्पन्नतालाइ दर्शाउँछ । यसरी नै विभिन्न प्रदेश द्रंग कोट्ट आदिको स्थापनाबाट त्यस बखतको प्रशासनिक परिपक्वता स्पष्ट हुन्छ भने भृकुटीको बिहेको परिचर्चाबाट कूटनैतिक विकासको चरितार्थ हुन्छ । त्यसबखतका शैव एवं बौद्ध धर्म सम्बन्धी शिलालेख एवं राजपरिवारको समेत दुवै धर्मप्रतिको समान आस्थाले धार्मिक सहिष्णुताको भावनालाइ पुष्टि गर्दछ भने शिलालेखका सुसंस्कृत भाषा एवं अन्य ग्रन्थको निर्माणबाट शैक्षिक अवस्थाको स्थितिलाइ झल्काउँछ ।

नेपालको इतिहासमा लिच्छवी काल ईशाको प्रथम शताब्दीदेखि आठौं शताब्दीतक रहेको अनुमान, हुन्छ तापनि प्रथम मानदेवदेखि द्वितीय मानदेवसम्म करिब तीन सय वर्षको मात्र ऐतिहासिक सामग्री अहिलेसम्म प्राप्त हुन सकेको छ । त्यसपछि ईशाको तेह्रौं शताब्दीको प्रारम्भमा मल्ल युगको अभ्युदय नभएसम्म करिब चार शताब्दीको नेपालको इतिहास अन्धकारपूर्ण रहेको छ । हुन त यस अवधिमा पनि नेपालको सांस्कृतिक, धार्मिक, कलात्मक परंपरा यथावत् विकाशशील रहनुको साथै नेपाल सम्वत्को प्रचलन जस्तो महत्वपूर्ण कार्य भएको थियो । तर पनि यो संवत्को संस्थापकको विषयमा पनि भ्रमपूर्ण धारणा प्रचलित रहेको छ ।

लिच्छवी युगपछि नेपालको इतिहासमा देखा परेको यो मोड कुनै ठुलो संघर्ष वा आक्रमणको कारणबाट आएको मोड थिएन । लिच्छवी शासन क्रमिक रूपमा शिथिल हुँदै अन्ततोगत्वा लोप हुन गएको देखिन्छ । सयौं बर्षदेखिको, त्यो पनि सम्पन्न, राजवंश यसरी अस्तित्वहीन भएर जानुको प्रमुख कारण लिच्छवी कालको उत्तरार्धमा देखा परेको सामन्तहरूको बढ्दो प्रभाव एवं संयुक्त शासन हो भन्न सकिन्छ । लिच्छवि कालमा देखा परेको यो द्वैध राज्यको प्रथा त्यसपछिको युगमा पनि चलेको थियो र मल्ल काल पनि यस प्रथाबाट बिल्कुल मुक्त हुन सकेको थिएन ।

ईशाको तेह्रौं शताब्दीमा अरिमल्लबाट शुरू भएको मल्ल युग ईशाको अठारौं शताब्दीको उत्तरार्धमा बडामहराजाधिराज पृथ्वीनारायण शाहको विजय कार्यबाट नेपाल अधिराज्यको एकीकरणको अभियान शुरू नभएसम्म करिब छ शताब्दीतक कायम रह्यो । हुन त यस अवधिमा देखा परेका मल्ल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाधियुक्त राजाहरू एकै खान्दानका थिएनन्, विभिन्न शाखाका थिए तथा जयस्थिति मल्लबाट मात्र अन्तिम समयसम्म एउटै वंशका मल्लहरूको शासन कायम रहेको थियो । तर पनि यो संपूर्ण युगलाइ नै समष्टिगत रूपमा मानी लेखा जोखा हुनु उपयुक्त हुनेछ ।

करिब छ सय वर्षसम्म कायम रहेको मल्ल कालको इतिहासमा पनि अनेक मोडहरू देखा परेका थिए । यस अवधिमा एक वंशबाट अर्को वंशमा शासन जानुको अतिरिक्त एकै वंशका व्यक्तिहरूमा पनि कहिले एकलौटी शासन रहनु, कहिले संयुक्त शासन कायम हुनु, कहिले सामन्तहरूको शक्ति बढी राजाको प्रभाव घट्नुजस्ता घटनाहरू प्रशस्तै भएको थियो । र अन्तमा आएर यक्षमल्लको निधनपछि संयुक्त मल्ल राज्य तीन शहरी राज्यको रूपमा विभाजन हुनु यी घटनाहरूको परिणामको पराकाष्ठा थियो ।

मध्यकालीन युगमा राजनीति वा राजकीय प्रशासनसित राज परिवार एवं केही सुविधा प्राप्त परिवारको मात्र सम्बन्ध रही साधारण जन जीवन यसबाट अलग्ग हुने भएबाट यस युगमा देखा परेका विभिन्न राजनैतिक उथल पुथलको बावजूद पनि तत्कालीन नेपाल (उपत्यका)-को सांस्कृतिक कलात्मक एवं सामाजिक जन जीवन यथावत् गतिमा संचालित भैरहनमा खास अवरोध उत्पन्न भएको महसूस गरिएको थिएन । जयस्थिति मल्लले सामाजिक एवं प्रशासनिक क्षेत्रमा गरेको केही सुधार कार्यले पनि यसको गति अनवरत रूपमा चालु रहनमा सहयोग गरेको थियो । अनि तत्कालीन नेपालको व्यापार पनि भारत तिब्बतसम्म फैलिएबाट देशको आर्थिक अवस्था सम्पन्न रहेको थियो ।

तर संयुक्त राज्य, सामन्ती वा प्रधानहरूको प्रभाव एवं अन्ततोगत्वा राज्य विभाजनले गर्दा मल्ल शासनको मूलभूत आधार नै छिन्न भिन्न अवस्थामा पुऱ्याइदिएको थियो । यी तीन राज्यहरूको निरन्तरको आपसी कलहले गर्दा यिनीहरूको आन्तरिक स्थित भित्र भित्रै ग्रस्त व्यस्त भैसकेको थियो । उसमाथि ईशाको अठारौं शताब्दीतिर छिमेकी महान् राष्ट्र भारतवर्षमा देखा पर्न थालेको नयाँ राजनैतिक गतिविधिले गर्दा पनि यस बखतसम्म पचासौं टुक्रामा विभाजित नेपाल (उपत्यका) समेत अन्य पहाडी राज्यहरूले एक ऐतिहासिक पाइला चाल्नु पर्ने स्थिति उत्पन्न हुन गएको थियो । यस बखत भारतीय प्रायद्वीपको राजनीति आन्तरिक देशीय राज्य-शक्ति समूहबाट उछिट्टिएर शक्तिशाली पाश्चात्य समुदायको हातमा पर्न जाने संभावना बढ्न गएकोले पनि यी नेपाली राज्यहरूले आफ्नो स्वतंन्त्र अस्तित्व जोगाउन एक ठोस, तर ऐतिहासिक कदम

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठाउनु जरूरी भैसकेको थियो । उपनिवेश खडा गर्ने सपना बोकेर आएका यी पाश्चात्य शक्तिहरूले भारतीय भूमिमा आफ्नो उपस्थिति बलियो बनाउनु-भन्दा अगाडि नै नेपालमा केही कारवाई नभएमा पछि गएर त्यो प्रयास निकै ढिला हुने संकेत पनि देखिन थालिसकेको थियो । यसरी नेपालको इतिहासले एक नयाँ मोडको आवश्यकता महसूस गरिसकेको थियो ।

बडा महाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको प्रादुर्भावबाट नेपालको इतिहासले खोजको मोड ल्याइदियो । उनको उपत्यका विजय र त्यस-पछि उनको उत्तराधिकारी राजा, नायव एवं मुख्तियारहरूबाट भएको विजय अभियानबाट विभिन्न टुक्रामा विभाजित नेपाल राज्यहरू एकै अधिराज्यमा सम्मिलित भै नयाँ नेपाल राष्ट्रको जन्म भयो । यसरी नेपालको इतिहासमा एक नयाँ मोड ल्याउनमा पृथ्वीनारायण शाहको उपत्यका विजयको ठुलो महत्व रहन गएको थियो । उपत्यका विजयको साथै राज्य संचालनमा उनले अपनाएको उदार नीतिले पनि जनतामा विजयी र विजित भन्ने भावना नरही एकताको भावना जगाउन ठुलो भूमिका खेल्यो । साथै पराजित काठमाडौँलाइ नै राजधानी बनाउनु उनको महान् दूरदर्शिता थियो । विशाल नेपाल अधिराज्यको राजधानी नगर बन्न सांस्कृतिक कलात्मक भौगोलिक आदि विभिन्न आधारबाट गोर्खा भन्दा काठमाडौँ बढी उपयुक्त थियो भन्ने कुरा उनले बुझेका थिए । उसमाथि सन् १८१४ मा बृटिश भारतले नेपालमाथि आक्रमण गरी युद्धारम्भ गरेबाट त्यस शताब्दीको प्रारम्भतिर नेपालको अस्तित्वमा नै खतरा आउने आशंकाको वातावरण जुन देखिएको थियो त्यो प्रमाणित भयो । यसले गर्दा भर्खर भर्खर मात्र एकीकृत भए तापनि नेपाली जनमानसमा राष्ट्रियताको भावना प्रवल हुन गयो र संपूर्ण नेपालले एक भै यस युद्धको सामना गर्‍यो । यो युद्धको पश्चात् समस्त नेपाली जनताले आफु केही वर्ष अगाडि मात्र विभिन्न राज्यका जनता थिए भन्ने कुरा नै बिर्से ।

नेपालको इतिहासमा अर्को मोड संवत् १९०३ सालमा कोत पर्वबाट ल्याइदियो । निसन्देह यसपछिको एक शताब्दी नेपालको निमित्त अभिशाप नै सिद्ध भयो ।

बृटिश भारतसितको युद्धपछि नेपाल आन्तरिक प्रशासकीय सुधार-मा नै बढी व्यस्त रह्यो । तर पनि शक्तिको निमित्त थापा र पाँडेको आपसी तानथाप, श्री ५ राजेन्द्रमा सबल व्यक्तित्वको अभाव एवं महारानीहरूको विभिन्न व्यक्ति वा परिवारलाइ प्रश्रय दिने स्वभावले गर्दा भीमसेन थापाको अव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानपछि नेपालको प्रशासन छिन्न भिन्न हुन गयो । यस वेला ९ वर्षको अवधिमा करिब ९।१० सरकार गठन भएको थियो । कहिले एक व्यक्तिको मुख्तियारी त कहिले संयुक्त मुख्तियारी ! भारतमा अंग्रेजी शक्ति दिनपरदिन सुदृढ हुँदै गएको बेला यसरी नेपालको आन्तरिक स्थिति अस्त व्यस्त हुनु निसन्देह देशको अस्तित्वको निम्ति नै खतरापूर्ण अवस्था थियो । यसर्थ त्यस बखतको नेपालमा पनि एक सबल व्यक्तित्वको आवश्यकता हुन गएको थियो र त्यो व्यक्तित्व जंगबहादुरमा प्राप्त भयो । यसरी नेपालको इतिहासमा जंगबहादुरको अभ्युदय एक अनावश्यकीय आवश्यकता थियो किनभने नेपाललाइ 'जङ्गबहादुर'को आवश्यकता थियो न कि उनको पारिवारिक शासनको ।

सय वर्षको राणा शासन कालमा नेपाल सुपुप्त प्रायः अवस्थामा नै वित्यो । यस अवधिमा सरकारको ध्यान केवल शान्ति सुरक्षा कायम गर्नमा र राजस्व असूल गर्नमा नै रहेको थियो । राज्य ढुकुटी नै प्रधान मंत्री महाराजको आम्दानीको स्रोत हुनाले खर्चमा वचत गर्नु नै त्यस बखत एक मात्र प्रयास हुन्थ्यो । तर पनि शासकहरूको आफ्नै आवश्यकताले गर्दा र देखौवा रूपमा पनि केही गर्नुपर्ने वाध्यताले गर्दा काठमाडौं उपत्यकामा मात्र भए पनि सीमित रूपमा केहो कार्य हुन गएको थियो । हुन त राणा शासनको अवसानको घटना हेर्दा यो शासन कसरी एक सय बर्ष अडयो होला भनी आश्चर्य मान्नुपर्ने हुन्छ । तर पनि जंगबहादुरको पश्चात् चन्द्र सम्सेरको कुशलतापूर्ण कडा प्रशासन र जुद्ध सम्सेरको उदार नीतिले गर्दा यो शासनलाइ यति लामो आयु प्रदान गरेको थियो ।

दुई हजार सात सालको परिवर्तन नेपालको इतिहासमा अर्को महत्व-पूर्ण मोड थियो । जुद्ध सम्सेरको अन्तिम कालदेखि नै नेपाली जनतामा राणा शासनप्रति विद्रोहको भावना प्रबल हुन थालेको थियो । भारतबाट अंग्रेजी शक्ति हटेपछि यो भावनाले मूर्त रूप लिन थाल्यो र नेपालीहरू देशभित्र एवं वाहिर संघर्षको निम्ति संगठित हुन थाल्यो । अन्तरराष्ट्रिय जगत्मा खास गरी भारतमा आउन थालेको राजनैतिक परिवर्तन र नेपाली जनताको आक्रोशलाइ वुझेर पद्म सम्सेरले केही सुधार गरी राणा प्रधानमन्त्रित्वलाइ केही समय लम्व्याउन खोजेका थिए। त्यस वखत नागरिक अधिकारको माग गर्ने जनतालाइ नाम मात्रको भए पनि संवैधानिक अधिकार प्रदान गरिएमा असन्तोषको भेलले वग्ने वाटो पाई राणा शासन केही समय अझ अड्ने उनले देखेका थिए । किन-भने उनले दिन खोजेको वैधानिक कानूनमा 'श्री ३ महाराजको' स्थान यथावत् रूपमा रहेको थियो । तर उनका भाइ छोराहरूले उनको यो विचारलाइ सायद

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझन सकेनन् र कडाइ र दमनको बाटो नै अपनाए । फलस्वरूप पद्म सम्सेरले रुँदै निर्वासित हुनुपर्‍यो ।

२००७ सालको परिवर्तन ल्याउने कार्यमा स्वयं राजा एवं राज-परिवारको सक्रिय समर्थन एवं नेतृत्व पाएकोले पनि राणाशासनको अवसान शिघ्र हुनमा ठुलो बल मिल्न गएको थियो । सात सालदेखि सत्र सालसम्म नेपालमा दलगत राजनीतिमा आधारित संसदीय-व्यवस्थाको प्रयोग गरिएको थियो । तर त्यस बखतका राजनैतिक दलहरूको आपसी कलह एवं शक्ति लोलुपताले गर्दा कुनै पनि यस्तो दल बाँकी रहेको थिएन भने हुन्छ, जसको समानान्तर गुट बनेको थिएन । अनि नयाँ दल र संस्थाको जन्म पनि वर्षाको च्याउ जत्तिकै थियो । देशमा प्रजातन्त्र स्थापना गर्न चाहने दलहरूको आफ्नै गतिविधि प्रजातान्त्रिक हुन सकेन । दस वर्षको अवधिमा यसबिच करिब दश बाह्र मन्त्रिमण्डलको गठन हुन गएको थियो । यसरी यस बखत पनि ठीक कोत पर्वको पूर्व कालीन अवस्था जस्तै राजनैतिक अस्तव्यस्तता व्यापक थियो । विदेशी शक्तिको भूमिका पनि त्यत्तिकै सक्रिय थियो । तर भिन्नता एउटै कुरामा थियो—राजाको नेतृत्व त्यस बखत जस्तो शिथिल र कमजोर थिएन । यसैले गर्दा यहाँ अर्को 'जंगबहादुर' को पुनः प्रादुर्भाव हुन सकेन ।

२०१७ साल पौष १ गतेको ऐतिहासिक परिवर्तनपछि नेपालको इतिहासले एक नयाँ मोड प्राप्त गर्‍यो । राजसंस्थाको सक्रिय एवं सबल नेतृत्वमा दलविहीन पंचायती प्रजातान्त्रिक व्यवस्थालाइ अपनाएर नेपाल पूर्णतया विकासको पथमा अग्रसर हुन थाल्यो । वास्तवमा योजनाबद्ध तरिकाबाट सर्वाङ्गीण क्षेत्रमा क्रमिक रूपमा विकास कार्यक्रमलाइ अघि बढाउन आवश्यक पूर्वाधार-हरू खडा गर्ने कार्य यसै व्यवस्थापछि मात्र शुरू हुन सक्यो । भूमिसुधार, नयाँ मुलुकी ऐन, महेन्द्र राजमार्गको निर्माण आदिले देशको आर्थिक, सामाजिक एवं भौगोलिक स्थितिमा नयाँ आयामको सिर्जना गर्‍यो । अन्तरराष्ट्रिय जगतमा पनि नेपालको भूमिका सक्रिय एवं प्रतिष्ठापूर्ण रहन गयो ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको राज्यारोहण-पछि विकास कार्यमा संलग्न नेपालले नयाँ गति प्राप्त गर्‍यो । मौसूफबाट देशको विभिन्न भागको असन्तुलनलाइ अन्त गर्न राज्यलाइ चार विकास क्षेत्रमा विभाजित गरिबक्सी प्रत्येक विकास क्षेत्रमा स्वयं सवारी भै बक्सेर विकास कार्यको निरीक्षण गरिबक्सने परिपाटी चलाइबक्सेबाट आज संपूर्ण अधिराज्यमा नै विका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सको मूल फुट्न गएको छ। संपूर्ण प्रशासन एवं पंचायतहरू विकास कार्यमा कार्यरत छन्। अन्तरराष्ट्रिय क्षेत्रमा नेपाललाइ शान्ति क्षेत्र घोषित गर्न मौसूफ-बाट राखिबक्सेको प्रस्तावबाट आज समस्त राष्ट्रको ध्यान यसतर्फ आकर्षित छ र शान्ति विना विकास संभव छैन भन्ने नेपालको धारणा व्यापक रूपमा स्वागत हुन थालेको छ।

पंचायती व्यवस्थाको प्रादुर्भाव पछि अहिलेसम्ममा व्यवस्थाको मूलभूत आधारलाइ यथावत् कायम राखी विभिन्न सुधार पनि भएको छ। तर पनि यही २०३४ पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिव-सको उपलक्ष्यमा श्री ५ वीरेन्द्रबाट निर्दलीय पंचायती प्रजातान्त्रिक व्यवस्था 'नेपालको राष्ट्रिय चरित्रको रूपमा कायम राख्नु सामयिक नै हुने' कुराको घोषणा गरिबक्सी 'पंचायती व्यवस्थाको यस आधारलाइ आजको स्थितिमा परिवर्तन गर्नु राष्ट्रको हितको पक्षमा हुने छैन भन्ने दृढ धारणा' व्यक्त गरिबक्से बाट देशको राजनैतिक स्थिति अझ स्पष्ट हुन गएको छ।

अन्तमा, विभिन्न भौगोलिक बनावटमा आधारित नेपालका विभिन्न धार्मिक, सामाजिक एवं संप्रदायका जनजातिद्वारा निर्मित नेपालको राष्ट्रियता यही निर्दलीय व्यवस्थामा राजाको सक्रिय एवं सबल नेतृत्वपाएर मात्र सुदृढ हुन सक्छ र राजाकै प्रेरणा र क्रियाशील नेतृत्वमा मात्र नेपालको विकास संभव छ भन्ने कुरा नेपालको आजसम्मको ऐतिहासिक तथ्यबाट प्रमाणित भएको छ। यहाँ राजा जनताको निम्ति छ भने जनता राजाको निम्ति, अनि राजा र जनता दुवै शक्ति नेपालको विकास र उत्थानको निम्ति अर्पित छ।

असन त्यौड, काठमाडौं। ○

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको
३३ औं शुभ-जन्मोत्सवको शुभ उपलक्ष्यमा सरकारको जुनाफमा
भक्तिपूर्वक दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दछौं ।

बालाजु औद्योगिक क्षेत्र
परिवार

बालाजु औद्योगिक क्षेत्र
एक झलक

१. स्थापना : २०१६ साल

२. कूल जमीन : ७४३ रोपनी

३. लगानी : १.८९ करोड

४. बिद्युत क्षमता : ३९५० के. भी. ए.

५. पानीटंकीक्षमता: दुई टावर प्रत्येकको क्षमता लगभग २००००० लिटर

६. औद्योगिक भवन: ३९ वटा (भाडामा)

७. कामदारहरू (२०३३) : १,५००

८, वार्षिक उत्पादन : लगभग रू. ४ करोड मूल्यको समान

९. जमीन भाडा : पहिलो ३ वर्ष रू. ४००।- प्रति रोपनी प्रतिवर्ष, त्यसपछि रू ६००।- प्रति रोपनी प्रति वर्ष

१०. भवन भाडा : निर्माण खर्चको १०½ प्रतिशत प्रति वर्ष

११. पानी महसूल : पहिलो एक लाख लिटरसम्म १ रुपियाँ, एकदेखि दुई लाखसम्म ।८० पैसा र दुई लाखदेखि माथि —।७० पैसा प्रति हजार लिटरको दर

१२. सुविधा : बैंक, क्लिनिक, प्रदर्शन कक्ष, टेलिफोन जग्गा, सडक, पानी, बिजुली सेवा सम्भार इत्यादि ।

बालाजु औद्योगिक क्षेत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकार

को

जुनाफमा

सभक्तिपूर्वक मंगलमय शुभ-कामना

चढाउँदछौं !

सालट ट्रेडिंग करपोरेशन लिमिटेड
खाद्य उद्योग (प्रा.) लिमिटेड

कालिमाटी : काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—रामलाल अधिकारी

एक भारतीको दृष्टिमा 'रूप-रेखा'

पत्रिकाका सम्पादक जाति र समाजका अध्यापक हुन्, अझ प्रधान-अध्यापक भने पनि हुन्छ। पत्रिका चाहिं समाजको क्लास रुटिन हो, पाठ्य-तालिका बनाउने सम्पूर्ण अधिकार शिक्षा निर्देशकलाइ भन्दा धेरै प्रधानअध्यापक-लाइ नै छ। त्यसैले हामी मूक विद्यालयमा भन्दा अमूक विद्यालयमा नै भर्ना हुन धेरै रुचाउँछौं। कुनै विद्याललमा अरू विद्यालयको भन्दा अध्यापक प्रधान-अध्यापकको व्यक्तित्व गह्रौं हुन्छ भने कुनै–कुनैमा तिनको व्यक्तिलाइ विद्यालयकै व्यक्तित्व र प्रतिष्ठाले जितेको पनि हुन्छ। विश्व भारती कवि गुरु रविन्द्रनाथका नाउँले प्रतिष्ठित भयो भने कलकत्ता विश्व-विद्यालय स्वयं प्रतिष्ठित छ र त्यसका अध्यापक को को र कस्ता छन् भन्ने कुरामा विद्यार्थीलाइ चासो थिएन र छैन। पत्रिकाहरू पनि यस्तै हुन्। 'शारदा'-का सम्पादकलाइ भन्दा 'शारदा'-लाइ नै हामी धेरै मान्छौं—'शारदा'-का लेखकहरूले पनि त्यसै गरेको हुनुपर्छ। 'नेपाली'-लाइ पनि मान्छौं तर त्यसका सम्पादक कमल दीक्षितलाइ अझ धेरै मान्छौं। रचना लेखिसकेपछि कुन पत्रि-कालाइ दिऊँ भन्ने प्रश्न उपस्थित हुँदा लेखकहरू सम्भवतः यिनै दुई कुरालाइ निर्णयका आधार दण्ड बनाउँछन्। अनि जता धेरै र गह्रौं हुन्छ राम्रा रचना-हरूको खोलो त्यतैतिर बग्छ। 'रूप-रेखा'-का उपर्युक्त दुवै पक्ष पूर्ण सन्तुलित छन्—त्यसैले यसमा न त कहिल्यै बाढी पल्यो न त खडेरी नै पऱ्या। मलाइ यस्तो लागेको नितान्त व्यक्तिगत लगाइ नहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'रूप-रेखा'-ले नेपाली साहित्यको विकासका इतिहासमा 'रूप-रेखा' युग नै बसाइसकेको कुरो कसैले अस्वीकार गरेर अस्वीकृत हुने होइन (कुन्नि तर 'पत्रकारिता' नामक ग्रन्थका लेखक रामराज पौडचालज्यू एम० ए०, बी० एस० ले उक्त ग्रन्थको 'हाम्रो पत्रकारिताको विकास' शीर्षक अन्तर्गत स्वदेश र विदेशबाट प्रकाशित हुने सम्पूर्ण पत्र-पत्रिकाको सूची दिँदा के कारणवश हो 'रूप-रेखा'-कै मात्र नाउँ छुट्न गएको छ ।) भन्दा अत्युक्ति नहोला । अनि यसो भन्दा पनि अत्युक्ति नहोला—पत्रिका मार्फत भएको नेपाली साहित्यको विकासमा 'रूप-रेखा' यस विषयको स्वयं पूर्ण 'इन्साइक्लोपिडिया' नै हो र अहिलेसम्म नियमित रूपले दुई सय अङ्क प्रकाशित भइसकेको 'रूप-रेखा'-का एक सय अङ्क पनि नदेखेको नेपाली साहित्यको पाठकले यो साहित्यको विकास-क्रम सम्बन्धी जत्तिकै हेक्का राखेको भए पनि त्यो आंशिक रूपमा अपूर्ण नै हुनेछ । (यो पनि सत्य हो—स्वदेश र विदेशबाट अहिलेसम्म जति नेपाली पत्रिकाहरू प्रकाशित भए तिनमध्ये सके एक दुइले मात्र एक सय अङ्कसम्मको आयु बिताउन पाए होलान् । दीर्घजीवी 'रूप–रेखा'-को दीर्घ जीवनको रहस्य यसको सुस्वास्थ्य हो औ यस्तो सुस्वास्थ्यको रहस्य यसले नियमित रूपमा प्राप्त गर्दै आइरहेको पूर्ण सन्तुलित स्वास्थ्यवर्द्धक स्वस्थ साहित्यिक रचनाहरू हुन् ।) Variety is the spieces of life—अंग्रेजहरू भन्छन्—नेपालीहरू के भन्छन् कुन्नि, त्यही भ्याराइटी रचनाका स्वाद चाखिरहन पायो रूप-रेखाको जिब्रोले । ए,… …'क्षणेक्षणे यन्नवतामुपैति… …' भनेको यही 'भ्याराइटी' भनेको होला । रूप-रेखाका सम्पादकहरू यस्तै नयाँ नयाँ रमाइलो प्रयोग गर्छन् । कहिले काहीं आफ्ना लेखकहरूलाइ (लेखकहरू मात्र भन्दा मलाइ 'आफ्ना लेखकहरू' भन्नै उपयुक्त लाग्छ ।), 'आफ्ना विषयमा आफैं 'लेख' भन्ने हुटहुटी लाउँछन् । नभन्दै मोतेन्ले भने झैं आफ्नो निबन्धको विषय म आफैं हुँ किनभने अरूलेभन्दा र अरूलाइ भन्दा धेरै राम्ररी म आफैंलाइ चिन्दछु भन्ने कुराको मर्म यी सम्पादकहरूले राम्ररी आत्मसात् गरेका छन् । (हेर्नू - रूप-रेखा अङ्क १००/१०१) ।

साहित्यको अविभाज्य एउटा अङ्ग उपन्यास । साहित्यका अन्य विधाहरूसितका तुलनामा यसको दीर्घाकार लक्षण । यसर्थ साहित्यका अन्यतम विधाहरू झैं यसको सम्वर्द्धन पत्र-पत्रिकाद्वारा हुन सकेको छैन । प्रशस्त पृष्ठ संख्या दिन सक्ने र नियमित रूपले प्रकाशित हुन सक्ने हुतिकार भएका बाहेक

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू पत्रिका यसको सम्वर्द्धन र संरक्षण एवं प्रचार औ विकासमा लागि पस्न सक्तैनन् । तर 'रूप-रेखा' सक्यो । उदाहरणीय छन् यसमा प्रकाशित धारावाहिक उपन्यासहरू ।

अरू अरू पत्रिकाहरूले हम्मेसी आँट गर्न नसकेको कुरो रूप-रेखाले गर्‍यो—एउटा अङ्कभरि नै एउटा सम्पूर्ण उपन्यास प्रकाशित गरेर । तथापि आँट मात्रै यसको विशेषता होइन किन्तु नेपाली पत्रकारिताको इतिहासमा यो एउटा सर्वथा नवीन प्रयोग पनि हो । उपन्यासप्रति रूपरेखाको हुरुक्क मरिमेटाइ हो जुन अरू हार्दा यो जित्छ ।

सम लिखित रचना होस् कि देवकोटा लिखित होस्, भानुभक्तको रचना होस् कि मोतीरामको होस्—त्यो दीर्घाकार छ भने जत्तिकै उत्कृष्ट भए पनि त्यसलाइ छाप्न जुनसुकै सम्पादक हत्तपत्त अघि सर्दैनन् । तथापि चालिस पृष्ठ ओगट्ने दीर्घकाय रचना नआत्तिई प्रकाश गर्नु र सम्पादकको परम्परागत स्थानाभाव क्षमा याचनाका विपरीत उभिई कार्यान्वियन गर्नु रूप-रेखाका सम्पादकहरूको नौलो र अनुकरणीय साहस सिवाय अरू केही होइन । भन्छन्—'सानु चित्तले वोसो गल्दैन'-रूप-रेखाले वोसो गलाइछोडेको छ र फत्याक्क पारी पगाली छोडेको छ । गले नगलेको बुझ्न तीस पृष्ठ ओगट्ने, मोहन कोइरालाको 'सूर्यदान' (अङ्क ५८) मात्र हेरे पुग्छ । रूप-रेखाको यस्तो विशेषतामा सम्पूर्ण नीजि मौलिक मान्यता र दृष्टिकोण एवं नीति क्रियाशील छ ।

रूप-रेखा'-का भरखरै हुँदोका अंकहरूमा पृष्ठ संख्या घटेर मरन्च्याँसे चाउरे, खियाउटे हुँदै गयो भन्ने पाठकहरूको गुनासो देखिन थालेको छ । तर यो पनि विर्सनु हुँदैन—नेपाली भाषामा प्रकाशित हुने मासिक साहित्यिक पत्रिकाहरूमध्ये विशेषांकको कुरो छोडी साधारण अंकहरूकै कुरो गर्दा पनि प्राय: पौने तीन सय पृष्ठको पत्रिका पनि रूप-रेखाले नै दिएको थियो । (हेर्नू अंक ३६) ।

सम्पादक सम्पादक नै हो । उसका निजी व्यक्तित्व र गुणहरू हुन्छन् । ऊ (माथि भनिए जैं) समाजको अध्यापक हो भने विद्यार्थी जस्ता लेखकहरूको अभिभावक पनि हो, केही मात्रामा आलोचक हो र अलिकति लेखक पनि हो तर यिनीहरूमध्ये कुनै एक मात्र ऊ अवश्य होइन । त्यसैले कुशल सम्पादकद्वारा सम्पादित पत्रिका भिखारीको भिक्षा पात्र जस्तो हुँदैन बरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वावलम्वी गृहस्थीको बजार सौदा गरेर भरिएको झोला जस्तो हुन्छ। कुशल सम्पादकले दाताले दिएको जे जस्तो खिच्रीमिच्री, विसंग दाल र चिनी, कनिका सामामिया, सडे गलेका फर्सी इस्कुस आलुका दाना सधैं हात तल पारी थाप्दैन तर आत्मगौरव र शिष्टाचारपूर्वक अनुरोधको हात पसार्छ (जसरी मलाइ उत्तम कुँवरज्यूको पत्र अहिले प्राप्त भएको छ)।

चाख्ने भाषामा भन्नु हो भने रूप–रेखाका सम्पादकको स्वाद (व्यक्तित्व) मलाइ पानी जस्तो लाग्छ। निश्चयै यो स्वादहीन छ तर सदैव उपकारी र स्वास्थ्यवर्धक रही आएको छ। निश्चय नै यो रंगहीन छ तर सदैव चम्किलो रहिआएको छ। हुन पनि सम्पादक र लेखकका बीचमा एउटा स्वस्थ र नैतिक सम्वन्ध हुनु अनिवार्य हुन्छ नत्र आफ्ना लेखकहरू बिच्किन्छन्। प्रारम्भदेखिका लेखकहरू अर्भैसम्म नभड्काइ राख्न सक्नु रूप–रेखाको अर्को विशेषता हो। दार्जीलिङमा धेरै अघि प्रकाशन वन्द भइसकेको एउटा निकै नामी साहित्यिक पत्रिका थियो। यसका सम्पादक आफ्ना पत्रिकामा प्रकाशनार्थ पठाइएका छन्दवद्ध कविताहरू प्रकाशित गरिदिने त गर्थे तर त्यसका पाद टिप्पणीमा छन्दभङ्ग दोषदेखि लिएर अलङ्कारहीनतासम्म हुँदै अन्तमा यति भङ्ग दोष समेत देखाउँदै कविहरूको सातो जाने गरी भक्कु हकार्ने गर्थे। नाकमा रगत भएका कविहरू लगत्तै उक्त पत्रिकालाइ रचना दिन छोडिदिन्थे भने गतिछाडा कविहरू चाहिं क्षमा याचनाका पत्र सहित फेरि फेरि पनि कविता पठाइरहने नै गर्थे। 'रूप-रेखा यस्तो व्यवहारमा अपवादस्वरूप छ भने हुन्छ। अतः 'मर-न्च्यांसे गाईवाट पाथी दूधको कामना' शीर्षक सम्पादकीय अन्तर्गत लेखनजीवी भएर लेखकहरू वाँच्न सक्ने अवस्था अर्भै देशमा नआइपुगेकाले विभिन्न वृत्तिमा व्यस्त रहेर पनि फुर्सदका क्षणमा लेखिएका रचनाहरूलाइ तिरस्कार गर्न वा लेखकहरूलाइ शोषण गर्नु हुन्न भन्ने आसय व्यक्त भएको पाइन्छ। (हेर्नू अंक ६७) हुन पनि सम्पादक लेखकहरूको अभिभावक पनि हो अतः उसले संकट-ग्रस्त परिस्थितिमा आफ्ना लेखकहरूलाइ नैतिक संरक्षण प्रदान गर्नु पनि पर्दछ। रूप–रेखाले त्यसै गरेको छ।

'रूप–रेखा'-ले समदर्शी जितेन्द्रिय महात्माका गुणहरू पनि संवरण गरेको छ। यसका प्रायः नै अंकहरूमा भारतीय नेपाली साहित्यकारहरूका रचना समाविष्ट छन्। यस्ता साहित्यकारहरूमध्ये कसैका रचना स्वीकार गर्ने र कसैका अस्वीकार गरी जुंघा हेरी भाग लाउने नीति यसले लिएन। ईश्वर वल्लभ, इन्द्रवहादुर राई र रामकृष्ण शर्मादेखि लिएर भरखरैका सिकारू लेख-

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कका रचनाहरूलाइ निष्पक्षतापूर्वक स्थान दिई यसले बुढा र नयाँ पातहरूको राम्रो समन्वय प्रस्तुत गरेको छ । रूप–रेखाका विभिन्न प्रकारका रचनाहरूका लेखकका सूचीमा भारतीय नेपाली साहित्यकारहरूमध्ये निम्नलिखितका नाउँ देखिन्छन्—ईश्वर वल्लभ, इन्द्रबहादुर राई, .रामकृष्ण शर्मा, अगमसिंह गिरी, ओकियामा, ग्वाइन, वीरेन्द्र सुब्बा, गुमानसिंह चामलिङ, हरिभक्त कटुवाल, अग्निबहादुर क्षेत्री, हर्कजङ्गसिंह छेत्री, ज्ञान सुतार, जगत क्षेत्री, नरबहादुर दाहाल, दावा बमजन, हरिप्रसाद 'गोर्खा' राई, दुर्गाप्रसाद श्रेष्ठ, कुमार घिसिङ, प्रेम शेर्पा 'विरोकी', बुद्धकुमार मोक्तान, टीकाप्रसाद राई, खड्कसिंह राई 'काँढा', लोकेशचन्द्र प्रधान, विक्रम रूपासा, अर्जुन निरौला, एडेन रोङगोङ, किरात, चन्द्रकला प्रधान, माया ठकुरी, शिवि प्रधान, राजनारायण प्रधान, मनबहादुर मुखिया, जय धमला, लक्ष्मण श्रीमल, महानन्द पौड्याल, जस योञ्जन, बी॰ योञ्जन, प्रेम प्रधान, माधव बुढाथोकी, शरद छेत्री, दानियल खालिङ, मोहन ठकुरी, जीवन नामदुंग, श्याम लिवांग, इत्यादि। अनि भारतीय नेपाली साहित्यकारहरू मोटामोटी रूपमा यिनै हुन् जो 'रूप-रेखा'-का दुईसय थानका हजारौं पृष्ठमा उभिसकेका छन् ।

'रूप–रेखा'-का खास विशेषताहरूको अनावश्यक र अतिशयोक्तिपूर्ण प्रशस्ति मैले गाइनँ भन्ने पूर्ण आत्म विश्वासपूर्वक यो लेख यहाँ टुग्याउँदछु ।

दार्जिलिंग, भारत ।

○

नेपालका जस्तै यता पनि लेखकहरू नभएका होइनन् । र उनीहरूले सोचे जस्तै—'हाम्रो साहित्यमा अब यस्ता यस्ता खालको रचना लेखिनुपर्छ, हाम्रो हाहित्यमा स्तर अब यस्तो बनाउनुपर्छ' भन्ने यताकाले पनि नसोचेका होइनन् । तर फरक यति भइदियो यहाँ ती सब प्रयोग भएर पनि हुन सकेनन् । भए जति आशलाग्दा पत्रिकाहरूले मुन्टो फर्काइदिएपछि यहाँका रचनाहरू टाक्सिए । कविताको त कुन् लेखै नगरूँ क्यार । नेपालका मोहन कोइराला भाग्यमानी हुन् । यदि उनी यताका भए उनका पनि ती सारा आधुनिक नवीन प्रायोगिक कविताहरूको यहाँ हत्या हुन्थ्यो । फलतः उनी पनि टाक्सिने थिए । पुष्कर लोहनी धन्य हुन् । नत्र उनका कथाहरू पनि यता भए यौन मनोवैज्ञानिक नभइकन सोझै छाडा र अश्लील भनिने थिए । पत्रिकामा स्थान पाउनु ता आकास भेट्नु जत्तिकै हुनेथ्यो ।

शंकर सुब्बा फागो (दार्जिलिंग) : पाठक-प्रतिक्रिया, रूप-रेखा १४० : पुस २०२९

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम

शाहदेव सरकारको

३३औं शुभ जन्मोत्सवको

सुखद उपलक्ष्यमा मौसूफ सरकारको

सुस्वास्थ्य तथा दीर्घायुको लागि

हार्दिक कामना गर्दछौं

गुठी संस्थान

रामशाहपथ : काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—चूडामणि बन्धु

रूप-रेखाको चारैतिरबाट हेर्दा

: १ :

२०१७ सालमा रूप-रेखाको प्रकाशन थालिएको केही पछि यसको अन्तिम पृष्ठको स्तंभका रूपमा चारैतिरबाट देखिन थाल्यो। यस स्तंभका नियमित लेखक बलमकनद (बालमुकुन्ददेव पाण्डे) हुनुहुन्छ। यस स्तम्भमा चर्चित विषय नेपाली भाषा र साहित्यका सम्बन्धमा नै छन्। यसमा दिइएका टिप्पणी र सुझाउहरू बलमकनदका हुन्। रूप-रेखाका सम्पादक बालमुकुन्ददेव पाण्डेका होइनन् तापनि बलमकनदलाइ यति लामो अवधिसम्म आफ्ना अन्तिम पृष्ठ दिने रूप-रेखाका सम्पादकहरूले पनि चारैतिरबाट कमाएको जस-अपजसका अंशियार हुनै परेको छ र भएका छन् पनि।

चारैतिरबाट शीर्षक स्तम्भमा देखा पर्ने विषयहरूमा नेपाली साहित्यकार, वैयाकरण, भाषाशास्त्री, प्राज्ञ तथा प्रशासक सबैको चासो हुनु स्वाभाविक थियो, किनभने यसमा सबैका विषयमा केही न केही लेखिएको हुन्थ्यो। कतिलाइ नेपाली भाषा र साहित्यको समसामयिक क्रियाकलापहरूसंग परिचित हुन यो एउटा महत्वपूर्ण माध्यम भयो भने कतिलाइ यो छिद्रान्वेषण गर्ने छुच्चो स्तम्भ र आफ्नो व्याकरणको प्रचार गर्ने रङ्गमञ्च जस्तो पनि लाग्यो। तर नेपाली भाषा र साहित्यको प्रचार तथा सम्वर्द्धनका निम्ति यसमा सयौं व्यक्ति र स्तम्भहरूको खांचो छ भन्ने कुरामा कुनै नेपालीले असहमति जनाउने छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस लेखमा नेपाली भाषाको वर्तमान अवस्थाका सन्दर्भमा बलमकनदले चारै-तिरबाट चर्चा गरेका विषयहरूको सर्वेक्षण गरिने छ र आफ्ना टिप्पणीका साथ यस छोटो लेखको उपसंहार गरिने छ ।

: २ :

लिखित प्रमाणहरू बटुलेर नेपाली भाषाको इतिहास १००० वर्ष पुरानो बनाउन पनि हामीलाइ निकै गाह्रो परिरहेछ तापनि आजको नेपाली भाषा हजारौं वर्षको विकासको परिणाम हो । यसको उत्पत्तिको न कुनै घडी र पला तोक्न सकिन्छ न कुनै घर र घडेरी । हामीले दिएका स्थान र काल त सुविधाका निम्ति मानिएका स्थान र काल मात्र हुन् । भाषाको जीवनमा स्थान र कालको प्रभाव व्यापक हुन्छ र यिनै दुई तत्वले गर्दा एउटै भाषालाइ हजारौं भाषामा तथा भाषिकहरूमा विभक्त गर्न मद्दत गरिरहेका हुन्छन् । कुनै पनि बोलचालका रूपमा प्रचलित भाषाको भौगोलिक दूरीले देखाएको भेद हेर्न मेचीदेखि महाकालीसम्मको यात्रा गर्न सकिन्छ । अझ राजनैतिक सीमालाइ नाघेर जान भाषालाइ परिपत्र चाहिँदैन । भौगोलिक भिन्नताका साथै प्रयोग क्षेत्रको भिन्नता (कानून, विज्ञान, प्रशासन आदि), सन्दर्भको भिन्नता (औपचारिक तथा अनौप-चारिक), अनि सामाजिक (उच्च वर्ग, निम्न वर्ग, शिक्षित–अशिक्षित आदि भिन्नताको पनि भाषिक विविधतामा असर पर्छ । यसरी एउटै भाषाका स्थान र काल अनुसारका अनेक भेद हुन सक्छन् र तिनका पनि प्रयोग, प्रसंग र शैली-गत विभिन्नता देखा पर्छन् तापनि भाषाको नाम लिंदा समय, स्थान र प्रसंगले बाँधिएको भाषाको रूप हाम्रो मनमा बस्न आउँछ ।

कुनै पनि भाषाका कथ्य रूपका भेद अनेक हुन सक्छन् । सूक्ष्म दृष्टिले हेर्दा जिल्ला गाउँ वा व्यक्ति पिच्छे नै फरक पनि हुन्छन् । तर लेख्य रूपका यति ज्यादा भेद हुँदैनन् । लेख्य भाषाका हिज्जे, 'शब्दावली र वाक्य-विन्यासमा' पनि एकरूपता हुन्छ र परम्परागत लिखित व्याकरणले यसलाइ नियन्त्रित गरेको हुन्छ । यो लेख्य भाषा पनि सामाजिक, राजनैतिक, भौगोलिक तथा अन्य कारणले महत्व प्राप्त गरेको कथ्य रूपमा आधारित हुन्छ । नेपाली भाषाको प्राचीन थलो सिंजा भए तापनि माथि भनिएको कारणले गर्दा पछि नेपाली भाषाको केन्द्र गंडकी क्षेत्र भयो अनि वर्तमान अवस्थामा यो काठमाडौं भएको छ । तर वर्तमान लेख्य नेपाली काठमाडौं र वरिपरि बोलिने रूपमा होइ-न, नेपाल भरिका विद्यालय, अड्डा अदालत, प्रचार प्रसारका कथ्य माध्यमले प्रयोग

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
गर्न रूपमा आधारित छ। यही नेपालको राष्ट्रभाषा हो। कथ्य रूपको प्रयोगमा पनि ध्यान दिनै पर्छ र यसैको सफल प्रयोगमा कुनै पनि व्यक्तिको सफलता र कार्यदक्षता देखिन्छ तापनि यो देशकाल सीमित हुनाले यस सन्दर्भमा देखिएका त्रुटि र अनेकरूपता पनि देशकाल सीमित हुन्छन्। तर लेख्य भाषा देशकाल सीमित हुँदैन। लेख्नेका कमजोरी र त्रुटि पढ्नेले बारम्बार थाहा पाउँछन्। लेख्य रूपमा पनि कथ्यमा झैं नै अनेकरूपता र विविधता भयो भने अनेक समस्या देखा पर्छन्। सामान्य शैलीगत भेद भए तापनि अड्डा, अदालत, शिक्षा, सञ्चार, प्रशासन आदि विभिन्न क्षेत्रमा यसको हिज्जे, शब्दभंडार र वाक्य गठनमा एक रूपता हुनै पर्छ। यसरी भाषामा एकै किसिमको नियम हुनुपर्छ भन्ने कुरा वैयाकरणको मताग्रह मात्र होइन, यो अनुशासन पनि हो। लेख्य भाषाको रूपरूपताका अभावमा अभिव्यक्ति प्रक्रियामा बाधा देखिन्छ र देशको बौद्धिक मात्र होइन, भौतिक प्रगतिमा पनि त्यसले असर पार्छ। समाजका सम्पूर्ण प्राप्तिहरू भाषामा सुरक्षित रहन्छन् र समाजमा भाषाकै माध्यमले हस्तान्तरित हुन्छन् र समाजमा भाषाको प्रयोगमा विशेष भूमिका खेल्ने क्षेत्रमा सम्बन्धित व्यक्तिहरूमा पनि लेख्य भाषाको स्वरूप निर्माणका लागि उत्तिकै जिम्मेदारी छ जति वैयाकरण वा साहित्यकारहरूमा छ।

नेपाली भाषाको इतिहास देखाउन अहिलेसम्म प्राप्त अभिलेखले जति सहयोग गरेका छन् त्यति नै ती अभिलेखहरूले नेपाली भाषाको प्रयोगलाइ पनि देखाएका छन्, नेपाली भाषा देवनागरीमा नै लेखिदै आएको छ, देवनागरीको लामो र क्रमिक इतिहास नेपालकै अभिलेखहरूमा हेर्न पाइन्छ तापनि आधुनिक कालमा छापाखानाको प्रचलनपछि भारतका विभिन्न ठाउँमा बनेका टाइपहरूको प्रयोगले गर्दा हाम्रा छापाका देवनागरीमा हिन्दी देवनागरीको प्रभाव देखिनु स्वाभाविक हो। नेपाली हस्तलेखहरूमा शेष रहेका नेपाली अक्षरहरूलाइ जीवित राख्न जगदम्बा प्रेसले केही प्रयास गरेको छ तापनि अझ अक्षरहरूका विषयमा पनि समयमा नै दृष्टि पुऱ्याए राम्रो हुन्थ्यो।

नेपाली भाषामा पुस्तक र पत्रिकाको प्रकाशन थालिएपछि नेपाली शब्दहरूको हिज्जे सम्बन्धी अनेक समस्यामा दृष्टि पुग्यो। हलन्तवादी र हलन्त बहिष्कारवादी निस्के। देखिएका समस्याको समाधान गर्दै जाने क्रम आयो र आवश्यक परिवर्तन र परिवर्द्धन पनि भए। यसै क्रममा कर्णेवादी जनजिब्रोवादी र जिउँदो नेपालीवादी पनि देखा परे। तर नेपाली हिज्जेको समस्याको समाधान अझ हुन सकेको छैन। प्रज्ञा-प्रतिष्ठानको प्रयास सार्थक हुन सकेन र साझा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशनको प्रयासको परिणाम अझ निस्किसकेको छैन। नेपाली हिज्जेको समस्या समाधान गर्ने क्रममा ह्रस्व-दीर्घ, ब-व, श-ष-स, ऋ–रि जस्ता भ्रमपूर्ण वर्णहरूमा नेपाली शब्दहरूका निम्ति एउटालाइ मात्र प्रयोग गर्न संभव भए तापनि संस्कृत शब्दहरूको हिज्जेमा परिवर्तन गर्नका निम्ति समाजको अनुमति प्राप्त गर्न गाह्रो छ। फेरि हिज्जे परिवर्तनबारे सन्तुलित विचार पनि त जन्मिसकेको छैन। एक थरीको भनाइमा लागेर परम्परागत हिज्जेमा परिवर्तन गरी शब्दहरूलाइ कथ्य रूप अर्थात् उच्चारण अनुसार ढाल्ने हो भने १०० वर्षपछि नेपाली भाषा शब्दको उच्चारणमा परिवर्तन हुँदा हिज्जेमा फेरि परिवर्तन गर्नुपर्ने हुन्छ र यसरी १-२ सय वर्षमा परिवर्तन गर्दै जांदा केही सताब्दी अघिको नेपाली भाषा केही सताब्दीपछिका व्यक्तिहरूको निम्ति बिल्कुलै दुर्बोध्य हुन जानेछ। अंग्रेजी भाषाको हिज्जे व्यवस्था निकै अनियमित भए तापनि त्यहां कुनै किसिमको सुधार गर्न सकिएको छैन यद्यपि अमेरिकाली अंग्रेजीको केही शब्दको हिज्जेमा सरलीकरण गरेको पाइन्छ। नेपालीमा पनि सानातिना संशोधनको प्रशस्त संभावना छ र अहिलेसम्म विचारै नगरिएका कतिपय विषयको समाधान गर्न सकिन्छ। तर समाधानको काममा जति ढिलाइ हुन्छ त्यति समस्या चाहिं विकट हुँदै जाने छ भन्ने कुरा पनि बिर्सनु हुँदैन।

विकासशील जातिलाइ नयां शब्दहरूको श्रावश्यकता पर्छ। बाहिरबाट नयां नयां वस्तु र विचार आउँदा तिनलाइ जनाउने शब्द पनि आउँछन् यस्ता कतिपय शब्द जस्ताको यस्तै रूपमा नेपाली जनजिब्रोमा मिल्न सक्ने खालका हुन्छन्, कतिपय शब्द नेपाली उच्चारणमा अप्ठ्यारा हुन्छन् र तिनलाइ नेपालीमा रूपान्तरित गर्नुपर्ने हुन्छ। एक रूपताका लागि यथासंभव सबै शब्दको रूपान्तरण गर्नु राम्रो हुन्छ। तर अस्पताल, लालटेन, रेडियो, रेल बस जस्ता नेपाली समाजमा भिजिसकेका शब्दको रूपान्तरण श्रावश्यक हुँदैन। कतिपय स्थितिमा एउटा अंग्रेजी शब्दको संस्कृतबाट लिएर एकभन्दा बढी किसिमले रूपान्तरण गर्न सकिन्छ तापनि अनेकरूपता देखिन्छ। यसरी नेपाली भाषामा ज्ञान विज्ञानका क्षेत्रमा प्रयोग हुने शब्दमा सरलता, स्पष्टता र एकरूपताका लागि अहिले प्राविधिक शब्दावलीको खांचो सबभन्दा तीव्र रूपमा अनुभव भइरहेछ।

शब्दहरू बाहिरबाट आए तापनि वाक्य गठन प्रत्येक भाषाको आफ्नो हुन्छ। तर वाक्यगठन पद्धति भाषा-भाषामा प्रशस्त समानता पनि देखिन्छ। नेपालीका आधारभूत वाक्यमा भन्दा ती वाक्यहरूको मिश्रण र संयोजनमा हामी

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही बाह्य प्रभाव पाउँछौं। नेपालीको प्रयोग क्षेत्र बढ्दै छ र विभिन्न विषयलाइ विभिन्न किसिमले भन्नु पर्दा अभिव्यक्तिको संभावनाहरूका ढोका खुल्दै जान्छन् र वाक्य संश्लेषणका अवसर बढ्दै जान्छन्। नेपाली व्याकरणमा वाक्यका बारेमा साह्रै कम लेखिएका हुन्छन् र तिनका आधारमा नेपाली वाक्यबारे पूरा जानकारी हुन सक्तैन। यतातिर वैयाकरणहरूको ध्यान जानु आवश्यक छ।

: ३ :

रूप–रेखाको चारैतिरबाटमा नेपाली भाषाको वर्तमान अवस्थालाइ राम्ररी देखाइएको छ। शिक्षा, साहित्य, पत्रपत्रिका, रेडियो, प्रशासन जस्ता नेपाली भाषाको प्रयोग गर्न सकिने क्षेत्रमा यसको रूप कस्तो छ र यो विभिन्न क्षेत्रका संस्था तथा जिम्मेदार व्यक्तिहरूको नेपाली भाषाप्रति कस्तो दृष्टि छ भन्ने कुरा थाहा पाउन पनि चारैतिरबाटले हामीलाइ मद्दत गर्छ। यसमा दिइएका टिप्पणीहरूमा नेपाली भाषाको वेवास्ता गर्ने संस्थाहरू, नेपाली माध्यम नेपाली साहित्य र साहित्यकारहरूको अवस्था, नेपाली भाषाको अशुद्ध प्रयोग, नेपाली हिज्जे, शब्द प्रयोग र वाक्य गठनका बारेमा टिप्पणी र कतिपय ठाउँमा सुझावहरू पनि छन्।

नेपाली भाषाको प्रयोग हुने संस्थाहरूले यस भाषाको प्रयोगमा त्यति वास्ता गरेका छैनन्। श्री ५ को सरकारको मान्छेहरूमा अंग्रेजीको मोह छ। (२२) (कोष्ठकभित्रका अंकले रूप–रेखाका पूर्णाङ्क जनाउँछन्।) रेडियो नेपाल पनि नेपालीका ठिक शब्दको प्रयोग गर्ने कुरामा त्यति वास्ता गर्दैन (१३)। त्यसको भाषा नेपालको कुन भेकका भाषा हो भनेर प्रश्न गर्नुपर्छ (३८)। प्रचार विभाग पनि अशुद्ध डायरी वितरण गर्छ (१५,२६)। अशुद्ध सूचना पाटीतिर पनि सरकारको ध्यान गएको छैन। (२६,४०)। एकेडेमीले पनि अशुद्ध इतिहास छापेको छ (४५)। एकेडेमीले भाषा व्याकरण प्रश्नावली तयार गरी भर्न लगाएर नेपाली भाषाको सुधार गर्न थालेको छ (११२)। यसले व्याकरण तयार गर्न लाखौं खर्च गर्दैछ (१३६)।

नेपाली माध्यमले शिक्षा दिने राष्ट्रिय शिक्षा पद्धतिका पक्षमा यहाँ निकै टिप्पणी पाइन्छन् (४४,९४,१०३)। बलमकनदका विचारमा नेपालीहरूलाइ आठौं कक्षासम्म नेपाली माध्यमबाट नै शिक्षा दिनु व्यावहारिक छ। यो निकै महत्वपूर्ण प्रश्न हो तर हाम्रो अंग्रेजीप्रतिको मोह र यस कायमा तगारो भइरहेछ। भारतमा हिन्दीले ठाउँ लिन कति गाह्रो भयो तर नेपालमा

पुष २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली राष्ट्रभाषा भइसकेको छ तापनि अंग्रेजीको प्रयोग गर्ने मोह जिम्मेवार क्षेत्रमा पनि देखिन्छ (१०४)।

नेपाली भाषाको प्रयोग अड्डाहरूमा पुरानै खालको छ (८२)। नेपाली पाठ्यपुस्तक अशुद्धिले भरिएका हुन्छन् (१०३)। मधुपर्कको भाषा पनि राम्रो छैन (८७)। संस्कृति विभागको मात्र होइन वैयाकरणको निम्तो-पत्रमा पनि अशुद्धि हुन्छ (२१, ५१)। श्री ५ को सरकारले नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थानको काम संस्कृति विभागलाइ सुम्पेको छ। साहित्यिक रमझम त अवश्य बढेको छ तर नेपाली भाषा र व्याकरणबारे कसैले चासो लिएको देखिदैन। नेपाली साहित्यकारहरूको आर्थिक अवस्था राम्रो छैन (४६)। साहित्यिक पत्रिकाहरूको बाढी आएको छ (४७) साहित्य पनि राष्ट्रिय र अराष्ट्रिय हुन गए जस्तो छ र भूमिसुधारबारे लेखिएको साहित्य राष्ट्रिय र अरू अराष्ट्रिय साहित्य भएका छन् (४७)। भाषा आफैं विकसित हुन सक्छ तर साहित्यकारहरूको योगदान अपेक्षित हुन्छ (१०६)। तर साहित्यको भाषा क्लिष्ट छ र यसले गर्दा साहित्य जनताबाट टाढा भएको छ।

विविध क्षेत्रमा नेपाली भाषाको भाषिक अशुद्धता नै बलमकनदको टिप्पणीको विषय छ। भाषाको अशुद्धि जताततै देख्न पाइन्छ (१९)। समाचारपत्रहरूको भाषा यस्तै अशुद्ध छ (२२)। भाषाको शुद्धताबारे चेतना नै नआएर हो वा अशुद्ध लेखेर पनि काम चल्छ भनेर हो यतातिर अचेल वास्ता छैन। सरकारी क्षेत्रबाट र अरूतिरबाट पनि यसमा कुनै किसिमको प्रयास भएन, बरू विकृत बनाउन नै सहयोग गरे (१५,८९ १०३,४०,४७)। पढे लेखेका मान्छे बढे तर नेपाली शुद्ध लेख्नेहरूको संख्या बढेन (९७)। हिज्जे, शब्द प्रयोग तथा व्याकरणगत अशुद्धिका क्षेत्रलाइ पनि यसमा राम्ररी देखाइएको छ।

हिज्जेको अशुद्धि नेपाली लेखाइमा जताततै देखिन्छ (२१,२६,४०)। व र व को समस्याको समाधान आवश्यक छ (१५)। नेपालीमा समस्या ब, व श, ष, स तथा ह्रस्व–दीर्घको छ भने हामीले सर्वप्रथम त्यसैको समाधान किन नगर्ने! बलमकनदका विचारमा नेपाली भाषा ह्रस्व प्रधान भएकाले दीर्घ ई ऊ हटाउनु पर्छ र ह्रस्व मात्र राख्नु पर्छ, दन्त्य सको मात्र प्रयोग गर्नुपर्छ र श, ष, क्ष, त्र, ज्ञ, ऋ, लृलाइ वर्णमालाबाट हटाउनु पर्छ। तत्सम शब्द नेपाली व्याकरण अनुसार लेख्नुपर्छ र विभक्ति र प्रत्ययबाहेक अरू ठाउँमा जोड्नु नै वेस हुन्छ (९६,९७)। समितिको व्याकरणलाइ मान्न सकिन्छ तर त्यसमा नियमभन्दा अपवाद बढ्ता हुनु हुँदैन भन्ने पनि उहाँको विचार छ (१९७)।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक दुई शब्दलाइ लिएर बाझाबाझ गर्नु राम्रो होइन (४२)। नेपालीमा नयाँ शब्दको खाँचो पर्दा सर्वप्रथम भएकै शब्दको 'प्रयोग' गर्ने र नपुगेका मात्र नयाँ बनाउने भन्ने सुझाउ (१८) पनि अवश्य स्वागत योग्य छ। नयाँ नयाँ विचारका निम्ति शब्द हेर्न प्रामाणिक कोशको आवश्यकता छ (१९) एकेडेमीले शब्दकोश बनाएको छ तापनि त्यो निकै महँगो छ। समीक्षा, नेरावि जस्ता केही पत्रपत्रिकाले पनि शब्द निर्माण गरेका छन्। तर हामी यस क्षेत्रको तीव्र आवश्यकताप्रति त्यति सचेत छैनौं। 'हुलाक डेलिभरी मंजूषा' र 'वहीदार कम टाइपिष्ट' जस्ता शब्द हाम्रो बेवास्ताका केही उदाहरण हुन् (८९)। नेपालीलाइ यस्ता शब्दहरूको खाँचो त छँदैछ (९४,१०४)।

वाक्य गठनका सम्बन्धमा दिइएका उदाहरण चाख लाग्दा छन्। नेपाली लेखाइमा अस्पष्ट, अर्थहीन, अशुद्ध र असंगत वाक्य गठनका उदाहरण अनेक पाइन्छन्। जस्तै:

१. ३०–३५ माइल लामो जीप चल्ने बाटो (१३)
२. उहाँले अगाडि भन्नुभयो। (५३)
३. घटना घट्यो। (१३)
४. सडे गलेको नगर पञ्चायतले फर्याँक्ने भएको छ। (८८)
५. आगामी राष्ट्रिय पञ्चायतको अधिवेशन। (८८)

माथिको उदाहरणमा प्रयोग गर्नेले चाहेका अर्थ दिइएका पद र पदावलीले दिएका छैनन्, तिनले अर्कै अर्थ प्रधान गरेका छन्। माथिका वाक्य २ र ३ मा हिन्दीको प्रभाव छ भने अरूमा विशेषणको प्रयोग ठिक ठाउँमा नपरेकाले अर्थमा फरक परेको छ। यस्ता अरू उदाहरण हुन्:

६. मादक पदार्थ सेवन गरी बाटामा हिंड्नेहरूलाइ अभद्र व्यवहार गरेकोमा कान्छालाइ पक्राउ गरिएको छ।
७. प्रधानमन्त्रीसंग नेपालको भ्रमणमा आएको प्रतिनिधि मण्डलले भेट गर्‍यो।

यी दुवै वाक्यमा पनि शब्दक्रमले गर्दा अर्थमा भिन्नता देखिन्छ। यस्तै अरू पनि अनेक उदाहरण पाउन सकिन्छ। वाक्यका यी उदाहरणहरूले के देखाउँछन् भने शुद्धता भाषाको न्यूनतम शर्त हो तापनि ठिक ठाउँमा भाषाका ठिक रूपको प्रयोग गर्न सक्नु भाषामा अधिकार हुनुको प्रमाण हो।

: ५ :

चारैतिरबाटमा उठाइएका प्रश्नहरू नेपाली भाषाका सामाजिक प्रश्न हुन् भन्ने कुरा माथिको विवरणबाट पनि थाहा हुन्छ। नेपाली भाषा र साहित्यका वर्तमान समस्या, नेपाली प्रयोगका सम्बन्धमा देखिएका सरकारी र संस्थागत प्रवृत्तिहरू तथा नेपाली लेखन, शब्द प्रयोग र वाक्य गठनका विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिएका अशुद्धिको संकेत जस्ता यसका कतिपय महत्वपूर्ण विषय छन् । नेपाली भाषाका जल्दा बल्दा समस्यातिर स्पष्ट रूपमा सङ्केत गरेर यस स्तम्भका माध्यमले रूप-रेखाले प्रशंसनीय कार्य गरेको छ । पछिल्ला वर्षहरूमा यस स्तम्भको हिज्जे पनि बलमकनदकै प्रस्तावित हिज्जे पद्धति अनुसार दिएको देखिन्छ । यसले उहाँलाइ पनि झर्रोवादी र जिम्दो-नेपालीवादीहरूसंग राख्न पाठकहरूलाइ प्रेरित गर्छ तापनि नेपाली भाषाका विषयमा गहिरो रुचि र यसका कतिपय समस्याको समाधानप्रति उहाँको जागरूकता पनि देखाउँछ। टिप्पणी र दिइएका सुझाउमा मतभेद हुन सक्छन् । तर यिनै मतभेदका माझबाट हामी समस्याको साझा समाधान निकाल्न पनि सक्छौं । आफ्ना मतहरूलाइ विचारार्थ प्रकाशित गरिदिंदा त्यसमा टीकाटिप्पणी हुन सक्छन् र ती ग्राह्य भए पनि अग्राह्य भए पनि विद्वतसमाजलाइ त्यो लाभदायक नै हुन्छ । यसै कारण यस प्रसंगमा आफ्ना मनमा रहेका कुरालाइ पनि स्पष्ट गर्नु राम्रै होला:

१. नेपालीमा आदि र मध्यमा ह्रस्व र पदान्तमा दीर्घ ई, ऊको प्रयोग गर्ने । एउटै अक्षरको शब्द भए दीर्घको प्रयोग गर्ने ।
२. नेपालीमा सको मात्र प्रयोग गर्ने ।
३. वको प्रयोग गर्ने र ब झिक्ने, वर, वास्ता, वारि आदिमा तल-थोप्ली व लेख्ने ।
४. तत्सम संस्कृत शब्दलाइ नेपाली शब्द झैं लेख्ने र नेपाली शब्द कोशमा त्यसलाइ समावेश गरी कोशमा त्यसको हिज्जे दिने ।
५. विभक्ति र प्रत्यय वाहेक अरूलाइ छुट्टयाएर लेख्ने ।
६ कुनै पनि नासिक्य व्यंजनमा अनुनासिक चिन्ह नथप्ने । (खान्नँ होइन खान्न) ।
७. चन्द्रबिन्दु हटाएर शिरबिन्दु राख्ने—बांस, हांस; बाँस, हाँस होइन ।
८. यथासंभव हलन्त बहिष्कार गर्ने । (तामाङ, दरवार, श्रीमान, मगरनी लेख्ने, तामाङ्, दर्बार, श्रीमान्, मगर्नी होइन) ।
९, पंचम वर्ण हलन्ते रूपमा जे उचारण हुन्छ त्यही राख्ने । (मन्त्र, पन्च, शङ्का लेख्ने, मंत्र, पंच, शंका होइन) ।

यी मनमा लागेका कुराका टिपोट मात्र हुन् । कुनै मतवाद होइनन् किनभने यी पंक्तिका लेखक वादी बन्न चाहन्न । तर ऊ पनि नेपाली भाषा सम्पूर्ण नेपालीहरूको भाषा हो र लेख्य नेपालीका नियमहरू अपवादरहित, सरल, सुबोध तथा स्पष्ट हुनुपर्छ भन्ने बलमकनदको विचारमा सहमति जनाउँछ ।

कीर्तिपुर, काठमाडौं । ○

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल बैंक लिमिटेड
संक्षिप्त झलक

१) स्थापना र समुद्घाटन ३० कार्तिक १९९४ श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवका बाहुलीबाट ।

२) सुरूको पूँजी : रू. ८ लाख ४२ हजार । हालको अधिकृत पूँजी : रू. २ करोड । हालको भुक्तानी पूँजी : रू. १ करोड ५० लाख ।

३) कार्यालय संख्या : १३९ । कर्मचारी संख्या : ४१६८ ।

४) बैंकिङ्ग कारोबारतर्फ : निक्षेप : रू. १,५००,३४४ । कर्जा सापट : रू. ६३०,७६२ । लगानी : रू. ४७४,७५१ । खाता संख्या : चल्ती : ४२,२२७ । बचत : १४१,२८३ । मुद्दती : ४६,९४२ । जम्मा : २३०,४५२ ।

५) उपलब्ध सेवा र सुविधाहरू : निक्षेप खाता : चल्ती, बचत, मुद्दती, रेकरिङ्ग तथा घरेलु बचत बाकस । कर्जा सापट र लगानी : खरीद बिक्री हुने व्यापारिक वस्तुहरू, सरकारी सुरक्षण, शेयर, बीमा पोलिसी, निर्यात बिलहरू, किस्ताबन्दी कर्जा, उद्योग संचालनको लागि पूँजी, कृषि तथा साना उद्योग सुपरीक्षण कर्जा ।

विविध : ड्राफ्ट, टी. टी., मेल ट्रान्सफर, भित्री तथा बाहिरी बिलहरूको संकलन, यात्रु चेक खरीद बिक्री, ग्यारेन्टी, निष्कासन, लाभांशको संकलन, क्रेडिट इन्फरमेसन, प्रतीत पत्र इत्यादि ।

पुस २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष : (क) सेफ लकर (सुरक्षा सन्दुक) सुविधा : काठमाडौं, वीरगञ्ज।
(ख) महिला कर्मचारीहरूबाट मात्र संचालित कार्यालय, नयां सडक ढोका (टेबहालमा)।

६) विदेशी बैंकहरूसंग सम्बन्ध : विश्वको प्रमुख व्यापारिक केन्द्रहरूका बैंकहरूसंग सम्पर्क भएको ।

७) दुर्गम क्षेत्र स्थित कार्यालयहरू : डोल्पा, रोल्पा, प्यूठान, रूकुम, जाजरकोट, सल्यान, जोमसोम, चामे, बुतिवाङ्ग, धुन्चे, जिरी, फिदिम, ताप्लेजुङ्ग, तेह्रथुम ।

८) सानो क्षेत्रमा लगानी:

	कर्जा संख्या	रकम
कृषि:	२०४५	रू. १३,२२१ हजार
घरेलु तथा ग्रामीण उद्योग:	३१६	रू. ११,३०६ "
पेशेवार र व्यावसायिक (सेवा)	२९३	रू. १५,८६० "
जम्मा :	२६५४	रू. ४०,३८७ हजार

सानो उद्योगहरूको लागि कर्जा सापट लगानी भएको छ ।

९) विशेष ठाउँको निमित्त खोलिएका अफिसहरू : पाटन औद्योगिक क्षेत्र, बालाजु औद्योगिक क्षेत्र, हेटौंडा औद्योगिक क्षेत्र, साल्ट ट्रेडिंग कर्पोरेशन कम्पाउण्ड, नेशनल ट्रेडिग लिमिटेड कम्पाउण्ड, जनकपुर चुरोट कारखाना कम्पाउण्ड, महेन्द्र सुगर एण्ड जनरल इण्डस्ट्रिज कम्पाउण्ड, ईंटा टायल कारखाना कम्पाउण्ड, (हरिसिद्धि), ब्रिटिस गोर्खा त्रोपा क्याम्प (धरान), धरान औद्योगिक क्षेत्र धरान, भन्सार एरिया वीरगञ्ज, विश्वविद्यालय क्याम्पस कीर्तिपुर, नेपाल औद्योगिक विकास कर्पोरेशन बिल्डिग। बबरमहल कम्पाउण्ड ।

द्रष्टव्य:—

१) रू. हजारमा ।
२) माथि उल्लिखित तथ्यांकहरू २०३४ साल आश्विन मसान्तको कारोवारबाट लिइएको हो ।

वि.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—ईश्वरप्रसाद उपाध्याय

रूप-रेखा : केही तथ्याङ्क

२०१७ सालको असार-साउनमा द्वैमासिक पत्रिकाको रूपमा देखा परेर रूप-रेखा पूर्णाङ्क १२ देखि मासिक पत्रिकामा परिणत भई आज पूर्णाङ्क दुई सय निस्कन समर्थ भएको छ। नेपाल र बाहिर गरेर पत्रिकाको माध्यमबाट अनेकौं विधाहरू जन्मिरहेका छन् तर मैले यस लेखमा केवल रूप-रेखाबाट पूर्णाङ्क एकदेखि पूर्णाङ्क एक सय उनान्सयसम्म कुन-कुन सालमा कति कति विधाहरू जन्मे त्यसको वर्गीकरण प्रायः सख्यात्मक दृष्टिकोणले गरको छु।

वासुदेव रिसालको सम्पादनमा निस्केको रूप-रेखा पूर्णाङ्क एक हुर्कंदै गएर पूर्णाङ्क १२ सम्म यसले पटक-पटक गरी जनकनाथ ग्याुन्याल, श्रीरामदेव भट्टराई, जगदीशप्रसाद अधिकारी र योगेन्द्रनाथ अर्याल सम्पादकहरू देख्यो भने पूर्णाङ्क ३२ देखि अविच्छिन्न रूपमा अद्यावधि बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवरको संयुक्त सम्पादनमा फष्टाई आइरहेको देखिन्छ। यी दुई सम्पादकमध्ये बालमुकुन्द पाण्डे पूर्णाङ्क ७ देखि र उत्तम कुँवर चाहिं पूर्णाङ्क १३ देखि मात्र देखा पर्नु भएको छ। रूप-रेखा पूर्णाङ्क २९ ३० र ३१ को सम्पादक मण्डलमा बालमुकुन्ददेव पाण्डेको नाम छैन।

प्रति रूप-रेखा १२.३२ वटा रचनाहरू औसतमा निस्केर आज पूर्णाङ्क १९९ सम्ममा जंम्मा २४५१ वटा रचनादि निस्केको छ। त्यसमध्ये कविताको स्थान सर्वप्रथम (३२.९%) हुन आउँछ भने विविध (भाषण, रेखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र र रिपोर्ताज) मा र उपन्यासमा नगण्य प्रायः (०.४%) छ। संख्यात्मक दृष्टिकोणले कथा, निबन्ध र समालोचनाको स्थान क्रमशः दोस्रो (२८.०%), तेस्रो (१९.२%) र चौथो (९.९%) रहेको छ भने नाटकको स्थान आठौं १.०%) छ। त्यसपछि अन्य विधाहरूमा हेर्दा संस्मरण, जीवनी, नियात्रा र भेटवार्ताहरूले पनि क्रमशः पाँचौं (३ ४%), छैठौं (२.६%), सातौं (१.३%) र नवौं (०.७%) स्थान ओगट्न समर्थ भएका छन्। अर्थात् जम्मा रचनाहरू मध्ये कविता ८०७, कथा ६९०, लेख-निबन्ध ४७१, समालोचना २४२, संस्मरण ८३, जीवनी ६४, नियात्रा, ३३, एकांकी नाटक २५, भेटवार्ता १६, उपन्यास १० र विविध (भाषण, रेखाचित्र र रिपोर्ताज) १० वटा छन्।

सबैभन्दा बढी रचनादि २६२ वटा, २०२० सालका रूप-रेखामा पाइन्छन् भने सबैभन्दा कम रचनादि ८० वटा, २०३० सालमा देखिएको छ। तर यी दुवै सालमा कविता नै बढी छापिएको पाइन्छ। २०१८, २०२६ र २०२८ सालका रूप-रेखामा लेख-निबन्धको संख्या बढी र २०१९, २०२५, २०२७ र २०२९ सालका रूप-रेखामा कथाको संख्या बढी देखिन्छ। अरू बाँकी सबै सालमा कविता नै बढी छापिएका छन्। जम्मा प्रकाशित कवितामध्ये सबैभन्दा बढी कविता संख्या १५० वटा २०२० सालमा निस्केको छ भने सबैभन्दा बढी कथा ६८ वटा छापिएका साल २०१९ हो। लेख-निबन्ध सबैभन्दा बढी छापिएको साल २०२७ हो भने समालोचना बढी प्रकाशित भएको साल पनि २०२७ नै हुन आउँछ। यसरी रूप–रेखामा सबैभन्दा बढी रचनादि (४४ वटा) प्रकाशित भई प्रथम स्थान प्राप्त गर्ने लेखक शंकर लामिछाने हुन्। साथै उनी रूप-रेखामा सबैभन्दा बढी रचनादि लेख्ने लेखक मात्र नभई सबैभन्दा बढी लेख-निबन्ध (१० वटा), जीवनी (४ वटा) र भेटवार्ता (२ वटा) लेख्ने लेखकहरूमा पनि उनकै स्थान पहिलो छ। रूप-रेखामा बढी लेखादि लेख्नेहरूमा ईश्वर बल्लभ (३४ वटा) को स्थान दोस्रो रहेको छ भने सबैभन्दा बढी कविता छापिने कवि-हरूमध्ये पनि उनकै स्थान दोस्रो रहेको छ। [स्मरण रहोस् बढी कविता छापिने कविहरूमा उपेन्द्र श्रेष्ठ (२२ वटा कविता) र मदन रेग्मी (२२ वटा कविता) को पनि स्थान दोस्रो नै रहेको छ।] त्यसरी नै रूप-रेखामा सबैभन्दा बढी कृति छपाउनेमा मोहन काइराला (३० वटा) को स्थान तेस्रो छ भने सबैभन्दा बढी कविता लेख्ने कविहरूमा उनको स्थान (२९ वटा कविता) प्रथम रहेको छ। 'रूप रेखा'-का सबभन्दा धेरै पृष्ठ ओगट्ने लेखकको रूपमा पनि पहिला नम्बरमा मोहन कोइरालाकै नाम आउँदछ। अहिलेसम्म प्रकाशित रचनादिमा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाउपन्थीको स्थान (२६ वटा कथादि) चौथो रहेको छ। सबैभन्दा बढी कथा लेख्नेहरूमा उनको स्थान (२० वटा कथा) सर्वप्रथम हुन आउँछ। रूप-रेखामा छापिएका ताना शर्माको समालोचनादि संख्या १९ वटा मात्र छन्, तापनि यसमा समालोचना लेख्ने समालोचकहरूमा उनको स्थान (१३ वटा समालोचना) प्रथम हुन आउँछ।

यसै गरी संस्मरण, नियात्रा एकांकी नाटक र उपन्यास बढी लेख्नेहरूमा क्रमश: पारिजात (८ वटा संस्मरण), केदारमणि आ. दी. (५ वटा नियात्रा), विजयमल्ल (५ वटा एकांकी) र शंकर कोइराला (२ वटा उपन्यास) प्रथम हुन पुगेका छन्। स्मरण रहोस्, लेख निबन्ध, भेटवार्ता बढी लेख्ने लेखकहरूमा क्रमश: हरिहरराज जोशी (१७ वटा लेख-निबन्ध) र आनन्ददेव भट्ट (२ वटा भेटवार्ता)ले पनि प्रथम स्थान प्राप्त गरेका छन्। यसमा उत्तम कुँवरका रचना सम्मिलित गरिएका छैनन्।

स्थायी स्तम्भ अन्तर्गत (चारैतिरबाट) शीर्षक दिएर बलमकनदले जुन भाषक रूपद्वारा विभिन्न प्रसङ्ग काटचाउनुभएको छ, त्यो पनि संख्या (जम्मा ६५ वटा) का दृष्टिले निकै धेरै मान्नुपर्दछ।

रूप-रेखाले प्रकाशित गरेको अन्य सामान्य विशेषांक बाहेक विधा विशेषाकहरूमा कथा विशेषांक (पूर्णाङ्क १२, २०१९ वैशाख), कविता विशेषांक (पूर्णाङ्क २४,२०२० वैशाख), समालोचनांक (पूर्णाङ्क ३६, २०२१ वैशाख), संस्मरणांक (पूर्णाङ्क ४८, २०२२ वैशाख), संस्कृति विशेषांक (पूर्णाङ्क ६०, २०२३ वैशाख). संस्कृति विशेषांकको अतिरिक्ताङ्क (पूर्णाङ्क ६२, २०२३ असार), लेखकांक (पूर्णाङ्क १००, २०२६ भदौ), लेखकांकको अतिरिक्तांक (पूर्णाङ्क १०१, २०२६ असोज) र शंकर लामिछाने विशेषांक (पूर्णाङ्क १८९, २०३२ माघ) समेत गरी जम्मा ७ वटा ठूला विशेषांक र २ वटा अतिरिक्तांक प्रकाशित भएको छ।

यस प्रकार नेपाली साहित्यलाइ विविध विधा तथा वाङ्मयमा विशेषाङ्क प्रदान गर्ने पहिलो साहित्यिक पत्रिकाका रूपमा रूप-रेखाको नाम अग्रगण्य छ। निश्चय नै यस पत्रिकाका विशेषाङ्क प्रकाशन परम्परा नेपाली साहित्यको पाठकका लागि बढी उपयोगितापूर्ण सिद्ध भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साल अनुसार विधाको वर्गीकरण तालिका

साल	रूपरेखा पूर्णाङ्क संख्या	रूपरेखामा प्रकाशित कृति मध्ये कविता (संख्या)	कथा (संख्या)	लेख-निबन्ध (संख्या)	समालोचना (संख्या)	संस्मरण (संख्या)	जीवनी (संख्या)	नियात्रा (संख्या)	एकांकी नाटक (संख्या)	भेटवार्ता (संख्या)	उपन्यास (संख्या)	विविध (संख्या)	कूल जम्मा कृति	औसत कृति प्रति रूप-रेखा
२०१७ असार-साउन	५	४२	१२	१७	९	०	१	०	२	१	०	०	४८	१६.८०
२०१८	६	२७	२४	२८	११	०	२	०	२	१	१	०	९६	१६.००
२०१९	१२	६०	६८	३४	१२	१	२	३	२	१	०	०	१८३	१५.२५
२०२०	१२	१५०	५९	२६	२१	२	०	१	१	१	१	०	२६२	२१.९२
२०२१	१२	८८	५३	३८	२०	०	०	१	१	१	०	१	२०३	१६.९२
२०२२	१२	५४	४४	[illegible]	८	४६	४	०	४	०	०	२	१८४	१५.३३
२०२३	१२	३८	१५	३७	४	०	१	०	३	०	१	०	९९	८.२५
२०२४	१२	४६	४३	२०	११	१	०	२	०	१	१	१	१२६	१०.५०
२०२५	१२	२७	६४	१९	९	०	५	२	२	१	१	०	१३०	१०.८३

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०२६	१२	१०	२६	३४	१०	२	३०	२	०	०	०	०	११४	९.५०
२०२७	१२	२६	४९	४६	२४	१	१	४	०	३	०	१	१५५	१२.९२
२०२८	१२	२४	३७	४१	१८	१	४	१	०	१	०	१	१२८	१०.६७
२०२९	१२	२८	४६	२४	११	५	४	६	०	०	१	१	१२६	१०.५०
२०३०	१२	२९	२०	११	१२	१	०	२	०	४	१	०	८०	६.६७
२०३१	१२	२५	२३	२१	१२	०	०	४	१	०	०	१	८७	७.२५
२०३२	१२	३८	३२	२३	२२	२०	४	३	५	१	३	०	१५१	१२.५८
२०३३	१२	५४	४२	१८	१८	१	२	१	२	०	०	०	१३८	११.५०
२०३४ मार्गसम्म	८	४१	३३	१२	१०	२	४	१	०	०	०	२	१०५	१३.१३
जम्मा	१९९	८०७	६९०	४७१	२४२	८३	६४	३३	२५	१६	१०	१०	२४५१	१२.३२
प्रकाशित सम्पूण कृतिमध्ये विधाको प्रतिशत	--	३२.९	२८.२	१९.२	९.९	३.४	२.६	१.३	१.०	०.७	०.४	०.४	१००.०	--

धोबीघाट, ललितपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ वीरेन्द्रको ३३ औं

शुभ–जन्मोत्सवमा शुभकामना

अर्पण गर्दछौं

पशुपति बिस्कुट इण्डस्ट्रिज प्रा. लिमिटेड

दुहबी : विराटनगर

श्री ५ महाराजाधिराजको ३३ औं

शुभ जन्मोत्सवको उपलक्ष्यमा

शुभ कामना चढाउछौं !

श्री हिमाल आइरन एण्ड स्टिल (प्रा.) लि.

श्री स्याकार कम्पनी (प्रा.) लि.

श्री भाजुरत्न इञ्जिनीयरिंग एण्ड सेल्स (प्रा.) लि.

श्री हिमाल अक्सिजन (प्रा.) लि.

ज्योति भवन, कान्तिपथ,
पो. ब. नं. १३३ काठमाडौं,
नेपाल । फोन नं. ११४९०, १४३२७
१४९०२ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—कृष्णचन्द्र सिंह प्रधान

रूप-रेखाका चार उपन्यास

उपन्यासको थालनीमा पत्र-पत्रिकाले गरेको योगदान अविस्मरणीय छ।

उपन्यास तरङ्गिणी, गोरखापत्र, सुन्दरी, चन्द्र आदिको प्रश्रयबाटै यस विधाले उठ्ने परम्परा पायो।

उपन्यासको अङ्गीकारबाट यसको लोकप्रियता र लोकोन्मुख प्रकृति स्वयंमा सहभागी रहेको प्रतीत हुन्छ।

गोरखापत्र र सुन्दरीको भूमिका उठ्नुअघिको आङ तन्काइ थियो। रूप-रेखाले त्यस परम्परामा पुनर्योग दिन्छ। यसलाइ गोरेटो खोज्ने उत्कण्ठा भनौं।

संदर्भ पहिलेको छैन, वस्तुस्थिति पहिलेको छैन। समसामयिकताको पृष्ठभूमिमा नयाँ नयाँ खोज र प्रस्तुती एक सजग प्रक्रिया नै हो। यसको निर्वाहमा पत्रिका प्रमुख मानिने हुँदा यो औचित्यपूर्ण कार्यको निरन्तरता आज पनि अपेक्षित छ।

प्रसङ्गमा रूप-रेखाले केही धारावाहिक बाहेक एकै पटकमा पूर्ण हुने गरी चारवटा उपन्यास प्रस्तुत गऱ्यो:

२०२४ मा ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि'।

२०२८ मा पारिजातको 'वैंसको मान्छे'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३० मा दसजना कथाकारहरूको सहयोगी उपन्यास 'आकास विभाजित छ ।'

२०३२ मा भाउपन्थीको 'आदि पुरुष' ।

आयतनमा उपन्यासहरू असमान छन्—स्वयं उपन्यास आरोपित जीवनका तहहरू अथवा जीवनमा उद्भासित समाजका रूपहरू अथवा समाजमा देखिएका व्यक्तिका आत्मबोधहरू, मन:स्थितिहरू । शीर्षकहरू उपन्यासका भाव-समग्रतालाइ इङ्गित गर्ने प्रतीककेन्द्री छन् । यिनीहरूमध्ये कुनै त यस अघि पुस्तकाकार प्रकाशित उपन्यासभन्दा भिन्दै र अनुपलब्ध जस्तै छ । यस अर्थमा प्रयोगहरू केही सृजनात्मक मोडतिर लाग्ने क्रममा नयाँ दिशाको खोज हुनसक्छ। विशेष गरी 'अन्त्यपछि' र 'आकास विभाजित छ' मा यो दृष्टिगत हुन्छ ।

उपन्यास आफैं धन्य हुने प्राप्तिको रूपमा प्रयोग–प्रयासहरूले विशिष्टता दर्शाउँदैनन् । प्रमुखता त मनुष्यको निर्धोपना, निरर्थकता र असहाय स्थिति अंकन गर्ने दृष्टि हो । दृष्टिगत सापेक्षता राख्न नसक्नेका लागि पनि उपन्यास, उपन्यास नै हो, असहमतिभित्रै सामान्यतया प्रवाहित भइराख्न कुनै पनि विशिष्ट विचार अवरोध ठहरिन्न । दृष्टान्तत: 'बैंसको मान्छे' नै भनूँ । एक परिप्रेक्ष्यमा 'अन्त्यपछि'-को औपन्यासिकता सहज स्वीकार्य नलाग्न सक्छ ।

'अन्त्यपछि'[१] उपन्यास संवेदनाजन्य अनुभूतिको बिम्बीकरण हो । प्रहारित र विखण्डित व्यक्तिको निजस्वहरूले सिङ्गै मनुष्यलाइ अर्थ्याउँछ र अलग–अलग चित्र–खण्डमा विभाजित सम्पूर्ण निरर्थकताको अवबोध कुनै बिम्ब धारण गरेर मृत्युपरान्तको स्थितिसित तादात्म्य जोड्छ । अन्त्यले इङ्गित गर्ने मृत्यु र अन्त्यपछिको गतिशून्यता वा मूल्यहीनता समानार्थी जीवनकै संज्ञाका निष्कर्षित नाम हुन् यसको प्रतिबोध नै त उपन्यास रचनाको हेतु हो ।

यसर्थ 'अन्त्यपछि' कथा होइन ।
'अन्त्यपछि' घटना होइन ।
'अन्त्यपछि' चरित्र होइन ।

जो कथानकभित्रको जीवन जस्तै वृत्तान्त हुन्छ अथवा घटनीय दृश्यको सामाजिक यथार्थ जस्तै वस्तुगत अथवा व्यक्ति विशेषको चारित्रिक अध्ययन जस्ता विश्लेषणात्मक । यो त समग्रमा एउटा अनुभूति हो, एक प्रक्षेप, एक अव-

---

१. रूप-रेखा—पूर्णाङ्क ७२ । २०२४ वैशाख । वर्ष ७, अङ्क १२ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोध । प्रचलित जीवनलाइ सकार्न नसके पनि बाँच्नुपर्ने विवशतालाइ निरर्थकताको संज्ञा दिएर आदिम स्थिति सम्झाउने बिम्ब आयोजन उपन्यासको प्रस्तुति हो यसलाइ म क्षेपक भन्छु । जीवनको बाह्य वा आन्तरिक यथार्थकै चित्रण नभएर त्यसको केन्द्रीभूत परिप्रेक्ष्यमा संरचित संसार जहाँ हामी वा वर्तमान मनुष्य बिम्बित छ—क्षेपक कथा हो । आफैं निर्वासित भएर सार्थकता खोज्ने उद्देश्यले निरर्थक प्रयत्नमा लागेका पात्रहरूले सिसिफसको कथा सम्झाउँछ ।

'अन्त्यपछि'-को लावारिस जीवन–भोगाइको एक प्रक्रिया हो, स्वीकार्य त छैन तैपनि बाँच्न चाहन्छ । बाँच्नका निमित्त निरर्थक प्रयत्न जीवनको निस्सारता हो । उपन्यासका मानवीय समस्या र अस्तित्व सम्बन्धी प्रश्न नै निरर्थकताको अनुभूति चर्काउने कारण भइदिएको छ । असको अस्तित्वछैन, 'जहाँ हामी निरर्थक मात्र थियौं' भन्छन्, उसको संसार कहाँ हुन्छ ? त्यसैले भनिएको छ—'हाम्रो कुनै संसार थिएन । संसार हामीलाइ विदा दिएर उहिल्यै पन्छिसकेको थियो । हत्यारा भएर भागेको थियो ।' यो भावबोधलाइ प्रतिबिम्बित गर्ने कल्पित लोक, जो यथार्थ नै होइन तर यथार्थबाट शासित, प्रहारित र पराजित हुनाले अयथार्थ पनि ठहरिन्न, तिनै अन्तरसापेक्ष भावको प्रतिक्षेपमा उपन्यासको सृजना छ । अभिव्यक्तिका निमित्त प्रतीकहरू सहायक भए । विचारले जुन परिवेश पाएको छ त्यसले सर्वत्र भावात्मक बिम्ब दिन्छ र विभिन्न प्रतीक–योजनाभित्र आकृति ग्रहण गर्ने यथार्थको अमूर्त आभास हामीमा अंकित हुन्छ ।

सहर, यात्रा, कुकुर, ढोका, हिउँ, आक्रमण, युद्ध, मृत्यु इत्यादि सब प्रतीकार्थी भएर यथार्थ कोरल्छन् । र सहरको यान्त्रिकता र व्यक्तिको अवमूल्यनबाट निर्वासित मन हुनुभित्र थुनिएको र अन्धकारलाइ बिम्बित गर्छ ।

स्थिति कुनै भयानकतामा परिणत हुन्छ, मानस जटिल संत्रासले आतङ्कित । अमूर्त भय मडारिएर हम्मेसी अघिपछि लागिरहन्छ ।

'आफ्नो कङ्कालभित्र एउटा डर थियो—कुनै नाम नभएको ।'

'तिनीहरू अदृश्य थिएनन् । तर चिनिदैन थिए ।'

'ढोका खुल्ने प्रतीक्षा गरिरह्यौं । तर यो खुल्यो पनि त हामीलाइ वन्दी वनाउन ।'

यथार्थ यहाँ अमूर्त छ यसको विश्लेषणमा जुन प्रतीक तथा संकेतहरू उपयोग भएका छन् तिनले अभिव्यक्तिलाइ प्रचलित औपन्यासिक धाराभन्दा बेग्लै स्वरूप प्रदान गरेका छन् ।

अनि एउटा 'हरर' छाइरहेको मानसिकताले उपन्यास व्याप्त छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'के कुनै अपराध तिमीमाथि थियो ?—सायद मैले तिनीहरूको कुकुर मारिदिएको थिएँ ।"

एउटा बिडम्बना ।

'हामीलाइ हराएर बाँच्न दिइन्थ्यो... ...।'

अथवा

'त्यसले हाम्रो खुट्टा फुकालेर हामीलाइ दगुरादगुर गर्न सिकाएको र विवश गरेको थियो ।'

अस्तित्वमाथि आस्वादित बादल, र यातना ।

हुनुको अधिकार महत्वहीन प्रतीत हुनु र आफँमा अर्थहीन लाग्ने निर्वासनभित्र यसको मृत्युबोध संचित छ । मृत्युबोधले जीवनलाइ निसंगता दिएजस्तो मानवीय उपलब्धि (सहरी सभ्यता)-लाइ नमानेर जन्मेको शून्यबोधले दिशाहीनता । जम्माजम्मीमा जस्तो निरर्थकता–शापित विचलन अथवा प्रतिक्रियारहित आत्मबोध अथवा शंकाकुलता मौलाउँछ—केही यस्तै मानसाकृतिको रचना छ उपन्यासका निरर्थकता अर्थहीन हैन अर्थहीन त जीवन हो। यस कारण अर्थपूर्ण निरर्थकताका बिडम्बनाहरू, यातनाहरू, जो हुनु भित्रको अन्त्य हो तर अन्त्यपछिको आदिक अनुभूतिमा प्रखर छ—मानव सभ्यतामाथि एक व्यंग्य भन्नुपर्छ ।

समग्रमा निरर्थकता भोगेर निर्वासित हुनुपर्ने मनुष्यको अन्त्य र उसको आस्तित्विक निर्मूल्यतामा लाग्ने मृत्युबोधको पारिवेशिक विम्ब–आयोजनमा यो उपन्यास छ । उपन्यासको तारतम्य होइन, सम्वेदनाले; घटना हैन प्रतीकात्मकताले; कथा हैन कथ्य वस्तुको विम्बाघातले र जीवनको पूर्ण चित्र होइन, निरर्थकताभित्रको अनुभूतिको अवबोधले स्पर्श गर्ने यसको मौन अभिव्यक्ति यसको विधान हो । प्रयोग सर्वाधिक बौद्धिक प्रतीकात्मक भएर अऔपन्यासिक हुने बिम्ब–आयोजनमा अर्को क्षितिज खोज्ने प्रयास संलग्न छ ।

वैंसको मान्छे[१] ले अर्के धुरी खडा गर्छ । पारिजात यहाँ उग्रतर देखापर्छिन् । उनको उग्रताको अर्थ नभएको होइन । संसारमा अन्यायको विरुद्ध पाइने वैचारिक र बौद्धिक क्रान्ति यहाँ निरपेक्षित छैन । यस्तै बौद्धिक प्रतिफलन 'वैंसको मान्छे'-मा पनि छ । तटस्थतालाइ सायद अब पलायन ठान्छिन्, सम्झौतालाइ अवसरवादीहरूको नीति । 'वैंसको मान्छे'-ले ती आफ्ना पूर्वाधार त्यागेर जाइलाग्ने संलग्नता रोज्छ । यसरी पारिजातको प्रगतिले क्रमिकता जनाउँछ ।

---

१. रूप-रेखा—पूर्णाङ्क १३८ । २०२९ कार्तिक ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'वँस ' लेखकको अन्य उपन्यासको तुलनामा धेरै सामाजिक र दैनन्दिनको समस्यासित धेरै सम्बद्ध छ। उपन्यासबारे अन्यत्र चर्चा भइसकेको छ। संक्षेपमा उनी यसमा वस्तुता ग्रहण गरी प्रतिशोध स्वीकार्छिन् र विद्रोहको भाखा बोल्छिन्। यसलाइ प्रकाशनमा ल्याएर 'वँसको मान्छे'-ले भन्दा कम वँसको काम रूप-रेखाले गरेको लागेन। यसको अस्वाभाविकता वा परिवेश-विहीनता वा निरुद्देश्यता वा निस्प्रयोजन–निस्क्रियता अथवा चारित्रिक निर्माण-को अभाव वा वृहत्तर उद्देश्य परिपूर्ति गर्ने जस्तो कुनै सामाजिक कार्यमा संलग्न नरहनु इत्यादिको सन्दर्भमा 'वँस'-को विद्रोह र अनि आक्रमण, जो अन्याय, शोषण, अत्याचारको प्रतिशोधमा अवलम्बित छ लेखकको एउटा आक्रश, एउटा असतुष्टी, एउटा विरोधको अभिव्यक्तिभन्दा बढी अर्थपूर्ण लागेन।

दस जना कथा-लेखकहरूको संयुक्त प्रयास 'आकास विभाजित छ'[५] नेपालीमा पहिलो प्रयोग हो। यस किसिमको प्रयास स्वागतयोग्य नै हुन्छ। साहित्यमा पनि सहयोगी कार्यक्रम चल्न सक्छ भन्ने दृष्टान्त यसले उपस्थित गर्छ। यस्ता सामूहिक आयोजनामा वैचारिक भिन्नता हुँदाहुँदै पनि परस्परमा बौद्धिक र साँस्कृतिक सहकारिताको वातावरण सृजना गर्न सघाउ पुऱ्याउँछ। रूप- रेखाले प्रदान गरेको यो मञ्चको उपयोग पछि भएको पाइँदैन।

साहित्यमा सहकारिता वा सहयोगी प्रयासको कार्यारम्भ केहीलाइ अपवाद मानेमा समवयस्क युवा-लेखनबाट भयो र यी सबै नै कथाकार हुन्। उपन्यासकारको रूपमा प्रसिद्धि पाइसकेका लेखक थोरै नै छन्। र समकालीन पिंढीका पत्यारिला कथाकारमध्येका नै धेरै हुनाले प्रयोगप्रति आशा-वान् हुन सकिन्छ।

किनभने यो दस सहयोगी लेखकहरूको संयुक्त आयोजना हो। त्यसैले भाषा, शैली, प्रस्तुतीकरण र विषय विस्तारमा केही स्वाभाविक भिन्नता, मोड वा विविधिकरणका रेखांकनको अनुमान गर्नु अस्वाभाविक छैन। दृष्टिकोणकै कुरा न हो—यस्ता संयुक्त प्रयासहरू निर्धारित कथाकारमा विकसित नभई प्रयोग हुँदै जाने असंयोजित कथा क्रममा उपन्यासको रचना हुने हुँदा भिन्नता संभाव्य हुन्छ। तर यो छैन। लाग्छ प्रत्येक प्रयोगकर्ताहरू निजी आग्रह वा दृष्टिकोण वा विशिष्टतामा भन्दा प्रस्तुत आयोजनाको लगभग निकटस्थ रही

[५] रूप–रेखा—२०३० पूर्णाङ्क १४८ र १५०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसलाइ विस्तार दिदै जाने समानान्तर बाटोमा अग्रसर भइरहे। सायद यसले हो कि संयुक्त आयोजनामा पनि उपन्यासको कथावस्तु असंगठित रहेन अथवा टड्कारै लाग्ने फेरो देखिएन। मानूँ एउटै उपन्यासकारको कल्पना हो। उपन्यासको निमित्त यो सुसंगठितता दोष होइन। तर प्रयोग गर्नेहरूको नायिकाप्रति जुन संस्कार छ अथवा जस्तो हेराइ छ, लाग्छ टाइप हो। के अरू दृष्टि-सृष्टि दिन सकिन्नथ्यो?—अरू मोड अथवा अरू दिशा अथवा अरू अरू चयन जसबाट नारी सम्बन्धी परम्परागत कथा-यातनाको दयनीय धार अर्कै दिशा लाग्न संभव हुन्थ्यो ?

पहिलो परिच्छेदले सबै कुराको सूत्रपात गरिसक्छ—दुर्गाको गरीबी, लालेको बलात्कार र त्यसप्रति घृणा, साथ आउने प्रेमीले धोका दिई भागेको, बाहिर कसैको आगमनको संकेत। दोस्रोले त्यसको पुष्टि गर्दा लम्ब्याउँछ। तेस्रोले पूर्व घटनाको बेली विस्तार लाउँछ। चौथोले पूर्व संकेतको अनुसार गर्दै काठमाडौं घुमाउँछ। तर यसले सहरी नयाँ वातावरण दिन्छ, जसलाइ पाँचौं परिच्छेदले पूर्णतया अभिव्यक्ति दिएको छ। टुरिस्ट तथा हिप्पी, पार्क रेष्टुराँ तथा म्याचबक्स जस्ता लजहरूको माध्यमबाट युरोपेली सभ्यता अथवा जिन्दगीका विकृतिस्वरूप देखा परेका हिप्पीहरूको स्वच्छन्द आचरण र यौनाचार र यसको प्रभावले कति नेपाली महिला तथा पुरुषहरू हेलेन र विलियम कार्कीको विकृति धारण गरेर नारीत्व अपहरण गर्न रोजीको सृष्टिमा संलग्न रहे। यहाँ दुर्गा निमित्त मात्र छे। छैटौंले लज तथा नाइट क्लबको दुषित वातावरणबाट दुर्गालाइ भगाएर मुक्तिको ढोकामा उभ्याउँछ। सातौंले त्यसलाइ स्थिरता प्रदान गर्छ। र दृश्य-परिवर्तनको सूचना दिन्छ। आठौं परिच्छेद चौथो र पाँचौं परिच्छेदको पुनरावृत्ति। नवौंमा दुर्गालाइ प्रतिकारी बनाइन्छ। गमबहादुर जो साधारण कर्मचारीको रूपमा माथि चिनाइएको थियो, तर दुर्गालाइ कलकत्तामा लगेर मुसलमानको हात बेच्न लैजानेबारे कुनै संकेत थिएन र जो घरबाट भाग्दा साथै आउने दुर्गाको प्रेमी थियो (छैटौं परिच्छेद)—एक अप्रासंगिक र असामञ्जस्यपूर्ण परिच्छेद लाग्छ। दसौं परिच्छेद उपन्यासको अन्तिम र चरमोत्कर्ष हो। सौम्य, सन्तुलित, मनोविश्लेषणात्मक हुनुको साथै समादर प्रदान गर्न जीवनको नयाँ मोडमा विसर्जित।

उपन्यास जसरी र जुन आधारमा विकसित छ, यो उल्लेखनीय छैन। कथ्य पुरातन हो, नेपाली कथा-साहित्यमा सुरुदेखि वर्णित र घटित। 'मन',

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'शान्ति'-को स्मरण गराउँछ । सहरको क्लब, लज वा होटेलहरूको युरोपेली सभ्यता वा हिप्पी स्वच्छन्दता यसको आधुनिक परिवेश मात्र हो । यो बाहेक धेरै सहयोगी लेखकहरूको प्रवृत्ति आफ्नै अरू रचनाको तुलनामा प्रतिकूल लाग्छ । उनीहरूको युवा-लेखन-प्रवृत्ति यो थिएन । ध्रुवचन्द्र, ध्रुव सापकोटा, शैलेन्द्र तथा दौलतविक्रमका परवर्ती कथाकार यसमा प्राय: निजत्वरहित र अनुसरणकर्ता भइदिएका छन् । उनीहरूको स्वत्व यहाँ प्रतिष्ठित हुन सकेन । पुष्कर र प्रेमाले भने आफुलाइ कुनै सीमासम्म सुरक्षित राख्न सकेको प्रतीत हुन्छ ।

संक्षेपमा, उपन्यास यसका लेखक अनुसारको भएन । यसो हुनुमा उनीहरूको बाध्यता थियो । कथाले डोर्‍याए जस्तो लेखकलाइ डोरिनुपर्‍यो, लेखकले चाहे जस्तो कथाको सृष्टि र विस्तार भएको लाग्दैन । कथाले रच्न खोजेको जीवन वा संसारलाइ अर्को दिशा दिनु निश्चय नै कठिन छ । सहयोगी लेखकहरू पूर्वाधारलाइ बदलेर आफ्नो अनुकूल रङ्ग दिने चेष्टामा भन्दा यसको संकेत अनुसारको लीकमा हिंडेर त्यसमै प्रतिवद्ध भइरहे । परिणामत: कथा सूत्रभित्रै पनि हराएकको एकाइमा हुन सक्ने विशिष्टताको रचना भएन । के सामुहिक प्रयासमा व्यक्ति लेखकहरू आफ्नो विशिष्टता सहित व्यक्तिन सक्तैनन् र ? वास्तवमा यस कुराको ख्याल नरहेकोले धेरैले आफुलाइ अरूमा हराएको हुन सक्छ । त्यसैले यो एक प्रयास हो, एक प्रयोग हो—प्राप्ति नै होइन ।

भाउपन्थीको लघु उपन्यास 'आदि पुरुष'※ प्रचलित जीवन-चर्चाको विकार निकृष्टताको अभिव्यञ्जना हो । उपन्यासमा प्रस्तुत पात्रहरू सबै सदोष चित्रित छन् । अथवा यसो भनुँ चारित्रिक वा नैतिक मूल्य जो आज मान्दछन् तिनीहरू छैनन्, जसलाइ सकार्न सकेका छैनौं तिनीहरू वर्णित छन् । अथवा यसो पनि भन्न सकिन्छ, उपन्यासमा चित्रित चरित्रहरू व्यक्तिको आफ्नै होइनन् जसलाइ यसका पात्रहरुले दर्शाउँछन् स्वयं समाजका हुन् जहाँ यी चरित्रहरू जन्मने गर्छन् । वर्तमानको यस विघटनलाइ उपन्यासका पात्रहरूको निकृष्टता र विकृतिहरूले व्यक्त गरिरहेको उपन्यासकारको कथन रहेकोले यसमा प्रत्येक पात्र वा चरित्र निकृष्ट छ । हामी र हामी जस्तै सामूहिकतालाइ प्रतिबिम्बित गर्न समाजका अनेक तह, अनेक वर्ग, अनेक पेशाका पात्र सृजना

※ रूप–रेखा २०३२ । पूर्णाङ्क १७९ । वर्ष १६ अंक ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएका हुन् र कोही पनि चरित्रवान नभई तिनीहरूलाइ जुन किसिमको अनै-तिकता बेहोर्न लगाइएको छ यसको उद्घाटनद्वारा समाज कति विघटित र इम्मोरल हुँदैछ--यो वीभत्सताको यथार्थ प्रस्तुत उपन्यासको कथ्य हो ।

नायक सञ्जय, जो स्वयं वर्णशंकर छ, उसको पेशा हो ब्ल्याकमा सिनेमाको टिकट बेच्ने । संजयकी आमा गुरुङ र नेवारको मिस्कट र आफु पनि कतिसंग बिग्रिसकेकी महिला । बाबु विद्याचरण शुक्ल जेठी स्वास्नी मधेसमा हुँदा हुँदै काठमाडौंमा संजय की आमासंग बिहे गर्ने पनि पसले । पञ्चरत्न–व्यापारी । तरुनी फकाउन सिपालु । पञ्चरत्नकी स्वास्नी नाठो खेलाउने र खोजरत्न त्यस्तै-बाट जन्मेको एक मात्र छोरा । अनन्तराम मामा सन्की । भाउजू वेस्या--संजय महेश, जनार्दन, गोकर्ण सबैको यौनतुष्टिको भाँडो । तारा भाउजूको ठाउँ ग्रहण गर्ने नयाँ माल । सरस्वती--बहिनी शिलाको साथी सम्पन्न परिवार तर यौनाचारी र स्वयं संजयको भोग्या । उसकी आमालाइ पनि मर्सिडिज बेञ्जकार लिन आउने गर्छ ।

उपर्युक्त उद्देश्यको परिपूर्ति उपन्यासले नगरेको छैन । तर समाज यही र यति नै होइन भन्ने कुरा पनि त्यत्ति नै सत्य हो । विकार र निकृष्टता-लाइ दैनिक जीवनमा अंगीकार गरेर जस्तो जिन्दगी जिइरहेको मानिसहरू चित्रित छन् यसले अवश्य पनि सामाजिक अधोपतनलाइ औंल्याउँछ । तर यो सत्यलाइ सार्वजनीन मानेर हैन विकासको प्रक्रियासाथै चारित्रिक विघटन पनि कम छैन भन्ने विरोधाभासको यथार्थ यहाँ प्रस्तुत भएको लाग्छ ।

'अन्त्यपछि' जस्तो अउपन्यास र 'आकास विभाजित छ' जस्तो सहयोगी प्रयास नेपालीमा नूतन प्रयोग हो--यस प्रकारको दृष्टि र सृष्टिद्वारा साहित्यको भावी विकासमा योगदान हुने कार्यक्रम ठानेर 'रूप-रेखा'-को प्रोत्साहनको सराहना गर्छु ।

O

ताहाचल, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ को सरकार

नेपाल परिवार नियोजन तथा मातृ-शिशु कल्याण योजना एक झलक

जनसंख्या स्थिति: विश्वको बढ्दो जनसंख्याको समस्यामा नेपाल पनि सहभागी र चिन्तित छ। नेपालको जनसंख्या क्रमिक रूपले बढ्दै गएको छ भन्ने कुरा वि. सं. १९५८ मा जनसंख्या ५६ लाख मात्र थियो भने वि. सं. २०२८ मा लिइएको जनगणनामा यो संख्या बढेर १ करोड १५ लाख ५५ हजार ९८३ पुगेको देखियो। हालको अनुमानित जन्मदर ४४. ७ प्रति हजार र मृत्युदर १९. ५ प्रति हजारले गर्दा वर्तमान जनसंख्या वृद्धि दर २. ५२ प्रतिशत जनसंख्या वृद्धिदरले नेपालको जनसंख्या आगामी २८ वर्षभित्रमै दोब्बर हुने कुरा स्पष्ट छ। देशमा भइरहेको आधुनिकीकरणले गर्दा मृत्युदर घट्दै छ। तर जन्मदर घटाउन जनधारणामा नै परिवर्तन आई सानो परिवारतर्फ उत्प्रेरित भई सबै दम्पतिले स्थायी या अस्थायी साधन अपनाउनु आवश्यक छ। जनसंख्याको बढ्दो वर्तमान गतिलाइ रोक्न सरकारी स्तरबाट संचालित प्रयासहरू मात्र पर्याप्त छैन यसका लागि गैर सरकारी निकायहरू, समाजका अगुवाहरू र संस्थागत प्रयासहरूको सक्रिय समन्वयात्मक सहयोग र सहभागिताको जरूरी छ।

परिवार नियोजन कार्यक्रम:—राष्ट्रिय स्तरमा नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको स्थापना २०२५ सालमा भएको हो। यस योजनाको मुख्य उद्देश्य जन्मदरमा कटौती गरी राष्ट्रको जीवनस्तर वृद्धि गर्न मद्दत गर्नुका साथै शिशु मृत्युदरलाई घटाई सुरक्षाको भावना पैदा गर्नु हो। उपर्युक्त उद्देश्यको प्राप्तिका लागि परिवार नियोजनको शिक्षा, प्रचार र सेवा प्रदान गर्ने केन्द्रहरूको स्थापना भएका छन्।

नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाबाट प्रमुख रूपले निम्न कार्यहरू संचालन भएका छन्।

१. *राष्ट्रिय प्रजनन सर्वेक्षण:*—लण्डन स्थित इन्टरनेसनल स्टाटिस्टिकल इन्सटिच्युट विश्व प्रजनन् सर्वेक्षण सघको संयुक्त प्रयासमा गत वर्ष योजनाले अधिराज्यका ३३ जिल्लाहरूमा प्रजनन् सर्वेक्षणको राष्ट्रिय सर्वेक्षण गरेको थियो र त्यसैको प्राप्त तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम तर्जुमा गरिनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. योजनाले गरेको अर्को सर्वेक्षण ज्ञान, प्रवृत्ति र व्यवहार बारेको सर्वेक्षण पनि महत्वपूर्ण छ ।

३. योजनाका विभिन्न क्लिनिकहरूद्वारा प्रदान गरिने सेवाका अतिरिक्त स्थापना भएको २९५ पंचायत आधारित क्लिनिकहरूले साविकका क्लिनिकहरूदेखि टाढाका गाउँहरूमा समेत स्थानीय स्वास्थ्य सहायकवाट योजनाको लक्षित सेवा पुऱ्याउने गरेका छन् ।

४. योजनाले जिल्ला स्तरीय कार्यालयहरूद्वारा भ्याक्सेटोमी क्याम्प-हरूको आयोजना सुगम र दुर्गम दुवै क्षेत्रहरूमा व्यापक रूपले गर्ने गरेको छ र केन्द्रीय स्तरवाट महिलाहरूका लागि ल्यापरोस्कोपी वन्ध्याकरण क्याम्पको घुम्ती टोली पठाई अधिराज्यको विभिन्न ठाउँहरूमा क्याम्पद्वारा सेवा पुऱ्याउने गरेको छ ।

५. परिवार नियोजन सम्वन्धी प्रचार प्रसार सेवा व्यापक रूपले पुऱ्याउन रेडियो कार्यक्रम, फिल्म निर्माण र प्रदर्शन, मुद्रित सामग्रीहरू पत्रिका, क्यालेण्डर, पोष्टर र पुस्तिकाहरूको वितरण गर्ने गरेको छ ।

६. जिल्लाहरूमा परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रमलाई बढी जनमुखी र व्यावहारिक बनाउने उद्देश्यले जिल्ला पंचायत सभापतिको अध्यक्षतामा एक जिल्ला स्तरीय समन्वय समितिको गठन प्रारम्भ गरिएको छ ।

७. अधिराज्यभरको उपभोक्ता वजारमा सरल मोलमा परिवार नियोजनको साधन सुलभ गराउने उद्देश्यले यस योजनाले परिवार नियोजनको साधनको सामाजिक व्यापारको एक विशेष कार्यक्रम तर्जुमा गरी साधनको व्यापारीकरण गर्न लागेको छ ।

८. आवश्यकभन्दा बढी सन्तान पुगिसकेका दम्पतिहरूलाई पुरुष अथवा महिलाले वन्ध्याकरण अपनाउन लगाएमा यसको जनसंख्या नियन्त्रणको लागि ठोस असर पर्ने नीति योजनाको छ र त्यस अनुसार जिल्ला कार्यालयका लक्ष्यहरू निर्धारण गर्न योजनाले आफ्नो मातहतका कार्यालयहरूलाइ निर्देशन दिएको छ ।

९ जनसंख्याको नियन्त्रणका लागि सरकारी स्तरमा विभिन्न मन्त्रालयका सचिवहरूको प्रतिनिधित्वमा राष्ट्रिय योजना आयोगका सदस्यको अध्यक्षतामा जनसंख्या नीति समन्वय समितिको गठन भई यसले आयोजना

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको उच्च स्तरीय गोष्ठी र नेपालमा जनसंख्याको स्पष्ट नीति निर्धारणका प्रस्तावित गोष्ठीहरू अधिराज्यका विभिन्न ठाउँहरूमा संचालित भएबाट महत्व-पूर्ण निष्कर्षहरू प्राप्त हुन आएका छन् ।

१०. योजना र नेपाल परिवार नियोजन संघको उद्देश्य एउटै रहेकोले यस अनुरूप कार्यमा सुगमता र सहयोगात्मक कार्य विस्तारको लागि दुवैको बिचमा एक समन्वय समिति संचालित छ ।

११. संयुक्त राज्य अमेरिका सहायता नियोगको सहायताबाट प्राप्त परिवार नियोजनका साधनहरू केन्द्रीय कार्यालयबाट क्षेत्रीय कार्यालयहरूमा पठाइन्छ र जिल्ला कार्यालयले आफ्नो क्षेत्रीय कार्यालयबाट माग गरी आफ्नो क्लिनिकहरूको माध्यमद्वारा गाउँका दम्पतिहरूकहाँ पुऱ्याउने गर्छन् ।

१२. योजनाका कर्मचारीहरूमा दक्ष शीपको विकास गरी कार्य क्षमतामा वृद्धि ल्याउन तीन विकास क्षेत्रमा तालीम केन्द्रहरू खडा गरिएका छन् र घुम्ती तालीम टोलीद्वारा पनि तालीम दिई जन शक्तिको विकास गरिने गरिएको छ । आ. व. ०३४।३५ मा अधिकृतदेखि स्वास्थ्य कार्यकर्ता तहसम्मका कर्मचारीको ठुलो संख्यालाइ सम्बन्धित क्षेत्रमा तालीम स्वदेशमा दिइने निश्चित लक्ष्य रहेको छ ।

वार्षिक लक्ष्य:—आ. व. ०३४।३५ भित्र १,४०,००० दम्पतिलाइ परिवार नियोजन सेवा पुऱ्याइने छ र यिनमा २२,००० लाइ वन्ध्याकरण सेवा दिइने छ । यस अवधिमा २०,००० आमाहरूलाइ पूर्व प्रसूति सेवा र उत्तर प्रसूति सेवा पुऱ्याउने लक्ष्य रहेको छ । शिशु कल्याणतर्फ १,००,००० शिशुहरूलाइ स्वास्थ्य सेवा पुऱ्याइने छ एवं १,००,००० पटक डी. पि. टी. दिइने लक्ष्य राखिएको छ ।

हालसम्मको उपलब्धि:–परिवार नियोजनतर्फ योजनाले ६,४०,३९१ व्यक्तिलाइ परिवार नियोजन सेवा (४९७३४ पुरुष बन्ध्याकरण र ९६१४ महिला बन्ध्याकरण गरी जम्मा ५९३४८ वन्ध्याकरण) पुऱ्याएको छ । मातृ शिशु कल्याणका क्षेत्रमा पाँच वर्षमुनिका जम्मा ६,५८,३४४ (छ लाख अन्ठाउन्न हजार तीन सय चवालीस) बच्चाहरूलाइ र १,०५,७१६ जना आमाहरूलाइ सेवा प्रदान भएको छ एवं योजनाले ५,३९,६१५ पटक रोग निरोधक सुइहरूको सेवा पुऱ्याएको छ । यसमा ने० प० नि० संघबाट उपलब्ध सेवा पनि समावेश छ ।

परिवार नियोजनका लागि क्लिनिक, पञ्चायतमा आधारित क्लिनिक, मोबाइल क्लिनिक र मोबाइल क्याम्प मार्फत दम्पतिहरूलाइ आवश्यक सहयोग पुऱ्याइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवार नियोजन अधिकृतहरूको काम:-जिल्ला स्तरीय प्राविधिक र प्रशासकीय कार्य सञ्चालन, क्लिनिकहरूको निरीक्षण, क्याम्पहरूको आयोजना र जनसम्पर्क स्थापना गर्नु परिवार नियोजन अधिकृतको मुख्य काम कर्तव्य रहेको छ।

योजनाका विभिन्न कार्यालय तथा केन्द्रहरू:–विभिन्न महाशाखाहरू सेवा, सूचना शिक्षा तथा संचार, तालिम, सर्जिकल, प्रशासन र अनुसन्धान तथा मूल्याङ्कन केन्द्रीय कार्यालयमा छन्। र केन्द्रीय कार्यालय काठमाडौंमा रहेको छ। हेल्थ पोष्ट आधारित केन्द्रहरू जम्मा २६५ छन्। पञ्चायत आधारित केन्द्र २९५ र हेल्थ पोस्ट आधारित केन्द्र २६५ भएकोमा एकीकृत स्वास्थ्य सेवा लागू भएको ठाउँमा केन्द्रहरूको संख्या घट्दै गएको छ। क्षेत्रीय कार्यालय—काठमाडौं, पोखरा, नेपालगंज र धरानमा छ। क्षेत्रीय तालिम केन्द्रहरू—पथलैया, धरान र सुर्खेतमा छ।

हालसम्म खोलिएका जिल्ला कार्यालय तथा केन्द्रहरू:-जिल्ला कार्यालयहरू जम्मा ४०, प० नि० तथा मा० शि० क० केन्द्रहरू २६५, पञ्चायत आधारित केन्द्रहरू २९५, योजनाले सेवा पुऱ्याएको जम्मा जिल्लाहरू ६२, यी जिल्लाको जम्मा जनसंख्या १००,६०,००० (७७ प्रतिशत), परिवार नियोजन संघ र ने० प० नि० तथा मा० शि० क० योजनाको संयुक्तबाट चलेको जम्मा क्लिनिक १०।

परिवार नियोजन कार्यमा एउटा सरकारी र अर्को गैर सरकारी अन्य दुई सस्थाहरू पनि सक्रिय रूपले संलग्न छन्। स्वास्थ्य सेवा विभाग एकीकृत स्वास्थ्य शाखाबाट अन्य स्वास्थ्य सेवाको साथमार्थ अधिराज्यको १३ जिल्लाहरूमा परिवार नियोजन तथा मातृ शिशु कल्याण सेवा उपलब्ध गराइएको छ।

गैर सरकारी क्षेत्रमा नेपाल परिवार नियोजन संघको देन उल्लेखनीय छ। परिवार नियोजनको प्रचार प्रसार र अधिराज्यका चार जिल्लाहरूमा (काठमाडौं, ललितपुर, काभ्रे र जनकपुर) संघले परिवार नियोजनको सेवा उपलब्ध गराएको छ। यसका अतिरिक्त संघले बारम्बार घुम्ती टोलीको आयोजना पनि गर्छ। काठमाडौं स्थित परिवार कल्याण केन्द्र विशेष उल्लेखनीय छ।

वि.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृषि विकास बैंक

[परिचय

देशको कृषि व्यवसाय राष्ट्रिय अर्थतन्त्रको मुख्य अंग भएको र बहुसंख्यक जनताको जीवन स्तर उठाउने कुरा कृषि विकासमा नै आधारित हुँदा कृषिको विकासको लागि योजनामा निर्धारण गरिएका लक्ष्यहरु हासिल गर्ने सम्बन्धमा सघाउ पुऱ्याउन कृषि ऋणको ठूलो स्थान भएकोले देशका अधिकतम कृषकहरूलाइ उनीहरूको खेती विकासको निमित्त आवश्यक पर्ने साधनहरू खरीद गर्न चाहिने पूँजी सुलभ तरिकाबाट उपलब्ध गराउन यस बैंकको प्रमुख उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०३४।३५ को कार्यक्रम

चालु आर्थिक वर्ष २०३४।३५ मा निम्न अनुसार ऋण लगानी कार्यक्रम संचालन गरिनेछ ।

(१) खाद्यान्न तथा नगद बाली उत्पादन

तराईको जिल्लाहरू तथा पहाडी उच्च पहाडी क्षेत्रमा पर्ने उपत्यका, टार र नदी किनारामा खाद्यान्न बालीको सभाव्यता भएकोले यस्ता क्षत्रमा खाद्यान्न बाली विकासको निमित्त उत्पादन ऋण प्रदान गरिनेछ । यसको अतिरिक्त संभाव्य क्षेत्रहरूमा पाटा, उखु, सुर्ति, अदुवा, अलैंची, आलु जस्ता नगदे बालीको विकासको निमित्त विशेष प्राथमिकता दिई ऋण उपलब्ध गराइनेछ । यस प्रकारका उत्पादन ऋण बैंकद्वारा संचालित सहकारी संस्था तथा ग्राम समितिको माध्यमबाट किसानहरूलाइ ग्रामीण स्तरमा नै उपलब्ध गराउनेछ । यस क्षेत्रमा रू. ९,२१,३०,०००।– लगानी गरिने कार्यक्रम छ ।

(२) कृषि औजार तथा सिंचाइ

खाद्यान्न तथा नगदे बाली विकासको निमित्त उन्नत बिउ, रासायनिक मल, तथा कीरा मार्ने औषधीको अतिरिक्त सिंचाइ समेतको व्यवस्था हुनुपर्ने भएकोले यसको निमित्त ट्युबवेल निर्माण तथा पम्पसेट खरीद गर्नको लागि ऋण प्रदान गरिने छ । यसरी सिंचाइको व्यवस्था भएपछि एकभन्दा बढी बाली लगाउने प्रथामा वृद्धि भई श्रमको बढी मात्रामा प्रयोग हुने हुनाले किसानहरूलाइ आधुनिक कृषि औजारहरू समेत रू. ५,९७,५८,०००।– को बराबर रकम ऋणको रूपमा प्रदान गरिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) *कृषि व्यवसाय*

प्रस्तुत कार्यक्रम पशु विकास विभाग र दुग्ध विकास संस्थानको कार्यक्रम संचालन भएको क्षेत्रमा र भेंडा तथा चौंरी पालनको निमित्त आवश्यक प्राविधिक सेवाको साथै चरन सुविधा समेत उपलब्ध भएका क्षेत्रमा संचालन गरिने छ। यस कार्यक्रमको लागि रू. २,९३,४२,०००।- लगानी गरिने छ।

(४) *वेचविखन तथा गोदाम सुविधा*

खाद्यान्न तथा नगदे बालीको कार्यक्रम संचालन हुने जिल्लाहरूमा कृषि सामग्रीहरू ग्रामीण स्तरमा नै समयमा उपलब्ध गराउन तथा किसानहरूको उब्जनी उचित मूल्यमा बिक्री वितरण गराउन बैंकद्वारा संचालित सहकारी संस्थाहरूलाइ एक एक वटा गोदाम घरको निर्माण गर्ने नीति अनुरूप यस आर्थिक वर्ष ५६ वटा गोदाम घरको निर्माण कार्य पूरा गरिने छ। यसको अतिरिक्त गोदाम सुविधा भएका सहकारी संस्थाहरूलाइ वेच-विखनको लागि आवश्यक चालु पूँजी समेत उपलब्ध गराइने छ । यस कार्यक्रमको लागि रू. ४,९२,३२,०००।- लगानी गरिने छ।

(५) फलफूल खेती

प्रस्तुत कार्यक्रम फलोद्यान विभागबाट प्राविधिक सेवाको साथै फल-फूलको बिरूवा उपलब्ध हुन सक्ने र यातायातको सुविधा उपलब्ध भएको क्षेत्रमा संचालन गरिनेछ। फलफूल खेतीको लागि रू ८०,४९,०००।- र चिया खेतीको लागि रू. ५३,७५,०००। छुट्टयाइएको छ ।

माथि उल्लिखित नीति र सिद्धान्तको आधारमा यस आर्थिक वर्ष २०३४।३५ मा कृषि सम्वन्धी विभिन्न कार्यको निमित्त निम्नअनुसार जम्मा रू. २४ करोड ३८ लाख र ८६ हजार लगानी गरिने छ। साथै कृषि सामग्री संस्थानलाइ ३ करोड समेत गरी जम्मा रू. २७,३८,८६,०००।- को ऋण लगानी गर्ने लक्ष्य राखेको छ।

उपर्युक्त अनुसार लगानी गरिने कूल रू. २४ करोड ३८ लाख ८६ हजार मध्ये रू. ५,८२,५९,०००।-- पूर्वाञ्चल विकास क्षेत्रमा, रू. ९,५८,२८,०००।- मध्यमाञ्चल विकास क्षेत्रमा, रू. ५,६५,४९,०००।- पश्चिमाञ्चल विकास क्षेत्रमा र ३,३२,५०,०००।- सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगतका विभिन्न जिल्लाहरूमा लगानी गरिने छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृषि विकास बैंकले यस आर्थिक वर्ष २०३४।३५ मा आफ्नो नियमित कार्यक्रमहरू जस्तै: खाद्यान्न तथा नगदेबाली उत्पादन, पशुपालन, फलफूल खेती-का साथै देहायका अतिरिक्त कार्यक्रमहरू पनि संचालन गर्ने भएको छ ।

गोबर ग्यास प्लाण्ट:—कृण्डै ९० प्रतिशत नेपाली जनताहरू कृषि-अन्य कार्यमा संलग्न छन् र धेरै जसोसंग केही वस्तु (गाई भैंसी तथा अन्य)-हरू छन् जसले वर्षमा धेरै मात्रामा गोबर उत्पादन गर्दछन् । साधारणतया कृषकहरू ६० प्रतिशत जति गोबरको गुइँठा बनाई बाल्ने काममा प्रयोग गर्दछन् र अरू मात्र मलको रूपमा प्रयोग गर्दछन् । गोबरलाइ गुइँठा बनाई बाल्ने काममा प्रयोग भएपछि मलको गुण अति नै घट्छ । गोबर मलले कृषि उत्पादन वृद्धि गर्ने कार्यमा हाम्रो बैंकले ठुलो भूमिका खेल्दै आइरहेको छ । त्यस कारण यस्तो महत्वपूर्ण गोबरलाइ गुइँठाको रूपमा बाली खेर फाल्नुको सट्टा गोबरबाटै तेजिलो ग्यास उत्पादन गर्न सकिन्छ । जुन ग्यास पकाउने कार्यमा सजिलैसंग उपयोग गर्न सक्नुको साथै गोबरमा पाइने मलको गुणमा पनि घट्दैन । हाल देशमा दाउरा गुइँठा (चिप्रा) मट्टितेल र अन्य ग्यासको बढ्दो भाउको परिप्रेक्ष्यमा यो ग्यासले कम खर्चमा निकै राम्रोसंग काम दिन्छ अर्थात् गोबर ग्यासले उक्त महंगो सामग्रीहरूको राम्रो विकल्पको रूपमा कार्य गर्दछ । यही तथ्यलाइ दृष्टिगत गरी गोबर ग्यास प्लाण्ट विकास गरी कृषकहरूलाइ ग्यास प्लाण्ट स्थापना गर्नको लागि कृषि विकास बैंकले ऋण दिने कार्यक्रम बनाएको छ । यो कार्यक्रम कृषि वर्ष अन्तरगत धनुषा, बारा, पर्सा, रूपन्देही र कपिलवस्तु जिल्ला-हरूमा परीक्षणको रूपमा लागु गरिने छ ।

साना किसान विकास कार्यक्रम:—देशमा बहु संख्यक साना किसान-हरू छन् । यस कारण उनीहरूको आय वृद्धि गर्ने उद्देश्य राखी एउटा कार्यक्रम परीक्षणको रूपमा धनुषा र नुवाकोट जिल्लाहरूमा लागु गरिएको छ । यस कार्यक्रममा गहन कृषि कार्यहरूको लागि आवश्यक पर्ने सिंचाई कृषि सामग्री र कृषिजन्य उद्योगको लागि ऋण दिने व्यवस्था गरिएको छ । यस कार्यक्रम-लाइ आवश्यक पर्ने पूँजीको केही भाग र युनाइटेड नेसन्स क्यापिटल डेभलमेण्ट फण्डबाट व्यवस्था हुनेछ । गत आ. व. भित्रमा यो कार्यक्रम १३ जिल्लामा लागु भैसकेको र यस भागमा मात्र थप ५ जिल्लामा लागु गर्ने कार्यक्रम छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रामीण बचत परिचालनः–कृषि ऋणको तीव्र गतिले बढिरहेको; मागको कारणले गर्दा बैंकको ऋण कार्यक्रमहरू पनि द्रुत गतिले विस्तार हुँदैछ। सोही अनुरूप बैंकले पनि ऋणको व्यवस्था गर्न आर्थिक स्रोतमा विविधता ल्याउन जरूरी छ। यसै तथ्यलाइ दृष्टिगत गरी बैंकले ग्रामीण बचत परिचालन कार्यक्रम समावेश गरेको छ। बैंकको नियन्त्रण र रेखदेखमा यो कार्यक्रम राम्रोसंग गर्न छानिएका सहकारी संस्था मार्फत गरिनेछन्। उक्त संस्थाहरूलाइ सो कार्यक्रम संचालन प्रभावकारी रूपले आवश्यक सुविधाहरू प्रदान गरिनेछन्। यो कार्यक्रम सुरूमा छानिएका जिल्लाहरूमा परीक्षणको रूपमा लागु गरिने छ र सो को संतोषप्रद सफलताको आधारमा अन्यत्र पनि क्रमिक रूपले लागु गर्दै लगिनेछ।

ऋण लगानीको तुलनात्मक विवरण

विगत ५ वर्षको लगानी ०२५–२६ देखि ०२९–३० सम्म	विगत ३ वर्षको लगानी ०३०–०३१ देखि ०३२–०३३ सम्म	यस वर्षको लगानी ०३३–०३४ सम्म
९,९९,९५,०००।–	३७,२४,७०,०००।–	२१,३५,३४,०००।–

कूल लगानी रू. ६८,५९,८९,०००।–

असूलीतर्फ

०२५ देखि ०२९	०२९ देखि ०३३ सम्म	यस वर्ष ०३३–०३४ सम्म
४,७९,८१,०००।–	२२,१८,१०,०००।–	१४,६५,०६,०००।–

कूल असूली रू. ४१,६२,९७,०००।–

वि.

... Sanskrit University, Balmeeki Campus, Kath...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

—अभि सुवेदी

'रूप–रेखा' र आधुनिक नेपाली कविता

खरीको बोट मैले आजै पनि देखें
टुँडिखेलकै बिचमा
एक्लै,
अलग्गै,
हाँगा-बिगा हल्लिरहेकै
खरीको बोट मैले आजै पनि देखें

[माधवलाल कर्माचार्य "प्रगतिः" पूर्णाङ्क १६]

गोली नभेट्टाएर गान्धीको छातीको
खरीको बोट नभेट्टाएर टुँडिखेलमा
काँटी नभेट्टाएर जेरूसेलमका गल्लीहरूमा
फेरि भौंतारिन्छ, आत्म हत्यामा,
यो तक्षक !

[वैरागी काइँला, "रूप–रेखा" पूर्णाङ्क ३२]

परिचय

आधुनिक नेपाली कविताको आरम्भ भएको धेरै भएको छैन। गोपालप्रसाद रिमाल र विजय मल्लका कविता आधुनिक नभए पनि शैलीको नूतन प्रयोग, विषयवस्तुको छनौटको स्वतन्त्रता, आत्म-स्वीकृति र आधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युग-चेतनाको आत्मजन्य वर्णन जस्ता स्वभावले गर्दा तिनीहरूले आधुनिक नेपाली कविताको पूर्वाधार तयार गरेका हुन् भन्न सकिन्छ । 'इन्द्रेनी'-को प्रकाशन र मोहन कोइरालाका कविता प्रकाशित हुन थालेपछि आधुनिक नेपाली कविता आरम्भ भएको मान्न सकिन्छ । 'प्रगति'-को प्रकाशनले यस क्रमलाइ धेरै प्रस्ट गरिदियो । तर 'रूप–रेखा' र यसका समसामयिक पत्रिकाहरू 'मुकुट', 'रचना', 'कविता' आदि प्रकाशित भएपछि आधुनिक कविताको स्वरूप प्रस्ट भयो । त्यसमा पनि 'रूप–रेखा'-को प्रकाशन, यसको दीर्घ जीवन र यसका सम्पादक-हरूको आधुनिक काव्यलाइ नै अघि सार्ने पूर्वाग्रहले गर्दा 'रूप-रेखा'-ले आज नाम कहलिएका आधुनिक कविहरू अरु भनौं समसामयिक कविहरूलाइ जन्म दियो भन्नुमा अत्युक्ति हुँदैन । अगाडिदेखि नै आधुनिक काव्य–रचना गर्ने मोहन कोइरालाको काव्यले समेत 'रूप-रेखा'–कालमा आएर नै आत्मविश्वास पाएको कुरा चाख लाग्दो छ । त्यसैले यस छोटो लेखमा समसामयिकी नेपाली कविताको तुलनात्मक ऐतिहासिक विकास दर्शाउनुको साथै रूप-रेखाले अघि सारेका सम-सामयिक नेपाली कविताको संक्षिप्त रूपमा समीक्षात्मक चर्चा पनि गरिएको छ।

कवितामा आधुनिकता र नेपाली कविताको ऐतिहासिक क्रम

नेपाली कविताको वा कुनै पनि भाषाका काव्यको जीवन मूलकता के हो र आधुनिक काव्य र रोमान्टिक काव्यमा के अन्तर छ भन्ने कुराको छोटो विवेचना गरेर मात्र हामी 'रूप-रेखा'-कविहरूको आधुनिकता र समसामयिकता-लाइ बुझ्न सक्छौं । "आधुनिक ...काव्यमा के खोजिएको छ र के छोडिएको छ भनेर चर्चा नगरी त्यसले अंगीकार गरेको वा छोडेको जीवन देखा पर्न सक्तैन । आधुनिक कविताले व्यक्तिपरक भावनालाइ प्रतिनिधित्व गर्दैन । तर आधुनिक कवितामा कविको व्यक्तित्व बिलोपन (एलिमट) हुन्छ भन्ने जस्ता धारणा भए तापनि आजको कविता अति स्वकीय भएको छ । मनका अनेकौं उद्गार व्यक्त गर्ने आधुनिक कविता नभए पनि त्यो कविको आफ्नै जीवनको अति स्वकीय साधना र व्यक्तित्वको उद्घाटन हो । त्यसैले आधुनिक कविताले जीवनलाइ संस्कृति र सभ्यताको स्थूल परिप्रेक्ष्यमा हेरे तापनि त्यसमा कविले आफ्नो व्यक्तित्व संरक्षण गर्नु मात्र होइन त्यसलाइ पूर्ण अभिव्यक्ति पनि दिइरहेको हुन्छ । "आफु छु" भन्ने कविले आफ्नो वकालत उसको कवितामा गरिरहेको हुन्छ ।

"आधुनिक साहित्यमा आनन्दको ह्रास भएको छ । आजको मान्छेले उच्छ्वास र रागमा आनन्द नखोजेर भौतिक सम्पन्नतामा खोज्दछ तर त्यसबाट

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊ छन् आफुले खोजेको कुरावाट टाढा भएर जान्छ। आधुनिक कवितामा जीवनको यही द्वन्दको चित्रण हुन्छ। आधुनिक कविताले मनोरञ्जन गराउँदैन। यसले जति अप्रिय, कुरूप र आजसम्म तिरस्कृत वस्तु छन् तिनलाइ दर्शाउँछ किनभने बुर्जुवा मूल्यहरूप्रति आजको कविको विरोध छ तर उसको विद्रोह एक बुर्जुवा संस्कृतिकै परिप्रेक्ष्यमा हुन्छ।"[१]

उपर्युक्त कसीमा हेर्ने हो भने आधुनिक नेपाली कविताको इतिहास छोटो छ। आधुनिक नेपाली कविताका अग्रगण्य कवि मोहन कोइरालाका २००७ साल अगाडिका कवितामा शैलीको नवीनता, उक्ति वैचित्र्य र बिम्बविधान अपरम्परागत प्रयोग भए तापनि तिनमा उनी "आफ्ना प्रथिप्रज्ञ प्रवर्तकहरूद्वारा प्रशस्त प्रभावित भएको बुझिन्छ।"[२] डा. ईश्वर बरालले कोइरालाको पहिलो प्रकाशित कविता 'देशको परिचय'-मा देवकोटाको रोमान्टिक काव्यको प्रभाव देखाएका छन्। देवकोटाको प्रभावबाट उनलाइ रिमालको प्रभाव पऱ्यो र २००७ सालपछिका कवितामा मात्र मोहन कोइराला आधुनिक कविको रूपमा देखा पर्न थाले। पाश्चात्य शिक्षा राजनैतिक परिवर्तन र बढ्दो तल्लो मध्यम वर्गीय भावुक चेतनाको विकास भएको हुनाले चिन्तनमा संकुलता आयो। लेखनाथ र समको शास्त्रीयता, देवकोटा र सिद्धिचरणको रोमान्टिकवाद, रिमाल र विजय मल्लको मानवतावादी, क्रान्तिकारी र यथार्थवादी काव्यले पनि त्यस संकुलतालाइ व्यक्त गर्न सकेन। त्यो संकुलता मोहन कोइरालाका कवितामा देखा पर्न थाल्यो। तर उनको कवितामा पनि त्यो संकुलता पूर्ण रूपमा निर्वाह हुन निकै समय लाग्यो। 'प्रगति'-ले कविता विशेषाङ्क निकालेको ताकसम्ममा फाट्ट-फुट्ट समसामयिकी धारामा नेपाली कविता लेखिन थालेका थिए। तर त्यो आधुनिक कविताको पूर्ण रूपमा विकास हुन भने 'रूप-रेखा'-कालसम्म नै लागेको कुरा 'प्रगति' कविता बिशेषाङ्क (पूर्णाङ्क १६) र 'रूप-रेखा' कविता विशेषाङ्क (पूर्णाङ्क २४, २०२० साल)-को तुलनात्मक अध्ययनबाट थाहा पाउन सकिन्छ। 'प्रगति'ले प्रतिनिधित्व गरेको काव्य परिवर्तनोन्मुख थियो। काव्य-रचनाका नयाँ मान्यताहरूको प्रतिष्ठापन र सम्मान प्राप्त रोमान्टिक काव्य सिद्धान्त अनुसार काव्य लेखनको लागि विषयवस्तुको छनोट जस्ता कुरामा परिवर्तन आइसकेको

---

१. अभि सुवेदी "आधुनिक कविता: एक जीवनमूलक दृष्टि (?)"-प्रज्ञा वर्ष ५, अंक ४ (२०३३ आश्विन) पृष्ठ ७६–७७.।

२. हेर्नोस् डा. ईश्वर बरालद्वारा सम्पादित "मोहन कोइरालाका कविता"को भूमिका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । उपर्युक्त दुई पत्रिकाका विशेषाङ्कका सम्पादकीय लेखबाट प्रस्तुत उद्धरणहरूको तुलनात्मक अध्ययनबाट पनि एक दशकभित्रै नेपाली काव्य–रचनाका मान्यतामा आएको परिवर्तन देख्न सकिन्छ । 'प्रगति'-ले लेख्यो—

'वर्तमान युगको यथार्थवादी दृष्टिकोणले काव्यलाइ विविध र विभिन्न रूपबाट अभिव्यक्ति गर्दै आएको छ ।... ... यस युगीन काव्यजगत्का विषय–वस्तुको चयन सिमाहीन–अनन्त, हुन गयो । 'औचित्य–अनौचित्य'-को शास्त्रीय भेद यहाँ छैन ।... ...मनको अनिश्चितता– धर्मन्याइँ पनि काव्यको विषय हुँदै आएको छ, परिस्थिति अनुसार प्रतिपल रूपान्तरित भइरहने मनुष्यको विभिन्न मूडहरूलाइ पनि तीव्र अनुभूतिजन्य सूक्ष्मताका साथ अभिव्यक्ति प्रदान गरिन थालेको छ । साँच्चै भनौं भने वर्तमान काव्यका लागि अग्राह्य केही पनि छैन । मामुलीभन्दा मामुली काव्यको सिद्धान्त र शास्त्रले 'अनौचित्य' भन्ने—'नव रस'-मा खरो नउत्रिने, सामाजिक दृष्टिबाट, नैतिक दृष्टिबाट, धार्मिक आदि दृष्टिबाट 'नहुने' मानिआएका विषयहरूमाथि अत्यन्त गम्भीर र राम्रा कविता सिर्जना भएका हामी पाउँदछौं ।... ...यस युगको काव्यले जीवनको सम्पूर्ण अङ्गलाइ स्पर्श गर्दै गइरहेको छ ।

'उपर्युक्त दृष्टिकोणदेखि नेपालमा वर्तमान नवीन कविता समुदाय पनि अलग भएर बसेको छैन । नवीन प्रेरणा र नयाँ उत्साहले जीवनका विविध प्रकारको अनुभूतिलाइ काव्यको रूप दिने प्रयत्न भइरहेको छ, जसको एक नमूना स्वरूप प्रगतिको यो अङ्क उपस्थित छ ।'[३]

माथि उध्दृत लेखलाइ आधुनिक नेपाली कविताको एउटा माइलखुट्टी मान्न सकिन्छ । सर्वप्रथम यही सम्पादकीय लेखमा आधुनिक नेपाली कविताका विशेषताको चर्चा र मान्यता प्राप्त शास्त्रीय र रोमान्टिक काव्यधारा अन्तर्गत प्रतिष्ठा प्राप्त काव्य– सिद्धान्त र काव्य रचनाका लागि विषय वस्तुको छनौट सम्बन्धी सिद्धान्तको विघटन हुन लागेको युगको सङ्केत पाइन्छ । यस लेखमा उल्लेखित महत्वपूर्ण कुरा हुन्—

(१) यथार्थवादी युगमा काव्यमा विविधता आएको छ ।
(२) 'मनको अनिश्चितता' र 'धर्मन्याइँ' पनि आजको कवितामा व्यक्त हुन्छ ।
(३) काव्य–रचना अनुभूतिजनित भएको छ ।
(४) काव्यका विषयवस्तु सम्बन्धी शास्त्रीय दृष्टिकोणको अन्त भएको छ ।
(५) नेपाली काव्यमा पनि यिनै प्रवृति देखा पर्न थालेका छन् ।

३. "प्रगति"को लागि लेखिएको 'सम्पादकीय' कविताङ्क (वर्ष ३, अङ्क ४) पृष्ठ १३१-१३२ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सम्पादकीय लेखमा आधुनिक कविता सम्बन्धी जति वर्णन पाइन्छ तिनको निर्वाह भएका कविता 'प्रगति'-ले निकाल्न सकेन, 'रूप-रेखा'-ले मात्र निकाल्न सक्यो तर 'प्रगति'-ले त्यसको भूमिका तयार गरिसकेको थियो । 'रूप-रेखा'-ले कविता अङ्क निकाल्ने बेलासम्म (२०२०)-मा कविहरूको शिल्प-पक्ष र मूल्यपक्षमा अनेकौं विविधता आइसकेका थिए र कविहरू बिस्तारै निराशाले घेरिन लागिसकेका थिए । त्यति हुँदाहुँदै पनि कविताको क्षेत्रमा प्रौढता आएको हामी समकालीन कविताको अध्ययनबाट देख्न सक्छौं । 'रूप-रेखा'-ले कविता विशेषाङ्कको सम्पादकीयमा नेपाली कविता साहित्यका अन्य विधाको अपेक्षाकृत सबल भएको, कविहरू निराश हुँदै गएको र कविता विधालाइ संरक्षण गर्नुपर्ने आवश्यकतालाइ जोड दिएको छ ।[४] यसप्रकार उपर्युक्त दुई कविता विशेषाङ्कका कविताहरूमध्ये आधुनिकतम (शैली, मूल्य परिवर्तन र विषयवस्तुको चयनको दृष्टिले) लाइ छानी तुलनात्मक अध्ययन गरेर आधुनिक नेपाली कविताको विकासलाइ हेर्न सकिन्छ ।

सर्वप्रथम दुवै अङ्कमा कविता प्रकाशित गर्ने कविका कविताहरूको नै तुलना गरौं—

सुदूरको कति दूर
निभृत मेरो जीवन
स्वप्नमय मन मधुर
मुस्कृत मेरो जीवन
पानीको चञ्चल मेरो सतह
झन्झाको प्रलय गान
कुसमय अथाह विरह
पथभ्रस्ट विकल प्राण

(कृष्णभक्त श्रेष्ठ, 'बोज'-प्रगति)

हामी हौं त एक पाला तातो रक्सी
केही उडेर जान्छौं केही पालामै सुकेर
सिकारू कसाइले राँगोको गर्दनमा चलाएको
लाग्ने, तीखो तर ठाउँमा नपर्ने चुपी जस्तै
हामी ठाउँमै परेर पनि ठाउँमा पाउँदैनौं... ...

४. हेर्नोस् सम्पादकीय लेख, "रूप-रेखा" (अङ्क २४ वैशाख २०२०) पृ. १५८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्री आमाले हाल्ने परीको कथा जस्तै
धमाधम हामी छोटो र थोरै थोरै हुँदैछौं
जरा नभएको रूख जस्तै ठिंग उभिएर... ...

[कृष्णभक्त श्रेष्ठ 'हाम्रो कथा' रूप-रेखा २४]

'प्रगति'-का कृष्णभक्त रोमान्टिक कवि हुन् । यसमा स्वप्निल लोलुपता छ र अविदित र रहस्यको भावातीत वर्णन छ । देवकोटाको रोमान्टिक काव्यको प्रभाव यसमा प्रयुक्त विम्बवाट देख्न सकिन्छ, जस्तो, 'दूर निभृत जीवन' 'स्वप्नमय मधुर मन' 'पानीको चञ्चल सतह' 'फन्क्राको प्रलय गान' 'अथाह विरह' जस्ता विम्वको प्रयोग पछाडि रोमान्टिक मीठो पीडा छ, पीडामा आनन्द छ । तर तिनै कविको 'रूप-रेखा' कवितामा रोमान्टिक कल्पनाले पल्टनवाजी खाइसकेको छ । 'प्रगति'-को कवितामा व्याप्त सौन्दर्य र रहस्य सुखजनित मूल्यको 'रूप-रेखा' कवितामा ह्रास भैसकेको छ । जीवनको रहस्य र यसको उच्च मूल्यमाथि आस्था हराइसकेको छ । 'जीवन पालाको तातो रक्सी' हो भन्नुमा रोमान्टिक उन्माद छैन । रक्सीले रागात्मक अर्थ दिंदैन किनभने यसको रागात्मक सन्दर्भ छैन, सन्दर्भ छ विसंगत पनको, सिकारु कसाईंले चलाएको गल्ती चोट जस्तै जीवनको । आमाले हाल्ने परीको कथाले सानो बनाउँछ भन्नुमा रोमान्टिक धारा विपरीत कल्पनाको ह्रास भएको जनाउँछ । जरा नभएको रुख जस्तै ठिंग उभिनुले मूल्यहीनतालाइ देखाएको छ ।

जगदीश शम्शेरको काव्यमा भने त्यति ठुलो परिवर्तन आएको देखिंदैन । 'प्रगति'—कवितामा नै उनको कविता रोमान्टिक धारा बिरोधी छ ।

टेङ्कको दाँती,
सुखखा बगरको वालुवा आँसु
भत्किएको हवाइजहाजको निष्ठुरता
पेट्रोल सकिएको गाडीको घच–घच,
गाढा प्याजी टेविलको कलिमामा
तेजिलो चुपी,

[जगदीश शम्शेर 'कुखुरा र चुपी'-प्रगति १६] 'अन्तरराष्ट्रिय जगतमा प्रवेश गरेका नयां विकासोन्मुख राष्ट्रको मनोवैज्ञानिक प्रतिक्रिया र भौतिक अनुभूति' प्रस्तुत गरी लेखिएको कविता 'कान्छी सहर जान्छे' (रूप-रेखा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८) र 'दैनिक समाचार पत्र' ('रूप-रेखा' ६१)-मा जगदीश शम्शेरले आधुनिक मान्छेको 'मिथक्'-को वर्णन गरेका छन् । अघिल्लो कविता आधुनिक राजनैतिक चेतनाको कस्मोपोलिटन' 'रोमान्टिकवाद हो भने दोस्रो कविता आधुनिक आम संचार (मास् मेडिया)-को जकडमा परेका मान्छेको चित्रण हो । दुइटै कवितामा समसामयिकता छ । दोस्रो कविताबाट यहाँ प्रस्तुत छोटो उद्धरणबाट पनि आजको मान्छेको व्यग्रता र आकुलतालाइ देखन सकिन्छ—

दुई चार साल लात अरब
यता किच्च हाँसेका
मार्रा.. हुर्रे.. जिन्दावाद ।
काला अक्षर टाउको छापमा
क्षति मृत्युको बबन्डर

[जगदीश शम्शेर 'दैनिक समाचार पत्रबाट'-रूप-रेखा ६१] त्यस्तै—

सारा अफिस कोठाले मलाइ हेर्न लाग्यो
क्वार क्वार
एशियाली देशलाइ तोपको आँखाले हेरे फैँ

[जगदीश शम्शेर 'न्यूँ फ्दा' रूप-रेखा ६८]

जगदीश शम्शेरको काव्यमा व्यक्तिलाइ राज्य वा राजनीतिको परिप्रेक्ष्यमा हेरिएको हुन्छ । उनको काव्य लेखनमा आधुनिक मान्छेको पुरावृत्तीय आधार तयार गर्न खोजिएको हुन्छ । व्यक्ति उसका आफ्नै कुण्ठाले मात्र सताइएको एउटा संज्ञाहीन र आकारहीन अस्ति नभएर त्यो एक आधारयुक्त र जीजीविसा भएको जीव हो; त्यसका त्यही परिवेशभित्र समस्या टाँसिएका हुन्छन् । 'प्रगति' कवितासम्म यी कविको कविताको यो सैध्दान्तिक आधार तयार भएको छैन । 'रूप-रेखा-'मा यी कविका कवितामात्र होइन तर यिनका काव्यधारणा र काव्य–रचना सम्बन्धी सैद्धान्तिक मान्यता र बौद्धिक आधारमा छलफल भएका उच्चस्तरीय प्रबन्ध पनि छापिएका छन् । जगदीश शम्शेरको काव्य लेखन उनको 'मिथक्' रचनाको सिध्दान्तसंग साम्यता राख्तछ । 'जीवत् परिमाणभन्दा ठुलो' वस्तु र व्यक्तिको सम्बन्ध भएर नै मिथक रचना हुन्छ । व्यक्तिले त्यही वृहत्तर वस्तुको आद्यरूपीय कल्पनालाइ कोटयाएर आफ्नो मनोवेग र द्वन्दको निराकरण गर्दछ भन्ने विचारलाइ जगदीश शम्शेरले अभिव्यक्त गरेका छन् । उपर्युक्त कविताहरूको विश्लेषणबाट के थाहा हुन्छ भने आजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसको लागि त्यस वृहत्तर वस्तुको प्रतिनिधित्व:'राज्य', 'राजनीति' र आधुनिक युगजनित वृहत्तर वस्तुहरूले गर्न सक्ने कुरा कविले दर्शाएका छन् । उनी भन्छन्--

"आजको वैज्ञानिक युगमा, मानिसलाइ, स्वप्नचित्र या स्वप्न कथामा मन झुण्ड्याउने आवश्यकता नै के ?' भन्ने प्रश्नमा विचार गरौं । यतिको व्याख्या गरिसकेपछि 'मन' शब्दले सचेतन र अवचेतन दुवै तहलाइ सम्झाउँछ भन्ने ढक्कमा छु । आफ्नो संसारमा हुँडलिएका अवस्थालाइ सुल्झाएर जीवनलाइ अर्थपूर्ण या सोद्देश्य बनाउने व्यापक मानव इच्छा नै मानिसको चित्तवृत्तिको मूल आधार हो ।.. आजका मानिसको चित्तवृत्ति पनि त्यसै नियममा चल्छ । .. जसरी सपना, जागृत र सुषुप्त मनको संचार साधन बनेर निद्रा अवस्थामा मानिसको अव्यक्त इच्छाको पूर्ति, भयको समाधान र चित्तवृत्तिको प्रशमन गर्छ, त्यसरी नै लेखकको मिथकीय प्रस्तुतिकरण जागृति अवस्थामा चेतन र अवचेतन मनको संचारणमा सहायक बन्छ ।"[५]

लेखकको विचारमा त्यो मिथकीय प्रस्तुतिकरण समसामयिकी घटनाजनित हुन्छ किनभने त्यही समसामयिकताले लेखकको आद्यरूपीय चेतनलाइ घच्घचाउँछ । तर "विचारको तीर्यक् प्रवाहको ट्राफिक आज जस्तो नबढेको परिस्थितिले र व्यवस्थाले आज जस्तो निरन्तर पल्टनबाजी खाने...युगमा जस्तै एउटा साझा मिथक्ले साध्य हुँदैन ।"[६] त्यसैले आज 'विविध मिथकको सृजना' गर्नुपर्छ भन्ने लेखकको विचार छ ।

'दस अवतार' भन्ने एक काव्य लेख्तै गरेको आफ्नो अनुभवलाइ संगेटेर लेखकले आत्मविश्वास प्रकट गरेका छन्, "—आधुनिक कविताको क्षेत्रमा हाम्रो नेपाली कविता- यो भारतीय महाद्वीपमा कुनै भाषाको कवितासंग पनि दाँजिन सक्तछ । मोहन कोइरालाका कविताहरू नै अरू भाषामा अनुदित भए ती कविताको प्रस्ट असर र प्रभाव भारतीय लेखकमा पर्ने थिए । तर बुझ्न खोज्ने, र बुझ्ने बुझाउनेको कमी हाम्रो समाजमा ज्यादै छ । यो समस्या दशावतार काव्यमा ज्यादा हुनु स्वाभाविकै हो ।"[७]

---

५. जगदीश शम्शेर "मिथक र साहित्य"-रूप-रेखा (पूर्णाङ्क १८०) पृष्ठ ४२–४३ ।

६. उपरिवत् पृष्ठ ४८ ।

७. जगदीश शम्शेर "दस अवतार काव्य लेख्ने र छपाउने बारे"-रूप-रेखा [१७८] पृष्ठ ८–९ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त चर्चाबाट के देखिन्छ भने जगदीश शम्शेरको एक व्यक्ति काव्य आन्दोलन र काव्यगत मान्यतालाइ रूप-रेखाले अघि सारेको कुरा प्रत्येक पाठकले सजिलै थाहा पाउन सक्छ । 'शारदा'-मा 'कविकी प्रेयसी' लेख्ने रोमान्टिक कविको आधुनिक काव्य र 'मिथक्' रचना गर्ने बौद्धिक स्तर भएको काव्यगत मान्यतालाइ नै रूप–रेखाका पृष्ठहरूमा व्यापक भएको देखन सकिन्छ जसले गर्दा जगदीश शम्शेरलाइ पनि रूप–रेखा समूहकै कवि हुन् भन्न सकिन्छ ।

'प्रगति' कविता अङ्कमा अर्का रूप-रेखा समूहका कवि द्वारिका श्रेष्ठको कविता पनि छापिएको छ । 'रूप-रेखा'-कालमा नै यिनको कविताले पनि कोल्टो फेरेर आधुनिक भएको कुरा तलको तुलनात्मक अध्ययनबाट थाहा हुन्छ—

प्रियतमा !
मेरो अँध्यारो कोठाभित्र
म कहिले तकियालाइ म्वाइँ खाइरहँदा
कहिले भित्तोसित ठुसिएर बसिरहँदा
र कहिले दलीनलाइ प्रेमीले प्रेमीकालाइ
हेरे फैं हेरिरहँदा
अनायास मेरो दृष्टि
त्यस प्रकाशमय कोठाभित्र पर्दा
म पनि तिनीहरूका छाल र हुरीसित
बगिरहुँ जस्तो लाग्छ ।

[प्रगति, कविता अंक, १६, पृष्ठ ६०]

यस उपकरणबाट के थाहा हुन्छ भने कविको चेतना साधारण रोमान्टिक छ र प्रणयको पीडा झन्नै हास्यास्पद देखिन जान्छ । तिनै कविको अर्को कविता (रूप-रेखा) बाट उद्धरण--

मेरो कोठा--
झ्याल र ढोका
दलिन र भित्ता ।
झ्यालले फकाएको प्रकाश
सिंहमर्मरको दासी मूर्ति ।
दलिन र भित्ता
मृत आमा-बाबुका अंगाला
जुन तस्बिरमा कहिल्यै उत्रिएन--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्तो म्युजियम जस्तो मेरो मन !

... ...

दिदीले मलाइ कति माया गर्नुहुन्थ्यो
ख्वाउनुहुन्थ्यो–नुहाइदिनुहुन्थ्यो
(अहिले म एक्लै सुत्छु !)
मेरा पाइतलाको माया
बहाना गर्छु इन्कार गर्न
आफूलाई यहाँ बाँध्न,
(रूप-रेखा, पूर्णाङ्क २४–कविता विशेषाङ्क २०२०)

उपर्युक्त दुई कवितामा मात्र यौन चेतनाका दुई आयाम छन् । अघिल्लोमा भावनाको सरलता र प्रणय रागको एक आयामिक चित्रण छ । त्यसमा रति रागको वर्णन सरल छ । यौनजनित मानसिक संकुलता त्यसमा छैन । 'रूप-रेखा' कवितामा भने त्यो संकुलताको विकास भैसकेको छ । यो कवितामा यौनचेतना भएको पात्र वृत्ताकार छ । त्यसका यौनले मानसिक आयाम प्राप्त गरेको छ । ग्रन्थीहरूको उल्झनमा परेको यस पात्रको चित्रण गर्ने कविलाइ फ्राइडको प्रभाव परेको छैन भन्न सकिन्न । यस कविताको पात्र ईडियस ग्रन्थीबाट चापिएको छ भन्ने कुरा यो कविताको माथिको उद्धरण मात्र पढे पनि थाहा पाउन सकिन्छ । सम्पूर्ण कविताबाट भने त्यो चित्र अझ प्रष्ट भएर आउँछ ।

द्वारिका श्रेष्ठका प्रायश: आधुनिक कविताहरू रूप-रेखामा नै प्रकाशित देखिन्छन् । स्थानाभावले उनका अन्य कविताहरूको चर्चा यस लेखमा गर्न नसके तापनि उपर्युक्त तुलनात्मक अध्ययनबाट द्वारिका श्रेष्ठको आधुनिक काव्यको प्रकाशित रूप-रेखामा नै भएको देखिन्छ भन्ने तथ्यलाई यहाँ दोहो-र्‍याउन चाहन्छु ।

अर्का प्रसिद्ध कवि मोहन कोइरालाका कविता पनि दुवै पत्रिकामा प्रकाशित छन् । मोहन कोइराला पनि २००७ सालपछिकै कवि हुन् भन्ने कुरा माथिको चर्चाबाट प्रस्ट हुन्छ । मोहन कोइरालाका कविताको विकास सूक्ष्म रूपले र विस्तार गतिमा भएको कुरा आधुनिक नेपाली कविताका सबै पाठकहरूले थाहा पाएको कुरा हो । तर राम्ररी अध्ययन गरेदेखि मोहन कोइरालाका कविताको पूर्ण आत्म विश्वास भने 'रूप-रेखा' कालमा नै आएर भएको देखिन्छ 'सूर्यदान' (५८) 'लेक' (६७) 'पलङ नम्बर २१" (१२२) "ती शिखरहरू" (१६७) जस्ता लामा कविताहरू रूप-रेखामा नै प्रकाशित

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको तथ्यले कोइरालाको समसामयिकतालाइ प्रस्ट गर्दछ । अर्को कुरा मोहन कोइरालाले आफ्ना कवितालाइ निर्वैयक्तिक रूपमा आएर रूप-रेखा-काल-मा नै हेरेको कुरा महत्वपूर्ण छ । उनको आफ्नै भनाइमा–

"यस्ता क्षणहरू साहित्यमा आइरहन्छन् जब अभ्युदयको मोडमा मान्यता, धारणा, शैली र प्रतीक हरूले नौलो कपालबाट च्याएर हेर्दछन् । त्यसवेला यसको विवेचना क्षेत्र लम्बिन जान्छ । पाठक, लेखक समीक्षक अर्को क्षितिजमा देख्न पर्दछन् । यी सबै व्याख्या बेग्ला बेग्लै समयमा बेग्ला बेग्लै दृष्टि-कोणमा आइरहन्छन् । साहित्यलाइ परम्परामा बाँध्न नसक्नु नै यसको मूल परम्परा हो ।"

"म आफैं सोध्दछु मेरो अहंलाइ जो वाल्ल हेरिरहन्छ लेखकको काव्यात्मक अनुभूति त निजी रचना नै हुनु पर्दछ । त्यसवाट भिन्न उसले केही साँच्न खोज्दछ भने त्यो त अधूरो अभावमा वित्तछ । उसको सम्प्रति जुन धारा गइरहेको हुन्छ उसले विशेष काव्यात्मक धारणा त्यसैलाइ वनाइरहेको हुन्छ । आघात प्रत्याघातका परिवर्तित परिवर्द्धित भविष्यका जंघारी भूतकालले फ्याँकि-दिएका रित्ता टपरी असमानतामा हुकिएका धर्तीलाइ छुँदै अकासिदै गइरहेको । लेखक त त्यसैलाइ मसी रङ्गाउन थाल्नुपर्दछ, संचित गर्नु सट्टा आफुलाइ पोखिदिएर ।[८]

कोइरालाको काव्यात्मक धारणा आयामेली धारणाभन्दा केही भिन्न देखिन्छ । उनी भन्छन्—

"साहित्यभित्र जीवनमा साहित्यसितै प्रथम काव्यगत धारामा सूत्र-पात गर्नु अगावै कुनै धारणा वनाउनुपर्दछ भने त्यो काव्य होइन अरू नै साहित्यिक विषय बन्ला तर कविता होइन। ... उसले यस कारण लेख्छ, उसलाइ केही चीजले छोइदिएको छ त्यसले अर्काको मानसमा पनि त्यति नै हुन्छ ।[९]

आयामेली चिन्तन अनुसार रचनामाथि 'दर्शनको विशाल आकास' टाँगिनुपर्छ । यस अर्थमा कवितामा पनि पूर्वचिन्तन र चिन्तन प्रणाली अवश्य हुने नै भयो। कोइराला केही चिजले कविलाइ हुन्छ र त्यही छुवाइको सांघातमा कविले लेख्तछ भन्ने विचार राख्तछन् जुन विचारधारा रामान्टिक काव्यगत मान्यतासंग धेरै मिल्दछ । डा. ईश्वर बरालको विचारमा मोहन कोइरालाका कवितामा 'नव्य रोमान्सवाद' (नियो-रोमान्टिसिज्म) को केही प्रभाव

८. मोहन कोइरालाका 'मेरा काव्यात्मक' केही धारणा' रूप-रेखा (पूर्णाङ्क ३०) पृष्ठ ३ ।

९. उपरिवत् पृष्ठ ४

पुष २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ।[१०] तर मोहन कोइरालाको कवि यथार्थवाद र त्यसबाट पनि अर्कं पर अतियथार्थवादसम्म पुग्दछ। उनी आधुनिक नेपाली कविताका उन्नायक हुन्। तेस्रो आयामिक कविहरूको वाणि र सृष्टिमा साम्यता नपाइएको तथ्य-बाट मोहन कोइरालाको यो भनाइ सत्यको नगिच देखिन आउँछ--"म त देख्तछु प्रत्येक कृतिमा धारणा बदलिरहेछ, एक नयाँ वाद, एक नयाँ प्रतीक बनाइरहेको छ। देश काल परिस्थिति समाज व्यवस्था नयाँ मानिस बनाउँदै जान्छ।"[११] मोहन कोइरालाको काव्य साधना यही परिवर्तनशील चेतनाको परिवर्तनशील रचनामा आधारित छ। 'प्रगति' र 'रूप-रेखा'मा प्रकाशित कविताबाट उद्धृत तलका अंशहरूको विश्लेषणबाट अरू यो कुरा प्रस्ट हुनेछ--

सुन-ढुक्कुरले ठुङछ बासनाले उसको छातीमाथि
पानी-धोबीले कुत्कुत्याउँछ उसको भित्र डँडाल्नुमाथि
काँचो-पशुको मासु-भातले काँचो-पशुको रगत-मातले
जब सिंहिनी ब्यूँझन्छे यौवनको संतप्त व्याङ्गबाट
जब सिंहिनी निस्कन्छे यौवनको परितप्त बन्धनबाट
हा—इ, आङ र आँखा बटार्दै
स्याहार्दै रातो नङ-छुरी चाट्दै
माउरे कुकुच्चामा लच्केर
नृत्य गर्छे दृढताले खुट्टा संचालित गर्दै

['प्रगति' पूर्णाङ्क १६, पृष्ठ ७९]

यस कवितामा प्रकृतिको चित्रण एउटी सिंहिनीको वर्णनद्वारा भएको छ। प्रकृतिको उन्माद, स्वतन्त्रता, यौवनको उत्ताल र कलात्मकताको यस कवितामा जति राम्रो चित्रण भएको छ नेपाली कविताहरू थोरैमा मात्र होला। यस कविताका मोहन कोइरालालाइ नव्य-रोमान्टिक भनेर किट्न नसकिए तापनि देवकोटाको उत्तालमय र शक्तिमयी प्रकृतिभित्र कलात्मकता र सूक्ष्मता प्रवेश गराउने कवि भनेर अवश्य भन्न सकिन्छ। कोइरालाका रूप-रेखा कविताम्रा उनको काव्यले प्रौढता र आत्म विश्वास पाएको कुरा तलका केही उद्धरणबाट थाहा हुन्छ--

युग घामको मेरो प्रत्येक बिहानी सूर्य
सडक ओर्लिएर पखालिन्छ सडक

१०. हेर्नोस् 'मोहन कोइरालाका कविता' (साझा प्रकाशन, २०३०) को भूमिका
११. कोइराला उपरिबत् पृष्ठ ४।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म सूर्य फोरेर ओछ्याउँछु आँखाभरि
बाँकी केटा-केटीमा बाँड्दछु त्यसका टुक्रा
काम नपाएर फुटपाथमा खालि खालि म उज्याउलो हुन
जब जिन्दगी थुपारेर रित्तै कहतारोमा सूर्य आउँछ खर्पनमा
बिहानी भेट्न काम खोज्दै मसित सूर्य

['सूर्य-दान' रूप–रेखा, पूर्णाङ्क ५८,२०२२]

सूर्य जीवनको प्रतीक हुनाले यसको सार्वभौमिकता र सापेक्षता ठूलो छ जसले गर्दा सूर्य युगकै प्रतीक हुन गएको छ। जीवनको विस्तार र जीवन्त शक्तितरङ्गको संचारलाइ 'सूर्य-दान' कवितामा कलात्मक विम्ब संयोजनद्वारा व्यक्त गरिएको छ। त्यसमा सभ्यताको प्रभाव र कविको प्रतिक्रिया व्यक्त छ तर जीवनको अद्भूत चित्रण यस कविताको विशेषता हो। 'लेक' (६७) पनि यस्तै लामो कविता हो जसमा प्रतिकहरूको संयोजन र लयात्मकताले नै अर्थ र भावनाको समन्वय गराएका छन्। दुवै कवितामा कविको पूर्ण आत्मविश्वास देख्न सकिन्छ। उपर्युक्त लामा कवितामा मात्र नभएर 'रूप–रेखा'-मा प्रकाशित कविका अन्य करिब १४ वटा कविताहरूमा पनि यही कुरा लागू हुन्छ।

मोहन कोइरालाको काव्य-साधना आफ्नै प्रकारको भए तापनि देवकोटाको प्रभाव उनमा नभएको होइन। उनको काव्यको आधुनिकता र वैचारिक भित्ती भएको आयामेली कवितामा अन्तर भए तापनि आयामेली कवि ईश्वर वल्लभका कविता र कोइरालाका कवितामा धेरै साम्यता देखिन्छ।

आयामेली आन्दोलन दार्जिलिङ्गबाट 'तेस्रो आयाम' (सन् १९६१) प्रकाशित भएपछि सुरू भएको भए तापनि आयामेली कवि वैरागी काइँला र ईश्वर वल्लभका नाउँ चलेका कविताहरू 'रूप-रेखा'-मा नै प्रकाशित भए। अझ दार्जिलिङ्गमा आयामेली आन्दोलन सुरू भए तापनि नेपालभित्र निकै कालसम्म यी कविहरूको विषयमा केही लेखिएन। यी कविको आयामेली काव्यको मोडको चर्चा गर्दै रूप-रेखामा सर्वप्रथम एउटा समीक्षात्मक लेख निस्केको देखिन्छ।[१२] यस बाहेक रूप-रेखामा 'तेस्रो आयाम' र अन्य दार्जिलिङ्गकै पत्र–पत्रिकामा भन्दा बढी आयामिक साहित्य विषयको चर्चा भएको कुरा चाख लाग्दो छ। इन्द्र राई र ईश्वर वल्लभका आयामेली चिन्तन विषयका अनेकौं लेखहरू प्रका-

१२. हेर्नोस् अभि सुवेदीद्वारा लिखित 'आधुनिक नेपाली कविता र दार्जिलिङ्गका केही तन्नेरी कविहरू' रूप-रेखा (पूर्णाङ्क ३९ साउन २०२१)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शित भए । ईश्वर बल्लभले तेस्रो आयामिक लेखनलाइ 'अनार्किज्म' (अराजकता) भनी व्याख्या गरे (तेस्रो आयामको प्रथम अङ्कको सम्पादकीय लेखसंग यो व्याख्या केही फरक छ, दाँजेर पढ्नुहोस्) उनले लेखे—

'यसोभन्दा यहाँ भाषा, व्याकरण, राष्ट्रियता, सामाजिकताका अत्यारोप (छोड्ने ?) आइपर्छन् । उहिल्यै पनि आएका हुन्, र पछि पनि आउने छन् ।... ...वस्तुताको सत्य आफै स्वतन्त्र छ । स्वतन्त्रता अराजकतावाद होइन भने पनि, राजनैतिक रूपमा नहुन सक्छ । वास्तवमा यो साहित्यिक रूपमा अनार्किज्म नै हो । हामीले स्थितिको र जीवनको 'कविता' तथा 'वस्तुता'-लाइ लेख्ने, रङ्गाउने, चोइटचाउने, हो भने स्वतन्त्र नै हुनुपर्छ ।'[१३] आयामेली चिन्तन सम्बन्धी अनेकों लेखहरू लेखी ईश्वर बल्लभले रूप-रेखामा छपाए जसमा आयामेली साहित्यका सैद्धान्तिक मान्यताहरूको उनले चर्चा गरेका छन् । ईश्वर बल्लभका कविताहरू शैली र प्रयोगको दृष्टिले बैरागी काइँलाका कविताभन्दा मोहन कोइरालाका कविताको धेरै समीप छन् । तल एक उध्दरण प्रस्तुत छ—

> संघर्षका र मृत्युहरूका राता रङ्गहरू भएर केही हुने छैन
> तिनीहरू काठले बनाएका पांग्राका हिड्ने खट हुन्
> देवी देवतालाइ माथि लिएर सहरको परिक्रमा गर्ने
> नसजाइएका कुनामा परेका आवासहरू जस्तै
> नबनाइएका घरका आयोजनाहरू जस्तै,
> तिनका 'आगोको घर'
> दक्षिणपट्टि खोलिएको झ्यालको उज्यालो
> मन परेको थिएन, तिमीले पनि बन्द गऱ्यौ
> ['मेरी आमाले आत्महत्या गरेको देश' रूप-रेखा (१२५ असोज २०२८)]

'रूप-रेखा'-मा प्रकाशित मोहन कोइराला र ईश्वर बल्लभका कविता दांजेर हेरे यो सामिप्यता अझ धेरै प्रष्ट हुनेछ । उपर्युक्त उद्धरणमा पनि उक्तिको नवीनता, बिम्ब संयोजन, लय–निर्माण र प्रवाह मोहन कोइरालाका कविताको धेरै नजिक छ । तर ईश्वर बल्लभको कवितामा एउटा पाप (वा एउटा 'इभिल्') को चित्रण भएकोले त्यसमा नव्य रोमान्टिक भावनाभन्दा

---

१३. ईश्वर बल्लभ 'साहित्यमा अनार्किज्म; दुर्वह होइन' रूप-रेखा (पूर्णाङ्क १०८, २०२७ वैशाख) पृ. ७९.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा अस्तित्ववादी चिन्तनको बौद्धिक प्रभाव छ। ईश्वर बल्लभ र वैरागी काइँलाका आयामेली काव्यमा अनेकमा ऐक्य ('युनिटी इन डाइवर्सिटी') छ। वैरागी काइँलाको काव्य शैलीको छोटो ... .. उदाहरण तलको उद्धरणवाट देखाउन चाहन्छु—

म उम्कन सक्तिनँ फुकेर
घायल र प्रतिबन्धित मान्छे
एकै ठाउँ
हग्छ
मुत्छ
सुत्छ
म त्यत्ति
जीवन त्यत्ति
उचालेर दुवै हातले छाम्छु...
जीवन सुम्सुम्याउँछु आङभरि कोमल र भूवाहरू...
कालोभित्र पोखरीमा आँखा ठोक्किएर डुब्दछ
आवाजन पौडिएर सुनौला माछा सागरमा ऐनाभित्र कुद्दछन्...
नीलो पन्साउँदै लहर लहर
'गंगा नीलो बग्छु', रूप-रेखा (१४९ कार्तिक २०३०)]

वैरागी काइँलाका कवितामा शिल्प र अर्थको ज्यादै सफल सन्धि छ। कविताको कुनै एकपद वा शब्द–समूहलाइ सिक्यो भने पनि कविताको सम्पूर्णता वा विम्ब, प्रतिक, लय र विचारको ऐक्य खल्वलिन्छ। उपर्युक्त उद्धरणको छोटो विश्लेषण गरेर पनि यो कुरा प्रष्ट गर्न सकिन्छ। 'म' भन्ने पात्र यस कविताको विषय हो। तर त्यो ममा गीति–तत्व जनित चित्त दुखाइ छैन। त्यो 'म' गतिहीन छ तर त्यसको अनवरत खोजी जीवनको छ। अस्तित्वको ठिंगुरे पनलाइ 'म उम्कनु.. देखि' म तेत्ती / जीवन तेत्तै।' भित्र बन्द गरिएको छ जहाँ बन्द भएको पात्रले एकै ठाउँमा हग्नु, मुत्नु र सुत्नु गर्दछ। दोस्रो खण्डमा त्यस पात्रको जीवनमा केही गति आउँछ। अन्धाले छामेको बुझाउने बिम्ब छन् —'जीवन सुम्सुम्याउँछु आङभरि कोमल भूवाहरू।' जीवन अनुभूतिगम्य छ— कविको आफ्नै दृष्टि हो। तर त्यो जीवनबोधको शुष्क र नीरस पक्ष मात्र छैन ऐनाभित्र बन्द सागरमा नीलो पन्साउँदै माछा कुद्दछन्। त्यसपछि—

'म
रेखिदै तरङ्गले स्वरहरू पानी पानी पानी
गङ्गा नीलो बग्छु...'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस कवितामा एक व्यक्तिको मात्र चित्रण नभएर सार्वभौमिक मान्छेको चित्रण छ। आयामिक लेखन अनुसार 'दुःख पाउने मान्छेको। कथा वा कविता त्यो एउटा मान्छेको दुःख पाएको कथा वा कविता मात्र सीमित नहोस्। यसले उठ्न सकेर त्यो टुक्रा कुराको पछि एउटा विशाल विचार बसेको होस्, उँभोतिर एउटा दर्शनको आकाश टाँगियोस्, त्यो एउटा टुक्रा कुराले राजनीति बोकोस् सामाजिक भाष्य बनोस् त्यो। त्यो 'मात्र भन्दा धेरै धेरै अरू कुरा होस्। यै धेरैहरू हो तेस्रो आयाम।'[१४]

'रूप-रेखा'-मा काव्य साधनाको क्रममा परिवर्तन आइसकेका कवि मात्र प्रकाशित नभएर यही पत्रिकाभित्र समयको क्रममा आफ्नो काव्य शैली परिवर्तन गर्ने कविहरू पनि छन्। तिनमध्ये तुलसी दिवस र उपेन्द्र श्रेष्ठका कवितालाइ लिन सकिन्छ। तुलसी दिवसका सातवटा कविता मात्र 'रूप-रेखा'-मा प्रकाशित भएका छन्। तिनको विश्लेषण गरेर हेर्ने हो भने क्रमशः तिनमा परिवर्तन हुँदै गरेको काव्य मोड देखन सकिन्छ। 'रूप-रेखा'-मा प्रकाशित कविको पहिलो कविता 'बसकी एउटी बूढीलाइ देखेर' र अन्तिम कविता 'एटना र विसुविवश जिन्दगीसंगको विद्रोह'-लाइ तुलना गरेर हेर्ने हो भने रूप-रेखाभित्रै कविको काव्यसाधनाका दुई प्रस्ट मोड देखा पर्दछन्। उदाहरणको लागि तल दुई उद्धरण प्रस्तुत छन्—

आनन्द र हर्षको दुबोमाथि
पीडा र व्यथाको बालुवा थुप्रियो,
बिधवाको सारी जस्तो सुकाइयो।
अनि उसको जिन्दगीको बाटुले चउर
मरुभूमिमा बदलियो।

["बसकी एउटी ... ..." रूप-रेखा १८, कार्तिक २०१९]

यस उद्धरणमा विम्वको प्रस्टता, उक्तिको सरलता तर 'हर्षको दुबो' 'पीडा र व्यथाको बालुवा' जस्ता प्रयोगहरू सर्वथा नवीन छन् तर पनि अनुभूतिको संकुलता यस कवितामा छैन। तिनै कविको काव्यको अर्को मोड 'एटना र विसुविवस ... ...'-मा देखन सकिन्छ—

खापा-खापाबाट खप्पर ठोक्तै फुत्केका खित्काहरू
भित्ता-भित्ता ठोकिन्छ रिङ्गिएर सिलिङ्ग,
काप-काप कुना-कुनामा लेप्सिएर अड्किनु

१४. इन्द्रबहादुर राईद्वारा लिखित 'तेस्रो आयाम' प्रथम अङ्कको भूमिकाबाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाँसोका मेरा समुद्री लहरहरू
भाँच्चिएर, टुक्रिएर कुण्डिएर कुँण्डदै माकुरा जालहरू !——
उफ् ! कोठाभरि, खालि कोठाको मेरो परिधिभरि !

['एटना र विमुवियस...' रूप-रेखा पूर्णाङ्क ४२]

उपर्युक्त उद्धरणमा वैचारिक संकुलता छ, कलात्मकता छ सूक्ष्मता छ अनि साधारण विम्बहरूको प्रयोगद्वारा वैचारिक आधार तयार गरिएको छ। विशेष अनुभूति सार्वभौमिक अनुभूति बन्न गएको छ।

उपेन्द्र श्रेष्ठका कवितामा पनि यस्तै 'रूप-रेखा'-भित्रै अनेकौं मोड आएको देख्न सकिन्छ जस्तो——

भइसक्यो हाम्रो कोट झुत्रो पुरानो
लाउन नपाउँदै च्यातिने कोटलाइ
सिंगै फ्यांक्नुपर्छ,
सिंगै रूप-रेखा बदल्नुपर्छ
र गर्नुपर्छ;
सृजना नयाँ कोटको
नयाँ सिंगर मेसीनले।

['भत्केको पखालमाथिको कोट' रूप-रेखा पूर्णाङ्क २४, २०२०]

माथिको उद्धरणमा 'कोट' प्रमुख बिम्ब र प्रतीक छ। अर्को साधारण विम्ब 'सिंगर मेसीन' हो। मूल्य परिवर्तनको कुत्कुती र रोमान्टिक काव्य-विपरीत बिम्ब संयोजन छ। उपेन्द्र श्रेष्ठको धेरै कविताहरू 'रूप-रेखा'-मा प्रकाशित भएका छन्। 'निम्तो' (२०१७) भन्ने कविता सङ्कलनमा परेका यी कविता र रूप-रेखामा प्रकाशित कवितामा धेरै अन्तर छ। उपेन्द्र श्रेष्ठले लेखेका आधुनिक कविताहरू प्राय: जसो जम्मै नै 'रूप-रेखा'-मा प्रकाशित भएका छन्। उनको भरखरै प्रकाशित कविताको यस उद्धरणबाट कविको परिवर्तित काव्य शैलीको परिचय पाउन सकिन्छ——

'गांजाको चिलिममा डढेको यो ईश्वर, यो वर्तमान, आस्था र विश्वास
सिंगो अपाहिज र बहिरो एक्लै नितान्त एक्लै
मेरो आँखाको मरुभूमिमा
यो कोतपर्वको भग्नावशेषभित्र जमेको रात छ
अर्थको आगलागीमा स्वयम्भूको आँखामा
आगोको लप्का उठिरहेछ

[उपेन्द्र श्रेष्ठ, 'उद्घाटनमा काटिएको रातो रिबन !' रूप-रेखा १७४]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस उद्धरणमा वैचारिक र भावनाको संकुलतालाइ नवीन बिम्ब र प्रतीकको माध्यमबाट व्यक्त गरिएको छ। 'गाँजाको चिलिममा डढेको... ईश्वर', 'आँखाको मरुभूमि' रगतको तलमा भिर्ने काठमाडौं, 'आदर पत्रमा सम्मानित शब्दको' लास, 'कोतपर्वको भग्नावशेषमा जमेको रात' 'अर्थको आगलागी' जस्ता बिम्ब र अभिव्यक्तिमा भावना र चिन्तनको अनौठो सन्धि भएको छ। प्रत्येक अभिव्यक्तिमा प्रयोगको नवीनता र उक्ति वैचित्र्य छ।

शैली र विषयवस्तुको आफ्नैपन भएमा व्यंग्य, चातुर्य र मर्म जस्ता गुण भएको काव्य-रचना गर्ने लोकप्रिय कवि भूपिशेरचनका प्रायशः प्रसिद्ध कविताहरू 'रूप-रेखा'-मा नै प्रकाशित भएका छन् । समसामयिकी नेपाली कविताको इतिहासमा 'घुम्ने मेचमाथि अन्धो मान्छे' पूर्णाङ्क १८), 'हामी' (पूर्णाङ्क २३) जस्ता कविता 'रूप-रेखा'-मा प्रकाशित भएपछि एउटा नयाँ सन्सनी आएको थियो, किनभने ती कवितामा व्यंग्यको नौलो चातुर्यपूर्ण प्रयोग र समसामयिकताको काव्यात्मक अभिव्यक्ति भएको छ। यी कविताहरूसंग सबै पाठक परिचित छन्। भूपिमा कवितामा चर्चित आधुनिक कविहरूको जस्तो वैचारिक संकुलता छैन, खण्डित चेतनाको वर्णन छैन वरु तिनमा राजनैतिक र सामाजिक परिवर्तनको आह्वान छ र अव्यवस्थित समाजको दिग्दर्शन छ, तर त्यो जम्मै काव्यात्मक परिपाटीभित्रै आएको छ। जस्तो-

...... जब कुनै सामान्य मानिस
कथामा वर्णित 'गुलिभर' झैं
आई पल्टन्छ हाम्रो अवस्थाको द्वीपमा
हामी छक्क परेर उसलाइ हेर्छौं .. ..
हामीलाइ उसको उँचाइ देखेर आश्चर्य लाग्छ
र त हामी आफ्नो हीन भावनाका
सियो जत्रा सस्याना हतियारहरूको उसमाथि
प्रहार गर्छौं......

[भूपि 'हामी' रूप-रेखा अङ्क २३, चैत २०१९]

यस उद्धरणमा व्यंग्य छ र हाम्रा प्रयत्न र प्राप्तिको विसंगत स्वरूप प्रष्टै देखा पर्दछ।

व्यंग्य उक्तिवैचित्र्य, चातुर्य र च्याट्ट परेका बिम्ब संयोजन गर्ने गुण भएका अर्का कवि हुन् रत्न थापा । रत्न थापाका एक दर्जन कविता 'रूप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेखा'-मा प्रकाशित भएका छन् । ती जम्मै जसो कविताहरू विषयवस्तु र शैली प्रयोगको दृष्टिले आधुनिक कविताहरू हुन् र तिनले कविको एक आफ्नै प्रकारको व्यक्तित्वलाइ प्रस्ट गरेका छन् । रत्न थापाको प्रसिद्ध कविता 'क्षितिजको भुत्ला आज बोकाको सपनामा' जुन मुकुटमा प्रकाशित भएको छ,—मा पाइने तत्व भएका र आङ्गिक सम्पूर्णता भएका कविताहरू 'रूप-रेखा'-मा प्रकाशित छन् । 'रूप-रेखा'-को जीवनको पहिलो आयाममा नै प्रायशः आधुनिक नेपाली कविहरूको परिचय भइसकेको छ । रत्न थापाका सबै कविताहरू यही अवस्थामा नै प्रकाशित भएका छन् । यस समयभित्र पनि उनका कवितामा क्रमशः परिवर्तन र विकास भइरहेको देख्न सकिन्छ । तर जम्मै जसो कवितामा शैलीको निजी प्रयोग र बिम्ब र प्रतीकको चातुर्यपूर्ण प्रयोग भएको देख्न सकिन्छ । रत्न थापाका कविताको अर्को तत्व हो ताल र लयको सम्यक् प्रयोग । एक गीतकार हुनुको फाइदाबाट आधुनिक काव्यमा यो लयात्मकता आएको हुन सक्छ । तल उनको कविताबाट उद्धरण प्रस्तुत गरिएको छ—

भलाद्मी आगन्तुकको यौवन
नाङ्गो खम्बाको आसपास
त्यसै त्यसै बहुलाउँछ
खास खुस हुँदा हुँदै
लानातानीको होड चल्दा
एक छायाँ अर्को छायाँसंग
परस्परता टाँस्सिन खोज्छ
निष्कलङ्क सडक टल्केका आंखाले
प्रतिष्ठा धुलिएको दुर्दशा
हेर्न नसकी भाग्यलाइ कोस्दै
दुई हातले घपलक्क मुख छोप्छ

['सडक घपलक्क मुख छोप्छ' रूप-रेखा, पूर्णाङ्क २४, २०२०]

माथि उद्धृत कवितामा यौन भावनाका प्रतीक र बिम्ब छन् । रत्न थापाका कविताामा यौन विषयक प्रतीक र बिम्बको अनौठो र अपरम्परागत प्रयोग हुन्छ । बिम्ब संयोजन र त्यसैको माध्यमले कवितालाइ विकास गर्ने रत्न थापाको आफ्नै शैली हो र आधुनिक नेपाली कवितामा उनका कविता छुट्टै प्रयोग हुन् यस कुराको पुष्टि 'क्षितिजको भुत्ला...' (मुकुट) भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविताद्वारा अझ राम्ररो हुन सक्छ । रूप-रेखामै प्रकाशित 'देवकोटाको बेश्या-प्रति' (१८) 'एक युवती: एक बिजुली' (२३) 'सम्झौता–तिम्रो मेरो' (३८) 'आऊ हामी भालु लडाऊँ' (५१) जस्ता कविताहरूमा यौन मनोविज्ञानजनित काव्यको सर्वथा नवीन प्रयोग भएको छ। युगको व्यङ्ग्यबोध र निष्क्रिय यौनको अर्थ एक अर्कामा अवलम्बित छन् ।

पुष्कर लोहनी यस धाराका अर्को आधुनिक कवि हुन् । उनका कवितामा यौनजनित व्यंग्यको वर्णन पाइन्छ । तलको छोटो कवितामा जुवाको कौडी नारी अथवा योनीको वा बिम्ब भएको छ—

घोप्टो कौडीको कोमलता र सुन्दरतालाइ देखेर
हरेक युवती
ईर्ष्याले निधार खुम्च्याउँछन्
डाहाले छट्पटिन्छन्
साँच्चै नै आफ्नो प्रतिद्वन्द्वी ठानेर ।
हरेक युवती लाजले सर्माउँछन्
ठाडो कौडी देखेर
अनि आफै नै नाङ्गो उब्बे जस्तो लाग्छ
यहाँ मोर्चा भइसकेको छ
त्यसैले हरेक युवती घृणाले हेर्छन्
कौडीलाइ
आफ्नै सौता ठानेर ।

[लोहनी कौडी, रूप-रेखा २७]

रीतिकालीन कविताको शारीरिक रोमाञ्च र राग यस कविताको उद्देश्य हैन । यो कविताको मूल तत्व राग होइन तर कौडीको आकारलाइ आधार बनाएर जुवा र नारीको सम्बन्ध देखाउनु हो । अर्को अर्थमा यस कविता-मा नारी जीवनका असंगतताको र यौनजनित असामञ्जस्यताको चित्रण भएको-छ । त्यसैले यहाँ व्यंग्य ('आइरोनी') छ ।

अर्का कवि मदन रेग्मीको काव्य शैली मोहन कोइराला र द्वारिका श्रेष्ठको लेखनसंग निकै तादात्म्य राखतछ । मदन रेग्मीको उत्पत्ति 'रूप-रेखा'-को कविता विशेषाङ्क (अङ्क २४, २०२०) देखि भएको कुरा चाख लाग्दो छ र यस कथ्यले मदन रेग्मीको समसामयिकी र आधुनिक काव्यलाइ चिनाउँछ । उनीलाइ बिना कुनै अतिशयोक्तिको साथ 'रूप-रेखा' कवि भन्न सकिन्छ । मदन रेग्मीको काव्यमा बिम्बको प्रयोगमा नवीनता छ, र जीवनका तिक्त र विदीर्ण वस्तुको चित्रण पछाडि पनि केही सरला र पीडा छ । जस्तो:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मगन्ते प्वाले भाँडो जीवन
असन्तुष्ट किराहरू परालको मोटाइभित्र
संघर्ष प्रत्येक आफ्नोपनसित
प्रत्येक ढुंढेलिएका सपनाका
फुत्रा फात्रा बोकेर
पृथ्वी ममा एउटा फांसी भएर फुण्डिएको छ
केवल फूटो इतिहास थामेर...

[रेग्मी 'गाईजात्राको प्रथम चरणमा बहुला' रूप-रेखा, पूर्णाङ्क ७२]

'रूप-रेखा'-मा प्रकाशित करिब दुई दर्जन जति कवितामा मदन रेग्मीको शैलीका केही स्थायी विशेषाहरू छन् । वीभत्स, मूल्य-हीनता र जीवनमा सौन्दर्यको अभाव जस्ता केही तत्वलाइ उनका प्रायशः कविताहरूमा व्यक्त गरिएको पाइन्छ । तर विम्ब र प्रतीकको प्रयोगमा रेग्मीका कवितामा केही अनियन्त्रितपना छ जसले गर्दा तिनै विम्ब र प्रतीकले कविताको कलात्मक पक्ष, शिल्प र पक्ष संगठनलाइ कमजोर बनाएका छन् । तर उनका कवितामा आत्मविश्वास र आत्म स्वीकृतिको सम्यक् निर्वाह हुन्छ ।

ध्रुवचन्द्र गौतमका केही कविताहरू रूप-रेखा'-मा छापिएका छन् जसको विषयवस्तु र शैली–विधान 'रूप-रेखा' समूहका समसामयिक कवितासंग साम्य भएको कुरा तिनको अध्ययनबाट प्रष्ट हुन जान्छ । ध्रुवचन्द्रको 'रूप-रेखा'-मा पहिलो प्रकाशित कविताबाट लिइएको तलको उद्धरणमा सूक्ष्मता र कलात्मकता निकै राम्रो छ—

गुफा क्यालेण्डर र मन्दिरमा
आंखा चिम्ली, शान्त भएका चित्रहरू
शीत–ज्वरले पीडित छन्......
......त्यसैले, जब कसैले
बस्दै गएको आजित स्वरले
जीवनको विषयमा सुनाउँछ,
मलाइ एकाएक रुघा लागेर आउँछ !

[पूर्णाङ्क २४ 'तटस्थता : असफलता']

यस उद्धरणको आरम्भको गांभीर्य—ऐतिहासिक र कलात्मक सन्दर्भको विसंगतपना, पुछारको हरफमा आएर पल्टनबाजी खान्छ र विषयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधारणीकरण हुन्छ । 'मलाइ एकाएक रुघा लागेर आउँछ', त्यसैले अस्वाभाविक देखिएर पनि अर्थपूर्ण छ ।

पूर्णाङ्क ७४ मा प्रकाशित 'अवशेष नगर : एक परिचय' भन्ने कविता ध्रुवचन्द्रको 'रूप-रेखा' मा प्रकाशित सायद अन्तिम कविता हो । यो कविता, माथि उद्धृत कविता र अन्य सुरुका कविता जस्तो कलात्मक छैन; यसमा समसामयिक नेपाली कवितामा प्रयोग हुने कैयौं तथाकथित 'कुण्ठा'-बोधी बिम्बहरू ('जार्गन'हरू) छन् ।

'रूप-रेखा'-ले तीन कवयित्रीहरूका आधुनिक कविता प्रकाशित गरेको छ । ती तीन कवयित्री हुन् पारिजात, कुन्दन शर्मा र बानिरा गिरि । पारिजातका कविताबारे रूपरेखामै प्रकाशित एउटा समीक्षात्मक लेखमा ईश्वर बरालले लेखे—'पारिजातका कवितामा प्रायशः आख्यायक अथवा आख्यायिका कि आफुलाइ कि र भने अरूलाइ उद्देश गर्दै दुरन्त दुःख औ वर्णनातीत पीडाका लामा लामा तेरिज दिन्छन् । अस्तित्व औ अनस्तित्वका पीडाले, माया औ सत्ताका उहापोहले, जिजीविसा औ मुमूर्षाका समानकालिक अनुभवले, आशक्ति औ विरक्तिका द्वन्द्वले सर्व द्विधाग्रस्त द्वैतवादी हुन्छन् ।'[१५]

'रूप-रेखा'-मा प्रकाशित सातवटा जति कवितामा यही संकटग्रस्त भावनाको बाहुल्य छ । 'लाहुरेलाइ एक रोगी प्रेमिकाको पत्र' (पूर्णाङ्क ३७), 'मृत्युको अँगालोमा' (पूर्णाङ्क ४१), 'साथै मरौं' (पूर्णाङ्क ७०) जस्ता कवितामा 'अस्तित्वको पीडा' प्रबल र प्रखर छ । पारिजातको भाषामा प्रौढता छ र कविता कुनै पीडा वा आहतको विषय वरिपरि राम्ररी संगठित हुन्छन् ।

कुन्दनका कवितामा विषयवस्तु, बिम्ब, प्रतीक उक्ति वैचित्र्यको अनौठो सन्धि छ । तिनका कवितामा प्रौढता छ; माध्यममाथि कवयित्रीको पूर्ण नियन्त्रण छ र तिनका कुनै पनि बिम्ब र उक्तिहरू खेर जाँदैनन् । चित्रात्मकता र जीवन आसन्नता तिनका कविताका अन्य विशेषता हुन् । जीवनप्रति उनको दृष्टिकोण—

हामी सधैं त्रिकोणमा किन बाँचेका !
नायिका, नायक र खलनायकको यो नाटक
हामीले आफ्नो निम्ति किन रोज्यौं ?

---

१५. ईश्वर बराल 'पारिजातका कविता : संकटग्रस्त अहंका आलेख' रूप-रेखा, पूर्णाङ्क १६४, पृष्ठ ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन प्रत्येक फेरा हामी,
नायक अथवा खलनायक बन्छौं ?
एउटै जीवनलाइ पाउन,
सिगार्न, माया गर्न अनि आफ्नो बनाउन !
तर फेरि ढाँटिएकी नायिका;
किन नायकको भाग्यसंग जोडिन्छे ?

[कुन्दन 'ठुलो त्रिकोण–इश्वर मरेको संसारमा !' रूप-रेखा, पूर्णाङ्क ३९]

बानिरा गिरिको लेखन शैलीमा अपेक्षाकृत बढी संकुलता देखिन्छ। उनका कवितामा पनि 'रूप-रेखा' समूहका अन्य कविहरूको जस्तै बिम्ब बिधान र मध्यम वर्गीय मूल्यको विघटन भएको देखिन्छ। नारी मनोदशा, इतिहास र यौन स्थितिलाइ जनाउने प्रतीकहरू उनका कवितामा पाइन्छन्। विधवा नारीका—

वेदनामा बेहिसाव बेहिसाब 'आह ...'
रातका हाँगा हाँगामा कोपिलाएका छन्
शून्यताका हजारौं हजारौं उफ्...'
अँधेरीका पत्र-पत्रमा टाँसिएका छन्
बाबरीको एउटै थुँगा फूल
चुपचाप चुपचाप पलङ्मै आइलिसकेको छ
एउटी विवश रात
बिचरी विधवा रात।

[बानीरा 'एउटा अभिव्यक्ति : विधवा रात' रूप-रेखा, पूर्णाङ्क ५३]

प्रेमा शाहका कविता 'रूप-रेखामा'-मा त्यति धेरै छापिएका छैनन्। तर जति प्रकाशित छन् तिनीहरूमा विषय र शैलीको राम्रो समन्वय छ। प्रेमको परम्परागत रागात्मकता नभएर प्रेमको जीवन वा यथार्थ सामिप्यता तिनका कवितामा पाइन्छ—

जाडोका ती रातभर
तिमीलाइ
यी ओठका न्यानो आवरणमा
गुट्मुट्याएर
मैले तिम्रो कानमा
प्रणयका कति गीत भरिसकेको छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब त
प्रिय तिमी
रेष्टुरांको टेबिलमाथि
तीन घण्टादेखि
चिसिएको एक कप
चिया मात्र हौ... ।

[प्रेमा "प्रेमिकालाइ प्रत्युत्तर" रूप-रेखा, पूर्णाङ्क २४]

अन्य समसामयिक कवयित्रीहरू रूप-रेखामा फाट् फुट प्रकाशित भएका छन् । तिनमध्ये यूँ, बेन्जु, विजया बराल, सावित्री सिंह. तोया गुरुङ, आदि छन् ।

पोषण पाण्डे र मोहन हिमांश थापाका कबिताहरूमा विम्ब र प्रतीकका प्रयोगको अपरम्परागत प्रयोग, उक्ति वैचित्र्य र कविताको उचित संगठन पाइन्छ । थापाको "खुकुरीमाथि एक चौटा बादल" आधुनिक नेपाली कतिवाको इतिहासमा धेरै महत्व राख्ने र बिम्ब प्रयोगको नवीनतामा मार्ग दर्शन गर्ने कविता मध्ये एक हो । पोषणका कवितामा पनि त्यस्तै कलात्मकता छ । र समसामयिकी नेपाली कवितामा देखिने अति प्रयोग तिनमा छैनन् । तिनमा शिल्प र विषयको उचित सन्धी छ । 'रूप-रेखा'मा कविता छपाएका रत्नदेव शर्मा, मदन ढुङ्गाना, रमेश धिताल, वासु शशी, विश्व केशर, मास्के, वीरेन्द्र, शंकर लामिछाने, हरिभक्त कटुवाल, पुण्यप्रसाद सुवेदी, कुमार नेपाल, कालिप्रसाद रिजाल, कृष्णप्रसाद श्रेष्ठ सबै नेपाली कविताका सम्प्रती धाराका कविहरू हुन् ।

शंकर लामिछानेले धेरै कविता लेखेका छन् र ती प्रायशः 'रूप-रेखा-'मा नै प्रकाशित भएका छन् । कुमार नेपालका यौन भावना र तत्सम्बन्धी विम्ब र प्रतीक भएका कविताहरू सबैजसो नै 'रूप-रेखा'-मा छापिएका पाइन्छन् । त्यस्तै विश्वकेशर मास्केका प्रायशः कविताहरू, जम्मा द्वारिका श्रेष्ठको शैली साम्यता पाइन्छ 'रूप-रेखा'-मा मात्रै प्रकाशित भएका छन् । यस तथ्यको आधारमा यी तीन कविहरूलाइ पनि 'रूप-रेखा' समूहकै कवि भन्नुपर्दछ ।

माथि चर्चित काव्यधारा 'रूप-रेखा'-कै पछिल्ला पृष्ठहरूमा शिथिल हुँदै गई नयाँ कविहरूको नयाँ शैली र प्रयोगको, उदय हुन लागेको देखिन्छ । ती कविहरूमा विमल श्रेष्ठ निभा, हेम हमाल, शैलेन्द्र साकार, ज्ञान उदास, नगेन्द्र थापा, भाउ पन्थी छन् । तिनका कवितामा माथि चर्चित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'रूप-रेखा'–समूहका कविहरूमा जस्तो संकुलता छैन, बिम्ब र प्रतिकको प्रयोगमा यी कविहरू यथार्थवादी छन् र पूर्व र पश्चिमका अनेक शास्त्रबाट पुरावृत्तीय प्रतिक र बिम्ब लिनबाट नेपाली कविता थाक्तै गई अनुभूतिको सरल आभिव्यक्ति गर्नु नै कविहरूको उद्देश्य देखिन थालेको छ। 'रूप-रेखा' समूहका आधुनिक कविहरूले शैली पक्षको महत्व व्यक्त गर्ने र शिल्प र विषयको सम्बन्धद्वारा अनुभूतिजनित कुरालाइ कवितामा व्यक्त गर्ने जुन परम्परा बसाए त्यसले आजको नेपाली कवितालाइ नयाँ युग र चरित्र र नयाँ आयाम दिएको छ। भर्खरका कविहरूका केही उद्धरणबाट यो कुरा अझ प्रस्ट गर्न चाहन्छु। बुद्धि र शास्त्रप्रतिको विकर्षण--

वचाइ हो सबै बाँचिदिन्छन् यसरी नै चोक बजारमा उभिएर
बिसाइ हो सबै बिर्सिदिन्छन् यसरी नै चोक बजार र बिसाइमा।
आकास कुर्छ—मेरो टाउको थिचेर
टाउको उठाउन सक्दिनँ आकासको थिचो धर्तीमा
हलुङ्गो आकास गह्रौं भइदिन्छ
विचार नै यसको थाम्न नसक्ने... भार।

[नगेन्द्र थापा, रूप-रेखा, पूर्णाङ्क ९०]

संगठनको सरलता र व्यंग्यको कलात्मक प्रयोग—

जब कुनै चटकेको
चटक झैं
सुर्जे
एक्कासि हराउँछ
र हिस्सी परेकी एउटी काली ठिटी मेरो अघि उभिदिन्छे
म दैनिक संघर्षले पराजित भएर
चुपचाप निदाउने प्रयत्न गर्ने थाल्छु।

[विमल 'निभा', रूप-रेखा, पूर्णाङ्क १४७]

चित्रात्मकताको माध्यम र अनुभूतिको सरलता--

एउटा सडक लम्बिएको छ पर...
...परसम्म
बोकेर असंख्य उदासीनताहरू
यहाँ लडीबुडी खेल्न खोज्छन्
मेरा पाइतालाहरूसंग
तर म कुल्चन सक्तिनँ!
--यद्यपि
मेरो अधूरो क्यानभासमा
देखा पर्छन् मेरै अधूरो चित्र
विकृत रूपमा रेखाहरू
किरिङ–मिरिङ [ज्ञान उदास, रूप-रेखा, पूर्णाङ्क ५०]

हिजो आज 'रूप-रेखा'-मा र अन्य नेपाली पत्रिकामा पनि कविताहरू च्याउटे हुँदै गएका छन्। 'रूप-रेखा' समूहका कविहरूले एउटा युगलाइ अद्भुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाराले स्वीकारे (बहिष्कार गरेर पनि स्वीकारे) जसरी रोमान्टिक काव्यधारा-लाइ नेपाली रोमान्टिक कविहरूले केही बढीपन ('एक्सेस्') बाट स्वीकार गरे त्यसरी नै आधुनिक युगलाइ 'रूप-रेखा-समूह'-का कविहरूले अन्धकारको मुकुण्डो लगाएर, साँच्चिकै जीवनका कोमल भुवाहरू छामेर, चाहिनेभन्दा बढी ढर्रा पारेर अनावश्यक क्लिष्टता थोपरी आफैं अन्धाधुन्धमा परी प्रयोगको होड-बाजीमा 'अर्थं नपाई गोविन्द गाई कपाल दुखेको औषधी नाइटामा लाई' चरि-तार्थ गरी कविता लेखेर स्वीकारे। यो त उनीहरूको केही कमजोरी र उत्ताल हो तर पनि तिनले नेपाली काव्यको विचार, शैली र भावुकताको नयाँ आयाम कायम गरेर नेपाली वाङ्मयमा एउटा नौलो आत्मविश्वास र सम्भावना पनि थपिदिए। तिनका कवितामा व्यङ्ग्य छ तर समाज-परक व्यङ्ग्य मात्र नभएर आत्म व्यङ्ग्य पनि छ। प्रगतिले जुन यथार्थवादलाइ कवितामा ल्यायो र प्रयोग-को श्रीगणेश गऱ्यो त्यसको तेस्रो आयाममाथि चर्चित कविहरूले थपे। कृष्ण-चन्द्र सिंह प्रधानद्वारा लिखित हास्य-व्यङ्ग्य कविता 'लूजफिट' (प्रगति, पूर्णाङ्क १६) ले परिवर्तनशील नेपालको अनिश्चितता र युगको वैविध्यलाइ प्रस्तुत गरेको छ भने 'रूप-रेखा' कालमा आएर त्यो वैविध्य अनुभूतिपरक पनि भयो र रूप-रेखा-समूहका कविहरूले त्यस अनुभूतिलाइ नयाँ बिम्ब विधान, मूल्य संघ-टन, विघटन प्रतीक र पुरावृत्तको युग सान्दर्भिक प्रयोग, पीडाको ठिक र अतिशयो-क्तिपूर्ण वर्णन, आधुनिक दुरूह चित्र कलाको जस्तै एउटा केन्द्र बिन्दुलाइ आधार राखेर पनि रङ्ग र रूपको वैविध्यद्वारा मन र शरीरको सिंगो कलेवर निर्माण गरेर व्यक्त गरे। रूप-रेखा यी कविहरूको रङ्गमञ्च हो, छहारी हो र एक 'क्याटालिटिक एजेन्ट' हो। यी कविहरूको समसामयिकता नै रूप-रेखाको समसामयिकता हो। २०१७ सालदेखि यताको नेपाली कविताको इतिहास आधुनिक इतिहास हो। ईश्वर बरालले लेखे--'२०१७ भनेको पात्रोले किटान गरेको समय विशेष होइन। यस सालदेखि पूर्वंग कविता सम्वेदना, संधारणा, विचारणा, भावबोध, विषय वाग्रचना, शब्द चयन, बिम्ब-योजना, प्रतीक विधान, मिथक प्रणिधान औ रूपक प्रस्तुतिका बिपरीत युवा कवि लाग्न थालेको-ले यो साल नेपाली काव्य साहित्यका प्रवाहको विशिष्ट पनढल भयो।'[१६] रूप-रेखा २०१७ सालदेखि प्रकाशित हुन लागेको भए तापनि ईश्वर बरालले सम्पूर्ण साहित्यिक दृश्यलाइ यी हरफमा व्यक्त गरेका हुन् तर यो थालनीलाइ लिएर आधुनिक नेपाली काव्यको युग निर्माण गर्ने काम भने रूप-रेखाले नै गरेको हो।

कालधारा, काठमाडौं। ○

---

१६. ईश्वर बराल 'पारिजातका कविता...' रूप-रेखा, पूर्णाङ्क १६४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल यातायात संस्थान

यातायातको विकासलाइ विभिन्न योजनाहरूमा बढीसे बढी प्राथमिकता दिन थालिए अनुरूप अधिराज्यमा यातायातको विकास द्रुत गतिले बढ्दै जान लागे। बढ्दो यातायात सुविधा भए तापनि संचालकहरूको मनोमानीको कारण ढुवानी दरमा आएको अस्थिरता, मालसामानको कृत्रिम अभाव, ढिला सुस्ती अनावश्यक मूल्य वृद्धिलाइ नै हटाउने क्रममा २०२१ साल माघ १९ गते नेपाल यातायात संस्थानलाइ संस्थान ऐन २०२१ अन्तर्गत श्री ५ को सरकारले स्थापना गरियो। यसको मूल उद्देश्यहरू देहाए बमोजिम छन्:—

(क) रोपवे, रेलवे र अन्य यातायात साधनलाइ जनताको सुविधा र आर्थिक हितको ख्याल राखी व्यापारिक सिद्धान्तको अनुसरण गरी संचालन गर्ने, (ख) यातायातका सबै साधनहरूलाइ एकीकरण गरी सुसगठित र सुव्यवस्थित रूपमा चलाउने, (ग) यस संस्थानद्वारा संचालन गरिने यातायात सेवा र सो सम्बन्धी क्षेत्र श्री ५ को सरकारद्वारा निर्धारित भएपछि सो सेवा लाइ कुशल, किफायत र सुचारू रूपबाट चलाउने।

यस संस्थान अन्तर्गत देहायका यातायात साधनहरू संचालन गरिन्छन्:—

(क) *रोपवे सेवा:*——पहाडी मुलुकमा रोपवे सेवा छिटो, सस्तो र भरपर्दो सेवा हो। यो पहाडको एक श्रृंखलाबाट अर्को श्रृंखला भएर गर्न सक्ने कारणबाट कुनै पनि लामो दुरी पनि धेरै नै छोटो हुन जान्छ (जस्तै हेटौंडा–काठमाडौं सतह मार्गबाट १३३ किलोमिटर हुन्छ भने रोपवेको दुरी खाली ४३ किलोमिटरमा छ। यसको साथै यसमा हावापानीको असर खाम गरी सतह मार्गको दाँजोमा निकै कम हुन्छ। रोपवे सेवा संचालनमा सबभन्दा ठुलो फाइदा नै आत्मनिर्भरता भन्न सकिन्छ कारण अरू साधनहरू संचालन गर्न विदेशबाट आयात गरिएको महंगो तेलमा भर पर्नु नपरी आफ्नै देशमा उत्पादन हुने विद्युत शक्तिबाटै संचालन गर्न सकिन्छ। यसको क्षमता २५ टन प्रति घण्टा सामान भित्र्याउन सकिन्छ। यसरी नै करीब १२.५ टन सामान प्रतिघन्टा बाहिर पठाउन सकिन्छ। यो आवश्यकता अनुसार १।१ सेक्सन मात्र पनि संचालन गर्न सकिन्छ। यसको संचालनमा ४५० अश्वशक्ति विद्युतको आवश्यकता पर्दछ। विभिन्न लाभको कारणले नै संयुक्त राष्ट्र संघको सहयोगबाट भएको सुदूर पश्चिमाञ्चल क्षेत्रमा सुर्खेत-जुम्ला, सुर्खेत-सांफे बगर, पश्चिम क्षेत्रमा बाग्लुङ्ग-जोमसोम, पूर्वी क्षेत्रमा धनकुटा-चैनपुर, भोजपुरको सर्वेक्षण प्रतिवेदन प्राप्त भैसकेको छ। ती प्रतिवेदनको आधारमा अत्यावश्यक क्षेत्रमा रोपवे स्थापना गर्ने आवश्यक प्रयास भै नै रहेको छ।

(ख) *रलवे सेवा:*— यो सेवा धेरै दिनदेखि संचालन भएर आए तापनि यसको लोकप्रिय बढाउँदै लैजान सकिएको छैन। हुन त रेलवे सेवालाइ अरू देशहरूमा निकै लाभदायक सिद्ध भए तापनि भौगोलिक दृष्टि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोणले हामीकहाँ यसको विकासमा गतिशीलता उत्पन्न नभएको मान्नु पर्छ। रेलवे संचालन लायक अधिराज्यको तराई क्षेत्र नै भएको आधारमा अधिराज्यमा २ दुई वटा न्यारो गज रेलवेहरू वीरगंज र जनकपुरमा मात्र संचालित छन्। रक्सौलदेखि अमलेखगंजसम्म २९ माइलको रेलवेमा २०२६ सालदेखि रक्सौल वीरगंज खालि ४ माइल मात्र माल गाडी मात्र संचालन गरी वीरगंज देखि अमलेखगंजसम्म बन्द नै गरिएको छ। जनकपुरतर्फ जयनगरदेखि जनकपुर हुँदै विजलपुरासम्म ३३ माइलको रेलवे सेवा हाल पनि यात्रु एवं मालसामान परिवहन गर्नमा ठूलो योगदान दिई आएको छ। जनकपुर रेलवेमा आवश्यक सुदृढीकरण यस वर्षदेखि चालु छ। वीरगंज रेलवेतर्फ रक्सौल-वीरगंज बिच पनि मिटर गजको सर्भेक्षण गर्ने प्रयास जारी छ।

(ग) *ट्रकिंग सेवा:–* रोपवे सेवा हेटौंडा–काठमाडौं बिच रहेको र रेलवे सेवा रक्सौलदेखि हेटौंडासम्म सिधै मालसामान वसारपसार गर्न सकियोस् भन्ने हेतुले नै संचालनमा ल्याइएको हो। यसरी ७ वटा ट्रकले सुरू गरिएको ट्रक सेवा विस्तार हुँदै करिब ५० वटा प्रायः नयाँ ट्रक हाल बढ्दो यातायातको सुविधा अनुरुप अधिराज्यको विभिन्न क्षेत्र एवं भारतको कलकत्ता बन्दरगाहदेखि सिधै काठमाडौं र अन्य स्थानहरूमा कन्टेनर सेवा पनि संचालन गरी आएको छ। परिवहन खर्चलाइ के कसरी घटी गर्न सकिन्छ भन्ने विचारबाट ट्राक्टटेलर जस्ता साधनहरू पनि प्रयोगमा ल्याउने प्रयास भइरहेको छ।

(घ) *ट्रलिवस सेवा:–* अधिराज्यमा नौलो किसिमको ट्रलिबस सेवा काठमाडौंदेखि भक्तपुरसम्म करीब १३ किलोमिटर लामो चिनीयाँ सहयोग अनुरूप २०३२ साल पुसदेखि संचालन गर्दै आएको हो। यो ट्रलिबसले प्रतिदिन १५,००० यात्रु ओसारपसार गर्न सक्छ। हाल संस्थानको २२ वटा ट्रलिबसहरू छन् र एक वसको संचालनमा ८० अश्व शक्ति विद्युत खर्च हुन्छ। यसबाट पनि तेलको बढ्दो भाउमा भर नपरी आत्म निर्भरता बनाउन नै सक्षम तुल्याएको छ।

(ङ) *अटोवस सेवा:–* यस संस्थानले बढ्दो राजमार्गहरूमा एवं सहरी क्षेत्रमा बढी यातायातको सुविधा उपलब्ध गराउने बिचारबाट आर्थिक वर्ष ०३३ देखि अटोवस सेवा पनि संचालन गर्दै आएको छ। अगाडि सहरी क्षेत्रमा मात्र सीमित राखिएको यस सेवालाइ काठमाडौं पोखरा-वीरगंज र जनकपुरमा पनि संचालन गर्दै आएको छ। हाल संस्थानसंग २५ वटा वसहरू छन्। यस सेवालाइ उपत्यका बाहिर विस्तार गर्दै लग्ने कार्यक्रम छ।

संस्थानले संचालन गरी आएको विभिन्न सेवाहरूको सफल कार्यान्वयनमा संस्थानको अतिरिक्त जन साधारणको पनि सहयोग अत्यावश्यक भएको सर्व विदितै छ। २०२४ देखि २०३४ को १० आर्थिक वर्षभित्र नेपाल यातायात संस्थानले कूल १८२,१२,०२३ यात्रु र ११,०५,३९८ टन सामान ओसारी देश सेवाको कार्यमा पूर्ण सक्रियताका साथ कर्तव्यनिष्ठा हुँदै आएको छ।

वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुग्ध विकास संस्थान

एक परिचय

(क) दुध उत्पादन	आ० व० ०३१।३२	आ० व० ०३२।३३	आ० व० ०३३।३४
काठमाडौं दुग्ध वि० आ०	३७,४८,९९७	५०,४६,३५३	६६,३२,६०९
विराटनगर दुग्ध वि० आ०	४,५१,४४२	७,२७,९६०	१२,३५,५५५
हेटौंडा दुग्ध वि० आ०		७,४८,३६४	१४,४७,६८९
(ख) चीज उत्पादन			
याक चीज	४२,०००	५३,२००	५३,६००
भैंसी चीज		२,८००	९,६००
(ग) मखन उत्पादन	३७,५००	५०,५००	९९,७६१

वि.

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

तेत्तीसौं

शुभ-जन्मोत्सवको उपलक्ष्यमा

मौसूफको सुस्वास्थ्य एवं चिरायुको कामना सहित

भक्तिपूर्वक शुभकामना टक्र्याउने

विराटनगर जुट मिल्स लि.

विराटनगर, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरेलु शिल्पकला बिक्री भण्डार (प्रा.) लि.

देशमा संचालित घरेलु तथा ग्रामीण उद्योगको संरक्षण र विकास तथा विस्तारको लागि श्री ५ को सरकारले २०२१ सालमा घरेलु तथा ग्रामीण उद्योग अन्तर्गत घरेलु शिल्पकला बिक्री भण्डार खडा गरेको हो। बिक्री भण्डारको कामको प्रक्रियातर्फ विचार गर्दा व्यापारिक तथा सेवाको दुवै प्रकारको भएको हुँदा कम्पनीको रूपमा संचालन गर्न वाञ्छनीय देखी श्री ५ को सरकारले यसलाइ २०२३ सालदेखि कम्पनी ऐन अन्तर्गत प्राइभेट लिमिटेडमा परिणत गरेको हो र यसको जायजेथा रू. १२,३२,६००।– रूपियाँ समेत चुक्ता पूँजीको रूपमा हुन आएको छ ।

यसको उद्देश्य: नाफा नोक्सान बराबरको सिद्धान्तका आधारमा देशको घरेलु उद्योग संचालन, प्रवर्धन र विकासका लागि काम गर्नु, घरेलु तथा ग्रामीण उद्योगका लागि आवश्यक र आधारभूत दुई किसिमका सुविधाहरू (क) कच्चा पदार्थको आपूर्ति र (ख) यस्ता उद्योगबाट तयार गरिएका वस्तुको बिक्री प्रवर्द्धन गर्नु, घरेलु ग्रामीण स्तरमा संचालन हुने सबै किसिमको उद्योगहरूलाइ उपर्युक्त किसिमको सुविधा उपलब्ध गराउन नेपाल अधिराज्यभरि र विशेषत: दुर्गम र पिछडिएका भेकमा यस भण्डारको प्रशाखा उप-शाखा आदि खोल्दै लगी सेवा विस्तार गर्नु, रोजगारी सिर्जना गर्न अत्यावश्यक भएका ठाउँमा घरेलु स्तरका रू. (२,००,०००।–) सम्मको कारखानाको व्यवस्थापन आफ्ना हातमा लिई संचालन गर्ने नयाँ ठाउँमा अगुवा उद्योग स्थापना गरी ग्रामीण स्तरमा उद्योगको विस्तार विकास र प्रवर्द्धन गर्नु, श्री ५ को सरकारलाइ चाहिने सामानहरू क्रमश: स्वदेशी उद्योगहरूबाट उपलब्ध गराउनु, कालिगढ तथा साना उद्योगीहरूलाइ चाहिने मेशीन औजार, पार्टपूर्जा, यन्त्रहरू सरल मूल्यमा बिक्री वितरण गर्नु, स्वदेशी उत्पादनहरू अन्तरराष्ट्रिय बजारमा बिक्री व्यवस्था गर्न आवश्यक सहयोग तथा प्रबन्ध मिलाउनु र श्री ५ को सरकारले घरेलु तथा ग्रामीण उद्योग विकास तथा विस्तारमा समय समयमा दिएको निर्देशनहरूको कार्यान्वयन गर्नु रहेको छ ।

यस उद्देश्य पूर्तिका लागि घरेलु शिल्पकला बिक्री भण्डारको शाखा २०१२ सालमा काठमाडौंको सहरमा मात्र सीमित थियो । हाल ग्रामीण जनतासंग ग्रामीण औद्योगिकरणको कार्यक्रममा घरेलु तथा ग्रामीण उद्योगसंग सम्मिलित भई यस भण्डारको शाखा पूर्व मेचीको इलामदेखि पश्चिमको महाकालीको दाचुंला जिल्लामा समेत गरी पोखरा, पाल्पा, नारायणघाट, भरतपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुर्खेत, धरान, धनकुटा, नुवाकोट र रसुवा जिल्लाहरूमा खोली सकिएको छ र उल्लिखित सेवा पुऱ्याउँदै आएको छ ।

व्यापारिक दृष्टिकोणभन्दा घरेलु स्तरमा लागेको साना उद्योगीहरूलाइ भावी उद्यमी, आफ्नो र देशको आर्थिक उन्नतिमा अग्रसर गराउन र क्रमश: देशलाइ स्वावलम्वनतिर अग्रसर गराउने भण्डारले आफ्नो सीमित साधनको बावजूद पनि ठूलो भूमिका खेलेको छ ।

आफ्नो सेवाकार्यलाइ यथावत् राखी अझ बढी प्रभावकारी ढंगबाट संचालन गर्न श्री ५ महाराजाधिराज सरकारको सदीच्छा र समय समयमा हुकुम भएको निर्देशनहरूलाइ पालन गर्न र घरेलु तथा ग्रामीण उद्योगको कार्य-क्रमलाइ जनमुखी वनाउन र ग्रामीण जनजीवनमा औद्योगीकरणको वातावरण सृजना गर्न नेपालीलाइ आत्म निर्भरतातिर लम्काउन बिक्री भण्डारले ठोस भूमिका खेल्न सक्ने कुरा निर्विवाद छ ।

वि०

श्री ५ महाराजाधिराजको ३३ औं

शुभ जन्मोत्सवको उपलक्ष्यमा

शुभ कामना चढाउँछौं !

नेपाल च्याम्बर अफ कमर्स

नेपाल बैंक भवन नं. २

काठमाडौं ।

फोन नं. १२००५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकार

को

जुनाफमा

सभक्तिपूर्वक मंगलमय शुभ-कामना

चढाउँदछौं !

नेपाल चामल तेल उद्योग संघ

मीरा होम, खिचापोखरी

काठमाडौं ।

फोन नं. ११९३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
३३ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा भक्तिपूर्वक
शुभकामना चढाउँदछौं ।

नेपाल वनस्पति घ्यू उद्योग लिमिटेड

आत्म निर्भरतातर्फ नेपालीको अर्को एक कदम ।

शिलान्यास : २०३३ पौष २०
कारखाना निर्माण समय : सोह्र महीना
परीक्षात्मक उत्पादन शुरू गर्ने लक्ष्य : चैत २०३४,

क्षमताः ५००० टन घ्यू प्रति वर्ष
कच्चा पदार्थ : तोरी तथा बदामको तेल

यो कारखाना तयार भएपछि देशका पाउरोटी, बिस्कुट उद्योग, हल्वाई तथा अन्य उपभोक्ताको आवश्यकता पूरा गरेर पनि निर्यात गर्न सकिने छ ।

नेपाल वनस्पति घ्यू उद्योग लिमिटेड

हेटौंडा

पुस २०३४ -५३१-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"वन सम्पदा राष्ट्रको लागि अपरिहार्य भएकोले हामीले यसको सुरक्षा गर्नु परेको छ।"

–श्री ५ वीरेन्द्र

वन जङ्गल मात्र होइन वन्यजन्तु र चराचुरुङ्गी पनि
हाम्रा राष्ट्रिय सम्पत्ति हुन्। तिनको सुरक्षा र
वृद्धि हाम्रो राष्ट्रिय समृद्धि हो।

सौजन्य : सूचना विभाग

प्रत्येक बुद्धिजीवीका लागि संग्रहणीय

हु इज् हु-नेपाल

(१९७५–१९७७)

विशिष्ट नेपाली व्यक्तिहरूको परिचय

काठमाडौं स्कुल अफ् जर्नालिज्म

पो. ब. नं. १३८१, डिल्लीबजार, काठमाडौं

विश्व परिचय

(विश्व–कोषको लघुरूप)

सम्पादक तथा प्रकाशक:

धुवराज सिंह कार्की

७/२७५ कोहिटी टोल

मैशीदेवल, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—जगदीश शम्शेर

'रूप-रेखा'—एक घनिष्ट दृष्टिकोण

मूल्यांकन बदलने वेला घड्किसकेर पनि हाम्रो चेत खुलेको छैन। इतिहास ठुला बडाको प्रशस्ति र शासनाध्यक्षको कार्यकला या बोलवाला वर्गको चकचकीलाइ मान्नु भूल हो भन्ने आधुनिक इतिहासकारहरूले समेत ठम्याइसकेपछि पनि लागेको बानी छुट्दैन।

नगण्य मानिएकाको इतिहास भनौं या जीवनको समाजपक्ष भनौं विचित्रको हुन्छ। महांकालको विप्लवले थुपारेको पहाडमुनि ढाकिएर बसेका साधारण जनताका असाधारण कार्यकलापमा इतिहासका अद्‌भूत दृष्टि ढाकिएको हुन्छ। त्यस्ता दृष्टि प्राप्त गर्नालि मात्र ऐतिहासिक चेतना चिन्तकको मनमा प्रज्वजित हुन्छ ऐतिहासिक महत्वका कुरा यी नै हुन्। चमत्कारी मानव जातिको जान्नयोग्य समाज पक्ष यसैको आसपास खोज्नु पर्छ।

आजभोलि आफैले देखेको एक साधारण उदाहरण दिन्छु। सिमलाको फेदीदेखि माथि सहरसम्म जान करिब तीस कोष राजमार्गमा बाटो काट्ने नेपाली श्रमिक प्रशस्त लागेका छन्। घरदेखि कैयौं कोष टाढा केवल दुई छाक पेट भर्नको लागि यी श्रमिक, परिवारै लिएर त्यहां पुगेका छन्। न बस्ने ठहर, न ओतने छाना, रोग व्याधि दिनदिन एकै कामको पटेर खपेर बांचेका यी आदि मानवका सन्तानको मानिसमा गणना नहोला। तर तिनकै ठाउँमा हामी पाठक मध्ये एक आधाको परिवार गएर वेहोर्न परे शारीरिक र मानसिक वहन शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कति दिन टिक्ला ? कति दिन धान्न सकौला यो ऐतिहासिक बोझ ? मानव शास्त्रीले, अर्थशास्त्रीले र इतिहासकारले यो काँढलाइ नगण्य मानेसम्म हाम्रो परम्परागत दृष्टिकोण हराउँदैन । यो अगम्य सामना गरेर पनि नबिलाउने मानवजातिको अद्वितीय उदाहरणमा नै ठुल-ठुला आदि जीव बिलाउँदा पनि आफ्नो अस्तित्व धर्तीमा कायम राख्न सकेका मानव जातिको विशेषता अंकित पाइन्छ । करोडौं कमारा लगाएर बनाएका सप्ताश्चर्य, विशेषाधिकार प्राप्त गरेर र विशेष साधन उपलब्ध गरेर बनेका विक्रम जीतको व्याख्या र प्रशंसा भरिएका इतिहासका किताबको मूल्यांकन त्यसैले मलाइ एकलकांटे लाग्छ ।

नेपालीको बारे चर्चा गर्दैमा यो देशको राजनैतिक इतिहास, वंशावली र तथाकथित धार्मिक गतिविधिका प्रमुख मानिएका केही विषयले आँखा र कान डम्म ढाक्न थाल्छन् । काठमाडौं उपत्यकाकै बारे लेख्नेले पनि यहाँका यी कैयौं भव्य मन्दिर र अमूल्य मूर्तिहरूको मूल्यांकन अझै गर्न सकेका छैनन् । कुन राजाको पालीमा बनेको भन्ने चर्चा र कुन शताब्दीको भन्ने अडकलमा सम्म हामी पुगेका छौं । 'यो ताकको आश निरासामय र उत्साह, संकट र यातना, उपलब्धि र अभाव, दर्शन र दीनचर्या अवगत गरेर ऐतिहासिक चेतनाले निश्चुक्क हुने दिसा ताकेका पनि छैनौं, त्यतातिर लाग्ने र पुग्ने त कुरा नै वर रह्यो ।

भानुभक्त विनाको हाम्रो इतिहास भएको भए कतिको मर्त्यचोला नीरस भएर बित्ने थियो । नेपाली पाठ्य पुस्तकबाट लेखनाथलाइ धपाइदिनाले के अनर्थ हुन्छ त्यो जान्न हामीले बालक कालदेखि चढेका भाषाज्ञानका सिंढी संक्षिए पुग्छ । देवकोटा विनाको नेपालको कल्पना स्वादिलो होला ? यी सबैको महत्व दुई दुना चारको हिसावले ठम्याउन गाहारो हुन्छ । अघि नै भनिसकें मूल्यांकन दोषी छ । ईसा पूर्व छैटौं शताब्दीमा युनानी सभ्यताले ओतप्रोत भएको सुनौला ग्रीसलाइ करिब पाँच छ शताब्दीपछि संगीनको बल र रगतको धाराद्वारा रोमका शासक वर्गले जिते तर त्यो कैयौं शताब्दी पुरानो युनानी सभ्यताको आँचले सारा ईटालीलाइ ढाक्यो । त्यही फिलिंगोले जलेर र खारिएर ईटालीमा नयाँ सांस्कृतिक युग सुरू भयो । नगण्य दुनियाँदार मानिएका भोका नांगा निरक्षरले कैयौं ठाउँमा कैयौं पटक इतिहासको मोड बदले, यही दृष्टिले आजको शुभ घडी "रूप-रेखा" को २०० अंक छापिएको कडीलाइ ओल्टाई पल्टाई हेर्न मन लाग्छ । यो हाम्रो नगसी आडंबर नै किन नहोस् !

साहित्यिक पत्रिका छपाउनु, चलाउनु र यसलाइ धान्नु सजिलो कुरा होइन । त्यो पनि मासिक साहित्यक पत्रिका निरन्तर चलाएर २०० अंक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्म धान्नु, त्यो पनि नेपालजस्तो अविकसित मुलुकको राजधानीमा मलाइ त आठौं आश्चर्य नै लाग्छ। वेलायतको राजधानीमा ईज्रा पाउण्ड र ईलियटले बल लगाउँदा पनि चल्न नसकेर काइटेरियन (Criterion) साहित्यिक पत्रिका रोएर बंद गर्नु पर्‍यो। भारतको विस्तृत दोआवमा त्यो पनि करोडौंको भाषा हिन्दीमा चलेका साहित्यिक पत्रिकाले धान्न नसकेर कायाकल्प बदल्नुपर्‍यो। असी हजारको वितरण भएको 'कादम्बिनी' पत्रिकाको साहित्यक जन्म आजै 'पुराने' नांगो से निपटना अभी बांकी है' गृहमन्त्री चरणसिंह-जस्तो रोमान्चकारी राजनैतिक आवरणमा परिणत भएर बाँचेको छ। तर 'रूप–रेखा" धिपधिप गरेरै बांचे पनि सुरुमा मन्दा आवरण लेख तथा वितरणमा सुधार नै भएको छ–तेल निखिएको छैन।

वास्तवमा भन्ने हो भने हाम्रो नेपाली साहित्यले अझै पनि पत्रिका साहित्यको स्तर नाघ्न सकेको छैन। हाम्रो साहित्यको यस्तो अवधिमा 'रूप–रेखाको' अद्वितीय देन रह्यो मन्दा अत्युक्ति हुँदैन।

ह्रासोन्मुख समाजमा रहेर दांतेले अपूर्व साहित्य लेखेका थिए। कतिपय जिब्रो थुत्ने परिस्थितिमा रहेका साहित्यकारका ग्रन्थहरू विश्व साहित्यका अमूल्य रत्न बनेका छन्। सच्चा साहित्यकारको चुरो बलियो हुन्छ। सरस्वतीका बरदपुत्र अदमनीय हुन्छन्। लक्ष्मीको लछार पछारले सहजै ढाल्न सक्तैन तर आशा खान नपाई सहधर्मी तथा समकालीन पाठक वर्गसंग सम्बन्ध स्थापना नगरी साहित्यकार बांच्न सक्तैन। अविकसित तथा ह्रासोन्मुख समाजमा यी सबै कुराको कति अभाव रहन्छ त्यो बताइरहनुपर्ने कुरा होइन। पलायन र हतोत्साहले निसास्सिएर र कतै सहारा नपाएर कतिपय हाम्रा साहित्यका फूल कोपिलामा नै ओइलाए, त्यो संझदा भकानो छुट्छ। यस्तो परिस्थितिमा स्थायी अस्तित्व कायम गरेर 'रूप-रेखा'ले कतिपय मेरा समकालीन साहित्य बन्धुलाइ मृत्युतृष्णा छाडेर बांच्ने इच्छातिर फर्कायो। यत्रो पुरुषार्थ संसारका कति साहित्यिक पत्रिकामा भयो होला र?

'रूप–रेखा'को साहसिलो निष्पक्ष र सुदृढ प्रांगणमा निस्फिक्री खेल्न पाएर नै मैले आफ्नो साहित्यिक गतिविधिको स्थिति बसालें। मोहन कोइराला, 'इन्द्रेणी, र 'प्रगति'मा जन्मेरै 'रूप–रेखा'मा हुर्किए। मोहनका तीन दीर्घ कविता, 'सूर्यदान' 'पलङ नं २१' र 'लेक' मात्र छाप्ने प्रेरणा र अवकाश दिएरै प्रकाशन टुटेको भए पनि 'रूप–रेखा'को महत्व हाम्रो साहित्यमा अमर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहने थियो । शब्द र चित्रणका अपूर्व कर्मी शंकरले संसार छाडेपछि जुन श्रद्धाञ्जली 'रूप-रेखा'-ले उनलाइ अर्पण गर्‍यो त्यसको मूल्य कुनै करोडपतिको श्रद्धालु छोराले निस्फिक्रीसंग बरखीमा गरेको खर्चले पनि भ्याउन सक्तैन । 'रूप-रेखा'-को कविता अङ्कको बिविधता र स्तर भ्याउने साहित्यिक पत्रिका मैले आजसम्म देखेको छैन । 'रूप-रेखा'-ले नै पारिजातको सुगन्ध सर्वत्र फैलायो, चौध वर्ष डाँडा काटी बसेको लेखकलाइ नयाँ उत्साह र नयाँ जीवन दियो । कुनै लेखकलाइ सह्लानी गर्ने प्रकाशनको अवकाश दिनु, भूल गर्ने स्वतन्त्रता र भूल सच्याउने मौका दिन हाम्रो तीव्र र साँघुरो साहित्यिक क्षेत्रमा रूप लिएको द्वन्द-भावलाइ उमालिएर सेलाउने मौका दिन 'रूप-रेखा' कहिल्यै पछि हटेन । 'रूप-रेखा'-मा नै ताना शर्माले ठुङ मारेर हामीलाइ सुत्न दिएनन्, यही प्राङ्गणमा हामीमा समकालीन लेखकमा हुनुपर्ने सौहार्द र आपसी श्रद्धा बढ्यो । राजादेखि रङ्कसम्मले 'रूप-रेखा'-को महत्व नबुझेको भए राजकीय पदक र लेखको श्रद्धाञ्जली 'रूप-रेखा'-का सम्पादक द्वयले पाउने थिएनन् । पन्ध्र–सोह्र वर्ष यताका नेपाली बुद्धिजीवीको आशा र निराशा, कटुता र मिठास, सान्त्वना र त्रास, ह्रास र उन्नति, न्यूनता र उपलब्धिको सम्वेदनशील तथा मार्मिक अभिव्यक्ति जति रूप-रेखामा फेला पर्छ, त्यति अन्यत्र पाउन गाहारै होला । पुराणलाइ इतिहास भन्ने परम्परा सम्झिन सक्ने पारखीले मात्र 'रूप-रेखा'-को यो महत्व बुझ्न सक्ने छन् ।

तर कुन परिस्थितिमा 'रूप-रेखा' आजसम्म बाँच्यो भन्ने चाल पाउने कमै छन् । यो पहाड उठाएर बस्ने खम्बा उत्तम कुँवर र सहकर्मी बालमुकुन्द थापाले पनि यत्रो अगम्य सामना गर्‍यौं भन्ने कुरा पत्याउन गाहारो मान्ने छन् ।

सानो थियो यो 'रूप-रेखा' साहित्य खहरेका अनगिन्ती अगण्य माछा जस्तै । यो प्रयपायनले उठाएदेखि दिनदिनै बढ्दै गयो । आखिर हाम्रो साहित्य सागरमा डमाडम भयो । कैयौं पटक निरासा, संह्रार र विनासको बाढीले 'रूप-रेखा'-मा छापिएका वेदवाणीलाइ नै ढाक्न खोज्यो । तर डुङ्गा डुब्न नदिएरै बसे यी दरिला सम्पादक । हाम्रो सानै समाजको भए पनि ब्रह्मार्थीहरूको सुमेरू पर्वत उठाउनु सजिलो कुरा होइन । मक्किइसकेको, ओसले खाएको भिमसेनथापा र गगनसिंहका पालाको चिसो छिँडीमा पन्चगुप्त भएर यो बोझ उठाउँदा यिनका पिठ्यूँमा सहस्र चोट लाग्दै पाप्रा बन्दै थुप्रिएका छन् ।

कति पटक सृष्टिको विपरीत वातावरण र हामी साहित्यकारहरूको पलायन निद्राले हाम्रो साहित्य जगत नै निरूत्साहको सरोवरले ढाकिसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो। त्यो बेला आकाश पाताल दौडेर साहित्य जगत्मा सृष्टिको जमर्को फिराउन, साहित्यिक वेदीमा आफ्नो बलि चढाउने सम्पादकको कथा लेख्ने कृतज्ञ साहित्यकार एक न एक दिन जरूर जन्मेलान्।

दुई सय अंक प्रकाशन गर्ने लामो अवधिमा अग्निताप, शुलि वर्षा, उछार-पछार सबै प्रकारको यातना यिनले वेहोर्नु पर्‍यो। तर अविकसित अवस्थाको साहित्यको पत्रिका चलाउने सम्पादकमा हुनुपर्ने अपूर्व गुण लेखकलाइ नरसिंह मानेर सेवा गर्ने क्षमता यी सम्पादकमा पर्याप्त थियो। यिनको तुलना सताब्दीको सुरूमा हेय रहेका फ्रान्सका आज विश्व प्रसिद्ध चित्रकारहरूलाइ उत्साह दिने चित्र विक्रेतासंग गर्नु तर्कसंगत लाग्छ।

रूढी परम्परा र खोक्रो मान्यतामा आधारित हाम्रो पूँजीवादी समाजमा 'रूप-रेखा'-का यी सम्पादक-प्रकाशकको बाउन्ने अस्तित्व प्रष्टै देखिन्छ। न राज घरानाका, न राणा-गुरु पुरोहित-भारदार नेता खलकका प्रसिद्ध वा सबल व्यक्ति, न पुगिसरी आएका साहु महाजनका सन्तान-दिन दिनको दाल भात डुक्कुको माकुरे धागोमा मुडिएको अस्तित्व त्यसमाथि उर्लिदो महंगाइ र अक्कासिदो धाक रवाफले ढाकेको उपत्यकाको बसाई, यस्तो हिन अवस्थामा बांचेका उत्तम कुँवरले साथीको सहयोगमा आफ्नो अथक परिश्रम दौडधूप र समय समयमा पत्रिकाको 'रूप-रेखा' नै बदल्न सक्ने क्षमताले उपत्यका पहाड, मधेश हाम्रो मुलुकको तीनै लोकको साहित्यिक क्षेत्र ढाकेको देख्दा मूल्याङ्कन नबदली सुख पाईंदैन।

खप्ने बानी परेकोले र सहायता गर्नेहरूको केवल एकतोले जिब्रोको सगाइलाइ राम्रै बुझेकोले यी सम्पादक आफ्नो दण्डकारण्यकमा चुपचाप घुम्छन्, कति ताडकाको झम्टाई, सुपर्णखाको लोभानी, मरिचीको छल र रावणको बलको सामना गरेर जीऊ बचाउनु पर्छ त्यो त यिनैलाइ मात्र थाहा छ।

यी सम्पादकको, हाम्रा लेखक समाजको र हाम्रो वर्तमान सामाजिक तथा आर्थिक परिस्थितिको असंलग्नता सम्झिने कहिले होला यसद्वारा क्रोधाग्नि कहिले प्रज्वलित होला र यो परिस्थिति कहिले बदलिएला ?

नेपालका लेखक वर्गसंग हातेमालो गरेर हिंड्ने यी संपादक गोबर र गोधुलीको बिचमा नै रमाएर बस्छन्। साहित्य समर्थनको आवाज र नवनीत साहित्य प्रकाशनको स्वाद लिएरै रमाउँछन्। यही लीला देखेर कतिपय जोरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारि यिनको यातना र संघर्षलाइ भुल्छन् । 'पराले कटेरा सुनौला हवेली' भन्दै आलुको महिमा गाउने देवकोटाजीले बिताएका जिन्दगी यी साहित्यसेवीले बिताएको चाल पाउने थोरै छन् । त्यसले यिनको भक्तिको गुणगान गाउनेहरू मुक्तिको समस्या संक्दैनन् ।

साहित्यको महत्ता बारे बोधप्राप्ति यी संपादकले नगरेको भए, गरेर यिनको मनमा करूणा उत्पन्न नभएको भए, त्यसपछि काठमाडौंको गनाउने बाहालमा नै बसेर जहाँ जीवन त्यहीं नै निर्वाण खोज्न यी नलागेको भए आज कति हामी बाँकी लेखकहरू परंपराको भुलभुलैयामा लागेर ज्यूँदै मर्नें थियौं, ठम्याउनै गाहारो पर्छ ।

'रूप-रेखा' अब त नेपाली साहित्य जगत्को अवतार बनिसक्यो । साहित्य र समाजलाइ ह्रासबाट बचाउन पुराना दिनको मुख ताकेर या वर्तमान स्थिति कायम गरेर या भविष्यको योजना बनाएर संभव हुन्न । केवल नयां सृष्टिले मात्र ह्रास या मृत्युलाइ जित्न सक्छ भन्ने सिद्धान्त 'रूप-रेखा'-का यी २०० अंकमा अंकित छन् । 'रूप-रेखा'-ले प्राफ्नो सृष्टिपरक नीति सह्यालेसम्म हामी मर्दैनौं, ह्राम्रो साहित्य मर्दैन । तर यत्तिका वर्षको अथक परिश्रमले टाक्सिएका 'रूप-रेखा' परिवारलाइ सुदृढ र सबल बनाउने ह्राम्रो आर्थिक र भौतिक जिम्मेवारी नउठाए यो अंक पत्रिकाको 'स्वान संग' बनी बिसर्जन हुन बेर पनि छैन !

सिमला, भारत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप-रेखा

—उत्तम कुँवर

उत्तमको कथा रूप-रेखाको प्रसंगमा

उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत ।[1]

—कठोपनिषद्

Courage is grace under pressure [2]

—Earnest Hemingway

'तिम्रो उत्साह उस्तै छ ? अझ जोस मरेको छैन ?' यो विशेषांकका लागि लेख अनुरोध गर्न पाँचौं पटक पुग्दा एक प्राज्ञ मित्रले बोलेका यी वाक्य त्यस वेला सुन्दा त मलाइ सामान्य नै लागेको थियो, तर केही दिन पछिसम्म पनि किन हो ती वाक्यले मलाइ लखेटिरहे । घोरिएर सोच्दा लाग्यो, सामान्य कथनमा उनका ती असाधारण भाव लुकेको छ । ती दुई वाक्यले मेरा झण्डै दुई दशकका व्यस्त जीवनप्रति एक विहंगम दृष्टि पुराउन वाध्य गराए । मलाइ आज पनि राम्ररी थाहा छ, सत्र वर्ष अघि पनि म यसै गरी लेख संकलनको लागि लेखकहरूका घर घर धाउँद थिएँ भने आज पनि त्यसरी नै लेखकहरूको घर धाउँदछु र भन्न

१. उठ, जाग, लक्ष्य प्राप्त नभएसम्म नसुत ।

२. विपद्‌मा साहस वरदान हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्न भविष्यमा कति वर्षसम्म यो प्रक्रिया जारी रहने हो । धाउनुपर्ने लेखको लागि मात्र हैन, कागजको लागि, विज्ञापनको लागि, बेचनको लागि र प्रचार प्रसारको लागि पनि त्यत्तिकै धाउनुपर्ने वाध्यता ! यो वाध्यता नै हो त ? या स्वेच्छा हो ? यहींनिर अलिकति अलमलिनुपर्ने स्थिति देखा पर्न गएको भान हुन्छ कहिलेकाहीं !

धाउनुपर्ने निश्चय नै वाध्यता हो तर यो वाध्यता स्वेच्छालाइ कार्यान्वयन गर्न अपनाइएको कदम थियो नत्र अठाह्र वर्षदेखिको वाध्यतामा सधैं उही उत्साह र उमंग निश्चय पनि देखा पर्दैन होला !

OOO

भनिन्छ, बाल्यकालमा परेका प्रभावले व्यक्तिको भावी चरित्र निर्माण गर्दछ । कुरा सत्य रहेछ । मामा घरका हजुरबुवा (स्वर्गीय चन्द्रबहादुर थापा) भर्खर पहाडबाट आएको छ सात वर्षको पहाडिया पाखे केटोको लागि सबभन्दा ठुला व्यक्ति हुन पुग्छन् ! ती 'ठुला' व्यक्तिले पनि आफ्ना कोठामा अनेक नाम र भाषाका पत्रपत्रिका थुपारी थानाबाट घर पुग्नासाथ सधैं पढेको देख्दा त्यो केटोको मनमा, राम्ररी पढ्न नजाने पनि, त्यसको 'महत्वपूर्ण' प्रभाव पर्न जान्छ। ककहरा खारी वाक्य पढ्न सक्ने हुंदा अंग्रेजी पत्रिकाको नाम पनि ऊ पढ्न सक्ने हुन्छ र एक दिन पहाडबाट आएका नाता कुटुम्बलाइ अंग्रेजी पत्रिकाको नाम पढेर सुनाउन सक्दा ऊ आफुलाइ ठुलो 'विद्वान्' हुन लागेको अनुभव गर्दछ। मामा घरमा हुर्कंदै त्यहाँ उसको 'व्यावहारिक' र स्कुलमा शैक्षिक अध्ययन सुरू हुन थाल्छ । अनि स्कुलमा चार क्लासमा पढ्दा उसको मित्रता एक सहपाठीसंग बढ्दै जान्छ । ती सहपाठी सहरिया, केटो पहाडिया—त्यसैले कुनै न कुनै नौला कुरा देखाई ती सहपाठी आफ्ना साथीको कौतुहललाइ जगाइदिइरहन्छन् ।

एक दिनको कुरा–थोत्रो भइसकेको चक्रवर्तीको अंकगणितलाइ तीनतिरबाट राम्ररी काटी बाक्लो जिल्ला हालेर फेरि नयाँ जस्तो भएको किताब देखाउँदै पहाडियालाइ छक्क पार्छन् सहरिया सहपाठीले ! 'कसरी' भनी सोधिंदा गजक्क फुलेर सहरिया जवाफ दिन्छन्, 'हाम्रो छापाखाना छ, यस्ता किताब छाप्ने बनाउने छापाखानामा त हो नि ?'

पहाडिया केटोको मनमा लाग्छ, हजुरबुबाले पढ्ने गरेका पत्रपत्रिका त्यस्तै छापाखानामा तयार भएर त आउने होलान् नि ? 'अहा–उसको जस्तो मेरो पनि छापाखाना भएको भए मैले छापेका पत्रपत्रिका हजुरबुवाले पनि पढ्नु हुन्थ्यो अनि त्यत्रा ठुलो मानिसले पढ्ने कुरा छाप्ने म हुन् कत्रो... ...!'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सपना थियो, जीवनमा भिजी नसकेको एक कोरा केटोको अबुझ सपना !

पराइ घरमा वसी काम गर्दै दुई अक्षर सिक्न लागेको विवश केटोको सपना !

र धेरै हण्डर खान बाँकी रहेको एक पाखे 'अर्घातोषे' केटाको हास्यास्पद सपना !

दिन बित्दै जान्छन् । ती दुई केटाका स्कुल पनि छुट्टिन्छन् । तर तिनका भेटघाट चलिरहन्छन्, टोल ऋण्डै एउटै हुन पुग्छ । उनीहरूको सामान्य मित्रता यथावत् चल्छ तापनि त्यस बेला ती दुई केटो—लाइ के कुरा थाहा हुन्न भने दस वर्षपछि उनीहरू एउटै कार्य क्षेत्रमा उत्रिने छन्, आफ्नो जीवनको श्रेष्ठतम अवधि मानिने सम्पूर्ण यौवन कालभरि परिश्रम गर्नें छन् र नेपाली भाषा क्षेत्रमा अभूतपूर्व कीर्तिमान कायम गर्न एक अर्काको पूरक भई विकट र दुरुह स्थितिसंग सफलतापूर्वक जुध्नेछन् ! भविष्य कसलाइ थाहा हुन्छ र उनीहरूले मात्र थाहा पाउन् ?

OOO

पहाडिया केटो राजधानीतिर लाग्दा जुद्ध सम्सेर राजर्षि पदको मोह-मा उसको घर नजिक वसोवास गर्न थालिसकेका हुन्छन्—ऊ स्कुलमा भर्ना हुँदा पद्म सम्सेरलाइ नेपालवाट धपाउने योजना बनिसकेको हुन्छ अनि भूगोल पार्कको तवेलावाट क्षेत्रपाटीको ठुलो घरमा उसको स्कुल सर्दा मोहन सम्सेर सिंहदरवार-बाट लक्ष्मी भवनमा सर्ने अन्तिम चरणमा पुगिसकेका हुन्छन् ।

'क्षत्री, स्कुलको एक कोठा पार गर्दै अर्को कोठामा पुग्न संजिलो छ तर क्षत्रपाटीको ठुलो घरबाट घण्टाघरको ठुलो घरमा पुग्न निक्कै गाह्रो पर्छ, रानीपोखरी तर्नु पर्छ--पौडी खेल्न सक्छस् ?' नेपाली पढाउने माइसावको हाँक बराबर आइरहन्छ, यस किसिमको सावधानीले उसलाइ बराबर चिमोटिरहेको हुन्छ । त्यस बेला ऊ पौडी राम्ररी खेल्न सकेको हुन्न, धेरै पटक पौडी राम्ररी खेल्न प्रयास गर्छ तर राम्ररी भने ऊ सफल हुन सकेन, कहिले कामले रोक्छ त कहिले मायले ! तैपनि प्रजातन्त्र भएको तीन वर्षपछि एनकेन रूपमा रानीपोखरी पार गर्न पुग्छ ऊ ! रानीपोखरी पारीको ठुलो घरमा पुग्दा त्यो केटोको बाह्य गतिविधि बढिसकेको हुन्छ । 'श्रीराम बाजे'-ले नेतृत्व गरेको नेपाल राष्ट्रिय पुस्तकालयको ऊ पनि एक 'अनुभवी' संस्थापक—स्वयंसेवक बनिसकेको हुन्छ । दैनिक 'आवाज' बन्द भएपछि निस्केको एक अर्को 'दैनिक समाज'-लाइ माध्यम बनाई हजुरबुबाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योग्य निर्देशनमा केटोको भावी कार्यक्षेत्र निर्धारण हुन थाल्दछ । सुरू हुन्छ, हजुरबुबाका वाक्यहरूलाइ केटोको बांगो हरफमा उतारिएका पंक्तिहरू 'समाज'-का सनसनी फैलाउने आइटेमका रूपमा प्रकाशित हुन थालेपछि । स्कुलको छापा-खाने साथी फेरि घण्टाघरको ठूलो घरमा सहपाठीको रूपमा भेटिन्छ, 'समाज'-मा समाचार पुराउन जान परिरहँदा त्यो सहपाठीसंगको मित्रता गाढा हुँदै जान्छ । त्यो पहाडिया केटो पनि सहरिया भैं टोपलिसकेको हुन्छ, भातलाइ 'भुजा' भन्न थालिसकेको हुन्छ । अब पाखे मानिन्न ऊ !

पुस्तकालयको सेवा, 'समाज'-संगको 'राइटर' र 'हल्कारा' हुँदा पनि पाउन थालेको स्याबासी, र अन्य वाह्य गतिविधिमा बढ्दो सक्रियताले केटोको उत्साहलाइ बढाइदिन्छ । आफ्नो व्यावहारिक जीवनको संघर्षमय पक्ष-लाइ उसले अप्रत्यक्ष रूपमा वाह्य गतिविधिको 'चमक'-ले ढाक्न खोजिरहेको हुन्छ र केही हदसम्म ऊ सफल पनि भएको भन्ठान्छ । तर यो जग नभएको आधारहीन चमकमा कति दिन चम्किने ? उसको उडानलाइ जीवनका यथार्थ-ताले बराबर ब्यूँझाउन खोज्छन् तैपनि ऊ उड्ने प्रयासमा नै हुन्छ । नजानिंदो रूपमा यथार्थबाट टाढा भाग्न खोजिरहेको हुन्छ ।

छापिएको पत्रिका नभए पनि ऊ पुस्तकालयका अरू दौंतरी सरह हस्तलिखित पत्रिकाको सम्पादक बन्न चाहन्छ । हस्तलिखित मासिक 'किरण'-को पहिलो अंक पुस्तकालयको टेबलमा राखदा त्यो केटो आफ्नो सम्पादन–फल-प्राप्तिप्रति हर्षविभोर हुन पुग्दछ ।

राजधानीमा केही सीमित पत्रकारहरूको हुलमा ऊ 'समाज'-को पनि प्रतिनिधि भैं मिसिन पुग्दछ र आफ्नो 'उपलब्धि'-प्रति सन्तोष भई फुल्दै जान्छ । पुस्तकालयबाट सब कार्यकर्ता मिलो एक मुद्रित पत्रिका निकाल्ने योजना बन्छ, त्यो योजनामा त्यो केटो पनि पूर्ण सक्रिय हुन्छ, तर पैसा कहांबाट ल्याउने बिरालोको घांटीमा घण्टी कसले झुण्ड्याउने ? चर्को प्रश्न त्यसै सेलाउंछ ।

विचार र काममा आफुलाइ परिपक्व' ठानिसकेपछि ऊ उमेरमा पनि परिपक्वता देखाउन चाहन्छ ।

तर कसरी ?

नक्कली दाह्री जुङ्गा राखेर ?

हैन, चुरोट ट्याप लगाएर—अझ राम्रो त सिगार !

अनि एक अमेरिकाली पत्रकार सम्मेलनमा राखिएको सिगार ट्याप लगाएर उमेरको 'परिपक्वता' देखाउन बेस्करी धुँवा तान्दा सर्किएर झण्डै ऊ मरेको !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्को धुँवाको सर्कोले ऊ ब्युँझिन्छ । र अन्तत ब्युँझिन्छ आफ्नो जीवनको यथार्थ बुझ्न पनि ! ऊ सधैं पुस्तकालयको स्वयंसेवक भएर र पत्रिकाको स्वयंसेवक पत्रकार भएर राजधानीमा कति दिन टिक्ने राज-धानीमा हैन मामा घरमा कति दिन टिक्ने ? प्रश्न उसको अस्तित्वको मात्र होइन । सम्पूर्ण परिवारकै प्रश्न उठ्छ ! न उठोस् पनि किन ? सम्पूर्ण परि-वारको आशा केन्द्र नै ऊ बनिरहेको हुन्छ । आफ्नो लागि मात्र भए त मामा घरमा उसले गर्ने गरेको कामले बिहान बेलुकीको गाँस बास जुन घरले पनि राम्ररी नै जुटाइदिन्थ्यो उसलाइ !

तर उसको अगाडि पहाडिया नाता कुटुम्बका याचनामय पत्रका हरफहरू नाचिरहन्छन् । पहाडमा पेचमा परी धपाइएकी विवश आमाका आँखा-बाट बहिरहेका आँसुले भिजाएको उसको मन अझ आलै चिसो लाग्छ उसलाइ ! यी सबको एउटै उपाय–काठमाडौंमा झुण्डिने साधन खोज्नु हो । यसैले साधन प्राप्त गर्नु पऱ्यो जसरी भए पनि—अठोट गर्छ ऊ ! अनि कोलम्बो योजनाको एक त्यान्द्रोमा झुण्डिदै भारत पुग्छ ऊ, अध्ययन गर्न हैन, भारतको पढाइ सिद्धे पछि सजिलैसंग काठमाडौंमा बस्ने जागिर पाउन सक्ने आशामा ! त्यस वेला उसलाइ ज्ञानको भोक हुन्न, नामको लोभ हुन्न, जागिरको आवश्यकता मात्र हुन्छ !

अनि उसका सब 'निर्माण' ध्वस्त हुन्छन् । सब आकांक्षा माटोमा मिल्छ । बाध्यतामा हुर्केको केटो बाध्यतालाइ राम्ररी नै अंगाल्न पुग्दछ । केटोको स्वयंसेवीपना, पत्रकारिता, र पत्रिका निकाल्ने आकांक्षा सबलाइ हिमाली चिसोले गुट्मुट्ट पारेर एक छिंडीमा थन्काइदिन्छ र ऊ भारतको तातो हावामा गुम्सिन पुग्छ । यस्तैमा डेढ वर्षपछि एक दिन श्रीरामको चिठी पाउँछ—'... हामीले पुरानो योजना अनुसार पत्रिका निकाल्न लाग्यौं । यस द्वैमासिक 'रूप-रेखा'-मा तिमीलाइ पनि मिसाउने भएका छौं ...।'

OOO

फर्कें काठमाडौंमा दुई वर्षको प्रवासपछि र बसाइएँ मामा घरमा नै ! म जागिरको चक्करमा लागिसकेको थिएँ र पुरानो पत्रकारी धूनको चक्करमा पनि त्यत्तिकै व्यस्त ! दुई अंक निस्किसकेको 'रूप-रेखा'-मा नेपाल राष्ट्रिय पुस्तकालयको निमित्त मनी सम्पादक र प्रकाशकमा अरू नै व्यक्तिको नाम छापिए तापनि त्यसमा पूर्ण रूपमा बालमुकुन्द नै सक्रिय भएको पाएँ । म त्यसमा मिसिन श्रीरामले भनेको जस्तो सजिलो हुन सकेन—त्यसका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक दुई पटक सापटी दिने कुनै व्यक्तिले मेरो सम्मिलितमा विरोध गरिरहेका रहेछन् भित्रैभित्रबाट । म आफ्नै तरिकाले प्रयास गरिरहेको थिएँ । जन्मदा नभए पनि गर्भधारणमा आफु पुरा सरीक भएकोले रूप-रेखासंग अलगिने कुरा सोच्न पनि नसक्ने हुनाले सम्मिलित हुने मेरो प्रयास दृढतर हुँदै गएको थियो । रूप-रेखावाट अलगिनु मेरो मौलिक अधिकार हनन हुनु जस्तो अनुभव गर्न थालिसकेको थिएँ । आफ्नो अधिकारको पूर्ण संरक्षण गर्ने निष्कर्षमा पुगिसकेको थिएँ ।

कागज किन्न र प्रेसको छपाई तिर्न सापट कहिले काहींको हुन्थ्यो तर 'रूप-रेखा' प्रत्येक दुई महीनामा निस्किरहन्थ्यो यसैले समस्या सधैंको हुन्थ्यो । पछिसम्म पत्रिका निकाल्ने भए अस्थायी उपायभन्दा स्थायी उपाय निकाल्नुपर्दछ आत्मनिर्भर हुने त्यो स्थायी उपाय हो विज्ञापन तथा ग्राहक । म यी नै कुरामा जोड दिइरहन्थें । प्रकाशनमा बालमुकुन्दको नाम नछापिए पनि उनले सहुलियतपूर्वक उधारोमा छापिदिने हुनाले सञ्चालकवर्ग उनको भनाइलाइ बढी मान्यता दिन्थे, त्यसैले म आफ्नो कुराको प्रभाव बालमुकुन्दमा नै पार्न खोजिरहन्थें । एक साथ 'नयाँ समाज' दैनिकमा काम गरेकोले उनी मेरो लगनशीलता र परिश्रमसंग पनि राम्ररी परिचित थिए । मैले बालमुकुन्दलाइ प्रभाव पारेको अनुपातमा उनी मेरो पक्ष लिंदै रूप-रेखाका सञ्चालकलाइ प्रभाव पार्ने प्रयास गरिरहेका हुन्थे ।

हठात् भरिएर चाँडै रित्तिने जोस राख्नेमा नेपाली प्रसिद्ध भए सरह 'रूप–रेखा'-का प्रारम्भिक सञ्चालकको जोस पनि सेलाउँदै गएको थियो । त्यसमाथि कामभन्दा चर्को स्वरमा बढी कराउने मात्र बानी भएका केही व्यक्ति पनि यसमा सम्मिलित भएकाले काम चाँडै सेलाउनु झन् स्वाभाविक नै थियो । सरकारी सहयोग पाइएला भनी एक राजनीतिज्ञलाइ सम्पादक बनाएको तिनीहरूको योजना पनि सफल हुन नसक्दा तिनीहरू आपसमा नै अलमलिन थालिसकेका थिए, तर यता भने बालमुकुन्दको बोझ बढ्दै थियो । उनले सबै भार त्यस बेला आफ्नो टाउकोमा लिएर 'रूप–रेखा'-को एक खड्गो कटाइदिएका थिए । तर तिनलाइ थाहा थियो सँधै उधारो चल्न सक्दैन, पशुपति प्रेसका मालिक उनी मात्र हैनन्, पाँच दाजुभाइहरू छन् र सबलाइ साहित्यिक पत्रिकामा अभिरुचि हुनु आवश्यक थिएन । बढ्दो समस्याको पृष्ठभूमिमा उनी जति यथार्थ बुझ्दै जान्थे मेरो महत्व उत्ति नै बढ्दै गएको हुन्थ्यो । यस्तैमा 'रूप–रेखा'-का चार अंक निस्किसकेका थिए, पाँचौं अंकको तयारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो र साथै छैटौं अंकको विशेषाङ्कको रूपमा निकाल्ने योजना पनि बन्दै थियो। प्रस्तावित विशेषाङ्कको कागज र छपाइ सम्बन्धी सबै खर्च म विज्ञापन बटुली उठाइदिन्छु तर मलाइ पनि 'रूप–रेखा'-मा सम्मिलित गर्नु पर्दछ भन्ने बल्छी हाल्दा बालमुकुन्दले बढी प्रयास गर्ने सकारात्मक जवाफ दिए। विशेषाङ्क निस्क्यो, मैले आफ्नो वचनको पूर्ण पालन गरेर देखाएँ। अनि पूर्णाङ्क ६ मा मेरो र बालमुकुन्दको नाम पहिलो पटक क्रमशः विज्ञापन संकलन गर्ने र छपाइ-मा मद्दत गर्ने व्यक्तिको रूपमा छापियो। 'रूप-रेखा'-मा यो हाम्रो औपचारिक प्रवेशको सूत्रपात थियो। 'रूप–रेखा'-का संचालक अब आफ्नो कामबाट विरक्तिदै थिए––पुस्तकालयको हालत पनि खस्कँदै थियो––अधिकांश कार्यकर्ता घरेलु बोझबाट थिचिएर स्वयंसेवी कार्यबाट पन्छिदै थिए। उता घरको बहाल तिर्न नसकेको पुस्तकालयले पत्रिकाको खर्च बेहोर्न खोज्नु दुःसाध्य नै थियो।

धेरै वर्षदेखिको सक्रिय पत्रकार भएको नाताले राजधानीका धेरै जसो प्रमुख व्यक्तिसंग मेरो राम्रो सम्पर्क कायम भैसकेको थियो-यसैले म रूप-रेखामा सम्मिलित भएमा यसैलाइ पूरा बचाएर नेपालमा पत्रिकाको खाचो टारी केही न केही नयाँ कीर्तिमान कायम गर्न सकुँला भन्ने भित्री विश्वास थियो। पुस्तकालयमा सक्रिय हुँदा पढिएका 'भारती', 'प्रभात', 'गोर्खा', 'शारदा' या प्रत्येक जसो नेपाली पुस्तकमा 'सु. ऋद्धिबहादुर मल्लद्वारा जोरगणेश प्रेसमा मुद्रित' जस्ता वाक्यांश पढ्दा पनि मेरा मनमा अनेक आकांक्षा पलाएका हुन्थे र ती आकांक्षा शायद 'रूप-रेखा'–द्वारा नै पूर्ति हुन्छन् कि भन्ने मिर्मिरे आशा पनि मनको एक कुनामा टुसाइरहेको हुन्थ्यो। यस्तैमा एक दिन कागज किन्न खांचो परेकोले बालमुकुन्दको अकस्मात् माग आयो–'सय रूपैयां फिक् रूप-रेखामा' सम्मिलित हुने भए!' त्यसबेला २२ रूपैयामा एक रिम कागज किन्न पाइने जमाना। मेरो लागि त्यो रकम ज्यादै नै ठूलो थियो। पाएको अवसर पनि ठूलो थियो, तर कोसंग माग्ने रूपैयां? आएको अवसर कसरी सार्थक पार्ने?

विराटनगरमा जागिर खाएर जानुभए पनि बराबर काठमाडौं आइरहनुहुन्थ्यो कान्छा मामा (ध्रुव कुमार थापा)। मप्रति बेलाबखत उहाँको स्नेह पनि झल्कन्थ्यो र पत्रपत्रिकाप्रति पनि उहाँको विशेष लगाव थियो। त्यही बेलामा उहाँ काठमाडौं हुनुहुँदा आफ्नो समस्या बताएर सय रूपैयां मागे। किन हो कुन्नि त्यस बेला मलाइ त्यो सय रूपैयाँको प्रश्न नभएर जीवनको 'हुने या नहुने' भन्ने विशाल निर्णायक प्रश्न जस्तो लागेको थियो। सय त हैन साठी पाएँ–तर यत्ति रकमले नै रूप-रेखामा मेरो प्रवेशलाइ सजिलो बनाइदियो। कान्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मामाको उदारताले आफ्नो आकांक्षा पूरा हुन लागेको भान हुन थाल्यो। तर मेरो परीक्षण अरू सिद्धिसकेको थिएन। काम पूरा गरे पनि सम्पादकमा नाम दिन केही न केही अडङ्गा लगाइन्थ्यो। तर पनि 'रूप-रेखा'-को आर्थिक स्थिति वलियो पार्नमा म पूर्ण सक्रिय हुन थालिसकेको थिएँ र उनीहरू पनि मप्रति बढी निर्भर हुँदै गएका थिए। हरेक दुई महीनामा प्रत्येक अंकका लागि आर्थिक संकट आइलाग्नु पनि 'रूप-रेखा' जस्तै नियमित भइसकेको थियो। संकट-मोचनका लागि मानसिक चिन्तन सधैं सक्रिय हुन्थ्यो। अचानक एक दिन आजीवन सदस्यको सूझ आयो मनमा! सम्भव होला र? वार्षिक ग्राहकले पत्रिका नपाएर तर्सेको नेपालमा को आजीवन ग्राहक बन्ने? तैपनि आफ्नो जनसम्पर्कमा मलाइ विश्वास थियो।

अनि बालमुकुन्दसंग आजीवन सदस्य योजनाबारे कुरा गरें—'राष्ट्रिय पुस्तकालयको आजीवन सदस्य बन्छन् भने 'रूप-रेखा'-को किन नबन्ने!' बालमुकुन्दको सोझो जवाफ थियो—'हो, बन्नु त पर्ने तर को बन्ने?' प्रश्न चर्को थियो। चिने जाने जतिको नाम लेखें। छान्दा छान्दा संख्यालाइ एकदम सानो पारें र ती व्यक्तिको आनी-बानी तथा मप्रतिको उनका भावनाको मूल्यांकन गर्न थालें, आजीवन सदस्य बनाउने प्रयासमा नभएर म मानौं एक डक्टरेटको लागि नै थेसिस तयार पार्दैछु जस्तो भान हुन्थ्यो। मेरो योजना थियो महिनामा दुइटा आजीवन सदस्य बनाउन सके त 'रूप-रेखा'-लाइ मासिक बनाई नियमित बनाउन सकिहालिन्छ नि? प्रयास नै हो-आंटे के बिग्रन्छ र? यही धारणामा अघि बढें र पूर्णाङ्क आठ निस्कनेताका एक दिन रसिद बोकी कृष्णमान दाइकहाँ पुगे। काठमाडौं नगर पंचायतको उप प्रधान पंच हुँदाखेरि नै उहाँ राष्ट्रिय पुस्तकालयप्रतिको मेरो कामबाट प्रसन्न हुनुहुन्थ्यो र अर्को खास कारण स्वयं समाजसेवी भएकोले अरू स्वयंसेवकलाई सधैं प्रेरणा र प्रोत्साहन दिनुहुन्थ्यो। त्यसमाथि उहाँ भर्खर जसो अंन्चलाधीश पनि हुनुभएको!

कोठामा पुगेर भलाकुसारपछि म आफ्नो मुख खोलन पनि अनकनाइरहेको थिएँ। अहिलेसम्म आठ दस रूपैयाँको चन्दा-शुल्क मागिरहेको बानी, ख्वाट्ट सय रूपैयाँको आजीवन सदस्य बनिदिनोस् भन्न आँट नै आउन सकेन। मोही माग्न आउने, ढुंग्रो लुकाउने—यो पनि साध्य हुन्थ्यो र! मुख फोरें, आजीवन सदस्य बन्न आग्रह गरें। उहांले एकै अनुरोधमा 'हुन्छ, ए नानी (भाउज्यूलाइ) सय रूपैयाँ लेऊ त!' भन्नुहुँदा म आफै तीन छक्क परें। मेरो त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेलाको आश्चर्यले के कुरा छर्लङ्ग पारेको थियो भने म त्यहाँ आजीवन सदस्य बनाउन होइन आजीवन सदस्य बनाउने रिहर्सल गर्ने लक्ष्य राखेर मात्र गएको रहेछु ।

उहाँको तुरुन्तको 'हुन्छ'-ले मलाइ एकछिन अवक न बक्क त पाऱ्यो तर त्यस 'हुन्छ'-ले नै कत्रो प्रेरणा र प्रोत्साहन पनि दियो भने 'रूप-रेखा'-को प्रमुख आर्थिक आधार नै आजीवन सदस्य प्रणालीलाइ बनाउन पुगें जसमा पूर्ण सफलता पनि प्राप्त गरियो यसका संकटमय आरम्भिक वर्षहरूमा !

यति बेलासम्ममा रश्मी राउन्ड टेबलले साकार रूप लिइसकेको थियो । साँच्चै भन्ने हो भने यो मेरो साहित्य अध्ययन गर्ने र विश्व साहित्यको आधुनिक धारासंग अवगत हुने श्रेष्ठतम माध्यम थियो । गोविन्द गोठाले, चैतन्य कृष्ण, मोहन कोइराला, द्वारिका श्रेष्ठ, हरिहरराज जोशी, विजय मल्ल, चित्त-रञ्जन नेपाली, गणेश मानन्धर, मदन रेग्मी, कुमार ज्ञवाली, कुमार नेपाल र म यसका नियमित जस्तै सदस्य थियौं र अतिथि सदस्यको रूपमा काठमाडौंका धेरै जसो साहित्यकार र बुद्धिजीवी बराबर यहाँ आइपुग्थे । रश्मी विचार बिनिमयको श्रेष्ठतम केन्द्र बन्न गएको थियो । म आफ्नो दैनिक कार्यक्रमको रूप-रेखा पनि यहीं तयार पार्थे—मेरो धेरै जसो काम साथी भाइको सरसल्ला-हमा चल्ने हुनाले रश्मी राउन्ड टेबल मेरो प्रमुख सल्लाहकार जस्तो भैसकेको थियो । कुन अंकमा कुन लेखकको लेख लिने, अब कुन टोलमा कसलाइ आजी-वन सदस्य बन्न आग्रह गर्ने, फलाना विज्ञापनका लागि कसलाइ भन्न जाने आदि-का रूप-रेखा पनि यहीं तयार गर्दथिएँ । मैंने नेपाली साहित्यकारका बारेमा केही जानकारी 'भारती' र 'प्रगति'-बाट थाहा पाएको थिएँ तर ती सब बन्द भैसकेका थिए । सबका लागि प्रेरणादायी बन्ने साहित्यकारबारेमा धेरैलाइ कम थाहा थियो । यो नहटाई नहुने अभाव लाग्यो । यसैले मैंने साहित्यकारसंग अन्तरवार्ता लिंदै तिनीहरूको जीवनी र विचार जन समक्ष प्रस्तुत गर्न थालि-सकेको थिएँ—यस लेखनमा ममाथि शंकर लामिछानेको धेरै प्रभाव परेको थियो । शंकर दाइसंग घनिष्ट सम्बन्ध बढाउँदै थिएँ । म निकै कान्छो भए पनि उहाँ मलाइ निकै मन पराउन थालिसक्नुभएको थियो । वास्तवमा 'रूपायन प्रकाशन'-को नामाकरणदेखि आधुनिक विश्व साहित्यको हाराहारीमा नेपाली साहित्यलाइ पुऱ्याउने प्रयासका लागि रूप-रेखाले दिन सक्ने योगदानसम्मका विषयमा शंकर दाइको प्रभाव मात्र हैन, सक्रिय सहयोग नै पाएको थिएँ, साथै राउन्ड टेबलले पनि मेरो यस कार्यलाइ सघाउ पुऱ्याएको हुन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजीवन सदस्य सूची बढ्दै थिए, साहित्यकारसंग मेरो घनिष्टता बढ्दै थियो, यही अनुपातमा मेरो घेरा पनि फैलिंदै थियो। अझ जागिरको लोभमा आफ्नो नाम छद्म राखी 'अंशुवर्मा' र 'अनिको'-को नाममा 'नयाँ समाज'-मा राजनैतिक र सामाजिक लेख छापिरहन्थें। बाहिर हेर्दा सब थोक राम्रोसंग चलिरहेको थियो तर भित्र भित्र सब मक्किन थालिसकेका थिए। पहाडतिरबाट पनि कहिले राम्रो समाचार आएन, मेरो जागिरको टुङ्गो लागेन। अधिकार नभए-को पराई घरमा कति दिन आसे भएर बस्ने? जति बुझथें उति ग्लानि बढ्थ्यो। रोग, भोक र शोकले जति ग्रस्त भए पनि बाहिर म सधैं उत्तिकै सक्रिय र उत्साही युवकमा गनिएको हुन्थें। आखिरमा त्यो दिन पनि आयो, जुन दिनको प्रतीक्षा म डराई डराइकन गरिरहेको थिएँ। अधिकार नभएको घरबाट मलाइ एक दिन जानु नै थियो। तर मानिस कहिले काहीं सत्यको सामना गर्न डराउँदो रहेछ। मेरो पनि त्यस वेला त्यही हाल थियो। डराउनु मूर्खता हो भन्ने थाहा पाए पनि बुद्धिमान् बन्न सकेको थिइनँ। जे भए पनि मेरो उपादेयता सिद्धिसकेकोले मामा घर छोड्न पर्ने एक हप्ताको नोटिस् आइहाल्यो। नोटिसको साथै एउटा सहु-लियत पनि थियो—जागिर नभएसम्म बिहान बेलुका खान गए हुने! यो सहुलियत नभएर मेरा लागि एक अति ठुलो भद्दा गाली थियो—काम गरेर म जसकहाँ पनि खान सक्ने थिएँ तर सित्तैमा... त्यतिसम्म त गिरेको थिइनँ म!

नोटिस पाएको पर्सिपल्ट निस्कें—'एक जोर कट्टू कमिज लगाएर पहाडबाट मामा घरभित्र पसेको थिएँ, चौध वर्षपछि एक जोर प्यान्ट र कमिज लगाएर बाहिर निस्कें। खल्ती रित्तो थियो, साथमा केही थिएन तर जीवनका आधारभूत कुरा प्रशस्त सिकिसकेको थिएँ। म वास्तवमा चौध वर्षको वनवास-बाट हैन, चौध वर्षको गुरुकुलबाट निस्केको थिएँ। म आज जे जति भएँ त्यो सबै मामा हजुरबुवाको देन हो। पीडा यातना र आफ्ना कमजोरी मात्र मेरा हुन्। दुःख मलाइ कति मात्र छ भने एक पहाडिया केटोको सपना उहाँकै शिक्षा-दीक्षामा पूरा हुन लागेको फलप्रद स्थिति हेर्न उहाँ आज यस लोकमा हुनुभएन...।

अँ त म नाङ्गिएर निस्कें—सहारा दिए एक अति सरल तर घनिष्ट-मित्र अर्जुनवीर पाण्डेले! मामा घरबाट निस्कनासाथ केही दिन काठमाडौं बस्न मन लागेन, चितौनमा शिव लोहनीकहाँ केही दिन बस्न निम्तो पनि पाएको थिएँ, तर बसको टिकट कसरी काट्ने? सम्झें कान्छी सानुमुमा (इन्दिरा पाण्डे)-लाइ! स्नेही ठुलमामा (विदुर कुमार थापा) नेपाल बाहिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुन्थ्यो अरू नाता कुटुम्ब त मसंग परपर हुन थालिसकेका थिए, मसंगको निकटताले गर्दा 'मामा घर टाढिएला भन्ने डरले !' कान्छी सानुमुमा अरू जस्तो नभई मानिसको मनुष्यत्वलाइ बुझ्न सक्नुहुन्थ्यो— अरूको आत्मसम्मानलाइ बुझ्ने र आफ्नो पनि सम्मान गराउन सक्ने ! पर पीड़ामा आनन्द लिने मानिसका बिच त्यस्तो एक व्यक्ति पाउनु पनि ठुलो भाग्य नै सम्झेको थिएँ मैले ! पहिलेदेखिको आस्थाले गर्दा उहाँकहाँ गएँ । धेरै कुरा भएन—कुरा हुने स्थिति पनि थिएन । केही दिनुभयो--थापें--चितौन जान पुग्ने खर्च रहेछ । टिकट काटेर भरतपुरतर्फ लागें !

एक बिहान नारायणगढमा घुमिरहेको थिएँ । जीवनको नयाँ मोड-प्रति उकुस मुकुस छँदै थियो, मनमा अनेक कुरा खेलिरहेका थिए, मन नलागिकन पनि खुट्टा अघि बढिरहेको – एक्लै हिँडिरहेको ! अकस्मात् अगाडि एउटा आकार ठिग उभियो हेरें बुबा हुनुहुँदो रहेछ ! पहिले त पत्याउन पनि सकिनँ ! एक छेउमा बस्यौं—आफ्ना सब बेलीविस्तार लगाएँ । बुबा पनि पहाडबाट विरक्तिएर हिँड्नुभएको रहेछ काठमाडौंमा जेठो छोरालाइ भेटी चितौनतिर केही बन्दोबस्त गर्न पऱ्यो भनी ! तर जेठो छोरो नै शरणार्थी भै हिँडेको थियो। वास्तवमा त्यो दृश्य भाग्यको ठुलो विडम्बना थियो, दुई शरणार्थी एक अर्काको आशामा जीवनलाइ लम्वाउने प्रयास गरिरहेका थिए ! योभन्दा ठुलो व्यंग्य के हुन सक्ला ? जेठो छोरा आफ्नै बोझले थिचिएको थियो, अनि 'रूप -रेखा'-को बोझ, त्यसमाथि हुर्कन लागेका भाइ बहिनीलाइ पढाउन पर्ने र नयाँ बसोबासको बन्दोवस्त गर्न पर्ने अरू थप बोझ ! उसलाइ थाहा थियो, बोझबाट भागेर उम्कन पाइन्न र उसको बानी थियो जतिसुकै कठिन समस्या भए पनि त्यसको सामना गर्नु नै पुरुषत्व हो, उसले जीवनमा बुझेका यिनै कुरा थिए । सानो केटाकेटीदेखि नै ऊ समस्याबाट कहिले भागेन । हजुरबुबा गर्जेर नयाँ सडक थर्काउँदा सब भागेका हुन्थे, तर ऊ कारण पत्ता लगाएर उहाँलाइ शान्त पार्न प्रयास गरिरहेको हुन्थ्यो—अरू उपाय पनि त थिएन समस्यासंग जुझ्नु बाहेक त्यस सिंगो एक्लो केटोको लागि !

केही सल्लाहपछि काठमाडौं फर्कें । 'रूप-रेखा'-को पुरानै समस्या थियो, चितौनमा भूपि बाहेक अरूलाइ आजीवन सदस्य बनाउन सकिनँ । यति वेलासम्म 'रूप-रेखा'-मा म पूर्णाङ्क १३ देखि सम्पादक भैसकेको थिएँ। तर अर्का सम्पादक योगेन्द्र अर्यालसंग मेरो पट मिल्न सकेको थिएन । मसंग सोझो कुरा त हुन्थेन तर उनी बालमुकुन्दमाथि मलाइ सम्पादकबाट निकाल्नमा बढी जोड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइरहेका थिए। उनका धेरैजसो विचारधारा खास गरी विषम दक्षिणपन्थी विचारसंग म पूर्ण असहमत भएकोले धेरै समयसम्म हाम्रो साथ चल्ला भन्ने कुरामा म पनि शंकित हुन थालिसकेको थिएँ। बालमुकुन्द धर्मसंकटमा पर्दै गएका थिए। अहिले रूप-रेखाको भविष्य निर्धारण गर्ने अभिभारा उनकै टाउकोमा परेको थियो। आखिरमा निर्णायक कदम लिइयो। उनले मेरो पक्षमा निर्णय लिएर मलाइ मात्र हैन एक उज्ज्वल इतिहास तयार पार्न नेपाली पत्रिका क्षेत्रलाइ नै ठुलो गुण लगाए। उनको त्यो निर्णयले नै नेपाली पत्रिका जगत्मा एक नयाँ कीर्तिमान कायम गराउन मुख्य सघाउ पुर्‍यायो।

यस निर्णायक कदमपछि रूप-रेखाप्रतिको मेरो अभिभारा झन् बढ्दै गयो। पाएको जागिर नखाने निष्कर्षमा पुगिसकेको थिएँ। रूप-रेखाप्रतिको दायित्व पूरा गर्ने मेरो सक्रियता बढ्न थाल्यो र त्यही अनुरूप सहयोगीको संख्या पनि! 'रूप-रेखा'-लाइ दिगो बनाउने मेरो कटिबद्धताको एक खास कारण थियो नेपाली पत्रिकाप्रतिको जनआस्था! पत्रपत्रिका नै नेपाली साहित्यको विकास गर्ने प्रमुख माध्यम थिए, यी स्रोत फस्टिन नसकेमा नेपाली साहित्य नै सुक्ने निश्चय थियो! तर नेपाली पत्रपत्रिका निस्कँदै बन्द हुने रोग निकै पुरानो भएकोले नेपाली साहित्यको प्रमुख स्रोतप्रति नै नेपाली जन समाजको आस्था र विश्वास टुक्रिँदै गएको थियो। म त्यो आस्था र विश्वासलाइ स्थापना गर्न चाहन्थें। पत्रपत्रिकाप्रतिको जन आस्था र विश्वास संचित नगरेसम्म नेपाली वाङमय फस्टाउन नसक्ने टुङ्गोमा म पुगेकोले रूप-रेखालाइ दिगो पार्ने मेरो कटिबद्धता झन् दृढ हुँदै गएको थियो। रूप-रेखालाइ दिगो बनाउन दुई तीन व्यक्तिबाट ठुलो सहयोग पाउन पनि थालिसकेको थिएँ। कान्छा मामाले मोरंग सुगर मिलसको विज्ञापन केही वर्षसम्मका लागि स्थायी रूपमा मिलाइदिनुभएको थियो। त्यही अनुरूपमा क्षेत्रप्रताप अधिकारीले साझा प्रकाशनको! दुई पैसा मात्र भए पनि नियमित रूपमा पाउन थालेपछि त्यसले ठुलो सघाउ पुर्‍याउंदो रहेछ। यसै गरी देवेन्द्रबहादुर शाहको सहयोगले पनि मेरो समस्यालाइ निकै हलुका बनाइदियो। जनकपुर चुरोट कारखानाको नियमित विज्ञापनको जग उहाँले नै बसाइदिनुभएको थियो। स्थायी विज्ञापनको अभावमा 'रूप-रेखा'-को दीर्घ जीवनको कल्पनासम्म गर्न सकिन्न।

रूप-रेखा सम्बन्धी मेरो संघर्षलाइ सुगम पारिदिने अर्को उदार संस्था हो नेपाल बैंक लिमिटेड र योसंग रूप-रेखाको सम्बन्ध १५ वर्ष पुरानो भइसकेको छ। यस्तै किसिमका सहयोगमा 'रूप-रेखा'-ले आफ्नो पुरुषार्थ देखाउन सकेको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस किसिमको दरिलो जग बनाइदिएर कमल दीक्षितले नेपाली साहित्य विकासका लागि अर्को ठुलो गुण लगाउनुभएको छ। राष्ट्रिय पुस्तकालयमा मेरो परिचय भएदेखि नै उहाँ मेरो एक साहित्यिक गुरु हुनुभएको छ। उहाँसंगको निकटतम सम्पर्कबाट मैले नेपाली साहित्यबारे धेरै कुरा थाहा पाउने अवसर पाएको छु। साथै उहाँको खरो तर व्यावहारिक बोली वचन र सरसल्लाहले सधैं मेरो मार्ग निर्धारणमा सघाउ पुऱ्याउनुको साथै बेला बखत प्रेरणा पनि दिएको हुन्छ।

साहित्यप्रति उस्तोबिनी झुकाव नभए पनि मेरा प्रत्येक कार्यलाइ सधैं मद्दत गर्न थधि सर्ने अर्का मित्र हुन् ध्रुवप्रसाद गिरी! काठमाडौंमा मात्र सीमित नगरी नेपालव्यापी बनाउने र केही आर्थिक स्रोत पनि बढाउने प्रयासमा तराईका विभिन्न भागको पनि भ्रमण गर्न थालेको थिएँ। 'रूप-रेखा'-को ग्राहक बनाउँदै त्यस भेकको स्थिति बुझी नयाँ समाजमा लेख लेख्ने गर्दथिएं। पहिलो भ्रमणपछि आलोचनात्मक लेख छापिएको 'नयाँ समाज' लिई जनकपुर जाँदा तत्कालीन अंचलाधीश दिलबहादुर श्रेष्ठले थुन्न खोज्नुभयो—त्यति बेला जनकपुरमा रूप-रेखाका ग्राहक पनि निकै भएका थिए जुन ध्रुवकै सहयोगको प्रतिफल थियो।

उनले जोखिम उठाउँदै रातारात रिक्सा चढी जलेश्वरबाट सुरसण्ड हुँदै सीतामढीसम्म मलाइ भगाएको अनि भाग्दा भिठामोडको साँगुबाट झण्डै तल खसेको सम्झँदा महिले पनि आंग जिरिंग हुन्छ।

रूप-रेखाको अभियानमा हतोत्साही हुने अनेक बाधा देखा परिरहन्थे भने प्रोत्साहित हुने माध्यम पनि कम थिएनन्। कलकत्ताबाट 'प्रभात' निकाली कटु अनुभव प्राप्त गरिसक्नुभएका लैनसिंह बांग्देल 'स्रष्टा र साहित्य' को आरम्भताका नै मप्रति सहानुभूति दर्शाउन थालिसक्नुभएको थियो, त्यसैले एउटै अनुरोधमा 'रूप-रेखा'-को आवरण-कला पनि बनाइदिनुभयो। त्यस बेला राम्रो ब्लक बनाई छाप्ने प्रविधि नेपालमा विकास भैसकेको थिएन। सुझाव दिनु भयो, जगदीश शम्शेरलाइ अनुरोध पत्र लेख्न! पहिले त आंट आउन सकेन। कारण अनेक थिए—म यो क्षेत्रमा नौलो व्यक्ति, उहाँसंग कुनै परिचय छैन 'रूप-रेखा' धेरै अंक पनि निस्किसकेको थिएन, अर्को कारण—उहाँ नेपालबाट स्वयं निर्वासित भई सिमलामा बस्नुभएको! आंटू—आंट्दैमा के बिग्रन्छ र अनुरोध पत्र लेखें र आवरण कला पनि पठाएं एक वर्षको लागि पुग्ने 'रूप—रेखा' का आवरण विभिन्न रंगमा छापी पठाउन! पत्र पठाइसकेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंलाइ हाँसो उठ्यो–आश्चर्य पनि लाग्यो, कुन विश्वासमा यी सब गरें गर्न पुगें आफैंले बुझ्न सकिनँ । दुई तीन पत्र पठाएपछि आवरण चाँडै पाइने जवाफ आयो । हौसला बढ्यो, पत्र–मित्र जस्तो सम्बन्ध बलियो हुँदै गयो, परस्परमा पहिलो भेटबाट हुनु अघि नै हामी घनिष्ट मित्र बनिसकेका थियौं । अरू एक दुई पटकका त्यस्तो सहयोग मात्र हैन, बौद्धिक सरसल्लाह र आफ्ना गहनतम कृतिका लागि पनि जगदीश शम्शेरको योगदानले मानवीय व्यवहार बुझ्न खोज्ने मेरो सीमित ज्ञानलाइ झन् जटिल बनाइदिएको छ ।

बाँच्न खोज्दा वेला बखत निराशपूर्ण भावनाले मानिसलाइ पूर्ण रूपमा गाड्ने प्रयास गर्दछ । यो स्थिति मैले धेरै पटक भोगेको छु तर चैतन्यको बौद्धिक सल्लाहले मलाइ सधैं खाल्डोमा पुरिनबाट जोगाइरहेको अनुभव पनि धेरै पटक गरेको छु, धेरै पटक आत्महत्याको ढोकाबाट फर्केको छु ।

असफलतालाइ लत्याउन 'स्रष्टा र साहित्य'-को सिर्जना कालदेखि अहिलेसम्म प्रेरणा दिने र मेरा प्रत्येक उपलब्धिमा सन्तोषको लामो सास तान्ने चित्तरञ्जन नेपाली मेरो विपदमा किन दुःखित हुन्छन्, त्यो पनि राम्ररी बुझ्न सकेको छैन ।

संघर्षका दिनमा यस्तै मधुर सम्झनालाई साथी बनाउँदै जनकपुर, सप्तरी, विराटनगर, झापा, भैरहवा, पोखरा, इलाम, दांग आदि घुम्दै त्यहांका लेखकहरूसंग निकटतम सम्पर्क राख्नुका साथै 'रूप-रेखा'-को ग्राहक पनि बनाउँयें–पटक–पटक गरी रुपियाँ ल्याउँदै आर्थिक समस्या हल गरिन्थ्यो तर पनि कहिले प्रेसको बाँकी त कहिले कागजको बाँकी राम्ररी ऋण मुक्त कहिले पनि हुन सकिएन । रूप–रेखाको प्रेस राख्ने कुरा पनि भइरहन्थ्यो । तर जति रुपियाँ ल्याए पनि प्रेस र कागजको ऋण तिर्दैमा ठिक हुने हुनाले योजना हवाइ–पुलाउ मात्र भएका थिए । आफ्नो अभियानमा भने म सन्तोष नै थिएँ । कसैले काठमाडौंको खर्च उठाउन आएको भन्थे त कसैले तराई ठग्न ! अनेक किसिमको लाञ्छना आउँथ्यो तर म हवाइ चप्पल र कहिले प्यान्ट त कहिले पाइजामामा ग्राहक र विशेष गरी आजीवन सदस्य बनाउँदै हिंड्थें । काठमाडौंका कुनै पत्रिकाहरूले ग्राहक शुल्क लिएर पत्रिका नपठाइदिंदा त्यसको बदला मसंग लिन अनेक पिरा–अमिला कुरा सुनाई कर्ण कटु आरोप पनि लगाउँथे । तर मैले आफुले अपनाएको बाटो कस्तो हुन्छ भन्ने कुरा राम्ररी बुझिसकेकोले म अलिकति पनि आत्तिएको हुन्न थिएँ । मलाइ थाहा थियो––

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोसमा आएर धैर्य गुमाएँ भने म आफ्नो संघर्षमय जीवनबाट पूर्ण रूपमा विमुख हुनेछु ।

मैले धैर्य राखिछोड्न पनि विचिचमा अनेक प्रोत्साहन र प्रेरणा पाइरहेकै हुन्थ्यो । मदन पुरस्कार र प्रबल गोर्खा दक्षिण बाहुको प्राप्ति, मदन पुरस्कार गुठीको सदस्यमा मनोनित तथा साझा प्रकाशनको निर्वाचनमा हारे पनि नेपाल विश्व सम्बन्ध परिषद्को उपाध्यक्षमा दुई दुई पटक निकै बहुमतद्वारा निर्वाचित, केन्द्रीय फिल्म सेन्सर बोर्डमा मनोनित भएका जस्ता उपलब्धिले मेरा कार्यमा तीव्रता ल्याउने मात्र हैन मेरो आत्मविश्वासलाइ बढी सुदृढ पनि बनाइदिएका हुन्थे ! 'रूप-रेखा'-का प्रचार र विस्तार बढ्दो थियो । यी प्रेरणाका अतिरिक्त व्यवहारमा त्यस वेलाका अञ्चलाधीश तेजबहादुर प्रसाईं, रामनारायण श्रेष्ठ र पछि बद्री विक्रम थापाले पनि 'रूप-रेखा'-लाइ सघाउ पुऱ्याउन सक्दो सहयोग गर्नु भएकोले पनि हौसला झन् बढेको हुन्थ्यो ।

पूर्वी नेपालको एक कुनामा रहेको आठराईबाट समेत अपरिचित सहयोगी गङ्गा उप्रेती र वसन्त सिटौलाले प्रशस्त ग्राहक र लेखद्वारा सहयोग गर्नु भएकोले हाम्रो हौसला झन् बढ्न गएको थियो । दार्जिलिङ्गमा इन्द्रबहादुर राई आदिको सहयोगले 'रुप-रेखा'-को विस्तार भैरहेको थियो । यी सब भएर पनि आसाममा 'नेपाली पत्रिका पैसा लिने तर पत्रिका नपठाउने' भन्ने कुरामा पर्याप्त बदनाम भएकोले त्यहाँ पस्ने ग्राँट आउन सकेन । तर पनि केही न केही रूपमा त्यहाँ पनि 'रूप-रेखा' पुगिरहेको हुन्थ्यो । देहरादून त आफैं गएको थिएँ, गुल्मीमा गोकर्णराज शस्त्रीले जतातते 'रूप रेखा' फैलाइदिनुभएको थियो ।

पछि केही पत्रिकाले भरमारसंग चिनेका मानिस जतिको नाम आजीवन सदस्यमा छाप्न थालनाले मैले आफ्नो आजीवन ग्राहक आन्दोलन सेलाउनुपऱ्यो तैपनि यताउता गएको वेलामा एक दुइटा आजीवन ग्राहक बनाउन प्रयास गर्दथिएँ । त्यस्तैमा एक पटक विराटनगर पुग्दा आजीवन ग्राहक बनाउन त्यहाँका विशिष्ट समाजसेवी कृष्णबहादुर थापाकहाँ पुगें-मेरो अनुरोधलाइ स्वीकार गर्नु भयो र नाम ठेगाना रसिदमा लेखाइसकेपछि यसबाट प्राप्त हुने रूपरेखाका प्रति अरू कसैलाइ दिन भन्नुभयो । अनि म झल्यांस्स भएँ उहाँलाइ त मैले दुई वर्ष अगाडि नै आजीवन सदस्य बनाइसकेको रहेछु । उहाँको भद्रता र सहयोगी भावनाप्रति हृदय गद्गद् भयो र आफैलाइ मुख रातो हुने गरी लाज पनि लाग्यो । यस सद्भावनायुक्त घटना घटेको पाँच छ वर्षपछि चाबहिलमा त्यस्तै घटना दोहोरिन गएको छ । संरक्षक बन्ने वचन दिएको अल्पावधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा नै स. विष्णुमणिको अकस्मात् निधन भयो । वचन दिंदा उहाँका छोरा धनमणिको पनि उपस्थिति थियो । त्यसैले पछि कुनै समय संरक्षक शुल्क प्रदान गर्ने अर्को वचन प्राप्त गरेको थिएँ । मलाइ आशा कम नै थियो । आफैंले दिन्छु भनेर संरक्षक शुल्क नदिएको अनुभव मसंग तरोताजा छ भने बाले दिन्छु भनेको रकम छोराले तिर्नु त आश्चर्यकै कुरा हुन्थ्यो तर पनि पिताको निधनको तीन वर्षपछि मलाइ अचानक घरमा बोलाएर पिताको संरक्षक शुल्क प्रदान गरी धनमणि आचार्यले त्यस्तै आश्चर्यमा पारी कृष्णबहादुर थापाको सद्भावनालाइ दोहोऱ्याइदिनुभएको थियो । कहीं यस किसिमको सद्व्यवहार पाउँथें भने कहीं साह्रै आत्मग्लानि हुने व्यवहार पनि !

एक पार्टीमा फिल्ड मार्शल केशर शम्शेरसंग भेट भयो, उहाँ भित्र-सम्म घोच्ने कुराका लागि धेरै वर्षदेखि प्रसिद्ध हुनुहुन्थ्यो । मैले आजीवन सदस्य उहांलाइ बनाइसकेको थिएँ त्यसैले संरक्षक बनाउनका लागि पार्टीमा समय मिलाएँ र केही दिनपछि केशर महल पुगें । साहित्य र समाज सम्बन्धी केही रसिला कुरा पछि मैले संरक्षकको कुरा झिकें । मुसुक्क हांस्नुभयो र सोध्नु-भयो, 'दशैं आउन कति बांकी छ ?'

मैले सोझो मनले जवाफ दिएँ, 'डेढ महिना !'

उहाँको अर्को वाक्य निस्क्यो —'हेर्नुस्, नेपालमा कति महँगी बढ्यो, परिवार धान्न नै गाहारो भयो । सरकारलाइ पनि त्यस्तै गाह्रो भएर होला हामीमाथि चाहिने नचाहिने कर लगाउने निहुँ खोजिरहन्छ । तपाईंले पनि ठिकै गर्नुभयो, डेढ महिनापछिको दशैंलाइ अहिलेदेखि तयार नगरे कसरी चाड मनाउने ... !'

मेरो लागि यत्ति नै पर्याप्त थियो । यीभन्दा कडा लाञ्छना सुनि· सकेको र भोगिसकेकोले विशेष गाली त भन्ठानिनँ तर पनि सहन शक्तिको सीमा हुन्छ । चाडबाड त हामी जस्ता व्यक्तिबाट धेरै टाढा थियो । मेरो लागि केको दशैं केको तिहार ! आफ्नो लागि त बाह्रै महिना गठे मुंगल—रूप-रेखाको कतारो थाप्दै आजाजुजे हा ! कहिले लेखको हा त कहिले विज्ञापनको—त कहिले ग्राहक शुल्कको ! बुकेर बुळ पचाउन खोज्नेको व्यवहारप्रति मात्र चित्त दुख्ने हो कहिले काहीं । कण्डै यस्तै चर्को घाउ पार्ने काम नयाँ दिल्लीमा दोहरि-एको थियो तर पछि कालधारामा मल्हम पट्टी लगाइयो ।

एक अंक पनि नटुटीकन रूप-रेखा पूर्ण नियमित भए पनि कहिले काहीं ढिलो निस्कन्थ्यो । सुरेन्द्र सिंह के. सी. सांस्कृतिक सहचारी भएर नयाँ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिल्ली जानुभएदेखि उहाँले मेरो अनुरोध स्वीकार गरेर प्रत्येक महिना २५ प्रति रूप-रेखा किनी भारतमा बाँड्ने व्यवस्था हुन गएको थियो। त्यसैको सिलसिलामा म एक पटक तत्कालीन राजदूत यदुनाथ खनालसंग अर्को वर्षको लागि उक्त व्यवस्था कायम गर्न अनुरोध गर्दै एक वर्षको ग्राहक शुल्क ल्याएको थिएँ। फेरि अर्को वर्ष गई त्यसै कुराको लागि अनुरोध गर्दा उहाँले तुरुन्त सहयोग गर्न अस्वीकार गर्दै 'पत्रिका नपठाएर पैसा मात्र लान खोज्ने' भन्ने निम्न खालको आरोप लगाउनुभयो। रूप-रेखा पठाउन केही ढिला मात्र हुन्थ्यो तर पैसा कहिले पनि पचाएको थिएन र त्यस्तो नियत 'रूप-रेखा'-ले सोच्ने हिम्मतसम्म पनि गरेको थिएन। एक विद्वान् र साहित्यिक राजदूतबाट त्यस किसिमको व्यवहार मैले कहिले अपेक्षा गरेको थिइनँ। मैले केही समय ढिला मात्र भएको बाध्यता र त्यसको परिपूर्ति गर्ने सम्बन्धी विश्वास दिलाउन खोज्दा पनि उहाँ सुन्नसम्म तयार हुनुभएन! त्यस बेला मलाइ लागेको थियो—मैले जीवनमा गरेका संघर्ष विद्वान् कहलिएका व्यक्तिबाट यस्तै व्यवहार पाउनका लागि गरिए-का हुन् त? विद्वान् साहित्यकारको त यस्तो व्यवहार छ भने अरू सामान्य व्यक्ति-को कस्तो व्यवहार होला? प्रति सम्वेदना पाउने ठुलो आशामा जाँदा प्रतिक्रिया मात्र पोल्टामा थाप्नु पर्‍यो। तर हरेस खाइनँ, हरेस खाए 'रूप-रेखा'- प्रतिको जन आस्था कायम कसरी गर्नु? यस किसिमको अनुभवले मेरा जीवनलाइ झन् राम्ररी माझ्ने छन् र संघर्षप्रति बढी सक्रिय गराउने छन् भन्ने अठोटमा पुगें। समय बित्दै गयो। केही वर्षपछि उहाँ अमेरिकामा शाही राजदूत भएर जान लाग्नुभयो, कालधारामा उहाँसंग केही लेख माग्न गएँ। लेखका साथै केही सय रुपियाँ दिँदै उहाँले भन्नुभयो, 'यो रुपियाँले भ्याएसम्म अमेरिकामा रूप-रेखा पठाइदिनुहोला। मैले 'बिषमा पठाउन नसके के गर्ने' भन्ने प्रश्न उठाउँदा 'रूप-रेखा त निस्किरहन्छ नि' भन्ने विश्वास व्यक्त गर्नुभयो। नयाँ दिल्लीमा हरेस खाई आफ्नो कर्तव्य पथबाट दच्की भागेको भए कालधारा-को यो विश्वासको अभिव्यक्ति हेर्न पनि पाउने थिइनँ होला।

○○○

साहित्य सर्वसाधारणका लागि प्राप्य हुनुपर्दछ--मेरो विश्वास थियो यो। साहित्य मात्र हैन संगीत पनि सर्व प्राप्य हुनुपर्दछ--मेरो विश्वासको घेरा ठुलो हुँदै गयो। अनि विशेष पर्वहरूमा मात्र सङ्गीत समारोहका आयोजना-ले सङ्गीतको विकास गर्न सक्दैन--यो विचार दिन प्रतिदिन बलियो हुँदै गइरहे-को थियो। परम्परा तोड्नु आवश्यक ठानें, मैले अनि सूत्रपात भयो रूप-रेखा सङ्गीतको-! यस रूप-रेखा सङ्गीत कार्यक्रमहरूका लागि कुनै पर्वको आव-श्यकता थिएन, बाँलि कलाकारहरूको सहयोगको मात्र आवश्यकता थियो जुन मैले चाहे जतिको पाउनमा सफल भएको थिएँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यति मात्र हैन, पश्चिमी र पूर्वीय संगीतका विशिष्ट ज्ञाता तथा आधुनिक नेपाली सङ्गीतका अग्रणी मानिएका अम्बर गुरुङलाइ दार्जिलिङ्गको अनिश्चित आर्थिक परिस्थितिबाट मुक्त गरी गाँसवासको सुप्रबन्ध सहित काठमाडौंलाइ सुम्पन पनि सफल हुन पुगेको थिएँ। यी सब भएर पनि 'रूप-रेखा' सरह 'रूप-रेखा' सङ्गीतलाइ नेपाली भाषा क्षेत्र व्यापी बनाउन सकेको थिइनँ।

OOO

राष्ट्रिय सञ्चार योजना लागु हुनु अघिसम्म श्री ५ को सरकारको प्रचार विभागबाट नियमित सहयोग पाइरहन्थ्यो। श्री ५ को सरकारको अधिकारीहरूबाट पनि बिचिचमा मर्म स्पर्शी सहयोग पाइन्थ्यो। यस सन्दर्भमा तीर्थ दाइ (तीर्थराज तुलाधर) ले रूप-रेखासंग विनिमय गरी 'नेपलिज पर्सपेक्टिभ' (गोरखापत्र संस्थानको प्रकाशन)-मा 'रूप रेखा'-को विज्ञापन धेरै पटक छापिदिनुभएको प्रोत्साहन विशेष उल्लेखनीय थियो। तर संचार योजना लागू भएपछि सरकारी सहयोग पूरा बन्द गरी १९९१ मा जुद्ध शम्शेरको पालादेखि प्राप्त भइरहेको सहयोग हरियो। सात आठ, वर्षअघिका संचार मन्त्रीहरूको ध्यान यी कुराप्रति आकर्षित गर्दा कोही तुरुन्त फोन उठाई सूचना निर्देशकलाइ 'फलानालाइ तपाईंकहाँ पठाउँदै छु, उहाँलाइ विज्ञापन र त्यस बापतको रू. तुरुन्त दिने व्यवस्था मिलाउनु होला' भन्थे र त्यो व्यक्ति सिंहदरबारको भुइँतला पुग्न नपाउँदै निर्देशकलाइ अर्को फोन गरी 'म त राजनैतिक मानिस, उसको अगाडि ठिक हुन पऱ्यो—उसलाइ केही नदिई अलमल्याउनु होला' भन्दथे, त अर्को थरीका संचार मन्त्री 'भोलि' भनी महिनौं कुलाइरहन्थे। यस्तो किसिमको निकृष्टतम विषम स्थितिमा बाँच्न सक्नु पनि कहिलेकाहीं आफैंलाइ आश्चर्य लाग्थ्यो। तर विश्व साहित्य र संस्कृतिसंग बढी अवगत भई सेवा कार्य अझ सुदृढ हुन सकोस् भनी मलाइ फ्रान्स, इंग्ल्याण्ड, जर्मन, रुस आदिमा जान कर लाउने राधाप्रसाद घिमिरे जस्ता व्यक्ति पनि संचार मन्त्री हुन पुगेका थिए। यसरी बिस्तारै संचार मन्त्रालयको व्यावहारिक स्थिति पहिलेको तुलनामा केही वर्ष यता निकै सुध्रे पनि पत्रिकाले सरकारी सहयोग पाउने कुनै नियमित व्यवस्था अझ बस्न सकेको छैन जुन आशै आशमा कुण्डिरहेको छ नै!

यी सब संघर्षमय दिनहरूमा रूप-रेखाको स्थायित्वको लागि आफ्नै प्रेस नराखिकन हुँदैन भन्ने निष्कर्षमा म पुग्दै थिएँ। एक घटनाले यो निष्कर्षलाइ झन् दृढ बनाइदिएको थियो। लेखकहरूको अन्तरवार्ताको संगालो 'स्रष्टा र साहित्य'-को पुस्तकको रूपमा छपाउने विचार थियो। तर कसले छापिदिने?

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
ऐतिहासिक पशुपति प्रेसको स्थिति खस्कँदै गएको थियो। अनि माइसाहब (वासुदेव लुइँटेल) लाइ गुहार्न गएँ—उहाँको जिम्मा जमानीमा नेपाल प्रेसमा उधारो छाप्ने चाँजो मिलाएँ। यस्तैमा 'रूप-रेखा' पनि अनियमित हुने छाँट आयो। केही समय पशुपति प्रेसमा छाप्न नसक्ने बाध्यता बालमुकुन्दले व्यक्त गरे। अनि केही अंकहरू नेपाल प्रेसमा नै छाप्ने चाँजो मिलाएँ। मेरो किताब नसिद्धिउन्जेल करिब एक वर्षसम्म नेपाल प्रेसले रूप-रेखा उधारो छापिदिरह्यो तर पछि सब पैसा चुक्ता नगरिकन पुस्तक र पत्रिका दिन्न भनियो। विपद् त निश्चय नै थियो, त्यसलाइ टार्ने उपाय निकाल्न अनेक प्रयास गरें—केही लागेन, आखिरमा आफुसंग बेच्न योग्य सामान एउटै थियो अति प्रिय फिलिप्स टेपरेकर्डर—त्यही बेचेर प्रेसबाट सामान छुटाएँ तर पुस्तक र पत्रिकाका संख्या कम थियो। 'समयमा लिनुभएन अहिले कता पर्‍यो कुन्नि' भन्ने साहूको जवाफमा सन्तोष लिने सिवाय अरू केही उपाय थिएन।

'स्रष्टा र साहित्य' ताका नै व्यथितजीसंग राम्रो सम्बन्ध बढ्दै गएको थियो, उहाँलाइ प्रज्ञा-प्रतिष्ठानमा ल्याउने पृष्ठभूमि तयार पार्न उक्त पुस्तक लेखेको भन्ने आरोप पनि ममाथि केही पत्रिकाले लगाएका थिए। उहाँले तराई र पहाडको खोंचमा हिउँदताका घुमेर 'रूप-रेखा' प्रेसका लागि रकम उठाउने हौसला पनि दिनुभएको थियो। तर नेपाली साहित्य संस्थान खोल्नासाथ 'रूप-रेखा'-को भविष्यप्रति आशंकित भई 'हिमानी' सम्म विनिमय गर्न उहाँले अस्वीकार गर्नुभयो र प्रज्ञाप्रतिष्ठानको कुलपति भएपछि त पाँच वर्षसम्म आफुसंग मात्र हैन प्रज्ञा प्रतिष्ठानसंग नै मेरो सम्बन्ध कटुतम बनाइदिनुभएको थियो। शक्ति-कुर्सीमा आसिन भएपछि धेरेजसो व्यक्ति आफ्नो 'आत्मा'-को भाषालाइ लत्याई वरिपरि घेरी चापलुसी गर्ने 'आफन्त'-का भाषामा मात्र कुरा गर्ने रोगबाट ग्रसित हुन्छन्। यस्तो रोगबाट उम्कनेमा व्यथित मात्र अपवाद हुन सक्नुभएको थिएन। जीवनलाइ बुझ्दै गएकोले मैले रोगीलाइ घृणा गर्नुको सट्टा दया गर्न सिकिसकेको थिएँ र आफुले लिन सक्ने कुरा मात्र स्वीकार गरी अरू दिनेलाइ नै फर्काउने गरेको थिएँ।

पहिलेदेखि नै मैले सदा सक्रिय र गौरवमय व्यथितको कवित्वपनलाइ स्वीकारेको थिएँ, मलाइ दर्पपूर्ण मदमत्त व्यथितको आवश्यकता थिएन। यसैले म सधैं कवित्वले परिपूर्ण व्यक्तिको अपेक्षामा भइरहन सकें भने शक्ति मदान्ध व्यक्तिको उपेक्षा पनि त्यस्तै सजिलैसंग गरिरहन सक्ने पनि भैसकेको थिएँ। त्यसैले मानिसका बेला बखतका उदात्त कमजोरीलाइ बिर्सिदिनु मेरो स्वाभाविक प्रक्रिया भैसकेको थियो। यस्तै मनस्थितिको पृष्ठभूमिमा आजकल आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरानो गरिमामय कवित्वपूर्ण व्यथितलाइ केही वर्षको रिक्ततापछि फेरि पाउन सकेकोमा मलाइ ठुलो सन्तोष लाग्नु स्वाभाविक नै हो।

... ... तर जे भए पनि प्रेस स्थापना गर्ने आफ्नो पहिलो प्रयासमा चिसो पानी खत्तिएपछि अरू स्रोतपट्टि बढ्न थालें। श्री ५ को सरकारका एक वरिष्ठ अधिकारी मेरो रूप-रेखाप्रतिको लगनशीलता र सेवा कार्यबाट सन्तुष्ट हुनुहुन्थ्यो, प्रेस सम्बन्धी मर्का सुनेपछि एक प्रेस मलाइ दिलाइदिने आश्वासन दिनुभयो। महिनौं धाउन थालें, योजना मागियो, दिएँ—स्वीकृति भयो—आशा पनि बढ्दै गयो। प्रत्येक भोलि टाढिँदै गए पनि मेरो आशा मरेको थिएन। सधैं आशामा नै बाँचेको हुन्थ्यो मेरो जीवन ! सधैं चौबीस घण्टापछिको अर्को भोलिको प्रतीक्षामा हुन्थें, यही क्रममा अर्को भोलिपल्ट पुगें, पुरानै कुरा दोहऱ्याएँ— अब त काम बन्ला कि भनी ! प्रेस त पाइनँ तर मुरीका मुरी भाषण पाएँ।

'...अब बुझ्नुभयो, आफ्नै खुट्टामा उभिनुपर्छ, कसैले देला र लिउँला भन्नु हुँदैन, त्यो जमाना गयो...आफ्नै बाहु बर्कतमा... ...'भाषणका अरू अंश उहाँकै कोठामा छोडेर आएँ। उहाँको बाध्यतालाइ बुझें। पाँच छ वर्षको उमेरदेखि आफ्नै खुट्टामा उभिई परिश्रमपूर्वक आत्म सम्मान बुझेको म जस्तो व्यक्तिका सामुन्ने उहाँको भाषण निरर्थक थिए तर यी असमर्थताको अभिव्यक्ति भएकाले उहाँको बाध्यता र मर्का बुझ्न सक्नु मात्र मेरो काम थियो ! मप्रति अहिले पनि उहाँको पूर्ण स्नेह र सहानुभूति छ। तर 'गर्न सक्नु र स्नेह देखाउनु' बीच गहिरो व्यावहारिक खाडल पनि आइलाग्दछ धेरै पटक ! कति कुरा मानिसले गर्न चाहेर पनि गर्न सक्दैन।

प्रेस नहुने नै भयो, जिन्दगी यसरी नै अनिश्चित भइरहने ? त्यसो भए मैले सम्पूर्ण जीवन अर्पण गरेको 'रूप-रेखा' र अरूले केही समय लगाएको पत्रिका बिचको भिन्नता नै के भयो र ? बाल्यकालदेखिको मेरो संघर्षमय जीवन र क्रमिक रूपमा मैले प्राप्त गर्दै गएको आंशिक सफलताले मभित्रको एक कुनामा अहंपना पनि बटुल्दै गइरहेको थियो। म जस्तो संघर्षशील व्यक्तिले आफ्नो लक्ष्य पूरा नगरे अरू कसले गर्ने त भन्ने जस्ता अहंपूर्ण अभिव्यक्ति पनि बि-बिचमा व्यक्त भइरहन्थे काममा र वचनमा ! तर एक कुनामा यी अभिव्यक्ति थिए भने अर्को कुनामा थिए समस्या पनि आपसमा तानातानी गर्न सधैं तत्पर ! यी तनावपूर्ण विचारले मात्र सधैं पिरलिरहन्थे मलाइ ! लेखकपट्टिको समस्या थिएन। मेरो 'स्रष्टा र साहित्य' र गहन मैत्रीपूर्ण तथा व्यक्तिगत सम्बन्ध सम्पर्कले गर्दा नेपालका अधिकांश लेखकहरूको सहयोग प्राप्त गर्न म सदा सफल

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छु ! विभिन्न विचारधाराका सबै स्तरका लेखकहरूसंगको मेरो निकटतम सम्बन्ध वास्तवमा धेरैको लागि ईर्ष्याको विषय हुन गएको पनि छ। त्यसैले रूप–रेखाको लेखकहरूको सम्बन्ध मेरो लागि कहिले पनि पीरको विषय हुन गएन। अब घरतिरको पनि पीर थिएन, शैलेन्द्र बाबु (शैलेन्द्रकुमार उपाध्याय) का सहयोगले चितौनमा व्यवस्था हुन थालिसकेको थियो––भाइहरू राम्ररी पढ्दै थिए। देउजा दाइ (दुर्गाबहादुर देउजा) को अर्को सहयोगमा स्वतन्त्र लेखन र अनुवाद कार्य राम्ररी चलेकोले मेरा निजी आर्थिक समस्या सजिलैसंग समाधान हुन थालिसकेका थिए। पीर थियो त कागज र छपाइकै ! त्यसैले मेरो दिमागमा प्रेस सधैं घुमिरहन्थ्यो। 'प्रेस' भए त कागज पनि त्यसैले कमाइ-हाल्थ्यो कि ?

नेपाल बाल चलचित्र समितिको सचिवको नाताले बाल चलचित्र लिई विभिन्न जिल्लामा भ्रमण गरिरहनुपर्थ्यो, यसै सिलसिलामा म झापा गएको थिएँ। फर्कंदा स्वयम्भूलाल श्रेष्ठले आफ्नो 'हामी नेपाली' पुस्तकको पाण्डुलिपि छाप्ने जिम्माको साथै पेस्की रू. ५००।- दिएर पठाउनुभएको थियो। प्रेसको धून त छँदै थियो। बनारसमा केही केस अक्षर मात्र राखी प्रेस चलाएको कुरा पनि सुनेको थिएँ। बालमुकुन्दसंग 'रूप-रेखा'-को लागि त्यस्तै गर्ने सल्लाह गरें। उनी त्यस बेला अर्कै धूनमा थिए। पहिले दुई चार पटक 'रूप-रेखा' छोड्ने कुरा पनि गरेका थिए, तर मलाइ किन हो कुन्नि रूप-रेखाको भविष्यप्रति पूर्ण आस्था भएकोले उनलाइ नछोड्न बाध्य गरिरहेको थिएँ। तर उनको परिवारमा पनि नयाँ व्यवस्था सिर्जना भएकोले केही न केही गर्नुपर्ने भैसकेको थियो। उनी एक किसिमले पशुपति प्रेसबाट अलग भैसकेका थिए र प्रेस कामबाट विरक्तिएका पनि ! तर मैले उनलाइ सुचारू रूपमा प्रेस चलाउन र त्यसका लागि मलाइ साथ दिन उनलाइ आग्रह गरें। उनले स्वीकृति दिने भए भाडा या ऋण जेमा भए पनि प्रेस खोज्ने कुरामा मैले जोड दिएँ।

जसरी भए पनि बालमुकुन्द सहित एक सुचारु प्रेस चलाउन अठोट गरिसकेको थिएँ, मलाइ पहिले उनले लगाएको गुण पनि चुकाउनु थियो। उनलाइ मनाएपछि नेपाल टाइप फाउण्ड्रीमा स्वयम्भूलालको ५००।– तिरी बाँकी उधारोमा अक्षर लिन जगदम्बा प्रेस पुगें। त्यही अक्षरद्वारा 'हामी नेपाली' छापी रूपायन प्रेस सुरु गर्ने आँट थियो। अक्षर त पाइनँ तर कमल बाबुले '...प्रेसको आवश्यकता नै परेको भए केही समयपछि, रूपैयाँ तिर्ने गरी तपाईं-लाइ एक ट्रेडल मिलाइदिन्छु, अक्षर त अलि मिल्दैन होला।' भन्नुभयो। यो त ढुंगा खोज्दा देवता पाए जस्तो भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम मिल्दै गए पनि सिलसिलेवार काम भने मिलेको थिएन । प्रेस तयार भइसक्यो तर कहाँ राख्ने ? अनि अक्षर ? म त्यसै भुटभुटिएको थिएँ । यस्तैमा गोकर्ण (गोकर्णदेव पाण्डे)-ले 'त्यत्रो ड्वाङ्गड्वाङ्गती घरमा बसेर पनि ठाउँको कमी ? म त पशुपति प्रेस राख्न गुज्यूबाजेलाइ भन्न जाउँ जस्तो लागेको छ' भन्दा जीउ नै हलुका भयो ।

अर्जुनकहाँ पेइंग गेस्ट भएर वर्षौंसम्म बस्दा घरपेटी गुज्यूबाजे (विधिराज पाण्डे) का परिवारसंग म घुलमिलिसकेको थिएँ—झण्डै एउटै परिवारको सदस्य जस्तो बन्न पुगिसकेको ! गुरुमाबाट पनि बराबर स्नेह पाइरहन्थें । आफ्नो आकांक्षा र मर्का बताएँ । कैयौं दशकदेखि प्रयोग नभएको छिडी सफा गरी प्रेस चलाउँछु भन्ने मेरो अनुरोध स्वीकार गरियो । त्यति मात्र हैन, गुज्यूबाजेसंग केही हजार रूपैयाँ निर्व्याजी सापट पनि लिएँ । अब अक्षर र ठाउँको समस्या रहेन । मिल्ने समयमा सब कुरा मिल्दै आयो । धेरै अघिदेखिको मेरो आकांक्षा पूरा हुन लागेको थियो । यसको उद्घाटन 'आफ्नो खुट्टामा उभिने'-को वक्तालाइ गराउने विचार थियो तर यो त व्यंग्य जस्तो मात्र हुने भयो जुन मेरो स्वभाव विरुद्धको कार्य थियो । यसैले यसको शुभारम्भ व्यंग्य गरेर हैन, मंगल कामनासहित राम्ररी नै गर्ने अठोट गरें । गुज्यू दम्पतिका छोरैछोरा मात्र थिए-छोरीप्रति उनीहरू ज्यादै लालायित हुन्थे । लम्बे समयको चाहनापछि एक छोरी भइन् ! अनु उनीहरूको दुई दशकदेखिको आकांक्षा पूरक भएर आएकी थिइन्—सबको चहेती ! मलाइ लाग्यो, रूपायन प्रेस मेरो वर्षौंको आकांक्षापछि साकार भएको—यसको उद्घाटन अनुबाट गराउनु जस्तो उपयुक्त कदम केही लागेन । अनु पाण्डे र रूपायन प्रेस दुवै फलित इच्छाका सफल प्रतीक थिए । अनुको हातद्वारा शुभ कार्य हुँदा प्रेसको बढी सुरक्षा हुने भित्री विश्वास पनि थियो मलाइ !

रूप-रेखा चलाइएको बाह्रौं वर्षमा प्रेस त चल्यो तर ऋण तिर्न यसको विस्तार नगरी सम्भव थिएन । यसैले 'अथक प्रेस' पनि भाडामा लियौं र बैंकको ऋणमा आँखा गडायौं ! रूपायन प्रेसको आन्तरिक व्यवस्था अनुभवी बालमुकुन्दको हातमा थियो—बाहिरी सम्पर्क र सब आवश्यकता पूर्ति गर्ने जिम्मा मैले लिएको थिएँ । प्रेसलाइ अन्ततः सुदृढ बनाई 'रूप-रेखा'-लाइ आत्मनिर्भर बनाउने लक्ष्य पूर्तिका लागि हामी पूर्ण सक्रिय थियौं । यस्तैमा एक पार्टीमा नेपाल बैंकका महा-प्रबन्धक आनन्दभक्त राजभण्डारीसंग भेट हुँदा ऋणको कुरा

… Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिकें । त्यस बेला घर नभैसकेकोले भनें 'धितो राख्ने मसंग केही छैन । मेरो काम थाहा छँदैछ, श्रमजीवी पत्रकार हुँ, विश्वास गर्नु हुन्छ भने प्रेसलाइ केही ऋण दिलाइदिनुस् ।' कुरा ठाडै जस्तो थियो तर पुरानो परिचय भएकोले सोझै रूप-मा समस्या प्रस्तुत गरें । 'कुनै व्यक्तिले जिम्मा लिने भए ऋण दिलाइदिन्छु' भन्ने खालको त्यस्तै ठाडो र संक्षिप्त उत्तर पाउनासाथ मलाइ कहिले भोलि होला जस्तो भयो । भोलिपल्ट माड्साहवसंग मेरो जिम्मा लिई साक्षी बस्न अनुरोध गरें, कुरा सरल थिएन । तर स्कुलदेखि नै प्रोत्साहन दिदै आएका माड्साहव 'क्षत्री'-लाइ प्रत्येक रानी पोखरी तराउन सधैं प्रयास गरिरहन्थे । पर्सिपल्ट नै बैंकको ऋणद्वारा प्रेसको विस्तार गरियो । समय बित्दै गए । रूप-रेखाको आयु पनि बढ्दै गयो, काम हुँदै गए, ऋण तिरिदै गयो, फलस्वरूप म्याद केही दिन नाघे पनि कमलबाबुको ट्रेडलको रकम तिरियो र त्यसरी नै गुज्यूं बाजेको सापटी पनि ! वास्तवमा यी दुई ऋण मात्र हैन अन्य व्यक्तिका ऋणरूपी सह-योगका रकम पनि एकेक पाइ गरी तिरियो तर 'रूप-रेखा'-लाइ आत्मनिर्भर बनाउन आफ्नो कांध थापिदिने हाम्रा यी सहयोगीहरूले लगाउनुभएको गुण र नैतिक ऋण तिर्न सक्ने स्थितिमा भने अझ पुग्न सकिएको छैन र कहिले पुग्न सकिएला--यसबारे अहिले भन्न पनि केही सकिन्न !

OOO

हातमा छापिएका फर्माहरू छन्, भर्खर छापिएको आवरण पृष्ठ लिन्छु र फर्मालाइ ढाक्छु ! पाना पल्टाउँछु एक, दुइ, तीन... ...अनेक अनुहार पानामा सल्बलाउन थाल्छन् कुनै नौला भर्खरका परिचित त कुनै निकै पुराना ! अठाह्र वर्ष अघि परिचित अनुहार पनि बिर्सिएका रहेनछन् । प्रत्येक अनुहारमा बेग्लै भाव देख्छु -कोही हाँसिरहेका त कोही गिज्याइरहेका, कोही जिस्क्याइ-रहेका त कोही सन्तोष व्यक्त गरिरहेका ! एक आकृति बिलाउँछ अर्को आकृति-लाइ ठाउँ दिन ! मेरा विगत दुई दशकलाइ सार्थक र सक्रिय बनाइदिने एकेक अनुहार देखिंदै हराउँदै जान्छन् । मान-अपमान, प्रेरणा तिरस्कार-हौसला-लाञ्छना, प्रोत्साहन-अवहेलना, सम्मान-यातना आफुसंग जे जस्तो छ ती दिन सक्ने आ-आफ्नो क्षमता अनुरूप मेरा पोल्टा भरिदिएर मलाइ सधैं सक्रिय बनाउने यी अनुहारप्रति नतमस्तक हुन्छु, सबप्रति आफ्नो कृतज्ञता व्यक्त गर्दछु !

लाग्दछ, यी अनुहार मेरा जीवनमा नआइदिएका भए यो मेरो हात-भरिको पुरस्कार सम्भव हुन्थ्यो र ! अनि यो कुरा पनि मनमा लाग्दछ, उतार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चढावपूर्ण संघर्षमय जीवनको फल यसै लोकमा भोग्न पाउने म कति भाग्यमानी रहेछु ! पौने दुई करोड नेपाली भाषीको नेपाली पत्रिकाप्रतिको आस्था र विश्वास स्थापना जस्तो पुनित सेवा कार्यमा सबलाइ उछिनेर ऐतिहासिक रूपमा सफलतापूर्वक पूर्ण संलग्न हुन पाउनु योभन्दा ठुलो उपलब्धि के ...?

......हेर्दा हेर्दै सब अनुहार बिलाउँछन्, फगत शून्य--अरू केही हुन्न। अनि बिस्तार एउटा आकृति देखा पर्न थाल्छ, सिङ्गो एक्लो ! आकृतिको अनुहार प्रष्टिँदै जान्छ ! ओहो ! उही चीर परिचित अनुहार ! उही छ-सात बर्षको निसहाय टिठलाग्दो केटो ! त्यो पहाडी केटोका विवश आँखा चारैतिर हेर्न पुग्छन् । आँखा जुध्छ, म आँखा छल्न खोज्छु । उसबाट म भाग्न खोज्छु तर सक्दिनँ । मलाइ उसका दृष्टिले जकडिसकेका हुन्छन् । मेरो आँखा धमिलिन्छ, तैपनि देख्दछु--केटोको मुख रगताम्मे भइसकेको हुन्छ । टाढा कता हो कता एउटा गोरेटो देखिन्छ । केटोका अश्रुपूर्ण आँखाले आँसु चुहाउँदै मलाइ त्यतै हेर्न इशारा गरिरहेका हुन्छन् । हेर्छु गोरेटो बाङ्गोटिङ्गो हुँदै लम्बिएको छ । त्यो पनि देखिन्छ—बिलाउँछ, बिलाउँछ—देखिन्छ । यही प्रक्रिया दोहोरिरहन्छ ! रगताम्मे मुख भएको केटो पनि बिलाउँदछ र यसरी नै सब बिलाउन थाल्छन् । तैपनि मेरो आँखा आवरणबाट हटेका हुन्नन् । आवरणमा रगतको चिह्न अझै पनि देख्दैछु तर त्यो त रातो अक्षरको 'रूप-रेखा, दुई सय' रहेछ ! ती अक्षरमा ढलपल गरी मिसिन पुगेका छन् आँसुका केही थोपाहरू ! भन्न सक्दिनँ, ती आँसु कसका हुन् -मेरा या त्यही केटाका ? भलै म आँसु चिन्न नसकुँ तर म आँसुभन्दा महान् सत्य कुरा चिन्न पुग्दछु । फेरि केटोले मलाइ बताइदिएको हुन्छ--संघर्ष सिद्धेको छैन ! गोरटोका मात्र धर्सा कोरिएका हुन् ! पक्की गोरेटो बनाउन बाँकी नै छ अझ !

फ्ल्यास ब्यू कन्छु र जीवनलाइ अझ राम्ररी चिन्न पुग्दछु । हो अहिले संघर्ष सिद्धेको रहेनछ, यो त संघर्षको सुरुआत मात्र रहेछ !

ढोकाटोल, काठमाडौं । ○

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

रूप-रेखा दुई सय

मङ्गलमय कामना

□राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ३३ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफका जुनाफमा सुस्वास्थ्य र दीर्घायुको हार्दिक मङ्गलमय कामना भक्तिपूर्वक चढाउँदछौं ।

कृतज्ञता

□श्री ५ महाराजाधिराज सरकारबाट 'रूप-रेखा'-का सम्पादकलाइ नेपाली भाषा र साहित्य विषयमा अन्तरवार्ताको लागि बक्सेको असीम निगाह-का लागि 'रूप-रेखा' परिवार मात्र हैन, सम्पूर्ण नेपाली भाषा र साहित्य प्रेमी नै पूर्ण कृतज्ञ भएका छन् । यस सम्पूर्ण अन्तरवार्तामा श्री ५ महाराजाधिराज-बाट बक्सेको निर्देशनले नयाँ दिशाबोधको मार्ग निर्धारण गरेको छ ।

राष्ट्रिय योजना आयोग

□अब देशको चौतर्फी विकासमा साहित्य र भाषाको विकास पनि समान महत्वको हुने तथ्य हृदयङ्गम गरी राष्ट्रिय योजना आयोगले राष्ट्रनायक-को निर्देशन अनुरूप कदम चाल्ला भन्ने आशा राखन पुगेका छौं ।

बौद्धिक प्रतिनिधित्व

□नेपालमा शीर्षस्थ बौद्धिक व्यक्तित्वको पूर्ण प्रतिनिधित्व गर्ने व्यक्ति-हरूका लेख यस विशेषाङ्कमा प्रस्तुत गरिएका छन् । हामीलाइ लागेको छ, यस विशेषाङ्कका कृतिहरू, अरू भनौं, यो सम्पूर्ण विशेषाङ्क नै वर्तमान नेपाली बौद्धिक जगत्को सही रूप दर्शाउने ऐना हो । हाम्रो श्रेष्ठतम बौद्धिक उपलब्धि यही विशेषाङ्क भइदिन गएकोले हामीलाइ चाहिएको भविष्य प्राप्त गर्न अपना-उनु पर्ने मार्ग पनि यसबाट निर्धारण गर्न सजिलो हुन जाने देखिन्छ । अर्को शब्दमा, अहिलेसम्मको नेपाली वाङमय सम्बन्धी हाम्रो चरम बौद्धिक उपलब्धि यही 'रूप-रेखा दुई सय'-मा सन्निहित छ ।

'वादे वादे जायते तत्व बोध'-मा आस्था भएकोले यस विशेषाङ्कमा सम्मिलित लेखका लेखकको विचारसंग हाम्रो सहमति हुनु नहुनुले केही तात्पर्य राख्दैन । दिमागलाइ पर्याप्त खुराक प्राप्त भएको छ-सोचौं । सबै पाठक वर्गलाइ बौद्धिक उत्तेजना दिन यो विशेषाङ्क सफल होस्–हाम्रो यही कामना छ । ○

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

........दृढ सेवा गरिरहने छौं !

दुई सय ! 'रूप-रेखा'-को दुई सय अंक पनि प्रकाशित भयो। अठाह्र वर्षको अटुट सेवा कालताका हामीले पाएका अनेक यातना, लाञ्छना र दुःख सबैलाइ यो विशेषांकले बिर्साइदिएको छ। हामी ती नकारात्मक ग्रसित भावनात्मक पक्षबाट मुक्त भएका छौं—अभावका भौतिक पक्षबाट अझ मुक्त हुन नसके पनि !

यो विशेषाङ्कलाइ वर्तमान रूपमा ल्याउन तीन चार महिनाको योजना र कार्यान्वयनको मात्र आवश्यकता परेको थियो। यति थोरै अवधिमा हामीलाइ सफलताको जामा लगाइदिनुहुने हाम्रा अति सहयोगी लेखक वर्गबाट पाएको सहयोगप्रति रूप–रेखा पूर्ण कृतज्ञ छ। साथै नेपालका प्रमुख संस्थान तथा अन्य व्यापारिक संस्थाबाट उदारपूर्वक प्राप्त विज्ञापनले गर्दा पनि बृहत् विशेषांकको आर्थिक बोझ हलुका हुन गएकोले ती सहयोगीप्रति पनि हामी कृतज्ञता ज्ञापन गर्दछौं। 'शारदा'-का वंशज सुरेश बी. मल्लप्रति कृतज्ञ छौं जसको सहयोगले गर्दा नै समयमा विशेषांक प्रकाशित हुन संभव भयो।

यो विशेषांकको तयारीको लागि केही महिना मात्र लागेको तथ्यलाइ अर्को दृष्टिमा हेर्ने हो भने यो पूर्ण सत्य प्रतीत हुँदैन। सांच्चै भन्ने हो भने यो विशेषांकको तयारी गर्न हामीलाइ पूरा सत्र वर्ष आठ महिना लागेको थियो। झण्डै दुई दशकको अथक प्रयास र प्रयत्नपछि यो बृहत् विशेषांक प्रस्तुत गर्न सक्षम भएका छौं। यस अवधिभित्रमा रूप-रेखा'-को पूर्णाङ्क दुई सयौं अंकसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी अटुट रूपमा प्रकाशित गर्नमा आर्थिक बोझ धेरै मात्रामा बोकी विज्ञापन-को माध्यमबाट अटुट सहयोग प्रदान गर्दै आएका नेपाल बैंक लि., जनकपुर चुरोट कारखाना लि. र साझा प्रकाशन जस्ता संस्थाप्रति पनि हामी हार्दिक कृत-ज्ञता ज्ञापन गर्दछौं। साथै 'रूप-रेखा'-को विस्तारको लागि पूर्ण सहयोग गर्नु हुने त्रिभुवन विश्वविद्यालयका भूतपूर्व उपकुलपति सूर्यबहादुर शाक्यप्रति र नयाँ कार्यभार सह्माल्नुहुनासाथ सहयोग गर्न तम्सनुहुने उपकुलपति जगत मोहन अधिकारीप्रति पनि कृतज्ञता ज्ञापन गर्दछौं।

नेपाली पत्रपत्रिकाको इतिहासमा यत्रो वृहत् विशेषांक अहिलेसम्म निस्केको थिएन, यो घमण्ड हैन, गौरवमय स्वीकारोक्ति मात्र हो! भविष्य पर्यन्त त भन्न सकिन्न तर यता एक दशकभित्र यस्तै अर्को विशेषांक निस्कन सकेमा हामी आफुलाइ भाग्यमानी नै सम्झने छौं!

अन्तमा, पत्रपत्रिकाको भ्रूण हत्या या बाल्यकालमा नै हत्या हुने परम्परा भएको देशमा यतिका वर्षसम्म लाग्न खोजेको रोगलाइ पन्छाई बाँच्न सक्नु समस्त लेखक, विज्ञापनदाता र तपाईं पाठकको सद्भावना र सहयोगबाट मात्र सम्भव हुन गएकोले समस्त रूप–रेखा परिवार यी सबै संरक्षणका लागि कृतज्ञ भई आफ्नो सेवा कार्यलाइ अझ बढी ठोस र दृढ बनाउने प्रण गर्दछ।

O

धन्यवाद!

(अन्वेषणात्मक इतिहास लेखनका लागि 'शारदा'-का अमूल्य फाइल उपलब्ध गराउनुभएकोमा कृष्णचन्द्रसिंह प्रधान र शिवराम श्रेष्ठप्रति धन्यवाद ज्ञापन गर्दछौं र साथै रूप-रेखाको अद्यावधिक अङ्कको फाइल प्रदान गरी सहयोग गर्ने अच्युतनाथपाठकप्रति पनि कृतज्ञ छौं।

यस वृहत् विशेषाङ्कको लागि प्राप्त सबैजसो लेखहरू स्थान र समयाभावले गर्दा यस अंकमा प्रकाशित गर्न सकेका छैनौं। ती लेखहरू रूप–रेखाका आगामी अंकहरूमा प्रकाशित गर्ने प्रयास गर्नेछौं।—सं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा लेखकहरू

अभि सुवेदी— कवि तथा आलोचक, पाटन क्याम्पसका अंग्रेजीका प्राध्यापक ।

इन्द्रबहादुर राई— तेस्रो आयामका एक प्रवर्तक, विशिष्ट गद्य लेखक ।

ईश्वरप्रसाद उपाध्याय— 'रूप-रेखा' का अनुसन्धानकर्ता ।

उत्तम कुँवर— स्वतन्त्र पत्रकार, रूप-रेखा, नेपाल दिस मन्थ र काउन्सिल जर्नलका सम्पादक ।

कमल दीक्षित— साहित्य अन्वेषक, मदन पुरस्कार गुठीका सचिव र प्रमुख उद्योगपति ।

कमल प्रकाश मल्ल (डा.)— एक विशिष्ट बुद्धिजीवी, त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष ।

कीर्तिनिधि विष्ट— कवि, पत्रकार, नेपालका प्रधान मंत्री ।

केदारनाथ श्रेष्ठ (डा.)— शिक्षाविद्, त्रि. वि. शिक्षा संस्थानका डीन ।

केदारमान व्यथित— कवि, राजकीय प्रज्ञा प्रतिष्ठानका भूतपूर्व कुलपति ।

कृष्णचन्द्र सिंह प्रधान— कवि, आलोचक साझा प्रकाशनका महाप्रबन्धक ।

गणेशबहादुर थापा— अर्थशास्त्री, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर ।

गोविन्दप्रसाद लोहनी— विशिष्ट चिन्तक, राष्ट्रिय योजना आयोगका सदस्य ।

गोविन्दबहादुर मल्ल 'गोठाले'— कथा र उपन्यासका लेखक, 'शारदा' का अन्तिम सम्पादक, रा.प्र.प्र. का मानार्थ सदस्य

चन्द्रप्रसाद गोरखाली (डा.)— विज्ञानका विशेषज्ञ, राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य ।

चित्तरञ्जन नेपाली— इतिहासकार, शिक्षा मन्त्रालयका का. मु. सचिव ।

चुडामणि बन्धु— भाषाविद्, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक ।

जगदम्बाकुमारी देवी— मदन पुरस्कारकी संस्थापिका ।

जगदीश घिमिरे— कवि, उपन्यासकार, ने. प. नि संघसित सम्बन्धित ।

जगदीश सम्सेर— कवि, आलोचक तथा समाज सेवी ।

ठाकुर पराजुली— आलोचक, त्रि. वि. का प्राध्यापक ।

डिल्लीराज उप्रेती— पर्यटन विभागका का. मु. महा निर्देशक ।

डोरबहादुर विष्ट— मानव शास्त्री, अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा प्रोफेसर ।

तुलसीराम वैद्य (डा.)— त्रि. वि. राष्ट्रिय विकास सेवाका निर्देशक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाराम श्रेष्ठ सम्भव— आलोचक, त्रि. वि. का प्राध्यापक ।
रिका श्रेष्ठ— कवि, उद्योगपति ।
न्द्रराज उपाध्याय— एक प्रमुख गद्य लेखक, धेरै पुस्तकका स्रष्टा ।
वाँ सायमी-- नेपाली, नेवारी र हिन्दीका लेखक, शिक्षा मंत्रालयसंग सम्वन्धित ।

शु प्रधान-- कथाकार, प्रशासन विभागसंग सम्वन्धित ।
ुपति प्रताप शाह— जल स्रोत विशेषज्ञ, विद्युत करपोरेशनका कार्यकारिणी अध्यक्ष ।
ुपति सम्सेर ज. ब. रा.-- चिन्तनशील लेखक, नेपालका शिक्षा राज्यमंत्री ।
ण्ड प्रधान (डा.)— प्रशासन मामलाका विज्ञ, आविप्रकेन्द्रसंग सम्वन्धित ।
मकनद — पत्रकार, 'रूप-रेखा' र 'नयाँ समाज' दैनिकका सम्पादक ।
लकृष्ण सम— विशिष्ट साहित्यकार, राज सभा स्थायी समितिका सदस्य ।
दु सुवेदी— रूप-रेखाकी अनुसंधानकर्त्री ।
ानी भिक्षु— कथा र उपन्यासका लेखक, रा. प्र. प्र. आजीवन सदस्य ।
मबहादुर पाण्डे (स.)— इतिहास अन्वेषक, महालेखा परीक्षक ।
नमणि दीक्षित— कथाकार, पत्रकार, 'समीक्षा' का सम्पादक ।
धव घिमिरे— कवि, रा. प्र. प्र. का आजीवन सदस्य ।
हन कोइराला— कवि, रा. प्र. प्र. का सदस्य ।
नाथ खनाल (स.)-- आलोचक, लोक सेवा आयोगका अध्यक्ष ।
धीर सुब्बा-- शिक्षाविद्, साझा केन्द्रका अध्यक्ष ।
कृष्ण शर्मा-- आलोचक, 'गोर्खा'-का भू. पू. सम्पादक, भारतीय उच्च न्यायालय (पश्चिम बंगाल) का न्यायाधीश ।

लाल अधिकारी— आलोचक, दार्जिलिग कलेजका प्राध्यापक ।
शरण दर्नाल-- संगीतविषयक लेखक, रा. प्र. प्र. संग सम्बन्धित ।
सिंह बाँदेल-- लेखक तथा कलाकार, रा. प्र. प्र. का उप-कुलपति ।
भमणि दाहाल (डा.)-भाषाविद्, समाज शास्त्री, त्रि. वि. का प्राध्यापक ।
ुदेव त्रिपाठी (डा.)--आलोचक, त्रि. वि. का प्राध्यापक ।
रप्रसाद शाह-- लेखक,प्रमुख निर्वाचन आयुक्त ।
ाराज शर्मा (डा.)- प्रविधि विज्ञ, राष्ट्रिय शिक्षा समितिका सदस्य सचिव ।
विक्रम ज्ञवाली — इतिहासकार, राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा सहयोगीहरू

इन्धन संस्थान परिवार ३२८
ईँट टायल कारखाना लि. १६५
एन. सी. सी. एन. २९०
औद्योगिक सेवा केन्द्र १६६
काठमाडौं काष्ठ उद्योग २६१
काठमाडौं नगर विकास समिति २६२
काठमाडौं स्कूल अफ् जर्नालिज्म ५३०
कौवा प्रकाशन ८
कृषि विकास बैंक ४९३
कृषि सामग्री संस्थान ३९८
गुठी संस्थान ४६४
गोरखापत्र संस्थान २६८
घरेलु शिल्पकला बिक्री भण्डार ५२६
जनकपुर चुरोट कारखाना लि. ३४४
जोरगणेश प्रेस २४८
टीकापुर योजना ३५१
दुग्ध विकास संस्थान ५२५
निर्वाचन आयोग २२३
नेपाल आयल निगम लि. ३२२
ने. उ. एण्ड ए. इ. प्रा. लि, २७०
नेपाल उद्योग वाणिज्य संघ ३१२
ने. औ. वि. क. १६५
नेपाल खाद्य संस्थान ४१०
नेपाल चामल तेल उद्योग संघ ५२८
नेपाल चेम्बर अफ कमर्स ५२७
नेपाल टाइप फाउन्ड्री ३
नेपाल दूर संचार संस्थान ३१९
ने. प. नि. तथा मा. शि. क. यो. ४८९
नेपाल पुनर्वास कम्पनी ३२८
नेपाल बैंक लिमिटेड ४७३
नेपाल यातायात संस्थान ५२३
नेपाल वनस्पति घ्यू उद्योग लि. ५२६
नेपाल विद्युत कर्पोरेशन २०६
नेशनल ट्रेडिंग लिमिटेड २८१
पशुपति बिस्कुट इन्डस्ट्रीज ४८०
बालाजु औद्योगिक क्षेत्र ४५७
बैंकिंग प्रवर्द्धन समिति ३७१
मोरंग सुगर मिलस लि. ६
यू इन्टरनेशनल २६५
रत्न पुस्तक भण्डार ४
रत्न रेकडिङ्ग संस्थान ३२२
राष्ट्रिय बीमा संस्थान २४०
राष्ट्रिय वाणिज्य बैंक ३८१
वसुधा २१०
विराटनगर जूट मिलस लि. ५२५
विशाल बजार कम्पनी लि. ४२७
विश्व परिचय ५३०
वेस्टर्न नेपाल कत्था मिल २९२
शर्मा एण्ड कम्पनी २७१
शारदा प्रकाशन गृह २७२
शाही औषधी लिमिटेड ४२५
शाही नेपाल चलचित्र संस्थान २६६
शाही नेपाल वायुसेवा निगम ४४३
साझा कार्यक्रम एक परिचय १९३
साल्ट ट्रेडिंग करपोरेशन ४५८
सूर्ती विकास कम्पनी लि. ३४०
सूचना विभाग ५३०
स्ट्रक्टो नेपाल २
हि. आ. एण्ड स्टिल प्रा. लि. ४८०
हिमाल सिमेन्ट कम्पनी २१०
हेटौंडा कपडा उद्योग लि. ३२७
त्रिभुवन विश्वविद्यालय १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकतिरबाट मात्र

□चारैतिरबाट लेख्दा लेख्दा थाकें अब एकतिरबाट मात्र लेख्न तम्सेको छु । त्यो 'एक' म आफै हुँ । हिजो श्रस्ति जस्तो लाग्छ 'रुप-रेखा' निकाल्ने तरखरमा लागेको, यता उति दौडधुप गरेको । अठार बर्स बितिसकेछ पत्तै नपाइ । कुनै देशको साहित्यको इतिहासमा सत्र-अठार बर्स केहि होइन तर एक व्यक्तिको जिवनमा, औसत आयु त्रितालिस बर्स भएको देशमा बाँचेको एक व्यक्तिको जिवनमा त्यो फन्डै आधा जिवन हो । यस अवधिमा जति फुलका बिरुवा रोप्ने प्रयास गरें ति सबै तितेपातिका झाङमा परिणत भए । रुप-रेखाको दुइ सय अंक निस्कन लागेको छ । भविस्यमा चार-पांच सय अङ्क पनि निस्[illegible] सायद यसका अहिलेका सम्पादकहरू त्यस वेलासम्म बाँचोइनन् । हा[illegible] देसमा बाँचेका रहेछौं जहाँ एउटा साहित्यिक पत्रिकाले दुइ सयौं अङ्क[illegible] फुरुङ्ङ पर्नुपर्ने ! यसका लागि कति दुक्ख कस्ट झेल्न पर्‍यो, कति[illegible] सहन पर्‍यो त्यो त भोग्नेलाइ नै थाहा हुने कुरो हो । भन्ने त भनिदिन्छन् नाइँ बालमुकुन्द र उत्तमले रुप-रेखाबाट लाखौं कमाए । यसो भन्नेमा धेरै त यस्ता मित्र छन् जसले एक न एक पल्ट साहित्यिक पत्रिका निकालिसकेका छन् । भैगो यस्ता सानातिना कुरामा नअल्मलिउँ ।

□बितेका सत्र-अठार बर्समा रुप रेखाले नेपालि साहित्यको के कति सेवा गर्‍यो त्यो हामिले भन्ने कुरा होइन । तर यस पत्रिकालाइ बचाउन गर्नु-परेका धामासाहि हाम्रा निजि अनुभव हुन् । 'बुढा मर्‍या भासा सर्‍या' भने कैं भविस्यका सततिले विक्रमिय एक्काइसौं सताब्दिको पहिलो चौथाइमा साहित्य साहित्य भनेर कराउनेहरूले कुन हबिगत खानु पर्दो रहेछ भन्ने राम्ररि बुझ्ने मौका पाउँथे कि ! साहित्यपट्टि म कुन बेला ढल्कें त्यो थाहा छैन । कहिले काहिं त लाग्छ मैले केहिं गरिनँ । यस छेत्रमा लागेर गल्ति गरें । उमेरमा रहर पलायो यता लागियो । पछि गएर प्रतिस्ठा बन्न पुग्यो रहर । न खानु न ओकल्नु । पहिले हातले लेखेर पत्रिका निकालियो । पछि छापामा सरियो । घरको छिंडिमा ।पाखा।ना छँदै थियो । त्यहि नाताले होला नेपाल राष्ट्रिय पुस्तकालयका साथिहरुले मलाइ रुप-रेखाको 'प्रेस व्यवस्थापक' बनाइदिए । पदोन्नति हुँदै गए । छपाइ र कागत खर्च बेहोर्ने साथिहरू जति भन्कनाउँथे रूप-रेखा उति माट्टि सर्न थाल्थ्यो । पुराना कोहि रहेनन् । मलाइ एउटा यस्ता साथि चाहियो जसले रुप-रेखालाइ बचाउन मदत गरोस् । उत्तमलाइ भेट्टाएँ । रूप रेखाका लागि अभिन्न सहयोगि भइदियो । स्कुले साथि साहित्यिक पत्रिका प्रकासनमा पनि साथ भयो ।

□कहिले घाम, कहिले बादल-झरि । रुप-रेखाको जिवन पनि यस्तै रह्यो । कहिले उन्नको टाकुरो चढ्दै गयो, प्रत्येक महिना बत्तिस सय थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको हाताहात बिके । कहिले अवनतिको ओरालो झर्दा झर्दै यो तिन सय
नबिक्ने अवस्थामा पुग्यो । अहिले फेरि यो चुचुरो चढ्न थालेको छ, नेपा
यसलाइ न्यानो माया दिन थालेका छन् । हामि त निमित्त मात्र हौं । रुप-
लाइ बचाउन, उन्नतितिर लम्काउन मदत गर्ने त हाम्रा लेखक, पाठक, सह
अनि बिग्यापनदाता हुन् ।

☐नेपालि साहित्यको बिकास भएको छ भन्न मेरो ब्रह्म मान्दैन ।
भनेर नसोध्नोस् जवाफ ज्यादै तितो र टर्रो हुने छ । म त भन्छु नेपा
दर्जनौं साहित्यिक पत्रिका फल्नु फुल्नुपर्छ, झाङ्गिनु पर्छ । कलम चलाएर
बेलुकिको गुजारा चलाउन सक्ने अवस्थामा साहित्यकार पुग्नुपर्छ । अहिले
छ र ? प्रतिभा भएका साहित्यकारहरु बाँच्नका लागि अरु नै काम गर्न
छन् । फुर्सदमा त्यो पनि मन लागे, त्यो पनि जागिर जाला कि भन्ने
...िएको साहित्य कसरी उत्किस्ट हुन सक्छ ? के नेपालि साहित्यको अ
यहि होइन ? बितेका अठार बर्सको मेरो तितो अनुभव हो यो । कसैले यस
ज्यादति ठान्छ भने त्यसमा मेरो प्रतिबाद छैन । अठार बर्संसम्म नियमि
अटुट रुपले प्रकासित हुँदै आएको एउटा पत्रिकाको अठार हजार त के
सय स्थायि ग्राहक हुँदैनन् भने साहित्यको बिकास भयो वा हुँदैछ भनेर
मान्ने ! यसलाइ बिडम्बना मान्नोस्, बिडम्बना !

☐सुरुदेखि भासाको बिकासपट्टि चाख गयों । गर्न त केहि गरि
सबले भनेकै कुरा भनें लेखें । तैपनि यो मेरो अनधिकार चेस्टा साबित भ
संस्क्रित वा हिन्दि वा अङ्ग्रेजिको धुरन्धर पण्डित नबनि यो नाथे ने
भासालाइ सरल तुल्याउन प्रयास गर्नु सिमा नाघ्नु नभए के त ! भो
बिराएँ । नेपालि भासामा जति पनि भासाका तत्सम र तद्भव सब्द प्रचलित
ति तिनै भासाका नियम अनुसार लेखियुन् । नेपालि भासा सुद्ध लेख्न
संस्क्रित, उर्दु, हिन्दि, फारसि, अरबि, अङ्ग्रेजि, पुर्तगालि आदि भा
व्याकरण पढ्न पर्ने नियमलाइ जस्ताको तस्तै राखियोस् । साहित्य केवल स
र कुलिन वर्गका लागि बुझ्नै नसकिने भासामा लेखियोस् । भासा जति बु
त्यो उति माथ्लो तहको साहित्य हो भन्ने धारणालाइ पनि नबदलियोस् ।
मा र बङ्गलामा बोल्ने नेपालि बेग्ला बेग्लै होम् ।

☐प्रिय पाठकहरु, जसले जिबनमा गुलियोको स्वाद कहिल्यै पा
छैन त्यसबाट तपाईंहरुले तितो बाहेक के पाउन सक्नु हुन्थ्यो र यो
स्वादिलो बनोस् । तैपनि पढिदिनुभयो, त्यसका लागि धन्यवाद बाहेक
के छ र !

—ब त म क

10832

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu